प्रकाशन संख्याः १३१

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१
फ्याक्स नं. : ९७७-१-४०२७१४०
पोष्ट बक्स नं. २४८६५
Email : info@njanepal.org.np
URL: www.njanepal.org.np

जिल्ला अदालतका फैसलाहरुको सँगालो
२०८१ (भाग २)

# जिल्ला अदालतका फैसलाहरुको सँगालो

## २०८१

## (भाग-२)



**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**
**मनमैंजु, काठमाडौं**

# जिल्ला अदालतका फैसलाहरूको सँगालो

# २०८१

(भाग-२)

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौ

**सम्पादन तथा संयोजनः** शैलेन्द्र कुमार गुप्ता

**प्रकाशक :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजु, नेपाल

**लेआउट डिजाइनः** श्री प्रतिभा राई

**प्रकाशन साल :** २०८२

**प्रकाशन संख्या** १३१

**सर्वाधिकार :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजु, नेपाल

**मुद्रक :**

पुनश्चः यस सँगालोमा समावेश गरिएका फैसलाहरु शुद्धाशुद्धी बाहेक अन्य कुराहरु सम्पादन गरिएको छैन। आधिकारिकताका लागि सक्कल वा प्रमाणित फैसला प्राप्त गरी अध्ययन गर्न सकिनेछ।

# राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
*"... Center of Excellence for Judicial Education."*


## प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय तथा कानूनी क्षेत्रका सरोकारवालाहरुको व्यावसायिक दक्षता र क्षमता अभिवृद्धि गर्ने संस्था हो। न्याय र कानूनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, अध्ययन प्रतिवेदन, फैसला, स्रोत सामग्री प्रकाशन गर्नुका साथै न्याय र कानूनको क्षेत्रमा सूचना प्रवाह सम्बन्धी स्रोत केन्द्रको भूमिका निर्वाह गर्ने यसको मूल उद्देश्य रहेको छ। राष्ट्रिय न्यायिक प्रतिष्ठान वि.स.२०६० साल चैत्र ४ मा अध्यादेशद्वारा स्थापना भई २०६३ सालमा ऐनद्वारा प्रतिस्थापन भई कार्यरत रही आएको न्याय तथा कानूनी क्षेत्रको प्रशिक्षण प्रदायक निकाय हो। आफ्नो स्थापना कालदेखि नै विभिन्न तहका अदालतहरुमा कार्यरत न्यायाधीशहरु, न्याय सेवाका अधिकृत तथा कर्मचारीहरु र कानून व्यवसायीलाई लक्षित गरी कानून र न्यायका विभिन्न विषयमा प्रशिक्षण, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अध्ययन अनुसन्धान गरी प्रतिवेदन समेत प्रकाशित गर्दै आइरहेको छ।

प्रतिष्ठानले विगतदेखि नै जिल्ला अदालतका फैसलाहरुको सँगालो प्रकाशित गर्दै आएको छ। प्रकाशनलाई निरन्तरता दिदै यसपटक पनि जिल्ला अदालतका फैसलाहरुको सँगालो २०८१ प्रकाशन गर्न लागेका छौं। विगत वर्षहरुमा जस्तै जिल्ला अदालतबाट प्राप्त भएका फैसलाहरूमध्ये छनौट भएका केही फैसलाहरु यस प्रकाशनमा समावेश गरिएको छ।

सुरु तहको अदालतबाट भएका फैसलाहरुको प्रकाशनले अमुक विषयमा सुरु तहको न्यायिक दृष्टिकोण बुझ्न चाहने कानूनका विद्यार्थी, अनुसन्धानकर्ता, जिल्ला अदालतका माननीय न्यायाधीशहरु बीच पनि फैसलाको विषयवस्तु तथा लेखन शैलीमा सुधार तथा अध्येता र अध्यापकलाई विशेष मद्दत पुऱ्याउँदै आएको छ भन्ने पृष्ठपोषण प्रतिष्ठानले प्राप्त गरेको छ। यसले प्रकाशनलाई निरन्तरता दिन हामीलाई अभिप्रेरित गरेको छ। यसमा जिल्ला अदालतहरूबाट प्राप्त भएका फैसलाहरूलाई प्रकाशन योग्य भनी छनोट तथा सिफारिस गरिएका ५० वटा फैसलाहरूमध्ये २६ वटा फैसलाहरु भाग-१ मा र २४ वटा फैसलाहरु भाग-२ मा गरी दुई भागमा विभक्त गरिएको छ। उक्त दुई भागहरु मध्ये भाग-१ लाई डिजिटल तथा भौतिक रुपमा र भाग-२ लाई डिजिटलमा मात्र प्रकाशन गरिएको छ।

प्रस्तुत प्रकाशनमा फैसलाहरुको छनौट गरेर सहयोग गर्नु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु। साथै फैसला पठाएर सहयोग गर्ने विभिन्न जिल्ला अदालतहरु तथा माननीय जिल्ला न्यायाधीशज्यूहरुप्रति पनि हार्दिक धन्यबाद ज्ञापन गर्दछु। प्रकाशनको लागि सहयोग गर्ने प्रतिष्ठानको अनुसन्धान अधिकृत तथा यस प्रकाशनको सम्पादक तथा संयोजक श्री शैलेन्द्र कुमार गुप्ता तथा डिजाइन तथा लेआउटका लागि प्रकाशन सहायक श्री प्रतिभा राईलाई पनि धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा प्रतिष्ठान पाठक वर्गहरुबाट रचना तथा सुझावको अपेक्षा गर्दछ।

श्रीकृष्ण मुल्मी
निमित्त कार्यकारी निर्देशक


मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

## सम्पादन मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्याय तथा कानूनी क्षेत्रका सरोकारवालाहरुको व्यावसायिक दक्षता र क्षमता अभिवृद्धि गर्ने संस्था हो। न्याय र कानूनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, अध्ययन प्रतिवेदन, उत्कृष्ट फैसलाहरुको संग्रह, स्रोत सामग्री प्रकाशन गर्नुका साथै न्याय र कानूनको क्षेत्रमा सूचना प्रवाह सम्बन्धी स्रोत केन्द्रको भूमिका निर्वाह गर्ने यसको मूल उद्देश्य रहेको छ। आफ्नो स्थापना कालदेखि नै विभिन्न तहका अदालतहरुमा कार्यरत न्यायाधीशहरु, न्याय सेवाका अधिकृत तथा कर्मचारीहरु र कानून व्यवसायी, कानूनका विद्यार्थी लगायत न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्तिलाई लक्षित गरी कानून र न्यायका विभिन्न विषयमा प्रशिक्षण, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अध्ययन अनुसन्धान गरी प्रतिवेदन समेत प्रकाशित गर्दै आइरहेको छ।

प्रतिष्ठानले विगतदेखि नै जिल्ला अदालतबाट भएका विषयगत र उत्कृष्ट फैसलाहरुको सँगालो प्रकाशन गर्दै आईरहेको छ। उक्त प्रकाशनलाई निरन्तरता दिदै यसपटक पनि जिल्ला अदालतका फैसलाहरुको सँगालो, २०८१ प्रकाशन गर्न लागेका छौं। विगत वर्षहरुमा जस्तै जिल्ला अदालतबाट प्राप्त भएका फैसलाहरूमध्ये प्रतिष्ठानको मुल्याङ्कनका मापदण्डका आधारमा विज्ञबाट प्रकाशन योग्यका रुपमा छनौट भएका केही फैसलाहरु यस प्रकाशनमा समावेश गरिएको छ।

सुरु तहका अदालतहरूबाट भएका फैसलाहरूको प्रकाशनले सम्बन्धित विषयमा सुरु तहको न्यायिक दृष्टिकोण बुझ्न चाहने कानूनका विद्यार्थी, अनुसन्धानकर्ता, जिल्ला अदालतका माननीय न्यायाधीश तथा अध्येता-अध्यापकहरूलाई फैसलाको विषयवस्तु र लेखन शैलीमा सुधार गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ भन्ने पृष्ठपोषण प्रतिष्ठानले प्राप्त गरेको छ।यसले प्रकाशनलाई निरन्तरता दिन हामीलाई अभिप्रेरित गरेको छ। जिल्ला अदालतहरूबाट प्राप्त भएका धेरै फैसलाहरू मध्ये प्रकाशन योग्य भनी छनोट तथा सिफारिस गरिएका ५० वटा फैसलाहरू यस प्रकाशनमा समावेश गरिएकोमा २६ वटा फैसलाहरु भाग-१ मा र २४ वटा फैसलाहरु भाग-२ मा विभक्त गरिएको छ। उक्त दुई भागहरु मध्ये भाग-१ लाई डिजिटल तथा भौतिक रुपमा र भाग-२ लाई डिजिटलमा मात्र प्रकाशन गरिएको छ।

प्रस्तुत प्रकाशनमा प्राप्त फैसलाहरु मध्येबाट प्रकाशन योग्य फैसला छनौट गरेर सहयोग गर्नुहुने सर्वोच्च तथा उच्च अदालतका माननीय न्यायाधीश तथा पुर्व न्यायाधीश, विज्ञहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु। साथै, प्रतिष्ठानको अनुरोधमा फैसला पठाएर सहयोग गर्ने विभिन्न जिल्ला अदालतहरु तथा माननीय जिल्ला न्यायाधीशज्यूहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु। यस प्रकाशनका लागि सहयोग गर्ने प्रतिष्ठानका निर्देशक श्री पारस पौडेल, अनुसन्धान तथा विकास महाशाखाका उपनिर्देशक ज्योति पाण्डे, अनुसन्धान सहायक बली बैठा, छपाई सहायक श्री प्रतिभा राई तथा कर्मचारी साथीहरु लगायत प्रकाशनको कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा प्रतिष्ठान पाठक वर्गहरुबाट रचनात्मक सुझाव तथा पृष्ठपोषण हामी सदैव अपेक्षा गर्दछौं।

**सम्पादक**
**शैलेन्द्र कुमार गुप्ता**

विषय सूची


| क्र.सं. | मुद्दा | पक्ष/विपक्ष | फैसला गर्ने माननीय जिल्ला न्यायाधिश | पृष्ठ |
|---|---|---|---|---|
| १. | **जवर्जस्ती करणी र मिलापत्रसम्बन्धी कसूर** | नेपाल सरकार विरुद्ध प्रेमजंग महत | मा. श्री आनन्दराज पन्त | १ |
| २. | **जवरजस्ती करणी उद्योग र ज्यान मारेको कसूर** | नेपाल सरकार विरुद्ध अजय कुमार यादव | मा. श्री आनन्दराज पन्त | ५१ |
| ३. | **सवारी ज्यान** | नेपाल सरकार विरुद्ध दिपेन्द्र घले | मा. श्री भगवती शर्मा ढुङ्गाना | ६२ |
| ४. | **कर्तव्य ज्यान** | नेपाल सरकार विरुद्ध कृष्ण वि.क. | मा. श्री विद्याराज पौडेल | ७९ |
| ५. | **कर्तव्य ज्यान/ हातहतियार तथा खरखजाना** | नेपाल सरकार विरुद्ध बिरबहादुर गुरुङ समेत | मा. श्री निर्मला योङया | १०३ |
| ६. | **डाँका चोरी** | नेपाल सरकार विरुद्ध प्रकाश घर्तिमगर | मा. श्री खिमानन्द भुसाल | १२८ |
| ७. | **डाँका तथा चोरी सम्बन्धी कसूर** | नेपाल सरकार विरुद्ध सिंहबहादुर लिम्बू समेत | मा. श्री निर्मला योङया | १४४ |
| ८. | **डाँका तथा हातहतियार** | नेपाल सरकार विरुद्ध आकाश तामाङ समेत | मा. श्री इन्दिरा शर्मा | १६८ |
| ९. | **चोरी** | नेपाल सरकार विरुद्ध उपेन्द्रप्रसाद भण्डारी समेत | मा. श्री इन्दिरा शर्मा | १९३ |
| १०. | **लागू औषध (डाइजेपाम समेत)** | नेपाल सरकार विरुद्ध रघुनाथप्रसाद धोवी | मा. श्री केशवप्रसाद अधिकारी | २११ |
| ११. | **कैदबाट भागेको** | नेपाल सरकार विरुद्ध लोक बहादुर परियार | मा. श्री शिवप्रसाद खनाल | २५१ |
| १२. | **मानव बेचविखन तथा ओसारपसार** | नेपाल सरकार विरुद्ध सेतिमाया लोहनी | मा. श्री शिवप्रसाद खनाल | २६४ |
| १३. | **मानव बेचबिखन (वेश्यावृत्तिमा लगाएको)** | नेपाल सरकार विरुद्ध हर्ष कामी | मा. श्री शम्भुप्रसाद बराल | २९३ |
| १४. | **बाल बिबाह** | नेपाल सरकार विरुद्ध लक्ष्मण नेपाली | मा. श्री शम्भु प्रसाद बराल | ३१० |

| | | | | |
|---|---|---|---|---|
| १५. | **(बालविज्याँइ) ज्यान सम्बन्धी कसूर तथा हातहतियार खरखजना सम्बन्धी कसूर)** | नेपाल सरकार विरुद्ध सांकेतिक नाम ०७-Q | मा. श्री बाबुकाजी बानिया | ३१८ |
| १६. | **जालसाज** | एलिना खड्का विरुद्ध बिजय चापागाईंसमेत | मा. श्री विद्याराज पौडेल | ३५७ |
| १७. | **निषेधाज्ञा जारी गरी पाउँ** | भुपध्वज कटुवाल विरुद्ध अनिता कटुवाल (राणा | मा. श्री बाबुकाजी बानिया | ३६५ |
| १८. | **अंश** | सन्ध्या बानिया विरुद्ध डिल्ली बहादुर गिरी | मा. श्री इन्द्रबहादुर कठायत | ३७१ |
| १९. | **अंश** | मुक्तिनाथ पौडेल विरुद्ध गंगाधर पौडेल समेत | मा. श्री कृष्णजंग शाह | ३८० |
| २०. | **अंशवण्डाको लिखत वदर** | आशिषकुमार झा विरुद्ध देवचन्द्र झा | मा. श्री आनन्दराज पन्त | ३९४ |
| २१. | **अंश मासिक खर्च** | शान्ति कुँवर विरुद्ध दिलमाया कुँवर क्षेत्रीसमेत | मा. श्री विद्याराज पौडेल | ४०० |
| २२. | **नाता कायम गरिपाऊँ** | सविना के.सी. विरुद्ध रूपेश अधिकारी | मा. श्री प्रकाशप्रसाद पण्डित | ४१३ |
| २३. | **दुषित लिलाम दा.खा. बदर** | पार्वती सुनार विरुद्ध नेपाल इन्भेष्टमेन्ट मेघा बैङ्क लि.समेत | मा. श्री विद्याराज पौडेल | ४२१ |
| २४. | **जग्गाको क्षेत्रफल सुधार गरी नक्शा संशोधन तथा कित्ताकाट बदर दा.खा. दर्ता निर्णय बदर दर्ता** | हिरामनी देवी विरुद्ध ठगिया देवी थरुनीसमेत | मा. श्री नन्दकिशोर प्रसाद यादव | ४२८ |

**श्री**

**जुम्ला जिल्ला अदालत**

**बन्द इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री आनन्दराज पन्त**

**फैसला**

**मुद्दा नं. ०७९-C१-०००८**

**रजिष्ट्रेशन नं. ७९-०७९-०००९६, दायरी मितिः २०७९।०५।२२**

**कसुर ठहर निर्णय नं.- २२, मितिः २०८१।११।२२**

**सजाय निर्धारण निर्णय नं.- ०६, मितिः २०८१।१२।१०**

**मुद्दाः जवर्जस्ती करणी र मिलापत्रसम्बन्धी कसूर।**

परिवर्तित नाम ०७९।०८० जुम्ला ७(क) को जाहेरीले नेपाल सरकार................१ **वादी**

**विरुद्ध**

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ७ स्थायी वतन भई हाल ऐ.ऐ. वडा नं. ४ जुगाड खोला बस्ने पदमबहादुर महतको छोरा प्रेमराजा भन्ने प्रेमजंग महत..............................................................१

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ४ भारतीवाँडा बस्ने धर्मराज भारतीको छोरा नवराज भारती................................१

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ५ तलिवाँडा बस्ने पदमबहादुर भण्डारीको छोरा कालीबहादुर भण्डारी........................१

जुम्ला जिल्ला, तातोपानी गाउँपालिका वडा नं. ८ टोप्ला स्थायी वतन भई हाल ऐ. चन्दननाथ नगरपालिका वडा नं. ४ स्थित होटल गरी बस्ने दिर्घबहादुर भन्ने दुर्गे रोकायाकी छोरी ईश्वरी आर.सी. (रावत).......................................१

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ७ स्थायी वतन भई हाल ऐ. ऐ. ४ जुगाडखोला बस्ने भक्तबहादुर रोकायाकी छोरी, प्रेमराजा भन्ने प्रेमजंग महतकी पत्नी सर्मिला महत..............................१ **प्रतिवादी**

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ७ महत गाउँ बस्ने भक्तबहादुर रोकायाकी छोरी, महेन्द्रबहादुर महतकी पत्नी उर्मिलाकुमारी रोकाया (महत)................................१

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ७ बस्ने पदमबहादुर महतको छोरा महेन्द्रबहादुर महत... ...................................१

जुम्ला जिल्ला, तातोपानी गाउँपालिका वडा नं. ४ गिडिखोला स्थायी वतन भई हाल ऐ. चन्दननाथ नगरपालिका वडा नं. ५ बस्ने कटकबहादुर महतको छोरा जीवन महत.................................१

जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ७ महत गाउँ बस्ने बखतबहादुर महतको छोरा डिल्ली भन्ने दिलबहादुर महत...........१

| **वादीको साक्षी** | **प्रतिवादीको साक्षी** |
|---|---|
| जाहेरवाला,पीडित, परिवर्तित नाम ०७९।०८० जुम्ला ७(ङ), दिया सुनार, कृष्ण सुनार, मालती बस्नेत, दिलमाया शाही (कठायत), बबि के.सी. (लामा), सहारा पछाई, प्रबिना आचार्य, ललिजंग कार्की, कुसुम कामी, युवक महत, बुद्धनारायण साहनी, नरेन्द्रबहादुर महत, ललितजंग महत, जितेन्द्रबहादुर रावल<br>**कागजः-**<br>अभियोग पत्र साथ पेस भएका कागजातहरु | कमलबहादुर महत, जितबहादुर महत, हरिकृष्ण महत, धर्मराज न्यौपाने, हर्क बाँनिया, खड्क थापा, यादव श्रेष्ठ, धने धामी, राजु भण्डारी, कमला देवी महत, रमा महत, पार्वती महत देवु सेजुवाल, कार्मा बुढा, दिपकबहादुर शाही, जितबहादुर महत, कटकबहादुर महत, बरमबहादुर महत, लंका शाही, धनविर शाही<br>**कागज**<br>× |
| **अदालतबाट बुझेको साक्षी** | **अदालतबाट बुझेको साक्षी** |
| जाहेरवाला, पीडित, परिवर्तित नाम ०७९।०८० जुम्ला ७(ङ), दिलमाया शाही (कठायत), बबि के.सी.(लामा), प्रबिना आचार्य, युवक महत, नरेन्द्रबहादुर महत, मालती बस्नेत, कृष्ण सुनार, दिया सुनार, ललितजंग कार्की र विशेषज्ञ डा.अपूर्व आचार्य | कमलबहादुर महत, जितबहादुर महत, यादव श्रेष्ठ, रमा महत, पार्वती महत, जितबहादुर महत, कटकबहादुर महत, लंका शाही, |
| **कागज**<br>जन्मदर्ताको प्रतिलिपि | **कागज**<br>x |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

**तथ्य खण्ड**

१. **जाहेरी दरखास्तः** मेरो घरपरिवारमा समस्या भई श्रीमानसँग समेत सम्वन्ध विच्छेद गरी मेरो छोरी बर्ष १३ की पीडित (यसपछि पीडित भनीएको) र म जुम्ला खलंगा बजारमा जीविकोपार्जनको लागि चिया नास्ता पसल गर्दै आइरहेकी थिएँ। आर्थिक अवस्थासमेत नाजुक भएकोले छोरीको पढाई र लालनपालन रेखदेखको लागि गाउँकै बहिनी नाता पर्ने हाल चन्दननाथ नगरपालिका ६, खलंगामा हिलटप नामको होटेल संचालन गरी बस्ने इश्वरी रोकाया क्षेत्रीले मलाई मेरो छोरी पीडितलाई जुम्ला बजारस्थित जुगाड पुल नजिक घर भई बसोबास गरी रहेका भिनाजु नाता पर्ने प्रेमराजा महतको घरमा सामान्य भान्साको कामकाजमा सहयोग गर्नको लागि केटी मान्छे चाहिएको छ, तपाईको छोरीको सम्पूर्ण पढाई लेखाई खर्चसमेत

उहाँहरुले व्यहोरी दिनुहुन्छ र संरक्षण समेत गर्नुहुन्छ भनी खबर गरेपछि मैले समेत आफ्नो छोरी पीडितको पढाई लेखाई र भविष्य राम्रो होला सोची हुन्छ भनेकी थिएँ। निज इश्वरी रोकायाले निज प्रेमराजा महतलाई २०७८ साल चैत्र महिनाको अन्तिमतिर आफ्नो होटलमा बोलाएपछि निज प्रेमराजा महत आई मेरो छोरी पीडितलाई मोटरसाईकलमा राखी आफ्नो घरमा लगेका हुन्। तत्पश्चात मेरो छोरी चन्दननाथ माध्यामिक विद्यालय जुम्ला, खलंगामा कक्षा ४ मा अध्ययन गर्दै आई निज प्रेमराजा महतको घरमा कामकाज गरी निजको संरक्षणमा ४ महिना जति बसी राखेको अबस्थामा निज अन्यायीले बिभिन्न आर्थिक लोभ प्रलोभन देखाई धाकधम्की दिई मेरो बालिका छोरी पीडितलाई बारम्बार बलात्कार गर्दै आई रहेका रहेछन्। निज प्रेमराजा महतले जवर्जस्ती करणी गरेको केही दिनपछि निजले मिति २०७९।०३।२५ गते मलाई फोन गरी तपाईको छोरी बिरामी भयो की के भयो आएर लैजानु भनेपछि म निजको घरमा गई निज पीडित छोरीलाई बुझि आफूसँग लिई सोधपुछ गर्दा मेरो छोरीले मुसा मार्ने औषधी सेवन गरी आत्महत्या गर्ने प्रयास गरेकी रहिछन्। सो घटना पछि मैले मेरो छोरीलाई विस्तृतमा के भएको हो ? किन आत्महत्या गर्ने प्रयास गरेको भनी सोध्दा मेरो छोरीले प्रेमराजा महतले मलाई जवर्जस्ती करणी गर्दा मैले कसैलाई नभनी चुप लागेको थिएँ, पछि मैले म अध्ययन गर्ने चन्दननाथ माध्यामिक विद्यालय, जुम्लाको स्कूलमा वान्ता गर्दा मेरो सबै साथीहरुले थाहा पाउँदा मैले आफ्नो ईज्जतको लागि आत्महत्या गर्ने प्रयास गरेको हुँ भनी बताएपछि मैले थाहा पाई तत्काल छोरीको उद्दार र आत्म सान्वनाको लागि मेरो माईती घर जाजरकोटमा पठाएको हुँ। निज अन्यायीले मलाई फोन गरी आर्थिक प्रलोभन देखाई मलाई घटना लुकाउन दवाव प्रभाव दिई रहेको थियो। तर पनि मैले धेरै बिचार गरी आज म मेरो छोरी पीडित माथी भएको पीडाको न्यायको लागि जाहेरी दरखास्त पेश गर्न आएकी हुँ। निज प्रेमराजा महतलाई कानून बमोजिम कारवाही गरी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको जाहेरवाला (यसपछि जाहेरवाला भनिएको) को जाहेरी दरखास्त।

२. जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ४, जुगाडखोलास्थित प्रेमराजा महतको पूर्व मोहडा भई बनेको ३ तले पक्की घर, उक्त घरको उत्तरतर्फको कोलिया हुँदै भित्र प्रवेश गरी हेर्दा माथिल्लो तलामा जान बनाईएको भडयाङ रहेको, उक्त भडयाङ हुँदै तेस्रो तलामा प्रबेश गरी हेर्दा पहिलो उत्तरतर्फको प्रेमराजा महत सुत्ने गरेको कोठा रहेको, उक्त कोठाको ढोका खोली भित्र प्रबेश गरी हेर्दा, पूर्व पश्चिम २ वटा सोफा रहेको, सोही कोठाको तल भुईमा गलैंचा बिछ्याएको र पूर्व भित्तासँग सटाई खाट माथि सेतोमा रातो बुट्टा भई बनेको तन्ना बिच्छाएको, सोही बिस्तारामा पीडितलाई प्रेमराजा महतले पीडितलाई मिति २०७९।०२।२५ गते राति अन्दाजी २४:०० बजेको समयमा जवर्जस्ती करणी गरेको भनी देखाईएको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

३. **प्रतिवादीहरुले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानः**

**क. प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले गरेको बयानः** जुम्ला जिल्लामा होटल पसल गरी बस्ने ईश्वरी रोकाया मेरो घरमा पटकपटक आएर घरायसी काममा सघाउने मान्छे चाहिएको भए म ल्याई दिउँला भनी मिति २०७८ साल चैत्र महिनाको अन्तिमतिर निज परिवर्तित नाम ०७९।०८० जुम्ला(ख) (पीडित भनिएको) लाई आफ्नो साथमा मेरो घरमा ल्याएपछि मैले पुरुष भएको भए हुन्थ्यो बालिका रहिछन् हुँदैन, भोलि कतै भागी हरायो, कतै गयो कुनै लफडा आयो भने मलाई समस्या हुन्छ, अहिले हुँदैन भनेपछि निज ईश्वरी रोकायाले निज बालिकालाई आफ्नो साथमा लिई गएकी हुन। १/२ दिनपछि निज ईश्वरी रोकायाले मलाई आफ्नो होटलमा बोलाई जाहेरवालाले पनि भिनाजु मेरो छोरी भन्नु हजुरको छोरी नै हो, धेरै ठाउँमा बसालेकोमा निजलाई निकाला गरेका र निजको बाबुले हेरचाह गर्दैन, मेरो आर्थिक अवस्था कमजोर छ, पालनपोषण तथा पढाई लेखाई गर्न मलाई गाह्रो भएकोले छोरीलाई तपाईको घरमा बसाली पढाई लेखाई गराई दिनु पर्‍यो भनेपछि मैले भोली निज छोरी कहिँ कतै भागी हराई कुनै केही भएको खण्डमा मलाई अप्ठेरो हुन सक्छ। त्यसको लागि कुनै कागज गर्नुपर्छ भन्दा निजले मेरो छोरी भन्नु नै हजुरको छोरी हो त्यस्तो अप्ठेरो हजुरलाई पर्दैन भनी निज ईश्वरी रोकाया र निज जाहेरवालाले मलाई बिन्ती गरेपछि मैले ठिकै छ, निज छोरीले कुनै नराम्रो काम गरेमा म तुरुन्त तपाईहरुको जिम्मा लगाउने छु, निज छोरीको पालनपोषण तथा पढाई लेखाईको लागि म बिचार गरौंला भनी म उक्त स्थानबाट आफ्नो काममा गएको हुँ। ४/५ दिनपछि निज छोरी पीडितलाई मेरो घरमा ईश्वरी रोकायाले साथमा ल्याएर आएपछि मैले ठिकै छ, तिमी राम्रोसँग पढाई लेखाई गर्ने भए बस् भनी निजलाई मेरो घरमा राखेको हुँ। उक्त समयमा मेरो श्रीमती आफ्नै काम बिशेषले काठमाडौंमा गएकी थिईन्। निज पीडित मेरो घरमा बसी खाना पकाउने खाने र बिद्यालय समयमा स्कूल जाने आउने गर्ने गर्दथिन्। म घरदेखि काम बिशेषले कहिँ कतै टाढा गएको बेलामा निज बालिका आफ्नो आमा र निज ईश्वरी रोकायाको होटलमा जाने बस्ने गर्दथिन्। निज पीडित स्कूलबाट ढिला आउने गरेपछि मैले निजलाई सम्झाई बुझाई गर्दा निजले नमानेपछि उक्त कुरा निजको आमा जाहेरवालालाई बताई तिम्रो छोरी आफ्नो जिम्मामा लैजानुहोस् भनेको थिएँ। सो पश्चात निज जाहेरवालाले मसँग बादबिवाद गर्दै आईरहेकी थिईन्। पछि निजले ठिकै छ निज छोरीको बाबु जाजरकोटमा छ निजको बावु आएपछि निजलाई जिम्मा लगाउँला भनी आलटाल गर्दै आइरहेकी थिईन्। मिति २०७९ साल असार महिनाको २२/२३ गतेतिर मेरो ठूली आमाको मृत्यु भएपछि म किरियामा बसेकोले निज बालिका आफ्नो आमाको साथमा गएकी थिईन्। २/३ दिनपछि मेरो श्रीमती काठमाडौंबाट घरमा आएपछि निज बालिका मेरो घरमा आएकी थिईन्। निज पीडितको बानी व्यवहार राम्रो नमानी निजलाई निजको आमाको जिम्मामा लगाएकी हुन्। त्यसपछि निज जाहेरवाला जीवन महत र ईश्वरी रोकाया समेतले मेरो घरपरिवारसँग बादबिवाद गरी धम्की समेत

दिदैं मेरो नाबालिका छोरीलाई घरमा काम लगाउने काम गरेको पैसा नदिने तपाईको बिरुद्धमा मानाहानीको मुद्दा हाल्छु भनी धम्की दिन थालेपछि तिम्रो छोरीको राम्रो हुन्छ भने निजलाई पढाई लेखाई गर्नको लागि भनी निजलाई रु.७,००,०००। (सात लाख) मेरो श्रीमती र घरपरिवारले बुझाएका रहेछन्। उक्त कुरा मैले पछि जानकारी पाएको हुँ। निज छोरी पीडितलाई मैले जवर्जस्ती करणी गरेको छैन् भन्नेसमेत बेहोराको प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले गरेको बयान।

ख. **प्रतिवादी नवराज भारतीले गरेको बयानः** ‘जाहेरवालाले जुम्ला बजारमा होटल पसल गर्ने भएकाले म निजको होटलमा चिया खान आउने जाने भएकोले निज जाहेरवाला र निजको छोरी पीडितसँग मेरो चिनजान भएको हो। म चिया खाई बसिरहेको अवस्थामा जाहेरवालाले आफ्नो छोरीलाई घरायसी कामकाजमा सहयोग गर्ने र नानीको पढाई लेखाई तथा लालनपालन गर्ने सहमतिमा ईश्वरी आर.सी. रावतको रोहबरमा निजकै भिनाजु नाता पर्ने प्रेमजंग महतले घरमा लिई गई १ महिना पश्चात प्रेमजंग महतले हामी माथि विश्वासघात गरी मेरो नाबालिका छोरी माथी पटकपटक बलात्कार गरेको कारण छोरीले पीडा सहन नसकी कसैलाई भन्न पनि नसकेर मुसामार औषधी खाएकी रहेछन्। पछि प्रेमराजा महतले आफ्नो छोरी लैजाउँ भनी खबर गरेर मैले छोरीलाई आफ्नो होटल पसलमा ल्याई राम्रोसँग सोधपुछ गरेपछि मात्र २ दिनपछि बल्ल छोरी माथी जवर्जस्ती करणी भएको थाहा पाएँ भनी हामीलाई भनेकी थिईन। हामीलाई के गरौं भनी सोधेपछि हामीले कानून बमोजिम गर्नुहोस भनेका हौं। अरु वास्तबिक के भएको थियो थाहा भएन। केहि समयपछि सोही बिषयमा प्रेमराजा भन्ने प्रेमजंग महतको दाई महेन्द्रबहादुर महतको घरमा आउनुहोस् भनी चन्दननाथ नगरपालिका वडा नं. ५ का वडा सदस्य मेरा मिल्ने साथी कालीबहादुर भण्डारीले मलाई बोलाएपछि म गई त्यहाँ जाहेरवाला लगायत महेन्द्र महत, कालीबहादुर भण्डारी, जीवन महत, वकील डिल्ली भन्ने दिलबहादुर महतसमेत थिए। छलफलमा बालिकाको पठनपाठन स्वरुप सात लाख रुपैयाँ प्रेमजंग महतले पीडितलाई दिने र अबदेखि कहिँ कतै उजुर बाजुर नगर्ने कुरामा मिलापत्र भइसकेको हुनाले कालीबहादुर भण्डारीले कागजमा सहिछाप गर्नु पर्‍यो भनेपछि मात्र मैले सहीछाप गरेको हुँ। सम्पूर्ण बेहोरा नबुझिकन सहिछाप गर्नु मेरो गल्ती हो। उक्त रकम बाँडी चुडी मैले लिएको पाएको छैन, अरु कसैले पाएको भए मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी नवराज भारतीले गरेको बयान।

ग. **प्रतिवादी ईश्वरी आर.सी. रावतले गरेको बयानः** मैले जुम्ला बजारमा जुम्ली चुलो नामको होटल पसल संचालन गरी बालबच्चा पढाउने तथा घर व्यवहार चलाउँदै आइरहेकी छु। निज जाहेरवाला मिति २०७८ साल मंसिर महिनामा आफ्नो छोरीसहित मेरो होटलमा आएपछि मैले निजहरुलाई मेरो होटलमा बसालेकी थिएँ। निज पीडित आफ्नो आमासँग मेरो होटलमा बस्न थालेपछि मैले दुबै आमा छोरीलाई पाल्न सक्दैन भनेकी हुँ। मैले प्रेमजंग महतलाई पहिलेदेखि नै हाम्रै गाउँबाट दिदी नाता पर्ने शर्मिला रोकायालाई विवाह

गरेकाले भिनाजु भन्थैं, उहाँलाई राम्रोसँग चिन्थैं। प्रेमराजा भन्ने प्रेमजंग महतले पहिलै नै साली ज्यु म घरमा एक्लै छु, तपाईकी दिदी पनि बिरामी भएकीले काठमाडौंतिरै हुन्छिन्। केटाकेटी पनि बाहिरै छन्, म काम मै व्यस्त हुन्छु। घरमा सामान्य झाडुपोछा गर्ने, घर रेखदेख गर्ने पनि कोही भएन, कोही सहयोग गर्ने केटी भए खोज्दिनु धर्मपुत्रीको रुपमा संरक्षण गरेर बरु म उनको पढाई लेखाईका लागि स्कूलमा भर्ना गरी पढाई दिउँला, लालनपालन गरी विवाहवारी समेत गरुँला भनेका हुनाले मैले हुन्छ भिनाजु म खोजौंला भनेकी हुँ। पीडित छोरी र जाहेरवाला मेरै होटल पसलमा भएको अवस्थामा मैले जाहेरवाला दिदीसँग छोरीलाई पालनपोषण गरी पढाई लेखाई गर्दिने मान्छे भेटाएको छु, घरमा झाँडुपोछा, सानोतिनो काममात्र गर्नुपर्नेछ, निजको घरमा पठाउँदा रामै होला, अलि हुने खाने मान्छे छन् भनेपछि जाहेरवाला दिदिले पनि आफ्नो आर्थिक अवस्था कमजोर भएको र पढाई लेखाई गर्न गराउन पनि नसक्ने, साँझ बिहान पनि गुजारा गर्न कठिन भएकोले घर व्यवहार राम्रो छ भने छोरीको भविष्य राम्रो हुन्छ भनेपछि पठाउँला भनेकी हुँदा मैले प्रेमजंग महतलाई फोन गरी भिनाजु काम गर्ने एकजना नानी फेला पारेको छु। मेरो होटलमा आउनु कुरा गरौंला भनेपछि उहाँ आउनु भई जाहेरवालासँग पनि चिनजान परिचय गराई तपाईकी छोरी मेरो पनि छोरी नै भइन्, म राम्रोसँग हेरचाह, पढाई लेखाई, पालनपोषण गरुँला चिन्ता लिनु पर्दैन भनी सहमतिमा म ईश्वरी आर.सी. रावतको रोहबरमा मेरै भिनाजु नाता पर्ने प्रेमजंग महतले घरमा लिई गएका हुन्। १ महिना पश्चात प्रेमजंगले हामी माथी विश्वासघात गरी मेरो नाबालिका छोरी माथी पटकपटक बलात्कार गरेको कारण छोरीले पीडा सहन नसकी कसैलाई भन्न पनि नसकेर मुसामार औषधी खाई सकेपछि प्रेमजंग महतले आफ्नो छोरी लैजाउ भनी मलाई खबर गरेपछि मैले छोरीलाई आफ्नो होटल पसलमा ल्याई राम्रोसँग सोधपुछ गरेपछि मात्र २ दिनपछि आज बल्ल बल्ल छोरी माथी जवर्जस्ती करणी भएको थाहा पाएँ। त्यसलाई कारबाही गर्नुपऱ्यो भनी जाहेरवालाले मलाई रुदैं भनेकी थिईन्। भोलिपल्ट बिहानको समयमा निज प्रतिवादी प्रेमजंग महतको श्रीमती शर्मिला महतले मलाई फोन गरी बैनी ठूलो घटना घटेको रहेछ, मेरो श्रीमानले गु खाएछ, घटना मिलाउनु पऱ्यो भनेपछि यस्तो कुरा मलाई नभन्नुहोस दिदी उता दिदी जाहेरवाला र छोरी पीडित रोईरहेका छन्। पछि निज शर्मिला दिदी जाहेरवालाको होटलमा आई उक्त होटलमा मलाई बोलाएपछि म पनि उक्त होटलमा गएकी हुँ। मेरो श्रीमानले गलत गरिहाल्यो गु खायो। ठीकै छ भोलि छोरीको ईज्जत जान्छ, बरु छोरीको पढाई लेखाई गर्नको लागि भनेर म केहि आर्थिक व्यबस्था गरौंला, यो केशलाई प्रहरी कहाँ अगाडी नबढाई देउ, तिमीले जे भन्छौ म तेही गर्न तयार छु भनी हात पाउ जोडेर माफी मागी पीडितकी आमा जाहेरवालालाई समेत आर्थिक प्रलोभनमा पारी हारगुहार गरेकै हुन्। महेन्द्रबहादुर महतको घरमा जाहेरवाला र मलाई समेत बोलाई यो केश मिलाउनु पऱ्यो भनी लोभ लालच देखाई संगै रहेका प्रेमजंग महतकी श्रीमती शर्मिला महत, महेन्द्र महतकी श्रीमती उर्मिला महत समेतले यो केसलाई

मिलाउनु पर्‍यो बैनी हामी जे गर्न पनि तयार छौं, हाम्रो सबैको लाज हुने भो, बरु पीडित नानीको पठनपाठनमा सहयोग पुगोस् भन्ने हिसाबले आर्थिक सहयोग गरौंला त्यसैले नानीको औषधी, उपचार र लालनपालन गर्नु भनी बारम्बार हातपाउ जोडी प्रभाव पारेर सहमत गर्न बाध्य बनाएका हुन्। पछि म आफ्नो काम बिशेषले जाजरकोट जिल्लामा गई मिति २०७९ साल असार महिनाको १० गतेको दिन नेपालगंजबाट प्लेनमा म आफ्नो जुम्ला होटलमा आएकी हुँ। पछि के-कसो भयो सो बारेमा मलाई थाहा भएन। निज प्रतिवादी प्रेमजंग महतको श्रीमती शर्मिला महतले बेलुकाको समयमा मलाई आफ्नो घरमा बोलाएपछि म निजको घरमा गएकी थिएँ। निज प्रतिवादी प्रेमजंग महतको श्रीमती र निज दिदी जाहेरवालाले निज नानी पीडितको पढनपाठन खर्च भनेर रु. ७,००,०००।(सात लाख) दिएको कागज हो। यसमा तिमीलाई साक्षी राखेका छौं भनी लेखेको सक्कल कागज देखाई मलाई पुरा बेहोरा नसुनाई खाली मौखिक रुपमा पठनपाठनको लागि भनेर रु.सात लाख पीडित पक्षलाई दिने कुरा सहमति लेखेका छौं सहीछाप गर भनेपछि मैले उक्त कागजमा भएको मेरो नाम अगाडि सही (दस्तखत) गरेकी हुँ। ताहाँ कागज गर्नको लागि महेन्द्रबहादुर महत, जीवन महत, प्रेमजंग महतकी श्रीमती शर्मिला र महेन्द्र महतकी श्रीमती उर्मिला महत, वकील डिल्ली भन्ने दिलबहादुर महत, कालीबहादुर भण्डारी, नवराज भारती र वकीलसंगै एकजना अर्का कागज लेख्ने केटा समेत थिए भन्ने समेत बेहोराको प्रतिवादी ईश्वरी आर.सी. (रावत) ले गरेको बयान।

घ. **प्रतिवादी कालीबहादुर भण्डारीले गरेको बयानः** जाहेरवालाको होटलमा म चिया खान भनी गएको समयमा आफ्नो छोरीलाई घरायसी कामकाजमा सहयोग गर्ने र नानीको पढाई लेखाई तथा लालनपालन गर्ने सहमतिमा प्रेमजंग महतले आफ्नो घरमा लिई गई १ महिना पश्चात प्रेमजंगले हामी माथी विश्वासघात गरी मेरो नाबालिका छोरीमाथी पटक-पटक बलात्कार गरेको कारण छोरीले पीडा सहन नसकी कसैलाई भन्न पनि नसकेर मुसामार औषधी खाएकी रैछन। पछि प्रेमराजा भन्ने प्रेमजंग महतले आफ्नो छोरी लैजाउ भनी खबर गरेर मैले छोरीलाई आफ्नो होटल पसलमा ल्याई राम्रोसँग सोधपुछ गरेपछि मात्र २ दिनपछि बल्ल छोरी माथी जवर्जस्ती करणी भएको थाहा पाएँ भनी म समेतलाई भनेकी थिईन। मैले कानून बमोजिम गर्नुहोस यस्तो घटनाको बारेमा प्रहरीलाई खवर गर्नुपर्छ भनेको थिएँ। निज जाहेरवालाले दाई मेरो छोरी प्रेमराजा भन्ने प्रेमजंग महतको घरमा पढाई लेखाई गर्ने भनी बसेकी थिईन आजबाट मैले निजलाई आफ्नो जिम्मामा कागज गरी बुझी लिन लागेकी छु तपाई पनि एकछिन आउनु पर्‍यो भनी गएपछि प्रतिवादी नवराज भारती साथीलाई बोलाई निज नवराज भारती, जाहेरवाला, पीडित र म गरी ४ जना निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको दाजु महेन्द्रबहादुर महतको घरमा गएका हौं। म समेत निज महेन्द्रबहादुर महतको घरमा जाँदा महेन्द्रबहादुर महत, निजको श्रीमती उर्मिला महत, प्रेमजंग महतको श्रीमती शर्मिला महत, जीवन महत, डिल्ली भन्ने दिलबहादुर महत र अर्का मैले नाम नचिनेका व्यक्ति उक्त घरमा बसिरहेका थिए।

निज प्रेमराजा भन्ने प्रेमजंग महतको श्रीमती शर्मिला महतले दाजु निज बालिका छोरी पीडितलाई म काठमाडौंमा भएको समयमा मेरो घरमा केही सहयोग गर्ला भनी मेरो श्रीमानले मसँग सल्लाह गरेरै घरमा लिई राखेको र निज छोरी हाल ठूली भएकीले भोलीका दिनमा निजलाई कुनै अप्ठेरो हुन सक्छ भन्ने सोची निज छोरीलाई सल्लाह मै निजको आमाको जिम्मामा दिदैछौं। निज छोरीको पठनपाठनमा सहयोग पुगोस् भन्ने हिसावले हामीले रु.७,००,०००।(सात लाख) रकम दिन लागेका छौं तपाइलाई केही अप्ठेरो हुँदैन तपाई जनप्रतिनिधि भएकोले यो कागजमा सही गरी दिनु पर्‍यो भनेपछि मैले पनि ठिकै होला भन्ने सोची त्यो पाना १ (एक) को नेपाली कागजमा लेखिएको बेहोरा पढी उक्त कागजमा लेखेको बेहोरा ठिकै लागि सो कागजको किनारामा मैले मेरो नाम अगाडि सही गरेको हुँ भन्ने समेत बेहोराको प्रतिवादी कालीबहादुर भण्डारीले गरेको बयान।

ङ. **प्रतिवादी सर्मिला महतले गरेको बयानः** मेरो दिदीको छोराको बिवाह मंसिरको महिनामा हुने भएकोले मिति २०७८ साल कार्तिक २१ गतेको दिन निज श्रीमान प्रेमजंग महत र म समेत काठमाडौं गई उतै बसेका थियौं। जुम्ला जिल्लामा ठेक्काको काम भएकोले निज श्रीमान सोही फागुन महिनामा आफ्नो घरमा आउनु भएको हो। मेरो श्रीमान घरमा आएपछि निज ईश्वरी आर.सी. रावतले मेरो दिदी नाता पर्नेको सानी नाबालक छोरी छन् निजको आर्थिक अवस्था कमजोर छ निजलाई पढाई लेखाई गर्दिने र घरको सानोतिनो काममा सघाउनको लागि तपाईको घरमा लिई राख्दिनु पर्‍यो भनेकोले उक्त कुरा मेरो श्रीमानले मलाई फोन मार्फत भन्नु भएको थियो। मैले पनि ठीकै छ घरमा पनि तपाई एक्लै हुनुहुन्छ। घर सफा गर्दिने, बिहान बेलुका खाना पकाउने खुवाउने र दिनमा स्कूल जाने भए राम्रै हुन्छ भनी मिति २०७८ साल फागुन महिनाको अन्तिमतिर निज बालिका पीडित मेरो घरमा बसेपछि निजले मेरो श्रीमान प्रेमजंग महतको मोवाईलबाट भिडियो कल गरी ममि मेरो आमाको घरको अवस्था कमजोर छ बुवाले हेर्नु हुँदैन, मलाई पढाई लेखाई गर्न गाह्रो छ म हजुरको घरमा बसेर राम्रोसँग पढाई लेखाई गर्छु, तपाई घरमा कहिले आउनु हुन्छ भन्दा मैले ठीकै छ, तिमी राम्रोसँग बस्नु, घरायसी काममा सहयोग गर्नु, तिमी राम्रोसँग बस्यौ भने तिमीलाई धर्मपुत्री बनाई पालेर तिम्रो पढाई लेखाई गर्दिन्छौ, भोली ठूली भयौ भने तिम्रो राम्रोसँग बिवाह पनि गराई दिउला भनेकी हुँ। म २०७८ साल चैत्र महिनाको १४/१५ गतेतिर म काठमाडौंबाट आफ्नो घर जुम्लामा आएपछि निज नानी मेरो घरमा नै थिईन। निज नानी स्कूल समयमा स्कूल जाने आउने गरेकी थिईन। म मिति २०७९ साल बैशाख काठमाडौं गएकी हुँ। मिति २०७९ साल असार महिना २१ तिर मेरो जेठी सासु बितेपछि म काठमाडौंबाट जुम्ला घरमा आएकी हुँ। उक्त समयमा मेरो श्रीमान समेत आफ्नो ठूली आमाको घरमा किरियामा हुनुहुन्थ्यो। निज नानी मेरै घरमा नै थिईन्। निज नानीको आमा जाहेरवालालाई लाई फोन गरी बोलाई निज नानी आज अलि बिरामी भएकी छन् अहिले यसलाई आफ्नो साथमा लिई

जाउ पछि हामी किरियाबाट निस्केपछि ल्याउनु भनी निज नानीको आमाले साथमा लागि गएकी हुन्। प्रतिवादी जीवन महतले निज नानीले आफूलाई मेरो श्रीमान प्रेमजंग महतले आफ्नो घरमा पटकपटक बलात्कार गरेको भन्ने निज नानीले भनेको मोबाईलमा रेकड गरेको भिडियो देखाई अव प्रेमजंग महतलाई राम्रोसँग फसाउँछौ भनेका रहेछन्। उक्त कुरा मेरो दिदी उर्मिला कुमारी रोकाया (महत) ले मलाई बताएकी थिईन। प्रतिवादी जीवन महत र प्रतिवादी कालीबहादुर भण्डारीले मलाई बारम्बार मेरो दिदी उर्मिला कुमारी रोकाया महतको मोबाईलमा फोन गरी ल यो केश मिलाउने भए की तपाईहरुको घर चाहियो की ५० लाख रुपैयाँ चाहियो यो केस मिलाउने हो की तपाईको मान्छेलाई फसाउँ भन्दै आइरहेका थिए। पछि निज प्रतिवादी जीवन महतले ७ लाख रुपैयाँ निज नानीलाई पढाई खर्चको लागि दिनुपर्छ यो केश मिलाउनु पर्छ तपाईको श्रीमान प्रेमजंग महतलाई कारबाही गर्छौं भनी मलाई धम्कीसमेत दिएकोले हामीलाई डर लागेर मेरो जेठाजु महेन्द्रबहादुर महतसमेतले थाहा पाई जेठाजु महेन्द्रबहादुर महतको घरमा सबै जनालाई बोलाई छलफल गरी निज नानीको पठनपाठनको लागि खर्च भनी रु. ७,००,०००। (सात लाख) दिने सहमति भएपछि उक्त स्थानमा रहेका वकील डिल्ली भन्ने दिलबहादुर महतले आफ्नो साथमा ल्याएका एकजना केटालाई उक्त कागज आफूले भन्दै लेख्न लगाएका हुन्। उक्त समयमा मेरो साथमा भएको नगद रु.४,५०,०००।(चार लाख पचास हजार) मैले जेठाजु महेन्द्रबहादुर महतलाई दिएपछि निजले १ लाख थपेर रु. ५,५०,०००। (पाँच लाख पचास हजार) नगद र दिदी उर्मिला कुमारी रोकाया (महत) नामको रु. १,५०,०००। (एक लाख पचाँस हजार) को चेक काटेर निज नानीको आमा जाहेरवालालाई बुझाउनु भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी सर्मिला महतले गरेको बयान।

च. **प्रतिवादी उर्मिला कुमारी रोकाया महतले गरेको बयानः** जाहेरवालाले तपाईको देवर प्रेमजंग महतले मेरो छोरी पीडितलाई आफ्नो घरमा पटकपटक बलात्कार गरेका रहेछन् मेरो छोरीको भविष्य बिग्रियो अव निज प्रेमजंग महतको घर मेरो छोरीको नाममा गर्नुपर्छ अहिले मेरो छोरी सानी छ पछि ठूली भएपछि निजसँग नै बिवाह गराई दिउँला भन्दा मैले यदी निज प्रेमजंग महतले यो नानी माथि यति ठूलो अन्याय गरेको भए यसलाई कारबाही हुनुपर्छ। घर लिने कुरा नगर बैंकमा छ भन्दा निज जाहेरवालाले घर हुँदैन भने रु.५०,००,०००। (पचास लाख) दिनुपर्छ भनेकी थिईन। उक्त स्थानमा रहेका प्रतिवादीहरु कालीबहादुर भण्डारी र नवराज भारतीले पनि उक्त कुरा मिलाएर लिनुपर्छ भनेका थिए। पछि निज प्रतिवादी जीवन महत मेरो घरमा आई मेरो श्रीमान महेन्द्रबहादुर महतलाई भेटी भन्दा मेरो श्रीमानले मलाई यस बारेमा केही थाहा छैन तिमीहरु जे गर्छौं गर भनेपछि निज जाहेरवाला, पीडित, प्रतिवादीहरु जीवन महत, नवराज भारती, कालीबहादुर भण्डारी, वकील दिलबहादुर महत समेत हाम्रो घरमा आई मेरो श्रीमान महेन्द्रबहादुर महत समेत बसी केही छलफल गरी नानीलाई पालनपोषण तथा लेखाई पढाईको लागि भनी

रु.७,००,०००। (सात लाख) दिने भन्ने सहमति भएपछि निज ससुरा पर्ने वकील दिलबहादुर महतले आफ्नो साथमा ल्याएका मैले नचिनेका केटालाई आफूले सिकाउँदै निजलाई कागज लेख्न लगाएका हुन्। निज बहिनी सर्मिला महतले आफ्नो साथमा ल्याएको रु.४,५०,०००। (चार लाख पचास हजार) र मेरो श्रीमानसँग भएको १ लाख गरी जम्मा रु.५,५०,०००। (पाँच लाख पचास हजार) नगद र रु.१,५०,०००। (एक लाख पचास हजार) को सिर्दाथ बैंक, शाखा जुम्लामा मेरो नाममा रहेको खाता नं. को चेक निज जाहेरवालाको नाममा काटी निज जाहेरवाला ले बुझी लिएकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादी उर्मिला कुमारी रोकाया महतले गरेको बयान।

४. **घटना विवरण कागजः**

क. मिति २०७९।०४।२९ गतेको दिन मेरो छोरी जाहेरवालीले मलाई फोन गरी बुवा निज पीडितलाई प्रेमराज भन्ने प्रेमजंग महतले आफ्नो घरमा कामकाज गर्न राखेको अवस्थामा आफ्नै घरमा धाकधम्की दिई निजलाई पटकपटक बलात्कार गरेकोले निजको बिरुद्धमा जिल्ला प्रहरी कार्यालय, जुम्लामा मुद्दा दर्ता गरेको छु भनी मलाई बताएपछि उक्त घटनाको बारेमा मैले जानकारी पाएको हुँ भन्ने समेत बेहोराको परिवर्तित नाम ०७९।८० जुम्ला ७(ङ) ले गरेको कागज।

ख. मेरो मम्मीको आर्थिक अवस्था कमजोर भएकोले निजले मलाई पढाउने लेखाउने तथा पालनपोषण गर्ने कोही भए उसको घरमा पठाउने थिएँ भनी खबर गरेकी रहिछिन्। निज अन्टी ईश्वरी रोकायासँग मेरो मम्मीको साथी चिनजान भएकोले निजले मेरो लागि पढाई लेखाई तथा पालनपोषण गर्ने मान्छे म खोज्दिन्छु भनी आफ्नो भिनाजु नाता पर्ने प्रेमजंग महतसँग उनको घरमा बस्ने कुरा गरी मिति २०७८ साल चैत्र महिनातिर ईश्वरी अन्टीले बोलाएपछि प्रेमजंग महत ईश्वरी अन्टीको होटलमा आई मेरो मम्मीसँग पनि कुराकानी गरी प्रेमराजा भन्ने प्रेमजंग महतले ठिकै छ, मेरो घरमा कामकाजमा सघाउने मान्छे कोही छैन् नानीलाई पढाई लेखाई गर्ने मेरो जिम्मा भयो। म आफ्नो छोरी जस्तै भनेर धर्मपुत्री बनाई पाल्छु भनी गएपछि मोटरसाईकलमा निज ईश्वरी रोकाया क्षेत्रीको होटल पसलमा निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महत आई मलाई बोलाई मोटरसाईकलमा बसाली आफ्नो घरमा लिएका हुन्। उक्त समयमा निजको घरमा अन्य मान्छे कोही थिएनन्। त्यो घरकी अन्टी र तिनका छोराछोरी सबै काठमाडौं गएका रैछन्। मैले बिहान बेलुका खाना पकाउने, निज प्रेमजंग महतलाई खुवाउने, आफूले खाने, भाडाहरु धुने, कपडाहरु धुने काम गर्दै आइरहेकी थिएँ। केही दिनपछि चन्दननाथ माध्यामिक विद्यालयमा कक्षा ४ मा भर्ना गरेपछि म स्कूल आउने जाने गर्दथें। प्रेमराजा भन्ने प्रेमजंग महत धेरै जसो रातिमा रक्सी खाएर ढिलो आउने, रातिको समयमा मलाई आफ्नो कोठामा खाना, पानी ल्याएर आउँ भन्थे। म निजको कोठामा खाना, पानी लिएर गएको समयमा निजले मलाई जुसमा बियर मिसायर जबर्जस्ती खुवाउँथ्यो। मलाई छोपी (समाती) मेरो कपडा खोली जबर्जस्ती मेरो स्तन छाती समात्ने, मुसार्ने गर्थ्यो, मैले

अपरेशन गरेको छु, मबाट बच्चाबच्ची हुँदैनन् भन्दै आफ्नो पेट देखाउँथ्यो। आफ्नो कपडा खोली पिसाब गर्ने (लिङ्ग) मेरो मुखमा हाली चुस्न लगाउँथ्यो, मेरो योनीमा आफ्नो लिङ्ग घुसाएर मैले दुख्यो भनेर रुँदा पनि छोड्दैनथ्यो, आफ्नो इच्छा पुरा नगरुन्जेल जवर्जस्ती करणी गर्ने गरेका थिएँ। म मिन्स भएको बेलामा पनि २ दिन मात्र बार्न लगाउँथ्यो। दुई दिनपछि फेरी जवर्जस्ती मलाई दुख्यो ड्याडी भन्दा पनि गरिरहन्थ्यो। उल्टै मलाई राती श्रीमान भन्नु दिउँसो ड्याडी भन्नु भन्दै यौन सम्बन्ध राख्थ्यो। प्रायः जसो निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले मलाई दैनिक जसो बिहान र रातिमा करणी गर्ने गर्दथे। लगभग दुई (२) महिना जति एकदम दुःख र पीडामा बसेकी हुँ। मलाई लाज र डर लागि त्यो कुरा कोही कसैलाई बताएकी थिईन्। निज प्रतिवादी प्रेमराज भन्ने प्रेमजंग महतले मलाई पटकपटक मेरो ईच्छा विपरीत धाकधम्की दिई जवर्जस्ती करणी गरेकोले उक्त पीडा सहन नसकी म बिष सेवन गरुँगरुँ जस्तो लाग्दथ्यो। मैले स्कूल जाँदा लिने टिफिन राख्नको लागि प्लाष्टिक खोज्ने बेलामा त्यो घरको सिँडी नजिक प्लाष्टिकको झोला भित्र मुसा मार्न राखेको खुल्ला अवस्थाको मुसामार औषधीको प्याकेट पनि फेला पारी आफ्नो साथमा लिई स्कूलमा गएको थिएँ। कक्षा कोठामा पनि मलाई टेन्सन मात्र हुन्थ्यो, कसैलाई भन्न सक्दैन थिएँ। मनमा के-के कुरा आउँथ्यो मात्र। त्यसैले दिउँसो हाफ छुट्टी भएको समयमा साथीहरु कोठा बाहिर नास्ता खान क्यान्टिनमा गए, मैले होमवर्क गर्नुछ भनेर कक्षा कोठामै बसेकी थिएँ। तिनीहरु बाहिर गएको बेला उक्त मुसामार (बिषादी) मैले कोकको खाली बोतलमा हाली प्याकेट झ्याल बाहिर फाली पानीमा मिसाई खाएकी हुँ। मैले उल्टी गर्न थालेपछि मेरो साथीहरु मालती बस्नेत, साहारा पछाई र दियाले उल्टी गरेको देखी के भएको हो भनी सोधी मेरो मम्मी बस्ने ठाउँमा दिया र अर्को कुन साथी गई बोलाई छिटो निज दियाको बाजे धामी भएकोले मलाई छाँ (भुत) लागेको हुन् सक्छ भनी निजको घरमा लगि मेरो मम्मी पनि निज दियाको घरमा गएकी दियाको बाजेले झारफुक गरी उल्टी अलि सन्चो भएजस्तो लाग्यो। पछि मैले मुसामार औषधी खाएको भन्ने कुरा निज साथीहरुले प्रेमजंगको स्वास्नीलाई भनेपछि मेरो मम्मीलाई फोन गरी तिम्रो छोरी बिरामी छ, आफूसँग लिएर जाउँ भनेपछि मेरो मम्मी विजयनगरस्थित सानो नास्ता पसल गर्दै आएकोमा त्यो प्रेमजंगको घरमा आई मलाई आफू बसिरहेको आफ्नो नास्ता पसलमा ल्याई मम्मीले मलाई के कसो भएको हो भनी सोध्दा मैले प्रेमराजा भन्ने प्रेमजंग महतले आफ्नो घरमा जवर्जस्ती पटकपटक मेरो छातीमा समाएर चलाउने, लुगा खोलेर आफ्नो लिङ्ग मेरो योनीमा हाल्ने, राति, बिहान, बेलुका करणी गरेको हो भनी रुदै बताएकी हुँ। मलाई ललाई फकाई, कहिले काँही जुसमा बियर मिसाई नसामा पारी धाकधम्की दिई मेरो ईच्छा विपरीत, मलाई पीडामा राखी पटकपटक जवर्जस्ती करणी गरेकाले निज प्रतिवादी प्रेमराज भन्ने प्रेमजंग महतलाई हदैसम्मको सजाय हुनुपर्दछ भन्ने समेत बेहोराको पीडितले गरेको कागज।

ग. निज पीडित बालिका र म एउटै कक्षामा पढ्ने भएकोले निज मेरो एकदमै मिल्ने साथी हुन्। निज साथी निज अंकल प्रेमराजा भन्ने प्रेमजंग महतको घरमा बसेर घरायसी कामकाज गर्ने स्कूल समयमा स्कूल आउने जाने गर्दथिन्। मलाई मिति एकिन भएन एकदिन निज साथीले मलाई डर लाग्छ आज मसंगै जाउँ भनेपछि उक्त दिन साँझ निज साथी र मसंगै खाना खाई सोही घरमा निज सुत्ने कोठामा गई दुवै जनासंगै सुतिरहेको अवस्थामा निज प्रेमजंग महत एक्कासी उक्त कोठाको ढोका बाहिरबाट ढकढक गरी निज साथीको नाम बोलाएपछि निज साथीले ढोका खोली कोठामा निज अंकल प्रेमराजा आई मलाई देखेपछि य आज त साथी पो ल्याएर आएकी रहिछ भनी निजले साथीलाई बाहिर बोलाई केही पैसा दिई अरु पैसा तेरो आमासँग माग्नु भनी निज अंकल प्रेमराजा आफ्नो कोठातिर गएका हुन्। तिमीलाई के को लागि पैसा दिनु भएको हो भनी मैले सोध्दा साबुन किन्न र कापी किन्नको लागि दिनु भएको हो भनी मलाई बताएकी हुन्। उक्त समयमा मैले मेरो घडीमा हेर्दा रातिको अन्दाजी ११।१२ बजेको थियो। हामी दुवै जना रातिसंगै सुतेका हौं। निजको ईच्छा बिपरीत ललाई फकाई डर धाकधम्की दिई पटकपटक जवर्जस्ती करणी गर्ने निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई हदैसम्मको सजाय हुनुपर्दछ भन्ने समेत बेहोराको दिया सुनारले गरेको कागज ।

घ. म गाउँघरमा लेवरी काम तथा कोही कसैलाई छाँ (भुतप्रेत) लागेमा झारफुक गरी सन्चो बनाउने काम गर्दछु। निज पीडित आफ्नो स्कूलमा एक्कासी बिरामी भएपछि बेलुका अन्दाजी ०३:०० बजेको समयमा निज बालिकालाई मेरो नातिनी दिया, निज पीडितको आमा र अन्य २ जना साथीले झारफुक गर्न भनी मेरो घरमा ल्याई आएको समयमा मैले निजलाई छाँ (भुतप्रेत) लागेको हुन सक्छ भन्ने सोची झारफुक गरेको हुँ। उक्त समयमा निज बालिकाको स्वास्थ्य अवस्था अलि ठिक थिएन। निज पीडित नानी निज प्रेमराज भन्ने प्रेमजंग महतको घरमा बसी पढाई लेखाई गर्दै आइरहेको अवस्थामा निज पीडित नानीलाई पटकपटक बलात्कार गरेकाले निजलाई पक्राउ गरेको भन्ने अन्य मानिसहरुबाट सुनि उक्त घटनाको बारेमा मैले थाहा पाएको हुँ भन्नेसमेत बेहोराको कृष्ण सुनारले गरेको कागज।

ङ. निज पीडित र म एउटै कक्षामा पढ्ने भएकोले निज मेरो मिल्ने साथी हुन्। निज साथी निज अंकल प्रेमराजाको घरमा बसेर घरायसी कामकाज गर्ने स्कूल समयमा स्कूल आउने जाने गर्दथिन। निज) स्कूलमा पढ्न आएको बेला कम बोल्ने, निरास हुने, झोक्राउने गर्दथिन। म लगायत साथीहरु क्यान्टिनमा नास्ता खान गयौं । निज पीडित होमवर्क गर्ने भनी कक्षा कोठामै थिईन्। निज साथी ले हामी पढ्ने स्कूलको कोठामा बान्ता गरेपछि निजलाई उक्त कक्षा कोठाबाट बाहिर चौरमा ल्याउदा पनि निजले उल्टी गरेकी थिईन। निज बिरामी भएको खवर गरेपछि निजको आमा पनि उक्त स्कूलमा आएकी हुन। निजलाई झारफुक गर्न भनी साथी दिया सुनार, साहारा पछाई, निज साथीको आमा र मसमेतले निज दियाको घरमा लिई गएका हौं। तिमीले मुसामार औषधी किन

खाएकी हौं भनी सोध्दा म बस्ने घरको साहु प्रेमजंग महतले रातिमा मलाई आफ्नो कोठामा खाना र पानी ल्याउन लगाई मेरो र आफ्नो कपडा खोली नराम्रो काम गर्छ भनी बताएकी हुन भन्ने समेत बेहोराको मालती बस्नेत र साहारा पछाईसमेतले गरेको कागज ।

च. मेरो गाउँकी बहिनी पर्ने ईश्वरी रोकाया क्षेत्रीले जुम्ला बजारमा होटल पसल गरी बस्ने भएकीले म र हालकी पीडित छोरी सोही होटलमा बसेका थियौं। मेरो आर्थिक अवस्था कमजोर रही आम्दानीको स्रोत र पेशा व्यबसाय केही नभएकोले निज बढ्दै गरेकी छोरी पीडित लाई राम्रोसँग पढाई लेखाई पालनपोषणको मलाई धेरै चिन्ता लागि रहन्थ्यो। त्यसैले ईश्वरी र मेरो बीचमा कुरा हुँदा निजले यो छोरीलाई पालनपोषण गर्ने राम्रो मान्छे म खोज्छु भनेकी थिईन्। निज ईश्वरीले केही दिनपछि मलाई भेटी मैले चिनेका एक जना भिनाजु नाता पर्ने मान्छे हुनुहुन्छ उनको घरमा सघाउने मान्छे कोही छैन उहाँसँग कुरा गरौला भनेकी थिईन। मिति २०७८ साल चैत्र महिनातिर ईश्वरीले आफनो भिनाजु प्रेमराजा भन्ने प्रेमजंग महतलाई आफ्नो होटलमा बोलाई मेरो परिचय भई मैले निज प्रेमजंग महतलाई आफ्नो अवस्था र चाहानाको बारेमा सबै बताएपछि निजले पनि ठिकै छ मेरो बच्चाबच्चीहरु काठमाडौंमा पढ्छन् घरमा कामकाजमा सघाउने मान्छे कोही छैन, नानीलाई पढाई लेखाई गर्ने मेरो जिम्मा भयो। म आफ्नो छोरी जस्तै गरेर धर्मपुत्री बनाई पाल्छु चिन्ता मान्नु पर्दैन नानीको सबै जिम्मा मेरो भयो भनी गई २\३ दिनपछि मोटरसाईकलमा निज ईश्वरी रोकाया क्षेत्रीको होटल पसलमा मेरो छोरीलाई बोलाई मोटरसाईकलमा बसाली आफ्नो घरमा लिई गएका हुन्। छोरीले त्यो घरमा बिहान बेलुका खाना पकाउने निज प्रेमजंग महतलाई खुवाउने, आफूले खाने, भाडाहरु धुने, कपडाहरु धुने काम गर्दै आइरहेकी थिईन। केही दिनपछि निज छोरीलाई चन्दननाथ माध्यामिक विद्यालय, जुम्लामा कक्षा ४ मा भर्ना गरेपछि निज स्कूल आउने जाने गर्दथिन्। मैले पनि अब खाली बसेर के गर्नु भन्ने सोची जुम्ला बिजयनगर बजारमा सानोतिनो नास्ता पसल चलाई आफ्नो गुजारा चलाउदै आएकी थिएँ। मिति २०७९ साल आषाढ महिनाको २५/२६ हुनुपर्दछ निज छोरीको साथीहरु मेरो पसलमा आई निज छोरी पीडितले स्कूलमा बान्ता गरिरहेकी छन् भनेपछि निजलाई के भएछ भनी हतारहतार पसल छोडी उक्त स्कूलमा जाँदा निज छोरीले बान्ता गरी बिरामी भएकी थिईन्। मसमेतले निज छोरीलाई कतै छाँ (भुत) लागेको हुन सक्छ भनी सोची निज छोरीको साथी दियाको बाजेले झारफुक गर्छन भन्ने थाहा पाई निज छोरीलाई दियाको बाजेले एकछिन झारफुक गरेपछि निज छोरीलाई अलि सन्चो भए जस्तो भई निजको साथी र मैले साथमा ल्याई निज प्रतिवादी प्रेमजंग महतको घर नजिक जुगाड खोलामा छाडी म आफ्नो पसलतर्फ आएकी हुँ। २५/२६ गतेको साझँ अन्दाजी ६/७ बजेतिर होला निज प्रेमजंगको स्वास्नीले मलाई फोन गरी तिम्रो छोरी बिरामी छ आफूसँग लिएर जाउँ पछि सन्चो भएपछि ल्याउनु भनेपछि म निजको घरमा गई निज छोरीलाई आफ्नो

साथमा ल्याई आएकी हुँ। मेरो होटलमा आई सकेपछि निज छोरी परिवर्तित नाम ०७९।०८० जुम्ला एकोहोरो हुने, टोलाउने, खाना खान मन नगर्ने, छटपट छटपट गर्ने गरेपछि मैले के कसो भएको हो ? किन के बिरामी भयो ? के-के हुन्छ ? भनी सोध्दा अस्ती मैले स्कूलमा मुसामार औषधी खाएको थिएँ तपाईहरुले पछि मलाई झारफुक गर्न लिनु भयो भनेकी थिईन्। छोरी तैंले मुसामार औषधी किन खाईस्, कसले के गर्यो भनी सोधेपछि त्यो प्रेमराजा भन्ने प्रेमजंग महतले आफ्नो घरमा जवर्जस्ती पटकपटक मेरो छातीमा समाएर चलाउने, लुगा खोलेर आफ्नो लिङ्ग मेरो योनीमा हाल्ने र मलाई राति, बिहान, बेलुका जवर्जस्ती करणी गरेको हो भनी रुदै बताएपछि छोरीलाई नडराउ, चिन्ता नगर त्यसलाई कारबाही गर्न लगाउछु भनी छोरीलाई सम्झाएकी हुँ। उक्त कुराहरु मैले निज ईश्वरी रोकायालाई बताएपछि निज प्रेमजंग महतका मान्छेहरु दैनिक जसो मेरो नास्ता पसलमा आई यस्तो कुरा बाहिर ल्याउनु हुन्न भोली आफ्नो र नानीको बेईज्जत हुन्छ राम्रो हुँदैन, यस्तो कुरा बाहिरै मिलाउनु पर्छ भनी मलाई ललाई फकाई गर्दै आईरहेका थिए। मेरा आफन्त कोही नभएकाले मैले यो कुरा मेरो पसलमा नास्ता खान आइरहने हुनाले चिनेका स्थानिय वडा सदस्य कालीबहादुर भण्डारीलाई भनी प्रहरीलाई जानकारी गराई अगाडि बढ्नुपर्छ भन्ने कुरा राखेकी थिएँ। पछि प्रेमराजाका पक्षका मान्छेहरु, उसको दाई महेन्द्र महत, जीवन महत, ईश्वरी रोकाया लगायतका व्यक्तिहरु बारम्बार मलाई तनाव दिई झुक्यानमा पारी आर्थिक लोभ देखाई बसपार्कस्थित निज प्रतिवादी प्रेमजंग महतको दाजु महेन्द्र महतको घरमा बोलाई नगद रु.सात लाख दिने भनी ईश्वरी रोकाया, कालीबहादुर भण्डारी जीवन महत, नवराज भारती, महेन्द्रबहादुर महत र कागज गर्ने वकील भन्ने डिल्ली महत साक्षीहरु राखी जवर्जस्ती मिलापत्र कागज गराएका हुन्। उक्त रकम रु. ५,५०,०००।-(पाँच लाख पचास हजार) रकम सर्मिला महतले आफ्नो गोजीबाट झिकेर मलाई नगदै बुझाएकी हुन्। रु.१,५०,०००।-(एक लाख पचास हजार) को महेन्द्र महतले चेक दिएका थिए। निजका आफन्तहरु लागि दिनदिनै भेटघाट गरी गराई जवर्जस्ती यो सत्य घटना ढाकछोप गर्न मलाई झुक्याई, करकापमा गरी आर्थिक प्रलोभनमा पारी कारबाहीमा ढिलो गरी गराई बलात्कारको सबुत प्रमाण मेटाउन अनेक प्रपन्च रच्ने रचाउने, म एक्ली महिलालाई झुक्यानमा पारी सहमति कागजमा साक्षी बस्ने कसूरका मतियार प्रतिवादीहरु ईश्वरी रोकाया, कालीबहादुर भण्डारी, जीवन महत, नवराज भारती, महेन्द्रबहादुर महत र कागज गर्ने वकील भन्ने डिल्ली महत समेतले १०/१५ हजारका दरले पैसा रकम लिई लेनदेन गरेका हुनाले सबै जनालाई कानून बमोजिम कारवाही गरी क्षतिपुर्ति दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको जाहेरवालाले गरेको कागज ।

छ. म नेपाल पत्रकार महासंघ संघ जुम्लाको महिला उपाध्यक्ष हुँ। म थाहा खवर अनलाईनको जिल्ला सम्वाददाताको रुपमा काम गर्दै आई रहेकी छु। निज पीडितलाई निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले आफ्नो घरमा धर्मपुत्रीको रुपमा राखी

निजलाई पढाई लेखाईको जिम्मा लिएको अवस्थामा निजले पटकपटक निजको ईच्छा विपरीत जवर्जस्ती करणी गरेपश्चात उक्त घटना ढाकछोप गर्नको लागि निज पीडित पक्षलाई आर्थिक प्रलोभनमा पारी उक्त रकम बुझाई कागज समेत गरेको भन्ने अन्य मानिसहरुबाट सुनेपछि तत्काल मैले निज पीडितलाई जुम्ला बजारमा भेटी उक्त घटना के कसो भएको हो नानी भनी सोधपुछ गर्दा निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले पढाई लेखाई गर्ने धर्मपुत्रीको रुपमा पाल्ने भनी आफ्नो घरमा लिई राखेको अवस्थामा एक महिनासम्म पटकपटक मेरो ईच्छा विपरीत जवर्जस्ती करणी गर्ने गरेको र उक्त घटनाको बारेमा मैले पीडा सहन नसकी आफू पढ्ने स्कूलमा मुसामार औषधी सेवन गरेको भनी बताएकी हुन्। उक्त घटना लुकाउनको लागि पीडितकी आमालाई पटकपटक भेटी, झुक्याई, प्रहरी कहाँ उजुर गर्न बाधा अवरोध खडा गरी, आर्थिक प्रलोभनमा पारी हतारहतारमा रु.७,००,०००। (सात लाख) दिने भ्रमात्मक कागज गरी निज पीडितको नाममा माछापुच्छ्रे बैंकको शाखा कार्यालय जुम्लामा रु.५,००,०००,(पाँच लाख) जम्मा गरेको र अन्य रकम उक्त घटना ढाकछोप गर्नको लागि कागजमा साक्षी बसेका मानिसहरुले १०/१५ हजारका दरले बाँडीचुडी खाएको भन्ने मैले पीडितकी आमाबाट जानकारी पाएको हुँ। पीडितले न्याय पाउनु पर्छ त्यसका लागि प्रहरीमार्फत कानुनी बाटोमा जानुपर्छ भन्ने सुझाव दिई मैले उक्त घटनाको बारेमा थाहा खवर मिडियामा प्रकाशित गरेको हुँ भन्नेसमेत बेहोराको दिलमाया शाही कठायतले गरेको कागज ।

ज. निज पीडितले बिषादी सेवन गरी बिद्यालयमा उल्टी गरेको कुरा मैले कोही कसैलाई भनेकी थिईन। मलाई बताउने समय पनि भएन। प्रेमजंग महतको कारणले यस्तो भएको हो कि भन्ने गाँउघरमा हल्का गाँईगुँई कुरा आईरहेको थियो तर नानीले पनि मुख खोलेर आफ्नो पीडा नभनेको हुनाले वास्तबिक प्रमाण फेला नपरुन्जेल केही भन्न सकेकी थिईन। नानीको हाउभाउ हेर्दा मलाई कता कता उनलाई हिंसा भएको जस्तो आशंका र उकुसमुकुस चाहि भईरहेको थियो। निज पीडित नानीको आमा जाहेरवाला पनि हाम्रो विद्यालयमा आएको बेलामा नै पहिलो पल्ट प्रत्यक्ष भेट भएपछि मैले उहाँलाई आजभोलि तपाईको छोरी शुरुशुरुको जस्तो पढ्न मन गर्दैन, टोलाई रहन्छ, रुन्छ उनलाई के कसो भएको हो ? केही न केही समस्या पक्कै छ, स्कूलमा शुरुशुरुमा आउँदा यस्ती त थिईनन्। तपाई कस्तो आमा अलि बच्चाको मनस्थितिको बारेमा बुझ्नु पर्छ कि पर्दैन ? भनी अलि हप्काएर भनेकी थिएँ। पछि बिभिन्न हिसाबले घटनाको बारेमा गाउँघरमा हल्लाखल्ला भई यो कुरा बाहिर आएपछि कडा कारबाही भोग्नुपर्छ भन्ने डरले प्रेमजंग महत समेतका व्यक्तिले पीडित पक्षलाई करकाप र पैंसाको प्रलोभनमा पारेर ५/६ जना साक्षीहरु समेत राखी मिलापत्र कागज गरेका रहेछन् भन्ने कुरा सुनेकी हुँ भन्ने समेत बेहोराको बबि के.सी. लामाले गरेको कागज।

झ. पीडित साथी र म चन्दननाथ स्कूलमा एउटै कक्षामा पढ्ने भएकोले निज मेरो सबै भन्दा बढी मिल्ने साथी हुन्। पीडितलाई प्रेमराजा भन्ने प्रेमजंग महतको घरमा बसेर घरायसी कामकाज गर्ने र स्कूल समयमा आउने जाने गर्दथिन्। एकदिन दिउँसो हाफटाइम भएको समयमा म लगायत साथी दिया, मालती साथीहरु क्यान्टिनमा नास्ता खान गयौं। निज पीडितले होमवर्क गर्ने भनी आफू पढ्ने कक्षा कोठामै थिईन्। हामी कोठामा आउँदा निज साथी पीडितले हामी पढ्ने स्कूलको कोठामा बान्ता गरेकोले पछि निजलाई उक्त कक्षा कोठाबाट बाहिर चौरमा ल्याउँदा पनि निजले बान्ता गरेकी थिईन्। साथीकी मम्मी जाहेरवाला भएको ठाउँमा आई निज बिरामी भएको खवर गरे पछि निजको मम्मी पनि उक्त स्कूलमा आई दियाको बाजेले झारफुक गर्ने भएकाले निजलाई झारफुक गर्न लगि निजलाई अलि सन्चो भएको थियो। निज पीडितलाई म समेतले तिमीलाई के भएको हो भनी सोध्दा मैले मुसामार औषधी खाएकी हुँ, यो कुरा कोही कसैलाई नभन्नु भनेकी थिईन्। निज स्कूलमा आएको समयमा निरास भएको देखी निज साथीलाई म समेतले छुटै ठाउँमा लगि तिमी आज भोली किन निरास भएकी छौ। तिमीले मुसामार औषधी किन खाएकी हौं भनी सोध्दा म बस्ने घरको बुवा (प्रेमजंग महत) ले रातिमा मलाई आफ्नो कोठामा खाना र पानी ल्याउन लगाई मोबाईलमा नराम्रो (अश्लिल) फिलिम देखाउने, मेरो र आफ्नो कपडा खोली नराम्रो काम गर्छ, बलात्कार गर्छन, यो कुरा कोही कसैलाई भनेपछि मारी दिन्छु भन्छन् भनी निज साथी पीडितले हामीलाई बताएकी हुन् भन्ने समेत बेहोराको सहारा पछाईले गरेको कागज ।

ञ. म एक अस्थायी स्वास्थ्य कर्मी हुँ। करिव २ बर्ष देखि चन्दननाथ माध्यामिक विद्यालय, जुम्लामा बिद्यार्थीहरुको स्वास्थ्यमा केही समस्या आएमा प्राथमिक उपचार गर्दै आइरहेकी छु। मिति २०७९ साल असारको महिनातिर उक्त बिद्यालयकी सहायक प्रधानाध्यापक बबिता रोकायाले मलाई बोलाई कक्षा ४ मा पढ्ने एकजना बिधार्थीले बान्ता गरेकी छन् के कसो भएको रहेछ गएर बुझ्नुहोस् त भन्दा म उक्त कोठामा जाँदा निज पीडित ले बान्ता गरिरहेकी थिईन्। उक्त समयमा निजले गरेको उल्टीको गन्धले गर्दा म नजिक जान सकिन्। त्यो गन्ध अलि फरक खालको थियो। तत्काल मैले निजलाई पेट दुखेको औषधी खुवाउन खोज्दा निजले खान मानिनन् अनि के भएको हो, के खाएकी हौं नानी भनेर बिरामीलाई सोध्दा उनले केही खाएको हैन, भात मात्र खाएको हुँ भनिन्। बिद्यालयमा अध्ययन गर्ने छात्राहरुले निज बालिकाको मम्मीलाई बोलाई निजलाई झारफुक गर्ने भनी उक्त बिद्यालयबाट लिई गएका हुन्। सो समयमा निज बालिका पीडितले बिषादी खाएको कुरा मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रबिना आचार्यले गरेको कागज।

ट. मैले एल.एल.बी. तेस्रो बर्षको परीक्षा दिएको छु। प्रतिवादी वकील डिल्ली भन्ने दिलबहादुर महत जुम्ला जिल्लामा अधिवक्ताको रुपमा काम गर्ने भएकोले मैले कहिले काँही निजले कुनै कागजहरु; तमसुक, घरसार कागज लेख्न लगाउथैं। साथै उहाँले मलाई

केही खर्चपानी पनि दिनुहुन्थ्यो। मिति २०७९ साल श्रावणको ८ गतेतिर हुनुपर्छ निज वकील डिल्ली भन्ने दिलबहादुर महतले मलाई दिउँसोको समयमा बसपार्कनिर भतिजाको घरमा एउटा घरसारको कागज गर्नु पर्नेछ भनी मलाई आफ्नो स्कुटरमा राखी जुम्ला जिल्लाको बसपार्कमा रहेको पछि चिनेका प्रतिवादी महेन्द्रबहादुर महतको घरमा निज वकील डिल्ली भन्ने दिलबहादुर महत र म जाँदा उक्त घरमा २ जना महिला र १ जना पुरुष थिए। निजहरु प्रतिवादी महेन्द्रबहादुर महत, शर्मिला महत र उर्मिला महत हुनुपर्छ। उक्त घरको दोस्रो तलामाथिको कोठामा बसी निज बालिका पीडितको स्वास्थ्य उपचार, शिक्षा दिक्षा र आगामी करियरको लागि भनेर रु.७,००,०००। (सात लाख) रकम दिने गरी घरसारको कागज बनाउने भन्ने छलफल भएको थियो। निज महेन्द्रबहादुर महतले वडा सदस्य कालीबहादुर भण्डारी समेतलाई बोलाए पछि उक्त स्थानमा पछि ३ जना पुरुष व्यक्ति र २ जना आमा-छोरी आएका हुन्। निज वकील डिल्ली भन्ने दिलबहादुर महतले मलाई उक्त घरसारको कागज लेख्नु सुरु गर्नुहोस भनेपछि मैले सोही अनुसार निज वकील दिलबहादुर महतको निर्देशन र सल्लाहमा रु. ७,००,०००। (सात लाख) निज बालिका पीडितलाई पठनपठानको लागि सहयोग स्वरुप दिने भने सहमति कागज लेखेर सम्पन्न गरेको हुँ भन्ने समेत बेहोराको ललिजंग कार्कीले गरेको कागज।

ठ. मिति २०७८ साल मंसिर महिनादेखि निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको घरको सटर सहितको २ वटा कोठा भाडामा लिई होटल संचालन गर्दै आइरहेका छौं। बुझ्दै जादाँ निज बालिका प्रेमजंग महतको घरमा बसेको समयमा निज प्रेमजंग महतले पटकपटक निज बालिकालाई बलात्कार गरेकोले निजलाई प्रहरीले पक्राउ गरेको हो भनी अन्य मानिसहरुले भने पछि उक्त घटनाको बारेमा मैले थाहा पाएकी हुँ भन्ने समेत बेहोराको कुसुम कामीले गरेको कागज।

ड. निज बालिका पीडित प्रेमजंग महतको घरमा बसेको समयमा निज प्रेमजंग महतले पटकपटक निज बालिकालाई जवर्जस्ती करणी गरेकोले निजलाई प्रहरीले पक्राउ गरेको हो भनी अन्य मानिसहरुले भनेपछि उक्त घटनाको बारेमा मैले थाहा पाएको हुँ। पीडित पक्षलाई निज प्रतिवादी प्रेमजंग महत समेतका घर परिवारले सात लाख रुपैयाँ दिएर उक्त घटना मिलाएका छन् भन्ने कुरा वरपरका मान्छेबाट थाहा पाएको हुँ भन्नेसमेत बेहोराको युवक महतले गरेको कागज।

ढ. जीवनबहादुर महतलाई मैले संस्थागत हिसावले उक्त घटनाको सम्बन्धमा कानुनी वा गैरकानुनी किसिमको पहल गर्न, गैरकानूनी तरिकाले पैसाको लेनदेन गरी घटनालाई सामसुम पार्ने, कसैलाई डरत्रास देखाई दबाब दिन लगाउने जस्ता गैरकानूनी कुरा गर्न कुनै पनि हिसावले लिखित वा मौखिक तरिकाले निज जीवन महतलाई निर्देशन वा सल्लाह सुझाव दिएको होईन्। निज प्रतिवादी जीवन महतले के कुन स्थानमा गई, को

कससँग, के कुन प्रकारको व्यवहार तथा आर्थिक लेनदेन गरे सो बारेमा मलाई थाहा छैन भन्नेसमेत बेहोराको बुद्धनारायण साहनीले गरेको कागज।

५. **पीडितको शारीरिक परिक्षण प्रतिवेदनः** The hymen of examinee shows old healed lacerations are present over the 6'o clock and 9'o clock positions भन्ने कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको मेडिकल अफिसर DR. Apurba Acharya, MD ले  मिति २०७९।०५।०१ मा गरेको शारीरिक परिक्षण प्रतिवेदन।

६. **पीडितको उमेर खुल्ने कागजः** पीडितको जन्म मिति २०६८।०२।१३ भन्ने ६ नं. वडा कुशे गाउँपालिका, जाजरकोटबाट जारी पीडितको जन्मदर्ताको प्रतिलिपि।

७. **राष्ट्रिय मानव अधिकार आयोग, शाखा कार्यालय, जुम्लाको पत्रः** जीवन महत राष्ट्रिय मानव अधिकार आयोगमा मिति २०७६।६।१५ मा सुरक्षा गार्डमा स्थायी नियुक्ति पाई यस कार्यालयमा कार्यरत रहेको भन्ने समेत बेहोराको मिति २०७९।५।१२ को पत्र।

८. **जिल्ला प्रहरी कार्यालय, जुम्लाको पत्रः** कालीबहादुर भण्डारी जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. ५ को वडा सदस्य रहेको भन्ने मिति २०७९।५।१७ को पत्र।

९. **अभियोगपत्रः** प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) को कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ख) बमोजिम कैद र दफा २१९(३क) को देहाय (क) बमोजिम रु. ७,००,०००।- सजाय जरिवाना गरी र दफा २२२ को उपदफा (२) बमोजिम थप सजाय हुन र अन्य प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, ईश्वरी आर.सी. रावत, सर्मिला महत, उर्मिलाकुमारी रोकाया महत, जिवन महत, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतलाई सोही संहिताको दफा २२७क को उपदफा (१) को कसूर अपराधमा सोही संहितको दफा २२७क को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादीहरु जिवन महत, उर्मिलाकुमारी रोकाया महत र कालीबहादुर भण्डारी सार्वजिनक पदधारण गरेका व्यक्ति हुँदा निजहरुलाई दफा २२७क को उपदफा (३) बमोजिम थप सजाय गरी पाउँ भन्नेसमेत बेहोराको मिति २०७९।०५।२२ को अभियोगपत्र।

१०. **प्रतिवादीहरुले यस अदालतमा गरेको बयानः-**

क. **प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतः** मेरो साली नाता पर्ने इश्वरी रोकाया क्षेत्रीले निज पीडित बालिकालाई मिति २०७८ साल चैततिर मेरो घरमा ल्याएर राखेकी हुन्। निज चन्दननाथ विद्यालयमा जुम्लामा अध्ययन गरी रहेकी थिइन्। मेरो घरमा निज बालिका कमै बस्ने प्रायः जसो निजको आमाको घरमा र इश्वरी रोकायाको घरमा जाने गर्थिन्। मैले निज पीडितको बानी बेहोरा मन नपरी पटकपटक निजको आमाको घरमा गई तपाईको बच्चा लगि हाल्नुहोस भनेको हुँ। निजको आमाले पनि आफ्नो घरमा लिन मानिनन् त्यस सम्बन्धमा विवाद भएको थियो। म ठेक्का पट्टा गर्ने मानिस हुँ। म प्रायः जसो मेरो घरमा नभई बाहिरै फिल्डमा नै बस्ने गर्थें। निज बालिकाले मुसा मार्ने औषधी खाएको भनिएको मितिमा म मेरो ठूली आमाको मृत्यु भएको कारण ठूली आमाको घरमा

किरियामा बसेको थिएँ। मैले भ्याक्सेटोमी गरेको २० वर्ष जति भयो। मैले मेरो छोरी समानको व्यक्तिलाई जवर्जस्ती करणी गर्ने कुरै हुँदैन। मलाई फसाउनको लागि जाहेरी दिएका हुन्। सात लाख लिने दिने गरेको कागज को कसले कहाँ बनाएका हुन मलाई थाहा जानकारी भएन। अनुसन्धान अधिकृत समक्ष जाहेरवाला पक्षलाई सात लाख रुपैंया दिएको भनेको र साक्षीहरु राखी कागज सनाखत गरि दिएँ भनेको बाहेक अरु वयानको मेरो हो भन्नेसमेत बेहोराको बयान।

ख. **प्रतिवादी नवराज भारतीः** अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहिछाप मेरो हो, बेहोरा मेरो होइन्। प्रहरीले मलाई जवर्जस्ती सहिछाप गर भनेर सहिछाप गरेको हुँ। उक्त कागज के कुन कारणमा कहाँ लेखिएको हो मलाई थाहा जानकारी भएन। उक्त कागजमा लेखिएको बेहोरा मेरो रोहवरमा लेखिएको होइन र साक्षी किनारमा भएको दस्तखत मेरो होइन भन्ने समेत बेहोराको बयान।

ग. **प्रतिवादी कालीबहादुर भण्डारीः** अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहिछाप मेरो हो, बेहोरा मेरो होइन। प्रहरीले मलाई जवर्जस्ती सहिछाप गर भनेर सहिछाप गरेको हुँ। के कुन विषयमा उक्त कागज गरेका हुन मलाई थाहा छैन्। यसमा मेरो नाम पनि लेखिएको रहेछ, कसले किन लेखेका हुन मलाई कुनै जानकारी छैन्। उक्त कागजमा भएको सहिछाप मेरो होइन्। निज सर्मिला महत समेतका प्रतिवादीहरुले त्यस्तो बेहोरा किन लेखाएकी हुन् मलाई थाहा जानकारी भएन भन्ने समेत बेहोराको बयान।

घ. **प्रतिवादी उर्मिलाकुमारी रोकाया महतः** अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहिछाप मेरो हो, बेहोरा मेरो होइन। प्रहरीले मलाई जवर्जस्ती सहिछाप गर् भनेर सहिछाप गरेकी हुँ। मेरो बहिनी सर्मिला महतले जाहेरवालाको भाई विदेश जानको लागि केही पैसा छ कि भनी मसँग मागेकाले मैले जाहेरवालीको नाममा सिद्धार्थ बैंकमा रहेको मेरो खाताबाट रु.१,५००००।(एक लाख पचास हजार) को चेक काटी दिएकी हुँ। अन्य जाहेरीको बारेमा मलाई केही कुरा थाहा जानकारी भएन भन्ने समेत बेहोराको गरेको बयान।

ङ. **प्रतिवादी सर्मिला महतः** अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहिछाप मेरो हो, बेहोरा मेरो होइन। प्रहरीले मलाई जवर्जस्ती सहिछाप गर भनेर सहिछाप गरेकी हुँ। जाहेरवाला पहिलेदेखि चिनेजानेको बहिनी भएकोले म काठमाडौं भएको समयमा भाई बिदेश जान लागेकोले पैसा आवश्यक परेकोले मसँग रु.२,००,०००।—(दुई लाख ) रुपैयाँ मागेकी थिइन्। म जुम्ला आएको समयमा मसँग उक्त समयमा पैसा नभएकाले मैले दिदि उर्मिला रोकाया महतसँग रु १,५०,०००।— रुपैयाँ निज जाहेरावालाको नाममा चेक काटी मेरो दिदीले दिनु भएको हो। मिति २०७९।०४।०८ को कागज कहाँ के विषयमा किन लेखिएको मलाई केही थाहा छैन् भन्ने समेत बेहोराको बयान।

च. **इश्वरी आर.सी.रावतः** अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहिछाप मेरो हो, बेहोरा मेरो होइन। प्रहरीले मलाई जवर्जस्ती सहिछाप गर् भनेर सहिछाप गरेकी हुँ। म बुवा

विरामी भएको भनी मिति २०७९।०४।०२ गते खबर पाएकाले जुम्लाबाट जाजरकोट गएकी हुँ। ऐ १० गते नेपालगन्ज बुवालाई छोडी दिउँसो १.०० बजे जुम्ला आएकी हुँ। उक्त कागजमा मेरो नाम लेखिएको रहेछ उक्त नाम किन लेखिएको मलाई थाहा जानकारी भएन। उक्त कागजमा मेरो दस्तखत समेत गरेको छैन्। कसले किन यस्तो बेहोराको कागज गरेका हुन मलाई यस विषयमा केही कुरा थाहा जानकारी छैन् भन्ने समेत बेहोराको गरेको बयान।

११. **थुनछेक आदेशः** प्रतिवादी मध्येका प्रेमराजा भन्ने प्रेमजंग महतलाई बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षका निमित्त थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनू। प्रतिवादी कालीबहादुर भण्डारी र उर्मिलाकुमारी रोकायाबाट जनही रु.२,५०,०००।—(दुई लाख पचास हजार), प्रतिवादी नवराज भारती र शर्मिला महतबाट जनही रु.२,००,०००।—(दुई लाख) र प्रतिवादी इश्वरी आर सी रावतबाट रु.१,५०,०००।—(एक लाख पचास हजार) नगद धरौट/जमानत/बैंक जमानत दिए लिई मुद्दा पुर्पक्षका निमित्त तारेखमा राख्नु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७९।०५।२८ को आदेश।

१२. **प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महतले अदालतमा गरेको बयानः** निज प्रतिवादी सर्मिला महतले त्यस्तो बयान किन गरेकी हुन मलाई थाहा भएन। उक्त मिलापत्र सम्बन्धी कागज कहाँ लेखाएका हुन् किन लेखाएका हुन् उक्त कुरा मलाई केही थाहा जानकारी भएन। निज प्रतिवादी सर्मिला महतले अनुसन्धानमा गरेको त्यस्तो प्रकारको बयान झुठ्ठा तथा बनावटी हो। मेरो प्रस्तुत मुद्दामा कुनै प्रकारको संलग्नता छैन्। पीडित को भन्ने कुरा मलाई थाहा जानकारी छैन्। उक्त मिलापत्र गरेको भनिएको मिति र समयमा म मेरो ल फर्म र मेरो घरमा नै थिएँ। म निर्दोष छु। मेरो पेशामा समेत आघात पर्ने गरी मलाई फसाउन खोजिएको हो। निज प्रतिवादीहरु कालीबहादुर भण्डारी समेतले मेरो विरुद्ध बयान गरेका रहेछन्। निज प्रतिवादीहरुले त्यसरी गरेको बयान झुठ्ठा हो। मसँग भएका धेरै सरकारवादी मुद्दाहरु सफल भएका र अन्य महत्वपूर्ण सरकार वादी मुद्दाहरु पनि मेरा जिम्मा रहेका हुँदा मेरो वकालत करियरमा असर पार्ने दुषित मनसायले प्रस्तुत मुद्दाको प्रतिवादी बनाएको हुनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महत यस अदालतमा उपस्थित भई मिति २०७९।०५।३० मा गरेको बयान।

१३. **थुनछेक आदेशः** प्रतिवादी दिलबहादुर महतबाट मुद्दा पुर्पक्षको निमित्त रु.२,००,०००/-(दुई लाख) नगद/धरौट जमानत/बैंक जमानत दिए लिई तारेखमा राख्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०७९।०५।३० को आदेश।

१४. **पीडितले गरेको बकपत्रः** म प्रतिवादी प्रेमराज महतको घरमा कहिले आएकी हुँ मलाई थाहा छैन, प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले प्रतिवादी इश्वरी आर रावतको होटलबाट मलाई बाइकमा पछाडी बसालेर लिएर गएका हुन्। मलाई मिति थाहा भएन। म प्रतिवादी प्रेमजंग महतलाई ड्याडी भनेर बोलाउथैं। म र प्रतिवादी प्रेमजंग महत मात्र घरमा बस्थ्यौं। प्रतिवादी प्रेमजंग महतकी श्रीमती नेपालगन्जतिर जानु भएको थियो। प्रतिवादीको घरमा मैले नै खाने

बनाउने र ड्याडीलाई खाना पनि मैले नै दिने गर्दथे। कामबाट प्रतिवादी ड्याडी राति फर्किनु हुन्थ्यौ। मलाई प्रतिवादी प्रेम राजा भन्ने प्रेमजंग महतले केही गरेका होइनन्। मैले मुसा मार्ने औषधी खाएको होइन भन्ने समेत बेहोराको संरक्षक आमा जाहेरवालाको रोहवरमा पीडितले मिति २०७९।५।३१ गते गरेको बकपत्र।

१५. **प्रतिवादी जीवन महतले अदालतमा गरेको बयानः** निज प्रतिवादी उर्मिला कुमारी रोकाया महतलाई म चिन्दैन्। निज उर्मिला कुमारी रोकायाले अनुसन्धानमा त्यसरी किन बयान गरेकी हुन मलाई थाहा छैन्। प्रस्तुत मुद्दामा मेरो कुनै संलग्नता छैन्। म मानव अधिकार कार्यालयको सुरक्षा गार्ड हुँ। मिलापत्र गरेको भनिएको मिति २०७९ साल साउन महिना ८ गते बेलुका ५।६ बजेको समयमा म मेरो कार्यालयको सुरक्षाको लागि गार्डमा बसेको थिएँ। म नर्दोष छु। प्रस्तुत मुद्दाको पीडित को हो पीडक को हो म कसैलाई पनि चिन्दैन। नचिनेको व्यक्तिको भिडियो रेकर्डिङ पनि मसँग कसरी हुने हो मसँग छैन्। त्यसैले उक्त उल्लेखित सबै कुरा झुठ्ठा हो भन्ने समेत बेहोराको प्रतिवादी जीवन महतले यस अदालतमा मिति २०७९।०६।०२ मा उपस्थित भई गरेको बयान।

१६. **थुनछेक आदेशः** प्रतिवादी जीवन महतबाट पुर्पक्षको निमित्त रु.—२,५०,०००/-(दुई लाख पचास हजार) नगद/धरौट जमानत/बैंक जमानत दिए लिई तारेखमा राख्नू भन्ने समेत बेहोराको मिति २०७९।६।२ को आदेश।

१७. **प्रतिवादी महेन्द्रबहादुर महतले अदालतमा गरेको बयानः** निज जाहेरवाला र प्रतिवादीहरुले त्यस्तो बेहोराको कागज किन गरेका हुन मलाई थाहा जानकारी भएन। मेरो आमा मिति २०७८।०३।२२ गते आमाको मृत्यु भएकाले म काठमाडौंबाट ऐ. १० गते जुम्ला आएको हुँ। म आमाको क्रिया बसेकाले घटना भएको भनिएको समयमा कसैसँग भेटघाट गर्न नमिल्ने भएकाले आफ्नो घरमा नै बसेको थिएँ। के कुन कारणले यस्तो प्रकारको मेरो विरुद्धमा लेखाएका हुन् यस घटनामा मेरो कुनै सलग्नता छैन म निर्दोष छु भन्ने समेत बेहोराको प्रतिवादी महेन्द्रबहादुर महतले यस अदालतमा मिति २०७९।०६।०५ मा उपस्थित भई गरेको बयान।

१८. **थुनछेक आदेशः** प्रतिवादी महेन्द्रबहादुर महतबाट पुर्पक्षको निमित्त रु.२,००,०००।-(दुई लाख) नगद/धरौट जमानत/बैंक जमानत दिए लिई तारेखमा राख्नू भन्ने समेत बेहोराको मिति २०७९।६।५ को आदेश।

१९. **उच्च अदालत सुर्खेत, जुम्ला इजलासको आदेशः** तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी दिलबहादुर महत अहिले नै आरोपित कसूरका कसुरदार होइनन् भन्न नसकिने भनी निज प्रतिवादीलाई पछि फैसला भएको बखत ठहरे बमोजिम हुने गरी धरौटी तारेखमा राख्ने गरी तहाँ अदालतबाट मिति २०७९।५।३० मा भएको आदेश बेरितको नदेखिदा परिवर्तन गरी रहन परेन। जहाँसम्म तहाँ अदालतबाट रु.२,००,०००।- को ठाउँमा रु.५०,०००।- कायम हुने गरी धरौटी तारेखमा राख्नुहोला भन्ने समेतको मिति २०७९।११।२८ को आदेश।

## २०. वादी नेपाल सरकारको साक्षीको बकपत्रः

क. उक्त मिति २०७९।४।२८ गतेको कागजको सहिछाप मात्र मेरो हो। बेहोरा मेरो होइन। उक्त बेहोरा तयार पारिएको थियो सही मात्र गरेको हुँ। मिति जाहेरी दरखास्तमा भएको बेहोरा मेरो होइन बेहोरा तयार पारी राखेका थिए सहिछाप मात्र गर्नुहोस भन्दा सहिछाप मात्र गरेको हुँ। दुई वर्ष अगाडि जुम्ला जिल्ला, तातोपानी गाउँपालिका वडा नं. ७ बारा गाउँमा बस्दा मेरो छोरी पीडित खेलिरहेको अवस्थामा गहुँको कुनौरो छोरीको यौनाङ्गमा बिझेको थियो। छोरी रोइ कराई गरेपछि के भयो भनी सोध्दा छोरीले यौनाङ्ग दुखेको छ भनेपछि मैले हेर्दा यौनाङ्ग भित्र गहुँको कुनौरो बिझी घाउ भई रगत बगिरहेको देखेपछि उक्त कुनौरो यौनाङ्गबाट मैले निकालेको हुँ। त्यसैले सोही दागको कारणले गर्दा स्वास्थ्य परीक्षणमा त्यस्तो कुरा देखिन गएको हो। मैले मेरो छोरी पीडितलाई प्रतिवादी प्रेमजंग महतको घरबाट लिंदा राम्रो वा सामान्य अवस्थामा लिएकी हुँ। छोरी विरामी आदि केही पनि थिइनन्। दिलमाया शाहीको सल्लाहमा सिडिओ, सरकारी वकील र प्रहरीले तयार पारी राखेको जाहेरी दरखास्त र घटना विवरण कागजमा सहिछाप तपाईले गर्नुपर्छ नगरे भित्र जानुपर्छ भनी मानसिक दबाब दिएका थिए। म महिला मानिस आत्तिएर सहिछाप गरेकी हुँ। मेरो छोरीलेले मुसामार खाएकी होइनन्। मेरो भाई विविके सिंह विदेश मलेसिया जाने भएकाले मसँग रु.तीन लाख पचास हजार मात्र भएकाले नपुग रकम एक लाख पचास हजार रुपैयाँ प्रतिवादी दिदि सर्मिला महतसँग सापटी मागेकी थिएँ। सर्मिला महतले मसँग पैसा छैन यसै मुद्दामा प्रतिवादी दिदि उर्मिला महतबाट मागेर दिन्छु भनी उर्मिला महतको खाताबाट मेरो नाममा रु.१,५०,०००/- (एक लाख पचास हजार) को चेक काटी मलाई दिनु भएको हो। सो बाहेक अन्य कुनै रकम मैले कसैबाट लिएकी छैन्। भाई विदेश जानलाई भिषा आउन केही ढिला भएपछि मसँग भएको उक्त रु.३,५०,०००/- र उक्त १,५०,०००/- समेत जम्मा रु.पाँच लाख मासिन सक्छ खर्च हुन सक्छ भनी मेरो खातामा जम्मा गरी राखेको छु। मेरी छोरी पीडितलाई प्रतिवादी प्रेमजंग महतले जवर्जस्ती करणी गरेको होइन भन्नेसमेत बेहोराको जाहेरवालाले मिति २०७९।८।२६ र मिति २०८०।२।२३ मा गरेको बकपत्र।

ख. मैले गरेको घटना विवरणको कागजको बेहोरा मध्ये कारवाही हुनुपर्छ भन्ने बेहोरा मेरो होइन अन्य बेहोरा र सहीछाप मेरो नै हो। जवर्जस्ती करणी गरे नगरेको र घटनाको ढोकछोप गर्नलाई लेनदेन कागज गराएको सम्बन्धमा मलाई केही थाहा छैन् भन्ने समेत बेहोराको परिवर्तित नाम ०७९।०८० जुम्ला ७(ङ) ले गरेको बकपत्र।

ग. मिति २०७९ साल भदौ ७ मा मैले गरेको घटना विवरण कागजमा भएको बेहोरा सहिछाप मेरै हो। जाहेरवालाले मलाई भनेपछि मात्र मैले समाचार लेखेको र सोही आधारमा घटना विवरण कागज गरेको हुँ। जाहेरवाली र पीडितले घटनाको बारेमा मलाई भनेका हुन्। जाहेरवाला र पीडितलाई २०७९ साल साउन महिनाको १/२ गतेतिर भेटेको हुँ। मिलापत्र भई सकेपछि साउनको १८ गते भन्दा पछि भेटेको हुँ। गते थाहा भएन।

मैले मिलापत्रको कागज भेट्टाएँ, बैंकमा जम्मा गरेको चेक र भौचर पनि छ। सोही आधारमा समाचार लेखेकी हुँ। जाहेरी कहाँ कसरी लेखेकी हुन मलाई थाहा भएन। जाहेरी दर्ता भएको प्रहरीले भनेपछि थाहा पाएको हुँ। पीडक पक्षका आफन्तले पीडितका आफन्तलाई पीडितलाई हामीले भन्न लगाई सकेका छौं। तपाईको आफ्नो जिन्दगीको कुरा पनि छ तपाई पनि होइन भन्दिनुहोस भनेर मलाई चन्दननाथ माविका प्रधानाध्यापकले मलाई फोन गर्नु भएको थियो। उजुरी लिने निकायले उजुरी नलिएपछि मैले समाचार लेखेकी हुँ। जाहेरी दरखास्त दिई सकेपछि जाहेरवालालाई प्रहरी कार्यालयको महिला सेलमा बसेकी हुन्। त्यसपछि पीडितलाई जाजरकोटबाट झिकाई महिला सेलमा बसेकी हुन। निजहरुलाई महिला सेलमा निजहरुको सुरक्षार्थ राखिएको हो। मिलापत्रको कागज जाहेरवालाले २०७९।४।२६ मा निजले मलाई आफ्नो कोठामा बोलाएर दिएकी हुन्। डिल्ली महतले लेख्ने मानिस ललिजंग कार्कीलाई ल्याएका थिए र निजले लेखेका हुन भनी जाहेरवालाले मलाई भनेकी थिइन भन्ने समेत बेहोराको दिलमाया शाही कठायतले गरेको बकपत्र।

घ. मिति २०७९।५।१० गते मैले गरेको कागजको बेहोरा मेरो होइन। सहीछाप मात्र मेरो हो। प्रतिवादी प्रेमजंग महतले पीडितलाई जवर्जस्ती करणी गरे नगरेको सम्बन्धमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको बबि के.सी. र प्रविना आचार्यसमेतले गरेको बकपत्र।

ङ. मिति २०७९।५।१८ मा मैले गरेको घटना विवरण कागजमा भएको बेहोरा मेरो होइन सहीछाप मात्र मेरै हो। घटनाको सम्बन्धमा मलाई केही पनि थाहा छैन भन्ने समेत बेहोराको युवक महतले गरेको बकपत्र।

च. मिति २०७९।५।२९ मा मैले गरेको घटना मुचुल्कामा भएको बेहोरा र सहीछाप मेरै हो। पीडितलाई प्रतिवादी प्रेमजंग महतले जवर्जस्ती करणी गरेको होइन। अभियोग ढकाछोप गर्न लेनदेन कागज गरेको पनि होइन भन्ने समेत बेहोराको नरेन्द्रबहादुर महतले गरेको बकपत्र।

**छ.** पीडितले मुसामार औषधी खाएको मैले देखेको होइन, निज पीडित बिरामी भएपछि पीडितकी आमा, म, दिया सुनार, साहारा पछाईसमेत दिया सुनारको बाजेको घरमा देउता हेराउनको लागि गएका हौं। घटना विवरण कागजको बारेमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको गर्ने मालती बस्नेतले गरेको बकपत्र।

ज. मिति २०७९।५।२ मा मैले गरेको घटना विवरण कागजको बेहोरा मेरो होइन। सहीछाप मात्र मेरो हो। म कहा हेराउन आउने समयमा निज पीडित गम्भिर प्रकृतिकी बिरामी थिइनन् भन्ने समेत बेहोराको कृष्ण सुनारले गरेको बकपत्र।

**झ.** मैले पहिले मौकामा लेखाएको कुरा झुट्टा हो। प्रहरीले पढीवाँची सुनाएनन, सहीछाप मात्र गराएका हुन्। मलाई अन्य बेहोरा केही थाहा छैन् भन्नेसमेत बेहोराको दिया सुनारले गरेको बकपत्र।

ञ. मैले प्रतिवादी दिलबहादुर महतको ल फर्ममा २०७९ सालको स्थानीय चुनाव भन्दा अगाडि काम गरी सो पछि मैले ल फर्ममा काम गर्न छोडेको हुँ। मिलापत्र कागज मैले लेखेको होइन्। यस सम्बन्धमा मलाई केही थाहा छैन्। मौकाको घटना विवरण कागजको बेहोरा मेरो होइन सहीछाप मात्र मेरो हो भन्ने समेत बेहोराको ललितजंग कार्कीले गरेको बकपत्र।

**२१. प्रतिवादीहरुको साक्षीको बकपत्रः**

क. प्रस्तुत मुद्दामा प्रतिवादी प्रेमजंग महतको कुनै संलग्नता छैन् भन्ने समेत बेहोराको प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको साक्षी कमलबहादुर महतले गरेको बकपत्र।

ख. प्रतिवादी जीवन महत मानव अधिकार कार्यालयको सुरक्षा गार्ड हो। मिति २०७९।४।८ गते मिलापत्र गरिएको दिन आफ्नो कार्यालयमा थिए। प्रस्तुत मुद्दामा निजको कुनै संलग्नता छैन भन्ने समेत बेहोराको प्रतिवादी जीवन महतको साक्षी कटकबहादुर महतले गरेको बकपत्र।

ग. जाहेरवाला र प्रतिवादी सर्मिला महतको बीचमा यस अघि पनि लेनदेन सरसहयोग भई रहन्थ्यो। जाहेरवालाको भाई विदेश जाने भएकोले दुई लाख रुपैयाँ नपुग भई प्रतिवादी सर्मिला महतसँग माग्दा सर्मिला महतले आफुसँग छैन भनी प्रतिवादी उर्मिला महतसँग मागी जाहेरवालाको खातामा एक लाख रुपैया चेक काटी दिएका हुन्। सहमतिको कागज गरेको मिति र समयमा प्रतिवादी महेन्द्रबहादुर महतकी कान्छी आमाको मृत्यु भएकोले जुम्ला जिल्ला, चन्दननाथ नगरपालिका वडा नं. ५ मा थिए। निजले कुनै सहमति कागज गरे गराएका होइनन भन्ने समेत बेहोराको प्रतिवादीहरु महेन्द्रबहादुर महत र सर्मिला महतको साक्षी पार्वती महतले गरेको बकपत्र।

घ. जाहेरवाला र प्रतिवादी सर्मिला महतको बीचमा यस अघि पनि लेनदेन सरसहयोग भई रहन्थ्यो। जाहेरवालाले आफ्नो भाई विदेश जाने भएकोले दुई लाख रुपैयाँ नपुग भयो दिनुहोस भनी प्रतिवादी सर्मिला महतसँग माग्दा सर्मिला महतले आफुसँग छैन दिदिसँग मागेर दिन्छु भनी प्रतिवादी दिदि उर्मिला महतसँग मागेपछि निज उर्मिला महतको खातामा भएको रकमबाट निज जाहेरवालाको नाममा रु.एक लाख पचास हजारको चेक काटी दिएकी हुन्। सहमतिको कागज गरेको भनिएको मितिमा र समयमा महेन्द्रबहादुर महत कान्छी आमाको मृत्युको शोकमा कान्छी आमाको मृत्यु भएको घरमा हुनुहुन्थ्यो। निजले कुनै सहमति कागज गरे गराएका होइनन्। निज प्रतिवादी निर्दोष छन भन्ने समेत बेहोराको प्रतिवादीहरु महेन्द्रबहादुर महत र सर्मिला महतका साक्षी पार्वती महतले गरेको बकपत्र।

ङ. जाहेरवालाको भाई विदेश जानको लागि निज जाहेरवालालालाई पैसाको आवश्यकता परेको हुँदा निज जाहेरवालाले प्रतिवादी सर्मिला महतसँग पैसा मागेपछि निज मसँग छैन प्रतिवादी उर्मिला महतसँग मागेर तपाईलाई दिउँला भनेपछि सर्मिला महतले मिति २०७९।४।८ गते एक लाख पचास हजार रुपैयाँको चेक काटी जाहेरवालाको खातामा एक लाख रुपैयाँ

चेक काटी दिएका हुन्। मिलापत्र सम्बन्धी गरिएको कागजको बारेमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादी उर्मिला महतको साक्षी रमा महतले गरेको बकपत्र।

च. प्रतिवादी इश्वरी आर.सी.को बुवा बिरामी भई बुवाको उपचारको लागि मिति २०७९।४।८ गते नेपालगंजमा हुनुहुन्थ्यो। नेपालगंजमा भएको मानिसले जुम्लामा मिलापत्र गर्ने कुरै हुँदैन भन्ने समेत बेहोराको प्रतिवादी इश्वरी आ.सी.को साक्षी लंका शाहीले गरेको बकपत्र।

छ. मिति २०७९।४।८ गते बिहान ५.०० बजे म र प्रतिवादी नवराज भारती स्याउ बगैचा हेर्नको लागि जुम्ला जिल्ला पातारासी गाउँपालिका अन्तरगत लासीसम्म गई ऐ. बेलुका ८.०० बजेको समयमा जुम्ला बजारमा आएका हौं। निजको मिलापत्र गर्नमा कुनै संलग्नता छैन् भन्नेसमेत बेहोराको प्रतिवादी नवराज भारतीको साक्षी धर्मराज खत्रीले गरेको बकपत्र।

ज. उक्त मिलापत्र सम्बन्धी गरिएको भनिएको कागजको बारेमा मलाई केही पनि थाहा जानकारी छैन। मिति २०७९।४।८ गतेको दिनमा म प्रतिवादी दिलबहादुर महतको ल फर्ममा गएको थिएँ। दिनभरि उहाँ अन्य मुद्दामा आफ्नै ल फर्ममा व्यस्त हुनुहुन्थ्यो। म पनि दिनभरी निज दिलबहादुर महतसँग थिएँ। काम गर्दा गर्दै सोही दिनको बेलुकी ८.०० बजि सकेको थियो भन्नेसमेत बेहोराको प्रतिवादी दिलबहादुर महतका साक्षी जीतबहादुर महतले गरेको बकपत्र।

झ. मिति २०७९।४।८ गते मेरो भाईको मुद्दा बुझ्नको लागि एकछिन प्रतिवादी दिलबहादुर महतको ल फर्ममा गएको थिएँ। निज आफ्नो काममा ब्यस्त थिए। प्रतिवादी कालीबहादुर भण्डारी मिति २०७९।४।८ गते कामको सिलसिलामा वडा कार्यालयमा गएको थिएँ। निज प्रतिवादी कालीबहादुर भण्डारी कार्यालयमा नै हुनुहुन्थ्यो भन्ने समेत बेहोराको प्रतिवादी दिलबहादुर महत र प्रतिवादी कालीबहादुर भण्डारीको साक्षी यादव श्रेष्ठले गरेको बकपत्र।

ञ. उक्त मिलापत्र सम्बन्धी गरिएको भनिएको कागजको बारेमा मलाई केही पनि थाहा छैन। मिति २०७९।४।८ गते बिहान ५.०० बजे म र प्रतिवादी नवराज भारती स्याउ बगैचा हेर्नको लागि जुम्ला जिल्ला पातारासी गाउँपालिका अन्तरगत लासी सम्म गएका थियौं। सोही मितिको बेलुका ८.०० बजेको समयमा हामी जुम्ला बजारमा आएका हौं। मिलापत्र गरेको भनीएको मिति र समयमा निज प्रतिवादी र म दिनभरीसँगै जुम्ला बजार भन्दा बाहिर थियौं भन्ने समेत बेहोराको प्रतिवादी नवराज भारतीका साक्षी धर्मराज खत्रीले गरेको बकपत्र।

ट. उक्त मिलापत्र सम्बन्धी गरिएको भनिएको कागजको बारेमा मलाई केही पनि थाहा जानकारी छैन्। प्रतिवादी इश्वरी आर.सी.को बुवा बिरामी परेर बुवाको उपचारको लागि मिति २०७९ साल साउन महिना ७ गते नेपालगंज गई मिति २०७९ साल साउन महिना १० गते जुम्ला आएकी हुन्। मिति २०७९।४।८ गते मिलापत्र गरेको भनिएको मिति र

समयमा निज इश्वरी आर सी नेपालगंजमा हुनुहुन्थ्यो भन्ने समेत बेहोराको प्रतिवादी इश्वरी आर.सी.का साक्षी लंका शाहीले गरेको बकपत्र।

ठ. उक्त मिलापत्र सम्बन्धी गरिएको भनिएको कागजको बारेमा मलाई केही पनि थाहा जानकारी छैन। मिलापत्र गरिएको भनिएको मिति र समयमा मेरो छोरा आफ्नो कार्यालयमा गई कार्यालयमा आफ्नो कार्य गरेको हो। जीवन महतले प्रतिवादी उर्मिला महतसँग पैसा मागेपछि उर्मिला महतले मिति २०७९।४।८ गते रु.एक लाख पचास हजारको चेक काटी जाहेरवालीलाई दिएकी हुन् भन्ने समेत बेहोराको प्रतिवादी उर्मिला महतका साक्षी रमा महतले गरेको बकपत्र।

२२. **पीडित शारिरीक परीक्षण गर्ने चिकित्सकले गरेको बकपत्रः** पीडितको प्रतिवेदन म आफैले तयार गरेको हुँ। मैले प्रतिवेदनको १० नं. मा Histry of the incident of Victim तयार गर्दा पीडितले भने बमोजिम लेखिएको हो, उक्त कुरा पीडित आफैले भनेकी हुन्। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Hymend Old Healed laceration को अर्थ कन्याजालीमा पुरानो निको भई सकेको च्यातिएको चोट छ भनी भनिएको हो। अर्थात पुरानो च्यातिएको घाउ निको भएको हो। Intercourse भई रहदा घाउ निको हुन पाउँदैन। तर Intercourse भएको केही समय पश्चात घाउ निको भएपछि यसरी Old healed laceration देखिन्छ। पीडितको शरीरमा कन्याजालीको पुरानो निको भई सकेको चोट बाहेक अन्य कुनै पनि जवर्जस्ती करणी चिन्ह तथा लक्षणहरु थिएनन्। पीडितको शारिरीक परीक्षणमा Old healed laceration are present at 6 clock and 9 o clock position उल्लेख छ सो अवस्था दुई वर्ष पहिले लागेको गहुँको कुनाउरो बिझी लागेको चोटको कारणले हुन सक्छ भन्ने समेत बेहोराको पीडित शारिरीक परीक्षण गर्ने चिकित्सक डा.अपुर्व आचार्यले यस अदालतमा मिति २०८०।२।२२ मा गरेको बकपत्र।

२३. **जिल्ला प्रहरी कार्यालय, जुम्लाको पत्रको बेहोराः** उक्त सक्कल तमसुक प्रतिवादी महेन्द्रबहादुर महतको साथमा रहेको भन्ने मिसिल संलल्न कागजातबाट खुल्न आएको देखिंदा तत्कालको समयमा निज प्रतिवादी पक्राउ नपरी फरार रहेको हुँदा उक्त लेनदेन भएको प्रमाणको सक्कल तमसुक कागज यस कार्यालयमा नभएको भन्ने समेत बेहोराको च.नं.२३०० मिति २०८०।११।१८ को पत्र।

२४. कुशे गाउँपालिका ४ नं. वडा कार्यालय जाजरकोट र जिल्ला प्रशासन कार्यालय, जाजरकोटबाट प्राप्त भएका जन्मदर्ताको प्रमाणित प्रतिलिपि, अनुसूचि फारामसमेतका कागजात मिसिलसाथ रहेको।

२५. **चन्दननाथ माध्यामिक विद्यालयको पत्रः** निज छात्रा यस विद्यालयमा भर्ना नभएको र निजको जन्म मिति खुल्ने कुनै पनि कागजात समेत पेस नगरेको भन्ने बेहोराको पत्र।

२६. **लिखित बहस नोटः** वादी नेपाल सरकारको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल रेग्मी र प्रतिवादीहरुको तर्फबाट अधिवक्ता श्री पदमबहादुर शाहीले पेस गर्नु भएको लिखित बहस नोट मिसिल संलग्न रहेछ।

**ठहर खण्ड**

**(क) कसूर ठहर निर्णय**

२७. नियमबमोजिम पेशी सूचीमा चढी पेस भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल रेग्मीले पेस गर्नु भएको लिखित वहसनोट हेरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिमको कसूर ठहर गरी सजाय निर्धारणको लागि छुट्टै सुनुवाईको माग दावी लिई देहाय बमोजिमको आधार कारणसहित गर्नु भएको बहस सुनियो।

क. अभियोग दावीलाई अनुसन्धानको क्रममा संकलित जाहेरवाला र स्वयम् पीडितको कागज तथा दिलमाया शाही, दिया सुनार, मालती बस्नेत, ललिजंग कार्की समेतको कागजले मालाकार कडीमा पुष्टी गरेको छ।

ख. पीडितको यौनजन्य शारिरीक परीक्षण प्रतिवेदन र विषेशज्ञको बकपत्र तथा दिलमाया शाहीको बकपत्रबाट अभियोग दावीलाई समर्थित गरेको देखिन्छ।

ग. एक अर्कालाई पोल गरी प्रतिवादीहरु कालीबहादुर भण्डारी, सर्मिला महत, उर्मिलाकुमारी महत, नवराज भारतीसमेतको अनुसन्धानको क्रमको वयानबाट पनि कसूर स्थापित छ। अदालतको इन्कारी संकलित तथ्य प्रमाणले समर्थन नगर्ने छन्।

घ. सहमतिको कागज फोटोकपी पेस छ। सक्कल प्रतिवादीको पकडमा भएको र निजहरुले आफ्नो विरुद्ध प्रमाण लाग्ने भई दवाइएको छ। अनुसन्धानको क्रममा संकलित तथ्य प्रमाणहरुले अपराध दवाउन लेनदेन गरी कागज गरेको तथ्य देखाई रहेको छ।

ङ. दबाब/प्रभावबाट सहमतिको कागज गराइएको र अदालतमा प्रवेश गरेपछि पुनः विपरीत बकपत्र (Hostile) गराइएको छ। यस्ता तथ्य प्रमाणको आधारमा प्रतिवादीहरुलाई निर्दोष सावित गर्न मिल्दैन्।

च. प्रतिवादी इन्कार हुनु वा सावित हुनु वा मौन बस्नु उसको स्वेच्छाको विषय हो। इन्कारी हुनु मात्र सफाई पाउने आधार हुन सक्दैन्। इन्कारीलाई संकलित तथ्य प्रमाणको कसिमा जाँचेर हेरिने कुरा हो।

२८. त्यसैगरी विद्वान अधिवक्ता द्वय श्री पदमबहादुर शाही र श्री विकास शाहीले प्रतिवादीहरुको तर्फबाट पेस गर्नु भएको लिखित बहस नोट हेरी निजहरुलाई आरोपित कसूरबाट सफाई हुनु पर्ने जिकिरमा निम्न आधार कारणसहित प्रस्तुत गर्नु भएको बहस जिकिर सुनियो।

क. जाहेरवाला र पीडितले जवर्जस्ती करणी भएको होइन भनी बकपत्र गरेको तथा मौकाको जाहेरी र कागज नसुनाई सहि गराईएको भनी बकपत्रमा लेखाई दिएकोले अनुसन्धान पूर्वाग्रही छ। यस्ता कागजको प्रमाणिक महत्व शुन्य बराबर हुन्छ।

ख. अनुसन्धानमा कागज गर्ने दिया सुनार, कृष्ण सुनार, मालती बस्नेत, युवक महत, बबि केसी, प्रविना आचार्य, ललिजंग कार्की समेतले पनि मौकामा गरेको कागज बेहोरा आफ्नो नभएको भनेका छन्।

ग. जाहेरवालाले पीडितको यौनाङ्गमा २ वर्ष पहिला गहुँको कुनौरो बिझेको भनी बकपत्र गरेको र यौनाङ्गको निको भएको घाउको अवस्था गहुँको कुनौरो बिझी लागेको चोटको कारणले हुन सक्छ भनी विशेषज्ञले गरेको बकपत्रबाट प्रतिवादीको इन्कारी वयान पुष्टी भएको छ।

घ. प्रहरीले मानसिक यातना दिएको कारण पीडितले अधिकांश प्रश्नको जवाफ थाहा छैन् भन्ने यान्त्रिक खालको दिएको छ।

ङ. सक्कल लिखत कागज पेस नभएकोले नक्कल कागजको प्रमाणिक महत्व छैन्।

च. जाहेरवालीले मेरो भाई विदेश जानको लागि चाहिएकोले पैसा सापटी लिएको भनेकी छन्।

छ. प्रतिवादी प्रेमजंग महत मौका र अदालतमा इन्कार छन्। निजको वयान साक्षीको बकपत्रले समर्थन गरेको छ।

२९. साथै, आज इजलास समक्ष उपस्थित प्रतिवादीहरुको कुरा समेत सुनियो।

३०. यसमा, प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले आफ्नो घरमा सहयोगीको रुपमा राखेकी पीडित वालिकालाई पटकपटक जवर्जस्ती करणी गरेकोले निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) को कसूरमा सोही संहिताको दफा २१९ को उपदफा ३ को देहाय (ख) बमोजिम सजाय हुन, साथै निज प्रतिवादीलाई दफा २१९(३क) को देहाय (क) बमोजिमको जरिवाना र दफा २२२ को उपदफा (२) बमोजिम थप सजाय हुन, अन्य प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, ईश्वरी आरसी रावत, सर्मिला महत, उर्मिलाकुमारी रोकाया महत, जिवन महत, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतको उक्त कसूरमा मिलापत्र गराउने कार्यमा संलग्नता रहेकोले निजहरुलाई सोही संहिताको दफा २२७क को उपदफा (१) को कसूर अपराधमा सोही संहिताको दफा २२७क को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादीहरु मध्ये जिवन महत, उर्मिलाकुमारी रोकाया (महत) र कालीबहादुर भण्डारी सार्वजिनक पद धारण गरेको व्यक्ति हुँदा निजहरुलाई दफा २२७(क) को उपदफा (३) बमोजिम थप सजाय गरी पाउँ भन्ने अभियोग दावी भएको प्रस्तुत मुद्दामा निम्न प्रश्नमा केन्द्रीत रही निर्णय दिनु पर्ने देखियो।

क. पीडितको उमेर कति हो ?

ख. प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले अभियोग दावीबमोजिमको कसूर गरेका हुन वा होइनन् ?

ग. निजले कसूर गरेको भए निजको कसूर दबाउन मिलापत्र गराउने वारदात भएको हो वा होइन ?

घ. मिलापत्रको वारदात भएको भए को कुन प्रतिवादीको के कस्तो भूमिका र संलग्नता रहेको छ ?

ङ. प्रतिवादीहरुले कसूर गरेको भए सजाय निर्धारणतर्फ छुट्टै सुनुवाई हुनु पर्ने हो वा होइन ?

३१. पहिलो प्रश्नतर्फ विचार गर्दा, पीडितको जन्म मिति २०६८।२।१३ मा भएको निजको जन्म दर्ताको प्रतिलिपि रहेको हुँदा निजको उमेर १० वर्ष भन्दा माथी ११ वर्ष भन्दा कम रहेको भनी सोही आधारमा अभियोग दावी लिइएको देखिन्छ। जाहेरवाला र पीडित पनि उमेर १३ वर्ष भनी

उल्लेख गरेको देखिएपनि अनुसन्धानको क्रममा पेस भएको कुशे गाउँपालिका वडा नं. ४, जाजरकोटका पञ्जिकाधिकारी शान्तिकुमारी सिंहले मिति २०७८।११।१८ मा जारी गरेको पीडितको जन्म दर्ताको प्रमाणपत्रमा जन्म मिति २०६८।२।१३ उल्लेख छ। प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा पनि पीडितको उमेर सम्बन्धमा कहिँ कतै विवाद उठाएको देखिन्न। प्रतिवादी प्रेमराजा महतले मिति २०७९।५।२३ मा अदालतमा वयान गर्दा समेत ठाउँ ठाउँमा पीडितलाई "वालिका" भनी उल्लेख गरेको पाइन्छ।

३२. तर, जाहेरवाला, पीडित लगायत वादी र प्रतिवादीका साक्षीको बकपत्र समेतका काम कारवाही भई मुद्दाको किनारा हुने क्रममा पुर्पक्षका लागि थुनामा रहेका प्रतिवादी प्रेमराजा महतले पीडितको नागरिकताको प्रमाण पत्र पेस गरेको छु, उमेर यकीन गरी पाउँ भनी पीडितको नागरिकताको प्रमाण पत्रको फोटोकपी संलग्न गरी कारागार कार्यालय, जुम्लामार्फत मिति २०८१।२।८ मा यस अदालतमा निवेदन पठाएको देखिन्छ।

३३. उक्त निवेदनसाथ पेस भएको पीडितको नागरिकताको प्रमाणपत्रको फोटोकपी हेर्दा, पीडितको जन्म मिति २०६१।१।२ उल्लेख भएको मिति २०७९।९।१४ मा जिल्ला प्रशासन कार्यालय, जाजरकोटबाट नागरिकता जारी भएको देखिन्छ। सो सम्बन्धमा उक्त कार्यालयलाई सोधनी गर्दा, पीडितले नागरिकता लिंदा भरेको अनुसूची फाराम, कुशे गाउँपालिका वडा नं. ४, जाजरकोटका पञ्जिकाधिकारी शान्तिकुमारी सिंहले मिति २०७८।११।१८ मा जारी गरेको पीडितको जन्म मिति २०६१।१।२ उल्लेख भएको जन्म दर्ताको प्रमाणित प्रतिलिपि संलग्न गरी पठाएको देखिन्छ।

३४. कुशे गाउँपालिका वडा नं. ४, जाजरकोटलाई पीडितको जन्म दर्ताको अभिलेख माग गर्दा, मिति २०८०।७।२७ मा अज्ञात समूहले वडा कार्यालयमा आगो लगाएकोले जलेर नष्ट भएको भनी व्यक्तिगत घटना दर्ता प्रणालीमा (VERSP SYSTEM) रहेको अभिलेख प्रमाणित गरी पठाइएको भनी जवाफ पठाएको पाइन्छ। कुशे गाउँपालिका वडा नं. ४, जाजरकोटको सो अभिलेख हेर्दा, पीडितको जन्म दर्ता नं. ४, दर्ता मिति २०७८।११।१८ जन्म मिति २०६८।२।१३, सूचक दिपक शाही, पञ्जिकाधिकारी शान्तिकुमारी सिंहले जन्म दर्ता पीडितको नाउँमा जारी भएको देखियो।

३५. यसप्रकार जाहेरवाला र पीडितले उमेर १३ वर्ष भनी उल्लेख गरे पनि अनुसन्धानको क्रममा तत्काल पेस भएको प्रस्तुत वारदात पूर्व नै बनेको पीडितको जन्म दर्तामा जन्म मिति २०६८।२।१३ उल्लेख भएको, कुशे गाउँपालिका वडा नं. ४, जाजरकोटको अभिलेखबाट पनि सोही पीडितको जन्म मिति २०६८।२।१३ रहेको खुली आएको र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ को खण्ड (ख) बमोजिम जन्म दर्ताको प्रमाण पत्रमा उल्लेख भएको जन्म मितिको आधारमा पीडित बालिकाको उमेर यकीन गर्नु पर्ने देखिदा वारदातको समयमा पीडित ११ वर्ष उमेरको रहेको पुष्टी हुन आयो।

३६. प्रस्तुत मुद्दा कारवाही चली किनाराको अन्तिम चरणमा रहेको बखतमा प्रतिवादी मध्येका प्रेमजंग महतले आफू थुनामा रहेको कारागारमार्फत पीडितको नागरिकताको फोटोकपी प्रेषित गरेको

देखिएको, सो नागरिकताको प्रमाण पत्र र सो जारी गर्दा पेस गरिएको पीडितको जन्म दर्ताको प्रमाण पत्रमा पीडितको उमेर करिव ७ वर्षको फरक पारी वारदातको मिति सम्ममा पीडित १८ वर्ष पुगेको प्रमाणित गर्न खोजिएको देखिएको, पीडितको नागरिकता पेस गर्ने प्रतिवादी प्रेमजंग महत अनधिकृत र अनाउ व्यक्ति रहेको, पीडितको नागरिकताको फोटोकपी थुनामा रहेका प्रतिवादीको हातमा पुग्ने गतिविधि शंकास्पद देखिएकोले पीडितको नागरिकता लिँदा पेस भएको जन्म दर्ताको प्रमाण पत्रसमेतका कागजात सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान हुनु पर्ने देखिन्छ।

३७. अब, प्रतिवादी प्रेमजंग महतले अभियोग दावीबमोजिमको कसूर गरेका हुन वा होइनन् ? भन्नेतर्फ विचार गर्दा, प्रेमजंग महतले मेरी नाबालक छोरी पीडितलाई बारम्बार बलात्कार गर्दै आई जवर्जस्ती करणी गरेको भनी छोरीले जानकारी गराएबाट जाहेरी दिएको हुँ, कारवाही गरी पाउँ भनी पीडितको आमाले जाहेरी दिएको देखिन्छ। प्रतिवादी प्रेमजंग महतले अधिकारप्राप्त अधिकारी तथा अदालत समक्षको बयानमा पीडितलाई करणी गरेको कुरामा इन्कार रही आफूले निज पीडितलाई उल्लेखित वारदातका समयमा घरमा राखेको सम्मको तथ्यलाई स्वीकार गरेको पाइन्छ।

३८. मेरो मम्मीको आर्थिक अवस्था कमजोर भएकोले ... प्रेमजंग महत ईश्वरी अन्टीको होटलमा आई मेरो मम्मीसँग पनि कुराकानी गरी प्रेमराजा भन्ने प्रेमजंग महतले ठिकै छ...भनी निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महत आई मलाई बोलाई मोटरसाईकलमा बसाली आफ्नो घरमा लिएका हुन।... मैले बिहान बेलुका खाना पकाउने, निज प्रेमजंग महतलाई खुवाउने, आफूले खाने, भाडाहरु धुने, कपडाहरु धुने काम गर्दै आइरहेकी थिएँ। केही दिनपछि चन्दननाथ मा.बि.मा कक्षा ४ मा भर्ना गरेपछि म स्कूल आउने जाने गर्दथे। प्रेमराजा भन्ने प्रेमजंग महत धेरै जसो रातिमा रक्सी खाएर ढिलो आउने, रातिको समयमा मलाई आफ्नो कोठामा खाना, पानी ल्याएर आउ भन्थे। म निजको कोठामा खाना, पानी लिएर गएको समयमा निजले मलाई जुसमा बियर मिसायर जबर्जस्ती खुवाउँथ्यो। मलाई छोपी (समाती) मेरो कपडा खोली जबर्जस्ती मेरो स्तन छाती समाल्ने, मुसार्ने गर्थ्यो, मैले अपरेशन गरेको छु, मबाट बच्चाबच्ची हुँदैनन् भन्दै आफ्नो पेट देखाउँथ्यो। आफ्नो कपडा खोली पिसाब गर्ने (लिङ्ग) मेरो मुखमा हाली चुस्न लगाउँथ्यो, मेरो योनीमा आफ्नो लिङ्ग घुसाएर मैले दुख्यो भनेर रुँदा पनि छोड्दैनथ्यो, आफ्नो इच्छा पुरा नगरुन्जेल जवर्जस्ती करणी गर्ने गरेका थिएँ। म मिन्स भएको बेलामा पनि २ दिन मात्र बार्न लगाउँथ्यो दुई दिनपछि फेरी जवर्जस्ती मलाई दुख्यो ड्याडी भन्दा पनि गरिरहन्थ्यो। उल्टै मलाई राती श्रीमान भन्नु दिउँसो ड्याडी भन्नु भन्दै यौन सम्बन्ध राख्थ्यो। प्रायः जसो निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले मलाई दैनिक जसो बिहान र रातिमा करणी गर्ने गर्दथे। लगभग दुई (२) महिना जति एकदम दुःख र पीडामा बसेकी हुँ। मलाई लाज र डर लागि त्यो कुरा कोही कसैलाई बताएकी थिएन। ...प्रेमजंग महतले मलाई पटकपटक मेरो ईच्छा विपरीत धाकधम्की दिई जवर्जस्ती करणी गरेकोले उक्त पीडा सहन नसकी म बिष सेवन गरुँगरुँ जस्तो लाग्दथ्यो।... घरको सिँडी नजिक प्लाष्टिकको झोला भित्र मुसा मार्न राखेको खुल्ला अवस्थाको

मुसामार औषधीको प्याकेट पनि फेला पारी आफ्नो साथमा लिई स्कूलमा गएको थिएँ। कक्षा कोठामा पनि मलाई टेन्सन मात्र हुन्थ्यो, कसैलाई भन्न सक्दैन थिएँ। मनमा के-के कुरा आउँथ्यो मात्र त्यसैले दिउँसो हाफ छुट्टी भएको समयमा साथीहरु कोठा बाहिर नास्ता खान क्यान्टिनमा गए मैले होमवर्क गर्नुछ भनेर कक्षा कोठामै बसेकी थिएँ। तिनीहरु बाहिर गएको बेला उक्त मुसामार (बिषादी) मैले कोकको खाली बोतलमा हाली प्याकेट झ्याल बाहिर फाली पानीमा मिसाई खाएकी हुँ। मैले उल्टी गर्न थालेपछि मेरो साथीहरु मालती बस्नेत, साहारा पछाई र दियाले उल्टी गरेको देखी के भएको हो भनी सोधी मेरो मम्मी बस्ने ठाउँमा दिया र अर्को कुन साथी गई बोलाई छिटो निज दियाको बाजे धामी भएकोले मलाई छाँ (भुत) लागेको हुन् सक्छ भनी निजको घरमा लगि मेरो मम्मी पनि निज दियाको घरमा गएकी दियाको बाजेले झारफुक गरी उल्टी अलि सन्चो भएजस्तो लाग्यो। पछि मैले मुसामार औषधी खाएको भन्ने कुरा निज साथीहरुले प्रेमजंगको स्वास्नीलाई भनेपछि मेरो मम्मीलाई फोन गरी तिम्रो छोरी बिरामी छ आफूसँग लिएर जाउँ भनेपछि मेरो मम्मी ... आई मलाई आफू बसिरहेको आफ्नो नास्ता पसलमा ल्याई मम्मीले सोध्दा मैले सबै बेहोरा बताएकी हुँ भनी पीडितले अनुसन्धानको क्रममा कागज गरेको देखिन्छ।

३९. पीडित प्रतिवादीको घरमा २०७८ चैत्र अन्तिमदेखि मिति २०७९।३।२५ सम्म रहेको र सोको १ महिनापछि देखि पीडित उपर यौन हिंसा भएको भन्ने देखिन्छ। जाहेरीमा वारदात मिति २०७९।२।२५ भनिएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट मिति २०७९।५।१ मा निजको यौनजन्य शारीरीक परीक्षण भएको देखिन्छ। सो परीक्षण प्रतिवेदनको १० नं. मा History of the incident of Victim भन्ने महलमा पीडितको बेहोरालाई लिपिबद्ध गरिएको पाइन्छ। पीडितले घटना विवरण कागज गर्दा खुलाएका घटनाक्रमलाई परीक्षणको क्रममा विशेषज्ञ समक्ष पनि बताएको देखिन्छ। मैले प्रतिवेदनको १० नं. मा History of the incident of Victim तयार गर्दा पीडितले भने बमोजिम लेखिएको हो, उक्त कुरा पीडित आफैले भनेकी हुन् भनी विषेशज्ञ डाक्टर श्री अपुर्व आचार्यले अदालतमा बकपत्र गरेको देखिन्छ।

४०. पीडितको यौनजन्य शारीरीक परीक्षण प्रतिवेदनमा Hymen old healed lacerations at 6 o'clock and 9 o'clock भन्ने उल्लेख भएको देखिन्छ। निज विषेशज्ञले Hymen Old Healed laceration को अर्थ कन्याजालीमा पुरानो निको भई सकेको च्यातिएको चोट छ भनी भनिएको हो। अर्थात पुरानो च्यातिएको घाउ निको भएको हो। intercourse भई रहदा घाउ निको हुन पाउँदैन। तर intercourse भएको केही समय पश्चात घाउ निको भएपछि यसरी old healed laceration हुन्छ भनी बकपत्रमा स्पष्ट गरी दिएको देखिन्छ।

४१. वारदात भएको र पीडितको यौनजन्य शारीरिक परीक्षण भएको समयको अन्तराललाई मध्येनजर गर्दा पीडितको उल्लिखित परीक्षण प्रतिवेदनबाट पीडित उपर करणी भएको तथ्यलाई पुष्टी गरेको देखिन्छ।

४२. प्रतिवादीले करणी गर्ने क्रममा मैले अपरेशन गरेको छु, मबाट बच्चाबच्ची हुँदैनन् भन्दै आफ्नो पेट देखाउँथ्यो भनी पीडितले अनुसन्धानको क्रममा कागज गर्दा उल्लेख गरेको देखिन्छ। मैले

भ्यक्सेटोमी गरेको २० वर्ष जति भयो भनी प्रतिवादीले अदालतको वयानको सवाल जवाफ ९ मा पनि उल्लेख गरेको देखिन्छ। भ्याक्सेटोमीको अपरेशन व्यक्तिका नितान्त नीजि र गोप्य विषय हुन्। घरमा सहयोगीको रुपमा बसेकी एक अबोध बालिकाले प्रतिवादीका नितान्त गोप्य र नीजि कुरा थाहा पाउन सक्ने अवस्था हुदैन्। पीडित वालिकाले वारदातको क्रममा भए गरेका सबै घटनाक्रमलाई सिलसिलेवार रुपमा उल्लेख गरी प्रतिवादीले यौन हिंसा गर्ने क्रममा गरेका निजका नितान्त नीजि र गोप्य कुरा समेत बताई पीडितले आफू उपर भएका यौन शोषणका घटना उल्लेख गरी कागज गरी दिएको पाइन्छ।

४३. पीडित अबोध वालिका छन्। बालवालिकाले विना वारदात कसै उपर आफूलाई नै पीडा हुने गरी अरुप्रति दोषारोपण गर्नु पर्ने कारण हुदैन्। अनुसन्धानको क्रममा पीडितले वारदातका घटनाक्रमलाई सिलसिलेवार रुपमा उल्लेख गरी कागज गरेको र निजको सो कागज वेहोरामा उल्लेख भएका घटनाक्रमलाई पीडितको यौनजन्य शारीरीक परीक्षण प्रतिवेदन, अनुसन्धानको क्रममा घटना विवरणमा कागज गर्ने निजसँगै अध्ययन गर्ने साथीहरु दिया सुनार, मालती बस्नेत, जाहेरवाला र पीडितलाई मौकामा भेट्ने दिलमाया शाही कठायत समेतले मौकामा लेखाइ दिएको बेहोराबाट घटनाक्रमलाई मालाकार रुपमा पुष्टी समर्थन गरी रहेको देखिन्छ।

४४. प्रस्तुत मुद्दाको अभियोजन भएपछि पीडित र जाहेरवालाले प्रतिवादीले कसूर गरेका होइनन् भनी बकपत्र गरेको देखिन्छ। त्यसैगरी घटना विवरण कागज गर्ने दिलमाया शाही कठायत बाहेकका वादी पक्षका साक्षीले प्रतिवादीलाई सघाउ पुग्ने गरी बकपत्र गरेको देखिन्छ। पीडितको उमेरमा विवाद उठाई वारदात हुँदा पीडित उमेर पुगेको (सावालक) देखिने कागजातको तर्जुमा गरी तथ्य प्रमाणको प्रस्तुति र परीक्षण गर्ने गराउनेतर्फ प्रतिवादी केन्द्रीत रहेको देखिन्छ।

४५. प्रस्तुत वारदातको पीडित नावालक देखिएको पुष्टी भएको कुरालाई माथि विवेचना गरिएको छ। ११ वर्षकी अवोध वालिकाले आफ्नो बकपत्रको सवाल जवाफ १३ मा प्रतिवादीले मलाई केही गरेका होइनन् भनी सम्म उल्लेख गरेको पाइन्छ। बकपत्रको सवाल २३, २४ र २५ मा अनुसन्धानको क्रममा निजले कागज गर्दा प्रतिवादीले पीडित उपर गरेका करणीजन्य घटनाक्रमका सम्बन्धमा सोधनी गर्दा **"मलाई थाहा छैन"** भन्ने मात्र जवाफ दिएको देखिन्छ। त्यसैगरी तपाईले बकपत्र गर्दा मलाई थाहा छैन भनी लेखाउनु भयो तर पहिले किन त्यस्तो बेहोराको कागज लेखाउनु भयो भनी सवाल २६ मा राखिएको जवाफमा पनि **"मलाई थाहा छैन"** भनी जवाफ दिएको देखिन्छ।

४६. प्रस्तुत मुद्दाको मिति २०७९।२।२२ मा अभियोजन भएपछि प्रतिवादीहरुको वयान लिई थुनछेक आदेश पश्चात मिति २०७९।५।३१ मा पीडितको बकपत्र भएकोमा त्यसको करिव ३ महिना पछि अर्थात मिति २०७९।८।२६ मा पीडितकी आमा जाहेरवालाको बकपत्र भएको देखिन्छ। निजले बकपत्र गर्दा जाहेरी र अनुसन्धानमा भएको कागजको बेहोरा आफ्नो नभएको भन्दै दुई वर्ष अगाडी ... छोरी पीडित खेलिरहेको अवस्थामा गहुँको कुनौरो छोरीको यौनाङ्गमा बिझेको थियो। छोरी रोइकराई गरेपछि के भयो भनी सोध्दा छोरीले यौनाङ्ग दुखेको छ भनेपछि मैले हेर्दा यौनाङ्ग भित्र गहुँको कुनौरो बिझी घाउ भई रगत बगिरहेको देखेपछि उक्त कुनौरो

यौनाङ्गबाट मैले निकालेको हुँ। त्यसैले सोही दागको कारणले गर्दा स्वास्थ्य परीक्षणमा त्यस्तो कुरा देखिन गएको हो भनी यस अघि जाहेरवाला र पीडित स्वयमले बकपत्रमा समेत नभनेको नयाँ तथ्य उठाई आफ्नी नावालक छोरी उपर भएको घटनाको ढाकछोप गरी प्रतिवादीलाई सघाउ पुग्ने गरी बकपत्र गरेको देखिन्छ।

४७. पीडित पक्षलाई डर, त्रास, दबाब र प्रभावबाट मुक्त गरी निजहरुलाई सुरक्षाको प्रत्याभूति दिनु पनि राज्यका सम्बद्ध निकायको कानूनी कर्तव्य हो। यी निकायका अधिकारी प्रतिवादीहरुप्रति पूर्वाग्रही हुनु पर्ने कुनै कारण नदेखिएकोले अनुसन्धानको क्रममा संकलित तथ्य प्रमाणहरुलाई हल्का रुपमा लिई जाहेरी लगायतका अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिले गरेको प्रतिकूल (Hostile) बकपत्रलाई महत्वपूर्ण प्रमाण मानी प्रतिवादी निर्दोष रहेको र अपराधै नभएको भनी निष्कर्षमा पुग्न मिल्दैन्।

४८. जवर्जस्ती करणी त्यसमा पनि गरिवीको कारण अर्काको घरमा कामकाज गर्न बसेकी अवोध वालिकाको विवसताको फाइदा उठाई निज उपर भएको यसप्रकारको यौन शोषणको घटनालाई ढाकछोप गरी निर्दोषिता सावित गर्ने उद्देश्यले प्रपञ्च मिलाई सिर्जना गरीएका वा परीक्षण गरिएका तथ्य प्रमाणहरुको प्रमाणिक महत्व हुदैन्। यसप्रकारबाट सिर्जना गरिएका तथ्य प्रमाणहरुले अझ अभियुक्तले गरेको कसूरलाई नै पुष्टी गर्न थप बल पुर्‍याई रहेको हुन्छ।

४९. जवर्जस्ती करणीको अपराधमा पीडितको शारिरीक, मानसिक, मनोबैज्ञानिक, सामाजिक प्रतिष्ठा र अस्मिता लुटिएको हुन्छ। त्यसैले जवर्जस्ती करणी महिला उपरको पीडादायक जघन्य फौजदारी अपराध भएकोले सभ्य समाजले जवर्जस्ती करणीको अपराधलाई नैतिक मर्यादा विपरीतको कार्य मान्दछ। त्यसमा पनि गरिवीको कारण अर्काको घरमा कामकाज गरी बस्न बाध्य भई प्रतिवादीको घरभित्र नियन्त्रणमा रहेकी अबोध वालिका उपर अमानवीय तवरबाट भएको यौन शोषणको घटनाको गम्भीरता र संवेदनसीलता अझ बढी हुन्छ।

५०. पीडित कक्षा ४ मा अध्ययन गर्ने छात्रा देखिन्छिन्, निजले "... मनमा के-के कुरा आउँथ्यो मात्र त्यसैले दिउँसो हाफ छुट्टी भएको समयमा साथीहरु कोठा बाहिर नास्ता खान क्यान्टिनमा गए मैले होमवर्क गर्नुछ भनेर कक्षा कोठामै बसेकी थिएँ। तिनीहरु बाहिर गएको बेला उक्त मुसामार (बिषादी) मैले कोकको खाली बोतलमा हाली प्याकेट झ्याल बाहिर फाली पानीमा मिसाई खाएकी हुँ। ..." भनी पीडित बालिकाले व्यक्त गरेको भनाईबाट यस प्रकारको अपराधबाट पीडित बालिकामा पर्न गएको शारिरीक, मानसिक, मनोबैज्ञानिक असरको गंभीरता र संवेदनसीलताको बोध गर्न सकिन्छ।

५१. प्रतिवादी आरोपित कसूरमा इन्कार हुन वा सावित हुन वा आफूलाई लागेको आरोपप्रति मौन रहन पनि स्वतन्त्र छन्। अनुसन्धानको क्रममा र अदालतबाट परीक्षण भएका तथ्य प्रमाणवाट प्रतिवादीको निर्दोषिता वा दोषिता प्रमाणित हुने हो। प्रतिवादी प्रेमजंग महत उपर लागेको अभियोगलाई विवेचित तथ्य, प्रमाण, आधार कारणबाट पुष्टी भैरहेकोले निज प्रतिवादी आरोपित कसूरमा इन्कार रहेकै भरमा निजलाई निर्दोष सावित गर्न मिल्दैन्।

५२. तसर्थ वादी पक्षका साक्षी दिलमाया शाहीबाहेकका अन्य जाहेरवाला लगायतका साक्षीको बकपत्र पीडित बालिका उपर भएको यौन शोषण जघन्य वारदातलाई ढाकछोप गरी प्रतिवादीलाई सघाउ पुऱ्याउने उद्देश्यले गरिएको देखिएको र निजहरुको बकपत्र संकलित मालाकार कडीका रुपमा रहेका तथ्य प्रमाण विपरीतका रहे भएको देखिन आई प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको, प्रतिवादी उपरको जाहेरी, जाहेरवाला र पीडितको मौकाको कागज र पीडितको यौनजन्य शारिरीक परीक्षण प्रतिवेदन, विशेषज्ञ डाक्टरले गरेको बकपत्र, वादी पक्षका साक्षी डिलमाया शाहीले गरेको बकपत्रले अभियोग दावीलाई पुष्टी गरेको, पीडित अबोध बालिकाले सोधिएका प्रश्नको मलाई थाहा छैन् भनी दिएको जवाफको बेहोराले पनि वारदातलाई मौन रुपमा समर्थन गरी रहेकोले प्रतिवादी प्रेमजंग महतले पीडित वालिका उपर अभियोग दावी बमोजिम जवर्जस्ती करणीको कसूर गरेको पुष्टी हुन आयो।

५३. प्रतिवादी प्रेमराजा महतले अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजले गरेको उक्त जवर्जस्ती करणीको कसूर दबाउन मिलापत्र गराउने वारदात भएको हो वा होइन ? भन्ने अर्को प्रश्नतर्फ विचार गर्दा, पीडितको आमा जाहेरवालाले आफ्नो नावालक छोरी उपर प्रतिवादी प्रेमराजा महतले जवर्जस्ती करणीको कसूर गरेपछि सो कसूरलाई दवाउन दवाव प्रभावमा पारी मिलापत्रको कागजसमेत गरेको भनी जाहेरी दिई जाहेरी साथ मिति २०७९।४।८ मा भएको कागजको फोटोकपी पेस गरेको देखिन्छ।

५४. उक्त कागज हेर्दा, जाहेरवालाको छोरी पीडितलाई प्रेमजंग महतको घरमा पठनपाठन गरी घर व्यवहारमा सहयोग गर्न एकअर्काको विश्वासमा राखिएकोमा निज पीडितलाई जाहेरवालाले बुझी लिई आफैले राखे र छोरीको पठनपाठनमा सहयोग पुगोस् भन्ने हेतुले केही आर्थिक सहयोग गर्न अनुरोध गरेकोले छोरीको उज्वल भविष्य होस् भन्नका खातिर हाललाई सहयोग स्वरुप रु.७,००,०००।– (सात लाख) लिन दिन सहमति गरी कागज गरेको देखिन्छ। सो कागजमा रकम बुझी लिने जाहेरवालाले सही गरेको र पीडित नावालक रोहवरमा राखिएको देखिन्छ। सो कागजमा प्रतिवादीहरु कालीबहादुर भण्डारी, जीवन महत, नवराज भारती, इश्वरी आरसी र महेन्द्रबहादुर महत साक्षीमा रहेको देखिन्छ। कागज म जाहेरवालाले भने बमोजिम लेखिएको भनिएको र लेखकको नाम उल्लेख गरिएको छैन्।

५५. मुलुकी अपराध संहिता, २०७४ को दफा २२७क को उपदफा (१) मा "यस परिच्छेद बमोजिम करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर धाक धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुर नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाब दिन वा प्रभावमा पार्न हुदैंन।" भन्ने कानूनी व्यवस्था देखिन्छ।

५६. जवर्जस्ती करणी जघन्य फौजदारी अपराध भएको र शक्ति, सुविधासम्पन्न भएका र प्रभुत्वसाली वर्ग/समुहले कमजोर, शक्तिहीन, र पहुँच तथा चेतनास्तर कमजोर भएका पीडित पक्षलाई लोभ लालच, दबाब, प्रभावमा पारी यस्ता घटनामा मिलापत्र गराई अपराध दवाई कानूनको दायरामा

आउन/ल्याउन नदिने घटना समाजमा घटित हुन थाली जवर्जस्ती करणीका अपराध नियन्त्रणमा चुनौती सिर्जना हुन गएकोले विधायिकाले यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९ ले मिति २०७९।३।२१ मा मुलुकी अपराध संहिता, २०७४ मा दफा २२७क थप गरी जवर्जस्ती करणी सम्बन्धी अपराधमा मिलापत्र गर्ने गराउने कार्यलाई समेत अपराधिकरण गरी सजायको व्यवस्था गरेको देखिन्छ।

५७. प्रस्तुत मुद्दाको अनुसन्धान भई यस अदालतमा अभियोग पत्र पेस भएपछि जाहेरवालालाई पुनः प्रभावित गरी/पारी प्रतिवादीलाई सघाउ पुग्ने गरी बकपत्र गरेको र पीडितको बालिकाको उमेर सम्बन्धी कागजातहरु मिलाई वारदात मितिमा पीडित वालिका सावालक भएको देखाउन प्रपञ्च गरेको समेत देखिएको छ।

५८. व्यक्ति झुठो बोल्न/लेख्न सक्दछ, तर तथ्यले सत्यलाई उजागर गरिरहेको हुन्छ। जाहेरवालाले प्रतिवादी पक्षलाई सघाउ पुऱ्याउने उद्देश्यले अदालतमा बकपत्र गरेको देखिए पनि वादी पक्षका साक्षी दिलमाया शाहीले मौकामा गरेको कागज र यस अदालतको बकपत्र, अनुसन्धानको क्रममा वयान गर्ने प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, सर्मिला महत, उर्मिलाकुमारी महतसमेतले अनुसन्धानको क्रममा गरेको वयान बेहोरा समेतबाट मिति २०७९।४।८ मा गरेको कागज प्रतिवादी महेन्द्रबहादुर महतको घरमा भएको देखिन्छ। पीडितको पठनपाठनमा सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक सहयोग स्वरुप रु.७,००,०००।- दिइएको भन्ने बेहोरा कागजमा उल्लेख भएपनि प्रतिवादीको घरमा बालिका करिव ३ महिना मात्र बसेको देखिएकोले लेनदेन भएको रकमलाई हेर्दा स्वभाविक रुपमा त्यसको औचित्य पुष्टी हुन सकेको छैन्। कागजमा लेखकको नाम छैन्। सक्कल कागज प्रतिवादी पक्षले राखी पीडित पक्षलाई फोटोकपी उपलब्ध गराएको देखिन्छ। सक्कल लिखत प्रतिवादी पक्षले पेस गरेको देखिंदैन्।

५९. कागज कानून व्यवसायीको सल्लाह परामर्शमा तयार गरिएको र कागजमा लेखकको नाम नराखी जाहेरवालाले भनेबमोजिम लेखिएको भन्ने देखिन्छ। घटनाक्रमले सो कागज प्रतिवादी प्रेमजंग महतले पीडित बालिका उपर गरेको जवर्जस्ती करणीको अपराधलाई दबाउन गरिएको भन्ने तथ्यलाई नै उद्घाटित गरिरहेको छ।

६०. अब, उक्त मिलापत्रको कागज गर्न गराउनमा को कुन प्रतिवादीको के कस्तो संलग्नता र भूमिका रहेको छ भन्नेतर्फ विचार गर्दा, उक्त कागजमा कालीबहादुर भण्डारी, जीवन महत, नवराज भारती, इश्वरी आरसी रावत र महेन्द्रबहादुर महत साक्षीमा बसेको देखिन्छ। उक्त कागज जाहेरवालाको होटलमा लेखिएको भन्ने उल्लेख भए पनि अनुसन्धानको क्रममा वयान गर्ने प्रतिवादीहरुले उक्त कागज महेन्द्रबहादुर महतको घरमा भएको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी महेन्द्रबहादुर महत मुख्य प्रतिवादी प्रेमजंग महतका दाजु नाताका व्यक्ति रहेको देखिन्छ। कागज भएको मितिमा प्रतिवादी किरिया कर्ममा रहेको निजैको वयानबाट देखिएको र कागजमा निजको समेत दस्तखत देखिएकोले पनि प्रतिवादी महेन्द्रबहादुर महत आफ्नो घरमा किरिया कर्ममा रहे बसेको समयमा घरमै बोलाई सो कागज भए गरेको तथ्यलाई पुष्टी गर्दछ।

६१. मिसिल संलग्न तथ्य प्रमाणबाट कागजमा प्रतिवादी कालीबहादुर भण्डारी, जीवन महत नवराज भारती र महेन्द्रबहादुर महतको दस्तखत रहेको देखिएको, कालीबहादुर भण्डारी, जीवन महत र नवराज भारतीले पीडक र पीडित पक्ष बीचमा सम्पर्क समन्वय गरी दुबै पक्षलाई मिल्न मिलाउन दवाब प्रभाव पारी/उत्प्रेरित गरी मिलापत्र गराएको भन्ने मिसिल संलग्न तथ्य प्रमाणका घटनाक्रमले देखाउँछ। साथै, प्रतिवादीहरु कालीबहादुर महत, जीवन महतसमेतले उक्त मिलापत्रको कागज गरेपछि जाहेरवालाले प्राप्त गरेको रकमबाट केही रकम लिई बाँडी खाएको भन्ने जाहेरवालाको मौकाको कागज तथा वादी पक्षका साक्षी दिलमाया शाहीको कागज र बकपत्रबाट देखिन आउँछ।

६२. तसर्थ, प्रतिवादीहरु महेन्द्रबहादुर महत, जीवन महत, नवराज भारतीले जवर्जस्ती करणीको सत्य घटनालाई ढाकछोप गरी पीडक र पीडित पक्ष बीच रकमको लेनदेन गरी मिलापत्र गराएको र सो मिलापत्रको कागजमा साक्षी समेत बसी प्रत्यक्ष रुपमा संलग्न रहेको देखिन आउँछ।

६३. अर्का प्रतिवादी इश्वरी आरसीको हकमा हेर्दा, मिलापत्रको कागज हुँदाका बखत म जाजरकोट/नेपालगञ्जमा भएकोले वारदातस्थलमा छैन् भनी ALIBI को जिकिर लिई वयान गरेको देखिन्छ। पेस भएको कागजको साक्षी महलमा निजको नाम उल्लेख भए पनि निजको सहि देखिँदैन्। उर्मिलाकुमारी महत र सर्मिला महत समेतले अनुसन्धानको क्रममा वयान गर्दा पनि कागज हुँदा इश्वरी आरसी थिइनन् भनी उल्लेख गरेको देखिन्छ।

६४. भिनाजु नाता पर्ने प्रतिवादी प्रेमजंग महतको घरमा पीडितले पठनपाठन पनि गर्ने र घरको कामकाज पनि गर्ने उद्देश्यले कमजोर आर्थिक अवस्था भएकी जाहेरवालाको छोरी पीडितलाई प्रतिवादी प्रेमजंग महतको घरमा रहन बस्नको लागि समन्वयकारी भूमिका निर्वाह गरेको देखिए पनि वारदातस्थलमा नै नरहेकी निज प्रतिवादीले प्रतिवादी प्रेमजंग महतबाट पीडित उपर भएको आपराधिक कार्यको ढाकछोप गर्न अभियोग दावीबमोजिमको कागज गराई मिलापत्र गराउन संलग्न रहेको भन्ने देखिँदैन्।

६५. अब, उक्त कागजमा कहिँ कतै नाम उल्लेख नभएका प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महतको हकमा हेर्दा, निज प्रतिवादी अनुसन्धानको क्रममा फरार रहेको र यस अदालतबाट जारी भई तामेल भएको म्यादमा उपस्थित भई मिलापत्र भएको भनिएको मिति र समयमा मेरो ल फर्म र घरमा नै थिएँ। मेरो मिलापत्र गराउनमा कुनै सैलग्नता छैन भनी आरोपित कसूरमा इन्कार रही वयान गरेको देखिन्छ। निज प्रतिवादी कानून व्यवसायी रहेको र प्रतिवादी प्रेमजंग महतको नातेदार रहेको पनि देखिन्छ। निजको ल फर्म र घर तथा वारदातस्थल जुम्लाको चन्दनाथ नगरपालिका अन्तरगत बजारमा रहे भएको देखिन्छ।

६६. जाहेरवालाले अनुसन्धानको क्रममा कागज गर्दा वकील डिल्ली भन्ने दिलबहादुर महतसमेतले १०/१५ हजारका दरले रकम लिई लेनदेन गरी कागज गराएका हुन भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी सर्मिला महतले अधिकारप्राप्त अधिकारीको वयानको सवाल जवाफ १४ मा ... नानीको (पीडित) को पठनपाठनको लागि ससुरा वकील दिलबहादुर महतले मिलापत्र कागज

बनाउन लगाएर उहँसँगै आएका मैले नचिनेका केटाले लेखेका हुन् भनी उल्लेख गरेको देखिन्छ।

६७. त्यसैगरी प्रतिवादी उर्मिलाकुमारी महतले अधिकारप्राप्त अधिकारी समक्ष सवाल जवाफ ९ मा ससुरा पर्ने वकील दिलबहादुर महतले आफ्नो साथमा ल्याएका मैले नचिनेका केटालाई आफूले सिकाउँदै निजलाई कागज लेख्न लगाएका हुन... उल्लिखित रकम निज जाहेरवालाले बुझ्नासाथ निज प्रतिवादीहरु जीवन महत, नवराज भारती, कालीबहादुर भण्डारी, वकील दिलबहादुर महत सँगै आएका हुन्। सायद पछि निजहरु केही रकम बाँडिचुडी खाएको हुनु पर्दछ भनी वयान गरेको देखिन्छ।

६८. त्यसैगरी प्रतिवादी कालीबहादुर भण्डारीले अधिकारप्राप्त अधिकारी समक्ष सवाल जवाफ १० मा यो कागज लेखेको ठेगाना चन्दननाथ नपा वडा नं. ६ स्थित जाहेरवालाको होटल हो भन्ने लेखिए तापनि उक्त कागज महेन्द्रबहादुर महतकै घरमा लेखिएको सत्य हो। गलत, भ्रमपूर्ण तरिकाले कुरा बङ्ग्याएर लेखाउने वकील दिलबहादुर महत र लेख्ने ललिजंग कार्कीको बदनियत र षडयन्त्र हो भनी वयान गरेको देखिन्छ।

६९. म प्रतिवादी वकील डिल्ली भन्ने दिलबहादुर महत जुम्ला जिल्लामा अधिवक्ताको रुपमा काम गर्ने भएकोले मलाई कहिलेकाँही निजले कुनै कागजहरु; तमसुक, घरसार कागज लेख्न लगाउथें। साथै उहाँले मलाई केही खर्चपानी पनि दिनुहुन्थ्यो। मिति २०७९ साल श्रावणको ८ गतेतिर हुनुपर्छ निज वकील डिल्ली भन्ने दिलबहादुर महतले मलाई दिउँसोको समयमा बसपार्कनिर भतिजाको घरमा एउटा घरसारको कागज गर्नु पर्नेछ भनी मलाई आफ्नो स्कुटरमा राखी प्रतिवादी महेन्द्रबहादुर महतको घरमा निज वकील डिल्ली भन्ने दिलबहादुर महत र म गएको, उक्त घरको दोस्रो तलामाथिको कोठामा बसी निज बालिका हाल पीडित भनिएकी पीडितको स्वास्थ्य उपचार, शिक्षा दिक्षा र आगामी करियरको लागि भनेर रु.७,००,०००। (सात लाख) रकम दिने गरी घरसारको कागज बनाउने भन्ने छलफल भएको थियो।... निज वकील डिल्ली भन्ने दिलबहादुर महतले मलाई उक्त घरसारको कागज लेखु सुरु गर्नुहोस भनेपछि मैले सोही अनुसार निज वकील दिलबहादुर महतको निर्देशन र सल्लाहमा ...कागज लेखेर सम्पन्न गरेको हुँ भनी ललिजंग कार्कीले अनुसन्धानको क्रममा कागज गरेको देखिन्छ।

७०. निज ललिजंग कार्कीले ... कालीबहादुर भण्डारीले वकील दिलबहादुर महतसहित म ललिजंग कार्कीको नाम पोल गरी वयान दिएको जानकारी पाए पश्चात म सो घटनामा वकील दिलबहादुर महत र म घरसारको कागज गर्नु छ जाम भनेकोले मसँगै गएको साँचो हो। ... सामान्य घरसारको कागज गर्ने भनी निज वकीलले बताएकोले र हाल आएर मैले समाचार माध्यमबाट र पत्रपत्रिका लगायत अन्य मानिसहरुबाट ... थाहा पाई आज स्वेच्छाले ... आफूलाई जानकारी भएसम्मको कुराहरु खुलाउन यस कार्यालयमा उपस्थित भएको छु भनी मिति २०७९।५।१५ मा निज ललिजंग कार्की जिल्ला प्रहरी कार्यालयमा निवेदन साथ उपस्थित भई उक्त कागज गरेको देखिन्छ।

७१. निज ललिजंग कार्कीले प्रतिवादीलाई सघाउ पुग्ने गरी उक्त कागजको प्रतिकूल हुने गरी बकपत्र गरेको देखिए पनि निज प्रतिवादीको ल फर्ममा काम गर्ने निज व्यक्तिले प्रतिवादीको प्रभावमा परी निजलाई सघाउ पुऱ्याउने गरी बकपत्र गर्नुलाई स्वभाविक रुपमा लिनु पर्ने र निजको अनुसन्धानको क्रमको कागज उल्लिखित अन्य तथ्य प्रमाणबाट मालाकार कडीको रुपले समर्थित देखिएकोले निजको अनुसन्धानको क्रमको कागज बेहोरालाई प्रमाणमा लिनु पर्ने हुन्छ।

७२. यसरी मिति २०७९।४।८ को मिलापत्रको कागजमा प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महतको नाम कहिँकतै नजोडिएको भए पनि र कागजमा अन्य साक्षी राखिए पनि लेखक साक्षी राखिएको नदेखिएको, जाहेरवालाले भने बमोजिम लेखिएको भनी बेहोरा पारिएको देखिएको र कानून व्यवसायी पेसा गर्ने प्रतिवादी दिलबहादुर महतले भने सिकाएबमोजिम उक्त कागज तयार पारिएको भन्ने उल्लिखित तथ्य प्रमाणहरुले मालाकार रुपमा पुष्टी गरेको देखिदा अभियोग दावी बमोजिमको कसूर गर्नमा प्रतिवादी दिलबहादुर महतको प्रत्यक्ष भूमिका र संलग्नता रहेको देखिन आयो।

७३. अर्का प्रतिवादी द्वय सर्मिला महत र उर्मिलाकुमारी महतको हकमा विचार गर्दा, प्रतिवादी सर्मिला महत प्रतिवादी प्रेमजंग महतको पत्नी र अर्का प्रतिवादी उर्मिलाकुमारी महत प्रतिवादी महेन्द्रबहादुर महतको पत्नी नाताको व्यक्ति रहे भएको देखिन्छ। प्रतिवादीहरु प्रेमजंग महत र महेन्द्रबहादुर महत दाजु भाई नाताका व्यक्ति भएकोले प्रतिवादी द्वय जेठानी, देउरानी (दिदी, बहिनी) नाता सम्बन्ध भएका व्यक्ति भन्ने देखिन्छ।

७४. प्रतिवादी द्वय मिति २०७९।४।८ को कागजमा साक्षी वा रोहवरमा रहे बसेको देखिन्न। जाहेरी र जाहेरवालाले अनुसन्धानको क्रममा मिति २०७९।५।४ मा गरेको कागजमा कसूरका मतियारहरुमा समेत यी प्रतिवादी द्वयलाई पोल गरेको पनि देखिन्न। स्वयम पीडितले अनुसन्धानको क्रममा मिति २०७९।५।१ मा गरेको कागजमा पनि प्रतिवादी द्वयलाई वारदातमा संलग्न रहेको भनी कहिँ कतै पोल गरेको देखिएन। वादी पक्षका साक्षी दिलमाया शाहीले मौकामा गरेको कागज र बकपत्रमा समेत निज प्रतिवादीहरुको संलग्नता देखाई कागज र बकपत्र गरेको देखिन्न। प्रतिवादी द्वय अदालतमा आरोपित कसूरमा इन्कार देखिन्छन्।

७५. जाहेरवालालाई पीडित बालिकाको पठनपाठनमा सहयोगका लागि भनी कागज गरी रु. ७,००,०००।- बुझाएको तथ्य स्थापित देखिए पनि प्रतिवादी सर्मिला महतले अधिकार प्राप्त अधिकारी समक्ष उक्त रकम को कसले बाँडी चुडी खाए थाह भएन। प्रहरीले मेरो श्रीमान प्रेमजंग महतलाई पक्राउ गरेपछि मेरो घरमा बसेको समयमा पीडितलाई मेरो श्रीमानले पटक पटक करणी गरेको भन्ने उजुरी परेकोले पक्राउ गरेको भन्ने थाहा पाएकी हुँ। अरु मलाई थाहा छैन (सवाल जवाफ ९) पीडित आफू माथि बलात्कार भएको भनी बताएको कुराको बारेमा मलाई थाहा छैन। म धेरै समय घरमा नबस्ने भएकोले श्रीमानले के गर्नु भयो भन्न सकिदैन्। पीडितले भनेको भए बास्तविकता बुझ्थैं होला। ... छोरी जस्तो बालिका माथि कानून विपरीत यस्तो कार्य गर्नेलाई कानूनी कारवाही गर्न आउथैं होला। मोवाइलमा रेकर्ड गरेको भिडियो निज प्रतिवादी जीवन महतले बारम्बार बाहिर आउट गर्दिन्छु म मानव अधिकारकर्मी हुँ भन्दै तर्साएर

बारम्बार धम्की र दबाब दिएकोले मैले निज नानीलाई पठनपाठनको लागि सहयोग पुगोस् भन्ने हिसावले मिलापत्र कागजमा उल्लिखित ब्यक्तिहरुकै अगाडी सो रकम दिएकी हुँ । (सवाल जवाफ १३) भनी वयान गरेको देखिन्छ।

७६. त्यसै गरी प्रतिवादी उर्मिलाकुमारी महतले अधिकार प्राप्त अधिकारी समक्ष देवर प्रेमजंग महतले आफ्नो छोरी जस्तो बालिकालाई पटक पटक बलात्कार गरेको भए निजलाई कानूनबमोजिम हुनु पर्दछ। यस्तो घटनाको सम्बन्धमा जानकारी पाई सम्बन्धित निकायमा जानकारी नगराई बालिकाको भिडियो बनाई सार्वजनिक स्थानमा देखाई हामी महिलालाई डर धाक धम्की समेत दिई पैसाको बार्गेनिङ्ग गर्ने उक्त रकम हामीबाट लिई बाँडिचुडी खाने जीवन महत, कालीबहादुर भण्डारी, इश्वरी आरसी समेतलाई कारवाही पनि हुनु पर्छ (सवाल जवाफ ९) भनी वयान गरेको देखिन्छ।

७७. उल्लिखित तथ्य प्रमाणहरुबाट प्रतिवादी द्वय सर्मिला महत र उर्मिलाकुमारी महतले अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टी हुने भरपर्दो तथ्य प्रमाण रहे भएको पाइएन।

७८. तसर्थ विवेचित तथ्य आधार कारणहरुबाट प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) ले निषेधित गरेको र (२) ले परिभाषित गरेको तथा दफा २२२(२) बमोजिम समेतको कसूर गरेको र प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, जीवन महत, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतले दफा २२७क को उपदफा (१) बमोजिमको कसूर गरेको ठहर्छ।

७९. प्रतिवादीहरु इश्वरी आरसी रावत, सर्मिला महत र उर्मिलाकुमारी रोकाया महतले अभियोग दावीबमोजिमको कसूरमा संलग्नता रहेको भरपर्दो तथ्य प्रमाण रहे भएको नदेखिएकोले निज प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने ठहर्छ।

८०. जाहेरवालाले सत्य तथ्य कुरा देखाई/बताई न्यायिक प्रक्रियालाई सघाउ पुऱ्याउनु निजको कर्तव्य हो। पीडितले सत्य तथ्य लुकाई झुठ्ठा कुरा उल्लेख गरी बकपत्र गरेकै आधारमा दोषीले उन्मुक्ति पाउने र निर्दोषले सजायको भागीदार बन्ने परिस्थिति बिडम्बनापूर्ण हुन्छ। यसप्रकारका गतिविधिलाई निरुत्साहित गरिनु पनि फौजदारी न्याय प्रशासनको विषयबस्तु बन्दछ। त्यसैले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को देहाय(क) मा झुठ्ठा कुरा लेखिदिने वा बनाबटी कुराको बकपत्र गर्ने साक्षीलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने कानूनी व्यवस्था गरेको पाइन्छ।

८१. पीडितकी आमा जाहेरवालाले दिएको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भई अनुसन्धान गरी अभियोजन गरिएको र प्रतिवादी प्रेमजंग महतले आफ्नो संरक्षणमा रहेकी जाहेरवालाको छोरी पीडित उपर जवर्जस्ती करणी गरेको कसूर ठहर भैसकेको छ। जाहेरवालाले प्रभाव/प्रलोभनमा परी अदालतमा स्वयम् नावालक पीडितले कहिँ कतै नभने नबताएको पीडितको यौनाङ्गमा **गहुँको कुनौरो बिझेर घाउ लागेको** भनी नयाँ तथ्य सिर्जना गरी विषेशज्ञबाट भएको परीक्षणलाई पनि चुनौती दिने र प्रतिवादी पक्षलाई सघाउ पुग्ने गरी अदालतमा झुट्टा कुराको बकपत्र गरेको

देखिएकोले निज जाहेरवालालाई उल्लिखित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को खण्ड (क) बमोजिमको सजाय हुने ठहर्छ।

८२. सो ठहर्नाले प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ख) र दफा २१९ को उपदफा (३क) को देहाय (क) बमोजिम तथा दफा २२२ को उपदफा (२) बमोजिमको थप सजायको माग दावी हुँदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारण तर्फ छुट्टै सुनुवाई गर्नु पर्ने हुन्छ। साथै, प्रतिवादीहरु नवराज भारती, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतको हकमा दफा २२७क को उपदफा (२) बमोजिम र सार्वजनिक पद धारण गरेका प्रतिवादीहरु कालीबहादुर भण्डारी र जीवन महतको हकमा दफा २२७क को उपदफा (२) र (३) बमोजिमको सजायको माग दावी देखिदा सबै प्रतिवादीहरु र जाहेरवालाको हकमा समेत सजाय निर्धारण र क्षतिपूर्ति निर्धारण समेत एकसाथ गर्न मनासिव हुने देखिन्छ।

८३. तसर्थ मिति २०८१।१२।१० गतेको सजाय निर्धारण सुनुवाईको पेसी तोकी निम्नानुसारका कार्य सम्पन्न गरी नियमानुसार पेश गर्नू ।

क. पुर्पक्षको लागि कारागार कार्यालय, जुम्लामा थुनामा रहेका प्रतिवादी प्रेमजंग महतका हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम उक्त पेसी मिति अगावै सम्बन्धित कारागार कार्यालयका प्रमुखबाट सजाय पूर्वको प्रतिवेदन लिनू।

ख. जाहेरवालालाई जिल्ला सरकारी वकील कार्यालय, जुम्लामार्फत उक्त सजाय निर्धारण पेसीको सूचना दिन लगाउनू।

ग. पीडित हाल के, कसरी, कसको संरक्षणमा रहे बसेकी छन् ? निजको हालको सामाजिक, मनोबैज्ञानिक, शैक्षिक अवस्था के कस्तो छ ? सो सम्बन्धमा समेत सम्बन्धित पक्ष र सम्बद्ध निकायसँग समन्वय गरी बुझी, निजलाई तत्काल सुरक्षा र संरक्षणको आवश्यकता रहेको भए सो व्यवस्था गर्न लगाई, सो को प्रतिवेदन पेस गर्नू भनी श्री जिल्ला सरकारी वकील कार्यालय, जुम्लामा लेखी पठाउनू।

घ. जाहेरवालाको नाममा रहेको ०८०९५५५१९६०००१३ र मुद्दती खाता नं. F०८२०९५५५१९६०१६७ मा रु. ५,००,०००।- मौज्दात रहेको र सो खाता हाल रोक्का रहेको भन्ने माछापुच्छ्रे बैंक लि. को मिति २०७९।५।१९ को पत्रबाट देखिदा सो खाता हाल रोक्का छ वा छैन ? हाल के कति रकम मौज्दात छ ? खुलाई रोक्का भएको भए यस अदालतबाट अर्को आदेश नभएसम्म रोक्का नै राखी र रोक्का नभए रोक्का राखी ७ दिनभित्र जवाफ पठाई दिनू भनी उक्त बैंकमा पत्राचार गरी जवाफ लिनू।

ङ. मालपोत कार्यालय, जुम्लाको मिति २०७९।५।१९ च.नं. ७३ को पत्रसाथ प्राप्त प्रेमजंग महतको नाउँका जग्गा धनी श्रेस्ता अनुसारका जग्गा हाल कहिँ कतैबाट रोक्का छन् वा छैनन ? निजका नाउँमा रहेका जग्गा कित्ताको हालको मुल्यांकन समेत खुलाई जग्गा धनी

श्रेस्ताका स्पष्ट बुझिने प्रतिलिपि ७ दिनभित्र पठाई दिनू भनी मालपोत कार्यालय, जुम्लालाई पत्राचार गरी श्रेस्ता सहितको जवाफ लिनू।

च. प्रस्तुत कसूर ठहर निर्णयको प्रकरण नं. ११ मा उल्लेख भएबमोजिम पीडितको नागरिकता लिंदा पेस भएको जन्म दर्ताको प्रमाण पत्रसमेतका कागजात सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्न सम्बन्धित निकायमा पठाउने प्रयोजनका लागि तत्काल प्रस्तुत कसूर ठहर आदेशको प्रमाणित प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय, जुम्लामा पठाउनू।

छ. अभियोग पत्रको पृष्ठ २ मा ठाउँ ठाउँमा पीडितको नाम खुलेको देखिँदा सो पृष्ठ २ मा पीडितको परिवर्तित नाम राखी सक्कल प्रति पठाई दिन भनी तुरुन्त जिल्ला सरकारी वकील कार्यालय, जुम्लामा लेखी पठाई प्राप्त भएपछि अभियोग पत्रमा क्रम मिलाई राखू। सक्कल अभियोग पत्रको पृष्ठ २ गोप्य खामबन्दी गरी मिसिल सामेल गर्नू।

८४. **मालपोत कार्यालयको पत्रः** यस कार्यालयको आ.व. ०८१/०८२ को न्यूनतम मुल्यांकन अनुसार प्रेमजंग महतको नाउँमा रहेका जग्गाको मूल्य रु.१,०६,४५,२८४।-रहेको भन्ने समेत बेहोराको मिति २०८१।१२।१ को पत्र।

८५. **सजाय पूर्वको प्रतिवेदनः** प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको उमेर ५३ बर्ष रहेको, यस पूर्व कुनै अभियोग लागेको वा कसूर ठहर भएको हालसम्मको रेकर्डबाट नदेखिएको, आफ्नो संरक्षणमा रहने गरी घरमा आश्रय दिई राखेकी नावालिकालाई पटक पटक जवरजस्ती करणी गरेको सप्रमाण पुष्टी हुन आउने देखिँदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ अनुसार कसूरको गम्भीरता र पीडकको दोषको मात्रा, कसूर गर्दाको परिस्थिति हेरी, कसूरदार वा अन्य ब्यक्तिलाई हतोत्साही गर्ने, कसूरदारलाई आफ्नो कार्यप्रति लज्जा, पश्चाताप बोध गराई निजको कसूरबाट पीडित ब्यक्ति वा समुदायलाई हानी भएको छ भन्ने अनुभूति गराउने, कसूरदारलाई सुधार्नुका साथै आउँदा दिनमा यस्ता कसूरको न्यूनिकरणको लागि प्रस्तुत मुद्दामा कसूर कायम भए बमोजिम गरी पाउन अनुरोध छ भनी प्रतिवादी पुर्पक्षको क्रममा थुनामा बसेको कारागारका कारागार प्रशासकबाट मिति मिति २०८१।१२।७ मा पेस भएको प्रतिवेदन।

८६. **सरकारी वकील कार्यालय, जुम्लाको पत्रः** पीडित कोही कसैको सम्पर्कमा नरहेकोभन्ने बुझिन आएको भन्ने समेतको मिति २०८१।१२।८ को पत्र।

८७. **माछापुच्छ्रे बैंकको पत्रः** जाहेरवालाको मुद्दती खातामा रु.६५४०४३।६५ रहेको र सो खाता त्यहाको आदेश अनुरुप रोक्का राखिएको भन्ने समेतको माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८१।१२।८ को पत्र।

### ख. सजाय निर्धारण ठहर

८८. नियमबमोजिम सजाय निर्धारणको लागि पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको सजाय पूर्वको प्रतिवेदन हेरी वादी तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल रेग्मीले कसूरको प्रकृति, कसूर गर्दाको अवस्था र

पीडितको उमेर समेतलाई दृष्टीगत गरी कसूर ठहर भएका प्रतिवादीहरुलाई अधिकतम सजाय हुनु पर्ने देखिन्छ भनी बहस गर्नु भयो।

८९. प्रतिवादीहरुकोतर्फबाट विद्वान अधिवक्ता श्री पदमबहादुर शाही तथा प्रतिवादीहरु नवराज भारती र कालीबहादुर भण्डारीको तर्फबाट विद्वान अधिवक्ता श्री मिनबहादुर महतले प्रतिवादीहरुको उमेर, अवस्था, पारिवारिक र सामाजिक पृष्ठभुमि समेतलाई विचार गरी प्रचलित कानूनमा भएको सजायको न्यूनतम् सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिन्छ भनी बहस गर्नु भयो।

९०. अब, कसूर ठहर भएका प्रतिवादीहरु प्रेमराजा भन्ने प्रेमजंग महत, कालीबहादुर भण्डारी, जीवन महत, नवराज भारती र महेन्द्रबहादुर महतलाई के कति सजाय निर्धारण हुँदा कानून र न्यायको मक्सद पूरा हुने हो भन्नेतर्फ सजाय निर्धारण सम्बन्धमा विचार गर्नु पर्ने हुन आएको छ।

९१. अदालतले विधायिकाले दिएको तजविज अधिकारको सिमाभित्र रही सजाय निर्धारण गर्ने हो। तजविज अधिकारको प्रयोग कानून र विवेकसम्मत तथा न्यायपूर्ण हुनु पर्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ ले निर्देश गरेको सजायको उद्देश्यतर्फ विचार पुऱ्याउनु पर्छ। दफा १४ बमोजिम कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक हुनु पर्छ। सजायको उद्देश्य प्राप्त गर्न आवश्यक भन्दा चर्को सजाय गर्नु हुन्न। अमिल्दो तथा असमान हुने गरी सजाय निर्धारण गर्नु हुन्न।

९२. सोही ऐनको दफा १५ अनुसार सजाय निर्धारण गर्दा देहायका आधारमा गर्नु पर्छ।

क. कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,
ख. कसूर गर्दाको परिस्थिति,
ग. पीडितलाई पर्न गएको शारीरिक वा मानसिक पीडा,
घ. कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरु,
ङ. कसूरदारको आचरण र विगतका क्रियाकलाप,
च. सजायको उद्देश्य।

९३. अब सर्वप्रथम प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतका हकमा विचार गर्दा, निज प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) ले निषेध गरेको र (२) ले परिभाषित गरेको तथा दफा २२२(२) बमोजिम समेतको कसूर गरेको ठहर भैसकेको छ। सो कसूर वापतमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ख) र दफा २१९ को उपदफा (३क) को देहाय (क) बमोजिम तथा दफा २२२ को उपदफा (२) बमोजिमको थप सजायको माग दावी देखिन्छ।

९४. उल्लिखित दफा २१९ को उपदफा (३) मा "जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र उमेर हेरी देहाय देहाय बमोजिम कैद हुनेछः-" भनी देहाय (ख) मा "दश बर्ष वा दश बर्षभन्दा बढी चौध बर्षभन्दा कम उमेरकी बालिका भए अठार बर्षदेखि बीस बर्षसम्म" भन्ने कानूनी व्यवस्था देखिन्छ। त्यसैगरी दफा २२२ को उपदफा (२) अनुसार

आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गरेमा थप तीन बर्षसम्म कैद सजाय हुने देखिन्छ।

९५. त्यसैगरी दफा २१९ को उपदफा (३क) मा "जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना वापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः-" भनी देहाय (क) मा "उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना" हुने कानूनी व्यवस्था देखिन्छ।

९८. प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको उमेर ५३ बर्ष रहेको, यस पूर्व कुनै अभियोग लागेको वा कसूर ठहर भएको हालसम्मको रेकर्डबाट नदेखिएको, कसूरको गम्भीरता र पीडकको दोषको मात्रा, कसूर गर्दाको परिस्थिति हेरी, कसूरदार वा अन्य ब्यक्तिलाई हतोत्साही गर्ने, कसूरदारलाई आफ्नो कार्यप्रति लज्जा, पश्चाताप बोध गराई निजको कसूरबाट पीडित ब्यक्ति वा समुदायलाई हानी भएको छ भन्ने अनुभूति गराउने, कसूरदारलाई सुधार्नुका साथै आउँदा दिनमा यस्ता कसूरको न्यूनिकरणको लागि प्रस्तुत मुद्दामा कसूर कायम भए बमोजिम सजाय निर्धारण गर्नु पर्ने भनी कारागार प्रशासकले पेस गर्नु भएको सजाय पूर्वको प्रतिवेदनलाई पनि मध्येनजर गरी सजाय निर्धारण गर्नु पर्ने हुन्छ।

९९. तसर्थ प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतका हकमा विवेचित कानून, तथ्य, आधार कारणबाट प्रस्तुत कसूरको प्रकृति, अवस्था, परिस्थिति, पीडित बालिकाको उमेर र प्रतिवादी बर्ष ५३ का व्यक्ति रहेभएको देखिएको निजको उमेर र यसपूर्व कुनै कसूरमा सजाय पाएको कसूरदार रहे भएको नदेखिएको तथ्य समेत हेरी सजायको न्यूनतम र अधिकतम हदको सिमालाई मध्येनजर गर्दा निज प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई दफा २१९ को उपदफा (३) को देहाय (ख) बमोजिम १८ (अठार) बर्ष र दफा २२२ को उपदफा (२) बमोजिमको थप ६ (छ) महिना कैद र दफा २१९ को उपदफा (३क) को देहाय (क) बमोजिम रु.७,००,०००।– (सात लाख) जरिवाना हुँदा प्रचलित कानून अनुसारको सजायको उद्देश्य पूरा भई न्यायको मक्सद प्राप्त हुने देखिन्छ।

१००. प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, जीवन महत, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतका हकमा विचार गर्दा, प्रस्तुत वारदात आफ्नो घरमा कामकाज र आफ्नो संरक्षणमा रहने भनी राखिएकी ११ बर्ष उमेरकी पीडित बालिका उपर निर्मम, अमानवीय र अपमाजनक तरिकाले यौन शोषणको वारदात भएको देखिएको छ। यसप्रकारको वारदातमा संलग्न पीडकलाई कानूनको दायरामा ल्याई सजायको भागिदार बनाउन समाजका सचेत, प्रबुद्ध र जनप्रतिनिधि वर्गले भूमिका निर्वाह गर्नु पर्नेमा पीडित बालिकालाई थप पीडा पुर्‍याउने गरी जनप्रतिनिधि, मानव अधिकार आयोगको स्थानीय कार्यालयमा कार्यरत कर्मचारी, कानून व्यवसायी समेतको संलग्नतामा जवर्जस्ती

करणीको घटनालाई ढाकछोप गरी कानूनको दायराभन्दा बाहिर राख्ने उद्देश्यले मिलापत्र गराउने अर्को कसूर समेत भएको अवस्था छ।

१०१. मुलुकी अपराध संहिता, २०७४ को दफा २२७क को उपदफा (१) मा जवर्जस्ती करणीको कसूरमा मिलापत्र गर्ने गराउने कार्यलाई समेत कसूर कायम गरी उपदफा (२) र (३) मा त्यस्ता कसूरदारलाई हुने सजायको व्यवस्था गरेको पाइन्छ। जसअनुसार उपदफा (२) मा उपदफा (१) बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजारसम्म जरिवाना हुने र उपदफा (३) मा उपदफा (१) बमोजिमको कसूर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरे गराएमा निजलाई उपदफा (२) बमोजिम हुने सजायमा थप छ महिना कैद सजाय हुने कानूनी व्यवस्था रहेको देखिन्छ।

१०२. प्रतिवादीहरु नवराज भारती, कालीबहादुर भण्डारी, जीवन महत, महेन्द्रबहादुर महत र डिल्ली भन्ने दिलबहादुर महतलाई दफा २२७क को उपदफा (२) बमोजिम, प्रतिवादीहरु कालीबहादुर भण्डारी र जीवन भण्डारी सार्वजनिक पद धारण गरेका व्यक्ति समेत भएकोले निजहरुको हकमा दफा २२७क को उपदफा (३) बमोजिमको थप सजाय समेत हुने देखिन्छ।

१०३. तसर्थ निजहरुको हकमा सजाय निर्धारण गर्दा, दफा २२७क को उपदफा (२) (३) को सामान्जस्यपूर्ण व्याख्या गरी सजाय निर्धारण गर्नु पर्ने हुन्छ। उपदफा (२) मा भएको सजाय सम्बन्धी व्यवस्था जवर्जस्ती करणी सम्बन्धी कसूरमा मिलापत्र गरे गराएमा हुने सजायको आधारभूत व्यवस्था हो। त्यसै गरी उपदफा (३) को व्यवस्था विशेष जिम्मेवारी र भूमिकामा रहेका व्यक्तिले सो कसूर गरे गराएमा गरिने थप सजाय समेत हुने व्यवस्था हो।

१०४. बस्तुतः थप सजाय भन्दा आधारभूत सजाय कम हुने गरी सजाय निर्धारण हुनु र गरिनु हुन्न। यो सजाय निर्धारणको महत्वपूर्ण आधार र सिद्धान्त पनि हो। सार्वजनिक पद धारण गरेका व्यक्तिलाई उपदफा (३) बमोजिमको थप सजाय गर्नु पर्छ। सो सजाय गर्दा उपदफा (२) बमोजिमको सजायको हदको सिमालाई हेर्नु पर्छ।

१०५. कानून व्यवसायीलाई अदालतको अधिकृत (Court Officer), विद्वान मित्र, सामाजिक अभियन्ता, कानून र न्यायको पैरवी गर्ने व्यक्तित्वको रुपमा चिनिन्छ, बुझिन्छ, सम्बोधन गरिन्छ, लिइन्छ। त्यसैले कानून व्यवसायीलाई कानूनतः (DE JURE) सार्वजनिक पद धारण गरेको व्यक्ति भनी परिभाषित गरेको नदेखिए पनि तथ्यतः (DE FACTO) विशेष जिम्मेवारी र भूमिकामा रहेको व्यक्तित्व मानिन्छ। सजाय निर्धारण गर्दा कानून व्यवसायीको यसप्रकारको जिम्मेवारी र भूमिकालाई पनि मध्येनजर राख्नु पर्छ।

१०६. प्रतिवादी दिलबहादुर महत कानून व्यवसायी रहे भएको तथ्यमा विवाद छैन्। निजको अधिवक्ताको प्रमाण पत्र नं. १२३१७ रहेको देखिन्छ।

१०७. तसर्थ विवेचित आधार कारणहरुबाट स्थानीय निकायको वडा सदस्यको सार्वजनिक पद धारण गरेका प्रतिवादी कालीबहादुर भण्डारी र मानव अधिकार आयोगको स्थानीय

कार्यालयमा कार्यरत भई सार्वजनिक पद धारण गरेका प्रतिवादी जीवन महतका हकमा उल्लेखित दफा २२७क को उपदफा (२) बमोजिम ६ (छ) महिना र सोही उपदफा (३) बमोजिम थप ६(छ) महिना गरी जम्मा १ (एक) बर्ष कैद र रु.५,०००।– (पाँच हजार) जरिवाना हुँदा प्रचलित कानूनबमोजिमको सजायको उद्देश्य पूरा भई न्यायको मक्सद प्राप्त हुने देखिन्छ।

**१०८.** त्यसैगरी प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महतलाई उल्लेखित दफा २२७क को उपदफा (२) बमोजिम ९(नौ) महिना कैद र रु७,.५००।– (सात हजार पाँच सय) जरिवाना र प्रतिवादीहरु महेन्द्रबहादुर महत र नवराज भारतीलाई उल्लेखित दफा २२७क को उपदफा (२) बमोजिम ६(छ) महिना कैद र रु५,.०००।– (पाँच हजार) जरिवाना हुँदा प्रचलित कानूनबमोजिमको सजायको उद्देश्य पूरा भई न्यायको मक्सद प्राप्त हुने देखिन्छ।

**१०९.** अब क्षतिपूर्तितर्फ विचार गर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम पीडितलाई क्षतिपूर्ति भराई दिन अभियोग दावी लिइएको देखिन्छ। उक्त दफामा "दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई जरिवानाबाट प्राप्त हुने रकम समेत विचार गरी कसूरदारलाई सजाय निर्धारण गर्दा निजबाट मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ र कसूरदारले जरिवाना वापत पीडित राहत कोषमा बुझाएको रकम समेत पीडितलाई दिनु पर्नेछ।" भन्ने कानूनी व्यवस्था देखिन्छ।

**११०.** उक्त कानूनी व्यवस्था अनुसार प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई दफा २१९ को उपदफा (३क) को देहाय (क) बमोजिम भएको जरिवाना रु. ७,००,०००।– (सात लाख) पीडित राहत कोषमा जम्मा गरी सो कोषमार्फत पीडितलाई दिनु पर्ने हुन्छ। सो वाहेक माथि विवेचित तथ्य आधारहरुबाट पीडित नावालकलाई पर्न गएको शारीरिक मानसिक क्षति र प्रतिवादीको हैसियत समेतलाई मध्येनजर गरी प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतबाट रु.४,००,०००।– (चार लाख), प्रतिवादीहरु कालीबहादुर भण्डारी, जीवन महत, डिल्ली भन्ने दिलबहादुर महत, नवराज भारती र महेन्द्रबहादुर महतबाट जनही रु.५०,०००।–(पचास हजार) क्षतिपूर्ति पीडितलाई भराई दिन मनासिव हुने देखिन्छ।

**१११.** साथै, मिति २०७९।४।८ मा सहमतिको कागज गरी जाहेरवालाले बुझी लिएको रकम मध्ये माछापुच्छ्रे बैंकमा मुद्दती खाता खोली जाहेरवालाको नाउँमा नगद रु. ५,००,०००।– जम्मा गरेको देखिएको, सो रकम उक्त खातामा मौज्दात रहेको भन्ने माछापुच्छ्रे बैंकको मिति २०७९।५।१५ को पत्रबाट देखिएको र सो खातामा रहेको मौज्दात रकम यस अदालतको कसूर ठहर आदेश बमोजिम पत्राचार गरी रोक्का समेत गरिएको सो बैंकको मिति २०८१।१२।८ को पत्रबाट लेखी आएकोले सो रकम समेत पीडित नावालकलाई क्षतिपूर्ति वापत उपलब्ध गराउन मनासिव हुने देखिन्छ।

**११२.** अब जाहेरवालाको हकमा विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को खण्ड (क) बमोजिमको जाहेरवालालाई सजाय हुने ठहर

भैसकेको छ। कसुर ठहर खण्डमा विवेचित तथ्य, आधार कारण र जाहेरवालाले प्रस्तुत मुद्दाको पुर्पक्षको क्रममा प्रमाण परीक्षण गर्दा खेलेको भूमिकालाई मध्येनजर गरी उल्लिखित दफा ४४ को उपदफा (२) को खण्ड (क) बमोजिम जाहेरवालालाई १५ (पन्ध्र) दिन कैद र रु.१,०००।–(एकहजार) जरिवाना हुन मनासिव हुने देखिन्छ।

**११३.** तसर्थ विवेचित तथ्य, आधार, कारणहरुबाट प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा **(३)** को देहाय **(ख)** र दफा २२२ को उपदफा **(२)** तथा दफा २१९ को उपदफा **(३क)** को देहाय **(क)** बमोजिम**,** प्रतिवादीहरु कालीबहादुर भण्डारी र जीवन महतलाई दफा २२७क को उपदफा (२) र (३) बमोजिम तथा प्रतिवादीहरु डिल्ली भन्ने दिलबहादुर महत, महेन्द्रबहादुर महत र नवराज भारतीलाई दफा २२७क को उपदफा (२) बमोजिम देहायको कैद र जरिवाना हुने तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम निजहरुबाट क्षतिपूर्ति शुल्क लिई पीडित राहत कोषमा जम्मा गरि दिने ठहर्छ।

| क्र.सं. | प्रतिवादी | कैद | थप कैद | जम्मा कैद | जरिवाना | क्षतिपूर्ति शुल्क |
|---|---|---|---|---|---|---|
| १ | प्रेमराजा भन्ने प्रेमजंग महत | १८ | ६ | १८ बर्ष ६ महिना | ७,००,०००.।- | २८,०००।- |
| २ | कालीबहादुर भण्डारी | ६ महिना | ६ महिना | १ बर्ष | ५,०००।- | ४००।- |
| ३ | जीवन महत | ६ महिना | ६ महिना | १ बर्ष | ५,०००।- | ४००।- |
| ४ | डिल्ली भन्ने दिलबहादुर महत | ९ महिना | - | ९ महिना | ७,५००।- | ३००।- |
| ५ | महेन्द्रबहादुर महत | ६ महिना | - | ६ महिना | ५,०००।- | २००।- |
| ६ | नवराज भारती | ६ महिना | - | ६ महिना | ५,०००।- | २००।- |

**११४.** क्षतिपूर्तितर्फ सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई दफा २१९ को उपदफा (३क) को देहाय (क) बमोजिम भएको जरिवाना रु. ७,००,०००।– (सात लाख) पीडित राहत कोषमा जम्मा गरी सो कोषमार्फत पीडितलाई दिने, प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतको हैसियत समेतलाई मध्येनजर गरी रु.४,००,०००।– (चार लाख), प्रतिवादीहरु कालीबहादुर भण्डारी, जीवन महत, डिल्ली भन्ने दिलबहादुर महत, नवराज भारती र महेन्द्रबहादुर महतबाट जनही रु.५०,०००।–

(पचास हजार) क्षतिपूर्ति पीडितले भराई लिन पाउने र जाहेरवालाको मुद्दती खातामा रहेको रकम समेत पीडितले पाउने ठहर्छ।

**११५.** साथै जाहेरवालालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को खण्ड (क) बमोजिम १५ (पन्ध्र) दिन कैद र रु.१,०००।- (एकहजार) जरिवाना हुने ठहर्छ। प्रतिवादीहरु इश्वरी आरसी, सर्मिला महत र उर्मिलाकुमारी महतले कसूर ठहर हुँदाका बखत आरोपित कसूरबाट सफाई पाउने ठहरेकोले अरुमा तपसिलबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरी दिएँ।

**तपसिल**

- प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई १८ वर्ष ६ महिना कैद, रु.७,००,०००।- (सात लाख) जरिवाना र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्कवापत निज प्रतिवादीबाट रु.२८,०००।- (अठ्ठाइस हजार) लिई पीडित राहत कोषमा जम्मा गरी दिने ठहरेकोले निज प्रतिवादी मिति २०७९।४।२८ देखि अनुसन्धान र पुर्पक्षको क्रममा थुनामा रहेको देखिँदा सोही मितिदेखि निजलाई लागेको कैद कट्टी हुने गरी लगत कसी कैदी पूर्जी दिई कैद सजाय कार्यान्वयन गर्नू.................................................१
- निज प्रतिवादीलाई लागेको उक्त जरिवाना र क्षतिपूर्ति वापतको रकम निजबाट असुल गरी पीडित राहत कोषमा जम्मा गरी दिनू र जरिवाना वापतको रकम असुल भई पीडित राहत कोषमा जम्मा भएपछि पीडितको बैंक खातामा जम्मा हुने गरी पठाई दिनू भनी पीडित राहत कोषमा लेखी पठाउनू.....................................................................................२
- निज प्रतिवादीबाट पीडितलाई भराई दिने ठहरेको क्षतिपूर्ति वापतको रकम रु.४,००,०००।- (चार लाख) निज प्रतिवादीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम असुल गरी पीडितको बैंक खातामा जम्मा हुने गरी भराई दिनू...................................................३
- निज प्रतिवादीलाई लागेको जरिवाना, क्षतिपूर्ति वापतको रकम र क्षतिपूर्ति रकम निजले दाखिला नगरे सो असुल गर्ने प्रयोजनार्थ निजको नाउँमा रहेको जुम्ला जिल्ला साविक महत गाविस वडा नं. ९, कि.नं. २१४, वडा नं. ६ कि.नं. ३०१ र ९८ का जग्गा रोक्का राख्न पठाई सो जग्गाबाट जरिवाना र क्षतिपूर्ति प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी असुल गर्नू................................४
- देहायका प्रतिवादीहरुलाई लागेको कैद जरिवानाको लगत कसी असुल गर्नू.......................५

| प्रतिवादी | लागेको कैद | पुर्पक्षमा बसेको अवधि | दिन | असुल गर्न बाँकी कैद |
|---|---|---|---|---|
| कालीबहादुर भण्डारी | १ वर्ष | २०७९।५।१२ देखि २०७९।५।२८ सम्म | १६ | ११ महिना १४ दिन |

| | | | | |
|---|---|---|---|---|
| जीवन महत | १ वर्ष | - | - | १ वर्ष |
| डिल्ली भन्ने दिलबहादुर महत | ९ महिना | - | - | ९ महिना |
| महेन्द्रबहादुर महत | ६ महिना | - | - | ६ महिना |
| नवराज भारती | ६ महिना | २०७९।५।६ देखि २०७९।५।२८ सम्म | २२ | ५ महिना ८ दिन |

➢ प्रतिवादीहरुलाई लागेको जरिवाना, क्षतिपूर्ति शुल्क र पीडितले भराई पाउने ठहरेको क्षतिपूर्ति वापतमा निज प्रतिवादीहरुले पुर्पक्षको क्रममा राखेको देहायबमोजिमको धरौटीबाट कटाई पीडितको खातामा, पीडित राहत कोषमा र राजश्वमा आम्दामी बाँधी बाँकी धरौटी निजहरुलाई लागेको कैद असुल भएपछि नियमानुसार फिर्ता दिनू........................................६

| प्रतिवादी | राखेको धरौटी | जरिवाना राजश्वमा आम्दामी बाँध्ने | पीडित राहत कोषमा राख्ने | पीडितको खातामा जम्मा गर्ने | प्रतिवादीलाई फिर्ता गर्ने |
|---|---|---|---|---|---|
| कालीबहादुर भण्डारी | २,५०,०००।- | ५,०००।- | ४००।- | ५०,०००।- | १,९४,६००।- |
| जीवन महत | २,५०,०००।- | ५,०००।- | ४००।- | ५०,०००।- | १,९४,६००।- |
| महेन्द्रबहादुर महत | २,००,०००।- | ५,०००।- | २००।- | ५०,०००।- | १,४४,८००।- |
| नवराज भारती | २,००,०००।- | ५,०००।- | २००।- | ५०,०००।- | १,४४,८००।- |

➢ प्रतिवादी डिल्ली भन्ने दिलबहादुर महतले उच्च अदालत सुर्खेत, जुम्ला इजलासको आदेश बमोजिम रु.५०,०००।– धरौट राखेको राखेको देखिँदा सो धरौट रकमबाट निजलाई लागेको जरिवाना रु.७,५००।– कटाई राजश्वमा आम्दामी बाँध्नू, रु३००।– पीडित राहत कोषमा जम्मा गर्नू, बाँकी रु. ४२,२००।– पीडितको खातामा जम्मा गर्न पठाइ दिनू नपुग क्षतिपूर्ति वापतको रकम रु.७,८००।– मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम निज प्रतिवादीबाट पीडितलाई भराई दिनू.....................................७

➢ पीडितलाई प्राप्त हुने क्षतिपूर्ति वापतको रकम जम्मा गर्ने प्रयोजनार्थ पीडितलाई सम्पर्क समन्वय गरी निजको यथोचित सुरक्षा र संरक्षण समेतको व्यवस्था समेत मिलाई प्रचलित कानूनबमोजिम संरक्षकको रोहबरमा पीडितको राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकमा खाता खोली यस अदालतका तहसिलदारलाई उपलब्ध गराउनू भनी जिल्ला सरकारी वकील कार्यालय, जुम्लामा लेखी पठाउनू...........................................................................................८

➢ जिल्ला सरकारी वकील कार्यालय, जुम्लामा समन्वय गरी पीडितको बैंक खाता लिई पीडितलाई प्राप्त भएको क्षतिपूर्ति वापतको रकम निजको खातामा जम्मा गरी सो रकम निज सावालक नभएसम्म विशुद्ध रुपमा पीडितको पालताल, शिक्षा, स्वास्थ्योपचार समेतमा खर्च गर्न पाउने गरी प्रबन्ध मिलाउनू भनी यस अदालतको तहसिलदारलाई जानकारी गराउनू.......................................................................................................................९

➢ जाहेरवालालाई १५ (पन्ध्र) दिन कैद र रु.१,०००।-(एकहजार) जरिवाना हुने ठहरेकोले निज बेरुजु हुँदा लगत कसी असुल गर्नू.......................................................................१०

➢ माछापुच्छ्रे बैंक, जुम्ला शाखाको मिति २०८१।१२।८ को पत्रबाट रोक्का राखिएको जाहेरवालाको मुद्दती खाता नं. F०८२०९५५५१९६०१६७ मा रहेको साँवा ब्याजसहितको रकम पीडितको बैंक खातामा जम्मा गरी दिन लेखी पठाउनू भनी यस अदालतका तहसिलदारलाई जानकारी गराउनू.........................................................................११

➢ देहायका प्रतिवादीहरुले आरोपित कसूरबाट सफाइ पाउने ठहरेकोले निजहरुले पुर्पक्षको क्रममा राखेको धरौटी नियमानुसार निजहरुलाई फिर्ता दिनू..............................................१२

| क्र.सं. | प्रतिवादी | धरौटी राखेको मिति | राखेको धरौटी |
|---|---|---|---|
| १ | उर्मिला कुमारी महत | २०७९।५।२८ | २,५०,०००।- |
| २ | सर्मिला महत | २०७९।५।२८ | २,००,०००।- |
| ३ | इश्वरी आरसी रावत | २०७९।५।२९ | १,५०,०००।- |

➢ प्रस्तुत फैसला उपर चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत सुर्खेत, जुम्ला ईजलाश, जुम्लामा पुनरावेदन गर्नू भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम श्री जिल्ला सरकारी वकील कार्यालय, जुम्लालाई प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदन म्याद दिनू......................................................................१३

➢ आज उपस्थित प्रतिवादी प्रेमराजा भन्ने प्रेमजंग महतलाई प्रस्तुत फैसलाको पूर्णपाठ उपलब्ध गराई पुनरावेदनको म्याद सुनाई कागज गराई राखू, अनुपस्थित प्रतिवादीहरु कालीबहादुर भण्डारी, जीवन महत, दिलबहादुर महत, नवराज भारती र महेन्द्रबहादुर महतलाई पुनरावेदनको म्याद जारी गर्नू.........................................................................................१४

➢ प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू..............................................................................................................१५

**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्नेः-**

फाँटवाला ना.सु. अस्तप्रसाद अधिकारी

कम्प्यूटर टाइपः- टा.ना.सु. बेनुता राई

इति सम्वत् २०८१ साल चैत्र १० गते रोज १ शुभम्.......................................।

फैसला प्रमाणिकरण मितिः-२०८१।१२।१०

श्री

सिराहा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री आनन्दराज पन्त

**फैसला**

**रजिष्ट्रेशन नं.-३२-०७६-००८६०**

**मुद्दा नं.-०७६-C१-०१२४,**

**कसुर ठहर निर्णय नं.-२२६, सजाय निर्धारण नि.नं. ३**

**मुद्दा दर्ता मितिः- २०७६।०६।२९**

**मुद्दाः जवरजस्ती करणी उद्योग र ज्यान मारेको कसूर।**

परिवर्तित वतन जिल्ला १६ भगवानपुर गाउँपालिका वडा नं. ३ वस्ने परिवार्तित नाम लहान(ग) को जाहेरीले **नेपाल सरकार---------------------१** **वादी**

**विरुद्ध**

जिल्ला सिरहा भगवानपुर गा.पा. वडा नं. ६ भई हाल ऐ.वडा नं. ३ वस्ने अवधा भन्ने अवधी यादवको छोरा **अजय कुमार यादव-------------------------१** **प्रतिवादी**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जाहेरवाला पीडित..१, जानकीकुमारी यादव.१ | गुलाब देवी यादव.....................१ |
| रामदेव साह.....१, मोहमद मोक्तार मियाँ..१ | जयकिशन यादव.....................१ |

**विषेषज्ञ**

डा.प्रदिपकुमार यादव...**१,** डा.उपेशकुमार चौधरी....१, डा.सुनिलकुमार कुशवाह.....१

**कागज**

x

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**संक्षिप्त तथ्यः-**

१. **परिवर्तित नाम लहान (ग) (यसपछि जाहेरवाली भनिएको) को जाहेरी दरखास्तः** मिति २०७५।०७।०२ गते साँझको खाना खाई म र मेरो सासु जगतीदेवी साह कोठामा गई म खाटमा, सासु त्यही कोठाको एक कुनामा सुत्नुभयो। मिति २०७५।०७।०३ गते राती विहानी

३:४५ बजेको समयमा प्रतिवादी अजयकुमार यादव समेतले मेरो घरको कोठाको ढोका तोडी कोठामा प्रवेश गर्दा मेरो निन्द्रा एक्कासी विउझिँदा मलाई काबुमा पारी चटपटाउन समेत नदिई मलाई जवरजस्ती करणी गर्न खोज्दा मैले हो हल्ला गर्दा समेत कुटपिट गरेकोले सोही हो-हल्लाको आवाज सुनी कुनामा सुतेकी सासु आमाले थाहा पाई हो-हल्ला गर्दा निज सासु आमालाई समेत कुटपिट गरी सख्त घाईते बनाई मैले लगाएको सबै कपडा खोली प्रतिवादी अजय कुमार यादवले लगाएको लुगा समेत खोली मलाई जवरजस्ती करणी गर्न खोज्दा मैले नदिएको कारण निजले मलाई जवरजस्ती करणी उद्योग गरी निर्ममतापूर्वक कुटपिट गरी घाईते बनाउँदा मैले हो-हल्ला गरी गाउँ घरका मानिसहरुले थाहा पाई गाउँ घरका मानिसहरु मेरो घरमा आउदा प्रतिवादी अजय कुमार यादव समेत भागी फरार भएको हो। गाउँ घरका मानिसहरुले मलाई र मेरो सासुलाई उपचारको लागी लहानको रा.उ. स्मारक अस्तपाल पठाएको हो। निज प्रतिवादी अजय कुमार यादव समेतलाई कानुन बमोजिम हदैसम्मको कार्वाही होस् भन्ने समेत व्यहोराको परिवर्तित नाम लहान (ग) को जाहेरी दरखास्त ।

२. **घटनास्थल मुचुल्काः-**जिल्ला १६ भगवानपुर गा.पा.वडा नं. ३ स्थित पश्चिम मोहडा भएको खरको छानो बाँसको टाटी माटोले पोतेको घर, सो घर पश्चिम पट्टी उत्तर दक्षिण खाटमा जाहेरवाली पीडित सुतेको अवस्थामा उक्त घरमा ढोकाको हुकबाट ढोका निकाली घरभित्र प्रतिवादी अजयकुमार यादव प्रवेश गरी निज पीडित सुतेको खाटनिर पुगी पीडितले लगाएको लुगा साडी समेत उठाई प्रतिवादीले आफ्नो कट्टु समेत खोली जवरजस्ती करणी गर्न लाग्दा पीडितले बल प्रयोग गरी निजको सासु समेत विउँझी उठी कोठाबाट हो-हल्ला गरी कराउँदा गाउ घरका घर, छिमेकी समेत आउदा प्रतिवादी अजयकुमार यादव समेत पीडितलाई छोडी घटनास्थलबाट भागी फरार भएको हुदा पीडितले बताएको बमोजिम लेखेको घटनास्थल चार किल्लासहितको विवरण ठिक छ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. **पीडितको स्वास्थ्य रिपोर्टः-**Tear saree Rt. side at thigh, Hymen Old repture. भन्ने जाहेरवालीको स्वास्थ्य परीक्षण रिपोर्ट ।

४. **लाश जाँच मुचुल्काः-**जिल्ला सिरहा लहान न.पा. वडा नं. ३ स्थितमा रा.उ.स्मारक अस्पताल लहानको शव गृहमा मृतक जगतीदेवी हलुवाईको लाश हेर्दा दुवै खुट्टा खुम्चिएको, दाहिने पट्टी घुँडा र घुँडा माथी सेतो दागी, दाहिने नली खुट्टा माथी दुई वटा कालो दाग र दाहिने खुट्टाको घुँडादेखि तल सुनिएको र वायाँ घुँडा मुनी खोस्रिएको सेतो दाग भएको भन्ने समेत व्यहोराको घटनस्थल/लाश जाँच मुचुल्का ।

५. **मृतक जागती देवी साहको शव परिक्षण प्रतिवेदनः-**B/L Feet swelling with Right knee joint swelling, Bed shore over B/L Leg, Injury Over B/L Leg with multiple black spot, injury Over Rt. shoulder joint over Lt. upper chest, Cause of Death- Undetermined भन्ने समेत व्यहोराको मृतक जगतीदेवी साहको शव परीक्षण प्रतिवेदन।

६. **वस्तुस्थिती मुचुल्काः-**मिति २०७५।०७।०३ गते विहान राती अ.३:४५ बजेको समयमा म आफ्नै घरम सुति रहेकोमा जाहेरवालाको घर आँगनबाट एक्कासी गुहार गुहारको हल्ला सुनी निन्द्राबाट व्युँझी के भएको रहेको भनी जाहेरवालाको घर आँगनमा म समेत गई बुझ्दा

जाहेरवाला आफ्नो कोठामा रहेको खाटमा सुतिरहेको र सोही कोठाको कुनामा जगती देवी साह भुईमा सुति रहेको अवस्थामा प्रतिवादी अजयकुमार यादव समेतले के काहाँबाट एक्कासी जाहेरवाला सुतेको कोठाको ढोका तोडी घरभित्र प्रवेश गरी पीडितले लगाएको कपडा खोली प्रतिवादी अजयकुमार यादव समेतले पीडितलाई काबुमा पारी उत्तारी करणी गर्नको लागी आफ्नो पाईन्ट कट्टु खोली प्रतिवादी अजय कुमार यादवले जवरजस्ती करणी गर्न लाग्दा पीडितले आफ्नो ईज्जत बचाउनको लागी प्रतिकार गर्दा प्रतिवादी अजयकुमार साह समेतले पीडितलाई लछार पछार गरी कुटपिट गर्दा सोहि कोठाको कुनामा जाहेरवाली पीडितको सासु जगती देवी साह व्युँझी हो-हल्ला गर्दा प्रतिवादी अजय कुमार यादव समेतले निज जगती देवी यादवलाई निर्ममतापुर्वक कुटपिट गर्दा एक्कासी पीडितले गुहा गुहार गर्दा स्थानीय घर छिमेकीहरुले हो-हल्ला सुनी जाहेरवाली घर आँगनमा आउदा निज प्रतिवादी अजय कुमार यादव समेत भागी गएको हो। पीडितको सासु जगतीदेवी साहलाई प्रतिवादी अजयकुमार यादव समेतले कुटपिट गरेको हुदा निजको सोही कुटाई पिटाईबाट निजको मृत्यु भएको मैले सुनी थाहा पाएको हो भन्नेसमेत व्होराको अधिक लाल यादव, श्रीदेव यादव र जानकी कुमारी यादव समेतले एकै मिलान हुने गरी लेखाई दिएको बस्तुस्थिती मुचुल्का ।

७. **अभियोग माग दावीः-** प्रतिवादी अजयकुमार यादवले पीडितलाई जवरजस्ती करणी उद्योग गरेको तथा सोही समयमा मृतक जगतीदेवी साहले हल्ला गर्दा प्रतिवादीले कुटपिट गरेको कारण सोही चोटले गर्दा मृतक जगतीदेवी साहको मृत्यु भएको हुँदा प्रतिवादीले ज्यान सम्वन्धी कसुर समेत गरेको तथा यी प्रतिवादीले एकै वारदातमा जवरजस्ती करणी उद्योगको कसुर र ज्यान सम्वन्धी कसुर गरी एकीकृत कसुर समेत गरेको पुष्टी भएकोले प्रतिवादी अजयकुमार यादवलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) वमोजिमको जवरजस्ती करणीको उद्योग गर्ने कार्य सोही ऐनको दफा ३४(३) वमोजिम गरेको कसुरमा, सोही ऐनको दफा १७७ (१) बमोजिमको ज्यान सम्वन्धीको कसूरमा तथा एकै वारदातमा एकभन्दा वढी कसुर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) वमोजिम एकीकृत कसुर गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) वमोजिम हुने सजायमा सोही ऐनको दफा ३४(३) वमोजिमको आधा सजाय, निज प्रतिवादीले ज्यान मारेको कसूर गरेको पुष्टी भएको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) वमोजिमको सजाय र एकीकृत कसुर दफा ४३(२) वमोजिमको थप सजाय गरी पाउँ। साथै, सोही संहिताको दफा १८७ र २२८ बमोजिम पीडितलाई क्षतिपूर्ति र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गरी पाउँ भन्नेसमेतको अभियोग माग दावी।

८. **प्रतिवादीले अदालतमा गरेको वयानः** जाहेरी दरखास्तमा भएको व्यहोरा झुठ्ठा हो। सोमा भएको ब्यहोराको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले कसैलाई जवरजस्ती करणी गर्न खोजेको र कुटपिट समेत गरेको छैन। मिति २०७५।०७।०३ गतेमा म आफ्नो कामकाजको शिलशिलामा म र आफ्नो श्रीमतीसहित भारतको पंजाबमा थिएँ। मैले निज

जाहेरवाला र मृतकलाई चिन्दिन। राजनितिक रिसइवीको कारण नेताको कुरा सुनी म माथी झुटा जाहेरी दिएको हो। मृतक जगतीदेवी साहको मृत्यु के कसरी भयो मलाई केही थाहा छैन। म भारतमा मिति २०७५।०७।०१ गतेमा गई मिति २०७६।०८।२१ गतेमा घर आएको थिएँ। मैले अभियोग दावीबमोजिमको कुनै कसूर अपराध नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होइन भनी प्रतिवादी अजय कुमार यादवले अदालत समक्ष गरेको वयान।

९. **यस अदालतको थुनछेक आदेशः** प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षको लागी थुनामा राख्न कारागार कार्यालय सिराहामा पठाई दिनु भनी मिति २०७६।०८।२५ मा यस अदालतबाट भएको थुनछेक आदेश।

१०. **उच्च अदालत जनकपुर, राजविराज इजलासको आदेशः** प्रतिवादीबाट नगद रु.३,००,०००।— (तीन लाख रुपैयाँ) वा सो बराबरको जेथा जमानत, बैंक जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नुहोला भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७७।०३।२२ मा भएको आदेश।

११. **प्रतिवादी पुर्पक्षको लागि तारेखमा रहेकोः** उक्त आदेशानुसार निज प्रतिवादीले मिति २०७७।०३।२६ गतेमा उक्त धरौटी रकम दाखिला गरी तारेखमा रहेको।

१२. **वादी पक्षका साक्षीहरुले गरेको बकपत्रः**

**क)** जाहेरी दरखास्तमा भएको व्यहोरा र सहीछाप मेरो नै हो। मिति २०७५।०७।०२ गते राती ३:४५ बजे म आफ्नै घर भगवानपुर गा.पा. वडा नं. ३ मा थिएँ। मलाई यी प्रतिवादी अजयकुमार यादवले जवरजस्ती करणी उद्योग गरेको हो। यी प्रतिवादी अजय कुमार यादवले मेरो घरको ढोका तोडी सासुको जिउमा खसाई मलाई समाती लछार पछार गरी मेरो कुट्टु खोल्ने पर्यत्न गरेकोमा सफल हुन नसकी सासुलाई कुटपिट गर्न लाग्दा म हारगुहार गरी मानिसहरुलाई बोलाउँदा मेरो आँगनमा मानिसहरु जम्मा भेला हुँदा प्रतिवादी भागी गएको हो। यी प्रतिवादीको कुटाईबाट तीन महिना पछाडी मेरो सासुको निधन भएको हो। निजले पटक पटक गरी जम्मा तीन पटक मेरो घरमा घटना गरी सकेको हो। निजलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो भनी जाहेरवाला (पीडित) ले गरेको वकपत्र।

**ख)** बस्तुस्थिति मुचुल्कामा भएको ब्यहोरा र सहीछाप मेरो नै हो। उक्त घटना आफ्नो आँखाले देखेको छैन भनी घटनास्थल मुचुल्काका मानिस जानकीकुमारी यादवले गरेको वकपत्र।

**ग)** घटनास्थल/लाशजाँच मुचुल्कामा भएको ब्यहोरा र सहीछाप मेरो हो। प्रतिवादीको प्रहारले लागेको चोटको कारण जाहेवालीको सासुको मृत्यु भएको हो। मिति २०७५।०९।०२ गते बिहानको ३:४५ बजेको समयमा प्रतिवादी अजय यादव उक्त कोठाबाट बाहिर निस्की पेन्ट र गन्जी लगाएर भागेको मैले देखेको हो भनी घटनास्थल/लाशजाँच मुचुल्काका मानिस रामदेव साहले गरेको वकपत्र।

**घ)** घटनास्थल लाश जाँच मुचुल्कामा भएको सहिछाप मेरो हो। मैले लाश छोपेको मात्र देखेको हुँ। घटना मैले देखेको होइन। कस्को प्रहारबाट चोट लागी जाहेरवालीको सासुको मृत्यु भएको हो मलाई थाहा भएन भनी घटनास्थल लाशजाँच मुचुल्काको मानिस मोहमद मुक्तार मियाँले गरेको वकपत्र।

१३. **प्रतिवादीका साक्षीले गरेको बकपत्रः**

**क)** मिति २०७५।०७।०३ गते बिहान, दिनमा तथा रातीमा म आफ्नै घरमा थिएँ।यी प्रतिवादी भारतको पंजाबमा कमाउन गएको थियो।यी प्रतिवादीले जाहेरी दरखास्तमा लेखिए बमोजिम जवरजस्ती करणी उद्योग र ज्यान मारेको कसूर गरेको छैन।प्रतिवादी माओवादी पार्टीको र जाहेरवाला मधेशवादी दलको भएको हुँदा निजहरुको बीचमा राजनितिक रिसइवी रहेको हुँदा सोही रिसइवी साँध्न प्रस्तुत मुद्दा दिएको हो।निजलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादीको साक्षी गुलाब देवी यादवले गरेको वकपत्र।

**ख)** मिति २०७५।०७।०३ गतेमा यी प्रतिवादी र म सँगै मजदुरी काम गर्न भारतको पंजाब गएका थियौं।यी प्रतिवादीले जाहेरी दरखास्तमा लेखिए बमोजिम जवरजस्ती करणी उद्योग र ज्यान मारेको कसूर गरेको छैन।मृतकलाई दिर्घ रोग पारालाईसिस भएको कारण आफ्नो कालगतिले नै मृत्यु भएको हो।नजलाई कसैले मारेको छैन। प्रतिवादी माओवादी पार्टीको र जाहेरवाला मधेशवादी दलको भएको हुँदा निजहरुको बीचमा राजनितिक रिसइवी रहेको हुँदा सोही रिसइवी साँध्न प्रस्तुत मुद्दा दिएको हो।निजलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादीका साक्षी जय किसन यादवले गरेको वकपत्र।

१४. **विशेषज्ञले गरेको बकपत्रः**

**क)** भिषेरा परीक्षण प्रतिवेदनमा भएको ब्यहोरा र सहीछाप मेरो हो। भिषेरा नमूनाका परीक्षण गर्दा विषाधीहरु पाईएको थिएन। मृतकको भिषेरालाई हामीले लिन लेयर क्रोम्याटोग्राफी प्रविधिबाट जाँचिएको थियो भनी भिषेरा परीक्षण प्रतिवेदन गर्ने विशेषज्ञ उपेश कुमार चौधरीले गरेको वकपत्र।

**ख)** मिति २०७५।१०।१० गतेको शवपरीक्षण प्रतिवेदन मैले नै गरेको होइन। उक्त परीक्षण प्रतिवेदन मैले नगरेको हुँदा सो सम्बन्धमा मलाई थाहा जानकारी छैन भनी डा. सुनिल कुमार कुशवाहाले गरेको वकपत्र।

**ग)** मृतक जगती हुवाईनीको शव परीक्षण प्रतिवेदन, घाउ जाँच केश फारम र यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण मैले तयार गरेको होइन। परीक्षण प्रतिवेदन अनुसार दाहिने घुँडा सुनिएको, दुवै खुट्टामा पुरानो घाउ देखिएको छ। दुवै खुट्टामा कालो दाग देखिएको छ। दाहिने पाखुरामा लागेको र देब्रे छातीको घाउ चोट लागेको देखिन्छ। यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षणमा दाहिने तिघ्रापटीको सारी च्यातिएको अवस्था, हाईमेन पुरानो फुटेको अवस्था रहेको देखिन्छ। घाउजाँच केश फारममा Type of injry मा Simple रहेको तथा धारिलो हतियार नभई भुत्ते हतियार प्रयोग गरेको भन्ने

देखिन्छ। परीक्षण प्रतिवेदन रिपोर्टहरुबाट छातीमा चोट लागेको कारण मृत्यु भएको हुनसक्छ भनी चिकित्सक डा.प्रदिप कुमार यादवले अदालत समक्ष गरेको वकपत्र।

**कसूर ठहर खण्ड**

१५. नियमबमोजिम पेशी सूचीमा चढी आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता श्री केशबबहादुर विष्टले, जाहेरवालाको तर्फबाट अधिबक्ता श्री प्रशान्त थापाले र प्रतिवादीको तर्फबाट वरिष्ठ अधिवक्ता श्री जयकुमार गोइतले पेस गर्नु भएको लिखित वहसनोट हेरियो।

१६. साथै, वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधीवक्ता श्री केशव गौतम, जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री राजदेव यादव र श्री प्रशान्त थापाले तथा प्रतिवादीको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री जयकुमार गोईत र विद्वान अधिवक्ता श्री उदयचन्द्र यादवले गर्नु भएको वहस समेत सुनियो।

१७. यसमा, प्रतिवादी अजयकुमार यादवले पीडितलाई जवरजस्ती करणी उद्योग गरेको तथा सोही समयमा मृतक जगतीदेवी साहले हल्ला गर्दा प्रतिवादीले कुटपिट गरेको कारण सोही चोटले गर्दा मृतक जगतीदेवी साहको मृत्यु भएको हुँदा प्रतिवादीले एकै वारदातमा जवरजस्ती करणी उद्योग र ज्यान मारेको कसुर गरी एकिकृत कसुर समेत गरेको पुष्टी भएकोले प्रतिवादी अजयकुमार यादवलाई जवरजस्ती करणीको उद्योगको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) वमोजिम हुने सजायमा सोही ऐनको दफा ३४(३) वमोजिमको आधा सजाय, ज्यान मारेको कसुरमा दफा १७७ (२) बमोजिमको सजाय र एकिकृत कसुरमा दफा ४३(२) वमोजिम थप सजाय गरी पाऊँ। साथै, सोही संहिताको दफा १८७ र २२८ बमोजिम पीडितलाई क्षतिपूर्ति र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गरी पाउँ भन्ने भन्ने अभियोग माग दावी देखिन्छ।

१८. प्रतिवादी अजयकुमार यादव अनुसन्धानको क्रममा फरार रहेको र अभियोगपत्र दायर भएपछि मिति २०७६।८।२२ मा प्रहरीले पक्राउ गरी यस अदालतमा पेस गरेको देखिन्छ। निजले यस अदालतमा वयान गर्दा, आरोपित कसुरमा पूर्णत इन्कार रही म श्रीमतीसहित कामको सिलसिलामा मिति २०७५।७।१ गते भारतको पन्जाव गएको र मिति २०७६।८।२१ गते घरमा आएको समयमा मिति २०७६।८।२२ गते प्रहरीले पक्राउ गरेको हो भनी वारदात भएको भनिएको मिति र समयमा अन्यत्र रहेको (ALIBI) को जिकिर लिई वयान गरेको देखिन्छ।

१९. यसप्रकारको तथ्य, वहस, अभियोग दावी र प्रतिवादीको जिकिर रहेको प्रस्तुत मुद्दामा मुलतः निम्न प्रश्नमा केन्द्रीत रही निर्णय दिनु पर्ने देखियो।

क. प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेका हुन होइनन् ?

ख. कसुर गरेको भए प्रतिवादीलाई के कति सजाय हुनु पर्ने हो र सजाय निर्धारणको छुट्टै सुनुवाई हुनु पर्ने हो वा होइन ?

२०. प्रतिवादी अजयकुमार यादव उपर ३ वटा अभियोग लगाई सजायको माग दावी गरिएको पाइन्छ ।

क. पीडित उपर जवरजस्ती करणीको उद्योगको कसुर गरेको,

ख. सोही वारदातमा पीडितको सासु जगतिदेवीलाई कुटपिट गरेको र सोही चोटको कारणबाट निजको मृत्यु भै ज्यान मारेको कसुर गरेको र

**ग.** एकै वारदातमा एकभन्दा वढी कसुर गरी एकीकृत कसुर गरेको।

२१. वारदात पश्चात पीडितले मिति २०७५।७।४ मा जाहेरी दिएको देखिन्छ। सो जाहेरीमा, म एक विवाहित महिला हुँ। मेरो श्रीमान वैदेशिक रोजगारको लागि मलेशिया जानु भएको छ। मेरो कोखबाट १ छोरा जन्म भएको छ। मिति २०७५।०७।०२ गते साँझको खाना खाई म र मेरो सासु जगतीदेवी साह कोठामा गई म खाटमा, सासु त्यही कोठाको एक कुनामा सुत्नु भयो। मिति २०७५।०७।०३ गते राती विहानी ३:४५ बजेको समयमा प्रतिवादी अजयकुमार यादवले मेरो घरको कोठाको ढोका तोडी कोठामा प्रवेश गरी मलाई जवरजस्ती करणी गर्न लाग्दा मैले होहल्ला गरेको कारण सोही कोठाको कुनामा सुतेको मेरो सासुले थाहा पाई होहल्ला गर्दा सासु आमालाई पनि कुटपिट गरी घाइते बनाएको र मलाई जवरजस्ती करणी गर्न खोज्दा मैले नदिएको कारण निर्ममतापूर्वक कुटपिट गरी घाईते बनाउँदा मैले हो-हल्ला गरी गाउँ घरका मानिसहरुले थाहा पाई गाउँ घरका मानिसहरु मेरो घरमा आउदा प्रतिवादी अजयकुमार यादव भागी फरार भएको हो। गाउँ घरका मानिसहरुले मलाई र मेरो सासुलाई उपचारको लागी लहानको रा.उ. स्मारक अस्तपाल पठाएको हो भनी व्यहोरा लेखाएको देखिन्छ। वारदात मितिको ३ महिनापछि मिति २०७५।१०।९ गते जगतीदेवीको मृत्यु भएको रहेछ। तत् पश्चात प्रस्तुत वारदातलाई ज्यान मारेको कसुरसमेतमा अनुसन्धान भएको पाइयो।

२२. प्रतिवादी अजयकुमार यादव अनुसन्धानको क्रममा फरार रहेको र अदालतमा वयान गर्दा, म श्रीमतीसहित कामको सिलसिलामा मिति २०७५।७।१ गते भारतको पन्जाव गएको र मिति २०७६।८।२१ गते घरमा आएकोले वारदातस्थलमा छैन्। मैले जाहेरवावाला र मृतकलाई चिन्दिन। राजनीतिक रिसइविले जाहेरी दिएको हो भनी आरोपित कसुरमा पूर्णतः इन्कार रही वारदात भएको भनिएको मिति र समयमा अन्यत्र रहेको (ALIBI) को जिकिर लिई वयान गरेको देखिन्छ।

२३. प्रस्तुत मुद्दाको अनुसन्धानमा आलटाल गरेको भनी रेखादेवी साहले यिनै प्रतिवादी अजयकुमार यादवसमेतलाई विपक्षी बनाई यस अदालतमा मिति २०७५।८।१२ मा ०७५-CP-१०१२ को निषेधाज्ञाको निवेदन दायर गरेको देखिन्छ। सो निवेदनमा यी प्रतिवादी अजयकुमार यादवका नाउँमा जारी भएको म्याद निज अजय यादवको श्रीमती सुवनदेवी यादवले मिति २०७५।८।१६ मा बुझेको देखिन्छ। यस तथ्यले म श्रीमतीसहित कामको सिलसिलामा मिति २०७५।७।१ गते भारतको पन्जाव गएको र मिति २०७६।८।२१ गते फर्कि आएको भन्ने प्रतिवादीको (ALIBI) जिकिर पत्यारलायक देखिन आएको छैन।

२४. **अब**, ज्यान मारेको कसूरतर्फको अभियोग दावीतर्फ विचार गर्दा, मृतकको बुहारी पीडितले वारदातको समयमा मेरो सासु समेतलाई निर्ममतापुर्वक कुटपिट गरेको भनी मिति २०७५।७।४ मा जाहेरी दिएको देखिन्छ। मिति २०७५।०७।०३ गते राती विहानी ३:४५ बजेको समयमा वारदात भएकोमा वारदातको लगत्तै ३ गतेको दिउँस १२ वजेको समयमा निज मृतक जगतीदेवीको घाउ जाँच भएको देखिन्छ। सो जगतिदेवीको घाउ जाँच प्रतिवेदनमा उमेर खण्डमा वर्ष ९०, **Degree of consciousness** खण्डमा **conscious** र **Injuries** खण्डमा **Simple** उल्लेख भएको देखिन्छ। सो वारदातको ३ महिना भन्दा बढी अवधि पछि अर्थात मिति २०७५/१०/०९ मा निज जगतीदेवी साहको मृत्यु भएको देखिन्छ। जाहेरवाली परिवर्तित नाम लहान (ग) ले वकपत्र गर्दा प्रतिवादीको कुटाईबाट ३ महिना पछाडी मेरो सासुको निधन भएको हो। प्रतिवादीले ३ पटक मेरो घरमा घटना घटाई सकेको छ। कसैलाई भने मारी दिन्छु ... भनी धम्की दिइ रहन्थ्यो भनी लेखाइ दिएको देखिन्छ।

२५. मृतकको छोरा रामदेव साहले मिति २०७६/०१/०३ मा जाहेरी दिएको देखिन्छ। सो जाहेरीमा मिति २०७५।७।४ गते मेरो भाई बुहारीले जवरजस्ती करणी उद्योगमा विपक्षी उपर जाहेरी दिएको छ। सोही वारदातमा विपक्षीको कुटपिटबाट थला परी उपचार गराउदा गराउदै मिति २०७५।१०।९ मा निधन भएको हो भनी व्यहोरा उल्लेख गरेको देखिन्छ। निज रामदेव साहले बकपत्र गर्दा वारदातको राती होहल्ला भएपछि म आफु सुतेको कोठाबाट अध्यारोमा छामछुम गरी बाहिर आँगनमा निस्किदा प्रतिवादी अजयकुमार यादव पीडितको कोठाबाट निस्केर भागेको थियो। पीडितको कोठामा गएर हेर्दा पीडितको कपडा च्यातिएको थियो। आमा जगतीदेवीको हात खुट्टामा चोट लागेको थियो भनी उल्लेख गरेको देखिन्छ।

२६. मृतकको मृत्युको कारण **Undetermined** उल्लेख भएको, शरिरमा चोटको प्रकार हेर्दा छातीको चोट प्रमुख हुन सक्छ भनी चिकित्सक डा.प्रदिपकुमार यादवले वकपत्र गरेको देखिएपनि मिति २०८०/०७/०३ को वारदात भएको ३ महिना पछि मृतकको मृत्यु भएको देखिन्छ। वारदातको तत्काल भएको मृतकको घा जाँचमा मृतकको अवस्था सामान्य भन्ने देखिन्छ। स्वयम मृतकका छोरा रामदेव साहले गरेको बकपत्रबाट पनि मृतकको शरीरको हात र खुट्टामा चोट लागेको भन्ने सम्म देखिन्छ।

२७. मृतकको मृत्युको कारण छातीको चोट प्रमुख "हुन सक्छ" भनी विषेषज्ञले लेखाइ दिएको भरमा मात्र मृतकको मृत्यु प्रतिवादी कै कर्तव्यबाट भएको भनी अर्थ लगाउन मिल्दैन। सो कुरा मिसिल प्रमाणले समर्थन गरेको हुनु पर्दछ। अनुमानका कुराले प्रमाणको रुप ग्रहण गर्दैन। दोषी मुकरर गर्न ठोस प्रमाण चाहिन्छ।

२८. तसर्थ जाहेरवालाले वारदातको समयमा मेरो सासु समेतलाई निर्ममतापुर्वक कुटपिट गरेको भनी जाहेरी दिएको, मिति २०७५/०७/०३ गते भएको उमेर वर्ष ९० उल्लेख भएको जगतीदेवी साह हलुवाईको घा जाँच फारममा घाउको प्रकृति सामान्य (**Simple**) उल्लेख भएको देखिएको, सो वारदातको ३ महिना भन्दा बढी अवधि पछि अर्थात मिति २०७५/१०/०९ मा निज जगतीदेवी साहको मृत्यु भएको देखिएको, जाहेरवाली परिवर्तित नाम लहान (ग) ले दिएको

जाहेरी र वकपत्र तथा मृतकको छोरा रामदेव साहले मिति २०७६/०१/०३ मा दिएको जाहेरी र वकपत्र विरोधाभाषपुर्ण देखिएको, मृत्युको कारण **Undetermined** उल्लेख भएको, शरिरमा चोटको प्रकार हेर्दा छातीको चोट प्रमुख हुन सक्छ भनी चिकित्सक डा.प्रदिपकुमार यादवले वकपत्र गरेको देखिएपनि मिति २०८०/०७/०३ को वारदात भएको ३ महिना पछि मृतकको मृत्यु भएको, सोही वारदातमा लागेको चोटले मृतकको मृत्यु भएको भन्ने स्थापित हुन नसकेको स्थितिमा कर्तव्य ज्यान जस्तो जघन्य फौजदारी कसूरमा भरपर्दो प्रमाणको अभावमा दोषी ठहर गर्न फौजदारी न्यायको सिद्धान्त विपरीत हुने भएकोले प्रतिवादी उपरको कर्तव्य ज्यान तर्फको अभियोग दावी पुग्न नसकी आरोपित कसूरबाट सफाई पाउने ठहर्छ ।

२९. अब, जवरजस्ती करणीको उद्योगको मागदावी तर्फ विचार गर्दा, पीडित परिवर्तित नाम लहान (ग) को किटानी जाहेरी परेको छ। अदालतमा वकपत्र गर्दा प्रतिवादीले ३ पटक मेरो घरमा घटना घटाई सकेको छ। कसैलाई भने मारी दिन्छु ... भनी धम्की दिइ रहन्थ्यो भनी लेखाइ दिएको देखिन्छ। वादी पक्षका साक्षी घटनास्थल मुचुल्कामा वस्ने रामदेव साहले प्रतिवादी अजय कुमार यादव पेन्ट र गञ्जी लगाएर भागेको मैले देखेको हुँ भनी वकपत्र गरेको देखिन्छ। बस्तुस्थिति मुचुल्का गर्ने जानकी कुमारी यादवले बोलाई घटनास्थलमा बिहान जाँदा लुगा च्यातिएको थियो। रोइकराई रहेको थियो भनी बकपत्र गरेको देखिन्छ। पीडितको साडी च्यातिएको भन्ने शारिरीक परिक्षण प्रतिवेदन छ।

३०. प्रतिवादी वारदात भयो भनिएको मितिमा वारदातस्थलमा नभै अन्यत्रै रहेको र राजनीतिक रिसइविले मुद्दा दिएको भनी आरोपित कसुरमा इन्कार रहेपनि निजले अन्यत्र थिएँ भनी लिएको जिकिर खण्डित देखिएको कुरा माथि विवेचना गरी सकिएको छ। एउटा गृहस्थ जीवन व्यतित गरिरहेको विवाहित महिलाले विना घटना/कारण प्रतिवादी उपर राजनीतिक रिसइविकै भरमा पोल गरेको होलिन भन्ने कुरा विश्वासलायक देखिन आएको छैन।

३१. तसर्थ विवेचित तथ्य आधार कारणहरुबाट प्रतिवादी अजय कुमार यादवले अभियोग दावी बमोजिमको जवरजस्ती करणीको उद्योगको कसूर गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (३) (ङ) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३४ (३) बमोजिमको सजायको माग दावी देखिदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन)-ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारण तर्फ छुट्टै सुनुवाईको लागि दुवै पक्षबाट सजाय पूर्वको प्रतिवेदन पेश गर्न लगाई मिति २०८०।१२।२२ गतेको पेसी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०८०।१२।६ को कसुर ठहर निर्णय।

## सजाय निर्धारण ठहर

१. नियमबमोजिम पेसी सूचीमा चढी प्रतिवादी अजयकुमार यादव उपर जवरजस्ती करणी उद्योगको कसुर गरेको ठहर भएकोले सजाय निर्धारण सुनुवाईको लागि पेस हुन आएको प्रस्तुत मुद्दामा निज प्रतिवादीको हकमा सजाय निर्धारण पूर्वको प्रतिवेदन पेस गर्न जानकारी गराइएकोमा दुवै पक्षबाट प्रतिवेदन पेस हुन आएको पाइएन।

२. यसरी प्रतिवेदन पेस नभए पनि मिसिल संलग्न तथ्य प्रमाणको आधारमा निष्कर्षमा पुग्नु पर्ने नै हुन्छ। तसर्थ वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधीवक्ता श्री राजलाल यादव, तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री जयकुमार गोईत र विद्वान अधिवक्ता श्री उदयचन्द्र यादवले गर्नु भएको वहस समेत सुनियो। साथै आज इजलास समक्ष उपस्थित पीडित स्वयमसँग पनि छलफल गरियो।

३. अब प्रतिवादी अजयकुमार यादवलाई कति सजाय निर्धारण हुदा कानून र न्यायको मक्सद पूरा हुने हो भन्नेतर्फ विचार गर्दा, सजाय निर्धारण सम्बन्धमा विचार गर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) बमोजिम हुने सजायमा सोही ऐनको दफा ३४(३) बमोजिमको आधा सजाय र सोही संहिताको दफा २२८ बमोजिम पीडितलाई क्षतिपूर्ति समेतको माग दावी लिई अभियोग पत्र पेस भएको छ। उक्त दफा दफा २१९(३)(ङ) मा अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरको महिला भए सात वर्षदेखि दश वर्षसम्म कैद हुने कानूनी व्यवस्था छ। त्यसैगरी दफा ३४(३) मा यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कसुर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसुरको लागि तोकिएको सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था देखिन्छ।

४. यसैगरी सोही संहिताको दफा २२८ अनुसार हाडनाता करणी र पशु करणी अन्तरगतको कसुरवाहेकका करणी सम्बन्धी कसुरबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिव क्षतिपूर्ति भराई दिनु पर्ने कानूनी व्यवस्था देखिन्छ।

५. यसरी उल्लिखित कानूनी व्यवस्थाहरु बमोजिम प्रतिवादीलाई निजले गरेको जवरजस्ती करणीको उद्योग कसुर वापतमा ३ वर्ष ६ महिना देखि ५ वर्षसम्म कैद हुन सक्ने देखिन्छ। यही तजविजको सिमाभित्र रही निज प्रतिवादीलाई हुने सजाय र क्षतिपूर्तिसमेतको निर्धारण गर्नु पर्ने देखिन्छ।

६. पीडितसँग आज छलफलसमेत भयो। वारदात हुदाको समयमा निज पीडित ४५ वर्ष उमेरको विवाहित महिला भन्ने देखिन्छ। त्यसैगरी पीडक प्रतिवादीको उमेर वर्ष ३८ र पेसा मजदुरी गर्ने विवाहित पुरुष भन्ने देखिन्छ। प्रतिवादीको ४ जनाको परिवार ७ कठ्ठाजति जग्गा छ भनी वयानमा उल्लेख गरेको देखिन्छ। यिनै पीडित र पीडकको उमेर, अवस्था, पारिवारिक स्थिति, पीडितको सामाजिक जीवनयापनमा पर्न जाने असर समेतलाई विचार गरी सजाय तथा क्षतिपूर्ति निर्धारण गर्नु पर्ने हुन आएको छ।

७. तसर्थ यिनै तथ्यलाई मनन गरी निज प्रतिवादी अजयकुमार यादवलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) र दफा ३४(३) बमोजिम ३ वर्ष ७ महिना ४ दिन कैद सजाय हुने र दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितले २५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराई लिन पाउने समेत ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.८००।- (आठ सय) पीडित राहत कोषमा जम्मा गरी दिने ठहर्छ। प्रतिवादी उपरको ज्यान मारेको कसुर र एकिकृत कसुर गरेको तर्फको अभियोग दावी पुग्न सक्दैन। अरुमा

तपसिलबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरी दिएँ।

**तपसिल**

- प्रतिवादी अजयकुमार यादवलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(ङ) र दफा ३४(३) वमोजिम ३ वर्ष ७ महिना ४ दिन कैद सजाय हुने ठहरेकोले निज पुर्पक्षको क्रममा मिति २०७६।८।२२ देखि २०७७।३।२६ सम्म ७ महिना ४ दिन थुनामा बसेको देखिदा सो थुनामा बसेको अवधि कटाई बाँकी कैद ३ वर्ष निज बेरुजु हुदा लगत कसी असुल गर्नू -------------------------------------------------------१
- प्रतिवादीबाट पीडितले रु.२५,०००।– (पच्चिस हजार) क्षतिपूर्ति पाउने ठहरेकोले प्रतिवादीले मिति २०७७।३।२६ मा र. नं. १०५४३ बाट रु.३,००.०००।– धरौटीमा राखेको देखिदा पीडितले निवेदन दिए सोही धरौटीबाट कटाई पीडितलाई रु. २५०००।– दिनू र बाँकी धरौटी रु.२,७५,०००।– निज प्रतिवादीलाई लागेको बाँकी कैद असुल भएपछि नियमानुसार फिर्ता दिनू.............................................................२
- प्रस्तुत फैसला उपर चित्त नबुझे ७० दिनभित्र श्री उच्च अदालत जनकपुर, राजविराज ईजलाश, सप्तरीमा पुनरावेदन गर्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४ बमोजिम श्री जिल्ला सरकारी वकील कार्यालय, सिरहालाई र प्रतिवादीलाई पुनरावेदन म्याद दिनू -------------------------------------------------------------२
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू----------------------------------------------------------------------------३

**फैसला तयार गर्न सहयोग गर्नेः-**

कम्प्युटर अपरेटरः- रोशन कुमार राय

फाँटवालाः- गुन्जेश्वर महतो

मुद्दा फाँट ६

........................

**(आनन्दराज पन्त)**

**न्यायाधीश**

ईति सम्वत् २०८० साल चैत्र २२ गते रोज ५ शुभम्....................................।

दस्तखतः-

फैसला प्रमाणिकरण मितिः-२०८०।१२।२२।५

श्री

सिन्धुपाल्चोक जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री भगवती शर्मा ढुङ्गाना

फैसला

स.फौ.नं. ०८०-C१-०००४

दायर मितिः-२०८०।०४।१६

र.नं. ४३-०८०-०००२९

फैसला मितिः २०८०।१०।१५।२

नि.नं. ३२

| | |
|---|---|
| सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.वडा नं. १३ बस्ने वर्ष ५२ को यम प्रसाद चौलागाईको जाहेरीले **नेपाल सरकार**------------------------------------------------१ | **वादी** |

**विरूद्ध**

| | |
|---|---|
| खड्गबहादुर घलेको छोरा सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ५ बस्ने बर्ष ४५ को **दिपेन्द्र घले**------------------------------------------------१ | **प्रतिवादी** |

**मुद्धाः- सवारी ज्यान**

**वादीको प्रमाण**

**साक्षीः** जाहेरवाला, मौकामा कागज गर्ने मानिसहरू

**कागजः**

**प्रतिवादीको प्रमाण**

**साक्षीः** मकर तामाङ

**कागजः**

**अदालतबाट बुझेको**

साक्षी

कागज

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र परी दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर निम्नानुसार रहेको छः

**तथ्य खण्ड**

१. **यमप्रसाद चौलागाईको जाहेरी दरखास्त**

मिति २०८०।०३।२५ गते अन्दाजी १५:०० बजेको समयमा सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.-१० स्थित बन्देउ चौतारा सडक खण्डको सिमलबोट नजिक साङवाली खोल्सा माथि पिच सडकमा बन्देउबाट चौतारातर्फ आउँदै गरेको प्रतिवादी दिपेन्द्र घलेले चलाई ल्याएको बागमती प्रदेश ०६-०२ प ५०९८ नम्बरको मोटरलाईकल र चौताराबाट आफ्नो घर हुँदै काठमाण्डौतर्फ जाँदै गरेको छोरा सुनिल चौलागाईले चलाई लिई गएको बा.८३ प ६४३८ नम्बरको सुजुकी जिक्सर मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा चालक दिपेन्द्र

घलेले तत्कालै उद्दार र उपचारतर्फ कुनै चासो नदेखाएकोले छोरा सुनिल चौलागाईको मृत्यु भएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत बेहोराको जाहेरी दरखास्त।

२. **घटनास्थल मुचुल्का**

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा. वडा नं.१० स्थित पूर्वमा कोलपाटा गाउँ, पश्चिममा माझ टोल, उत्तरमा चौतारातर्फ जाने सडक खण्ड र दक्षिणमा दोलालघाट जाने सडक खण्ड रहेको यति चार किल्ला भित्र रहेको चौतारा बन्देउ सडक खण्डको चौडाई १९ फिट रहेको, उक्त सडकको बाँया किनाराबाट पूर्वतर्फ ८ फिट सिधा आलो रगतको टाटो रहेको, सोही बाँया किनारा देखि पूर्वतर्फको दुरीमा बा.८३ प ६४३८ नम्बरको SUZUKI GIXXER मोटरसाईकल रहेको, सोही बाँया किनारा देखि २ फिट पुर्वमा बागमती प्रदेश ०६-०२९-५०९८ नम्बरको TVS कम्पनिको Raider लेखिएको मोटरसाईकल रहेको, रगतको टाटो रहेको स्थानबाट उत्तरतर्फ ३९ फिटको दुरीमा २८ फिट ब्रेकको डाम रहेको, घटनास्थल सडकमा घोटिएको डामहरु रहेको, Raider का मोटरसाईकल चालक सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.५ बस्ने दिपेन्द्र घले र दुर्घटित दुवै मोटरसाईकललाई प्रहरीले नियन्त्रणमा लिएको भन्ने घटनास्थल मुचुल्का।

३. **लाँस जाँच मुचुल्का**

सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा. वडा नं. ५ चौतारा स्थित रहेको चौतारा अस्पतालको दक्षिणतर्फ मुलढोका भएको ईमरजेन्सी रुमको मुलढोकासँगै जोडिएको पूर्व-दक्षिण भित्तामा GREEN ZONE लेखिएको १ नम्बर बेडमा हरियो तन्नाले पुर्ण रुपमा छोपेको अवस्थामा रहेको, उक्त तन्ना हटाई हेर्दा पुर्व टाउको, पश्चिम खुट्टा भई उत्तानो अवस्थामा मृतक सुनिल चौलागाईको लाश रहेको, मृतकको नाकको बाँया प्वालबाट रगत जस्तो रातो पदार्थ बगी सुकेको, दाहिने हातको नाडीमा सेतो पट्टी बाँधेको अवस्थामा रहेको, दाहिने हातको नाडी भाच्चिएको जस्तो देखिएको, दाहिने हातको हत्केलामा धसारिएको घाउचोट रहेको, दाहिने कोखामा धसारिएको घाउचोट रहेको र दुबै घुडाहरुमा धसारिएको घाउचोट रहेको भन्ने समेत बेहोराको लाशजाँच मुचुल्का।

४. **प्रतिवादी दिपेन्द्र घलेले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान**

मिति २०८०।०३।२५ गते मेरो घर बिदा ७ दिन पास भई सोही दिन आफ्नो नाममा रहेको बागमती प्रदेश ०६-०२प ५०९८ नम्बरको मोटरसाईकलमा नुवाकोटबाट आफ्नो घर चौतारा तर्फ घर आउने क्रममा अ. १५:०० बजेको समयमा सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.१० स्थित बन्देउ चौतारा सडक खण्डको सिमलबोट नजिक साङवाली खोल्सा कटी उकालो सडकमा आफ्नो साईडमा मोटरसाईकल हाँकी बढी रहेको अवस्थामा नम्बर याद गर्न नसकेको म भन्दा अन्दाजी १० मिटर अगाडी २ जना बसेको एउटा पलसर मोटरसाईकल गई रहेको थियो। विपरित दिशाबाट जाहेरवालाको छोरा मृतक सुनिल चौलागाईले हाँकेको बा.८३ प ६४३८ नम्बरको मोटरसाईकल तिव्र गतिमा आई रहेको थियो।

तिव्र गतिमा आएको मृतकको मोटरसाईकलले म भन्दा अगाडी कुदि रहेको पल्सर मोटरसाईकलसँग झण्डै ठक्कर लाग्न खोजेको थियो। मृतकको मोटरसाईकल अनियन्त्रित भई हल्लिदै आएको देखे पश्चात अब म अगाडी बढेमा मेरो मोटरसाईकललाई ठक्कर दिई दुर्घटना गराउन सक्छ भन्ने लागि मैले आफ्नो मोटरसाईकललाई आफ्नै साईडमा रोकी ओर्लिन खोज्दा निज मृतकको मोटरसाईकल सडकमा पछारी घिस्रिएर आएर मेरो मोटरसाईकललाई मृतकको मोटरसाईकलले ठक्कर दिई मलाई समेत लडाई घाईते बनाएको हो। म लडी केही समय पछि उठ्न खोज्दा मेरो दाहिने घुँडा र दाहिने हातको कुहिनामा घाउँचोट लागेकोले उठ्न सकिन। त्यसपछि घटनास्थल वरपर रहेका मानिसहरु र उक्त सडक खण्डमा सवारी साधनमा आवतजावत गर्ने यात्रुहरु भेला जम्मा भई मलाई मैले नचिनेका मानिसले उठाए। म बिस्तारै उठेर बसी जाहेरवालाको छोरा सुनिल चौलागाई लाई हेर्दा गम्भिर अवस्थामा घाईते भई सडकमा लडि रहेका थिए। निजको दाहिने हात भाच्चिएको हो कि जस्तो देखें। घटनास्थलमा उपस्थित मानिसहरु कसैले प्रहरीलाई खबर गरे भन्ने कसैले एम्बुलेन्सलाई खवर गरि रहेको त कसैले घाईतेलाई पानी खुवाउ खुवाउ भन्दै थिए भने कसैले प्रहरी नआईकन छुन हुदैन भन्दै कुरा गरिरहेका अवस्थामा घटनास्थलमा प्रहरी कर्मचारी आई घटनास्थलको अवलोकन गरी घटना बारे प्रहरी कार्यालयमा जानकारी गराई एम्बुलेन्सलाई खबर गरेको सुनेको थिएँ। मैले पनि त्यहाँ वरिपरि भएका मानिसहरुलाई घाईतेलाई तत्काल उपचारको लागि अस्पताल लैजाउ-लैजाउ भनि रहेको थिएँ। मैले भनेका कुरा सुनेर अन्य मानिसहरुले गम्भिर घाईतेलाई लैजाउ-लैजाउ छिटो लानुपर्छ भन्दै थिए। सडकमा आवतजावत भई रहेका सवारी साधनहरुलाई रोकी नेपाल प्रहरी समेत भई घाईतेलाई उपचारको लागि अस्पताल लान अनुरोध गर्दा पछि समस्यामा परिन्छ भनी कसैले लान मानेका थिएनन्। घटना घटेको अं. एक घण्टा पछि चौताराबाट एम्बुलेन्स आए पछि उक्त एम्बुलेन्समा घाईते भएका मोटरसाईकल चालक सुनिल चौलागाईलाई उपचारका लागि चौतारा अस्पतालमा पठाएका थियौं। म घटनास्थलमा नै रहे बसेको अवस्थामा प्रहरी टोलीले घटनास्थल मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान सम्पन्न गरी मलाई समेत तपाईसँग सोधपुछ गर्नु छ, हिड्नुस भनेकोले म साथमा लागि आएको हुँ। गम्भिर घाईतेको सोही दिन चौतारा अस्पतालमा मृत्यु भए पश्चात प्रहरीले मलाई सवारी ज्यान कसूरमा पक्राउ गरी नियन्त्रणमा लिएका हुन्। मृतक सुनिल चौलागाईले चलाएको बा. ८३ प ६४३८ नम्बरको मोटरसाईकल अनियन्त्रित भई चिप्लि घिस्रिएर आई मेरो मोटरसाईकलको दाहिने साईडमा ठक्कर दिंदा मेरो मोटरसाईकल वाँया साईडमा ढलेको थियो। मैले चलाई बागमति प्रदेश ०६-०२ प ५०९८ नं.को १२५ सि.सी को TVS Raider मोटरसाईकल दुर्घटनाको समयमा २ नं. गियरमा २०/२२ को गतिमा थियो। दुर्घटना हुँदाको समयमा मौसम सफा थियो। दुर्घटनास्थल बन्देउबाट आउँदा उकालो- उकालो र चौताराबाट झर्दा ओरालो-ओरालो पिच र केही घुमाउरो थियो भन्ने समेत बेहोराको बयान।

**५. माईली तामाङनीले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते म माईती घर हर्रेबाट हिड्दै आफ्नो घर साँगाचोक भन्ज्याङतर्फ डोको बोकी पैदल सडकको बाँया किनाराबाट हिड्दै जाने गर्ने क्रममा हर्रे कोलपाटा स्थितमा एक्कासी गन्द्रयाङ ठुलो स्वरमा आवाज आए पछि फर्की हेर्दा मेरो पछाडी अं. ५ हात परको दुरीमा दुईवटा मोटरसाईकल लडेको अवस्थामा देखें। भित्ता पट्टी लडेको मानिसले सकी नसकी एउटा मोटरसाईकल उठाई अलिकति सारी उभि बसेका थिए। केही समय पछि चौतारा तर्फबाट आएको माईक्रोबस रोकी सो माईक्रोबसबाट मानिसहरु झरी हेर्दै यताउता फोन गरी रहेका थिए। पछि घटनास्थलमा मानिसहरु धेरै जम्मा हुन थाले। घटनास्थलमा प्रहरी समेत आई सके पछि सडकमा जम्मा भएका मानिसहरुलाई सडक किनारामा साईड लगाए पछि म पनि नजिकै गई हेर्दा सडकमा घोप्टो परी ब्याग बोकेको अवस्थामा एक जना मानिस देखेको र सो व्यक्तिले चालचुल केही गरेको थिएन। सो व्यक्तिको दाहिने हात भाच्चिएको जस्तो तथा सो हातको नाडीबाट रगत बगेको जस्तो समेत देखें। सडकमा मोटरसाइकलले कोतरिएका डोबहरु थियो। पछि अन्दाजी एक घण्टा पछि चौताराबाट एम्बुलेन्स आए पछि प्रहरीले सो घोप्टो अवस्थामा रहेको मानिसलाई उठाई एम्बुलेन्समा राखी चौतारा तर्फ लिई गएको थिए। मैले दुवै मोटरसाईकल लडी सके पछि मात्र देखेको हुँ। म आफ्नै सुरमा हिड्दै गर्दा एक्कासी ठुलो स्वरमा गन्द्रयाङ आवाज आए पछि फर्केर हेरे पछि मात्र उक्त दुर्घटना बारे थाहा पाएको हुँ। के कसरी उक्त घटना भयो सो मलाई थाहा भएन। मिति २०८०।०३।२६ गते विहान गाउँघरमा घाईते भएका व्यक्तिको मृत्यु भएको भन्ने हल्ला सुनी थाहा पाएकी हुँ भन्ने समेत बेहोराको घटनाविवरण कागज।

६. **बुद्ध तामाङले गरेको घटनाविवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको अं.१५:०० बजेको समयमा म चौतारा साँगाचोकगढी न.पा. वडा नं.१० देउरालीमा थिएँ। प्रहरी चौकी साँगाचोकबाट खटि आएको प्रहरी टोलीले मलाई सवारी दुर्घटना कहाँ भएको छ भनी सोधे पश्चात मलाई थाहा छैन, के कँहा रहेछ भनी म समेत प्रहरीसँगै साथमा लागि घटनास्थल तर्फ गएको हुँ। घटनास्थलमा गई हेर्दा एक जना घाईते सडकमा लडी रहेको, निजको दाहिने हातमा चोट लागि रगत बगि हलचल गरि रहेको अवस्थामा थियो। घटनास्थलमा ३०-३५ मिनेट सम्म हलचल गरि रहेका घाईते सो पश्चात हलचल गरेको देखिन। एम्बुलेन्समा राख्दा समेत हलचल गरेको देखिन। घटनास्थलमा प्रतिवादी दिपेन्द्र घलेले सुनाए अनुसार घाईतेको मोटरसाईकल घिस्रिएर आई रोकेको मेरो मोटरसाईकलमा ठक्कर दिएको भनी सुनाएका थिए। घटना के कसरी भयो मैले देखिन। घटनास्थलबाट तत्काल उद्दार गरि घाईतेलाई उपचारको लागि पठाउन सकिएको भए निज घाईतेको ज्यान बच्न सक्ने सम्भावना थियो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

७. **बिरबहादुर तामाङले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको अं.१५:०० बजेको समयमा म चौतारा साँगाचोगढी न.पा.वडा न.१० कोलवाडा स्थित आफ्नै बारीमा मकैमा मल हाल्दै थिएँ। गाउँघरमा हो-होल्ला भई सवारी दुर्घटना भएको छ भनि सुनि थाहा पाई घर देखि नजिकै भएको सवारी

दुर्घटनाको दुर्घटनास्थलमा गई हेर्दा एक जना घाईते सडकमा लडी रहेको, निजको दाहिने हातमा चोट लागि रगत बगि हलचल गरि रहेको अवस्थामा थियो, बा ८३ प ६४३८ नम्बरको सुजुकी जिक्सर मोटरसाईकल सडकको बाया साईडमा थियो र माईक्रोबसको ड्राईभर र अन्य २-३ जना मानिसहरुले साईडमा लगाउदै थिए भने घाईतेको अगाडी रहेको बागमती प्रदेश ०६-०२ प ५०९८ नम्बरको मोटरसाईकल पनि मानिसहरुले दाँया किनारा तर्फ साईड लगाउदै थिएँ। प्रहरी चौकी साँगाचोकबाट खटि आएको प्रहरी टोलीले गए पश्चात अन्दाजी १ घण्टा पछि चौतारा तर्फबाट एम्बुलेन्स आई घाईतेलाई उपचारको लागि चौतारा अस्पताल तर्फ लिई गएको थियो। सोहि दिन बेलुका अं.१९:०० बजेको समयमा घाईतको अस्पतालमा मृत्यु भएको भनी सुनि थाहा पाएको हुँ। उक्त घटना के कसरी भयो मलाई थाहा भएन। घटनास्थलबाट तत्काल उद्दार गरि घाईतेलाई उपचारको लागि पठाउन सकिएको भए निज घाईतेको ज्यान बच्न सक्ने सम्भावना थियो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

८. **नारायण प्रसाद गौतमले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको अं.१५:०० बजेको समयमा म चौतारा साँगाचोगढी न.पा.वडा न.५ स्थित आफ्नै थिए ।सोही दिन अं. १६:३० बजेको समयमा मेरो छोरी चौतारा अस्पतालमा कार्यरत सुदिना गौतमले सवारी दुर्घटना भई सुनिल चौलागाई घाईते भई उपचारको लागि ल्याएको छ भनि छोरीले फोन मार्फत सुनाए पश्चात सुपनि थाहा पाई चौतारा अस्पतालमा गई बुझ्दा बा ८३ प ६४३८ नम्बरको सुजुकी जिक्सर मोटरसाईकल सुनिल चौलागाईले चलाई चौताराबाट आफ्नो घर हुँदै काठमाण्डौ तर्फ जाँदै गर्दा बिपरित दिशा बन्देउबाट चौतारा तर्फ आउदै गरेको बागमती प्रदेश ०६-०२प ५०९८ नम्बरको मोटरसाईकलसँग सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.१० स्थित बन्देउ चौतारा सडक खण्डको सिमलबोट नजिक साङवाली खोल्सा माथि पिच सडकमा एक आपसमा ठक्कर खाई दुर्घटना भएकोमा चौतारा तर्फबाट एम्बुलेन्स आई घाईतेलाई उपचारको लागि चौतारा अस्पताल तर्फ लिई गएकोमा उपचारकै क्रममा निज घाईतेको मृत्यु भएको हो भन्ने कुरा सुनि थाहा पाएको हुँ। घटना के कसरी भयो मलाई थाहा भएन। घटनास्थलबाट तत्काल उद्दार गरी घाईतेलाई उपचारको लागि पठाउन सकिएको भए निज घाईतेको ज्यान बच्न सक्ने सम्भावना थियो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

९. **रामकुमार श्रेष्ठले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको १४:३० बजेको समयमा चौतारा टुडिखेलबाट काठमाण्डौको क्यु लिई बा १ ज ९५६९ नम्बरको माईक्रो चलाई हाँकी काठमाण्डौ तर्फ जाँदै गर्दा अं.१५:१५ बजेको समयमा म चौतारा साँगाचोगढी न.पा.वडा न.१० स्थित हर्रे सिमलको रुखमा पुग्दा ड्याम ठुलो आवाज सुनेको थिएँ। आवाज सुनेको स्थानबाट अन्दाजी ५० मिटर अगाडी घटनास्थलमा पुग्दा एक जन पुरुष व्यक्ति गम्भिर घाईते अवस्थामा लडी रहेको थिए। मैले तत्काल माईक्रो रोकी प्रहरी कार्यालयमा दुर्घटना बारे खबर गरे। मैले निज गम्भिर घाईतेको टाउकोबाट हेल्मेट खोल्दिए। निजले पानी-पानी भनी आफ्नो चोट लागेको हात तर्फ

यसो हेरेका थिए। निजको चोट लागेको लागेको हातबाट रगत बगि रहेको थियो। निज गम्भिर घाईतेको साथमा भएको मोवाईल निकाली आफन्तहरुलाई खबर गरि दिनु पऱ्यो भनी निकाली हेर्दा निजको मोवाईल फुटेको अवस्थामा थियो। निजको पर्स समेत निकाली हेर्न खोज्दा सो समयमा आई पुगेका बसका प्यासेन्जरहरुले हेर्न हुन्न भने पछि मैले पर्स निकालिन। अर्को सामान्य घाईते भएका मोटरसाईकल चालकलाई प्रतिवादी दिपेन्द्र घले उठेका थिए। सडकमा लडेका दुई वटा मोटरसाईकल माईक्रोबसबाट झरेका प्यासेन्जरहरुले उठाई साईड लगाएका थिए। केही समय पछि दुवै तर्फबाट ठुल-ठुला सवारी आएपछि सडकमा आवतजावत गर्न कठिन जाम भए पछि सडक बिचमा रहेको माईक्रो हटाउनु पऱ्यो भन्ने कुरा आए पछि यात्रुहरु राखी म आफ्नो माईक्रो चलाइ काठमाण्डौ तर्फ गएको हुँ। सो पश्चात के-के भयो मलाई थाहा छैन। तत्कालिन समयमा घटनास्थलको अवलोकन गर्दा दुवै मोटरसाईकल लडेको अवस्थामा थिए, अनुमान गर्दा माथिल्लो साईडबाट आएको मोटरसाईकल घिस्रिएको हुनुपर्छ, सडकमा घिस्रिएका डामहरु थिए। समयमै उद्दार भएको भए निज गम्भिर घाईते बाच्न सक्ने स्थितीमा थियो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

**१०. रहरबहादुर तामाङले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको अं.१५:०० बजेको समयमा म चौतारा साँगाचोगढी न.पा.वडा न.८ गोठपानीमा थिएँ। म गोठपानीमा रहेकै अवस्थामा घरबाट मेरो परिवारले फोन गरी हाम्रो घर भन्दा तल सडकमा मोटरसाईकल लडेर मान्छे मऱ्यो रे भन्ने हल्ला सुनी के भएको रहेछ बुझ्न भनी म आफ्नो मोटरसाईकलमा घटनास्थलमा आई हेर्दा एक जना पुरुष सडकमा गम्भिर घाईते अवस्थामा रहेछन्। के कसरी घटना भयो भनी बुझ्दा चौताराबाट बन्देउ तर्फ तिब्र गतिमा गएको मोटरसाईकल आफै अनियन्त्रित भई पल्टी घिस्री बन्देउबाट चौतारा तर्फ आएको प्रतिवादी दीपेन्द्र घलेले चलाई ल्याएको मोटरसाईकलसँग ठक्कर खान गएको भन्ने हल्ला सुने। मैले घटनास्थलमा रहेका अन्य मानिसहरुसँग दुर्घटनामा सम्लग्न मोटरसाईकल कस्ले उठायो त भनी बुझ्दा माईक्रो र बसका चालकहरुले उठायो भनी हल्ला गर्दै थिए। सडकमा ब्रेकको डाम र कोतरिएका डोबहरु थिए। म घटनास्थलमा पुगेको अं.५/१० मिनेट पछि चौताराबाट एम्बुलेन्स आई पुगि घाईते भई बेहोस अवस्थामा लडी रहेका मानिसलाई उपचारका लागि चौतारा अस्पताल तर्फ लिई गएको थियो। मलाई चौतारा तर्फबाट तिब्र गतिमा गएको मोटरसाईकल आफै अनियन्त्रित भई लडेको जस्तो लाग्छ। सोहि बेलुका अं.१९:०० बजेको समयमा दुर्घटनामा परेको घाईतेको चौतारा अस्पतालमा मृत्यु भएको भनी सुने। घटनास्थलबाट तत्काल उद्दार गरि घाईतेलाई उपचारको लागि समयमै पठाउन सकिएको भए निज घाईतेको ज्यान बच्न सक्ने सम्भावना थियो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

**११. सुनिल लामाले गरेको घटना विवरण कागज**

मिति २०८०।०३।२५ गते दिनको अं.१५:०० बजेको समयमा म चौतारा साँगाचोगढी न.पा.वडा न.१२ साँगाचोक बजारमा थिएँ। बजारमा मानिसहरु हर्रे डाँडा मोटरसाईकल दुर्घटना भएछ भन्ने हो हल्ला गरे पछि के कसो भएछ भनी वास्तविकता बुझ्न म पनि तत्काल

घटनास्थलमा पुगी हेर्दा एक जना पुरुष सडकमा गम्भिर घाईते भई लडी रहेको अवस्थामा रहेछन्। के कसरी घटना भयो भनी घटनास्थलमा रहेका मानिसहरुसँग बुझ्दा चौताराबाट बन्देउ तर्फ तिब्र गतिमा आएको मोटरसाईकल आफै अनियन्त्रित भई पल्टी घिस्री बन्देउबाट चौतारा तर्फ आएको प्रतिवादी दीपेन्द्र घलेले चलाई ल्याएको मोटरसाईकलमा छुन गएको भन्ने सुनें। घटनास्थल सडकमा चौतारा तर्फबाट आएको मोटरसाईकलले सडकमा कोतरिएका डोबहरु र ब्रेकको डाम थियो। म समेतले गम्भिर घाईतेलाई तत्काल उद्दारका लागि सडकमा आवतजावत गरि रहेका सवारी साधनहरुलाई उपचारको लागि अस्पताल लान धेरै नै अनुरोध गरे पनि कसैले पनि उद्दार गर्न तर्फ चासो दिएनन्। सबै जना प्राय समस्यामा परिन्छ भनी पन्छिएका थिए। साँगाचोकको एम्बुलेन्सलाई खबर गर्दा समेत एम्बुलेन्स बिग्रेको भन्ने जानकारी पायौं। घाईतेलाई म घटनास्थलमा पुगेको अं.१ घण्टा पछि चौताराबाट एम्बुलेन्स आई पुगि घाईते भई बेहोस अवस्थामा लडी रहेका निज घाईतेलाई उपचारका लागि चौतारा अस्पताल तर्फ लिई गएको थियो। दुर्घटना हुँदाको समयमा म घटनास्थलमा प्रत्यक्ष रुपमा नभएकोले के कसरी दुर्घटना भयो मलाई थाहा भएन। मैले घटनास्थल अवलोकन गर्दा तथा घटनास्थलमा तत्कालिन उपस्थित मानिसहरुबाट बुझ्दा गम्भिर घाईते भएका निज व्यक्तिले चौतारा तर्फबाट तिब्र गतिमा मोटरसाईकल हाँकी ल्याई आफै अनियन्त्रित भई पल्टी घिस्रीएर प्रतिवादी दिपेन्द्र घलेको मोटरसाईकलमा छुन गएको भन्ने थाहा पाएँ। सोहि बेलुका अं.१९:०० बजेको समयमा गम्भिर घाईतेको चौतारा अस्पतालमा मृत्यु भएको भनी सुनेको हुँ। घटनास्थलबाट तत्काल उद्दार गरि घाईतेलाई उपचारको लागि समयमै पठाउन सकिएको भए निज घाईतेको ज्यान बच्न सक्ने सम्भावना थियो। धेरै मानिसहरुलाई अनुनय विनय गर्दा समेत सबैले समस्यामा परिन्छ भनी पन्छिएकोले घाईतेको तत्काल उद्दार हुन नसकी मृत्यु भएको हो भन्ने समेत बेहोराको घटनाविवरण कागज।

**१२. बागमति प्रदेश विपद व्यवस्थापन गुल्म हेटौडाको पत्र**

बागमती प्रदेश विपद व्यवस्थापन गुल्म हेटौडा दरबन्दी भई बेश क्याम्प नुवाकोटमा कार्यरत प्र.ना.नि. दिपेन्द्र घले मिति २०८०।०३।२५ गते घर बिदा जाने क्रममा सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.१० स्थित बन्देउ चौतारा सडक खण्डमा निजले चलाएको मोटरसाईकलबागमति प्रदेश ०६-०२प-५०९८ नम्बरको मोटरसाईकल र विपरित दिशाबाट आएको बा ८३ प ६४३८ नम्बरको मोटरसाईकल एक आपसमा ठक्कर खाँदा बा ८३ प ६४३८ नम्बरको मोटरसाईकल चालक सुनिल चौलागाई घाईते भई उपचारको क्रममा मृत्यु भई निज प्र.ना.नि दिपेन्द्र घले उपर सवारी ज्यान मुद्दा दर्ता भई प्रहरी हिरासतमा रहेको हुँदा प्रहरी नियमावली,२०७१ (संशोधन सहित) को नियम ११५ को उपनियम -८ बमोजिम स्वतः निलम्बनमा रहने भन्ने बागमति प्रदेश विपद व्यवस्थापन गुल्म हेटौडाको मिति २०८०।०३।२८ गतेको पत्र मिसिल सामेल रहेको।

**१३. सडक दुर्घटना प्रतिवेदन**

मिति २०८०।०२।३० गते अं १५:४० बजेको समयमा सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं १० हर्रे स्थित चौतारा वन्देउ सडक खण्डमा चौताराबाट वन्देउ तर्फ आउँदै गरेको बा ८३ प ६४३८ नं को मोटरसाईकल र विपरित दिशाबाट आउँदै गरेको बा.प्र.०६-०२प ५०९८ नं. को मोटरसाईकल एक आपसमा ठक्कर खादा बा ८३ प ६४३८ नं को मोटरसाईकल चालक सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं १३ बस्ने बर्ष २२ को सुनिल चौलागाई गम्भिर घाईते भई उपचारार्थ जिल्ला अस्पताल चौतारा सिन्धुपाल्चोकमा पठाईएकोमा अस्पतालले चेक गर्दा मृत्यु भएको भनी चिकित्सकले घोषणा गरेको।

**१४. सवारी मेकानिकल चेक जाँच प्रतिवेदन**

क) दुर्घटित बा.८३ प ६४३८ नं. को Gray रंगको सुजुकी जिक्सर मोटरसाईकलको दाँया तर्फको साईलेन्सर पाईप धसारिएको (Scratch), सोही साईलेन्सर पाईपको ढकनी उप्किन लागेको अवस्थामा रहेको, दाँया तर्फको हेण्डिलको एकस्सीलेटर रहेको भागमा धसारिएको (Scratch), दाँयातर्फ साईडको ब्याक लाईट, स्टयाण्डमा धसारिएको (Scratch), दाँया तर्फको लेगगार्डको माथिल्लो डण्डी (लेयर) को चुच्चोमा धसारिएको (Scratch), दाँया तर्फकै लेगफुटमा धसारिएको (Scratch) अवस्थामा रहेको, उक्त मोटरसाईकलको एक्सिलेटर, ब्रेक, हर्न, हेडलाईट, साईटलाईटहरु लगायत ईन्जिनको यान्त्रिक अवस्था सही हालतमा रहेको।

ख) दुर्घटित बा. प्र. ०६-०२ प ५०९८ नं. को कालो रंगको TVS Raider मोटरसाईकलको अगाडीको हेड लाईटको दाँया तर्फको माईजर कभर फुटेको, अगाडीको टायर माथिको टप दाँया बाँया दुबै तर्फबाट फुटेको, बाँया तर्फको लेगगार्ड र लेगफुटमा धसारिएको (Scratch), उक्त मोटरसाईकलको एक्सिलेटर, ब्रेक, हर्न, हेडलाईट, साईटलाईटहरु लगायतका इन्जिनको यान्त्रिको अवस्था सही हालतमा रहेको।

**१५. मृतक सुनिल चौलागाईको शव परीक्षण प्रतिवेदन**

Cause of Death:- Traumatic injury with hemorrhage on chest wall cavity and abdominal cavity

**१६. क्रिया खर्च तथा क्षतिपुर्ति कागज**

सवारी साधन ऐन अनुसार दुर्घटनामा परि मृत्यु भएको व्यक्तिको आफन्त वा हकदारलाई क्रियाखर्च र क्षतिपूर्ति दिलाई भराई दिने प्रावधान अनुसार सवारी धनीको तर्फबाट मृतकको हकदारले पाउने नियमानुसारको क्रियाखर्च तथा क्षतिपुर्ति बापतको रकम मृतकको आफन्तले पाउने गरी जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको धरौटी खातामा जम्मा गरेको भौचर मिसिल संलग्न रहेको।

**१७. बादी नेपाल सरकारको अभियोग पत्र**

प्रतिवादी दिपेन्द्र घलेले चलाई ल्याएको बागमती प्रदेश ०६-०२ प ५०९८ नम्बरको मोटरलाईकल र चौताराबाट आफ्नो घर हुँदै काठमाण्डौ तर्फ जाँदै गरेको सुनिल चौलागाईले

चलाई लिई गएको बा.८३ प ६४३८ नम्बरको सुजुकी जिक्सर मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा चालक दिपेन्द्र घलेले तत्कालै उद्दार र उपचार तर्फ कुनै चासो नदेखाएकोले सुनिल चौलागाईको मृत्यु भएको देखिंदा निज प्रतिवादी दिपेन्द्र घलेले सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिमको कसुर अपराध गरेकाले निज प्रतिवादीलाई सोही सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१ उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादी दिपेन्द्र घलेबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्कसमेत जम्मा गराई पाउँ।

१८. **प्रतिवादी दिपेन्द्र घलेले यस अदालतमा गरेको बयान**

मिति २०८०।०३।२५ गते मेरो घर विदा ७ दिन पास भई सोही दिन आफ्नो नाममा रहेको बागमती प्रदेश ०६-०२ प ५०९८ नम्बरको मोटरसाईकलमा नुवाकोटवाट आफ्नो घर चौतारातर्फ आउने क्रममा अ. १५:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी न.पा १० स्थित वन्देउ चौतारा सडक खण्डको सिमलवोट नजिक साङवाली खोल्सा कटी उकालो सडकमा आफ्नो साईडमा मोटरसाईकल हॉकी बढी रहेको अवस्थामा नम्बर याद गर्न नसकेको म भन्दा अन्दाजी १० मिटर अगाडी २ जना वसेको एउटा पल्सर मोटरसाईकल म भन्दा अगाडी अगाडी गईरहेको थियो। विपरित दिशा चौतरावाट मृतक सुनिल चौलागाईले हाँकेको बा. ८३ प ६४३८ नम्बरको मोटरसाईकल ओरालो बाटो भएको हुँदा तिव्र गतिमा आई म भन्दा अगाडी गईरहेको पल्सर मोटरसाईकलसँग ठक्कर लाग्न खोजेको थियो। सोवाट मृतकको मोटरसाईकल अनियन्त्रित भई हल्लिदै आएको देखे पश्चात अब दुर्घटना हुन सक्छ भनि आफ्नो मोटरसाईकललाई आफ्नै साईडमा रोकी ओर्लिन खोज्दा निज मृतक र निजले चलाएको मोटरसाईकल सडकमा पछारी मोटरसाइकल मात्र घिस्रिएर आई मेरो मोटरसाईकललाई ठक्कर दिई मलाई समेत लडाई घाइते बनाएको थियो। उक्त दुर्घटनावाट मेरो दाहिने घुँडामा चोट र दाहिने कुहिनामा घाउँ चोट लागेको थियो। सो पश्चात म उठ्न खोज्दा मेरो दाहिने घुँडा र दाहिने हातको कुहिनामा घाउँचोट लागेकोले उठ्न सकिन। त्यसपछि घटनास्थल वरपर रहेका मानिसहरु र उक्त सडक खण्डमा सवारी साधनमा आवतजावत गर्ने यात्रुहरु भेला जम्मा भई मलाई मैले नचिनेका मानिसले उठाए। म विस्तारै उठेर बसी जाहेरवालाको छोरा सुनिल चौलागाईलाई हेर्दा गम्भिर अवस्थामा घाईते भई सडकमा लडि रहेको देखें। निजको दाहिने हात भाच्चिएको हो कि जस्तो देखें। सो देखेपश्चात मलाई रिङगटा लागेको जस्तो असजिलो महसुस भैरहेको थियो। घटनास्थलमा उपस्थित मानिसहरु कसैले प्रहरीलाई खबर गर भने कसैले एम्बुलेन्सलाई खवर गर भनी रहेका थिए। कसैले घाईतेलाई पानी खुवाउ-खुवाउ भन्दै थिए, कसैले प्रहरी नआईकन छुन हुदैन भन्दै कुरा गरिरहेका सुनेको थिएँ। केहि समयपश्चात घटनास्थलमा प्रहरी कर्मचारी आई घटनास्थलको अवलोकन गरी घटना बारे प्रहरी कार्यालयमा जानकारी गराई एम्बुलेन्सलाई खबर गरेको सुनेको थिएँ। मलाई हेरीरहेको उपस्थित मानिसहरुलाई मैले घाईतेलाई तत्काल उपचारको लागि अस्पताल लैजानुहोस मलाई पनि घाउँ चोट लागेको छ भनि भनेको थिएँ। मैले भनेका कुरासुनेर अन्य मानिसहरुले

गम्भिर घाईतेलाई लैजाउ लैजाउ छिटो भन्दै गरेको सुनेको थिए। सडकमा आवतजावत भई रहेका सवारी साधनहरुलाई रोकी नेपाल प्रहरी समेत भई घाईतेलाई उपचारको लागि अस्पताल लान अनुरोध गर्दा पछि समस्यामा परिन्छ भनी कसैले लान मानेका थिएनन्। घटना घटेको अं. एक घण्टा पछि चौताराबाट एम्बुलेन्स आए पश्चात उक्त एम्बुलेन्समा घाईते चालक सुनिल चौलागाईलाई उपचारका लागि चौतारा अस्पतालमा पठाएका हो। म घटनास्थलमा नै रहे बसेको अवस्थामा प्रहरी टोलीले घटनास्थल मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान सम्पन्न गरी मलाई समेत तपाईसँग सोधपुछ गर्नु छ, हिड्नुस भनेकोले म साथमा लागि आएको हुँ। गम्भिर घाईतेको सोही दिन चौतारा अस्पतालमा मृत्यु भए पश्चात प्रहरीले मलाई सवारी ज्यान कसूरमा पक्राउ गरी नियन्त्रणमा लिएका हुन्। उक्त दुर्घटना मेरो कारणबाट नभई मृतकले तिब्र गतिमा चलाएको मोटरसाईकल अनियन्त्रित भई भएको हो।

**१९. मिति २०८०।०४।१४ को थुनछेक आदेश**

पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी दिपेन्द्र घलेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा प्रस्तुत मुद्दाको पुर्पक्षको लागी रू.१,७५,०००।- (अक्षरूपी एक लाख पचहत्तर हजार) नगदै धरौटी वा सो बराबरको जेथा जमानत वा निशर्त बैंक जमानत माग गरी दिए लिई तारिखमा राख्नू। सो अनुसारको नगदै धरौटी वा जेथा जमानत बा बैंक जमानत दिन नसके सोही कारण जनाई नियमानुसार सिधा खान पाउने गरी ऐ. दफा ८० बमोजिमको थुनुवा पूर्जी दिई थुनामा राख्न सम्वन्धित कारागार कार्यालयमा पठाई दिनू। प्रतिवादी चुक्त भैसकेको हुँदा अब जाहेरवाला, मौकामा कागज गर्ने मानिसहरू समेतका वादी नेपाल सरकार पक्षका साक्षीहरूलाई बकपत्रको लागि जिल्ला सरकारी वकील कार्यालय, सिन्धुपाल्चोक मार्फत् यस अदालतमा उपस्थित गराइदिनु भनी सम्बन्धित प्रहरी कार्यालयलाई दिन किटान गरी लेखी पठाउनु र प्रतिवादीलाई समेत सोही दिन आफ्ना साक्षी उपस्थित गराउनु भनि जानकारी गराई उपस्थित गराइएका साक्षीहरूको बकपत्र समेत गराई पेश गर्नू।

**२०. धरौटी दाखिला गरेको विवरण**

मिति २०८०।०४।१४ को आदेशानुसार प्रतिवादी दिपेन्द्र घलेबाट माग भएको धरौटी निज प्रतिवादीले सोही मितिमा र.नं. ००७ बाट नगदै दाखिला गरी धरौटी तारिखमा छुटेको।

**२१. घटनाविवरण कागज गर्ने रामकुमार श्रेष्ठले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको वेहोरा र सोमा भएको सहिछाप मेरै हो। घटनास्थलमा मृतकले चलाएको बाईक नै घिस्रिएर आएको डोब/ दाग देखिन्थ्यो। मृतकले चलाएको बाईक नै अलि बढी गतिमा भएको जस्तो देखिन्थ्यो। घटना भए पश्चात मैले नै शुरूमा देखेको हुँ तर घटना मेरो आँखाले देखेको होइन। प्रतिवादीको मोटरसाईकल नालातिर लडिरहेको अवस्थामा थियो। प्रतिवादीले चलाएको मोटरसाईकलको कारणबाट उक्त दूर्घटना भएको जस्तो देखिदैनथ्यो भन्ने समेत बेहोराको बकपत्र।

**२२. प्रतिवादीका साक्षी मकर तामाङले यस अदालतमा गरेको बकपत्र**

म बनदेउबाट टिफरमा बालुवा लिई घटनास्थलमा आईपुग्दा प्रतिवादी घाईते भई रगताम्य भई रहेको अवस्थामा थियो भने मृतक घोप्टो परेको अवस्थामा थियो। प्रहरी कार्यालयमा घटनाको बारेमा सूचना दिने मानिस जितपुर तिरको थियो। घटनास्थलमा भएको जाम खुलेपछि आफूले चलाएको टिफर लिई गएको हुँ। हामी गाडीको जाम खुलेर जाँदासम्म प्रहरी घटनास्थलमा आईपुगेको थिएन। घटनास्थल केही ओरालो बाटोमा भएको हुँदा मृतकले चलाएको मोटरसाईकल स्पिडमा भई चिप्लिएर लडेको र घिस्रिएर आएको जस्तो सडकमा रहेको डोब/दागबाट देखिन्थ्यो। प्रतिवादीको लापरवाहीको कारणले उक्त दूर्घटना भएको जस्तो देखिदैनथ्यो भन्ने समेत बेहोराको बकपत्र।

**२३. घटनाविवरण कागज गर्ने माइली तामाङले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको बेहोरा र सो मा भएको सहिछाप मेरै हो। म घटनास्थल भन्दा करीब पाँच हात भन्दा पर पुगिसकेपछि मोटरसाईकल ठोक्किएको आवाज सुनी फर्केर हेर्दा दुबै वाईक लडिरहेको थियो। म प्रहरी र एम्बुलेन्स आउँदासम्म उक्त स्थानमा बसेको थिएँ। प्रहरी आए पश्चात मात्र घटनास्थलमा गई हेरेको थिएँ भन्ने समेत बेहोराको बकपत्र।

**२४. जाहेरवाला यम प्रसाद चौलागाईले यस अदालतमा गरेको बकपत्र**

मौकामा दिएको जाहेरी वेहोरा र सो मा भएको सहिछाप मेरै हो। मेरो छोरा आफ्नो साइडमा चौताराबाट काठमाण्डौं तर्फ जाँदै गर्दा प्रतिवादीले काठमाण्डौं तर्फबाट तीब्र गतिमा मोटरसाईकल चलाई ल्याई छोराको साइडतर्फ गई मोटरसाईकलमा ठक्कर दिई दूर्घटना गराएको हो। दूर्घटना भए पश्चात प्रतिवादी उठी मेरो छोरालाई हेरी नाडीमा हानेको थियो। उक्त कुरा मैले शब बुझेर लगी हेर्दा र शव परीक्षण हेर्दा थाहा पाएको हुँ। मैले सुन्दा मृतक छोरा डेढ घण्टा जति छट्पटाएको र प्रतिवादीले को कसलाई फोन समेत गरीरहेको थिए। निज प्रतिवादीले अन्य व्यक्तिहरूलाई समेत फोन गरी उद्दार कार्यमा ढिला गरेको र अन्य व्यक्तिहरूले उद्दार गर्न खोज्दा प्रतिवादीले रोकेको र अन्य व्यक्तिहरूलाई फोन गरी उद्दारको कार्यमा ढिला गर्न भनेको हुँदा प्रतिवादीको नियत सफा देखिदैन भन्ने समेत बेहोराको बकपत्र।

**२५. घटनाविवरण कागज गर्ने बुद्ध तामाङले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको बेहोरा र सोमा भएको सहिछाप मेरै हो। मृतकको मृत्यु भएको घोषणा अस्पतालमा भएको हो भन्ने समेत बेहोराको बकपत्र।

**२६. घटनाविवरण कागज गर्ने रहरबहादुर तामाङले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको बेहोरा र सोमा भएको सहिछाप मेरै हो। मृतकको मृत्यु भएको घोषणा अस्पतालमा भएको भन्ने सुनेको हुँ। मृतकलाई हामीले छुन पाएनौं भन्ने समेत बेहोराको बकपत्र।

**२७. मिति २०८०।०६।०४ को आदेश**

पूर्व आदेशानुसार बकपत्रका लागी उपस्थित नगराईएका तर प्रस्तुत मुद्दामा बुझ्नैपर्ने देखिएका वादी नेपाल सरकार पक्षका साक्षीहरू घटनाविवरण कागज गर्ने विरबहादुर तामाङ, सुनिल लामा

र नारायण प्रसाद गौतमलाई बकपत्रका लागी अदालतमा उपस्थित गराईदिनु भनी पुनः सम्बन्धित प्रहरी कार्यालयलाई दिन किटान गरी लेखी पठाई उपस्थित गराए बकपत्रसमेत गराई नियमानुसार पेश गर्नू भन्ने वेहोराको आदेश।

**२८. घटनाविवरण कागज गर्ने सुनिल लामाले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको बेहोरा र सोमा भएको सहिछाप मेरै हो। वारदातस्थलमा म घटना भएपछि पुगेको थिएँ। म पुग्दा घाईते चलिरहेका थिए र रगत बगिरहेको अवस्थामा थियो। हात चाहि भाँचिएको थियो। साँगाचोक र चौतारामा एम्बुलेन्सलाई फोन सम्पर्क गर्दा साँगाचोकको बाहिर गएको भनी भन्नु भएको थियो भने चौताराको एम्बुलेन्स चाहि ढिला मात्र पुगेको थियो। मृतक घाईतेको तत्काल उपचार प्रतिवादीको कारणले गर्दा नभएको होइन। एम्बुलेन्स आउन ढिला भएको कारणले घाईतेको तत्काल उपचार हुन नसकेको हो भन्ने वेहोराको सुनिल लामाले यस अदालतमा गरेको बकपत्र।

**२९. घटनाविवरण कागज गर्ने नारायण प्रसाद गौतमले यस अदालतमा गरेको बकपत्र**

मौकामा गरेको कागजको बेहोरा र सोमा भएको सहिछाप मेरै हो। वारदात सम्बनधमा मलाई चौतारा अस्पतालमा कार्यरत छोरीले फोन सम्पर्क गरी दूर्घटना भएको बारेमा बताएपछि अस्पतालमा गई हेरी चिनी मृतकको गाऊँमा फोन गरी बताएको हुँ। वारदातको भोलिपल्ट वारदातस्थल वरपरका मानिसले भने अनुसार घाईते मृतक सडकमा छटपटाई रहेको र निजलाई उद्दार गर्न खोज्दा प्रतिवादीले वरीपरी नआउनु भनी भनेकोले वारदातस्थलमा भएका अन्य मानिसले तत्काल उद्दा गर्न नसकेको भनी बताउनु भएको थियो भन्ने बेहोराको नारायण प्रसाद गौतमले यस अदालतमा गरेको बकपत्र।

**३०. मिति २०८०।०९।०५ को आदेश**

मिति २०८०।०३।२५ मा सिन्धुपाल्चोक जिल्ला चौतारा सँगाचोकगढी नगरपालिका वडा नं. १० हर्रे स्थित चौतारा बनदेउ सडक खण्डमा भएको सवारी दूर्घटनाको सम्बन्धमा सवारी दूर्घटना प्रतिवेदन (ट्राफिक स्केच तयार गर्ने) दिने प्र.स.नि. सुरज थापा र घटनाविवरण कागज गर्ने बीरबहादुर तामाङलाई बुझ्नुपर्ने देखिएकाले जिल्ला सरकारी वकिल कार्यालय मार्फत बकपत्रको लागी १५ दिनभित्र झिकाई बकपत्रको कार्य सम्पन्न गरी नियमानुसार पेश गर्नू भन्ने बेहोराको आदेश।

**३१. सवारी दूर्घटना प्रतिवेदन दिने प्र.ना.नि. सुरज थापाले यस अदालतमा गरेको बकपत्र**

प्रतिवेदन मैले तयार पारी पेश गरेको हुँ। सो प्रतिवेदनमा भएको बेहोरा साँचो हो। वारदातस्थलको सडक हेर्दा मृतकले चलाएको मोटरसाईकल ओरालो सडकमा जाँदा मोटरसाईकलको स्ट्याण्ड ओरालोमा करीब ३८ फिट जति घिस्रिएको डाम थियो। त्यसपछि मोटरसाईकल अनब्यालेन्स हुँदा निज मृतकले ब्रेक लगाउँदा पनि नरोकिई टायर घिस्रिएको २८ फिट जतिको डाम सडकमा थियो। त्यो २८ फिटबाट मृतक ३९ फिट उछिटिएर डेढ फिट उता प्रतिवादीको लेनमा गई प्रतिवादीको मोटरसाईकलमा ठोकिएको, मोटरसाईकल घिस्रिएर प्रतिवादीकै लेनमा गई ठोकिएर पुनः आफ्नै लेनमा ढलेको देखिन्थ्यो। मृतकले ब्रेक

लगाउँदासम्म मोटरसाईकल आफ्नै लेनमा रहेको र त्यसपछि मोटरसाईकल अनब्यालेन्स भई अर्कै (गलत) साईडमा रहेको वारदात स्थल सडकमा रहेका डामहरूबाट देखिन्थ्यो। मैले वारदातस्थलमा देखिएको यथार्थ कुरा उल्लेख/ चित्रण गरी प्रतिवेदन दिएको हुँ भन्ने समेत बेहोराको बकपत्र।

**ठहर खण्ड**

३२. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फवाट विद्वान् जिल्ला न्यायाधिवक्ता श्री उर्मिला दाहाल तथा जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विकास गिरीले प्रतिवादी दिपेन्द्र घलेले मृतक सुनिल चौलागाईले चलाएको बा.८३ प ६४३८ नम्बरको मोटरसाईकलाई ठक्कर दिई दुर्घटना हुँदा घाइते भएका सुनिल चौलागाईको तत्कालै उद्दार र उपचार तर्फ कुनै चासो नदेखाई लापरवाही गरेको कारणले घाइते सुनिल चौलागाईको मृत्यु भएकोले अभियोग दावी बमोजिम कसुर ठहर हुनुपर्दछ भनी बहस गर्नुभयो।

३३. प्रतिवादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कुमार जोशी तथा अधिवक्ताद्वय श्री गणेश प्रसाद अर्याल तथा भुपेन्द्रबहादुर तामाङ थिङले मृतकको गल्तीले नै दुर्घटना भएको अवस्था छ। प्रतिवादीले लापरवाही गरी सवारी चलाएको भन्ने मिसिलबाट देखिएको छैन। प्रतिवादीले घाईतेलाइ तत्काल उद्दार गर्न नसकेका कारणले प्रतिवादीले लापरवाही गरेको भनी लगाएको अभियोग दावी कानूनसम्मत छैन। तसर्थ यी प्रतिवादीलाई अभियोगदावी बमोजिमको कसुर ठहर हुने अवस्था छैन भन्ने समेत वेहोराको बहस गर्नुभयो।

३४. उपर्युक्त बहस जिकिर समेत सुनी प्रस्तुत मुद्दामा प्रतिवादी दिपेन्द्र घलेले अभियोग दावी बमोजिमको कसुर गरेको हो होइन? र कसूर गरेको भए निजलाई के कति सजाय हुने हो? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

३५. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी दिपेन्द्र घलेले चलाई ल्याएको मोटरसाईकल र चौताराबाट आफ्नो घर हुँदै काठमाण्डौतर्फ जाँदै गरेको छोरा सुनिल चौलागाईले चलाई लिई गएको मोटरसाईकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा चालक दिपेन्द्र घलेले तत्कालै उद्दार र उपचारतर्फ कुनै चासो नदेखाएकोले छोरा सुनिल चौलागाईको मृत्यु भएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरिपाउँ भनी मृतकको बाबु यमप्रसाद चौलागाईले यी प्रतिवादी उपर दिएको किटानी जाहेरी दर्खास्तबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादी दिपेन्द्र घले उपर सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) बमोजिमको कसुर अपराधमा निज प्रतिवादीलाई सोही सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१ उपदफा (२) बमोजिम सजाय गरी निज प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्कसमेत जम्मा गराई पाउँ भन्नेसमेत बेहोराको अभियोग मागदावी रहेको देखिन्छ।

३६. प्रतिवादी दिपेन्द्र घलेले अधिकारप्राप्त अधिकारी एवं यस अदालत समेतमा बयान गर्दा प्रतिवादीले मोटरसाईकल चलाएर वारदात भनिएको स्थलमा आईपुग्दा विपरित दिशाबाट जाहेरवालाको छोरा

मृतकले चलाएको मोटरसाईकल सडकमा पछ्रारी सो मोटरसाईकल घिसारिएर आएर मेरो मोटरसाईकलमा ठक्कर दिई मलाईसमेत लडाई घाईते बनाएको हो र मृतक सडकमै घिस्रिएर चोट लागेकोमा पछि निजको मृत्यु भएको सुनेको हुँ। मैले मोटरसाईकल लापरवाही गरी चलाएर ठोक्काएको नभई मृतकले चलाएको मोटरसाईकल अनियन्त्रित भई मोटरसाईकल र चालकसमेत सडकमा पछ्रारिन गई निजको मृत्यु भएको हो भनी प्रतिवादीले लापारवाही गरी दूर्घट्ना गराएको भन्ने कसुरमा इन्कार रही बयान गरेको पाइयो।

३७. मौकामा घटना विवरण कागज गर्ने माईली तामाङले ठूलो स्वरमा गन्द्रयाङ आवाज आई पछाडी फर्केर हेर्दा दुईवटा मोटरसाईकल लडेको, भित्तापट्टि लडेको मानिसले मोटरसाईकल उठाई अलिकति सारी उभिई बसेका, पछि चौताराबाट आएको माईक्रो रोकेपछि मसमेत नजिकै जाँदा सडकमा घोप्टो परी ब्याग बोकेको अवस्थामा एकजना चालचुल समेत केही नगरी दाहिने हात भाँचिएको जस्तो नाडीबाट रगत बगेको अवस्थामा देखेको र सडकमा मोटरसाईकलले कोतारिएको डोवहरू समेत थिए भन्ने समेत बेहोरा लेखाईदिएको देखिन्छ। दूर्घटना भएको भन्ने सुनेपछि आफूहरू घटनास्थलमा पुग्दा सोही अनुसार देखेको र पछि घाईते सुनिल चौलागाईलाई उपचारको लागी लैजादै गर्दा मृत्यु भएको भनी बुद्ध तामाङ, वीरबहादुर तामाङ, रामबहादुर तामाङ, सुनिल लामासमेतमा मानिसहरूले कागज गरिदिएको पाईन्छ। निजहरूले यस अदालतमा आई आ-आफ्नो मौकाको कागज बेहोरालाई समर्थन गरी बकपत्र समेत गरिदिएको पाईन्छ। जाहेरवाला यमप्रसाद चौलागाईले जाहेरी बेहोरालाई समर्थन गरी यस अदालतमा आई बकपत्रसमेत गरिदिएको पाइन्छ।

३८. सुनील चौलागाइले चलाई बन्देउतर्फ जादै गरेको बा.८३ प ६४३८ नं. को मोटरसाईकल र विपरित दिशाबाट आउँदै गरेको बा.प्र.०६-०२प ५०९८ नं. को मोटरसाईकल एक आपसमा ठक्कर खादा बा. ८३ प ६४३८ नं को मोटरसाईकल चालक सुनिल चौलागाई गम्भिर घाईते भई उपचारार्थ जिल्ला अस्पताल चौतारा सिन्धुपाल्चोकमा पठाईएकोमा अस्पतालले चेक गर्दा मृत्यु भएको भन्ने वेहोराको सडक दुर्घटना प्रतिवेदन रहेको र सोही व्यहोरा समर्थित हुने गरी प्रतिवेदन दिने प्रतिवेदक प्र.ना.नि. सुरज थापाले यस अदालतमा आई बकपत्र समेत गरिदिएको देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्यूको कारण Traumatic injury with hemorrhage on chest wall cavity and abdominal cavity भन्ने उल्लेख भएको पाइन्छ।

३९. प्रतिवादी उपर अभियोग दावी लिएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) मा *"कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिदा देखिदै पनि अपनाउनुपर्ने सतर्कता नअपनाई कसैले लापरवाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाइ किची ठक्कर लागि वा कुनै किसिमले सवारी दूर्घटना भई सवारीमा रहेको वा सवारी वाहिर जुनसुकै ठाउमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारण तत्कालै वा सोही चोटको परिणामस्वरुप एक्काइस दिनभित्र मरेमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन वर्ष देखि दश वर्षसम्म कैद र तीस हजार रुपैयादेखि एकलाख रुपैयासम्म जरिवाना हुने"* व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले चलाएको मोटरसाईकल र मृतकले चलाएको मोटरसाईकल

आपसमा ठोक्किएर दुर्घटना भएको पाइएको छ। प्रतिवादीले अनियन्त्रित तवरले मोटरसाइकल चलाएको भन्ने दूर्घटना प्रतिवेदनसमेतबाट देखिएको छैन। साथै कसैको ज्यान मर्न सक्ने अवस्था देखिदा देखिदै प्रतिवादीले सतर्कता नअपनाई लापरवाही गरी मोटरसाइकल चलाएको कारण सवारी दुर्घटना भएको भन्ने पनि देखिदैन। यस अवस्थामा प्रतिवादीले लापरवाही गरी मोटरसाइकल चलाएको भन्ने कुरा स्थापित हुन सकेको नदेखिदा प्रस्तुत वारदातमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) आकर्षित हुन सक्ने अवस्था देखिएन।

४०. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) मा *कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउदा सवारी दुर्घटना हुन गइ सवारीमा रहेको वा सवारी वाहिर जुनसुकै ठाउमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रुपैया सम्म जरिवानावा दुवै सजाय हुने* व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा कसैको ज्यान मर्न सक्ने अवस्था देखिदा देखिदै प्रतिवादीले सतर्कता नअपनाई लापरवाही गरी मोटरसाइकल चलाएको कारण दूर्घटना भएको भन्ने पनि पुष्टि नभएको र प्रतिवादीले चलाएको मोटरसाइकल मृतकले चलाएको मोटरसाइकलसंग एक आपसमा ठोक्कीदा भएको दुर्घटनामा मृतकको मृत्यु भएको देखिएकोले निज प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) अन्तर्गतको कसुर गरेको देखिन आयो।

४१. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) अन्तर्गतको कसुरमा कसुरदारलाई *एक वर्षसम्म कैद वा दुईहजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने* व्यवस्था रहेकोले अव प्रतिवादीलाई के कति सजाय गर्न उपयुक्त हुने हो भन्ने तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीले आफुले चलाएको सवारी मोटरसाइकल र मृतकले चलाएको सवारी मोटरसाइकल ठक्कर खाइ सवारी दुर्घटना हुदा प्रतिवादीलाइ सामान्य चोटपटक लागेको र मृतक सुनिल चौलागाइ गम्भिर घाइते भएकोमा गम्भिर घाइते भएका सुनिल चौलागाइको तत्काल उद्धार तथा उपचार भएको भए निजको ज्यान बच्न सक्ने सम्भावना थियो भन्ने दुर्घटना पछि तत्कालै दुर्घटनास्थल पुग्ने मौकामा वुझिएका व्यक्तिहरुले गरेको घटनाविवरण कागज तथा अदालत समक्ष गरेको बकपत्र समेतबाट देखिएको छ। यी प्रतिवादी प्रहरी नायव निरीक्षक पदमा कार्यरत प्रहरी कर्मचारी भएकोले दुर्घटना पछि तत्कालै प्रहरीलाइ खबर गर्ने, घाइतेको उपचार तथा उद्धारका लागि एम्बुलेन्सलाई खवर गर्ने, वा कुनै आवश्यक व्यवस्था गर्न सक्ने अवस्था भएपनि सो तर्फ कुनै चासो देखाएको भन्ने पनि मिसिलबाट देखिदैन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३३ ले कुनै सवारी दुर्घटना भई मानिसको जीउ ज्यानमा खतरा वा चोटपटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्ने र दुर्घटनास्थलमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनुपर्ने गरी सम्बन्धित सवारी चालकको कानूनी कर्तब्य तोकेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी दिपेन्द्र घले चालक मात्र नभई प्रहरी नायव निरीक्षक

पदमा कार्यरत प्रहरी कर्मचारी पनि भएकोले सवारी दुर्घटना पश्चात सम्बन्धित सवारी चालकलाई कानूनले निर्धारण गरेको कानूनी कर्तब्यलाई पुर्ण रुपमा पालना गर्नुपर्नेमा सो कानूनी कर्तब्यको वेवास्ता गरेको अवस्था, सजायको उदेश्य, वारदातको अवस्थासमेतका समग्र अवस्थालाइ विचार गर्दा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम एकबर्ष कैद सजाय गर्न उपयुक्त हुने देखियो।

४२. अतः माथि विवेचित तथ्य, आधार र कारण समेतबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारी र यस अदालतसमक्ष गरेको बयान, प्रतिवादीउपरको जाहेरी दर्खास्त, जाहेरवालाको बकपत्र, दुर्घटना प्रतिवेदन, घटना विवरण कागज गर्ने मानिसहरूले गरिदिएको घटना विवरण कागज र निजहरूले गरेको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाणकागजबाट यी प्रतिवादीले चलाएको मोटरसाईकल र मृतकले चलाएको मोटरसाईकल आपसमा ठक्कर खादा भएको दुर्घटनामा उक्त मोटरसाइकल चालक सुनिल चौलागाई घाइते भई उपचारको क्रममा मृत्यू भएको देखिँदा प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) विपरितको कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादी दिपेन्द्र घलेलाई सोही ऐनको दफा १६१ को उपदफा (३) बमोजिम १ (एक) वर्ष कैद सजाय हुने ठहर्छ। प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रू.२००। (दुइसय रुपैया) क्षतिपुर्ति शुल्क असुल गरी पीडित राहत कोषमा भराई दिने समेत ठहर्छ। अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएँ।

**तपसिल खण्ड**

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी दिपेन्द्र घलेलाई एक वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी अनुसन्धानको क्रममा मिति २०८०।०३।२५ मा पक्राउ परी सोही मितिदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०८०।०४।१७ को आदेशानुसार रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार) धरौटी माग भएकोमा निज प्रतिवादीले उक्त धरौटी सोही मितिमा नगदै दाखिला गरी हालसम्म तारिखमा नै रहिआएको देखिँदा निज पक्राउ परी तारिखमा छुटेको अवधिसम्म जम्मा २२ दिन थुनामा बसिसकेकोले सो अवधि ठहेरको कैद एक वर्षबाट घटाई भुक्तान हुन बाँकी कैद ११ महिना ८ दिनको लगत कसी असुल उपर गर्न तहसिल शाखामा लगत दिनू।
- प्रतिवादी दिपेन्द्र घलेले यस अदालतको मिति २०८०।०४।१७ को आदेशानुसार माग भएको धरौटी रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार) सोही मितिमा नगदै दाखिला गरी हालसम्म तारिखमा नै रही आएको देखिँदा फैसला अन्तिम भई निज प्रतिवादीलाई ठहरेको कैदसमेत भुक्तान भएपछि पीडित राहत कोषमा भराई दिने ठहरेको रू.२००।- सोही धरौटीबाट कट्टा गरी बाँकी धरौटी रकम प्रतिवादीले फिर्ता माग गरेमा कुनै दस्तुर नलिई फिर्ता दिनु भनी लेखा शाखालाई जानकारी दिनू।

- मुद्दा सुनुवाई हुँदा प्रतिवादी इजलासमा उपस्थित हुनुको साथै निजको कानून व्यवसायीले बहस पैरवीसमेत गरेको हुँदा प्रतिवादीले फैसला भएको जानकारी पाएको मानिने हुनाले यो फैसलामा चित्त नबुझेमा फैसला प्रमाणीकरण भएको मितिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) अनुसार ७० दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न सक्ने नै हुँदा प्रतिवादीलाई फैसलाको सूचना म्याद दिइरहनु परेन।
- फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय सिन्धुपाल्चोकलाई फैसलाको जानकारी दिनू।
- सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरेमा लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू।
- दायरीको लगत कट्टा गरी विद्युतीय प्रणालीमा फैसला अपलोड गरी फैसला प्रमाणीकरण भएको विवरण अदालतको सूचना पाटी र वेवसाईटमासमेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

**जिल्ला न्यायाधीश**

**फैसला तयार पार्न सहयोग गर्नेः**

कम्प्युटर टाईप गर्नेः सन्तोष राना

संवत् २०८० साल माघ महिना १५ गते रोज २ शुभम्---------------------------------।

फैसला प्रमाणीकरण मितिः २०८०।११।२१ अदालतको छापः

श्री

पर्वत जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री विद्याराज पौडेल

फैसला

मुद्दा नं. :- ०८०-C१-००३१

रजिष्ट्रेशन नं. :- ६१-०८०-००३१९

दायरी मिति :- २०८०।१०।११

फैसला मिति :- २०८०।१२।१८

निर्णय नं. :- ८६

| | |
|---|---|
| जिल्ला कास्की पोखरा महान.पा. वडा नं. २६ भदौरे तमादी बस्ने बिष्णु सुनारको जाहेरीले नेपाल सरकार……………१ | वादी |
| विरुद्ध | |
| श्रीकृष्ण वि.क. को नाती राम बहादुर वि.क. र पवित्रा वि.क.को छोरा जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क जैपरे बस्ने वर्ष ३९ को कृष्ण वि.क. (ना.प्र.प.नं. ५६११९/पर्वत)……… १ | प्रतिवादी |

मुद्दा :- कर्तव्य ज्यान ।

| वादीको साक्षी | प्रतिवादीको साक्षी |
|---|---|
| विष्णु सुनार, सेते वि.क., रामकृष्ण गुरुङ, लुशन गुरुङ, देउमाया परियार, सरिता वि.क, सिता वि.क., दुर्गा गुरुङ, भुला भन्ने जित बहादुर दमाई, सुजन दमाई, सपना वि.क. र संजिता सुनार | X |
| **प्रमाण** | **प्रमाण** |
| X | X |

अदालतबाट बुझिएका साक्षीहरु

| | |
|---|---|
| विष्णु सुनार.............१ | सेते वि.क. .............१ |
| देउमाया परियार.............१ | भुला भन्ने जितबहादुर दमाई.............१ |
| सरिता वि.क. .............१ | संजिता सुनार.............१ |
| रामकृष्ण गुरुङ.............१ | सपना वि.क. .............१ |
| दुर्गा गुरुङ.............१ | सिता वि.क. .............१ |
| सुजन दमाई.............१ | काजी गुरुङ.............१ |
| लुशन गुरुङ.............१ | हितकाजी वि.क. .............१ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ ले यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको क्षिप्त तथ्य विवरण एवं ठहर यस प्रकार छ :-

**तथ्य खण्ड**

**१. घटनास्थल/लाश जाँच मुचुल्का :-**

जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क जैपरे स्थित २८.२१८१०१०N, ८३.७७८४०७३E ब्लकको गारो, भित्र बाहिरबाट सिमेण्टले प्लास्टर गरेको एक छाले ट्रस सहितको टिनको छाना भएको दुईवटा कोठा र बाहिर पट्टी पालि सहितको उत्तर मोहडा फर्केको कृष्ण वि.क.को घर रहेको, उक्त घरको पालीको उत्तर तर्फको किनारमा काठको फलेकले बारी कोठा बनाएको, उक्त घरको दुईवटा कोठाहरु मध्ये पश्चिम तर्फको ढोका नजिक पश्चिम तर्फको पिँडीमा परालको गुन्द्री माथी खैरो, रातो पहेँलो बुट्टे ब्लाङकेट माथी पुर्व टाउको पश्चिम खुट्टा भई उत्तानो अवस्थामा सेतो बेसमा रातो निलो फुलबुट्टे भएको सिरकले छोपी राखेको ईन्द्र बहादुर वि.क.को लाश रहेको, लाशको टाउकोमा रातो निलो कोठे कपाको खोल भएको सिरानी रहेको, लाशको सिरानी नजिकै स्टिलको थालमा पहेँलो रातो फुल, चामल, रातो लाईटर, रु.५।- को नोट २ थान समेत भएको, थाल नजिकै गिलासमा अगरबत्तीको धुलो सिन्का रहेको, उक्त थाल नजिकै अंग्रेजीमा JANAKI SUPER लेखेको अगरबत्ती प्लाष्टीकको झोला भित्र रहेको, लाशलाई छोपेको सिरक स्थानीय जनप्रतिनिधि, मृतकको आफन्त, छरछिमेकको रोहवरमा हटाई हेर्दा फिक्का सेतो ज्याकेट, निलो रङ्गको जिन्स पाईण्ट, पाली टोपी लगाएको, बायाँ हात छाती माथी खुम्चिएको, दायाँ हात साईडमा सटी सिधा अवस्थामा रहेको, दुवै हातको मुठ्ठी अर्ध अवस्थामा रहेको, नाकबाट निस्केको रगत जस्तो पदार्थ दायाँ, बाँया गालामा लत्पतिएको, दायाँ कानमा रगत जस्तो रातो पदार्थ लागेको, लिङ्गबाट चिप्लो तरल पदार्थ निस्केको, डाढको भागमा रातो, कालो डोरा डोरा परे जस्तो डमहरु रहेको, लाशलाई वल्टाई पल्टाई गरी हेर्दा नाकको प्वालबाट चोक्टा सहितको रातो र सेतो तरल पदार्थ निस्केको भन्ने समेत व्यहोराको घटनास्थल लाश जाँच प्रकृती मुचुल्का ।

**२. जाहेरी दरखास्त :-**

मिति २०८०।०९।१२ गते अन्दाजी १८:३० बजेको समयमा जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क जैपरे स्थित भाई कृष्ण वि.क. को घरमा निजकै दाई वर्ष ५० को ईन्द्र बहादुर वि.क.लाई कृष्ण वि.क.ले कुटपिट गरेको कारण ईन्द्र बहादुर वि.क. आफु सुत्ने कोठाबाट बाहिरपट्टी पालीको जमिन (पिँढी) मा घोप्टो अवस्थामा लडी घाइते भएको र सो बेला ईन्द्र बहादुर वि.क. बोल्न सक्ने तथा खान सक्ने अवस्था रहेको हुँदा उपचार गर्नको लागि आवश्यक नपर्ने देखिएकोले दाईलाई घरमा नै राखेको हो । म रोजगारीको लागि मिति २०८०।०९।१३ गते बिहान भारत तर्फ जान भनी घरबाट निस्की हिँडी जिल्ला रुपन्देही भैरहवा पुगेको थिएँ । ऐ.१४ गते राती अन्दाजी ००:३० बजेको समयमा दाई ईन्द्र बहादुर वि.क. को घरमा नै मृत्यु भएको भन्ने कुरा थाहा पाएकोले घरमा फर्की आएको हुँ भनी कृष्ण वि.क.ले म समेतलाई बताएकोले मैले थाहा पाएकी हुँ । यसरी आफ्नै दाई ईन्द्र बहादुर वि.क.लाई कृष्ण वि.क.ले कुटपिट गरेकोे कारणबाट ईन्द्र बहादुर वि.क.को मृत्यु

भएको हुँदा कृष्ण वि.क.लाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको विष्णु सुनारको जाहेरी दरखास्त ।

**३. प्रतिवादी कृष्ण वि.क. ले अनुसन्धानको क्रममा गरेको बयान :-**

मिति २०८०।०९।१३ गते बेलुकाको समयमा साला सेते वि.क. लाई म भोली ईन्डिया (भारत) जाने हो, एकछिन कुरा गरौंला भनी सालालाई बोलाएको र १८:१० बजे साला सेते वि.क. मेरो घरमा आएपछि मैले र सालाले एक।एक गिलास रक्सी खाँदै गर्दा मेरो दाई ईन्द्र बहादुर वि.क.ले मलाई पनि रक्सी खान दे भनी रक्सी मागेकोले आधा कप रक्सी दिएको हो । श्रीमतीलाई तिमीहरुले खाना खाउ मैले पछि खाना खान्छु भनेकोले श्रीमतीले दाई ईन्द्र बहादुर वि.क., छोरा किशान वि.क.लाई खाना खान दिएकी हुन् । दाईले खाना खाई सकेपछि मैले निजलाई सुत्न जाउ भन्दा दाई आफ्नो बिस्तारामा बसी मलाई गाली गरी रहेको थियो, म र मेरो साला सेते वि.क. भई रक्सी खाँदै गफ गर्दै बसेका थियौं । सो बेला सालाको छोरी पनि मेरो घरमा आई बसेकी थिई । रक्सी खाई सकेपछि मैले श्रीमतीलाई खाना खान मागी भान्सा कोठामा गई खाना खाँदै गर्दा दाई ईन्द्र बहादुर वि.क.ले मलाई गाली गरेकोले किन कराछस् भनी ईन्द्र बहादुर वि.क.लाई भन्दा निजले मलाई मार भनी बिस्ताराबाट जुरुक्क उठी पिँढीमा आएकोले मलाई पनि रिस उठेकाले मोही पार्ने मदानी बनाउन भनी ल्याई राखेको काठ (हनुमानको लौरो जस्तो देखिने काठ) उठाई उक्त काठले ऐ. अन्दाजी १८:४५ बजेको समयमा दाई ईन्द्र बहादुर वि.क. को टाउकोमा प्रहार गरेको हुँ । सुरुमा प्रहार गर्ने बित्तिकै दाई ईन्द्र बहादुर वि.क. पिँढीमा ढलेका हुन् । पुनः अर्को पटक प्रहार गर्दा मेरो श्रीमती चन्द्रा वि.क., छोरा किशान वि.क., साला सेते वि.क.ले देखेकोले मेरो हातमा भएको काठ खोसी दिएका हुन् । दाईको नाक र मुखबाट रगत निस्केको थियो । म र साला सेते वि.क. भई दाई ईन्द्र बहादुर वि.क.लाई उठाई आफ्नो बिस्तारामा लगि सुताएको हो । केही समय पछि मेरो साला सेते वि.क. र सालाको छोरी आफ्नो घरमा गएका हुन् । साला आफ्नो घर तर्फ गएकोले म लगायत घर परिवारका सदस्यहरु पनि सुतेका हौं । राती अन्दाजी १२ बजेतिर पिसाब लागी पिसाब फेर्न उठी दाईलाई हेर्दा दाईले ओढेको सिरक शरीर भन्दा बाहिर पट्टी भएकोले मैले ओढाई दिएको हुँ। दाईलाई मैले बोलाईन श्वास फेरेजस्तो लागेको थियो, म पिसाब फेरी सुतेको हुँ । ऐ.१३ गते बिहान ०६:०० बजेको समयमा उठी हेर्दा दाई सुती रहेको थियो । दाई ईन्द्र बहादुर वि.क.लाई म इण्डिया (भारत) जान्छु भनी उठाउँदा उठेन, श्वास फेरे जस्तो लागेको थियो । बिहान अन्दाजी ०७:३० बजेको समयमा घरबाट इण्डिया (भारत) जान भनी हिँडेको हुँ । ऐ. बिहान अन्दाजी ०९:०० बजेको समयमा म र विशाल वि.क. आर्थर नेटा देखि पोखरा जाने बसमा चढी स्याङ्जाको नौडाँडा भन्ने स्थानबाट बसमा अन्दाजी १८:०० बजेको (अँध्यारो भईसकेको) समयमा भैरहवा पुगी धौलागिरी होटलमा बास बसेको अवस्थामा रातको अन्दाजी ००:३० बजेको समयमा साला सेते वि.क.ले मलाई फोन गरी माईला भेना ईन्द्र बहादुर वि.क. हुनुहुन्न (मर्नु भयो) भनेका हुन् । मैले घरमा को-को छौ भनी सोध्दा, सेते वि.क.ले दिदी चन्द्र वि.क., भान्जा किशान वि.क. र म मात्र छौ भनी भनेका हुन् । त्यसपछि मैले छिमेकी रामकृष्ण गुरुङलाई फोन गरेर दाई ईन्द्र बहादुर वि.क.को मृत्यु भयो भनी मलाई घरबाट फोन गरेका छन्, मेरो घरमा गएर बुझिदिनु भनेको हुँ । मैले फोन

गरेपछि रामकृष्ण गुरुङ मेरो घरमा गई रामकृष्ण गुरुङले तुरुन्त घरमा फर्की आईजा भनी भनेकोले ऐ.१४ गते बिहान ०४:४५ बजेको समयमा भैरहवाबाट बागलुङ बेनी तर्फ आउने माईक्रो बसमा चढी स्याङ्जाको नौडाँडा सम्म आई नौडाँडाबाट स्याङ्जाको जुग्ले भन्ने ठाउँसम्म आएको र स्याङ्जाको जुग्लेबाट लुसन गुरुङले चलाएको मोटराईकलमा घर आएको हुँ । म घरमा आई पुग्दा गाउँका छिमेकी, आफन्त लगायत प्रहरी समेत थिए । प्रहरीले घटनाको बारेमा सोधखोज गर्दै थिए भने छिमेकीले दाईलाई सदगद गर्नको लागि लैजान भनी बासको घारो बनाई आँगनको छेउमा राखेका रहेछन् । दाईको लाश घरको पिँढीमा थियो, उक्त लाशको प्रहरीले मुचुल्का गरी पोष्टमार्टमको लागि पर्वत अस्पताल तर्फ ल्याएको हो । प्रहरीले मलाई सो घटनाको सम्बन्धमा अनुसन्धान गर्न भनी ऐ. १५ गते पक्राउ गरेको हो । मैले दाई ईन्द्र बहादुर वि.क.लाई काठ (हनुमानको लौरो जस्तो देखिने काठ) ले प्रहार गर्दा बाहिरी चोट पटक नदेखिएकोले सामान्य चोटपटक लागेको सोचेको र अर्को दिन इण्डिया (भारत) जाने भएकोले दाईलाई उपचार गर्न अस्पताल लगिन । मैले दाई ईन्द्र बहादुर वि.क.लाई प्रहार गरेको काठ (हनुमानको लौरो जस्तो देखिने काठ) मेरो घरको पश्चिम तर्फको कोठा भित्र राखेको छु भन्ने समेत व्यहोराको प्रतिवादी कृष्ण वि.क. ले अनुसन्धानको क्रममा गरेको बयान।

**४. घटनास्थल मुचुल्का :-**

जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क जैपरे स्थित २८.२१८१०१० N, ८३.७७८४०७३ E ब्लकको गारो, भित्र बाहिरबाट सिमेण्टले प्लास्टर गरेको एक छाने ट्रस सहितको टिनको छाना भएको दुईवटा कोठा र बाहिर पट्टी पालि सहितको उत्तर मोहडा फर्केको कृष्ण वि.क. को घर रहेको, उक्त घरको पिँढीमा २०८०।०९।१२ गते बेलुका अन्दाजी १८:३० बजेको समयमा कृष्ण वि.क.ले आफ्नै दाई वर्ष ५० को ईन्द्र बहादुर वि.क. लाई आफ्नै घरमा मोही पार्ने मदानी बनाउनको लागि काटेर राखेको बाटुलो हनुमानको लौरो जस्तो देखिने अगाडी काठको ठुलो बाटुलो भागमा सर्पको मुख जस्तो भएको काठले टाउकोमा प्रहार गरी घाइते बनाएको, उक्त काठ आफ्नै घरको पश्चिम तर्फको कोठामा राखेकोले उक्त काठ स्थानीय मानिसहरुको रोहबारमा बरामद गरेको, उक्त काठको पुरा लम्बाई २ फिट ४ ईन्च सहितको बाटुलो भागको गोलाई ५.१ ईन्च, काठको टाउको सर्पको मुख जस्तो आकृती भएको बाटुलो भागको गोलाई १५.१।२ ईन्च गोलाई भएको हनुमानको लौरो जस्तो देखिने काठको लौरो प्रहरीले बरामद गरी लगेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

**५. सेते वि.क. को घटनाविवरण कागज :-**

मिति २०८०।०९।१२ गते दिन भरी काम गरी बेलुका घरमा फर्की आएको हुँ । मेरो भेना कृष्ण वि.क. रोजगारको सिलसिलमा मिति २०८०।०९।१३ गते भारत (ईन्डिया) जाने भन्ने कुरा मलाई थाहा थियो । म १२ गते कामबाट बेलुका घरमा आई खाना खाई बसेको बेलामा भेना कृष्ण वि.क.ले मलाई आफ्नो घरबाट बोलाएकोले म भेनाको घरमा गएको हुँ । म जाँदा भेना कृष्ण वि.क. आफ्नो घरको आँगनमा बसी रक्सी खाएका थिए, भेना ईन्द्र बहादुर वि.क. भान्सा कोठामा थिए, दिदी चन्द्रा वि.क. र माईला भान्जा किसन वि.क. कोठामा थिए । मलाई जाने बित्तिकै भेना कृष्ण वि.क.ले एक गिलास (स्टिलको गिलास कप) रक्सी दिएकाले मैले रक्सी खाएको हुँ । म गएको

केही समयपछि ईन्द्र बहादुर वि.क.ले कृष्ण वि.क.सँग मलाई पनि रक्सी देउ भनी मागेकोले एक कप रक्सी ईन्द्र बहादुर वि.क.लाई दिई रक्सी खाएका हुन् । कृष्ण वि.क.ले आफ्नो दाई ईन्द्र बहादुर वि.क.लाई आफ्नो बिस्तारा तताउन कोठामा गएर सुत भनी भनेका हुन् । ईन्द्र बहादुर वि.क.ले कृष्ण वि.क.लाई तैले पनि भात खा भनी भनेका हुन् । मेरो छोरी अनुसा वि.क. कृष्ण वि.क.को घरमा पहिलै नै गई सकेकी रहेछे । कृष्ण वि.क.ले खाना थोरै खाई बाँकी खाना मेरो छोरी अनुसा वि.क.लाई दिएकोले छोरीले खाना खाएकी हुन् । ईन्द्र बहादुर वि.क. आफु सुत्ने खाटमा बसी रहेका थिए, भेना कृष्ण वि.क.ले ईन्द्र बहादुर वि.क.लाई सुत भन्दा सुत्न मानेन् । ईन्द्र बहादुर वि.क.ले मलाई मार भनी खाटबाट जुरुक्क उठी पिँढीमा आएकोले कृष्ण वि.क. कोठामा गई काठ (हनुमानको लौरो जस्तो देखिने काठ) बाहिर ल्याई उक्त काठले ईन्द्र बहादुर वि.क.को टाउँकोमा प्रहार गरेको मैले देखेको हुँ । त्यसपछि ईन्द्र बहादुर वि.क. पिँढीमा पल्टेका हुन् । म, दिदी र माईला भान्जाले छुट्टाउदा छुट्टाउँदै गर्दा पुनः कृष्ण वि.क. ले ईन्द्र बहादुर वि.क.को टाउँकोमा उक्त काठले प्रहार गरेका हुन् । कृष्ण वि.क.ले प्रहार गरेको काठ म समेतले खोसी कोठा भित्र राखी दिएको हो । ईन्द्र बहादुर वि.क.ले थुक्दा मुखबाट रगत निस्केको थियो । ईन्द्र बहादुर वि.क. घिस्रिदै आफु सुत्ने कोठामा गएका हुन् । म र भेना कृष्ण वि.क.ले उचाली ईन्द्र बहादुर वि.क.लाई खाटमा राखी दिएको हो । ईन्द्र बहादुर खाटमा सुतेका हुन् । म समेतले यसरी हान्न नपर्ने हो हान्नु भयो भनी कृष्ण वि.क.लाई भन्दा डर देखाउन हानेको हो बेस्सरी चोट लायो भनी कृष्ण वि.क.ले भनेका हुन् । केही समयपछि म र मेरो छोरी भई घरमा गई सुतेको हो । भोलिपल्ट मिति २०८०।०९।१३ गते बिहान ७ बजे गाउँ तिर जाने बेलामा भेना कृष्ण वि.क. ईन्डिया (भारत) जान भनी हिँडेका रहेछन् घर माथी बाटोमा भेटेको हुँ । भेना कृष्ण वि.क. र म भई रामकृष्ण गुरुङको पसलमा गई निजको पसलमा दुई बोतल लोकल रक्सी किनी म र भेना कृष्ण वि.क.ले रक्सी खाएका हौं । रक्सी खाई सकेपछि भेना ईन्डिया (भारत) जान भनी गए, म घरमा फर्की आएको हुँ । घरमा आई भात खाएर काममा गएको हुँ । दिनभरि काम गरी बेलुका घरमा आई खाना खाई सुतेको हुँ । म सुती रहेको थिए राती अन्दाजी साढे बाह्र बजेतिर भान्जा किसान वि.क.ले मलाई मामा भनी बोलाएकोले म उठी घरबाहिर निस्किदा मेरो घरमा भान्जा किसान वि.क. र बुहारी नाताकी सिता वि.क. भई आएका थिए। भान्जा किसान वि.क.ले जुठे बा (ईन्द्र बहादुर वि.क.) मर्नु भएको छ हाम्रो घरमा जानु पर्‍यो भनेकोले म र मेरो श्रीमती सरिता वि.क. भई भेनाको घरमा गएको हो । भेनाको घरमा जाँदा दिदी चन्द्रा वि.क., सानो नाबालक भान्जा, सपना वि.क. र निजको नाबालक छोरा थिए । ईन्द्र बहादुर वि.क. खाट माथी उत्तानो अवस्थामा सिरक उडेको, सिरानी हुने ठाउँ तिर खुट्टा र खुट्टा हुने ठाउँ तिर टाउको थियो । मैले ईन्द्र बहादुर वि.क.को नाडी छाम्दा नाडी चलेको थिएन, मरेछन् भन्ने लाग्यो । त्यसपछि भेनालाई फोन गरी ईन्द्र बहादुर वि.क. मर्नु भएको छ घरमा फर्की आउनु पर्‍यो भनी मैले फोनबाट भेनालाई भनेको हुँ । ऐ. १४ गते राती बिहानपख रामकृष्ण गुरुङ घटनास्थलमा आउनु भएको हो । ईन्द्र बहादुर वि.क.को नाडी छाम्दा नाडी चलेको छैन भनी रामकृष्ण गुरुङलाई मैले भन्दा रामकृष्ण गुरुङले पनि ईन्द्र बहादुर वि.क.को हातको नाडी र छाती छाम्नु भएको हो । रामकृष्ण गुरुङले पनि मरेजस्तो छ कपडा फेरेर बाहिर निकालौं भनेकोले भान्जा किसान वि.क.,

रामकृष्ण गुरुङ र म भई ईन्द्र बहादुर वि.क.ले लगाई राखेको कपडा खोली अर्को नयाँ कपडा लगाई दिई पिँढीमा राखी धुमपत्ती बाली दिएका हौं । भेना कृष्ण वि.क.ले ईन्द्र बहादुर वि.क.लाई कुटपिट गरेको बारे रामकृष्ण गुरुङलाई बताएको होईन । रामकृष्ण गुरुङ र भान्जा किसान वि.क. भई गाउँका अन्य मानिसहरुलाई कुर्नको लागि गाउँतिर बोलाउन भनी गएका हुन् । रामकृष्ण गुरुङ आफ्नो घर तर्फ जानु भएछ । केही समय पछि भान्जा किसान वि.क.ले भुला दर्जी र सुजन दर्जीलाई बोलाई लिएर आएका हुन् । रातभरी म समेतले ईन्द्र बहादुर वि.क.को लाशलाई कुरेका हौं । ऐ.१४ गते बिहान गाउँका अरु मान्छेहरु पनि आएका हुन् । भेना कृष्ण वि.क. भैरहवाबाट घर तर्फ आएकोले भेनालाई लिनको लागि लुसन गुरुङले मोटरसाइकल लिई स्याङ्जाको जुक्ले भन्ने स्थानमा गई भेनालाई लिई आएका हुन् । घटनाको बारेमा प्रहरीले थाहा पाई प्रहरी घटनास्थलमा गई लाशको मुचुल्का गरी पोष्टमार्टमको लागि अस्पताल तर्फ ल्याएको हो । ईन्द्र बहादुर वि.क.लाई भेना कृष्ण वि.क.ले मिति २०८०।०९।१२ गते बेलुका काठ (हनुमानको लौरो जस्तो देखिने काठ) ले प्रहार गरेको हुँदा सोही चोटको कारणबाट ईन्द्र बहादुर वि.क.को मृत्यु भएको हुनु पर्छ, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क बस्ने सेते वि.क.ले गरेको घटना विवरण कागज ।

**६. रामकृष्ण गुरुङको घटनाविवरण कागज :-**

मिति २०८०।०९।१३ गते बेलुका म खाना खाई सुतिरहेको अवस्थामा ऐ, १४ गते राती अन्दाजी ०२:०० बजे पछि कृष्ण वि.क.ले मलाई फोन गरी म अहिले भैरहवामा छु, मेरो दाई ईन्द्र बहादुर वि.क. को मृत्यु भएको छ भनी मलाई फोन गरी जानकारी गराएका छन् । मेरो घरमा गई बुझ्दिनु भनी मलाई भनेका हुन् । मलाई ऐ, १४ गते राती ००:३२ मिनेट र ००:३३ मिनेटमा चन्द्रा वि.क. ले फोन गरेका रहेछन्, मैले थाहा पाईन । के भएको रहेछ भनी म तत्काल कृष्ण वि.क. को घरमा जाँदा सेते वि.क., चन्द्रा वि.क., किसान वि.क. र सिता वि.क. समेत थिए । के भयो भनी सोध्दा चन्द्रा वि.क. ले जेठाजु ईन्द्र बहादुर वि.क. घ्यार घ्यार गर्दा गर्दै मर्नु भए जस्तो छ भनेकोले ईन्द्र बहादुर बहादुर वि.क. लाई हेर्दा ईन्द्र बहादुर वि.क. पिढीमा रहेको काठले बारेको कोठामा खाट माथी सिरानी हुने ठाउँमा खुट्टा र खुट्टा हुने ठाउँतिर टाउको भई उत्तानो अवस्थामा सिरकले छोपेको अवस्थामा थियो । ईन्द्र बहादुर वि.क. को नाडी र छाती छाम्दा नाडी नचली मृत्यु भई सकेको अवस्थामा थियो । के भएर ईन्द्र बहादुर वि.क.को मृत्यु भएको हो भनी सोध्दा घ्यार घ्यार गर्नु भएको थियो भनी चन्द्रा वि.क.ले भनेकी हुन् । ईन्द्र बहादुर वि.क को मुखमा पहेंलो लागेको थियो, अन्य केही थिएन । त्यसपछि सेते वि.क., किसान वि.क. र मैले ईन्द्र बहादुर वि.क. ले लगाएको कपडा खोली नयाँ कपडा लगाई दिई लाशलाई पिँढीमा लगि राखिदिएको हो । मैले कृष्ण वि.क. लाई फोन गरी ईन्द्र बहादुर वि.क. को मृत्यु भएको रहेछ, तुरुन्त घरमा फर्की आउन भनी भनेको हो । ऐ, १४ गते बिहान अन्दाजी १०:०० बजेतिर लुसन गुरुङलाई मोटरसाइकलमा स्याङ्जाको जुग्ले भन्ने ठाउँमा गई कृष्ण वि.क. लाई लिई आउनु भनी पठाएको हुँ । लुसन गुरुङले कृष्ण वि.क. लाई स्याङ्जाको जुग्ले गई मोटरसाइकलमा दिई आएका हुन् । घटनाको बारेमा पछि बुझ्दा कृष्ण वि.क. ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते अन्दाजी

१८:३० बजेको समयमा हनुमानको लौरो जस्तो देखिने काठले टाउकोमा प्रहार गरी घाइते गराएको र सोही चोटको कारणबाट ईन्द्र बहादुर वि.क. को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएको हुँ । कृष्ण वि.क. ले ईन्द्र बहादुर वि.क. लाई काठले टाउकोमा प्रहार गरेको मैले देखिन । प्रहरीले लाशको मुचुल्का गर्ने क्रममा नाक र मुखबाट रगत आएको थियो । कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत व्यहोराको रामकृष्ण गुरुङले गरेको घटना विवरण कागज ।

**७. चन्द्रा वि.क. को घटनाविवरण कागज :**

मेरो श्रीमान इण्डिया (भारत) जाने भएकोले मिति २०८०।०९।१२ गते बेलुका श्रीमान कृष्ण वि.क. ले घरको आँगनमा बसी रक्सी खानु भएको हो । हाम्रो घर र मेरो भाई सेते वि.क. को घर तलामाथी नजिकै पर्ने र भोलिपल्ट मेरो श्रीमान इण्डिया (भारत) जानुहुने भएकोले एकछिन कुरा गरी बसौं भनी भाई सेते वि.क. लाई बोलाउनु भएकोले भाई पनि हाम्रो घरमा आई सँगै आँगनमा बसि रक्सी खान बस्दा जेठाजु ईन्द्र बहादुर वि.क. ले पनि रक्सी मागेकोले श्रीमानले रक्सी खान दिई जेठाजुले पनि खानु भएको हो । जेठाजु ईन्द्र बहादुर वि.क. बेलुकाको खाना खाई बसी राख्दा श्रीमान कृष्ण वि.क. ले जेठाजुलाई सुत्नको लागि बिस्तारामा जा भनी भन्नु भएको हो । त्यसपछि जेठाजु आफु सुत्ने कोठामा गई मेरो श्रीमानलाई उतै गएर मर भनी गाली गरी रहनु भएको थियो । श्रीमान कृष्ण वि.क. खाना खाँदै हुनुहुन्थ्यो र श्रीमानले मलाई किन कराउँछस (गाली गर्छस) भनी आफ्नो दाई ईन्द्र बहादुर वि.क. लाई नकराईकन सुत भन्नु भएको थियो । जेठाजुले मलाई मार भन्दै आफ्नो खाटबाट उठी पिँढीमा आउनु भएकोले श्रीमान कृष्ण वि.क. खाना खान छोडी कोठामा भएको हनुमानको लौरो जस्तो काठले जेठाजुको टाउकोमा प्रहार गरेपछि जेठाजु ढल्नु भएकोले किन हानेको हो भनी म समेत भई छुट्याउन जाँदा पुनः श्रीमान कृष्ण वि.क.ले जेठाजुको टाउकोमा हान्नु भएको हो। म, मेरो भाई सेते वि.क. र मेरो माईला छोरा किसान वि.क.ले उक्त काठ खोसी दिएका हौं । जेठाजु पिँढीमा ढल्ने क्रममा मुखबाट एक/दुई थोपा रगत खसेको थियो । जेठाजु रन्फनिँदै उठी सुत्नको लागि आफ्नो बिस्तारामा जानु भएको हो । केही समय पछि भाई सेते वि.क. र निजको छोरी आफ्नो घरमा गएका हुन् र हामी पनि सुतेको हौं । भोली पल्ट ऐ. १३ गते बिहान उठी हेर्दा जेठाजु ईन्द्र बहादुर वि.क. सिरानी तर्फ खुट्टा र खुट्टा हुने तर्फ टाउको गराई सुत्नु भएको थियो । श्रीमान कृष्ण वि.क. बिहान अन्दाजी ०७:०० बजेको समयमा घरबाट भारत (इण्डिया) जानु भएको हो । मैले बिहानको खाना पकाई जेठाजुलाई खाना खान उठ्नुस् भन्दा उठ्नु भएन । मैले खाना खाई घाँस काट्न गई घरमा आउँदा पनि जेठाजु नउठ्नु भएकोले ऐ. दिउँसो अन्दाजी १४:०० बजे सिता वि.क., संजिता वि.क. लाई फोन गरी बोलाएकीले निजहरु मेरो घरमा आएका हुन् । रितिरिवाज अनुसार मैले जेठाजुलाई छुन नहुने हुँदा दुधमा घिउ र बेसार फिटी (घोली) दिई सिता वि.क. र संजिता वि.क.ले जेठाजुलाई चम्चाले खुवाउँदा १/२ घुड्की निल्नु भएको थियो । त्यसपछि सिता वि.क. र संगिता वि.क. आफ्नो घरमा गएका हुन् । घरमा श्रीमान पनि नभएको र जेठाजु श्रीमानले कुटेको कारण बेहोस अवस्थामा भएकोले सिता वि.क. र सपना वि.क.लाई बेलुका कुर्न आउनु भनी बोलाएकोले निजहरु बेलुका मेरो घरमा आएका हुन् । निजहरु आई सकेपछि जेठाजु ईन्द्र बहादुर वि.क.लाई दुधमा घिउ र बेसार पानी फिटी (घोली) सिता वि.क., सपना वि.क. र मेरो माईला छोरा किसान

वि.क.ले खुवाएका हुन् । त्यतीबेला पनि जेठाजुले १/२ घुड्की निल्नु भएको थियो र घ्यार घ्यार गर्नु भएको थियो । सिता वि.क., सपना वि.क., मेरो माईला छोरा किसान वि.क. र म भई १३ गते बेलुका जेठाजुलाई कुरी बसेका हौं । ऐ. १३ गते राती तथा ऐ. १४ गते राती बिहान अन्दाजी ००:३० बजेको समयमा जेठाजुलाई हेर्दा घ्यार घ्यार गर्न छोडेकोले मरेजस्तो लागि मैले रामकृष्ण गुरुङलाई फोन गरेकी हुँ तर रामकृष्ण गुरुङले फोन उठाउनु भएन । त्यसपछि भाई सेते वि.क. लाई उठाई लिएर आउनु भनी छोरा किसान वि.क. लाई पठाएकोले सेते वि.क. र निजको श्रीमती सरिता वि.क. भई घरमा आएका हुन् । भाई सेते वि.क.ले जेठाजुको नाडी छाम्दा नाडी चलेको छैन मरेजस्तो छ भनी भनेको थियो । भाई सेते वि.क. ले श्रीमान कृष्ण वि.क. लाई ईन्द्र बहादुर वि.क. मर्नु भयो घरमा फर्की आउनु भनी फोनमा भनेको हो । श्रीमान कृष्ण वि.क. ले रामकृष्ण गुरुङलाई फोन गरी मेरो घरमा गएर बुझ्नु भनी पठाउनु भएको रहेछ । रामकृष्ण गुरुङ राती अन्दाजी ०२:०० बजेको समयमा हाम्रो घरमा आई के भयो भनी सोध्नु भएको थियो तर मलाई डर लागि मेरो श्रीमानले कुटपिट गरेको कुरा बताईन । रामकृष्ण गुरुङले पनि जेठाजु ईन्द्र बहादुर वि.क.को नाडी र छाती छामी मरेजस्तो लागेको छ, कपडा फेर्दिई बाहिर निकालौं भनी जेठाजुले लगाएको कपडा रामकृष्ण गुरुङ, मेरो छोरा किसान वि.क. र सेते वि.क. भई कपडा फेरी दिई जेठाजुको लाशलाई पिँढीमा राखी धुपबत्ती बाली दिएका हौं । ऐ.१४ गते बिहान गाउँका अन्य मानिसहरुलाई पनि खबर गरेका हौं । घटनाको बारेमा प्रहरीलाई समेत गाउँका अन्य मानिसहरु ले खबर गरेकोले प्रहरी पनि घटनास्थलमा आएका हुन् । श्रीमान कृष्ण वि.क. पनि घरमा फर्की आउनु भएको हो । प्रहरीले लाशको मुचुल्का गरी पोष्टमार्टमको लागि पर्वत अस्पताल तर्फ ल्याएको हो । जेठाजु लाई मेरो श्रीमानले मिति २०८०।०९।१२ गते बेलुका काठ (हनुमानको लौरो जस्तो देखिने काठ) ले प्रहार गरेको हुँदा सोही चोटको कारणबाट जेठाजु ईन्द्र बहादुर वि.क.को मृत्यु भएको हुनु पर्छ, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको चन्द्रा वि.क. को घटना विवरण कागज ।

**८. किसान वि.क. को घटनाविवरण कागज :**

मिति २०८०।०९।१२ गते बेलुका बुबा कृष्ण वि.क. र मामा सेते वि.क. ले सँगै हाम्रो घरको आँगनमा बसी रक्सी खाँदा बेला ठुलो बुबा ईन्द्र बहादुर वि.क. ले पनि रक्सी माग्नु भएकोले बुबाले रक्सी दिनु भएको हो । बेलुकाको आमा चन्द्रा वि.क.ले खाना खान दिनु भएकोले म र ठुलो बुबाले खाएका हौं । म खाना खाई सकेपछि पढ्नको लागि कोठामा बसी पढ्दै थिएँ । ठुलो बुबा ईन्द्र बहादुर वि.क. लाई सुत्नको लागि आफ्नो ओछ्यानमा जा भन्नु भएको र ठुलो बुबा ईन्द्र बहादुर वि.क. ले उतै गएर मर भनी बुबा कृष्ण वि.क.लाई गाली गरी रहनु भएको थियो । बुबा कृष्ण वि.क.ले मलाई किन कराउँछस (गाली गर्छस) भनी ठुलो बुबा ईन्द्र बहादुर वि.क. लाई नकराईकन सुत भन्दा ठुलो बुबाले मलाई मार भन्दै पिँढीमा आउनु भएकोले बुबाले हनुमानको लौरो जस्तो देखिने काठ निकाली उक्त काठले ठुलो बुबा ईन्द्र बहादुर वि.क.को टाउकोमा प्रहार गर्नु भएको हो । त्यसपछि ठुलो बुबा भुईमा ढल्नु भएकोले किन हानेको हो भनी म समेत भई छुटयाउन जाँदा पुनः बुबाले ठुलोको टाउकोमा हान्नु भएको हो । मामा सेते वि.क., आमा चन्द्रा वि.क. र मैले उक्त काठ खोसी दिएका हौं । ठुलो बुबा पिँढीमा ढल्ने क्रममा मुखबाट एक/दुई थोपा रगत खसेको थियो । ठुलो

बुबा रन्फनिदै उठी सुत्नको लागि आफ्नो बिस्तारामा जानु भएको हो । केही समय पछि मेरो मामा सेते वि.क. र मामाको नाबालिका छोरी आफ्नो घरमा गएका हुन् र हामी पनि सुतेको हौं । भोली पल्ट ऐ. १३ गते बिहान उठी म टिउसन पढ्न स्कुल गए र बेलुका घरमा आउँदा बुबा कृष्ण वि.क. इण्डिया (भारत) गई सक्नु भईसकेको रहेछ । ठुलो बुबा ईन्द्र बहादुर वि.क. बेहोस हुनुहुन्थ्यो । बुबाले कुटपिट गरेको कारणले गर्दा ठुलो बुबा बेहोस भएकोले कुर्नको लागि भनी आमाले सिता वि.क. र सपना वि.क.लाई बोलाउनु भएको रहेछ । बेलुका सिता वि.क. र सपना वि.क. आई सकेपछि ठुलो बुबा ईन्द्र बहादुर वि.क.लाई दुधमा घिउ र बेसार आमा चन्द्र वि.क.ले फिटी (घोली) सिता वि.क., सपना वि.क. र म भई खुवाएका हौं । त्यतीबेला ठुलो वुबा ईन्द्र बहादुर वि.क.ले १/२ घुड्की निल्नु भएको थियो, घ्यार घ्यार गर्नु भएको थियो । सिता वि.क., सपना वि.क., आमा चन्द्रा वि.क. र म भई १३ गते बेलुका ठुलो बुबालाई कुरी बसेका हौं । ऐ. १३ गते राती तथा ऐ. १४ गते राती बिहान अन्दाजी ००:३० बजेको समयमा ठुलो बुबालाई हेर्दा घ्यार घ्यार गर्न छोडेकोले मरेजस्तो लागि आमा चन्द्रा वि.क.ले रामकृष्ण गुरुङलाई फोन गर्नु भएको हो तर रामकृष्ण गुरुङले फोन उठाउनु भएन । आमा चन्द्रा वि.क.ले मामा सेते वि.क.लाई उठाई लिएर आउनु भनी मलाई पठाउनु भएकोले म मामालाई उठाउन गई मामालाई उठाई मामा सेते वि.क. र माईजु सरिता वि.क.लाई लिई घरमा आएको हुँ । मामा सेते वि.क. ले ईन्द्र बहादुर वि.क. मर्नु भयो घरमा फर्की आउनु भनी बुबा कृष्ण वि.क. लाई फोनमा भन्नु भएको हो । बुबा कृष्ण वि.क. ले रामकृष्ण गुरुङलाई फोन गरी मेरो घरमा गएर बुझ्नु भनी पठाउनु भएकाले रामकृष्ण गुरुङ ऐ. राती अन्दाजी ०२:०० बजेको समयमा हाम्रो घरमा आउनु भएको थियो । रामकृष्ण गुरुङले पनि ठुलो बुबा ईन्द्र बहादुर वि.क.को नाडी र छाती छामी मरेजस्तो लागेको छ, कपडा फेर्दिई बाहिर निकालौं भनी भन्नु भएकोले ठुलो बुबा ईन्द्र बहादुर वि.क.ले लगाएको कपडा रामकृष्ण गुरुङ, मामा सेते वि.क. र म भई कपडा फेरी दिई ठुलो बुबा ईन्द्र बहादुर वि.क.को लाशलाई पिँढीमा राखी धुपबत्ती बाली दिएका हौं । अरुलाई पनि बोलाउन जाम भनी म र रामकृष्ण गुरुङ गाउँ तिर गएका हौं । कटुवाले भोला भन्ने जित बहादुर परियार, सुजन परियार र देउमाया परियारलाई खबर गरी हाम्रो घरमा बोलाई जित बहादुर परियार, सुजन परियार र म हाम्रो घरमा फर्की आएका हौं भने रामकृष्ण गुरुङ आफ्नो घर तर्फ जानु भएको हो । ऐ.१४ गते बिहान गाउँका अन्य मानिसहरुलाई पनि खबर गरेका हौं । घटनाको बारेमा प्रहरीलाई समेत गाउँका अन्य मानिसहरुले खबर गरेकोले प्रहरी पनि घटनास्थलमा आउनु भएको हो । बुबा पनि घरमा फर्की आउनु भएको हो । प्रहरीले लाशको मुचुल्का गरी पोष्टमार्टमको लागि पर्वत अस्पताल तर्फ ल्याएको हो । ठुलो बुबा ईन्द्र बहादुर वि.क. लाई मेरो बुबा कृष्ण वि.क. ले मिति २०८०।०९।१२ गते बेलुका हनुमानको लौरो जस्तो देखिने काठले टाउकोमा प्रहार गरेको हुँदा सोही चोटको कारणबाट ठुलो बुबा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको हुनु पर्छ । उक्त काठ प्रहरीले बरामद गरी ल्याउनु भएको हो, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको किसान वि.क. ले गरेको घटना विवरण कागज ।

**९. लुशन गुरुङको घटनाविवरण कागज :-**

मिति २०८०।०९।१२ गते म आफ्नै घरमा थिएँ । ऐ. १२ गते बेलुका कृष्ण वि.क. ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई कुटपिट गरेको र ईन्द्रबहादुर वि.क. को मिति २०८०।०९।१४ गते राती अन्दाजी ००:३० बजेको समयमा मृत्यु भएको भन्ने कुरा मलाई तत्काल थाहा थिएन । ऐ. १४ गते बिहान अन्दाजी १०:०० बजे रामकृष्ण गुरुङले मलाई फोन गरी स्याङ्जाको जुग्ले भन्ने ठाउँसम्म मोटरसाइकल लिएर गई कृष्ण वि.क.लाई लिएर आउनु पर्‍यो भन्नु भएकोले मैले मोटरसाइकल लिई स्याङ्जाको जुग्ले भन्ने ठाउँमा गई बसेको र केही समयपछि कृष्ण वि.क. स्याङ्जाको जुग्ले भन्ने ठाउँमा आई सेतो कोरा कपडा किनेको देखेको हुँ । कपडा किनी सकेपछि कृष्ण वि.क.लाई मैले मोटरसाइकलमा लिएर आएको हुँ । कृष्ण वि.क.को घरमा आई पुग्दा स्थानीय मानिसहरु र प्रहरी समेत थिए । सो बेला मात्र ईन्द्र बहादुर वि.क. को मृत्यु भएको रहेछ भन्ने कुरा मलाई थाहा भयो। सो घटना सम्बन्धमा पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका काठले टाउकोमा प्रहार गरेको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएको हुँ । कृष्ण वि.क. लाई कानून बमोजिम होस् भन्ने समेत व्यहोराको लुशन गुरुङको घटना विवरण कागज ।

**१०. देउमाया परियारको घटनाविवरण कागज :-**

मिति २०८०।०९।१३ गते बेलुका खाना खाई सुतेकी थिएँ । ऐ. १४ गते राती बिहान अन्दाजी ०३:०० बजेको समयमा रामकृष्ण गुरुङ र किशान वि.क. भई मेरो घरमा गई मलाई उठाई ठुलो बुबा ईन्द्र बहादुर वि.क. को मृत्यु भयो, कुर्न जानु पर्‍यो भनी किशान वि.क. ले भनेकोले मेरो जेठाजु भुला भन्ने जित बहादुर परियार, भतिज सुजन परियार र म समेत भई कृष्ण वि.क. को घरमा गएका हौं । प्रतिवादी कृष्ण वि.क. को घरमा जाँदा ईन्द्र बहादुर वि.क.को लाश पिँढीमा राखी सिरकले छोपेको अवस्थामा थियो । सेते वि.क., सिता वि.क., सपना वि.क., चन्द्रा वि.क. समेत भई लाशलाई कुरेर बसेका थिए । ईन्द्र बहादुर वि.क. को मृत्यु के कसरी भएको हो भनी सोध्दा आफै मृत्यु भएको हो भनी तत्काल निजको घर परिवारले भनेका हुन् । सो घटना सम्बन्धामा गाउँका अन्य मानिसहरुलाई खबर गरेकोले ऐ.१४ गते बिहान गाउँका अन्य मानिसहरु समेत आएका हुन् । कृष्ण वि.क. इण्डिया जान भनी मिति २०८०।०९।१३ गते गएको र आफ्नो दाई ईन्द्र बहादुर वि.क.को मृत्यु भएकोले भैरहवाबाट फर्कदैछन् भन्ने कुरा सुनेकी हुँ । मिति २०८०।०९।१४ गते दिउँसो प्रतिवादी घरमा आएका हुन् । ईन्द्र बहादुर वि.क. को मृत्यु के कसरी भएको रहेछ भनी पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका आफ्नै घरको पिँढीमा काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएकी हुँ । प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको देउमाया परियारको घटना विवरण कागज ।

## ११. सुजन दमाईको घटनाविवरण कागज :-

मिति २०८०।०९।१३ गते बेलुका खाना खाई सुतेको थिएँ । ऐ. १४ गते राती बिहान अन्दाजी ०२:३० बजेको समयमा रामकृष्ण गुरुङले मेरो मोबाईलमा फोन गरेका रहेछन् । म सुती निधाएकोले थाहा पाईन । ऐ. राती बिहान अन्दाजी ०३:०० बजेको समयमा रामकृष्ण गुरुङ र किशान वि.क. भई मेरो घरमा गई मलाई उठाएका हुन् । ठुलो बुबा ईन्द्र बहादुर वि.क. को मृत्यु भएको छ कुर्न जानु पर्‍यो भनी किशान वि.क. ले भनेकोले ईन्द्र बहादुर वि.क. लाई कुर्न भनी मेरो ठुलो बुबा भुला भन्ने जित बहादुर परियार, मेरो कान्छी आमा देउमाया परियार र म भई कृष्ण वि.क.को घरमा गएका हौं । रामकृष्ण गुरुङले हामीलाई खबर गरी आफ्नो घर तर्फ गएका हुन् । प्रतिवादी कृष्ण वि.क. को घरमा जाँदा ईन्द्र बहादुर वि.क.को लाश पिँढीमा राखी सिरकले छोपेको अवस्थामा थियो । सेते वि.क., सिता वि.क., सपना वि.क., चन्द्रा वि.क. समेत भई लाशलाई कुरेर बसेका थिए । सो घटना सम्बन्धामा गाउँका अन्य मानिसहरुलाई खबर गरेकोले ऐ.१४ गते बिहान गाउँका अन्य मानिसहरु समेत आएका हुन् । कृष्ण वि.क. इण्डिया जान भनी मिति २०८०।०९।१३ गते गएको र आफ्नो दाई ईन्द्र बहादुर वि.क.को मृत्यु भएकोले भैरहवाबाट फर्किदैछन् भन्ने कुरा सुनेको हुँ । मिति २०८०।०९।१४ गते दिउँसो प्रतिवादी कृष्ण वि.क. घरमा आएका हुन् । ईन्द्र बहादुर वि.क.को मृत्यु भएको घटनाको बारेमा प्रहरीलाई समेत खबर गरेकोले प्रहरी घटनास्थलमा गई लाशको मुचुल्का गरी लाशलाई पोष्टमार्टमको लागि पर्वत अस्पताल तर्फ ल्याएको हो । सो घटना सम्बन्धमा पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका आफ्नै घरको पिँढीमा काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएको हुँ । कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको सुजन दमाईको घटना विवरण कागज ।

## १२. सपना वि.क. को घटनाविवरण कागज :-

मिति २०८०।०९।१३ गते म आफ्नै घरमा थिएँ । मेरो जेठानी दिदी सिता वि.क. सोही दिन दिउँसो कृष्ण वि.क.को घरमा जानु भएको रहेछ । कृष्ण वि.क. को दाई ईन्द्र बहादुर वि.क. सिकिस्तै बिरामी हुनु हुन्छ भनी दिदी सिता वि.क.ले भन्नु भएको थियो । ऐ. बेलुकापख चन्द्रा वि.क. ले मलाई फोन गरी घरमा जुठे भन्ने ईन्द्र बहादुर वि.क. सिकिस्तै बिरामी हुनुहुन्छ श्रीमान कृष्ण वि.क. पनि रोजगारको सिलसिलामा भारत तर्फ जानु भयो, ईन्द्र बहादुर वि.क.लाई कुर्न आउनु पर्‍य भनी मलाई भन्नु भएपछि म र सिता वि.क. भई ईन्द्र बहादुर वि.क.लाई कुर्न भनी कृष्ण वि.क.को घरमा गएका हौं । ईन्द्र बहादुर वि.क. पिँढीको काठले बारेको कोठा भित्र खाट माथी सिरानी तर्फ खुट्टा र खुट्टा हुने तर्फ टाउको भई उत्तानो अवस्थामा एकोहोरो स्वास फेरी घ्यार घ्यार गरेको आवाज आएको र बेहोस अवस्थामा देखेकी हुँ । के कसरी यस्तो हुनु भयो भनी सोध्दा रातीबाट एक्कासी यस्तो हुनु भएको हो भनी चन्द्रा वि.क.ले भनेकी हुन् । दुधमा घिउ र बेसार फेटी (घोली) ईन्द्र बहादुर वि.क.लाई किशान वि.क.ले खुवाएका हुन, ईन्द्र बहादुर वि.क.ले निलेनन् । कृष्ण वि.क.ले आफ्नो दाई ईन्द्र बहादुर वि.क. लाई यस्तो गराएर इण्डिया गयो के गर्ने होला भनी चन्द्रा वि.क.

आत्ती रहनु भएको थियो । म निदाएछु, ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा चन्द्रा वि.क. ले मलाई उठाउनु भएको हो, सो बेला ईन्द्र बहादुर वि.क.को घाँटी ठुलो आवाजमा घ्यार घ्यार गरेको थियो । केही समय घ्यार घ्यार गर्न छोडेकोले मरे जस्तो लागि किशान वि.क.ले ठुलो बुबा ईन्द्र बहादुर वि.क. मरे जस्तो हुनुहुन्छ भनी भनेकोले सिता वि.क. र किशान वि.क. भई सेते वि.क.लाई बोलाउन भनी जानु भएको हो । त्यसपछि सेते वि.क. र निजको श्रीमती समेत आएका हुन् । सेते वि.क.ले पनि ईन्द्रबहादुर वि.क.लाई हेरी मर्नु भएको छ भनी भनेका हुन् । ईन्द्र बहादुर वि.क.को मृत्यु भयो, घरमा फर्की आउनु भनी कृष्ण वि.क.लाई सेते वि.क.ले फोनबाट भन्नु भएको हो। कृष्ण वि.क. ले रामकृष्ण गुरुङलाई फोन गर्नु भएको रहेछ । ऐ. १४ गते राती बिहान अन्दाजी ०२:०० बजेको समयमा रामकृष्ण गुरुङ आई निजले पनि ईन्द्र बहादुर वि.क. लाई हेरी मरेको रहेछ अर्को कपडा फेरी बाहिर निकालौं भन्नु भएकोले रामकृष्ण गुरुङ, किशान वि.क. र सेते वि.क. भई मृतक ईन्द्रबहादुर वि.क. को कपडा फेरी पिँढीमा ईन्द्र बहादुर वि.क.को लाश राखी सिरकले छोपिदिएको हो । त्यसपछि गाउँका अन्य मानिसहरुलाई पनि बोलाउन जाउँ भनी किशन वि.क. र रामकृष्ण गुरुङ भई गाउँ तर्फ गएका हुन् । केही समय पछि सुजन परियार, भुला भन्ने जित बहादुर परियार र देउमाया परियारलाई किशान वि.क.ले बोलाई ल्याएका हुन् । रामकृष्ण गुरुङ उतैबाट आफ्नो घर तर्फ जानु भएछ । ऐ. १४ गते बिहान अन्दाजी ०७:०० बजेको समयमा गाउँका अन्य मानिसहरु आएकोले म आफ्नो घरमा गई खाना पकाई खाना खाई पुनः कृष्ण वि.क. को घरमा जाँदा गाउँमा अन्य मानिसहरु र प्रहरी समेत गई सक्नु भएको थियो । कृष्ण वि.क. पनि घरमा फर्की आएका हुन् । ईन्द्र बहादुर वि.क. को मृत्यु के कसरी भएको रहेछ भनी पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका आफ्नै घरको पिँढीमा काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा थाहा भयो । प्रतिवादी कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको सपना वि.क. को घटना विवरण कागज ।

**१३. संजिता सुनारको घटनाविवरण कागज :-**

मिति २०८०।०९।१३ गते दिउँसो जुठे भन्ने ईन्द्र बहादुर वि.क. सिकिस्तै बिरामी हुनु हुन्छ, हेर्न जाउँ भनी सिता वि.क. ले मलाई भनेकोले सिता वि.क. र म भई ऐ.अन्दाजी १४:०० बजेको समयमा कृष्ण वि.क. को गएका हौं । ईन्द्र बहादुर वि.क. आफु सुत्ने कोठाको खाट माथी सिरानी तर्फ खुट्टा र खुट्टा हुने तर्फ टाउको भई उत्तानो अवस्थामा एकोहोरो स्वास फेरी रही बेहोस अवस्थामा देखेकी हुँ। के कसरी यस्तो हुनु भयो भनी सोध्दा रातीबाट एक्कासी यस्तो हुनु भएको हो भनी चन्द्रा वि.क.ले भनेकी हुन् । मैले दुधमा घिउ र बेसार तताई घोली दिएकोले किसान वि.क. र सिता वि.क.ले ईन्द्र बहादुर वि.क.लाई खुवाई दिएका हुन् । एक/दुई घुड्की निलेका थिए । ऐ. १४ गते राती बिहान अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क. को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएकी हुँ । कृष्ण वि.क.को घरमा जाँदा गाउँका अन्य मानिसहरु र प्रहरी समेत गई सक्नु भएको थियो । मिति २०८०।०९।१४ गते दिउँसो प्रतिवादी पनि घरमा फर्की आएका हुन् । ईन्द्र बहादुर वि.क.

को मृत्यु के कसरी भएको रहेछ भनी पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजे ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएकी हुँ । प्रतिवादी कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १४ आर्थरडाँडाखर्क बस्ने संजिता सुनारको घटना विवरण कागज ।

**१४. सरिता वि.क. को घटनाविवरण कागज :-**

कृष्ण वि.क. मिति २०८०।०९।१३ गते रोजगारको सिलसिलमा भारत जाने भन्नु भएको थियो । ऐ. १२ गते बेलुका मेरो श्रीमान कामबाट घरमा आई बस्नु भएको थियो । कृष्ण वि.क.ले मेरो श्रीमान सेते वि.क. लाई म भोली इण्डिया जाने हो एकछिन बस्न आईज भनी बोलाउनु भएकोले मेरो श्रीमान सेते वि.क. कृष्ण वि.क.को घरमा जानु भएको हो । ऐ. १२ गते राती अन्दाजी ११:०० बजेको समयमा श्रीमान घरमा आउनु भएको हो । भोलिपल्ट ऐ. १३ गते बिहान अन्दाजी ०८:०० बजेको समयमा कृष्ण वि.क.को घरमा जाँदा आमाजु दिदी चन्द्रा वि.क. मात्र हुनुहुन्थ्यो । कृष्ण वि.क. इण्डिया (भारत) जान भनी गईसक्नु भएको रहेछ । आमाजु दिदीको घरमा चिया खाने क्रममा मेरो श्रीमान कृष्ण वि.क. ले आफ्नो दाई ईन्द्र बहादुर वि.क.लाई कुटेर इण्डिया गयो के गर्ने होला भनी आमाजु दिदी चन्द्रा वि.क. ले पिर चिन्ता लिनु भएको थियो । म आफ्नो काममा जानको लागि हतार भएकोले मैले तत्काल ईन्द्र बहादुर वि.क.लाई हेरिन । ऐ. १३ गते दिउँसो म र मेरो श्रीमान काममा गई घरमा फर्की आई सुतेका हौं । हामी सुती रहेको अवस्थामा ऐ. १४ गते राती बिहान अन्दाजी ००:४५ बजेको समयमा भान्जा नाताका किशान वि.क. र सिता वि.क. भई हामीलाई उठाउन आएका थिए । ठुलो बुबा ईन्द्र बहादुर वि.क. मर्नु भयो कुर्न जानु पर्‍यो भनी किशान वि.क. ले भन्नु भएकोले म र मेरो श्रीमान सेते वि.क. भई कृष्ण वि.क. को घरमा गएका हौं । ईन्द्र बहादुर वि.क.को लाश घरको पिँढीमा काठले बारेको कोठा भित्र थियो । मेरो श्रीमान सेते वि.क. ले ईन्द्र बहादुर वि.क. को नाडी छाम्नु भएको थियो । हामी कृष्ण वि.क. को घरमा जाँदा चन्द्रा वि.क., सिता वि.क., सपना वि.क. थिए । आमाजु दिदी चन्द्रा वि.क. ले आफ्नो श्रीमान कृष्ण वि.क. लाई फोन गर्नु भएको हो । फोनमा मेरो श्रीमान सेते वि.क. र कृष्ण वि.क. बिच कुरा भएको हो । ईन्द्र बहादुर वि.क.को मृत्यु भयो, घरमा फर्की आउनु भनी कृष्ण वि.क.लाई मेरो श्रीमान सेते वि.क.ले फोनबाट भन्नु भएको हो । कृष्ण वि.क. ले रामकृष्ण गुरुङलाई फोन गर्नु भएको रहेछ । ऐ. १४ गते राती बिहान अन्दाजी ०२:०० बजेको समयमा रामकृष्ण गुरुङ आएका हुन् । रामकृष्ण गुरुङले पनि ईन्द्र बहादुर वि.क. लाई हेर्नु भई मरेको रहेछ अर्को कपडा फेरी बाहिर निकालौं भन्नु भएकोले रामकृष्ण गुरुङ, किशान वि.क. र मेरो श्रीमान सेते वि.क. भई मृतक ईन्द्र बहादुर वि.क.ले लगाएको कपडा फेरी दिई पिँढीमा लगि गुन्द्री माथी ईन्द्र बहादुर वि.क. को लाश राखी सिरकले छोपिदिएको हो । त्यसपछि गाउँका अन्य मानिसहरुलाई पनि बोलाउन जाउँ भनी भान्जा किशान वि.क. र रामकृष्ण गुरुङ भई गाउँ तर्फ गएका हुन् । केही समय पछि सुजन परियार, भुला भन्ने जित बहादुर परियार र देउमाया परियारलाई किशान वि.क. ले बोलाई ल्याएका हुन् । रामकृष्ण गुरुङ उतैबाट आफ्नो घर तर्फ जानु भएछ । ऐ. १४ गते बिहान अन्दाजी ०७:०० बजेको समयमा गाउँका अन्य

मानिसहरु आएकोले म आफ्नो घरमा गएकी हुँ । कृष्ण वि.क. पनि घरमा फर्की आउनु भएको हो। ईन्द्र बहादुर वि.क. को मृत्यु के कसरी भएको रहेछ भनी पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका आफ्नै घरको पिँढीमा काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा निज ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा थाहा भयो । प्रतिवादी कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको सरिता वि.क. को घटना विवरण कागज ।

**१५. सिता वि.क. को घटनाविवरण कागज :-**

मिति २०८०।०९।१३ गते आमाजु दिदी चन्द्र वि.क.ले मलाई फोन गरी दाई ईन्द्र बहादुर वि.क. बिरामी हुनुहुन्छ यहाँ आउनु पर्‍यो भन्नु भएको थियो । मैले सो कुरा संजिता सुनारलाई पनि जानकारी गराई म र संजिता सुनार भई ऐ. दिउँसो अन्दाजी १४:०० बजेको समयमा चन्द्रा वि.क.को घरमा गएका हौं । ईन्द्र बहादुर वि.क. लाई हेर्दा सिरानी हुने ठाउँमा खुट्टा र खुट्टा हुने ठाउँमा टाउको भई उत्तानो अवस्थामा एकोहोर स्वास फेरी बेहोस अवस्थामा देखेको हो । के भएर यस्तो भएको हो भनी चन्द्रा वि.क. लाई सोध्दा ऐ. १२ गते बेलुका जेठाजु ईन्द्र बहादुर वि.क. र श्रीमान कृष्ण वि.क.को झगडा हुँदा मेरो श्रीमानले जेठाजुलाई एक/दुई थप्पड हानेको भनी चन्द्रा वि.क.ले भन्नु भएको थियो। चन्द्रा वि.क.ले ईन्द्र बहादुर वि.क.लाई छुन नहुने हुँदा संजिता वि.क. ले दुधमा घिउ र बेसार तताई दिई फिटी (घोली) म र किशान वि.क. ले ईन्द्रबहादुर वि.क.लाई खुवाई दिएका हौं । एक/दुई घुड्की निलेका थिए, चन्द्रा वि.क. ले श्रीमान कृष्ण वि.क. हुनुहुन्न जेठाजु दाई यस्तो अवस्थामा हुनुहुन्छ बेलुका कुर्न आउनु है भन्नु भएको थियो । ऐ. १३ गते बेलुका म र मेरो देउरानी सपना वि.क. भई ईन्द्र बहादुर वि.क.लाई कुर्न जाँदा कृष्ण वि.क. ले आफ्नो दाईलाई यस्तो गराएर इण्डिया गयो के गर्ने होला भनी चन्द्रा वि.क. आत्ती रहनु भएको थियो । म निदाएछु, ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा चन्द्रा वि.क. ले मलाई उठाउनु भएको हो, सो बेला ईन्द्र बहादुर वि.क. को घाँटी ठुलो आवाजमा घ्यार घ्यार गरेको थियो । केही समय घ्यार घ्यार गर्न छोडेको हो, घ्यार घ्यार गर्न छोडेकोले मरे जस्तो लागि किशान वि.क. ले ईन्द्र बहादुर वि.क. लाई हेर्नु भएको र ठुलो बुबा मरे जस्तो हुनुहुन्छ भनी भनेकोले किशान वि.क. र म भई सेते वि.क.लाई बोलाउन भनी गएका हौं । त्यसपछि सेते वि.क. र निजको श्रीमती समेत आएका हुन् । सेते वि.क.ले पनि ईन्द्रबहादुर वि.क. लाई हेरी मर्नु भएको जस्तो हुनुहुन्छ भनी भनेका हुन् । फोनमा सेते वि.क. र कृष्ण वि.क. बिच कुरा भएको हो । ईन्द्र बहादुर वि.क.को मृत्यु भयो, घरमा फर्की आउनु भनी कृष्ण वि.क. लाई सेते वि.क. ले फोनबाट भन्नु भएको हो । कृष्ण वि.क. ले रामकृष्ण गुरुङलाई फोन गर्नु भएको रहेछ । ऐ. १४ गते राती बिहान अन्दाजी ०२:०० बजेको समयमा रामकृष्ण गुरुङ आएर ईन्द्र बहादुर वि.क. लाई हेरी मरेको रहेछ अर्को कपडा फेरी बाहिर निकालौं भन्नु भएकोले रामकृष्ण गुरुङ, किशान वि.क. र सेते वि.क. भई मृतक ईन्द्रबहादुर वि.क.ले लगाएको कपडा फेरी दिई पिँढीमा लगि गुन्द्री माथी ईन्द्र बहादुर वि.क.को लाश राखी सिरकले छोपिदिएको हो । त्यसपछि गाउँका अन्य मानिसहरुलाई पनि बोलाउन जाउँ भनी किशन वि.क. र रामकृष्ण गुरुङ भई गाउँ तर्फ गएका हुन् । ऐ. १४ गते बिहान अन्दाजी ०७:०० बजेको समयमा गाउँका अन्य मानिसहरु

आएकोले म आफ्नो घरमा गई खाना पकाई खाना खाई पुनः कृष्ण वि.क. को घरमा जाँदा गाउँमा अन्य मानिसहरु र प्रहरी समेत गई सक्नु भएको थियो । कृष्ण वि.क. पनि घरमा फर्की आएका हुन्। ईन्द्र बहादुर वि.क. को मृत्यु के कसरी भएको रहेछ भनी पछि बुझ्दै जाँदा कृष्ण वि.क. ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका आफ्नै घरको पिँढीमा काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको रहेछ । प्रतिवादी कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको सिता वि.क. को घटना विवरण कागज ।

**१६.	दुर्गा गुरुङको घटनाविवरण कागज :-**

मेरो पसलबाट प्रतिवादी कृष्ण वि.क. को घर परिवारले राशन लैजाने र खाने गर्छन । प्रतिवादी कृष्ण वि.क. रोजगारको सिलसिलामा भारत जान भनी भनेको सुनेकी थिएँ । मिति २०८०।०९।१२ गते दिउँसो अन्दाजी १६:०० बजेको समयमा प्रतिवादी कृष्ण वि.क. को श्रीमती चन्द्रा वि.क. मेरो घर पसलमा आई मेरो श्रीमान कृष्ण वि.क. भोली मिति २०८०।०९।१३ गते इण्डिया (भारत) जाने हो सापटी स्वरुप रु.१५,०००।- (पन्ध्र हजार रुपैयाँ) दिनुहोस् भनेकीले मैले रु.१५,०००।- सापटी दिएकी हुँ र निजले मेरो पसलबाट एक मिनिरल वाटरको बोतलमा एक बोतल रक्सी समेत लिएर गएकी हुन् । सोही दिने बलुका कृष्ण वि.क. मेरो पसलमा आई खुकुरी चुरोट समेत किनी लगेका हुन् । मिति २०८०।०९।१४ गते राती बिहान अन्दाजी ००:३० बजेको समयमा कृष्ण वि.क.को दाई ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा गाउँमा हल्ला गरेर सुनेकी हुँ । मेरो घर देखि प्रतिवादीको घर टाढा पर्ने भएकोले म घटनास्थलमा गईन । ईन्द्र बहादुर वि.क.को मृत्यु भएको घटना सम्बन्धमा पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क.लाई मिति २०८०।०९।१२ गते बेलुका काठले टाउकोमा प्रहार गरेको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएकी हुँ । कृष्ण वि.क. लाई कानून बमोजिम होस् भन्ने समेत व्यहोराको दुर्गा गुरुङको घटना विवरण कागज ।

**१७.	भुला भन्ने जित बहादुर दमाईको घटनाविवरण कागज :**

मिति २०८०।०९।१३ गते बेलुका खाना खाई म आफ्नै घरमा सुतेको थिएँ । ऐ. १४ गते राती बिहान अन्दाजी ०३:०० बजेको समयमा रामकृष्ण गुरुङ र किशान वि.क. भई मेरो घरमा आई मलाई उठाएका हुन् । ईन्द्र बहादुर वि.क. को मृत्यु भएको छ कुर्न जानु पर्‍यो भनी किशान वि.क. र रामकृष्ण गुरुङले भनेकोले मेरो भतिज नाताका सुजन परियार, मेरो भाई बुहारी देउमाया परियार र म भई कृष्ण वि.क.को घरमा गएका हौं । ईन्द्र बहादुर वि.क.को लाश आफ्नै घरको पिँढीमा राखी सिरकले छोपेको अवस्थामा थियो । ऐ.१४ गते बिहान गाउँका अन्य मानिसहरु समेत आएका हुन् । कृष्ण वि.क. इण्डिया जान भनी मिति २०८०।०९।१३ गते गएको र आफ्नो दाई ईन्द्र बहादुर वि.क.को मृत्यु भएकोले भैरहवाबाट फर्किदैछन् भन्ने कुरा सुनेको हुँ । मिति २०८०।०९।१४ गते दिउँसो प्रतिवादी कृष्ण वि.क. घरमा आएका हुन् । प्रहरी घटनास्थलमा आई लाशको मुचुल्का गरी लाशलाई पोष्टमार्टमको लागि पर्वत अस्पताल तर्फ लगेको हो । सो घटना सम्बन्धमा पछि बुझ्दै जाँदा कृष्ण वि.क.ले आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई मिति २०८०।०९।१२ गते बेलुका

आफ्नै घरको पिँढीमा अनुमानको लौरो जस्तो देखिने काठले टाउकोमा प्रहार गरी घाइते गराएको र ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा पछि सुनी थाहा पाएको हुँ । कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको भुला भन्ने जित बहादुर दमाईको घटना विवरण कागज

**१८. मृतक ईन्द्र बहादुर वि.क. को शव परिक्षण प्रतिवेदन :-**

Cause of Death : Blunt Trauma Head भनी खुलाइएको शव परिक्षण प्रतिवेदन ।

**१९. अभियोग पत्र :-**

प्रतिवादी कृष्ण वि.क. ले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसुर अपराध गरेको हुँदा निजलाई सोही संहिताको दफा १७७(२) बमोजिम सजाय गरी मृतक ईन्द्र बहादुर वि.क. को दिदी जाहेरवाला विष्णु सुनारलाई प्रतिवादीबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मनासिब क्षतिपुर्ति दिलाई भराई पाउन माग दाबी लिई पेश भएको अभियोग पत्र ।

**२०. प्रतिवादी कृष्ण वि.क. ले यस अदालतमा गरेको बयान :-**

जाहेरी व्यहोरा सही साँचो हो । मिति २०८०।०९।१२ गते साँझको समयमा हामी दुवै जना दाजुभाईले रक्सी सेवन गरेका थियौं । दाईले रक्सी खाएर मलाई कचकच गरेकोले मैले रिसको झोकमा लौराले टाउकोमा हिर्काएको हुँ । मैले पटक पटक प्रहार गरेको होइन । मैले कुटेको बेला दाई बेहोस् जस्तै भएतापनि ऐ. भोलीपल्ट निजलाई खासै चोट लागे जस्तो नलागेको हुँदा म बिहानै रोजगारीको लागि भारत जान हिँडेको हुँ भने ऐ. १४ मलाई मेरो श्रीमतीले फोन गरी दाई मरेको भनी खबर गरेकोले फर्केको हुँ । मैले हानेको चोटको कारणले दाई ईन्द्र बहादुर वि.क. को मृत्यु भएको हो । मार्ने उद्देश्य थिएन । मलाई उक्त दिन मृतक दाई ईन्द्र बहादुर वि.क. ले रक्सीको सुरमा गाली नगरेको भए र मैले सुत भन्दा सुतेको भए सायद यो घटना हुँदैनथ्यो होला । मैले मार्छु भन्ने नियतले दाई ईन्द्र बहादुर वि.क. लाई प्रहार गरेको होइन । मैले नै दाईलाई १२/१३ वर्षदेखी पालेको हुँ । सो दिन मलाई रक्सी लागेको र निजले पनि मलाई रक्सीको सुरमा गाली गरेकोले नशाको सुरमा प्रहार गरेको हुँ । ज्यान लिने मनसाय होइन । मलाई कानून बमोजिम न्यूनतम सजाय भएमा छोराछोरी तथा घर परिवारको ख्याल राख्न पाउने थिएँ भन्ने समेत व्यहोराको प्रतिवादी कृष्ण वि.क. ले यस अदालतमा गरेको बयान ।

**२१. थुनछेक आदेश :-**

प्रस्तुत मुद्दामा यी प्रतिवादीका उपर परेको किटानी जाहेरी, मिसिल संलग्न घटनास्थल मुचुल्का, यी प्रतिवादीले अनुसन्धानको क्रममा र यस अदालतमा गरेको साबिती बयान व्यहोरा, मौकामा घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी सेते वि.क. समेतले गरेको घटना विवरण कागजको व्यहोरा, दशीका रुपमा पेश हुन आएको लौरो र मृतकको शव परीक्षण प्रतिवेदन समेतका उल्लिखित तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कृष्ण वि.क. अभियोग दाबीको कसुरमा कसूरदार होइनन् भन्ने मनासिब आधार नदेखिँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम प्रतिवादी कृष्ण वि.क. लाई कानून बमोजिम थुनुवा पुर्जी दिई मुद्दा

पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय पर्वतमा लेखी पठाई दिनू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०८०।१०।१२ मा भएको थुनछेक आदेश ।

**२२. साक्षीहरुको बकपत्र :-**

वारदातको दिन र समयमा मेरो घरमा थिएँ । यी मृतक बिरामी छन् भनी मलाई यी प्रतिवादी कृष्ण वि.क. ले बोलाएकोले मिति २०८०।०९।२४ गते म प्रतिवादी भाईको घरमा गएकी हुँ। प्रतिवादी भाईको घरमा पुगेपछी भाई ईन्द्र बहादुर वि.क. को मृत्यु भैसकेको थियो । घटनाको बारेमा पछि बुझ्दा दाजुभाईको झगडा हुँदा कृष्ण वि.क.ले दाउरोले टाउकोमा हानेको कारण मृत्यु भएको भन्ने थाहा पाएकी हुँ । ईन्द्र बहादुर वि.क. लाई प्रतिवादी भाईले नै पहिला देखी नै पालनपोषण गर्दै आएका थिए । ईन्द्र बहादुर वि.क. को मानसिक अवस्था ठिक थिएन । ईन्द्र बहादुर वि.क. मानसिक अवस्था ठिक नभएकोले झगडा गर्ने, गाली गर्ने रिसाउने स्वभावका थिए। प्रतिवादीले आफ्नै दाजुलाई ज्यानै लिने मनसायले हानेको नहुनुपर्छ । रक्सीको नशाको सुरमा मृतकले प्रतिवादीलाई गाली गरेको हुँदा आवेशमा आई प्रतिवादीले हानेका हुन् भन्ने लाग्छ । प्रतिवादीले ज्यानै लिन्छु भन्ने भएको भए भारततर्फ हिँडेका व्यक्ति फर्केर आउने थिएनन् होला भन्ने समेत व्यहोराको जाहेरवाला विष्णु सुनारले यस अदालतमा गरेको बकपत्र ।

मिति २०८०।०९।१४ गते रामकृष्ण गुरुङ र किशन वि.क. मेरो घरमा आई ईन्द्रबहादुर वि.क. को मृत्यु भयो भनेपछि म पनि मृतक रहेको घरमा गएकी हुँ । त्यो बेलामा मृतकको मृत्यु के कति कारणले भयो भन्ने थाहा पाइन । हाल आएर यी प्रतिवादीले टाउकोमा लौरोले प्रहार गरी मारेका रहेछन् भन्ने कुरा थाहा पाएकी हुँ । घटना हुँदाका बखत यस बारेमा पहिला केही पनि थाहा थिएन । मृतकको मृत्यु भएपछि कृष्ण वि.क. भारत जान लागेका मान्छे पनि फर्केर आएका हुन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने देउमाया परियारले यस अदालतमा गरेको बकपत्र ।

घटना सम्बन्धमा मलाई मिति २०८०।०९।१४ गते यी प्रतिवादीको श्रीमती र छोराहरुले गुहार मागेकोले म समेत प्रतिवादीको घरमा गएको थिएँ । मेरो श्रीमान सेते वि.क. ले समेत मलाई घटनाको बारेमा केही भन्नुभएको थिएन । मैले गुहार मागेपछी के भएको रहेछ भनी जाँदा म समेत मेरो श्रीमान समेतका मानिसहरु प्रतिवादीको घरमा रहेका थिए । म जाँदासम्म ईन्द्र बहादुर वि.क. कस्तो अवस्थामा थिए मलाई थाहा भएन । पछि गाउँघरमा यी प्रतिवादीले टाउकोमा लौरोले टाउकोमा हानेको र सोही कारणले निजको मृत्यु भएको भन्ने प्रतिवादीको श्रीमतीले भनेर थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सरिता वि.क. ले यस अदालतमा गरेको बकपत्र।

घटना सम्बन्धमा मलाई मिति २०८०।०९।१३ गते यी प्रतिवादी भारत जाने भनी हिँडेका थिए । निज भारततर्फ गएको राती १२/१ बजेतिर मलाई यी प्रतिवादीको श्रीमतीले फोन गरेकी रहिछन् सो कुरा मैले तत्काल थाहा पाईन । सोही राती २ बजेतिर मलाई यी प्रतिवादीले भैरहवा वाट फोन गरी मेरो दाई ईन्द्र बहादुर वि.क. मरेको भनेका छन गएर बुझ्दिनपर्यो भनेकोले म राती प्रतिवादीको घरमा गएको हुँ । म जाँदा सेते वि.क. समेतका मानिसहरु प्रतिवादीको घरमा रहेका थिए। म जाँदा सम्म ईन्द्र बहादुर वि.क. मरिसकेका हुँदा तत्काल मैले प्रतिवादीलाई घर फर्कन भनेको हुँ। भोलीपल्ट यी प्रतिवादीले टाउकोमा लौरो ले टाउकोमा हानेको र सोही कारणले निजको

मृत्यु भएको भन्ने थाहा पाएको हुँ । मृतक ईन्द्र बहादुर वि.क. मानसिक रुपमा कमजोर रहेका थिए भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने रामकृष्ण गुरुङले यस अदालतमा गरेको बकपत्र ।

मिति २०८०।०९।१४ गते बिहान ईन्द्रबहादुर वि.क. को मृत्यु भयो भन्ने कुरा गाउँघरमा हल्ला चलेपछि थाहा पाएकी हुँ । के कारणले निजको मृत्यु भयो सो समयमा थाहा पाइन । हाल यी प्रतिवादीले काठको लौरोले मृतकको टाउकोमा प्रहार गरेका र सोहीको चोटबाट मृतकको मृत्यु भएको रहेछ भन्ने कुरा थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने दुर्गा गुरुङले यस अदालतमा गरेको बकपत्र ।

ईन्द्र बहादुर वि.क. को मृत्यु भई सकेपछि रामकृष्ण गुरुङले यी मृतक ईन्द्रबहादुर वि.क. को मृत्यु भयो, मृतकको घरमा जानु पर्‍यो भनेपछि म समेत ईन्द्रबहादुर वि.क. को मृत्यु भएको ठाउँमा गएको हुँ । म त्यहाँ जाँदा ईन्द्र बहादुर वि.क. को मृत्यु भई सकेको थियो । मृतकको दाहसंस्कार सकेको ४/५ दिन पछि यी प्रतिवादीले मदानी बनाउने लौरोले मृतकलाई कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको रहेछ भन्ने कुरा सुनेको हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सुजन दमाईले यस अदालतमा गरेको बकपत्र ।

रामकृष्ण गुरुङ मेरो पुसाजुले मलाई कृष्ण वि.क.ले ईन्द्र बहादुर वि.क.लाई हानेर मारेको रहेछ । कृष्ण वि.क.लाई जुग्ले भन्ने ठाउँसम्म गएर मोटरसाईकलमा लिएर आईजा भनेकोले म प्रतिवादीलाई लिन जुग्ले लिन गई लिएर आएको हुँ । मैले प्रतिवादीलाई घरमा लिई आउने बेला सम्म प्रहरी कर्मचारी गई मुचुल्का समेतको काम गर्दै थिए भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने लुशन गुरुङले यस अदालतमा गरेको बकपत्र ।

वारदातको समयमा यी प्रतिवादीको घरमा गई म, प्रतिवादी र ईन्द्र बहादुर वि.क. भई रक्सी खाई बसेका थियौं । रक्सी खाईसकेपछी ईन्द्र बहादुर वि.क. ले खाना खाई भान्सा कोठामा नै बसेको हुँदा यी प्रतिवादीले दाई (मृतकलाई) सुत भन्दा ईन्द्र बहादुर वि.क. ले तैले पनि भात खा अनि सुत्छु भन्दा प्रतिवादी र मृतक बिच सामान्य झगडा भएको थियो । झगडा हुँदाको समयमा प्रतिवादी आवेशमा आई तत्काल आफु सुत्ने कोठामा गई दाउरो ल्याई तत्काल टाउकोमा हानेका हुन् । हामीले तत्काल छुट्याउन नभ्याएकोले दोस्रो पटक हान्दा मैले र दिदी चन्द्र कुमारी वि.क. ले रोकेका हौं । सोही चोटको कारण निज ईन्द्र बहादुर वि.क. बेहोस भई ढलेको हुँदा हामीले खाटमा राखिदिएका हौं । निज मृतकले चोट लागेपछी पनि प्रतिवादीलाई गाली गरेका थिए । सो पछी म घर गएको हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सेते वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले ईन्द्र बहादुर वि.क. को हत्या गरे भन्ने कुरा मिति २०८०।०९।१४ गते रामकृष्ण गुरुङ र किशान वि.क. ले भनेपछि थाहा पाएको हुँ । यो भन्दा अरु केही पनि थाहा भएन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने भुला भन्ने जितबहादुर दमाईले यस अदालतमा गरेको बकपत्र ।

मृतक अपाङ्ग हुनु भएकोले निजको पालताल, संरक्षण तथा स्वास्थोपचार प्रतिवादी कृष्ण वि.क. ले नै गर्दै आउनु भएको थियो । यो आवेश प्रेरित घटना हो । मृतक ईन्द्रबहादुर भाई कृष्ण

वि.क. सँग बारम्बार निहुँ खोज्ने र कचकच गर्ने गर्नु हुन्थ्यो । सायद यसरी बेला बेलामा बिना कारण निहुँ खोजेका हुँदा कृष्ण वि.क. आवेशमा आई अगाडी पछाडी केही नसोची हातमा जे आयो त्यसैले प्रहार गर्दा त्यसैबाट मृतकलाई चोट लाग्न पुगी मृतकको मृत्यु भएको हुनु पर्छ । प्रतिवादीले मार्छु भनेर मारेका होइनन् । नत्र भने भारत हिँडेको मान्छे दाईको मृत्यु भयो भन्ने कुरा थाहा पाएपछि फर्केर आउने थिएनन् होला । तर प्रतिवादी फर्केर आउनु भएको छ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने संजिता सुनार र सपना वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

यी प्रतिवादीको श्रीमतीले मलाई जेठाजु बिरामी हुनुहुन्छ भनी बोलाएको हुँदा भेट्न भनी गएकी थिएँ । भेट्न जाँदा ईन्द्र बहादुर वि.क. बिरामी जस्तो गरी सुतेका थिए । प्रतिवादीले हानेर सुतेका हुन् भन्ने कसैले पनि भनेका थिएनन् । ऐ. भोलीपल्ट ईन्द्र बहादुर वि.क. को मृत्यु भयो भनी थाहा पाएकोले म जाँदा निजको मृत्यु भईसकेको थियो । घटनाको बारेमा प्रतिवादीको घरमा थाहा पाएकी हुँ । प्रतिवादीले मृतकको ज्यान लिन्छु भन्ने मनसयाले प्रहार गरेको होईनन भन्ने लाग्छ । प्रतिवादी भारतवाट फर्की आएको हुँदा पनी निजले ज्यानै लिने मनसाय थियो भन्ने लाग्दैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने सिता वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

कृष्ण वि.क. ले आफ्नो दाजु ईन्द्र बहादुर वि.क. लाई काठको लट्ठीले उसको टाउकोमा प्रहार गरेको र सोही चोटको कारणबाट ईन्द्र बहादुर वि.क. को मृत्यु भएको भन्ने कुरा मृतकको मृत्यु भएको २ दिन पछि मात्र थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का गर्ने काजी गुरुङले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी कृष्ण वि.क. ले मृतक ईन्द्रबहादुर वि.क. लाई काठको दाउराले निजको टाउकोमा प्रहार गर्दा निजलाई चोट लागेको र सोही चोट बाट मृतकको मृत्यु भएको हो । प्रतिवादीले ज्यान मार्ने उद्देश्यले ईन्द्रबहादुरलाई प्रहार गरेका होइनन् र निजले पुऱ्याएको चोटबाट नै ईन्द्र बहादुरको मृत्यु हुन पुग्यो । मृतक मानसिक रुपमा स्वस्थ थिएनन् । निजले अरुलाई अश्लिल गालीगलौज गर्ने, अरुलाई त हाल्ने गर्थे । मृतकको पालताल संरक्षण कृष्ण वि.क. ले नै गर्दथे । प्रतिवादीले मृतकको नियतवश कर्तव्य गरी हत्या गरेका होइनन् । भवितव्यमा परी यस्तो घटना हुन पुग्यो । नत्र भारत हिँडेको मान्छे फर्केर आउने थिएन भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का गर्ने हितकाजी वि.क. ले यस अदालतमा गरेको बकपत्र ।

## कसूर ठहर खण्ड

**२३.** नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेस भएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातको अध्ययन गरियो । वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधीवक्ता श्री केदारनाथ उपाध्यायले प्रतिवादीले अभियोग दाबी बमोजिम कसूर गरेको कुरा जाहेरी दरखास्त, प्रतिवादीको यस अदालत तथा मौकाको बयान, मृतकको शव परीक्षण प्रतिवेदन तथा घटना विवरणमा कागज गर्ने मानिसहरुको बकपत्र समेतका कागजातहरुबाट पुष्टी भई रहेको हुँदा प्रतिवादीलाई अभियोग माग दाबी बमोजिम सजाय गरिनु पर्दछ भनी र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री भोलानाथ शर्मा र श्री चन्द्रबहादुर क्षेत्रीले मिसिल संलग्न कागजातबाट प्रतिवादीले मार्ने नियतले मृतकलाई हानेको

नदेखिएको, मृतकले गालि गरेको कारण हनुमानको लौरो जस्तो देखिने काठले यी प्रतिवादीले प्रहार गरेको र सोही चोटको कारणले मृत्यु भएको देखिएको र यी प्रतिवादीले आफूले हानेको कुरामा साबित भई बयान व्यहोरा लेखाएको र यी प्रतिवादीले आफूले हानेको कुरामा साबित भई बयान व्यहोरा लेखाएको र मृत्युको खबर पाए पछि भारत जान हिँडेका यी प्रतिवादी बाटैबाट फर्की आएको देखिँदा न्यायिक मनको प्रयोग गरी इन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको बहस गर्नु भयो ।

**२४.** मिसिल संलग्न कागजात एवं विद्वान कानून व्यवसायीको बहस बुँदालाई समेत मध्यनजर राख्दै प्रस्तुत मुद्दामा प्रतिवादी उपरको अभियोग दाबी पुग्न सक्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो ।

**२५.** निर्णयतर्फ विचार गर्दा, विष्णु सुनारको जाहेरी दरखास्त, घटनास्थल एवं लाश जाँच मुचुल्का, प्रतिवादीको बयान व्यहोरा, मौकामा बुझिएका सेते वि.क., चन्द्रा वि.क. समेतका मानिसहरुले गरी दिएको घटना विवरण कागज, शव परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाण कागजहरुबाट मिति २०८०।०९।१२ गते अन्दाजी १८:३० बजेको समयमा जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. १४ आर्थरडाँडाखर्क जैपरे स्थित अभियुक्तको घरको पिँढीमा आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई काठले (हनुमानको लौरो जस्तो देखिने काठ) टाउकोमा प्रहार गरी घाइते गराएकोमा सोही चोट पिडाको कारण ऐ. १४ गते राती अन्दाजी ००:३० बजेको समयमा ईन्द्र बहादुर वि.क. आफ्नै घरमा मृत्यु भएको हुँदा यी प्रतिवादी कृष्ण वि.क. ले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा सोही संहिताको दफा १७७(२) बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र देखिन्छ । आफ्नै दाई ईन्द्र बहादुर वि.क. लाई कृष्ण वि.क. ले कुटपिट गरेको कारणबाट ईन्द्र बहादुर वि.क. को मृत्यु भएको हुँदा कृष्ण वि.क. लाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको विष्णु सुनारको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखियो । यी प्रतिवादी कृष्ण वि.क. ले अनुसन्धान अधिकारी एवं यस अदालत समक्ष बयान गर्दा मिति २०८०।०९।१२ गते साँझको समयमा मेरो सालो सहित दाजुभाईले रक्सी सेवन गरेका थियौं । दाई ईन्द्र बहादुर वि.क. ले रक्सी खाएर मलाई कचकच गरेकोले मैले रिसको झोकमा लौरोले टाउकोमा हिर्काएको हो। मैले कुटेको बेला दाई बेहोस जस्तै भएकोले म समेतले खाटमा सुताएका हौं । निजलाई खासै चोट लागे जस्तो नदेखिएको हुँदा भोलीपल्ट बिहानै रोजगारीको लागि भारत जान हिँडेको हुँ भनी ऐ. १४ गते मलाई मेरो श्रीमतीले फोन गरी दाई मरेको भनी खबर गरेकोले भारत तर्फ हिँडेको मान्छे फर्केको हुँ । मैरै चोटको कारणले दाई ईन्द्र बहादुर वि.क. को मृत्यु भएको हो भनी आरोपित कसूरमा साबित भई बयान व्यहोरा लेखाएको देखिन्छ । घटनाको बारेमा प्रत्यक्षदर्शी सेते वि.क., चन्द्रा वि.क. र किसान वि.क. ले अनुसन्धान अधिकारी समक्ष बयान कागज गर्दा कृष्ण वि.क. ले ईन्द्र बहादुर वि.क. लाई काठले टाउकोमा दुई पटक प्रहार गरेपछि पुनः प्रहार गर्न लाग्दा हामीहरुले काठ खोसी फालेका हौं भन्ने समेत व्यहोरा लेखाई सेते वि.क. ले अदालत समक्ष बकपत्र गर्दा वारदातको दिन र समयमा यी प्रतिवादीको घरमा बोलाएकोले घरमा गई म, प्रतिवादी र ईन्द्र बहादुर वि.क. भई रक्सी खाई एकछिन बसेका थियौं । रक्सी खाई सकेपछि ईन्द्र बहादुर वि.क. ले खाना खाई भान्सा कोठामा नै बसेका हुँदा यी प्रतिवादीले दाईलाई सुत भो भन्दा ईन्द्र बहादुर वि.क. ले तैंले

पनि भात खा, अनि सुत्छु भन्दा प्रतिवादी र मृतक बिच सामान्य झगडा भएको थियो । झगडा हुँदाको समयमा प्रतिवादी आवेशमा आई तत्काल आफु सुत्ने कोठामा गई दाउरो ल्याई तत्काल टाउकोमा हानेका हुन् । हामीले तत्काल छुटयाउन नभ्याएकोले दोस्रो पटक हानेपछि मैले र दिदी चन्द्र कुमारी वि.क. ले रोकेका हौं । सोही चोटको कारण निज ईन्द्र बहादुर वि.क. बेहोस् भई ढलेको हुँदा हामीले खाटमा राखी दिएका हौं भन्ने समेत व्यहोराको बकपत्र गरेको देखिन्छ । अन्य घटना विवरणका व्यक्तिहरुको बकपत्र व्यहोरा हेर्दा समेत कृष्ण वि.क. ले हानेको चोटका कारण ईन्द्र बहादुर वि.क. को मृत्यु भएको भन्ने कुरा सुनी थाहा पाएको भन्ने देखियो । मृतक ईन्द्र बहादुर वि.क. को शव परीक्षण प्रतिवेदन हेर्दा Cause of Death : Blunt Trauma head भनी खुलाएको देखिन्छ। प्रतिवादीले मृतक ईन्द्र बहादुर वि.क. लाई टाउकोमा प्रहार गरेको हनुमानको लौरो जस्तो देखिने काठ समेत बरामद भएको देखियो । मिसिल संलग्न प्रमाण कागजबाट वारदातमा प्रतिवादीद्वारा मृतकको संवेदनशिल अङ्ग टाउकोमा दुई पटक प्रहार गरी पुनः प्रहार गर्दा सेते वि.क., चन्द्रा वि.क. समेतले काठ खोसेको देखिएको र निजको प्रहारको कारणबाट नै मृतक ईन्द्र बहादुर वि.क. को मृत्यु भएकोमा विवाद नदेखिंदा, टाउकोमा प्रहार गरेकै कारण मृतकको मृत्यु भएको देखिँदा मृतकलाई मार्नेसम्मको मनसाय नभएको भन्न समेत मिल्ने देखिएन । टाउको जस्तो संवेदनशिल अङ्गमा प्रहार गरेको कार्यले मनसाय तत्वलाई समेत अप्रत्यक्ष रुपमा प्रकट गरेको मान्नु पर्ने नै देखिन्छ । सामान्य समझ भएको व्यक्तिले कुनै व्यक्तिलाई संवेदनशिल अङ्ग टाउकोमा पटक पटक प्रहार गर्दा मान्छे मर्छ भन्ने कुरा बुझ्नु पर्ने हुन्छ । "मृतकलाई रिसको आवेशमा टाउकोमा दुई पटक हिर्काएको देखिएबाट भवितव्य मान्न नसकिने" भनी ने.का.प. २०७४, अङ्क १, नि.नं. ९७४८ पृष्ठ १०९ मा सिद्धान्त समेत प्रतिपादन भएको देखिँदा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताले बहसको क्रममा उल्लेख गर्नु भएको नजिर प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिएन ।

२६. अतः सर्वोच्च अदालतबाट प्रदिपादित सिद्धान्त, जाहेरी दरखास्त, प्रतिवादीको साबिती बयान व्यहोरा, मृतकको शव परीक्षण प्रतिवेदन, घटना विवरणमा कागज गर्ने व्यक्तिहरुको बकपत्र समेतका मिसिल संलग्न प्रमाण कागजहरुबाट यी प्रतिवादी कृष्ण वि.क. ले ईन्द्र बहादुर वि.क. लाई हनुमानको लौरो जस्तो देखिने काठले टाउकोमा प्रहार गरेको कारणले मृत्यु भएको देखिँदा यी प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरित दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ हेर्दा, यस परिच्छेद बमोजिम भएको कसूरबाट कसैको जिउ, ज्यान वा सम्पत्तिमा हानी, नोक्सानी वा क्षति भएमा कसूरदारबाट पीडित व्यक्ति र निज नभए निजको हकवालालाई मनासिव क्षतिपुर्ति भराई दिनु पर्नेछ भनी उल्लेख भएको र मिसिल संलग्न कागजात प्रमाणबाट मृतक ईन्द्र बहादुर वि.क. प्रतिवादीका दाई भई निजलाई यी प्रतिवादी कृष्ण वि.क. ले आफ्नो घरमा राखी पाल्ने गरेको र निजको श्रीमती, छोराछोरी कोही नभएको देखिँदा मृतकको हकवाला नै प्रतिवादी रहे भएको देखिँदा क्षतिपुर्ति भराउन न्यायोचित नदेखिँदा क्षतिपुर्ति भराई रहन उपयुक्त देखिएन ।

२७. प्रतिवादी कृष्ण वि.क. लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरित दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहरे तापनि मिसिल संलग्न प्रमाण कागजबाट मृतक

ईन्द्र बहादुर वि.क. अपाङ्ग भई प्रतिवादी र ईन्द्र बहादुर वि.क. दाजुभाई भई प्रतिवादी कृष्ण वि.क. ले नै निजलाई रेखदेख पालनपोषण गरी घरमा नै राखेको देखिएको, प्रतिवादी कृष्ण वि.क., निजको साला सेते वि.क. र मृतक ईन्द्र बहादुर वि.क. सँगै रक्सी खाई दाजुलाई भात खाई सुत भनी दाजुलाई भात खान दिई दाई सुत्न गएको अवस्थामा समेत दाईले कचकच गरी प्रतिवादी कृष्ण वि.क. लाई गाली गरी लौ मार भनी खाटबाट बाहिर आएको अवस्थामा रिस थाम्न नसकी काठले दाईको टाउकोमा प्रहार गरी मृतक दाईलाई आफै समेतले खाटमा सुताएको र राती समेत मृतक दाईलाई कस्तो छ भनी हेरेको र बिहान आफु भारत तिर रोजगारीको लागि जाँदा समेत दाईलाई बोलाएको र दाई श्वास फेरी सुतेको देखेपछि नउठाई गएको, दाईको मृत्युको खबर पाएपछि तुरुन्त भारत जान भनी हिँडेको व्यक्ति फर्की घर आएको, मृत्युको खबर सुन्ने बित्तिकै छिमेकीलाई खबर गरी घरको अवस्था बुझ्न पठाएको, मार्ने सम्मको मनसाय राखी इवी अदावत लिई पुर्वयोजना बनाई हत्या गरेको पनि नदेखिएको, क्रुरता र यातनापूर्वकको हत्या पनि नदेखिएको, प्रतिवादीको घरमा श्रीमती र बच्चा समेत भई घर परिवारको जिम्मेवारी समेत निज माथी नै रहेको, प्रतिवादीले अनुसन्धान अधिकारी एवं यस अदालत समक्ष गरेको बयान व्यहोराबाट आरोपित कसूरमा साबित भई न्यायिक प्रकृयालाई जटिल बनाउन तिर नलागी सहज बनाएको स्थितीमा कानूनले तोकेको हदसम्म सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) एवं फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम निज प्रतिवादी कृष्ण वि.क. लाई १२ (बाह्र) वर्ष कैद सजाय गर्न उपयुक्त देखिई राय प्रस्ताव पेश गर्न उपयुक्त देखी राय प्रस्ताव गरिएको छ ।

## तपसिल

- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी कृष्ण वि.क. लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरित दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहरी फैसला भएको हुँदा निज प्रतिवादी मिति २०८०।०९।१५ मा पक्राउ परी अनुसन्धानको क्रममा हिरासतमा रही यस अदालतको मिति २०८०।१०।१२ गतेको थुनछेक आदेशले मुद्दा पुर्पक्षको लागी कारागार कार्यालय, पर्वतमा थुनामा रहेको देखिँदा निजलाई लागेको जन्म कैद (२५ वर्ष) निज पक्राउ परेको मितिदेखि नै कट्टा हुने गरी कैद ठेकी कैदी पुर्जी दिई निजलाई लागेको कैद असुल उपर गर्नू भनी तहसिल शाखामा लगत दिनू........१
- माथी ठहर खण्डमा लेखिए बमोजिम मृतक ईन्द्र बहादुर वि.क. को हकवाला प्रतिवादी कृष्ण वि.क. नै रहे भएको देखिँदा क्षतिपुर्ति भराउन न्यायोचित नदेखिएकोले क्षतिपुर्ति भराई रहन उपयुक्त नदेखिई फैसला भएकोले सो सम्बन्धमा केही गरी रहनु परेन......२
- प्रतिवादी कृष्ण वि.क. मुद्दा पुर्पक्षको लागि यस अदालतको मिति २०८०।१०।१२ गतेका थुनछेक आदेशले कारागार कार्यालय पर्वतमा थुनामा रहेको हुँदा फैसलाको प्रतिलिपी सहित फैसलाको सूचना र पुनरावेदन म्याद कारागार कार्यालय पर्वत मार्फत प्रतिवादी कृष्ण वि.क. लाई पठाई सो को भरपाई मिसिल संलग्न राख्नूर......३

- प्रस्तुत मुद्दामा प्रतिवादी कृष्ण वि.क. लाई जन्म कैदको सजाय हुने ठहरी फैसला भई १२ (बाह्र) वर्ष कैद सजाय हुने गरी प्रस्ताव सहितको राय व्यक्त भएकोले उक्त राय सहित प्रस्तुत फैसला प्रमाणिकरण भएको मितिले ३५ (पैंतिस) दिन भित्र श्री उच्च अदालत पोखरा बाग्लुङ इजलाश बाग्लुङमा सक्कल मिसिल समेत साथै राखी साधक जाँचको लागी पठाउनू.....४
- प्रस्तुत मुद्दामा अभियोग दाबी पुग्ने ठहरी फैसला भएकोले फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकील कार्यालय पर्वतलाई दिनू.....५
- सरोकारवाला व्यक्ति नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू......६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियानुसार अभिलेख शाखामा बुझाई दिनू......७

फैसला तयार गर्न सहयोग पुऱ्याउने,

फाँटवाला नायब सुब्बा ऋषिराम पौडेल

कम्प्युटर अपरेटर अनिस पुन

**न्यायाधीश**

इति सम्वत २०८० साल चैत्र महिना १८ गते रोज १ शुभम्................................ ।

फैसला प्रमाणिकरण मितिः २०८०।१२।२८।४

श्री

ताप्लेजुङ जिल्ला अदालत

ईजलास

माननीय जिल्ला न्यायाधीश श्री निर्मला योङया

फैसला

मुद्दा नम्बरः- ०७९-C१-००४३

रजिष्ट्रेशन नम्बरः-०७९-००३१६

कसूर ठहर निर्णय नम्बरः-२९७

सजाय निर्धारण निर्णय नम्बरः-२२

दायर मिति :-२०८०-०१-०८

तेजेन्द्र गुरुङको जाहेरीले नपाल सरकार.............................................................१ **वादी**

**बिरुद्ध**

हरी प्रसाद गुरुङको छोरा आठराई त्रिवेणी गाउँपालिका वडा नं.३ ठुल्टार डाँडागाउँ बस्ने बर्ष ५२ को बिरबहादुर गुरुङ..........................................................................१ **प्रतिवादी**

हरी प्रसाद गुरुङको छोरा ऐ.ऐ. बस्ने बर्ष ४३ को राजकुमार गुरुङ.........................१

**मुद्दाः- मुद्दा :-कर्तव्य ज्यान/ हातहतियार तथा खरखजाना**

**वादीको साक्षीः** **प्रतिवादीको**

**साक्षीः-** **साक्षीः-**

**प्रमाणः-** **प्रमाणः-**

**अदालतबाट बुझेको**

**प्रमाण :-**

**कागज : -**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

**जाहेरी दरखास्तः-**

मृतक ६० को ललित मान गुरुङको ६ भाई छोराहरुको जायजन्म भएकोमा मृतकको म जाहेरवाला काईला छोरा हुँ। बुबा ललित मान गुरुङले कान्छी श्रीमती बिबाह गरी छुट्टीएर अलगै बस्दै आउनु भएको थियो। त्यस्तैमा गाउँकै छिमेकी खगेन्द्र गुरुङको घरमा खगेन्द्र गुरुङको सालीको जन्मदिन भएको हुँदा म समेत जन्मदिनको पार्टीमा सहभागी भई पार्टी खाई रहेको अवस्थामा मिति २०७९/१२/१३ गते राती अन्दाजी २२:३० बजेको समयमा प्रकरण नम्वर ६(क) मा उल्लेखित मिति,समय र स्थानमा प्रकरण नम्वर ३ मा उल्लेखित

बिपक्षी र मेरो बुबा सिकार खेल्न गएको अवस्थामा बिपक्षीले प्रहार गरेको भरुवा बन्दुकको गोली छर्रा लागी मेरो बुबाको मृत्यु भएको भनि बिपक्षी कसुरदारले नै गाउँघरमा जानकारी गराएको भनि मलाई समेत जानकारी भएपछी म समेत घटना स्थलमा जाँदा घटनास्थलमा पाखावारी जस्तो केही जंगल भएको कही भिरालो ठाउँ भएको ढिस्कामा उत्तानो अवस्थामा, दुवै खुट्टा सिधा भई, दुवै हात शरिरमा सेपीएको अवस्थामा रही पेटको भागमा गोली छर्रा जस्तो लागी चोटपटक भई आन्द्रा समेत निस्कीएको अवस्थामा बुबाको मृत लाश रहेको देखेको हुँ। मैले घटना सम्बन्धमा बुझ्दा मिति २०७९/१२/१३ गते दिनभरी बुवाले वारी गोरु जोती घरमा आई बसी रहेको अवस्थामा बिपक्षी कसुरदारले बुबाको प्रयोग गर्ने मोवाईल नम्वरमा बिपक्षी कसुरदारको मोवाईल नम्वरबाट फोन आएपछी सो पश्चात फोनमा कुराकानी हुँदा प्रकरण नम्वर ६(क) मा उल्लेखित स्थानमा सिकार खेल्न जाने सल्लाह गरी तत्काल मेरो बुबा ललित मान गुरुङ, कसूरदार बिर बहादुर गुरुङ र निज बिर बहादुर गुरुङकै सहोदर भाई राज कुमार गुरुङ तीन जना गई सिकार खेल्दै गरेको अवस्थामा बिपक्षीले प्रहार गरेको भरुवा बन्दुकको गोली छर्राले मेरो वुबालाई लाग्न गई सोही चोटपिरको कारणबाट मेरो वुबाको घटनास्थलमा नै मृत्यु भएको रहेछ। मैले वुझ्दा बिपक्षीले वारदातमा प्रयोग गरेको भरुवा बन्दुक बिपक्षीकै भएको र कसूरदारकै सहोदर भाई राज कुमार गुरुङ समेत घटनास्थलमा उपस्थित भएको अवस्थामा कसुरदारले घटना घटाएको भन्ने मैले सुनी थाहा पाएको र घटनास्थलको प्रकृति हेर्दा बिपक्षी कसुरदारले मेरो वुबालाई मार्ने नियतपुर्वक लोड भएको भरुवा बन्दुकले ताकी फायर गर्दा भरुवा बन्दुकबाट फायर भएको गोली छर्राले मेरो बुवाको पेटको भागमा लाग्न गई गम्भिर चोटपिरको कारणबाट मेरो बुबाको मृत्यु भएको हुँदा बिपक्षी कसूरदारलाई कानून बमोजिम हदैसम्मको सजाय गरी घटना सम्बन्धमा आवश्यक अनुसन्धान गरी पाउन म यो जाहेरी दरखास्त साथ उपस्थित भएको छु। प्रारम्भिक अनुसन्धान पश्चात शव परिक्षणको लागी ताप्लेजुङ जिल्ला अस्पतालको शव गृहमा ल्याई सुरक्षित राखिएको मेरो वुबाको मृत शव परिक्षण गराई आफ्नो जातिय परम्परा अनुसार सदगद्को लागी जिम्मा बुझी लान पाउँ भन्ने व्यहोरा जाहेरी दरखास्त।

२. **घटनास्थल लाशजाँच प्रकृति मुचुल्का:-**

जिल्ला ताप्लेजुङ आठराई त्रीवेणी गाउँपालिका वडा नं. ३ हाङ्पाङ स्थित पुर्वमा चुवाखोला, पश्चिममा राजेन्द्र बहादुर याक्सो लिम्बुको खेती जग्गा, उत्तरमा शेर बहादुर याक्सो लिम्बुको खेती जग्गा र दक्षिणमा धनमाया लिम्बुको खेती जग्गा यति चारकिल्लाभित्र रहेको जंगलमा सिकार खेल्ने क्रममा मिति २०७९/१२/१३ गते अन्दाजी २२:०० बजेको समयमा जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङ्पाङ बस्ने बर्ष ६० को ललित मान गुरुङलाई भरुवा बन्दुकको गोली छर्राले लागी सोही चोटपिरको कारणबाट ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भएको। मृत लाशको दाहिने खुट्टामा गोली छर्रा लागेको घाउचोट रहेको, मृत लाशदेखी ३ फिट ४ ईन्चको दुरीमा रगत जस्तो रातो पदार्थ देखिएको, मृत लाशको शारिरीक अवस्था हेर्दा भरुवा बन्दुकको गोली छर्राले पेटको भागमा लागी

आन्द्रा बाहिर निस्केको, दाहिने खुट्टाको तिघ्राको भागमा घाउ देखिएको र बायाँ खुट्टाको पछाडीको भागमा समेत चोट रहेको अवस्थामा देखिएको विवरण ठिक छ भन्ने व्यहोराको घटनास्थल लाशजाँच प्रकृति मुचुल्का।

३. **बरामदी/खानतलासी मुचुल्काः-**

जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थितमा रहेको प्रहरी चौकी हाङपाङको कार्यालयको कम्पाउण्डभित्र रहेको कच्ची सडक बाटोमा जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ बस्ने बर्ष ५२ को बिर बहादुर गुरुङलाई भरुवा बन्दुक नाल-१ (एक) सहित फेला पारी मिति २०७९/१२/१४ गते बिहानको अन्दाजी ०६:०० बजेको समयमा बरामद गरिएको बरामद दसी समानको विवरणमा काठ र बटको भाग १ फिट ३ ईन्च र नालको भाग ३ फिट गरी पुरा लम्बाई ४ फिट ३ ईन्च भएको सिलिङ सहितको भरुवा बन्दुक नाल-१ रहेको भन्ने समेत व्यहोराको बरामदी/ खानतलासी मुचुल्का।

४. **घटनास्थल मुचुल्काः-**

जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङ्पाङ चुवाखोला कालिदह स्थित पुर्वमा चुवाखोला कालीदह, पश्चिममा राजेन्द्र बहादुर याक्सो लिम्बुको खेती जग्गा, उत्तरमा शेर बहादुर याक्सो लिम्बुको खेती जग्गा र दक्षिणमा धनमाया लिम्बुको खेती जग्गा यति चारकिल्लाभित्र पाखावारी जस्तो देखिने जंगल भएको केही भिरालो स्थानमा रगत जस्तो रातो पदार्थका छिटाहरु देखिएको, केही घाँसपात मडारीएको अवस्थामा देखिएको, सो स्थानमा सिकार खेल्ने क्रममा बिर बहादुर गुरुङले लोड गरेको भरुवा बन्दुकले ताकी फायर गर्दा सोही फायरबाट भएको गोली छर्राले लागी सोही चोटपिरको कारणबाट ललित मान गुरुङको घटनास्थलमा नै मृत्यु भएको, घटना वारदात पश्चात कसूरदार बिर बहादुर गुरुङले वारदातमा फायर गरेको भरुवा बन्दुक साथमा बोकी प्रहरी चौकी हाङपाङतर्फ गएको भनि देखाए लेखाए बमोजिमको घटनास्थल मुचुल्का।

५. **बरामदी/खानतलासी मुचुल्काः-**

जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङ्पाङ स्थित पुर्वमा खगेन्द्र कुमार याक्सो लिम्बुको खेती भएको जग्गा, पश्चिममा धिरेन्द्र लिम्बुको खेती भएको जग्गा, उत्तरमा कर्ण बहादुर लिम्बुको खेती भएको जग्गा र दक्षिणमा धनमाया लिम्बुको जग्गा यति चारकिल्लाभित्र ढुँगा माटोले बनेको जस्ता टिनको छाना लगाएको पश्चिम मोहडा भएको चन्द्र बहादुर पन्दाक लिम्बुको दुई तले घर रहेको सो घरमा कसूरदार बिर बहादुर गुरुङ लगायत निजको परिवारहरु बस्दै आएको घरमा जम्मा ५ ओटा कोठाहरु रहेको, सो सम्पुर्ण कोठाहरुमा प्रवेश गरी खानतलासी गर्ने क्रममा कोठाहरु मध्येबाट भुँई तलामा रहेको सिकुवाको पश्चिमतर्फ रहेको कोठाभित्र प्रवेश गरी हेर्दा उत्तरतर्फ सिरानी भएको बिस्तारा लगाएको खाट रहेको, सो खाटमा कसूरदार बिर बहादुर गुरुङ सुत्ने बस्ने गरेको खुल्न आएको, सो खाटको भुँई जमिनमा शंकास्पद अवस्थामा कालो रंगको झोला फेला पारी उक्त

झोलाई खोली हेर्दा झोलाभित्र भरुवा बन्दुकमा प्रयोग गरिने बारुद जस्तो धुलो पदार्थको पोका थान-१, नापतौल गर्दा प्लाष्टिक सहितको तौल २७० ग्राम र प्लाष्टिक बाहेक बारुद जस्तो पदार्थको तौल २६० ग्राम रहेको, भरुवा बन्दुकमा प्रयोग हुने सिसा गोली १३ थान, रडका टुक्राहरु २६ थान, किट जस्तो देखिने फलामको टुक्राहरु ७१ थान, तिर लेखिएको बट्टा ३ थान, कसूरदारले वारदातको समयमा प्रयोग गरेको भनिएको टर्चलाईट थान-१, भुरुवा बन्दुक फायर गर्न प्रयोग हुने सलाईको काँटी, केप चुरोटको बट्टामा पाईने सेतो टल्किने कागज राखिएको बट्टा थान १ फेला पारी मिति २०७९/१२/१९ गते १६:३० बजेको समयमा बरामद गरेको भन्ने व्यहोराको बरामदी/ खानतलासी मुचुल्का।

६. **बरामदी/खानतलासी मुचुल्काः-**

जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित पुर्वमा हरी प्रसाद थापाको खेती भएको जग्गा, पश्चिममा काशीनाथ प्रसाईको खेती भएको जग्गा, उत्तरमा मातृका प्रसाईको खेती जग्गा र दक्षिणमा दसकठ्ठे जंगल रहेको चारकिल्लाभित्र कसूरदार राज कुमार गुरुङ बस्दै आएको तिन तले घर रहेको, सो घरको पश्चिमतर्फ रहेको सिकुवा भएको स्थानमा घरको मुलढोकाबाट घरभित्र प्रवेश गरी खानतलासी गर्ने क्रममा बिच तलामा रहेको कोठाभित्र भर्याङ रहेको स्थान पछाडी ढोका रहेको च्यापमा काठको बटको भाग देखिने गरी प्लाष्टिकको त्रिपालले बेरीएको अवस्थामा पुरा लम्वाई ४ फिट ४ ईन्च भएको सिलिङ सहितको भरुवा बन्दुक नाल-१ र सो घरको भुँईतलामा रहेको कोठाभित्र तक्तिमा ठोकिएक काँटीमा कालो रंगको झोलाभित्र फलामको टुक्राहरु ५ थान, रडको टुक्राहरु १८ थान, फलाम किटको स-सना टुक्राहरु ३३ थान, कागको पोकाभित्र फलाम किटका स-सना टुक्राहरु ५२ थान र स-सना ५ थान बट्टामा बारुदजस्तो धुलो पदार्थ रहेको एकमुष्ट गरी प्लाष्टिकमा राखी नापतौल गर्दा प्लाष्टिक सहितको तौल १९० ग्राम र प्लाष्टिक बाहेक धुलो पदार्थको तौल १८० ग्राम फेला पारी बरामद गरेको विवरण ठिक छ भन्ने व्यहोराको बरामदी/खानतलासी मुचुल्का ।

७. **प्रतिवादी बिर बहादुर गुरुङले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानः-**

मृतक ललित मान गुरुङ मेरो आफ्नै काईली फुपुको छोरा मेरो लुङ्गा दाजु नाताका मानिस भएता पनि निज ललित मान गुरुङले मलाई मामा साईनोले वोलाउने गरेको हुँदा मैले ललित मान गुरुङलाई मैले भान्जा भनि बोलाउने गरेको थिएँ। राज कुमार गुरुङ मेरो सहोदर कान्छा भाई हुन। ललित मान गुरुङ र मेरो भाईको घर गाउँकै ठुल्टार डाडाँगाउँमा पर्दछ भने हाल म बस्दै आएको घर जोरघर टोलमा पर्दछ। ठुल्टार देखि मेरो घरको दुरी पैदल आधा घण्टा समय लाग्ने केही तल पर्ने भएको हुँदा ललित मान गुरुङ र मेरो कहिले काहीं मात्र भेट हुने गर्दै आएकोमा गाउँकै सावा लिम्बुको मृत्यु भएकोले निजको कपुरखान निर्माण कार्य भई रहेको हुँदा एक दिन काम सघाउन जानु पर्यो भनि मिति २०७९/१२/१३ गते बिहानको समयमा खाना खाई १०:०० बजे कपुरखान (चिहान) बनाउन सघाउन गाउँकै पयूंबोटे भन्ने स्थानमा गई दिन भर काम सघाई साँझको समयमा म आफ्नो घरमा फर्की

आई खाना खाई सुती रहेको अवस्थामा ललित मान गुरुङ र मेरो भाई राज कुमार गुरुङ दुई जना अन्दाजी १९:३० बजेको समयमा मेरो घरमा आई ललित मान गुरुङले जंगली जनवार दुम्सी मार्न जाउँ १/२ घण्टा जंगलमा सिकार खेलेर आउँ भनेपछी म दिनभर काम गरेर थाकेको छु १/२ दिन जंगलमा सिकार खेल्न नजाउँ भन्दा ललित मान गुरुङले नमानेपछि मैले पनि आई हाल्नु भयो एक छिन जाउँ न त भनि मेरो बाजे बुबाको पालादेखि नै घरमा रहेको भरुवा बन्दुक लुकाई छिपाई राखेको र सो दिन भन्दा ३ दिन अगाडी मैले नै आफै भरुवा बन्दुकका केही बारुद, तिन वडा स-सना रडका टुक्राहरु मिसाई लोड गरी राखेको अवस्थामा रहेको हुँदा मैले उक्त भरुवा बन्दुक निकाली मैले नै साथमा बोकी जाहेरी दरखास्तमा उल्लेखित स्थानतर्फ जंगलमा सिकार खेल्न जाँदै गर्दा जंगली जनवार दुम्सी भेटाउन सक्ने सम्भावित स्थान भएकोले मैले दुम्सी छेक्न भनि मेरो भाई राज कुमार लिम्बुलाई चुवाखोला पारी गई बस्नु भनेको र सोही स्थानमा रहेको कुलो नजिक ललित मान गुरुङ र म बसी हामीहरु दुवै जना दुम्सी खोज्न झाडीभित्र प्रवेश गर्न लाग्दा मसंग चहकिलो बल्ने टर्च लाईट भएको र ललित मान गुरुङसंग केही मधुरो बल्ने टर्च लाईट बाली झोडीभित्र जंगली जनवार दुम्सी खोज्दै गर्दा म कुलो भएको स्थानमा थिएँ। रातीको समयमा टर्च लाईटले देखाउँदा जंगली जनवार दुम्सीको आँखामा बल्ने भएको हुँदा मैले झाडीभित्र टर्चलाईटले देखाउँदा म भएको स्थानदेखी करिव ६/७ मिटरको दुरी झाडीभित्र जंगली जनवार दुम्सीको आँखा बलेको जस्तो देखी यता उता हिडेको जस्तो लागेपछि जंगली जनवार दुम्सी नै हो भनि एकिन गरी मैले साथमा बोकेको उक्त भरुवा बन्दुकले ताकी सो तर्फ एक पटक फायर गरेको हुँ। मैले भरुवा बन्दुक फायर गरीसक्दा ललित मान गुरुङ ऐया मरे भनी कराएको आवाज सुनेपछि मैले ललित मान गुरुङलाई नै मैले फायर गरेको भरुवा बन्दुकको गोली छर्रा लागेको हुनुपर्छ भन्ने लागी म उक्त स्थानमा गई हेर्दा केही भिरालो पाखावारीमा ललित मान गुरुङ लडिबडी गरी रहेको अवस्थामा रहेकोले मैले निजलाई समाई बोकी केही समथल स्थानमा ल्याई राखेको अवस्थामा निजको मृत्यु भएको हो। मैले फायर गरेको भरुवा बन्दुकको गोली छर्रा ललित मान गुरुङको पेटको भागमा लागेको र पेटबाट भित्री आन्द्रा समेत निस्केको थियो। ललित मान गुरुङको लाश नजिकै म बसी रहेको अवस्थामा पारीतर्फ गएको मेरो भाई राज कुमार गुरुङ पनि अन्दाजी ५/७ मिनेट पछि सो स्थानमा आएपछी निजले समेत घटनाको वारेमा थाहा पाएको हो। मैले फायर गरेको भरुवा बन्दुकबाट गोली छर्रा लागी ललित मान गुरुङको मृत्यु भएको हुँदा मैले भाई राज कुमार गुरुङलाई घटनाको वारेमा मृतकको आफन्तलाई जानकारी गराउनु म प्रहरी चौकीतर्फ जान्छु भनि भरुवा बन्दुक साथमा बोकी घटनास्थलबाट हिडेको र मेरो भाई राज कुमार गुरुङ समेत मेरो पछिपछी आई रहेको मैले देखेको हुँ। म प्रहरी चौकीतर्फ गई रहेको अवस्थामा हाङपाङ प्रहरी चौकी नजिक रहेको बाटोमा हिडि रहेको अवस्थामा मलाई प्रहरीले फेला पारी नियन्त्रणमा लिई पक्राउ गरी मेरो साथमा भएको भरुवा बन्दुक समेत बरामद गरेको हो। वारदातको समयमा मैले मार्ने नियतले ललित मान गुरुङलाई भरुवा बन्दुकले

ताकी फायर गरी घटना घटाएको होईन। संगै जंगली जनवार दुम्सीको सिकार मार्न गएको अवस्थामा अचानक मैले फायर गरेको भरुवा बन्दुकको गोली छर्राले ललित मान गुरुङलाई लाग्न गई सोही कारणबाट ललित मान गुरुङको घटनास्थलमा नै मृत्यु भएको हुँदा कानून बमोजिम हुन सजाय म भोग्न मन्जुर छु। बरामद भई आएको काठको बटको भाग १ फिट ३ ईन्च र फलामको नाल ३ फिट गरी पुरा लम्वाई ४ फिट ३ ईन्च भएको सिलिङ सहितको भरुवा बन्दुक नाल-१ (एक) मलाई हेराई देखाउँदा मैले हेरी देखी चिनी पाएँ। उक्त भरुवा बन्दुक मैले साथमा बोकी हिडेको अवस्थामा प्रहरीले वरामद गरी ल्याएको हो। उक्त भरुवा बन्दुक मेरो नै हो। मैले वारदातमा फायर गरेको भरुवा बन्दुक हो भनि सनाखत गरिदिएको छु भन्ने समेत व्यहोरा उल्लेख गरी प्रतिवादी बिर बहादुर गुरुङले अधिकार प्राप्त अधिकारी समक्ष गरिदिएको बयान।

८. **प्रतिवादी बिर बहादुर गुरुङको अधिकारप्राप्त अधिकारी समक्षको ततिम्वा बयान:-**

कसुरदार राज कुमार गुरुङको घरकोठाबाट बरामद भई आएको उक्त भुरुवा बन्दुक लगायतका सो भरुवा बन्दुकमा लाग्ने अन्य खरखजनाहरु मलाई हेराई देखाउँदा मैले हेरी देखी, चिनि पाएँ। कसूरदार राज कुमार गुरुङले गरिदिएको ततिम्वा वयान कागजको व्यहोरा ठिक छ। वारदातको समयमा मैले साथमा बोकी फायर गरेको भरुवा बन्दुक नाल १ र राज कुमार गुरुङको साथबाट वरामद भएको भरुवा बन्दुक नाल १ गरी दुई वटा भरुवा बन्दुक मेरो हो। वारदातको समयमा मैले फायर गरेको उक्त भरुवा बन्दुक बाजे बुबाको पालादेखिनै मैले राखेको भरुवा बन्दुक हो भने राज कुमार गुरुङको घरकोठाबाट बरामद भएको भरुवा बन्दुक तत्काल मलाई नामथर,वतन एकिन नभएको जिल्ला तेह्रथुम खाम्लालुङ बस्ने बिश्वकर्मा थरका व्यक्ति मार्फत बिगत १ बर्ष अगाडी नगद रु.१७,०००।-(सत्र हजार) मा खरिद गरेको हुँ। उक्त भरुवा बन्दुक मैले खासै प्रयोगमा ल्याएको थिईन। मैले आफ्नो घरमा नै लुकाई छिपाई राखेको अवस्थामा जाहेरी दरखास्तमा उल्लेखित मितिका दिन मेरो भाई राज कुमार गुरुङ र ललितमान गुरुङ मेरो घरमा आएको अवस्थामा सिकार खेल्न जाहेरी दरखास्तमा उल्लेखित स्थानमा जाने क्रममा वारदातमा प्रयोग भएको भरुवा बन्दुक मैले साथमा बोकेको र राज कुमार गुरुङको घरकोठाबाट बरामद भएको उक्त भरुवा बन्दुक राज कुमार गुरुङले साथमा बोकेको थियो। मैले फायर गरेको भरुवा बन्दुकको गोली छर्राले ललितमान गुरुङलाई लाग्न गई निजको घटनास्थलमा नै मृत्यु भए पश्चात मैले भाई राज कुमार गुरुले साथमा बोकेको हाल बरामद भएको उक्त भरुवा बन्दुक मेरो भएकोले मैले नै राज कुमार गुरुङलाई आफ्नो घरमा लगी लुकाई छिपाई राख्नु भनेको थिएँ। सो पश्चात भाई राज कुमार गुरुङले उक्त भरुवा बन्दुक आफ्नो घरमा लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले फेला पारी बरामद गरी ल्याएको रहेछ। बरामद गरेको उक्त भरुवा बन्दुक र सो भरुवा बन्दुकमा लाग्ने सम्पुर्ण खरखजना मेरो नै हो भनि सनाखत गरिदिएको छु। मैले खरिद गरेको बिश्वकर्मा थर भएका मानिसको एकिन तिन पुस्ते विवरण मलाई एकिन भएन। मैले सुने बुझे अनुसार निज बिश्वकर्मा थर भएका मानिसको मृत्यु भई सकेको

भन्ने सुनेको हुँ। राज कुमार गुरुङको घरकोठाबाट बरामद भएको भरुवा बन्दुक नाल १ मात्र खरिद गरेको हुँ। अन्य कुनै हातहतियार खरिद गरेको छैन। मसंग दुई वटा भरुवा बन्दुक भएको र वारदातको समयमा राज कुमार गुरुङले समेत भरुवा बन्दुक बोकी सिकार खेल्न गएको हुँदा प्रस्तुत कसूरमा मलाई थप सजाय हुने र भाई राज कुमार गुरुङलाई समेत सजाय हुने हुँदा मलाई डर भएको कारणबाट वारदातको समयमानै भाई राज कुमार गुरुङलाई उक्त भरुवा बन्दुक र सो भरुवा बन्दुकमा लाग्ने खरखजना लुकाई छिपाई राख्नु भनि जानकारी गराएको हुँदा सो कुरा मैले आफ्नो बयानमा नखुलाई दिएको हुँ भन्ने व्यहोराको ततिम्वा बयान।

९. **प्रतिवादी राज कुमार गुरुङले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानः-**

मृतक ललित मान गुरुङ मावली फुपुको छोरा मेरो साईनोमा लुङ्वा दाजु नाताका मानिस भएता पनि निजले मलाई मामा साईनोमा बोलाउने गरेको हुँदा मैले निजलाई भान्जा भन्ने गर्दथ्यें। भान्जा ललित मान गुरुङको घर र मेरो घर नजिकै पर्दछ। हामी छिमेकका मानिस हौं। प्रस्तुत मुद्दाका कसूरदार बिर बहादुर गुरुङ मेरो सहोदर जेठा दाजु हुन। निज दाजु हाल साविक हाङपाङ गा.बि.स. वडा नं. ६ पान सुव्वा गाउँमा बस्दै आउनु भएको छ। जाहेरवाला तेजिन्द्र गुरुङलाई समेत मैले चिनेको छु। निज तेजिन्द्र गुरुङ हाल मृतक ललित मान गुरुङको काईला छोरा हुन। मलाई तेजिन्द्र गुरुङको जाहेरी दरखास्त लगायतका संकलित मिसिल कागजातहरुको व्यहोरा पढी, वाची सुनाउँदा मैले सुनी थाहा पाई मलाई सम्पुर्ण व्यहोरा अवगत भयो। त्यस्तैमा म मिति २०७९/१२/१३ गते दिनभर गाउँकै छिमेकी सुर्य याक्सो लिम्बुकोमा दाउरा चिर्न खेतला गएको थिएँ। साँझको १८:०० बजेको समयमा म आफ्नो घरमा फर्की आई गाईको वाच्छा लगाई दुध धोई आफ्नो घरमा मेरो श्रीमतीसंग दुध तताई खाना सव्जी बनाउँदै गरेको अवस्था भान्जा ललित मान गुरुङ मेरो घरमा आई निजले शिकार खेल्न जाउँ भनेपछि मैले दिनभरी दाउरा चिर्न गएको थिएँ। धेरै थाकेको छु शिकार खेल्न नजाने भन्दा समेत निज भान्जाले मलाई जवरजस्ती जाउँ भनेपछि भान्जा र म दुई जना भई मेरो दाजु बिर बहादुर गुरुङकोमा गएका हौं। मेरो दाजु बिर बहादुर गुरुङ घरमा पुग्दा दाजुले खाना खाई सुती सक्नु भएको थियो। सो पश्चात ललित मान गुरुङले नै मेरो दाजुलाई समेत शिकार खेल्न जाउँ भन्दा मेरो दाजुले समेत म दिनभरी कपुरखान बनाएको आएकोले थाकेको छु। शिकार खेल्न एक/दुई दिन नजाउँ भान्जा भन्दा भान्जा ललित कुमार गुरुङले नै नमानेपछि तिनै जना केही वेर जंगली जनवार दुम्सीको शिकार खेल्न(मार्न) जाने सल्लाह भएपछि मेरो दाजुले नै आफ्नो घरबाट भरुवा निकाली उक्त भरुवा बन्दुक मेरो दाजुले नै बोकी शिकार खेल्दै जाने क्रममा भरुवा बन्दुक बोकेका मेरो दाजु बिर बहादुर गुरुङ अगाडी अगाडी, म विचमा र ललित मान गुरुङ सवै भन्दा पछाडी हिडि रहेको अवस्थामा जाहेरी दरखास्तमा उल्लेखित स्थानमा पुग्न लाग्दा दाजुले मलाई खोला पारी जंगलमा गएको बस्नु दुम्सी आयो भेन छेक्नु भनेपछि म दाजुले भनेको स्थानमा गएको हुँ। दाजु बिर बहादुर गुरुङ र ललित मान गुरुङ सँगै थिएँ। म खोलापारी

रहेको खेतमा गई बसी रहेको अवस्थामा भरुवा बन्दुक पड्केको आवाज सुनेपछि दाजुले शिकार मार्यो होला भन्ने लागी बन्दुक पड्केको स्थानतर्फ जाहेरी दरखास्तमा उल्लेखित मिति, समय र स्थानमा आई पुग्दा दाजुले ललित मान गुरुङलाई खुट्टामा समाई केही समथल स्थानमा राख्दै गरेको देखेपछी मैले के भयो भनी हेर्दा ललित मान गुरुङको मृत्यु भईसकेको अवस्थामा मैले देखेको हुँ। सो पश्चात मैले दाजुलाई घटना सम्बन्धमा सोधपुछ गर्दा ललितलाई मैले बन्दुकले हानेर मारे, म चौकी जान्छु, त घर जानु ललितको आफन्तलाई खवर गर्नु घटनाको वारेमा जानकारी गराउनु भन्दै दाजु प्रहरी चौकीतर्फ हिडेपछि म समेत केही माथीसम्म दाजुसंगै आई आफ्नो घरमा गई मृतकको आफन्तलाई घटनाको वारेमा जानकारी गराई ललित मान गुरुङको श्रीमती,जाहेरवाला छोरा समेतलाई घटनास्थलमा लगेर गएको हुँ। घटना वारदातको समयमा तत्काल दाजुले के कसरी भरुवा बन्दुक फायर गरेको अवस्थामा ललित मान गुरुङलाई लाग्न गएको हो सो सम्बन्धमा मलाई थाहा भएन। वारदातको समयमा म खोलापारी गई बसेको हुँदा मलाई थाहा भएन। वारदात पुर्व दाजुले नै उक्त भरुवा बन्दुकको बोकी हिडेको र शिकार दुम्सीको खोजी गरी रहेको अवस्थामा दाजुले नै फायर गरेको भरुवा बन्दुकोको गोली छर्रा लागेकोकै कारणबाट ललित मान गुरुङको घटनास्थलमा नै मृत्यु भएको हो। म वारदातको समयमा पहिलो पटक शिकार खेल्न गएको हुँ। उक्त भरुवा बन्दुक मेरो दाजुले के कहाँ वाट ल्याउनु भएको हो मलाई थाहा भएन। मसंग कुनै हातहतियार वोक्ने ईजाजत पत्र छैन। मसंग अन्य कुनै हातहतियार भरुवा बन्दुक समेत छैन। हाल बरामद भई आएको भरुवा बन्दुक मलाई देखाउँदा मैले हेरी देखी चिनी पाएँ। उक्त भरुवा बन्दुक मेरो दाजु बिर बहादुर गुरुङको हो। उक्त भरुवा बन्दुकबाट नै गोली फायर भएको अवस्थामा ललित मान गुरुङको मृत्यु भएको हो । वारदातको समयमा मैले कुनै हातहतियार भरुवा बन्दुक र सो मा लाग्ने गोली सिसा खरखरजना साथमा बोकेको थिईन। म समेत भई शिकार खेल्न गएको अवस्थामा मेरो दाजु बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको गोली लागी जाहेरी दरखास्तमा उल्लेखित मिति, समय र स्थानमा ललित मान गुरुङको मृत्यु भएको हुँदा मलाई कानून बमोजिम हुने सजाय सहन भोग्न मन्जुर छु। बरामद भई आएको काठको बटको भाग १ फिट ३ ईन्च र फलामको नाल ३ फिट गरी पुरा लम्वाई ४ फिट ३ ईन्च भएको सिलिङ सहितको भरुवा बन्दुक नाल-१ (एक) मलाई हेराई देखाउँदा मैले हेरी देखी चिनी पाएँ। उक्त भरुवा बन्दुक कसूरदार बिर बहादुर गुरुङले साथमा बोकी हिडेको अवस्थामा प्रहरीले वरामद गरी ल्याएको हो। उक्त भरुवा बन्दुक कसूरदार बिर बहादुर गुरुङकै हो। कसुरदार बिर बहादुर गुरुङले वारदातमा फायर गरेको भरुवा बन्दुक हो भनि हेरी चिनी पहिचान गरी सनाखत गरिदिएको छु भन्ने समेत व्यहोराको खुलाई लेखाई प्रतिवादी राज कुमार गुरुङले अधिकार प्राप्त अधिकारी समक्षमा गरिदिएको बयान।

१०. **प्रतिवादी राज कुमार गुरुङको अधिकारप्राप्त अधिकारी समक्षको ततिम्वा बयान :-**

बरामद भई आएको भरुवा बन्दुक सहितको सम्पूर्ण चिजबस्तहरु मलाई हेराई देखाउँदा मैले

हेरी चिन पाएँ। भरुवा बन्दुक सहितको उल्लेखित चिजबस्तुहरु मेरो दाजु कसूरदार बिर बहादुर गुरुङको हो। वारदातको समयमा कसूरदार बिर बहादुर गुरुङ, मृतक ललित मान गुरुङ र म समेत भई जंगलमा सिकार खेल्ने क्रममा मैले बोकेको भरुवा बन्दुक हो। जंगली जनवार सिकार खेल्न जाने सल्लाह बमोजिम ललितमान गुरुङ र म मेरो दाजुको घरमा गई दाजुसंग दुई वटा भरुवा बन्दुक भएकोले हाल बरामद भएको भरुवा बन्दुक मैले बोकेको हुँ। मैले वारदातको समयमा उक्त भरुवा बन्दुक फायर गरेको थिईन। घटना पश्चात मैले समेत भरुवा बरुवा बन्दुक र हाल बरामद भएको भरुवा बन्दुकमा लाग्ने वारुद लगायतका खरखजनाहरु साथमा बोकी आफ्नो घरमा ल्याई लुकाई छिपाई राखेको हुँ। उक्त भरुवा बन्दुक मेरो दाजु कसुरदार बिर बहादुर लिम्बुको भएको हुँदा कसूरदार दाजु बिर बहादुर गुरुङले के कहाँबाट ल्याउनु भएको हो सो सम्बन्धमा मलाई थाहा भएन। बरामद भई आएको उक्त भरुवा बन्दुक लगायतका अन्य खरखजनाहरु वारदात पश्चात आफ्नो घरमा ल्याई मेरो श्रीमती लगायत अन्य कोही कसैलाई कुनै जानकारी नगराई आफ्नो घरकोठाभित्र लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले मेरो घरमा खानतलासी गर्ने क्रममा उक्त चिजबस्तुहरु फेला पारी बरामद गरेको हुँदा मैले आफ्नो घरमा लुकाई छिपाई राखेको भरुवा बन्दुक लगायतका सो भरुवा बन्दुकमा प्रयोग गरिने लगायतका खरखजनाहरु हो भनि सनाखत गरिदिएको छु। वारदातको समयमा मैले साथमा बोकेको भरुवा बन्दुक र सोमा लाग्ने हाल वरामद भई आएको भरुवा बन्दुक सहितको सम्पुर्ण चिजवस्तुहरु कसूरदार बिर बहादुर गुरुङको भएको र घटना पश्चात दाजुले साथमा बोकेको भरुवा बन्दुक साथमा बोकी प्रहरी चौकीतर्फ जाने क्रममा कसूरदार बिर बहादुर गुरुङले मैले साथमा बोकेको भरुवा बन्दुक आफ्नो घरमा लगी लुकाई छिपाई राख्नु भनेपछि मैले उक्त भरुवा बन्दुक सहितको अन्य खरखजना आफ्नो घरमा ल्याई लुकाई छिपाई राखेको हुँदा मैले तत्काल अधिकार प्राप्त अधिकारी समक्षमा मैले बयान गर्दा सो कुरा उल्लेख नगरेको हुँ भन्ने व्यहोराको प्रतिवादी राज कुमार गुरुङको ततिम्वा बयान।

**११. धनमाया गुरुङको घटना विवरण कागजः-**

तेजिन्द्र गुरुङको जाहेरी दरखास्त लगायतका संकलित मिसिल कागजातहरुको सम्पुर्ण व्यहोरा अवगत भयो। प्रस्तुत मुद्दाका कसूरदार बिर बहादुर गुरुङ मेरो श्रीमान हुन,तत्कालीन वारदातको समयमा घरमा मेरो श्रीमान, म र मेरो नावालिका छोरीमात्र घरमा भएको अवस्थामा रातीको समयमा मेरो श्रीमान घर बाहिर सिकुवामा भएको कोठामा सुती रहनु भएको अवस्थामा मिति २०७९/१२/१३ गते रातीको अन्दाजी १९:३० बजेको समयमा हाल मृतक भान्जा ललितमान गुरुङ र मेरो आफ्नै देवर राज कुमार गुरुङ घरमा आएको थियो सो पश्चात ललितमान गुरुङले मेरो श्रीमानलाई जाउँ सिकार खेल्न जंगलतर्फ भन्दा मेरो श्रीमान बिर बहादुर गुरुङले आज म कपुरखानमा बनाउन सहयोग गरेर आएको छु। थाकेको छु आज नजाने भन्दा समेत ललितमान गुरुङले जवरजस्ती सुती रहेका मेरो श्रीमानलाई उठाई सिकार खेल्न जंगलतर्फ जानु भएको थियो। सो समयमा मेरो श्रीमानले

भरुवा बन्दुक बोकी गएको मैले देखिन। मेरो श्रीमान बिर बहादुर गुरुङले मलाई आफुले साथमा भरुवा बन्दुक लुकाई छिपाई राखेको मेले देखेकी थिइन। मलाई भरुवा बन्दुक छ भन्ने जानकारी समेत गराउनु भएको थिएन। पछि जंगलमा सिकार खेल्न गएका मेरो श्रीमान एक्कासी घरमा आई मैले सिकार खेल्ने क्रममा मैले भरुवा बन्दुक प्रहार गर्दा सो प्रहारबाट भान्जा ललितमान गुरुङलाई लागेको र ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भएको हुँदा म अब प्रहरी चौकी तर्फ गएको हुँ भन्दै साथमा भरुवा बन्दुक बोकी प्रहरी चौकी तर्फ जानु भएको हो। मैले श्रीमानलाई भरुवा बन्दुक कस्को हो भनि सोधिन, हाल आएर बुझ्दा मेरो श्रीमानले आफ्नै बाजे बुबाको पालादेखि घरमा अवैध भरुवा बन्दुक लुकाई छिपाई राखेको भनि खुलाई लेखाई दिनु भएको रहेछ। वारदात पुर्व मेरो श्रीमानले अवैध भरुवा बन्दुक र सो मा लाग्ने अन्य वारुद लगायतका खरखजना घरमा लुकाई छिपाई राख्नु भएको भन्ने मलाई थाहा थिएन। मिति २०७९/१२/१९ गते प्रहरी मेरो घरमा आई घरकोठा खानतलासी गर्ने क्रममा मेरो श्रीमान सुत्ने बस्ने गरेको खाटमुनी भुँईमा कालो झोला प्रहरीले फेला पारी उक्त झोला खोली हेर्ने क्रममा उक्त झोलामा भरुवा बन्दुकमा लाग्ने वारुदजस्तो कालो पदार्थको पोका, सलाईका बट्टाहरु, र भरुवा बन्दुकमा गोलीको रुपमा प्रयोग गर्ने गोली सिसि, रडका टुक्राहरु समेत प्रहरीले बरामद गरेको अवस्थामा मात्र मैले थाहा पाएको हुँ। मेरो श्रीमानले वारदात पुर्व अवैध हात हतियार हाल वरामद भई आएको भरुवा बन्दुक तथा सो मा लाग्ने खरखजना लुकाई छिपाई राखेको भन्ने मलाई कुनै जानकारी नगराएको र मलाई समेत घरमा लुकाई छिपाई राखेको भन्ने थाहा नभएको हुँदा जाहेरी दरखास्तमा उल्लेखित मिति, समय र स्थानमा मेरो श्रीमान समेतले सिकार खेल्ने क्रममा मेरो श्रीमानले प्रहार गरेको भरुवा बन्दुकको गोली छर्राले ललितमान गुरुङलाई लाग्न गई सोही चोटपिरबाट ललितमान गुरुङको मृत्यु भएको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने व्यहोराको घटना विवरण कागज।

**१२. गंगा प्रसाद याक्सो लिम्बुको घटना विवरण कागजः-**

तेजिन्द्र गुरुङको जाहेरी दरखास्त लगायत हालसम्म संकलित मिसिल कागजातहरु हेराई देखाई पढी, वाची सुनाउँदा मलाई सम्पुर्ण व्यहोरा अवगत भयो। मृतक ललितमान गुरुङलाई चिन्दछु। निज गाउँकै मानिस हुन भने कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङलाई मैले चिनेको हुँ। निजहरु समेत गाउँकै मानिसहरु हुन जाहेरी दरखास्तमा उल्लेखित मितिका दिन रातीको समयमा म आफ्नै घरमा सुती रहेको अवस्थामा रातीको अन्दाजी १३:०० बजेको समयमा तेजिन्द्र गुरुङले मेरो मोवाईल नम्वरमा फोन सम्पर्क गरी जाहेरी दरखास्तमा उल्लेखित स्थानमा बिर बहादुर गुरुङले भरुवा बन्दुक प्रहार गरी मेरो बुबा ललितमान गुरुङको ज्यान मारेको भनी खवर गरेपछि मैले घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ। सो पश्चात तेजिन्द्र गुरुङ लगायतका अन्य स्थानिय मानिसहरुसंग भेला जम्मा भई घटनास्थलमा जाँदा घटनास्थलमा ललितमान गुरुङको मृत लाश रहेको देखेको हुँ। तत्काल लाशको शारिरीक अवस्था हेर्दा ललितमान गुरुङको पेटको भागमा गोली छर्राले लागेको चोट पटक

जस्तो देखिएको थियो । सोही क्रममा प्रहरीले घटनाको सुरक्षा गरेपछि मैले घटना सम्बन्धमा बुझ्दा कसूरदार बिर बहादुर गुरुङ, राज कुमार गुरुङ र ललितमान गुरुङ तिन जना जंगली सिकार खेल्न जाने क्रममा लोड भएको भरुवा बन्दुकले ताकी फायर गर्दा सोही फायरबाट लागेको गोली छर्राले लाग्न गरी ललितमान गुरुङको घटनास्थलमा मृत्यु भएको रहेछ। सो घटना पश्चात कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङ घटनास्थलबाट हिडेको र बिर बहादुर गुरुङले आफ्नो साथमा बोकेको वारदातमा प्रयोग भएको भरुवा बन्दुक समेत साथैमा लिई प्रहरी चौकी तर्फ गएको र राज कुमार गुरुङ आफ्नो घरतर्फ आएको रहेछ। प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धान पश्चात बिर बहादुर गुरुङको घरमा खानतलासी गर्ने क्रममा बरामदी मुचुल्कामा उल्लेख गरीए बमोजिमका भरुवा बन्दुकमा प्रयोग हुन वारुद लगायतका अन्य खरखजनाहरु फेला पारेको र कसूरदार राज कुमार गुरुङको घरकोठामा समेत खानतलासी गर्ने क्रममा भरुवा बन्दुक नाल-१ सहित सोही भरुवा बन्दुकमा प्रयोग हुने खरखजना समेत फेला पारी प्रहरीले वरामद गरेको मलाई थाहा छ। घटना सम्बन्धमा मैले बुझ्दा वारदात हुनु भन्दा पुर्व ललितमान गुरुङ र राज कुमार गुरुङले सिकार खेल्न जाने सल्लाह गरी बिर बहादुर गुरुङको घरमा गई बिर बहादुर गुरुङलाई समेत सिकार खेल्न जाउँ भनेपछि बिर बहादुर गुरुङसंग जम्मा २ वटा भरुवा बन्दुक रहेको र वारदातको समयमा बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुक नाल १ बिर बहादुर गुरुङले बोकेको र राज कुमार गुरुङको घरबाट बरामद भएको भरुवा बन्दुक समेत बिर बहादुर गुरुङको रहेकोले सो भरुवा बन्दुक राज कुमार गुरुङले वोकी तिनै जना जंगलमा सिकार गर्न गएको अवस्थामा बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको गोली छर्राले ललित मान गुरुङलाई लाग्न गएको कारणबाट ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भएको र सोही क्रममा राज कुमार गुरुङ घटनास्थल देखि केही पारीतर्फ गएको रहेछ। कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङसंग भरुवा बन्दुक बोक्ने ईजाजत पत्र छैन भन्ने मैले सुनी थाहा पाएको हुँ। निजहरुले उक्त भरुवा बन्दुक के काहाँबाट ल्याई राखेको भन्नेमा मलाई कुनै जानकारी भएन। कसुरदारहरुले अवैध भरुवा बन्दुक बोकी जंगलमा सिकार खेल्ने क्रममा कसूरदार मध्येका बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको कारणबाट ललितमान गुरुङको घटनास्थमा नै मृत्यु भएको हुँदा हाल पक्राउ परेका कसूरदारहरु लगायत सलग्नहरुलाई प्रचलित कानून बजोजिम हदैसम्मको सजाय गरी अवैध भरुवा बन्दुक लगायत भरुवा बन्दुकमा प्रयोग हुने खरखजना समेत जफत हुनुपर्दछ भन्ने व्यहोराको गंगा प्रसाद यक्सोको घटना विवरण कागज।

**१३. कौशिला न्यौपाने गुरुङको घटना विवरण कागजः-**

तेजिन्द्र गुरुङको जाहेरी दरखास्त लगायत हालसम्म संकलित मिसिल कागजातहरु हेराई देखाई पढी, वाची सुनाउँदा मलाई सम्पुर्ण व्यहोरा अवगत भयो। मृतक ललितमान गुरुङ मेरो श्रीमान हुन । ललितमान गुरुङको म कान्छी श्रीमती हुँ । जाहेरवाला तेजिन्द्र गुरुङ मेरो

श्रीमानको जेठी श्रीमतीतर्फको काईला छोरा हुन । जाहेरवाला समेतका अन्य छोराहरु छुट्टाभिन्न भई अलगै बस्दै आएका छन। वारदातपुर्वको समयमा मेरो श्रीमान र मेरोतर्फबाट तिन जना छोरीहरुको जायजन्म भएकोमा हामी श्रीमान श्रीमती र छोरीहरुसंग बस्दै आई रहेको अवस्थामा मिति २०७९/१२/१३ गते दिनभरी मकै छर्ने काम गरी बेलुकाको समयमा घरमा आई बसी रहेको अवस्थामा हाल पक्राउ परी आएका कसूरदार मध्येका बिर बहादुर गुरुङले मेरो श्रीमानको मोवाईल नम्वरमा फोन सम्पर्क गरी बोलाएपछि मेरो श्रीमान घरबाट अन्दाजी १९:३० बजेको समयमा बिर बहादुर गुरुङको घरतर्फ जानु भएको थियो। सोही राती श्रीमानले घरमा खाना नखाएको हुँदा मैले छोरीहरुलाई खाना दिई श्रीमानलाई पर्खी बसी रहँदा राज कुमार गुरुङ मेरो घरमा आई हामीहरु सिकार खेल्न चुवाखोला कालीदहमा गएका थियौं। सोही क्रममा बिर बहादुर गुरुङले फायर गरेको गोली छर्राले लागी भान्जा ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भयो। मृत लाश घटनास्थलमा नै छ भनेपछि जाहेरवाला समेतका अन्य छर छिमेकका मानिसहरु भई घटनास्थलमा जाँदा जाहेरी दरखास्तमा उल्लेखित स्थानमा श्रीमानको मृत लाश रहेको देखेको हुँ। मैले घटना सम्बन्धमा बुझ्दा कसूरदार बिर बहादुर गुरुङले मेरो श्रीमानलाई सिकार खेल्न जानको लागी फोन सम्पर्क गरी बोलाएको रहेछ। सो पश्चात श्रीमान घरबाट हिडेको अवस्थामा अर्का कसूरदार राज कुमार गुरुङसंग भेट भई मेरो श्रीमान र राज कुमार गुरुङ दुई जना बिर बहादुर गुरुङको घरमा गई बिर बहादुर गुरुङको घरमा भएको दुई वटा भरुवा बन्दुकमध्येबाट वारदातमा प्रयोग भएको भरुवा बन्दुक कसुरदार बिर बहादुरले बोकेको र अर्का १ नाल भरुवा बन्दुक राज कुमार गुरुङले बोकी तिनै जना भई सिकार खेल्न जाहेरी दरखास्तमा उल्लेखित मिति,समय र स्थानमा पुग्दा राज कुमार गुरुङ घटनास्थलदेखि केही पर तर्फ जंगली जनवार छेक्न गएको र मेरो श्रीमान र कसूरदार बिर बहादुर गुरुङ एकै स्थानमा भई जंगली जनवारको सिकार खोज्दै गरेको अवस्थामा कसूरदार बिर बहादुर गुरुङले मेरो श्रीमानतर्फ भरुवा बन्दुक ताकी फायर गर्दा सो फायरको कारणबाट गोली छर्राले मेरो श्रीमानको पेट तथा अन्य भागमा लाग्न गई घटनास्थलमा नै मृत्यु भएको रहेछ। कसुरदार बिर बहादुर गुरुङले मेरो श्रीमानमाथी लोड भएको भरुवा बन्दुक ताकी फायर गरेको कारणवाट श्रीमानको मृत्यु भए पश्चात कसूरदार बिर बहादुर गुरुङले वारदातमा प्रयोग गरेको भरुवा बन्दुक साथमा बोकी प्रहरी चौकीतर्फ गएको र कसूरदार राज कुमार गुरुङले घटनाको वारेमा खवर गर्न आएको खुल्न आई मेरो श्रीमानसंग कुनै हातहतियार भरुवा बन्दुक नभएको र हाल बरामद भई आएको २ नाल भरुवा बन्दुक र सोमा लाग्ने अन्य खरखजनाहरु कसूरदार बिर बहादुर गुरुङको हो भनि खुल्न बुझिन आएको र भरुवा बन्दुक समेत लुकाई छिपाई राखी कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङसंग भरुवा बन्दुक बोक्ने ईजाजत पत्र छैन भन्ने मैले सुनी थाहा पाएको हुँ। निजहरुले उक्त भरुवा बन्दुक के काहाँबाट ल्याई राखेको भन्नेमा मलाई कुनै जानकारी भएन। कसुरदारहरुले अवैध भरुवा बन्दुक बोकी जंगलमा सिकार खेल्ने क्रममा कसूरदार मध्येका

बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको कारणबाट श्रीमान ललितमा गुरुङको घटनास्थमा नै मृत्यु भएको हुँदा हाल पक्राउ परेका कसूरदारहरु लगायत सलग्नहरुलाई प्रचलित कानून बजोजिम हदैसम्मको सजाय गरी अवैध भरुवा बन्दुक लगायत भरुवा बन्दुकमा प्रयोग हुने खरखजना समेत जफत हुनुपर्दछ भन्ने व्यहोराको घटना विवरण कागज।

१४. **खगेन्द्र गुरुङको घटना विवरण कागजः-**

मलाई तेजिन्द्र गुरुङको जाहेरी दरखास्त लगायत हालसम्म संकलित मिसिल कागजातहरु हेराई देखाई पढी, वाची सुनाउँदा मलाई सम्पुर्ण व्यहोरा अवगत भयो। मृतक ललितमान गुरुङलाई चिन्दछु। निज गाउँकै मानिस हुन। भने कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङलाई मैले चिनेको हुँ। त्यस्तैमा मिति २०७९/१२/१३ गते मेरो सालीको जन्मदिन भएकोले मेरो घरमा सामान्य कार्यक्रम भई रहेको अवस्थामा जाहेरवाला तेजिन्द्र गुरुङ लगायतका मानिसहरु मेरो घरमा भएको अवस्थामा तेजिन्द्र गुरुङलाई घटनाको बारेमा जानकारी भएपछि मैले समेत घटना सम्बन्धमा सुनी थाहा पाई जाहेरवाला समेत भई घटनास्थलमा जाँदा घटनास्थलमा ललितमान गुरुङको मृत लाश रहेको देखेको हुँ। तत्काल लाशको शारिरीक अवस्था हेर्दा ललितमान गुरुङको पेटको भागमा गोली छर्राले लागेको चोट पटक जस्तो देखिएको थियो। सोही क्रममा प्रहरीले घटनाको सुरक्षा गरेपछि मैले घटना सम्बन्धमा बुझ्दा कसूरदार बिर बहादुर गुरुङ, राज कुमार गुरुङ र ललितमान गुरुङ तिन जना जंगली सिकार खेल्न जाने क्रममा लोड भएको भरुवा बन्दुकले ताकी फायर गर्दा सोही फायरबाट लागेको गोली छर्राले लाग्न गरी ललितमान गुरुङको घटनास्थलमा मृत्यु भएको रहेछ। सो घटना पश्चात कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङ घटनास्थलबाट हिडेको र बिर बहादुर गुरुङले आफ्नो साथमा बोकेको वारदातमा प्रयोग भएको भरुवा बन्दुक समेत साथैमा लिई प्रहरी चौकी तर्फ गएको र राज कुमार गुरुङ आफ्नो घरतर्फ आएको रहेछ। प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धान पश्चात बिर बहादुर गुरुङको घरमा खानतलासी गर्ने क्रममा बरामदी मुचुल्कामा उल्लेख गरिए बमोजिमका भरुवा बन्दुकमा प्रयोग हुन वारुद लगायतका अन्य खरखजनाहरु फेला पारेको र कसूरदार राज कुमार गुरुङको घरकोठामा समेत खानतलासी गर्ने क्रममा भरुवा बन्दुक नाल-१ सहित सोही भरुवा बन्दुकमा प्रयोग हुने खरखजना समेत फेला पारी प्रहरीले वरामद गरेको मलाई थाहा छ। घटना सम्बन्धमा मैले बुझ्दा वारदात हुनु भन्दा पुर्व ललितमान गुरुङ र राज कुमार गुरुङले सिकार खेल्न जाने सल्लाह गरी बिर बहादुर गुरुङको घरमा गई बिर बहादुर गुरुङलाई समेत सिकार खेल्न जाउँ भनेपछि बिर बहादुर गुरुङसंग जम्मा २ वटा भरुवा बन्दुक रहेको र वारदातको समयमा बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुक नाल १ बिर बहादुर गुरुङले बोकेको र राज कुमार गुरुङको घरबाट बरामद भएको भरुवा बन्दुक समेत बिर बहादुर गुरुङको रहेकोले सो भरुवा बन्दुक राज कुमार गुरुङले वोकी तिनै जना जंगलमा सिकार गर्न गएको अवस्थामा बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको गोली

छर्राले ललित मान गुरुङलाई लाग्न गएको कारणबाट ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भएको रहेछ। कसूरदार बिर बहादुर गुरुङ र राज कुमार गुरुङसंग भरुवा बन्दुक बोक्ने ईजाजत पत्र छैन भन्ने मैले सुनी थाहा पाएको हुँ। निजहरुले उक्त भरुवा बन्दुक के काहाँबाट ल्याई राखेको भन्नेमा मलाई कुनै जानकारी भएन। कसुरदारहरुले अवैध भरुवा बन्दुक बोकी जंगलमा सिकार खेल्ने क्रममा कसूरदार मध्येका बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको कारणबाट ललितमान गुरुङको घटनास्थमा नै मृत्यु भएको हुँदा हाल पक्राउ परेका कसूरदारहरु लगायत सलग्नहरुलाई प्रचलित कानून बजोजिम हदैसम्मको सजाय गरी अवैध भरुवा बन्दुक लगायत भरुवा बन्दुकमा प्रयोग हुने खरखजना समेत जफत हुनुपर्दछ भन्ने व्यहोराको घटना विवरण कागज।

**१५. शव परिक्षण प्रतिवेदनः-**

मृतकको मृत्युको कारण **Gunshot injury to abdomen and thigh.** भन्ने समेतको बेहोरा उल्लेख भएको मिति २०७९।१२।२६ को जिल्ला अस्पताल ताप्लेजुङको शव परिक्षण प्रतिवेदन।

**१६.अभियोगपत्रः-**

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का,लाशजाँच मुचुल्का, खानतलासी तथा बरामदी मुचुल्का, मृतकको शवपरिक्षण प्रतिवेदन, दशी सनाखत मुचुल्का, बुझिएका ब्यक्तिहरु घनमाया गुरुङ समेतले गरिदिएको घटना विवरण कागज, प्रतिवादीहरुको बयान समेतका आधार प्रमाणबाट जिल्ला ताप्लेजुङ आठराई त्रिबेणी गाँउपालिका वडा नं. ३ चुवाखोला कालिद भन्ने स्थानमा मिति २०७९/१२/१३ गते राती प्रतिवादी बिर बहादुर लिम्बूले आफ्नो घरमा लुकाई राखेको भरुवा बन्दुक लिई निजकै सहोदर भाई प्रतिवादी राजकुमार गुरुङ र मृतक ललितमान गुरुङ शिकार खेल्न गई प्रतिवादी विर बहादुरले ललितमान गुरुङलाई अवैध भरुवा बन्दुक ताकी फायर गर्दा छर्राले लागी मृत्यु भएको हुँदा प्रतिवादी बिरबहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (१) बमोजिम तथा हातहतियार खरखजना तर्फ ऐ. संहिताको दफा १३० को उपदफा (१) तथा ऐ. संहिताको दफा १३२ को उपदफा (१) बमोजिमको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (२) बमोजिम तथा हातहतियार खरखजना तर्फ ऐ. संहिताको दफा १३० को उपदफा (२) तथा ऐ. संहिताको दफा १३२ को उपदफा (२) बमोजिम सजाय हुन तथा प्रतिवादी राजकुमार गुरुङले अबैध भरुवा बन्दुक बोकी सिकार खेल्न गएको र वारदात पश्चात विर बहाहुर गुरुङले भने बमोजिम भरुबा बन्दुक थान १ आफ्नो कोठामा लुकाई राखेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १३२ को उपदफा (१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १३२ को उपदफा (२) बमोजिम सजाय गरी र ऐ. दफा १३५ बमोजिम बरामद भएको भरुवा बन्दुक जफत गरी प्रतिवादीहरुबाट उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने समेत मागदावी सहितको अभियोगपत्र।

१७. **प्रतिवादी राजकुमार गुरुङले अदालतमा गरेको बयानः-**

मृतक ललित गुरुङले मेरो दाजु बिरबहादुर गुरुङ र मलाई रातको समयमा सिकार खेल्न जाऔं भनी जबरजस्ती घरबाट लगी उक्त घटना मितिको करिब ८:३० बजेको समयमा निज मृतक र म मेरो दाजु बिरबहादुर गुरुङको घरमा गई सिकार गर्न जाऔं भनी भनेकाले हामी ३ जना भई दाजुको घरमा भएको २ वटा भरुवा बन्दुक लिई जंगलमा जाँदा करिव रातीको १०:०० बजेको समयमा हामी ३ जनानै छरिएर दुम्सी खोज्ने क्रममा मलाई दाजुले खोला पारी झाडीमा दुम्सी छेक्न पठाएको र निजहरु दुई जना खोला वारी पट्टी दुम्सी खोज्दै थियो। एक्कासी वन्दुक फड्क्यो। त्यसपछि के सिकार मारेछ भनी वन्दुक पड्केको स्थानमा आउदा दाई बिरबहादुर गुरुङले मृतकको पेटबाट वाहिर निस्केको आन्द्रा भित्र खाँदद्दै थियो। मृतक मरिसकेको थियो। त्यसपछि के भयो भन्दा मैले झाडीमा दुम्सी जस्तो देखि बन्दुकले प्रहार गर्दा ललित गुरुङलाई लागी मृत्यु भयो भनी भन्नु भयो। त्यसपछी दाईलाई मैले प्रहरी चौकीमा पठाई म गाउँमा गई सबैलाई खबर गरी मसमेत भई मृतकलाई उठाएर ल्याएका थियौं। म त्यसदिन पहिला चोटी सिकारमा गएको थिएँ। बरामद भएको दुबै बन्दुक र खरखजना दाजु बिरबहादुरकै हो। दाजु बिरबहादुर गुरुङले मृतकलाई नियतपूर्वक ताकी बन्दुक प्रहार गरेको होइन् होला अन्जानमा लागेको भनी मलाई भनेको थियो भन्नेसमेत ब्यहोराको प्रतिवादी राजकुमार गुरुङले अदालतमा गरेको बयान।

१८. **प्रतिवादी बिरबहादुर गुरुङले अदालतमा गरेको बयानः-**

मृतक ललित गुरुङ मेरो फुपुको छोरा नाताका मानिस हुन। निजसँग हामी संधै पनि राती दुम्सी मार्ने सिकार गर्ने गर्दथ्यौं। उक्त मितिको करिव ८:३० बजेको समयमा निज मृतक र मेरो भाई राजकुमार गुरुङ मेरो घरमा आई सिकार गर्न जाँऔ भनि भनेकाले हामी ३ जना भई मसंग भएको लाइसेन्स बिनाको भरुवा बन्दुक लिई जंगलमा जाँदा करिव रातीको १०:०० बजेको समयमा हामी ३ जना नै छरिएर दुम्सी खोज्ने क्रममा म देखि करिव ४/५ मिटर तल खोला छेउमा निजले सानो मधुरो साधा मोवाईल लाइट बालेको रहेछ। उक्त स्थानमा जनवारको आँखा टल्केको जस्तो देखि दुम्सी होला भनी मैले साथमा लोड गरी बोकेको भरुवा बन्दुकले प्रहार गरे त्यसपछि मृतक मरे भनी कराएको आवाज आएपछि म आत्तिदै मृतकलाई गएर समाउँदा निजले मैरै काखमा प्राण त्यागेपछी मेरो भाई पनि उक्त घटनास्थलमा आएपछि मैले भाईलाई मृतकको परिवारलाई खवर गरी दिनु भनी घरमा पठाइ म आफै सिदै हाङपाङ प्रहरी चौकीमा भरुवा बन्दुक साथैमा लिई आई उपस्थित भई घटनाको बारेमा प्रहरीलाई भनेको हुँ। त्यसपछि प्रस्तुत जाहेरी परेको हो। मैले रातीको समयमा अन्जानमा जनावरको जस्तो आँखा टल्केको देखि दुम्सी होला भनी अन्दाजमा बन्दुक प्रहार गर्दा मृतकलाई लाग्न गएको हो। नियतपूर्वक निजलाई ताकी बन्दुक प्रहार गरेको होइन् भन्नेसमेत ब्यहोराको प्रतिवादी बिरबहादुर गुरुङले अदालतमा गरेको बयान।

१९. **थुनछेक आदेशः-**

तत्काल प्राप्त प्रमाणबाट अहिले नै यी प्रतिवादीहरु कसूरदार होइन रहेछन् भनी मान्न सकिने

अवस्था नदेखिंदा पछी थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी विरबहादुर गुरुङ र राजकुमार गुरुङलाई मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न नियमानुसर सिधा खान पाउने गरी सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय पठाइदिनु भनी सोही संहिताको ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ भन्नेसमेत ब्यहोराको मिति २०८०।१।१० मा यस अदालतका श्रेस्तेदारबाट भएको आदेश मिलेकै देखिँदा सदर गरिदिएको छ भन्नेसमेत ब्यहोराको मिति २०८०।१।२५ को आदेश।

२०. **बरामद भौतिक बस्तुको परीक्षण प्रतिवेदनः-**

The article no.1 is a local made homemade muzzle loading gun. Its action mechanism is in working order. Its barrel showed sign of discharge fire on chemical examination of fouling material found inside the barrel however the date and time of firing cannot be ascertained with the scientific accuracy. The article no.2 is fire (projection) metallic projectile and might have projected trough article 1. The article no.3,4,5 are all ( one hundred ten) metallic projectiles and all of these can be projected through article no.1 भन्नेसमेत ब्यहोराको च.नं. ६०९८ र ६०९९, मिति २०८०।०१।२० गतेको केन्द्रीय प्रहरी विधि बिज्ञान प्रयोगशाला काठमाण्डौको पत्र साथ प्राप्त थान-२ परीक्षण प्रतिवेदन।

२१. **बरामदी/खानतलसी मुचुल्काका सुर्यमान यक्सोले अदालतमा गरेको बकपत्रः-**

म समेतले गरिदिएको वरामदी मुचुल्का कागजको व्यहोरा पढीबाची सुनाउँदा सुनि पाएँ सहिछाप देखाउँदा देखिपाएँ व्यहोरा र सहिछाप मेरोसमेत हो भन्नेसमेत ब्यहोराको सुर्यमान यक्सोले गरेको बकपत्र।

२२. **जाहेरवाला तेजेन्द्र गुरुङले अदालतमा गरेको बकपत्रः-**

मैले मृतक मेरो बुबा ललितमान गुरुङ सहित प्रतिवादीहरु बिरबहादुर गुरुङ र राजकुमार गुरुङ मेरो कान्छीआमा कौशिला निरौला गुरुङको घर नजिकै मुनितिर राती सिकार खेल्न जाने क्रममा मेरो बुबाले सिकार छेक्दा प्रतिवादी बिरबहादुर गुरुङले हानेको बन्दुकको गोलि लागि मेरो बुबाको मृत्यु भएको सन्दर्भमा मैले जाहेरी दिएको हो भन्नेसमेत ब्यहोराको जाहेरवालाको बकपत्र।

२३. **घटना विवरण कागज गर्ने कौशिला निरौला (गुरुङ) ले गरेको बकपत्रः-**

मिति २०७९।१२।१३ गते बेलुका मामा बीर बहादुरले मेरो श्रीमानलाई मिसकल गर्नु भए पछि मेरो श्रीमानले कल गर्दा बीरबहादुर गुरुङले मामा तिखे भन्ने राजकुमार लिएर तल झर्नु भन्नु भयो त्यसपछि अन्दाजी रातको ७:३० बजे जंगल तिर जानु भयो। सिकार खेल्ने क्रममा मेरो श्रीमानले राति लाइट बाली सिकार छेक्ने क्रममा मेरो श्रीमानले बालेको लाईट सिकारको आँखा बलेको जस्तो देखि बन्दुक प्रहार गर्दा उक्त वन्दुकको छर्रा गोलि लागि मेरो श्रीमानको घटनास्थलमा नै मृत्यु भएछ र राति अन्दाजी १० बजे तिर प्रतिवादी राजकुमार गुरुङले भान्जि उठ्नु उठ्नु भनि रुदै आई मलाई बोलाई उठ्दा घटनाको वारेमा भनेपछि थाहा भएको हो भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने कौशिला गुरुङले गरेको बकपत्र।

२४. **बरामदी/खानतलासी मुचुल्का कागज गर्ने लोकबहादुर गुरुङले अदालतमा गरेको बकपत्रः-** उक्त घटना भएको मितिमा हाम्रो गाउँकै खगेन्द्र गुरुङको सालिको बर्थडे पार्टीमा हामी गाउँघरको प्राय सवैजना भेला भई वसेको अवस्थामा विरबहादुर गुरुङ, ललितमान गुरुङ र राजकुमार गुरुङ भई सिकार खेल्ने क्रममा बिरबहादुर गुरुङले सिकार भनी प्रहार गरेको बन्दुकको छर्ला गोलीले लागि ललितमान गुरुङको मृत्यु भयो अरे भनी सुनि घटनास्थलमा जाँदा निज मृतक ललितमान गुरुङको घटनास्थलमानै मृत्यु भईसकेको थियो भन्नेसमेत बेहोराको बरामदी/खानतलासी मुचुल्का कागज गर्ने लोकबहादुर गुरुङले अदालतमा गरेको बकपत्र।

## कसूर ठहर खण्ड

२५. नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचिमा चढी निर्णयार्थ ईजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो।

२६. यसमा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री मोना सिंहले प्रतिवादी बिर बहादुर गुरुङले मौकामा र अदालतमा बयान गर्दा आफूले फायर गरेको भरुवा बन्दुकको गोली छर्रा लागि मृतकको मृत्यु भएको स्वीकार गरेको प्रतिवादी राज कुमार गुरुङले आरोपति कसुर स्वीकार गरेको र जाहेरवाला, घटना विवरण कागज गर्ने ब्यक्तिहरुले प्रतिवादीहरुले अबैध भरुवा बन्दुक बोकी सिकार खेल्न गई प्रतिवादी बिर बहादुर गुरुङले भरुवा बन्दुक फायर गरेको गोली छर्रा लागि मृतकको मृत्यु भएको भनी अदालतमा बकपत्र गरिदिएको अवस्था छ। घटनास्थलमा मृतक र प्रतिवादी बिर बहादुर गुरुङ नजीकको दुरीमा भई निजले रातको समयमा टर्च लाईटले देखाउदा दुम्सी वा मानिस रहेको कुरा स्वतः अन्दाज गर्न सक्ने अवस्था रहेको हुदा प्रतिवादीहरुले अभियोग दाची बमोजिम कसुर गरेको स्थापित भएको हुदा प्रतिवादीहरुलाई अभियोगदावी बमोजिम कसुर कायम गरी सजाय गरी पाँउ भनी बहस प्रस्तुत गर्नु भयो।

२७. त्यसैगरी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् बैतनिक अधिवक्ता श्री देवराज मेन्याङवोले प्रतिवादी बिर बहादुर गुरुङले मौकामा र अदालतमा बयान गर्दा जंगली जनवार दुम्सीको आँखा बलेको जस्तो देखी दुम्सी नै हो भनि भरुवा बन्दुकले ताकी फायर गर्दा गोली छर्राले ललित मान गुरुङलाई लागी मृत्यु भएको हो। मार्ने नियतले प्रहार गरेको होइन भनेका छन्। मृतक प्रतिवादीको फूपुको छोरा नाताको भई निजहरु बीच मार्नुपर्ने सम्मको मनसाय र रिसईवी पनि मिसिलमा देखिएको छैन। तसर्थ प्रतिवादी बिर बहादुरल गुरुङले जानी जानी मृतकलाई भरुवा बन्दुक चलाई फायर गरेको नभई तथ्यको भूलको कारण रातको समयमा दुम्सीको आँखा बलेको जस्तो लागि भरुवा बन्दुक फायर गर्दा मृतकको मृत्यु भएको हुँदा अभियोग दावी बमोजिम कसुर कायम हुने होईन भनी प्रस्तुत गर्नुभएको तर्कपूर्ण बहससमेत सुनियो।

२८. उपर्युक्त बहस एवं तथ्यसमेतलाई मनन गर्दा प्रतिवादीहरुले अभियोग मागदावी बमोजिमको कसूर गरेका हुन होइनन्? प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम कसुर कायम हुनुपर्ने

हो होइन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२९. निर्णयतर्फ बिचार गर्दा, प्रतिवादी बिर बहादुर लिम्बूले आफ्नो घरमा लुकाई राखेको भरुवा बन्दुक लिई निजकै सहोदर भाई प्रतिवादी राजकुमार गुरुङ र मृतक ललितमान गुरुङ संगै शिकार खेल्न गई प्रतिवादी विर बहादुर गुरुङले ललितमान गुरुङलाई लोड भएको अवैध भरुवा बन्दुक ताकी फायर गर्दा छर्राले लागी मृत्यु भएको हुँदा प्रतिवादी बिरबहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (१) बमोजिम तथा हातहतियार खरखजना तर्फ ऐ. संहिताको दफा १३० को उपदफा (१) तथा ऐ. संहिताको दफा १३२ को उपदफा (१) बमोजिमको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (२) बमोजिम तथा हातहतियार खरखजना तर्फ ऐ. संहिताको दफा १३० को उपदफा (२) तथा ऐ. संहिताको दफा १३२ को उपदफा (२) बमोजिम सजाय हुन तथा प्रतिवादी राजकुमार गुरुङले अबैध भरुवा बन्दुक बोकी सिकार खेल्न गएको र वारदात पश्चात विर बहादुर गुरुङले भने बमोजिम भरुबा बन्दुक थान १ आफ्नो कोठामा लुकाई राखेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १३२ को उपदफा (१) बमोजिमको कसुरमा ऐ. संहिताको दफा १३२ को उपदफा (२) बमोजिम सजाय गरी र ऐ. दफा १३५ बमोजिम बरामद भएको भरुवा बन्दुक जफत गरी प्रतिवादीहरुबाट उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग मागदावी रहेको पाइयो।

३०. प्रतिवादीहरु बिर बहादुर गुरुङ, निजकै सहोदर भाई राज कुमार गुरुङ र मेरो बुबा ललितमान गुरुङ तीन जना गई सिकार खेल्दै गरेको अवस्थामा प्रतिवादी बिर बहादुर गुरुङले प्रहार गरेको भरुवा बन्दुकको गोली छर्राले मेरो बुबालाई लाग्न गई बुबाको घटनास्थलमा नै मृत्यु भएको सुनी थाहा पाई घटनाको प्रकृतिबाट निज प्रतिवादी बिर बहादुर गुरुङले मेरो वुबालाई मार्ने नियतपूर्वक लोड भएको भरुवा बन्दुकले ताकी फायर गर्दा भरुवा बन्दुकबाट फायर भएको गोली छर्राले मेरो बुवाको पेटको भागमा लाग्न गई सोही चोटपिरको कारणबाट मृत्यु भएको हुँदा प्रतिवादीहरुलाई कानून बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने मृतकको छोरा जाहेरवालाको जाहेरी दरखास्त परी प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो जाहेरी ब्यहोरा समर्थन हुने जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ हाङ्पाङ चुवाखोला कालिदह स्थित जंगल भएको केही भिरालो स्थानमा रगत जस्तो रातो पदार्थका छिटाहरु देखिएको, केही घाँसपात मडारीएको, सो स्थानमा सिकार खेल्ने क्रममा बिर बहादुर गुरुङले लोड गरेको भरुवा बन्दुकले ताकी फायर गर्दा गोली छर्राले लागी सोही चोटपिरको कारणबाट ललित मान गुरुङको घटनास्थलमा नै मृत्यु भएको चारकिल्ला सहितको घटनास्थल मुचुल्का तथा ललित मान गुरुङको मृत लाशको पेटको भागमा गोली छर्रा लागी आन्द्रा बाहिर निस्केको,दाहिने खुट्टामा गोली छर्रा लागेको घाउचोट रहेको, दाहिने खुट्टाको तिघ्राको वायाँ खुट्टाको पछाडीको भागमा समेत चोट रहेको भन्ने लाश प्रकृति मुचुल्का रहेको देखिन्छ। मृतकको मृत्युको कारण

Gunshot injury to abdomen and thigh. भन्ने उल्लेख भएको मृतक ललितमान गुरुङको शव परिक्षण प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ। यसबाट प्रतिवादीले फायर गरेको गोली लागी मृतकको मृत्यु भएकोमा बिवाद देखिदैन।

३१. जिल्ला ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ स्थित प्रहरी चौकी हाङपाङको कम्पाउण्ड भित्र रहेको कच्ची सडक बाटोमा प्रतिवादी बिर बहादुर गुरुङलाई भरुवा बन्दुक नाल-१ सहित फेला पारेको भन्ने बरामदी तथा खानतलासी मुचुल्का तथा प्रतिवादी बिर बहादुर गुरुङ बस्दै आएको घरमा कोठाभित्र झोलाभित्र भरुवा बन्दुकमा प्रयोग गरिने बारुद जस्तो धुलो पदार्थको पोका थान-१, भरुवा बन्दुकमा प्रयोग हुने सिसा गोली १३ थान, रडका टुक्राहरु २६ थान, फलामको टुक्राहरु ७१ थान, टर्चलाईट थान-१, सलाईको काँटी, समेत फेला पारी बरामद गरेको भन्ने र प्रतिवादी राज कुमार गुरुङ बस्दै गरेको बिच तलामा रहेको कोठाभित्र भर्याङ पछाडी ढोकाको च्यापमा काठको बटको भाग देखिने गरी लम्वाई ४ फिट ४ ईन्च भएको सिलिङ सहितको भरुवा बन्दुक नाल-१ र कालो रंगको झोलाभित्र फलामको टुक्राहरु ५ थान, रडको टुक्राहरु १८ थान, फलाम किटको स-सना टुक्राहरु ३३ थान, कागजको पोकाभित्र फलाम किटका स-सना टुक्राहरु ५२ थान र स-सना ५ थान बट्टामा बारुदजस्तो धुलो पदार्थ रहेको भन्ने व्यहोराको बरामदी/खानतलासी मुचुल्का देखिन्छ। बरामद बस्तुको भौतिक परिक्षण हेर्दा The article no.1 is a local made homemade muzzle loading gun. Its action mechanism is in working order. The article no.2 is fire (projection) metallic projectile and might have projected trough article 1. The article no.3,4,5 are all metallic projectiles and all of these can be projected through article no.1 भन्ने उल्लेख भएको केन्द्रीय प्रहरी विधि बिज्ञान प्रयोगशाला काठमाण्डौको च.नं. ६०९८ र ६०९९, मिति २०८०।०१।२० गतेको पत्र साथ प्राप्त परिक्षण प्रतिवेदन थान-२ मिसिल संलग्न देखिन्छ। यसबाट बरामद भई आएको भरुवा बन्दुक थान-२ र सोही भरुवा बन्दुकहरुमा गोलीको रुपमा प्रयोग हुने बारुद, फलामको टुक्रा र सिसाहरु समेत धातु सावूद अवस्थामा रहेको भन्ने देखियो।

३२. प्रतिवादी बिर बहादुर गुरुङले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा, ललितमान र मेरो भाई राजकुमारले दुम्सी मार्न जाउ भनेकाले भरुवा बन्दुक बोकी जाहेरी दरखास्तमा उल्लेखित स्थानतर्फ जंगलमा सिकार खेल्न गई मेरो भाई राज कुमार लिम्बुलाई चुवाखोला पारी गई बस्नु भनी पठाई सोही स्थानमा रहेको कुलो नजिक ललित मान गुरुङ र म बसी मसंग चहकिलो बल्ने टर्च लाईट र ललित मान गुरुङसंग केही मधुरो बल्ने टर्च लाईट बाली दुम्सी खोज्दै गर्दा म भएको स्थानदेखि करिव ६/७ मिटरको दुरी झाडीभित्र जंगली जनवार दुम्सीको आँखा बलेको जस्तो देखी दुम्सी नै हो भनि भरुवा बन्दुकले ताकी फायर गर्दा गोली छर्राले ललित मान गुरुङलाई लागी मृत्यु भएको हो। मैले ललितमान गुरुङलाई मार्ने नियतले घटना घटाएको होईन। हाल बरामद बन्दुक मेरो हो भनी र अदालतमा म, मृतक र मेरो भाई राजकुमार गुरुङ ३ जना भई मसंग भएको लाइसेन्स बिनाको भरुवा बन्दुक लिई जंगलमा गई ३ जना नै छरिएर दुम्सी खोज्ने क्रममा म देखि करिव ४/५

मिटर तल खोला छेउमा निज मृतकले सानो मधुरो साधा मोवाईल लाइट बालेको रहेछ। उक्त स्थानमा जनवारको आँखा टल्केको जस्तो देखि दुम्सी होला भनी मैले साथमा लोड गरी बोकेको भरुवा बन्दुकले प्रहार गर्दा मृतकलाई लाग्न गएको हो। मैले नियतपूर्वक ताकी बन्दुक प्रहार गरेको होइन् मलाई सकेसम्म कम्ति सजाय गरिपाउँ भनी आफूले अवैध भरुवा बन्दुकले फायर गरेको गोली छर्राले ललितमान गुरुङको मृत्यु भएकोमा स्वीकार गरी बयान गरेको देखिन्छ।

३३. त्यसैगरी अर्का प्रतिवादी राज कुमार गुरुङले प्रतिवादी दाजु बिर बहादुरले दुम्सी छेक्नु खोलापारी जंगलमा गएर बस्नु भनेकाले खोलापारी गई बसेको र दाजु बिर बहादुर गुरुङ र ललित मान गुरुङ सँगै रहेको अवस्थामा भरुवा बन्दुक पड्केको आवाज सुनेपछि दाजुले शिकार मार्यो होला भन्ने लागी जाहेरी दरखास्तमा उल्लेखित मिति, समय र स्थानमा आई पुग्दा ललित मान गुरुङलाई मृत्यु भईसकेको अवस्थामा मैले देखेको हुँ। मेरो घरबाट बरामद भएको भरुवा बन्दुक उक्त रात प्रतिवादी दाजु बिर बहादुर गुरुङले मलाई एउटा बोक्न र घरमा राख्न लगाएको थियो भनी अधिकार प्राप्त अधिकारी समक्ष तथा हामी ३ जना भई दाजुको घरमा भएको २ वटा भरुवा बन्दुक लिई जंगलमा गई हामी ३ जनानै छरिएर दुम्सी खोज्ने क्रममा मलाई दाजुले खोला पारी झाडीमा दुम्सी छेक्न पठाएको र निजहरु दुई जना खोला वारी पट्टी दुम्सी खोज्दै थिए। एक्कासी वन्दुक पड्क्यो। त्यसपछि के सिकार मारेछ भनी वन्दुक पड्केको स्थानमा आउदा मृतक मरिसकेको थियो। त्यसपछि मैले प्रतिवादी बिर बहादुर गुरुङलाई के भयो भन्दा मैले झाडीमा दुम्सी जस्तो देखि बन्दुकले प्रहार गर्दा ललित मान गुरुङलाई लागी मृत्यु भयो भनी भन्नु भयो भन्ने ब्यहोरा लेखाई आफु उपरको कसूर स्वीकार गरी सह प्रतिवादी उपर पोल गरी बयान गरिदिएको देखिन्छ

३४. जाहेरवालाले प्रतिवादी बिर बहादुर गुरुङले मेरो वुबालाई मार्ने नियतपूर्वक लोड भएको भरुवा बन्दुकले ताकी फायर गर्दा भरुवा बन्दुकबाट फायर भएको गोली छर्राले मेरो बुवाको पेटको भागमा लाग्न गई सोही चोटपिरको कारणबाट मृत्यु भएको भन्ने व्यहोरा उल्लेख गरी जाहेरी दरखास्त दिएको भएपनि निज जाहेरवाला अदालतमा उपस्थित भई बकपत्र गर्दा मृतक बुबा समेत भई सिकार खेल्न गएकोमा शिकारको आँखा बलेको जस्तो लागि प्रतिवादी बिर बहादुर गुरुङले भरुवा बन्दुक प्रहार गर्दा गोलीले लागि मृत्यु भएको भनी लेखाई दिएको देखिन्छ। मौकामा बुझिएका मृतककी श्रीमती कौशिला निरौला गुरुङले तिन जना भई सिकार खेल्ने क्रममा प्रतिवादी राज कुमार गुरुङ घटनास्थल देखि केही पर जंगली जनवार छेक्न गएको, मेरो श्रीमान र प्रतिवादी बिर बहादुर गुरुङ एकै स्थानमा भई सिकार खोज्दै गरेको अवस्थामा बिर बहादुर गुरुङले लोड भएको भरुवा बन्दुक ताकी फायर गरेको कारणवाट श्रीमानको मृत्यु भएको भनी बकपत्रमा लेखाई सोही ब्यहोरा मिलान हुने गरी जंगलमा सिकार गर्न गएको अवस्थामा बिर बहादुर गुरुङले फायर गरेको भरुवा बन्दुकको गोली छर्राले ललितमान गुरुङलाई लागी ललितमान गुरुङको घटनास्थलमा नै मृत्यु भएको भन्ने उल्लेख गरी गंगा प्रसाद याक्सो लिम्बू र खगेन्द्र

गुरुङसमेतले घटना विवरण कागज लेखाई दिएकोमा अदालतमा उपस्थित भई बकपत्र गर्दा मृतक समेत भई सिकार खेल्न गएको अवस्थामा शिकारको आँखा बलेको जस्तो लागि प्रतिवादी बिर बहादुर गुरुङले बन्दुक प्रहार गर्दा गोलीले लागि मृत्यु भएको भनी लेखाई दिएको देखिन्छ।

३५. उल्लेखित बर्णित घटनाक्रम भएको परिपेक्ष्यमा अभियोजन पक्षले दावी लिएको कानूनी ब्यवस्थाको विवेचना गर्नुपर्ने देखियो। सर्वप्रथम प्रतिवादी बिर बहादुर गुरुङ उपर अभियोग मागदावी लिएको मुलुकी अपराध संहिता,२०७४ को दफा १७८(१) हेर्दा, उक्त दफा १७८(१) मा *कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जानसक्छ भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कारण हुदा हुदै त्यस्तो काम गर्न हुदैन* भन्ने उल्लेख गरेको देखिन्छ। प्रस्तुत मुद्दामा माथिको विवेचना अनुसार मृतक, प्रतिवादी बिर बहादुर गुरुङ र प्रतिवादी राजकुमार गुरुङ ३ जना भई भरुवा बन्दुक लिई सिकार खेल्न जंगलमा गई दुम्सी छेक्न प्रतिवादी राजकुमार गुरुङ खोलापारी गएको, मृतक र प्रतिवादी सँगै रहि झाडिमा दुम्सी खोज्ने क्रममा प्रतिवादी बिर बहादुर गुरुङ चहकिलो लाईट र मृतकले केही मधुरो लाईट बोकी प्रतिवादी बिर बहादुर गुरुङ र मृतक करिव ४/५ मिटर दुरीमा रहेको अवस्थामा प्रतिवादी बिर बहादुर गुरुङले जनवारको आँखा टल्केको जस्तो देखि दुम्सी होला भनी आफ्नो साथमा लोड गरी बोकेको भरुवा बन्दुकले ताकी प्रहार गर्दा मृतक ललितमान गुरुङको पेट र तिघ्रामा लागि मृत्यु भएको भन्ने देखिन्छ। यी प्रतिवादी र मृतकबीच पुर्व रिसइवी र झगडा भएको मिसिल संलग्न सवुद प्रमाणबाट देखिदैन तथा मृतकलाई मार्नुपर्ने पुर्व योजना रहे भएको साथै मृतकलाई मार्ने उदेश्यले जानी जानी निज प्रतिवादीले भरुबा बन्दुकले ताकी फायर गरेको पनि देखिदैन। तथापि सिकार खेल्ने क्रममा दुम्सी छेक्न प्रतिवादी मध्ये राजकुमार खोलापारी अलिक टाढा गएको तर मृतक र प्रतिवादी सँगै सँगै भई झाडिमा दुम्सी खोज्ने क्रममा प्रतिवादी बिर बहादुर गुरुङ चहकिलो लाईट र मृतकले केही मधुरो लाईट बोकी दुम्सी खोज्न निज प्रतिवादीकै भनाई अनुसार निजहरु दुवै जना करिव अन्दाजि ४/५ मिटर दुरीमा मात्र रहेको अवस्थामा प्रतिवादी बिर बहादुर गुरुङले भरुवा बन्दुकले फायर गर्न अघि मृतक पनि आफ्नो नजिकै रही मधुरो लाईट बाली बोकेको छ भन्ने कुरामा निज प्रतिवादीले उचित ध्यान नपुर्याई उक्त मघुरो लाईट बलेकोमा जंगली जनवार दुम्सीको आँखा बलेको भन्ने सम्झि भरुवा भन्दुक ताकी प्रहार गर्दा मृतकको मृत्यु भएको तथ्य स्थापित हुन आएको छ। यसबाट प्रतिवादी विर बहादुर गुरुङले कतब्य ज्यान तर्फको अभियोग दावी मुलुकी अपराध संहिता,२०७४ को दफा १७८(१) बमोजिम कसुर गरेको पुष्टी नभई मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ (१) वमोजिमको कसूर गरेको देखिन आयो।

३६. अब, हातहतियार खरखजना तर्फ अभियोजन पक्षले विर बहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३० को उपदफा (१) तथा ऐ. संहिताको दफा १३२ को उपदफा (१) बमोजिमको कसूर र प्रतिवादी राजकुमार गुरुङलाई मुलुकी अपराध

संहिता,२०७४ को दफा १३२ को उपदफा (१) बमोजिमको कसुरको मागदावी लिएको देखिन्छ। यी प्रतिवादीहरुले सिकार खेल्न प्रयोग गरेको भरुवा बन्दुक थान -२ मध्ये थान १ भरुवा बन्दुक र सोमा प्रयोग हुने वारुद, फलामको टुक्रा र सिसाहरु समेत प्रतिवादी राजकुमार गुरुङ बस्ने घरबाट बरामद भएको हुन आएको देखिन्छ। उक्त बरामद भरुवा वन्दुकसमेत प्रतिवादी मध्ये बिर बहादुर गुरुङले प्रतिवादी राजकुमार गुरुङलाई राख्न दिएको भन्ने देखिन आएको र प्रतिवादीहरुले उक्त भरुवा बन्दुक तथा खरखजना राख्ने/लिएर हिड्ने इजाजतपत्र प्राप्त गरेको भने देखिदैंन। तथापि जाहेरवाला लगायत वादी पक्षका साक्षीहरुले प्रतिवादी बिर बहादुर गुरुङले बरामदी हातहतियार तथा खरखजानाको कारोवार गरेको भनी लेखाई दिन सकेको देखिदैंन। साथै निज प्रतिवादीले उक्त बरामद भरुवा बन्दुक तथा खरखजना समेतको खरिद बिक्री गरी कारोवार भन्ने मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टी भएको देखिदैन। तसर्थ प्रतिवादी बिर बहादुर गुरूङले हातहतियार खरखजना तर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा १३० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी नभएको तर ऐ. संहिताको दफा १३२ को उपदफा (१) बमोजिमको कसुर गरेको तथा प्रतिवादी राजकुमार गुरुङले अभियोग दावी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १३० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टी हुन आयो ।

**३७.** अतः माथि विवेचित आधार, प्रमाण र सवुद समेतबाट प्रतिवादी बिर बहादुर गुरुङले मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ (१) बमोजिमको कसूर तथा सोही संहिताको दफा १३२ (१) बमोजिमको कसूर गरेको ठहर्छ। अर्का प्रतिवादी राजकुमार गुरुङले मुलुकी अपराध संहिता, २०७४ को दफा १३२ (१) बमोजिम को कसूर गरेको ठहर्छ। तसर्थ निज प्रतिवादीहरुलाई ठहर भएको कसूरको सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारणको लागि छुट्टै सुनुवाई गर्नुपर्ने हुँदा सो प्रयोजनको लागि मिति २०८०।३।२९ गतेको पेशी तारिख तोकी सो पेशी अगावै सजायपूर्वको प्रतिवेदन पेश गर्नु भनी वादी प्रतिवादीको कानून व्यवसायीलाई जानकारी दिनु।

**३८. सजायपूर्वको प्रतिवेदनः-**

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा कसूरदारलाई सजाय गर्दा निर्धारण गरिएका उदेश्यहरुमा कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने, पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने, कसूरदारलाई आफ्नो कार्य प्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभुति गराउने समेतका विषयहरु विचार गरी कसूरदारलाई कसूरको गम्भिरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय निर्धारण गरिनु पर्ने हुन्छ भन्नेसमेत ब्यहोराको वादी नेपाल सरकारको तर्फबाट पेश भएको सजायपूर्वको प्रतिवेदन मिसिल संलग्न रहेको।

## सजाय निर्धारण खण्ड

३९. नियमानुसार पेशी सूचीमा चढी प्रतिवादीहरुलाई ठहर भएको कसूरका सम्बन्धमा हुनुपर्ने सजायको निमित्त इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फवाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री मोना सिंहले प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम अधिकतम सजाय गरी पाउँ भनी तथा प्रतिवादीका तर्फबाट उपस्थित बिद्धान वैतनिक अधिवक्ता श्री देवराज मेन्याङ्बोले प्रतिवादीहरुलाई ठहर भएको कसूरमा न्यूनतम मात्र सजाय होस भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

४०. उपर्युक्त तथ्य र बहस समेतलाई दृष्टिगत गर्दा प्रतिवादीहरुलाई ठहर भएको कसुरमा के कति सजाय हुने हो? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

४१. अब सजाय निर्धारणतर्फ बिचार गर्दा, प्रतिवादी बिर बहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (२) बमोजिम तथा हातहतियर खरखजनातर्फ ऐ. संहिताको दफा १३० को उपदफा (२) तथा. ऐ. संहिताको दफा १३२ (२) बमोजिम र अर्का प्रतिवादी राजकुमार गुरुङलाई ऐ. संहिताको दफा १३२ को उपदफा (२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दाबी रहेको देखिन्छ।

४२. प्रस्तुत मुद्दामा प्रतिवादी बिर बहादुर गुरुङले मुलुकी अपराध संहिता २०७४ को दफा १८२ (१) बमोजिम कसूर गरेको तथा सोही संहिताको दफा १३२(१) बमोजिम कसूर गरेको र अर्का प्रतिवादी राजकुमार गुरुङले मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(१) बमोजिमको कसूर गरेको भन्ने यस इजलासबाट मिति २०८०।३।२४।१ मा ठहर भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणको लागि पेश हुन आएकोले सर्वप्रथम बिर बहादुर गुरुङको हकमा हेर्दा निजले बिना इजाजतको भरुवा बन्दुक बोकी सिकार खेल्न गई उक्त भरुवा बन्दुकको प्रहारबाट मृतकको मत्यु भएको अवस्था भई एकै वारदातमा एक भन्दा बढी कसुर गरेको हुदा कसूरको गम्भीरता घटाउने अवस्थाको विद्यमानता रहेको भन्ने नदेखिंदा निज प्रतिवादीले गरेका कसूर/दोषको मात्राको आधारमा सजायको उदेश्यलाई समेत विचार गर्दा निज प्रतिवादी बिर बहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ (२) बमोजिम २ बर्ष कैद र रु. २०,०००।— जरिवाना हुने तथा सोही संहिताको दफा १३२ (२) बमोजिम १ बर्ष ६ महिना कैद र रु. १५,०००।— जरिवानाको सजाय हुने ठहर्छ। सोही संहिताको दफा १८६ बमोजिम क्षतिपूर्ति वापत रु.५०,०००।— प्रतिवादी बिर बहादुर गुरुङबाट मृतकको हकवालाले भराई पाउने ठहर्छ। अर्का प्रतिवादी राजकुमार गुरुङको हकमा कसूरको गम्भीरता बढाउने अवस्थाको विद्यमानता रहेको भन्ने नदेखिंदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३२ (२) बमोजिम १ बर्ष कैद र रु.१०,०००।— रुपैंया जरिवानाको सजाय हुने ठहर्छ। साथै सोही संहिताको दफा १३५ बमोजिम बरामदित भरुवा बन्दुक समेतका दसीका सामान जफत हुने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४३(३) बमोजिम क्षतिपुर्ति शुल्क वापत

रु.१४००।— प्रतिवादी विर बहादुर गुरुङले र रु. ४००।— प्रतिवादी राजकुमार गुरुङले पीडित राहत कोषमा बुझाउने ठहर्छ। प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम नै सजाय गरी पाउँ भन्ने हदसम्म वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्ने गरी मुलकी फौजदारी संहिता,२०७४को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

**तपसिल**

- माथी ठहरखण्डमा लेखिएबमोजिम यी प्रतिवादी विर बहादुर गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८२(२) बमोजिम २ बर्ष कैद र रु.२०,०००।-।—(बीस हजार) जरिवाना हुने तथा सोहि संहिताको दफा १३२(२) बमोजिम १ बर्ष ६ महिना कैद र रु.१५०००।— जरिवाना हुने ठहरी फैसला भएको हुँदा प्रतिवादी विर बहादुर गुरुङ मिति २०७९।१२।१४ मा पक्राउ परी हालसम्म थुनामा रहेको देखिंदा निजलाई लागेको कैद र जरिवाना बापतको रु.३५,०००।—(पैंतिस हजार) नबुझाए सो बापतसमेत कैद ठेगी पठाउनू।
- अर्का प्रतिवादी कुमार गुरुङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(२) बमोजिम १ बर्ष कैद र १००००।— जरिवाना हुने ठहरी फैसला भएको प्रतिवादी कुमार गुरुङ मिति २०७९।१२।१४ मा पक्राउ परी हालसम्म थुनामा रहेको देखिंदा निजलाई मिति २०८०।१२।१३ सम्म थुनामा राखी लागेको जरिवाना बापतको रु.२००००।—(वीस हजार) बुझाएमा ऐ. १४ गते अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुना मुक्त गरी दिनु भनी सम्बन्धित कारागारलाई लेखि पठाउनु, जरिवाना नबुझाए सो बापतसमेत कैद ठेगी पठाउनू।
- मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादी विरबहादुर गुरुङबाट रु. ५००००।-(पचास हजार सत्र) रुपैयाँ पीडित मृतकको हकवालालाई क्षतिपूर्ति भराई पाउने ठहरेकोले प्रतिवादीले उक्त रकम भराई पाउँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई निवेदन दिए नियमानुसार पीडितलाई भराई दिनू।
- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४३(३)(क) बमोजिम क्षतिपूर्ती शुल्क वापत प्रतिवादी बिर बहादुर गुरुङबाट रु.१४००।— र प्रतिवादी राजकुमार गुरुङबाट रु. ४००।- असुल गरी पीडित राहत कोषमा जम्मा गर्नू।
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४ को उपदफा (१) बमोजिम ७० दिनभित्र श्री उच्चअदालत विराटनगर, इलाम इजलास इलाममा पुनरावेदन गर्न सक्ने हुँदा प्रतिवादीहरुलाई फैसलाको सुचना सहित पुनरावेदन म्याद दिनू।
- फैसलाको प्रतिलिपिसहितको जानकारी जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङमा पठाइदिनू।
- सरोकारवालाले फैसलाको नक्कल मागे लाग्ने दस्तुर लिई नक्कल दिनू।

- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा निस्सा जनाई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

**जिल्ला न्यायाधीश**

फैसला तयार गर्न सहयोग गर्ने
क.अ.ः-लक्ष्मी प्रसाद बुढाथोकी
कसुर ठहर मितिः-२०८०।०३।२४।०१
इति सम्वत् २०८० साल आषाढ महिना २९ गते रोज ६ शुभम .........................................
प्रमाणिकरण मितिः- २०८०।०५।२८।०५

श्री

रोल्पा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री खिमानन्द भुसाल

फैसला

सम्बत् २०७९ सालको मुद्दा नं.ः- ०७९-C१-००२५

रजिष्ट्रेशन नं.-७०-०७९-००२३९

कसुर ठहर नि.नं.ः- २१८

सजाय निर्धारण नि.नं.-१२

मुद्दाः- डाँका चोरी।

दायर मिति ः- २०७९/०९/२४

**वादीको नाम, थर र वतन**

जिल्ला रोल्पा तालावाङ गा.वि.स. वडा नं. ९ बस्ने ज्ञान बहादुर खड्का............................१

ऐ.ऐ. मा बस्ने वीरवालाराम खड्का...............१

ऐ. राङ्सी गा.वि.स. वडा नं. ३ बस्ने धनसिंह वली समेत जना ३ को जाहेरीले वादी नेपाल सरकार

**ऐ.को प्रमाण**

**साक्षीः** जाहेवाला लगायत घटनाविवरण कागजका मानिसहरु।

**देख्ने। सुन्नेः-**

**कागजः** अभियोग पत्रसाथ संलग्न कागजातहरु र दशिका सामानहरु।

**प्रतिवादीको नाम, थर र वतन**

रोल्पा जिल्ला भावाङ गा.वि.स. वडा नं. ६ बस्ने तिर्सन घर्तिमगरको छोरा प्रकाश घर्तिमगर-----१

**ऐ.को प्रमाण**

**साक्षीः** ****

**कागजः*******

**अदालतबाट बुझेको**

**साक्षी ः**

**कागज ः x**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. मिति २०६७/०७/०३ गते रातको अं.७ः३० बजेको समयमा अपरिचित ६ जना को समुह आई मलाई समेत कुटपीट गरी नगद रु.२३,७५०/- र पसलको जिन्सी धनमाल डाँकाचोरी गरेकोले उक्त घटनाको सम्बन्धमा अनुसन्धान गरी पाउँ भन्ने समेत व्यहोराको ज्ञान बहादुर खड्काको हुलिया निवेदन।

२. मिति २०६७/०७/०३ गते जिल्ला रोल्पा तालावाङ गा.वि.स. वडा नं.९ वेस्रावाङ स्थित विरवालाराम खड्काको घर नजिक आई पुग्दा हतियारधारी ६ जनाको समूहले कुटपिट गरी मेरो साथमा रहेको नगद रु.१०,८००/- र स्काई मोबाईल सेट डाँकाचौरी भएकोले अनुसन्धान गरी पाउँ भन्ने समेत व्यहोराको धनसिंह वलीको हुलिया निवेदन।

३. मिति २०६७/०७/०३ गते रातको समयमा ६ जनाको समूहमा आएका हतियार धारी व्यक्तिले मलाई र मेरो श्रीमती समेतलाई कुटपिट गरी जम्मा रु.१४,६००/- तथा पसलको सामान समेत डाँका चोरी गरी लगेकोले उक्त घटनामा संलग्न अभियुक्तहरुको खोजतलास गरी पाउँ भन्ने समेत व्यहोराको वीर बालाराम खड्काको हुलिया निवेदन।

४. घटनास्थल भनिएको वीर वालाराम खड्काको मसल बाहिर वेन्च तथा टेवुलहरु ढलेको, पसलको सामानहरुको छरपस्ट भएको, ज्ञानबहादुर खड्काको पसलको ढोका ढुङ्गाले हानी गहिरो खाल्टाहरु परेको, गरालो माथिको टुक्राहरु तल खसेको, सामानहरु जमिनमा छरपष्ट भएको, नजिकै पैसा राख्ने सानो वक्स (कन्तुर) को कब्जा भाचिएको, धनसिंह वलीलाई बाटैमा कुटपीट गरी सख्त खाईते पारेको र +१२-५९  लेखेको टुप्पाको तथा वीच भागसम्म २ ठाउँमा फुटेक खोका थान १ फेला परेको भन्ने घटनास्थल मुचुल्का ।

५. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जिल्ला रोल्पा भावाङ गा.वि.स. वडा नं.६ बस्ने बर्ष २४ को नन्द बहादुर घर्तीमगर समेत ६ जनाको समूहले कुटपीट गरी सख्त घाइते बनाई हात हतियारबाट फायर खोली मेरो पसल तथा कन्तुनरमा राखेको नगद रु.२३,७५०/- डाँका चोरी गरी लगेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६७/०७/०९ गतेको ज्ञान बहादुर खड्काको जाहेरी दरखास्त ।

६. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जिल्ला रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ स्थित प्रतिवादी नन्दबहादुर घर्तीमगर समेत ६ जनाको समूहले मलाई कुटपीट गरी मेरो साथमा रहेको नगद रु.१०,८००/- र स्काई मोबाईल सेट डाँका चोरी गरी लगेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६७/०७/०९ गतेको धनसिंह वलीको जाहेरी दरखास्त ।

७. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा प्रतिवादी नन्द बहादुर घर्तीमगर समेतले मेरो पसलको ढोका जवरजस्ती खोली मलाई र मेरी श्रीमतीलाई कुटपीट गरी जम्मा रु.१४,८००/-र मसलको जिन्सी सामान समेत डाँका चोरी गरी लगेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६७।०७।०९ गतेको वीर बालाराम खड्काको जाहेरी दरखास्त।

८. ज्ञान बहादुर खड्का समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नन्दबहादुर घर्तीमगर समेत भएको डाँका चोरी मुद्दामा वारदात पश्चात भागी फरार रहेका प्रतिवादीहरुलाई पक्राउ गर्नको लागि मलाई खटाई पठाइएकोमा प्रतिवादी नन्द बहादुर घर्तीमगरलाई पक्राउ गरी यसै प्रतिवेदन साथ दाखिला गरेको छ, निजलाई कानून वमोजिम गरी पाउँ अन्य प्रतिवादीहरुको खोजी कार्य भईरहेको भन्ने समेत व्यहोराको मिति २०६७/०७/११ गतेको प्र.स.नि.कृष्ण बहादुर पुजाराको प्रतिवेदन।

९. मिति २०६७/०७/०३ गते बेलुका ४ बजेको समयमा योजना बनाई जिल्ला रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ स्थित ऐ. मितिको रातको ७:३० बजेको समयमा जाहेरवाला ज्ञान बहादुर खड्का समेतको पसल तथा साथमा रहेको नगद रुपैया म समेतले डाँका चोरी गरेका हौं प्रतिवादी प्रदिप घर्तीमगरले मलाई रु.५००/- दिएको हुन उक्त घटनामा प्रयोग गरेको हात हतियार तथा अन्य नगद रुपैया प्रतिवादी प्रदिप घर्तीमगरसँग छ भन्ने समेत व्यहोराको मिति २०६७/०७/१५ गतेको प्रतिवादी नन्द बहादुर घर्तीमगरको बयान कागज ।

१०. जिल्ला रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ बस्ने ज्ञान बहादुर खड्का समेतको जाहेरीले वादी नेपाल सरकार भएको वारदात डाँकाचोरी मुद्दामा वारदात पश्चात भागी फरार प्रतिवादीहरुलाई पक्राउ गर्न खटाई पठाएकोमा प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर र पूर्ण बहादुर घर्तीमगरलाई यसै प्रतिवेदन साथ दाखिला गरेको छु, कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको प्र.स.नि. कृष्ण बहादुर पुजाराको मिति २०६७/०७/१६ गतेको प्रतिवेदन ।

११. जिल्ला रोल्पा भावाङ गा.वि.स.वडा नं.६ स्थित प्रतिवादी नन्द बहादुर घर्तीमगरको घाँस दाउरा राख्ने कटेरो सोही कटेरोमा लुकाई राखेको अवस्थामा कटुवा पेस्तोल थान १ ऐ. मा लाग्ने गोली थान १ प्रहरीले बरामद गरेको हो भन्ने समेत व्यहोराको मिति २०६७/०७/१६ गतेको बरामदी मुचुल्का ।

१२. मिति २०६७/०७/०३ गते रातको समयमा ज्ञान बहादुर खड्का, वीर बालाराम खड्का र धन सिंह वलीलाई कुटपीट गरी निजहरुको साथमा रहेको नगद रुपैयाँ तथा पसलको जिन्सी सामान कुटपीट गरी सख्त घाइते बनाई हातहतियारबाट फायर खोली डाँका चोरी भएको र उक्त घटना घटाउने प्रतिवादीहरु नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६७/०७/१८ गते ओम प्रकाश खड्काले गरी दिएको घटना विवरण कागज।

१३. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जाहेरवाला ज्ञान बहादुर खड्का समेतलाई कुटपीट गरी हातहतियारबाट फायर खोली नगद रुपैया तथा जिन्सी धनमाल चोरी भएको र उक्त धनमाल डाँका चोरी गर्ने प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भन्ने समेत व्यहोराको दिपक खड्काले गरी दिएको घटना विवरण कागज ।

१४. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जाहेरवाला ज्ञान बहादुर खड्का समेतलाई कुटपीट गरी हातहतियारबाट फायर खोली ज्यान मार्ने धम्की समेत दिई नगद तथा जिन्सी धनमाल डाँका चोरी भएको उक्त डाँका चोरी गर्ने प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत ५ जना भएक खुल्न आएको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको पुर्ण बहादुर खड्काले गरी दिएको घटना विवरण कागज ।

१५. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा म समेत ५ जनाको समूह भई योजना मुताविक कटुवा पेस्तोल थान १ ऐ. मा लाग्ने गोली ऐ.को फोट्टीसेबेन चक्कु समेत लगी जिल्ला रोल्पा तालावाङ गा.वि.स. वडा नं.९ बेस्रावाङ स्थित ज्ञानबहादुर खड्का, वीर बालाराम खड्का र बाटोमा हिडिरहेको धनसिंह वलीलाई कुटपीट गरी हातहतियारबाट फायर खोली ज्यान मार्ने धम्की

समेत दिई निजहरुको साथमा रहेको नगद तथा पसलको जिन्सी धनमाल डाँका चोरी गरी ल्याएको हो। उक्त जिन्सी सामानहरु मध्ये केही खायौं नगद रुपैंया मैले रु.८,०००/-(आठ हजार रुपैयाँ) घोराहीमा तिरी बाँकी रहेको पैसा आफूले खर्च गरेको हुँ अन्य साथीहरुले के कति डाँका चोरी गरेको रकम खर्च गरेर उक्त घटनामा प्रयोग गरिएको हात हतियारहरु प्रतिवादी नन्द बहादुर घर्तीमगर सँग छ भन्ने समेत व्यहोराको प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुर घर्ती मगरले जिल्ला सरकारी वकील कार्यालय रोल्पामा दिएको साविति बयान ।

१६. मिति २०६७/०७/०३ गते रातको समयमा जिल्ला रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ स्थित ज्ञानबहादुर खड्का, वीर बालाराम खड्का र धन सिंह वलीलाई कुटपिट गरी सख्त घाईते बनाई नगद तथा जिन्सी धनमाल चोरी भएक र पीडितको हात तथा नाक काटिएको घटनास्थलमा खका फेला परेको र उक्त डाँका चोरी गर्ने व्यक्तिहरु तथा समूह को को हुन भनी बुझ्दै जाँदा नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निज प्रतादीहरुलाई डाँका चोरी अन्तर्गत कारवाही हुनु पर्छ भन्ने समेत व्यहोराको कृष्ण बहादुर खड्काले गरी दिएको घटना विवरण कागज ।

१७. मिति २०६७/०७/०३ गते रातको समयमा बेस्रावाङमा आई पुग्दा जाहेरवाला ज्ञान बहादुर खड्का वीर बालाराम खड्काको पसलको सामानहरु छरपष्ट भएको धनसिंह वलीको नाक मुखबाट रगत आइरहेका अवस्थामा पीडितलाई देखे पछि तत्काल औषधि उपचार गर्न घर्तीगाउँमा ल्याएर *पीडितहरुको* जाहेरीमा उल्लेखित रकम तथा जिन्सी धनमाल प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत ५ जनाका समूहले डाँका चोरी गरी लगेको खुल्न आएको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भन्ने समेत व्यहोराको कर्णबहादुर खड्काले गरी दिएको घटना विवरण कागज ।

१८. मिति २०६७/०७/०३ गते रातको अन्दाजी ७:३० बजेको समयमा जाहेरवालाहरुको पसलमा बन्दुक फायर भएको आवाज आए पछि के भएको रहेछ भनी उक्त स्थानमा गई हेर्दा मानिसहरु हार गुहार चोर चोर भन्दै चिच्याउदै गरेको देखी हार गुहार मागी सम्पूर्ण गाउँलेहरु भई उक्त स्थानमा पुग्दा जाहेरवाला ज्ञानबहादुर खड्का समेतलाई कुटपीट गरी ढोकामा ढुङ्गाले हानी ढोका फोडी नगद तथा जिन्सी धनमा डाँका चोरी गरी प्रतिवादीहरु भागी सकेका थिए। उक्त घटनामा संलग्न प्रतिवादीहरु नन्दबहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निजहरुलाई कानून बमोजिम कारावाही गरी पाउँ भन्ने समेत व्यहोराको पदम बहादुर खड्काले गरी दिएको घटना विवरण कागज।

१९. मिति २०६७/०७/२५ गते प्रतिवादी राम बहादुर घर्तीमगरलाई जिल्ला रोल्पा भावाङ्ग गा.वि.स. वडा नं.४ मा हिडडुल गरी रहेको अवस्थामा फेला पारी यसै प्रतिवेदन साथ दाखिला गरेको छु भन्ने समेत व्यहोराको मिति २०६७/०७/२५ गतेको प्र.स.नि. कृष्ण बहादुर पुजाराको प्रतिवेदन।

२०. जिल्ला रोल्पा भावाङ गा.वि.स.वडा नं.६ स्थित प्रतिवादी नन्द बहादुर घर्तीमगरको बारीमा लुकाई छिपाई राखेको अवस्थामा ए.के.फोट्टीसेबेन मोडेलको प्लाष्टिक हतियार थान २, दुर्गा तेल ४ पोका, सावुन दुई वटा बरामद भएको ठिक साँच हो भन्ने समेत व्यहोराको मिति २०६७/०७/२६ गतेको बरामदी मुचुल्का ।

२१. म समेत ५ जनाको समूह भई मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जिल्ला रोल्पा तालावाङ गा.वि.स. वडा नं.९ बेस्रावाङ स्थित ज्ञानबहादुर खड्का, वीर बालाराम खड्का र सोही स्थानमा बाटोमा हिडीरहेका धन सिंह वलीलाई कुटपीट गरी सख्त घाइते बनाई निजहरुको पसल तथा साथमा रहेका नगद र धनमाल डाँका चोरी गरेका हौं मैले रु.८,५००/- मध्ये रु.१,०००/, १,०००/- प्रतिवादी भन्ने पूर्ण बहादुर घर्तीमगर र राम बहादुर घर्तीमगरलाई दिएको हुँ अन्य रकम आफैले खर्च गरी सकेको भने जिन्सी सामान बाडफाड गरी लगेका हौं। धारा तेल प्रतिवादी नन्द बहादुर घर्तीमगरसँग छ, उक्त घटनामा प्रयोग गरेको हातहतियार प्रतिवादी नन्द बहादुर घर्तीमगरसँग छ भन्ने समेत व्यहोराको प्रतिवादी पूर्ण बहादुर घर्तीमगरले गरी दिइएको बयान कागज।

२२. मिति २०६७/०७/०३ गते प्रतिवादी नन्द बहादुर घर्तीमगर प्रकाश घर्तीमगर, प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर, पूर्णबहादुर घर्तीमगर र म समेत भई जिल्ल रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ बेस्रवाङ स्थित ज्ञान बहादुर खड्का, वीर बालाराम खड्का र बाटोमा हिडिरहेका धनसिंह वलीलाई समेत कुटपीट गरी सख्त घाइते बनाई हातहतियारबाट फायर खोली ज्यान मार्ने धम्की समेत दिई नगद तथा जिन्सी धनमाल डाँका चोरी गरेका हौं। उक्त डाँकाचोरी गरेको जिन्सी सामानहरु केही वाँडेर लियौं। तुल र उक्त घटनामा प्रयोग गरेको हातहतियारहरु प्रतिवादी नन्द बहादुर घर्तीमगर सँग छ, उक्त डाँकाचोरी गरेको रकम मध्ये मलाई रु.५००/- दिएका हुन्। अन्य केही रकम सामुहिक रुपमा खर्च गरेका हौं भन्ने समेत व्यहोराको मिति २०६७/०७/२८ को राम बहादुर घर्तीमगरले दिएको साविति बयान कागज ।

२३. जिल्ला रोल्पा भावाङ गा.वि.स. वडा नं. ७ स्थित सम्पूर्ण बुढाको घरमा कालो छालोको दाब भएको ११ इन्च लामो फलामको चक्कु थान १ प्रहरीले बरामद गरेको ठीक साचो हो भन्ने समेत व्यहोराको मिति २०६७/०७/२८ गतेको बरामदी मुचुल्का।

२४. मिति २०६७/०७/०३ गते जिल्ला रोल्पा भावाङ गा.वि.स. वडा नं. ६ बस्ने प्रकाश घर्ती मगर ऐ.ऐ.८ बस्ने प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर ऐ.ऐ. बस्ने बर्ष २१ को पूर्ण बहादुर घर्तीमगर, ऐ.ऐ.बस्ने बर्ष १८ को रामबहादुर घर्तीमगर र म समेत गरी ५ जनाको समूहले जिल्ला रोल्पा तालावाङ गा.वि.स.वडा नं.९ बेस्रावाङ स्थित ज्ञान बहादुर खड्का, वीर बालाराम खड्का र बाटोमा हिडी रहेको धनसिंह वलीलाई कुटपीट गरी सख्त घाईते बनाई हात हतियारबाट फायर खोली निजहरुको साथमा रहेको तथा पसलको नगद तथा जिन्सी धनमाल डाँका चोरी गरेका हौं। मैले अन्य प्रतिवादीहरु पक्राउ पर्दैनन् होला भन्ने ठानी मिति २०६७/०७/१५ गते आफ्नो बयान कागजमा झुठ्ठा फरक पारी लेखाएको हुँ। उक्त घटनामा प्रयोग भएको हातहतियार मैले घाँस दाउरा राख्ने गरेको कटेरामा र नक्कली हातहतियार मेरै बारीको मकै नलमा लुकाई छिपाई राखेको छु भन्ने समेत व्यहोराको मिति २०६७/०७/२९ गते प्रतिवादी नन्द बहादुर घर्तीमगरले गरेको ततिम्बा बयान कागज ।

२५. घटनास्थलमा फेला परेको १२-५९ लेखेको टुप्पा तथा वीच भागमा दुई ठाउँमा फुटेको खोका थान-१, ४ ईन्च १४ से.मी. नालको लम्बाई, नालको गोलाई १ से.मी भएको कटुवा पेस्तोल थान १, ओ.के. ००७२ लेखेको गोली थान-१, ऐ.कै फोटीसेवेन मडेलको प्लाष्टिक हतियार र नुहाउने

साबुन, धारा तेल, फलामको चक्कु, थान १ उल्लेखित हात हतियार हामीहरुले मिति २०६७/०७/०३ गते डाँका चोरी गर्दा प्रयोग गरेका हातहतियार हुन्। अन्य बरामद भएको सामानहरु खर्च गरी बचेका हुन्। हामीहरुले हेरी चिनी सनाखत गरी दियौं भन्ने समेत व्यहोराको मिति २०६७/०७/२९ गतेको सनाखत कागज ।

२६. मिति २०६७/०७/०३ गते जिल्ला रोल्पा तालावाङ गा.वि.स. वडा नं.८ चुकबोट स्थित मेरो पसलमा अपरचित ३ जना व्यक्तिहरु तर हाल नाम खुल्ने प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर, पूर्ण बहादुर घर्तीमगर र राम बहादुर घर्तीमगर रक्सी खाई बेस्राबाङ तर्फ गएको र निजहरु गएको केही समय पछि जाहेरवालाहरुको पसल तथा साथमा रहेको जिन्सी तथा नगद रुपैंया डाँका चरी भएको हुँदा निजहरुको समूहले गरेको हुनु पर्छ भन्ने समेत व्यहोराको मिति २०६७/०७/०३ गते कर्णमाली घर्तीमगरले गरी दिएको घटना विवरण कागज ।

२७. मिति २०६७/०७/०३ गते बेलुका अन्दाजी ५ बजेको समयमा जिल्ला रोल्पा भावाङ गा.वि.स.वडा नं. ८ बस्ने प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर ऐ.ऐ.बस्ने रामबहादुर घर्तीमगर र म भई चुकबोट स्थित होटलमा रक्सी खाई रहेको समयमा प्रकाश घर्तीमगर र नन्द बहादुर घर्तीमगर बेस्रावाङ तर्फ गएको र केही समय पछि पूर्ण बहादुर घर्तीमगर समेत गएको हुन्। जाहेरवालाहरुको पसल तथा साथमा रहेको नगद र जिन्सी धनमाल डाँका चोरी निजहरुले नै गरेकोमा पूरुण विश्वास लाग्छ कानून बमोजिम कारवाही हुनु पर्छ भन्ने समेत व्यहोराको मिति २०६७/०७/३० गतेको बसन्त बुढामगरले गरी दिएको घटना विवरण कागज ।

२८. मिति २०६७/०७/०३ गतेको समयमा जाहेरवाला वीर बालाराम खड्का ज्ञान बहादुर खड्का र धनसिंह वलीलाई कुटपीट गरी सख्त घाइते बनाई हातहतियारबाट फायर खोली पसल तथा साथमा रहेको नगद रुपैंया डाँकाचोरी भएको हो।डाँकाचोरी गर्न प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भन्ने समेत व्यहोराको प्रेम बहादुर डाँगीले गरी दिएको घटना विवरण कागज ।

२९. मिति २०६७/०७/०३ गतेको रातको ७:३० बजेको समयमा धनसिंह वलीलाई कुटपीट गरी निजको साथमा रहेको नगद रुपैंया तथा स्काई मोबाईल सेट वीर बालाराम खड्का र ज्ञान बहादुर खड्काको पसलको ढोका ढुङ्गाले हानी खोली नगद तथा जिन्सी धनमाल डाँका चोरी भएको मैले प्रत्यक्ष देखेको हुँ। उक्त डाँका चोरी गर्ने नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निज प्रतिवादीहरुलाई पक्राउ गरी कानून बमोजिम हदैसम्मको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको झरना डाँगीको गतेको घटना विवरण कागज ।

३०. मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा हामीहरुको पसल तथा साथमा रहेको नगद रुपैया तथा जिन्सी धनमाल डाँका चोरी गर्ने प्रतिवादीहरु मध्ये रामबहादुर घर्तीमगर पनि हो भन्ने समेत व्यहोराको ज्ञान बहादुर खड्का समेतले गरी दिएको सनाखत कागज ।

३१. मिति २०६७/०७/०३ गते रातको ७;३० बजेको समयमा मलाई समेत कुटपीट गरी मेरो साथमा रहेको नगद रु. ६,५००/- प्रतिवादी नन्द बहादुर घर्तीमगरले डाँका चोरी गरी लगेका हुन भन्ने समेत व्यहोराको प्रत्यक्षदर्शी वीरमा कुमारी खड्काले गरिदिएको घटना विवरण कागज ।

३२. मलाई देखाइएको दुर्गा तेलको पोका लक्सी सावुन, रेमो लेखेको सावुनहरु मेरो पसलबाट चोरी भएक सामानहरु हुन् हेरी चिनी सनाखत गरिदिएँ भन्ने समेत व्यहोराको सनाखत कागज ।

३३. ज्ञान बहादुर खड्का समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत भएको डाँकाचोरी मुद्दामा फरार रहेको प्रतिवादी प्रकाश घर्तीमगर हालसम्म फेला नपरेको भन्ने समेत व्यहोराको प्र.स.नि.कृष्ण बहादुर पुजाराको प्रतिवेदन ।

३४. प्रतिवादीहरु नन्दबहादुर घर्तीमगर,पूर्णबहादुर घर्तीमगर, प्रदिप भन्ने पूर्णबहादुर घर्तीमगर, रामबहादुर घर्तीमगर र प्रकाश घर्तीमगर समेत जना ५ ले डाँकाचोरी गरी चोरीको महलको १ र ६ नं. बमोजिम कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरु नन्दबहादुर घर्तीमगर,पूर्णबहादुर घर्तीमगर, प्रदिप भन्ने पूर्णबहादुर घर्तीमगर, रामबहादुर घर्तीमगर र प्रकाश घर्तीमगर समेत जना ५ लाई सोही चोरीको महलको १४(४) नं. बमोजिम सजाय गरी ऐ. महलको २१ नं. बमोजिम निजै प्रतिवादीहरुबाट जाहेरवालाहरुको डाँकाचोरी भएको विगो धनमाल निज जाहेरवालाहरुलाई दिलाई भराई पाउँ भन्ने समेत अभियोगपत्र ।

३५. म समेत अन्य प्रतिवादीहरु मिली मिति २०६७/०७/०३ गते दिउसोको समयमा भावाङ गा.वि.स. वडा नं.६ मा सारङ्गे नाच हेर्न गयौं।जाने क्रमममा रक्सी खाई नाच गान हेर्दा हेर्दै चोरी भएको गाउँमा चोर्न जाने योजना बनाई उक्त ठाउँमा चोर्न भनी नाच भईरहेको ठाउँबाट करिब ४ बजेतिर हिड्यौ। म समेत प्रकाश घर्ती, पूर्ण घर्ती, प्रदिप घर्ती, रामबहादुर घर्ती भई चक्कु नक्कली हातहतियार कटुवा पेस्तोल आदि हतियार प्रयोग गरी तालावाङ गा.वि.स. वडा नं.७ स्थित वेस्राङ भन्ने ठाउँमा मिति २०६७/०७/०३ गते एक ठाउँमा आठ हजार (रु.८,०००।-) र एक ठाउँमा रु. ५,०००।- (पाँचहजार रुपैयाँ), पाँच वटा वियरको बोत्तल, कपडा धुने सावुन ५(पाँच) वटा, नुहाउने सुन ५ (पाँच) वटा, तेल ५(पाँच) पोका आदि सामानहरु चोरेका हौं। बरामदमा उल्लेख भएका सवै सम्पूर्ण सामान चोर्न प्रयोग भएको हुन्। मलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो भन्ने प्रतिवादी नन्द बहादुर घर्ती मगरले गरेको बयान ।

३६. मेरो अन्य प्रतिवादीहरुसँग पहिले देखि नै चिनजान थियो।हामीहरु मिति २०६७/०७/०३ गते भावाङ गा.वि.स. वडा नं.६ ऐनावाङमा दिउसो सारङ्गे नाच हेर्न गएका थियौं। त्यही नाचगान हेर्दाहेर्दै भावाङ ९ नं. मा चोरी गर्ने योजना बनाई उक्त दिन चार बजे नाच रहेको ठाउँबाट हामीहरु चोर्न भनी हिडेका हौं। म समेत नन्दबहादुर घर्ती, प्रदिप घर्ती, प्रकाश घर्ती, रामबहादुर घर्ती भई नक्कली हतियार चक्कु, कटुवा वन्दुक थान १ लिई वेस्रावाङ भन्ने ठाउँमा मिति २०६७ साल कार्तिक ३ गते नगद ८,५००।-, वियर ५ वटा, नुहाउने लक्स सावुन ५ वटा लुगा धुने सावुन ५ वटा, खाने तेल ५ वटा आदी सामानहरु चोरी गरी लिएका हौं भन्ने प्रतिवादी पूर्ण बहादुर घर्तीमगरले गरेको बयान ।

३७. मेरो अन्य प्रतिवादीहरुसँग पहिले देखिनै चिनजान थियो।हामीहरु नाच हेर्न भनी भावाङ गा.वि.स.वडा नं.६ मा गएका थियौं।त्यहा बसेर हामीहरुले रक्सी खायौं।त्यसपछि हामीहरु रक्सीको नसाको तालमा सोही गा.वि.स.नजिक तालावाङ गा.वि.स.मा चोर्न भनी हिडेका हौं।म समेत प्रकाश घर्तीमगर, नन्दबहादुर घर्तीमगर, प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर, पूर्णबहादुर घर्तीमगर भई कटुवा पेस्तोल, छुरी नक्कली हतियार आदी हतियारहरु प्रयोग गरी रोल्पा तालावाङ गा.वि.स.वडा नं. ७ स्थित वेस्रावाङ भन्ने

ठाउँमा मिति २०६७/०७/०३ गतेको दिन राती नगद रु.८,५००/- पाँच वटा वियर, पाँच वटा खाने तेल, नुहाउने र लुगा धुने सावुन १० वटा, एक वटा मोवाइल सेट आदी धनमाल चोरी गरेका हौं भन्ने समेत प्रतिवादी रामबहादुर घर्तीमगरले गरेको बयान।

३८. मेरा अन्य प्रतिवादीहरुको घर नजिक नभएकोले पहिले देखिनै चिनजान भएको हो। सवै पाँचै जना मिली हामीहरु भावाङ गा.वि.स. वडा नं.६ मा भईरहेको नाचगान हेर्न भनी गएका थियौं। त्यही नाच हेर्दा हेर्दै तालावाङ गा.वि.स.वडा नं.७ स्थित वेस्रावाङ भन्ने ठाउँमा चोर्न जाउँ भनी योजना बनाई २०६७/०७/०३ गते अन्दाजी ४-५ बजेतिर गयौं । म समेत नन्द बहादुर घर्ती, रामबहादुर घर्ती, पूर्णबहादुर घर्ती, प्रकाश घर्ती भई कटुवा प्रस्तोल, प्लाष्टिकको नक्कली हतियार, चक्कु आदि हतियार प्रयोग गरी तालावाङ गा.वि.स.वडा नं.७ स्थित वेस्रावाङ भन्ने ठाउँमा मिति २०६७/०७/०३ गते ज्ञान बहादुर खड्काको नगद रु.८,५००/-पाँच वटा वियर, पाँच वडा नुहाउने साव‍ुन, पाँच पोका तेल, वीरवालाराम खड्काबाट नगद रु.५,०००।- र धनसिंह वलीबाट एक वटा मोवाइल सेट चोरी गरेका हौं भन्ने प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुर घर्तीले गरेको बयान।

३९. मिसिल संलग्न कागजात अध्ययन गरी थुनछेक तर्फ विचार गर्दा मिति २०६७/०७/०३ गते रातको ७:३० बजेको समयमा जाहेरवालाहरुलाई यी प्रतिवादीहरुले हतियार देखाई कुटपीट गरी डर धान धम्की देखाई जाहेरवाला ज्ञान बहादुर खड्काको नगद रु.१३५०/- डाँकाचोरी गरी लगेको त्यस्तै जाहेरवाला धनसिंह वलीको नगद रु.१०,८००/- र मोवाइल सेट र जाहेरवाला विर बालाराम खड्काको नगद रु. १४,८००/- र पसलको जिन्सी सामान डाँकाचोरी गरी लगेको भनी परेको छुट्टाछुट्टै जाहेरी परी अनुसन्धान भएको देखिन्छ। जाहेरी दरखास्त अतिरिक्त घटनास्थल मुचुल्का, अनुसन्धानका क्रममा बुझिएको व्यक्तिहरुले गरेको कागज, बरामदी मुचुल्का, अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादीहरुको साविती बयान कागज र अदालत समक्ष उपस्थित भई बयान गर्दा जाहेरवालाहरुले जाहेरीमा उल्लेखित गरेको रकम चोरी गरी जाहेरवाला ज्ञान बहादुर खड्काको नगद रु.८,०००/- अर्का जाहेरवाला विर बालारामको नगद रु.५००/- र जाहेरवाला धनसिंहको मोवाइल सेट र जाहेरवाला ज्ञाबहादुर खड्काको पसलबाट ५ वटा वियर, ५ वटा नुहाउने सावुन, ५ वटा लुगा धुने सावुन, ५ वटा पोका तेल डाँकाचोरी गरी लिएका हौं भनी वारदातमा सावित रही बयान गरेका छन् र हतियार पनि आफ्नो साथबाट बरामद भएको स्वीकारेको पाइन्छ। तसर्थ उल्लेखित आधार प्रमाणहरुबाट यी प्रतिवादीहरुलाई तत्काल कसूरदार होइनन् भनी भन्न मिल्ने द‍ेखिन आएन पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.वं.११८ को देहाय १ बमोजिम नियमानुसार सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय रोल्पामा पठाउनु। अभियोग पत्रसाथ पेश भएका प्लाष्टिक हतियार थान २, दुर्गा तेलको पोका थान ४, नुहाउने सुन थान २, चक्कु थान १, जिन्सीमा आम्दानी वाध्नु। यी प्रतिवादी नन्द बहादुर घर्ती समेतका उपर हातहतियार खरखजना मुद्दा जिल्ला प्रशासन कार्यालय रोल्पाम दायर भएको भनी अभियोग पत्रसाथ पेश भएका नन्दबहादुर घर्ती समेतका प्रतिवादीहरु र दशी पेस्तोल एवं. गोली र खोका जिल्ला प्रश‍ासन कार्यालय रोल्पामा पठाइदिनु हुन भनी अभियोगपत्रमा माग भई आएको देखिदा अभियोग माग वमोजिम प्रतिवादीहरु नन्द बहादुर घर्ती मगर, पूर्ण बहादुर घर्तीमगर, रामबहादुर घर्तीमगर, पूर्ण बहादुर घर्ती मगरलाई जिल्ला प्रशासन कार्यालय

रोल्पामा उक्त हातहतियार मुद्दामा उपस्थित गराईदिनु भनी माग भई आएकोले सो प्रयजनका लागि उपस्थित गराई दिन कारागार कार्यालय रोल्पालाई लेखि पठाई दिनु। दशीको पेस्तोल, गोली र खोका रितपूर्वक जिल्ला प्रहरी कार्यालय रोल्पा मार्फत जिल्ला प्रशासन कार्यालय रोल्पामा पठाइ दिनु प्रस्तुत आदेश पुर्नविचारका लागि माननीय जिल्ला न्यायाधीश ज्यू उपस्थित भए पद्धि पेश गर्ने गरी अ.वं.१२४ग नं. वमोजिमको यस अदालतका स्रेस्तेदारको मिति २०६७/०८/०८ गतेको आदेश।

४०. प्रतिवादीहरु नन्दबहादुर घर्ती मगर, प्रदिप भन्ने पूर्णबहादुर घर्तीमगर, पूर्ण बहादुर घर्ती मगर, रामबहादुर घर्तीमगर र प्रकाश घर्तीमगर उपर मुलुकी ऐन चोरीको १ र ६ नं. को कसुरमा ऐ.१४(४) नं. बमोजिमको सजायको माग दावी लिई अभियोगपत्र पेश भएको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरु उपर नगद र जिन्सी धनमाल डाँकाचोरी गरेकोमा किटानी जाहेरी परेको अवस्था, प्रतिवादीहरुबाट बरामद भएको जिन्सी सामान र हातहतियार एवं सोको गोली तथा प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी तथा यस अदालत समक्षको डाँकाचोरी कसूर गरेकोमा साविति बयान समेतको प्राप्त प्रमाणको आधारमा यी प्रतिवादीहरु कसूरदार रहेका भनी विश्वास गर्ने मनासिव आधार देखिदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुलुकी ऐन, अ.वं. ११८(२) बमोजिम पूर्णबहादुर घर्तीमगर, प्रदिप भन्ने पूर्णबहादुर घर्तीमगर र राम बहादुर घर्तीमगरलाई कानून बमोजिम सिधा खान पाउने गरी कारागार कार्यालय रोल्पामा थुनामा राख्ने गरी यस अदालतबाट स्रेस्तेदारबाट मिति २०६७/०८/०८ मा भएको थुनछेक आदेश परिवर्तन गरिरहनु पर्ने देखिएन। साथै फरार प्रतिवादी प्रकाश घर्ती मगरका नाउँमा कानून बमोजिमको वारेन्ट सहितको म्याद पूर्जी जारी गर्नु भन्ने यस अदालतको मिति २०६७/०८/२२ गतेको आदेश ।

४१. अभियोग पत्रको सवुद प्रमाण खण्डमा उल्लेखित जाहेरवाला लगायत देख्ने सुन्ने व्यक्तिहरुलाई जिल्ला सरकारी वकिल कार्यलाय मार्फत उपस्थित गराई दिनु भनी जिल्ला प्रहरी कार्यालय, रोल्पालाई पत्राचार गरी र उपस्थित प्रतिवादीहरुले उल्लेख गरेका साक्षीहरुलाई निजहरु मार्फत नै उपस्थित गराई वकपत्रको लागि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६८/०२/११ गतेको आदेश।

४२. मिति २०६७/०२/११ गतेको आदेशानुसार बरामदी मुचल्कामा मिति २०६८/०२/१३ मा पत्र पठाउँदा बरामद मुचुल्काका मानिसहरुलाई उपस्थित गराउनु भन्ने उल्लेख नभएकोले २०६७/०७/१६, २०६७/०७/२६ र २०६७/०७/२८ को बरामदी मुचुल्काका मानिसहरुलाई र मिति २०६७/०७/०४ को घटनास्थल मुचुल्काका मानिसहरुलाई बुझ्ने आदेश नभएको हुँदा उक्त मिति २०६७/०७/०४ को घटनास्थल मुचुल्का मानिसहरुलाई जिल्ला सरकारी वकिल कार्यालय रोल्पा मार्फत उपस्थित गराई दिनु भनी जिल्ला प्रहरी कार्यालय रोल्पमा पत्राचार गरी उपस्थित गराए वकपत्र गराई लगाउको ४२३ नं. को डाँकाचोरी मुद्दा साथै राखी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०६८/०८/२१ गतेको आदेश।

४३. अ.वं.११५ नं. बमोजिम म्याद जारी गरी र उक्त घटनास्थल मुचुल्का र बरामदी मुचुल्काहरुको काम तामेली गर्ने प्रहरी कर्मचारीहरुलाई जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालय रोल्पामा पत्राचार गरी उपस्थित भए वकपत्र गराई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६८/१२/१४ गतेको आदेश ।

४४. मिति २०६७/०७/०३ गते साँझ अं.७:३० बजेको समयमा म रोल्पा भावाङ गा.वि.स. वडा नं.८ सरुवा भन्ने ठाउँमा नाचगानमा थिए। प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुर पनि म संगै भएको निजले उक्त दिन डाँकाचोरी गरेको होइन, प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुरसँग कसैको रसइवी थियो त्यही रिसइवीले गर्दा र शंकाको आधारमा निज पूर्ण बहादुर उपर डाँकाचोरीको आरोप लाग्यो होला भन्ने प्रतिवादी प्रदिप भन्ने पूर्ण बहादुर घर्तीको साक्षी तिलक घर्तिले गरेको वकपत्र ।

४५. मिति २०६७/०७/०३ गते साँझ अं. ७:३० बजेको समयमा म विस्रावाङ भन्ने ठाउँमा आई पुग्दा ४/५ जना मानिसहरुको समुह आइ मेरो बाटो छेकी मलाई कहाँबाट आएको हो भनी सोधे र मैले घर्तीगाउँबाट आएको भनी जवाफ दिए। त्यसपछि त्यो समूह मध्ये १ जनाले शुरुमा मुखमा हान्यो। उनीहरुले पेस्तोल लगायत अन्य लामा लामा मैले नचिनेका हतियार तथा खुकुरी चक्कु पेस्तोल समेत देखाई पेस्तोल मेरो पेटमा लगाई म सँग भएको नगद रु.१०,८००/- र सिम सहितको ५०/६० मोडेलको मोवाइल सेट समेत डाँका गरी लगेका हुन्।म वेहोस भई ढलेको थिए।म व्युझिँदा मेरो मुखबाट रगत वगिरहेको थियो।डाँका गर्ने मानिसहरु त्यहाबाट गई सकेका थिए । यसो ध्यान दिएर सुनेपछि विरवालाराम र ज्ञान बहादुर खड्काको घरमा फायरिङ गरेको तोडफोड गरेको आवाज आईरहेको थियो। सो फायरिङ र तोडफोड गर्ने व्यक्तिहरु पनि यिनै मलाई कुटपिट गरी डाँका गर्ने व्यक्ति हुन भन्ने जाहेरवाला धनसिंह वलीले गरेको वकपत्र।

४६. मिति २०६७/०७/०३ गते साँझ अं.७;३० बजे म रोल्पा भावाङ गा.वि.स.वडा नं.६ एनावाङ प्राथमिन विद्यालयमा थिए। उक्त मिति र समयमा यि प्रतिवादीहरु पनि म संगै भएकोले उक्त मिति र समयमा यी प्रतिवादीहरुले डाँकाचोरी गरेका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादीहरु नन्द बहादुर, पूर्ण बहादुर, राम बहादुर र प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगरका साक्षी विरबहादुर घर्तीले गरेको वकपत्र।

४७. मेरो घरमा मिति २०६७/०७/०३ गते साँझ अं.७:३० बजेको समयमा डाँकाचोरी भएको हो उक्त दिन साँझ अं.७:३० बजेको समयमा म आफ्नो दोकान घरको पिढीमा वसिरहेको थिए। प्रतिवादीहरु मध्ये पहिले ३ जना व्यक्ति आई हामीलाई पैसा दिनु पऱ्यो भने मैले मसंग पैसा छैन भनेपछि कुटपीट गर्न थालेपछि म भित्र गए।म भित्र जानु भन्दा पहिला २/३ मिनेट अगाडि अरु २ जना प्रतिवादी पनि मेरो दोकान घरमा आइसकेका थिए।म भित्र गई सकेपछि ३ जना प्रतिवादी म संगै भित्र गइ मलाई पेस्तोल लगायत अन्य मैले नचिनेका हतियार तथा चक्कु खुकुरी देखाई चक्कु खुकुरीले वायाँ हातको औँला तथा वायाँ हातको पाखुरामा प्रहार गरे वाहिर वसेका २ जनाले फायरिङ पनि गरेका थिए।यसरी प्रतिवादीहरुले मलाई चक्कु खुकुरी तथा लात मुक्काले कुटपिट गरी मसँग भएको रु.६,५००/- र मेरो श्रीमतीसँग भएको रु.८,३००/- समेत गरी जम्मा नगद रु.१४,८००/- तथा चुरोट लगायत अन्य सामान डाँका गरी लगेका हुन्। डाँकाचोरी गर्ने समयमा निजहरुले मुखमा नकाव लगाएकाले मैले चिनेन पछि बुझ्दै जाँदा मेरो दोकानमा डाँकाचोरी गर्ने व्यक्तिहरु मध्ये भित्र पसी मलाई कुटपिट गर्ने पूर्ण बहादुर घर्ती मगर, प्रदिप भन्ने पूर्ण बहादुर घर्तीमगर र नन्दबहादुर घर्तीमगर हुन भने वाहिर (दोकान वाहिर) बस्ने रामबहादुर घर्तीमगर र प्रकाश घर्तीमगर हुन् भन्ने जाहेरवाला मध्येको वीरवालाराम खड्काले गरेको वकपत्र।

४८. घटना विवरण कागजको व्यहोरा र सहिछाप मेरै हो भनी घटना विवरण कागज गर्ने प्रेम बहादुर डाँगीले गरेको सनाखत वकपत्र ।

४९. मिति २०६७/०७/०३ को घटनास्थल मुचुल्का, मिति २०६७/०७/२५ को घटना विवरण कागज र त्यसमा भएको सहिछाप मेरै हो भनी घटना विवरण कागज गर्ने कृष्ण बहादुर खड्काले गरेको सनाखत वकपत्र ।

५०. मिति २०६७/०७/०५ गते हुलिया निवेदन, मिति २०६७/०७/०९ को जाहेरी दरखास्त र मिति २०६७/०७/३० को व्यक्ति सनाखत कागज मेरो हो भनी जाहेरवाला ज्ञान बहादुर खड्काले गरेको सनाखत वकपत्र ।

५१. मिति २०६७/०७/०४ गतेको घटनास्थल मुचुल्का कागजमा भएको सहीछाप र उक्त मुचुल्कामा लेखिएको व्यहोरा ठिक हो भन्ने घटनास्थल मुचुल्काका ओप प्रकाश खड्काले गरेको वकपत्र।

५२. मिति २०६७/०७/१६ को घटनास्थल मुचुल्काको व्यहोरा पढिवाची सुनाउँदा सुने यसमा भएको व्यहोरा र सहिछाप समेत मेरै हो भनी घटनास्थल मुचुल्काका मानिस प्रेम बहादुर डाँगीले गरेको सनाखत वकपत्र।

५३. उक्त बरामदी मुचल्कामा प्रहरीले सहीछाप गर्न भनेकोले सही मेरै हो। उक्त व्यहोराको वस्तुहरु केही देखेको होइन भन्ने बरामदी मुचुल्काका अतिराम घर्ती मगरको गरेको वकपत्र ।

५४. उक्त मिति २०६७/०७/१६ को बरामदी मुचुल्कामा भएको व्यहोराका चिज बस्तुहरु हामीले भेटेका छौं। साक्षी वसि दिन पऱ्यो भनी प्रहरीले भनेकोले सहिछाप गरी दिएकी हुँ। उक्त सहीछाप मेरो हो। उक्त व्यहोराको चिज वस्तु मलाई देखाइएको होइन मलाई थाहा भएन भन्ने बरामदी मुचुल्काका सरीता घर्ती मगरले गरेको वकपत्र।

५५. मिति २०६७/०७/२६ गतेको वरामदी मुचुल्कामा भएको सहीछाप मेरो हो सामान यो भेटिएको छ सहीछाप गर भनेकाले सहीछाप गरेको हो। सामान देखेन। प्लाष्टिकको हतियार मात्र देखेको हुँ भन्ने बरामदी मुचुल्काका नन्दसरा घर्तीले गरेको वकपत्र।

५६. मिति २०६७/०७/०४ गतेको घटना स्थल मुचुल्का र मिति २०६७/०७/३० गतेको घटना विवरण कागज देखाई पढी वाची सुनाउँदा देखि सुनी पाएँ। उक्त कागजहरुमा परेको व्यहोरा र ल्याप्चे सहीछाप समेत मेरै हो भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएका मानिस झरना डाँगीले गरेको वकपत्र।

५७. मिति २०६७/०७/०४ को घटनास्थल मुचुल्का, मिति २०६७/०७/३०को बरामदी मुचुल्का र मिति २०६७/०७/२६गतेको बरामदी मुचुल्का देखाई पढीवाची सुनाउँदा हेरी सुनिपाए। उक्त कागजहरुको व्यहोरा म समेत भै तयार पारेको हौं। उक्त कागजमा परेको सहीछाप समेत मेरै हो भन्ने घटनास्लथल मुचुल्का बरामदी मुचुल्कामा काम तामेल गर्ने प्रहरी कर्मचारी प्र.ज. ऐन बहादुर के.सी.ले गरेको सनाखत वकपत्र।

५८. मिति २०६७/०७/२४ गतेको घटना विवरण कागज लेखेको ठिक हो सोमा भएको सहिछाप मेरो हो भन्ने घटना विवरण कागज गर्ने अ.वं.११५ नं. बमोजिम बुझिएका पुर्णबहादुर खड्काले गरेको वकपत्र।

**५९.** मिति २०६७/०७/२८ को कागज के कुन विषयको थियो मलाई थाहा भएन। उक्त कागजमा परेको सहिछाप देखाउँदा हेरी चिनी मेरै हो भनी अ.वं.११५ नं. बमोजिम बुझिएका गौ प्रसाद घर्तीले गरेको वकपत्र ।

**६०.** मिति २०६७/०७/१६ को वरामदी, खानतलासी मुचुल्का देखाई पढीवाची सुनाउँदा सुनी पाए। उक्त कागजको व्यहोरा मलाई पढी वाची नसुनाई सहीछाप गर्न लगाइएको हो एउटा झोला देखेकी थिए। उक्त झोला भित्रको चिज बस्तु मलाई देखाइएको होइन। मैले देखेको समेत होइन। उक्त कागजमा भएको सहीछाप मेरै हो भन्ने अ.वं.११५ नं. बमोजिम बुझिएकी मिना घर्ती मगरले गरेको वकपत्र।

**६१.** प्रतिवादी प्रकाश घर्तिमगरको नाउँमा जारी भएको पक्राउपूर्जी म्याद मिति २०६७/१०/०९ मा निजको एकाघरको बुबा तिर्सन घर्तिमगरले बुझि लिएकोमा ऐनको म्याद भित्र उपस्थित नभई हाल सम्म फरार रहेको।

**६२.** प्रतिवादी प्रकाश घर्तिमगरको हकमा अदालति बन्दोवस्त १९० नं. बमोजिम मुलतवी राख्ने ठहरी निर्णय भएकोले निजको अंश रोक्का राखु भन्ने मिति २०६९/०३/२४ को फैसला बमोजिम निज प्रतिवादी र निजको बुबा तिर्सन घर्ति समेतका नाउँमा कुनै सम्पति नरहेको हुँदा प्रतिवादी प्रकाश घर्तिमगरको अंश रोक्का गर्न नसकिने भन्ने समेत व्यहोराको अंश रोक्का सरजमिन मुचुल्का मिसिल सामेल रहेको।

**६३.** शुरु रोल्पा जिल्ला अदालतको फैसला मिलेकै देखिदाँ सदर हुने ठहर्छ भन्ने मिति २०७०/१०/१३ को पुनरावेदन अदालत तुलसीपुरको फैसलाको प्रतिलिपी ,मिसिल सामेल रहेको।

**६४.** पुनरावेदन अदालत तुलसीपुर दाङबाट मिति २०७०/१०/१३ मा भएको फैसला सदर हुने ठहर्छ भन्ने मिति २०७६/१०/२७ को सम्मानित सर्वोच्च अदालतको फैसला मिसिल सामेल रहेको।

## कसूर ठहर खण्ड

**६५.** नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी बादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिबक्ता श्री सन्तोष शर्माले प्रतिवादीहरुले अर्का फरार प्रतिवादी प्रकाश घर्तिमगरको समेत संलग्न रहेको भनि अनुसन्धान तथा अदातलमा पोल गरी बयान गरेको देखिदाँ निज प्रतिवादी प्रकाश घर्तिमगरलाई अभियोग दावी बमोजिम सजाय ठहरी कसूर कायम हुनु पर्ने हो भनि गर्नु भएको बहस सुनियो।

**६६.** प्रतिवादीहरु नन्दबहादुर घर्तीमगर,पूर्णबहादुर घर्तीमगर, प्रदिप भन्ने पूर्णबहादुर घर्तीमगर, रामबहादुर घर्तीमगर र प्रकाश घर्तीमगर समेत जना ५ ले डाँकाचोरी गरी चोरीको महलको १ र ६ नं. बमोजिम कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरु सोही चोरीको महलको १४(४) नं. बमोजिम सजाय गरी ऐ. महलको २१ नं. बमोजिम विगो धनमाल निज जाहेरवालाहरुलाई दिलाई भराई पाउँ भनि दायर भएको प्रस्तुत मुद्दामा विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी हेर्दा फरार प्रतिवादी प्रकाश घर्तिमगरले अभियोग दाबी बमोजिमको कसूर गरेका हुन् होईनन र निजहरुलाई सो बमोजिम सजाय हुनु पर्ने हो होइन भन्ने बिषयमा निर्णय गर्नुपर्ने देखिन आयो।

६७. अब निर्णयतर्फ विचार गर्दा, मिति २०६७/०७/०३ गते रातको समयमा प्रतिवादी नन्द बहादुर घर्तिमगर समेतको ५ जनाको समूहले हतियार साथमा लिई एक राउण्ड फायर समेत गरी जाहेरवालाहरु समेतलाई कुटपीट गरी घाईते वनाई हुल हुज्जतका साथ वाटोमा हिडिरहेका जाहेरवालाहरु समेतको साथबाट नगद रुपैयाँ साथ जिन्सी धनमाल समेत डाँकाचोरी गरी कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरुलाई कानून वमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरवालाहरु समेतको जाहेरी दरखास्त रहेकोमा मिति २०६७/०७/०३ गतेको समयमा जाहेरवाला वीर बालाराम खड्का ज्ञान बहादुर खड्का र धनसिंह वलीलाई कुटपीट गरी सख्त घाइते बनाई हातहतियार फायर खोली पसल तथा साथमा रहेको नगद रुपैंया डाँकाचोरी भएको हो भन्ने डाँकाचोरी गर्न प्रतिवादी नन्द बहादुर घर्तीमगर समेत भएको खुल्न आएको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भन्ने दिपक खड्का समेतका मानिसहरुले मौकामा कागज गरेको देखिन्छ। साथै प्रतिवादीहरुको साथवाट खोका, कटुवा पेस्तोल, पेस्तोलमा लाग्ने गोली, प्लाष्टिक हतियार, दुर्गा तेलको पोका, नुहाउने सावुन, फलामको चक्कु समेत वरामद भएको बरामदी खानतलासी मुचुल्काबाट देखिन आउछ। प्रतिवादीहरुले पेस्तोल, चक्कु खुकुरी तथा लात मुक्काले कुटपीट गरी नगद रुपैयाँ तथा पसलमा भएको जिन्सी सामानहरु डाँका गरी लगेका हुन् भनि जाहेरवालाहरुले एकै मिलान हुने गरी जाहेरी दरखास्तलाई गढाउ हुने गरी वकपत्र गरिदिएको पाइन्छ।

६८. म समेत नन्द बहादुर घर्ती, रामबहादुर घर्ती, पूर्णबहादुर घर्ती, प्रकाश घर्ती भई कटुवा प्रस्तोल, प्लाष्टिकको नक्कली हतियार, चक्कु आदि हतियार प्रयोग गरी तालावाङ गा.वि.स.वडा नं.७ स्थित वेस्नावाङ भन्ने ठाउँमा मिति २०६७/०७/०३ गते ज्ञान बहादुर खड्काको नगद रु.८,५००/-पाँच वटा वियर, पाँच वडा नुहाउने साविन, पाँच पोका तेल, वीरवालाराम खड्काबाट नगद रु.५,०००।- र धनसिंह वलीबाट एक वटा मोवाइल सेट चोरी गरेका हौं भनि प्रतिवादीहरुले एकै मिलान हुने गरी कसूरमा साबित रही बयान गरेको पाईन्छ।अभियोग पत्र साथ उपस्थित भएका प्रतिवादीले फरार प्रतिवादी प्रकाश घर्तिमगरलाई समेत पोल गरी वयान गरेको देखिन्छ।

६९. प्रस्तुत मुद्दाका प्रतिवादी प्रकाश घर्तिमगरको हकमा कुनै सम्पति नभएको भनि सरजमिन मुचुल्काबाट देखिन आएको प्रस्तुत मुद्दा तत्कालीन मुलुकी ऐन, अ.ब. १९० तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८(४) बमोजिम मुलतबीबाट जगाई नियमानूसार पेश भएको देखियो।

७०. अब, फरार प्रतिवादी प्रकाश घर्ति मगरले अभियोग दावी बमोजिमको कसूर गरेको हो होईन भन्ने सम्बन्धमा बिचार गर्दा, जाहेरवालाहरु समेतको निज उपरको जाहेरी दरखास्त र प्रतिवादीहरुको निज प्रतिवादी प्रकाश घर्तिमगरलाई गरेको पोल बयान, प्रतिवादी नन्द बहादुर घर्तिमगर समेतलाई भएको कैद सजाय, प्रतिवादी प्रकाश घर्तिमगरको नाउँमा पक्राउपूर्जी म्याद जारी भई निज उपस्थित नभई हालसम्म फरार रहेको देखिएको मिसिल सामेल रहेको अंश रोक्का राख्न गरिएको मुचुल्काबाट देखिन आएकोले निज प्रतिवादी प्रकाश घर्तिमगर समेत डाँकाचोरी गरेको कसूरमा संलग्न गरेको देखिन आउछ।

७१. अतः प्रस्तुत मुद्दाका प्रतिवादी प्रकाश घर्तिमगर सह- प्रतिवादी नन्दबहादुर घर्तिमगरको पोलले संलग्न रहेको देखिएकोले निज तत्काल फरार रही निजको नाउँको पक्राउपूर्जी प्रतिवादी प्रकाश घर्तिमगरको

बुबाले बुझेको, उक्त पूर्जीमा दिइएको म्याद भित्र निज अदालतमा उपस्थित नभै आरोपको प्रतिवाद नगरेको, ३ वर्ष भन्दा वढी कैदको सजाय हुने भएकोले प्रस्तुत मुद्दा मुलतवीमा रहेको पाइन्छ। सह-प्रतिवादीहरुले आरोपित कसूर स्वीकार गरेकोबाट निजहरु उपरको कारवाही तह तह को सुनुवाईबाट कसूर गरेको प्रमाणित भै मुद्दा अन्तिम भै बसेको छ। प्रस्तुत मुद्दाको तथ्य आधार र प्रमाण यी प्रतिवादीको हकमा समेत समान रहेको छ। तत्कालीन मुलुकी ऐन र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ को उपदफा (४) बमोजिम मुद्दा जगाई पेश हुन आएको मिसिल संलग्न प्रमाण अध्ययन गर्दा कसूरमा सह- प्रतिवादीहरुको स्वीकारोक्ति र निजहरुको पोल तथा उक्त पोललाई मौन समर्थन वा स्वीकृति दिएको अवस्थाले यी प्रतिवादी प्रकाश घर्तिमगरले अभियोग दाबी बमोजिमको कसूर गरेको ठहर्छ। अब सजाय यकिन गर्ने विषयका सम्वन्धमा कसूर हुँदाका वखत कानूनले तोकेको हदभन्दा वढी हुने गरी सजाय गर्न नपाईने कानूनी सिद्धान्त रहेकोमा मुलुकी फौजदारी अपराध संहिता जारी भै कार्यान्वयनमा रहेको अवस्थामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यावन्यन) ऐन, २०७४ को दफा ५ ले कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका वखत भन्दा सजाय निर्धारण गर्दाका वखत कम सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्छ भन्ने व्यवस्था छ। प्रस्तुत मुद्दामा भएको कसूरमा सजायको लागि लिईएको आधार र प्रतिवादीहरुको संख्या प्रमुख रहेको देखिदाँ साविक मुलुकी ऐन अन्तर्गतको कसूर भएपनि मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (२) खण्ड (घ) को प्रकृतिको भै दफा (३) को खण्ड (ख) बमोजिम सजाय गर्नुपर्दा उक्त ऐनमा सजायको तल्लो र माथिल्लो हद तोकी साविक भन्दा हालको कानूनमा कम सजायको व्यवस्था हुँदा संहिता बमोजिम सजाय निर्धारणमा जानुपर्ने देखियो। अब, प्रस्तुत मुद्दामा सजायको लागि छुट्टै सुनुवाई गर्नुपर्ने प्रकृतिको देखिएकोले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनको लागि मुद्दा पक्षहरुबाट १५ दिन भित्र दफा १२ बमोजिमको प्रतिवेदन लिई नियमानुसार गरी पेश गर्नू ।

## सजाय निर्धारण खण्ड

७२. फरार प्रतिवादी प्रकाश घर्तिमगरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को (२)(ख) को प्रकृतिको भै दफा ३(ख) बमोजिमको कसूर गरेको ठहर भई सजाय निर्धारणको लागि सुनुवाई गर्न फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायधिबक्ता श्री सन्तोष शर्माले यी फरार प्रतिवादी प्रकाश घर्तिमगर समेतका अन्य प्रतिवादीहरुले डाँका चोरी गर्ने गरेको स्थापित भएको हुँदा कानूनले हुने हदै सम्मको सजाय गरी पाउँ भनी बहस गर्नु भयो।

७३. अब, फरार प्रतिवादी प्रकाश घर्तिलाई के कति सजाय गर्नु पर्ने हो भन्ने तर्फ बिचार गर्दा, निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(घ) को ऐ. दफा (३)(ख) बमोजिम उपदफा (२) को खण्ड (ग) वा (घ) बमोजिमको कसूर भए पाँच वर्ष देखि दश वर्षसम्म कैद र पचास हजार देखि एक लाख रुपैयाँसम्म जरीवाना हुन सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। फौजदारी कसुरमा प्रतिवादीलाई सजाय निर्धारण गर्दा कसुरको मात्रा अनुसार गर्नु पर्ने बिधिशास्त्रीय मान्यता रहेको पाइन्छ। हाम्रो सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ तथा

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, दफा १४ र दफा १५ मा बृहत कानुनी ब्यबस्था रहेको पाइन्छ। उक्त कानूनी ब्यबस्था एबं फौजदारी विधिशास्त्रमा स्थापित मान्यताहरु अनुसार प्रतिवादीहरुलाई सजाय निर्धारण गर्दा कसूरको गम्भीरता, कसुरको दोषको मात्रा, कसुरबाट पीडित, समाज वा समुदायमा परेको असर, बिगतको कृयाकलाप, प्रतिवादीको उमेर, सामाजिक आर्थिक हैसियत, निजहरुले अनुसन्धान र न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोग, कसूर गर्दाको परिस्थिति समेतको बिश्लेषण गरी गर्नु पर्ने देखिन्छ ।

७४. अतः प्रस्तुत मुद्दाका प्रतिवादी प्रकाश घर्तिमगर तत्काल पक्राउ पर्न नसकेको, सह-प्रतिवादीको पोलको आधारमा निज उपर अभियोग लगाइएको, चोरी भएको भनिएको रकम निजको घर परिवार समेतबाट बरामद हुन नसकेकोबाट यी प्रतिवादीको कसूरमा संलग्नताको मात्रा कति थियो भन्ने सम्बन्धमा वादीले प्रमाण सहित दावी पेश गर्न नसकेको र आफू उपर आरोप लागी सकेपछि प्रमाण सहित खण्डन नगरेवाट निजको वारदातमा संलग्न रहेको प्रमाणित नै हुँदा यी प्रतिवादी हालसम्म पनि अनुपस्थित रहेको अवस्थाले माथिल्लो हदको कैद सजाय गर्न मनासिव नदेखिदाँ मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३) को खण्ड (ख) बमोजिम ५ (पाँच) वर्ष कैद र रु.५०,०००।-(पचास हजार रुपैयाँ) जरीवाना हुने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

- माथि ठहर खण्डमा लेखिए बमोजिम फरार प्रतिवादी प्रकाश घर्तिमगरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३) को खण्ड (ख) बमोजिम ५ (पाँच) वर्ष कैद र रु.५०,०००।-(पचास हजार रुपैयाँ) जरीवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादी प्रकाश घर्तिमगर फरार रहेको देखिदाँ निजलाई भएको कैद ५-०-० (पाँच वर्ष) कैदम्याद ठेकी लागेको जरीवाना रु.५०,०००।—(पचास हजार रुपैयाँ) समेत असुल उपर गर्न तहशिल शाखामा लगत दिनू-----------------------------------१
- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (१)(ङ) बमोजिम प्रतिवादीबाट नगद रु.१,०००।-(एक हजार रुपैयाँ) असूल गरि पीडित राहत कोषमा जम्मा गर्नु भनी तहसिल शाखामा जानकारी दिनू-------------------------------------------------------------------------------२
- प्रस्तुत फैसलाको जानकारी जिल्ला सरकारी वकील कार्यालय रोल्पालाई दिनू-------------------------------------------------------३
- प्रतिवादी फरार रहेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम पुनरावेदनको म्याद दिई रहनु परेन-------------------------------------------------------------४
- प्रतिवादी प्रकाश घर्तिमगर मुद्दाको कारवाही प्रारम्भ हुँदा देखि नै फरार रहेकोले निजहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ बमोजिम फैसलाको सूचना दिनू--------------५

- नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू----------------------------------------------------------६
- प्रस्तुत फैसला प्रमाणिकरणको सूचना यस अदालतको सूचना पाटीमा प्रकाशन गर्नू---------७
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विधुतिय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू-------------------------------------------------------------८

.........................

**जिल्ला न्यायाधीश**

**मा.जि.न्या. ज्यूले बोली टिपाए बमोजिम फैसला**

टाईप गर्नेः- भरतकुमार वि.क.

कसूर ठहर मितिः-२०७९/१०/१६

सजाय निर्धारण मितिः- २०७९/११/१०

प्रमाणिकरण भएको मिति :- २०७९/१२/१५/४

श्री

ताप्लेजुङ जिल्ला अदालत

ईजलास

माननीय जिल्ला न्यायाधीश श्री निर्मला योङया

फैसला

मुद्दा नम्वरः- ०७९-C१-००६५

रजिष्ट्रेशन नम्वरः- २०-०७९-००४२२

कसूर ठहर निर्णय नम्बरः-२८२

सजाय निर्धारण निर्णय नम्बरः-१३

दायर मितिः-२०८०-०३-२८

ताप्लेजुङ जिल्ला फुङलिङ नगरपालिका वडा न. ९ बस्ने मानबहादुर गुरुङको श्रीमती वर्ष ४९ को रंजिता गुरूङको जाहेरीले नेपाल सरकार ...................................१ वादी

बिरुद्ध

ताप्लेजुङ जिल्ला मिक्वाखोला गाउँपालिका वडा नं. ४ बस्ने मनहाङ लिम्बूको छोरा वर्ष ४० को सिंहमान सावा भन्ने सिंहबहादुर लिम्बू..................................१

ताप्लेजुङ जिल्ला फुङलिङ नगरपालिका वडा नं. ११ बस्ने लगन बहादुर बिष्टको छोरा वर्ष २९ को हस्तबहादुर भन्ने बाबु विष्ट .....................................................२ प्रतिवादी

ताप्लेजुङ जिल्ला मिक्वाखोला गाउँपालिका वडा नं. ४ बस्ने किरविर कामीको छोरा वर्ष ३८ को चन्द्र वि.क. भन्ने चन्द्र कामी ....................................................३

मुद्दाः- डाँका तथा चोरी सम्बन्धी कसूर।

वादीको साक्षीः- प्रतिवादीको साक्षीः-

प्रमाणः- प्रमाणः-

अदालतबाट बुझेको

साक्षीः-

प्रमाणः-

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।

तथ्य खण्ड

१. जाहेरी दरखास्तः-

क. निवेदनको व्यहोराः-

मिति २०८०/०३/०२ गते बिहानको राती अन्दाजी ००:०५ बजेको समयमा जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा न. ९ सिद्धिडाँडा स्थित म निवेदक आफ्नै घरकोठा भित्र सुति रहेको अवस्थामा ढ्वाङ ढ्वाङ पार्दै मुल ढोका खोली घर भित्र मान्छेहरु प्रवेश

गरेको आवाज सुनी ब्युँझिएपछि म आत्तिँदै कराउन थालेपछि मान्छेहरु मेरो कोठाको ढोकामा आई मेरो कोठाको ढोका वलजवरजस्ती ठेलेपछि मैले पनि कोठाको भित्रबाट ढोका ठेल्ने क्रममाएक्कासी ढोका खोलेपछि मैले नचिनेको नदेखेको ३ (तिन) जना पुरुष मानिसहरुले समाती पेल्दै सुत्ने ओछ्यानमा लगी मैले ओछ्यानमा राखेको टि-सर्टले मेरो मुख थुनी दिई र अर्को टिर्सटले दुवै हात बाँधी दिई माक्स नलगाउने एक जना मान्छेले हातमा चोरी गर्ने औजार (हथौडा) बोकी तेरो घरमा पेस्तोल छ, निकाल र मलाई चुनावमा भोट हालेनस् मलाई हराईस् भन्दै अर्का माक्स लगाउने मान्छेले मेरो घाँटीमा लगाएको २ तोला आठ आनीको सुनको सिक्री थान-१, कानमा लगाएको ७ आनीको १ जोर पिजंडा, हातमा लगाएको १ वटा ग्यारेन्टीचुरा र १२ आनी सुनको औठी थान-१ निकालेपछिअर्का माक्स लगाउने मान्छेले पलङको चावी कँहा भनेपछि मैले त्यतैछ भनेपछि निजहरुले मैले टेवलमा राखेको चावी निकाली निजहरुले पलङको दुवै घर्रा (Drawer) खोली घर्रा र काठको दराजबाटआधा आधा तोलाको पत्थर सहित भएको सुनको औंठा थान-२, २ तोलाको सुनको ब्रास्लेट थान-१,७ आनीको सुनको माईती तिलहरी थान-१, बजारे छड्के तिलहरी थान-१, चाँदीको सिक्का थान-३ र नगद लगभग अन्दाजी ३०/४० हजार चोरी गर्दै गर्दा दुर्गा गुरुङ समेतका मानिसहरु घरमा आएपछि उल्लेखित सामानहरु चोरी गरी भागी गएको हो। मैले नचिनेको नदेखेको ३ जना पुरुष मानिसहरु चोरी गर्ने मनसायले रातको समयमा चोरी गर्ने औजार हथौडा बोकी मेरो घरमा आई घरको ढोकाहरु वलजवरजस्ती खोली मेरो उल्लेखित सुनका गर-गहनाहरु र नगद चोरी गरी लगेको हुँदा चोरी गर्ने मानिसहरुको पहिचान गरी पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँभन्ने रंजिता गुरुङको शुरु निवेदन।

**ख. जाहेरी दरखास्तको व्यहोराः-**

म जाहेरवालाको २ छोरा १ छोरीको जायजन्म भई मेरो श्रीमान बैदेशिक रोजगारीको सिलसिलामा साउदी देशमा हुनुहुन्छ। जेठा छोरा पढाईको सिलसिलामा देश भारत, छोरी U.K.मा बस्दै आईरहेको र मेरो कान्छा छोरा मेरिङदेन गाउँपालिकाको प्राबिधिक कर्मचारी भएकोले मेरिङदेन गाउँपालिका तिर बस्दै आईरहेकोले म मात्रै आफ्नो घरमा एक्लै बस्दै आईरहेको थिएँ। त्यस्तैमा मिति २०८०/०३/०१ गते बेलुकाको खाना खाई निदाई रहेको अवस्थामा मिति २०८०/०३/०२ गते बिहानको राती अन्दाजी ००:०५ बजेको समयमा एक्कासी मेरो घरको बाहिर ढोकामा आवाज आएको सुनि म आत्तिन्दै ब्यूजी कराउँदा कराउँदै मुल ढोका फोरी म सुत्ने कोठाको ढोकामा आई बाहिरबाट बल जवरजस्ती ढकेली ढोका खुलेपछि मैले तत्काल नचिनेका तिन जना पुरुष मानिसहरु आई मेरो कोठामा पसी मलाई समाई तिन जना मध्ये एक जनाले कपडाको टि-सर्टले मेरो दुवै हात र मुख बाँधी दिई मैले शरीरमा लगाएको गरगहनाहरु र सोही कोठाको पलङ भित्र घर्रामा रहेको अन्य सुनका गरगहना तथा नगद पैसा समेत लिई ३ जनाहरु मध्ये १ जनाले तँलाई बलात्कार समेत गर्न सक्छौ तर हामी गर्दैनौ भनि विभिन्न धाक धम्की दिई निजहरु सो स्थानबाट भागी फरार भए पश्चातमैले हात र मुखमा बाधेको सल आफैले जबजस्ती खोलीछिमेकी मानिसहरु सुनिता

गुरुङ, दुर्गा गुरुङ, फूलमाया गुरुङ र आशिष गुरुङ समेतका स्थानिय छिमेकी मानिसहरुले थाहा पाई आएपछि मैले घटना सम्वन्धमा सम्पूर्ण व्यहोरा जानकारी गराए पश्चात स्थानिय मानिसहरु मार्फत प्रहरी कार्यालयमा समेत खवर गरी प्रहरी टोली समेत घटनास्थल आएपश्चात मैले शरीरमा लगाएको तथा पलङको ड्रयरमा राखिएको गरगहना तथा पैसा समेत चोरी गरी लगेकोउक्त सामानहरु मध्ये के-कति सामानहरु चोरी गरी लगे भनि एकिन गर्दा मैले शरीरमा लगाएको अढाई तोला तौल भएको सुनको सिक्री थान-१, सुनको कानमा लगाउने पिंजडा ७ (सात) आना तौल भएको १ जोर, सुनको औंठी १२ आना तौल भएको थान-१, रु.५००।- पर्ने हातमा लगाएको सुनजस्तो देखिने बजारे ग्यारेन्टी चुरा थान-१ र सोही कोठाको पलङको घर्रामा रहेको सुनको गरगहनाहरु सुनको औठी आधा आधा तोला तौल भएको थान-२, सुनको ब्रासलेट २ तोला तौल भएको थान-१, सुनको माईली तिलहरी ७ आना तौल भएको थान-१, रु.१,६००।- पर्ने बजारे छड्के तिलहरी थान-१, ३ तोला तौल भएको चादीको सिक्का थान-३, १ तोला तौल भएको सुनको सिक्री थान-१, रु. ५,०००।- मुल्य पर्ने नयाँ घडी थान-१, प्रतिमूल्य रु.५००।- पर्ने बजारे ग्यारेन्टी चुरा थान-७, ४ तोला तौल भएको चाँदीको पाउजू १ जोर, ४ आनी तौल भएको चाँदीको विच्छी १ जोर र नगद पैसा रु. ३०,०००।- (तीस हजार) र मैले प्रयोग गर्दै आईरहेको IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ समेत चोरी लगेको हुँदा यस कार्यालयबाट वारदातमा संलग्न प्रतिवादीहरुको पहिचान गरी खोजतलास गर्ने क्रममा माथि प्रकरण नं. ३ मा उल्लेखित कसूरदारहरु मध्ये चन्द्र वि.क. भन्ने चन्द्र कामीको साथबाट मैले प्रयोग गर्दै आईरहेको POCO कम्पनी मोवाईल थान-१, मिति २०८०/०३/०५ गते बरामद भई आएको भनि मलाई जानकारी भए पश्चात म प्रहरी कार्यालयमा आई बरामद भई आएको मोवाईल समेत हेरी, देखि मेरै भएकोले उक्त मोवाईल तथा पक्राउ मानिसको समेतस नाखत गरीदिएको छु। मेरो घरकोठाबाट निज कसूरदारसमेत ३ जना मानिसहरुले नै मेरो घरमाआई घरको ढोका फोरी मैले शरीरमा लगाएको सुनका गरगहना तथा म सुत्ने गरेको पलङको घर्रीभित्र राखिएको अन्य सुनका गरगहना र नगदसमेत गरी जम्मा अं. नगद रु.९,०५,०००।-(नौ लाख पाँच हजार) बरावरको गरगहनाहरु तथा नगद चोरी गरी लगेको हुँदा वारदातमा संलग्न कसूरदारहरुलाई तत्काल पक्राउ गरी प्रचलित कानूनबमोजिम हदैसम्मको कारवाही गरी म जाहेरवालालाई चोरी भएको विगोको उचित क्षतिपूर्तिसमेत कसूरदारहरुबाटै दिलाई भराई पाउँ भन्ने व्यहोराको रंगिता गुरुङको जाहेरी दरखास्त।

२. **घटनास्थल मुचुल्का:-**

जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं.९ सिद्दिडाँडा स्थित पुर्वमा दुर्गा प्रसाद गुरुङको घरजग्गा, पश्चिममा देउरालीतर्फ जाने आउने कच्ची सडक, उत्तरमा पुर्ण बहादुर गुरुङको जग्गा र दक्षिणमा फन बहादुर राईको घरजग्गा यति चारकिल्लाभित्र टिनको छाना भएको, टिनको वेरा लगाएको, टिन काठ र सिमेन्टले बनेको पुर्वतर्फ मोहडा भएको रंजिता

गुरुङको दुई तले घर रहेको, सोही घरको मुल ढोकाको भित्रबाट रहेको चुकुल्ल तोडफोड भएको, सो ढोका नजिक भुँईमा ढुँगा रहेको,सो ढोकाबाट भित्र प्रवेश गरी हेर्दा जम्मा पाँच वटा कोठाहरु रहेको, रहेको सो कोठाहरुमध्येबाट उत्तरतर्फको वीचको कोठाभित्र लत्ताकपडा तथा अन्य सामाग्रीहरु छरपष्ट रहेको अवस्थामा देखिएको,सो कोठाभित्र रहेको काठको दराजमा भएको सिसा (ऐना) तोडफोड रहेको अवस्थामा देखिएको, उत्तरतर्फ कोठामा बिस्तारा सहितको काठको पलङको घर्रा खोलेको अवस्थामा देखिएको, सो पलङमा रंजिता गुरुङ सुती रहेको अवस्थामा मिति २०८०/०३/०२ गते बिहानको राती अन्दाजी ००.०५ बजेको समयमा तत्काल पहिचान नखुलेका तिन जना अज्ञात मानिसहरु प्रवेश गरेको, सो मध्येबाट दुई जनाले मुखमा माक्स लगाएको र हातमा चोरी गर्ने औजार समेत बोकी आई जाहेरवालालाई नियन्त्रणमा लिई कपडा प्रयोग गरी जाहेवालीको दुवै हात बाँधि दिई, मुखामा समेत कपडा लगाई दिई बोल्न कराउन समेत नदिई विभिन्न किसिमको धाकधम्की दिई रंजिता गुरुङले लगाएको अढाई तोला तौल भएको सुनको सिक्री थान-१, सुनको कानमा लगाउने पिंजडा ७ (सात) आना तौल भएको १ जोर, सुनको औंठा १२ आना तौल भएको थान-१, हातमा लगाएको सुनजस्तो देखिने बजारे ग्यारेन्टी चुरा थान-१ र सोही कोठाको पलङको घर्रामा रहेको सुनको गरगहनाहरु सुनको औठी आधा आधा तोला तौल भएको थान-२, सुनको ब्रासलेट २ तोला तौल भएको थान-१, सुनको माईली तिलहरी ७ आना तौल भएको थान-१, बजारे छड्के तिलहरी थान-१, ३ तोला तौल भएको चादीको सिक्का थान-३, १ तोला तौल भएको सुनको सिक्री थान-१, लेडिज घडी थान-१,बजारे ग्यारेन्टी चुरा थान-७, ४ तोला तौल भएको चाँदीको पाउजू १ जोर, ४ आनी तौल भएको चाँदीको विच्छी १ जोर र नगद पैसा रु.३०,०००।—(तीस हजार) र IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ समेत चोरी तथा डाका गरी लगेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

३. **बरामदी/खानतलासी मुचुल्काः-**

**क.** जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ सिद्दिडाँडा स्थित पुर्वमा दुर्गा प्रसाद गुरुङको घरजग्गा, पश्चिममा देउरालीतर्फ जाने आउने कच्ची सडक, उत्तरमा पुर्ण बहादुर गुरुङको जग्गा र दक्षिणमा फन बहादुर राईको घरजग्गा यति चारकिल्लाभित्र टिनको छाना भएको, टिनको वेरा लगाएको, टिन काठ र सिमेन्टले बनेको पुर्वतर्फ मोहडा भएको रंजिता गुरुङको दुई तले घर रहेको, सो घरको मुल ढोका रहेको भुँईमा कसूरदारहरुले वारदातमा प्रयोग गरेको भनिएको मुलढोकाको भित्रीबाट लगाएको चुकुल्ल तोडफोड गर्न प्रयोग गरेको भनिएको १ फिट २ ईन्च लम्वाई र १ फिट चौडाई भएको ढुँगा थान-१(एक) र कसूरदारहरुले वारदातको समयमा कसुरदारहरुले रंजिता लिम्बुलाई बाध्न प्रयोग गरेको भनिएको बुट्टे टिसर्ट कपडा थान-२ फेला पारी बरामद गरेको भन्ने व्यहोराको मिति २०८०।०३।०२ को बरामदी/खानतलासी मुचुल्का।

**ख. बरामदी/खानतलासी मुचुल्काः-** जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ७ बहानन्दे

स्थित पुर्वमा दावा शेर्पाको घरजग्गा, पश्चिममा भाँडी खोला, उत्तरमा चन्द्र नेयोङको घरजग्गा र दक्षिणमा सुभाष तामाङको किनारा पसल रहेको घर यति चारकिल्लाभित्र बहानन्दे देखी दोभान बजारतर्फ जाने आउने कच्ची सडक खण्ड रहेको, सोही सडक खण्डमा चन्द्र कामीलाई शंकास्पद अवस्थामा मिति २०८०/०३/०५ गते १६:४० बजेको समयमा फेला पारी निजको शरिर तलासी गर्ने क्रममा मिति २०८०/०३/०२ गते बिहानको राती अन्दाजी ००.०५ बजेको समयमा रंजिता गुरुङको घरकोठाबाट चोरी तथा डाका भएको भनिएको IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ फेला पारी बरामद गरेको भन्ने व्यहोराको मिति २०८०।०३।०५ को बरामदी/खानतलासी मुचुल्का।

ग. **बरामदी/खानतलासी मुचुल्काः**-जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. २ शान्तीटोल स्थित पुर्वमा फुङलिङ बजारबाट मेवाखोला हिल रिसोर्ट हुँदै शसस्त्र प्रहरी वलको कार्यालयतर्फ जाने आउने कच्ची सडक, पश्चिममा प्रेम कुमारी लिम्बुको घर, उत्तरमा श्री शान्ती आधारभुत बिद्यालयको भवन र दक्षिणमा गंगा शंकरको पाखा वारी जग्गा रहेको, यति चारकिल्लाभित्र शान्ती आधारभुत बिद्यालय जाने आउने सिमेन्टको ढलाई भएको सिडी गोरेटो बाटो रहेको, सो गोरेटो बाटोमा कसूरदार बाबु बिष्टलाई शंकास्पद रुपमा हिडिरहेको अवस्थामा फेला पारी निजलाई पक्राउ गरी निजको शरिर तलासी गर्दा जाहेरवालाको चोरी भएको भनिएको RADO कम्पनीको घडी थान-१, एक हजारको दरनोट ७ (सात), एकसयको नेपली दरनोट ४थान, बिस रुपैंयाको नेपाली दरनोट १ थान र पाँच रुपौंयाको नेपाली दरनोट १ थान फेला पारी बरामद गरिएको बिवरण ठिक छ भन्ने व्यहोराको मिति २०८०।०३।०७ को बरामदी/खानतलासी मुचुल्का।

घ. **बरामदी/खानतलासी मुचुल्काः**- जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. २ स्थित पुर्वमा मेवाखोला हिल रिसोर्ट, पश्चिममा जे.भी. कम्पनीको भवन, उत्तरमा कच्ची सडक र दक्षिणमा ईको भ्यू होटल यति चारकिल्लाभित्र रहेको जंगलमा कसुरदार बाबु बिष्टले लुकाई छिपाई राखी जमिनमा गाडेको अवस्थामा प्लाष्टिकको पोका फेला पारी हेर्दा कालो प्लाष्टिकभित्र तिलहरी जस्तो देखिने पहेंलो रंगको चिज बस्तुको टुक्रा थान-१, पहेंलो रंको चुरा जस्तो देखिने चिज बस्तुहरुको टुक्राहरु थान-५, नेपाली रु १ को सिक्का १ थान, नेपाली रु २ को सिक्का १ थान, भरतीय रु १० को सिक्का १ थान, भारतीय रु २ को सिक्का ४ थान, सिमाला जस्तो देखिने पोते सहितको माला १ थान, खैरो रंगको दानाहरु उनिएको माला १ थान फेला पारी मिति २०८०/०३/१३ गते १२:३० बजेको समयमा बरामद गरिएको विवरण ठिक छ भन्ने व्यहोराको मिति २०८०।०३।१३ को बरामदी/खानतलासी मुचुल्का।

ङ. **बरामदी/खानतलासी मुचुल्काः**- जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. २ स्थित पुर्वमा कच्ची सडक, पश्चिममा कामी गाउँ, उत्तरमा पोखरी र दक्षिणमा जंगल रहेको यति चारकिल्लाभित्र जंगल भएको जमिनको भागमा कसूरदार बाबु बिष्टले फालेको अवस्थामा रातो

रंगको थैली जस्तो झोला थान-१ फेला पारी उक्त झोला खोली हेर्दा रातो रंगको थैली झोला १ थान, सो झोलाभित्र रहेको रातो, हरियो, पहेंलो डोरी सहितको पोते १ थान, बुट्टे चुरा २ थान, बुट्टे चुराको टुक्राहरु ३ थान, रातो पत्थर १ थान, पहेंलो रंको कुचिएको चुरा १ थान, ऐ. चुराका टुक्राहरु ४ थान, पहेंलो सेतो रंगको गोलो रीङ २ थान, पहेंलो रंगको फलामको जस्तो देखिने बटारीएको चुरा १ थान, पहेंलो रंगमा टल्किने चिजबस्तुमा सेतो पोतेको दाना भएको बस्तु १ थान, फुलजस्तो आकार भएको बस्तु २ थान रहेको हुँदा मिति २०८०/०३/१३ गते १३:०० बजेको समयमा बरामद गरिएको विवरण ठिक छ भन्ने समेत व्यहोराको मिति २०८०।०३।१३ को बरामदी/खानतलासी मुचुल्का।

च. **बरामदी/खानतलासी मुचुल्काः-** जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ३ स्थित पुर्वमा रमेश गुरुङको घरजग्गा, पश्चिममा नर्वदा निरौलाको जग्गा, उत्तरमा कच्ची सडक र दक्षिणमा यादव श्रेष्ठको जग्गा यति चारकिल्लाभित्र ढुँगा माटो, सिमेन्ट र टिनले बनेको सुर्य सेन्दाङको तिन तले घर रहेको, सोही घरको दोस्रो तलामा तिनवटा कोठाहरु रहेको कोठाहरु मध्येबाट उत्तरतर्फको कोठमा कसूरदार बाबु बिष्ट सुत्ने बस्ने गरेको कोठा भनिएको स्थानको खानतलासी गर्ने क्रममा अपराधसंग सम्बन्धीत सवुत प्रमाणहरु कुनै पनि फेला नपरेको भन्ने व्यहोराको बरामदी/खानतलासी मुचुल्का।

छ. **बरामदी/खानतलासी मुचुल्काः-** जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ हाङ्देवा कटहरे स्थीत पुर्वमा कमल पोखरेलको घरजग्गा, पश्चिममा महिदार पोखरेलको जग्गा, उत्तरमा कच्ची सडक र दक्षिणमा ठाडो गोरेटो बाटो यित चारकिल्लाभित्र ढूँगा माटोबाट निर्माण गरिएको जस्ता पाताले छाएको सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुको घर रहेको , सो घरमा भएको सम्पूर्ण कोठाहरुको खानतलासी गर्ने क्रममा कसूरदारहरुले वारदातको समयमा प्रयोग गरेको भनिएको चोरी गर्ने औजार (हथौडा) र जाहेरी दरखास्तको मिति, समय र स्थानबाट चोरी तथा डाका गरेको सम्पूर्ण अपराधसंग सम्बन्धीत सवुत प्रमाणहरु कुनै पनि फेला नपरेको भन्ने समेत व्यहोराको मिति २०८०।०३।१५ को बरामदी/खानतलासी मुचुल्का।

ज. **बरामदी/खानतलासी मुचुल्काः-** जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ हाङ्देवा कटहरे स्थीत पुर्वमा कमल पोखरेलको घरजग्गा, पश्चिममा महिदार पोखरेलको जग्गा, उत्तरमा कच्ची सडक र दक्षिणमा ठाडो गोरेटो बाटो यित चारकिल्लाभित्र ढूँगा माटोबाट निर्माण गरिएको जस्ता पाताले छाएको सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुको घर रहेको, सो घरदेखी दक्षिणतर्फ बारीको डिलमा बाँसको भाटमा माटो लिपी टिनको छाना भएको चन्द्र कामी बस्दै आएको १ तले टहरे घर रहेको उक्त घरमा दुई वटा कोठाहरुमा खानतलासी गर्ने क्रममा कसूरदारहरुले वारदातको समयमा प्रयोग गरेको भनिएको चोरी गर्ने औजार (हथौडा) र जाहेरी दरखास्तको मिति, समय र स्थानबाट चोरी तथा डाका गरेको सम्पूर्ण अपराधसंग सम्बन्धीत सवुत प्रमाणहरु कुनै पनि फेला नपरेको भन्ने समेत व्यहोराको मिति २०८०।०३।२५ को बरामदी/खानतलासी मुचुल्का।

४. **प्रतिवादी हस्तबहादुर भन्ने बाबु बिष्टले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानः-**

फुङलिङ नगरपालिका वडा नं. २ शान्तीटोल स्थितमा सिंह बहादुर लिम्बु र चन्द्र बि.क.सँग मिति २०८०/०३/०१ गते दिनको अन्दाजी १२:०० बजेको समयमा भेट भएको र हामीहरुको चिनजान समेत भएको हुँदा हामीहरुले खाजा नास्ता खाई बसी गफगाफ गर्ने क्रममा चोरी गर्ने सल्लाह भएपछि हामीहरु तिनै जनाले के कुन स्थानमा गई को कस्को घरमा गई चोरी/डाका गर्ने सम्बन्धमा जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ सिद्विडाँडा बस्ने रंजिता गुरुङको घरमा चोरी/डाका गर्ने सल्लाह भएको र जाहेरवालालाई वारदात पुर्व मैले समेत देखेको चिनेको निजले सुनका गरगहना प्रशस्तै लगाउने गरेको थाहा भएको हुँदा हामीहरु जाहेरवालाको घरमा चोरी/डाका गर्ने मनसायले सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु, चन्द्र बि.क.र म तिन जनाले खाजा नास्ता खाएको स्थानबाट हेलिप्याड, तोक्मे, जोरबाटो, पराजुली चोकबाट जंगलको बाटो हुँदै सिद्वीडाँडातर्फ गएका हौं। सो समयमा करिव रातीको ७/८ बजेको थियो। जाहेरवालाको घरमा पुग्दा मिति २०८०/०३/०२ गते बिहानको रातीको अन्दाजी ००:०५ बजेको थियो। जाहेरवालाको मुलढोका भित्रबाट लगाएको र बन्द भएकोले आँगनमा हेर्दा ढुँगा रहेकोले उक्त ढुँगा टिपि पहिलो पटक ढोकामा सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले प्रहार गरेको र उक्त ढोका नखुलेपछि चन्द्र बि.क.ले प्रहार गर्दा ढोका खुलेको र घरभित्र हामीहरु तिनै जना प्रवेश गरेका हौं। घरभित्रको कोठाबाट अर्को कोठा भएकोले उक्त कोठाबाट जाहेरवाला चिच्याएर कराउँदै निस्केपछी हामीहरुले जाहेरवालालाई समाती खाटमा लडाई सो स्थानमा रहेको कपडाले जाहेरवालाको मुख र हातमा बाँधी दिएका हौं। तत्कालिन समयमा सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु र मैले मुखमा माक्स लगाएको र चन्द्र बि.क.ले माक्स लगाएको थिएन। सो समयमा चन्द्र बि.क.ले हातमा हथौडा बोकेको थिएँ। सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले जाहेरवालाले घाँटीमा लगाएको सुनको सिक्री थान-१, दुवै कानमा लगाएको पींजडा-१ जोर, हातमा लगाएको औठी थान-१ र हातमा लगाएको चुरा थान-१ फुकाली दिएको र जाहेरवालाको मोवाईल चन्द्र बि.क.ले साथमा लिएको र मैले कोठाभित्र रहेको पलङको घर्रामा भएको सम्पूर्ण सामाग्रीहरु आफ्नो निकाली झोलामा राखेको हो। कोठाभित्र तोडफोड गर्ने कार्य सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले गरेको हो। सो पश्चात घटनास्थलमा अन्य मानिसहरु आउन थालेपछि हामीहरु तिनै जना कोठाबाट बाहिर निस्की भागी गएका हौं। जाहेरवालाले लगाएको अवस्थामा डाका भएको सम्पूर्ण सुनका गरगहना सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुसंग भएको र घर्रामा भएको सम्पूर्ण सामाग्रीहरु मैले घटना पश्चात फुङलिङ नगरपालिका वडा नं. २ स्थितमा रहेको मेवाखोला हिल सिरोटमुनी जंगलमा गई झोलाबाट सामान निकाली हेर्दा सुन जस्तो देखिने चिज बस्तुहरु रहेकोले उक्त चिजबस्तुहरु निकाली हेर्दा सुन नभएकोले पोते सहितको छड्के तिलहरीको भाग निकाली सो तिलहरीको टुक्रा थान-१, हातमा लगाउने चुरा टुक्रा पारी जम्मा पाँच टुक्रा, सिक्का पैशा सात थान, हातमा लगाउने सुन जस्तो देखिने चुरा दुई थान, (कुच्याई टुक्रा पारेको) चिज बस्तु कालो

प्लाष्टिकमा पोका पारी सकड बाटो माथी जंगलमा रहेको कटुस जातको रुखको मुनी जमिनमा गाडेको छु। र थैली जस्तो रातो कपडामा पोते १ थान, हातमा लगाउने रातो टल्किने चुराको टुक्रा तिन थान, बाहिरबाट पोतेको टुक्राहरु भएको चुरा दुई थान, रीङ दुई थान, पोतेको टुक्राहरु, पथ्थर एक थान, पोतेमाला एक थान, रातो ढिक्का भएको माला एक थान, सुन जस्तो देखिने चुराको टुक्राहरु भएको झोला सो स्थान नजिकै सडक मुनी जमिनमा फालेको छु। हाल उक्त सामानहरु सो स्थानमा नै हुनुपर्दछ। चारी/डाका गरेको मध्येबाट Rodo कम्पनीको लेडिज घडी थान-१(एक) साथमा बोकी हिडी रहेको अवस्थामा मिति २०८०/०३/०७ गते फेला पारी मेरो साथबाट उक्त घडी बरामद गरी मलाई प्रहरीले पक्राउ गरी ल्याएको हो। वारदात पश्चात हामीहरु तिन जनाको कुनै भेट भएको छैन। डाका भएको चिजवस्तुहरु मध्येवाट अन्य डाका भएको नगद तथा सुनका गरगहना लगायतका अन्य चिजवस्तुहरु सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु संग हुनुपर्दछ। अन्य सुनका गरगहना र नगद मसंग छैन। बरामद भएको सम्पूर्ण चिजवस्तुहरु मलाई हेराई देखाउँदा मैले हेरी देखी चिनी पाएँ। मेरो साथबाट बरामद भएको उक्त घडी वारदारतको समयमा जाहेरवालाकोबाट डाका गरेको घडी हो। चन्द्र बि.क.को साथबाट बरामद भएको उक्त मोवाईल समेत जाहेरवालाकोबाट डाका गरेको मोवाईल हो। मेरो साथबाट बरामद भएको उल्लेखित नगद डाका गरेको नगद होईन। मैले ज्यारेजमा काम गरी कमाएको नगद हो भनि हेरी चिनी सनाखत गरी दिएको छु भन्नेसमेत व्यहोराको प्रतिवादी हस्तबहादुर भन्ने बाबु बिष्टले अधिकार प्राप्त अधिकारी समक्षमा गरीदिएको बयान।

५. **प्रतिवादी चन्द्र बि.क. भन्ने चन्द्र कामीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानः-**

ढुँगेसाँघु तेम्बे स्थितमा समितद्वारा स्कुलको भवन निर्माण कार्य भई रहेकोले म उक्त भवन निर्माण गर्ने काम गर्दै आई रहेको थिएँ। मैले फुङलिङ नगरपालिका वडा नं. ८ हिटी स्थितमा समेत सडकको काम गरेको र काम गरेको नगद मैले प्राप्त नगरेको हुँदा ठेकेदारसंग नगद माग गर्न भनि म मिति २०८०/०३/०१ गते बिहानको समयमा तेम्बेबाट फुङलिङ बजारमा आएको हुँ। सो समयमा फुङलिङ नगरपालिका वडा नं. २ शान्तीटोल स्थितमा जाँदा सो स्थानमा हाल पक्राउ परेका बाबु बिष्ट र हाल फरार रहेका सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुसंग मेरो भेट भएको हो। हामीहरुको पहिले देखिनै चिनजान भएको हुँदा सो स्थानमा रहेको मलाई एकिन थाहा नभएको होटलमा खाजानास्ता खाई बसी गफगाफ गर्ने क्रममा चोरी गर्ने सल्लाह भएपछि हामीहरु तिनै जनाले के कुन स्थानमा गई को कस्को घरमा गई चोरी/डाका गर्ने सम्बन्धमा जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ सिद्विडाँडा बस्ने रंजिता गुरुङको घरमा चोरी/डाका गर्ने सल्लाह भएको र जाहेरवालालाई वारदात पुर्व मैले समेत देखेको चिनेको निजले सुनका गरगहना प्रशस्तै लगाउने गरेको थाहा भएको हुँदा हामीहरु जाहेरवालाको घरमा चोरी/डाका गर्ने मनसायले सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु, बाबु बिष्ट र म तिन जनाले खाजा नास्ता खाएको स्थानबाट हेलिप्याड, तोक्मे, जोरबाटो, पराजुली चोकबाट जंगलको बाटो हुँदै सिद्वीडाँडातर्फ

गएका हौं। सो समयमा करिव रातीको ७/८ बजेको थियो। जाहेरवालाको घरमा पुग्दा मिति २०८०/०३/०२ गते बिहानको रातीको अन्दाजी ००:०५ बजेको थियो। जाहेरवालाको मुलढोका भित्रबाट लगाएको र बन्द भएकोले आँगनमा हेर्दा ढुँगा रहेकोले उक्त ढुँगा टिपि पहिलो पटक ढोकामा सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले प्रहार गरेको र उक्त ढोका नखुलेपछि मैले प्रहार गर्दा ढोका खुलेको र घरभित्र हामीहरु तिनै जना प्रवेश गरेका हौं। घरभित्रको कोठाबाट अर्को कोठा भएकोले उक्त कोठाबाट जाहेरवाला चिच्याएर कराउँदै निस्केपछी हामीहरुले जाहेरवालालाई समाती खाटमा लडाई सो स्थानमा रहेको कपडाले जाहेरवालाको मुख र हातमा बाँधी दिएका हौं। तत्कालिन समयमा सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु र बाबु बिष्टले मुखमा माक्स लगाएको र मैले माक्स लगाएको थिईन। सो समयमा मैले हातमा हथौडा बोकेको थिएँ। जाहेरवालाले घाँटीमा लगाएको सुनको सिक्री थान-१, दुवै कानमा लगाएको पींजडा-१ जोर, हातमा लगाएको औठी थान-१ र हातमा लगाएको चुरा थान-१ फुकाली दिएको र जाहेरवालाको मोवाईल मैले साथमा लिएको हुँ। सो पश्चात कोठाभित्र रहेको पलङको घर्रामा भएको सम्पूर्ण सामाग्रीहरु बाबु बिष्टले निकाली आफ्नो झोलामा राखेको हो। कोठाभित्र तोडफोड गर्ने कार्य सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले गरेको हो। सो पश्चात घटनास्थलमा अन्य मानिसहरु आउन थालेपछि हामीहरु तिनै जना कोठाबाट बाहिर निस्की भागी गएका हौं। जाहेरवालाले लगाएको अवस्थामा डाका भएको सम्पूर्ण सुनका गरगहना सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुसंग भएको र घर्रामा भएको सम्पूर्ण सामाग्रीहरु के के थियो मलाई एकिन भएन सो घर्राबाट डाका भएको सम्पूर्ण सामाग्रीहरु बाबु बिष्टले साथमा बोकेको र मैले जाहेरवालाको मोवाईल थान-१ (एक) मात्र डाका गरेको हुँ। वारदात पश्चात हामीहरु तिन जनाको कुनै भेट भएको छैन। डाका भएको चिजवस्तुहरु मध्येवाट मेरो साथमा मोवाईल भएको हुँदा सो मोवाईल समेत बरामद भएको छ। डाका भएको नगद तथा सुनका गरगहना लगायतका अन्य चिजवस्तुहरु सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बु र बाबु बिष्टसंग छ। बरामद भएको सम्पूर्ण चिजवस्तुहरु मलाई हेराई देखाउँदा मैले हेरी देखी चिनी पाएँ। मेरो साथबाट बरामद भएको उक्त मोवाईल वारदारतको समयमा जाहेरवालाको घर बाट डाका गरेको मोवाईल हो भने बाबु बिष्टको साथबाट बरामद भएको उक्त घडी र नगद समेत जाहेरवालाकोबाट डाका गरेको हो भनि हेरी चिनी सनाखत गरी दिएको छु भन्नेसमेत व्यहोराको प्रतिवादी चन्द्र बि.क. भन्ने चन्द्र कामीले अधिकार प्राप्त अधिकारी समक्षमा गरिदिएको बयान कागज।

**६. जाहेरवाला रंजिता गुरुङको घटना विवरण कागजः-**

मैले जाहेरी दरखास्त पेश गर्दा जाहेरी दरखास्तको व्यहोरामा जाहेरी दरखास्तमा उल्लेखित मिति, समय र स्थानमा कसूरदारहरुले डाका गरेको विवरणमा मैले शरीरमा लगाएको २ तोला आठआनी परिमाण भएको सुनको सिक्री थान-१, सुनको कानमा लगाउने पिंजडा ७ (सात) आना तौल भएको १ जोर, सुनको औंठा १२ आना तौल भएको थान-१, रु.५००।-

पर्ने हातमा लगाएको सुनजस्तो देखिने बजारे ग्यारेन्टी चुरा थान-१ र सोही कोठाको पलङको घर्रामा रहेको सुनको गरगहनाहरु सुनको औंठी आधा आधा तोला तौल भएको थान-२, सुनको ब्रासलेट २ तोला तौल भएको थान-१, सुनको माईली तिलहरी ७ आना तौल भएको थान-१, रु.१,६००।- पर्ने बजारे छड्के तिलहरी थान-१, ३ तोला तौल भएको चादीको सिक्का थान-३, १ तोला तौल भएको सुनको सिक्री थान-१, रु.५,०००।- मुल्य पर्ने नयाँ घडी थान-१, प्रति मूल्य रु.५००।- पर्ने बजारे ग्यारेन्टी चुरा थान-७, ४ तोला तौल भएको चाँदीको पाउजू १ जोर, ४ आनी तौल भएको चाँदीको विच्छी १ जोर र नगद पैसा रु.३०,०००।-(तीस हजार) र मैले प्रयोग गर्दै आईरहेको IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ खुलाई लेखाई दिएको मध्येबाट हालसम्म बरामद भएको विवरणमा जाहेरी दरखास्तमा उल्लेखित गरेको विवरण मध्येबाट Imei 1 863918047961262, Imei2 863918047961270 भएको Poco M2 Model M 2004J19PI मोवाईल थान-१, र अर्का कसूरदार बाबु बिष्टको साथबाट Rodoकम्पनीको लेडिज घडी थान-१(एक) र नेपाली नगद रु.७,४२५।- (सात हजार चार सय पच्चिस) बरामद भएको र कसूरदार बाबु बिष्टले लुकाई छिपारई राखेको स्थानहरुबाट बजारे छड्के तिलहरी जस्तो देखिने पहेंलो रंगको चिज बस्तुको टुक्रा थान-१, पहेंलो रंको चुरा जस्तो देखिने चिज बस्तुहरुको टुक्राहरु थान-५, नेपाली रु.१।- को सिक्का १ थान, नेपाली रु २ को सिक्का १ थान, भरतीय रु १० को सिक्का १ थान, भरतीय रु २ को सिक्का ४ थान, सिमाला जस्तो देखिने पोते सहितको माला १ थान, खैरो रंगको दानाहरु उनिएको माला १ थान,रातो रंगको थैली झोला १ थान, रातो, हरियो, पहेंलो डोरी सहितको पोते १ थान, बुट्टे चुरा २ थान, बुट्टे चुराको टुक्राहरु ३ थान, रातो पत्थर १ थान, पहेंलो रंको कुचिएको चुरा १ थान, ऐ. चुराका टुक्राहरु ४ थान, पहेंलो सेतो रंगको गोलो रीङ २ थान, पहेंलो रंगको फलामको जस्तो देखिने बटारीएको चुरा १ थान, पहेंलो रंगमा टल्किने चिजबस्तुमा सेतो पोतेको दाना भएको बस्तु १ बरामद भएको हुँदा उल्लेखित चिजबस्तुहरु समेत मेरो रोहवरमा कसूरदारहरुले सनाखत गरी दिई मैले समेत सनाखत गरी दिएको छु। मैले जाहेरी दरखास्तमा उल्लेख गरेको विवरणमा तत्कालीन समयमा सम्पूर्ण सामाग्रीहरु एकिन गर्न नसकेको हुँदा मलाई थाहा भए जतीको विवरण डाका भएको भनि खुलाई दिएको हुँ। मैले जाहेरी दरखास्तमा उल्लेख गर्न छुटाएको हाल बरामद भएको नेपाली रु.१।- को सिक्का १ थान, नेपाली रु २ को सिक्का १ थान, भरतीय रु.१०।- को सिक्का १ थान, भरतीय रु.२।- को सिक्का ४ थान, सिमाला जस्तो देखिने पोते सहितको माला १ थान, खैरो रंगको दानाहरु उनिएको माला १ थान,रातो बुट्टे चुरा ३ थान समेत कसूरदारहरुले वारदातको समयमा डाका गरेको रहेछ मलाई देखाउँदा उक्त सामाग्रीहरु समेत मेरो भएको भनि सनाखत गरी दिएको छु। मैले जाहेरी दरखास्तमा उल्लेख गरेको विवरण मध्येबाट बरामद नभएको विवरमा २ तोला आठआना परिमाण भएको सुनको सिक्री थान-१, ७ आना परिमाण भएको सुनको पिंजडा १ जोर, १२ आना परिमाण भएको पत्थर सहितको सुनको औंठी थान-

१, आठ आना परिमाण भएको सुनको औंठी थान २, २ तोला परिमाण भएको सुनको हातमा लगाउने ब्रास्लेट थान-१, ७ आना तौल भएको माईली तिलहरी थान-१, १ तोला परिमाण भएको सुनको सिक्री थान-१, ४ तोला परिमाण भएको चाँदीको पाउजु १ जोर, ४ आना तौल भएको चाँदीको विच्छु १ जोर, ३ तोला परिमाण भएको चाँदीको सिक्का थान-३ र नगद रु.३०,०००।- (तीस हजार) मध्येबाट २२,५७५।- (बाईस हजार पाँच सय पचहत्तर) रहेको हुँदा जाहेरी दरखास्तमा उल्लेखित मिति समय र स्थानबाट कसुरदारहरुले जम्मा सुनको परिमाण ८ तोला २ आना, चाँदीको जम्मा परिमाण ७ तोला ४ आना रहेको र अन्य बरामद भएको सामाग्रीहरु समेत टुटफुट भई काम नलाग्ने अवस्थामा रहेको र मैले तत्काल जाहेरी दरखास्तमा जम्मा रु.९,०५,०००।- (नौ लाख पाँच हजार) खुलाई लेखाई दिएको भएता पनि चोरी तथा डाका भएको सुन तथा चाँदीको एकिन बिल मसंग हाल नभएकोले परिमाण खुल्न आएको सुन र चाँदीको उक्त दिनको एकिन दरभाउ खुलाई सम्पूर्ण चिज बस्तुहरुको एकिन मुल्य बिगो समेत कायम गरी कायम हुन आएको बराबरको बिगो कसुरदारहरुबाटै दिलाई भराई दिनुका साथै वारदातको समयमा कसूरदारहरुले मुलढोकामा ढुँगा प्रहार गरी मुलढोकाको चुक्कुलको भाग तोडीएको र कोठाभित्र रहेको काठको दराजमा रहेको सिसा (ऐना) तोडफोड गरेको हुँदा निजहरुले वारदातको समयमा अन्दाजी रु.५,०००।- (पाँच हजार) बराबरको क्षति भएको हुँदा सोसमेत दिलाई भराई दिनु पर्दछ भन्ने व्यहोराको जाहेवाला रंजिता गुरुङको घटना विवरण कागज।

७. **दुर्गा प्रसाद गुरुङको घटना विवरण कागजः-**

जाहेरी दरखास्तमा उल्लेखित मिति, समयमा म आफ्नै घरमा सुती रहेको अवस्थामा जाहेरवालाको घरमा केही हो हल्ला भई जाहेरवाला कराई चिच्याएको जस्तो आवाज आएको मैले सुनी थाहा पाई के भएछ भनि मैले अन्य छर छिमेकमा समेत हो हल्ला गरी जाहेरवालाको घरतर्फ जाँदा जाहेरवालाको आँगन नजिकै पग्दा जाहेरवालाको घरकोठाभित्रबाट तत्काल मैले नचिनेको करिव तिन जना पुरुष मानिसहरु निस्की भाग्दै गरेको देखेको र जाहेरवालाले डाका भएको भनेपछि अवस्थामा मेरो पछिपछि आउँदै गरेका गाउँकै आशिस गुरुङ, फुलमाया गुरुङ र सुनिता गुरुङ समेत रहेकोले आशिस गुरुङ र मैले तत्काल भागेका मानिसहरुलाई लखेट्दै खोजतलास गर्ने क्रममा नभेटपछि हामीहरु जाहेरवालाको घरमा फर्की गई घटना सम्बन्धमा बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित मिति र समयमा जाहेरवालाले आफ्नो घरभित्रबाट ढोका लगाई सुती रहेकी अवस्थामा तत्काल तिन जना पुरुष मानिसहरुले बाहिरबाट मुल ढोकामा ढुँगा प्रहार गरी ढोका फोरी घरभित्र प्रवेश गरी जाहेरवाला सुतेको कोठाभित्र समेत प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई जाहेरवालाको हातमा कपडाले बाँधी दिई मुखमा समेत कपडाले मुख थुनी दिई बोल्न कराउन समेत नदिई विभिन्न किसिमको धाकधम्की दिई चोरी गर्ने औजार हथौडा समेत प्रयोग गरी एक जना माक्स लगाउने मानिसले जाहेरवालाले घाँटीमा लगाएको दुई तोला आठ आनी परिमाण भएको सुनको सिक्री थान-१, जाहेरवालाले कानमा लगाएको सात आना परिमाण भएको सुनको

पिंजडा १ जोर, जाहेरवालाले हातमा लगाएको बजारे ग्यारेन्टी चुरा थान-१, जाहेरवालाले हातको औंलामा लगाएको १२ आना परिमाण भएको सुनको औंठी थान-१ डाका गरेको र अर्को माक्स लगाउने मानिसले जाहेरवालाको कोठाभित्र रहेको पलङको ड्रयरको चावी लिई उक्त पलङको घर्रामा रहेको आधा तोला परिमाण भएको पत्थर सहितको सुनको औंठी थान-१, सोही घर्रामा रहेको आधा तोला परिमाण भएको सुनको औंठी थान-१, दुई तोला परिमाण भएको सुनको ब्रास्लेट थान-१, सात आना परिमाण भएको सुनको माईली तिलहरी थान-१, बजारे छड्के तिलहरी थान-१, तिन तोला परिमाण भएको चाँदीको सिक्का थान-३, तिरुमाला सहितको सेट थान-१, बजारे ग्यारेन्टी चुरा थान-७, घडी थान-१, चार तोला परिमाण भएको चाँदीको पाउजु एक जोर,४ आना तौल भएको चाँदीको विच्छु १ जोर, जाहेरवालाले प्रयोग गर्ने मोवाईल थान-१ र जाहेरवालाले घर्रामा राखेको नगद तिस हजार समेत चोरी तथा डाका गरेको भनि सुनाउँदा मैले थाहा पाएको हुँ। जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख भएको सुन तथा चाँदीको विवरणमा जाहेरवालाले गाउँघरमा रहँदा बस्दा लगाउने गरेको अवस्थामा मैले देखेको हुँदा कसूरदारहरुले डाका गरेको भन्नेमा मलाई पुर्ण रुपमा बिश्वास लाग्दछ। हाल आएर बुझ्दा वारदातको समयमा जाहेरवालाको घरकोठाभित्र प्रवेश गरी डाका गर्ने व्यक्तिहरु मध्येबाट माक्स नलगाई हातमा हथौडा बोकी जाहेरवालालाई धाकधम्की दिने व्यक्ति कसूरदार चन्द्र कामी भएको, वारदातको समयमा माक्स लगाई जाहेरवालाले लगाएको सुनको गरगहनाहरु डाका गर्ने व्यक्ति हाल भागी फरार भएका सिंहमान भन्ने सिंह बहादुर लिम्बु भएको निजले जाहेरवालालाई नियन्त्रणमा समेत लिएको रहेछ र अर्का कसूरदार बाबु बिष्टले ड्रयरको चावी साथामा लिई पलङको घर्रामा भएको समाग्रीहरु डाका गरी आफ्नो झोलामा राखी भागी फरार भएको खुल्न आएको हुँदा यसरी रातीको समयमा जाहेरवालाको मुलढोमा ढुँगा प्रहार गरी ढोकाको चुकुल्ल तोडफोड गरी औजार हथौडा समेत बोकी कोठाभित्र प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई विभिन्न किसिमको धाकधम्की दिई जाहेरवालाको नगद, सुनचाँदीको गरगहाना तथा जाहेरवालाले आफ्नो घर कोठामा राखेको अन्य बजारे ग्यारेन्टी सामाग्री लगायत जाहेरवालाले लगाउने गरेको गरगहनाहरु चारी तथा डाका गर्ने कसूरदारहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख गरी पेश गरेको विवरणको एकिन बिगो कायम गरी कायम भएको बिगो समेत कसुरदारहरुबाटै जाहेरवालालाई दिलाई भराई दिनुका साथै तोडफोड भएको क्षतिपूर्ति समेत दिलाई भराई पाउनु पर्दछ भन्ने व्यहोराको दुर्गा प्रसाद गुरुङको घटना विवरण कागज।

८. **छत्र बहादुर गुरुङको घटना विवरण कागजः-**

जाहेरवाला रंजिता गुरुङलाई मैले चिनेका मानिस हुन। निज एकै छिमेकका बुहारी नाताका मानिस हुन। हाल जाहेरवाला आफ्नो घरमा एक्लै बस्दै आएकी थिईन। कसूरदारहरुलाई मैले देखेको चिनेको थिईन, रंजिता गुरुङको जाहेरी दरखास्त लगायतका संकलित मिसिल कागजातहरु मलाई हेराई देखाई पढी वाची सुनाउँदा मलाई सम्पूर्ण व्यहोरा अवगत भयो।

त्यस्तैमा जाहेरी दरखास्तमा उल्लेखित मिति, समयमा म आफ्नै घरमा सुती रहेको अवस्थामा जाहेरवालाको घरमा हल्लाखल्ला भएको र मैले बुझ्दा जाहेरवालाको घरमा चोरी तथा डाका भएको भन्ने सुनेकोले मैले समेत घटना सम्बन्धमा बुझ्न भनि सोही रातीनै जाहेरवालाको घरमा जाँदा जाहेरवालाको घरको मुलढोकाको चुकुल्ल तोडीएको, जाहेरवाला सुत्ने बस्ने गरेको कोठाभित्र रहेको काठको दराजको सिसा फुटेको अवस्थामा देखेको हुँ। तत्काल जाहेरी दरखास्त उल्लेखित व्यक्तिहरु घटनास्थलमा उपस्थित भएका रहेछन। मैले उक्त घटना सम्बन्धमा जाहेरवालासंग वृतान्त बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित मिति र समयमा जाहेरवालाले आफ्नो घरभित्रबाट ढोका लगाई सुती रहेकी अवस्थामा तत्काल तिन जना पुरुष मानिसहरुले बाहिरबाट मुल ढोकामा ढुँगा प्रहार गरी ढोका फोरी घरभित्र प्रवेश गरी जाहेरवाला सुतेको कोठाभित्र समेत प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई जाहेरवालाको हातमा कपडाले बाँधी दिई मुखमा समेत कपडाले मुख थुनी दिई बोल्न कराउन समेत नदिई विभिन्न किसिमको धाकधम्की दिई चोरी गर्ने औजार हथौडा समेत प्रयोग गरी एक जना माक्स लगाउने मानिसले जाहेरवालाले घाँटीमा लगाएको दुई तोला आठ आनी परिमाण भएको सुनको सिक्री थान-१, जाहेरवालाले कानमा लगाएको सात आना परिमाण भएको सुनको पिंजडा १ जोर, जाहेरवालाले हातमा लगाएको बजारे ग्यारेन्टी चुरा थान-१, जाहेरवालाले हातको औंलामा लगाएको १२ आना परिमाण भएको सुनको औंठी थान-१ डाका गरेको र अर्को माक्स लगाउने मानिसले जाहेरवालाको कोठाभित्र रहेको पलङको ड्रयरको चावी लिई उक्त पलङको घर्रामा रहेको आधा तोला परिमाण भएको पत्थर सहितको सुनको औंठी थान-१, सोही घर्रामा रहेको आधा तोला परिमाण भएको सुनको औंठी थान-१, दुई तोला परिमाण भएको सुनको ब्रास्लेट थान-१, सात आना परिमाण भएको सुनको माईली तिलहरी थान-१, बजारे छड्के तिलहरी थान-१, तिन तोला परिमाण भएको चाँदीको सिक्का थान-३, तिरुमाला सहितको सेट थान-१, बजारे ग्यारेन्टी चुरा थान-७, घडी थान-१, चार तोला परिमाण भएको चाँदीको पाउजु एक जोर,४ आना तौल भएको चाँदीको विच्छु १ जोर, जाहेरवालाले प्रयोग गर्ने मोवाईल थान-१ र जाहेरवालाले घर्रामा राखेको नगद तिस हजार समेत चोरी तथा डाका गरेको भनि सुनाउँदा मैले थाहा पाएको हुँ। जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख भएको सुन तथा चाँदीको विवरणमा जाहेरवालाले गाउँघरमा रहँदा बस्दा लगाउने गरेको अवस्थामा मैले देखेको हुँदा कसूरदारहरुले डाका गरेको भन्नेमा मलाई पुर्ण रुपमा बिश्वास लाग्दछ। हाल आएर बुझ्दा वारदातको समयमा जाहेरवालाको घरकोठाभित्र प्रवेश गरी डाका गर्ने व्यक्तिहरु मध्येबाट माक्स नलगाई हातमा हथौडा बोकी जाहेरवालालाई धाकधम्की दिने व्यक्ति कसूरदार चन्द्र कामी भएको, वारदातको समयमा माक्स लगाई जाहेरवालाले लगाएको सुनको गरगहनाहरु डाका गर्ने व्यक्ति हाल भागी फरार भएका सिंहमान भन्ने सिंह बहादुर लिम्बु भएको निजले जाहेरवालालाई नियन्त्रणमा समेत लिएको रहेछ र अर्का कसूरदार बाबु बिष्टले ड्रयरको चावी साथामा लिई पलङको घर्रामा भएको समाग्रीहरु डाका गरी आफ्नो झोलामा राखी भागी फरार भएको खुल्न आएको र

कसूरदारहरुले चोरी तथा डाका गरेको सामाग्रीहरुमध्येबाट सुनचाँदीका गरगहनाहरु बाहेकका मोबाईल, घडी,ग्यारेन्टी सामाग्री तथा बजारे छड्के तिलहरी लगायतका सामाग्रीहरु बरामद भएको र बरामद भएको सामाग्रीहरु टुटफुट भई काम नलाग्ने अवस्थामा रहेको हुँदा यसरी रातीको समयमा जाहेरवालाको मुलढोमा ढुँगा प्रहार गरी ढोकाको चुकुल्ल तोडफोड गरी औजार हथौडा समेत बोकी कोठाभित्र प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई विभिन्न किसिमको धाकधम्की दिई जाहेरवालाको नगद, सुनचाँदीको गरगहाना तथा जाहेरवालाले आफ्नो घर कोठामा राखेको अन्य बजारे ग्यारेन्टी सामाग्री लगायत जाहेरवालाले लगाउने गरेको गरगहनाहरु चारी तथा डाका गर्ने कसूरदारहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख गरी पेश गरेको विवरणको एकिन बिगो कायम गरी कायम भएको बिगो समेत कसुरदारहरुबाटै जाहेरवालालाई दिलाई भराई दिनुका साथै तोडफोड भएको क्षतिपूर्ति समेत दिलाई भराई पाउनु पर्ने हो भन्ने व्यहोराको छत्रबहादुर गुरुङको घटना विवरण कागज।

९. **फुलयामा गुरुङको घटना विवरण कागजः-**

जाहेरवाला रंजिता गुरुङलाई मैले चिनेका मानिस हुन्। निज एकै छिमेकका दिदी नाताका मानिस हुन। हाल जाहेरवाला आफ्नो घरमा एक्लै बस्दै आएकी थिईन। जाहेरवालाको श्रीमान बैदेशिक रोजगारको सिलसिलामा साउदी देशमा जानु भएको छ। रंजिता गुरुङको जाहेरी दरखास्त लगायतका संकलित मिसिल कागजातहरु मलाई हेराई देखाई पढी वाची सुनाउँदा मलाई सम्पूर्ण व्यहोरा अवगत भयो। त्यस्तैमा जाहेरी दरखास्तमा उल्लेखित मिति, समयमा म आफ्नै घरमा सुती रहेको अवस्थामा जाहेरवालाको घरमा हल्लाखल्ला भएको हुँदा बुझ्दा जाहेरवालाको घरमा चोरी तथा डाका भएको भन्ने सुनेकोले मेरो श्रीमान आषिस गुरुङ र म समेत घटना सम्बन्धमा बुझ्न भनि सोही रातीनै जाहेरवालाको घरमा जाँदा जाहेरवालाको घरको मुलढोकाको चुकुल्ल तोडीएको, जाहेरवाला सुत्ने बस्ने गरेको कोठाभित्र रहेको काठको दराजको सिसा फुटेको अवस्थामा देखेको हुँ। घटनास्थलमा उपस्थित भएका दुर्गा प्रसाद गुरुङ र मेरो श्रीमान आसिष गुरुङले डाका गर्ने मानिसहरुलाई लखेट्न खोज्न भनि जाहेरवालाको घरदेखी तल जानु भएकोले मैले उक्त घटना सम्बन्धमा जाहेरवालासंग वृतान्त बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित मिति र समयमा जाहेरवालाले आफ्नो घरभित्रबाट ढोका लगाई सुती रहेकी अवस्थामा तत्काल तिन जना पुरुष मानिसहरुले बाहिरबाट मुल ढोकामा ढुँगा प्रहार गरी ढोका फोरी घरभित्र प्रवेश गरी जाहेरवाला सुतेको कोठाभित्र समेत प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई जाहेरवालाको हातमा कपडाले बाँधी दिई मुखमा समेत कपडाले मुख थुनी दिई बोल्न कराउन समेत नदिई विभिन्न किसिमको धाकधम्की दिई चोरी गर्ने औजार हथौडा समेत प्रयोग गरी एक जना मास्क लगाउने मानिसले जाहेरवालाले घाँटीमा लगाएको दुई तोला आठ आनी परिमाण भएको सुनको सिक्री थान-१, जाहेरवालाले कानमा लगाएको सात आना परिमाण भएको सुनको पिंजडा १ जोर, जाहेरवालाले हातमा लगाएको बजारे ग्यारेन्टी चुरा थान-१, जाहेरवालाले हातको औंलामा लगाएको १२ आना

परिमाण भएको सुनको औंठी थान-१ डाका गरेको र अर्को माक्स लगाउने मानिसले जाहेरवालाको कोठाभित्र रहेको पलङको ड्रयरको चावी लिई उक्त पलङको घर्रामा रहेको आधा तोला परिमाण भएको पत्थर सहितको सुनको औंठी थान-१, सोही घर्रामा रहेको आधा तोला परिमाण भएको सुनको औंठी थान-१, दुई तोला परिमाण भएको सुनको ब्रास्लेट थान-१, सात आना परिमाण भएको सुनको माईली तिलहरी थान-१, बजारे छड्के तिलहरी थान-१, तिन तोला परिमाण भएको चाँदीको सिक्का थान-३, तिरुमाला सहितको सेट थान-१, बजारे ग्यारेन्टी चुरा थान-७, घडी थान-१, चार तोला परिमाण भएको चाँदीको पाउजु एक जोर,४ आना तौल भएको चाँदीको विच्छु १ जोर, जाहेरवालाले प्रयोग गर्ने मोवाईल थान-१ र जाहेरवालाले घर्रामा राखेको नगद तिस हजार समेत चोरी तथा डाका गरेको भनि सुनाउँदा मैले थाहा पाएको हुँ। जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख भएको सुन तथा चाँदीको विवरणमा जाहेरवालाले गाउँघरमा रहँदा बस्दा लगाउने गरेको अवस्थामा मैले देखेको हुँदा कसूरदारहरुले डाका गरेको भन्नेमा मलाई पुर्ण रुपमा बिश्वास लाग्दछ। हाल आएर बुझ्दा वारदातको समयमा जाहेरवालाको घरकोठाभित्र प्रवेश गरी डाका गर्ने व्यक्तिहरु मध्येबाट माक्स नलगाई हातमा हथौडा बोकी जाहेरवालालाई धाकधम्की दिने व्यक्ति कसूरदार चन्द्र कामी भएको, वारदातको समयमा माक्स लगाई जाहेरवालाले लगाएको सुनको गरगहनाहरु डाका गर्ने व्यक्ति हाल भागी फरार भएका सिंहमान भन्ने सिंह बहादुर लिम्बु भएको निजले जाहेरवालालाई नियन्त्रणमा समेत लिएको रहेछ र अर्का कसूरदार बाबु बिष्टले ड्रयरको चावी साथामा लिई पलङको घर्रामा भएको समाग्रीहरु डाका गरी आफ्नो झोलामा राखी भागी फरार भएको खुल्न आएको र कसूरदारहरुले चोरी तथा डाका गरेको सामाग्रीहरुमध्येबाट सुनचाँदीका गरगहनाहरु बाहेकका मोवाईल, घडी, ग्यारेन्टी सामाग्री तथा बजारे छड्के तिलहरी लगायतका सामाग्रीहरु बरामद भएको र बरामद भएको सामाग्रीहरु टुटफुट भई काम नलाग्ने अवस्थामा रहेको हुँदा यसरी रातीको समयमा जाहेरवालाको मुलढोमा ढुँगा प्रहार गरी ढोकाको चुकुल्ल तोडफोड गरी औजार हथौडा समेत बोकी कोठाभित्र प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई विभिन्न किसिमको धाकधम्की दिई जाहेरवालाको नगद, सुनचाँदीको गरगहाना तथा जाहेरवालाले आफ्नो घर कोठामा राखेको अन्य बजारे ग्यारेन्टी सामाग्री लगायत जाहेरवालाले लगाउने गरेको गरगहनाहरु चारी तथा डाका गर्ने कसूरदारहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख गरी पेश गरेको विवरणको एकिन बिगो कायम गरी कायम भएको बिगो समेत कसुरदारहरुबाटै जाहेरवालालाई दिलाई भराई दिनुका साथै तोडफोड भएको क्षतिको बिगो समेत दिलाई भराई दिई न्याय दिलाउनु पर्दछ भन्ने व्यहोराको फुलमाया गुरुङको घटना विवरण कागज।

१०. **आशिष गुरुङ भन्ने आस बहादुर गुरुङको घटना विवरण कागजः-**

जाहेरी दरखास्तमा उल्लेखित मिति, समयमा म आफ्नै घरमा सुती रहेको अवस्थामा जाहेरवालाको घरमा केही हो हल्ला भई जाहेरवाला कराई चिच्याएको जस्तो आवाज आएको

जाहेरवाला मार्फत जानकारी पाई के भएछ भनि मैले अन्य छर छिमेकमा समेत हो हल्ला गरी जाहेरवालाको घरमा पुग्दा डाका भएको तत्काल अपरिचीत ३ जना मानिसहरु आएको थियो भनेपछि मसंगै भएका गाउँकै दुर्गा प्रसाद गुरुङ,मेरो श्रीमती फुलमाया गुरुङ र सुनिता गुरुङ समेत रहेकोले दुर्गा प्रसाद गुरुङ र मैले तत्काल भागेका मानिसहरुलाई खोजतलास गर्ने क्रममा नभेटपछि दुर्गा प्रसाद गुरुङ र मैले जाहेरवालाको घरमा फर्की गई घटना सम्बन्धमा बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित मिति र समयमा जाहेरवालाले आफ्नो घरभित्रबाट ढोका लगाई सुती रहेकी अवस्थामा तत्काल तिन जना पुरुष मानिसहरुले बाहिरबाट मुल ढोकामा ढुँगा प्रहार गरी ढोका फोरी घरभित्र प्रवेश गरी जाहेरवाला सुतेको कोठाभित्र समेत प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई जाहेरवालाको हातमा कपडाले बाँधी दिई मुखमा समेत कपडाले मुख थुनी दिई बोल्न कराउन समेत नदिई विभिन्न किसिमको धाकधम्की दिई चोरी गर्ने औजार हथौडा समेत प्रयोग गरी एक जना माक्स लगाउने मानिसले जाहेरवालाले घाँटीमा लगाएको दुई तोला आठ आनी परिमाण भएको सुनको सिक्री थान-१, जाहेरवालाले कानमा लगाएको सात आना परिमाण भएको सुनको पिंजडा १ जोर, जाहेरवालाले हातमा लगाएको बजारे ग्यारेन्टी चुरा थान-१, जाहेरवालाले हातको औंलामा लगाएको १२ आना परिमाण भएको सुनको औंठी थान-१ डाका गरेको र अर्को माक्स लगाउने मानिसले जाहेरवालाको कोठाभित्र रहेको पलङको ड्रयरको चावी लिई उक्त पलङको घर्रामा रहेको आधा तोला परिमाण भएको पत्थर सहितको सुनको औंठी थान-१, सोही घर्रामा रहेको आधा तोला परिमाण भएको सुनको औंठी थान-१, दुई तोला परिमाण भएको सुनको ब्रास्लेट थान-१, सात आना परिमाण भएको सुनको माईली तिलहरी थान-१, बजारे छड्के तिलहरी थान-१, तिन तोला परिमाण भएको चाँदीको सिक्का थान-३, तिरुमाला सहितको सेट थान-१, बजारे ग्यारेन्टी चुरा थान-७, घडी थान-१, चार तोला परिमाण भएको चाँदीको पाउजु एक जोर,४ आना तौल भएको चाँदीको विच्छु १ जोर, जाहेरवालाले प्रयोग गर्ने मोवाईल थान-१ र जाहेरवालाले घर्रामा राखेको नगद तिस हजार समेत चोरी तथा डाका गरेको भनि सुनाउँदा मैले थाहा पाएको हुँ। जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख भएको सुन तथा चाँदीको विवरणमा जाहेरवालाले गाउँघरमा रहँदा बस्दा लगाउने गरेको अवस्थामा मैले देखेको हुँदा कसूरदारहरुले डाका गरेको भन्नेमा मलाई पुर्ण रुपमा बिश्वास लाग्दछ। हाल आएर बुझ्दा वारदातको समयमा जाहेरवालाको घरकोठाभित्र प्रवेश गरी डाका गर्ने व्यक्तिहरु मध्येबाट माक्स नलगाई हातमा हथौडा बोकी जाहेरवालालाई धाकधम्की दिने व्यक्ति कसूरदार चन्द्र कामी भएको, वारदातको समयमा माक्स लगाई जाहेरवालाले लगाएको सुनको गरगहनाहरु डाका गर्ने व्यक्ति हाल भागी फरार भएका सिंहमान भन्ने सिंह बहादुर लिम्बु भएको निजले जाहेरवालालाई नियन्त्रणमा समेत लिएको रहेछ र अर्का कसूरदार बाबु बिष्टले ड्रयरको चावी साथामा लिई पलङको घर्रामा भएको समाग्रीहरु डाका गरी आफ्नो झोलामा राखी भागी फरार भएको खुल्न आएको हुँदा यसरी रातीको समयमा जाहेरवालाको मुलढोमा ढुँगा प्रहार गरी ढोकाको चुकुल्ल तोडफोड गरी औजार हथौडा समेत बोकी

कोठाभित्र प्रवेश गरी जाहेरवालालाई नियन्त्रणमा लिई विभिन्न किसिमको धाकधम्की दिई जाहेरवालाको नगद, सुनचाँदीको गरगहाना तथा जाहेरवालाले आफ्नो घर कोठामा राखेको अन्य बजारे ग्यारेन्टी सामाग्री लगायत जाहेरवालाले लगाउने गरेको गरगहनाहरु चारी तथा डाका गर्ने कसूरदारहरुलाई प्रचलित कानून बमोजिम हदैसम्मको सजाय गरी जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख गरी पेश गरेको विवरणको एकिन बिगो कायम गरी कायम भएको बिगो समेत कसुरदारहरुबाटै जाहेरवालालाई दिलाई भराई दिनुका साथै तोडफोड भएको क्षतिपूर्ति समेत दिलाई भराई दिई न्याय दिलाउनु पर्दछ भन्ने व्यहोराको आशिष गुरुङ भन्ने आस बहादुर गुरुङको घटना विवरण कागज।

११. **अभियोगपत्रः-**

प्रतिवादीहरू हस्तबहादुर भन्ने बाबु बिष्ट, चन्द्र बि.क. भन्ने चन्द्र कामी र सिंहमान सावा भन्ने सिंहबहादुर लिम्बूको योजना र मिलेमतोमा मिति २०८०/०३/०२ गते बिहानको राती ००:०५ बजेको समयमा जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ सिद्धिडाँडा हाङदेवा स्थित जाहेरवाला रंजिता गुरुङको घरमा चोरी गर्ने मनासयले जाहेरवालाको मुल ढोकाको चुकुल ढुङ्गाले फोडी चोरी गर्ने औजार हथौडा सहित कोठा भित्र प्रवेश गरी जाहेरवालालाई मार्नेसम्मको धाक धम्की दिई निजको दुवै हात र मुख टी-सर्टले बाँधी दिई बाधछाद र थुनछेक गरी नियन्त्रणमा लिई जम्मा बिगो रु.९,४०,४३५।— (नौलाख चालीस हजार चार सय पैतिस) बरावरको गरगहना, नगद तथा अन्य धनमालहरु डाका चोरी गरेको हुँदा प्रतिवादीहरूको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) विपरित तथा ऐ. दफा २४४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गरेकोले ऐ. ऐनको दफा २४४ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय हुन तथा प्रतिवादी चन्द्र वि.क र बाबु विष्टको हकमा ताप्लेजुङ जिल्ला अदालतबाट कैद सजाय हुने गरी फैसला भएको देखिँदा प्रतिवादी चन्द्र वि.क र वावु विष्टलेलाई ऐ. संहिताको दफा ४४ को उपदफा (१) बमोजिम थप सजाय गरी क्षतिपूर्ती समेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

१२. **प्रतिवादी हस्तबहादुर भन्ने बाबु बिष्टले अदालतमा गरेको बयानः-**

उक्त जाहेरी वेहोरा पढिबाची सुनाउँदा सुनी पाएँ। वेहोरा झुट्टा छ। मसँग प्रतिवादी मध्येको चन्द्र कामीसँग कारागार कार्यालय ताप्लेजुङमा थुनामा रहदा चिनजान भई थुना मुक्त भई चन्द्र कामीले रूख काट्ने ब्राजिल मेसिन चलाउने काम गर्ने गरेको र म चाही सानो गाडीको ग्यारेजमा मिस्त्रीको काम गर्ने गरेकोमा चन्द्र कामीले ब्राजिलको मेसिन विग्रीएर वनाउन ग्यारेजमा २/४ पटक आउने जाने गरेको र सोही समयमा चन्द्र कामीले मलाई रू.२०,०००।— पैसा चाहियो। मलाई १ महिनाको लागि दिनु भन्दा साथी हो दिन्छहोला भन्ने विश्वासमा परि मैले रू.२०,०००।— रूपैयाँ दिएकोमा निजले भाखामा पैसा निदिएपछि मैले वारम्वार फोन गर्दा आज भोली भन्दै साहुले दिएको छैन भन्दै टार्ने गरेको र मैले तेरो घरको साहुको नम्वर दिनु। म उसै सँग सोध्छु भनी भन्दा निज चन्द्र कामीले मलाई निजको

साहुको फोन नम्वर दिई मैले निजको साहुलाई मेरो पैसा चन्द्र कामीले चलाएको छ कसरी हुन्छ, मलाई उपलव्ध गराउने व्यवस्था मिलाई दिनु पऱ्यो भनी फोन सम्पर्क भएको हो। मिति २०८०।३।१ गते पनि मैले पटक-पटक फोन सम्पर्क गर्दा ताप्लेजुङ आउँदैछु भन्दा भेट भई निजले मसँग अहिले पैसा छैन भनी भन्दा मैले निजलाई हप्काएर पठाएको थिएँ। यसरी यी प्रतिवादी चन्द्र कामीसँग वारम्वार फोन सम्पर्क भएको कारण शंका गरी मसमेतलाई प्रतिवादी वनाई प्रस्तुत झुट्टा जाहेरी दिएको मात्र हो। म प्रस्तुत वारदातमा संलग्न छुईन। सो हुँदा मलाई सजाय हुनु पर्ने होईन भन्नेसमेत बेहोराको प्रतिवादी हस्तबहादुर भन्ने बाबु बिष्टले अदालतमा गरिदिएको बयान।

१३. **प्रतिवादी चन्द्र बि.क. भन्ने चन्द्र कामीले अदालतमा गरेको बयानः-**

उक्त जाहेरी वेहोरा पढिबाची सुनाउँदा सुनी पाएँ। वेहोरा झुट्टा छ। ढुँगेसाँघु तेम्बे स्थितमा समितद्वारा स्कुलको भवन निर्माण कार्य भई रहेकोले म उक्त भवन निर्माण गर्ने काम गर्दै आई रहेको थिएँ। मैले फुङलिङ नगरपालिका वडा नं. ८ हिटी स्थितमा समेत सडकको काम गरेको र काम गरेको नगद मैले प्राप्त नगरेको हुँदा ठेकेदारसंग नगद माग गर्न भनि म मिति २०८०/०३/०१ गते बिहान जिल्ला ताप्लेजुङ फुङलिङ न.पा. वडा नं. १० को कटहरे भन्ने ठाउँमा सिंहमान सावा भन्ने सिंहबहादुर लिम्बुको घर जग्गा अदियाँ कुतमा काम गर्ने भएकोले सो स्थानमा आई खानाखाई सिंहमान साँवा भन्ने सिंहवहादुर साँवाको रूख काट्ने ब्राजिल मेसिन विग्रिएर बनाउन मैले बोकी आई बजारमा मेकानिक भएको ठाउँमा सिंहबहादुर साँवालाई छोडें। मैले बाबु विष्टबाट रू.२०,०००।- पैसा सापटी लिएको निजले मलाई पैसा दिनु भनी पटक-पटक फोन गर्न गरेको सो दिन पनि सोही कुरामा मलाई बाबु बिष्टले फुङलिङ नगरपालिका वडा नं. २ शान्तीटोलमा भेट भई मलाई निजले मेरो पैसा दिनु भन्दा म सँग छैन भन्दा मलाई कुटपीट गर्न खोजेपछि म त्यहाँबाट सुकेटार स्थित दिदीकोमा गई खाना खाई सुति राती नै म हाङदेवाको बाटो हुँदै घर झर्ने क्रममा सिद्धिडाँडामा घरमा कोही नभएको देखी मैले बाबु विष्टको पैसा तिर्नको लागि घर भित्र प्रवेश गरी, कोठाभित्र मोवाईल पलङको घर्रामा भएको सम्पूर्ण सामाग्रीहरु निकाली आफ्नो झोलामा राखी चोरी भएको कुरा घरको दिदी चर्पीबाट निस्की आउँदा थाहा पाएपछि हल्ला खल्ला गरेपछी गाउँका मानिसहरूले थाहा पाएपछि म भागी गएको हो। सो सामान भेट्छन भनी मैले फुङलिङ स्थित मैवाखोला रिसोर्टको परतिर मुन्तिर मोवाईल वोकी अन्य सवै सामान हेर्दा सवै नक्कली सुनहरू रहेकोले मैले जंगलमा राखी म ढुङ्गेसाँघुको तेम्वेमा काम गर्न गएको हुँ। मैले चोरी गरेको सम्पूर्ण सामान वरामद भएको छ। अन्य मानिसहरू मसँग थिएनन्। सो हुँदा कानून वमोजिम कारवाही भएमा मेरो मञ्जुर छ भन्नेसमेत व्यहोराको चन्द्र बि.क. भन्ने चन्द्र कामीले यस अदालतमा गरेको बयान।

१४. **थुनछेक आदेशः-**

मिसिल सम्लग्न तत्काल प्राप्त प्रमाणहरु बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादीहरु चन्द्र बि.क. भन्ने चन्द्र कामी र हस्तबहादुर भन्ने बाबु बिष्टलाई मुलुकी फौजदारी

कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी प्रस्तुत मुद्दा पुर्पक्ष गर्नू भन्नेसमेत वेहोराको यस अदालतको थुनछेक आदेश।

**१५. वादी नेपाल सरकारको तर्फका साक्षीहरुको बकपत्रः-**

**जाहेरवाला रंजिता गुरुङको बकपत्रः-**

उक्त मितिमा जाहेरीमा उल्लेखित सुन चाँदी र नगद समेतका जिन्दीहरु मेरो घरबाट डाका गरी लगेका हुन्। शुरुमा मैले मिति २०८०।०३।०२ गते चोरी गर्ने मानिसहरुको हुलिया जाहेरी समेत दिएको थिए, पछि अनुसन्धानको क्रममा प्रतिवादी मध्येका चन्द्र वि.क भन्ने चन्द्र कामीलाई पक्राउ गरेपछि निजलाई यकिन गरी चिनी प्रस्तुत जाहेरी दिएको हुँ, अन्य २ जना मानिसहरु मैले नचिनेका मानिस हुन। यी प्रतिवादी बाबु विष्ट र प्रतिवादी सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बूलाई म राम्ररी चिन्दछु निज उपर मैले जाहेरी दिएको होईन। निजहरुको उक्त डाँका चोरी गर्ने कार्यमा संलग्नता छैन जाहेरी वेहोरा र घटना विवरण कागजको वेहोरा मेले नपढी सहिछाप गरेको हुँ। प्रहरीले सहिछाप गराएको हो भन्नेसमेत बेहोराको जाहेरवाला रंजिता गुरुङले मिति २०८०।१०।११ मा यस अदालतमा उपस्थित भई गरिदिएको बकपत्र।

घटना बिवरण कागजका फुलमाया गुरुङको बकपत्रः-

म जाहेरवालाको छिमेकी हुँ। रातको १२:३० बजेको समयमा दुर्गा गुरुङले फोन मार्फत रंजिता गुरुङको घरमा ढ्याङढ्याङ ढुङढुङ आवाज आईरहेको छ, के भएको छ जाऊँ भनेपछि म वारदात भएको ठाउँमा जाँदा चोरी भै सकेको थियो। जाहेरवाला डराएको अवस्था थिईन। जाहेरवालालाई बोल्न कराउन नदिई जाहेरवालाको मुख र हात कपडाले बाँधी जाहेरवालाको घरमा भएको सुन, चाँदी र गरगहना पैसा समेत गरी अन्दाजी ९/१० लाख रुपैयाँ मुल्य बरावरको धनमाल लुटपीट गरी लगेका हुन। मिति २०८०।०३।१९ को घटना बिवरण कागजको व्यहोरामा प्रतिवादी मध्येका चन्द्र कामीको बारेमा लेखिएको व्यहोरा ठिकै हो। प्रतिवादीहरु हस्तबहादुर भन्ने बाबु बिष्ट र सिंहबहादुर लिम्बूको बारेमा केही भनेको थिइन। निजहरुलाई म राम्ररी चिन्दछु र उक्त चोरीमा संलग्न भएको होईन भन्नेसमेत बेहोराको घटना बिवरण कागजमा बस्ने फुलमाया गुरुङले यस अदालतमा गरिदिएको बकपत्र।

**घटनास्थल मुचुल्काक दुर्गा प्रसाद गुरुङले गरेको बकपत्रः-**

उक्त मिति २०८०।०३।०२ को घटनास्थल मुचुल्का कागजमा भएको वेहोरा र सहिछाप मेरै हो। वारदात मितिमा घटना घटेपछि हो-हल्ला सुनी कहाँ के भएछ भनी बुझ्दा जाहेरवालाको घरमा नचिनेका ३ जना मानिसहरु आई जाहेरवालालाई बोल्न कराउन नदिई जाहेरवालाको सुनको गहना चाँदीको गहना नगद लुटी लगेको भनी जाहेरवाला ले भने पछि थाहा भएको हो घरको ढोका खुल्ला थियो। दराजको सिशा र दराजको ढोका ढुङ्गाले फोरेको समेत मैले देखेको हुँ। जाहेरवाला लाई हात र मुखमा टिर्सटको कपडा ले वाँधी लडाएको देखेको हुँ भन्ने समेत वेहोराको घटनास्थल मुचुल्कामा बस्ने दुर्गा प्रसाद गुरुङले

२०८०।१०।११ मा यस अदालतमा गरिदिएको बकपत्र।

**१६. प्रतिवादी बाबु बिष्टका साक्षीको बकपत्रः-**

प्रतिवादी बाबु  विष्ट उपर दिएको जाहेरी वेहोरा झुट्टा हो। किन बने म २०७९ साल माग महिना देखी  यसै फूङलिङ नगरपालिक, वडा नं. ४ स्थित न्यू पाथीभरा अटो वर्कसप व्यवसाय संचालन गरेदै आएको छु, प्रतिवादी बाबु बिष्ट र म  चिनजान  मानिस र साथीभई समेत हौं। मिति २०८०।३।१ गते बेलुकी प्रतिवादी बाबु विष्ट मैले संचालन गरेको आएको घर कोठामा आई खाना खाई हामी एकै कोठामा सुतेका हौं प्रतिवादी बाबु बिष्ट मिति २०८०।३।२ गते बिहान खाना खाई त्यहाँबाट गएका हुन म सगै सुतेका प्रतिवादी बाबु बिष्ट ले जाहेरी र अभियोग पत्रमा उल्लेख भएको मिति समयमा चोरी तथा डाँका गरेको भन्ने व्योहोरा झूट्टा हो। निज निर्दोष छन् भन्नेसमेत वेहोराको प्रतिवादीका साक्षी महेन्द्र भन्ने महेन्द्र कुमार विष्टले यस अदालतमा गरिदिएको बकपत्र।

## कसुर ठहर

**१७.** नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेशीसूचीमा चढी निर्णयार्थ ईजलाससमक्ष पेश हुनआएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी वादीका तर्फबाट उपस्थित बिद्वान जिल्ला न्यायाधिवक्ता नारायण रिमाल र प्रतिवादीहरुको तर्फबाट उपस्थित बिद्धान बैतनिक अधिवक्ता बलराम भट्टराईले गर्नुभएको तर्कपूर्ण वहससमेत सुनियो।

**१८.** उपर्युक्त तथ्य र बहससमेत दृष्टिगत गर्दा, प्रस्तुत मुद्दामा प्रतिवादीहरुले अभियोगदावी बमोजिमको कसुर गरेको हो होइन? निजहरुलाई दावी बमोजिम कसुर कायम  हुनुपर्ने हो होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

**१९.** निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू हस्तबहादुर भन्ने बाबु बिष्ट, चन्द्र बि.क. भन्ने चन्द्र कामी र सिंहमान सावा भन्ने सिंहबहादुर लिम्बूको योजना र मिलेमतोमा मिति २०८०/०३/०२ गते बिहानको राती ००:०५ बजेको समयमा जिल्ला ताप्लेजुङ फुङलिङ नगरपालिका वडा नं. ९ सिद्धिडाँडा हाङदेवा स्थित जाहेरवाला रंजिता गुरुङको घरमा चोरी गर्ने मनासयले जाहेरवालाको मुल ढोकाको चुकुल ढुङ्गाले फोडी चोरी गर्ने औजार हथौडा सहित कोठा भित्र प्रवेश गरी जाहेरवालालाई मार्नेसम्मको धाक धम्की दिई निजको दुवै हात र मुख टी-सर्टले बाँधी दिई बाधछाद र थुनछेक गरी नियन्त्रणमा लिई जम्मा बिगो रु.९,४०,४३५।— (नौलाख चालीस हजार चार सय पैतिस) बरावरको गरगहना, नगद तथा अन्य धनमालहरु डाका चोरी गरेको हुँदा प्रतिवादीहरूको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) विपरित तथा ऐ. दफा २४४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गरेकोले ऐ. ऐनको दफा २४४ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय हुन तथा प्रतिवादी चन्द्र वि.क र बाबु विष्टको हकमा ताप्लेजुङ जिल्ला अदालतबाट कैद सजाय हुने गरी फैसला भएको देखिँदा प्रतिवादी  चन्द्र वि.क र वावु विष्टलेलाई ऐ. संहिताको दफा ४४ को उपदफा (१) बमोजिम थप सजाय गरी क्षतिपूर्ती समेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोग माग दावी रहेको पाईयो।

२०. जाहेरवाला रंजिता गुरुङले मिति २०८०।०३।०२ गते चोरी गर्ने व्यक्ती पहिचान गरी कानून बमोजिम कार्वाही गरीपाउँ भन्ने निवेदन, मैले प्रयोग गर्दै आएको IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ प्रतिवादी मध्ये चन्द्र वि.क. भन्ने चन्द्र कामीको साथबाट बरामद भएको भन्ने जानकारी प्राप्त भई सनाखतसमेत गरेको र ३ जना कसूरदारले मेरो घरको ढोका फोरी सुनका गरगहनासमेत गरी जम्मा अन्दाजी रू.९,०५,०००।– वरावरको धनमाल चोरी गरी लगेको हुँदा वारदातमा संलग्न कसूरदारहरुलाई कानून बमोजिम कार्वाही गरी चोरी भएको बिगोको उचित क्षतिपुर्ती दिलाई भराई पाउँ भनी जाहेरी दिएको देखिन्छ। जाहेरवालाको चोरी भएको भनिएको IMEI 1: 863918047961262, IMEI 2 863918047961270 नम्वर भएको POCO कम्पनीको मोवाईल थान-१ प्रतिवादीबाट चन्द्र वि.क. भन्ने चन्द्र कामीको साथबाट र RADO कम्पनीको घडी थान-१, एक हजारको दरनोट ७ (सात), एकसयको नेपली दरनोट ४ थान, बिस रुपैंयाको नेपाली दरनोट १ थान र पाँच रुपौंयाको नेपाली दरनोट १ थान प्रतिवादी हस्तबहादुर भन्ने बाबु विष्टको साथबाट फेला पारी बरामद गरिएको बिवरण ठिक छ भन्ने व्यहोराको बरामदी/खानतलासी मुचुल्का बुझिएका मानिसहरु दुर्गाप्रसाद गुरुङ, छत्र बहादुर गुरुङ, फुलयामा गुरुङ, आशिष गुरुङ भन्ने आस बहादुर गुरुङ समेतले जाहेरवालाको नगद, सुनचाँदीको गरगहनासमेत चोरी तथा डाका गर्ने कसुरदारलाई कानूनवमोजिम सजाय गरिपाउँ भनी जाहेरी बेहोरालाई समर्थन हुने गरी घटना विवरण कागजसमेत लेखाई दिएको देखियो।

२१. प्रतिवादी बाबु बिष्ठ र चन्द्र बि.क. भन्ने चन्द्र कामीले अनुसन्धानको क्रममा वयान गर्दा, मिति २०८०/०३/०२ गते बिहानको रातीको अन्दाजी ००:०५ बजेको समयमा जाहेरवालाको घरको मुलढोकामा पहिलो पटक सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले प्रहार गरेको र उक्त ढोका नखुलेपछि चन्द्र बि.क.ले प्रहार गर्दा ढोका खुलेको र ढुँगाले प्रहार गरी ढोका खोली हामीहरु तीनै जना घरभित्र प्रवेश गरी जाहेरवालालाई समाती खाटमा लडाई सो स्थानमा रहेको कपडाले जाहेरवालाको मुख र हातमा बाँधी सिंहमान सावा भन्ने सिंह बहादुर लिम्बुले जाहेरवालाले घाँटीमा लगाएको सुनको सिक्री थान-१, दुवै कानमा लगाएको पींजडा-१ जोर, हातमा लगाएको औठी थान-१ र हातमा लगाएको चुरा थान-१ फुकाली दिएको र जाहेरवालाको मोवाईल चन्द्र बि.क.ले साथमा लिएको र मैले कोठाभित्र रहेको पलङको घर्रामा भएको सम्पुर्ण सामाग्रीहरु निकाली आफ्नो झोलामा राखेको हो। कोठाभित्र तोडफोड गर्ने कार्य र जाहेरवालाले लगाएको सुनको गर गहना फरार प्रतिवादी सिंहमान सावा भन्ने सिंहबहादुर लिम्बुले लिएर गएको भनी आरोपित कसूरमा स्वीकार गरी बयान गरिदिएको तथा अदालतमा वयान गर्दा प्रतिवादी चन्द्र वि.क भन्ने चन्द्र कामीले दिदीको घरबाट बिहानै घर झर्ने क्रममा जाहेरवालाको घरमा कोही मानिस नभएको देखी मैले वावु बिष्टलाई पैसा तिर्न आवश्यक भएकोले मैले वरामदी मुचुल्कामा उल्लिखित चिज वस्तु चोरी गरेको हो भनी र प्रतिवादी वावु विष्ट कसूरमा ईन्कार भई बयान गरेको पाईयो।

२२. यसमा सर्वप्रथम मौकामा फरार रहेका सिंहमान साँवा भन्ने सिंह बहादुर लिम्बुको हकमा विचार गर्दा, निज प्रतिवादीको नाममा यस अदालतबाट जारी भएको पक्राउ पूर्जी मिति २०८०।०६।२२ मा रीतपूर्वक तामेल भएकोमा निज प्रतिवादी यस अदालतमा हाजिर हुन नआई शुरु म्यादै गुजारी बसेको देखिंदा निजको हकमा मुद्दा मुलतवीमा राखिदिने ठहर्छ।

२३. अब, प्रतिवादी हस्त बहादुर भन्ने बाबु विष्टको हकमा विचार गर्दा, निज प्रतिवादीले अदालतमा ईन्कारी बयान गरेको, प्रकाउ प्रतिवादी चन्द्र वि.क. भन्ने चन्द्र कामीले यी प्रतिवादी उपर अदालतमा पोल गरिदिन नसकेको, जाहेरवाला तथा बुझिएका फुलमाया गुरुङ समेतले मौकाको व्यहोरा समर्थित नगरी निज प्रतिवादीको प्रस्तुत मुद्दाको कसुरमा संलग्नता नरहेको भनी अदालतमा बकपत्र गरी दिएको समेतका मिसिल संलग्न आधार प्रमाणहरु समेतबाट यी प्रतिवादीको अभियोग दाबी बमोजिम कसुरमा संलग्नता रहेको भन्ने पुष्टी हुन नआएकोले निज प्रतिवादी हस्त बहादुर भन्ने बाबु बिष्टले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ।

२४. अर्का प्रतिवादी चन्द्र वि.क. भन्ने चन्द्र कामीको हकमा विचार गर्दा, निजले मौकामा आरोपित कसुर स्वीकार गरी बयान गरेको, अदालतमा बयान गर्दा आफु एक्लैले बरामदी मुचुल्कामा उल्लेखित सामानहरु चोरी गरेको भनी कसुर स्वीकार गरेको, जाहेरवालाको प्रतिवादी उपरको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का तथा मौकामा बुझिएका व्यक्ति फुलमाया गुरुङको घटना विवरण कागज र जाहेरवाला लगायत वादी पक्षका साक्षीहरुले अदालतमा गरेको बकपत्र समेतका मिसिल संलग्न आधार प्रमाण समेतबाट यी प्रतिवादी प्रस्तुत घटनामा संलग्नता देखिए पनि अभियोग दाबी बमोजिमको कसुर गरेको पुष्टी हुन नआई निज प्रतिवादीको साथबाट बरामद भएको र मिति २०८०।०३।१३ गतेको बरामदी मुचुल्कामा उल्लेखित धनमाल समेत चोरी गरी यी प्रतिवादी चन्द्र वि.क. भन्ने चन्द्र कामीले मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(१) विपरित ऐ. दफा २४३(२) बमोजिम कसुर गरेको ठहर्छ। निज प्रतिवादीलाई यस भन्दा अघि ०७५/०७६ परिवर्तित नाम ताप्लेजुङ (ZF) को जाहेरीले नेपाल सरकार र यी नै प्रतिवादी भएको जबरजस्ती करणी उद्योग मुद्दामा ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७६।०३।२७ मा र उच्च अदालत विराटनगर इलाम, इजलासबाट मिति २०७७।१०।१२ मा कसुर ठहरी फैसला भएको मिसिल प्रमाण समेतबाट देखिंदा निज प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा ४४(१) बमोजिम समेतको कसुर गरेको ठहर्छ।

२५. तसर्थ, निज प्रतिवादीलाई ठहर भएको कसुरको सम्बन्धमा सजाय निर्धारणको लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम छुट्टै सुनुवाई गर्नुपर्ने भएकोले सो प्रयोजनको लागि मिति २०८१।२।२० गतेको पेशी तारेख तोकी सो पेशी अगावै सजायपूर्वको प्रतिवेदन पेश गर्नु भनी वादी र प्रतिवादीको कानून व्यवसायीलाई जानकारी दिनू भन्ने यस अदालतको मिति २०८१।०२।०९ को कसूर ठहर आदेश।

२६. **सजायपुर्वको प्रतिवेदनः-**

वादी नेपाल सरकारको तर्फबाट जिल्ला न्यायधिवक्ता नारायण रिमालले पेश गरेको सजायपूर्वको प्रतिवेदन मिसिल संलग्न रहेको।

### सजाय निर्धारण खण्ड

२७. नियमानुसार पेशी सूचीमा चढी प्रतिवादीलाई ठहर भएको कसूरका सम्बन्धमा हुनुपर्ने सजायको निमित्त इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा सजायपूर्वको प्रतिवेदन सहितको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री नारायण रिमाल र प्रतिवादीको तर्फबाट उपस्थित बिद्धान बैतनिक अधिवक्ता बलराम भट्टराईले गर्नुभएको तर्कपूर्ण वहससमेत सुनियो।

२८. उपर्युक्त तथ्य र बहस समेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई ठहर भएको कसुरमा के कति सजाय हुने हो भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२९. अब, सजाय निर्धारणतर्फ बिचार गर्दा, प्रतिवादी चन्द्र वि.क भन्ने चन्द्र कामीले मुलुकी अपराध संहिता, २०७४ को दफा ४४(१) विपरित २४३(२) बमोजिम र सोही संहिताको दफा ४४(१) बमोजिम कसूर गरेको भन्ने मिति २०८१।२।०९।०४ मा यस ईजलाशबाट ठहर भई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम पेश हुन आएकोले सो सम्बन्धमा देर्दा प्रस्तुतु मुद्दामा कसूरको गम्भीरता घटाउने अवस्थाको बिद्यमानता रहेको नदेखिंदा निज प्रतिवादीले गरेको कसूर दोषको मात्रा र जाहेरवाला लाई पुग्न गएको हानी नोक्सानीसमेतको आधारमा सजायको उदेश्यलाई समेत विचार गर्दा प्रतिवादी चन्द्र वि.क. भन्ने चन्द्र कामीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३) बमोजिम ३ वर्ष ६ महिना कैद र रु.३५०००।— जरिवाना हुने ठहर्छ र सोही संहिताको दफा ४४(१) बमोजिम थप १ बर्ष कैद रु.१०,०००।—जरिवाना सजाय हुने ठहर्छ। साथै अपराध पिडित संरक्षण ऐन, २०७५ को दफा ४२(३) बमोजिम क्षतिपूर्ति शुल्क वापत रु.१,८००।— प्रतिवादीले पीडित राहत कोषमा बुझाउने ठहर्छ। बरामद भएको मोवाईल मुलुकी अपराध संहिता, २०७४ को दफा २४७(२) बमोजिम जाहेरवालाले फिर्ता पाउने र अन्य दशीका धनमाल सोही दफा २४७(२) बमोजिम हुने ठहर्छ। अभियोग दावी बमोजिम बिगो समेत कायम गरी प्रतिवादीलाई सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरिदिएको छ।

### तपसिल

- माथि इन्साफखण्डमा लेखिएबमोजिम प्रतिवादी चन्द्र वि.क. भन्ने चन्द्र कामीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४३(३) बमोजिम ३ वर्ष ६ महिना कैद र रु.३५०००।— जरिवाना हुने ठहर्छ र सोही संहिताको दफा ४४(१) बमोजिम थप १ बर्ष कैद रु.१०,०००।—जरिवाना सजाय हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०८०।०३।०५ मा पक्राउ परि यस अदालतको आदेशानुसार हालसम्म थुनामा रहेको देखिंदा निजलाई ठहरेको कैद वापत मिति २०८४।०९।०४ गते सम्म थुनामा राखी निज

प्रतिवादीलाई ठहरेको जरिवाना वापतको रकम  बुझाए ऐ. ०५ गते अन्य मुद्दा वा कारणले थुनामा राख्न नपर्ने भए थुना मुक्त गरिदिनु भनी र नबुझाए सो बापत समेत कैद ठेगी पठाईदिनू।

- अपराध पिडित संरक्षण ऐन, २०७५ को दफा ४२(३) बमोजिम क्षतिपूर्ति शुल्क वापत रु.१,८००।— प्रतिवादी चन्द्र बि.क. भन्ने चन्द्र कामीबाट असुल गरी पीडित राहत कोषमा जम्मा गर्नू।
- प्रतिवादी हस्त बहादुर भन्ने बाबु बिष्टले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएको हुँदा निजलाई अन्य मुद्दा वा कारणबाट थुना राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट थुना मुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालयलाई लेखि पठाउनू।
- फरार रहेका सिंहमान साँवा भन्ने सिंह बहादुर लिम्बुको हकमा मुद्दा मुलतवीमा राखिदिने ठहरेकाले प्रस्तुत मुद्दा मुल्तवी दायरीमा दर्ता गरी राखी फरारीको लगत जिल्ला प्रहरी कार्यालय ताप्लेजुङलाई दिनु र प्रतिवादीको अंश भाग रोक्का गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९८(४) को अवधि ब्यतित भएपछि प्रस्तुत मुद्दा जगाई यसै मुद्दाबाट कारवाही किनारा गर्नू।
- प्रस्तुत मुद्दामा बरामद भएको मोवाईल मुलुकी अपराध संहिता, २०७४ को दफा २४७(२) बमोजिम जाहेरवालाले फिर्ता पाउने र अन्य दशीका धनमाल सोही दफा २४७(२) बमोजिम हुने ठहरी फैसला भएकोले नियमानुसार गर्नू।
- यो इन्साफमा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम ७० दिनभित्र उच्च अदालत विराटनगर, इलाम इजलास इलाममा पुनरावेदन गर्न सक्ने हुदा प्रतिवादी चन्द्र बि.क. भन्ने चन्द्र कामीलाई र जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङलाई फैसलाको प्रतिलिपिसहितको पुनरावेदनको म्याद दिनू।
- सरोकारवालाले फैसलाको नक्कल मागे लाग्ने दस्तुर लिई नक्कल दिनू।
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा निस्सा जनाई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

क.अ. ङिमाछिरिङ शेर्पा

कसुर ठहर मितिः- २०८०।०२।०९।०४

इतिसम्वत् २०८० साल जेठ महिना २० गते रोज ०१ शुभम .........................................।

प्रमाणिकरण मितिः २०८१।०३।१६।०१

नेपाल सम्बत् ११४४ तछलागा, ९ आईतवार

**जिल्ला न्यायाधीश**

**श्री**

**रामेछाप जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री इन्दिरा शर्मा**

**फैसला**

**मुद्दा नं. मुद्दा.नं.०७८-C1-००१९**

**रजिष्टेशन नं.३४-०७८-०००७३**

**नि.नं. ४/१**

**मुद्दाः डाँका तथा हातहतियार**

**दायरी मिति २०७८/०७/०४**

**फैसला मितिः२०७९/०५/०१/४**

**वादीको नाम, थर, वतन**

जिल्ला रामेछाप लिखु तामाकोशी गा.पा. वडा नं.६ बस्ने बर्ष ४१ की सुनिताकुमारी बुढाथोकीको जाहेरीले नेपाल सरकार-----१

ऐ.को प्रमाणः-

साक्षीः–

कागजः–

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला रामेछाप साविक फर्पु गा.वि.स. वडा नं. ९ हाल गोकुलगंगा गा.पा.वडा नं.०६, फर्पु बस्ने लालबहादुर तामाङ र फुलमाया तामाङको छोरा बर्ष ३४ को जंगे भन्ने आकाश तामाङ------१

जिल्ला रामेछाप साविक फर्पु गा.वि.स. वडा नं. ९ हाल गोकुलगंगा गा.पा.वडा नं.०६, फर्पु बस्ने बुम्बा तामाङ र केशरी तामाङको छोरा बर्ष ३३ को ठुला भन्ने मिलन तामाङ--------------------१

जिल्ला रामेछाप साविक फर्पु गा.वि.स. वडा नं. ९ हाल गोकुलगंगा गा.पा.वडा नं.०६,फर्पु बस्ने टिकाराम तामाङ र सर्किनी तामाङको छोरा बर्ष २८ को राहुल भन्ने लालबहादुर तामाङ---------१

जिल्ला रामेछाप साविक फर्पु गा.वि.स. वडा नं.९ हाल गोकुलगंगा गा.पा. ६, फर्पु बस्ने ज्ञानबहादुर विश्वकर्मा र बिमाया विश्वकर्माको छोरा बर्ष ५५ को पुर्णे कामी भन्ने पुर्णबहादुर विश्वकर्मा--------१

जिल्ला तेह्रथुम आठराई गा.पा.वडा नं.२ स्थायी घर भई हाल जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. १९, बालाजु बस्ने नैना सिंह लकान्द्री र हर्कमाया लकान्द्रीको छोरा बर्ष ५४ को योगबीर लकान्द्री --------------------१

ऐ.को प्रमाणः-

साक्षीः-

कागजः-

**अदालतबाट बुझेको**

X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. **जाहेरी दरखास्तः** मिति २०७८।०५।३१ गते बेलुका अं. १९:१५ बजे म जाहेरवालाको घरमा टाउको र मुखमा रुमाल बाँधी भरुवा बन्दूक तथा धारीलो हतियार छुरी र लौरोसमेत बोकी आएका अपरिचित व्यक्तीहरुले म जाहेरवाला र घरमा रहेका २ छोरीहरुलाई हतियार देखाई नियन्त्रणमा राखी कुटपीट गरी मैले लगाएको अं. १ तोला सुनको बेरूवा रिङ थान-२, अं. ६ आनाको सुनको नाकमा लगाउने फुली थान-१, अं. १२ आना सुन भएको पोते सहितको घोप्टे थान-१, दुई छोरीहरु साबित्रा बुढाथोकी र लक्ष्मी बुढाथोकीले नाकमा लगाएको ४/४ आनाको सुनको फुली थान-२, बाकसमा राखेको ६ आनाको सुनको ढुङग्री थान-२, ६ आनाको सुनको कुण्डल थान-२, पोते सहितको १ तोला सुनको नौगेडी थान-१, ६ आना सुनको पोते सहितको तिलहरी थान-१, ६ आना सुनको औंठी थान-१, ४ तोलाको चाँदीको पाउजु थान-२ र सोही बाकसमा राखेको ३ माना जति चाँदीका सिक्काहरू र नेपाली नगद २५/३० (पच्चीस/तीस हजार) र सोही घर कोठामा राखेको सासु आमाको आधा तोला सुनको तिलहरी थान-१, ८ आना सुनको मारवाडी थान-२, ६ तोलाको चाँदीको कल्ली थान-२ र केही पुराना चाँदीका सिक्काहरु र सोही घरमा देउरानी सरीता बुढाथोकीले छुट्टै बाक्सामा राखेको सुनका गहना तथा पैसाहरु, पुजा कोठामा राखेको शंख थान-१ र भेटी चढाएका सिक्काहरु डाँका चोरी गरी फरार भएको घटना सम्बन्धमा बुझ्दै जाँदा उक्त नकावधारी तथा हतियारधारी मानिसहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ, परिवर्तित नाम गोकुलगंगा P र यकिन नामथर वतन नखुलेका अन्य केही व्यक्तिहरुले डकैती गरी लगेको यकिन भएको हुँदा निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही गरी डकैती भएको नगद पैसा, गरहगना तथा सामानहरुको क्षतिपूर्ति दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको सुनिताकुमारी बुढाथोकीको जाहेरी दरखास्त ।

२. **घटनास्थल मुचुल्काः** जिल्ला रामेछाप लिखु तामाकोशी गा.पा. वडा नं. ६ जामुने स्थित पूर्वमा ठिल्लाबहादुर बुढाथोकीको बारी, पश्चिममा देबीमाया बरूवालको बारी, उत्तरमा लालबहादुर कार्कीको बारी र दक्षिणमा जामुने खोल्सा यति चारकिल्ला भित्र रहेको उत्तर मोहडा भएको ढुंङगा माटोले बनेको टायलको छानो रहेको तल्लो तलामा एक कोठा र माथिल्लो तलामा तीन कोठा रहेको घरमा अपरिचित ३/४ जना मानिस प्रवेश गरी हातहतियार देखाई सुनिताकुमारी बुढाथोकीले लगाएको १ तोलाको सुनको बेरूवा रिङ थान-२, अं. ६ आनाको सुनको नाकमा लगाउने फुली थान-१, १२ आना सुन भएको पोते सहितको घोप्टे थान-१, साबित्रा बुढाथोकी र लक्ष्मी बुढाथोकीले नाकमा लगाएको ४/४ आनाको फुली थान-२, ६ आनाको कुण्डल थान-२, सुनिता कुमारी बुढाथोकीले बाकसमा राखेको ६ आनाको सुनको ढुङग्री थान-२, पोते सहितको नौगेडी थान-१, पोते सहितको तिलहरी थान-१, ६ आनाको औंठी थान-१, ४ तोलाको चाँदीको

पाउजु थान-२ र सोही बाकसमा राखेको ३ माना जति चाँदीका सिक्काहरू र नेपाली नगद २५/३० (पच्चीस/तीस हजार रुपैयाँ) र सोही घर कोठामा राखेको जाहेरवालाको सासु आमाको मारवाडी थान-२, ८ तोलाको चाँदीको कल्ली थान-२ र केही पुराना चाँदीका सिक्काहरु, पुजा कोठामा राखेको शंख थान-१ डाँका चोरी गरी लगेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप गोकुलगंगा गा.पा. वडा नं. ६ ददिले फर्पु स्थित उत्तरमा पेमा तामाङको खरपाखा, दक्षिणमा भीर तथा नाङथली हुँदै फर्पु जाने बाटो, पूर्वमा नाङथली हुँदै फर्पु जाने बाटो जोड्ने गोरेटो बाटो र पश्चिममा गोरेटो बाटो हुँदै मिलन तामाङको घर जाने गोरेटो बाटो यति चार किल्लाभित्र रहेको गोरेटो बाटोको ४ मिटर दक्षिणतर्फ रहेको ठुलो ढुङ्गाको ओडारमा मिलन तामाङसमेतको टोलीले डाँका चोरी गर्न प्रयोग गरेको फलाम र काठले बनेको भरूवा बन्दुक जस्तो देखिने वस्तु टुप्पो जमिन तिर र फेद (फराकिलो भाग) माथि तिर फर्काई लुकाई राखेको उक्त बस्तुको टुप्पोदेखि फेदसम्मको लम्बाई ३ फिट ७ ईन्च रहेको, फलामको भागबाट फलामको टुप्पोसम्मको लम्बाई २ फिट ४.४ ईन्च रहेको, काठको फेददेखि काठको टुप्पोसम्मको लम्बाई २ फिट ८.५ ईन्च रहेको बस्तु प्रहरीले बरामद गरी लगेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

४. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. १ राम नारायण चोक खहरे स्थित पूर्वमा मिरा रम्तेलको १ तले कच्ची घर, पश्चिममा मन्दिरा पौडेलको मकैबारी, उत्तरमा माया फूयालको १ तले पक्की घर र दक्षिणमा राजकुमार श्रेष्ठको मस्याङ बारी यति चार किल्लाभित्र पूर्व मोहडा गरेको बोध कुमार श्रेष्ठको २ तले कच्ची घरमा तल्लो तलामा २ वटा र माथिल्लो तलामा ४ वटा कोठाहरू रहेको, सो कोठाहरू मध्ये माथिल्लो तलाको उत्तरतर्फको छेउको कोठामा प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङले भाडामा लिई बसोबास गर्दै आइरहेको कोठामा डाँका सम्बन्धी कसूर मुद्दामा प्रमाणमा लाग्ने चिजबस्तु तथा नगद नेपाली रु. ५ को नोट २० थान, नेपाली रु. २ को नोट ५ थान, नेपाली रु. १ को नोट १० थान, नेपाली मोरु. १ को नोट ८ थान र सुनको जस्तो देखिने पहेंलो नाकमा लगाउने फुली-२ थान प्रहरीले बरामद गरी लगेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

५. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप लिखुतामाकोशी गा.पा. वडा नं. ६ खिम्ति माथि दोभान स्थित पूर्व र दक्षिणमा खिम्ति-नामाडी जाने सडक खण्ड, उत्तरमा छतुने खोला र पश्चिममा खिम्ति खोला यति चार किल्लाभित्र खिम्ति खोला र छतुने खोलाको दोभानबाट दक्षिण पश्चिमतर्फ उत्तिसको स-साना बिरूवाहरू रहेको ढुंगाको कोप्चामा राहुल भन्ने लालबहादुर तामाङले लुकाई राखेको सिक्का ७४ पिस, पच्चीस पैसाको सिक्का ८३ पिस, पचास पैसाको सिक्का ७६ पिस, दश पैशाको सिक्का १३ पिस, गाई पैसा १५ पिस, भारतीय पाँचको डबल सिक्का ५ पिस, भारतीय दुईको डबल सिक्का ९ पिस, भारतीय एकको डबल सिक्का २२ पिस, भारतीय पचास पैसा डबल सिक्का १६ पिस, भारतीय पच्चीस पैसाको सिक्का ४ पिस सिक्काहरू प्रहरीले बरामद गरेको भन्नेसमेत व्यहोराको बरामदी/खानतलाशी मुचुल्का ।

६. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप गोकुलगंगा गा.पा.वडा नं. ६ फर्पु स्थित पूर्व-पश्चिम, उत्तर-दक्षिण चारै तिर लालबहादुर तामाङको बारी यति चार किल्लाभित्र लालबहादुर तामाङ कै अदुवा बारीमा लालबहादुर तामाङको छोरा जंगे भन्ने आकाश तामाङले डाँका चोरी गरी ल्याई राखेको सेतो रङको शंख थान-१, नेपाली रु. दुईको नोट २२ पिस, नेपाली रु. एकको नोट ७ पिस, कतारको Ten Riyal लेखिएको एक पिस, भारतीय एक रुपैंयाको एक पिस, भारतीय दुई रुपैंयाको एक पिस र साउदीको एक (One Riyal) लेखिएको एक पिस वारीमा गाडेको अबस्थामा प्रहरीले फेला पारी बरामद गरेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

७. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप गोकुलगंगा गा.पा. ६ फर्पु स्थित पूर्वमा पेमासिंह तामाङको कोदोबारी, पश्चिममा गुम्बा तामाङको खालीबारी, उत्तरमा काले तामाङको १ तले भुकम्पको घर र दक्षिणमा करणबहादुर तामाङको धान खेत यति चार किल्लाभित्र रहेको २ कोठे १ तल्ले पश्चिम मोहडा भएको प्रतिवादी ठुला भन्ने मिलन तामाङको भूकम्पको घर कोठामा खानतलासी गर्दा डाँका सम्बन्धी कसूर मुद्दामा प्रमाण लाग्ने कुनै पनि चिजबस्तु फेला नपरेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

८. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप गोकुलगंगा गा.पा. ६ फर्पु जौबारी स्थित पूर्वमा गुम्बा तामाङको कोदोबारी, पश्चिममा टिकाराम तामाङको कोदोबारी, उत्तरमा ऐलानी जग्गा, दक्षिणमा छिरिङ तामाङको कोदोबारी यति चार किल्लाभित्र रहेको १ तल्ले २ कोठे उत्तर मोहडा भएको प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङको भुकम्पको घरकोठामा खानतलासी गर्दा डाँका सम्बन्धी कसूर मुद्दामा प्रमाण लाग्ने कुनै पनि चिज बस्तु फेला नपरेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

९. **खानतलासी/बरामदी मुचुल्काः** जिल्ला रामेछाप गोकुलगंगा गा.पा. वडा नं. ६ पहिरे स्थित उत्तरमा सम्मरबहादुर विश्वकर्माको वारी, दक्षिणमा पूर्णबहादुर कामीको वारी, पूर्वमा मोहन गहतराजको घर र पश्चिममा पूर्णबहादुर कामीको आरन यति चार किल्लाभित्र रहेको पूर्णबहादुर कामीको घर कोठा सबै खानतलाशी गर्दा डाँका सम्बन्धी मुद्दामा प्रमाण लाग्ने चिजबस्तु फेला नपरेको भन्नेसमेत व्यहोरा खानतलाशी/बरामदी मुचुल्का ।

१०. **प्रतिवादी जंगे भन्ने आकाश तामाङको बयानः** म तथा प्रतिवादीहरु ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P मिली जाहेरवालाको घरमा चोरी गर्ने योजना बनाई ठुला भन्ने मिलन तामाङले निजको घरबाट ल्याएको भरुवा बन्दुक बोकी, मैले आफ्नो साथमा बोकेको छुरी गोकुलगंगा P लाई बोक्न लगाई र राहुल भन्ने लालबहादुर तामाङले लठ्ठी बोकी सबैले मुख, नाक ढाक्ने गरी कालो माक्स, टाउकोमा रुमाल बाँधी जाहेरवालाको घरमा डाँका गर्न जाँदा राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P लाई चोरी गर्ने घरको ढोका खुल्ला रहेको छ, सो ढोकाबाट घर भित्रका मानिसहरु भाग्न सक्छन्, तिमीहरु सो ढोकातर्फ गई बस भनी पठाई म र मिलन तामाङ बन्द भएको ढोकातर्फ गई मिलन तामाङले जोडले ढोकामा लात्ताले हान्दा ढोका खुली भित्र पसी घरभित्र रहेका जाहेरवाला र निजका दुई वटी

छोरीहरु चिच्याउन खोज्दा मैले छुरी देखाएको र मिलन तामाङले आफूले बोकेको बन्दुक जस्तो बस्तु ताकी हल्ला गरीस, चिच्चाईस भने गोली ठोकी दिन्छु भनी तर्साएका थियौं । म र मिलन तामाङ भई सोही कोठामा सुन, पैसाको खोजी कार्य गरेको र माथिल्लो तलामा राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P समेतलाई जे जस्तो धनमाल भेटिन्छ सबै लिएर आउनु भनी मैले पठाएको थिएँ । मोहर, सुका, डबल जे जस्तो सिक्का पैसाहरु फेला परे पनि नछोड्ने भनी पहिला नै सल्लाह भएको थियो । जाहेरवाला पछि नाम थाहा भएको सुनिताकुमारी बुढाथोकीले हामीलाई नमार्नु भन्दै निजले आफूले कानमा लगाएको रिङ थान-२ खोली मलाई दिएका थिए । सो कोठामा रहेको लेडीज ब्याग मिलन तामाङले खोली हेर्दा नेपाली रु. १०००।- (एक हजार) दरको नोट थान-२ फेला पारी सो पैसा पनि मलाई नै दिए । सो घरको पुजा स्थलमा रहेको शंख मैले आफूले लगाएको ज्याकेटको खल्तीमा राखेको थिएँ । माथिल्लो तलामा गएका राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P तल आएपछि राहुल भन्ने लालबहादुर तामाङले जाहेरवालाका छोरीहरुले नाकमा लगाएको फुली खोल भनी हकारेपछि दुवै जनाले फुली फुकाली राहुल भन्ने लालबहादुर तामाङलाई दिएका थिए । सो बेला चोरी गरी फर्किने क्रममा मैले र मिलन तामाङले अहिले हामी यहाँबाट गए पछि बाहिर निस्केर चिच्चाउने होईन, चुपचाप लागेर सुत्नु, नत्र राम्रो हुँदैन भनी जाहेरवाला तथा निजका छोरीहरुलाई थर्काएका थियौं । सो राति अं. २१:०० बजे तिर हामी सवै जना वारदातस्थलबाट हिडी बिरौटा खोला आएपछि एक ठाउँमा बसी चोरी गरेको नगद, जिन्सीहरु जम्मा गर्दा सुन जस्तो देखिने कानमा लगाउने रिङ २ थान, नेपाली पुरानो १, २ का नोटहरु, रु. ५ का नोटहरु, मोरु लेखिएका नोटहरु, २ माना जति सेतो सिक्का पैसाहरु, शंख थियो । मैले राहुललाई फुली पनि निकाल भनेको थिएँ, निजले खल्तीमा खोज्दा नभेटेपछि कतै खसेछ भनेका थिए । हामी सबैले डाँका गरेको धनमाल एक आपसमा बाँडी आ-आफ्नो घरतर्फ गएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी जंगे भन्ने आकाश तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

११. **परिवर्तित नाम गोकुलगंगा P को सोधपुछः** म तथा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङ मिली जंगे मामाले मलाई दिएको चक्कु बोकी, राहुल भन्ने लालबहादुर तामाङले लठ्ठी बोकी र मिलन तामाङले बन्दुक बोकी सबैले मुख, नाक ढाक्ने गरी कालो माक्स, टाउकोमा रुमाल बाँधी जाहेरवालाको घरमा डाँका गर्न जाँदा घरको भूँई तलाको एक साईडको ढोका खुल्ला र अर्को साईडको ढोका बन्द थियो, आकाश तामाङले मलाई र लालबहादुर तामाङलाई खुल्ला भएको ढोका तिर बस्न पठाई निज र मिलन तामाङ बन्द ढोकातर्फ गई ढोकामा लात्तले हानी निजहरु भित्र पसेपछि म र लालबहादुर तामाङले खुल्ला ढोका बाहिरबाट चुक्कल, कब्जा लगाई निजै आकाश तामाङ छिरेको ढोकाबाट भित्र पसेको हो । उक्त घर कोठाभित्र जाहेरवाला सुनिताकुमारी बुढाथोकी र अं. बर्ष १५।१६ र ११/१२ बर्षका २ जना युवतीहरु थिए । निजहरु जाहेरवालाका छोरीहरु भन्ने पछि थाहा पाएको हो । जंगे भन्ने आकाश तामाङले माथि कोठामा गएर हेर

भनी मलाई र राहुल भन्ने लालबहादुर तामाङलाई भनेपछि हामी दुवै जना माथिल्लो तलामा गई बाक्सा खोतल खातल गरी सबै ठाउँ हेर्दा नेपाली रु. ५ को नोटहरु, १ र २ को केही पुरानो नोटहरु, मोरु नोटहरु, अं. डेढ माना जति सेतो सिक्का पैसाहरु फेला पारी हामीले साथमा लगेको झोलामा राखी अं. २१:०० बजे तिर हामी सवै जना उक्त वारदातस्थल बाट अं. ३० मिनेट हिंडे पछि सोही राति एक ठाउँमा बसी चोरी गरेको नगद, जिन्सीहरु जम्मा गर्दा सुन जस्तो देखिने कानमा लगाउने रिङ २ थान, नेपाली पुरानो १, २ का नोटहरु, रु. ५ का नोटहरु, मोरु लेखिएको नोटहरु, २ माना जति सेतो सिक्का पैसाहरु, शंख थियो । हामी सबैले डाँका गरेको धनमाल एक आपसमा बाँडी आ-आफ्नो घरतर्फ गएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी गोकुलगंगा P को सोधपुछ ।

१२. **प्रतिवादी ठुला भन्ने मिलन तामाङको बयानः** म तथा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P मिली जाहेरवालाको घरमा चोरी गर्ने योजना बनाई मैले घरबाट ल्याएको रहेको भरुवा बन्दुक बोकी, मैले आफ्नो साथमा बोकेको छुरी गोकुलगंगा P लाई बोक्न लाई र राहुल भन्ने लालबहादुर तामाङले लठ्ठी बोकी सबैले मुख, नाक ढाक्ने गरी कालो माक्स, टाउकोमा रुमाल बाँधी जाहेरवालाको घरमा डाँका गर्न जाँदा जंगे भन्ने आकाश तामाङले राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P लाई चोरी गर्ने घरको ढोका खुल्ला रहेकोले सो ढोकाबाट घर भित्रका मानिसहरु भाग्छन् की भन्ने सोची सो ढोकातर्फ गई बस भनी पठाई निज र म बन्द भएको ढोकातर्फ गई मैले बल गरी ढोकामा लात्तले हान्दा ढोका खुली भित्र पसी घरभित्र रहेका हाल जाहेरवाला र निजका दुई वटी छोरीहरु चिच्याउन खोज्दा जंगे भन्ने आकाश तामाङले छुरी देखाएको र मैले निजहरुलाई आफूले बोकेको बन्दुक जस्तो बस्तु ताकी हल्ला गरीस, चिच्याईस भने गोली ठोकी दिन्छु भनी तर्साएका थियौं । म र जंगे भन्ने आकाश तामाङ भई सोही कोठामा सुन, पैसाको खोजी कार्य गरेको र माथिल्लो तल्लामा राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P लाई खोजखाज गर्न जंगे भन्ने आकाश तामाङले पठाएका थिए । भूँई तलाको खाटमा रहेका जाहेरवाला सुनिताकुमारी बुढाथोकीले हामीलाई नमार्नु भन्दै निजले कानमा लगाएको रिङ थान-२ खोली जंगे भन्ने आकाश तामाङलाई दिएका थिए । सो कोठामा रहेको लेडीज ब्याग खोली हेर्दा नेपाली रु. १०००।-(एक हजार) दरको नोट थान-२ फेला पारी जंगे भन्ने आकाश तामाङलाई नै दिएको थिएँ । माथिल्लो तलामा गएका राहुल भन्ने लालबहादुर तामाङ र नाम परिवर्तित गोकुलगंगा P तल झरी आए पछि राहुल भन्ने लालबहादुर तामाङले जाहेरवालाका छोरीहरुले नाकमा लगाएको फुली खोल भनी हकारेपछि दुवै जनाले फुली फुकाली राहुल भन्ने लालबहादुर तामाङलाई दिएका थिए । सो बेला चोरी गरी फर्किने क्रममा मैले र जंगे भन्ने आकाश तामाङले अहिले हामी यहाँ बाट गए पछि बाहिर निस्केर चिच्याउने होइन, चुपचाप लागेर सुत्नु, नत्र राम्रो हुँदैन भनी जाहेरवाला तथा निजका छोरीहरुलाई थर्काएका थियौं । राति अं. २१.०० बजे तिर हामी सवै जना उक्त वारदातस्थल हिडी बिरौटा खोला आए पछि सोही राति एक ठाउँमा बसी चोरी गरेको नगद, जिन्सीहरु जम्मा गर्दा सुन जस्तो देखिने कानमा लगाउने

रिङ २ थान, नेपाली पुरानो १, २ का नोटहरु, रु. ५ का नोटहरु, मोरु लेखिएको नोटहरु, २ माना जति सेतो सिक्का पैसाहरु, शंख थियो । हामी सबैले डाँका गरेको धनमाल एक आपसमा बाँडी आ-आफ्नो घरतर्फ गएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी ठुला भन्ने मिलन तामाङको बयान ।

१३. **प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङको बयानः** म तथा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र गोकुलगंगा P मिली जाहेरवालाको घरमा चोरी गर्ने योजना बनाई ठुला भन्ने मिलन तामाङले घरबाट ल्याएको भरुवा बन्दुक बोकी, मैले आफ्नो साथमा बोकेको छुरी गोकुलगंगा P लाई बोक्न लगाई मैले लठ्ठी बोकी सबैले मुख, नाक ढाक्ने गरी कालो माक्स, टाउकोमा रुमाल बाँधी जाहेरवालाको घरमा डाँका गर्न जाँदा जंगेले म र गकुलगंगा P लाई चोरी गर्ने घरको ढोका खुल्ला रहेकोले सो ढोकाबाट घर भित्रका मानिसहरु भाग्छन की भन्ने सोची सो ढोकातर्फ गई बस भनी पठाई निज र मिलन तामाङ बन्द ढोकातर्फ गई ढोकामा लात्तले हानी भित्र पसेपछि म र गोकुलगंगा P ले खुल्ला ढोका बाहिरबाट चुक्कल, कब्जा लगाई निजै आकाश तामाङ छिरेको ढोकाबाट भित्र पसेको हो । उक्त घर कोठाभित्र जाहेरवाला सुनिताकुमारी बुढाथोकी र २ जना युवतीहरु थिए । निजहरुलाई मिलन तामाङले बन्दुक ताकी हल्ला गरीस भने गोली ठोकी दिन्छु भनी तर्साई रहेका थिए । जंगेले म र गोकुलगंगा P लाई माथि तलामा गई सुका मोहर, डवल जे जति भेटिन्छ लिएर आउ भनी अह्राए पछि हामी दुवै जना माथिल्लो तलामा चढी बाक्सा खोली सबै छेउ कुनामा हेर्दा पुरानो बाक्साभित्र नेपाली रु. ५ का नोटहरु, १ र २ का केही पुरानो नोटहरु, मोरु नोटहरु, अं. डेढ माना जति सेतो सिक्का पैसाहरु फेला पारी भूँई तलामा झर्दा जाहेरवालाका २ छोरीहरुले यो फुली पनि लैजानु भनी मलाई दिएका हुन् । चोरी गरी फर्किने क्रममा जंगे भन्ने आकाश तामाङ र ठुला भन्ने मिलन तामाङले अहिले हामी गए पछि बाहिर निस्केर चिच्याउने होइन, चुपचाप लागेर सुत्नु, नत्र राम्रो हुँदैन भनी जाहेरवाला तथा निजका छोरीहरुलाई थर्काएका थिए। म र गोकुलगंगा P गाली गलौज नगरी चुप लागी बसेको हो । राति अं. २१:०० बजे तिर हामी सवै जना वारदातस्थलबाट हिडी बिरौटा खोला पुगी एक ठाउँमा बसी चोरी गरेको नगद, जिन्सीहरु जम्मा गर्दा सुन जस्तो देखिने कानमा लगाउने रिङ २ थान, नेपाली पुरानो १, २ का नोटहरु, रु. ५ को नोटहरु, मोरु लेखिएको नोटहरु, २ माना जति सेतो सिक्का पैसाहरु, शंख थियो। हामी सबैले डाँका गरेको धनमाल एक आपसमा बाँडी आ-आफ्नो घरतर्फ गएका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

१४. **प्रतिवादी योगवीर लकान्द्रीको बयानः** विगत १८ बर्षदेखि जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.१६ बालाजु बाईपास स्थितमा एउटा सटर भाडामा लिई महालक्ष्मी सुनचाँदी पसलको बोर्ड राखी सुन चाँदी पसल व्यवसाय संचालन गर्दै आएको थिएँ । २०७८ साल असोज ३ गते बिहान अं. ११:०० बजे तिर प्राय: मेरो पसलमा किनमेल गर्न आउने यकिन नाम थर थाहा नभएका महिलाले तिलहरी बनाउने अर्डर गरी जाने क्रममा त्यस बेला नाम थाहा भएको रेशम

तामाङ र निज महिलाबीच मेरो पसलअगाडि भलाकुसारी गरेका थिए । निज महिला गएपछि रेशम तामाङले हामीलाई पैसाको साह्रै समस्या परेको छ, कानमा लगाउने रिङ-२ थान लिई दिनु पर्‍यो भनी अनुनय विनय गरेको हुँदा मैले सुनको बील लिएर आउनुस् भन्दा बील हराएको छ, ल्याउन सकिदैन भनेका र निजहरु आउनु भन्दाअगाडि मेरो पसलमा आएकी महिलासँग रेशम तामाङले बोली चाली गरेको देखी निज रेशम तामाङ राम्रै चरित्रका व्यक्ति होलान्, निजले ल्याएको सुन कुनै अनैतिक कार्य गरी ल्याएको हैन होला भन्ने विश्वासमा परी कानमा लगाउने रिङ-२ थान तौल गर्दा ६४ लाल भएको र सो बेला सुनको प्रचलित बजार मूल्य तोलाको ८९,१००।— रहेकोले उक्त कानमा लगाउने सुनको रिङ-२ थानको रु. ५३,५६०।- रेशम तामाङलाई निजको नाम र मोवाईल नम्वर लेखी हस्ताक्षरसमेत गराई दिएको थिएँ । निजको यकिन वतन लेख्न भुलेछु । मैले दिएको सो पैसा तत्कालै निजले पछि नाम थाहा भएको जंगे भन्ने आकाश तामाङलाई दिई निजहरु हिंडेपछि मलाई कता कता मनमा डर लागेको थियो । सो बेला मैले खरीद गरेको सुन डाँका चोरी गरी ल्याएको हैन होला भन्ने विश्वास लागी सुन किनेको हुँ भन्नेसमेत व्यहोराको योगबीर लकान्द्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

१५. **प्रतिवादी पूर्णे भन्ने पूर्णबहादुर विश्वकर्माको बयानः** म हँसिया, खुर्पा, कोदालो लगायतका चिजबस्तुहरु अर्जाप्ने (आरन) काम गरी बावु बाज्यको बिंडो थामी आएकोमा यकिन गते याद भएन, २०७८ साल आषाढ महिनामा बिहान अं. ०८:०० बजे तिर पहिलेदेखि चिनेको एउटै वडाका व्यक्ति प्रतिवादी ठुला भन्ने मिलन तामाङ बन्दुक लिएर मेरो घरमा आई बन्दुकको फेदको फलामको नालमा परेको सानो प्वाल टाल दिनु भनेकामा मैले यस्तो काम अहिलेसम्म नगरेको र नजानेको हुँदा गर्दिन भन्दा निजले जबरजस्ती गर्न थालेपछि मैले जानी नजानी टाली दिएको थिएँ । निजले सो बापत खाजा नास्ता खानु भनी रु. ५००।-(पाँचसय) दिएका थिए । त्यसको भोलिपल्ट हिजो टालेको ठाउँ उप्कियो भन्दै मिलन तामाङ फेरि मेरो घरमा आएपछि सो दिन पनि जसो तसो टाली दिई अवदेखि नआउ भनी पठाएको हो । त्यस पछि निजलाई देखेको छैन । मैले बन्दुक बनाउने काम अहिलेसम्म नगरेको र गर्न पनि आउँदैन । बन्दुक मर्मत सम्भार गर्नु हुँदैन भन्ने कुरा थाहा थियो । तर सो बेला ठुला भन्ने मिलन तामाङले साह्रै करकाप गरेको हुँदा जानी नजानी निजले ल्याएको बन्दुकको फेदको फलामको नालमा परेको सानो प्वाल वाईरिङ गरी टाली दिन पुगें भन्नेसमेत व्यहोराको प्रतिवादी पूर्णे कामी भन्ने पूर्ण बहादुर विश्वकर्माले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

१६. **बरामद भएको भरुवा बन्दुकको परीक्षण प्रतिवेदनः** Article No. 1 is a local made / home made muzzle loading gun in loaded condition. Under the present condition, its hammer and trigger sets are absent भन्नेसमेत व्यहोराको बरामद भएको भरुवा बन्दुकको परीक्षण प्रतिवेदन।

१७. **जाहेरवाला सुनिताकुमारी बुढाथोकीले गरेको दशी सनाखत मुचुल्काः** बरामदी/खानतलासी मुचुल्कामा उल्लेख भएका नगद तथा जिन्सीहरु प्रतिवादी जंगे भन्ने आकाश तामाङसमेतले मेरो घरमा आई डाँका गरी लगेका नगद तथा जिन्सीहरु हुन् हेरी चिनी सनाखत गरिदिएँ भन्नेसमेत व्यहोराको जाहेरवाला सुनिताकुमारी बुढाथोकीले गरेको दशी सनाखत मुचुल्का ।

१८. **जाहेरवाला पीडित सुनिताकुमारी बुढाथोकीको घाउ जाँच केश फारमः** Contusion of size 6 cm in diameter over left lateral buttock. Contusion of size 2 cm in diameter over left lateral part of knee. Healed bruisis over left side of scapula. Type of injury: Simple. Type of weapon used: blunt force भन्नेसमेत व्यहोराको पीडित सुनिता कुमारी बुढाथोकीको घाउ जाँच केश फारम ।

१९. **सावित्रा बुढाथोकीको घटना विवरण कागजः** मिति २०७८।०५।३१ गते बेलुका अं. १९:१५ बजे म, ममी र कान्छी बहिनी लक्ष्मी बुढाथोकी आफ्नै घर/वारदात स्थानमा रहेका र हामी बसोबास गरेको घर एकान्त स्थानमा रहेको छ । एक्कासी राति ढोकामा लात्तले हानी ढोका खुले पछि आँखा मात्र देखिने गरी टाउको र नाक मुखमा रुमाल बाँधेका, एक जनाले बन्दुक र अन्य व्यक्तिले धारीलो हतियार चक्कु तथा लौरो बोकेका ४/५ जना मानिसहरु हाम्रो घरभित्र प्रवेश गरी हामीलाई भुँई तलामा एकै स्थानमा राखी २ जनाले हामी तीनै जनालाई पालै पालो बन्दुकको नाल, लौरो र हात मुक्काले हानी कुटपीट गरी नियन्त्रणमा राखी हामीले लगाएको सुनको गहना खोल्न लगाई, अन्य २/३ जनाले घरको माथिल्लो तलामा गई घर कोठामा राखेको नगद पैसा, सुनका गरहनाहरु लगायतका सामानहरु लुटी लगेका हुन् । निजहरुले लुटपाट गर्दा मैले नाकमा लगाएको सुनको फुली र मेरो ब्यागमा रहेको नेपाली रु. ८,५००।- (अक्षरुपी आठ हजार पाँच सय रुपैयाँ), जाहेरवालाले लगाएको सुनको फुली, घोप्टे, नौगेडी र बहिनीले लगाएको सुनको फुली लुटी लगेका हुन् । सो बाहेक घर कोठामा रहेको ममी, काकी र हजुरआमाको छुट्टा छुट्टै बाक्सामा राखेको विभिन्न सुन चाँदीका गर गहना, नगद पैसा, पुराना चाँदीका सिक्काहरुसमेत निजहरुले लुटी लगेका हुन् । निजहरुको कुटपीटबाट ममी गम्भीर घाईते हुनुहुन्थ्यो भने म र बहिनी सामान्य रुपमा मात्रै घाईते भएका थियौं । निजहरुले हामीलाई बन्दुक देखाई जबरजस्ती लुटपाट तथा कुटपीट गर्ने क्रममा मेरो र मेरो ममीले प्रयोग गर्ने २ थान स्मार्ट मोवाईलसमेत खोसी भूँईमा पछारी फुटाई दिनुका साथै बन्दुकले हानी घरमा रहेको टेलिभिजनसमेत फुटाई घरमा रहेका अन्य लत्ताकपडा तथा भाँडाकुडासमेत यत्रयत्र छरी क्षती बनाई दिएका हुन् । प्रतिवादीहरुलाई कानूनबमोजिम कारबाही गरी डकैती भएको नगद पैसा, गरगहना दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको सावित्रा बुढाथोकीले गरेको घटना विवरण कागज ।

२०. **लक्ष्मी बुढाथोकीको घटना विवरण कागजः** मिति २०७८।०५।३१ गते बेलुका अं.१९:१५ बजे म, ममी र दिदी साबित्रा बुढाथोकी आफ्नै घरमार रहेकोमा रातको समयमा एक्कासी टाउको र मुखमा रुमाल बाँधी बन्दुक, धारीलो चक्कु तथा लौरोसमेतका हातहतियार बोकेका ४/५ जना मानिसहरुले हाम्रो घरको ढोकामा लात्तीले हानी भित्र प्रवेश गरी हामीलाई घर भित्र भूँई तलामा एकै स्थानमा राखी तीनै जनालाई पालै पालो बन्दुकको नाल, लौरो र हात मुक्काले पटक-पटक हानी कुटपीट गरी हामीले लगाएको सुनको गहना खोल्न लगाई डकैती गरेका हुन् भने निजहरु मध्ये २ जनाले हामीलाई बन्दुक, चक्कु लगायतका हतियार देखाई बोल्लसमेत नदिई नियन्त्रणमा राखी अन्य २/३ जनाले घर कोठामा रहेको बाक्सा लगायतका सामान फोरी उक्त बाक्सामा राखेको नगद पैसा, पुराना चाँदिका सिक्काहरु र सुनका गरहनाहरु लगायतका

सामानहरु लुटी लगेका हुन् । निजहरुले लगेको सामान मध्ये मैले लगाई राखेको सुनको फुली १ थान र मैले ब्यागमा राखेको नेपाली रु. ५,०००।- (अक्षरुपी पाँच हजार रुपैयाँ), ममीले लगाएको सुनको फुली, घोप्टे, नौगेडी र दिदीले लगाएको सुनको फुली लुटी लगेका हुन्। सो बाहेक घर कोठामा रहेको ममी, काकी र हजुरआमाको छुट्टा छुट्टै बाक्सामा राखेको विभिन्न सुन चाँदीका गर गहना, नगद पैसा, पुराना चाँदीका सिक्काहरु, झर्काको थाल, पुजा कोठामा रहेको १ थान शंख र नगद पैसाहरुसमेत निजहरुले लुटी लगेका हुन् । निजहरुको कुटपीटबाट ममी गम्भीर घाईते हुनुहुन्थ्यो भने म र दिदी सामान्य घाईते भएका थियौं । निजहरुले हामीलाई बन्दुक देखाई जवरजस्ती लुटपाट गर्ने क्रममा २ थान स्मार्ट मोवाईल भूँईमा पछारी फुटाई दिनुका साथै कोठामा रहेको टेलिभिजनसमेत बन्दुकले हानी फुटाई घरमा रहेका अन्य लत्ताकपडा तथा भाँडाकुडासमेत यत्रयत्र छरी क्षती बनाई दिएका हुन् । प्रतिवादीहरुलाई कानूनबमोजिम कारबाही गरी डकैती भएको नगद पैसा, गरगहनासमेत दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको लक्ष्मी बुढाथोकीले गरेको घटना विवरण कागज ।

२१. **भिमकुमारी खत्री, रुद्रबहादुर खत्री र गोबिन्दबहादुर खत्रीको घटना विवरण कागजः** जाहेरवाला सुनिता बुढाथोकी र निजका २ छोरीहरुसमेतले लगाएको कपडा र कपालसमेत लछारपछार भई घाईते अवस्थामा रुँदै बसिरहेको देखी हामी उक्त स्थानमा भेला जम्मा भएका गाँउ छिमेकका मानिसहरुले घटना बारेमा बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित वारदात मिति र समयमा टाउको मुखमा रुमाल बाँधी बन्दुक, धारिलो चक्कु र लाठीसमेत बोकी आएका ४/५ जना डाँकाहरुले बन्दुक देखाई तीनै जनालाई कुटपीट गरी घाईते बनाई साथमा लगाएको सुनको गरगहना, घर कोठामा राखेको सुन चाँदिका गरगहना, पुरानो चाँदीको सिक्का, नगद पैसा र अन्य सामानहरुसमेत डकैती गरी फरार भएको भनी बताएकोले हामी गाउँ छिमेकका मानिसहरुले अन्य मानिसहरु र खिम्ती प्रहरी चौकीमासमेत खबर गरी घटनाको बारेमा जानकारी गराएका थियौं । तत् पश्चात उक्त स्थानमा प्रहरीसमेत पुगेपछि वारदात स्थानमा गई हेर्दा जाहेरवालाको घरमा रहेका लत्ता कपडा, भाँडाकुडा यत्रतत्र छरी क्षती गरी, जाहेरवालाको घरमा राखेको नगद पैसा, पुरानो चाँदीको सिक्का, सुन चाँदीका गरगहना लगायतका सामानहरु डकैती गरी फरार भएको भन्ने कुरा बुझेका हौं । सो घटना सम्बन्धमा बुझ्दै जाँदा जंगे भन्ने आकाश तामाङ, ठुले भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र गोकुलगंगा P समेतले डकैति गरेको भन्ने कुरा सुनी थाहा पाएका हौं । निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारबाही गरी चोरी डकैती भएको नगद पैसा, गरगहनासमेत फिर्ता दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको भिमकुमारी खत्री, रुद्रबहादुर खत्री र गोबिन्दबहादुर खत्रीले गरिदिएको करीव एकै मिलान व्यहोराको घटना विवरण कागज ।

२२. **सरिता बुढाथोकीको घटना विवरण कागजः** पीडित एवं जाहेरवाला सुनिताकुमारी बुढाथोकी जेठी जेठानी र म कान्छी देउरानी हौं । हामी सासु आमा सँगै एउटै घरमा बसोबास गर्ने गरेका छौं । हामी केही वर्ष पहिलादेखि खिम्तीमासमेत बसोबास गर्दै आए तापनि वारदात स्थानमा हामीहरुको एक्लो घर रहेको र उक्त पुरानो घरमासमेत हामी बसोबास गर्ने गरेका थियौं ।

मिति २०७८।०५।३१ गते बेलुका उक्त घरमा जाहेरवाला र निजका २ छोरीहरु मात्रै बसेकामा राति अं. २२.०० बजे छिमेकी गाँउका मानिहरुले हामीलाई फोन गरी जामुने स्थितको घरमा डाँकाहरुले डकैती गरेको भनी बताएपछि घटनाको बारेमा सुनी थाहा पाई राति नै मेरो श्रीमान वारदात स्थानमा जानु भएको थियो । म भोलिपल्ट उक्त स्थानमा गई हेर्दा सो घरमा रहेको लत्ता कपडा, अन्नपात, भाँडाकुँडा, काठ र टिनका बाक्साहरु लगायतका सामानहरु यत्रतत्र छरिबरी पारी क्षति भए/गरेको देखेको हो । उक्त घरमा हामीहरुको आ-आफ्नो व्यक्तिगत सामान छुट्टा छुट्टै टीन र काठका बाक्साहरुमा राख्ने गरेको थियो । उक्त बाक्साहरुमा नगद पैसा, सुन चाँदिका हरगहना, पुराना चाँदीका सिक्का लगायत महत्वपूर्ण सामानहरु राख्ने गरेका थियौं । मेरो बाक्सामा राखेको १ तोला सुनको सातगेडी थान-१, १ तोला सुनको औंठी थान-१, आधा तोला सुनको तिलहरी थान-१, अं. आधा तोला जती सुनको कुण्डल थान- २, नेपाली नगद पैसा रु.५,०००।- (अक्षरुपी पाँच हजार) रुपैयाँ, पुरानो धातुका सिक्का अं. २ माना जती सबै डकैती गरी लगी सो घरमा रहेको टेलिभिजन १ थानसमेत फुटाई महत्वपूर्ण कागजातहरु च्यातचुत पारी क्षति गरेका रहेछन् । यसरी बन्दुक र धारीलो हतियार बोकी टाउको तथा नाक मुख छोपिने गरी नकाव लगाई घर परिवारका मानिसहरुलाई कुटपीट गरी डर त्रासमा पारी साथमा लगाएको गरगहना तथा घर कोठामा राखेको नगद पैसा, सुन चाँदीका गरगहना तथा अन्य सामानहरु डकैती गर्ने निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारबाही गरी चोरी डकैती भएको नगद पैसा, गरगहना फिर्ता दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको सरिता बुढाथोकीले गरेको घटना विवरण कागज ।

२३. **सरस्वती बुढाथोकीको घटना विवरण कागजः** मिति २०७८।०५।३१ गते बेलुका मेरो ममी सुनिताकुमारी बुढाथोकी, बहिनीहरु सावित्रा बुढोथोकी र लक्ष्मी बुढाथोकी तीन जनामात्र जामुने स्थिको घरमा बस्नु भएकोमा राति अं. २२:०० बजे म खिम्ती स्थित अर्को घरमा सुतीसकेको अवस्थामा छिमेकी गाँउका मानिहरुले हामीलाई फोनगरी जामुने स्थितको घरमा बन्दुक समेतका हतियार बोकेका ४/५ डाँकाहरुले ममी र बहीनीहरुलाई कुटपीट गरी घरमा रहेको नगद पैसा, गरगहनासमेत डकैती गरी भागेको भनी बताएपछि घटनाको बारेमा थाहा पाएपछि कान्छा काकासमेतका मानिसहरु वारदात स्थानमा जानु भएको थियो, म भोलिपल्ट उक्त घरमा गई हेर्दा सो घरमा रहेको लत्ता कपडा, अन्नपात, भाँडाकुँडा, काठ र टीनका बाक्साहरु लगायतका सामानहरु यत्रतत्र छरिवरी पारी क्षति भए/गरेको, टेलिभिजन फुटाई नष्ट गरेको, ममी र बहिनीहरु घाईते भएको देखी घटना सम्बन्धमा बुझ्दा जाहेरी दरखास्तमा उल्लेखित वारदात मिति र समयमा टाउको मुखमा रुमाल बाँधी बन्दुक, धारिलो चक्कु र लाठी बोकी आएका ४/५ जना डाँकाहरुले बन्दुक देखाई सो घरमा रहनु भएका ममी र बहिनीहरुलाई बन्दुक, लौरो र हात मुक्काले कुटपीट गरी घाईते बनाई साथमा लगाएको सुनको गरगहना लुटी, सो घरमा राखेको नगद पैसा, पुरानो चाँदीको सिक्का, सुन चाँदीका गर गहना र अन्य सामानहरुसमेत डकैती गरी डाँका गर्ने व्यक्तिहरु भागेका रहेछन, डाँकाहरुको कुटपीटबाट ममी गम्भीर घाईते भएपछि बहिनीहरुले ममीलाई समेत अं. १०/१५ मिनेट पैदल बाटो पर्ने छिमेकी गाँउका रुद्रबहादुर

खत्रीकोमा लगी हार गुहार गरी गाउँका अन्य मानिसहरुले सो घटना सम्बन्धमा थाहा पाई हामी र प्रहरीलाई जानकारी गराएका रहेछन् । निज डाँकाहरुले ममी र बहिनीहरुले लगाएको बाहेक बाक्सामा राखेको नगद पैसा, सुन चाँदीका गरगहना, पुराना चाँदीका सिक्कासमेतका सामानहरु चोरी गरी लगेका रहेछन् । सो घटना सम्बन्धमा बुझ्दै जाँदा जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ, परिवर्तित नाम गोकुलगंगा P र यकिन नामथर वतन नखुलेका अन्य केही व्यक्तिहरु समेतले उक्त घटना घटाई लुटपाट गरेको भन्ने कुरा बुझिन आएको हो । प्रतिवादीहरुलाई कानूनबमोजिम कारबाही गरी चोरी डकैती भएको नगद पैसा, गरगहना फिर्ता दिलाई भराई पाँउ भन्नेसमेत व्यहोराको सरस्वती बुढाथोकीले गरेको घटना विवरण कागज ।

२४. **अभियोगपत्रः** प्रतिवादीहरू जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङले भरुवा बन्दूक तथा धारीलो हतियार छुरी तथा लौरो बोकी जाहेरवालाको घर कोठाभित्र प्रवेश गरी जाहेरवालासमेतलाई हतियार देखाई डरत्रास तथा कुटपीटसमेत गरी नगद, सुन चाँदीका गरगहनाहरू, सिक्का तथा अन्य धनमाल डाँका गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (१) र (२)(क) बमोजिमको डाँकाको कसूर अपराध गरेका हुँदा निज प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङलाई सोही संहिताको दफा २४४(३)(क) बमोजिम सजाय गरी निज प्रतिवादीहरुले इजाजतपत्र प्राप्त नगरेको भरुवा बन्दुक बोकी हिडी डाँकासमेत गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(१) बमोजिमको कसूर अपराध गरेका हुँदा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा १३२(२) बमोजिम सजाय गरी प्रतिवादीहरुले एकै मिति, समय र वारदात स्थानमा एक भन्दा बढी कसूर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिमको कसूर अपराधसमेत गरेका हुँदा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा ४३(२) बमोजिम थप सजाय गरी पाँउ । प्रतिवादी योगबीर लकान्द्रीले जाहेरवालको घरबाट डाँका गरेको २ थान सुनको रिङ खरीद गरी गाली अन्य प्रकारको गहना बनाई बिक्री गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २८७(१) बमोजिमको कसूर गरेका हुँदा निज प्रतिवादी योगबीर लकान्द्रीलाई सोही संहिताको दफा २८७(२) बमोजिम सजाय गरी प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माले हातहतियार मर्मत गर्ने इजाजतपत्र प्राप्त नगरी भरुवा बन्दूकलाई टाली मर्मत गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १२९(१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्मालाई सोही संहिताको दफा १२९(२) बमोजिम सजाय गरी पाँउ । साथै जाहेरी व्यहोरामा उल्लेखित बरामद भएका गहना, पैसा र धनमाल जाहेरवालालाई दिलाई भराई जाहेरी दरखास्तमा उल्लेख भई बरामद हुन बाँकी गरगहना, नगदसमेत गरी जम्मा रु.८,२७,५६२।५० मुलुकी अपराध संहिता, २०७४ को दफा २४७ बमोजिम प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठूला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङबाट जाहेरवालासमेतलाई दिलाई भराई फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ एवं अपराध पीडित

संरक्षण ऐन, २०७५ को दफा ३० बमोजिमको मनासिव क्षतिपूर्ति प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठूला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङबाट जाहेरवाला पीडितलाई दिलाई भराई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीबाट भराई पीडित राहत कोषमा जम्मा गरी पाँउ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

२५. **प्रतिवादी जंगे भन्ने आकाश तामाङको अदालत समक्षको बयानः** म, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ, परिवर्तित नाम गोकुलगंगा P समेत भई जाहेरवालाको घरमा मिति २०७८।५।३१ गते डाँका चोरी गरेको हो । जाहेरीमा दावी गरे अनुसारको सामान हामीले डाँका चोरी गरेको होईन । हामीले कानमा लगाउते रिङ २ थान, नेपाली पुरानो १ र २ का नोटहरु, रु. ५ का नोटहरु, मोरू लेखिएको नोटहरु, २ माना जति सेतव सिक्का पैसाहरु र शंख चोरी गरेको र उक्त धनमाल हामीले एक आपसमा बाँडी लगेको हो । भरुवा बन्दुक थान १ हामीले चोरी गर्न मान्छे डराउनको लागि प्रयोग गरेको नक्कली बन्दुक हो । जाहेरीमा उल्लेख भएको अन्य धनमाल हामीले चोरी गरेको होइन, अन्य जाहेरी दावी झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी जंगे भन्ने आकाश तामाङले यस अदालतसमक्ष गरेको बयान ।

२६. **प्रतिवादी ठुला भन्ने मिलन तामाङको अदालत समक्षको बयानः** म, जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र परिवर्तित नाम गोकुलगंगा P समेत भई जाहेरवालाको घरमा मिति २०७८।५।३१ गते डाँका चोरी गरेको हो । हामीले कानमा लगाउने रिङ २ थान, नेपाली पुरानो १ र २ का नोटहरु, रु. ५ का नोटहरु, मोरू लेखिएको नोटहरु, २ मानाजति सेतो सिक्का पैसा र शंख चोरी गरेको हो । नगदमा हजार दरका नोट २ ओटा डाँका चोरी गरेको हो । जाहेरीमा दावी गरे अनुसारको धनमाल सामान हामीले डाँका चोरी गरेको नहुँदा अन्य जाहेरी दावी झुठ्ठा हो, चोरी गरेको सुन ६४ लाल थियो भनी आकाश तामाङले काठमाडौंमा सुन बिक्री गर्दा थाहा भयो भनी हामीलाई भनेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी ठुला भन्ने मिलन तामाङले यस अदालतसमक्ष गरेको बयान ।

२७. **प्रतिवादी पूर्णे कामी भन्ने पुर्णबहादुर विश्वकर्माको यस अदालतसमक्षको बयानः** जाहेरवालाको घरमा डाँका चोरी भएको कुरा सुनी थाहा पाएको हो । को कसले चोरी गरेको हो मालई थाहा भएन । मैले बन्दुक मर्मत गरेको नभई फलामको पाईप बन्दुक हो भनी थाहा नभएकोले मर्मत गरेको हो, थाहा भएको भए मर्मत गर्ने थिइन । मैले अभियोग अनुसार कसूर नगरेको हुँदा सजाय हुनु पर्ने होइन, अभियोगबाट सफाइ पाँउ भन्नेसमेत व्यहोराको प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माले यस अदालतसमक्ष गरेको बयान ।

२८. **प्रतिवादी योगबीर लकान्द्रीको यस अदालतसमक्षको बयानः** चोरी सम्बन्धमा मलाई थाहा छैन। म विगत १८ वर्षदेखि काठमाडौंमा सुनचादी चाँदी पसल व्यवसाय गर्दै आएकोमा यकिन नाम थर थाहा नभएकी महिला तिलहरी बनाउने अडर गरी जाने क्रममा रेशम तामाङ र निज महिलाको बीच भलाकुसरी  गरेको देखेको र महिला हिंडेपछि रेशम तामाङले पैसाको सारै समस्या परेको छ, कानमा लगाउने रिङ २ थान लिई दिनु भनेका र मैले विल सहित ल्याउनु

भन्दा विल हरायो भनेकाले उक्त सुन तौल गर्दा ६४ लाल भएपछि सो बेलाको प्रचलित सुनको भाउमा मैले लिएको हो । सो बेला मैले खरीद गरेको सुन डाँका चोरी गरी ल्याएको हैन होला भन्ने विश्वास लागि किनेको हुँ, डाँका चोरीको थाहा भएको भए किन्ने थिइन भन्नेसमेत व्यहोराको प्रतिवादी योगबीर लकान्द्रीले यस अदालतसमक्ष गरेको बयान ।

२९. **प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङको यस अदालतसमक्षको बयानः** म, जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र परिवर्तित नाम गोकुलगंगा P समेत भई जाहेरवालाको घरमा मिति २०७८।५।३१ गते डाँका चोरी गरेको हो । हामीले डाँका चोरी गरेको सामानमा कानमा लगाउने रिङ २ थान, नेपाली पुरानो १ र २ का नोटहरु, रु. ५ का नोटहरु, मोरू लेखिएका नोटहरु, २ मानाजति सेतो सिक्का पैसा र शंख १ थियो । हामी सबैले डाँका चोरीको धनमाल बाँडी लिएका हौं । कानमा लगाउने रिङ ६४ लाल रहेकोमा आकाश तामाङले काठमाडौंमा बेची खाई सकेको हो । हामीले जाहेरीमा उल्लेख भएबमोजिमको अन्य धनमाल चोरी डाँका गरेको होइन, अन्य जाहेरी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङले यस अदालतसमक्ष गरेको बयान ।

३०. **थुनछेक आदेशः** पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादीहरु जंगे भन्ने आकास तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को अवस्था विद्यमान देखिएकोले सोही दफा ६७(१)(ख) बमोजिम मुद्दा पुर्पक्षका निमित्त रीतपूर्वकको थुनुवा पूर्जी दिई कारागार कार्यालय रामेछापमा थुनामा राख्न पठाई दिनू । पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा प्रतिवादीहरु पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्मा र योगबीर लकान्द्रीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ तथा दफा ७२ समेतलाई दृष्टिगत गरी प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माबाट रु.१०,०००।—(दश हजार) र अर्का प्रतिवादी योगबीर लकान्द्रीबाट रु.५०,०००।—(पचास हजार) नगद धरौटी, जेथा जमानत वा बैंक ग्यारेन्टी माग गरी दिए लिई तारेखमा राख्नु, अन्यथा मुद्दा पुर्पक्षका निमित्त कानूनबमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय रामेछापमा थुनामा राख्न पठाई दिनू भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७८।०७।०७ को आदेश ।

३१. **जाहेरवाला सुनिताकुमारी बुढाथोकीको बकपत्रः** वारदात मिति र समयमा यी प्रतिवादीहरुले मेरो तथा छोरीहरुको साथमा रहेको तीन थान फुली, एकतोलाको बेरुवा रिङ २ थान बाह्र आनाको पोते सहितको घोप्टे एक थान, ६ आनाको ढुग्री २ थान, कुण्डल २ थान नगद रु ८५०००।— (पचासी हजार), पुराना मोहर लगायत जाहेरीमा उल्लेख गरिएका तथा घटनास्थल मुचुल्का उल्लेख गरिएका सम्पूर्ण नगद, सुनका गरगहना लगायतका सम्पूर्ण सामानहरु लुटी लगेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला सुनिताकुमारी बुढाथोकीले यस अदालतमा गरेको बकपत्र ।

३२. **घटना विवरण कागजका सावित्रा बुढाथोकीको बकपत्रः** मैले नाकमा लगाएको सुनको फुली र मेरो व्यागमा रहेको रु.८५००।-, ममीले नाममा लगाएको सुनको फुली, घोप्टे, नौगेडी र

बहिनीले लगाएको सुनको फुली लुटी लगेका हुन सो बाहेक घर कोठामा रहेको ममी, काकी र हजुरआमाको छुट्टाछुट्टै बक्सामा राखेको र जाहेरीमा उल्लेखित विभिन्न सुन चाँदीका गरगहना, नगद पैसा, पुराना चाँदीका सिक्काहरु सम्पूर्ण लुटी लगेका हुन् भन्नेसमेत व्यहोराको घटना विवरण कागजका सावित्री बुढाथोकीले यस अदालतमा गरेको बकपत्र।

३३. **घटना विवरण कागजका मोहन खडकाको बकपत्रः** प्रतिवादी पूर्णबहादुरले बन्दुक जस्तो किसिमको हतियार बनाउनु हुन्न वहाँसँग त्यस्तो हतियार बनाउने सीप पनि छैन । प्रतिवादी मिलन तामाङले फलामको पाईप प्वाल टाल्न ल्याएको र जबरजस्ती टाल्न टाल्न लगाएकाले फलामको पाइपको प्वालसम्म ज्यालामा टालेका हुन् । उनको पेशा नै फलामको काम गर्ने हो । पुर्णबहादुर निर्दोष छन् । सजाय हुनु पर्ने होईन भन्नेसमेत व्यहोराको घटना विवरण कागजका मोहन खड्काले यस अदालतमा गरेको बकपत्र ।

३४. **घटना विवरण कागजका लक्ष्मी बुढाथोकीको बकपत्रः** यी प्रतिवादीहरुले हामीले नाकमा लगाएको सुनको फुली, नगद रकम, नौगेडी, घोप्टे र हजुरआमाको बाकसमा राखेको जाहेरीमा उल्लेखित विभिन्न सुन चाँदीका गरगहना, नगद पैसा र पुराना चाद्दीका सिक्काहरु र विदेशबाट ल्यएका डलरहरु लगायत सम्पूर्ण सामान चोरी गरी लुटी लगेका हुन् भन्नेसमेत व्यहोराको लक्ष्मी बुढाथोकीले यस अदालतमा गरेको बकपत्र ।

३५. **घटना विवरण कागजका रुद्रबहादुर खत्रीको बकपत्रः** वारदात मिति र समयमा म आफ्नै घरमा थिएँ। वारदात पश्चात प्रतिवादीहरुले जाहेरवालासमेतलाई कुटपीट गरी घाइते बनाएकाले जाहेरवालालाई अस्पतालमा लगी उपाचार गरेको हो । निजहरुले जाहेरवालासमेतले लगाएका गरगहना र सन्दुक तथा बाकसमा राखिएका विभिन्न जात र परिमाणका सुनका गरगहना, चाँदीका मोहर तथा अन्य तत्ताकपडासमेत लुटि लगेका र घरका अन्य सामान तोडफोडसमेत गरेका हुन् । निज प्रतिवादीहरुलाई कानूनबमोजिम सजाय होस भन्नेसमेत व्यहोराको घटना विवरण कागजका रुद्रबहादुर खत्रीले यस अदालतमा गरेको बकपत्र ।

३६. **घटना विवरण कागजका गोविन्द खत्रीको बकपत्रः** वारादत मितिमा जाहेरवालाको घरमा मुखमा नकाव लगाई बन्दुक, छुरी तथा लाठीको प्रयोग गरी जाहेरवालीका दुई छोरीलाई नियन्त्रणमा लिई कुटपिट समेत गरी निजहरुले लगाएको गरगहना, घरभित्र बाकस फुटाई जाहरीमा उल्लेखित परिमाण र जातका सुन चाँदीका गहना,पुराना मोहर तथा अन्य नगद जिन्सी सामानहरु लुटी लगेका हुन् निजहरुलाई कानुन बमोजिम सजाय हुनु पर्दछ भन्ने समेत व्यहोराको वादीका साक्षी गोविन्द खत्रीले यस अदालतमा गरेको बकपत्र ।

३७. **घटना विवरण कागजका सरिता बुढाथोकीको बकपत्रः** यी प्रतिवादीहरुले जाहेरवालाको घरमा गई बन्दुक, छुरी तथा लाठीको प्रयोग गरी जाहेरवालीका दुई छोरीलाई नियन्त्रणमा लिई कुटपिट समेत गरी जाहेरीमा उल्लेखित सुन चादीको गरगहना र पुराना मोहर र अन्य नगद जिन्सी सामानहरु लुटी लगेका हुन निजहरुलाई कानुन बमोजिम सजाय हुनु पर्दछ भन्ने समेत व्यहोराको घटना विवरण कागजका सरिता बुढाथोकीले यस अदालतमा गरेको बकपत्र।

३८. **घटना विवरण कागजका भिमकुमारी खत्रीको बकपत्रः** यी प्रतिवादीहरुले जाहेरवालाको घरमा गई जाहेरवालासमेतलाई बन्दुर र छुरीसमेतका हतियार देखाई कुटपिट गरी जाहेरीमा उल्लेख भएका सुन चादीको गरगहना र पुराना मोहर र अन्य नगद जिन्सी सामानहरु लुटी लगेका हुन निजहरुलाई कानुन बमोजिम सजाय हुनु पर्दछ भन्ने समेत व्यहोराको घटना विवरण कागजका भिमकुमारी खत्रीले यस अदालतमा गरेको बकपत्र ।

३९. **प्र.ना.नि. सरोज रेग्मीको बकपत्रः** मिति २०७८।६।१४ को परीक्षण प्रतिवेदन मसमेतले तयार गरेको हो । परीक्षणका लागि प्राप्त भएको हतियार लोडेड बारुद भरेको अवस्थामा थियो परीक्षण गर्दा ह्यामर र ट्रिगर सेट नभएकोले चालू अवस्थामा थिएन तर सो हतियारको व्यारलको होलबाट जल्न सक्ने गरी आगोको झिल्का दिइयो भने पड्किने सम्भावना हुन्छ । उक्त हतियार सक्कली हो भन्नेसमेत व्यहोराको

४०. **प्रतिवादी योगबीर लकान्द्रीका साक्षी विरासे गुरुङको बकपत्रः** यी प्रतिवादीले चिनेका रेशम तामाङले पैसाको खाँचो पर्‍यो रिङ किनिदिनु भनेकाले ६४ लालको रु.५३५६०। मा खरीद गरेका हुन् । उक्त सुन चोरीको भन्ने यी प्रतिवादीले थाहा नपाई किनेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी योगबीर लकान्द्रीका साक्षी विरासे गुरुङले यस अदालतमा गरेको बकपत्र

## कसूर ठहर खण्ड

४१. नियम बमोजिम आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री भगवतीदेवी गौतमले यी प्रतिवादीहरुले अभियोग दावीको कसूर गरेको भन्ने निज प्रतिवादीहरुको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्षको बयानबाटसमेत पुष्टि भएको हुँदा निज प्रतिवादीहरुलाई अभियोग दावीको कसूरमा कसूरदार ठहर गरी फैसला होस भनी बहस गर्नु भयो । प्रतिवादी जंगे भन्ने आकाश तामाङ र ठुला भन्ने मिलन तामाङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री पाण्डवप्रसाद प्रसाईले यी प्रतिवादीहरुले डाँकाको कसूर स्वीकार गरेको भए पनि निज प्रतिवादीहरुले एकीकृत कसूर नगरेको र चालू हालतमा नरहेको भरुवा बन्दुक लिएर हिंडेको हुँदा हातहतियार सम्बन्धी कसूरमा सफाइ हुने गरी फैसला होस् भनी र प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिवकुमार कार्कीले यी प्रतिवादीले हातहतियार सम्बन्धी र एकीकृत कसूरमा सफाइ पाउने गरी तथा डाँका कसूरमा सजायमा छुटसमेत पाउने गरी फैसला होस भनी बहस गर्नु भयो । प्रतिवादी योगविर लकान्द्रीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री यादवप्रसाद दाहालले यी प्रतिवादीले खरीद गरेको सुन चोरीको भन्ने थाहा नपाई खरीद गरेको अवस्था हुँदा निज प्रतिवादीलाई अभियोग दावीको कसूरबाट सफाइ दिने गरी फैसला होस् भनी बहस गर्नु भयो । त्यसै गरी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सौजन्यप्रसाद सत्यालले आरनको काम गरी जीविकोपार्जन गर्दै आएका यी प्रतिवादीले एउटै वडाका पहिलेदेखि चिनजानका प्रतिवादी ठुला भन्ने मिलन तामाङले ल्याएको वस्तु बन्दुक हो भन्ने थाहा नपाई

फलामको पाइपमा रहेको प्वाल टाल्ने काम गरेका हुँदा निजलाई सफाइ हुने गरी फैसला होस् भनी बहस गर्नु भयो ।

४२. मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी वादी तथा प्रतिवादीहरुका कानून व्यवसायीबाट पेश भएको तर्कपूर्ण बहस सुनी प्रतिवादीहरु को कसले अभियोग दावीको के कस्तो कसूर गरेका हुन् वा होइनन्? गरेका हुन् भने कुन प्रतिवादीको के कुन कसूरमा के कस्तो संलग्नता रहेको छ भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

४३. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङले जाहेरवालाको घरमा बन्दुक, छुरी र लाठीसमेत लिई नगद, सुनचाँदीका गरगहनाहरू, सिक्का तथा अन्य धनमालसमेत डाँका गरी डाँकातर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) र (२) (क) बमोजिमको कसूरमा निज प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङलाई सोही संहिताको दफा २४४(३)(क) बमोजिम सजाय हुन र प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र ठुला भन्ने मिलन तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३२ (१) बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा १३२(२) बमोजिम सजाय गरी प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र ठुला भन्ने मिलन तामाङले एकै मिति, समय र वारदात स्थानमा एकभन्दा बढी कसूर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिमको कसूर गरेका हुँदा सो कसूरमा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा ४३(२) बमोजिम थप सजाय हुन र प्रतिवादी योगबीर लकान्द्रीले डाँका चोरीको २ थान सुनको रिङ खरीद मुलुकी अपराध संहिता, २०७४ को दफा २८७(१) बमोजिमको कसूर गरेको हुँदा उक्त कसूरमा निज प्रतिवादी योगबीर लकान्द्रीलाई सोही संहिताको दफा २८७ (२) बमोजिम सजाय गरी प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माले हातहतियार मर्मत गर्ने इजाजतपत्र प्राप्त नगरी भरुवा बन्दूकलाई टाली मर्मत गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १२९(१) बमोजिमको कसूर गरेको हुँदा उक्त कसूरमा निज प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्मालाई सोही संहिताको दफा १२९(२) बमोजिम सजाय गरी बरामद धनमाल जाहेरवालालाई फिर्ता दिलाई बरामद हुन नसकेको जम्मा बिगो रु.८,२७,५६२।५० मुलुकी अपराध संहिता, २०७४ को दफा २४७ बमोजिम प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठूला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङबाट जाहेरवालासमेतलाई दिलाई भराई फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ एवं अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० बमोजिमको मनासिव क्षतिपूर्ति प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठूला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङबाट जाहेरवाला पीडितलाई दिलाई भराई अपराध पिडित संरक्षण ऐन, २०७५ बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीहरुबाट भराई पीडित राहत कोषमा जम्मा गरी पाँउ भन्नेसमेत व्यहोराको अभियोगपत्र रहेको देखिन्छ ।

४४. मिति २०७८।०५।३१ गते बेलुका अं. १९:१५ बजे टाउको र मुखमा रुमाल बाँधी भरुवा बन्दूक तथा धारीलो हतियार छुरी र लौरोसमेत लिई आएका अपरिचित व्यक्तिहरुले जाहेरवाला र २ छोरीहरुलाई हतियार देखाई नियन्त्रणमा लिई कुटपीट गरी अं. १ तोला सुनको बेरूवा रिङ थान-२, अं. ६ आनाको सुनको नाकमा लगाउने फुली थान-१, अं. १२ आना सुन भएको पोते सहितको घोप्टे थान-१, दुई छोरीहरुले लगाएको ४/४ आनाको सुनको फुली थान-२, बाकसमा राखेको ६ आनाको सुनको ढुङग्री थान-२, ६ आनाको सुनको कुण्डल थान-२, पोते सहितको १ तोला सुनको नौगेडी थान-१, ६ आना सुनको पोते सहितको तिलहरी थान-१, ६ आना सुनको औंठी थान-१, ४ तोलाको चाँदीको पाउजु थान-२, सोही बाकसमा राखेको ३ माना जति चाँदीका सिक्काहरू, नेपाली नगद २५/३० (पच्चीस/तीस हजार), आधा तोला सुनको तिलहरी थान-१, ८ आना सुनको मारवाडी थान-२, ६ तोलाको चाँदीको कल्ली थान-२ र केही पुराना चाँदीका सिक्काहरु एवं छुट्टै बाक्सामा राखेको सुनका गहना तथा पैसाहरु, पुजा कोठामा राखेको शंख थान-१ र भेटी चढाएका सिक्काहरु डाँका चोरी गरी फरार भएकोमा बुझ्दै जाँदा जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामाङ, परिवर्तित नाम गोकुलगंगा P र यकिन नामथर वतन नखुलेका अन्य केही व्यक्तिहरुले डकैती गरी लगेको यकिन भएको हुँदा निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही गरी डकैती भएको नगद पैसा, गरहगना तथा सामानहरुको क्षतिपूर्ति दिलाई भराई पाँउ भन्ने सुनिताकुमारी बुढाथोकीको जाहेरी दरखास्त परी प्रस्तुत मुद्दा उठान भएको देखियो ।

४५. जिल्ला रामेछाप लिखु तामाकोशी गा.पा. वडा नं. ६ जामुने स्थितमा रहेको जाहेरवालाको घरमा अपरिचित ३/४ जना मानिस प्रवेश गरी हातहतियार देखाई सुनिताकुमारी बुढाथोकीले लगाएको १ तोलाको सुनको बेरूवा रिङ थान-२, अं. ६ आनाको सुनको नाकमा लगाउने फुली थान-१, १२ आना सुन भएको पोते सहितको घोप्टे थान-१, साबित्रा बुढाथोकी र लक्ष्मी बुढाथोकीले नाकमा लगाएको ४/४ आनाको फुली थान-२, ६ आनाको कुण्डल थान-२, सुनिता कुमारी बुढाथोकीले बाकसमा राखेको ६ आनाको सुनको ढुङग्री थान-२, पोते सहितको नौगेडी थान-१, पोते सहितको तिलहरी थान-१, ६ आनाको औंठी थान-१, ४ तोलाको चाँदीको पाउजु थान-२ र सोही बाकसमा राखेको ३ माना जति चाँदीका सिक्काहरू र नेपाली नगद २५/३० (पच्चीस/तीस हजार रुपैयाँ) र सोही घर कोठामा राखेको जाहेरवालाको सासु आमाको मारवाडी थान-२, ८ तोलाको चाँदीको कल्ली थान-२ र केही पुराना चाँदीका सिक्काहरु, पुजा कोठामा राखेको शंख थान-१ डाँका चोरी गरी लगेको भन्नेसमेत घटनास्थल मुचुल्का पाइयो । जिल्ला रामेछाप गोकुलगंगा गा.पा. वडा नं. ६ ददिले फर्पु स्थितमा रहेको गोरेटो बाटोको ४ मिटर दक्षिणतर्फ रहेको ठुलो ढुङ्गाको ओडारमा मिलन तामाङसमेतको टोलीले डाँका चोरी गर्न प्रयोग गरेको फलाम र काठले बनेको भरूवा बन्दुक जस्तो देखिने वस्तु बरामद भएको भन्ने खानतलासी/बरामदी मुचुल्का साथै जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. १ राम नारायण चोक खहरे स्थितमा रहेको बोधकुमार श्रेष्ठको माथिल्लो तलाको प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङले भाडामा लिई बसोबास गर्दै आइरहेको कोठामा डाँका सम्बन्धी कसूर

मुद्दामा प्रमाणमा लाग्ने चिजबस्तु तथा नगद नेपाली रु. ५ को नोट २० थान, नेपाली रु. २ को नोट ५ थान, नेपाली रु. १ को नोट १० थान, नेपाली मोरु. १ को नोट ८ थान र सुनको जस्तो देखिने नाकमा लगाउने फुली-२ थान प्रहरीले बरामद गरी लगेको भन्ने खानतलासी/बरामदी मुचुल्का पाइन्छ । त्यसै गरी जिल्ला रामेछाप लिखुतामाकोशी गा.पा. वडा नं. ६ खिम्ति माथि दोभान स्थित खिम्ति खोला र छतुने खोलाको दोभानबाट दक्षिण पश्चिमतर्फ उत्तिसको बिरूवाहरू रहेको ढुङ्गाको कोप्चामा राहुल भन्ने लालबहादुर तामाङले लुकाई राखेको सिक्का ७४ पिस, पच्चीस पैसाको सिक्का ८३ पिस, पचास पैसाको सिक्का ७६ पिस, दश पैशाको सिक्का १३ पिस, गाई पैसा १५ पिस, भारतीय पाँचको डबल सिक्का ५ पिस, भारतीय दुईको डबल सिक्का ९ पिस, भारतीय एकको डबल सिक्का २२ पिस, भारतीय पचास पैसा डबल सिक्का १६ पिस, भारतीय पच्चीस पैसाको सिक्का ४ पिस सिक्काहरू प्रहरीले बरामद गरेको भन्नेसमेत बरामदी/खानतलाशी मुचुल्का तथा जिल्ला रामेछाप गोकुलगंगा गा.पा.वडा नं. ६ फर्पु स्थित लालबहादुर तामाङको अदुवा बारीमा लालबहादुर तामाङको छोरा जंगे भन्ने आकाश तामाङले डाँका चोरी गरी ल्याई राखेको सेतो रङको शंख थान-१, नेपाली रु. दुईको नोट २२ पिस, नेपाली रु. एकको नोट ७ पिस, कतारको Ten Riyal लेखिएको एक पिस, भारतीय एक रुपैंयाको एक पिस, भारतीय दुई रुपैंयाको एक पिस र साउदीको एक (One Riyal) लेखिएको एक पिस वारीमा गाडेको अवस्थामा प्रहरीले फेला पारी बरामद गरेको भन्ने खानतलासी/बरामदी मुचुल्का देखियो ।

४६. प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामङले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष बयान गर्दा मिति २०७८।०५।३१ गते बेलुका जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ, राहुल भन्ने लालबहादुर तामङ र परिवर्तित नाम गोकुलगंगा P समेतले सल्लाह गरी मुखमा रुमाल बाँधी भरुवा बन्दुक, छुरी र लाठीसमेत बोकी जाहेरवाला सुनिताकुमारी बुढाथोकीको घरभित्र प्रवेश गरी निज जाहेरवालासमेतलाई नियन्त्रणमा लिई डर धाक देखाई जाहेरवालासमेतले लगाएका सुनका रिङ र फुली तथा पुरानो बाक्साभित्र रहेको नेपाली रु. ५ का नोटहरु, १ र २ का केही पुरानो नोटहरु, मोरु नोटहरु, अं. डेढ माना जति सेतो सिक्का पैसाहरु र शंखसमेतका बरामदी मुचुल्कामा उल्लेख भएको धनमाल ४ जनाको समूहले चोरी गरी एक आपसमा बाँडी लिएको भनी कसूरमा सावित रही प्रतिवादीहरुले एक आपसमा पोल गरी एकै मिलान हुने गरी व्यहोरा लेखाएको पाइयो । प्रतिवादी योगबीर लकान्द्रीले अधिकारप्राप्त अधिकारीसमक्ष एवं अदालतमा बयान गर्दा मैले रेशम तामाङबाट खरीद गरेको ६४ लाल सूनका २ थान रिङ डाँका चोरीको भन्ने थाहा नपाई खरीद गरेको भनी अभियोगको कसूरमा इन्कार रही व्यहोरा लेखाएका र अर्का प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरनको काम गरी जीविकोपार्जन गर्दै आएकोमा एउटै वडाका पहिलेदेखि चिनजान भएका प्रतिवादी ठुला भन्ने मिलन तामाङले ल्याएको बन्दुकको नालमा रहेको प्वाल टाल्न निजले जीद्दी गरेपछि नजानी नजानी टाली दिएको भन्ने व्यहोरा लेखाएकोमा अदालतमा बयान गर्दा प्रतिवादी

मिलन तामाङले ल्याएको फलामको पाइपको प्वाल टालेको हो, उक्त पाइप बन्दुकको नाल हो भन्ने थाहा थिएन भन्ने व्यहोरा लेखाएको पाइयो।

४७. Article No. 1 is a local made / home made muzzle loading gun in loaded condition. Under the present condition, its hammer and trigger sets are absent भन्ने बरामद भरुवा बन्दुकको परीक्षण प्रतिवेदन मिसिल संलग्न देखिन्छ भने बरामदी/खानतलासी मुचुल्कामा उल्लेख भएका नगद तथा जिन्सीहरु प्रतिवादी जंगे भन्ने आकाश तामाङसमेतले मेरो घरमा आई डाँका गरी लगेका नगद तथा जिन्सीहरु हुन् हेरी चिनी सनाखत गरिदिएँ भन्ने जाहेरवाला सुनिताकुमारी बुढाथोकीको दशी सनाखत मुचुल्का पाइन्छ।

४८. सावित्रा बुढाथोकी, लक्ष्मी बुढाथोकी, भिमकुमारी खत्री, रुद्रबहादुर खत्री, गोबिन्दबहादुर खत्री, सरिता बुढाथोकी र सरस्वती बुढाथोकीले मौकामा घटना विवरण कागज गर्दा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ, ठुला भन्ने मिलन तामाङ र परिवर्तित नाम गोकुलगंगा P समेतले मिति २०७८।५।३१ गते राति १९.१५ बजे नाक मुखमा नकाव लगाई बन्दुक, छुरी र लौरोसमेत लिई जाहेरवालाको घरमा प्रवेश गरी जाहेरवाला र निजका छोरीहरुलाई नियन्त्रणमा लिई डर धाक धम्की दिई कुटपीटसमेत गरी निजहरुले लगाएका सुनका गहना तथा बाक्सामा राखेका नगद रकम एवं सुन चाँदीका गहना, सिक्का, शंख लगायतका जाहेरी दरखास्तमा उल्लेखित धनमाल डाँका गरी लगेका हुन् भन्ने प्रायः एकै मिलान हुने गरी व्यहोरा लेखाएको पाइयो । जाहेरवाला सुनिताकुमारी बुढाथोकीले अदालतमा बकपत्र गर्दा जाहेरीमा उल्लेखित व्यहोरा नै लेखाएको र घटना विवरण कागजका सावित्री बुढाथोकी, मोहन खड्का, लक्ष्मी बुढाथोकी, रुद्रबहादुर खत्री, गोविन्द खत्री, सरिता बुढाथोकी र भिमकुमारी खत्रीले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरुले जाहेरवालाको घरमा गई जाहेरवालासमेतलाई बन्दुक र छुरीसमेतका हतियार देखाई कुटपीट गरी जाहेरीमा उल्लेख भएका सुन चाँदीको गरगहना, पुराना मोहर, सिक्का र अन्य नगद जिन्सी सामानहरु लुटी लगेका हुन्‌भनी जाहेरी दरखास्तलाई समर्थन गरी व्यहोरा लेखाएको पाइयो ।

४९. माथि विवेचना गरिएका तथ्य एवं प्रमाणको आधारमा यी प्रतिवादीहरुमध्ये को कसको के कुन कसूरमा के कस्तो संलग्नता रहेको हो भन्ने सम्बन्धमा हेर्दा सर्वप्रथम जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङको हकमा विचार गर्दा जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी एवं अदालत समक्षको कसूर गरेमा साविति रही गरेको बयान, वरामदी मुचुल्का, जाहेरवालाको सनाखत कागज, घटना विवरण कागजका सावित्रा बुढाथोकीसमेतका मानिसहरुले गरिदिएको घटना विवरण कागज एवं अदालतको बकपत्रसमेतबाट जाहेरी दरखास्तमा उल्लेखित व्यहोरा समर्थित भएकोले यी ३ जना प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(क) बमोजिमको तरीकाबाट दफा २४४(१) बमोजिमको डाँकाको कसूर गरेको ठहर्छ ।

५०. यी प्रतिवादीहरु उपर सोही संहिताको दफा १३२(१) समेतको कसूरको अभियोग मागदावीको सम्बन्धमा हेर्दा मिसिल संलग्न प्रमाणबाट वारदातमा प्रयोग भएको बन्दुक प्रतिवादी ठुला भन्ने

मिलन तामाङको घरबाट निजले नै बोकी वारदातस्थलमा लगेको र सो बन्दुक डाँका, चोरीमा लैजान जंगे भन्ने आकाश तामाङसँग वारदात मिति भन्दा अघिल्लो दिन सल्लाह भएबमोजिम लगिएको भनी आफ्नो कसूर स्वीकार गरी जंगे भन्ने आकाश तामाङलाईसमेत पोल गरी ठुल्ला भन्ने मिलन तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिंदा निज प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ र ठुला भन्ने मिलन तामाङले अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(१) कोसमेत कसूर गरेको ठहर्छ । अर्का प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङलाई वारदात स्थलमा बन्दुक लैजाने विषयमा सल्लाह भएको वा जानकारी दिइएको भनी अन्य प्रतिवादीहरुले पोल गरेको नदेखिंदा निज प्रतिवादी राहुल भन्ने लालबहादुर तामाङ उपरको उक्त दफा १३२(१) को अभियोग मागदावी सो हदसम्म पुगन नसक्ने ठहर्छ।

**५१.** यी तीनै जना प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङले एउटै वारदात स्थल र समयमा एकभन्दा बढी कसूर गरी सोही संहिताको मदफा ४३(१) बमोजिम कसूर गरेको भन्ने अभियोग मागदावी पुष्टि हुन नआएबाट निज प्रतिवादीहरु उपरको उक्त दफा ४३(१) को कसूर गरेको भन्ने अभियोग मागदावी सो हदसम्म पुग्न सक्दैन ।

**५२.** अब अर्का प्रतिवादी योगबीर लकान्द्रीको हकमा हेर्दा यी प्रतिवादी योगबीर लकान्द्रीले चोरीको सुन खरीद गरी गाली अन्य गहना बनाई बिक्री गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २८७(१) बमोजिमको कसूर गरेका भन्ने अभियोग मागदावी रहेकोमा निज प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालतमा बयान गर्दा रेशम तामाङले लगेको सुनका २ वटा रीङको जम्मा तौल ६४ लाल भएको र उक्त मितिमा सुनको भाउ रु. ८९,१००। रहेकोले ६४ लालको रु.५३५६०।— रेशम तामालाई दिई खरीद गरेको भनी व्यहोरा लेखाएकोमा प्रतिवादीमध्येका जंगे भन्ने आकाश तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा डाँका चोरीको सुन रेशम तामाङलाई काम गरेको ठाँउबाट पैसा नपाई सुन ल्याएकोले बेचिदिन भनेकोमा निजले रु.५३५६०।-मा बिक्री गरी दिएको भनी व्यहोरा लेखाएको तर यी प्रतिवादी योगबीर लकान्द्रीलाई उक्त सुन चोरीको भन्ने थाहा थियो भनी पोल गर्न नसकेको र अन्य प्रतिवादीहरुसमेतले यी प्रतिवादीलाई पोल गर्न सकेको देखिएन । मिसिल संलग्न अन्य कागज प्रमाणबाट पनि उक्त सुनका गहना चोरीको हो भन्ने जानी जानी वा डाँका चोरीको हुन सक्ने कुरा थाहा हुँदाहुँदै यी प्रतिवादीले खरीद गरी लिएको भन्ने कुरा पुष्टि हुन नसकेबाट प्रतिवादी योगबीर लकान्द्रीउपरको अभियोग मागदावी पुग्न सक्दैन । यी प्रतिवादी योगबीर लकान्द्रीले अभियोग दावीबमोजिमको कसूरबाट सफाइ पाउने ठहर्छ ।

**५३.** अर्का प्रतिवादी पूर्णे भन्ने पूर्णबहादुर विश्वकर्माले वारदातमा प्रयोग भएको बन्दुकको प्वाल टाली मुलुकी अपराध संहिता, २०७४ को दफा १२९(१) को कसूर गरेका भन्ने अभियोग मागदावी रहेकोमा निज प्रतिवादी पूर्णे कामी भन्ने पूर्णबहादुर विश्वकर्माले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादी ठुला भन्ने मिलन तामाङले ल्याएको बन्दुकको नालमा रहेको प्वाल टाल्न निज मिलन तामाङले जिद्दी गरेकाले जानी नजानी टाली दिएको भन्ने व्यहोरा लेखाएका र

अदालतमा बयान गर्दा फलामको पाइपमा रहेको प्वाल टालेको भनी व्यहोरा लेखाएको भए पनि आरन थापी ज्यालामा फलामको काम गरी जीविकोपार्जन गर्दै आएका यी प्रतिवादालाई ठुल्ला भन्ने मिलन तामाङले ल्याएको उक्त बन्दुक इजाजत पत्र नभएको भन्ने कुरा थाहा थियो भनी अभियोजन पक्षले दावी लिएको देखिएन । एउटै वडाका पहिलेदेखि चिनजान रहेका व्यक्तिले प्वाल टाल्न धेरै आग्रह गरेपछि निजको आग्रह टार्न नसकी रोजी रोटीका लागि उक्त बन्दुकको इजाजतपत्र नभएको कुरासमेत थाहा नपाई गरेको कार्यलाई कसूरजन्य कार्य गरेको भनी दोषी ठहर गर्न न्यायोचित नहुने हुँदा यी प्रतिवादी पूर्णे भन्ने पूर्णबहादुर विश्वकर्मा उपरको अभियोग दावी पुग्न सक्तैन । निज प्रतिवादीले अभियोग मागदावीको कसूरबाट सफाइ पाउने ठहर्छ ।

**५४.** प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) को कसूर गरेका तथा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ र ठूला भन्ने मिलन तामाङले सोही संहिताको दफा १३२(१) समेतको कसूर गरेको ठहर भएकोले निज प्रतिवादीहरुको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९(१) बमोजिम सजाय निर्धारण तथा बिगोसमेतको लागि सोही ऐनको दफा १२(६) बमोजिमको प्रतिवेदन वादी तथा प्रतिवादीका कानून व्यवसायीबाट लिई सोही ऐनको दफा ८(२) बमोजिमको समयावधिभित्र पुनः पेश गर्नु भन्ने यस अदालतको मिति २०७९।४।१८ को कसूर ठहर आदेश ।

## सजाय निर्धारण खण्ड

**५५.** नियम बमोजिम सजाय निर्धारण सुनुवाइका लागि इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री भगवतीदेवी गौतमले तथा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री शिवकुमार कार्की र श्री पाण्डवप्रसाद प्रसाईले गर्नु भएको बहससमेत सुनी वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकील कार्यालय मन्थलीबाट एवं प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ र ठुला भन्ने मिलन तामाङको तर्फबाट अधिवक्ता श्री पाण्डव प्रसादप्रसाई र लालबहादुर तामाङको तर्फबाट अधिवक्ता श्री शिवकुमार कार्कीबाट पेश हुन आएको सजाय पूर्वको प्रतिवेदनसमेत अध्ययन गरी निर्णय दिनु पर्ने देखियो ।

**५६.** प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तमाङले मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(क) बमोजिमको तरिकाबाट ऐ.दफा २४४(१) बमोजिमको कसूर गरेको ठहर भई निर्णय भएको र निज प्रतिवादीहरुउपर सोही संहिताको दफा २४४(३)(क) बमोजिमको सजायको अभियोग मागदावी रहेकोले निज प्रतिवादीहरुलाई के कस्तो सजाय हुने हो भन्ने सम्बन्धमा निर्णय दिनु परेको छ । उक्त दफा २४४(३)(क) मा उपदफा (२)(क) बमोजिमको कसूरमा सात वर्षदेखि चौध वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँदेखि एक लाख चालीस हजार रुपैयासम्म जरिवाना हुने भन्ने कानूनी व्यवस्था रहेको छ । यी प्रतिवादीहरुले मौकामा तथा अदालतमा बयान गर्दा कसूरमा सावित रहेका, अदालतमा बयान गर्दा सुध्रने मौका पाँउ भनी अपराध प्रति प्रायश्चित र पश्चाताप

गरेकोसमेतबाट निजहरुको कसूरको मात्रामा मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ बमोजिम कसूरको गाम्भीर्यता घटाउने अवस्थाको विद्यमान देखिंदा सजायको उद्धेश्यसमेतको आधारमा यी प्रतिवादीहरुलाई कानूनले तोकेको न्यूनतम सजाय गर्दा पनि सजायको उद्धेश्य पूरा हुने देखिंदा प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(क) बमोजिमको न्यूनतम सजाय जनही ७ (सात) वर्ष कैद र जनही रु.७०,०००।— (सत्तरी हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ।

**५७.** बिगोको हकमा प्रतिवादीहरुबाट बरामद भई आएको बरामदी मुचुल्कामा उल्लेखित बिगो बमोजिमको धनमाल वस्तु मिति २०७८।११।५ मा जाहेरवाला सुनिताकुमारी बुढाथोकीले बुझी लगेको मिसिलबाट देखिंदा सो बिगो भराउनेतर्फ केही गरी रहन परेन । प्रतिवादीहरुबाट बरामद हुन नसकेको बिगो रु. ८,२७,५६२।५० प्रतिवादीहरुबाट जाहेरवालासमेतका व्यक्तिलाई भराई पाँउ भन्ने अभियोग मागदावीतर्फ हेर्दा बरामद हुन नसको बिगो बमोजिमको धनमाल बस्तु यी प्रतिवादीहरुले यो यसरी मासी खाएको भन्ने पनि नदेखिएको, उक्त बिगोबमोजिमको धनमाल आफूहरुले डाँका गरेको होइन भनी यी प्रतिवादीहरुले मौकामा र अदालतमा बयान गर्दा खुलाएकोसमेतबाट बरामद हुन नसकेको बिगो प्रतिवादीहरुबाट जाहेरवालासमेतलाई भराई पाँउ भन्ने अभियोग मागदावी सो हदसम्म पुग्न नसक्ने ठहर्छ ।

**५८.** अब, प्रतिवादीहरु ठुला भन्ने मिलन तामाङ र जंगे भन्ने आकाश तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(१) बमोजिमको कसूर गरेको ठहर भई निर्णय भएकोले निज प्रतिवादीहरुलाई सोही दफा १३२ (२) बमोजिमको सजायको अभियोग माग दावी रहेतर्फ विचार गर्दा मौकामा तथा अदालतमा बयान गर्दा यी प्रतिवादीहरुले कसूर स्वीकार गरेका, प्रतिवादीहरुबाट वारमद भएको बन्दुकको परीक्षण प्रतिवेदनमा Article No. 1 is a local made / home made muzzle loading gun in loaded condition. Under the present condition, its hammer and trigger sets are absent भन्ने खुली आएकोले बरामद बन्दुकको अवस्था एवं प्रतिवादीहरुको कसूरको मात्रा र कसूरमा प्रतिवादीहरुको संलग्नताको आधारमा प्रतिवादी ठुला भन्ने मिलन तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(२) बमोजिम ऐनले तोकेको तजविजी सजाय १(एक) महिना कैद र रु.१०००।-(एक हजार) जरिवाना हुने र प्रतिवादी जंगे भन्ने आकाश तामाङलाई सोही दफा १३२ (२) बमोजिम १५ (पन्ध्र) दिन कैद र रु.५००।-(पाँच सय) जरिवाना हुने ठहर्छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुलाई लागेको जरिवानाको ४% ले हुने क्षतिपूर्ति शुल्क जनही रु.२८००।—(अट्ठाई सय रुपैयाँ) तीनै जना प्रतिवादी जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङबाट भराई पीडित राहत कोषमा जम्मा गरी दिनू। अरुमा तपसील बमोजिम गर्नू ।

## तपसील खण्ड

- ➢ माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु योगबीर लकान्द्री र पूर्णे भन्ने पूर्णबहादुर विश्वकर्माले अभियोग मागदावीको कसूरबाट सफाइ पाउने ठहरी फैसला भएकोले निजहरुको हकमा केही गरी रहनु परेन ।
- ➢ प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, ठुला भन्ने मिलन तामाङ र राहुल भन्ने लालबहादुर तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(क) बमोजिमको न्यूनतम सजाय जनही ७ (सात) वर्ष कैद र जनही रु.७०,०००।— (सत्तरी हजार रुपैयाँ) जरिवाना हुने तथा प्रतिवादी ठुला भन्ने मिलन तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३२(२) बमोजिम ऐनले तोकेको तजविजी सजाय १(एक) महिना कैद र रु.१०००।-(एक हजार) जरिवाना हुने र प्रतिवादी जंगे भन्ने आकाश तामाङलाई सोही दफा १३२(२) बमोजिम १५ (पन्ध्र) दिन कैद र रु.५००।-(पाँच सय) जरिवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादीहरु जंगे भन्ने आकाश तामाङ, राहुल भन्ने लालबहादुर तामाङ र ठुला भन्ने मिलन तामाङ मिति २०७८।६।७ गते देखि न्यायिक हिरासतमा रही मिति २०७८।०७।०७ को आदेशले हालसम्म थुनामा रहेको देखिंदा निज प्रतिवादीहरु न्यायिक हिरासतमा बसेको अवधि मिति २०७८।६।७ गतेदेखि कैद कट्टा हुने गरी कैदमा राखी निज तीनै जना प्रतिवादीहरुलाई लागेको कैद भुक्तान भएपछि निज प्रतिवादीहरुमध्ये राहुल भन्ने लालबहादुर तामाङलाई लागेको जरिवाना रु. ७००००। (सत्तरी हजार रुपैयाँ), प्रतिवादी जंगे भन्ने आकाश तामाङलाई लागेको जम्मा जरीवाना रु. ७०५००। (सत्तरी हजार पाँच सय रुपैयाँ) र प्रतिवादी ठुला भन्ने मिलन तामाङलाई लागेको जम्मा जरिवाना रु.७१०००। (एकहत्तर हजार रुपैयाँ) निज प्रतिवादीहरुले तिरे अन्य कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट छाडिदिनू । निज प्रतिवादीहरुलाई लागेको जरिवाना तिर्न नसके सोवापतसमेत कैदको लगत कसी कैद म्याद ठेगी कैदी पूर्जी कारागार कार्यालय रामेछापमा लेखी पठाउनू भनी तहसील शाखामा लगत दिनू ।
- ➢ प्रतिवादीहरु पुर्णे कामी भन्ने पुर्णबहादुर विश्वकर्मा र योगविर लकान्द्रीले यस अदालतको आदेशानुसार मिति २०७८।७।७ मा ध.र.नं.०३४ बाट पुर्णे कामी भन्ने पुर्णबहादुर विश्वकर्माले रु.१०,०००/-र योगविर लकान्द्रीले ध.र.नं ०३५ बाट राखेको धरौटी रकम रु.५०,०००। (पचास हजार) प्रस्तुत मुद्दा अन्तिम किनारा भएपछि प्रतिवादीले ऐनका म्यादभित्र फिर्ता माग्न आए फिर्ता दिनू भनी तहसील शाखालाई लगत दिनू ।
- ➢ तीनै जना प्रतिवादीबाट भराई दिने ठहरेको क्षतिपूर्ति शुल्क जनही रू.२८००।-(अठ्ठाईस सय रुपैयाँ) प्रतिवादीहरुबाट भराई पीडित राहत कोषमा जम्मा गर्नू र क्षतिपूर्ति वापतको शुल्क तिर्न नसकेमा कानूनबमोजिम असूल उपर गर्नू भनी तहसील शाखामा लेखी पठाउनू ।
- ➢ प्रस्तुत फैसलामा चित्त नबुझे प्रतिवादीहरुले पुनरावेदन गर्न सक्ने नै हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(१) बमोजिम फैसलाको प्रतिलिपि सहित थुनामा रहेका प्रतिवादीलाई फैसलाको सूचना दिनू ।

- प्रस्तुत फैसलामा चित्त नबुझे वादी नेपाल सरकारले पुनरावेदन गर्न सक्ने नै हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४) बमोजिम जिल्ला सरकारी वकील कार्यालय रामेछापलाई फैसलाको प्रतिलिपी सहित फैसलाको जानकारी दिनू ।
- सरोकारवालाले रीतपूर्वकको निवेदन दिई नक्कल माग गरे लाग्ने दस्तुर लिई दिनू ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम प्रस्तुत फैसलाको विद्युतीय प्रति श्री सर्वोच्च अदालतको वेबसाईटमा रहने गरी अपलोड गर्नू र प्रमाणीकरण भएको फैसला यस अदालतको सूचना पाटीमा टाँस गरी वेबसाईटमासमेत राख्नू ।
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाउनू।

**फैसला टिपोट गरी तयार गर्ने**

ना.सु. श्यामबहादुर भुजेल

क.अ. कल्पना घिमिरे

**न्यायाधीश**

इति सम्वत् २०७९ साल भाद्र १ गते रोज ४ शुभम्---------------------

कसूर ठहर मितिः २०७९।०४।१८।४

सजाय निर्धारण मितिः २०७९।५।१।४

प्रमाणीकरण मितिः- २०७९।५।२४।६ अदालतको छाप

श्री

रामेछाप जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री इन्दिरा शर्मा

फैसला

मुद्दा नं. ०७९-C१-००५३

रजिष्ट्रेशन नं. ३४-०७९-००२६०

नि.नं.२१

मुद्दाः चोरी

दायरी मिति २०८०/१/२५

फैसला मितिः २०८०।५।३।१

**वादीकोनाम, थर र वतनः**

जिल्ला रामेछाप खाँडादेबी गा.पा.वडा नं. ५ स्थायी घर भई हाल मन्थली न.पा. वडा नं.१ बस्ने बर्ष २८ को रमेश नेपालीको जाहेरीले वादी नेपाल सरकार----------------------१

ऐ.कोप्रमाणः-

साक्षीः–

कागजः--

**प्रतिवादीको नाम, थर र वतनः**

जिल्ला दोलखा मेलुङ गा.पा.वडा नं. ५ घर भई हाल जिल्ला प्रहरी कार्यालय, रामेछापमा कार्यरत रामप्रसाद भण्डारीको छोरा बर्ष २९ को उपेन्द्रप्रसाद भण्डारी-----------------------१

जिल्ला रामेछाप मन्थली न.पा.वडा नं. ३ घर भई हाल ऐ.ऐ.वडा नं.१ बस्ने नुरबहादुर खत्रीको छोरा बर्ष २७ को विभेक के.सी.---१

जिल्ला रामेछाप गोकुलगंगा गा.पा.वडा नं. ६ घर भई हाल ऐ.ऐ.वडा नं.१ बस्ने मंगले तामाङको छोरा बर्ष २७ को अर्जुन तामाङ---१

ऐ.कोप्रमाणः-

साक्षीः–

कागजः–

अदालतवाट बुझेको

X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. **रमेश नेपालीको जाहेरी दरखास्तः** मिति २०८०।१।१ गते बेलुका मन्थली न.पा.वडा नं. १ स्थित मेरो पसलभन्दा केही पर हाटेचौर जाने बाटो छेउमा बा.०२८ प. ०९०७ नम्बरको यामाहा कम्पनीको १४९ सि.सि. FZ भर्जन २ कालो रङ्गको ईन्जिन नं. G3J3E0554170 च्यासिस नं. MEIRG4417M0093820 भएको मोटरसाइकल राति चोरी भएको हुँदा खोज तलास गरी पाउँ भन्ने निवेदन परी प्रहरीले खोजतलास गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय

रामेछापमा जडित सि.सि. क्यामरा फुटेज हेर्दा १ गते राति प्रहरीको जस्तो ड्रेस लगाएको व्यक्तिले मोटरसाइकल चोरी गरी लगेको फुटेजबाट मसमेतले देखेको र प्रहरीको ड्रेस लगाएको उक्त व्यक्ति जिल्ला प्रहरी कार्यालय रामेछाप मन्थलीमा चालकको रुपमा कार्यरत प्र.ज.उपेन्द्रप्रसाद भण्डारी रहेको भनी प्रहरीले बताएकाले निज उपेन्द्र भण्डारीलाई कानूनबमोजिम कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको रमेश नेपालीको जाहेरी दरखास्त।

२. **बरामदी खानतलासी मुचुल्काः** जिल्ला रामेछाप मन्थली न.पा.वडा नं. १ हाटेचौर स्थित मखौरे माझीको दुई तले घरको पश्चिमतर्फको ढोकाको साईडको प्र.ज.उपेन्द्रप्रसाद भण्डारीले भाडामा लिई कोठाभित्र ढोकाको कुनामा मोटरसाइकलको ईन्जिन, साईलेन्सर पाईप, टायरको अगाडिको टप, बस कैंची (चेन समेत जोडिएको) राखेको अवस्थामा रहेको, ढोकाबाट पश्चिमतर्फ रहेको उपेन्द्रप्रसाद भण्डारी सुत्ने खाट मुनि पछाडिको टप, अगाडिको भाईजर, अगाडिको सीट एयर बक्स, पछाडिको सीट राखेको र कोठाको बाहिर दक्षिणतर्फ झ्यालको सिधा भूँईमा बोराभित्र पछाडिको २ वटा सक, सिंगल स्टयाण्ड, डबल स्टयाण्ड, अगाडिको हेड लाईट, ह्याण्डिल, वाईरिङ तार, सीटको समाउने डण्डी, बेरिङको सानो रड, क्यलिवर थिच्ने तार सहित स्वीच, ह्याण्डिलको सक छिराउने डण्डी, पछाडिको ब्रेक (खुट्टाले थिच्ने) तेल तल जाने पाईप सहित सानो बक्स, खुट्टा अडयाउने साईड, सानो रड तथा नटहरू रहेको, उक्त सामानहरू प्रहरीले बरामद गरेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

३. जिल्ला रामेछाप मन्थली न.पा.वडा नं. १ खाँदवारी स्थित पूर्वमा केशवप्रसाद सत्यालको खाली जग्गा, पश्चिममा नु.बि.ट्रेडर्सको ग्यारेजको खाली जग्गा, उत्तरमा लोकबहादुर श्रेष्ठको खाली जग्गा र दक्षिणमा ग्यारेज हुँदै मन्थली खुर्कोट जाने पक्की सडक खण्ड यति चार किल्लाभित्र रहेको विभेक के.सी.ले संचालन गरेको नु.बि.ट्रेडर्स ग्यारेज ग्यारेजको पछाडि च्यासिस नं. MEIRG4417M0093820 लेखिएको च्यासिस कालो रङ्गको टयाङकी र टयाङकीको कभर, टायर दुई वटा, स्टयाण्ड डबल EFI टयाङकीको साईड कभर समेत मोटरसाइकलको पार्टसहरू फेला पारी प्रहरीले बरामद गरी ल्याएको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का।

४. जिल्ला रामेछाप मन्थली न.पा.वडा नं.१ स्थित पूर्व, पश्चिम, उत्तर र दक्षिणमा जिल्ला प्रहरी कार्यालयको परिसरभित्र सोही कार्यालयमा कार्यरत प्र.ज.उपेन्द्रप्रसाद भण्डारीको मिति २०८०।०१।०६ गते शरीर खानतलासी गर्दा Killer नामक सुन्तला रङ्गको हाफ टिसर्ट बरामद भएको र वारदातको क्रममा मोटरसाइकल चोरी गर्ने शंकित व्यक्तिले सुन्तला रङ्गको टिसर्ट लगाएको हुँदा अनुसन्धानको क्रममा प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले लगाएको Killer नामक सुन्तला रङ्गको टिसर्ट चोरी सम्बन्धी कसूरको प्रमाणमा लाग्न सक्ने भएकोले उक्त हाफ टिसर्ट रीतपूर्वक बरामद गरेको भन्नेसमेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का ।

५. **घटनास्थल मुचुल्काः** जिल्ला रामेछाप मन्थली न.पा.वडा नं. १ कृषि विकास बैंक ओरालोको सडक खण्ड स्थित पूर्वमा खुर्कोट-मन्थली सडक खण्ड, पश्चिममा कृषि विकास बैंकको ओरालो हुँदै जिल्ला प्रशासन कार्यालय जाने सडक खण्ड, उत्तरमा हाटेचौर जाने सडक र दक्षिणमा

सुवेदीको चारतले घर यति चार किल्लाभित्र सार्वजनिक सडकमा रमेश नेपालीले पार्किङ गरी राखेको बा ०२८प०९०७ नम्बरको कालो रङ्गको च्यासिस नं. MEIRG4417M0093820, ईन्जिन नं. G3J3E0554170 भएको FZ मोटरसाइकल मिति २०८०।१।१ गते प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले चोरी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

६. **प्र.स.नि. विनोद महतको प्रतिवेदनः** जाहेरवालाले बा. ०२८ प ०९०७ नम्बरको यामाहा कंपनीको १४९ सि.सि. FZ कालो रङ्गको मोटरसाईकल मिति २०८०।१।१ गते बेलुका पार्किङ गरी राखेको अवस्थामा चोरी भएकोले खोतलास गरी पाउँ भनी ऐ २ गते निवेदन दिनकोले प्रहरीले खोजतलास गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय रामेछापमा जडित सि.सि. क्यामरा फुटेज हेर्दा १ गते राति प्रहरीको जस्तो ड्रेस लगाएको व्यक्तिले मोटरसाईकल चोरी गरी लगेको देखेको र उक्त फुटेजमा देखिएको व्यक्ति जिल्ला प्रहरी कार्यालय रामेछापमा प्र.ज.पदमा कार्यरत उपेन्द्रप्रसाद भण्डारी रहेको खुल्न आएकोले कारवाही गरी पाउँ भनी रमेश नेपालीको किटानी जाहेरी दरखास्त प्राप्त हुन आएकोले प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीलाई मन्थली न.पा. वडा नं. १ स्थित प्र. ज. व्यारेकमा आफ्नो बेडमा बसी रहेको अवस्थामा ऐ.३ गते दिनको अं.१६:४५ बजे फेला पारी पक्राउ गरी प्रतिवेदन साथ दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

७. **दशी सनाखत कागजः** बरामदी मुचुल्काहरुमा उल्लेखित मोटरसाईकलको पार्ट पार्ट छुट्टाइएको टायर, ईन्जिन सहितको पार्टपुर्जाहरु हेरी चिनी सनाखत गरिदिएँ भन्नेसमेत व्यहोराको जाहेरवाला रमेश नेपालीले गरिदिएको दसी सनाखत कागज ।

८. **प्र.स.ह. सर्वेश रायको प्रतिवेदन जाहेरीः** मिति २०८०।१।१ गते राति रमेश नेपालीले मन्थली न.पा. वडा नं. १ हाटेचौर जाने बाटो छेउमा पार्किङ गरी राखेको बा. ०२८ प ०९०७ नम्वरको यामाहा कंपनीको १४९ सि.सि. FZ मोटरसाईकल उपेन्द्रप्रसाद भण्डारीले चोरी गरी मन्थली न.पा. वडा नं. १ खाँदवारी स्थितमा रहेको विभेक के.सी.ले संचालन गर्दै आएको ग्यारेजमा लगी पार्ट-पार्ट छुट्टयाई केही पाटपुर्जाहरु आफ्नो कोठामा राखेको र मोटरसाईकलको पाङ्ग्रा लगायतका ७ किसिमका पार्टपुर्जाहरु सोही ग्यारेजमा राखेको अवस्थमा बरामद भएकोले निज उपेन्द्रप्रसाद भण्डारीलाई प्रारम्भिक सोधपुछ गर्दा चोरी गरेको उक्त मोटरसाईकलको पार्टपुर्जाहरु अर्जुन तामाङ र विभेक के.सी.को सहयोगमा छुट्टाएको हो भनी बताएको एवं मोटरसाईकलको केही पार्टपुर्जाहरु ग्यारेजबाटसमेत बरामद भएको देखिंदा सो ग्यारेज संचालक विभेक के.सी. र कामदार अर्जुन तामाङले चोरी गरेर लगेको मोटरसाईकल पार्ट-पार्ट छुट्टयाई पाटपुर्जाहरु लुकाई छिपाई राख्ने कार्यमा संलग्न रहेको देखिन आएको हुँदा कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

९. **प्र.ज.विमल राईको प्रतिवेदनः** मिति २०८०।१।१ गते राति मन्थली बजारको देवकोटा चोक आसपास, कृषि विकास बैंक आसपास लगायतका स्थानहरुमा हिंडडुल गर्ने मानिसहरुको आवत जावत गतिविधि बारे CCTV क्यामराको फुटेज हेर्दा कृषि विकास बैंकबाट हाटेचौरतर्फ

फर्केको क्यामरामा मिति २०८०।१।२ बिहान १:३५ मिनेट बयालीस सेकेण्डदेखि १:३७ बजेसम्म टर्च बाली देवकोटा चोकबाट कृषि विकास बैंक (मोटरसाइकल पार्किङ गरेको स्थल) तर्फ नेपाल प्रहरीले लगाउने गरेको निलो चुस्ता लगाई पार्किङ गरी राखेको मोटरसाइकल टर्च बाली हेरेको फुटेजमा देखिन्छ, ती व्यक्ति यस कार्यालयमा कार्यरत प्र.ज.उपेन्द्रप्रसाद भण्डारी रहेको देखिएको, निज ऐ. बिहान २:२१ बजे जिल्ला प्रहरी कार्यालय रामेछापको मूल गेटबाट मोटरसाइकल चढी बाहिर गएको, सो बेला निजले सुन्तला रङ्गको टिसर्ट लगाएको देखिएको, उक्त टिसर्ट लगाएको व्यक्ति ऐ. बिहान २:२६ बजे जिल्ला सरकारी वकील कार्यालयको बाटो हुँदै कृषि विकास बैंकतर्फ (मोटरसाइकल स्थल) पैदल हिंड्दै गएको देखिएको र ऐ. २:२८ बजे सोही सुन्तला रङ्गको टिसर्ट लगाएको व्यक्तिले मोटरसाइकलचलाई मन्थली न.पा.गेट अगाडिको बाटो हुँदै हाटेचौर जाने बाटोतर्फ चलाई लिई गएको देखिएकोले CCTV क्यामराको फुटेजमा कैद भएका व्यक्ति यस कार्यालयम कार्यरत प्र.ज. उपेन्द्रप्रसाद भण्डारी रहेको स्पष्ट रुपमा देखिन आएको हुँदा सोही व्यहोराको प्रतिवेदन सहित उक्त राति फुटेजमा कैद भएको भिडियो पेनड्राईभमा राखी पेश गरेको छु भन्नेसमेत व्यहोराको CCTV फुटेजकर्ता प्र.ज. विमल राईको प्रतिवेदन ।

१०. **प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले गरेको बयानः** मिति २०८०।१।१ गते बेलुका १९:३० बजे विभेक के.सी.सँग भेट भई देवकोटा चोक स्थित होटल काष्ठमण्डपमा मादक पदार्थ सेवन गरी ९:४५ बजे जि.प्र.का मा आई पोसाक लगाई १० बजेदेखि २.०० बजेको डिउटीमा पुनः देवकोटा चोकमा डिउटी बसेको र खाना खान जान्छु भनी आफ्नो कमाण्डरलाई सोधी भैशेश्वर माथि एउटा साथीको घरमा गई विभेक के.सी., सोही घरमा बस्ने धमला भन्ने साथी र म भई पुनः मादक पदार्थ सेवन गरी रहेको अवस्थामा मेरो कमाण्डर प्र.ह. शान्ता तामाङको फोन आएकोले धमला भन्ने साथी आफ्नै कोठामा बसे, म र विभेक के.सी बिनिता चोक सम्म सँगै आई निज आफ्नो घरमा गयो भने म डिउटीमा देबकोटा चोक आउँदा तामाकोशी अस्पताल छेउमा एक जना नाम थाहा नभएको अपरिचित व्यक्तिले मलाई घरेलु अफिसको छेउमा आउनु भनेकोले तपाईहरु को हो ? भनी मैले सोधेकोमा निजहरुले जितेन्द्र यादवले पठाएको मान्छे हो भनेपछि म देबकोटा चोकमा डिउटीमा गई १५/२० मिनेट पछि निजहरुले बोलाएको ठाउँमा पुगी निजहरुसँग भेट हुँदा तपाईले ईन्डियन मोटरसाइकल चाहियो भनी जितेन्द्रसँग कुरा गर्नु भएको रहेछ, उक्त मोटरसाइकल ल्याई दिएको छु कृषि विकास बैंकको ओरालोमा कालो रङ्गको FZ मोटरसाइकल राखेको छ गएर हेरेर आउनु भनेकाले म एक्लै उक्त स्थानमा गई पार्किङ गरी राखेको कालो रंगको FZ मोटरसाइकलको अगाडि पछाडि सबैतिर हेरी आफ्नो डिउटी भएको स्थानमा आएको र डिउटी सकेपछि अफिसमा आई लुगा चेन्ज गरी कोठामा जाने क्रममा मन्थली न.पा. तल हाटेचौर जाने बाटोमा उभिएको जितेन्द्र यादवको मान्छेसँग भेट भएको र निजको साथीले चोरीको मोटरसाइकल लिई आई निजले नै चलाई म अघिअघि निजहरु पछिपछि मेरो कोठा अगाडि पार्किङ गरी अपरिचित व्यक्ति के कता गए थाहा

भएन। मिति २०८०।१।२ गते बिहान म अफिसमा आई दैनिकी कार्य गरी दिनको २.०० बजेदेखि साँझको ६.०० बजेसम्म देबकोटा चोकमा डिउटी गरी अं. १७.०९ बजे नुबु ट्रेडर्स ग्यारेजमा काम गर्ने मिस्त्री र संचालक विभेक के.सी. दुबै जनालाई फोन गरी ईन्डियाबाट एउटा मोटरसाइकल मगाएको छु, मेरो कोठा अगाडि राखेको छ, लिएर ग्यारेजमा जाउ भनेको थिएँ । निज मिस्त्रीले निजलाई लिन ग्यारेजमा आउनु भनेकोले मैले डिउटी सकाएर अफिसबाट कपडा चेन्ज गरी निज मिस्त्रीलाई लिन ग्यारेज जाँदा उक्त ग्यारेजका संचालक विभेक के.सी.लाई बर्दिबासबाट मोटरसाइकल आई सकेको छ, मैले स्टार्ट गर्न नजान्ने भएकाले मिस्त्रीलाई मेरो कोठासम्म पठाई दिनु भनी मिस्त्रीलाई मेरो बाईकमा हाली आई मिस्त्रीले उक्त मोटरसाइकल हयान्डिलबाट डाईरेक्ट स्टार्ट गरी उक्त मोटरसाइकल मैले चलाई खाँदबारी स्थित ग्यारेजसम्म लगेपछि विभेक के.सी., मिस्त्री अर्जुन तामाङ र म तीनै जनाले सल्लाह गरी मोटरसाइकल राम्ररी चेकजाँच गरी सकेपछि अर्जुन तामाङले मोटरसाइकलको आधी पार्टपुर्जा खोलेपछि बेलुका भएकोले म कोठामा गएँ । उक्त रात पनि म देबकोटा चोकमा २.०० बजेदेखि बिहानको ६.०० बजेसम्म डिउटी भएकोले बेलुकाको खाना खाई आफ्नो डिउटी गरी मिति २०८०।१।३ गते अफिसमै सुती रहेको अवस्थामा ग्यारेज संचालक विभेक के.सी.ले बिहान अं. ०८.०० बजे फोन गरी ग्यारेजमा बोलाएको र त्यसको १५/२० मिनट पछि मिस्त्री अर्जुनले फोन गरी उक्त मोटरसाइकलको बारेमा फेसबुकमा आएको छ, के हो कुरा थाहा छ तपाईलाई भनेकोले मैले थाहा छैन भनी ग्यारेजमा गई विभेक के.सीसँग भेटी कुरा गर्दा निजले मोटरसाइकल मन्थलीको व्यक्तिको रहेछ, अब के गर्ने भनेपछि हामीलाई तनाव भई उक्त मोटरसाइकल दिने मान्छेलाई फोन मार्फत खोजबिन गर्दा जितेन्द्र यादवको मोबाईल स्विचअफ भएपछि मोटरसाइकलको पार्टपुर्जा आफ्नो कोठामा लिएर जानुस भनी विभेकले भनेको हुँदा आधी पार्टस विभेक के.सी.ले गाडी खोजी मेरो कोठामा पुऱ्याउन लगाएका र बाँकी पार्टस सोही ग्यारेजमै छाडी आएको थिएँ । तत्पश्चात म अफिसमा सुतेकोमा जि.प्र.का.को सुबेदार मेजर साहबले फोन गरी अफिसमा बोलाएपछि म अफिसमा पुग्दा इन्सपेक्टर सरले सोधपुछ गर्नु हुँदा मैले गरेको गल्तीहरुको बारेमा सत्य तथ्य व्यहोरा बताई दिएपछि प्रहरीले मेरो कोठाबाट उक्त मोटरसाइकलको पार्टपुर्जाहरु बरामद गरी ल्याएको हो । बाँकी पार्टपुर्जाहरु नुबु. ट्रेडर्स ग्यारेजबाट बरामद गरी ल्याएको हो । मैले उक्त मोटरसाइकलको पार्टस पार्टस गरी लगेको बाईकको पार्टपुर्जाहरु रमेश नेपालीको रहेको कुरा जाहेरवालाले सनाखत गरेपछि थाहा भयो भन्नेसमेत व्यहोराको प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीको बयान ।

११. **प्रतिवादी विभेक के.सी.ले गरेको बयानः** मिति २०८०।१।३ गते बिहान अं. ७:३० बजे ग्यारेजमा आई हेर्दा च्यासिस नं. MEIRG४४१७M००९३८२० थान-१ कालो टयांकी थान १, टयांकीको कबर थान-१ EFI थान- १ साईड कबर थान-१ टायर थान- २ डबल स्टयाण्ड थान- १ गरी जम्मा थान-७ मोटरसाइकलको पार्टसहरु ग्यारेज पछाडिको खाली

जग्गामा देखी ग्यारेजमा काम गर्ने कामदारहरुलाई सोधपुछ गर्दा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्र.ज. उपेन्द्र भण्डारीले हिजो बेलुका विभेक के.सी (साहु) सँग कुरा भई सकेको छ, यो मोटरसाइकलको पार्टस पार्टस खोली देउ भनी निजले ल्याएको कालो रंगको FZ मोटरसाइकल छाडेकोले म र उपेन्द्र भण्डारी दुबै जना भई उक्त मोटरसाइकलको पार्टपुर्जा खोली छुट्टाएको भनी ग्यारेजमा काम गर्ने मिस्त्री अर्जुन तामाङले भनेपछि थाहा पाई बिहान अं. ०८.०० बजे निज उपेन्द्र भण्डारीलाई फोन गरी मेरो ग्यारेजमा बोलाउँदा निजले डिउटी गरी आएको छु, पछि आउँछु भनी फोन कटाएको थियो, फेसबुक चलाउने क्रममा बा.०२८ प.०९०७ नम्बरको यामाहा कम्पनीको १४९ सि.सि.FZ भर्जन २ कालो रङ्ग च्यासिस नं. MEIRG४ ४१७M००९३८२० भएको मोटरसाइकल कृषि विकास बैंकको ओरालोबाट हराएको भनी फेसबुकमा पोष्ट देखेको, हराएको मोटरसाईकलको च्यासिस नम्वर र मेरो ग्यारेज पछाडि रहेको मोटरसाइकलको पार्टसको च्यासिस नं. MEIRG४४१७M००९३८२० नम्वर मिलेकोले उक्त बाईक चोरी गरी ल्याएको थाहा भयो । उक्त खाली जग्गामा रहेको कालो ट्यांकी थान- १ ट्यांकीको कबर थान-१ EFI थान- १ साईड कबर थान-१ टायर थान- २ डबल स्टयाण्ड थान- १ लगायत ७ किसिमका पार्टपुर्जाहरु दिउँसो अं. १५:०० बजेतिर प्रहरीले बरामद गरी लगेपछि सो मोटरसाइकल चोरी गरी ल्याएको रहेछ भन्ने थाहा भयो भन्नेसमेत व्यहोराको प्रतिवादी विभेक के.सी. को बयान कागज ।

१२. **प्रतिवादी अर्जुन तामाङले गरेको बयानः** मिति २०८०।१।२ गते अं. १५:०० बजे मेरो सामान्य चिनजान भएका जिल्ला प्रहरी कार्यालय रामेछापमा कार्यरत प्रहरी उपेन्द्र भण्डारीले फोन गरी एउटा मोटरसाइकल स्टार्ट भएन, स्टार्ट गर्न आउ भनेकोमा म काममा ब्यस्त रहेकोले पछि हेरौंला भनी फोन काटेकोमा साँझ अं. ६:०० बजे उपेन्द्र भण्डारी मोटरसाइकल लिई म काम गर्ने ग्यारेजमा आई मोटरसाइकल स्टार्ट भएन स्टार्ट गर्देउ भनेकाले म उपेन्द्र भण्डारीको बाईकमा पछाडि बसी निज बस्ने कोठा अगाडि राखिएको कालो रंगको FZ मोटरसाइकलको चाबी स्वीचको तार पहिलादेखि नै छिनाइएको र ह्याण्डल लक भाँच्चिएको अवस्थामा रहेछ मैले चाबी स्वीचको तारलाई एक आपसमा जोडी डाईरेक्ट स्टार्ट गरी दिएपछि उपेन्द्र भण्डारी आफैंले उक्त मोटरसाइकल चलाई म उपेन्द्र भडारीको मोटरसाइकल लिई ग्यारेजमा पुगी उपेन्द्र भण्डारीले यो बाईक बाहिरबाट मगाएको हो, बाईकको पार्टपुर्जाहरु खोल्नु पर्‍यो भनेकोले दुबै जना भई ग्यारेज पछाडि पट्टीको खाली जग्गामा लगी मोटरसाइकलको पार्टपुर्जा खोली ईन्जिन र केही सामान खोल्न बाँकी राखी म ग्यारेज बन्द गरी घरमा आई खाना खाई सुतेकोमा मिति २०८०।१।३ गते बिहान ७:०० बजे ग्यारेजमा गएको, विभेक दाई ग्यारेजमा आई मोबाईल चलाउने क्रममा फेसबुकमा उक्त मोटरसाइकल हराएको बारे पोष्ट गरेको देखी तिमीहरुले कुनै FZ बाईक खोलेको त छैनौ भन्नु हुँदा मैले उपेन्द्र भण्डारीले हिजो बेलुका एउटा FZ कालो रङ्गको मोटरसाइकल ल्याई खोलेका थियौं भनेपछि विभेक दाइले ग्यारेज पछाडिको खाली जग्गामा खोली राखेको मोटरसाइकल हेर्दा सो वाइक र फेसबुकमा पोष्ट गरेको बाईक मिलेपछि विभेक दाइले

उपेन्द्र भण्डारीलाई फोन गरी ग्यारेजमा बोलाउनु भएको र एक छिनपछि मैले पनि फोन गरी हिजो खोलेको मोटरसाइकल मन्थली कै मानिसको रहेछ, फेसबुकमा मोटरसाइकल हराएको पोष्ट गरेको छ, तपाई ग्यारेजमा आउनुस भनेको एकछिन पछि उपेन्द्र भण्डारी ग्यारेजमा आई विभेक के.सी. ले यो वाइक त रमेश नेपालीले पार्किङ गरी राखेको अवस्थामा चोरी भएको रहेछ यसका पार्टसहरु जोड्नु भन्दा सबै खोलेर कतै राख्नु पर्छ भनी उपेन्द्र भण्डारी र विभेक के.सी.को सल्लाह भएपछि केही सामान ग्यारेजमै छाडेर बाँकी सामान उपेन्द्र भण्डारीले च्यासिस नं. MEIRG४४१७M००९३८२० थान-१ कालो ट्यांकी थान-१ ट्यांकीको कबर थान-१ EFI थान- १ साईड कबर थान-१ टायर थान-२ डबल स्टयाण्ड थान-१ गरी जम्मा थान-७ ग्यारेजको पछाडि खाली जग्गामा छाडी बाँकी समान के-कहाँ लिएर गए मलाई थाहा भएन । दिनको अं. १५:०० बजे प्रहरी आई उक्त पार्टस् बरामद गरी लगेको हो । उक्त नं.को मोटरसाइकललाई मैले डाईरेक्ट स्टार्ट गरी उपेन्द्र भण्डारीले ल्याई सकेपछि ग्यारेजको पछाडि पट्टीको खाली जग्गामा पार्टस–पार्टस गरी खोली दिएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी अर्जुन तामाङको बयान ।

१३. **विष्णुबहादुर खड्की र प्रेम नेपालीको घटना विवरण कागजः** जाहेरवाला रमेश नेपालीले निजको पसलभन्दा केही पर हाटेचौर जाने बाटो छेउमा राखेको बा.०२८ प. ०९०७ नम्बरको यामाहा कम्पनीको १४९ सि.सि. FZ भर्जन २ कालो रङ्गको ईन्जिन नं. G३J३E०५५४१७० च्यासिस नं.MEIRG ४४१७M००९३८२० भएको मोटरसाइकल राति चोरी भएकोले खोजतलास गरी पाउँ भनी निवेदन दिएकोमा प्रहरीले खोजतलास गर्दा सि.सि. क्यामरा फुटेजमा प्रहरीको जस्तो ड्रेस लगाएको व्यक्तिले मोटरसाइकल चोरी गरी लगेको फुटेजबाट देखिएको उक्त व्यक्ति जिल्ला प्रहरी कार्यालय रामेछाप मन्थलीमा चालकको रुपमा कार्यरत प्र.ज.उपेन्द्रप्रसाद भण्डारी रहेको भनी प्रहरीले बताएकोले निज उपेन्द्र भण्डारीउपर जाहेरी परेको सुनेको हो । सो घटना सम्बन्धमा बुझ्दा मिति २०८०।१।३ गते प्रहरीले उपेन्द्र भण्डारीलाई नियन्त्रणमा लिई सकेपछि निजको बयानको बधारमा नु.बि. ट्रेडर्सका संचालक विभेक के.सी. र उपेन्द्र भण्डारीको मिलेमतोमा सोही ग्यारेजमा काम गर्ने मिस्त्री अरुण भन्ने अर्जुन तामाङ समेत भई उक्त मोटरसाइकलको पार्टपार्ट छुट्याई केही पार्टपुर्जा उपेन्द्र भण्डारीको कोठामा राखेको र बाँकी पार्टपुर्जा सोही ग्यारेजमा राखेको अवस्थामा प्रहरीले बरामद गरेको भन्ने सुनेकोले निज प्रतिवादीहरुलाई कानूनबमोजिम कारवाही होस भन्नेसमेत व्यहोराको बिष्णुबहादुर खड्की र प्रेम नेपालीको करिव एकै मिलान व्यहोराको घटना बिवरण कागज ।

१४. **प्र.ह.शान्ता तामाङको घटना विवरण कागजः** मिति २०८०।१।१ गते राति १०.०० देखि ऐ. २ गते बिहान २.०० बजेसम्म मेरो कमाण्डमा प्रहरी जवान उपेन्द्रप्रसाद भण्डारीसमेत २ जना देवकोटा चोकमा पिकेट डिउटीमा खटिएका, सो राति म १०.०० बजे उक्त स्थानमा गई डिउटी बुझी सोही स्थानमा बसी रहेको अवस्थामा अं. १०.३० बजे प्रहरी जवान

उपेद्रप्रसाद भण्डारी खाना खान विनिता चोक तिर गएको आधा घण्टापछि आई सँगै बसेकोमा राति अ. १२.१५ बजे प्र.ज.उपेन्द्रप्रसाद भण्डारीले मलाई केही नभनी एक्लै कृषि विकास बैंकतर्फ गई अं. ३० मिनेट पछि देवकोटा चोक स्थित म भएको ठाउँमा आएको थियो । राति अं. १.१५ बजे निज पुनः कृषि विकास बैंकतर्फ गई अं. २०/२२ मिनेटपछि फर्की आएको र डिउटी सकिएपछि म र उपेन्द्रप्रसाद भण्डारी निजको मोटरसाइकलमा व्यारेक आए पछि निज सो राति के कता गए थाहा भएन । घटनाको सम्बन्धमा मिति २०८०।१।२ गते गस्ती जाने क्रममा मोटरसाईकल हरायो भनी स्थानीय मानिसहरुले बताएपछि थाहा पाएकोमा ऐ. ३ गते स्टाफहरुले उपेद्रप्रसाद भण्डारीले मोटरसाईकल चोरी गरेको भन्ने कुरा बताएपछि सुनी थाहा पाएको हो । को कसको मोटरसाइकल चोरी गरेको हो मलाई थाहा भएन । चोरी भएको मोटरसाइकलको पार्ट-पार्ट छुट्टयाई पार्टपुर्जाहरु प्र.ज. उपेन्द्रप्रसाद भण्डारीको कोठा र केही पार्टपुर्जाहरु नुवी मोटरग्यारेजबाट बरामद भएको भन्ने सुनेको हो । अरु मलाई थाहा भएन भन्नेसमेत व्यहोराको प्र.ह. शान्त तामाङले गरी दिएको घटना विवरण कागज ।

१५. **अभियोग पत्रः** प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले जाहेरवालाको मोटरसाइकल चोरी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ को उपदफा (१) र (२) अनुसारको कसूर गरेकोले निज प्रतिवादीलाई सोही संहिताको दफा २४२(२) बमोजिम सजाय हुन र प्रतिवादीहरु अर्जुन तामाङ र विभेक के.सी.ले सोही संहिताको दफा २४१ को उपदफा (१) र (२) बमोजिमको कसूरको मतियार भई सोही संहिताको दफा ३६ को उपदफा (१) र(२) अनुसारको कसूर गरेकाले निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २४२ (२) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३६ (३)(ख) बमोजिम सजाय गरी जाहेरवालाको हानी नोक्सानी भएको मोटरसाइकलको मूल्य रु.२८९९००। प्रतिवादीहरुबाट भराई जाहेरवालालाई दिलाई पाउँ । साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीहरुबाट भराई पीडित राहत कोषमा जम्मा गराई पाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र।

१६. **प्रतिवादी विभेक के.सी.को अदालतसमक्षको बयानः** २०८०।१।३ गते मेरो ग्यारेज पछाडि खाली जग्गाबाट मोटरसाइकलका ७ प्रकारको सामानहरु फेलापारी प्रहरीहरुले ल्याएका थिए। जाहेरीको सम्बन्धमा मलाई केही थाहा छैन । मैले उक्त मोटर साईकल चोरी गरेको होइन । ऐ.३ गते विहान फेसबुक हेर्दा मोटरसाईकल चोरी भएको थाहा पाउदा मोटरसाईकलका सबै पाटपुर्जा खोली सकेको रहेछ । उक्त मोटरसाईकल मेरो ग्यारेजमा ल्याउँदा म ग्यारेजमा थिइन, पछि ग्यारेजमा सोध्दा उक्त मोटरसाईकल प्रतिवादी उपेन्द्र भण्डारीले नै ल्याई मेरो मिस्त्री अर्जुन तामाङलाई खोल्न लगाएका रहेछन् । प्रहरीले ल्याएको र खोल भनेपछि मिस्त्रीले खोलेछ । मैले सो वाइक चोरीको हो भन्ने थाहा पाएपछि मिस्त्रीलाई गाली गरी उपेन्द्र भण्डारीलाई फोन गरी ग्यारेजमा तुरुन्तै बोलाई निज आएपछि चाहिने जति सबै सामान लिएर जानु भई नचाहिने सामान मेरो ग्यारेजको पछाडि खाली

जग्गामा छोडेका हुनाले प्रहरीले मलाई समातेको हो । मैले विगत २ वर्षदेखि ग्यारेज चलाउँदै आएको, मेरो अर्को बाईक सोरुम पनि भएकोले म प्रायः सोरुममा बस्ने भई ग्यारेजमा कम बस्थें र काम गर्ने मिस्त्रीले नै काम गर्थे । उक्त चोरीको सम्बन्धमा मलाई केही थाहा छैन, चोरी गर्न र पाटपुर्जा खोल्न मैले सहयोग नगरेकोले मोटरसाईकल चोरीमा मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी विभेक के.सी.ले यस अदालतसमक्ष गरेको बयान ।

१७. **प्रतिवादी अर्जुन तामाङको अदालतसमक्षको बयानः** चोरी मुद्दामा विभेक के.सि.र मेरो कुनै संलग्नता छैन । सो मोटरसाइकल उपेन्द्र भण्डारीले नै ग्यारेजमा ल्याएर मलाई खोल्न लगाएकाले मोटरसाईकलको पाटपुर्जा खोलेको हो । मोटरसाइकल ल्याएको समयमा विभेक के.सी. ग्यारेजमा थिएनन् । मोटरसाईकल मैले चोरी गरेको होइन । विभेक के.सी.ले खोल भनेको पनि होइन । म काम गर्ने मिस्त्री भएको र मोटरसाइकल प्रहरीले ल्याई खोल्न लगाएकोले मैले खोलेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी अर्जुन तामाङले यस अदालतसमक्ष गरेको बयान ।

१८. **प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीको यस अदालतको बयानः** मलाई मोटरसाईकलको पाटपुर्जा आवश्यक परेकोले जितेन्द्र यादवलाई रु.५०००।- बैंक मार्फत पठाई दिएको र रु. ३०,०००।- नगद मोटरसाईकल मेरो कोठासम्म पुर्याई दिने मानिसलाई तिरी किनेको हुँ । जितेन्द्र यादवले पठाएका २ जना मानिसले मोटरसाईकल मेरो घरसम्म आफैं पुऱ्याई दिएका हुन् । मैले चोरी गरेको होइन । मेरो पुरानो मोटरसाईकल मर्मत गर्नुपर्ने भएकोले उक्त सामाग्री मैले किनेकोमा सो मोटरसाईकल चोरीको हो भन्ने थाहा पाएपछि प्रहरीमा बुझाउने उद्देश्यले मोटरसाइकलका पार्टपुर्जाहरु कोठामा लगी राखेको हुँ । नु.बि.टेडर्शका कर्मचारीले सो मोटरसाईकलका पाटपुर्जा मेरो अनुरोधमा खोलेका हुन् । मोटरसाइकल चोरी गर्ने मानिसले लगाएको टिसर्टको रङ्ग मैले लगाएको टिसर्टसँग मिलेकै आधारमा चोरी गर्ने मानिस मै हुँ भन्न मिलेन । मैले मोटरसाईकल चोरी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले यस अदालतसमक्ष गरेको बयान ।

१९. **थुनछेक आदेशः** मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी मुद्दा पुर्पक्षको लागि हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ समेतको आधारमा प्रतिवादीहरु मध्ये प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीबाट रु.१,५०,०००।-(एकलाख पचास हजार रुपैयाँ) र अन्य प्रतिवादी विभेक के.सी. र अर्जुन तामाङबाट जनही रु.२०,०००।-(बीस हजार रुपैयाँ) नगद धरौटी वा बैंक जमानत दिए लिई मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नू, नदिए थुनामा राख्न कानूनबमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय रामेछापमा पठाइदिनू भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०८०।१।२५ को थुनछेक आदेश ।

२०. **प्रतिवादी उपेन्द्र भण्डारीका साक्षी अरुण कार्की र कोपिला थापा मगरको बकपत्रः** यी प्रतिवादीले मोटरसाईकल चोरी गरेको भन्ने कुरा र प्रतिवादीलाई किटानी जाहेरी दिएको कुरा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीका साक्षी अरुण कार्की र कोपिला थापा मगरको प्रायः एकै मिलान व्यहोराको यस अदालतसमक्षको बकपत्र ।

२१. **प्रतिवादी अर्जुन तामाङका साक्षी कोमलबहादुर श्रेष्ठको बकपत्रः** यी प्रतिवादीले मोटरसाईकल चोरी गरेको सम्बन्धमा मलाई थाहा छैन, मिस्त्रीले वर्कशपमा ब्लुबुक, पास लाइसेन्स हेर्ने काम गर्दैन, प्रतिवादीलाई मोटरसाइकल बनाएको विषयमा पक्राउ गरेको भन्ने थाहा छ भन्नेसमेत व्यहोराको प्रतिवादी अर्जुन तामाङका साक्षी कोमलबहादुर श्रेष्ठले यस अदालतमा गरेको बकपत्र।

२२. **प्रतिवादी विभेक के.सी.का साक्षी कुमार घिमिरेको बकपत्रः** यी प्रतिवादीले चोरी नगरेकोले सफाइ पाउनु पर्ने हो । निज प्रतिवादीले बर्कसप संचालन गरेर बसेका छन्, वर्कसपवालाले गाडीको ब्लुबुक लाइसेन्स हेर्ने काम होइन मर्मत संभार गर्ने हो, निजको वर्कसपमा बनाउन ल्याएको सवारी साधन चोरीको हो भन्ने प्रतिवादीलाई थाहा हुँदैन भन्नेसमेत व्यहोराको प्रतिवादी विभेक के.सी. का साक्षी कुमार घिमिरेले यस अदालत समक्ष गरेको बकपत्र ।

२३. **घटना विवरण कागजका शान्त तामाङको बकपत्रः** सो कागजमा भएको व्यहोरा र सही छाप मेरै हो । अरु कुरा मलाई थाहा छैन भन्नेसमेत व्यहोराको घटना विवरण कागजका शान्त तामाङले यस अदालतसमक्ष गरेको बकपत्र ।

२४. **जाहेरवाला रमेश नेपालीको बकपत्रः** मैले मेरो मोटरसाईकलको बाहिरी पार्टपुर्जाको केही भागहरु मन्थली न.पा.को कार्यालय मुनि पट्टी देखेको हुनाले जाहेरी दिएको हुँ । जाहेरी व्यहोरामा लेखिएको कुरा मैले भनेबमोजिम लेखिएको होइन सहीछाप मेरै हो, यी प्रतिवादीले चोरी गरेको यकिन नगरी मैले जाहेरी दिएको हुँ, सिसि क्यामरा हेर्दा चोरी गरेजस्तो लागे पनि वास्तवमा चवरु गरेको होइन रहेछन् भन्नेसमेत व्यहोराको जाहेरवाला रमेश नेपालीले यस अदालतसमक्ष गरेको बकपत्र।

२५. **प्र.स.नि.विनोद महतको बकपत्रः** मैले सि.सि.क्यामेरा फुटेज हेरेको हो । उक्त फुटेजमा मोटरसाईकल चोरी गर्ने मानिस मेरै कार्यालयमा कार्यरत प्र.ज.उपेन्द्र भण्डारी हुन् । मैले सिसि टिभी फुटेजमा यी प्रतिवादीलाई कृषि विकास बैंकको ओरालोमा मोटरसाइकल सँगै वरिपरि घुमेको अवस्थामा देखेको हो । निजलाई हदैसम्मको कारवाही होस् भन्नेसमेत व्यहोराको प्र.स.नि.विनोद महतको बकपत्र ।

## ठहर खण्ड

२६. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्तिप्रसाद बरालले प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले अन्य प्रतिवादीहरुको सहयोगमा जाहेरवालाको मोटरसाईकल चोरी गरी पार्टपुर्जा निकालेको भन्ने बरामदी मुचुल्का,

जाहेरी दरखास्त, प्र.स.नि. विनोद महतसमेतको प्रहरी प्रतिवेदन एवं विनोद महतको बकपत्रसमेतबाट पुष्टि हुँदा निज प्रतिवादीहरुलाई अभियोग दावीबमोजिम सजाय होस भनी बहस गर्नु भयो । प्रतिवादीहरु उपेन्द्रप्रसाद भण्डारीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री शिवकुमार कार्कीले प्रतिवादीको कोठाबाट चोरीको मोटरसाइकलका सामान बरामद भए पनि यी प्रतिवादीले उक्त मोटरसाइकल चोरी गरेको नभई जितेन्द्र यादवले पठाएका व्यक्तिहरुबाट उक्त मोटरसाइकल चोरीको हो भन्ने थाहा नपाएर खरीद गरेको हुँदा प्रतिवादी निर्दोष रहेकाले सफाइ दिइयोस भनी बहस गर्नु भयो । प्रतिवादीहरु विभेक के.सी. र अर्जुन तामाङको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री पाण्डवप्रसाद प्रसाईले प्रतिवादीहरु ग्यारेज खोली पुराना गाडी मर्मत गर्ने काम गर्ने व्यक्ति रहेको र सहप्रतिवादी प्रहरी उपेन्द्रप्रसाद भण्डारीले मोटरसाइकल लिएर आई मोटरसाइकलको पार्टपुर्जा खोल्न लगाएकोले उक्त मोटरसाइकल चोरीको हो भन्ने थाहा नपाई प्रतिवादी अर्जुन तामाङले पार्टपुर्जा खोल्ने काममा सहयोग गरेको तथा प्रतिवादी विभेक के.सी. सो समयमा ग्यारेजमा नै नभएका र भोलिपल्ट फेसबुकबाट मोटरसाइकल हराएको भन्ने म्यासेज हेरी थाहा पाएपछि अघिल्लो दिन अर्जुन तामाङले खोलेको मोटरसाइकल चोरीको रहेको जानकारी पाएको एवं यी प्रतिवादीहरुको उक्त मोटरसाइकल चोरीमा कुनै संलग्नता रहेको भनी सहप्रतिवादीले पोल गर्नसमेत नसकेको अवस्था हुँदा निज प्रतिवादीहरुलाई सफाइ दिई फैसला होस भनी बहस गर्नु भयो ।

२७. मिसिल संलग्न सम्पूर्ण तथ्य एवं प्रमाण सहितका कागजात अध्ययन गरी वादी तथा प्रतिवादीको तर्फका कानून व्यवसायीबाट प्रस्तुत भएको बहससमेत सुनी यी प्रतिवादीहरुको मोटरसाइकल चोरीमा संलग्नता छ, छैन? संलग्नता छ भने को कसको के कस्तो संलग्नता रहेको छ? र निजहरुलाई के कस्तो सजाय हुने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

२८. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ को उपदफा (१) र (२) अनुसारको कसूर गरेकोले निज प्रतिवादीलाई सोही संहिताको दफा २४२(२) बमोजिम सजाय हुन र प्रतिवादीहरु अर्जुन तामाङ र विभेक के.सी.ले सोही संहिताको दफा २४१ को उपदफा (१) र (२) बमोजिमको कसूरको मतियार भई सोही संहिताको दफा ३६ को उपदफा (१) र (२) अनुसारको कसूर गरेकोले निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २४२ (२) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३६ (३)(ख) बमोजिम सजाय गरी जाहेरवालाको नोक्सानी भएको मोटरसाइकलको मूल्य रु.२,८९,९००। प्रतिवादीहरुबाट भराई जाहेरवालालाई दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीहरुबाट भराई पीडित राहत कोषमा जम्मा गराई पाउँ भन्ने अभियोग मागदावी रहेको पाइन्छ । मिति २०८०।१।१ गते बेलुका मन्थली न.पा. वडा नं. १ स्थित हाटेचौर जाने बाटो छेउमा पार्किङ गरी राखेको बा.०२८ प. ०९०७ नम्बरको यामाहा १४९ सि.सि. FZ

२ कालो रङ्गको ईन्जिन नं. G3J3E0554170 च्यासिस नं. MEIRG4417M0093820 भएको मोटरसाइकल राति चोरी भएकोले खोजी गरी पाउँ भनी प्रहरीमा निवेदन दिएकोमा उक्त मोटरसाइकल जिल्ला प्रहरी कार्यालय रामेछापको चालक प्र.ज. उपेन्द्रप्रसाद भण्डारीले चोरी गरेको खुलेकोले प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीलाई कारवाही गरी पाउँ भन्ने रमेश नेपालीको जाहेरी परेको पाइन्छ ।

२९. जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. १ हाटेचौर स्थित प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीको भाडा कोठाभित्र चोरीको मोटरसाइकलका विभिन्न पार्टपुर्जा फेला परेको भन्ने तथा जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. १ खाँदवारी स्थित विभेक के.सी.ले संचालन गरेको नुबि.ट्रेडर्स ग्यारेजको पछाडि च्यासिस नं. MEIRG4417M0093820 लेखिएको च्यासिससमेतका चोरीको मोटरसाइकलका पार्टपुर्जा फेला पारी बरामद गरेको भन्ने एवं जिल्ला प्रहरी कार्यालयको परिसरभित्र प्र.ज. उपेन्द्रप्रसाद भण्डारीलाई खानतलासी गर्दा Killer लेखिएको सुन्तला रङ्गको हाफ टिसर्ट बरामद भएको भन्ने छुट्टाछुट्टै बरामदी मुचुल्का देखिन्छ । जाहेरवालाको बा. ०२८ प ०९०७ नम्बरको मोटरसाईकल खोजीका लागि निवेदन परेपछि मोटरसाइकल खोजी गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय रामेछापमा जडित सि.सि. क्यामरा फुटेजबाट १ गते राति प्रहरीको जस्तो ड्रेस लगाएको व्यक्तिले मोटरसाईकल चोरी गरी लगेको देखेको र उक्त फुटेजमा देखिएको व्यक्ति जिल्ला प्रहरी कार्यालय रामेछापमा प्र.ज. पदमा कार्यरत उपेन्द्रप्रसाद भण्डारी रहेको खुल्न आएको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन देखिन्छ भने जाहेरवालाको मोटरसाइकल खोजी गर्ने क्रममा CCTV क्यामराको फुटेज हेर्दा कृषि विकास बैंकबाट हाटेचौरतर्फ फर्केको क्यामरामा मिति २०८०।१।२ बिहान १:३५ मिनेट बयालीस सेकेण्डदेखि १:३७ बजेसम्म टर्च बाली देवकोटा चोकबाट कृषि विकास बैंक (मोटरसाइकल पार्किङ गरेको स्थल) तर्फ नेपाल प्रहरीले लगाउने निलो चुस्ता लगाई पार्किङ गरी राखेको मोटरसाइकल टर्च बाली हेर्ने व्यक्ति प्र.ज. उपेन्द्रप्रसाद भण्डारी रहेको देखिएको, निज ऐ. बिहान २:२१ बजे जिल्ला प्रहरी कार्यालय रामेछापको मूल गेटबाट मोटरसाइकल चढी बाहिर गएको, सो बेला निजले सुन्तला रङ्गको टिसर्ट लगाएको देखिएको, उक्त टिसर्ट लगाएको व्यक्ति ऐ. बिहान २:२६ बजे जिल्ला सरकारी वकील कार्यालयको बाटो हुँदै कृषि विकास बैंकतर्फ (मोटरसाइकल स्थल) पैदल हिंड्दै गई ऐ. २:२८ बजे सोही सुन्तला रङ्गको टिसर्ट लगाएको व्यक्तिले मोटरसाइकल चलाई मन्थली न.पा.गेट अगाडिको बाटो हुँदै हाटेचौर जाने बाटोतर्फ चलाई लिई गएको देखिएकोले CCTV क्यामराको फुटेजमा कैद भएका व्यक्ति प्र.ज. उपेन्द्रप्रसाद भण्डारी रहेको स्पष्ट रुपमा देखिन आएको भन्ने प्र.ज.विमल राईको प्रतिवेदन रहेको देखियो ।

३०. प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा मिति २०८०।१।१ गते डिउटीमा रहेकोमा तामाकोशी अस्पताल छेउमा नाम थाहा नभएको अपरिचित व्यक्तिले जितेन्द्र यादवले पठाएको मान्छे हुँ भनी घरेलु अफिसको छेउमा बोलाएकोले त्यहाँ गई निजहरुसँग भेट हुँदा जितेन्द्रसँग कुरा गरेबमोजिम ईन्डियन

मोटरसाइकल ल्याई कृषि विकास बैंकको ओरालोमा कालो रङ्गको FZ मोटरसाइकल राखेको छ गएर हेरेर आउनु भनेकाले म एक्लै उक्त स्थानमा गई पार्किङ गरी राखेको कालो रंगको FZ मोटरसाइकलको अगाडि पछाडि सबैतिर हेरी डिउटी गई डिउटी सकेपछि अफिस गई लुगा चेन्ज गरी कोठामा जाने क्रममा हाटेचौर जाने बाटोमा ती मान्छेसँग भेट हुँदा निजैले उक्त मोटरसाइकल लगी मेरो कोठा अगाडि पार्किङ गरी गएका हुन्, मैले सो मोटरसाइकलको जितेन्द्र यादवलाई रु.५०००। पठाएको र मोटरसाइकल ल्याई दिने मानिसलाई रु.३००००।दिएको हो । मिति २०८०।१।२ गते अं. १७.०९ बजे नुबि ट्रेडर्स ग्यारेजमा काम गर्ने मिस्त्री र संचालक विभेक के.सी. दुबै जनालाई फोन गरी ईन्डियाबाट एउटा मोटरसाइकल मगाएको छु, मेरो कोठा अगाडि राखेको छ, लिएर ग्यारेजमा जाउ भनी मिस्त्रीलाई लिन ग्यारेज जाँदा ग्यारेजका संचालक विभेक के.सी.लाई बर्दिबासबाट मोटरसाइकल आई सकेको छ, स्टार्ट गर्न नजान्ने भएकाले मिस्त्रीलाई मेरो कोठासम्म पठाई दिनु भनी मिस्त्रीलाई मेरो बाईकमा हाली लगेपछि मिस्त्रीले उक्त मोटरसाइकल हयान्डिलबाट डाईरेक्ट स्टार्ट गरिदिएपछि मैले खाँदबारी स्थित ग्यारेजसम्म लगी विभेक के.सी., मिस्त्री अर्जुन तामाङ र म तीनै जनाले सल्लाह गरी अर्जुन तामाङले मोटरसाइकलको पार्टपुर्जा खोलेको, मिति २०८०।१।३ गते विभेक के.सी.ले बिहान अं. ८.०० बजे फोन गरी ग्यारेजमा बोलाएको र मिस्त्री अर्जुनले फोन गरी उक्त मोटरसाइकलको बारेमा फेसबुकमा आएको छ, के हो कुरा भनेकोले म ग्यारेजमा गएपछि विभेक के.सी.ले मोटरसाइकल मन्थलीको व्यक्तिको रहेछ मोटरसाइकलको पार्टपुर्जा आफ्नो कोठामा लिएर जानु भनेकाले आधी पार्टस मेरो कोठामा लगेको र बाँकी पार्टस सोही ग्यारेजमै छाडी आएको थिएँ, इन्सपेक्टर सरले सोधपुछ गर्दा मैले गल्ती गरेकोमा सत्य तथ्य बताई दिएको हो भन्ने व्यहोरा लेखाएको पाइयो ।

३१. प्रतिवादी विभेक के.सी.ले मौकाको बयानमा मिति २०८०।१।३ गते बिहान ग्यारेजमा च्यासिस नं. MEIRG४४१७M००९३८२० लगायतका मोटरसाइकलका पार्टपूर्जा ग्यारेज पछाडिको खाली जग्गामा देखी कामदारलाई सोधपुछ गर्दा प्र.ज. उपेन्द्र भण्डारीले मोटरसाइकल लिएर आई विभेक के.सी (साहु) सँग कुरा भई सकेको छ भनी कालो रंगको FZ मोटरसाइकल म र उपेन्द्र भण्डारीले पार्टपुर्जा खोली छुट्टाएको भनी अर्जुन तामाङले भनेको केही समय पछि फेसबुकमा बा.०२८ प.०९०७ नम्बरको यामाहा कम्पनीको १४९ सि.सि. FZ भर्जन २ कालो रङ्ग च्यासिस नं. MEIRG४४१७M००९३८२० भएको मोटरसाइकल कृषि विकास बैंकको ओरालोबाट हराएको भनी फेसबुकमा पोष्ट देखेको, हराएको मोटरसाईकलको च्यासिस नम्वर र मेरो ग्यारेज पछाडि रहेको मोटरसाइकलको पार्टसको च्यासिस मिलेकोले उक्त बाईक चोरी गरी ल्याएको थाहा भएको हो चोरीमा मेरो कुनै संलग्नता छैन भन्ने व्यहोरा लेखाएकोमा अदालतमा बयान गर्दासमेत सोही व्यहोरा लेखाएको देखिन्छ ।

३२. प्रतिवादी अर्जुन तामाङले मौकामा तथा अदालतमा बयान गर्दा मिति २०८०।१।२ गते साँझ अं. ६:०० बजे उपेन्द्र भण्डारी मोटरसाइकल लिई म काम गर्ने ग्यारेजमा आई मोटरसाइकल स्टार्ट भएन स्टार्ट गर्देउ भनेकाले म निजको बाईकमा पछाडि बसी निज बस्ने कोठा अगाडि राखिएको कालो रंगको FZ मोटरसाइकलको चाबी स्वीचको तारलाई एक आपसमा जोडी डाईरेक्ट स्टार्ट गरी दिएपछि उपेन्द्र भण्डारी मोटरसाइकल ग्यारेज लगेपछि यो बाईक बाहिरबाट मगाएको हो पार्टपुर्जाहरु खोल्नु पर्‍यो भनेकोले दुबै जना भई पार्टपुर्जा खोलेको, मिति २०८०।१।३ गते बिहान ग्यारेजमा गएकोमा विभेक दाइले फेसबुकमा उक्त मोटरसाइकल हराएको बारे पोष्ट गरेको देखी तिमीहरुले कुनै FZ बाईक खोलेको त छैनौ भन्नु हुँदा मैले उपेन्द्र भण्डारीले हिजो बेलुका एउटा FZ कालो रङ्गको मोटरसाइकल ल्याई खोलेका थियौं भनेपछि विभेक दाइले ग्यारेज पछाडि राखेको मोटरसाइकल हेर्दा सो वाइक र फेसबुकमा पोष्ट गरेको बाईक मिलेपछि विभेक दाइले उपेन्द्र भण्डारीलाई फोन गरी ग्यारेजमा बोलाउनु भएको र एक छिनपछि मैले पनि फोन गरी हिजो खोलेको मोटरसाइकल मन्थली कै मानिसको रहेछ, फेसबुकमा मोटरसाइकल हराएको पोष्ट गरेको छ भनेपछि उपेन्द्र भण्डारी ग्यारेजमा आएकाले विभेक के.सी.ले यो वाइक त रमेश नेपालीको चोरी भएको रहेछ भनी केही सामान ग्यारेजमै छाडेर बाँकी सामान उपेन्द्र भण्डारीले लगेको हो । उपेन्द्र भण्डारीले निजको कोठा अगाडि राखेको मोटरसाइकलको ल्याउन स्टार्ट गर्न लगाएकोले गरिदिएको र निजले उक्त वाइक ग्यारेजमा ल्याई पाटपुर्जा खोल्न लगाएकाले खोली दिएको हुँ, मोटरसाइकल चोरीको भन्ने पनि थाहा नभएको र चोरीमा आफ्नो संलग्नता नभएको भनी व्यहोरा लेखाएको देखिन्छ ।

३३. विष्णुबहादुर खड्गी र प्रेम नेपालीले मौकामा कागज गर्दा जाहेरवाला रमेश नेपालीले हाटेचौर जाने बाटो छेउमा पार्किङ गरी राखेको मोटरसाइकल प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले चोरी गरेको सिसिटिभि फुटेजबाट देखिएकोले निजउपर जाहेरी परेको र उक्त मोटरसाइकल प्रतिवादी विभेक के.सी. र अर्जुन तामाङसमेत भई खोलेको भन्ने सुनी थाहा पाएको भनी व्यहोरा लेखाएको पाइयो। जाहेरवालाले अदालतमा बकपत्र गर्दा सिसिटिभि फुटेज हेर्दा प्रतिवादी उपेन्द्र भण्डारीले वाइक चोरी गरेको जस्तो लागि जाहेरी दिएकोमा वास्तवमा चोरी गरेका होइन रहेछन् भनी व्यहोरा लेखाए पनि प्र.स.नि. विनोद महतले बकपत्रमा सिसिटिभि फुटेजमा जाहेरवालाको मोटरसाइकल चोरी गर्ने व्यक्ति मेरो कार्यालयमा कार्यरत प्र.ज.उपेन्द्रप्रसाद भण्डारी हुन्, निजले चोरीको मोटरसाइकलसँगै कृषि विकास बैंकको ओरालोमा घुमेको देखेको हो भनी व्यहोरा लेखाएको पाइयो भने प्रतिवादी उपेन्द्र भण्डारीका साक्षी अरुण कार्की र कोपिला थापाले बकपत्रमा यी प्रतिवादीले मोटरसाईकल चोरी गरेको भन्ने थाहा छैन भनी र प्रतिवादीहरु अर्जुन तामाङका साक्षी कोमलबहादुर श्रेष्ठ र विभेक के.सी.का साक्षी कुमार घिमिरेले बकपत्रमा यी प्रतिवादीले मोटरसाईकल चोरी गरेको थाहा छैन, मिस्त्रीले वर्कशपमा ब्लुबुक, पास लाइसेन्स हेर्ने काम गर्दैन, वर्कसपमा कुनै व्यक्तिले

बनाउन ल्याएको सवारी साधन चोरीको हो होइन भन्ने प्रतिवादीलाई थाहा हुँदैन भनी लेखाएको देखिन्छ ।

३४. माथि उल्लेखित मिसिल संलग्न सम्पूर्ण तथ्य एवं प्रमाणलाई दृष्टिगत गरी सर्वप्रथम प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीको हकमा हेर्दा, यी प्रतिवादीले चोरी गरेको भनी परेको जाहेरी दरखास्तको व्यहोरालाई बरामदी मुचुल्का, घटनास्थल मुचुल्का, प्र.स.ह सर्वेस रायको प्रतिवेदन, प्र.ज.विमल राईको प्रतिवेदन तथा प्र.स.नि. विनोद महतको बकपत्रबाट समर्थित गरेको देखियो । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जितेन्द्र यादवले पठाएका मानिसले तपाईले जितेन्द्र यादबसँग इन्डियन मोटरसाइकल चाहिएको भनेबमोजिमको मोटरसाइकल ल्याइदिएको र कृर्षि विकास बैकको ओरालोमा राखेको कालो रंगको FZ मोटरसाइकल हो हेर्नु भनेकोले डिउटिमै रहेको अवस्थामा उक्त मोटरसाइकलको अगाडि पछाडि सबैतिर हेरेको, डिउटी सकेर कोठामा जाँदा तिनै मानिसले मोटरसाइकल मेरो कोठा अगाडि लगेर राखिदिएपछि मैले रु.३००००। दिएको हो व्यहोरा लेखाए पनि यी प्रतिवादीले डिउटी सकिएपछि ड्रेस चेन्ज गरी उक्त मोटरसाइकल लगेको प्रमाणबाट खुलेको पाइयो । मोटरसाइकल लैजाने व्यक्तिले लगाएको कपडासँग मैले लगाएको कपडाको रङ्ग मिलेको कारण आरोप लागेको भन्ने प्रतिवादिको जिकिर रहे पनि प्र.स.नी विनोद महतको बकपत्रमा जाहेरवालाको मोटरसाइकल चोरी गर्ने व्यक्ति प्रतिवादी उपेन्द्रप्रसाद भण्डारी नै रहेको सिसिटिभि फुटेजबाट खुलेको हो भनी लेखाएको व्यहोराले प्रतिवादीको सो जिकिर खण्डित भएको देखिन्छ । यी प्रतिवादीले आफूले इन्डियन मोटरसाईकल खरीद गरेको भन्ने ब्यहोरा बयानमा लेखाए पनि चोरीको मोटरसाइकल इन्डियन नं. प्लेटको नभई नेपाली नं. प्लेट भएको भन्ने देखिंदा निजको उक्त बयान जिकिर आफैंमा खण्डित भएको पाएयो । सिसिटिभि फुटेजमा देखिएको मोटरसाइकल लिएर जाने व्याक्तिले लगाएको कपडा मात्र मिलेको तर सो ब्याक्ति आफू नभएको भन्ने प्रतिवादीको जिकिरलाई घटनाका सिलसिलेवर प्रमाणबाट खण्डित गरेको र यी प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्न जितेन्द्र यादवको स्पष्ट वतन, फोन नं. लगायत खुलाउन नसकी बर्दिवास बस्ने भनी निजको फोन नं. समेत पछिल्लो समयमा स्वीच अफ हुने गरेको भनी उनै ब्याक्तिले पठाएको इन्डियन मोटरसाइकल आफूले अपरिचित ब्याक्तिलाई रु. ३०,०००।- रकम दिई किनेको भनी लेखाएको व्यहोरा पत्यारलायक देखिएन । तसर्थ प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले अभियोग माग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१४(१) र (२) को कसूर गरेको ठहर्छ ।

३५. निज प्रतिवादीलाई हुने सजायका सम्बन्धमा हेर्दा, निज उपर मुलकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिमको सजायको अभियोगदावी रहेको पाइन्छ । उक्त दफा २४२(२) मा उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा चोरी गर्ने वा गराउने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेकोले छ । यी प्रतिवादी आफैं देश र जनताको रक्षाको लागि ड्युटीमा रहेको व्यक्ति भई

आफैं चोरी जस्तो अपराधमा संलग्न भएको देखिंदा सजायको उदेश्य, कसूरको मात्रा र कसुर गर्दाको परिस्थितिसमेतको आधारमा निज प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीलाई अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ (२) बमोजिम एक वर्ष कैद र रु.१०,०००(दश हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क रु.४००।- (चार सय रुपैयाँ) निज प्रतिवादीबाट भराई पीडित राहत कोषमा जम्मा गरीदिनू ।

३६. अब अन्य प्रतिवादीहरु विभेक के.सी. र अर्जुन तामाङको हकमा हेर्दा, निज प्रतिवादीहरुले जाहेरवालाको मोटरसाइकल चोरीमा यो यसरी मतियार भएका थिए भन्ने पुष्टि गर्ने गर्ने ठोस र निश्चयात्मक प्रमाण पेश हुन आएको देखिएन । प्रतिवादी अर्जुन तामाङले सह प्रतिवादीको आग्रहमा निज उपेन्द्रप्रसाद भण्डारीको कोठा अगाडिबाट मोटरसाइकल स्टार्ट गरी दिएको र ग्यारेजमा उपेन्द्रले लगेको मोटरसाइकलको पार्टपुर्जा खोली दिएको भन्ने आधारमा प्रतिवादी कायम गरेको देखियो । निज प्रतिवादी मोटरसाइकल ग्यारेजमा काम गर्ने मिस्त्री रहेको तथ्यमा विवाद देखिएन । आफूले काम गर्ने ग्यारेजमा प्रहरी कर्मचारीले पाटपुर्जा खोली दिनु भनी ल्याएको सवारीको पाटपुर्जा खोलेको देखिएको र यी प्रतिवादीलाई सो मोटरसाइकल प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले चोरी गरी ल्याएको भनी जानकारी थिएन भनी सह प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीको मौकाको तथा अदालतको बयानबाट खुल्न आएको पाइयो । त्यसै गरी प्रतिवादी विभेक के.सी. ग्यारेज संचालक रहेको र निजको ग्यारेजमा मोटरसाइकलको पाटपुर्जा खोलेको र केही पाटपुर्जा सोही ग्यारेजबाट बरामद भएकोले निजलाई प्रतिवादी कायम गरिएको भन्ने देखिन्छ । सहप्रतिवादी अर्जुन तामाङ र उपेन्द्रप्रसाद भण्डारीको बयानबाट यी प्रतिवादी उक्त मोटरसाइकल ग्यारेजमा लगेको समयमा तथा पाटपुर्जा खोल्दासमेत उक्त ग्यारेजमा नभएको भन्ने खुली आएको पाइन्छ । यी प्रतिवादीलाई उक्त मोटरसाइकल सहप्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले चोरी गरी आफ्नो ग्यारेजमा ल्याई पाटपुर्जा खोलेको भन्नेसम्म थाहा नभएको अवस्थामा निजको ग्यारेजबाट चोरीको सामान भेटिएको भन्ने मात्र आधारमा निजको कसूरमा संलग्नता रहेको भनी अनुमान गरी कसूरदार ठहर गर्न मिलेन ।

३७. तसर्थ जाहेरवालको मोटरसाइकल चोरी गरी प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले आफ्नो ग्यारेजमा ल्याएको भन्ने यी प्रतिवादीहरुलाई पहिले नै थाहा थियो भन्ने नदेखिएको अवस्थामा ग्यारेजबाट उक्त मोटरसाइकलका पार्टपुर्जा बरामद हुनु र मोटरसाइकलको पार्टपुर्जा खोल्ने कार्यमा सामेल हुनुले मात्र यी प्रतिबादीहरुले चोरी कार्यमा मतियार भई सहयोग गरेका रहेछन् भनी अर्थ गर्न मिलेन । प्रतिवादीहरु विभेक के.सी. र अर्जुन तामाङउपरको अभियोग दावी पुग्न नसकी निज प्रतिवादीहरु विभेक के.सी. र अर्जुन तामाङले प्रस्तुत अभियोगको दावीको कसूरबाट सफाइ पाउने ठहर्छ । अरुमा तपसीलबमोजिम गर्नू ।

## तपसील खण्ड

- माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीलाई १ वर्ष कैद र रु. १०,०००।-(दश हजार रुपैयाँ) जरीवाना हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०८०।१।३ मा पक्राउ परी यस अदालतको मिति २०८०।१।२५ गतेको आदेशानुसार धरौटी तारेखमा रहेको देखिंदा निज प्रतिवादीलाई लागेको १ वर्ष कैदको हकमा निज न्यायिक हिरासतमा रही बसेको मिति २०८०।१।३ देखि मिति २०८०।१।२५ सम्म जम्मा दिन २२ कैद कट्टा गरी बाँकी ११ (एघार) महिना ८ (आठ) दिनको हकमा कैदको लगत कसी असूल गर्नू भनी तहसील शाखामा लेखी पठाउनू ।
- प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीलाई ठहरेको रु.१००००। (दश हजार रुपैयाँ) जरिवानाको हकमा निजले मिति २०८०।१।२५ मा ध.र.नं. ०९९ बाट राखेको रु.१,५०,०००। धरौटी रकमबाट कट्टा गरी असूल जनाई बाँकी रु. १,४०,०००। को हकमा फैसला अन्तिम किनारा भएपछि प्रतिवादीले ऐनका म्यादभित्र फिर्ता मागे फिर्ता दिनू भनी फैसलाको प्रतिलिपिसहित लेखा शाखालाई लगत दिनू ।
- प्रतिवादी उपेन्द्र भण्डारीबाट भराई दिने ठहरेको क्षतिपूर्ति शुल्क रु.४००।-(चार सय रुपैयाँ) प्रतिवादीबाट भराई पीडित राहत कोषमा जम्मा गर्नू र क्षतिपूर्ति वापतको शुल्क तिर्न नसकेमा कानूनबमोजिम असूल उपर गर्नू भनी तहसील शाखामा लेखी पठाउनू ।
- प्रतिवादीहरु विभेक के.सी. र अर्जुन तामाङले प्रस्तुत मुद्दाबाट सफाइ पाउने ठहरी फैसला भएकोले निज प्रतिवादीहरुले यस अदालतको मिति २०८०।१।२५ को आदेशले क्रमशः ध.र.नं. १०० र ध.र.नं. १०१ बाट राखेको धरौटी जनही रु. २०,०००।- प्रस्तुत मुद्दा अन्तिम किनारा भएपछि प्रतिवादीहरुले ऐनका म्यादभित्र फिर्ता माग्न आए फिर्ता दिनू भनी लेखा शाखालाई लगत दिनू ।
- प्रस्तुत फैसलामा चित्त नबुझे प्रतिवादी उपेन्द्रप्रसाद भण्डारीले कानूनका म्याद ७० दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न सक्ने हुँदा फैसलाको जानकारी प्रतिवादीलाई दिनू ।
- प्रस्तुत फैसलामा चित्त नबुझे वादी नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम पुनरावेदन गर्न सक्ने नै हुँदा सोही संहिताको दफा १३२(४) बमोजिम फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यलाय रामेछापलाई फैसलाको जानकारी दिनू ।
- सरोकारवालाले रीतपूर्वकको निवेदन दिई नक्कल माग गरे लाग्ने दस्तुर लिई दिनू ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम प्रस्तुत फैसलाको विद्युतीय प्रति श्री सर्वोच्च अदालतको वेबसाईटमा रहने गरी अपलोड गर्नू र प्रमाणीकरण भएको फैसला यस अदालतको सूचना पाटीमा टाँस गरी वेबसाईटमा समेत राख्नू ।
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाउनू ।

**फैसला टिपोट गरी तयार गर्ने**

क.अ. कल्पना घिमिरे **न्यायाधीश**

इति सम्वत् २०८० साल भाद्र ३ गते रोज १ शुभम्----------------------

प्रमाणीकरण मितिः २०८०।५।८।६

अदालतको छाप

श्री

नवलपरासी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश केशवप्रसाद अधिकारी

फैसला

मुद्दा नं.:- ०७९-C१-००४४

रजिष्ट्रेशन नं.:- ६६-०६९-००७४६

निर्णय नं.:- २४८

सजाय निर्धारण नं.:- १५

दायर मितिः- २०७९-०६-२४

प्रहरी निरीक्षक धर्मराज खत्रीको प्रतिवेदन जाहेरीले नेपाल सरकार.........................१ — वादी

विरुद्ध

शिकारी धोवीको नाति, बदरी धोवीको छोरा, जिल्ला नवलपरासी, साबिक कुश्मा गा.वि.स. वडा नं. ८ भई हाल पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ कुश्मा बस्ने रघुनाथप्रसाद धोवी.......................................१

जिल्ला नवलपरासी, साबिक कुश्मा गा.वि.स. वडा नं. ७ भई हाल पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ बस्ने मन्टुभन्ने विवेकप्रसाद पाण्डे...................................१

विश्वनाथ तेलीको नाति, वंसराज गुप्ताको छोरा, जिल्ला नवलपरासी, साबिक कुश्मा गा.वि.स. वडा नं. १ बेलासपुर घर भई हाल पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ बेलासपुर बस्ने बैजुप्रसाद गुप्ता (दिपक)..................१ — प्रतिवादी

खेलावन साहको नाति, बेचन शाहको छोरा, भारत जिल्ला मोतीहारी थाना चिरहिया ग्राम पटजिलवा घर भई हाल जिल्ला नवलपरासी, सुनवल नगरपलिका वडा नं. १२ भुमही नविनटोलमा कबाडी पसल गरी बस्ने रामा गुप्ताभन्ने रामा साह.............................१

बुजावन पासवानको नाति, जयश्री पासवानको छोरा, भारत जिल्ला मोतीहारी थाना चिरहिया ग्राम पटजिलवा घर भई हाल जिल्ला नवलपरासी, सुनवल नगरपलिका वडा नं. १२ भुमहीमा कबाडी पसल गरी बस्ने जितेन्द्र पासवान......................................१

मुद्दाः- लागू औषध (डाइजेपाम समेत)।

**वादीको**

साक्षीः प्र.ना.नि. जीवनकुमार आचार्य, प्रतिवेदक धर्मराज खत्री, प्र.ना.नि. गोकर्ण चौहान, प्रहरी हवल्दार पृथबहादुर थापा, लक्ष्मण भट्टराई, अश्विन ढकाल, संजय साह, प्र.ना.नि. विन्तोष लामिछाने, प्रहरी उपरीक्षक ऋषिराम कंडेल, रुपकुमार क्षेत्री, लोभीचन्द्र धोवी, गणेशकुमार बनिया, केशवराज ज्ञवाली, ईश्वरीप्रसाद काफ्ले

कागजः

**प्रतिवादीको**

साक्षीः मुरारी गुप्ता, पुस्कर चौधरी

कागजः

**अदालतबाट बुझिएको**

साक्षी : प्र.ना.नि. जीवनकुमार आचार्य, प्रतिवेदक धर्मराज खत्री, प्र.ना.नि. गोकर्ण चौहान, प्रहरी हवल्दार पृथबहादुर थापा, लक्ष्मण भट्टराई, अश्विन ढकाल, संजय साह, प्र.ना.नि. विन्तोष लामिछाने, प्रहरी उपरीक्षक ऋषिराम कंडेल, रुपकुमार क्षेत्री, लोभीचन्द्र धोवी, गणेशकुमार बनिया, केशवराज ज्ञवाली, ईश्वरीप्रसाद काफ्ले, मुरारी गुप्ता, पुस्कर चौधरी।

कागज :

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्नेभई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छः-

**सङ्क्षिप्त तथ्य**

१. मिति २०७९।०३।२२ गते अन्दाजी २०:०० बजेको समयमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियामा लु. ३प ७७१ नं. मोटरसाइकललाई रोकी जाँच गर्ने क्रममा मोटरसाइकलचालक देश भारत, जिल्ला मोतीहारी थाना चिरहिया ग्राम पटजिलवा घरभई हाल जिल्ला नवलपरासी, सुनवल नगरपालिका वडा नं. १२ भुमही नविनटोलमा कबाडीपसल गरी बस्ने वर्ष ४० को रामा गुप्ता र सोही मोटरसाइकलमा पछाडि सवार ऐ.ऐ. बस्ने वर्ष ३२ को जितेन्द्र पासवानले दायाँ हातमा लिएको पहेंलो प्लाष्टिकको बोराको झोला खोली हेर्दा सो झोलामा २/२ ml को झोल सहितको NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल लागू औषध फेला परेको र निजहरूमध्ये रामा गुप्ताको शरीर खानतलासी गर्दा आठ हजार सात सय रुपियाँ र Redmi कम्पनीको ९८४१५७५६४६ र ९८१७५११५९१ नं को सिमकार्ड सहितको मोबाइल थाना १ समेत फेला पारी निजहरूलाई उक्त लागू औषध र लु. ३प ७७१ नं को मोटरसाइकल बरामद गरी दशी सहित पक्राउ गरी यसै प्रतिवेदनसाथ दाखिला गरेको छु, कानूनबमोजिम होस् भन्ने समेत बेहोराको प्रहरी निरीक्षक धर्मराज खत्रीको प्रतिवेदन।

२. जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ स्थित पिपरहियाको पूर्व, पश्चिम, उत्तर,

दक्षिणमा सडक यति चारकिल्लाभित्र रहेको लु. ३प ७७१ नं को मोटरसाइकल रोकी चेकजाँच गर्ने क्रममा जितेन्द्र पासवानले दायाँ हातमा लिएको प्लाष्टिकको बोराको झोलामा २/२ एम.एलको NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल, लु. ३प ७७१ नं को मोटरसाइकल, रामा गुप्ताको साथबाट नगद रु. ८,७००/- र REDMI कम्पनीको मोबाइल र ९८४१५७५६४६ र ९८१७५११५९१ नं. को सिम समेत बरामद भएको स्थानको चारकिल्ला विवरण ठिक छ भन्ने समेत बेहोराको खानतलासी तथा बरामदी मुचुल्का।

३. प्रतिवेदन बेहोराहरूः-

क) लुम्बिनी प्रदेश प्रहरी कार्यालय (अपराध अनुसन्धान शाखा), दाङको च. नं. १८० मिति २०७९/०४/१६ को आवश्यक कारबाही सम्बन्धी पत्रको बेहोराः- यसमा प्र.ना.नि. गोकर्ण चौहानको कमाण्डमा खटिएको टोलीले मिति २०७९/०३/२२ गते अन्दाजी २०:०० बजेको समयमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाभन्ने स्थानमा चेकजाँचको क्रममा नुफिन, डाइजेपाम र फेनार्गन ९०/९० सेट गरी २७० एम्पुल फेला पारी अनुसन्धान गरिएको बारदातमा "सूचना दिने व्यक्तिले देखाएको अस्वाभाविक सक्रियताको पछाडि निहीत स्वार्थबाट प्रेरित भई अपराधिक षडयन्त्र परिपञ्च गरी कसैलाई फसाउने उद्देश्य पनि हुन सक्छ भनी सूचनालाई पुर्नपुष्टि गरेको देखिएन। त्यसै गरी लागू औषध फेला परेपश्चात कानूनबमोजिम गरिने बरामदी मुचुल्काका सम्बन्धमा बरामद गर्ने प्रक्रिया त्रुटिपूर्ण रूपमा सम्पन्न गरेको खुल्न आएको" हुँदा सो कार्यमा संलग्न प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिनुपर्ने देखिन्छ भन्ने समेत बेहोरा उल्लेख भएको हुँदा बरामदी मुचुल्का समेतमा दोषी देखिएकाहरूलाई कानूनबमोजिम आवश्यक कारबाही गरी सोको प्रगति विवरण अविलम्ब तालुक तथा यस कार्यालयमा जाहेर गर्न हुन" भन्ने समेत बेहोराको पत्र प्राप्त भएको।

ख) प्रहरी निरीक्षक धर्मराज खत्रीको प्रतिवेदनः- म समेतको प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रामा गुप्ता समेत भएको लागू औषध मुद्दामा अनुसन्धानको क्रममा पक्राउमा परेका प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा खुलाएको मोबाइल नम्बर ९८१७४५८५५३ नं. को मोबाइल फोन प्रयोगकर्ता जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिका वडा नं.३ कुश्मा बस्ने रघुनाथ प्रसाद धोवी रहेको खुल्न आएको र निजले प्रयोग गर्ने सो मोबाइल समेत स्वीचअफ रहेकोले निजको घर वतनमा निजलाई खोजतलास गर्दा समेत फेला नपरेको, सो वारदातको दिन ९८१७४५८५५३ नं को मोबाइलबाट ९८५७०२४२९६ नं को मोबाइलमा समेत पटक पटक फोन सम्पर्क भएको ९८१७४५८५५३ नं मोबाइलको प्राप्त CDR Analysis बाट देखिएको हुँदा सो वारदात सम्बन्धमा ९८१७४५८५५३ नं

को मोबाइल फोन प्रयोगकर्ता रघुनाथप्रसाद धोबी समेतलाई अनुसन्धान गरी पाउँन यो प्रतिवेदन लेखी पेश गरेको छु भन्ने समेत बेहोराको प्रतिवेदन।

ग) प्रहरी उपरीक्षक ऋषिराम कंडेलको प्रतिवेदनः- मिति २०७९/०३/२१ गते दिउँसो सशस्त्र प्रहरी गण २६ नं. बेलासपुर, नवलपरासीका सशस्त्र प्रहरी उपरीक्षक रुपकुमार क्षेत्रीले फोनगरी हतियार र लागू औषध (ड्रग्स) मोटरसाइकलमा आउँदै छ, मेरो टिम पनि स्ट्याण्डबाई राख्छु, तपाईको टिम पनि तयार राख्नुपर्यो भनी भनेको, त्यसको लगत्तै ईलाका प्रहरी कार्यालय, अमानिगञ्ज नवलपरासीका प्रहरी नायव निरीक्षक जीवनकुमार आचार्यले पनि फोनगरी मोटरसाइकलमा लागू औषध आउँदैछ भनी पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) ले जानकारी गराएकोले म पाल्हीनन्दन गाउँपालिकामा जाँदैछु भने पश्चात मैले निज पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) लाई फोन गरी वास्तविकता के हो ? सशस्त्र प्रहरी उपरीक्षक र प्रहरी नायव निरीक्षकले यस्तो सूचना दिएका छन् भनी निजले प्रयोग गर्ने मोबाइल नं. ९८५७०२४२९६ मा सोध्दा निज बैजुप्रसाद गुप्ता (दिपक)ले सोही बेहोराको जवाफ दिएकोमा केही समयपछि आज नआउने भयो, फेरि सूचना आएपछि जानकारी गराउँला भनेका थिए, मिति २०७९/०३/२२ गते दिउँसो पुनः मोटरसाइकलमा हतियार र लागू औषध (ड्रग्स) आउँदै छ भनी निज बैजुप्रसाद गुप्ता (दिपक) ले नै फोनमार्फत सूचना दिएकाले साँझसम्म पनि खटिएको टोलीले निगरानी गर्दा सूचना आएको छ टोली खटाई दिनुपर्यो भनी फोनबाट नै भनेकाले सोही दिन बेलासपुर एरिया (पिपरहवा चोक) तर्फ टोली खटिएको हो, बैजुप्रसाद गुप्ता (दिपक) ले पटक-पटक फोन गरी मोटरसाइकलमा लागू औषध (ड्रग्स) आउँदैछ, मोटरसाइकल परिवर्तन गर्न सक्छन्, टोलीलाई पिपरहवा चोकमा नै राख्नु पर्ला भनी भनेकाले मैले सोहीबमोजिम खटीएका टोली कमाण्डर प्रहरी नायव निरीक्षक गोकर्ण चौहानले लागू औषध सहित पहेंलो ब्याग र २ जना मानिसहरू फेला परेका छन् भनेपछि मुचुलका गर्ने भनी प्रहरी निरीक्षक धर्मराज खत्रीलाई आदेश दिई निजलाई खटाई पठाएअनुसार २/२ एम.एल. को NOOPHIN, DIAZAPAM र PHENARGAN ९०/९० एम्पुल गरी जम्मा २७० ( दुई सय सत्तरी) एम्पुल बरामद गरी भारत घर भएका रामा गुप्ता र जितेन्द्र पासवान समेतलाई कार्यालयमा लिएर आएका छन्। सो सम्बन्धमा हाल आएर बैजुप्रसाद गुप्ता (दिपक) र पक्राउमा परेका व्यक्ति रामा गुप्ता बीचको ब्यापारिक सम्बन्ध रहेकोले निज बैजुप्रसाद गुप्ताले प्रहरीलाई दिएको सूचना नै शङ्कास्पद देखिएकोले पक्राउ परेका व्यक्तिहरूको बारेमा सत्यतथ्य पत्ता लगाई निज बैजुप्रसाद गुप्ता (दिपक)लाई सूचना दिने व्यक्तिसँग सो समयमा सम्पर्कमा रहेका अन्य व्यक्तिहरू लगायत पक्राउ परेका व्यक्ति एवं "बैजुप्रसाद गुप्ता" समेतलाई प्रस्तुत मुद्दाको सम्बन्धमा विस्तृत अनुसन्धान हुन यो प्रतिवेदन लेखी पेश गरेको छु भन्ने समेत बेहोराको प्रतिवेदन।

घ) प्रहरी निरीक्षक केशवराज ज्ञवालीको प्रतिवेदनः- मिति २०७९/०२/२२ गते नाम थाहा

नभएको व्यक्तिले मेरो मोबाइल नं. ९८१७५११५९१ मा ९८१७४५८५५३ नं. को मोबाइलबाट फोन गरी कबाडी ट्रक तथा ट्याक्टर विक्री गर्न तपाई पिपरहिया आउनु भनी बोलाएकाले म र जितेन्द्र पाससवान पिपरहियामा गई मलाई फोन गर्ने निज व्यक्तिलाई सम्पर्क गरी भेटी खोइ समान कहाँ छ? भन्दा निजले आफुसँगै लिएर आएका मान्छेलाई जाउ उसलाई बोलाएर लिएर आउ भनी अर्को मान्छेलाई पठाई मैले ट्रक विक्री गर्ने मान्छेलाई बोलाएको छु, त्यति बेलासम्म चिया खाऔं भनी त्यहीनजिकै रहेको चिया पसलमा गई निजले तीनकप चिया मगाई हामी तीनै जनाले चिया खाइसक्दा पनि कोही मान्छे नआएपछि म र जितेन्द्र पासवान त्यहाँबाट आफुले रोकी पार्किङ गरेको मोटरसाइकल नजिक जाँदा मेरो रोकेको मोटरसाइकल नजिक को-कसले प्लाष्टिकको बोराको झोला राखेको रहेछ, सोही समयमा प्रहरी टोली आई हामी दुवै जनाको शरीर तथा मोटरसाइकल नजिक रहेको प्लाष्टिकको झोला समेत खानतलासी गर्दा सो झोलाभित्र अवैध लागू औषध फेलापारी बरामद गरी हामीलाई समेत पक्राउ गरी ल्याएको भनी मिति २०७९/०३/२४ गते रामा गुप्ताभन्ने रामा साहले बयानमा खुलाई लेखाई दिएको, मिति २०७९/०४/१८ गते निज रामा गुप्ताभन्ने रामा साहले दिएको थप (ततिम्बा) बयानमा ९८१७४५८५५३ नं. को मोबाइल प्रयोगकर्ता जिल्ला नवलपरासी, पल्हीनन्दन गाउँपालिका वडा नं. ३ घर भएको रघुनाथ धोवी र निज बैजुप्रसाद गुप्ता (दिपक) ले मैले कबाडी समान नदिएको, कारोबारको हिसाब मागेको विषयमा पटक पटक तिमीलाई देखाई दिन्छु भनी धम्की दिएका थिए, यही कुरालाई लिएर निजले रघुनाथ धोवी लगायतका व्यक्तिहरूलाई प्रयोग गरी मलाई फसाएको हुनुपर्छ भनी खुलाई लेखाइ दिएको, बुझिएका संजय साह र लालसा साहले पनि कागज गर्दा निज बैजुप्रसाद गुप्ता (दिपक) लाई कबाडको समान नदिएपछि रामा गुप्ताभन्ने रामा साहलाई निजले प्रयोग गर्ने ९८५७०२४२९६ नं. को मोबाइलबाट पटक पटक फोन गरी तिमीले मलाई किन माल दिन छोड्यौ? माल मलाई दिनुपर्छ, माल नदिए तिमीलाई राम्रो हुदैन" भनी धाकधम्की दिँदै आएका थिए, सोही अनुसार निज बैजुप्रसाद गुप्ता (दिपक)ले रघुनाथ धोवी समेतलाई प्रयोग गरी कबाडीको समान हेर्न बोलाई रामा साहलाई लागू औषध मुद्दामा फसाएका हुन् भनी खुलाएको, पक्राउमा परेका प्रतिवादी रघुनाथ धोवीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान दिंदा पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ बस्ने बैजुप्रसाद गुप्ता (दिपक) र रामा गुप्ताबीच कबाडसम्बन्धी विषयमा लेनदेन भएकाले निजहरूबीच विवाद भएको कुरा मलाई मन नपरेकाले मैले रामा गुप्तालाई कबाडको समान खरिद गर्न जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं.१७ स्थित पिपरहिया भन्ने स्थानमा बोलाई निजको रोकिराखेको मोटरसाइकलमा २/२ एम.एल.को NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल रहेको बोराको झोला लगी

राखी दिएको भनी बयानमा खुलाई दिएको, वारदातको समयमा बैजुप्रसाद गुप्ता (दिपक) र पक्राउ प्रतिवादी रघुनाथ प्रसाद धोवीबीच पटक पटक फोन सम्पर्क भएको प्राप्त CDR विवरणबाट देखिएकोले मिसिल संलग्न तथ्यहरूबाट जिल्ला नवलपरासी पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ बस्ने बैजुप्रसाद गुप्ता (दिपक) उपर समेत प्रस्तुत लागू औषध मुद्दामा अनुसन्धान गरी पाउँ भनी पेश गरेको प्रतिवेदन।

४. प्रतिवादीहरूको बयान :-

क) प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले गरेको बयानः- मिति २०७९/०३/२२ गते मेरो लु. ३प ७७१ नं. को मोटरसाइकल मैले चलाई पछाडि जितेन्द्र पासवानलाई बसाई हामी दुवैजना भन्सार कार्यालय, महेशपुरमा गई मैले लिलाम सकारेको मोटरसाइकल ट्रकमा लोड गरी हामी दुवै जना आफ्नो कबाडी पसलमा आउन लागेको अवस्थामा मोबाइल नं. ९८१७४५८५५३ बाट मेरो मोबाइल नं. ९८१७५११५९१ मा फोन गरी कबाडको ट्याक्टर र ट्रक विक्री गर्न लागेका छौं, कतिमा खरिद गर्नुहुन्छ? तपाई नवलपरासी जिल्लाको पिपरहियाचोकमा आउनु, त्यहीं भेट हुन्छ भनेर भनेको हुँदा मैले हुन्छ भनी म र जितेन्द्र पासवान पिपरहियाचोकमा आई पानपसलअगाडि मैले चलाई ल्याएको मोटरसाइकल रोकी हामी दुवैजना मोटरसाइकलबाट ओर्ली निजलाई मैले फोन गरी तपाई कहाँ हो? म पिपरहिया चोकमा आइसकें भनेपछि निजले म आइहालें भनी फोन काटी १०/१५ मिनेटपछि निजले एक जना मान्छेलाई लिएर म भएको ठाउँमा आएपश्चात मैले निजलाई खोइ समान कहाँ छ? भनी सोध्दा निजले आफुसँगै लिएर आएको मान्छेलाई जाउ, उसलाई बोलाएर लिएर आउ भनी पठाई मैले ट्रक र ट्याक्टर विक्री गर्ने मान्छेलाई बोलाउन पठाएको छु, त्यति बेलासम्म चिया खाऔं भनी त्यहींनजिकै रहेको चिया पसलमा गई निजले तीनवटा चिया मगाई हामी तीनै जनाले चिया खाने क्रममा मैले छिटो बोलाउनु, मलाई ढिलो हुन्छ भनी निजलाई भनेपछि निजले फोन लगाई एक छिनपछि त्यसले फोन उठाएको छैन, बसौं न, एक छिनमा आउँछ भनेकाले केहीसमय कुर्दा पनि कोही मान्छे नआएपछि मैले निजलाई मलाई ढिलो हुन्छ, तपाईको मान्छे आएन, आएपछि भोलि मलाई फोन गर्नु, म आउँछु भनी म र मसँगै आएका जितेन्द्र पासवान त्यहाँबाट आफुले पार्किङ गरी राखेको मेरो मोटरसाइकलनजिक जाँदा मेरो मोटरसाइकलनजिकै कसले प्लाष्टिकको बोरा राखेको रहेछ, सोही समयमा खटिआएको प्रहरी टोलीले म र जितेन्द्र पासवान तथा मेरो मोटरसाइकल खानतलासी गर्दा मैले लगएको पाइन्टको पछाडिको दायाँ खल्तीबाट नगद रू. ८,७००/-, REDMI कम्पनीको ९८४१५७५६४६, ९८१७५११५९१ नं. को सिमकार्ड सहितको स्क्रिनटच मोबाइल थान १, मेरो मोटरसाइकल नजिक रहेको सो प्लाष्टिकको झोलाभित्र NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल लागू औषध फेला पारी

बरामद गरी दशी सहित म र जितेन्द्र पासवानलाइ पक्राउ गरी ल्याएको हो। उक्त लागू औषध मैले ल्याएको होइन, मेरो होइन, हामी चिया खान गएको बखत मैले रोकी राखेको मेरो मोटरसाइकलनजिक सो लागू औषध रहेको झोला ल्याई को कसले राखी दिए मलाई थाहा छैन भन्ने समेत बेहोराको रामा गुप्ताभन्ने रामा साहले गरेको बयान।

ख) प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले गरेको पुनः (ततिम्बा) बयानः- मिति २०७९।०३।२२ गते ९८१७४५८५५३ नं. को मोबाइल प्रयोगकर्ताले फोन गरी पिपरहियाचोकमा बोलाएपश्चात म सो ठाँउमा पुगी निजलाई फोन गर्दा फोनमा कुरा गर्दै मलाई भेट्न आई चिया पसलमा चियाखान सँगै गएका थियौं, सो फोन नं. प्रयोगकर्ता रघुनाथ धोवी भन्ने थाहा भयो। मलाइ फोन गरी कबाडको समान खरिदका लागि बोलाउने ९८१७४५८५५३ नं. को मोबाइल प्रयोगकर्ता रघुनाथ धोवी नै हुन्। मैले ८/१० वर्ष अगाडिदेखि कबाड सङ्कलन गरी निज बैजुप्रसाद गुप्ता (दिपक) लाई दिने गर्दथें। वि.स. २०७६ सालको कोरोनाको समयमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. ११ मा रहेको हुलास (बजाज) company मा म र मेरो साला संजय गुप्तासँग मिलेर कबाड उठाउने काम गर्दथ्यौं, उक्त ठेक्का सकियो। त्यसपछि म बैजुप्रसाद गुप्ताको घरमा गई पुनः नयाँ ठेक्कापट्टा मिलेर गरौं दाइ भनी निज बैजुप्रसाद गुप्तासँग कुराकानी गर्दा राम्रो कुरा भयो, २०% तिम्रो र ८०% मेरो हुन्छ भनी निजसँग मौखिक सहमति भयो, निज र मेरो बीचमा पहिल्यैदेखि कबाडको कारोबार भएको हुँदा मैले पनि विश्वास गरें। बैजुप्रसाद गुप्ताको नाममा कबाडी ठेक्का पर्यो, निज बैजुप्रसाद गुप्ता र मैले निजकै मानिस दिपक गुप्ता भन्नेलाई दुवै जनाको सल्लाहमा मुन्सी राख्यौं, महिना पुगेपछि मैले खर्च र आम्दानीको हिसाब गरौं भन्दा निज बैजुप्रसाद गुप्ताले एक वर्षमा एकै पटक हिसाब हुन्छ, अहिले हुँदैन भनी भन्नु भयो। ठेक्का लाग्दा रू. ११ प्रति केजी मा लिएको माल रू.३० प्रति केजीसम्म पुग्यो, हामीलाई सोचेको भन्दा तीन गुणा फाइदा हुने भयो। एक वर्ष पुग्यो हिसाब गरौं भन्दा कहिले १५ दिनपछि गरौंला भन्ने, कहिले मिटिङ छ, मैले भ्याएको छैन भन्ने र कहिले अब चुनाव आयो, पछि हिसाब गरौंला भन्दै टार्दै गए। सो ठेक्काबाट लगभग १० करोड जति फाइदा भयो। कामदार, गाडीभाडा, लगायतका खर्च कटाउँदा ३ करोड जति खर्च भई अं. ७ करोड रुपियाँ खुद नाफा हुने भयो। नाफाको २०% को हिसाबले एक करोड ४० लाख रुपियाँ मैले पाउनु पर्ने थियो। यसरी पटक पटक मैले हिसाब गरी देउ भन्दा निज बैजुप्रसाद गुप्ताले विभिन्न बाहना बनाउँदै गए र हिसाब पनि गरेनन्। मैले निजले पैसा नदिएपछि भैरहवाको कबाडी व्यवसायी राम भरोस साहसँग ८ महिनादेखि कबाडी कारोबार सुरू गरेको हुँ। सो बीचमा ३/४ महिनापहिले निज बैजुप्रसाद गुप्ताले प्रयोग गर्ने मोबाइल नं. ९८५७०२४२९६ बाट मलाई फोन गरी भैरहवामा किन समान दिएको? मलाई देउ,

नत्र तिमीलाई देखाइदिन्छु भनी पटक पटक धम्की दिने गरेका थिए। यही कुरालाई लिएर निजले रघुनाथ धोबीसँग कबाड खरिद गर्ने सम्बन्धमा निजसँग कुराकानी भएको AUDIO संवाद मेरो मोबाइलमा भएको र मेरो मोबाइल म पक्राउ हुँदा बरामद भइ यसै कार्यालयमा छ। प्रमाण लगाइ दिनु। निज दिपकभन्ने बैजु प्रसाद गुप्ताले हुलास (बजाज) कम्पनीमा लिएको ठेक्का बापतमा निजसँग सहमति भए अनुसारको २०% रकमको हिसाब गरी मैले पाउने रकम निजले मलाई दिन बाँकी छ भन्ने समेतको बेहोराको पुनः सोधपुछ बयान।

ग) प्रतिवादी जितेन्द्र पासवानले गरेको बयान :- मिति २०७९/०३/२२ गतेका दिन रामा गुप्ताले आफ्नो लु. ३प ७७१ नं को मोटरसाइकल चलाई सो मोटरसाइकलको पछाडि म बसी हामी दुवैजना भन्सार कार्यालयमा गई रामा गुप्ताले लिलाम सकारेको मोटरसाइकल ट्रकमा लोड गरी त्यहाँबाट पुनः रामा गुप्ताले चलाइल्याएको सो मोटरसाइकलमा हामी दुवैजना आफ्नो कबाडी पसलमा आउन लागेको अवस्थामा हामीहरुले नचिनेको एक जना अपरिचित व्यक्तिले रामा गुप्ताको मोबाइलमा फोन गरी मेरो साथीले ट्याक्टर र ट्रक विक्री गर्न लागेको छ, कतिमा खरिद गर्नुहुन्छ भनी निजलाई भनेपश्चात रामा गुप्ताले सामान हेरर कुरा गरौंला भनेकाले निजले हुन्छ, तपाई नवलपरासी जिल्लाको पिपरहियाचोकमा आई खबर गर्नुहोला भनेकोले हामी रामा गुप्ताले चलाएको मोटरसाइकलमा पिपरहियाचोकमा आई पानपसलअगाडि रोकी हामी दुवैजना मोटरसाइकलबाट ओर्ली निजलाई रामा गुप्ताले फोनगर्दा फोन काटी १०/१५ मिनेटपछि निजले एकजना मान्छेलाई लिएर हामी भएको ठाउँमा आएपश्चात रामा गुप्ताले निजलाई खोइ सामान कहाँ छ? भनी सोधेपछि निजले आफुसँगै लिएर आएको मान्छेलाई जाउ, उसलाई बोलाएर लिएर आउ भनी पठाई मैले ट्रक र ट्याक्टर विक्री गर्ने मान्छेलाई बोलाउन पठाएको छु, त्यति बेलासम्म चिया खाऔं भनी चिया खानेक्रममा रामा गुप्ताले छिटो बोलाउनु, मलाई ढिलो हुन्छ भनी निजलाई भनेपछि निजले फोन लगाई एकछिनपछि त्यसले फोन उठाएको छैन, बस्नुस्, एक छिनमा आउँछ भनेपछि हामीहरूले केहीसमय कुर्दा समेत कोही मान्छे नआएपछि रामा गुप्ताले निजलाई मलाई ढिलो हुन्छ तपाईको मान्छे आएन, आएपछि भोलि मलाई फोन गर्नु, म आउँछु भनी म र रामा गुप्ता त्यहाँबाट हामीले पार्किङ गरी राखेको रामा गुप्ताको मोटरसाइकलतिर जाँदा मोटरसाइकलनजिक को-कसले प्लाष्टिकको बोरा राखेको रहेछ, सोही समयमा प्रहरी टोलीले म र रामा गुप्ता तथा मोटरसाइकल खानतलासी गर्दा रामा गुप्ताले लगाएको पाइन्टको पछाडिको दाँया खल्तीबाट रू.८,७००/-, REDMI कम्पनीको ९८४१५७५६४६, ९८१७५११५९१ नं. को सिमकार्ड सहितको स्क्रिनटच मोबाइल थान १, लु. ३प ७७१ नं. को मोटरसाइकल र लागू औषध NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल फेलापारी बरामद गरी दशी सहित म र रामा गुप्तालाई पक्राउ गरी ल्याएको हो। उक्त लागू औषध हामीले ल्याएको होइन, हाम्रो होइन, हामी

चिया खान गएको बखत हामीले रोकी राखेको रामा गुप्ताको मोटरसाइकलनजिक झोलामा को-कसले लागू औषध ल्याई राखी दिएको हो, मलाई थाहा छैन भन्ने समेत बेहोराको जितेन्द्र पासवानले गरेको बयान।

घ) प्रतिवादी रघुनाथप्रसाद धोवीले गरेको बयानः- म जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिकामा नगर प्रहरीमा भर्ना भइ ड्युटी गर्दै आएकोमा पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्तासँग राम्रो चिनजान र सम्पर्क भएकोले निज बैजुप्रसाद गुप्ताले कहिलेकाहीं बाहिरजाँदा व्यक्तिगत सुरक्षाकर्मीको रूपमा मलाई लैजाने र निज कार्यालयमा रहँदा निज बस्ने कार्यकक्षको बाहिर बसी निजलाई भेट्न आउने आगन्तुकलाई भेटघाट गराउने काम मैले नै गर्दथें। भारत घर भई जिल्ला नवलपरासी, सुनवल नगरपालिका वडा नं. १२ मा कबाड व्यवसाय गरी बस्ने रामा गुप्ता पटक पटक पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्तासमक्ष आई तपाईं र मेरो हिसाब गरी मैले पाउने पैसा दिनु पर्यो भनी विवाद गरेको मैले सुनेको थिएँ। पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) ले मलाई समस्या परेको बखत सबै कुरामा सहयोग गर्नु हुन्थ्यो। निज रामा गुप्तालाई मसँग कबाड छ, तपाईले कबाड खरिद गर्ने भए आउनुहोस् भनेपछि कबाड खरिद गर्नका लागि बोलाएको ठाउँमा सजिलै आउने भएकाले निज (रामा गुप्ता) लाई बोलाई लागू औषध मुद्दामा फसाई ठीक पार्नुपर्छ भनी मैले मनमनै सोची योजना बनाई मिति २०७९/०३/१६ गते म भारतको ठुटीबारीमा रहेको नाम थाहा नभएको मेडिकल पसलमा गई औषधिजन्य लागू औषध रु. १८,०००/- (अठार हजार रुपियाँ) मा २/२ एम.एल. को NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० एम्पुल खरिद गरी ल्याई घरमा राखेको थिएँ। मिति २०७९/०३/२० गते दिउँसो मेरो चिनजानका साथी मन्टु पाण्डेलाई मेरो भुमहीमा काम छ, जाउँ भन्दा निजले हुन्छ भनेकोले म र निज मन्टु पाण्डे मोटरसाइकालमा भुमही गई कबाड खरिद गर्ने व्यक्ति रामा गुप्तालाई भेटी मेरो कबाड भएको ट्र्याक्टर विक्री गर्ने हो, तपाईले खरिद गर्नुहुन्छ, हुँदैन भन्दा म कबाड खरिद गर्ने मानिस हुँ, खरिद गर्छु भनी निजले आफ्नो मोबाइल नं. ९८१७५११५९१ मलाई दिएपछि हामीहरू फर्की घर आयौं। त्यसपछि निज रामा गुप्तालाई मिति २०७९/०३/२१ गते फोन गरी कहिले आउनुहुन्छ भन्दा म अहिले बाहिर छु, भोलि आउँछु भनेकाले सो दिन पनि अन्य कुराकानी भए। मिति २०७९।०३।२२ गते दिउँसो रामा गुप्तालाई फोन गर्दा म महेशपुर छु, काम सकिएपछि फोन गर्छु भनी फोन राखी दिए। साँझ अं. ०७:०० बजेको समयमा म र मन्टु पाण्डे पाल्हीनन्दन गाउँपालिका अन्तगर्त पर्सियाभन्ने स्थानको महेशपुर परासी सडकखण्डको किनारमा बसी गफ गरिरहेको अवस्थामा निज रामा गुप्ताले म महेशपुरबाट हिंडें, तपाई कहाँ हुनुहुन्छ? भनी फोन गरेकाले मैले तपाई

पिपरहियाचोकमा आउनु होला, हामीहरू पिपरहियाचोकमा आउँछौ भनी फोनराखी मैले प्रयोग गर्दै आएको भारतीय UP 56 S 6169 नं. को मोटरसाइकल मैले चलाई पछाडि मन्टु पाण्डेलाई बसाई घर गई पहिले नै ल्याइराखेको २/२ एम.एल. को NOOPHIN, DIAZAPAM र PHENARGAN 90/90 एम्पुल लागू औषध रहेको पहेंलो बोराको झोला मोटरसाइकलको लेगगार्डमा झुण्ड्याई केही समयपछि हामीहरु पिपरहियाचोकमा पुग्नैलागेको बखत निज रामा गुप्ताले पुनः फोन गरी तपाई कता हो? भनेकाले हामीहरू यहीं छौ, तपाईं कँहा हुनुहुन्छ भनी कुराकानी हुँदाहुँदै निजहरूसँग पिपरहियाचोकमा रहेको पानपसलअगाडि लु. ३प ७७१ नं को मोटरसाइकलमा आएका निज रामा गुप्ता र जितेन्द्र पासवान समेतसँग भेट भई तपाईहरू चिया पसलमा चिया खाँदै गर्नुहोस् भनी रामा गुप्ता, जितेन्द्र पासवानलाई भनी भुलाउन लगाई निजहरूलाई चिया पसलमा राखी म कबाडवालालाई बोलाएर आउँछु भनी कबाडवालालाई बोलाउने निहुँ पारी मैले बोकी ल्याएको २/२ एम.एल. को NOOPHIN, DIAZAPAM र PHENARGAN ९०/९० एम्पुल लागू औषध रहेको पहेलो बोराको झोला रामा गुप्ताले पार्किङ गरी राखेको लु. ३प ७७१ नं. को मोटरसाइकलमा राखी म सो स्थानबाट भागी गएको हुँ। पछि मन्टु पाण्डेले मलाई फोन गरेकाले म त यता आइसकें, तिमी पनि आउ भनी निजलाई बोलाई हामीहरू गएका हौं। पछि सो स्थानबाट रामा गुप्ता र जितेन्द्र पासवान समेतलाई प्रहरीले पक्राउ गरेको भन्ने सञ्चार माध्यमबाट थाहा पाएपछि मलाई पनि प्रहरीले पक्राउ गर्छन् भनी लुकीछिपी हिंडेको अवस्थामा मिति २०७९/०४/२४ गते म पक्राउमा परेको हुँ। उक्त स्थानबाट बरामद भएको लागू औषध २/२ एम.एल. को NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० थान मैले भारतबाट खरिद गरी ल्याई मोटरसाइकलमा लगी राखी दएको हुँ। पछि भुइँमा खसेको हुनसक्छ। निजहरू रामा गुप्ता र जितेन्द्र पासवानको साथबाट बरामद भएको भनी बरामदी मुचुल्कामा के लेखियो, सो मलाई थाहा छैन। उक्त लागू औषधको वारदातमा निज रामा गुप्ता र जितेन्द्र पासवानको कुनै संलग्नता छैन। मैले लागू औषध ल्याएको कुरा निज मन्टु पाण्डेलाई थाहा थियो। मिति २०७९/०३/२२ का दिन मैले गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्तालाई जानकारी नगराई गाउँपालिका कार्यालयबाट हिंडेको हुँदा सोहीअनुसार निज गाउँपालिका अध्यक्षसँग धेरैपटक फोन सम्पर्क भएको देखिएको होला। पाल्हीनन्दन गाउँपालिकाका अध्यक्षले पठाएको व्यक्ति म हुँ, लु. ३प ७७१ नं. को मोटरसाइकल प्रयोग गरी लागू औषध लिई जाने यिनै हुन् भन्ने कुरा मोटरसाइकलमा लागू औषध रहेको झोला राखी दिएपछि प्र.ना.नि. गोकर्ण चौहानलाई बताई दिएको हुँ भन्ने समेत बेहोराको प्रतिवादी रघुनाथ धोबीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

५. घटना विवरण कागज गर्ने मानिसहरूले गरेको कागजः-

क) प्रहरी नायव निरीक्षक जिवनकुमार आचार्यले गरेको कागजको बेहोराः म ईलाका प्रहरी कार्यालय, अमानीगञ्ज नवलपरासीमा कार्यरत रहेको अवस्थामा मिति २०७९/०३/२१ गते अं. १७:०० बजेको समयमा पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) ले प्रयोग गर्ने मोबाइल नं ९८५७०२४२९६ नं. बाट मैले प्रयोग गर्ने मेरो नाममा दर्ता रहेको ९८४७०७०५३५ नं. को मोबाइलमा फोन गरी मलाई लागू औषध सम्बन्धी सूचना छ भनेकाले के कुन ठाउँमा हो भन्दा मेरो कार्यालय पाल्हीनन्दन गाउँपालिकामा आउनु भनी फोन गरेकाले मैले तत्कालै जिल्ला प्रहरी कार्यालय, नवलपरासीका प्रहरी उपरीक्षक ऋषिराम कडेलज्यूलाई फोनमार्फत जाहेर गरी निज बैजुप्रसाद गुप्ता (दिपक) को कार्यालय पाल्हीनन्दन गाउँपालिकामा पुगी निजलाई भेटी कुराकानी गर्दा निजले मलाई अन्य केही कुरा नभनी तपाईंले पहिल्यै नै एस.पी. सरलाई रिपोर्ट गर्नुभएछ, भनेकाले मैले मेरो कार्यालय प्रमुखज्यूलाई रिपोर्ट त गर्नैपर्‍यो नि भनी कुराकानी गरेपछि उक्त लागू औषध के कुन ठाउँबाट ओसारपसार तथा कारोबार हुन्छ सूचना दिनुहोस् भन्दा निज बैजुप्रसाद गुप्ताले तपाईको एरियामा हैन, अन्य एरियामा पर्छ भनेपछि निज बैजुप्रसाद गुप्ताले यस सम्बन्धमा तपाईको एस.पी. साहबसँग कुरा गरेको छु भनेका हुन्। मैले पछि प्रहरी उपरीक्षक ऋषिराम कडेलज्यूलाई फोन गरी सो लागू औषधसम्बन्धी सूचना म कार्यरत रहेको कार्यालयको वडा एरियामा नपर्ने रहेछ भनी रिपोर्ट गर्दा ठीकै छ, के रहेछ म बुझ्छु, तपाई आफ्नो काम गर्नु भनेकाले म कार्यालयतर्फ गएको हुँ भन्ने समेत बेहोराको कागज।

ख) प्रहरी नायव निरीक्षक गोकर्ण चौहानले गरेको कागजको बेहोराः- मिति २०७९/०३/२२ गतेको दिउँसो यस कार्यालयमा कार्यालय प्रमुखज्यूले महेशपुर तर्फबाट लागू औषध आउँदैछ भन्ने प्राप्त सूचनाअनुसार मेरो कमाण्डमा प्रहरी हवल्दार पृथबहादुर थापा र म समेत भई साँझ १८:०० बजेसम्म कुर्दासम्म कुनै लागू औषध ल्याउने मानिस नआएपछि हामीहरु कार्यालयमा फिर्ता आएकोमा पुनः साँझ १९:०० बजेको समयमा लागू औषध आउँदैछ, तुरुन्तै टोली लिई जानु भनी कार्यालय प्रमुखज्यूबाट पुनः निर्देशन भएपछि मेरो कमाण्डमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाभन्ने स्थानमा पुगेपछि अन्दाजी १९:३० बजेको समयमा रघुनाथ धोवी आई मलाई पाल्हीनन्दन गाउँपालिकाका अध्यक्षले पठाउनु भएको व्यक्ति म हुँ, तपाईहरूको एस. पी. साहेबलाई सूचना दिने व्यक्ति पनि गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दिपक) हुनुहुन्छ, तपाईहरूलाई पनि एस.पी. साहेबले फोन गर्नु भएको होला, यही मोटरसाइकल प्रयोग गरी लागू औषध लिएर जाने हुन् भनी अन्दाजी ५० मिटर टाढाबाट लु. ३प ७७१ नं को मोटरसाइकल रामा साहले चलाई पछाडि जितेन्द्र पासवान बसी जान लागेको अवस्थामा नजिक गई हेर्दा मोटरसाइकलनजिकै

पहेंलो झोला रहेको, सो झोला हेर्दा झोलामा लागू औषध समेत रहेकाले तत्काल निजहरूलाई नियन्त्रणमा लिई कार्यालयमा जानकारी गराई मुचुल्का गर्ने टोली आएपछि हामीहरू सो स्थानबाट गएका हौं भन्ने समेत बेहोराको कागज।

ग) प्रहरी हवल्दार पृथबहादुर थापाले गरेको कागजको बेहोराः- मिति २०७९/०३/२२ गतेका दिन दिउँसो यस कार्यालयमा कार्यरत प्र.ना.नि. गोकर्ण चौहानको कमाण्डमा म समेत भई जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिका अन्तर्गतपर्ने बेलासपुर भन्ने स्थानतर्फ खटिएकोमा साँझ १८:०० बजेसम्म कुर्दा कुनै लागू औषध ल्याउने मानिस नआएपछि हामीहरू कार्यालयमा फिर्ता आएकोमा पुनः साँझ १९:०० बजेको समयमा लागू औषध आउँदैछ, तुरून्तै टोली लिई जानु भनी कार्यालय प्रमुखज्यूबाट पुनः निर्देशन भएको छ, जाउँ भनी प्र.ना.नि गोकर्ण चौहानज्यूले भनेपछि निजको कमाण्डमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाभन्ने स्थानमा हामीहरू पुगेपछि प्र.ना.नि. ले अन्दाजी १९:३० बजेको समयमा पछि लु. ३प ७७१ नं. को मोटरसाइकल देखाई यही मोटरसाइकल हो, निगरानी गरौं भनेपछि हामीहरू अन्दाजी २०० मिटर टाढाबाट सो मोटरसाइकललाई हेर्दै बस्यौं। साँझ अन्दाजी ०८ बजेको समयमा रामा साह र जितेन्द्र पासवान आई लु. ३प ७७१ को मोटरसाइकल रामा साहले चलाई पछाडि जितेन्द्र पासवान बसी जानलागेको अवस्थामा नजिकै गई हेर्दा मोटरसाइकलनजिकै पहेंलो झोला रहेको र सो झोला हेर्दा झोलामा लागू औषध रहेकाले निजहरूलाई नियन्त्रणमा लिएपछि प्र.ना.नि गोकर्ण चौहानले कार्यालयमा जानकारी गराउनु भई मुचुल्का गर्ने टोली खटी आएपछि प्र.ना.नि गोकर्ण चौहानले घटनाको सम्बन्धमा मुचुल्का गर्ने टोलीलाई बताएपछि हामीहरू सो स्थानबाट हिंडेका हौं भने समेत बेहोराको कागज।

घ) सशस्त्र प्रहरी उपरीक्षक रूपकुमार क्षेत्रीले गरेको कागज :- मिति २०७९/०३/२२ गते अन्दाजी २०:०० बजेको समयमा म आफू कार्यरत रहेको २६ नं. गण पश्चिम नवलपरासीमा थिएँ। मिति २०७९/०३/२१ गतेको दिउँसोको समयमा पाल्हीनन्दन गाउँपालिका प्रमुख बैजुप्रसाद गुप्ता (दिपक) ले आफ्नो मोबाइल नं. ९८५७०२४२९६ बाट मेरो मोबाइल नं. ९८६६९५१७१३ म फोन गरी लागू औषध तथा हातहतियार आउँदैछ भनेकाले मैले निजलाई अपराध अनुसन्धानको पाटो नेपाल प्रहरीले गर्छ, जिल्ला प्रहरी कार्यालय नवलपरासीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कडेललाई खबर गर्नू, म पनि भन्छु भनी निजलाई सल्लाह दिएपश्चात प्रहरी उपरीक्षक ऋषिराम कडेललाई मैले फोन गरी खबर दिई सशस्त्र प्रहरीको टोली स्टेण्डबाई बसेकोमा पछि निजले आज कारोबार हुँदैन भनी खबर गरेपश्चात हामी आ-आफ्नो कार्यालयतिर फर्केका हौं भन्ने समेत बेहोराको कागज।

ङ) बैजुप्रसाद गुप्ता (दिपक)ले गरेको कागजः- मिति २०७९/०३/२२ गतेका दिन जिल्ला नवलपरासी, पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ मा रहेको कार्यक्रम सम्पन्न गरी

फर्कने क्रममा पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ गेर्माको बाटोमा मैले नचिनेका मानिसहरू जम्मा भएको देखें, निजहरूले मलाई भेट गरी ल अध्यक्षज्यू आउनुभयो, मौका पनि छ, गाउँक्षेत्रमा केटाहरूले लागू औषधको कारोबार गरी हैरान पारे, तपाई अध्यक्ष भएर पनि केही गर्न सक्नुहुन्न भनी प्रश्न गरेपछि सोही बेहोरा मैले जिल्ला प्रहरी कार्यालय नवलपरासीका एस.पि.साहेबलाई जानकारी गराएको हुँ। पक्राउमा परेका रामा गुप्तासँग मेरो पुरानो चिनजान हो, पुरानो कुनै रीसइबी लेनदेन र ५/७ महिनादेखि भेट सम्पर्क छैन। लागू औषध सम्बन्धमा मैले एस.पी. साहेबलाई जानकारी गराएको हुँ। रामा गुप्ताको आफ्नै कबाड व्यवसाय छ, जितेन्द्र पासवानसँग मेरो चिनजान छैन, रघुनाथ धोवीसँग चिनजान छ, रीसइबी केही छैन भन्ने समेत बेहोराको कागज।

च) लक्ष्मण भट्टराईले गरेको कागजः- रामा गुप्ताभन्ने रामा साह मेरो सुनवल नगरपालिका वडा नं. १२ स्थित घर र जग्गा समेत भाडामा लिई विगत ५ वर्षदेखि कबाडको व्यवसाय गर्दै आएका छन्। निज रामा साहले श्रीमती लालसा साहकै नामबाट सरोज स्क्रेप स्टोर्स नामको कबाडी सामान खरिद विक्री गर्ने फर्म खोली कारोबार गर्दै आएका छन् भन्ने समेत बेहोराको कागज।

छ) राम भरोस साहले गरेको कागजः- मैले जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. १२ स्थितमा व्यवसाय गर्दै आएको छु। हाल पक्राउमा परेका रामा गुप्ताभन्ने रामा साहसँग विगत ८ महिनादेखि कबाडका समानहरू खरिद विक्री गर्दै आएको छु, सोभन्दा पहिला निज रामा साहले बैजुप्रसाद गुप्ता (दिपक) लाई कबाडका समानहरू विक्री गर्दै आएका थिए भन्ने समेत बेहोराको कागज।

ज) लालसा साहले गरेको कागजः- प्रतिवादी रामा गुप्ताभन्ने रामा साह मेरो श्रीमान हुनुहुन्छ। जिल्ला नवलपरासी, सुनवल नगरपालिका वडा नं. १२ मा सरोज स्क्रेप स्टोर्सको मेरो नामको फर्मबाट कबाड सङ्कलन गर्ने र विक्री गर्ने काम गर्दै आएका छौं। सोही क्रममा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. ११ मा रहेको हुलास कम्पनीमा गत्ता र फलामको टेण्डर सकिएपछि हुलास कम्पनीले हामीहरूलाई अर्को टेण्डर लिनेभए रकम जम्मा गर भनेको र हामीहरूसँग हुलास कम्पनीमा जम्मा गर्ने रकम नभएकाले मेरो श्रीमान रामा साहको जम्मा हुने सबै कबाड बैजुप्रसाद गुप्ता (दिपक) लाई नै दिने हुँदा निजसँग कुरा गरी हेरौं के हुन्छ भनी श्रीमानले निज बैजुप्रसाद गुप्ता (दिपक) सँग गई कुराकानी गर्दा निजले २०% तिम्रो र ८०% मेरो हुन्छ भन्नु भएको छ, कुरा मिल्यो भन्दै श्रीमान घरमा आई कुरा गर्नुभयो। काम गर्दागर्दै महिना बितेपछि निज बैजुप्रसाद गुप्ता (दिपक) सँग हिसाब गरौं भनी कुराकानी गर्दा निजले अहिले हिसाब नगरौं, एक वर्षमा एकैपटक गरौंला भनेकाले हामीहरू पनि विश्वास गरी हुन्छ भनी काम गर्दै गयौं। ठेक्काको एक वर्ष पुगेपछि निज बैजुप्रसाद गुप्ता (दिपक)

लाई अब त वर्ष पुग्यो, हिसाब गरौ भनी श्रीमानले भन्दा निजले कहिले मिटिङ, कहिले चुनाव भन्दै टारी हाम्रो हिसाब समेत नमिलाई निजले हामीहरूलाई आफैंले भने अनुसारको रकम हालसम्म दिएका छैनन्। निज बैजुप्रसाद गुप्ता (दिपक) ले हामीसँग खरिद गर्ने मालको मुल्य पनि कम दिन्छन्, अब बैजुप्रसाद गुप्ता (दिपक) लाई माल विक्री नगर्ने, भैरहवाको पार्टीले मुल्य पनि बढी दिन्छन् भनी मेरो श्रीमानले सङ्कलन गरेको कबाडी समान विगत ८ महिनादेखि भैरहवाको राम भरोसा साहलाई विक्री गर्न लागेपछि निज बैजुप्रसाद गुप्ता (दिपक) ले मेरो श्रीमानलाई निजले प्रयोग गर्ने ९८५७०२४२९६ नं. को मोवाइलबाट पटक पटक फोन गरी तिमीले मलाई किन माल दिन छोड्यौ? माल मलाई दिनुपर्छ, माल नदिए तिमीलाई राम्रो हुँदैन भनी धम्की दिंदैआएको कुरा श्रीमानले भन्नुहुन्थ्यो। सोहीअनुसार निज बैजुप्रसाद गुप्ता (दिपक) ले रघुनाथ धोवी समेतलाई प्रयोग गरी कबाडीको समान हेर्न बोलाई मेरो श्रीमान रामा साहलाई लागू औषध मुद्दामा फसाएका हुन्। मेरो श्रीमान लागू औषध लिई हिंड्ने व्यक्ति होइन भन्ने बेहोराको लालसा साहले गरेको कागज।

झ) गणेशकुमार बनियाले गरेको कागजः- मिति २०७९।०३।२२ गतेका साँझ अन्दाजी १९:४५ बजेको समयमा जिल्ला नवलपरासी, रामाग्राम नगरपालिका वडा नं. १७ पिपरहियाचोकमा रोकी राखेको रातो रङको मोटरसाइकलअगाडि अर्को मोटरसाइकलमा आएका अपरिचित एक जना पुरुष व्यक्तिले पहेंलो झोला फाली गएको हो। त्यसको केही समयपछि लागू औषध सहित दुई जना पुरुष व्यक्तिलाई प्रहरीले पक्राउ गरी लगेको थाहा पाएको हुँ भन्ने समेत बेहोराको कागज।

ञ) अनिल कुर्मीले गरेको कागजः- मिति २०७९।०३।२२ गते बेलुकाको समयमा जिल्ला नवलपरासी, रामाग्राम नगरपालिका वडा नं. १७ पिपरहियामा रहेको पानपसलअगाडि बसिरहेको अवस्थामा रातो रङको लु. ३प ७७१ नम्बरको मोटरसाइकलअगाडि अन्दाजी १९:४५ बजेको समयमा अर्को मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले प्लाष्टिकको पहेंलो रङको बोराको झोला फाली गएको देखेको हुँ भन्ने समेत बेहोराको अनिल कुर्मीले गरेको कागज।

ट) संजय साहले गरेको कागजः- प्रतिवादी रामा गुप्ताभन्ने रामा साह मेरो भिनाजु हुनुहुन्छ। भिनाजुले नवलपरासीको सुनवल नगरपालिका वडा नं. १२ मा कबाड सङ्कलन र विक्रीको व्यवसाय गर्ने भएकाले म पनि भिनाजुसँगै सहयोगी भई काम गर्दै आएकाले रामग्राम नगरपालिका वडा नं. ११ स्थित हुलास कम्पनीमा गत्ता र फलामको टेण्डर सकिएपछि हुलास कम्पनीले हामीहरुलाई अर्को टेण्डर लिने भए रकम जम्मा गर भनेको र हामीहरुसँग हुलास कम्पनीमा जम्मा गर्ने रकम नभएकाले मेरो भिनाजु रामा साहको जम्मा हुने सबै कबाड बैजुप्रसाद गुप्ता (दिपक) लाई नै दिने हुँदा निजसँग कुरा गरी हेरौं, के हुन्छ भनी भिनाजुले निज बैजुप्रसाद गुप्ता (दिपक)सँग गई कुराकानी गर्दा निजले २०% तिम्रो र ८०% मेरो हुन्छ भन्नु भएको छ, कुरा मिल्यो भन्दै भिनाजु घरमा आई

कुरा गर्नुभयो र हामीहरुलाई काम गर्न पठाउनुभयो। काम गर्दागर्दै महिना बितेपछि भिनाजुले बैजुप्रसाद गुप्ता (दिपक)सँग हिसाब गरौं भनी कुराकानी गर्दा निजले महिनामा कहाँ हिसाब हुन्छ? एक वर्षमा गर्ने हो भनेकाले हामीहरु पनि विश्वासमा परी हुन्छ भनी कामगर्दै गयौं। ठेक्काको एकवर्ष पुगेपछि निज बैजुप्रसाद गुप्ता (दिपक) लाई अब त वर्ष पुग्यो, हिसाब गरौ भनी भिनाजुले भन्दा निजले कहिले मिटिङ, कहिले चुनाव भन्दै टार्दै गए र भिनाजुलाई दिनुपर्ने हिसाब समेत नमिलाएपछि निज बैजुप्रसाद गुप्ता (दिपक)ले हामीहरुलाई आफैंले भने अनुसारको रकम दिएनन्। हामीसँग खरिद गर्ने मालको मुल्य पनि कम दिन्छ, अब बैजुप्रसाद गुप्ता (दिपक)लाई माल विक्री नगर्ने, भैरहवाको पार्टीले मुल्य पनि बढी दिन्छ भनी हामीहरुले सङ्कलन गरेको कबाडी समान भैरहवाको राम भरोस साहलाई विक्री गर्न लागेपछि निज बैजुप्रसाद गुप्ता (दिपक) ले भिनाजुलाई निजले प्रयोग गर्ने ९८५७०२४२९६ नं. को मोवाइलबाट पटक पटक फोन गरी तिमीले मलाई किन माल दिन छोडयौ? माल मलाई दिनुपर्छ, माल नदिए तिमीलाई राम्रो हुँदैन भनी धाकधम्की दिंदैआएका थिए। त्यसैले निज बैजुप्रसाद गुप्ता (दिपक) ले रघुनाथ धोवी समेतलाई प्रयोग गरी कबाडीको समान हेर्न बोलाई मेरो भिनाजु रामा साहलाई लागू औषध मुद्दामा फसाएका हुन्। मेरो भिनाजु लागू औषध लिई हिंड्ने व्यक्ति होइनन भन्ने समेत बेहोराको कागज।

ठ) विन्द्रेश तेलीले गरेको कागजः- बैजुप्रसाद गुप्ता (दिपक) अटो दर्ताको सिफारिस लिनको लागी कुराकानी भएको हो, रघुनाथ धोवीसँग फोन सम्पर्क भई के कुराकानी भयो याद छैन भन्ने समेत बेहोराको कागज।

ड) सुनिलकुमार गुप्ता तेलीले गरेको कागजः- म पाल्हीनन्दन गाउँपालिकाले भर्ना गरेको नगर प्रहरीको इन्चार्ज हुँ, रघुनाथ धोवी नगर प्रहरी मातहतको सुरक्षा गार्ड हुन्, गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता र रघुनाथ धोवीसँग चिनजान छ, निजहरूसँग कार्यालयको कामको सिलसिलामा मोबाइलमा कुराकानी भएको हो भन्ने समेत बेहोराको सुनिलकुमार गुप्ता तेलीले गरेको कागज।

ढ) राकेश कुर्मीले गरेको कागजः- म पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताको स्वकिय सचिव भएको नाताले निज बैजुप्रसाद गुप्ता र सोही गाउँपालिकामा सुरक्षा गार्डमा कार्यरत रघुनाथप्रसाद धोवीसँग चिनजान छ, निजहरूसँग कार्यालयको कामको सिलसिलामा मोबाइलमा कुराकानी भएको हो भन्ने समेत बेहोराको राकेश कुर्मीले गरेको कागज।

ण) सुरज चौहानले गरेको कागजः म, रामा साह र बैजुप्रसाद गुप्ता समेतले कबाडको काम गर्ने भएको हुँदा चिनजान छ, रघुनाथ धोवीलाई चिन्दिन। कबाडको व्यापार गर्ने क्रममा निजहरूसँग मोबाइलमा कुराकानी भएको हो, हाल पक्राउमा परेका रामा गुप्ता र जितेन्द्र

पासवानलाई बैजुप्रसाद गुप्ता (दिपक) को योजनामा कबाडसम्बन्धी विषयको लेनदेन विषयमा विवाद भएपछि रघुनाथ धोवी समेतका व्यक्तिहरूलाई लगाई लागू औषध मुद्दामा फसाएको भन्ने कुरा सुनी थाहा पाएको हुँ। घटनामा संलग्न व्यक्तिहरूलाई कानूनबमोजिम सजाय होस् समेत बेहोराको कागज।

त) धिरज गुप्ताले गरेको कागजः- मिति २०७९/०३/२२ गतेका साँझ जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं.१७ स्थित पिपरहियाभन्ने स्थानमा नेपालमा प्रतिबन्धित लागू औषध डाइजेपाम, नुफिन र फेनारगन ९०/९० एम्पुल फेला परी प्रहरीले बरामद गरी लगेको र उक्त लागू औषध पाल्हीनन्दन गाउँपालिका वडा नं. ३ वतन भएका रघुनाथप्रसाद धोवीले सो स्थानमा राखिदिएको भन्ने समेत थाहा पाएको हुँ। वारदातमा संलग्न मानिसहरूलाई कानूनबमोजिम होस् भन्ने समेत बेहोराको कागज।

थ) लोभी चन्द्र धोवीले गरेको कागजको बेहोराः- मिति २०७९/०३/२२ गतेका जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १७ मा लागू औषध फेला पारी रामा गुप्ता समेतलाई प्रहरीले पक्राउ गरेकोमा पछि बुझ्दा रामा साह र पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताबीच कबाडसम्बन्धी विषयमा लेनदेन रहेकोमा सोही कुराहरूलाई लिई निज बैजुप्रसाद गुप्ताले रघुनाथप्रसाद धोवी समेतलाई प्रयोग गरी रामा साहलाई रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाभन्ने स्थानमा बोलाई निज रघुनाथप्रसाद धोवीसँग आएका मन्टुभन्ने विवेकप्रसाद पाण्डे, रामा गुप्ता र जितेन्द्र पासवानलाई चिया पसलमा पठाई सोही बखत रामा गुप्ताको मोटरसाइकल नजिक निज रघुनाथ धोवीले लागू औषध रहेको झोला राखी दिएको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत बेहोराको कागज।

द) अमिरी सहनीले गरेको घटना विवरण कागजः- बैजुप्रसाद गुप्ता (दिपक) र रामा गुप्ता दुवै जनाले कबाडसम्बन्धी काम समेत गर्ने भएकोले निजहरूले प्रयोग गर्ने मोबाइल नं. मा मैले प्रयोग गर्ने ९८२१५११४१६ नं को मोबाइलबाट फोन सम्पर्क भई कबाड सम्बन्धी विषयमा कुराकानी भएको हो। म भारतीय नागरिक भएका कारण मेरो चिनजानका नवलपरासी बर्दघाट नगरपालिका वडा नं. ४ घर भएका पुजन ढेगाको नामबाट उक्त नं. को सिम निकाली प्रयोग गर्दै आइरहेको छु। मिति २०७९/०३/२२ गते साँझ जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियामा लागू औषध फेला परेको र सोही क्रममा रामा गुप्ता समेत पक्राउ परेको, सो सम्बन्धमा बैजुप्रसाद गुप्ता (दीपक) ले रघुनाथप्रसाद धोवी समेतका मानिसहरूलाई लगाई रामा गुप्तालाई लागू औषध मुद्दामा फसाएको हाल थाहा भयो। वारदातमा संलग्नलाई कानूनबमोजिम सजाय होस् भन्ने समेत बेहोराको कागज अमिरी सहनीले गरेको कागज।

६. सनाखत कागजः-

क) रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानल गरेको सनाखत कागजः- मिति २०७९/०३/२२ गते साँझ जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ स्थित पिपरहियाचोकमा फोन गरी कबाडको सामान हेर्न बोलाई कबाडवाला मानिसलाई लिन जाने व्यक्ति देखाइएकामध्ये यी व्यक्ति रघुनाथप्रसाद धोवी हुन् भनी मिति २०७९/०४/२५ गते रामा गुप्ताभन्ने रामा साहा र जितेन्द्र पासवानले गरेको सनाखत कागज।

ख) प्र.ना.नि. गोकर्ण चौहानले गरेको सनाखत कागजः- मिति २०७९/३/२२ गते साँझ जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ स्थित पिपरहियाचोकमा यही मोटरसाइकल प्रयोग गरी लागू औषध लिएर जाने हुन् भनी अन्दाजी ५० मिटर टाढाबाट लु. ३प ७७१ नं. को मोटरसाइकल देखाई दिने व्यक्ति अन्तिम चौथो नं. मा उभ्याइएका रघुनाथप्रसाद धोवी हुन् भनी प्र.ना.नि गोकर्ण चौहानले गरेको मिति २०७९/०४/२५ गतेको सनाखत कागज।

ग) जितेन्द्र पासवान र रामा गुप्ताभन्ने रामा साहले गरेको मन्टुभन्ने विवेकप्रसाद पाण्डेको फोटो सनाखत कागजः- मिति २०७९/०३/२२ गते साँझ जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ स्थित पिपरहियामा पुगी हामीहरूलाई चियाखान जाउँ, कबाडवाला मानिसहरूलाई बोलाई ल्याउ भनी भन्ने यिनै मन्टुभन्ने विवेकप्रसाद पाण्डे रहेछ। निज मन्टुभन्ने विवेकप्रसाद पाण्डे र घुनाथप्रसाद धोवी एउटै मोटरसाइकलमा आएका थिए भनी यो फोटो सनाखत गरेको सनाखत कागज गरी दियौं भन्ने समेत बेहोराको मिति २०७९/०५/२० गतेको सनाखत कागज।

७. प्रहरी उपरीक्षक ऋषिराम कंडेलको प्रतिवेदनः- मिति २०७९/०३/२२ गते दिउँसो पाल्हीनन्दन गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ता (दीपक) ले मोटरसाइकलमा हतियार र लागू औषध आउँदैछ भनी फोनमार्फत सूचना दिएपश्चात ६ जनाको टोली बनाई २/२ जना बेलासपुर चोकमा खटाएकोमा साँझसम्म पनि खटिएको टोलीले निगरानी गर्दा सूचनाबमोजिम केही नआएपछि टोली फिर्ता भएको हो। सोही साँझ करिब ७ बजेपछाडि पुनः बैजुप्रसाद गुप्ताले फोन गरी अब महेशपुरबाट हिंड्यो भन्ने सूचना आएको छ, टोली खटाई दिनुपर्यो भनी फोनबाट नै भनेकाले सोही दिन बेलासपुर एरिया (पिपरहियाचोक) तर्फ प्र.ना.नि. गोकर्ण चौहानको कमाण्डमा टोली खटिएको हो। बैजुप्रसाद गुप्ता (दिपक) ले फोन गरी मोटरसाइकलमा लागू औषध (ड्रग्स) आउँदै छ, मोटरसाइकल परिवर्तन गर्न सक्छन् टोलीलाई पिपरहियाचोकमा नै राख्नुपर्ला भनी पटक पटक भनेकाले सोहीबमोजिम टोली कमाण्डर प्र.ना.नि गोकर्ण चौहानले लागू औषध सहित पहेलो ब्याग र २ जना मानिसहरू फेला परेका छन् भनी जानकारी गराएरपश्चात घटनास्थलमा रीतपूर्वकको बरामदी मुचुल्का गर्नु भनी यस कार्यालयको अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी निरीक्षक धर्मराज

खत्रीलाई आदेश दिई निजलाई खटाई पठाएअनुसार २/२ एम.एल. को NOOPHIN, DIAZAPAM र PHENARGAN 90/90 एम्पुल गरी जम्मा २७० (दुई सय सत्तरी) एम्पुल बरामद गरी रामा गुप्ता र जितेन्द्र पासवानलाई पक्राउ गरी कार्यालयमा ल्याएपश्चात अनुसन्धान प्रक्रिया शुरू भएको हो। निज बैजुप्रसाद गुप्ता (दिपक) ले मोटरसाइकलमा हतियार र लागू औषध आउँदै छ भनी फोनमार्फत सूचना दिंदा मोटरसाइकल नम्बर नखुलाई केवल मोटरसाइकलमा हतियार र लागू औषध आउँदैछ भनी जानकारी गराएका थिए। लागू औषध बरामद भएपछि निज बैजु प्रसाद गुप्ता (दिपक) गाउँपालिकाका अध्यक्ष समेत भएको र निजको संलग्नता सम्बन्धमा तत्काल जानकारी नभएकोले कार्यालयको अन्य कामको सिलसिलामा एकाध पटक कुराकानी भएको होला भन्ने समेत बेहोराको मिति २०७९/०५/२१ को प्रतिवेदन।

८. प्र.स.नि. विन्तोष लामिछानेको प्रतिवेदनः- प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) को मोबाइल नं ९८५७०२४२९६ बाट प्र.ना.नि. जिवनकुमार आचार्य (९८४७०७०५३५), स.प्र.उ. रुपकुमार क्षेत्री (९८६६९५१७१३) र प्रहरी उपरीक्षक ऋषिराम कडेल (९८५७०६५५५५) सँग भएको मिति २०७९।०३।२१ र २२ गतेको फोन सम्वादबाट देखिएको विवरण।

९. प्र.स.नि विन्तोष लामिछानेको BTS analysis प्रतिवेदनः- जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं १७ पिपरहियाको LAC ID/ CELL ID बाट BTS data निकाली त्यस स्थानमा प्रयोग भएको मोबाइल नं. हरूको विवरण माग गरिएकोमा Ncell बाट प्राप्त Data को अध्ययनगर्दा वारदात स्थानको मोबाइल नं ९८१७४५८५५३ रघुनाथप्रसाद धोवी र ९८१७५११५९१ रामा गुप्ताबाट प्रयोग भएको (active) देखिएको, साथै सो स्थानबाट ९८१७४५८५५३ सँग ९८११५३२६६३ विवेक पाण्डे र ९८५७०२४२९६ बैजुप्रसाद गुप्ताको सम्पर्क भएको र ९८१७५११५९१ रामा गुप्तासँग ९८१७४५८५५३ रघुनाथ धोवीको सम्पर्क भएको देखिएको र NTc बाट प्राप्त DATA अध्ययन गर्दा माग गरिएको वारदातस्थान र समयमा ९८५७०२४२९६ समेत प्रयोग active भएको देखिएको हुँदा सोही बेहोरा समेतको प्रतिवेदन पेश गरेको छु भन्ने समेत बेहोराको मिति २०७९।०५।२१ को प्र.स.नि विन्तोष लामिछानेको प्रतिवेदन।

१०. बरामद गरिएको वस्तुको नमुना नं. १ मा व्युप्रिनोफिन पाइएको छ, नमुना नं. २ मा डाइजेपाम पाइएको, नमुना नं ३ Promethazine पाइएको भन्ने समेत बेहोराको प्रयोगशाला परीक्षण प्रतिवेदन।

११. मिसिलसंलग्न अनुसन्धान प्रतिवेदन, घटनास्थल तथा बरामदी मुचुल्का, पक्राउ प्रतिवादीहरूको बयान, लागू औषध परीक्षण प्रतिवेदन, CDR, प्रतिवादीद्वय रामा गुप्ता र जितेन्द्र पासवानको Polygraph Examination report तथा वस्तुस्थिति मुचुल्का समेतका आधार प्रमाणहरूबाट मिति २०७९।०३।२२ गते अन्दाजी २०:०० बजेको समयमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियामा प्रतिवादी रामा गुप्ता र जितेन्द्र पासवान समेतको

शरीर खानतलासी गर्ने क्रममा जितेन्द्र पासवानले दायाँ हातमा लिएको पहेंलो प्लाष्टिकको बोराको झोला खोली हेर्दा सो झोलामा २/२ ml को झोल सहितको NOOPHIN, DIAZEPAM र PHENERGAN ९०/९० एम्पुल लागू औषध फेला परेको हुँदा प्रतिवादीहरू रघुनाथप्रसाद धोवी र मन्टु पाण्डे भन्ने विवेकप्रसाद पाण्डेले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) ले निषेध गरेको कसूर गरेकोले निजहरूलाई ऐ. ऐनको दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन, प्रतिवादी रामा गुप्ता र जितेन्द्र पासवानले सोही ऐनको दफा ४ को खण्ड (च) को निषेधित कसूर गरेकाले निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन तथा प्रतिवादी बैजुप्रसाद गुप्ता (दीपक) ले ऐ. ऐनको दफा १७ बमोजिमको कसूर गरेकोले निजलाई सोही ऐनको दफा १७ बमोजिम सजाय हुन र प्रतिवादी रघुनाथप्रसाद धोवी वादी नेपाल सरकार प्रतिवादी यिनै भएको ०७१-CR-००४७ को लागू औषध मुद्दामा यसै सम्मानित अदालतको मिति २०७१।१०।२१ को फैसलाले दोषी ठहरी पटके कसूरदार समेत देखिंदा निज प्रतिवादी रघुनाथप्रसाद धोवीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजाय हुन र प्रतिवादी रघुनाथप्रसाद धोवीबाट बरामद भएको भारतीय नं. UP 56 S 6169 नं. को मोटरसाइकल र प्रतिवादी रामा गुप्ताले सो वारदातमा प्रयोग गरेको लु. ३ प ७७१ नं को मोटरसाइकल, ऐ. ऐनको दफा १८ बमोजिम जफत हुन साथै रामा गुप्ताको शरीर खानतलासी गर्दा बरामद भएको रु. ८,७००।- (आठ हजार सात सय रुपियाँ) र Redmi कम्पनीको ९८४१५७५६४६ र ९८१७५११५९१ नं को सिमकार्ड सहितको मोबाइल थान १ समेत ऐ. ऐनको दफा १८क. बमोजिम जफत हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क असूल गरी पीडित राहत कोषमा जम्मा गराई पाउँ भन्ने मागदाबी लिई दायर भएको अभियोगपत्र।

१२. प्रहरी प्रतिवेदन झुठा हो। म र सहप्रतिवादी रामा साहबाट कुनै पनि लागू औषध फेला पारेको थिएन। प्रहरीले सहप्रतिवादी रामा साहबाट करिब सात हजार रुपियाँ र निजको Redmi कम्पनीको ९८१७५११५९१ नं. को सिमकार्ड र अर्को थाहा नभएको नं. सहितको मोबाइल थान-१, लु. ३प ७७१ नं. को मोटरसाइकल जिल्ला प्रहरी कार्यालयमा आएपछि लिएको हो। मेरो साथबाट रु.२००।- मात्र बरामद भएको हो। जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं. ११ स्थित हुलास कम्पनीबाट कबाड उठाउने क्रममा ठेक्कावापत सहप्रतिवादी रामा साहले पाउनु पर्ने करिव एक करोड रुपियाँ सहप्रतिवादी बैजुप्रसाद गुप्ताले दिन बाँकी रहेको छ। सोही कारण रीसइबी छ भन्ने सुनेको हुँ। मबाट कुनै झोला सहित लागू औषध फेला परेको होइन। मैले कुनै अपराध नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी जितेन्द्र पासवानले यस अदालतमा गरेको

बयान।

**१३.** प्रहरी प्रतिवेदन झुठा हो। म र सहप्रतिवादी जितेन्द्र पासवानबाट कुनै लागू औषध बरामद भएको होइन। मलाई सहप्रतिवादी दिपकभन्ने बैजुप्रसाद गुप्ताले दिनुपर्ने रकम माग गर्दा निजले मलाई लागू औषधमा फसाई दिन्छु भनी धाकधम्की दिएका थिए। निज सहप्रतिवादी बैजुप्रसाद गुप्ताले सोही लेनदेनको कारण आफ्नो कर्मचारी रघुनाथप्रसाद धोवीलाई प्रयोग गरी लागू औषध दिई पठाई हामीलाई लागू औषधमा फसाएका हुन्। हामीले लागू औषध विक्री वितरण गरेका होइनौं। मैले कुनै कसूर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी रामा गुप्ता भन्ने रामा साहले यस अदालतमा गरेको बयान।

**१४.** प्रहरी प्रतिवेदन बारे मलाई केही थाहा छैन। मलाई सहप्रतिवादी बैजुप्रसाद गुप्ता र रामा साह बीचमा भएको लेनदेन बारेमा केही थाहा छैन। मैले कुनै लागू औषधको झोला लगी राखिदिएको छैन। मलाई सहप्रतिवादी बैजुप्रसाद गुप्ताले पठाउनु भएको होइन। म कबाड किनबेच गर्न पिपरहिया गएको हुँ। लागू औषध सम्बन्धमा मेरो कुनै संलग्नता छैन। मैले कुनै कसूर अपराध गरेको छैन भन्ने समेत बेहोराको प्रतिवादी रघुनाथप्रसाद धोवीले यस अदालतमा गरेको बयान।

**१५.** म गाउँपालिकाको अध्यक्षको नाताले मेरो नै गाउँपालिकामा लागू औषध विरुद्धको कार्यक्रम चलाउँदै आएका थियौं। यसै सन्दर्भमा मैले प्रहरी कर्मचारीहरुसँग पनि समन्वय गर्ने गरेको र उक्त दिनमा पनि मैले प्रहरी उपरीक्षकलाई फोन गरेर हाम्रो गाउँपालिकामा पनि कुनै लागू औषधजन्य कार्य भएको भए रोक्नु पर्यो भनी भनेको हो। धेरै वर्ष पहिलादेखि नै मैले हाम्रो समाज बिग्रदै छ। समाजलाई सुधार गर्न आवश्यक छ भनी भन्ने गर्दथे। मैले कसैको नाम तोकेर कसैको फोन नं. भनेर प्रहरी निकायलाई सूचना दिएको छैन। के आधारमा प्रहरीले पक्राउ गरेको हो उसैलाई थाहा होला। रघुनाथ धोवी मेरै गाउँपालिकाको सुरक्षाकर्मी हुन्। मैले रघुनाथ धोवीलाई फोन गर्नुपर्ने कारण निज आफ्नो सुरक्षाको जिम्मा नलिई बाहिर हिंडेको हुँदा मैले निजलाई पटक पटक फोन गरेको हो। मैले फोन गर्दा निजले फोन काट्ने गर्थे। निजलाई फोन गर्दा साथमा अर्को मानिसको आवाज सुनेको हुँदा तपाईसँग भएको मानिसको हो भनी सोध्दा निजले विवेक पाण्डे हो भनी बताएका कारण मैले पछिबाट विवेक पाण्डेलाई रघुनाथ कहाँ छ भनी सोध्न १ पटक फोन गरेको हो। रामा गुप्तासँग मेरो कुनै लेनदेन पनि छैन, उनले मसँग पैसा मागेका पनि छैनन्। उनले पैसा पाउँ भनेर मेरो विरुद्ध कुनै पनि निकायमा उजुर गरेका छैनन्, पैसा पाउँ भनेर मलाई एक पटक पनि फोन गरेका छैनन् र मैले पनि निजलाई फोन गरेको छैन। हुलास कम्पनीमा पार्टनरसिपमा कारोबार गरेको भन्ने कुरा झुठा हो। हुलास कम्पनी मेरो नाममा छैन मेरो पत्नीको नाममा छ। कारोवार मेरो पत्नीले गर्नुहुन्छ। मेरो पत्नी र निज रामा गुप्तासँग साझेदारीमा कारोवार भएको होइन र मैले निज रामा गुप्तालाई दिनु पर्ने पनि केही छैन। निज रामा गुप्ताले गरेको ततिम्बा बयान सम्पूर्ण बेहोरा झुठा हो। प्रतिवादी रघुनाथ धोवी मेरो सुरक्षाकर्मी होइनन्। अफिसको गेटमा बस्ने नगर प्रहरी हुन्। निजले मउपर सबै झुठा आरोप लगाई बयान दिएका हुन्।

मेरो कार्यालय कोठामा बसी मसँग मानिस भेटघाट गराउने व्यक्ति होइनन्, निजको बयान बेहोरा झुठा हो। प्रतिबन्धित लागू औषध खरिद तथा विक्री वितरण गर्नु कानूनबमोजिम दण्डनीय अपराध हो भन्ने थाहा थियो। म निर्दोष छु, मैले लागू औषधसम्बन्धी केही काम गरेको छैन। मैले कुनै अपराध गरेको छैन। मलाई सजाय हुनुहुँदैन। म निर्दोष छु भन्ने समेत बेहोराको प्रतिवादी बैजुप्रसाद गुप्ताले यस अदालतसमक्ष गरेको बयान।

१६. के कुन ठाउँमा के कति परिमाणमा लागू औषध बरामद भएको हो? तत्काल मलाई थाहा थिएन, पछि सुनी थाहा पाएको हुँ। मिति २०७९।३।२१ गते अन्दाजी १७:०० बजेको समयमा पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताले प्रयोग गरेको मोबाइल नं. ९८५७०२४२९६ बाट मैले प्रयोग गरी आएको मोबाइल नं. ९८४७०७०५३५ मा फोन गरी कसैले लागू औषध ल्याउँदैछ भन्ने सूचना दिनुभएको र मैले कहाँ, के, कुन ठाउँमा मलाई जानकारी दिनुस् भन्दा गाउँपालिका अफिसमै आउनुस् भनी भन्नु भएको र म उक्त समयमा इलाका प्रहरी कार्यालय अमानीगन्जमा कार्यरत थिएँ। उक्त सूचना मलाई प्राप्त भएपछि मैले तत्काल जिल्ला प्रहरी कार्यालय, परासीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कडेललाई जानकारी दिएको हुँ। विस्तृत सूचना विवरणको लागि बैजुप्रसाद गुप्तासँग पुगी कुरा गर्दा प्रहरी उपरीक्षकज्यूलाई तपाई खबर गरिसक्नु भएको रहेछ भनी बैजुप्रसाद गुप्ताले भन्नुभएको थियो। सूचना सम्बन्धमा एसपि सरसँग कुरा भइसकेको छ, यो एरिया तपाई अन्तर्गत पर्दैन भनी बैजुप्रसाद गुप्ताले भन्नुभएको थियो। सोही समयपछि म आफ्नो कार्यालयमा गएको हुँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्र.ना.नि. जीवनकुमार आचार्यले यस अदालतसमक्ष गरेको बकपत्र।

१७. मिति २०७९।३।२२ को बरामदी मुचुल्काको बेहोरा र सोमा लागेको सहीछाप मेरो हो। मिति २०७९।३।२२ गते अन्दाजी २०:०० बजेको समयमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियामा मेरो कमाण्डमा खटिएको प्रहरी टोलीले सवारी साधन तथा मोटरसाइकल चेकजाँच गर्ने क्रममा चालक रामा साह (गुप्ता) रहेको र पछाडि सवार जितेन्द्र पासवानले दायाँ हातमा लिएको पहेंलो प्लाष्टिकको बोराको झोलाभित्र ९० पिस डाइजेपाम, ९० पिस नुफिन र ९० पिस फेनार्गन र रु. ८,७००।- नगद फेला पारेको हो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्रतिवेदक धर्मराज खत्रीले यस अदालतसमक्ष गरेको बकपत्र।

१८. मैले मौकामा गरेको घटना विवरणको कागजको बेहोरा सही हो र सोमा लागेको सहीछाप मेरो हो। प्रतिवादी मध्येका रामा साहभन्ने रामा गुप्ताले चलाई ल्याएको मोटरसाइकलमा पछाडि सवार जितेन्द्र पासवानले हातमा समाई राखेको झोला चेकजाँच गर्ने क्रममा सो झोला फ्याँकेको र उक्त झोला बरामद गरी खोली हेर्दा लागू औषध जस्तो देखिने सामान बरामद गरेका हौं। मिति २०७९।३।२२ गते जिल्ला प्रहरी कार्यालय नवलपरासीका तत्कालिन

एस.पि. ऋषिराम कडेलबाट मध्यान्ह १२:०० बजे लागू औषध आउँदैछ भन्ने सूचना पश्चात हाम्रो टिम वहाँले बताएअनुसार जिल्ला प्रहरी कार्यालय रामग्राम-१७ को विभिन्न स्थानमा खटिएका थियौं। बेलुका ६:०० बजेसम्म कुरेर बस्दा लागू औषध ल्याउन मान्छे नआएको र पुनः ७:३० बजे एस.पि. साहेबले दिएको सूचनाअनुसार रामग्राम-१७ पिपरहियामा म र प्रहरी हवल्दार पृथ थापा खटिरहेको अवस्थामा राती अन्दाजी ८:०० देखि ९:०० को बीचमा अपरिचित व्यक्ति आई म पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताको मान्छे हुँ, एस.पि.साहेबलाई सूचना दिने मान्छे हामी हौ यी लागू औषध ल्याउन प्रयोग गरिएको गाडी र मानिसको हुलिया समेतको जानकारी दिएको हो। सोही कारणले यी दुई प्रतिवादी रघुनाथ र बैजुप्रसाद गुप्ताको नाम घटना विवरणमा उल्लेख भएको हो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्र.ना.नि. गोकर्ण चौहानले यस अदालतसमक्ष गरेको बकपत्र।

१९. बैजुप्रसाद गुप्ता गाउँपालिका अध्यक्ष हुनुहन्छ। पहिले व्यापार गर्दथे। गाउँपालिका अध्यक्ष भएपछि ब्यापार गर्न छाडेका हुन्। व्यापार अहिले उनको परिवारले गर्छन्। बैजु र रामाको बीचमा कुनै लेनदेन कारोबार छैन। उक्त अभियोग दाबी झुठा हो। बैजुप्रसाद गुप्ताले कसैलाई फसाएको होइन। कारोबार मुखले भनेर हुँदैन, प्रमाणबाट पुष्टि हुनुपर्छ। कारोबार भएको भए र नमिलेको भए प्रहरी, अदालत कतै उजुर पनि त गरेको हुनुपर्छ। मिति २०७९।३।२२ गते म र गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता विसनुपुरा गेर्मा भन्ने स्थानमा शिव पार्वती मन्दिर उद्घाटन गर्न गएका थियौं। सोही दिन साँझ अन्दाजी ७:०० बजेतिर गाउँपालिकाका गार्ड इन्चार्जले कर्मचारीले बैजुगप्तालाई फोन गरी कार्यालयमा ड्युटी गर्ने क्रममा रघुनाथ धोबी कार्यालयमा नरहेको भनी जानकारी गराएपछि स्वयं गाउँपालिका अध्यक्षले रघुनाथ धोबीलाई कहाँ छौं? कार्यालयमा कति बेला आउँछौ भनी फोन गरेका हुन्। रघुनाथ धोवीले म यहीं छु अहिले आइहालें भन्दै फोन काटेका थिए। गाउँपालिका अध्यक्षले तुरुन्तै गाउँपालिकामा आइहाल भनी फोन पटक पटक गरिरहनुभएको थियो। कार्यालयको कामको विषयमा फोन भएको हो। अन्य बेहोरा झुठा हो भन्ने समेत बेहोराको प्रतिवादी बैजुप्रसाद गुप्ताका साक्षी मुरारी गुप्ताले यस अदालतसमक्ष गरेको बकपत्र।

२०. मैले यी प्रतिवादीहरुलाई चिनेको करिब ६/७ वर्षजति भयो। यिनीहरुले लागू औषध ओसार पसार लगायतका कुनै पनि किसिमको कारोबार गर्दैनन्। कबाडको व्यापार गर्दछन्। निजहरु निर्दोष हुन्। अभियोग दाबी झुठा हो भन्ने समेत बेहोराको प्रतिवादीहरु रामा साह र जितेन्द्र पासवानका साक्षी दिपेशकुमार सिहले यस अदालतसमक्ष गरेको बकपत्र।

२१. म मिति २०७९।३।२२ गते साँझ ७:०० बजेतिर परासी महेशपुर सडकखण्डको पर्सियाचोकमा थिएँ। उक्त समयमा म र रघुनाथप्रसाद धोवी पनि पर्सियाचोकमा सँगै चिया पिउँदै थियौं। बैजुप्रसाद गुप्ताले रघुनाथ धोवीलाई फोन गरेका थिए। ड्युटीको समयमा तिमी कहाँ छौ भनेर बैजुप्रसाद गुप्ताले रघुनाथ धोवीलाई फोनमा सोधपुछ गरेका थिए। रघुनाथप्रसाद धोवी आफ्नो कबाडी सामान बेच्न महेशपुरबाट आउँदै गरेको कबाड खरिद गर्ने व्यक्तिलाई कुरेर बसिरहेका थिए। रघुनाथ धोवीसँगै मन्टुभन्ने विवेकप्रसाद पाण्डे पनि थिए।

प्रतिवादीले अभियोग मागदाबी अनुसार कसूर गरेका होइनन् भन्ने समेत बेहोराको प्रतिवादी रघुनाथप्रसाद धोवीका साक्षी पुस्कर चौधरीले यस अदालतसमक्ष गरेको बकपत्र।

२२. मैले मौकामा गरेको घटना विवरणको कागजको बेहोरा ठीक हो। सोमा लागेको सहीछाप मेरो हो। प्रतिवादीमध्येका रामा साहले चलाएको मोटरसाइकलमा पछाडि सवार जितेन्द्र पासवानले फालेको पहेलो रङ्गको बोराको झोला खोली हेर्दा लागू औषध जस्तो देखिने वस्तु फेला परेको हो। मोटरसाइकल नम्बर याद भएन। रामा साहाले चलाएको र पछाडि जितेन्द्र पासवान सवार थिए। मोटरसाइकल सहित निजहरुलाई नियन्त्रणमा लिएपश्चात सोको जानकारी प्र.ना.नि. गोकर्ण चौहानले जिल्ला प्रहरी कार्यालय, परासीलाई जानकारी गराई मुचुल्का तयार गर्ने टोलीलाई जिम्मा लगाई हामी आफ्नो कार्यालयमा फर्किएका हौं भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्रहरी हवल्दार पृथबहादुर थापाले यस अदालतसमक्ष गरेको बकपत्र।

२३. मैले प्रतिवादीमध्ये रामा साहलाई मात्र चिनेको छु। करिब ८ वर्षदेखि यी प्रतिवादीलाई चिनेको हुँ। मैले मेरो घरको पछाडिको जग्गा यी प्रतिवादी रामा साहलाई लिज भाडामा दिएको हुँ र सोही जग्गामा टिन सहितको टहरा बनाई पुराना फलाम, प्लाष्टिकको समान कबाड सामानहरु स्टोर गर्ने गर्दछन्। सजाय हुने नहुने विषयमा मलाई केही थाहा जानकारी भएन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी लक्ष्मण भट्टराईले यस अदालतसमक्ष गरेको बकपत्र।

२४. प्रतिवेदन बेहोरा र सोमा भएको सहीछाप मेरो हो। हामीले संघीय प्रहरी इकाई कार्यालय, दुरसंचार समन्वय शाखा, भैरहवालाई पत्राचार गरी CDR को माग गरेका हौं। सो विभागले पठाएबमोजिम कल डिटेल्सको आधारमा प्रस्तुत प्रतिवेदन तयार पारिएको हो। अन्य कुराका विवरण कल डिटेलमै उल्लेख गरिएको छ। अधिकारीको सन्दर्भमा अदालतमै आदेशानुसार कल डिटेल माग गरिएको हो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी अश्विन ढकालले यस अदालतसमक्ष गरेको बकपत्र।

२५. दिदी लालसा साहको नाममा सरोज स्क्रेप्ट स्टोर दर्ता भएको छ। कुल पुँजीको सम्बन्धमा मलाई थाहा भएन। उक्त स्टोरमा कबाड खुद्रामा किनेर थोकमा बेच्ने काम हुन्छ। मासिक करिब ६०,०००।- जति हुन्छ। आम्दानी कहिले बेसी कहिले कम हुनेहुँदा यकीन हुँदैन। भिनाजु रामा साहसँग दिपक गुप्ताले बैशाख महिनामा हिसाब गरौं भनेका र हिसाब गर्न जाँदा १ वर्षपछि आउनु भनेका थिए। हुलास कम्पनीको कबाडी कारोबारमा २०% मेरो भिनाजुले पाउनु पर्ने भन्ने बारेमा कुनै लिखित कागज सम्झौता भएको थिएन, आपसी विश्वासमा कुरा भएको थियो। भिनाजुले रकम नपाएको भन्ने कुराको कहीं कतै लिखित/मौखिक उजुरी दिएको छैन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी संजय साहले यस अदालतसमक्ष गरेको बकपत्र।

२६. मिति २०७९।५।२१ मा भएको CDR र BTS विश्लेषणको प्रतिवेदन बेहोरा र सोमा लागेको सहीछाप मेरो हो। नेपाल टेलिकम र NCELL मा हामीले CDR र BTS डाटा अनुसन्धानको लागि माग्यौं। नेपाल टेलिकमल र NCELL ले दिएको डाटाअनुसार विवरण निकालिएको हो। प्रतिवेदनको आधार यिनै हुन् भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्र.ना.नि. विन्तोष लामिछानेले यस अदालतसमक्ष गरेको बकपत्र।

२७. प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) ले सुरुमा शसस्त्र प्रहरी उपरीक्षक रुपकुमार खत्रीलाई हातहतियार र लागू औषध आउँदैछ भन्ने सूचना दिनुभएको रहेछ। सोकुरा मलाई समेत पछि जानकारी भयो। निजले मिति २०७९।३।२१ गते मलाई समेत सो कुरा जानकारी गराएपछि सो दिन त्यसको लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्न लगाएको थिएँ। सो दिन हातहतियार र लागू औषध ल्याउने मानिसहरु नआएको जानकारी पाएपछि फेरि भोलिपल्ट मिति २०७९।३।२२ गते दिउँसो पुनः सोही टिम आउँदैछ, टोली तयार राखिदिनु पर्यो भनी भनेकोले प्र.ना.नि. गोकर्ण चौहानको कमाण्डमा २/२ जनाको ३ टिम बनाई स्टेण्डबाई राखेको थिएँ। साझँ करिब ७/८ बजेतिर लागू औषध कारोबारी मोटरसाइकलमा आउँदैछन्, पिपरहियाचोकमा पठाई दिनुपर्यो भनी भनेकोले तीनैवटा टोली खटाई पठाएको हुँ। मैल निज बैजुप्रसाद गुप्तालाई खटिएको टोली कमाण्डरलाई सिधै सम्पर्क गर्न भन्दा म पालिका प्रमुख पनि हो र स्थानीय पनि हो, पहिचान गोप्य राख्न तपाईले नै मैले दिएको लोकेसन रिले गरिदिनुस् भनी भनेकोल निज बैजुप्रसाद गुप्ताले दिएको लोकेसन र विवरण फिल्डमा खटिएको कमाण्डरलाई रिले गरेको हुँ। जसको कारण निजसँग पटकपटक फोन सम्पर्क भएको थियो। प्रतिवादी बैजुप्रसाद गुप्ताले कसैको नाम किटान गर्नुभएको थिएन। २ जना व्यक्ति मोटरसाइकलमा हातहतियार र लागू औषध सहित आउँदैछन्, टोली खटाई दिनुपर्यो भनी जानकारी दिनुभएको थियो भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्रहरी उपरीक्षक ऋषिराम कंडेलले यस अदालतसमक्ष गरेको बकपत्र।

२८. मिति २०७९।३।२१ गते प्रतिवादी बैजुप्रसाद गुप्ताले मलाई फोन गरी लागू औषध र हातहतियार आउन सक्छ भनी गाउँपालिका अध्यक्षको हैसियतले सोध्नु भएकोमा मैल सो सम्बन्धमा जनपद (नेपाल प्रहरी) एक्सपर्ट हुने हुँदा उतै जानकारी गराउनु भनी सल्लाह दिएको थिएँ। प्रतिवादी बैजुप्रसाद गुप्ताले कुनै समय, स्थान र कसैको नाम किटान गरी फोन गर्नुभएको थिएन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी रुपकुमार क्षेत्रीले यस अदालतसमक्ष गरेको बकपत्र।

२९. घटना विवरणको सम्बन्धमा मलाई धेरै कुरा थाहा भएन। वारदात भएको भनिएको मितिको भोलिपल्ट रामा गुप्तालाई प्रहरी प्रशासनले ड्रग्सको केशमा समातिएको कुरा थाहा पाएको हुँ। अरु कुरा थाहा भएन। सहीछाप मेरो हो, तर बेहोरा मेरो होइन। वारदातको सम्बन्धमा रामा गुप्ताको पत्नीले मेरो पति हिजोदेखि घरमा आएको छैन, कहाँ हुनुहुन्छ पत्ता लगाएर मलाई भन्नुहोला भनेपछि मैल पत्ता लगाउँदै जाँदा निज रामा गुप्ता ड्रग्सको केशमा प्रहरीले समातिएको रहेछ भन्ने थाहा पाएँ। अभियोग दाबीबमोजिम निजहरुलाई सजाय हुनुहुँदैन। रामा

गुप्ताको साथबाट ड्रग्स फेला नपरेकोल निजलाई सजाय हुनुहुँदैन भन्ने समेत बेहोराको वादी नेपाल सरकारको साक्षी लोभीचन्द्र धोवीले यस अदालतसमक्ष गरेको बकपत्र।

३०. मिति २०७९।४।६ मा गरेको घटना विवरण कागजको बेहोरा र सहीछाप मेरो हो। म आफ्नो पसलमा पान लगाउँदै थिए। त्यहीबेला मोटरसाइकलमा २ जना आई एउटा पहेलो रङ्गको प्लाष्टिकको झोला मेरो पसलअगाडि फाली भागेर गएका हुन्। उक्त मोटरसाइकलमा को को थियो, थाहा भएन। बाइक नरोकीकन उक्त झोला फाल्दै भागेका हुन्। उक्त झोला कसले फालेको हो यकीन भएन। झोला मेरो पसलअगाडि फालेका हुन्। यी प्रतिवादीहरु रामा गुप्ता र जितेन्द्र पासवानबाट प्राप्त नभएको हुँदा अभियोग दाबीबमोजिम सजाय हुनुहुँदैन भन्ने समेत बेहोराको वादी नेपाल सरकारको साक्षी गणेशकुमार बनियाले यस अदालतसमक्ष गरेको बकपत्र।

३१. मिति २०७९।५।१२ को प्रहरी प्रतिवेदनको बेहोरा र सोमा लागेको सहीछाप मेरो हो। प्रतिवादी रामा गुप्ता र बैजुप्रसाद गुप्ताबीच लेनदेनको विषयमा विवाद रहिरहेको र निजले देखाइदिन्छु भन्ने धम्की दिइरहेको अवस्था। प्रतिवादी रघुनाथ धोबी र दिपक गुप्ता (बैजु) बीचमा नजिकको सम्बन्ध रहेको अवस्था रहेको र वारदातका समयमा निजहरुबीच नियमित फोन सम्पर्क रहेको देखिएको, प्रतिवादी रघुनाथ धोबीले साबिती बयान गरेको लगायतका प्रतिवेदनमा उल्लिखित आधारकारणबाट उक्त प्रतिवेदन तयार गरिएको हो। प्रतिवादी रामा गुप्ता र बैजुप्रसाद गुप्ताबीच कबाडी कारोबार सम्बन्धमा लेनदने विवाद रहेको र निज बैजुप्रसाद गुप्ताले सो लेनदेन सम्बन्धमा धम्की दिएको भन्ने देखिन्छ। जितेन्द्र पासवान वारदातको समयमा प्रतिवादी रामा गुप्तासँग पक्राउ गरेका हुन्। निज प्रतिवादीहरु रामा गुप्ता र जितेन्द्र पासवान लागू औषध मुद्दामा पक्राउ परेका हुन्। मैले पक्राउ गरेको हैन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी प्रहरी निरीक्षक केशवराज ज्ञवालीले यस अदालतसमक्ष गरेको बकपत्र।

३२. मिति २०७९।३।२२ मा म समेतले गरेको बरामदी/खानतलासी मुचुल्का सही हो र सोमा भएको सहीछाप मेरो हो। डाइजेपाम, फेनेरागन र नुर्फिन ९०/९० सेट जितेन्द्र पासवानले बोकेको पहेंलो प्लाष्टिकको झोलाभित्र टेपले बेरेर राखिएको अवस्थामा बरामद भएको हो। उक्त लागू औषध रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाबाट बरामद भएको हो। हामीले मुचुलुका मात्र लेखेको हो। प्रतिवादीहरुलाई लागू औषध बरामद र पक्राउ गर्यो मलाई थाहा भएन भन्ने समेत बेहोराको वादी नेपाल सरकारका साक्षी ईश्वरीप्रसाद काफ्लेले यस अदालतसमक्ष गरेको बकपत्र।

## यस अदालतको ठहर

### कसूर ठहरः-

**३३.** नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री ऋषिकेशव बस्यालले मिति २०७९।३।२२ को साँझ करिब ८ बजेको समयमा रामग्राम-१७ पिपरहियामा लागू औषध बरामद भएको र प्रतिवादीहरु रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानले लु. ३प ७७१ नं को मोटरसाइकलमा ९०/९० एम्पुल लागू औषध ल्याएको भन्ने बरामदी मुचुल्का देखिन्छ। बैजुप्रसाद गुप्ता र रामा गुप्ताभन्ने रामा साह व्यापारिक साझेदार रहेको, रामा गुप्ताभन्ने रामा साहले आफ्नो बयानमा कबाडको सामान हेर्न भनी बोलाएकोले जाँदा सामान हेर्न समय लगाई मोटरसाइकलमा लागू औषधको झोला राखिदिएको भनी बयान गरेको देखिन्छ भने प्रतिवादी रघुनाथप्रसाद धोवीले आफूले लागू औषध किनी ल्याएको, बैजुप्रसाद गुप्ताको सहयोगका लागि रामा गुप्ताभन्ने रामा साहलाई फसाउन लागू औषध हालिदिएको भनी मौकामा बयान गरेको देखिन्छ। प्र.ना.नि. गोकर्ण चौहानको प्रतिवेदनमा सूचनादाता प्रतिवादी बैजुप्रसाद गुप्ता रहेको, प्रतिवादी बैजुप्रसाद गुप्ताले मौकामा कागज गरेको, रामा गुप्तभन्ने रामा साहको पत्नी लालसाले समेत गरिदिएको कागजमा प्रतिवादी बैजुप्रसाद गुप्ताले प्रतिवादी रघुनाथप्रसाद धोवीलाई प्रयोग गरी प्रतिवादी रामा गुप्ताभन्ने रामा साहलाई फसाएको हुनुपर्छ भन्ने बेहोरा छ। संजय साहले समेत करिब एकैमिलानको कागज गरिदिएको देखन्छ। प्र.ना.नि. गोकर्ण र प्र.ह. पृथ थापाले प्रतिवादी रघुनाथप्रसाद धोवीलाई सनाखत गरिदिएको। प्रतिवादी बैजुप्रसाद गुप्ताको संलग्नता देखिएको प्रतिवेदन परेपछि निजलाई कागज गराइएको। घटना विवरण कागजमा सबैले लेखाएको बेहोरा समेत प्रतिवादीले अभियोग अनुसारको कसूर गरेकै देखिएकोले अभियोग अनुसारको कसूर कायम होस् भनी बहस गर्नुभयो। प्रतिवादी रघुनाथप्रसाद धोवीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री लिलाधर मरासिनीले मेरो पक्षको मौकाको बयानमा बेहोरा लेखी सही गराइएको छ तर अदालतमा इन्कार गरेको छ। रघुनाथप्रसाद धोवीका बारेमा प्र.नि. धर्मराज खत्रीको प्रतिवेदनमा लु. ३प ७७१ को मोटरसाइकलबाट बरामद भएको भन्ने छ। लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ लागू हुन्छ। प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले बयान गर्दा मेरो मोटरसाइकलनजिक कसैले बोरा राखेको भन्ने छ। बयान र प्रतिवेदन तुलना गर्दा आफ्नो नभए किन लिई हिंडेको? प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले रघुनाथप्रसाद धोबीले दिएको वा राखिदिएको भन्ने पनि छैन, अन्य कुनै बेहोराबाट दिएको भन्ने पनि छैन। प्रतिवादी रामा गुप्ताभन्ने रामा साहको बयान स.ज.को १० मा मौकाको बयान झुठा हो, मेरो साथ र वरिपरिबाट केही पनि फेला परेको होइन भनी अदालतमा बयान गरेको देखिन्छ। मेरो पक्षको मौकाको बयान स्वतन्त्र बयान होइन। रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानको मौकाको बयानमा रहेका अक्षरको फन्ट साइज पनि फरक फरक

देखिन्छ। प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले भनेको बेहोराबाट समेत प्रतिवादी रघुनाथप्रसाद धोवीको मौकाको बयान स्वतन्त्र होइन भन्ने देखिन्छ। अभियोग लगाएको कुरा निर्विवाद पुष्टि हुँदैन। तसर्थ सफाई दिलाई पाउँ भनी; प्रतिवादी रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नसरुल्लाह अन्सारीले पहिलो प्रश्न प्रहरी प्रदेश कार्यालय, दाङको मिति २०७९।४।१६ को पत्रबाट मुद्दाको अनुसन्धानबारे प्रश्न उठाइएको छ तर यसबारे के भयो भन्ने देखिंदैन। लागू औषध मोटरसाइकल नजिक फालेको देख्ने गणेशकुमार बनिया (पानपसले), अनिल कुर्मी, धिरज गुप्ता, लोभीचन्द्र धोवी, अमिरी सहानी समेतको बेहोराबाट देखिन्छ। यिनीहरुलाई ल्याइँदैन। मिति २०७९।३।२२ को बरामदी मुचुल्का नै शङ्कास्पद छ भन्ने प्रदेश प्रहरी कार्यालयकै पत्रबाट देखिन्छ। बरामदी मुचुल्कामा रहेकालाई पनि बुझिएको छैन। बरामदी मुचुल्का गर्ने प्र.नि. धर्मराज खत्री र ५ जनाको टोली छ, तर पक्रने व्यक्ति अर्कै छ। किन? प्रतिवादी रामा गुप्ताभन्ने रामा साहलाई पक्राउ कसले गर्यो? सुरुमा प्रतिवादी रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवान मात्र दोषी भनियो तर पछि थप छानवीन भएको अवस्था छ। प्र.ना.नि. गोकर्ण चौहानको कागजबाट समेत पुष्टि हुन्छ। निजको घटना विवरण कागजमा ५० मिटर टाढाबाट हेर्दै बस्यौं, २०० मिटर परबाट हेरी समातेको भन्ने छ। प्रमाण ऐनको दफा १८ र २० को व्यवस्थाले अदालतमा आएर पुष्टि गरिदिनै पर्छ। प्रतिवादी रघुनाथप्रसाद धोवीको मौकाको बयान अन्यथा प्रमाणित नभएसम्म मान्नुपर्ने हुन्छ। रघुनाथप्रसाद धोवीले प्रहरीलाई चिया खुवाउँदै देखाउँछ, आफैं झोला राखी दिन्छ र पक्राउँछ भन्ने कुरा स्पष्ट भएकै छ। प्र.नि. धर्मराज खत्रीले बकपत्रमा स.ज. ११, स.ज. १५, स.ज. २४, स.ज. २६, स.ज. २७ र स.ज. २८ मा खुलाएको बेहोराबाट पुष्टि हुन्छ। प्रहरी उपरीक्षक ऋषिराम कडेलको बकपत्रको स.ज. ४, ५ र ८ मा बोलेका कुराबाट पक्रने र मुचुल्का गर्ने, प्र.ना.नि. गोकर्ण चौहानको स.ज. ४, ५ र ७ बाट पनि एउटै व्यक्ति होइन भन्ने स्पष्ट छ। गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताले दिएको सूचनाबाट समाएको भन्ने र प्रतिवादी रघुनाथप्रसाद धोवीको मौकाको बयानको स.ज. ११, १४, १६ र १७ मा बोलेको कुराबाट प्रतिवादी बैजुप्रसाद गुप्तालाई मद्दत गर्न लागू औषध खरिद गरी राखिदिएको भन्ने छ। प्रतिवादी जितेन्द्र पासवानको हातबाट बरामद भएको भन्ने कुरा माथि उल्लिखित प्र.ना.नि. गोकर्ण चौहानको कागजबाट खण्डित भइरहेको छ। प्रतिवादी बैजुप्रसाद गुप्ताले आफैंले प्रहरीलाई सूचना दिएको भन्ने छ, प्र.उ. र स.प्र.उ. को कागजबाट अघिल्लै दिनबाट सम्पर्क छ भन्ने देखिन्छ। प्रतिवादी बैजुप्रसाद गुप्ता र प्रतिवादी रामा गुप्ताभन्ने रामा साहको बीच लेनदेन छ भन्ने दीपक गुप्ता समेतले खुलाई दिएको छ। मेरो पक्षको साथबाट बरामद नभएको, खरिद गरी पैठारी गरेको भन्ने कुनै सरकारी साक्षीले पनि मेरो पक्षको बारेमा लेखाएको छैन, प्रहरीले गरेको अनुसन्धानउपर नै प्रदेश प्रहरीले प्रश्न गरेको, प्रतिवादी रघुनाथप्रसाद धोवी, प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डे र प्रतिवादी

बैजुप्रसाद गुप्ताको उपस्थिति समेतबाट मेरो पक्ष निर्दोष हुँदा सफाई पाउँ भनी; प्रतिवादी बैजुप्रसाद गुप्ताको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री कमलराज जोशीले प्रतिवादी बैजुप्रसाद गुप्ताको हकमा ऐनको दफा १७ को अभियोग लगाइएको छ। मिति २०७९।३।२२ को बरामदी मुचुल्कामा रोहबरमा बस्ने समेतको अवस्थाबाट त्यो अवैध छैन। प्रतिवादी रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानको संलग्नता छ छैन भन्नेतर्फ हेर्दा बरामद हुँदा र घरमा खानतलासी गर्दा समेत कुनै प्रतिवाद भएको देखिन्न। त्यसै इन्कारी गर्दैमा वा अन्यथा भन्दैमा हुन्छ र? प्रतिवादी बैजुप्रसाद गुप्ताले कसैप्रति पूर्वाग्रह राखी नभई प्राप्त सूचना प्रहरीलाई दिएको हो। प्रदेश प्रहरीको पत्रबाट अनुसन्धान Divert भएको देखिन्छ। अभियोगमा प्रतिवादी बैजुप्रसाद गुप्ताले नै ल्याएको, ल्याउन लगाएको भन्न नसक्ने, केवल षडयन्त्र गरेको मात्र भनेर यो अभियोग पुष्टि हुन सक्ने देखिन्न। शङ्काको भरमा अभियोग पुष्टि हुन सक्दैन भनी, विद्वान वरिष्ठ अधिवक्ता श्री बाबुराम पौडेलले मिति २०७९।३।२२ को बरामदी मुचुल्का नै यस मुद्दाको उदगम हो। मिति २०७९।४।२२ मा मेरो पक्षले प्रहरीमा कागज गर्दा प्रहरीले सफाईपत्र दिएको, प्रदेश प्रहरीको पत्रबाट मात्र मेरो पक्षउपर पुनः अनुसन्धान भएको छ। त्रुटिपूर्ण बरामदी मुचुल्का भए मेरो पक्षलाई मुद्दा चलाउने कार्य नै त्रुटिपूर्ण छ। 'ततिम्बा' शब्दको बयानपछि प्रतिवादी रघुनाथप्रसाद धोवीले पोलेको देखिन्छ। हालको कानूनले ततिम्बाको व्यवस्था नै गरेको नहुँदा त्यसबाट प्रतिवादी कायम गर्न मिल्दैन। मेरो पक्षले चलखेल गरेको भन्ने कुरा निज गाउँपालिकाको अध्यक्ष हुँदा निजको सक्रियता स्वाभाविक हुन्छ। ऐनको दफा १७ को अवस्था कतै छैन। त्यसैले सफाई गरी पाउँ भनी र विद्वान अधिवक्ता श्री दिनेशप्रसाद घिमिरेले मेरो पक्षउपर अभियोगपत्रमा ऐनको दफा १७ को कसूर गरेको भन्ने अभियोग छ। कसैको दबाव वा निर्देशनमा अनुसन्धान भएको छ भन्ने देखिएकोले यो अनुसन्धान नै स्वतन्त्र छैन भन्ने स्पष्ट छ। प्रतिवादी रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानले प्रतिवादी रघुनाथप्रसाद धोवीसँगको संलग्नता फोन सम्मकै देखाई प्रतिवादी बैजुप्रसाद गुप्ताउपर अनुसन्धान भएको छ। प्रतिवादी रामा गुप्ताभन्ने रामा साहको ततिम्बाबाट प्रतिवादी बैजुप्रसाद गुप्ताउपर अनुसन्धान भएको छ। प्रतिवादी बैजुप्रसाद गुप्ता र रामा गुप्ताभन्ने रामा साहको बीचमा लेनदेन भन्ने पुष्टि हुनु पर्दैन? कहीं कतैबाट पुष्टि हुन्न। प्रतिवादी रघुनाथप्रसाद धोवीले प्रतिवादी बैजुप्रसाद गुप्तालाई पोलेको छैन। प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले पोल्दैमा हुन्छ? तसर्थ मेरो पक्ष निर्दोष हुँदा सफाई होस् भनी गर्नु भएको बहस समेत सुनियो।

३४. मिसिल अध्ययन गरी हेर्दा यसमा प्रतिवादीहरु रघुनाथप्रसाद धोवी, मन्टुभन्ने विवेकप्रसाद पाण्डे, बैजुप्रसाद गुप्ता (दिपक), रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानमध्ये प्रतिवादीद्वय रघुनाथप्रसाद धोवी र मन्टुभन्ने विवेकप्रसाद पाण्डेले लागू औषध भारतमा किनी नेपाल ल्याई सो लागू औषध अर्का प्रतिवादीद्वय रामा गुप्ता र जितेन्द्र पासवानलाई मोटरसाइकलमा राखेको अवस्थामा निजहरुबाट बरामद भएकोले प्रतिवादीहरु रघुनाथप्रसाद धोबी र मन्टुभन्ने विवेकप्रसाद पाण्डेको कार्य लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ)

र (च) बमोजिमको कसूर भएको, प्रतिवादीहरु रामा गुप्ता र जितेन्द्र पासवानको साथबाट बरामद भएकोले निजहरुले ऐ. ऐनको दफा ४ को खण्ड (च) बमोजिमको कसूर भएको र प्रतिवादी बैजुप्रसाद गुप्ताले आफू अप्रत्यक्ष रुपमा संलग्न रही ऐनको दफा १७ बमोजिमको कसूर गरेकोले प्रतिवादीहरु रघुनाथप्रसाद धोवी र मन्टुभन्ने विवेकप्रसाद पाण्डेलाई ऐ. ऐनको दफा १४ (१) (झ) बमोजिम, प्रतिवादीहरु रामा गुप्ता र जितेन्द्र पासवानलाई समेत ऐ. दफा १४ (१) (झ) बमोजिम र प्रतिवादी बैजुप्रसाद गुप्तालाई ऐ. दफा १७ बमोजिम सजाय गरी प्रतिवादी रघुनाथप्रसाद धोबीले प्रयोग गरेको भारतीय नं. UP 56 s 6169 को मोटरसाइकल र रामागुप्ताले प्रयोग गरेको लु. ३प ७७१ नं. को मोटरसाइकल ऐ. दफा १८ बमोजिम जफत हुन, प्रतिवादी रामा गुप्ताको शरीरबाट बरामद रु. ८,७००।- र Redmi कम्पनीको (२ सिम सहित) को मोबाइल समेत ऐ. दफा १८क. बमोजिम जफत हुन र प्रतिवादी रघुनाथप्रसाद धोवी 071-CR-0047 को लागू औषध मुद्दामा मिति २०७१।१०।२१ मा भएको फैसलाबाट दोषी भई कसूरदार ठहरिएकोले निजलाई ऐ. दफा १६ बमोजिम थप सजाय हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क बापतको रकम पीडित राहत कोषमा दाखिला गराई पाउन मागदाबी लिई अभियोगपत्र दायर भएको प्रस्तुत मुद्दामा अभियोगपत्रसाथ पेश भएका प्रतिवादीहरुले यसअदालतमा बयान गर्दा **प्रतिवादी रघुनाथप्रसाद धोवी**ले प्रहरी प्रतिवेदकसँग चिनजान, रीसइबी, लेनदेन छैन। प्रतिवादीहरु रामा गुप्ता र जितेन्द्र पासवानसँग कुनै चिनजान झै झगडा छैन, प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेसँग सामान्य चिनजान छ, रीसइबी छैन। प्रतिवादी बैजुप्रसाद गुप्तालाई चिन्दछु, पाल्हीनन्दन गाउँपालिकाको अध्यक्ष हुनुहुन्छ, म त्यहींको नगरप्रहरी हुँ, वहाँसँग मेरो झैझगडा, लेनदेन रीसइबी छैन। मेरो र प्रतिवादी बैजुप्रसाद गुप्ताको टेलिफोनमा वारदातको समयमा पटक पटक सम्पर्क भएको हो, म अफिसमा नरहेकोले सम्पर्क गर्नुभएको हो। प्रहरी उपरीक्षक ऋषिराम कडेलको प्रतिवेदन बारेमा केही थाहा छैन। प्रहरी निरीक्षक केशवराज ज्ञवालीको प्रतिवेदन सुनें, बेहोरा झुठा हो, बैजुप्रसाद र रामा गुप्ता साह बीचको लेनदेन र अन्य कुरा थाहा भएन। मैले लागू औषधको झोला राखिदिएको छैन। मौकाको मेरो बयान सुनें, बेहोरा झुठा हो, मैले कबाड बेच्न रामा साहलाई फोन गरेको थिएँ, म र मन्टु पर्सियाचोकमा रामा साहलाई कुरेर बस्यौं। पछि रामा साहले पिपरहियामा छु भने भनेकोल मन्टुलाई त्यहीं छोडी म पिपरहिया पुगेको हुँ। त्यहाँ रामा साह र जितेन्द्र पासवानसँग भेट गरी कबाड बेच्ने कुरा गर्दै तीनै जनाले चिया खायौं। कबाड हेर्न जाउँभन्दा भोलि आउछौं भनेकाले म फर्केको हुँ। मैले लागू औषधको झोला उनीहरुको मोटरसाइकलमा राखेको होइन। म प्र.ना.नि. गोकर्ण चौहानलाई चिन्दिन, केही बताएको पनि छैन। मिति २०७९।४।२४ मा मलाई घरैबाट पक्रेको हो। गोकर्ण चौहानको कागज सुनें, बेहोरा झुठा हो। म चिन्दिन। मैले कुनै जानकारी दिएको र केही भनेको छैन। सहप्रतिवादी रामा साह र जितेन्द्र पासवानको बयान

सुनें, त्यसबारे केही थाहा भएन। म निर्दोष छु। रामा साहको अदालतको बयान सुनें, बयान झुठा हो, म निर्दोष छु। लागू औषधको कसूरमा मेरो कुनै संलग्नता छैन। मिति २०७९।४।२५ को सनाखत कागजअनुसार कबाड बेच्न जाने मान्छे म हुँ, तर कबाडवाला लिन गएको होइन। प्र.ना.नि. गोकर्ण चौहानको सनाखती कागज सुनें, बेहोरा झुठा हो। मैले मेरो फोनबाट रामा साहलाई कबाडी लिन फोन गरेको हुँ। बैजुप्रसाद गुप्ताले छिटो आउ भनेर फोन गर्नु भएको हो, विवेक पाण्डेले कबाडीसँग भेट भयो, किनबेच भयो भनेर फोन गरेका थिए। प्रहरी प्रतिवेदनबारे थाहा भएन। रामा साह र जितेन्द्र पासवानसँगको बरामदी मुचुल्का बारेमा मलाई जानकारी छैन, प्रहरीले भनेकोले थाहा पाएको हुँ। प्र.ना.नि. जीवनकुमार आचार्य, प्र.ह. पृथबहादुर थापा र स.प्र.उ. रुपकुमार क्षेत्रीको घटना विवरण सुनें, सोबारे थाहा भएन। बैजुप्रसाद गुप्ताको कागज सुनें, सो बारे थाहा भएन। राकेश कुर्मी बाहेक अरुको कागज बेहोरा झुठा हो। मलाई प्रयोग गरिएको होइन। प्रहरीले बरामद गरेको सामानमध्ये UP 56 S 6169 नं. को मोटरसाइकल मेरो हो, अरु थाहा भएन। यसअघि लागू औषध सेवनतर्फ सजाय पाएको छु। हाल म निर्दोष छु भनी बयान गरेको देखिन्छ भने **प्रतिवादी रामा गुप्ताभन्ने रामा साह**ले प्रहरी प्रतिवेदक चिन्दिन, सहप्रतिवादी रघुनाथ र विवेक पाण्डेसँग चिनजान, झैझगडा, रीसइबी छैन, जितेन्द्र पासवानसँग चिनजान छ, मेरो कामदार हुन्, रीसइबी छैन, बैजुप्रसाद गुप्तासँग ८/१० वर्षदेखि कबाडको काममा चिनजान छ। एक करोड चालिस लाख रुपियाँ लिन बाँकी हुँदा हालसम्म नदेखिएकोले झैझगडा रीसइबी छ। त्यसैले निजले र रघुनाथलाई प्रयोग गरी लागू औषध दिई पठाई लागू औपध मुद्दामा फसाउन षडयन्त्र गर्नु भएको हो। मिति २०७९।३।२२ मा म लु. ३प ७७१ नं. को मोटरसाइकल लिई जितेन्द्रलाई पछाडि राखी महेशपुरमा कबाड लिन गएकोमा ९८१७४५८५५३ नं. बाट मेरो ९८१७१५११५९१ मा फोन गरी पिपरहिया बोलाएकोले त्यहाँ पुगी फोन गर्दा रघुनाथ धोबी र अर्को १ जना आई चिया खान जाउँ भनी हाम्रो मोटरसाइकल त्यहीं पानपसलनिर रोकी चारै जना चियाखान जाँदा रघुनाथ कबाडीको साहूलाई बोलाउन जान्छु भनी गए, १०/१५ मिनेटसम्म पनि उ नआउँदा मलाई ढिला भएकोले हामी मोटरसाइकल लिई हिड्यौं। पछि एकजनाले हामीलाई रोकी झोला माग्यो, हामीसँग झोला थिएन। बैकुण्ठपुर पुग्दा प्रहरी (सादा पोशाकमा रहेको) ले पक्राउ गर्यो, साथमा रहेको डबल सिम सहितको Redmi मोबाइल र नगद ७/८ हजार प्रहरीले राखेको छ। प्रहरी प्रतिवेदन झुठा हो, म र जितेन्द्रको साथमा झोला थिएन। जिल्ला प्रहरीमा आएपछि मेरो मोबाइल, रकम र मोटरसाइकल प्रहरीले लिएको हो। हामीबाट लागू औषध फेला परेको होइन। प्रहरी उपरीक्षक ऋषिराम कडेलको प्रतिवेदन ठीक हो। मलाई बैजु गुप्ताले दिनुपर्ने रकम माग गर्दा लागू औषध मुद्दामा फसाई दिने धम्की दिएका थिए। मौकाको मेरो बयान सुनें, बेहोरा झुठा हो। मेरो साथबाट कुनै लागू औषध बरामद भएको होइन। ततिम्बा बयान बेहोरा ठीक हो। जितेन्द्र पासवानको बयानबारे थाहा भएन। रघुनाथ धोवीको मौकाको बयान सुनें, सोबारे थाहा भएन, मेरो मोटरसाइकलमा केही थिएन। प्र.ना.नि.

जीवन आचार्य, गोकर्ण चौहान, प्र.ह. पृथकबहादुर थापा, स.प्र.उ. रुपकुमार क्षेत्रीको कागजबारे थाहा भएन। बैजुप्रसाद गुप्ताको कागज बेहोरा झुठा हो। निजसँगको लेनदेन व्यवहारमा रकम नदिएकोले षडयन्त्र गरेको हो। लक्ष्मण भट्टराई, रामभरोस साह, लालसा साह, गणेशकुमार बनिया समेतको कागज बेहोरा ठीक हो, अन्य कुरा थाहा भएन। राकेश कुर्मी, सुरज चौहान, धिरज गुप्ता, लोभीभन्द्र धोबी समेतको कागजबारे थाहा भएन। म र जितेन्द्रले गरेको सनाखत कागज ठीक हो, प्र.ना.नि. गोकर्ण चौहानको सनाखत कागजबारे थाहा भएन। प्र.उ. ऋषिराम कडेलको मिति २०७९।५।२१ को प्रतिवेदन र BTS Analysis बारे थाहा भएन। मैले कुनै अपराध गरेको छैन, त्यसैले सजाय हुनुहुँदैन भनी बयान गरेको देखिन्छ। **प्रतिवादी जितेन्द्र पासवान**ले सहप्रतिवादी रामा गुप्ताभन्ने रामा साहकै बयान बेहोरासँग मिलान (Mutatis Mutandis) हुने गरी बयान गरेको देखिन्छ भने **प्रतिवादी बैजुप्रसाद गुप्ता** मिति २०७९।८।६ मा अदालतमा उपस्थित भई बयान गर्दा प्रहरी प्रतिवेदकसँग चिनजान, झैझगडा, रीसइबी छैन, सहप्रतिवादीहरुसँग सामान्य चिनजान छ, झैझगडा, रीसइबी, केही छैन। प्रहरी उपरीक्षक ऋषिराम कडेलको प्रतिवेदन सुनाउँदा आफूले उक्त दिनमा पनि प्रहरी उपरीक्षकलाई फोन गरी लागू औषधजन्य कार्य रोक्नुपर्यो भनी भनेको हो। मैले कसैको नाम तोकेर, मोबाइल नं. यकीन गरेर प्रहरीलाई सूचना दिएको छैन। प्रहरी निरीक्षक केवशराज ज्ञवालीको प्रतिवेदन बेहोरा झुठा हो। मैले रघुनाथ धोवीलाई फोन गर्नुको कारण निज आफ्नो जिम्मामा नरही बाहिर हिंडेकोले फोन गरेको हुँ। उसले मेरो फोन काटेको र अर्को मानिस पनि बोलेकोले को हो भन्दा विवेक पाण्डे भनेकोले मैले १ पटक उसलाई पनि फोन गरेको हो। रामा साहसँग कुनै लेनदेन छैन, उसले रकम मागेको पनि छैन। मौकामा गरेको मेरो कागज बेहोरा ठीक साँचो हो, सहीछाप मेरै हो। रामा साहको बयान र ततिम्बा बयान सुनें, ततिम्बा बयानमा भनेजस्तो मैले उसलाई फसाएको छैन। ततिम्बा बयान झुठा हो। रघुनाथ धोबीको मौकाको बयान सुनें, रामा गुप्ता हाम्रो अफिसमा आएको छैन, रघुनाथ मेरो सुरक्षाकर्मी होइन, गेटमा बस्ने नगरप्रहरी हो। निजको बयान झुठा हो। रामा गुप्ताको अदालतको बयान सुनें, बयान बेहोरा झुठा हो। मैले निजलाई फोन गरेको, धम्की दिएको छैन। मैले फसाएको भन्ने झुठा हो। प्रहरी निरीक्षक धर्मराज खत्रीको प्रतिवेदन सुनें, सोबारे मलाई थाहा भएन। प्रहरी प्रतिवेदन र बरामदी मुचुल्का सुनें, सोबारे मलाई थाहा भएन। प्र.ना.नि. जीवनकुमार आचार्य, प्र.ह. पृथकबहादुर थापा र स.प्र.उ. रुपकुमार क्षेत्रीको कागज सुनें, सोबारे मलाई थाहा भएन। लक्ष्मण भट्टराई रामभरोस साह समेतको कागज र राकेश कुर्मी, सुरज चौहान, धिरज गुपिता समेतको कागज बेहोरा सुनें, सोबारे थाहा भएन। म निर्दोष छु, कुनै अपराध नगरेकोले सजाय हुनुहुँदैन भनी बयान गरेको देखिन्छ। प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेको नाउँमा यस अदालतबाट जारीभएको ३५ दिने पक्राउ पुर्जी मिति २०७९।६।१६ गते म्यादवालाको एकाघरको बाबु भरतप्रसाद पाण्डेले बुझी रीतपूर्वक

तामेल भएकोमा म्यादभित्र निज प्रतिवादी यस अदालतमा उपस्थित हुन नआएको र पक्राउ परेर समेत नआई हालसम्म फरार रही रहेको प्रस्तुत मुद्दामा मिसिलसंलग्न कागजातहरु हेर्दा मिति २०७९।३।२२ को बरामदी मुचुल्का, प्र.नि. धर्मराज खत्रीको प्रतिवेदन, लक्ष्मण भट्टराई, गणेशकुमार बनिया, अनिज कुर्मीको छुट्टाछुट्टै कागज, लालसा साह, हसमत मुसलमान, रामभरोस साहको छुट्टाछुट्टै कागज, प्रहरी उपरीक्षक ऋषिराम कडेलको प्रतिवेदन, प्रतिवादी रामा गुप्ताभन्ने रामा साहको ततिम्बा बयान, रामा साह र रघुनाथ धोबीबीचको कुराकानी (Audio pen drive), संजय साह, लालसा साह, प्र.ना.नि. जीवनकुमार आचार्य, प्र.ना.नि. गोकर्ण चौहान, प्र.ह. पृथबहादुर थापा, बैजुप्रसाद गुप्ताको मौकाको घटना विवरण कागज, स.प्र.उ. रुपकुमार क्षेत्रीको घटना विवरण कागज, रामा साह, जितेन्द्र पासवान र प्र.ना.नि. गोकर्ण चौहानको सनाखती कागज, रघुनाथप्रसाद धोवीको मौकाको कागज, रघुनाथ धोवी विरुद्धको 071-CR-0047 मुद्दाको फैसलाको प्रतिलिपि, विवेक पाण्डेको घरतलासी मुचुल्का, रघुनाथ धोवी (वद्री धोवी) को घरतलासी मुचुल्का, प्रतिवादी विवेक पाण्डेको फोनको कल डिटेल्स, प्रहरी निरीक्षक केशवराज ज्ञवालीको प्रतिवेदन, केतकुमारी बनिया, धिरज गुप्ताको कागज, केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं. ३९७ मिति २०७९।४।१५ को परीक्षण प्रतिवेदन, ओमप्रकाश हरिजन, बिन्द्रेस तेली, सुनिलकुमार गुप्ता तेली, सुरज चौहान, राकेश कुर्मीको कागज, जिल्ला प्रशासन कार्यालय, नवलपरासीको च.नं. ८९९ मिति २०७९।५।१५ को नागरिकताको अधिकारितासम्बन्धी पत्र, लोभीचन्द्र धोवीको कागज, जिल्ला सरकारी वकिल कार्यालय, नवलपरासीको च.नं. ३३४ मिति २०७९।५।२० को निर्देशनपत्र, दिपक गुप्ताको कागज, प्रतिवादी विवेक पाण्डेको ३ प्रति फोटो र सनाखती मुचुल्का, प्रहरी उपरीक्षक ऋषिराम कडेलको मिति २०७९।५।१ को प्रतिवेदन, CDR र BTS प्रतिवेदन, प्रतिवादी बैजुप्रसाद गुप्ताले मिति २०७९।३।२१ र २२ मा प्र.ना.नि. जीवनुकमार आचार्यसँग १ पटक, स.प्र.उ. रुपकुमार क्षेत्रीसँग ५ पटक र प्र.उ. ऋषिराम कडेलसँग १८ पटक सम्पर्क भएको कल विश्लेषण, अमिरी सहानीको कागज, प्र.नि. धर्मराज खत्रीको घटना विवरण कागज, महेशपुर भन्सार कार्यालयमा मिति २०७९।३।२२ साँझको CCTV फुटेज सहितको पेन ड्राइभ-१, प्रतिवादी रामा गुप्ताको पोलीग्राफी परीक्षण प्रतिवेदन, प्र.ना.नि. जीवनकुमार आचार्य, प्र.नि. धर्मराज खत्री, प्र.ना.नि. गोकर्ण चौहान, प्रतिवादी बैजु गुप्ताका साक्षी मुरारी गुप्ता, प्रतिवादी रामा साह र जितेन्द्र पासवानका साक्षी दिनेशकुमार सिंह, प्रतिवादी रघुनाथ धोवीको साक्षी पुष्कर चौधरीको छुट्टाछुट्टै बकपत्र, वादी नेपाल सरकारको साक्षी ओमप्रकाश हरिजन र विन्देश तेली फेला नपरेको मुचुल्का, प्र.ह. पृथबहादुर थापा, घटना विवरण कागज गर्ने लक्ष्मण भट्टराई, प्र.स.नि. अस्वीन ढकाल, घटना विवरणका संजय साह, प्र.ना.नि. विन्तोष लामिछाने, प्रहरी उपरीक्षक ऋषिराम कंडेल, सशस्त्र प्रहरी उपरीक्षक रुपकुमार क्षेत्री, घटना विवरण कागज गर्ने लोभीचन्द्र धोवी, गणेशकुमार बनिया, प्रहरी निरीक्षक केशवराज ज्ञवाली, बरामदी खानतलासी मुचुल्काका इश्वरीप्रसाद काफ्लेले अदालतमा आई गरिदिएको बकपत्र समेतका कागजातहरु संलग्न रहेको देखिन्छ।

३५. मिसिलसंलग्न उल्लिखित कागजप्रमाण अध्ययन विश्लेषण गरी प्रतिवादीहरुले अभियोग अनुसारको कसूर अपराध गरेको हो होइन भन्नेतर्फ विचार गर्दा प्रतिवादी रामा साह र जितेन्द्र पासवानबाट बरामद भएको भनिएको वस्तु लागू पदार्थ भएको भन्ने प्रयोगशाला परीक्षण प्रतिवेदनबाट समेत स्पष्ट भइसकेको छ। प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेले यस अदालतबाट जारी भई रीतपूर्वक तामेल भएको ३५ दिने पक्राउ पुर्जीको म्यादभित्र हाजीर हुन नआई र पक्राउ समेत नपरी हालसम्मै फरार रहेका देखिएको हुँदा निजउपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) को अभियोग रहेको र सो ठहर भए निजलाई ऐ. ऐनको दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम दुई वर्षदेखि दश वर्षसम्म कैद र एकलाख रुपियाँदेखि बीसलाख रुपियाँसम्म जरिबाना हुन सक्ने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ को उपदफा (१) बमोजिम निज प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेको हकमा प्रस्तुत मुद्दा मुलतबीमा रहने ठहर्छ।

३६. प्रतिवादी रघुनाथप्रसाद धोवीको हकमा विचार गर्दा यी प्रतिवादीले अदालतमा बयान गर्दा आफूले कुनै कसूर नगरेको भनी इन्कारी बयान गरेको देखिन्छ। साथै यी प्रतिवादीले अदालतमा बयान गर्दा प्रतिवादीहरु रामा साह र जितेन्द्र पासवानसँग चीनजान, लेनदेन, रीसइबी छैन भनी स.ज. ५ मा खुलाएको देखिन्छ तर स.ज. ९ मा कबाड विक्री गर्न मैले सहप्रतिवादी रामा साहलाई फोन गरेको थिएँ भनी खुलाएको देखिन्छ। यी प्रतिवादीले चिनजान नै नभएको व्यक्ति (प्रतिवादी रामा साह) लाई निजको मोबाइलमा १२ पटकसम्म सम्पर्क गरेको (मिसिलसंलग्न निजको कलडिटेल्सबाट देखिन्छ) र कबाड विक्रीको कुरा सत्य नभई बहाना मात्र भएबाट निजको बयान सत्य देखिंदैन। साथै मौकाको बयानमा प्रतिवादी रामा साहलाई बैजुप्रसाद गुप्तालाई भेट्न आउँदा सामान्य चिनेको कुरा लेखाएबाट समेत थप पुष्टि हुन्छ। यी प्रतिवादीले मौकामा गरेको बयान हेर्दा निजले सहप्रतिवादी बैजुप्रसाद गुप्तासँग रामा साहको लेनदेनको विषयमा रीसइबी आफूले पनि लिएको, निजलाई फसाउन विवेक पाण्डे समेतको सहयोगमा भारतबाट लागू औषध लिएर घरमा राखी निजलाई आफुसमक्ष बोलाई चिया खान लगाई आफू बाहिरिई फर्की नआएको भन्ने देखिन्छ। मौकामा गरेको बयान अदालतमा आई झुठा हो भने तापनि त्यसलाई प्रमाणित गर्ने कुनै प्रमाण प्रतिवादीबाट पेश हुन सकेको देखिएन। निजले खुलाएको प्रतिवादी बैजुप्रसाद गुप्ता र रामा साहबीच कबाडको काम गर्दाको लेनदेन कारोबारको विषयलाई प्रहरी उपरीक्षक समेतका अधिकारी, राम भरोस साह, दीपेन्द्र गुप्ता, लोभीचन्द्र धोवी समेतको कागजबाट पुष्टि भएको देखिन्छ। यी प्रतिवादीले मौकाको बयानको स.ज. ११ मा आफू स्वयंले लागू औषधको झोला ल्याएर प्रतिवादी रामा साहको मोटरसाइकलनजिक लगी राखिदिएको भनी खुलाएको देखिन्छ भने प्रहरी नायव निरीक्षक गोकर्ण चौहानको मिति २०७९।४।२२ को प्रतिवेदनबाट समेत यी प्रतिवादी रघुनाथप्रसाद धोवीले नै रामा साहको मोटरसाइकलनजिक

लागू औषधको झोला राखेको भनी प्रतिवेदन गरेको र अदालतमा बकपत्र गरी पुनर्पुष्टि गरिदिएको र यिनै प्र.ना.नि. गोकर्ण चौहानले पिपरहियाचोकमा यही मोटरसाइकल प्रयोग गरी लागू औषध लिएर जाने हुन् भनी अन्दाजी ५० मिटर टाढाबाट लु. ३प ७७१ नं. को मोटरसाइकल देखाई दिने व्यक्ति अन्तिम चौथो नं. मा उभ्याइएका रघुनाथप्रसाद धोवी हुन् भनी सनाखत गरी यी प्रतिवादीलाई चिनाइदिएको देखिंदा यी प्रतिवादीले भारतबाट लागू औषध किनी घरमा ल्याई आफू र आफू अनुकूलको व्यक्तिको हितमा अन्य निर्दोष व्यक्तिलाई फसाउन समेतको लागि प्रयोग गरेको देखिएकोले यी प्रतिवादी रघुनाथप्रसाद धोबीले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) बमोजिमको कसूर गरेको ठहर्छ।

३७. प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) को हकमा विचार गर्दा निजउपर ऐ ऐनको दफा १७ बमोजिमको कसूर गरेको अभियोग रहेको देखिन्छ। यी प्रतिवादीले यस अदालतमा बयान गर्दा कसूरमा आफ्नो सहभागिता इन्कार गरी बयान गरेको, आफूले आफ्नो गाउँपालिका क्षेत्रमा हुने लागू औषधको अपराध नियन्त्रणमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुलाई सूचना संप्रेषण गर्ने गरेको, तर कसैको नाम किटेर वा सम्पर्क नम्बर तोकेर खबर (सूचना) दिएको छैन, सहप्रतिवादी रामा गुप्ताभन्ने रामा साहसँग लेनदेन, कारोबार, रीसइबी केही छैन भन्ने समेत बेहोरा खुलाएको देखिन्छ। तर यी प्रतिवादी र अर्का प्रतिवादी रामा साहबीच कारोबार रहेको भनी सहप्रतिवादीहरु रघुनाथप्रसाद धोवी, रामा साह तथा घटना विवरण कागज गर्ने रामभरोस साह, दीपक गुप्ता, लोभीचन्द्र धोवी, प्रहरी उपरीक्षक ऋषिराम कडेल समेतले खुलाइदिएको मिसिलबाट देखिन्छ। मलाई बैजुप्रसाद गुप्ताले दिनुपर्ने रकम माग गर्दा लागू औषध मुद्दामा फसाई दिने धम्की दिएका थिए भनी सहप्रतिवादी रामा साहले मौकामा र अदालतमा बयान गर्दा नै खुलाएको समेत देखिन्छ। यी प्रतिवादी बैजुप्रसादले वारदातको दिन प्रतिवादी रघुनाथप्रसाद धोवीलाई बीस पटक सम्पर्क गरेको र त्यसलाई निजले कार्यालयको कामले सम्पर्क गरेको भनी उल्लेख गरेको देखिन्छ तापनि सो कुरा रघुनाथ धोबीले गरेको तयारी र कार्यको समयमा समेत भएको र कार्यालय समयपछि भएको सम्पर्कलाई स्वाभाविकै हो भनी मान्न मिल्ने देखिएन। यी प्रतिवादीको मोबाइल र सहप्रतिवादी रघुनाथ धोवीको मोबाइलको कल डिटेल्स हेर्दा निजहरुबीच सम्पर्क भएको समय प्रहरी उपरीक्षक तथा सशस्त्र प्रहरी उपरीक्षकसँग सम्पर्क भएको समयमा खासै अन्तर देखिंदैन। यी प्रतिवादीले जिल्लास्थित प्रहरी प्रमुख र सशस्त्र प्रहरी प्रमुखलाई दिएको सूचना नै शङ्कास्पद रहेको भनी सुरक्षा प्रमुखहरुको प्रतिवेदनबाट नै यी प्रतिवादी समेतउपर अनुसन्धान प्रारम्भ भएको देखिन्छ। आफूले जिल्लाका सुरक्षा निकायका प्रमुखसँग संप्रेषण गरेको सूचनाको आधारमा खटिएका इलाका प्रहरी कार्यालय, अमानीगञ्जका प्रमुख प्र.ना.नि. जीवनकुमार आचार्यलाई यी प्रतिवादीले तपाईंले एस.पी. साहेबलाई खबर गर्नुभएछ, यो तपाईंको एरियामा पर्दैन, तपाई जानुस् भनी गरेको व्यवहार पनि स्वाभाविक देखिंदैन। जुन बेहोरा प्रहरी नायव निरीक्षक जीवनकुमार आचार्यको प्रतिवेदनबाट देखिन्छ। साथै यी प्रतिवादीकै प्रत्यक्ष मातहतको

सहप्रतिवादी रघुनाथ धोवीको मौकाको बयानबाट यी प्रतिवादीले सहप्रतिवादी रामा साहलाई फसाउनकै लागि रघुनाथले कार्य गरेको र सो कार्यमा निजहरुबाट प्राप्त सूचना नै यी प्रतिवादीले जिल्ला प्रहरी प्रमुख समेतलाई संप्रेषण गरी प्रहरी सक्रियता बढाउन लगाएको अवस्था मिसिलबाट देखिन्छ। यी प्रतिवादीले मिति २०७९।३।२१ मा नै जिल्ला प्रहरी प्रमुखलाई दिएको सूचनाअनुसार प्रहरी खटिएकोमा यी प्रतिवादीले पुनः आज नहुने/नआउने भयो भनी सूचना गर्नु र मिति २०७९।३।२२ मा पुनः सूचना गर्दा निजका सहयोगी रघुनाथ धोवी समेतले कार्य सम्पन्न गर्नू संयोग मात्र रहेको भनी मान्न सकिएन। यी प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) ले जिल्ला प्रहरी प्रमुखलाई फोन गरी मोटरसाइकलमा लागू औषध (ड्रग्स) आउँदै छ, मोटरसाइकल परिवर्तन गर्न सक्छन् टोलीलाई पिपरहियाचोकमा नै प्रहरी खटाइदिन भनी पटक पटक भनेकोले माग गरेअनुसार नै आफूले पिपरहियाचोकमा प्रहरीको टोली खटाएको भन्ने प्रहरी उपरीक्षक ऋषिराम कडेलको प्रतिवेदन र अदालतको बकपत्रबाट समेत देखिन्छ। साथै मैले निज बैजुप्रसाद गुप्तालाई खटिएको टोली कमाण्डरलाई सिधै सम्पर्क गर्नुस् भन्दा म पालिका प्रमुख पनि हो र स्थानीय पनि हो, पहिचान गोप्य राख्न तपाईंले नै मैले दिएको लोकेसन रिले गरिदिनुस् भनी भनेकोले निज बैजुप्रसाद गुप्ताले दिएको लोकेसन र विवरण फिल्डमा खटिएको कमाण्डरलाई रिले गरेको हुँ भन्ने समेत यिनै प्रहरी उपरीक्षकको बकपत्रबाट देखिन्छ भने बेलुका ६:०० बजेसम्म कुरेर बस्दा लागू औषध ल्याउने मान्छे नआएको र पुनः ७:३० बजे एस.पि. साहेबले दिएको सूचनाअनुसार रामग्राम-१७ पिपरहियामा म र प्रहरी हवल्दार पृथ थापा खटिरहेको अवस्थामा राति अन्दाजी ८:०० देखि ९:०० को बीचमा प्रतिवादी रघुनाथप्रसाद धोवीले म पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ताको मान्छे हुँ, एस.पी. साहेबलाई सूचना दिने मान्छे हामी हौं भनी आफूलाई भनेको र यी लागू औषध ल्याउन प्रयोग गरिएको गाडी र मानिसको हुलिया समेतको जानकारी दिने व्यक्ति रघुनाथप्रसाद धोवी हो भनी प्र.ना.नि. गोकर्ण चौहानले यस अदालतसमक्ष गरेको बकपत्र तथा सनाखती कागजबाट देखिन्छ। उल्लिखित विवेचनाबाट प्रतिवादी बैजुप्रसाद गुप्ताले लागू औषध (नियन्त्रण) ऐन,२०३३ अन्तर्गत सजाय हुने अपराध गर्न दुरुत्साहन र षडयन्त्र गरी ऐनको दफा १७ बमोजिमको कसूर गरेकै ठहर्छ।

**३८.** प्रतिवादीहरु रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानको हकमा विचार गर्दा अदालतमा निजहरुले बयान गर्दा आफ्नो साथबाट लागू औषध बरामद भएको होइन भनी कसूर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ तर बरामद भएको समयमा उठाइएको बरामदी मुचुल्काको रोहबरमा निजहरुको सहीछाप रहेको देखिन्छ। मिसिलसंलग्न प्रहरी नायब निरीक्षक गोकर्ण चौहानको मिति २०७९।४।२२ को प्रतिवेदनले यी प्रतिवादीको मोटरसाइकलनजिकै लागू औषधको झोला सहप्रतिवादी रघुनाथ धोवीले राखेको आफूहरुले २०० मिटर परैबाट देखेको भनी उल्लेख भएको र प्रहरी हवल्दार पृथबहादुर थापाले पुनः

साँझ १९:०० बजेको समयमा लागू औषध आउँदैछ, तुरून्तै टोली लिई जानु भनी कार्यालय प्रमुखज्यूबाट पुनः निर्देशन भएको छ, जाउँ भनी प्र.ना.नि गोकर्ण चौहानज्यूले भनेपछि निजको कमाण्डमा जिल्ला नवलपरासी, रामग्राम नगरपालिका वडा नं. १७ पिपरहियाभन्ने स्थानमा हामीहरू पुगेपछि निज प्र.ना.नि. ले अन्दाजी १९:३० बजेको समयमा लु. ३प ७७१ नं. को मोटरसाइकल देखाई यही मोटरसाइकल हो, निगरानी गरौं भनेपछि हामीहरू अन्दाजी २०० मिटर टाढाबाट सो मोटरसाइकललाई हेर्दै बस्यौं। साँझ अन्दाजी ०८ बजेको समयमा रामा साह र जितेन्द्र पासवान आई लु. ३प ७७१ को मोटरसाइकल रामा साहले चलाई पछाडि जितेन्द्र पासवान बसी जानलागेको अवस्थामा नजिकै गई हेर्दा मोटरसाइकलनजिकै पहेंलो झोला रहेको देखेको हुँ भनी बकपत्र गरिदिएको समेत देखिन्छ। प्रस्तुत मुद्दा निरपेक्ष दायित्व (Strict liability) अन्तर्गतको मुद्दा भएको र कुनै कानूनले निषेध गरेको वस्तु साथमा रहनु मात्र पनि अपराध (Possessary Crime) हुन्छ। साथमा रहनु र नजिकै रहनु एउटै कुरा होइन। साथमा रहँदाको अवस्थाले सिर्जना गर्ने परिणाम नजिकै रहँदाको अवस्थामा नहुन पनि सक्दछ। लागू औषध रहेको पहेंलो रङको झोला यी प्रतिवादीहरुको मोटरसाइकलनजिकै अर्कै व्यक्तिले राखिदिएको देखेकोभन्ने मिसिलसंलग्न प्रहरी कर्मचारीकै प्रतिवेदन र बकपत्रबाट देखिन्छ भने उक्त स्थानबाट बरामद भएको लागू औषध २/२ एम.एल. को NOOPHIN, DIAZAPAM PHENARGAN ९०/९० थान मैले भारतबाट खरिद गरी ल्याई मोटरसाइकलमा लगी राखी दएको हुँ। उक्त लागू औषधको वारदातमा प्रतिवादी रामा गुप्ता र जितेन्द्र पासवानको कुनै संलग्नता छैन भनी प्रतिवादी रघुनाथप्रसाद धोवीले मौकामा गरेको बयानबाट पनि देखिन्छ। मुद्दाको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरुले नै यी प्रतिवादीहरुउपर सहप्रतिवादी बैजुप्रसादले अर्का सहप्रतिवादी रघुनाथ धोवी समेतको प्रयोग गरी कबाडीको सामान हेर्ने भनी बोलाई लागू औषध मुद्दामा फसाएको भन्ने समेत प्रतिवेदन गरेबाट कुनै अपराधिक मनसायले यी प्रतिवादीहरु रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानले लागू औषध ओसार पसार गरेको भन्ने वस्तुनिष्ठ अवस्था देखिएन। बरामदी मुचुल्का समेतका बारेमा जिल्ला प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय समेतबाट प्रश्न उठाइएको अवस्था मिसिलबाट देखिन्छ। यी प्रतिवादीहरुको साथबाट बरामद भएको भनी खडा गरिएको बरामदी मुचुल्का समेत प्रहरी अधिकारीले नै शङ्कास्पद रहेको भनेबाट शङ्कास्पद प्रमाणबाट यी प्रतिवादीहरुउपरको अभियोग पुष्टि हुन सक्ने देखिएन। निजहरुउपरको अभियोग दाबी पुग्न सक्दैन। प्रतिवादीद्वय रामा साह र जितेन्द्र पासवानले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ।

**३९.** अब कसूर ठहर भएका प्रतिवादीहरु रघुनाथप्रसाद धोवी र बैजुप्रसाद गुप्तालाई निजहरुले गरेको कसूरबापत के कति सजाय हुने हो भन्नेतर्फ विचार गर्दा प्रतिवादी रघुनाथप्रसाद धोवीले ऐ. ऐनको दफा ४ को खण्ड (ङ) र (च) को कसूर गरेबापत ऐ. दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजिम दुई वर्षदेखि दश वर्षसम्म कैद र एकलाख रुपियाँदेखि बीस लाख रुपियाँसम्म जरिबाना हुने र प्रतिवादी बैजुप्रसाद गुप्तालाई ऐ. दफा १७ को कसूरबापत

ऐ. दफा १७ बमोजिम सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुने हुँदा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणको लागि छुट्टै सुनुवाई हुनुपर्ने हुँदा त्यसका लागि मिति २०८१।११।२९ गते बिहीबारको पेशी तोकी मुद्दाका पक्षहरुलाई समेत जानकारी दिई नियमानुसार गरी पेश गर्नू।

## सजाय निर्धारण

४०. यसमा प्रतिवादी रघुनाथप्रसाद धोवीले भारतबाट लागू औषध किनी घरमा ल्याई आफू र आफू अनुकूलका व्यक्तिको हितमा अन्य निर्दोष व्यक्तिलाई फसाउन समेतको लागि प्रयोग गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) र (च) को कसूर गरेको र प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) ले ऐ. ऐन अन्तर्गत सजाय हुने अपराध गर्न दुरुत्साहन र षडयन्त्र गरी ऐ. ऐनको दफा १७ बमोजिमको कसूर गरेको ठहर भएकै छ। साथै प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेको हकमा मुद्दा मुलतबीमा रहने गरी र प्रतिवादीद्वय रामा गुप्ताभन्ने रामा साह र जितेन्द्र पासवानको हकमा अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएको छ।

४१. माथि उल्लिखित कसूर गरेबापत प्रतिवादीहरुलाई हुने सजायतर्फ विचार गर्दा अभियोगपत्रमा प्रतिवादी रघुनाथप्रसाद धोवीलाई ऐ. ऐनको दफा ४ को खण्ड (ङ) र (च) को कसूरमा दफा १४ को उपदफा (१) को खण्ड (झ) बमोजम दुई वर्षदेखि दश वर्षसम्म कैद र एकलाख रुपियाँदेखि बीस लाख रुपियाँसम्म जरिबाना हुन र प्रतिवादी बैजुप्रसाद गुप्ता (दिपक) लाई ऐनको दफा १७ को कसूरमा सोही दफा १७ बमोजिम सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुन मागदाबी लिइएको छ। प्रतिवादी रघुनाथप्रसाद धोवीले २/२ एम.एल.का Noophin, Diazapam र Phenargan का ९०/९० एम्पुल लागू औषध प्लाष्टिकको झोलामा हाली लु. ३प ७७१ नं. को मोटरसाइकल नजिक राखिदिएको, आफू देखा नपरी प्रहरीमार्फत निगरानी गराई उक्त मोटरसाइकल चढीआएका प्रतिवादीद्वय रामा साह र जितेन्द्र पासवानको साथबाट पक्रिएको भन्ने देखाई कसूर गरेकोले निज प्रतिवादीलाई बरामद भएको लागू औषधको परिमाण समेतलाई विचार गरी ऐ. ऐनको दफा (१) (झ) बमोजिम दुई वर्ष कैद र चार लाख रुपियाँ जरिबाना हुने ठहर्छ। साथै यी प्रतिवादीले लागू औषधको खरिद, पैठारी गर्नमा प्रयोग भएको भारतीय नं. UP 52 s 6169 नं. को मोटरसाइकल ऐ. ऐनको दफा १८ बमोजिम जफत हुने ठहर्छ। साथै यी प्रतिवादी ०७१-cr-००४७ को लागू औषध मुद्दामा मिति २०७१।१०।२१ को फैसलाबाट दोषी (कसूरदार) ठहर भएको मिसिलबाट देखिएकोले ऐ. ऐनको दफा १६ बमोजिम यी प्रतिवादीले पटक पटक यस ऐन अन्तर्गतको कसूर गरेकोले थप एक वर्ष कैद र पचास हजार रुपियाँ जरिबाना हुने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम यी प्रतिवादीबाट निजलाई भएको

जरिबानाको चार प्रतिशतले हुने रु. १८,०००।- (अठार हजार रुपियाँ) क्षतिपूर्ति शुल्कबापत पीडित राहत कोषमा दाखिला गर्न लगाउने समेत ठहर्छ।

४२. प्रतिवादी बैजुप्रसाद गुप्ताको हकमा विचार गर्दा यी प्रतिवादीले आफ्ना साझेदार समेत रहेका रामा शाहलाई आफ्ना सहयोगी रघुनाथप्रसाद धोवी समेतलाई उपयोग गरी षडयन्त्रको तयारी गराई आफूले जिल्लास्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका प्रमुखहरुलाई लागू औषध आउँदैछ भन्ने सूचना संप्रेषण गरी तयारी गर्न लगाएको, रघुनाथप्रसाद धोवीले तयारी नसकेको थाहा पाई आज लागू औषध नआउने भयो भनी सुरक्षा प्रमुखहरुलाई सूचना दिई सोको भोलिपल्ट आउने भयो भनी सूचना संप्रेषण गरी आफू अनुकूलको अवस्था सिर्जना गराई अपराध गर्न दुरुत्साहन र षडयन्त्र गरेकोले निजलाई अपराध गरेबापत सहप्रतिवादी रघुनाथप्रसाद धोवीलाई भएको सजायको आधाले हुने एक वर्ष कैद र दुई लाख रुपियाँ जरिबाना हुने ठहर्छ। यी प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम निजलाई भएको जरिबाना रकमको चार प्रतिशतले हुने रु. ८,०००।- (आठ हजार रुपियाँ) क्षतिपूर्ति शुल्कबापत पीडित राहत कोषमा दाखिला गर्न लगाउने समेत ठहर्छ।

४३. प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले अभियोगबाट सफाई पाइसकेकोले निजले प्रयोग गरेको लु.३प ७७१ नं. को मोटरसाइकल, निजबाट बरामद भएको नगद रु. ८,७००।- (आठ हजार सात सय रुपियाँ) र दुई वटा सिम रहेको Redmi कम्पनीको मोबाइल जफत गरी पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ। अरु तपसिलबमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम प्रस्तुत मुद्दा फैसला गरिदिएको छ।

**तपसिल**

१. माथि ठहर खण्डमा;-

क) प्रतिवादी मन्टुभन्ने विवेकप्रसाद पाण्डेको हकमा प्रस्तुत मुद्दा मुलतबीमा राखी दिने ठहरेकाले निजको हकमा मुलतबी दायरीमा दर्ता गर्नू.....................................१

ख) प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले यस अदालतको आदेशानुसार निज प्रतिवादीले र. नं. ३०६४ मिति २०७९।१०।२० मा रु. ५,००,०००।- दाखिल गरेको नगद धरौटी प्रस्तुत मुद्दा अन्तिम भएपछि नियमानुसार फिर्ता दिनू...........................................................................१

ग) प्रतिवादी जितेन्द्र पासवानले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले निज प्रतिवादीले यस अदालतबाट तोकिपाएको मिति २०८०।०१।२५ गतेको तारेख गुजारी बसेको देखिंदा निजले र. नं. ३४३७ मिति २०७९।१०।२२ मा रु. राखेको धरौटी ५,००,०००।- जफत गर्नू भनी लेखा शाखामा लगत

दिनू............................................१

घ) प्रतिवादी रामा गुप्ताभन्ने रामा साहले अभियोगबाट सफाई पाउने ठहर भएकोले निजबाट बरामद भएको मोटरसाइकल, दुईवटा सिम सहितको मोबाइल र नगद रु. ८,७००।- जफत गरी पाउन मागदाबी पुग्न नसक्ने ठहरिएकोले उक्त सामान निजलाई फिर्ता दिई भरपाई लिई मिसिलसंलग्न गर्नू...............................................१

ङ) प्रतिवादी रघुनाथप्रसाद धोवीलाई तीन वर्ष कैद र चार लाख पचास हजार रुपियाँ जरिबाना हुने ठहरेकोले निज प्रतिवादी मिति २०७९।०४।२४ देखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७९।०६।२६ को आदेशले हालसम्म थुनामा रहेको देखिंदा निज प्रहरी हिरासतमा रहेको मितिदेखि नै गणना हुने गरी कैद र जरिबानाको लगत कसी प्रतिवादीको नाउँमा रीतपूर्वकको कैदी पूर्जी कारागार कार्यालय नवलपरासीमा पठाईदिनू भनी तहसिल शाखालाई लगत दिनू.............................१

च) प्रतिवादी बैजुप्रसाद गुप्तालाई एक वर्ष कैद र दुई लाख रुपियाँ जरिबाना हुने ठहरेकोले निज प्रतिवादी यस अदालतको मिति २०७९।०८।०६ को आदेशले र.नं. ३३७८ मिति २०७९।८।६ मा रु. ५,००,०००।— धरौटी बुझाई तारेखमा रहेको देखिंदा निजलाई लागेको कैद र जरिबानाको लगत कसी असूल उपर गर्न भनी तहसिल शाखालाई लगत दिनू.....................................................१

छ) अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादी रघुनाथप्रसाद धोवीबाट रु. १८,०००।- (अठार हजार रुपियाँ) र प्रतिवादी बैजुप्रसाद गुप्ताबाट रु. ८,०००।- (आठ हजार रुपियाँ) क्षतिपूर्ति शुल्कबापत पीडित राहत कोषमा दाखिला गर्न लगाउने ठहरेकोले निजहरुबाट सो रकम दाखिल गराउनु भनी तहसिल शाखामा लगत दिनू..........१

२. यस फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम ७० दिनभित्र श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरु रघुनाथप्रसाद धोवी र बैजुप्रसाद गुप्ता (दिपक) लाई पुनरावेदनको म्याद र जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीलाई फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी दिनू...........१

३. सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई

दिनू................१

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयर प्रणालीमा अपलोडगरी पीठमा जनाई मुद्दाको दायरीको लगत कट्टागरी मिसिल अभिलेख शाखामा बुझाइदिनू......................................................१

**(केशवप्रसाद अधिकारी)**
**न्यायाधीश**

फैसला तयार गर्न सहयोग पुऱ्याउने;-

इजलास अधिकृतः- दुर्गा पौड्याल

क.अ. अन्जली शाक्य (१८ महिना नाघेका मुद्दा, मुद्दा फाँट ४)

कसूर ठहर मिति :-२०८१।११।२०।३

सजाय निर्धारण मिति :-२०८१।११।२९।५

फैसला मितिः- २०८१।११।२९।५

फैसला प्रमाणिकरण मितिः- २०८१।१२।६।४ अदालतको छाप

श्री
लमजुङ जिल्ला अदालत
इजलास
माननीय जिल्ला न्यायाधीश श्री शिवप्रसाद खनाल
फैसला
मुद्दा नं. ०७७-C१-०००१
रजिष्टेशन नं.-५५-०७७-००००१
दायर मितिः २०७७।४।२
फैसला मितिः- २०७९।५।१३
मुद्दाः कैदबाट भागेको
नि.नं.९८

| वादीको नाम, थर र वतन | प्रतिवादीको नाम, थर र वतन |
|---|---|
| श्री कारागार कार्यालय लमजुङको जाहेरीले वादी नेपाल सरकार....................१<br><br>**साक्षीः-**पुष्पा तामाङ, जित बहादुर अधिकारी, प्रतिवेदक प्र.ना.उ. गंगा बहादुर थापा, जेलर विष्ण प्रसाद पौडेल, प्र.स.नि. श्रीराम श्रेष्ठ, प्र.ह. बुध बहादुर थापा, प्र.ज. ज्ञान बहादुर थापा, रमेश वि.क. र शंकर भण्डारी,<br>**कागजः-** | लमजुङ जिल्ला प्यारजुङ गा.वि.स. वडा नं. ८ हालको राईनास नगरपालिका वडा नं. १० प्यारजुङ कोकेगाउँ बस्ने बुद्धिमान परियारको छोरा लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला बमोजिम कर्तव्य ज्यान मुद्दामा २० वर्षको कैद सजाय पाई कारागार कार्यालय लमजुङमा कैदमा रहेका कैदी वर्ष ३० को दिनेश परियार भन्ने लोक बहादुर परियार......................................................१<br>**साक्षीः-**<br>**कागजः-** |
| **अदालतबाट बुझेको**<br>**साक्षीः**<br>**कागजः-** | |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ४५ ले यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. **कारागार कार्यालय लमजुङको पत्रः-**
कर्तव्य ज्यान मुद्दामा कैदी जिवन विताई रहेका दिनेश परियार मिति २०७७।३।३ गते दिउसो ४:१५ बजे देखि कारागार प्रशासनको सम्पर्कमा नभएकोले खोजि कार्य गरिदिनु हुन अनुरोध छ

भन्ने समेत बेहोराको कारागार कार्यालय लमजुङले जिल्ला प्रहरी कार्यालय लमजुङलाई लेखेको मिति २०७७।३।३ को पत्र।

२. **घटनास्थल मुचुल्काः-**

लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ८ सेरा स्थित पूर्वमा बेलयमाया गुरुङको घर, पश्चिममा डाइमण्ड हिल एकेडेमि स्कूल, उत्तरमा अमृता खत्रीको घर, दक्षिणमा राजकृष्ण पौडेलको घर यति चार किल्लाभित्र रहेको कारागार कार्यालय लमजुङको कम्पाउण्ड सहित रहेको सोही कारागारमा विगत २०६९।९।२२ देखि कर्तव्य ज्यान मुद्दामा कैद सजाय भोगी रहेका र हाल कारागारको आन्तरिक प्रशासनका चौकीदार समेत रहेका प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार मिति २०७७।३।३ गते अन्दाजी १६:१५ बजेदेखि कारागार कम्पाउण्ड भित्र नभई कारागार प्रशासनको सम्पर्कमा समेत नभई बाहिर भागी फरार रहेको भन्ने समेत व्यहोराको स्थानीयहरुले गरेको घटनास्थल मुचुल्का।

३. **प्रहरी प्रतिवेदनः-**

मिति २०७७।३।३ गते अंदाजी १६:१५ बजेको समयमा कारागार आन्तरिक प्रशासनका चौकीदार (कैदी) कर्तव्य ज्यान मुद्दामा कैद जिवन विताई रहेका कैदी दिनेश परियारलाई प्र.ना.उ. गंगा बहादुर थापाको कमाण्डमा ५० जनाको टोली खटिई विभिन्न ठाउँमा खोज तलास गर्दा कैदी दिनेश परियार लुकीछिपी भाग्दै गरेको अवस्थामा मिति २०७७।३।४ गते विहान ७:०० वजेको समयमा जिल्ला लमजुङ वेसीशहर नगरपालिका वडा नं. २ भकुण्डे स्थितमा फैला परेको हुँदा पक्राउ गरी यसै प्रतिवेदनका साथ पेश गरेका छौं। कानून बमोजिम होस भन्ने समेत वेहोराको प्र.ना.उ. गंगा बहादुर थापा समेतको प्रतिवेदन।

४. **जाहेरी दरखास्तः-**

यस कारागारमा मिति २०६९।९।२२ गतेदेखि कर्तव्य ज्यान मुद्दामा कैद सजाय भोगी रहेका कैदी दिनेश परियार भन्ने लोक बहादुर परियार विगत २०७६।२।१९ गतेदेखि चौकिदार भई कामकाज गर्दै आएका थिए, निजलाई आन्तरिक व्यवस्थापको लागि भनी कारागार प्रशासन प्रमुख जेलर विष्णु प्रसाद पौडेल र कारागार सुरक्षा प्रमुख प्र.स.नि. श्रीराम श्रेष्ठ समेतको सहमतिमा बिहान अन्दाजी ९:०० बजेको समयमा भित्रबाट बाहिर निकाली व्यवस्थापनको जिम्मेवारी बहन गर्नको लागि जिम्मा दिएका थियौं, उक्त दिन समेत बाहिर आफ्नो काम गरी बसेको र सोही क्रममा निज चौकीदार (कैदी) दिनेश परियार भन्ने लोक बहादुर परियार १६:४५ बजेको समयमा सुरक्षाकर्मीको आँखा छली के कहाँबाट कारागारको कम्पाउण्ड छोडी भागेका हुँदा जिल्ला प्रहरी कार्यालय लमजुङलाई समेत जानकारी गराई खोजतलास गर्ने क्रममा मिति २०७७।३।४ गते बिहान अन्दाजी ७:०० बजेको समयमा जिल्ला लमजुङ बेसीशहर नगरपालिका वडा नं. २ भकुण्डे स्थित मर्स्याङ्दी नदीको किनारमा फेला परेको हुँदा आवश्यक कारवाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय लमजुङले यस कारागार कार्यालयमा बुझाएको हुँदा निज कैदी दिनेस परियार भन्ने लोक बहादुर परियारलाई कारागरा ऐन, २०१९ बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत

व्यहोराको मिति २०७७।३।४ को कारागार कार्यालय लमजुङमा कार्यरत कर्मचारी पुष्पा तामाङको जाहेरी दरखास्त।

**५. प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-**

म विगत २०६९ साल पुष महिनाको २२ गते देखि कर्तव्य ज्यान मुद्दामा थुनामा परी कैद सजाय भोगीरहेको रहेको थिएँ। सोहीक्रममा २०७१ सालमा कारागारभित्रै आन्तरिक सहायकको लागि नियुक्ति भई काम गरी २०७२ सालमा सह नाइकेको रुपमा काम गरे र २०७३ सालमा नाईके भई काम गर्दै आएकोमा २०७६ साल जेष्ठ १९ मा चौकीदारको नियुक्ति पाई सामाग्री ल्याउने तथा आन्तरिक व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्दै आएको थिएँ। म चौकिदार भएपछि महिनाको २० गते वा महिनाको अन्तिम दिनमा सिदा वापतको रकम बुझ्ने गर्दथे। मलाई कारागारका कार्यालय सहयोगीले रकम बुझाउँदा मासिक रुपमा भरपाई राख्ने गर्नुहुन्थ्यो। मैले खाद्यान्न, तरकारी मासु लगायतका सामाग्री विभिन्न पसलबाट लिएको उधारो रकम रु.१,५०,०००/- जेष्ठ २५ गतेसम्म तिर्नु पर्छ भनी पसलेहरुले बताएपछि मैले उक्त रकम असार ३ गतेसम्म पैसा नपाएकोले उक्त दिन सम्पूर्ण पसलबाट फोन गरी पैसा मागेको कारण मनमा तनाव भई सोही तनावको कारण मर्न जान्छु भनी भागेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश परियारले मिति २०७७।३।१४ मा अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

**६. बुझिएका मानिसले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागजः-**

**क.** विगत ३ महिनादेखि म कारागार सुरक्षा गार्ड प्रमुखको रुपमा कार्यरत रही कामकाज गर्दै आएको छु। यस कारागारका चौकीदार कर्तव्य ज्यान मुद्दामा सजाय भोगी रहेका कैदी दिनेश परियार भन्ने लोक बहादुर परियारलाई अन्दाजी १६ः३० बजेतिर अब भित्र राख्नु भन्यो भनी खोजतलास गर्दा निज कारागार कम्पाउण्ड एरियामा फेला नपरेकोले सो समयमा कारागारको सुरक्षार्थ दिउँसो २ः०० बजेदेखि साँझ ६ः०० बजे सम्म मुलगेट मा प्र.ज. बुध बहादुर थापा २ नं पोष्ट बुर्जामा प्र ज ज्ञान बहादुर थापा र ३ नं. पोष्ट बुर्जामा प्र ज सन्जु परियारको डिउटी रहेकालाई सोधपुछ गर्दा निज कैदी दिनेश परियार भन्ने लोक बहादुर परियार भागेको जानकारी पाई तत्काल मैले कारागार प्रशासन र जिल्ला प्रहरी कार्यालय लमजुङ समेतलाई जानकारी गराई खोज तलास गरेको हुँ, प्रतिवादी दिनेश परियारले महिला थुनुवा कैदीहरुको समस्या पर्दा आफू माथि बुर्जामा गई सम्वाद गर्ने, पेरिमिटर वरपर घुमफिर गर्ने, थुनुवा कैदीहरुलाई समस्या पर्दा तत्कालै कारागार प्रशासनलाई जानकारी गराउने र कारागार प्रशासन र सुरक्षा गार्डसँग समन्वयका लागि आवात जावत र हिँडडुल गर्ने गर्दथे। चोकीदार बसेका, भित्र बाहिर हिँडडुल गर्न पाउने सुविधा समेत पाएको व्यक्ति सबैले विश्वास गरेको निज चौकिदार यसरी भागेर जालान भन्ने हामीहरुले सोचेका थिएनौ। खोज तलास गर्नेक्रममा मिति २०७७।३।४ गते विहान निजलाई जिल्ला प्रहरी कार्यालय लमजुङबाट खटिएको प्रहरी टोलीले लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं.२ स्थित भकुण्डे तल मर्स्याङ्दी नदी किनारामा फेला पारेर पक्राउ गरी हाल यसै कारागार कार्यालय लमजूङमा ल्याई बुझाई राखिएको छ। प्रतिवादीको

मनमा के कुन कुरा सोची आफूले भुक्तान गर्नु पर्ने बाँकी सजायबाट उम्कनको लागि भागेको हुनु पर्दछ भन्ने समेत व्यहोराको प्र.स.नि. श्रीराम श्रेष्ठले दिएको घटना विवरण कागज।

**ख.** मिति २०७७।३।३ गते अन्दाजी १७:०० बजेको समयमा कारागार सुरक्षागार्ड डियुटी गर्ने प्रहरीहरुले कारागारको चौकीदारलाई देख्नु भयो भएन भनी सोधपुछ गरी खोजतलास गर्दै हिड्नुभएको हुँदा प्रतिवादी दिनेश परियार कैदी भागेको भन्ने जानकारी पाएको हुँ। प्रहरीले फरार प्रतिवादीलाई खोजतलास गर्दै जाँदा मिति २०७७।३।४ गते बेसीशहर नगरपालिका वडा नं. २ स्थित भकुण्डे भन्ने ठाउँको मर्स्याङ्दी नदीको किनारामा फेला पारी ल्याएको जानकारी छ। निज फरार प्रतिवादी चौकीदार बसी बजारतिर सामान लिन जाने आउने गर्ने हुँदा निजले बजारमा पैसा तिर्न छ भन्ने समेत सुनेको छु निज कैदीले आफूले बजारमा तिर्न भएको पैसा नतिर्नको लागि र बाँकी कैद सजायबाट उम्कनको लागि कारागारबाट सुरक्षाकर्मीको आखा छलि भागेको कुरामा मलाई विश्वास लाग्दछ भनी सुजन श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**७. अभियोग मागदावीः-**

प्रतिवादी कैदी दिनेश परियार भन्ने लोक बहादुर परियार लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला बमोजिम कर्तव्य ज्यान मुद्दामा मिति २०६९।९।२२ गतेदेखि २० वर्षको कैद सजाय पाई कारागार कार्यालय लमजुङको कैदमा रहेको अवस्थामा मिति २०७७।३।३ गते दिनको १६:४५ बजे कारागार कार्यालय लमजुङबाट भागी भोलिपल्ट मिति २०७७।३।४ गते बिहान ७:०० बजे लमजुङ स्थित भकुण्डेबाट पक्राउ परेको देखिदा निजको उक्त कार्य कारागार ऐन, २०१९ को दफा २४ (३) बमोजिम कसूर गरेको देखिँदा निजलाई ऐ. ऐनको सोही दफा अनुसार सजाय हुन अभियोग माग दावी लिई पेश भएको वादी नेपाल सरकारको मिति २०७७।४।२ को अभियोग पत्र।

**८. प्रतिवादीले अदालत समक्ष गरेको बयानः-**

म विगत २०६९ साल पुष महिनाको २२ गतेदेखि कर्तव्य ज्यान मुद्दामा पक्राउ परि मिति २०६९।१२।१५ गतेको फैसला बमोजिम कैद भुक्तानको लागि कारागार कार्यालय लमजुङमा बसीरहेको छु। सोही अनुसार २०७३ सालदेखि सह नाइके र पछि नाइके भई २०७६ सालबाट चौकीदारको रुपमा रहि आएको छु। चौकीदारको नियुक्ति पाई कैदिहरुको सामाग्री ल्याउने तथा आन्तरिक व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्दै आएको थिएँ। म चौकीदार भएपछि महिनाको २० गते वा महिनाको अन्तिम भएपछि सिदा वापतको रकम बुझ्ने गर्दथे। मैले खाद्यान्न, तरकारी मासु लगायतका कैदीहरुको रासन सामाग्री विभिन्न पसलबाट उद्यारो लिएकोमा सो बापतको रकम जेष्ठ २५ गतेसम्म तिर्नुपर्छ भनी पसलेहरुले बताएपछि मैले उक्त रकम असार ३ गतेसम्म तिर्नेभनी भाखा राखी कुरा मिलाउँदै आएको थिएँ। मैले जेलर र लेखापाललाई पटक पटक भन्दा लेखापालले जेलरलाई देखाउने र जेलरले लेखापालको काम हो भनी देखाउने र मलाई धम्काउने जस्तो कार्य गर्नुहुन्थ्यो। मैले असार ३ गतेसम्म पैसा नपाएकोले उक्त दिन सम्पूर्ण पसलहरुबाट फोन गरी पटक पटक पैसा मागेको कारण मनमा अस्थिरता र तनाव उत्पन्न भई दिमाखले काम नगरेको

हुँदा भई सोही तनावको कारण कारागारबाट हिँडेको हुँ। जानी जानी भागेको हैन। कारागारबाट भाग्ने मेरो नियत हैन। मानसिक तनावको कारणले म हिडेको हुँ, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारले अदालत समक्ष गरेको बयान।

**९. थुनछेक आदेशः-**

प्रस्तुत मुद्दामा प्रतिवादी उपर कैदबाट भागेको भनी अभियोगपत्र दायर भएको अवस्था छ। कारागार ऐन, २०१९ को दफा २४ (३) मा "कैद म्याद ठेकिएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेकोमा उक्त कसूरमा सजाय ठहर भएको खण्डमा प्रतिवादीलाई तीन वर्ष भन्दा बढी नै कैदको सजाय हुन सक्ने अवस्था देखिएको र हाल यि प्रतिवादी कर्तव्य ज्यान मुद्दामा सजाय पाई कैद भोगिरहेको व्यक्ति समेत भएको हुँदा माथि विवेचित मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादीले अभियोग दावी अनुसारको कसूर गरेको हो भन्न सकिने मनासिव आधार विद्यमान भएकाले निज प्रतिवादीको हकमा थुनछेकको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) र (२) आकर्षित हुने अवस्था देखियो। अतः पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) बमोजिम मुद्दाको पूर्पक्ष गर्ने प्रयोजनार्थ रितपूर्वक थुनुवा पुर्जी दिई कारागार कार्यालय, लमजुङमा पठाउनु साथै प्रस्तु मुद्दामा प्रतिवादी चुक्ता भैसकेको देखिदा जाहेरवाला लगायत वादी पक्षका साक्षी जिल्ला सरकारी वकिल कार्यालय मार्फत झिकाई बकपत्रको कार्य सम्पन्न भएपछि नियमानुसार पेश गर्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिमि यो आदेश पर्चा गरि दिएको छ भन्ने समेत व्यहोराको मिति २०७७।४।४ को आदेश।

**१०. आदेशः-**

यसमा पूर्वाआदेशानुसार अभियोगपत्रको प्रमाण खण्डमा उल्लेखित जाहेरवाला घटना विवरणमा कागज गर्ने समेतका वादी नेपाल सरकारका साक्षीहरु बकपत्रको लागि उपस्थित भएको नदेखिदा निजहरुलाई जिल्ला सरकारी वकिल कार्यालय लमजुङ मार्फत यस अदालतमा बकपत्रका लागि उपस्थित गराईदिनु भनी दिन किटान गरी कारागार कार्यालय लमजुङमा लेखी पठाइ बकपत्र गरी नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७७।१०।६ र मिति २०७८।१।२७ को आदेश।

**११. वादीका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** जाहेरी व्यहोरा र सहिछाप मेरो हो। प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला बमोजिम कर्तव्य ज्यान मुद्दामा २० वर्षको कैद सजाय पाई कारागार कार्यालय लमजुङमा कैदमा रहेका थिए। यस्तैमा निज प्रतिवादी चौकिदार भएपछि मिति २०७७।३।३ गते अन्दाजी १६:४५ बजेको समयमा कारागार परिसरबाट भागेको र खोजतलास गर्दा मिति २०७७।३।४ गते बिहान ७:०० वजे लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं.२ भुकण्डे स्थित मर्स्याङ्दी नदीको किनारामा

फेला परेका हुन्। प्रतिवादी उक्त समयमा निकै तनावमा देखिन्थे तर उनको भाग्नु मनसाय थियो थिएन थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला पुष्पा तामाङको जाहेरी व्यहोरा।

**ख.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला बमोजिम कर्तव्य ज्यान मुद्दामा २० वर्षको कैद सजाय पाई कारागार कार्यालय लमजुङमा कैदमा रहेका थिए र म पनि विगत ४ वर्ष देखि सोही कारागारमा कर्तव्य ज्यान मुद्दामा कैदी जीवन बिताईरहेको छु। निज प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार कारागारमा रहँदा लेनदेनको कुराले तनावमा देखिन्थे। यस्तैमा मिति २०७७।३।३ गते निज कारागारको कम्पाउण्डमा छाता लिई यताउती गरेका थिएँ। निजलाई मिति २०७७।३।४ गते बिहान प्रहरीले खोजतलास गर्दा बेसीशहर न पा वडा नं २ भकुण्डे स्थित मर्स्याङ्दी नदीको किनारामा फेला पारेर कारागारमा ल्याएका हुन्। प्रतिवादी उक्त समयमा निकै तनावमा देखिन्थे तर उनको भाग्ने मनसाय हो जस्तो मलाई लाग्दैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने जित बहादुर अधिकारीले अदालत समक्ष गरेको बकपत्र।

**१२. आदेशः-**

यसमा प्रस्तुत मुद्दाका अनुसन्धान अधिकारी तथा कारागार कार्यालय लमजुङको जेलर विष्णु प्रसाद पौडेल घटना विवरण कागज गरिने कारागार सुरक्षा गार्ड, लमजुङका प्रहरी सहायक निरीक्षक श्रीराम श्रेष्ठ, प्र.ज. बुध बहादुर थापा मगर, सञ्जु परियार, ज्ञान बहादुर थापा, कारागार कार्यालय लमजुङका लेखापाल रमेश वि.क., शंकर भण्डारीका साथै प्रहरी प्रतिवेदकहरु प्र.ना.उ गंगा बहादुर थापा समेतलाई बुझ्नुपर्ने देखिएको हुँदा निजहरुलाई बकपत्रको लागि जिल्ला सरकारी वकिल कार्यालय, लमजुङ मार्फत उपस्थित गराइदिनु भनी मिति किटान गरी जिल्ला कारागार कार्यालय लमजुङमा लेखी पठाइ बकपत्र भएपछ वा समयावधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७८।६।१७ को आदेश।

**१३. वादीका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** म समेतको टोलीले मिति २०७७।३।४ मा जिल्ला प्रहरी कार्यालय लमजुङमा दिएको प्रतिवेदन पढीवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो।मिति २०७७।३।३ गते अन्दाजी १६:१५ को समयमा कारागार आन्तरिक प्रशासनका चौकीदार (कैदी) कर्तव्य ज्यान मुद्दामा कैद जिवन विताईरहेका दिनेश परियार भन्ने लोक बहादुर परियार कारागार प्रशासनको सम्पर्कमा नभएकोले खोजी कार्य गरि दिनुहुन अनुरोध भन्ने कारागार कार्यालय लमजुङको मिति २०७७।३।३ गतेको पत्रानुसार तत्काल यस कार्यालयबाट म समेतको कमाण्डमा ५० जनाको टोली खटि गई विभिन्न ठाउँहरुमा टोली बनाई खोज तलास गर्ने क्रममा निज कैदी दिनेश परियार लुकिछिपि भाग्दै गरेको अवस्थामा मिति २०७७।३।४ गते विहान अन्दाजी ७:०० बजेको समयमा लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं.२ स्थित भकुण्डे भन्ने ठाउँमा फेला पारेको हुँदा निजलाई भाग्न उम्कन नपाउने गरी सुरक्षा

व्यवस्था मिलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि म समेतको टोलीले दाखिला गरेका हौं भन्ने समेत व्यहोराको प्रस्तुत मुद्दाका प्रतिवेदक प्र.ना.उ गंगा बहादुर थापाले अदालत समक्ष गरेको बकपत्र।

**ख.** मिति २०७७।३।३ गते जिल्ला प्रहरी कार्यालय लमजुङमा पठाएको प्रेसित पत्र पढिवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको व्यहोरा र सहिछाप मेरै हो। प्रतिवादी दिनेश परियार कारागार प्रशासनको सम्पर्कमा नभएको हुँदा निज प्रतिवादीलाई खोजी गरीदिनुहुन भनी जिल्ला प्रहरी कार्यालयलाई उक्त पत्र पठाएको थिएँ। प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार २०७६ साल जेष्ठ महिनामा चौकीदार पदमा काम गर्ने गरि खटिएका थिएँ। चौकिदारी पदमा हैसियतले बन्दी गृह परिसर बाहिर कारागार परिसर भित्रै सुरक्षाकर्मीको निगरानीमा बस्न पाउने अत्यावश्यक वस्तुहरु प्रहरीको साथ लागि बाहिर नजिकै किनमेल गर्न जान आउन पाउने सुविधा पाएका थिएँ। उक्त दिन सुरक्षाकर्मकीको आँखा छली कारागार परिसरबाट भागेको थाहा लागि खोजबिनको लागि प्रहरी कार्यालयलाई पत्राचार गरेको थिएँ। भोलिपल्ट प्रहरी प्रतिवेदन साथ निज प्रतिवादी कारागार कार्यालयमा दाखिला भए। त्यसपछि मैले प्रचलित कानून बमोजिम अभियोग पेश गरेको हुँ। प्रतिवादी दिनेश भन्ने लोक बहादुर परियारलाई सिधा वापतको रकम नियमित रुपमा निकासा गर्दै आएको हो। मिति २०७७ जेष्ठ महिनाको सिधा रकम निकासा गर्ने सन्दर्भमा विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड-१९ को लकडाउन र त्यसै महिनाको अन्त्य तिर कार्यालयमा आर्थिक प्रशासन शाखाको समेत काम गर्ने गरी कोष तथालेखा नियन्त्रक कार्यालयबाट जिल्ला प्रशासन कार्यालयका लेखापाल रमेश वि.क.लाई थप जिम्मेवारी दिईएको र दुवै कार्यालयको जिम्मेवारी बहन गर्ने सिलसिलामा निकासा दिन केही दिन ढिला भएको हो। निज प्रतिवादीको सिधा रकम ढिलो प्राप्त भएको भन्ने व्यहोरा भाग्नको लागि निहुँ मात्र हो निजको भाग्ने नियत नै हो भन्ने समेत व्यहोराको प्रस्तुत मुद्दाका प्रतिवेदक जेलर विष्णु प्रसाद पौडेलले अदालत समक्ष गरेको बकपत्र।

**ग.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज पढिवाँची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो।प्रतिवादी दिनेश भन्ने लोक बहादुर परियारले आर्थिक व्यवहारको कारण खुलाई आफूलाई तनाव भएकोले पसलमा पैसाको हिसाब गर्न जाउँ भनेकाले मैले जेलर सरलाई फोनबाट जानकारी गराई जेलर सरको आदेशबाट म समेत तीन जनाको टोलीले निजलाई पसलमा लिएर गएको हो। पसलबाट ल्याउनु पर्ने सामान र हिसाब समेत गरि निज प्रतिवादीलाई लिएर हामी कारागार कार्यालय फर्केका हौं। त्यसपछि निज प्रतिवादीलाई हाम्रो मुलगेटको ड्युटिको प्रत्यक्ष निगरानीमा निज प्रतिवादीलाई छाडेको हो। त्यसपश्चात अन्दाजी ४:३० बजको समयमा निजलाई भित्र राख्न पऱ्यो भनी खोजी गर्दा नभेटिएपछि कारागार प्रशासन र जिल्ला प्रहरी कार्यालयलाई खबर गरेका हौं भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने प्र.स.नि. श्रीराम श्रेष्ठले अदालत समक्ष गरेको बकपत्र।

**घ.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज पढिवाँची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। प्रतिवादी दिनेश भन्ने लोक बहादुर परियार बिहान खाना

खाएपछि कारागार भित्रबाट बाहिर निस्कने साँझ ५ बजे भित्र जाने आन्तरिक व्यवस्था थियो। निज चौकिदार भएकोले कैदिबन्दीको लागि पानीको पाइप जोड्न जाने, ट्वाइलेटमा जाने आउने गर्ने हुँदा सो अवस्थामा हामीहरुले निजको विश्वास गरेका थियौ। निज उक्त दिन पछि ट्वाइलेटबाट निश्किएर हाम्रो व्यारेक अगाडी उभिएका थिए। म भित्रका कैदिवन्दीहरुको अवस्था हेर्न गेटतिर आएको थिएँ। केही समय पछाडि निज कता गएछन् भनी सोधखोज गर्दा फेला नपरेपछि सोको जानकारी माथिल्लो निकायमा गराएका हौं। प्रतिवादी भागेपछि खोजतलास गर्नेक्रममा मिति २०७७।३।४ गते बिहान ७:०० बजेको समयमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले मर्स्याङ्दी नदी किनारामा फेला पारेर पक्राउ गरेको हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने प्र.ह. बुध बहादुर थापाले अदालत समक्ष गरेको बकपत्र।

**ङ.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज पढिवाँची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। मिति २०७७।३।३ गते दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म मेरो २ नं. पोष्टमा ड्युटि परेको थियो। उक्त दिन दिउँसो करिब २:१५ बजेको समयमा चौकिदार (कैदी) दिनेश भन्ने लोक बहादुर परियारलाई ३ नं. पोष्टमा गएको देखेको थिएँ। त्यसको केही समयमा २:४० बजेतिर कैदी पुनः फोहोर फाल्न मैले ड्युटि गर्ने पोष्टदेखि तलपट्टि आउँदै गर्दा सोको जानकारी मलाई प्र ज बुध बहादुर थापा मगरले ड्युटि गरेको मेन गेटबाट गराएका थिए। फोहोर फालेपछि निज प्रतिवादीलाई मैले अगाडी गेट तर्फ नै पठाई दिएको हुँ। सो पछि निज धारातर्फ गएको देखेको थिएँ। म ड्युटिमा रहेको अवस्थामा साँझ करिब १६:५ बजेको समयमा निज प्रतिवादी मेरो पोष्टमा आएको छ, छैन भनी प्र स नि श्रीराम श्रेष्ठले मलाई बोलाई सोधपुछ गरेको र अन्य पोष्टमा समेत सोधपुछ गर्दा फेला नपरेपछि निज प्रतिवादी कारागारबाट फरार भएको भन्ने थाहा पाएको हुँ। खोजतलास गर्नेक्रममा मिति २०७७।३।४ गते बिहान निजलाई जिल्ला प्रहरी कार्यालय लमजुङबाट खटिएको प्रहरी टोलीले मर्स्याङ्दी नदि किनारामा फेला पारेर पक्राउ गरेको हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने प्र ज ज्ञान बहादुर थापाले अदालत समक्ष गरेको बकपत्र।

**च.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज पढिवाँची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो।म कारागार कार्यालय लमजुङमा सह लेखापाल भई मिति २०७३।११।५ गतेदेखि कार्यरत रही हाल बढुवा भएर मिति २०७७।१।२४ देखि जिल्ला प्रशासन कार्यालय लमजूऽमा कार्यरत रहेको छु। म जिल्ला प्रशासन कार्यालय लमजुङमा कार्यरत हुँदा २०७७ साल जेठ महिनाको ३० गतेदेखि असार २ गतेसम्म प्रसुति स्याहार विदामा रहेको साथै अपुग सिदा रकम समेत तस्रो चौमासिक समयमा नै निकासा समेत नआएकोले सिदा रकम निकाल्न सकिएको थिएन। मिति २०७७।३।३ गते म जिल्ला प्रशासन कार्यालय लमजुङमा रहेको अवस्थामा कारागारका चौकिदार प्रतिवादी दिनेश भन्ने लोक बहादुर परियार साँझपख कारागारबाट भागी फरार भएकोमा निजलाई भोलिपल्ट बिहान प्रहरीले फेला पारी पक्राउ गरेका रहेछन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने रमेश वि.क. ले अदालत समक्ष गरेको बकपत्र।

**छ.** अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज पढिबाँची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। प्रतिवादी दिनेश परियार चौकिदार को पदमा रहेका थिए भने म नाइके भई कारागार प्रशासनका काम गरेको थिएँ। प्रतिवादी दिनेश परियारसँग कारागारमा रहदा बस्दाको अवस्थामा निजले आफूलाई कुनै किसिमको तनाव भएको भनी हामीहरुलाई जानकारी गराएका थिएनन्। निज प्रतिवादी आफैमा जिम्मेवार पाएको मान्छे भएकोले जिम्मेवार अनुसार काम गरेका छन् भन्ने विश्वास गरेका थियौं। प्रतिवादी दिनेश परियार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कारागार कम्पाउण्ड भित्र बस्ने र त्यो पछिको समयमा कारागार भित्र प्रवेश गर्दथे। निज कुनै कामले बाहिर जानु पर्दा सुरक्षाकर्मी सहित जान्थे। मिति २०७७।३।३ गते निजलाई कारागार बाहिर कम्पाउण्ड भित्र प्रहरीको पोष्ट अगाडि यताउता गरेको देखेको थिए। उक्त दिन करिब ४:३० बजेको समयमा निज प्रतिवादी भागि फरार भए भन्ने हल्ला सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने शंकर भण्डारीले अदालत समक्ष गरेको बकपत्र।

**१४. आदेशः-**

प्रस्तुत मुद्दामा वादी पक्षको हकमा जिल्ला सरकारी वकिल कार्यालय, लमजुङ र प्रतिवादीका हकमा प्रतिवादीका कानून व्यवसायीबाट लिखित बहस नोट पेश गर्न १० दिनको समय दिई लिखित बहसनोट पेश गर्ने जानकारी दुवै पक्षलाई गराई नियमानूसार पेश गर्नू भन्ने समेत व्यहोराको २०७९।४।१७ को आदेशः-

**१५.** यस अदालतको आदेशानुसार वादी तथा प्रतिवादी पक्षका तर्फबाट लिखित बहस नोट पेश भई मिसिल सामेल रहेको।

## ठहर खण्डः-

**१६.** नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री राजकुमार श्रेष्ठले प्रतिवादी उपरको किटानी जाहेरी, घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीले आफू कारागारबाट भागेको स्वीकार गरी कसूरमा सावित रही अधिकार प्राप्त अधिकारी समक्ष र अदालत समक्ष गरेको बयान समेतका आधारबाट प्रतिवादीले प्रहरी तथा कारागारक कर्मचारीको आँखा छली कैदबाट उम्कने बदनियतपूर्ण योजना बनाई कैदबाट भागी कानून विपरीतको कार्य गरेको हुँदा निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनै फैसला होस् भनी गर्नु भएको बहस सुनियो।

**१७.** त्यसैगरी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता हरी बहादुर रानाभाटले प्रतिवादीले आफूले बदनियतपूर्ण तरिकाबाट भागेको नभई पसलमा तिर्नुपर्ने रकम कारागार प्रशासनबाट उपलव्ध नभएको मानसिक तनाबमा रही उक्त तनाब सहन गर्न नसकी मृत्यु वरण गर्न भनी कैदबाट निस्केको कुरा निज प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको बयान एवं अदालतमा भएको बयान समेतबाट खुलेको हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाई हुने फैसला होस् भनी गर्नु भएको बहस सुनियो।

१८. उल्लिखित बहस सुनी मिसिल समेत अध्ययन गरी हेर्दा, प्रतिवादीले अभियोग दावी बमोजिमको कसुर गरेका हुन् वा होइनन् ? प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय हुनु पर्ने हो वा होइन् भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१९. निर्णयतर्फ विचार गर्दा, वादी नेपाल सरकारले अभियोगपत्रमा प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ गतेको फैसला बमोजिम कर्तव्य ज्यान मुद्दामा मिति २०६९।९।२२ गतेदेखि २० वर्षको कैद सजाय पाई कारागार कार्यालय लमजुङको कैदमा रहेको अवस्थामा मिति २०७७।३।३ गते दिनको १६:४५ बजे कारागार कार्यालय लमजुङबाट भागी भोलिपल्ट मिति २०७७।३।४ गते विहान ७:०० बजे लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १ भकुण्डे स्थितबाट पक्राउ परेको देखिदा निजको उक्त कार्य कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) बमोजिमको कसूर हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा २४ को उपदफा (३) बमोजिम सजाय गरी पाउँ भनी दावी लिएको देखिन्छ।

२०. प्रस्तुत मुद्दामा प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार कैदबाट भागेको हो होइन भन्ने सन्दर्भमा हेर्दा यी प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार लमजुङ जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा भएको फैसला बमोजिम जन्म कैदको सजाय पाई सजाय भुक्तानको क्रममा कारागार कार्यालय लमजुङमा कैदमा रहेको देखिन्छ। प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार मिति २०७७।३।३ गते दिउँसो ४:१५ बजेदेखि कारागार प्रशासनको सम्पर्कमा नभएकोले खोजी गरिदिनु हुन भनी कारागार कार्यालय लमजुङबाट जिल्ला प्रहरी कार्यालय लमजुङलाई पत्राचार भएको देखिन्छ। सोही अनुरुपको घटनास्थल मुचुल्का तयार भई मिसिल संलग्न रहेको पाइन्छ। यी प्रतिवादीको खोज तलास गर्ने क्रममा २०७७।३।४ गते विहान अन्दाजी ७:०० बजेको समयमा लमजुङ बेसीशहर नगरपालिका वडा नं. २ भकुण्डे स्थित फेला परेको भन्ने प्रहरी प्रतिवेदक प्रहरी नायव उपरिक्षक गंगा बहादुर थापा समेतको प्रतिवेदन रहेको पाइन्छ। यी प्रतिवादी उपर कारागार कार्यालय, लमजुङको जाहेरी हेर्दा प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार कारागारबाट भागेको हुनाले निजलाई कारवाही गरी पाउँ भनी उल्लेख भएको पाइयो।

२१. प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारले अधिकार प्राप्त अधिकारीको समक्ष बयान गर्दा म कारागारमा चौकिदारको पदमा रहेको र पसलबाट लिएका सामानको उधारो रकम एक लाख पचास हजार रुपैयाँ २०७७ असार ३ गतेसम्म तिर्ने भाखा राखेको र उक्त पैसा तिर्न नपाएको हुनाले तवाब भई मर्ने मनसाय सहित भागेको हुँ। २०७७।३।३ गते अन्दाजी ४:१० बजेको समयमा प्रहरी जवान बुध बहादुर थापाले डिउटी गरेको पोष्ट हुँदै ट्वाइलेटमा गएको थिए। म ट्वाइलेटबाट निस्कीई प्रहरीको व्यारेक अगाडी उभिएको थिएँ। निज बुध बहादुर थापा आफ्नो गेटमा भएको डिउटी तीर गए पछि म मर्ने सोच बनाई १६:३० बजे तिर बाहिर निस्कीई भागेको हुँ भनी उल्लेख गरेको पाइन्छ। निज प्रतिवादीले अदालतमा बयान गर्दा मेरो मनमा अस्थिरता र तनाब उत्पन्न भई कारागारबाट हिडेको हुँ। जानी जानी कारागारबाट भाग्ने मेरो नियत होइन भनी उल्लेख गरेको पाइयो।

२२. घटना विवरण कागज गर्ने प्रहरी जवान बुध बहादुर थापाले कागज गर्दा मिति २०७७।३।३ गते साँझ ४:१० बजे निज प्रतिवादी ट्वाइलेटबाट आई ब्यारेक अगाडी उभिएका थिए। मैले भित्रका कैदीको अवस्था हेर्न गेटनिर आएको थिएँ। केही समय पछि निजको सोधखोज गर्दा फेला नपरेपछि जेलर सहित हामी सबैले खोजतलास गर्दा फेला नपरेपछि माथिल्लो निकायमा जानकारी गराई खोजतलासको क्रममा भोलिपल्ट मर्स्याङ्दी नदिको किनारामा फेला पारेका हौं। कैदबाट भाग्ने निज प्रतिवादीलाई कानून बमोजिम कारवाही होस् भनी उल्लेख गरेको पाइन्छ। जाहेरवाला पुष्पा तामाङले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी मिति २०७७।३।३ गते बेलुका १६:४५ बजे कारागारबाट भागेकोमा भोलिपल्ट विहान ७:०० बजे मर्स्याङ्दी नदिको किनारामा फेला परेका हुन भनी उल्लेख गरेको पाइन्छ। प्रहरी प्रतिवेदक प्र.ना.उ गंगा बहादुर थापाले आफ्नो मौकाको प्रतिवेदन व्यहोरालाई समर्थित हुनेगरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। प्रतिवेदक जेलर विष्णु प्रसाद पौडेलले यी प्रतिवादी कारागारबाट भाग्ने नियतले नै भागेका हुँदा कारवाही गरी पाउँ भनी बकपत्र गरेको पाइन्छ। कारागार कार्यालयका लेखापाल रमेश वि.क., प्र.ज.ज्ञान बहादुर थापा, प्र.ह. बुध बहादुर थापा समेतले प्रतिवादी कारागारबाट भागेका हुन भनी बकपत्र गरेको पाइयो। यसरी प्रस्तुत मुद्दामा प्रहरी प्रतिवेदन, प्रतिवेदकको बकपत्र, जाहेरी दरखास्त एवं जाहेरवालाको बकपत्र, घटना विवरण कागज गर्ने मानिसहरु एवं प्रहरी कर्मचारीहरुको कागज एवं बकपत्र र प्रतिवादीको बयान समेतका प्रमाणबाट यी प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियार मिति २०७७।३।३ गते साँझ कारागार कार्यालको अनुमति विना आँफूखुसी बाहिर निस्कीई भोलिपल्ट प्रहरीले खोजतलासको क्रममा बेसीशहर नगरपालिका वडा नं. २ भकुण्डे स्थितबाट पक्राउ गरी ल्याएको देखिएको हुँदा प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारले अभियोग दावी बमोजिम कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) बमोजिमको कसूर गरेको ठहर्छ।

२३. अब प्रतिवादिले गरेको कसूरमा निज प्रतिवादीलाई हुने सजाय सम्बन्धी कानूनी व्यवस्था हेर्दा सोही कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) मा कैद म्याद ठेकीएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको हुँदा कानूनले नै निश्चित सजाय तोकेको देखिएको र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशको (क) मा "प्रचलित कानूनमा नै कैद वा जरिवानाको निश्चीत अंक किटान गरिएको कसूरमा" कसूर ठहर गर्दाकै बखत सजाय निर्धारण गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भएको हुँदा प्रस्तुत मुद्दामा सजाय निर्धारणको लागि छुट्टै सुनुवाई नगरी आजै सजाय निर्धारण गर्नुपर्ने देखियो। यी प्रतिवादी कर्तव्य ज्यान मुद्दाको रोहबाट मिति २०६९।९।२२ गते देखि पक्राउ परी प्रहरी हिरासतमा रही अदालतको आदेशले पूर्पक्षको लागि थुनामा रही यस अदालतको मिति२०६९।१२।१५ को फैसलाले निरन्तर कैदमा रहेकोमा मिति २०७७।३।२ गते सम्म कैदमा रही मिति २०७७।३।३ गते कैदबाट भागेको देखिदा ७ वर्ष ५ महिना १० कैदमा बसेको र निजको बाँकी कैद अवधि १२ वर्ष ६ महिना २० दिन रहेको देखिन्छ। कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) मा कैद म्याद ठेकीएको कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ भन्ने व्यवस्था हुँदा यी प्रतिवादीको

बाँकी कैद १२ वर्ष ६ महिना २० दिनको डेढी बढाउँदा १८ वर्ष १० महिना हुने देखिन्छ। कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (५) मा उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरु बमोजिम डेढी बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो, सो अवस्थामा हुनसक्ने सजायको उपल्लो हदको सवाई भन्दा बढी हुने गरी सजाय कायम गरिने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। यी प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारलाई प्रस्तुत मुद्दामा १८ बर्ष १० महिना सजाय तोक्दा निजलाई कर्तव्य ज्यान मुद्दामा भएको सजायको उपल्लो हदको सवाई भन्दा बढी सजाय कायम हुन जाने हुँदा यी प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारलाई कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) र सोही उपदफा (५) समेतका आधारमा प्रस्तुत मुद्दामा १७ (सत्र) वर्ष ६ (छ) महिना २० (बीस) दिन कैद सजाय हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्डः-**

- माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी दिनेश परियार भन्ने लोक बहादुर परियारलाई कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (३) र (५) समेतका आधारमा १७ (सत्र) वर्ष ६ (छ) महिना २० (बीस) दिन कैद सजाय हुने ठहरी फैसला भएकोले सोको लगत कसी निज प्रतिवादीलाई प्रस्तुत मुद्दाको रोहमा निज पक्राउ परी थुनामा रहेको मिति २०७७।३।४ गतेबाट लागू हुने गरी फैसला बमोजिम कैदमा राख्ने गरी कैदी पूर्जी दिई सोको जानकारी कारागार कार्यालय, लमजुङलाई समेत दिनू.........................................................................१
- प्रस्तुत इन्साफ उपर चित्त नबुझे ७० दिन भित्र श्री उच्च अदालत पोखरामा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू र जिल्ला सरकारी वकिल कार्यालय लमजुङलाई फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी दिनू...........................................................२
- सरोकारवालाले फैसलाको नक्कल माग गरे लाग्ने दस्तूर लिई नक्कल दिनू.............................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रति विद्युतिय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.................................................................४

**जिल्ला न्यायाधीश**

फैसला तयार गर्न सहयोग गर्नेः-

कम्प्युटर अपरेटरः- पुजा कँडेल

फैसला मितिः -२०७९।५।१३।२

प्रमाणीकरण मिति :२०७९।६।६

अदालतको छाप

इति सम्वत २०७९ साल भाद्र महिना १३ गते रोज २ शुभम..........।

**श्री**
**लमजुङ जिल्ला अदालत**
**बन्द इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री शिवप्रसाद खनाल**

# फैसला

**मुद्दा नं. ०७८-C१-००६६**
**रजिष्ट्रेशन नं. ५५-०७८-००५९२**
**दायरी मितिः-२०७९।३।२३**
**फैसला मितिः-२०७९।१०।१९**
**नि.नं. ३२०**
**मुद्दाः- मानव बेचविखन तथा ओसारपसार।**

| **वादीको नाम, थर र वतन** | **प्रतिवादीको नाम, थर र वतन** |
|---|---|
| परिवर्तित नामथर २०७८/०७९-३८ (थ) कुमारीको जाहेरीले वादी नेपाल सरकार.........१<br>**साक्षीः-** जाहेरवाला परिवर्तित नामथर २०७८/ ०७९-३८ (थ) कुमारी, पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३), तारा कुँवर, देवकी विष्ट, सलिना डाँगी क्षेत्री, जानुकी बस्नेत, गोकुल बहादुर थापा मगर<br>**कागजः-** | लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १ बस्ने केसर बहादुर कुँवरको छोरी वर्ष ४८ की विष्णुमाया भन्ने सेतिमाया लोहनी.......................१<br>लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. २ बस्ने गणेश बहादुर कुँवरको नाति, केसर बहादुर कुँवरको छोरा वर्ष ४३ को शंकर बहादुर कुँवर...........................२<br>**साक्षीः-** विष्णु प्रसाद न्यौपाने, शेर बहादुर लोहनी र अर्जुन बहादुर पाण्डे<br>**कागजः-** |
| **अदालतबाट बुझेको**<br>**साक्षीः-**<br>**कागजः-** | |

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ समेतले यस अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ,-

## तथ्य खण्डः-

### १. जाहेरी दरखास्तः-

मैले मेरो भदैनीलाई ६ वर्षको उमेरदेखि मेरो घरपरिवारमा ल्याई मेरो संरक्षणमा राखी रहेकी छु। हाल निज १६ वर्षकी भईन। यही क्रममा मिति २०७९।१।२६ गते विहान ८ बजेको समयमा डेराबाट भैदेनी परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई मकै गोड्न पठाएकोमा उनी फर्की आइनन्। उनी कहाँ गइन के भयो भनी हामीले खोजतलास गर्दा फेला पार्न नसकेको हुँदा मिति २०७९।२।३ गते लमजुङ जिल्ला प्रहरी कार्यालयमा खोजतलास गरी पाउँ भनी जानकारी गराएको हुँ। सो पछि मिति २०७९।२।४ मा प्रहरीले मेरी भैदीनलाई मेरो जिम्मा लगाई दिनु भएको हो। तत्काल भैदनीसँग सोधुपछ गर्दा निजले आफू उपर भएको ज्यादतिका बारेमा कुनै जानकारी गराइनन्। मैले विस्तारै फकाई फुलाई सोधखोज गर्दा भैदेनीलाई मिति २०७९।१।२६ गतेका दिन प्रतिवादी विष्णुमायाले आफ्नो घरमा लगि उक्त दिन र रातमा आफ्नै घरमा राखी काठमाडौंमा मेरो एकजना आफन्त राम्रो शरिर भएको धनी केटा छ तिमिले चाहे उसँग विवाह गर सुखसँग पाल्छ भन्ने लगायतका विभिन्न प्रलोभन देखाई ललाई फकाई गरी मिति २०७९।१।२७ गते विहान पाइन्ट टिसर्ट जुत्ता समेत लगाउन दिई बाटो खर्च भनी रु.१,०००।- समेत दिई काठमाडौं पुगेपछि शंकर भन्ने व्यक्ति मेरो भाईलाई भेट्नु भनी एक सेट मोबाइल नं.९८४६१५०५५५ भैदेनिलाई दिई सेतिमायाले निजलाई काठमाडौं पठाएकी रहेछिन्। यसरी काठमाडौं पुगेपछि स्वयम्भु भन्ने ठाउँमा निज शंकर भन्ने व्यक्तिले मोटरसाइकल ल्याएर लिन आएको र उनको श्रीमती समेत मिलेर चलाएको होटलमा मेरो भैदैनीलाई लगी विदेशी मूलका २ जना व्यक्तिहरु कोठामा पालो पालो पठाइ निज भदैनी उपर जवरजस्ती करणी समेत गरेका रहेछन्। प्रतिवादी मध्येका शंकरले मिति २०७९।२।४ गते भदैनीलाई प्रहरीकोमा बुझाउन जाँदा तिमी उपर भएका हातपात लगायत होटलमा भएका सबै कुरा कसैलाई केही नभन्नु, भनिस भने तलाई प्रहरीले थुन्छ, तेरो बैइज्जत हुन्छ र भनिस भने मारेर फाली दिन्छु भनी डर त्रास देखाएका कारण भदैनीले प्रहरी समक्ष केही भन्न नसकेकी रहेछिन्। हाल आएर भैदैनीले आफू उपर भएका अत्याचारका कुराहरु खोलेकीले प्रतिवादी मध्येका विष्णुमाया लोहनीले मेरो नाबालिका भदैनिलाई हामी अभिभावकलाई थाहा नदिई हाम्रो मञ्जुरी बेगर बन्धक राखी काठमाडौं पठाएको र काडमाडौंमा लगी नाबालिका भदैनीलाई ललाई फकाई मानव बेचबिखन, शरीर बन्धक, श्रमशोषण र जबरजस्ती करणी गराएको समेत खुल्न आएकोले निज विष्णुमाया भन्ने सेतीमाया लोहनी, शंकर सहितको मिलेमतोमा यो काम गरेकोले निजहरुलाई झिकाई अनुसन्धान गरी प्रतिवादीहरु उपर कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भनी मिति २०७९।२।२९ गते परिवर्तित नामथर २०७८/०७९-३८ (थ) कुमारीले दिएको जाहेरी दरखास्त।

### २. घटनास्थल प्रकृति मुचुल्काः-

लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १ स्थित पूर्व मर्स्याङ्दी नदी, पश्चिममा ठूलो धिमिरे उत्तरमा दक्षिणमा बेसीशहर डुम्रे पक्की सडक खण्ड, यति चारकिल्ला भित्र बेसीशहर डुम्रे पक्की सडक खण्ड स्थित बेसीशहरबाट काठमाडौं जाने माइक्रोमा मिति २०७९।१।२७ गते विहान प्रतिवादी

विष्णुमाया भन्ने सेतीमाया लोहनीले पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई गाडी चढाई काठमाडौं पठाएको भनी देखाइएको चारकिल्ला सहितको घटनास्थल मुचुल्का।

**३. प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-**

**क.** पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारी मेरो छिमेकी सँग विवाह गरी आई बसेकी छिन्, विवाह भएको ३ वर्ष भयो भनी निजले मलाई भनेकी थिइन्। निज पीडितको कमाउने कोही छैनन दुःख छ भनी मेरो छोरीलाई सानो भएको पुरानो कपडा समेत मैले दिने गर्दथे। मिति २०७९।१।२६ गते राती अन्दाजी ००:१५ बजेको समयमा हामीहरु सुतिसकेको अवस्थामा पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारी आई ढोका ढक्ढकाई बोलाएकी हुँदा म र मेरो २ छोरा समेत उठी को रहेछ भनी बुझ्दा निज पीडित रहेछिन। परिवर्तित नामथर २०७८/०७९-३८ (२३) मेरो घरमा आउँदा निजको कपडा च्यातिएको र पानिले निथ्रुक्क भिजेको अवस्थामा रहेकी थिइन्। मैले के भयो यति राति किन आएको भनी सोध्ने क्रममा निजले मलाई मेरो सासू ससुराले मलाई कुटपिट गरी सहन नसक्ने अवस्थामा भई आफ्नो ज्यान बचाउनको लागि आएको हो भनी रुदै भनेकी थिइन र मैले पानिले भिजेको र कपडा समेत च्यातिएको देखी माया दया लागि मेरो छोरीको कपडा फेर भनी लगाउन दिएकी हुँ। पछि कुरा हुँदै जाँदा निज पीडितले मेरो श्रीमानले खास्सै आखा देख्दैनन सासू ससुराले कुटपिट गर्दा समेत केही बोल्दैन मेरो अमाजु र ज्वाइ समेत सोही घरमा बस्नु हुन्छ अमाजुले समेत मलाई गाली गर्नुहुन्छ। म घरमा बस्न सक्दिन मलाई कतै जागिर खोज्दिनुस म घरमा जाँदै जान्न भनी भनेकोले मैले घरमा जाउँ घरमा जानु पर्छ समेत भनेकि थिएँ र निजले म घरमा जाँदै जान्न मलाई जसरी पनि कतै जागिर लगाइदिनुस भन्दै भनिन र मलाई पनि दया माया लागि मेरो सहोदर भाई शंकर कुँवर काठमाडौं स्थित मःम पसल संचालन गरी बसेको र लगभग १ वर्ष पहिला मेरो भाइले मलाई कोही काम गर्ने इच्छुक, इमान्दारी मान्छे भए खबर गर्नु मेरो पसलमा एक जना काम गर्ने मानिसको आवश्यकता छ भनी भनेकोले विहान लगभग ६:०० बजेको समयमा भाई र बुहारीलाई फोन सम्पर्क गरी यस्तो यस्तो एउटा नानी आएकी छन भनी सबै कुरा जानकारी गराई के गर्ने हो भनी सल्लाह गरेका थिए र त्यसपछि भाइ बुहारीले समेत दुःख पाएको रहेछ भने पठाइदिनु यहाँ काम पनि गर्छिन निजलाई खर्च समेत हुन्छ हामीलाई पनि काम गर्ने मानिस चाहिएको पनि छ भनी भनेका हुँदा निजले मेरो उमेर २० वर्ष भयो भनी बताएको हुँदा मैले उमेर पुगेको महिला काम गरेर खाली धर्मै हुन्छ भनी निजको हितको लागि काठमाडौं सम्म जाने खर्च रु.४५०।- रुपैयाँ दिई र निजलाई सम्झाई बुझाई गरी ९८०६६६९८३५ नम्बरको सिम समेतको मोबाइल सेट दिई घरबाट तल रहेको मोटर बाटोमा झरी अन्दाजी ७ बजेतिर बेसीशहर बाट काठमाडौं जाने माइक्रो रोकी सहचालकलाई स्वयम्भूमा झार्दिनु भनी पठाएकी हुँ। सोही दिनको दिउँसो मेरो भाइले तपाइले पठाएको नानी आइपुगिन हामीले कोठामा लगेका छौं भनी फोन मार्फत जानकारी गराएका थिए। मैले दुःख पाएकी आफ्नै छोरी जस्तै मानी काठमाडौं स्थित मेरो भाइको कोठामा खाजा बनाई ठेलामा बेच्ने गर्ने गरेको पसलमा काम गर्न भनी पठाएकी हुँ, पछि म

विरुद्धमा निज केटिका आफन्तले मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरमा जिल्ला प्रहरी कार्यालय लमजुङमा जाहेरी दरखास्त दिएका रहेछन्। परिवर्तित नामथर २०७८/०७९-३८ (२३) को उमेर १७ बर्षको रहेको भनी पछि मात्र जानकारी भयो यसरी उमेर नपुगेकी अर्काकी छोरीलाई मैले दया लागि काम गर्न भनी काठमाडौंमा पठाउनु गल्ती भयो कानून अनुसार हुने सजाय सहन भोग्न मञ्जुर छु भनी प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनीले मिति २०७९।३।१ मा अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

**ख. ततिम्बा बयानः-**

प्रहरी टोलीले शंकर बहादुर कुवँरको डेराकोठाबाट बरामद गरी लिई आएको सेतो रंगको १ जोर जुत्ता मलाई देखाउँदा देखिपाएँ, उक्त जुत्ता मेरो छोरीको हो। मैले मिति २०७९।१।२७ गते विहान पीडितलाई काठमाडौं पठाउने क्रममा सोही जुत्ता लगाउन लगाई पीडितलाई काठमाडौं पठाएकी हुँ। मिति २०७९।१।२७ गते विहान मैले पीडितलाई काठमाडौं जाने माइक्रोमा सवार गराउँदा माइक्रोको सह चालकलाई रु.५९०।- भाडा दिएकी थिएँ। तर मलाई सबै कुरा त्यही याद नभएको कारण मैले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले पीडितलाई गाडी भाडा रकम रु.४५०।- दिएको हुँ भनी खुलाई लेखाई दिएकी रहेछु। मैले पीडितलाई काठमाडौं जाने प्रयोजनार्थ छुट्टै नगद रु.१,०००।- दिएकी होइन्। मैले पीडितलाई नभई माइक्रोका सहचालकलाई गाडी भाडा रकम रु.५९०।- दिएकी हुँ भनी सेतिमाया लोहनीले गरेको ततिम्बा बयान।

**ग.** म काठमाडौं स्यवम्भू स्थित प्रहरी विट अगाडी विगत ७ वर्षदेखि मेरो परिवार सँगै बसी २ वटा कोठा भाडा लिई सोही डेरा कोठामा मःम आलुचप लगायतका खाजाहरु तयार गरी साँझ ५ बजेदेखि १० बजेसम्म बेच्ने गर्दछु। मैले लगभग १ वर्ष पहिला मेरो दिदी विष्णुमाया भन्ने सेतिमाया लोहनीलाई फोन गरी मेरो खाजा पसलमा काम काज गर्नकोलागि मानिस आवश्यक परेको छ कोही इमान्दारी काम गर्ने मानिस भए मलाई खबर गर्नु भनी फोन मार्फत खबर गरेको थिएँ र मिति २०७९।१।२६ गते विहान अन्दाजी ६ बजेको समयमा मलाई दिदीले फोन गरी एक जना दुःख पाएको २० वर्ष उमेर पुगेको नानी हाम्रो घरमा आई घरमा सासू ससुराले कुटपिट तथा यातना दिन्छन, श्रीमानले समेत मलाई वास्ता गर्दैनन, म घरमा बस्दिन मलाई जसरी भए पनि जागिर लगाई दिनु कहि कतै खोजी दिनु भनी भनेकी छन तेरो खाजा पसलमा काम गर्ने मान्छे चाहिएको छ भने म तलाई सम्पर्क गर्ने गरी पठाइदिउला भनेकोले मैले हुन्छ पठाइदिनु भनी दिदीले परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारीलाई दिदीको सिम सहितको मोबाइल सेट समेत दिई काठमाडौं जाने माइक्रो बसमा चढाई पठाइ दिनु भएको र मैले निजलाई मोटरसाइकल लिई गई स्वयम्भू चोमा गई पीडितलाई रिसिभ गरी ल्याएको हुँ। त्यसपछि परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई हामीहरुले सोधपुछ गर्दा निजले आफ्नो घर धादिङ भई हाल निजको फुपूसँग लमजुङमा बस्दै आएकी छु, मेरो उमेर २० वर्ष भएको छ। मेरो फुपूले निजको आखाँ नदेख्ने छोरासँग मामाको छोरीलाई हक लाग्छ भनी विवाह गर्दिन लाग्नु भएको छ, मैले नमानेकी हुँदा मलाई कुटपिट गर्नु हुन्छ भनेकी

थिइन। हामीहरुको २ वटा कोठा मध्ये एउटा कोठामा हामी श्रीमान श्रीमती र अर्को कोठामा निज पीडित मेरो छोरी मेरो भान्जी मेरो सालीको छोरा मेरो आमा एउटै कोठामा सुतेका थिए। सो पछिका दिनहरुमा पीडितले हामीहरुलाई मःम लगायत खाजाहरु बनाउने काममा सघाउने गर्दथिन। निज गाउँघरमा हुर्किएकी र काठमाडौंको रहन सहनको बारेमा जानकारी नभएकी हुँदा निज पीडितकै सुरक्षा समेतलाई ध्यानमा राखी हामीहरुले निजलाई खाजा बिक्री वितरण गर्नको लागि चोकतिर नलगि मेरो छोरी र आमासँगै बस्न लगाउने गर्दथ्यौ। परिवर्तित नामथर २०७८/०७९-३८ (२३) यताबाट गएको ७/८ दिनपछि पीडितको मोबाइलमा निजका आफन्त र प्रहरीको फोन आएको रहेछ, निज पीडितले हामीहरुसँग प्रहरामा हराएको भनी मेरो फुपूले केश गर्नु भएको रहेछ, मलाई प्रहरी र फुपूहरुको फोन आएको छ, उता गयो भने आँखा नदेखे केटासँग विवाह गरिदिन्छन्, नगरे मलाई कुटपिट गर्छन, म अब भागेर धादिङ जान्छु भनेकी हुँदा निज भोली कहि कतै हराउलिन वा कुनै समस्यामा पर्लिन र हामीलाई समेत समस्या पर्न सक्छ भन्ने सोच विचार राखी हामीहरु बस्ने कोठा नजिकै रहेको स्वयम्भू प्रहरी वृतमा लगि निज हराएको भनी केश परेको रहेछ, निजलाई यहाँ बुझाई दिन ल्याएका हौं भनी प्रहरीको रोहवरमा लमजुङ जाने माइक्रोमा चढाई दिएका हौं। हामीहरुको काठमाडौंमा होटल छैन। हामीहरु बस्ने घरमा अन्य मानिसहरु पनि डेराकोठा गरी बस्छन्। पीडितले लेखाए अनुसार निजलाई होटलको कोठामा बन्धक बनाई राखी अन्यत्र मनिसहरुसँग यौन सम्बन्ध राख्न लगाएको होइन। पीडित दुःख पाएकी भनेर मात्र हामीहरुसँग राखेका हौं। यसरी उमेर नपुगेकी अर्काकी छोरीलाई मैल दया लागि काम गर्न भनी काठमाडौं स्थित मेरो ठेला पसलमा सहयोग गर्छिन भनी राख्नु गल्ती भयो कानून अनुसार हुने सजाय भोग्न मञ्जुर छु भनी प्रतिवादी शंकर बहादुर कुवँरले मिति २०७९।३।२ मा अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

**घ. ततिम्बा बयानः-**

मिति २०७९।२।४ गते मैले पीडितलाई स्वयम्भू प्रहरी वृत अगाडीबाट प्रहरीको रोहबरमा लमजुङ जाने माइक्रोमा चढाई माइक्रोको भाडा माइक्रोका सह चालकलाई रु.६२०।- दिएको र निज पीडितलाई खाजा खर्च भनी नगद रु.४५०।- म आफैले दिएको थिएन भनी प्रतिवादी शंकर बहादुर कुँवरले गरेको ततिम्बा बयान।

**४. पीडितले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानः-**

मेरो बाबुले दोश्रो विवाह गर्नु भएको र मेरो आमा समेत अर्कैसँग विवाह गरी जानु भएको छ। हामी दुई बहिनी एक भाई मध्ये जेठी छोरी हुँ। मेरो उमेर ६ वर्षको हुँदादेखी मलाई मेरो फुपु जाहेरवालाले आफ्नो घरमा लाई मलाई संरक्षण दिई मेरो पालनपोषण गर्दै आउनु भएको छ। प्रतिवादी सेतिमाया लोहनी र म बस्ने घर करिब ७ मिनेटको दुरीमा पर्ने हुँदा निजलाई पहिल्यै देखि नै चिनेको थिएँ। मिति २०७९।१।२६ गते विहान खाना खाई म मकै गोड्नको लागि एक्लै बारीमा गएकी थिएँ। मैले मकै गोड्दे गरेको अवस्थामा निज विष्णुमाया भन्ने सेतिमाया लोहनीले मलाई बोलाई तिमिले यहाँ दुःख पाएकी छौं काठमाडौंमा मेरो एकजना धनी केटा छ, तिमिले चाहे अनुसारको गरगहना र कपडाहरु समेत लगाउन दिई मिठो खान दिन्छ। उ सँग विवाह गर सुखसँग

पाल्छ भनी विभिन्न किसिमका प्रलोभन देखाई ललाई फकाई गरे पश्चात मेरो मन परिवर्तन भई त्यो दिन म सेतिमाया लोहनीको घरमा सुतेकी हुँ। भोलीपल्ट विहान विष्णुमायाले आफ्नो छोरीको लुगा जुत्ता दिई र ९८६००६९४१३ नम्बरको सिमकार्ड सहित साधारण मोबाइल तथा बाटो खर्च रु.१,०००।- दिई निजको घरदेखि तल रहेको मोटर बाटोसम्म मलाई छोड्न आई काठमाडौं जाने माइक्रोमा चढाई स्वंयम्भुमा यसलाई झार्दे है भनी विष्णुमाया आफ्नो घरतर्फ गएकी हुन् भने म काठमाडौं गएकी हुँ। काठमाडौं पुगेपछि निज शंकर भन्ने व्यक्ति मलाई लिनको लागि मोटरसाइकलमा आई निजले संचालन गरेको होटलको भूई तलाको कोठामा ३ दिनसम्म राखी मैले नचिनेका नेपाली भाषा नबोल्ने भारतिय मूलका जस्ता देखिने २ जना पुरुष व्यक्तिहरु उक्त होटलको म बसेको कोठामा आई मलाई पटक पटक जबरजस्ती करणी समेत गरेका हुन्। उक्त कुरा मैले होटल संचालक शंकरलाई भन्दा निजले मेरो कुरामा वास्तै गरेका थिएनन्। सो पश्चातका दिनहरुमा मैले निजकै होटलमा काम गरी दिनहरु विताएकी थिएँ। जाहेरवाला मेरो फुपूले म हराएको भनी प्रहरी कार्यालयमा उजुरी दिनु भएको रहेछ। मिति २०७९।२।४ गते शंकर भन्ने व्यक्तिले मलाई नजिकको प्रहरी कार्यालयमा लगि बुझाई दिएका हुन्। प्रहरी कार्यालमा लैजाँदै गर्दा सबै कुरा प्रहरीलाई नभन्नु, होटलमा भएको कुरा गोप्य राख्नु, प्रहरीलाई भनेमा प्रहरीले त्यही थुन्छ, यदी उक्त कुरा भनिस भने तँलाई मारिदिन्छु समेत भनी मलाई डर त्रास देखाएका हुँदा मैले प्रहरीलाई कुनै कुरा बताइन। म काठमाडौं घुम्न आएको भनी झुट कुरा बोली प्रहरीलाई सत्य कुरा बताइन। त्यसपछि शंकरले मलाई सोही दिनमै माइक्रो चढाई लमजुङ पठाइ दिएका हुन्। यता घरमा आए पश्चात जाहेरवाली मेरो फुपूलाई मैले घटनाको सबै व्यहोरा बताएकी हुँदा मेरो फुपूले विष्णुमाया भन्ने सेतिमाया लोहनी समेतको विरुद्धमा जिल्ला प्रहरी कार्यालय लमजुङमा जाहेरी दरखास्त दिनु भएको हो भनी घटनाकी पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान। प्रस्तुत बयान मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ६ को उपदफा (२) बमोजिम जिल्ला न्यायाधिशबाट प्रमाणित भएको।

**५. बुझिएका व्यक्तिहरुले गरेको घटना विवरण कागजः-**

**क.** मेरो श्रीमान शंकर बहादुर कुवँर घर अगाडी चोकमा ठेलामा खाजा पसल संचालन गरी घर खर्च चलाउँदै आएका छौं। हाल पक्राउमा परी आउनु भएको विष्णुमाया भन्ने सेतिमाया लोहनी मेरो श्रीमानको सहोदर दिदी पर्नु हुन्छ। मिति २०७९।१।२६ गते दिउँसोको समयमा हामी श्रीमान श्रीमती आफ्नै कोठामा मःम लगायत खाजाका परिकारहरु बनाउँदै गर्दाको अवस्थामा मेरो अमाजू सेतिमाया लोहनीले फोन गरी यहाँ मेरो छिमेकमा एक जना नानिलाई निजको घर परिवारले कुटपिट गरी मेरो घरमा आएकी छन्, निजलाई घरमा जाउँ भनी सम्झाई बुझाई गर्दा म घर जाँदान बरु यहि बसेर काम गर्छु भनेकी छन्, त्यहाँ कुनै काम पाइने भएमा काममा लगाई दिनु धर्म हुन्छ, काम नपाइएमा तिम्रोमा पनि खाजाहरु बनाउने काममा सघाउछिन, र तिम्रो छोरीलाई समेत रेखदेख गर्छिन भनेकोले त्यसो हो भने हुन्छ पठाइ दिनु र निजका आफ्नतहरुलाई जानकारी पनि गराई दिनु भनेका थियौं। त्यसको भोलिपल्ट विहान सेतिमाया लोहनीले फोन गरी मैले त्यो नानीलाई काठमाडौं जाने माइक्रोमा चढाइ दिएकी छु भनी

निजलाई दिएको मोबाइल नम्बर टिपाइ दिनु भएको थियो। त्यसपछि मेरो श्रीमानले ति नानी के कहाँ आउदै छिन भनी त्यो नानीलाई फोन गर्नु भएको थियो। उक्त दिनको दिउसो करिब १ बजेतिर ति नानी काठमाडौं आइपुगेकीले निजलाई लिन मेरो श्रीमानले मोटरसाइकल लिई गई लिएर आउनु भएको हो। त्यसपछि पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई सोधपुछ गर्दा निजले निजको घर धादिङ हो हाल फुपूसँग लमजुङमा बस्दै आएकी छु। हाल २० वर्षकी भए, मेरो बुबाले अर्कै विवाह गर्नु भएको हुँदा मेरो आमा पनि अर्कैसँग विवाह गरी जानु भएकोले मेरो पालपोषण फुपूले गर्नु भएको छ। मेरो फुपूले मलाई आखा नदेख्ने केटासँग विवाह गर्दिन लाग्नु भएको र मैले नमानेकी हुँदा मलाई कुटपिट गर्नु हुन्छ भनेकी थिइन्। हामीहरुको २ वटा कोठा मध्ये पीडित हुँदाको अवस्थामा एउटा कोठामा हामी श्रीमान श्रीमती र अर्को कोठामा निज पीडित, मेरो छोरी, मेरो भान्जी, मेरो बहिनीको छोरा र मेरो सासू एउटै कोठामा बस्ने सुत्ने गर्दथिन। सो पछिका दिनहरुमा पीडितले हामीहरुलाई म:म लगायत खाजाहरु बनाउने काममा सघाउने गर्दथिन। निज गाउँघरमा हुर्किएकी र काठमाडौंको रहन सहनको बारेमा जानकारी नभएकी हुँदा निज पीडितकै सुरक्षालाई समेत ध्यानमा राखी हामीहरुले निजलाई खाजा बिक्री वितरण गर्नको लागि चोकतिर नलगि मेरो छोरी र सासूसँगै बस्न लगाउने गर्दथ्यौं। पीडित यहाँबाट गएको ७/८ दिन पछी निजको मोबाइलमा निजका आफन्त र प्रहरीको फोन आएको रहेछ, पीडितले हामीहरुसँग मलाई प्रहरीमा हराएको भनी केश गर्नु भएको रहेछ, मलाई प्रहरी र फुपूहरुको फोन आएको छ, अब म यहाँ बस्दिन, उता गयो भने आखाँ नदेख्ने केटासँग विवाह गरिदिन्छन, नगरे मलाई कुटपिट गर्छन, म अब भागेर धादिङ जान्छु भनेकी हुँदा निजलाई भोली कोही कतै हराउलिन वा निज कुनै समयस्यामा पर्लिन भन्ने सोची हामीहरु बस्ने कोठा नजिकै रहेको स्वयम्भू प्रहरी वृतमा लगी डिउटिमा खटिएका प्रहरीसम्म पुऱ्याई प्रहरीकै रोहबरमा लमजुङ जाने माइक्रोमा चढाइ दिएका हौं। हामीहरुको काठमाडौंमा होटल छैन। हामीहरु बस्ने घरमा अन्य मानिसहरु पनि डेराकोठा गरी बस्छन्। पीडितले बयान खुलाई लेखाई दिए अनुसार निजलाई होटलको कोठामा बन्धक बनाई राखी अन्यन्त्र मानिसहरुसँग यौन सम्बन्ध राख्न लगाइएको होइन्। हाम्रो आर्थिक अवस्था कमजोर भएको कारण निजलाई मासिक पारिश्रमिक समेत दिने नभई घरपरिवार जस्तै गरी राखी निजलाई खान लाउन बस्न दिने गरी पछी आफन्त कोही कसैबाट खोजी भएमा ल्याई दिने गरी राखेका हौं भनी तारा कुवँरले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**ख.** मिति २०७९।१।२६ गतेका दिन मलाई पछि नामथर वतन थाहा हुन आएको विष्णुमाया भन्ने सेतिमाया लोहनीले जाहेरवाला को भदेनी वर्ष १७ की परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई विभिन्न किसिमको प्रलोभन दखाई उक्त रात आफ्नो घराम राखी भोलीपल्ट पीडितलाई गाडी भाडा र मोबाइल फोन समेत दिई काठमाडौं जाने माइक्रोमा चढाइ पठाएकी र पीडितलाई काठमाडौंमा लिनको लागि शंकर बहादुर कुँवर आएका रहेछन्। शंकर बहादुर कुवँरले काठमाडौं स्वयम्भू स्थित आफ्नो होटलमा पीडितलाई राखी भारतिय मूलका मानिसहरुसँग यौन सम्बन्ध राख्न लगाई भारतिय मूलका मानिसहरुले पीडित उपर जबरजस्ती

करणी गरेको भन्ने घटना जिल्ला प्रहरी कार्यालय, लमजुङमा दर्ता भएको रहेछ। जाहेरवाली तथा पीडित तामाङ समुदायको भएको हुँदा निजहरुलाई आफ्नो कुरा राख्नको लागि र कतिपय कुराहरु निजहरुले तामाङ भाषामै स्पष्ट बुझ्ने हुँदा मैले सहजीकरण गरिदिएकी छु। घटना पूर्व पीडित पक्षसँग र प्रतिवादीहरुसँग मेरो चिनजान थिएन। मैले पीडितलाई समेत सोधपुछ गर्ने क्रममा पीडितले मलाई माथि उल्लेखित घटनाको व्यहोरा बताएकी थिइन्। सोही घटनामा संलग्न रहेका निज विष्णुमाया भन्ने सेतिमाया लोहनी र शंकर बहादुर कुवँरलाई प्रहरीले काठमाडौंबाट पक्राउ गरी लिइ आएका हुन। प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनुपर्छ भनी सावित्री तामाङले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**ग.** मैले विगत १४ वर्ष अगाडी देखि बेसीशहर काठमाडौं चल्ने लमजुङ कालिका यातायात संचालक प्रा.लि.मा आवद्ध रहेको खेम बहादुर थापाले संचालन गर्ने बा.१.ख ४२७ नम्बरको माइक्रोमा चालकको रुपमा काम गर्दै आईरहेको छु। उक्त माइक्रोमा सह चालक छैनन्। यात्रु ओर्लिदा र चढ्दा मैले नै सहचालकको काम गर्दछु। मिति २०७९।१।२७ गते मैले चलाउने उक्त माइक्रोको नम्बर बेसीशहर काठमाडौं जाने पालो परेको हुँदा बिहान ७ः३० बजे म बेसीशहरबाट केही यात्रुहरु राखी काठमाडौं प्रस्थान भएको थिएँ। म उक्त माइक्रो चलाई काठमाडौंतर्फ जाँदै गर्दाको अवस्थामा बेसीशहर नगरपालिका वडा नं. १ आकाशे पेन्टिङ डाडाँबाट उक्त माइक्रोमा कोही पनि व्यक्ति सवार भएका थिएनन्। यस मुद्दाको जाहेरवाला, पीडित तथा प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनी र शंकर बहादुर कुवँरलाई मैले चिन्दिन। उक्त मिति २०७९।१।२७ गते विहान प्रतिवादी मध्येकी विष्णुमाया लोहनीले परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई विभिन्न प्रलोभनमा पारी उल्लेखित आकाशे पेन्टिङ डाडाँबाट काठमाडौं जाने माइक्रोमा चढाई पठाइ काठमाडौं पुऱ्याई मानब बेचबिखन सम्बन्धी कसूर गरेकोमा निज प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनी र सोही घटनामा संलग्न अर्का प्रतिवादी शंकर बहादुर कुवँर समेत पक्राउमा परेका छन भन्ने कुरा पछि सुनेर थाहा पाएको हुँ। प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्दछ भनी ध्रुव नेपालीले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**घ.** मिति २०७९।१।२७ गते विहान अन्दाजी ६ः३० बजेको समयमा बा २ ख ३८४५ नम्बरको माइक्रो च्याङ्बा भन्ने चालकले चलाई मैले सहचालकको काम गरीबेसीशहरबाट काठमाडौंको लागि छुटेको थियो। बाटोमा जाँदै गर्दा अन्दाजी ७:०० बजेको समयमा लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं.१ आकाशे पेन्टिङ डाडाँबाट एक जना बहिनीलाई उमेर पुगेको महिलाले काठमाडौं पठाउनको लागि सोही माइक्रोमा चढाई निज महिलाले नै मलाई रु.५९०।- गाडी भाडा दिई यो नानी काठमाडौं तिर गएकी छैन्, यस्लाई काठमाडौंमा स्यवम्भूमा ओराली दिनु, त्यहाँ एकजना मानिस लिन आउछन् भनेकी थिइन्। उक्त दिन मेरो माइक्रोमा सो ठाउँबाट सवार भएकी यस मुद्दाकी पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) रहेछिन् भने निजलाई गाडी चढाउन आउने महिला विष्णुमाया भन्ने सेतिमाया लोहनी रहेछिन्। माइक्रोमा सवार ती नानीले म सँग कुराकानी गर्दा मलाई काठमाडौंमा मामा घरमा

मःम बनाउने कामको लागि बोलाउनु भएको छ, तपाई पनि कहिले काँही मःम खान आउन भनेकी थिइन्। बाटोमा जाँदै गर्दा ती नानीको मोबाइलमा फोन आउने जाने भई निज फोनमा बोलेकी थिइन्। निजलाई मैले काठमाडौंको स्वयम्भूमा ओरालेको हुँ भने सोही ठाउँमा निजलाई लिनको लागि एकजना पुरुष व्यक्ति मोटरसाइकलमा आएका थिए। मोटरसाइकल लिई लिन आउने मानिस शंकर बहादुर कुवँर रहेछन्, सो कुरा हाल आएर जानकारी भयो भनी राम प्रताप थापाले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**ङ.** प्रतिवादी शंकर बहादुर कुँवर काठमाडौं महानरपालिका वडा नं. १५ स्वयम्भू स्थित जानकी बस्नेतको घरमा बस्दै आइरेका थिए। निजले होटल संचालन गरेका छैनन् निजले ठेलामा मःम तथा खाजाहरु स्वयम्भू नजिक विक्री वितरण गर्दै आइरहेका थिए। निजले सो घरम दुईवटा कोठाहरु भाडा लिई बस्दै आएका छन्। निज प्रतिवादीका श्रीमती, आमा, छोरी र भान्जि समेत उक्त कोठाहरुमा बस्दै आइरहेका छन भनी साक्षीहरु रोहबरमा बसी तयार पारीएको डोर मुचुल्का।

**च.** मिति २०७९।१।२७ गते विहान मलाई प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले काठमाडौं पठाउने क्रममा ९८०६६६९८३५ नम्बरको सिमकार्ड सहितको नोकिया कम्पनिको कालो रङको साधारण मोबाइल दिएकी थिइन। मिति २०७९।२।३० गते मैले सम्मानित लमजुङ जिल्ला अदालतमा बयान गर्ने क्रममा मलाई प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनीले ९८६००६९४१३ नम्बरको सिमकार्ड सहितको मोबाइल दिएकी हुन् भनी आफ्नो बयानमा खुलाई लेखाई दिए, म निरक्षर भएको कारण र मोबाइल नम्बर समेत त्यती याद नभएको हेर्न समेत नजान्ने भएकोले प्रतिवादी शंकर बहादुर कुवँरले प्रयोग गर्ने उक्त ९८६००६९४१३ नम्बरको मोबाइल नम्बर खुलाई लेखाई दिएकी रहेछु, सो कुरा मलाई पछि मात्र जानकारी भयो। प्रतिवादी शंकर बहादुर कुँवरले बयान साथ पेश गरेको मोबाइल मलाई देखाउँदा मैले हेरे देखे, सोही साधारण खालको नोकिया मोबाइलमा ९८०६६६९८३५ नम्बरको सिमकार्ड प्रयोग भएको मलाई सेतिमाया लोहनीले दिएकी हुन्। उक्त मोबाइल फोनमा मलाई प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनीका भाई शंकर बहादुर कुवँरले फोन गर्थे, उक्त मोबाइल हेरी चिनी सनाखत गरेकी छुर काठमाडौं स्वयम्भू स्थित प्रतिवादी शंकर बहादुर कुवँरको कोठाबाट बरामद भई आएको सेतो रङको जुत्ता समेत मेरो जुत्ता हो हेरी चिनी सनाखत गरिदिएकी छु भनी पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारीले खुलाई लेखाई दिएको घटना विवरण कागज।

**छ.** मिति २०७९।१।२६ गते मेरो छिमेकीमा बस्ने परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारीलाई ललाई फकाई सेतिमाया लोहनीले काठमाडौं पठाउन थालेकी रहेछिन, सोही दिनमा निज पीडितलाई आफ्नै घरमा राखी पीडितका घर परिवार कोही कसैलाई थाहा जानकारी नगराई भोलिपल्ट बिहान आकाशे डाँडाबाट माइक्रोमा चढाई काठमाडौं पठाएकी रहेछिन्। सोही दिनमै पीट्तलाई लिनको कालगि शंकर बहादुर कुवँर काठमाडौंको स्वयम्भू भन्ने ठाउँमा आई आफ्नो होटलमा लगि पीडितलाई राखी अन्यत्र पुरुष व्यक्तिहरुसँग शारीरिक सम्बन्ध

राख्न लगाएका थिए भन्ने कुरा मैले प्रतिवादी सेतिमाया लोहनी समेत पक्राउ परेपश्चात पीडित पक्षबाट सुनी थाहा पाएको हुँ। मिति २०७९।३।३ गते प्रहरीले हामीहरुकै रोहबरमा प्रतिवादी सेतिमाया लोहनीको घर खानतलासी गर्दा निजको घरबाट पीडितले लगाउने कुर्ता सुरुवाल र ब्रा बरामद गरी लिई आएका हुन्। प्रतिवादीहरुले गरेको कसूर अनुसार कानून बमोजिम कारवाही हुनुपर्छ भनी क्षेत्रनिधी लोहनीले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

**ज.** मिति २०७९।२।३० गते प्रतिवादी सेतीमाया लोहनीलाई प्रहरीले पक्राउ गरेका छन भन्ने थाहा पाई घटनाको सम्बन्धमा के रहेछ भनी बुझ्ने क्रममा मिति २०७९।१।२६ गते प्रस्तुत मुद्दाकी पीडित भनिएका बालिका परिवर्तित नामथर २०७८/०७९-३८ (२३) कुमारीलाई सेतिमाया लोहनीले आफ्नो घरमा बोलाई बालिकाको निम्म आर्थिक अवस्थाको फाइदा उठाई बालिकालाई काठमाडौं तर्फ जागिर लगाई दिने धनी मानिसँग विवाह गर्ने आफूले भने चाहे जतिका रहरहरु पूरा गर्ने भनी विभिन्न प्रलोभन देखाई उक्त राति प्रतिवादी सेतिमाया लोहनीले आफ्नै घरमा राखी पीडितका अभिभावकलाई समेत कुनै जानकारी नगराई भोलिपल्ट काठमाडौं जाने माइक्रो चढाई पठाएकी र काठमाडौंमा पीडितलाई लिनको लागि सेतिमाया लोहनीका भाई शंकर बहादुर कुवँर आएका रहेछन्, शंकर बहादुर कुवँरले काठमाडौं स्वयम्भू स्थित होटल संचालन गरी बस्दछन भन्ने सुनी थाहा पाएको हुँ। निजको होटल भए नभएको कुरामा मलाई एकिन छैन। प्रतिवादी शंकर बहादुर कुवँरले पीडितलाई उक्त होटलमा लगि राखी अन्यत्र मानिसहरुसँग शारीरिक सम्बन्ध राख्न लगाएको भन्ने कुरा सुनेको छु, वास्तविक के हो, मलाई यकिन छैन। पछि जाहेरवालीले पीडित हराएको भनी खोजतलासको लागि लमजुङ जल्ला प्रहरी कार्यलयमा उजुरी दिएको र उजुरीको आधारमा पीडितको खोजतलास गर्दै जाने क्रममा निज पीडित प्रतिवादी शंकर बहादुर कुँवरको साथमा रहेकोमा सो पश्चात प्रहरी मार्फत आफ्नो फुपूको घरमा आएकी पीडितले घटनाको सबै व्यहोरा जाहेवाली फुपूलाई बताएकी रहेछिन्। मिति २०७९।३।३ गते प्रहरीले हामीहरुकै रोहबरमा प्रतिवादी सेतीमाया लोहनीको घर खानतलासी गर्दा निजको घरबाट पीडितले लगाउने कुर्ता सुरुवाल र ब्रा बरामद गरी लिई आएका हुन्। मैले उक्त घटना सम्बन्धमा थाहा जानकारी पाएको सम्पूर्ण विवरण खुलाई दिएको छु, प्रतिवादीहरुले गरेको कसूर अनुसार कानून बमोजिम कारवाही हुनुपर्छ भनी भेष बहादुर मगरले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

६. परिवर्तित नामथर २०७८/०७९-३८ (२३) को जन्ममिति २०६२।०३।१९ उल्लेख भएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी मिसिल सामेल रहेको छ।

७. **अभियोग मागदावीः-**

प्रतिवादी बिष्णुमाया भन्ने सेतीमाया लोहनीले आफ्नो छिमेकी जाहेरवालाको बुहारी बर्ष १६ की नाबालक परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई ललाई फकाई गरी मिति २०७९।०१।२६ गते आफ्नो घरमा लिई गई ऐ, २७ गते काठमाडौं पठाई प्रतिवादी शंकर बहादुर कुँवरले रिसिभ गरी निजले संचालन गर्ने होटलको भुई तलाको कोठामा ३ दिनसम्म राखी

भारतिय मुलका जस्ता देखिने २ जना पुरुष व्यक्तिहरुले पीडितलाई करणी समेत गरेको हुँदा प्रतिवादीको उक्त कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र (२) ले निषेधित तथा दफा ४ को उपदफा (१) समेतले परिभाषित कार्य भएको देखियो। साथै पीडितलाई लमजुङ जिल्ला देखि ललाई फकाई काठमाडौं लैजाने काममा प्रतिवादी बिष्णुमाया भन्ने सेतीमाया लोहनीको संलग्न देखियो। निजको सो कार्य मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ (१) र (२) ले निषेधित, दफा ४ को उपदफा (२) को देहाय खण्ड "ख" ले परिभाषित कसूर गरेको स- प्रमाण पुष्टि हुन आएको हुँदा प्रतिवादीहरु मध्ये शंकर बहादुर कुँवरलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले निषेधित तथा दफा ४ को उपदफा (१) समेतले परिभाषित कार्य भएकोमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र अर्का प्रतिवादी बिष्णुमाया भन्ने सेतिमाया लोहनीलाई सोही ऐनको दफा ३ को उपदफा (१) र (२) ले निषेधित, दफा ४ को उपदफा (२) को देहाय खण्ड "ख" ले परिभाषित कसूर गरेको देखिंदा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को देहाय नं. २ बमोजिम सजाय हुन र दफा २२ बमोजिम नैतिक पतन देखिने कसुर कायम गरी मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को उपदफा (१) मा व्यवस्था भए अनुसारको सूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निज प्रतिवादीहरुबाट पीडितलाई क्षतिपूर्ति दिलाई पाउन तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क वापतको रकम कसुरदारवाट पीडित राहतकोषमा दाखिला समेत गराई पाउँ भनी मिति २०७९।३।२३ मा पेश भएको अभियोग पत्र।

**८. प्रतिवादीहरुले अदालत समक्ष गरेको बयानः-**

**क.** मैले अनुसन्धान अधिकारी समक्ष गरेको बयान देखाई पढिवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप मेरो हो तर व्यहोरामा केही फरक गरी लेखिएको रहेछ। म काठमण्डौ स्वयम्भु स्थित ७ बर्ष देखी मेरो श्रीमती, छोरी, र आमासँगै २ वटा डेराकोठा भाडामा लिई सोही डेरा कोठामा मःम लगायत खाजाहरु तयार गरी ठेला गाडामा बिहान ११ बजेदेखि साझ ५/६ बजेसम्म बेच्ने गर्दछु। मिति २०७९।१।२७ गते बिहान मलाई निज सेतीमाया लोहनीले फोन गरी एक जना दुख पाएको २० बर्ष बढी उमेर पुगेको नानी हाम्रो घरमा आई घरमा मलाई सासु ससुराले कुटपिट तथा यातना दिने र श्रीमानले समेत मलाई वास्ता गर्दैनन् कँही कतै जागिर खोजी दिनु भनेकी छन, तेरो खाजा पसलमा काम गर्ने मान्छे चाहिएको छ भने म तलाई सम्पर्क गर्ने गरी पठाई दिन्छु भनी भन्नुभएको हुँदा मैले पठाईदिन भनेपछि निज पीडितलाई माईक्रो बसमा चढाई दिदीको सिम सहितको मोवाईल सेट समेत दिनुभएको रहेछ। मैले निज पीडितलाई स्वयम्भु चोकबाट रिसिभ गरी ल्याएको हो। त्यसपछि निज पीडितलाई सोधपुछ गर्दा निजले मेरो घर धादिङ जिल्ला हो, हाल म फुपुसँग लमजुङमा बस्दै आएकी छु। मेरो उमेर २० बर्ष भन्दा बढी भएको छ भनेकी थिइन्। पीडित आउनु भन्दा अगाडी नै २० बर्ष उमेरकी मेरो भान्जी, ७ बर्षका मेरो सालीको छोरा पनि हामीहरुसँगै थिए। हामीहरुको २

वटा कोठा मध्ये एउटा कोठामा म र मेरी श्रीमती तारा र अर्को कोठामा निज पीडित भनिएकी महिला, मेरी छोरी वर्ष १३ की एभ्रिल कुँवर, मेरो भान्जी अं.वर्ष २० की मुना थापा, मेरो सालीको छोरा अं.वर्ष ७ का सफल क्षेत्री र मेरो आमा अं.८५ की कृष्ण कुँवर एउटै कोठामा सुत्ने गरेका थिए। सो पछिका दिनहरुमा पीडितले हामीहरुलाई मःम लगायत खाजाहरु बनाउने काममा सघाउने गर्दथिन्। निज गाउँघरमा हुर्किएकी हुँदा पीडितकै सुरक्षालाई समेत ध्यानमा राखी हामीहरुले निजलाई खाजा बिक्री बितरण गर्नको लागि चोकतिर समेत नलगी मेरो छोरी र आमासँगै बस्न लगाउने गर्दथियौ। जाहेरवालीले मिति २०७९।२।३ मा लमजुङ जिल्ला प्रहरी कार्यालयमा आफ्नी बुहारी हराएको भनी खोजतलास गरी पाउँ भनी निवेदन दिएकोमा सो कुरा मैले थाहा पाई पीडित भनिएकी महिलालाई मैले काठमाण्डौ स्वयम्भु महानगरिय प्रहरी बित्तमा लगी बुझाउन खोज्दा निज यि जाहेरवालीको घरमा आउन नमानेको र आफु भागी धादिङ जाने भनेको हुँदा मलाई पछि कुनै समस्या हुन्छ की भनी मैले निज पीडित भनिएकी महिलालाई महानगरिय प्रहरी बित्तमा लगेर बुझाएको हुँ र म आफैले ९८६००६९४१४ बाट लमजुङ जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलमा पटक पटक फोन गरी उक्त कुराको जानकारी गराएको हुँ र महानगरिय प्रहरी बित्त मार्फत माइक्रो बसमा लमजुङ तर्फ चढाई सहचालकलाई मैले गाडी भाडा रु.६२०।— रुपैया र निजलाई खाजा खर्च भनी रु.४५०।— दिई मैले निजलाई लमजुङ पठाएको हुँ। उक्त पीडित भनिएकी महिलालाई मैले मानव बेचबिखन तथा ओसार पसार गरेको कार्य मानिने कुनै कसूर अपराध गरेको छैन। दिदी सेतीमायासँग भएको रिसइवीलाई लिएर मुद्दा जाहेर गरी मलाई समेत दुख हैरानी दिन सकिन्छ की भन्ने नियतले झुठ्ठा जाहेरी दरखास्त दिएकी हुन्। मैले पीडित भनिएकी महिलालाई होटलको कोठामा राखी अन्यत्र मानिसहरुसँग यौन सम्बन्ध राख्न् लगाएको होईन।मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी शंकर बहादुर कुँवरले अदालत समक्ष गरेको बकपत्र।

**ख.** सहप्रतिवादी शंकर बहादुर कुँवरलाई चिन्दछु। निज मेरो भाइ हुन्। जाहेरवालालाई चिन्दछु। निज मेरो छिमेकी हुन्। जाहेरवालासँग मेरो पहिलेदेखि पूर्व रिसइवी थियो। झै-झगडा भई बोलचाल थिएन। पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) मेरो छिमेकीसंग बिबाह गरी आई बसेको ३ बर्ष भयो भनि निजले भनेकी थिईन्। मिति २०७९।१।२६ गते राती अं.१२.१५ बजेको समयमा हामीहरु सुतिसकेको अवस्थामा निज पीडित मेरो घरमा आई मेरो सासु ससुराले मलाई कुटपिट गरेको हुँदा ज्यान बचाउनको लागी आएको हो भनि रुदै भनेको हुँदा उक्त राती मेरी छोरी वर्ष २३ की संगिता लोहनीसँग सँगै सुतेकी हुन्। सो समयमा आउँदा निजले लगाएको कपडा सबै च्यातिएको अवस्थामा थियो। त्यसपछि पीडित भनिएकी महिलाले आफू जाहेरवालीको घरमा गएर बस्न नसक्ने अवस्था बताएपछि र सो घरमा बस्नु परेमा आत्महत्या गर्ने वा मर्स्याङ्दी नदीमा गई हामफाली मर्छु भनेकाले मलाई पनि दया माया लागी सबै कुरा मेरो भाई शंकर कुँवरलाई बताएकी हुँ। भाई शंकर कुंवर काठमाण्डौ स्थित मःम पसल संचालन गरी बसेको र पसलमा एकजना काम गर्ने मानिस समेत चाहिएको छ

निजले दुख पाएकी छन् भने पठाईदिनु भनि भनेको र पीडितले समेत काठमाण्डौ जान आफ्नो मन्जुरी रहेको छ भनी भनेकीले र आफ्नो उमेर समेत २० वर्ष भन्दा बढी भएको भनी बताएकी हुँदा निजको हितको लागी काठमाण्डौ सम्म जाने खर्च मैले पीडितलाई नभई माइक्रो बसको सह-चालकलाई रु.५९०।- र पीडित अहिलेसम्म काठमाण्डौ नगएको भनी पीडित भनिएकी महिलाले भनेकी हुँदा निज हराउछिन् की भनी मैले चलाउने ९८०६६६९८३५ नम्बरको सिम समेतको मोवाईल सेट दिई मेरी छोरीको पुराना कपडा टिसर्ट पाइन्ट र जुत्ता लगाउन लगाई काठमाण्डौ जाने माईक्रो बसका सह-चालकलाई स्वयम्भुमा झार्दिनु भनी पठाएकी हुँ। सोही दिनको दिउँसो मेरो भाईले तपाईले पठाएको नानी आईपुगिन हामीले कोठामा लगेको छौं भनि फोन मार्फत जानकारी गराएका थिए। मैले दुख पाएकी आफ्नै छोरी जस्तै मानी काठमाण्डौ स्थित मेरो भाईको कोठामा खाजा बनाई ठेलामा बेच्ने गर्ने गरेको पसलमा काम गर्न भनि पठाएकी हुँ। जाहेरवालीसँग रिसइवी भएको कारणले मलाई झुठ्ठा जाहेरी दिएकी हुन्। मैले मानव बेचबिखन तथा ओसार पसार गरेको मानिने कुनै पनि कार्य गरेको छैन। मैले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान देखाई पढि बाची पढीबाची सुनाउँदा सुनिपाए। सहिछाप मेरो हो तर व्यहोरामा केहि फरक गरि लेखिएको रहेछ। मैले मानव बेचबिखन तथा ओसार पसार नगरेको हुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले अदालत समक्ष गरेको बयान।

**९. थुनछेक आदेशः-**

प्रस्तुत मुद्दामा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरुले अहिले नै अभियोग दावी अनुसारको कसूर गरेका होइनन् भनी भन्न सकिने अवस्था नभएको हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादीहरु विष्णुमाया भन्ने सेतीमाया लोहनी र शंकर बहादुर कुँवरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम थुनामा राखी मुद्दाको पुपर्क्ष गर्ने प्रयोजनार्थ सोही संहिताको दफा ८० बमोजिम रीतपूर्वक थुनुवा पूर्जी दिई कारागार कार्यालय, लमजुङमा थुनामा राख्न पठाईदिनू भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरी दिएको छ।प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएको हुनाले जाहेरवाला, पीडित, घटना विवरण कागज गर्ने मानिस लगायतका वादी नेपाल सरकारका साक्षी जिल्ला सरकारी वकिल कार्यालय लमजुङ मार्फत बकपत्रको लागि उपस्थित गराउनु भनी बकपत्र हुने मिति तोकी जिल्ला प्रहरी कार्यालय लमजुङमा पत्राचार गरी सोको बोधार्थ जिल्ला सरकारी वकिल कार्यालय लमजुङलाई समेत दिनु र प्रतिवादीहरुका साक्षी समेत सोही दिन स्वयं प्रतिवादीहरुलाई नै उपस्थित गराउनको लागि प्रतिवादीलाई जानकारी गराई बकपत्रको लागि नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको २०७९।३।२४ को आदेश।

**१०. वादी पक्षका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** मिति २०७९।३।२० गते जिल्ला प्रहरी कार्यलय लमजुङमा गरेको कागज पढिबाची सुनाउदा सुनिपाए। सो मा भएको सहिछाप मेरो हो तर व्यहोरा मेरो होइन। सहिछाप गर्नु भनेको हुँदा सहि गरेको हुँ। प्रतिवादी सेतीमाया लोहनी प्रहरी हिरासतमा छन् भन्ने कुरा गाउँमा हल्ला सुनेर

थाहा पाएको हुँ। प्रहरीहरु मुचुल्काको लागि प्रतिवादी सेतीमाया लोहनीको घरमा जानुभएको रहेछ। हामीलाई प्रहरीले हामी सेतीमाया लोहनीको घरमा आएको हो भन्नुभएको थियो। किन आउनुभयो मलाई थाहा भएन। जाहेरवाली काठमाण्डौबाट बेसीशहर जिल्ला प्रहरी कार्यालयमा आउदा त्यहाँ बयान केके लिनु भयो मलाई थाहा भएन। जाहेरवालीले प्रहरी कार्यालयमा आउँदा १० हजार रुपैयाँ खर्च भएको छ भनी प्रतिवादी सेती माया लोहनीसँग प्रहरी कार्यालयमा पैसा मागेको र १० हजारमा कुरा मिलेर जानुभएको हो। पछि प्रतिवादी सेतीमाया लोहनीले उक्त १० हजार रुपैयाँ दिन सक्नु भएन त्यसपछि जाहेरी परेको हो भन्ने कुरा हल्ला भएको हुँदा मैले सुनेको हुँ भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने भेष बहादुर मगरले अदालत समक्ष गरेको बकपत्र।

**ख.** जाहेरवाला र प्रतिवादीहरुलाई चिन्दछु। निजहरु मेरो छिमेकी हुन् पीडित १६ वर्षकी हुन् वा २० वर्षकी हुन् मलाई थाहा भएन। जाहेरीमा १६ वर्षकी भनेर लेखेको भएर सोही अनुसार कागज बनाएको हुँदा सहि गरेको हुँ। जाहेरीमा सबै व्यहोरा लेखाएको छ, तपाईहरु सरकारी साक्षी हो कागजमा सहिछाप गर्नु भनेको हुँदा सहि गरेको हुँ। प्रहरी कार्यालयमा गरेको कागज व्यहोरामा सहि गर्दा तपाईले अदालतमा गएर आफ्नो कुरा भन्न पाउनुहुन्छ। अहिले यसमा सहि गर्नु भनेको हुँदा सहि गरेको हुँ। अरु कुरा मलाई थाहा छैन। प्रतिवादी शंकर बहादुर कुँवरले काठमाण्डौको स्वयम्भु भन्ने ठाउँमा होटेल सन्चालन गरेको थाहा नभए पछि होटलको नाम के हो सो पनि मलाई थाहा छैन। पीडितले विवाह गरेको हामिले देखेनौं। जाहेरवालाको छोरा बुहारी हुन् भन्ने गाउँमा सुनेको हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने क्षेत्रनिधि लोहनीले अदालत समक्ष गरेको बकपत्र।

**ग.** प्रस्तुत मुद्दामा पीडित मेरो भदैनी हुन्, प्रतिवादी मध्ये विष्णुमाया भन्ने सेतिमाया लोहनीलाई चिन्दछु भने अर्का प्रतिवादी शंकर बहादुर कुवँरलाई चिन्दिन। मिति २०७९।२।२९ मा मैले दिएको जाहेरी दरखास्तको व्यहोरा पढिवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले मिति २०७९।१।२६ गते पीडितलाई मकै गोड्न गएको ठाउँबाट ललाई फकाई आफ्नो घरमा लगी विभिन्न प्रलोभन देखाई सो रात आफ्नै घरमा राखी भोलिपल्ट काठमाण्डौमा मेरो एक जना आफन्त राम्रो शरीर भएको धनी केटा छ, उसले राम्रोसँग पाल्छ, लाउन खान दिन्छ भनी प्रलोभन देखाई निजको छोरीको पाइन्ट टिसर्ट र जुत्ता समेत लगाउन दिई बाटो खर्च भनी रु.१०००/- रुपैयाँ समेत दिई मोबाइल सेट समेत दिई माइक्रोबस चढाई निजको भाई अर्का प्रतिवादी शंकर बहादुर कुँवरको काठमाण्डौको स्वयम्भु स्थित होटलमा पठाएको हो। प्रतिवादी शंकर बहादुर कुँवरले मेरो भदिनी पीडित परिवर्तित नामथर ३८ (२३) लाई आफ्नो होटलमा राखी नेपाली भाषा नबोल्ने भारतिय मुलुकका जस्तो देखिने दुईजना मानिसहरुलाई कोठामा पठाई मेरो भदिनी पीडितलाई जवरजस्ती करणी गरेको भनी मलाई मेरो भदिनीले पछि भनेकी हुन्। प्रतिवादी शंकर बहादुर कुँवरले मेरो भदिनीलाई प्रहरीमा लिई जाँदा त्यहाँ तिमी माथी होटलमा भएका सबै कुरा कसैलाई केहि नभन्नु, भनिस् भने प्रहरीले थुन्छ, तेरो पनि बेइज्जत हुन्छ, भनिस् भने तलाई

मारेर फालिदिन्छु भनी भदिनीलाई धम्की दिएको हो। मेरो भदिनी पीडित हराउदा खोज्ने क्रममा ४० हजार रुपैयाँ खर्च भएको थियो। प्रहरी कार्यालयमा कागज गर्दा मैले जाहेरवालासँग मेरो भदिनी हराए वापतको रकम २० हजार माग्दा मेरो गल्ती भयो भनी प्रतिवादी सेतीमाया लोहनीले मलाई १० हजार दिने भनी सहमती भएको तर प्रतिवादी सेतीमाया लोहनीले १५ दिनसम्म पर्खिदा पनि रकम नदिएको हुँदा मैले जाहेरी दिएको हुँ। गाउँबाट २५ जना मानिस गाडी रिजर्भ गरेर प्रहरी चौकीमा ल्याउँदा खर्च भएको हुँदा केहि खर्च मागेको हुँ। प्रहरी चौकीमा प्रतिवादी सेतीमाया लोहनीले तपाईको भदिनीलाई मैले जानकारी नदिई काठमाण्डौ पठाउनु मेरो गल्ती भयो म रकम दिन तयार छु भनी भन्नुभएको थियो।हाम्रो समुदायमा भदैनीलाई बुहारी भन्छन्। निज पीडित मेरो भदिनी हुन्। प्रतिवादीहरुले पीडितलाई मैले खोज्दा लागेको खर्च नदिएकोले जाहेरी गरेकी हुँ। मेरो भदिनीलाई मैले सानै देखि पालेको हो। निजलाई मेरो जेठो छोरासँग विवाह गराएको होइन। भदैनी बुझिलिदा भदैनीको उमेर २० वर्ष भनी अनुमानमा लेखाएको हो भन्ने समेत व्यहोराको जाहेरवाला परिवर्तित नामथर २०७८/०७९-३८ (थ) कुमारीले अदालत समक्ष गरेको बकपत्र।

**११. प्रतिवादीका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनी भनेको सामान्य परिवारको व्यक्ति हुन्। निजहरु दुख गरेर आफ्नो जिवन गुजार्ने मानिस हुन्। निजलाई मानव बेचबिखनको मुद्दा लागेको रहेछ, उक्त कार्य गर्ने हैसियतको मान्छे निज सेतीमाया लोहनी होइनन्। निजले अहिलेसम्म नराम्रो काम गरेको हामीले थाहा पाएका छैनौ। निजले मानव बेचबिखन गरिन् जस्तो मलाई लाग्दैन। पीडित पहिले पनि आफ्नो घर छोडी हिड्ने गरेको र पीडितको परिवारले घरमा ल्याउदै राख्दै गरेको रहेछन्। पीडितले आफ्नो श्रीमान जाहेरवालीको छोरालाई छोडेर अन्यत्र जान खोजेको बुझिन्छ। सोही विषयमा आमा समुहमा छलफल भई जाहेरवाली र प्रतिवादीबीच १० हजार रुपैया दिने सहमती भएको रहेछ। रकम १५ दिन भित्र दिने सहमति भएकोमा प्रतिवादी सेतीमायाले रकम नपाएपछि जाहेरी परेको अवस्था रहेछ। प्रतिवादी सेतीमाया लोहनीले आफ्नो कुनै गल्ती नभएको हुँदा रकम दिन सक्दिन भनेर भनेकी थिइन्। अरुले उचालेको भरमा जाहेरी परेको हो। निजले मानब बेचबखिनको कार्य गरेकी छैनन। प्रतिवादी सेतीमाया लोहनीले पीडितलाई काठमाण्डौ पठाएको हो भन्ने सुनिन्छ। पीडितले प्रतिवादी सेतीमायासँग म काम गरेर खान्छु, काम गरेर खाने ठाउँ मिलाइदिनु भनेकी हुँदा सेतीमायाले पठाएको रहेछ। प्रतिवादी सेतीमायाले पीडित रोगजारी गरोस् भन्ने मनसायले पठाउनु भएको हो। पीडितको जाहेरवालीको छोरासँग १५ वर्षको उमेरमा बिहे गरेकी हुन्। अहिले पीडितको उमेर १७/१८ वर्ष हो भन्ने बुझिन्छ। पीडितले जाहेरवालीसँग आफ्नो दुख देखाएको कारण प्रतिवादी सेतीमाया लोहनीले माया लागी काम गरेर खाउन् भन्ने सोचले पठाएकी हुन्। प्रतिवादी सेतीमाया लोहनीलाई कानुनी कुरा थाहा नभएर पीडितको उद्दार गर्ने हिसाबले पठाएको हुनसक्छ। प्रतिवादी सेतीमाया लोहनीले बीचमा अलपत्र नपरोस् भनी आफ्नो मोबाइल दिई पठाएको बुझिन्छ। पीडित काठमाण्डौ नगएकी हुँदा अर्का प्रतिवादी शंकर बहादुर कुँवर रिसिभ गर्न

गएको बुझिन्छ। जाहेरवाला र पीडित नाताले फुपु भदैनी हुन्। निजहरु गाउँछिमेकका मानिसहरु भएको हुँदा सोध्ने क्रममा पीडित जाहेरवालीको बुहारी हुन् भन्ने थाहा पाएको हो। जाहेरवालीले कम उमेरकी बालिकालाई विवाह गरेको र आफु तल परिन्छ भन्ने सोची विवाह जाहेरवालीले विवाह गरेको होइन भन्नुभएको होला। बिहे गरेको प्रमाण केहि छैन भन्ने समेत व्यहोराको प्रतिवादी विष्णुमाया भन्ने सेतिमाया लोहनीको साक्षी विष्णु प्रसाद न्यौपानेले अदालत समक्ष गरेको बकपत्र।

**ख.** जाहेरवाली र मेरो घर अलिस टाढा नै पर्छ। प्रतिवादी सेतीमाया लोहनी र जाहेरवालाको घर नजिक नै पर्छ। जाहेरवाला धादिङबाट आएर केहि वर्ष अगाडी बस्नुभएको हो। निजहरु गिटी बालुवा कुटेर खाने मानिसहरु हुन्। प्रतिवादी सेतीमाया लोहनीले दुख गरेर आफ्नो जिवन गुजार्ने मानिस हुन्। पीडित प्रतिवादी सेतीमायाको घरमा रातको समयमा आई पीडितले सेतीमायासँग सासु ससुराले पिट्नुभयो, दुख दिनुभयो, म अन्यत्र गई काम गरेर खान चाहन्छु। मलाई कतै काम लगाईदिनु भनी आफ्नो दुख देखाएको हुँदा सेतीमायाले काठमाण्डौ पठाइदिनु भएको हो। यदि प्रतिवादी सेतीमाया लोहनीले पीडितलाई निजको इच्छा विपरित पठाउनु भएको भए पीडितको हातमा मोबाइल थियो, बाटोमा प्रहरीलाई फोन सम्पर्क गर्न सक्थिन् होला। पीडित आफ्नो खुशीले काम गरेर खान भनी काठमाण्डौ गएकी हुन्। विष्णुमाया भन्ने सेती लोहनीले अहिलेसम्म नराम्रो काम गरेको हामीले थाहा पाएका छैनौ। निजले मानव बेचबिखन गरिन् जस्तो मलाई लाग्दैन प्रतिवादी सेतीमाया लोहनीले पीडितलाई काठमाण्डौ पठाएको नपठाएको बारेमा मलाई थाहा छैन। पछि प्रहरीमा आई हेर्दा बुझ्दा प्रतिवादी सेतीमाया लोहनीले पीडितलाई जागिर खान काठमाण्डौ पठाएको भन्ने कुरा जानकारी पाएको हो। पीडित र जाहेरवाली नाताले फुपु भदैनी हुन्। निजहरुको आफ्नो नातामा पनि बहे गर्ने भएको हुँदा जाहेरवालीको छोरासँग बिहे भएको हो भनी गाउँमा सबैलाई थाहा छ। जाहेरवालीले मेरो छोरा बुहारी हुन् भनी गाउँघरमा भनि रहनु हुन्छ भन्ने समेत व्यहोराको प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीको साक्षी शेर बहादुर लोहनीले अदालत समक्ष गरेको बकपत्र।

**१२. वादीका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** मिति २०७९।२।३१ मा अनुसन्धान अधिकारी समक्ष गरेको कागजको व्यहोरा पढिवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। पीडित आफ्नो सासू ससुराबाट कुटपिट भएर लुगा च्यातिएको अवस्थामा दिदी प्रतिवादी सेजिमायाको घरमा रातीको समयमा आएपछि पीडितले म यहाँ आएको कुरा मेरो फुपूलाई नभनिदिनु, म फुपूको घरमा गए भने फुपूले निजको आँखा नदेख्ने छोरासँग विहे गरिदिनुहुन्छ, मलाई फुपूले मन लागेको ठाउँमा जान नदिने, घुम्न नदिने गर्नुहुन्छ, मेरो फुपूलाई नभनी दिनु, म पहिला पनि मन परेको केटासँग दुई ठाउँमा विहे गरेर गएको हो तर मेरो फुपूले आफ्नो छोरासँग विहे गर्दिनको लागि मलाई फर्काई ल्याएर राख्नुभएको हो भनी मेरी दिदी प्रतिवादी सेतिमाया लोहनीसँग भनेकी हुँदा दिदीले खबर नगर्नुभएको हो, बरु म फुपूको घरमा जान भन्दा मेरो धादिङमा बाबा र सौतेनी आमा हुनुहुन्छ ठेगाना पत्ता लगाएर म त्यही जान्छु भनेकी हुँदा फुपूलाई मैले र मेरो श्रीमान शंकर

कुवँरले पनि खबर नगरेका हौं। उक्त आखाँ नदेख्ने केटा भनेको आफ्नै फुपू सासूको छोरा पर्दछन भनी पीडितले हामीलाई बताएकी थिइन। पीडित हराउछिन भनेर मेरो श्रीमान प्रतिवादी शंकर बहादुर कुँवरले रिसिभ गर्न जानु भएको हो। पीडित हाम्रो कोठामा लगभग ६/७ दिन बसिन। पीडित हराएकी भनी जाहेरी परेको हुँदा पिडितको मोबाइलमा प्रहरीको फोन आई पीडितले फुपू भएको ठाउँमा जादै जान्न गयो भने फेरी फुपूको छोरासँग राख्छन भनी रोई कराई गरेर धादिङ जान्छु भनेकी हुँदा निज हराउछिन र हामी फस्छौ भन्ने सोची काठमाडौंमा प्रहरीलाई सम्पर्क गरी पीडितलाई मेरो श्रीमानले माइक्रो चढाएर पठाउनु भएको हो। प्रतिवादी शंकर बहादुर कुँवरको होटल छैन। हामी डेरा गरी दुई वटा कोठा लिई बस्छौं। हामी उक्त घरमा डेरा कोठा गरी बसेको आठ वर्ष भयो। पीडितलाई हामीले यौनधन्दामा लगाउको भए उक्त घरको घरबेटीले हामीलाई सोही समयमा नै निकालि दिनुहुन्थ्यो। पीडित हामीसँग बस्दा टिकटक बनाउने आफ्नो खुसीशँग बसेकी थिइन। हामी त्यहाँ कसरी बसेका थियौ भनी त्यहाँका छिमेकीहरुसँग सोध्छ्र सक्नु हुन्छ। पीडित लमजुङमा आएपछि जाहेरवाला र आमा समूहरु लमजुङ चौकीमा आई छलफल हुँदा पीडितले मलाई धादिङ मेरो बुबा भएको ठाउँमा जान्छु भनी भनेकी रहिछन। छलफल हुँदा जाहेरवालीले पीडित मेरो भदिनी हराएको बेला निजलाई खोज्दा ३०/४० हजार रुपैयाँ खर्च भएको छ भन्दा १० हजार रुपैयाँ दिने सहमति भएको रहेछ। सो सहमतिमा धम्की दिई सहिछाप गर्न लगाउनु भएको रहेछ। उक्त रकम १५ दिनभित्र दिने सल्लाह भएको र १५ दिनभित्र नदिए मानव बेचविखनमा मुद्दा हालिदिन्छु भनी धम्की दिएकी रहेछन्। उक्त रकम नदिएको हुँदा प्रस्तुत मुद्दा हालेकी रहेछिन्। पीडितलाई हामिले बन्धक बनाएर राखेको हो भने निजले कसरी टिकटक भिडियो बनाइन, कसरी खुल्ला वातारणमा घुम्दै हिडिन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने तारा कुँवरले अदालत समक्ष गरेको बकपत्र।

**ख.** मैले मिति २०७९।२।३० र २०७९।३।१५ गते गरेको कागजको व्यहोरा पढिवाची सुनाउँदा सुनिपाएँ, सोमा भएको सहिछाप र व्यहोरा मेरो हो। प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले मलाई चार पाँच दिन अघि देखि पनि राम्रो केटा छ, धनी केटा छ काठमाण्डौमा जाउ भनी फकाइरहनु भएको थियो। तिमीलाई जान मन भए मलाई फोन गर भनी प्रतिवादी सेतीमाया लोहनीले आफ्नो फोन नम्बर समेत दिनुभएको थियो। मिति २०७९।१।२६ गते मलाई मकै गोड्न गएको ठाउँबाट ललाई फकाई मेरो फुपुलाई केहि थाहा जानकारी नदिई फुपुहरुले देख्छ लुकी लुकी आउ भनी आफ्नो घरमा लगी विभिन्न प्रलोभन देखाई सो रात आफ्नै घरमा राखी भोलिपल्ट काठमाण्डौमा मेरो एक जना आफन्त राम्रो शरीर भएको धनी केटा छ, उसले राम्रोसँग पाल्छ, लाउन खान दिन्छ भनी प्रलोभन देखाई निजको छोरीको पाइन्ट टिसर्ट र जुत्ता समेत लगाउन दिई बाटो खर्च भनी रु.१०००।— रुपैयाँ समेत दिई निजको आफ्नो मोबाइल सेट समेत दिई माइक्रोबस चढाई निजको भाई अर्का प्रतिवादी शंकर बहादुर कुँवरको काठमाण्डौको स्वयम्भु स्थित होटलमा पठाएको हो। बाटोमा जादै गर्दा पनि कहाँ आइपुग्यौ भनी मलाई पटक पटक प्रतिवादी सेतीमाया लोहनीले दिनुभएको मोबाइलमा

अर्का प्रतिवादी शंकर बहादुर कुँवरले फोन गरिरहनुहुन्थ्यो। म काठमाण्डौमा पुगेपछि प्रतिवादी शंकर बहादुर कुँवरले मलाई काठमाण्डौको स्वयम्भुमा मलाई लिन आउनु भएको हो। बाटोमा जाँदै गर्दा निजले मलाई रामाइलो ठाउँ छ भन्दै लैजानु भएको हो। प्रतिवादी शंकर बहादुर कुँवरले उनीहरुको एउटा कोठामा दुई दिनसम्म मलाई थुनेर राखी उक्त कोठामा नेपाली भाषा नबोल्ने भारतिय मुलुकका जस्तो देखिने दुईजना मानिसहरु मास्क लगाएर कोठामा पठाई मलाई जवरजस्ती करणी गर्न लगाएको हो। प्रतिवादी शंकर बहादुर कुँवरले मलाई प्रहरीमा लिई जाँदा त्यहाँ तिमी माथी होटलमा भएका सबै कुरा कसैलाई केहि नभन्नु, भनिस् भने प्रहरीले थुन्छ, तेरो पनि बेइज्जत हुन्छ, भनिस् भने तलाई मारेर फालिदिन्छु भनी मलाई धम्की दिएको हो। भनिस् भने त आफै फस्छस् भनी भनेकोले म डराएर प्रहरीमा केहि पनि नभनेको हुँ। काठमाण्डौमा प्रतिवादी शंकर बहादुर कुँवर दुई वटा कोठा लिई बस्नु भएको रहेछ। उक्त कोठामा सटर थिएन। एउटा कोठामा होटल अर्को कोठामा सुत्ने थियो भन्ने समेत व्यहोराको पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) ले अदालत समक्ष गरेको बकपत्र।

**१३. प्रतिवादीका साक्षीले अदालत समक्ष गरेको बकपत्रः-**

प्रतिवादी शंकर बहादुर कुँवर सज्जन र इमान्दार मानिस हुन्। निज नेपाल आर्मिबाट पेन्सन आएर एक दुई वर्ष घरमा बसेका थिए। त्यसपछि निज काठमाडौं गई दुई वटा सानो कोठा भाडामा लिई आमा केटाकेटी सहित बस्दै आएका हुन्। निजले सानो सानो व्यापार गरी मम बनाई बाटोमा बेच्ने गरेको मैले देखेको छु। मेरो काठमाडौंमा छोराको घर भएको हुँदा म आउने जाने गर्दा निजको कोठामा पसेको थिएँ। निजहरु बस्ने कोठा सानो रहेको छ। उक्त कोठामा सटर छैन। उक्त दुई वटा कोठामा ७०/८० बर्षकी आमा, नाति नातिनी एउटा कोठामा बस्छन भने अर्को कोठामा प्रतिवादी शंकर बहादुर कुँवरका श्रीमान श्रीमती सुत्ने र सोही कोठामा मम बनाउने गर्छन। मम बनाउने कोठामा भान्सा पनि त्यही छ बस्ने ठाउँ पनि नभएको ठाउँमा जबरजस्ती करणी भयो होला जस्तो मलाई लाग्दैन भन्ने समेत व्यहोराको प्रतिवादी शंकर बहादुर कुँवरको साक्षी अर्जुन बहादुर पाण्डेले अदालत समक्ष गरेको बकपत्र।

**१४. आदेशः-**

मिति २०७९।३।१२ गतेको बरामदी र खानतलासी मुचुल्का एवं प्रतिवादी शंकर बहादुर कुँवरले कोठा भाडा लिई बसेको विवरण खुलाइएको सम्बन्धी मिति २०७९।३।१२ को मुचुल्कामा बस्ने जानकी बस्नेत समेतका मानिसहरुको बकपत्र हुन आवश्यक रहेको भनी वादी एवं प्रतिवादी दुवै पक्षको माग हुँदा उल्लिखित मानिस जानकी बस्नेत समेतको बकपत्रको लागि मिति तोकी जिल्ला सरकारी वकिल कार्यालय लमजुङ मार्फत यस अदालतमा उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालय, लमजुङमा पत्राचार गरी सो को जानकारी जिल्ला सरकारी वकिल कार्यालय लमजुङ र प्रतिवादी समेतलाई दिनू। साथै पीडितको शारीरिक परीक्षण गरी प्रतिवेदन दिने जिल्ला अस्पताल लमजुङका विशेषज्ञ डाक्टर अमूल्य सोतीको प्रतिवेदनका सम्बन्धमा बकपत्र गर्नुपर्ने भएकोले विशेषज्ञको बकपत्र हुने मिति तोकी निज विशेषज्ञलाई यस अदालतमा उपस्थित गराई सहयोग गरि दिन हुन भनी पीडितको शारीरिक परीक्षण प्रतिवेदनको फोटोकपी साथै राखी जिल्ला अस्पताल

लमजुङमा पत्राचार गरी विशेषज्ञको बकपत्र हुने मितिको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, लमजुङ र प्रतिवादीलाई समेत दिनू भन्ने समेत व्यहोराको मिति २०७९।८।२० को आदेश।

**१५. विशेषज्ञ डाक्टरले अदालत समक्ष गरेको बकपत्रः-**

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितले हिस्ट्रिमा भने अनुसार विष्णु नाम गरेकी छिमेकी महिलाले काठमाडौंमा तेरो एउटा केटासँग विहे गरिदिन्छु, घर गहना दिन्छन् भेनर पीडितलाई सम्झाएकी थिइन। प्रतिवादी विष्णु मायाले पीडितलाई गाडीमा राखेर शंकर भन्ने मान्छेले तलाई काठमाडौंमा लिन आउँछ भनी पठाएकी हुन्। प्रतिवादी शंकर कुँवरले पीडितलाई स्वयंभूको होटलमा लगिउक्त होटलको कोठामा दुई जना अपरिचित मानिस पठाएको र पीडितलाई पटक पटक करणी गरेका हुन् भनी बताएकी थिइन्। पछि पीडितले निजको फुपूलाई सबै कुरा बताएपछि फुपूले प्रहरीको सहायतले पीडितलाई काठमाडौंबाट उद्धार गरी लिएर आएका हुन् भनी बताएकी थिइन्। पीडितको बाहिरी अंग परीक्षण प्रतिवेदन हेर्दा ढाँडमा र दाहिने घुँडामा पुरानो घाउँको दागहरु थियो। पीडितको भित्र अंग परीक्षण प्रतिवेदन हेर्दा पीडितको कन्या जाली पुरानो निको भएको च्यातिएको (2, 3, 6 and 11 O' Clock) अवस्थामा थियो। कन्याजाली करणी बाहेक अन्य कारणले पनि च्यातिन सक्छ, जस्तैः- कुनै बाह्य बस्तु प्रवेश भएमा, खेलकुद तथा शारीरिक व्यायाम गर्दा पनि हुन सक्छ भन्ने समेत व्यहोराको डा.अमूल्य सोतीले अदालत समक्ष गरेको बकपत्र।

**१६. मुचुल्कामा सहिगर्ने मानिसले अदालत समक्ष गरेको बकपत्रः-**

**क.** मिति २०७९।९।१२ गतेको बरामदी तथा खानतलासी मुचुल्कामा भएको सहिछाप मेरो हो। म काठमाण्डौ स्थित स्वयम्भु भगवान पाउ स्थित जानकी बस्नेतको घरमा एउटा कोठा भाडामा लिई बसेको १८ वर्ष भयो। सोही घरमा प्रस्तुत मुद्दामा प्रतिवादी बनाईएका शंकर बहादुर कुँवर पनि दुई वटा कोठा भाडामा लिई बसेको आठ वर्ष भयो। उक्त घर तिन तले रहेको छ र १० वटा कोठा छ। यि प्रतिवादी पहिलो तलामा दुई वटा कोठा लिई एउटा कोठामा भान्छा बनाएका र अर्को कोठामा शंकर बहादुर कुँवर सुत्ने गर्दछन्। निजहरुले कोठामा व्यवसाय सञ्चालन गरेका होइनन्। निजहरुले ठेलामा भगवान पाउ चोक स्थित बेलुकामा मःम बनाएर बेच्ने गर्दथे। प्रस्तुत मुद्दामा पीडित भनिएकीको जुत्ता घरमा आउने बेलामा निजले कोठामा बिर्सेर छोडेर निज आफ्नो घरमा गएकी हुन्। घरभेटीले बेलुकाको ९ बजे नै ढोका सबै बन्द गर्नुहुन्छ। घरबेटीले त्यस्तो नराम्रो मान्छेहरु कोहीलाई पनि घरमा आउन दिनुहुन्न र हामीले पनि अहिले सम्म उक्त घरमा त्यस्तो मान्छे आएको देखेको छैन। पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले आफ्नै बहिनी जस्तो मान्ने र शंकरको आमाले आफ्नै छोरी जस्तो गरी राखेका थिए। प्रतिवादी शंकर कुँवरको छोरी र पीडित दिदी बहिनी भएर बसी मोबाइल हेर्ने टिकटक बनाउने गर्दथे। प्रतिवादी बस्ने कोठामा राखी पीडितलाई जवरजस्ती करणी गर्न लगाएको भन्ने कुरा झुठ्ठा हो। हामी बसेको घरमा बाहिरी नचिनेको मान्छेको आवतजावत कहिल्यै पनि भएन। यि प्रतिवादीहरु निर्दोष छन्, निजहरुलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको गोकुल बहादुर थापा मगरल अदालत समक्ष गरेको बकपत्र।

**ख.** मिति २०७९।३।१२ गतेको बरामदी तथा खानतलासी मुचुल्कामा भएको सहिछाप मेरो हो। म काठमाण्डौ स्थित स्वयम्भु भगवान पाउ स्थित २०४४ सालदेखि घर बनाएर बसेकी हुँ। मेरो घरमा तिन तले रहेको छ र १० वटा कोठा छ। प्रस्तुत मुद्दामा प्रतिवादी बनाईएका शंकर बहादुर कुँवर मेरो घरमा दुई वटा कोठा भाडामा लिई बसेको आठ वर्ष भयो। यि प्रतिवादी पहिलो तलामा दुई वटा कोठा लिई एउटा कोठामा भान्छा बनाएका र अर्को कोठामा शंकर बहादुर कुँवर र निजको श्रीमती सुत्ने गर्दछन्। निजहरुले कोठामा व्यवसाय सञ्चालन गरेका होइनन्। मेरो घरको अगाडी खाली ठाउँ रहेको छ र उक्त ठाउँमा निज प्रतिवादीले ठेलामा बेलुकामा मःम बनाएर बेच्ने गर्दथे। प्रस्तुत मुद्दामा पीडित भनिएकीको जुत्ता धोएर राखेको थियो र पीडित घरमा आउने बेलामा निजले कोठामा बिर्सेर छोडेर निज आफ्नो घरमा गएकी हुन्। मैले बेलुकाको ९ बजे नै ढोका सबै बन्द गर्छु। मैले त्यस्तो नराम्रो मान्छेहरु कोहीलाई पनि घरमा आउन दिन्न र अहिले सम्म उक्त घरमा त्यस्तो मान्छे आएको पनि छैन। पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले आफ्नै बहिनी जस्तो मान्ने र शंकरको आमाले आफ्नै छोरी जस्तो गरी राखेका थिए। प्रतिवादी शंकर कुँवरको छोरी र पीडित दिदी बहिनी भएर बसी मोबाइल हेर्ने टिकटक बनाउने गर्दथे। यि प्रतिवादी शंकर बहादुर कुँवरको काठमाण्डौमा होटल छैन। दुई कोठा लिई बसेका र बेलुका भगवान पाउ स्थित चोकमा ठेलामा मम बनाएर बेच्ने गर्दथे। प्रतिवादी बस्ने कोठामा राखी पीडितलाई जवरजस्ती करणी गर्न लगाएको भन्ने कुरा झुठ्ठा हो। हामी सबै राम्रो परिवार भई एउटै घरमा बसेका थियौं। निजहरु मेरो घरमा बसेको आठ वर्ष भयो। यदि त्यस्तो नराम्रो काम गर्ने भए मैले राख्ने थिइन। निज प्रतिवादी शंकर बहादुर कुँवर एकदम राम्रो भलादमी मानिस हुन्। मैले मात्र नभई हामी बस्ने चोकमा सबैले शंकरलाई चिनेका छन्। सबैलाई निजको बारेमा त्यस्तो नराम्रो काम गर्दैन भन्ने थाहा छ। प्रस्तुत मुद्दाकी पीडित शंकरको घरमा बस्दा एकमद खुशी थिइन्। निज घुम्ने रमाउने गरेकी थिइन्। म बस्ने घर नजिक आर्मीको क्वाटर छ। त्यस्तो नराम्रो मानिसहरु कहिल्यै पनि आउदैनन्। प्रतिवादीले आफ्नो गाउँको चेलीबेटी जस्तो मानेर माया गरेर राखेको हुँदा निजहरुलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको जानकी बस्नेतले अदालत समक्ष गरेको बकपत्र।

**ग.** मिति २०७९।३।१२ गतेको डोर मुचुल्कामा भएको सहिछाप मेरो हो। म काठमाण्डौ स्थित स्वयम्भु भगवान पाउ स्थित जानकी बस्नेतको घरमा एउटा कोठा भाडामा लिई बसेको १४/१५ वर्ष भयो। सोही घरमा प्रस्तुत मुद्दामा प्रतिवादी बनाईएका शंकर बहादुर कुँवर पनि दुई वटा कोठा भाडामा लिई बसेको आठ वर्ष भयो। उक्त घर तिन तले रहेको छ र १० वटा कोठा छ। यि प्रतिवादी पहिलो तलामा दुई वटा कोठा लिई एउटा कोठामा भान्छा बनाएका उक्त भान्छा कोठामा प्रतिवादीको आमा, छोरी, भान्जी पीडित सुत्ने गर्दथे भने अर्को कोठामा शंकर बहादुर कुँवर र निजको श्रीमती सुत्ने गर्दछन्। निजहरुले कोठामा होटल व्यवसाय सञ्चालन गरेका होइनन्। हामी बस्ने घर नजिक खाली चौर ठाउँ रहेको छ। उक्त खाली ठाउँमा निजहरुले ठेलामा बेलुकामा मःम बनाएर बेच्ने गर्दथे। घरभेटीले बेलुकाको ९ बजे नै ढोका

सबै बन्द गर्नुहुन्छ। घरबेटीले त्यस्तो नराम्रो मान्छेहरु कोहीलाई पनि घरमा आउन दिनुहुन्न र हामीले पनि अहिले सम्म उक्त घरमा त्यस्तो मान्छे आएको देखेको छैन। पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले आफ्नै बहिनी जस्तो मान्ने र शंकरको आमाले आफ्नै छोरी जस्तो गरी राखेका थिए। प्रतिवादी शंकर कुँवरको छोरी र पीडित दिदी बहिनी भएर बसी मोबाइल हेर्ने टिकटक बनाउने गर्दथे। यि प्रतिवादी शंकर बहादुर कुँवरको काठमाण्डौमा होटल छैन। दुई कोठा लिई बसेका र बेलुका भगवान पाउ स्थित चोकमा ठेलामा मम बनाएर बेच्ने गर्दथे। प्रतिवादी बस्ने कोठामा राखी पीडितलाई जवरजस्ती करणी गर्न लगाएको भन्ने कुरा झुठ्ठा हो। हामी बसेको घरमा बाहिरी नचिनेको मान्छेको आवतजावत कहिल्यै पनि भएन। यि प्रतिवादीहरु निर्दोष छन्। निजहरुलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको डोर मुचुल्काका मानिस देवकी विष्टले अदालत समक्ष गरेको बकपत्र।

**घ.** मिति २०७९।३।१२ गतेको डोर मुचुल्कामा भएको सहिछाप मेरो हो। म काठमाण्डौ स्थित स्वयम्भु भगवान पाउ स्थित जानकी बस्नेतको घरमा एउटा कोठा भाडामा लिई बसेको ९ वर्ष भयो। सोही घरमा प्रस्तुत मुद्दामा प्रतिवादी बनाईएका शंकर बहादुर कुँवर पनि दुई वटा कोठा भाडामा लिई बसेको आठ वर्ष भयो। उक्त घर तिन तले रहेको छ र १० वटा कोठा छ। यि प्रतिवादी पहिलो तलामा दुई वटा कोठा लिई एउटा कोठामा भान्छा बनाएका उक्त भान्छा कोठामा प्रतिवादीको आमा, छोरी, भान्जी पीडित सुत्ने गर्दथे भने अर्को कोठामा शंकर बहादुर कुँवर र निजको श्रीमती सुत्ने गर्दछन्। प्रतिवादी शंकर सुत्ने कोठा र मेरो कोठा आमने सामने छ। निजहरुले कोठामा होटल व्यवसाय सञ्चालन गरेका होइनन्। हामी बस्ने घर नजिक खाली चौर ठाउँ रहेको छ। उक्त खाली ठाउँमा निजहरुले ठेलामा बेलुकामा मःम बनाएर बेच्ने गर्दथे। घरभेटीले बेलुकाको ९ बजे नै ढोका सबै बन्द गर्नुहुन्छ। घरबेटीले त्यस्तो नराम्रो मान्छेहरु कोहीलाई पनि घरमा आउन दिनुहुन्न र हामीले पनि अहिले सम्म उक्त घरमा त्यस्तो मान्छे आएको देखेको छैन। पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले आफ्नै बहिनी जस्तो मान्ने र शंकरको आमाले आफ्नै छोरी जस्तो गरी राखेका थिए। प्रतिवादी शंकर कुँवरको छोरी र पीडित दिदी बहिनी भएर बसी मोबाइल हेर्ने टिकटक बनाउने गर्दथे। यि प्रतिवादी शंकर बहादुर कुँवरको काठमाण्डौमा होटल छैन। दुई कोठा लिई बसेका र बेलुका भगवान पाउ स्थित चोकमा ठेलामा मम बनाएर बेच्ने गर्दथे। प्रतिवादी बस्ने कोठामा राखी पीडितलाई जवरजस्ती करणी गर्न लगाएको भन्ने कुरा झुठ्ठा हो। हामी बसेको घरमा बाहिरी नचिनेको मान्छेको आवतजावत कहिल्यै पनि भएन। पीडित प्रतिवादी शंकरकोमा बस्न आएको धेरै भएको थिएन। निज पीडितसँग कुराकानी गर्दा म गाउँमा दुख पाएर बसेको र निजको फुपुले फुपुको लाटो छोरासँग बिहे गरिदिएको र शंकरको दिदीले मलाई दुख पाएको हुँदा शंकरकोमा निजको छोरी हेर्ने र घरमा भएका काम गरि खान भनी पठाउनु भएको हो भनी हासीखुशी हामीसँग कुराकानी गरेकी थिइन्। यि प्रतिवादीहरु निर्दोष छन्। निजहरुलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको डोर मुचुल्काका मानिस सलिना डाँगी क्षेत्रीले अदालत समक्ष गरेको बकपत्र।

**ठहर खण्डः-**

१७. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल कागज अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री जीवनिधी पौडेल एवं सहायक जिल्ला न्यायाधिवक्ता श्री राज कुमार श्रेष्ठले प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले पीडित बालिका परिवर्तित नाम ०७८।०७९-३८ (२३) लाई निजको कमजोर आर्थिक अवस्थाकाको फाइदा उठाई निजलाई सुखद जिवनको अनुचित प्रलोभन देखाई ललाई फकाई निजको अभिभावकको सल्लाह र मंजुरी बिना लमजुङबाट अर्का प्रतिवादी शंकर बहादुर कुवँर बसेको स्थान काठमाडौंमा पठाई प्रतिवादी शंकर बहादुर कुवँरले पीडित बालिकालाई आफ्नो होटलमा लगि श्रमशोषण गर्नुका साथै अन्य व्यक्ति संग करणी गराएको तथ्य जाहेरवालाको जाहेरी दरखास्त एवं बकपत्र, पीडितको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान, पीडितको अदालतमा भएको बकपत्र र पीडितको शारिरिक परिक्षण प्रतिवेदन समेतका प्रमाणबाट पुष्टि भएको हुँदा प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम फैसला होस भनी गर्नु भएको बहस सुनियो।

१८. प्रतिवादीका तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री हिमराज गिरी र विद्धान अधिवक्ता श्री तिलक प्रसाद कोइरालाले प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारीका साथै अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण रुपमा इन्कार रहेका छन। जाहेरवाला वारदातकी प्रत्यक्षदर्शी होइनन। पीडितले स्वयं आफ्नो उमेर बीस बर्ष भएको र फुपूको घरमा दुःख पाएका कारण कतै काम खोजिदिनु भनी प्रतिवादी सेतिमाया लोहनीसँग रोएकी हुँदा पीडित बालिकाकै हितको लागि प्रतिवादी शंकर बहादुर कुवँरको घरमा सामान्य कामकाज गर्ने कामको लागि काठमाडौं पठाएको सम्म हो। पीडितले जाहेरवालाको डरले झुठा बकपत्र गरेकी हुन। पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले प्रहरीलाई नै जानकारी गराई सुरक्षित साथ लमजुङ पठाएका छन। प्रतिवादी शंकर बहादुरको काठमाडौंमा कुनै होटल नभएको तथ्य वादी प्रतिवादी दुबै पक्षका साक्षीको बकपत्रबाट स्पष्ट भएको छ। पीडितलाई अरु व्यक्ति संग यौन सम्पर्क गराएको भन्ने भनाई कपोलकल्पीत र झुठा रहेको तथ्य स्वयं वादी पक्षका साक्षी गोकुल बहादुर थापा घरबेटी जानुकी बस्नेत समेतको बकपत्रबाट प्रमाणित भएको छ। तसर्थ प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसुर नगरेको हुँदा आरोपित कसुरबाट सफाइ हुने फैसला होस भनी गर्नु भएको बहस सुनियो।

१९. उल्लिखित बहस सुनि मिसिल समेत अध्ययन गरी हेर्दा प्रतिवादीहरुले अभियोग दावी बमोजिमको कसुर गरेका हुन वा होइनन र प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय हुने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२०. निर्णय तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले अभियोगपत्रमा प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले वर्ष १६ की नाबालक पीडित परिवर्तित नाम ०७८।०७९-३८ (२३) लाई काठमाडौंमा धनी र राम्रो केटा छ राम्रो लाउन मिठो खान पाइन्छ उ संग विवाह गरे शुख पाइन्छ भनी ललाई फकाई प्रलोभन देखाई मिति २०७९।१।२७ गते लमजुङबाट काठमाण्डौ स्थित प्रतिवादी शंकर बहादुर कुँवरकोमा पठाएको र प्रतिवादी शंकर बहादुर कुँवरले पीडित परिवर्तित

नाम ०७८।०७९-३८ (२३) लाई काठमाडौं स्थित आफ्नो कोठामा राखी भारतिय मुलका जस्ता देखिने व्यक्तिबाट जवरजस्ती करणी समेत गराई निज प्रतिवादीहरुले मानव बेचविखन तथा ओसारपसारको कसुर गरेको हुँदा प्रतिवादी शंकर बहादुर कुँवरलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले निषेधित तथा सोही ऐनको दफा ४ को  उपदफा (१) समेतले परिभाषित कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र अर्का प्रतिवादी बिष्णुमाया भन्ने सेतिमाया लोहनीलाई सोही मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले निषेधित, दफा ४ को उपदफा (२) को देहाय खण्ड (ख) ले परिभाषित कसूरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को देहाय नं. २ बमोजिम सजाय हुन अनुरोध छ। साथै प्रस्तुत कसूर नैतिक पतन देखिने फौजदारी कसूर रहेको हुँदा सोही ऐनको दफा २२ बमोजिम नैतिक पतन देखिने कसूर कायम गरी पाउ साथै प्रस्तुत मुद्दा सोही ऐनको दफा २७ ले बन्द इजलासबाट कारवाही हुने हुँदा सो कार्यविधि प्रयोग हुन तथा निरन्तर सुनुवाईमा राखी मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को उपदफा (१) मा व्यवस्था भए अनुसार कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निज प्रतिवादीहरुबाट पीडितलाई क्षतिपूर्ति दिलाई पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क वापतको रकम कसुरदारवाट पीडित राहतकोषमा दाखिला समेत गराई पाउँ भनी मागदावी लिएको देखिन्छ।

२१. प्रस्तुत मुद्दामा जाहेरवाला परिवर्तित नामथर २०७८।०७९-३८ (थ) कुमारीले दिएको जाहेरी दरखास्त हेर्दा मिति २०७९।१।२६ गतेका दिन भदैनी पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) घरडेराबाट मकै गोडन भनी गएकीमा फर्कि नआएकी र खोज तलासको लागि प्रहरी कार्यालयमा निवेदन समेत दिएकोमा पछि खोज तलास भई निज पीडितलाई बुझदा प्रतिवादी बिष्णुमाया भन्ने सेतीमाया लोहनीले मेरो भदैनी बर्ष १६ की परिवर्तित नामथर २०७८।०७९-३८ (२३) लाई काठमाडौंमा धनी र राम्रो केटा छ राम्रो लाउन मिठो खान पाइन्छ उ संग विवाह गरे शुख पाइन्छ भनी ललाई फकाई प्रलोभन देखाई मिति २०७९।१।२७ गते लमजुङबाट काठमाण्डौ स्थित प्रतिवादी शंकर बहादुर कुँवरकोमा पठाएको र प्रतिवादी शंकर बहादुर कुँवरले पीडित परिवर्तित नाम ०७८।०७९-३८ (२३) लाई काठमाडौं स्थित आफ्नो कोठामा राखी भारतिय मुलका जस्ता देखिने व्यक्तिबाट जवरजस्ती करणी समेत गराई मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर गरेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भनी उल्लेख गरेको देखिन्छ। निज जाहेरवालाले अदालतमा उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई समर्थित हुने गरी बकपत्र गरेको पाइन्छ।

२२. पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) ले अधिकार प्राप्त अधिकारी समक्ष मुद्दा अनुसन्धानको क्रममा बयान गर्दा मेरो बाबुले दोस्रो विवाह गर्नु भएको र मेरो आमा समेत अर्कैसँग बिबाह गरी जानु भएको हुँदा मेरो उमेर ६ बर्षको हुँदादेखि मलाई मेरो फुपु जाहेरवाला परिवर्तित नामथर २०७८।०७९-३८ (थ) कुमारीले संरक्षण दिई मेरो पालनपोषण गर्दै आउनु भएको छ। मिति २०७९।१।२६ गते बिहान म मकै गोड्नको लागि एक्लै बारीमा गएको अबस्थामा प्रतिवादी

विष्णुमाया भन्ने सेतीमाया लोहनीले काम छ भनी आफ्नो घरमा लिएर गई नास्ता खान दिई तिमी दुःख पाएकी छौं। काठमाण्डौमा धनी केटा छ सुनका गहना लगाउन दिई मिठो खान दिन्छ भनी बिभिन्न किसिमका प्रलोभन देखाई ललाई फकाई गरे पश्चात मेरो मन पनि परिवर्तन भई त्यो दिन म निज बिष्णुमाया भन्ने सेतीमाया लोहनीको घरमा निजसँगै सुतेकी हुँ। भोली पल्ट ऐे, २७ गते बिहान निज बिष्णुमायाले आफ्नो छोरीको पाईन्ट टिसर्ट, जुत्ता लगाउन दिई ९८६००६९४१३ नम्वरको सिमकार्ड सहित मोबाईल तथा काठमाण्डौ जान भनी बाटो खर्च रु.१,०००/- दिई काठमाण्डौ जाने माईक्रो बसमा चढाई स्वंयम्भु पुगेपछि निज शंकर भन्ने व्यक्तिले लिन आई निजले संचालन गर्ने होटलमा लगेका हुन्। निजले मलाई आफ्नो होटलको भुई तलाको कोठामा ३ दिनसम्म राखी मैले ननिचेका नेपाली भाषा नबोल्ने भारतिय मुलका जस्ता देखिने २ जना पुरुष व्यक्तिहरु उक्त होटलको म बसेको कोठामा आई मलाई पटक-पटक जवर्जस्ती करणी समेत गरेका हुन। सो पश्चातका दिनहरुमा मैले निजकै होटलमा मःम बनाउने, भाँडा माझने र सरसफाइ गर्ने लगायतका काम गरी दिन विताएकी थिए। जाहेरवालि फुपुले म हराएको भनी जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनु भएको रहेछ, त्यसपछि मिति २०७९।२।४ गते शंकर भन्ने व्यक्तिले मलाइ नजिकको प्रहरी कार्यालयमा बुझाइ लमजुङ पठाइदिएका हुन भनी उल्लेख गरेको पाइन्छ। निजले अदालतमा उपस्थित भई उल्लिखित मौकाको बयान बेहोरालाई समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ।

२३. प्रतिवादी विष्णु माया भन्ने सेतीमाया लोहनीले यस अदालतमा बयान गर्दा मिति २०७९।१।२६ गते राती अं.१२.१५ बजेको समयमा हामीहरु सुतिसकेको अवस्थामा निज पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) मेरो घरमा आई मेरो सासु ससुराले मलाई कुटपिट गरेको हुँदा ज्यान बचाउनको लागी आएको हो भनि रुदै भनेको हुँदा उक्त राती मेरी छोरी वर्ष २३ की संगिता लोहनीसँग सँगै सुतेकी हुन्। पीडितको दया माया लागी मैले दुख पाएकी आफ्नै छोरी जस्तै मानी काठमाण्डौ स्थित मेरो भाईको कोठामा खाजा बनाई ठेलामा बेच्ने गर्ने गरेको पसलमा काम गर्न भनि पठाएकी हुँ। जाहेरवालीसँग रिसइवी भएको कारणले मलाई झुठ्ठा जाहेरी दिएकी हुन्। मैले मानव बेचबिखन तथा ओसार पसार गरेको मानिने कुनै पनि कार्य गरेको छैन भनी कसुरमा इन्कार गरेको पाइन्छ। निज प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०७९।१।२६ गते राती अं.१२.१५ बजेको समयमा हामीहरु सुतिसकेको अवस्थामा निज पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) मेरो घरमा आई मलाई बोलाएको हुँदा म उठेर बुझ्दा निजले मलाई मेरो सासु ससुराले मलाई कुटपिट गरी सहन नसक्ने अवस्थामा भई आफ्नो ज्यान बचाउनको लागी आएको हो भनि रुदैं भनेकोले मलाई पनि दया माया लागी मेरो सहोदर भाई शंकर कुंवर काठमाण्डौ स्थित मःम पसल संचालन गरी बसेको र लगभग १ बर्ष पहिला मेरो भाईले पसलमा एक जना काम गर्ने मानिसको आवश्यक छ भनि भनेको र पीडितले मेरो उमेर २० बर्ष भयो भनि बताएको हुँदा मैले उमेर पुगेको महिला काम गरेर खाली धर्म हुन्छ भनि भाई शंकर बहादुर कुँवरसंग कुरा गरी निज पीडितको हितको लागी काठमाण्डौ सम्म जाने खर्च रु.४५०।- रुपैंया दिई मैले चलाउने ९८०६६६९८३५ नम्बरको सिम समेतको मोवाईल सेट दिई घरबाट मोटर बाटोमा झरी

काठमाण्डौ जाने माईक्रो बस रोकी सह-चालकलाई स्वयम्भुमा झार्दिनु भनी पठाएकी हुँ भनी उल्लेख गरेको पाइन्छ।

२४. प्रतिवादी शंकर बहादुर कुँवरले यस अदालतमा बयान गर्दा मिति २०७९।१।२७ गते बिहान मलाई दिदि सेतीमाया लोहनीले फोन गरी एक जना दुख पाएको २० बर्ष बढी उमेर पुगेको नानी हाम्रो घरमा आई घरमा मलाई सासु ससुराले कुटपिट तथा यातना दिने र श्रीमानले समेत मलाई वास्ता गर्दैनन् कँही कतै जागिर खोजी दिनु भनेकी छन, तेरो खाजा पसलमा काम गर्ने मान्छे चाहिएको छ भने म तलाई सम्पर्क गर्ने गरी पठाई दिन्छु भनी भन्नुभएको हुँदा मैले पठाईदिन भनेपछि निज पीडितलाई माईक्रो बसमा चढाई दिदीको सिम सहितको मोवाईल सेट समेत दिनुभएको रहेछ। मैले निज पीडितलाई स्वयम्भु चोकबाट रिसिभ गरी ल्याएको हो। पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) लाई मैले मानव बेचबिखन तथा ओसार पसार गरेको कार्य मानिने कुनै कसूर अपराध गरेको छैन। दिदी सेतीमायासँग भएको रिसइवीलाई लिएर मलाई समेत दुख हैरानी दिन सकिन्छ की भन्ने नियतले झुठ्ठा जाहेरी दरखास्त दिएकी हुन्। हामीहरुको काठमाण्डौमा होटल छैन, हामीहरु डेराकोठा गरी आफ्नो जिविको पार्जन गर्नको लागि आफ्नै कोठामा खाजाहरु बनाई ठेलामा चोकमा लगि बिक्री बितरण गर्छौं। पीडित परिवर्तित नामथर २०७८।०७९-३८ (२३) ले बयानमा खुलाई लेखाई दिए अनुसार निजलाई होटलको कोठामा बन्धक बनाई राखी अन्यत्र मानिसहरुसँग यौन सम्बन्ध राख्न् लगाएको होईन। पीडित भनिएकी महिलाले भनेको सबै कुराहरु झुठ्ठा र काल्पनिक हुन् भनी लेखाएको पाइन्छ। निजले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा म काठमण्डौ स्वयम्भु स्थित ७ बर्ष देखी मेरो श्रीमती, छोरी र आमासँगै २ वटा डेराकोठा भाडामा लिई सोही डेरा कोठामा मःम लगायत खाजाहरु तयार गरी ठेला गाडामा राखी बेच्ने गर्दछु। मिति २०७९।१।२६ गते बिहान मलाई निज सेतीमाया लोहनीले फोन गरी एक जना दुःख पाएको २० बर्ष उमेर पुगेको नानीको बारेमा सबै कुरा बताएपछि मैले मेरो खाजा पसलमा काम गर्छिन पठाईदिनु भनेपछि दिदीले काठमाण्डौ पठाउनुभएकोमा पीडितलाई मैले स्वयम्भु चोकबाट रिसिभ गरी ल्याएको हो। पीडित आउनु भन्दा अगाडी नै २० बर्ष उमेरकी मेरो भान्जी, ७ बर्षका मेरो सालीको छोरा पनि हामीहरुसँगै थिए। हामीहरुको २ वटा कोठा मध्ये एउटा कोठामा हामी श्रीमान श्रीमती र अर्को कोठामा निज पीडित, मेरो छोरी, मेरो भान्जी, मेरो सालीको छोरा र मेरो आमा एउटै कोठामा सुतेका थिए। सो पछिका दिनहरुमा पीडितले हामीहरुलाई मःम लगायत खाजाहरु बनाउने काममा सघाउने गर्दथिन्। निज गाउँघरमा हुर्किएकी हुँदा पीडितकै सुरक्षालाई समेत ध्यानमा राखी हामीहरुले निजलाई खाजा बिक्री बितरण गर्नको लागि चोकतिर समेत नलगी मेरो छोरी र आमासँगै बस्न लगाउने गर्दथियौ। निज यताबाट गएको ७/८ दिन पछाडी निजको मोबाईलमा निजका आफन्त र प्रहरीको फोन आएकोमा निजले हामीहरुसँग मलाई प्रहरीमा हराएको भनि मेरो फुपुले केश गर्नु भएको रहेछ म अब भागेर धादिङ जान्छु भनेकी हुँदा निज भोली कही कतै हराउलिन् र हामीलाई समेत समस्या पर्न सक्छ भन्ने सोच बिचार राखी हामीहरु बस्ने कोठा नजिकै रहेको स्वयम्भु प्रहरी बृतमा लगि निज हराएको भन्ने बिषयमा जानकारी गराई प्रहरीकै सामुन्ने लमजुङ जाने माईक्रोमा चढाई दिएका हौ भनी उल्लेख गरेको पाइन्छ।

२५. प्रस्तुत मुद्दामा जाहेरवालाको जाहेरी दरखास्त एवं निजले अदालतमा गरेको बकपत्र, पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) ले अदालतमा उपस्थित भई गरेको बकपत्र र प्रतिवादीहरु विष्णु माया भन्ने सेतीमाया लोहनी र शंकर बहादुर कुँवरले अधिकार प्राप्त अधिकारीका साथै अदालतमा गरेको बयान समेतका प्रमाणबाट पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई प्रतिवादी विष्णु माया भन्ने सेतीमाया लोहनीले लमजुङबाट प्रतिवादी शंकर बहादुर कुँवरले मःम समेतको खाजा पसल संचालन गरी बसेको काठमाडौं स्थित डेरामा मिति २०७९।१।२७ गते पुऱ्याएको तथ्यमा विवाद रहेको देखिंदैन। प्रतिवादी विष्णुमाया भन्ने सेतीमाया लोहनीले पीडितले दुःख पाएको भनी निजकै अनुरोधमा काठमाडौंमा कामको लागि पठाइ दिएको हो भनी बयान गरेको देखिन्छ भने पीडितले बकपत्र गर्दा प्रतिवादी विष्णु माया भन्ने सेतीमाया लोहनीले विभिन्न प्रलोभन देखाइ ललाई फकाइ गरी प्रतिवादी शंकर बहादुर कुँवर भएको ठाउँ काठमाडौं पठाएकी हुन भनी उल्लेख गरेको देखिन्छ। पीडितलाई प्रतिवादीहरुले लमजुङबाट काठमाडौं पुऱ्याउँदा पीडितलाई लेनदेन गरी कुनै मूल्यमा किनबेचको कार्य गरेको भने मिसिल संलग्न प्रमाणबाट देखिएको छैन। प्रतिवादी विष्णु माया भन्ने सेतीमाया लोहनी एवं प्रतिवादी शंकर बहादुर कुँवर दुबैको बयानबाट पीडितलाई प्रतिवादी शंकर बहादुर कुँवरले संचालन गरेको मःम पसलमा श्रमिकको रुपमा काम गर्न काठमाडौं लगेको भन्ने देखिएको छ। पीडितले श्रम गर्दा निजले पाउने पारिश्रामिक के हुने हो सो कुरा मिसिलबाट देखिएको छैन। मिसिल संलग्न पीडितको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा पीडितको जम्म मिति २०६२।३।१९ देखिई वारदात मिति २०७९।१।२७ गते १६ बर्ष पुरा भएको सम्म देखिई पीडित १८ बर्ष भन्दा कम उमेरको नावालक देखिएको छ। पीडित १६ बर्षको नावालक देखिएको र निज फुपु नाताकी जाहेरवाला परिवर्तित नामथर २०७८।०७९-३८ (थ) कुमारीको संरक्षकत्वमा लमजुङमा बसेको भन्ने निज पीडित र जाहेरवाला समेतको बकपत्रबाट देखिएको छ। यी पीडितलाई लमजुङबाट काठमाडौं लैजाने कार्य गर्दा प्रतिवादीहरुले पीडितको संरक्षकको सल्लाह र मंजुरी अनुसार लगेको देखिएको छैन। यसरी नावालक पीडितलाई प्रतिवादीहरुले पीडितका संरक्षकको मंजुरी बिना ललाई फकाइ श्रमको शोषण हुने गरी नेपालको एक स्थानबाट अर्को स्थानमा पुऱ्याई एक हप्तासम्म राखेको मिसिल संलग्न प्रमाणबाट देखिएको छ।

२६. मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ मा ***मानव बेचविखन तथा ओसारपसार गर्न नहुने*** भन्ने कानूनी व्यवस्था रहेको छ। सोही ऐनको दफा ४ को उपदफा (२) मा कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ भन्ने कानूनी व्यवस्था रहेको छ। सोही दफा ४ को उपदफा (२) को खण्ड (ख) मा "*बेश्यावृतिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइ फकाई, प्रलोभनमा पारी, भुक्याई, जालसाज गरी, प्रपन्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरिर बन्धक राखी, नाजुक स्थितीको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई व्यक्तिबाट छुटाई लग्ने वा आँफुसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु*

*कसैलाई दिने"* कार्यलाई मानव ओसारपसारको कार्य गरेको मानी उक्त मानव ओसारपसारको कार्यलाई सोही ऐनको दफा ३ ले कसुर मानेको देखिन्छ।

२७. माथी प्रकरणहरुमा गरिएको विवेचना अनुसार पीडित बर्ष १६ की नावालक परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई प्रतिवादी विष्णु माया भन्ने सेतीमाया लोहनीले ललाई फकाई प्रलोभनमा पारी निज बसेको स्थान लमजुङको निजको संरक्षक जाहेरवालाको साथबाट छुटाई प्रतिवादी मध्येका शंकर बहादुर कुँवरसंग मिलेमतो गरी दुबै प्रतिवादीहरुको संलग्नतामा पीडितलाई मिति २०७९।१।२७ गते काठमाडौं लगी प्रतिवादी शंकर बहादुर कुँवरकोले खाजा पसल समेत गरेको डेरा कोठामा राखी काम गर्न लगाई शोषण देखिदा उक्त कार्य मान बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (ख) मा परिभाषित गरे अनुरुप प्रतिवादीहरु विष्णु माया भन्ने सेतीमाया लोहनी र शंकर बहादुर कुँवरले मानव ओसार ओसारपसारको कसुर गरेको पुष्टि हुन आयो।

२८. वादी नेपाल सरकारले अभियोगपत्रमा पीडितलाई वेश्यावृत्तिमा लगाउने कसुर समेत गरेको भनी लिएको दावीका सम्बन्धमा हेर्दा वादी नेपाल सरकारको अभियोगपत्रमा प्रतिवादी शंकर बहादुरको होटलमा भुई तलाको कोठामा तीन दिनसम्म राखी नचिनेका भारतिय मुलका जस्ता देखिने दुईजना पुरुष व्यक्तिहरुले पीडितलाई जबरजस्ती करणी गरेको हुँदा प्रतिवादीले पीडितलाई बेश्यावृत्तिमा समेत लगाएको भन्ने आधारमा प्रतिवादी उपर अभियोग दावी लिएको देखिन्छ। वादी नेपाल सरकारले नै प्रस्तुत मुद्दाको अभियोगपत्रको प्रकरण नं. १० को अन्त्यमा *"जवरजस्ती करणीको कसुर तर्फ जवरजस्ती करणी गर्ने व्यक्तिको नाम थर वतन नखुलेको तथा सो कसुर घटेको स्थान काठमाडौं जिल्लाको स्वयम्भू भन्ने उल्लेख भएको देखिँदा सो सम्बन्धमा प्रतिवादी मध्येका शंकर बहादुर कुँवरलाई सम्बन्धित निकायमा अनुसन्धान प्रयोजनार्थ लेखि पठाई सकिएको"* भन्ने उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दाको मिसिलबाट पीडित उपर काठमाडौंमा भएको भनिएको जवरजस्ती करणीको विषयमा अनुसन्धान भइ सम्बन्धित अधिकारक्षेत्र भएको जिल्ला अदालतमा मुद्दा दायर भइसकेको वा जबरजस्ती करणीको कसुर ठहर भइसकेको भन्ने देखिएको छैन। साथै सो कुराको जानकारी मुद्दा सुनुवाईको क्रममा वादी नेपाल सरकारको तर्फबाट इजलासलाई अवगत समेत भएको छैन। पीडित परिवर्तित नाम थर २०७८/०७९-३८ (२३) लाई प्रतिवादी शंकर बहादुर कुँवरकोमा रहदा अपरिचित व्यक्तिबाट जबरजस्ती करणी भएको हो वा होइन भन्ने विषय अनुसन्धानको लागि सम्बन्धित निकायमा पठाइएको भन्ने प्रस्तुत मुद्दाको अभियोगपत्रबाट देखिएको र उक्त विषय अनुसन्धान कै अवस्थामा रही कानून बमोजिम सम्बन्धित अधिकारक्षेत्र भएको अदालतबाट फैसला हुँन बाँकी नै रहेको अवस्थामा सो पूर्व नै प्रस्तुत मुद्दाबाट पीडित उपर जवरजस्ती करणी भएको निन्क्यौल गरी प्रतिवादीले पीडितलाई बेश्यावृत्तिमा लगाउने कसुर गरेको मान्न मिल्ने देखिएन।

२९. तसर्थ माथी विभिन्न प्रकरणहरुमा विवेचना गरिए अनुसार प्रतिवादी विष्णु माया भन्ने सेती माया लोहनीले अधिकार प्राप्त अधिकारीका साथै अदालतमा बयान गर्दा पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई लमजुङबाट काठमाडौं स्थित प्रतिवादी शंकर बहादुर कुँवरको खाजा पसलमा काम गर्न पठाएको तथ्यमा स्वीकार गरी बयान गरेको देखिएको, प्रतिवादी शंकर

बहादुर कुंवर समेतले अधिकार प्राप्त अधिकारीका साथै अदालतमा बयान गर्दा पीडितलाई आँफूले संचालन गरेको खाजा पसलमा काममा लगाउनको लागि प्रतिवादी विष्णु माया भन्ने सेती माया लोहनी मार्फत लमजुङबाट काठमाडौं स्थित आफ्नो खाजा पसलमा ल्याइ काममा राखेको भनी उल्लेख गरेको देखिएको, पीडित १८ वर्ष उमेर पुरा नभएको नाबालक देखिएको, पीडितलाई लमजुङबाट काठमाडौं पठाउँन प्रतिवादीहरुले पीडीतका संरक्षक तथा अभिभावकको मंजुरी नलिई पीडितलाई ललाई फकाई पीडित बसेको स्थान र पीडिका संरक्षक व्यक्तिबाट छुटाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको देखिएको समेतका प्रमाणबाट प्रतिवादीहरु विष्णु माया भन्ने सेती माया लोहनी र शंकर बहादुर कुँवरले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम शोषण गर्ने उद्देश्यले पीडित परिवर्तित नामथर २०७८/०७९-३८ (२३) लाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लगी मानव ओसारपसारको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरु विष्णु माया भन्ने सेती माया लोहनी र शंकर बहादुर कुँवरलाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (च) बमोजिम पीडितलाई शोषण गर्ने उद्देश्यले नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लगेको कसुरमा जनही १ (एक) वर्ष ७ (सात) दिन कैद सजाय हुने ठहर्छ। पीडितले सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीहरु विष्णु माया भन्ने सेती माया लोहनी र शंकर बहादुर कुँवरबाट जनही रु.३५,०००।- का दरले जम्मा रु.७०,०००।- (सत्तरी हजार रुपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहर्छ। प्रतिवादीहरुले गरेको कसूर सोही ऐनको दफा २२ बमोजिम नैतिक पतन देखिने ठहर्छ। प्रतिवादी शंकर बहादुर कुँवरलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले निषेधित तथा सोही ऐनको दफा ४ को उपदफा (१) समेतले परिभाषित कसुरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र अर्का प्रतिवादी बिष्णुमाया भन्ने सेतिमाया लोहनीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले निषेधित, दफा ४ को उपदफा (२) को देहाय खण्ड (ख) ले परिभाषित कसूरमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ङ) को देहाय नं. २ बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। प्रतिवादीहरुले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम जनही रु.४००।- पीडित राहत कोषमा जम्मा गर्नुपर्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिलः**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु विष्णुमाया भन्ने सेतिमाया लोहनी र शंकर बहादुर कुवँरलाई जनही १ (एक) वर्ष ७ (सात) दिन कैद सजाय हुने ठहरी फैसला भएकोले उक्त कैदको लगत कसी प्रतिवादीहरु मिति २०७९।२।३० मा पक्राउमा परि हालसम्म निरन्तर थुनामा बसेको देखिँदा सोही मितिदेखि कैद कट्टा हुने गरी मिति २०८०।३।६ गतेसम्म कैदमा राखी मिति २०८०।३।७ मा कैद मुक्त हुने गरी कैदी पुर्जी दिई सोको जानकारी कारागार कार्यालय, लमजुङलाई समेत दिनू भनी तहसिल शाखालाई लगत दिनू...............................................१

पीडितले प्रतिवादीहरुबाट जनही रु.३५,०००।- गरी जम्मा रु.७०,०००।-(सत्तरी हजार रुपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर भएकोले तहसिल शाखामा उक्त क्षतिपूर्तिको लगत राखी प्रतिवादीबाट पीडितलाई फैसला अनुसार क्षतिपूर्ति भराई दिनू.........................................................२

प्रतिवादीहरुले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम जनही रु.४००।- पीडित राहत कोषमा जम्मा गर्नुपर्ने ठहर भएकोले सोको लगत राखी कानून बमोजिम असुल गर्नू भनी तहसिल शाखामा लगत दिनू..................................................................................३

यो इन्साफमा चित्त नबुझे ७० दिन भित्र श्री उच्च अदालत पोखरामा पुनरावेदन गर्नु भनी प्रतिवादी विष्णुमाया भन्ने सेति माया लोहनी र शंकर बहादुर कुवँरलाई पुनरावेदनको म्याद जारी गर्नू र साथै आंशिक अभियोग दावी पुगेतर्फ फैसलाको प्रमाणित प्रतिलिपी सहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय लमजुङलाई दिनू...........................................................................४

सरोकारवालाले फैसलाको नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू...................५

फैसलाको सफ्ट कपि विद्युतीय प्रणालीमा अपलोड गरी सो बेहोरा मिसिलमा जनाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.........................................६

**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्नेः-**

कम्प्युटर अपरेटरः-पुजा कँडेल

फैसला मितिः-२०७९।१०।१९।५

प्रमाणिकरण मितिः-२०७९।११।११ अदालतको छाप

इति संवत् २०७९ साल माघ महिना १९ गते रोज ५ शुभम्.................................... ।

**श्री**

**हुम्ला जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री शम्भुप्रसाद बराल**

**फैसला**

**मुद्दा नं.:- ८०-८१-००१९**

**रजिष्ट्रेसन नम्बरः- ८०-०८०-०००५३**

**दायरी मितिः- २०८०/१०/१४**

**कसूर ठहर मितिः-२०८१/०२/०८, नि.नं.- ४१**

**सजाय निर्धारण मितिः- २०८१/०२/१४, नि.नं.- ७**

**मुद्दाः- मानव बेचबिखन (वेश्यावृत्तिमा लगाएको)**

**वादीको नाम, थर, वतनः-**

परिवर्तित नामथर ६७ (खार्पुनाथ) को जाहेरीले नेपाल सरकार.........................१

**बादीका साक्षीः**

जाहेरवालाः परिवर्तित नामथर ६७(खार्पुनाथ) .....................................................१

**घटना विवरणमा कागज गर्ने मानिसहरुः**

परिवर्तित नामथर ६७ (खार्पुनाथ, ख), परिवर्तित नामथर ६७ (खार्पुनाथ, ङ)

**प्रमाणः**

x

**प्रतिबादीको नाम, थर, वतनः-**

हुम्ला जिल्ला खार्पुनाथ गाउँपालिका वडा नं. ५ खर्पेलगाउँ स्थाई वतन भई हाल ऐ. सिमकोट गाउँपालिका वडा नं. ६ माथिल्लो बजार स्थित न्यू माउन्टेन वार एण्ड रेष्टुरेन्ट नामक होटल संचालन गरी बस्ने रन्जने कामीको छोरा बर्ष २७ को हर्ष कामी.......................१

**प्रतिवादीका साक्षीः**

रिठे सुनार....................................१

खिमा पुन कामी.............................१

दिलिप सुनार.................................१

**प्रमाणः**

x

**अदालतबाट बुझिएका साक्षीः**

जाहेरवालाः परिवर्तित नामथर ६७(खार्पुनाथ) ............१

परिवर्तित नामथर ६७ (खार्पुनाथ, ख).......................१

परिवर्तित नामथर ६७ (खार्पुनाथ, ङ).......................१

रिठे सुनार.......................................................१

खिमा पुन कामी................................................१

दिलिप सुनार....................................................१

**प्रमाणः**

x

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

१. म पीडित जाहेरवाली परिवर्तित नामथर ६७ (खार्पुनाथ)लाई मिति २०८०।०९।०३ गतेका दिन प्रतिवादी हर्ष कामीले मेरो होटलमा किचनको काम गर्न मासिक रु.५०,०००।— (पचास हजार) दिन्छु भनी फोन गरी ललाई फकाई बिभिन्न प्रलोभनमा पारी सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगञ्ज राझा एयरपोर्ट स्थित आफ्नो होटलमा बोलाई शुरुमा होटलको किचनको काममा लगाएको र मिति २०८०।०९।०७ गतेका दिन राती अन्दाजी २०:०० बजेको समयमा निज प्रतिवादीले मलाई होटल कोठामा जबरजस्ती करणी गरी सो पछिका दिनमा निज प्रतिवादीले पर-पुरुषहरुबाट पैसा लिई मलाई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाई उक्त कुरा कोही कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई डर त्रास देखाई मिति २०८०।०९।१५ गतेका दिन नेपालगञ्ज एयरपोर्टबाट सीता एयरको हवाईजहाजमा हुम्ला जिल्लाको सिमकोट स्थित निज प्रतिवादीले सञ्चालन गरेको न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटलमा ल्याई पर-पुरुषहरु सँग पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क (वेश्यावृत्ति) गर्न लगाएको हुँदा मैले मिति २०८०।०९।१७ गते बेलुकी जिल्ला प्रहरी कार्यालय, हुम्लाको कन्ट्रोल नं १०० मा फोन गरेपछि सोही दिन राती अन्दाजी २२:०० बजेको समयमा प्रहरीले मलाई उद्दार गरेका हुन। यसरी म पीडित जाहेरवालीलाई ललाई फकाई गरी बिभिन्न प्रलोभनमा पारी डर त्रास देखाई बन्धक बनाई आफूले समेत जबरजस्ती करणी गरी पर-पुरुषसँग पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क (वेश्यावृत्ति) गर्न लगाएकोले निज प्रतिवादीलाई मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०७४, मुलुकी अपराध संहिताको अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी कसूरमा हदै सम्मको सजाय गरी मेरो शारीरिक तथा मानसिक पीडाको मनासिब क्षेतिपूर्ती समेत दिलाई भराई पाउँ भन्ने समेत वेहोराको जाहेरी दरखास्त।

२. मिति २०८०।०९।१७ गते बेलुकी १९:०० बजेको समयमा जिल्ला प्रहरी कार्यालय हुम्लाको कन्ट्रोल फ्रि नं.१०० मा मो.नं.९७६९८२५२७७ बाट एक जना महिलाले आफूलाई सिमकोट बजारमा रहेको होटलमा बन्धक बनाई पर पुरुष सँग होटलको साहुजीले पैसा लिई मलाई जवरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएको भन्ने सूचना आएकोले उक्त सूचनाको बारेमा के भएको हो सत्य तथ्य बुझ्नको लागि जिल्ला प्रहरी कार्यालय हुम्लाको कन्ट्रोल फ्रि नं.१०० मा आएको मो.नं.९७६९८२५२७७ प्रतिवेदक मध्ये म प्र.ह.मिन बहादुर रावतलाई प्राप्त भई उक्त मोवाईल नं.मा मैले प्रयोग गर्ने मोवाईल नं.९८४४८५६९७९ बाट फोन कल गर्दा डराई डराई केटीले कल गरेको देखी मैले निज महिलाले प्रयोग गर्ने मो.नं.मा म्यासेज (सन्देश बक्स) बाट हजुरलाई ल्याउने मान्छेको नाम के हो भनी म्यासेज पठाउदा निजले मेरो मम्मीलाई कल गरी दिनुहोस भन्ने समेतको म्यासेज मलाई पठाउदा म समेत सादा पोशाकमा खटिएको प्रहरीले सिमकोट बजारमा रहेका होटलमा खोज्दै जाँदा मिति २०८०।०९।१७ गते राती अ.१०:००

बजे तिर जिल्ला हुम्ला सिमकोट गाउँपालिका वडा नं.६ माथिल्लो बजार स्थित न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटल संचालन गरी बस्ने वर्ष अ.२८ को हर्ष कामीको होटलमा गई चेक जाँच गर्दा निजले हामी प्रतिवेदकहरुलाई भित्र प्रवेश गर्न नदिई अवरोध गर्न थाल्दा होटलको माथिल्लो तलाको कोठाको ढोका खोलि भित्र प्रवेस गरी हेर्दा कोठाको खाट मुनि लुकेको अवस्थामा हाल नाम थर वतन थाहा भएको जिल्ला दैलेख गुराँस गाउँपालिका वडा नं.२ बस्ने वर्ष १८ की परिवर्तित नामथर ६७(खार्पुनाथ)लाई फेला पारी हामीहरुले उद्दार गरी यसै प्रतिवेदन साथ दाखिला गरेका छौं। साथै उद्दारको क्रममा निज उद्दार गरेको महिलाले प्रयोग गर्ने मो.नं. ९७६९८२५२७७ र मैले प्रयोग गर्ने मोवाईल नं.९८४४८५६९७९ बीच कुरा भएको म्यासेज (सन्देश बक्स) को स्क्रीन सट गरी पाना-२ (दुई) यसै प्रतिवेदनसाथ पेश गरेका छौं। प्रमाण लगाई कानुन बमोजिम गरी पाउँ भन्ने समेत वेहोराको पीडितलाई उद्दार गरी दाखिला गरको प्रतिवेदन।

३. जिल्ला हुम्ला सिमकोट गाउँपालिका वडा नं. ६ माथिल्लो बजार स्थित पूर्वमा रामे रोकायाको कच्ची घर, पश्चिममा सिहं बहादुर शाहीको कच्ची घर, उत्तरमा भि.आई.पि. टोल जाने ठाडो गल्ली बाटो र दक्षिणमा एयरपोर्ट तर्फ जाने पक्कि सडक बाटो यति चारकिल्ला भित्र रहेको लोकेन्द्र रोकायाको दुई तले कच्ची घरको माथिल्लो तलामा जिल्ला हुम्ला खार्पुनाथ गा.पा. वडा नं. ५ खर्पेलगाउँ बस्ने बर्ष अन्दाजी २८ को हर्ष कामीले संचालन गरेको न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटल रहेको, सो होटलमा पीडित परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगँज हुँदै हवाईजहाजमा हुम्ला जिल्लाको सिमकोटमा ल्याई होटल कोठामा बन्धक बनाई होटल संचालक हर्ष कामीले पर-पुरुषसँग पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएको भन्ने सूचनाका आधारमा मिति २०८०।०९।१७ गते राती अन्दाजी २२:०० बजेको समयमा जिल्ला प्रहरी कार्यालय हुम्लाबाट डिउटीमा खटिएका प्रतिवेदक प्रहरी टोलीले होटल कोठाभित्र बन्धक भएकी पीडित तथा जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई फेला पारी उद्दार गरी लिएको भन्ने चार किल्ला सहितको घटनास्थल प्रकृति मुचुल्का ठिक दुरुस्त छ भन्ने समेत वेहोराको घटनास्थल प्रकृति मुचुल्का।

४. जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा नं.२० राँझा स्थित पूर्वमा खाली जग्गा, पश्चिममा एयरपोर्ट तर्फ जाने सडक तथा सुनाता फेन्सी स्टोर, उत्तरमा रितिका नास्ता पसल र दक्षिणमा बलबिर कामीको घर यति चारकिल्ला भित्र पश्चिम मोहडा भएको बलबिर कामीको एकतले पक्की घरमा प्रतिवादी हर्ष कामीले संचालन गरेको I LOVE HUMLA बार एण्ड रेष्टुरेन्ट होटल रहेको, सोही होटलमा किचनको काम गर्न भनि होटल संचालक हर्ष कामी आफैले ल्याएको परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई फकाई फुल्याई मिति २०८०।०९।०७ गते राती सोही होटलको कोठा नं.६ मा पीडितलाई जबर्जस्ती करणी गरी अन्य दिनहरुमा समेत पर-पुरुषबाट पैसा लिई पीडित परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई यौन कार्यमा लगाएको भनिएको, पीडित सुत्ने ६ नं. कोठा खोली हेर्दा सो कोठामा बिस्तारा सहितको दुईवटा खाट बिच्छाईएको, हाल सो होटल बन्द अवस्थामा रहेको भनि सो होटलमा काम गर्ने नन्दराज बिष्टले खुलाए बमोजिमको चार किल्ला

सहितको घटनास्थल प्रकृति मुचुल्का ठिक दुरुस्त छ भन्ने समेत वेहोराको जिल्ला बाँके नेपालगञ्ज उ.म.न.पा. वडा नं.२० राँझा स्थित खडा गरेको घटनास्थल प्रकृति मुचुल्का।

५. प्रतिवादी हर्ष कामीले मलाई राती फोन गरी बाँके जिल्लाको नेपालगञ्जमा आउनु, मेरो होटलमा किचनको काम गर्न मासिक तलब रु.५०,०००।– (पचास हजार) दिन्छु भनी बिभिन्न प्रलोभन देखाई, ललाई फकाई गरी बोलाएको हुँदा मिति २०८०।०९।०३ गतेका दिन म एक्लै बाँके जिल्लाको नेपालगञ्ज जाँदा निज प्रतिवादी हर्ष कामीले मलाई एयरपोर्ट चोक नजिक निजले संचालन गरेको होटलमा लगि किचनको काममा लगाएका थिए। त्यसपछि मैले सो होटलमा किचनको कामकाज गर्दै बस्दै आएकोमा मिति २०८०।०९।०७ गतेका दिन राती अन्दाजी २०:०० बजेको समयमा निज प्रतिवादी हर्ष कामीले मलाई सोही होटलको कोठामा जबरजस्ती करणी गरेका थिए र त्यसपछि होटलमा आएका एक जना अपरिचित पुरुष व्यक्तिलाई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाई पैसा लिएका थिए। उक्त कुरा कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई मिति २०८०।०९।१५ गते बिहान नेपालगञ्ज एयरपोर्टबाट हवाईजहाज मार्फत हुम्ला जिल्लाको सिमकोट बजार स्थित रहेको प्रतिवादी हर्ष कामीले नै संचालन गर्दै आएको न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटलमा लगि किचनको काममा लगाएका थिए। मिति २०८०।०९।१६ गते दिउँसो अन्दाजी १५:०० बजेको समयमा मलाई होटल कोठामा थुनी एक जना अपरिचित पुरुष व्यक्ति सँग पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएका थिए र ऐ. गतेको राती अन्दाजी २२:०० बजेको समयमा निज प्रतिवादी हर्ष कामीले पुनः नामथर थाहा नभएको पुरुष ब्यक्ति सँग पैसा लिई शारीरिक यौन सम्पर्क गर्न पठाएका थिए। मैले पीडा सहन नसकी ऐ.१७ बेलुकी जिल्ला प्रहरी कार्यालय हुम्लाको प्रहरी कन्ट्रोल १०० नम्बरमा फोन गर्दा प्रहरीले मलाई उद्दार गरेका हुन् भन्ने समेत वेहोराको पीडित परिवर्तित नामथर ६७ (खार्पुनाथ) को प्रमाणित बयान ।

६. स्वास्थ्य सेवा कार्यालय, सिमकोट, हुम्लाले "**Hymen**: Redness + tenderness + laceration for Hymen at 3 and 5 o'clock, **other opinion if any**: medical examination reveals vaginal penetration भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको पीडित परिवर्तित नामथर ६७ (खार्पुनाथ) को यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन।

७. मौकामा अनुसन्धान अधिकृत समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ, ख) ले घटना विवरण कागज गर्दा "प्रतिवादी हर्ष कामीले पीडित मेरी छोरी परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई फोन गरी होटलमा किचनको काम गर्न मासिक रु.५०,०००।— (पचास हजार) दिन्छु भनि ललाई फकाई बिभिन्न प्रलोभनमा पारी मिति २०८०।०९।०३ गतेका दिन पीडित छोरीलाई सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगञ्ज एयरपोर्ट राझा भन्ने ठाँउमा बोलाई लगि मिति २०८०।०९।०७ गते राती अन्दाजी २०:०० बजेको समयमा निज प्रतिवादी हर्ष कामीले पीडित मेरी छोरीलाई जबरजस्ती करणी गरी उक्त कुरा कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई होटलमा आएका अपरिचित पुरुष व्यक्तिहरुसँग निज प्रतिवादीले पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क (वेश्यावृत्ति) गर्न लगाई मिति २०८०।०९।१५ गतेका दिन नेपालगञ्जबाट हवाईजहाज मार्फत हुम्ला जिल्लाको सिमकोट स्थित निज प्रतिवादीले संचालन गर्दै

आएको होटल कोठामा बन्धक बनाई पर-पुरुषसँग पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क (वेश्यावृत्ति) गर्न लगाएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई कानुन बमोजिम हदै सम्मको कारवाही गरिपाउँ भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको घटना विवरण कागज ।

८. मौकामा अनुसन्धान अधिकृत समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ, ङ) ले घटना विवरण कागज गर्दा "पीडित मेरो भान्जी परिवर्तित नामथर ६७ (खार्पुनाथ) सँग मेरो वारदात पश्चात सुर्खेतमा भेट भई घटना सम्बन्धमा कुरा हुँदा प्रतिवादी हर्ष कामीले पीडित भान्जीलाई फोन गरी होटलमा किचनको काम गर्न मासिक तलब रु.५०,०००।— (पचास हजार) दिन्छु भनी ललाई फकाई बिभिन्न प्रलोभनमा पारी मिति २०८०।०९।०३ गतेका दिन सुर्खेत जिल्लाबाट नेपालगञ्ज बोलाई होटलमा लगी मिति २०८०।०९।०७ गते राती अन्दाजी २०:०० बजेको समयमा निज प्रतिवादी हर्ष कामीले पीडित परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई होटलको कोठामा जबरजस्ती करणी गरी होटलमा आएका अपरिचित पुरुष व्यक्तिसँग पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाई यो कुरा कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई मिति २०८०।०९।१५ गते बिहान नेपालगञ्जबाट हवाईजहाज मार्फत हुम्ला जिल्लाको सिमकोट बजारमा रहेको निज प्रतिवादीले संचालन गर्दै आएको होटल कोठामा बन्धक बनाई होटलमा आएका पर-पुरुषसँग पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क (वेश्यावृत्ति) गर्न लगाएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई कानुन बमोजिम हदै सम्मको कारवाही हुनुपर्छ भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको घटना विवरण कागज ।

९. प्रतिबादी हर्ष कामीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "मैले हुम्ला जिल्ला सिमकोट गाउँपालिका वडा नं ६ स्थित माथिल्लो बजारमा न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटल संचालग गरी बस्दै आएको छु र बाँके जिल्लाको नेपालगञ्ज राँझा एयरपोर्ट नजिक आई लभ यू हुम्ला माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटल संचालन गरी आफ्नो श्रीमतीलाई बसालेको छु।म वारदात मिति भन्दा करिब २ महिना अगाडि काम बिशेषले सुर्खेत जिल्लाको बिरेन्द्रनगर स्थित गएको बेला नाम थाहा नभएको होटलमा पीडित तथा जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ)लाई निजकै सहमतीमा नगद रु.२०००/-(दुई हाजार) तिरेर एक पटक शारीरिक यौन सम्पर्क गरेको थिएँ।सोही समयमा निज पीडित जाहेरवाली र मेरो सम्पर्क मोवाईल नम्वर साँटासाँट भएको थियो।निजसँग मेरो बारम्बार फोन सम्पर्क हुने क्रममा निजले आफुलाई बिद्यालयको शुल्क भर्न पैसाको आवश्यक भएको हुँदा आफु जुनसुकै काम गर्नपनि राजी भएको बताएकी थिईन्।यसै क्रममा मिति २०८०/०९/०३ गते निज पीडित जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ) सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगञ्ज स्थित राँझा चोकमा आई मलाई लिन आउनु भनि फोन गरेपछि सो समयमा मनेपालगञ्ज राँझा एयरपोर्ट नजिक रहेको आफ्नो होटलमा रहेको हुँदा निज पीडित जाहेवालीलाई लिन गई मैले संचालन गरेको आई लभ यू हुम्ला माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटलमा मेरी श्रीमतीसँगै किचनको काममा लगाई मिति २०८०/०९/१२ गतेका दिन म हुम्ला जिल्लाको सिमकोट बजार स्थित रहेको आफ्नो न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटलमा आएको हुँ।त्यसपछि निज पीडित जाहेरवालीले

मलाई फोन गरी आफुलाई हवाईजहाज चढ्ने रहर भएको र हुम्ला जिल्लामा रहेको मेरो होटलमा आई कामकाज गर्ने भनि आग्रह गरेको हुँदा मैले नेपालगञ्ज एयरपोर्टबाट सिता एयरको हवाईजहाज मार्फत मिति २०८०/०९/१५ गतेको टिकट बनाई हुम्ला जिल्ला सिमकोट बजार स्थित रहेको मेरो न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटलमा किचनको काममा लगाएको थिएँ। यसै क्रममा मिति २०८०/०९/१६ गते राती अन्दाजी २२:०० बजेको समयमा मेरो होटलमा आएका एकजना पुरुष ग्राहकसँग निज पीडित जाहेरवाली शारीरिक यौन सम्पर्क गर्न राजी खुसी भएकी हुँदा मैले निज पुरुष ग्राहकसँग रु.६०००/-(छ हजार) लिई पीडित जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ)लाई निज पुरुषसँग पठाएको थिएँ। निज पुरुष ग्राहकले पीडित जाहेरवालीलाई के कुन होटलमा लगि शारीरिक यौन सम्पर्क गरेका हुन् सो मलाई थाहा भएन। अर्को दिन मिति २०८०/०९/१७ गतेका बिहान पख निज पीडित जाहेरवाली मेरो होटलमा फर्केर आएकी हुन्। निज पुरुष ग्राहकले दिएको उक्त रु६०००/-(छ हजार) मैले निज पीडित जाहेरवालीलाई सबै नगद रकम दिईसकेको थिएँ। सोही दिन निज पीडित जाहेरवालीले मेरो होटलमा बसी अन्य केटासँग फोनमा कुराकानी गर्दा मैले निजलाई गाली गरेको थिएँ र सोहि बखत निजले मनमा के कुरा सोची जिल्ला प्रहरी कार्यालय हुम्लाको कन्ट्रोल नं १०० मा फोन गरि आफुलाई होटलमा बन्धक बनाउको भन्ने जानकारी गराएकी रहिछन्। मैले पीडित जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई होटलको किचनको कामकाज गरे वापत मासिक रु.५००००/-(पचार हजार) दिन्छु भनी ललाई फकाई बिभिन्न प्रलोभनमा पारी बोलाएको होईन। निज पीडित जाहेरवालीलाई आफ्नो होटलमा किचनको काम गरे बापत मासिक रु.१५०००/-(पन्ध्र हजार) मात्र दिन्छु भनेको थिएँ। निज पीडित जाहेरवाललीलाई नेपालगञ्ज राँझा एयरपोर्ट नजिक रहेको मेरो होटल र हुम्ला जिल्लाको सिमकोट बजारमा रहेको मेरो होटलमा लिई निजसँग मैले शारीरिक यौन सम्पर्क गरेको होईन। निज पीडित जाहेरवालीले जाहेरी दरखास्त र आफ्नो बयान समेतमा उल्लेख गरेका कुराहरु सबै सत्य होईनन् भन्ने समेत ब्यहोरा उल्लेख गरि गरिदिएको बयान।

१०. प्रतिवादी हर्ष कामीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वेश्यावृत्तिमा लगाउने कसूर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिमको वेश्यावृत्तिमा लगाउने कसूर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा २२ बमोजिम यी प्रतिबादीले नैतिक पतन हुने फौजदारी कसूर गरेको समेत ठहर गरि पाउन र मानब बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई मनासिव क्षतिपूर्ति दिलाई भराई पाउनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क बापतको रकम कसूरदारबाट पीडित राहत कोषमा जम्मा गराई पाउँ भन्ने समेत बेहोराको बादी नेपाल सरकारको अभियोग मागदावी।

११. प्रतिबादी हर्ष कामीले यस अदालत समक्ष उपस्थित भई बयान गर्दा "सर्बप्रथम जाहेरवाली र मेरो सुर्खेत जिल्ला बिरेन्द्रनगरको एक होटलमा भेट भएको हो। मलाई होटलमा बस्ने काम भएपनि लगाईदिनुहोस् भन्दै जाहेरवालीले अरु कसैसँग कुरा गरिरहेको मैले सुनेपछि मैले नानी काम चाहिएमा मैले होटल खोलेको छु भन्दा निजले मेरो फोन नम्वर मागेकी थिईन्। त्यसपछि म हुम्ला आईहालें। मैले नेपालगञ्जमा होटल खोलेपछि मेरो होटलको बिज्ञापनकोलागि सामाजिक संजालमा प्रचार गरेको थिएँ। मैले जाहेरवालीलाई फोन गरें तर निजले रिप्लाई दिएकी थिईनन्। मैले निजलाई फोन गरेको ७/८ दिनपछि जाहेरवालीले मलाई फोन गरि दाई म तपाईको होटलमा काम गर्छु, तलब कति दिने हो भनेपछि मैले १० हजार दिन्छु भनेको थिएँ। ७ दिनपछि निज नेपालगञ्ज राँझामा आफै आई मलाई फोन गरी म तपाईको होटलमा काम गर्छु लिन आउनु भन्दा मैले निजलाई राझा एयरपोर्टबाट मेरो होटलमा ल्याएपछि किचनको काम गर्न थालेकी थिईन्। निज जाहेरवालीलाई नेपालगञ्जको मेरो होटलमा किचनको काममा लगाई म मेरो हुम्ला जिल्लामा रहेको होटलको कामकोलागि हुम्ला आएको हुँ। जाहेरवालीले आफै मलाई फोन गरी म हुम्लामा घुम्नकोलागि आउँछु भनेपछि मैले सिता एयरको टिकट काटीदिई निज हुम्ला आएकी थिईन। हुम्ला आएको पहिलो दिन निज दिनभरी सुतिन्। दोस्रो दिन बहिनी सुतेर खान लाउन पुग्दैन होटलमा ग्राहक बढी छन्, भान्सामा काम गर्नुहोस् भन्दा निज मसँग झर्केकी थिईन्। होटलमा सरसफाईको काम गर भन्दा मलाई पैसा चाहियो भन्न थालिन्। आजै रुपैयाँ छैन, दुईचार दिन कमाई हुन दिनुहोस्, त्यसपछि दिन्छु भन्दा आएको २ दिनमै मलाई ५० हजार चाहियो भन्न थालेकी थिईन्। मैले ५० हजार दिन सक्तैन, १५ हजारमा काम गर्न सक्ने भए गर हैन भने पेलेनको टिकट काटिदिन्छु आफ्नो घर फिर्ता जाउ भनि हप्काएको थिएँ। उक्त दिन मलाई पारिवारिक तनाब भएका कारण म ५ बजेनै सुतिसकेको थिएँ। निज जाहेरवालीले नै बाहिर ढोकामा को कसैले हानेको छ उठ्नुहोस् भनि मलाई जगाएकी थिईन्। पहिलो पटक ढोकामा हानेपछि दाई ढोका नखोल्न्होस् भनेकी थिईन्। दोस्रो पटक ढोका ढकढक्याएपछि म उठेर ढोका खोल्न जाँदा जाहेरवाली आफै मेरो खाट मुनी पसेकी हुन्। प्रहरी आएपछि मैले नै जाहेरवाली खाटमुनी छ भनि भनेको थिएँ। त्यसपछि जाहेरवाली र मलाई जिल्ला प्रहरी कार्यालयमा ल्याएका हुन्। जाहेरवालीले जाहेरी दरखास्तमा लेखाएको वेहोरा जस्तो मैले कुनैपनि कसूर गरेको छैन। मैले नजलाई बेचबिखन गर्ने भए भारततिर दिन्थैं होला मेरो जन्म थलो हुम्लामा ल्याउदिन थिएँ होला। जाहेरी दरखास्तको वेहोरा झुट्टा हो भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बयान।

१२. प्रतिवादी हर्ष कामीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वेश्यावृत्तिमा लगाउने कसूर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम ३ वर्ष भन्दा बढी कैदको सजायको अभियोग मागदावी भएकोले निज प्रतिवादीलाई मुद्दा पुर्पक्ष निमित्त थुनामा राख्न मनासिब देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारागार कार्यालय हुम्लामा पठाईदिनू भन्ने समेत वेहोराको मिति २०८०/१०/१५ गतेको यस अदालतको थुनछेक आदेश।

१३. प्रतिबादी हर्ष कामीले होटल संचालनका क्रममा जाहेरवालीले भने जस्तो तलव नदिएर यो घटना भएको हुन सक्छ। अरु मलाई केही थाहा भएन भन्ने समेत वेहोराको प्रतिबादीका साक्षी रिठे सुनार र दिलिप सुनारले यस अदालत समक्ष गरेको एकै वेहोराको बकपत्र।

१४. मौकामा अनुसन्धान अधिकृत समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ,ख) ले यस अदालतमा उपस्थित भई बकपत्र गर्दा "घटना विवरण कागजमा परेको सहिछाप मेरै हो।हुम्ला जिल्ला प्रहरी कार्यालयमा सो बिषयमा मुद्दा परि सकेपछि मलाई जिल्ला प्रहरी कार्यालय हुम्लाले तपाईको छोरीको जन्म दर्ता लगाएतका प्रमाण कागज पठाईदिनु होस् भनि भनेपछि के कारणले पठाउनु पर्ने हो भन्दा हुम्ला जिल्लामा प्रतिबादी हर्ष कामीले तपाईकी छोरीलाई ओईटरमा काम लगाई दिन्छु भनि ल्याएको तर यहाँ मानव बेचबिखन बेश्याबृतिमा लगाएको मुद्दा परेको छ भनेपछि फोनमा सुनि थाहा पाएको हो।म गाउँमै काम गर्थें।छोरी सुर्खेतमै छ भन्ने मलाई लागेको थियो।हुम्लामा प्रतिबादी हर्ष कामीले मेरी छोरी परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई पर पुरुषसँग सम्बन्ध राख्न लगाएको कुरा मलाई केहि थाहा भएन भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बकपत्र।

१५. मौकामा अनुसन्धान अधिकृत समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ,ङ) ले यस अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा "मेरी भान्जी हुम्लाबाट सुर्खेत झरेपछि मैले भान्जीलाई उद्दार गरि मेरो घर सुर्खेतमा लिएपछि तिमिलाई सुर्खेतमा पढ्न बसालेको हो, तिमि किन हुम्ला गयौ भनि निज भान्जीलाई भन्दा निज भान्जीले प्रतिबादी हर्ष कामीले हुम्लामा होटलमा ५० हजार तलब दिन्छु भनि ओईटरको रुपमा लिएकोमा निजले अर्कै माम गर्न लगाएपछि जिल्ला प्रहरी कार्यलयमा मानव बेचबिखन तथा बेश्याबृति मुद्दा परेको छ भनि जाहेरवालीले भनेपछि मैले थाहा पाएको हो भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बकपत्र।

१६. जाहेरवाला परिवर्तित नामथर ६७(खार्पुनाथ) ले अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा "मैले जिल्ला प्रहरी कार्यालय, हुम्लामा दिएको जाहेरी दरखास्तमा परेको वेहोरा र सहिछाप मैंरै हो।प्रतिबादी हर्ष कामीले एक महिनाको पचास हजार तलब दिन्छु भनेर होटलमा ओईटरकोलागि बोलाएका हुन्।म नेपालगञ्जमा रहेको प्रतिबादीको होटलमा काम गर्दथें।निज प्रतिबादीले हवाई टिकट काटिदिएपछि म मिति २०८०/०९/१५ गते हुम्ला आएकी हुँ।प्रतिबादी हर्ष कामीको हुम्लामा रहेको होटलमा आई सकेपछि प्रतिबादीले मिति २०८०/०९/१६ गते राती एकजना नामथर एकीन थाहा नभएको केटासँग बस्न पठाउनु भयो।राती म त्यो केटासँगै बसें।उक्त राती त्यो केटासँग एक पटक शारीरिक सम्बन्ध भएको हो।उक्त केटासँग बसेको रुपैयाँ को कसले लिए मलाई थाहा भएन।प्रतिबादी हर्ष कामीले मलाई हुम्लामा बेचबिखन गर्न ल्याएका होईनन्।होटलमा ओईटर बसे बापत पचास हजार रुपैयाँ तलब दिन्छु भन्दा म आएको हो।निज प्रतिबादीले मलाई गाली दिएपछि उक्त कुरा सहन नसकी उक्त जाहेरी दिएकी हुँ भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बकपत्र।

### ठहर खण्ड

१७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री शिलुका लिङथेपले प्रतिवादी हर्ष कामीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वेश्यावृत्तिमा लगाउने कसूर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिमको वेश्यावृत्‌तिमा लगाउने कसूर अपराधमा सोही ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा २२ बमोजिम यी प्रतिबादीले नैतिक पतन हुने फौजदारी कसूर गरेको समेत ठहर गरि पाउन र मानब बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई मनासिव क्षतिपूर्ति दिलाई भराई पाउनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भनी गर्नु भएको बहस र प्रतिबादीको तर्फबाट उपस्थित बिद्यान अधिवक्ता श्री मंगल बहादुर शाहीले "प्रतिबादीले जाहेरवाला परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई बेचबिखन नगरेका र वेश्यावृत्तिमा समेत नलगाएका हुँदा अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनि गर्नु भएको बहस  समेत सुनि निर्णयतर्फ बिचार गर्दा प्रतिबादीले अभियोग दावी बमोजिमको कसूर गरेका हुन, होइनन**?** गरेको भए निजलाई के कति सजाय गर्नु पर्ने हो? भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

१८. प्रतिवादी हर्ष कामीले पीडितसँग चिनजान गरि पीडितलाई सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगञ्ज राझा एयरपोर्ट स्थित आफ्नो होटलमा काममा लगाई निज पीडितले मिति २०८०/०९/०७ मा जवरजस्ती करणी गरि त्यसपछि अपरिचित ब्यक्तिसँग यौन सम्पर्क गर्न लगाई सो कुरा कोही कसैलाई भनेमा मार्ने धम्की दिई, मिति २०८०/०९/१४ गते नेपालगञ्जबाट सिता एयरको जहाजमा हुम्ला सिमकोटमा आफुले संचालन गरेको न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामको होटलमा बोलाई पर-पुरुषबाट रु६०००/-(छ हाजार) लिई जवरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएको हुँदा निज प्रतिबादीको उक्त कार्य मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको हुन आएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र ऐ. ऐनको दफा २२ बमोजिम यी प्रतिबादीले नैतिक पतन हुने फौजदारी कसूर गरेको समेत ठहर गरि ऐ. ऐनको दफा १७ बमोजिम पीडितलाई प्रतिबादीबाट मनासिव क्षतिपूर्ति भराई, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति बापतको रकम प्रतिबादीबाट पीडित राहत कोषमा जम्मा गराई पाउँ पाउँ भन्ने समेत वेहोराको बादी नेपाल सरकारको अभियोग मागदावी।

१९. प्रतिबादी हर्ष कामीसँग मिति २०८०/०९/०२ गते सुर्खेतको खाजा खाने एक होटलमा परिचय हुँदा मैले निजलाई मेरो फोन नम्वर दिएको थिएँ।सोहि दिन राती निजले मलाई फोन गरी मलाई

होटलमा काम गर्ने कुकको आवश्यकता छ, मासिक रु.५००००/-(पचास हजार) दिन्छु भनि बिभिन्न प्रलोभनमा पारी मिति २०८०/०९/०३ गते नेपालगञ्ज स्थित आफ्नो होटलमा बोलाई म निजको होटलमा गई काम गरिरहेको थिएँ। सोहि होटलमा निज प्रतिबादीले मिति २०८०/०९/०७ गतेको राती २०:०० बजेको समयमा मलाई जवरजस्ती करणी गरी मलाई बन्धक बनाई अर्को दिन होटलमा आएका एक जना अपरिचित ब्यक्तिसँग शरीरिक यौन सम्पर्क गर्न लगाएका थिए। यस्तैमा मिति २०८०/०९/१५ गते सिता एयरको जहाजबाट मलाई हुम्लाको सिमकोटमा बोलाई आफुले संचालन गरेको होटलमा लगि काममा लगाएका थिए। मिति २०८०/०९/१६ गते अं १५:०० बजेको समयमा मलाई होटलमा थुनी अपरिचित ब्यक्तिबाट आफुले पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएका र सोही राती अं २२:०० बजेको समयमा अन्य ब्यक्तिसँग सुत्न जा नत्र तँलाई मारिदिन्छु भनि डर त्रास देखाएको कारण नाम थाहा नभएको पुरुषले मलाई अर्कै होटलमा लगी जवरजस्ती करणी गरी भोलिपल्ट मिति २०८०/०९/१७ गतेको बिहान अं ४:०० समयमा सोही होटलमा ल्याएर छोडेका थिए। पछि पनि निजले पर-परुषसँग यौन सम्पर्क गर भनि भन्दा मैले मेरो योनाङ्ग दुखेको छ सक्दिन भनि भन्दा मलाई कुटपिट गरेका कारण मैले प्रहरीमा खवर गरेकी हुँ भन्ने समेत वेहोराको पीडित परिवर्तित नामथर ६७(खार्पुनाथ) को जाहेरी दरखास्त।

२०. जिल्ला हुम्ला सिमकोट गाउँपालिका वडा नं. ६ माथिल्लो बजार स्थित पूर्वमा रामे रोकायाको कच्ची घर, पश्चिममा सिंह बहादुर शाहीको कच्ची घर, उत्तरमा भि.आई.पि. टोल जाने ठाडो गल्ली बाटो र दक्षिणमा एयरपोर्ट तर्फ जाने पक्कि सडक बाटो यति चारकिल्ला भित्र रहेको लोकेन्द्र रोकायाको दुई तले कच्ची घरको माथिल्लो तलामा जिल्ला हुम्ला खार्पुनाथ गा.पा. वडा नं. ५ खर्पेलगाउँ बस्ने बर्ष अन्दाजी २८ को हर्ष कामीले संचालन गरेको न्यू माउन्टेन बार एण्ड रेष्टुरेन्ट नामक होटल रहेको, सो होटलमा पीडित परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगँज हुदै हवाईजहाजमा हुम्ला जिल्लाको सिमकोटमा ल्याई होटल कोठामा बन्धक बनाई होटल संचालक हर्ष कामीले पर-पुरुषसँग पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएको भन्ने सूचनाका आधारमा मिति २०८०।०९।१७ गते राती अन्दाजी २२:०० बजेको समयमा जिल्ला प्रहरी कार्यालय हुम्लाबाट डिउटीमा खटिएका प्रतिवेदक प्रहरी टोलीले होटल कोठाभित्र बन्धक भएकी पीडित तथा जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ) लाई फेला पारी उद्दार गरी लिएको भन्ने चार किल्ला सहितको घटनास्थल प्रकृति मुचुल्का ठिक दुरुस्त छ भन्ने समेत वेहोराको घटनास्थल प्रकृति मुचुल्का।

२१. पीडीत तथा जाहेरवाला परिवर्तित नामथर ६७(खार्पुनाथ) ले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "प्रतिबादी हर्ष कामीसँग मिति २०८०/०९/०२ गते सुर्खेतको खाजा खाने एक होटलमा परिचय हुँदा मैले निजलाई मेरो फोन नम्वर दिएको थिएँ। सोहि दिन राती निजले मलाई फोन गरी मलाई होटलमा काम गर्ने कुकको आवश्यकता छ, मासिक रु.५००००/-(पचास हजार) दिन्छु भनि बिभिन्न प्रलोभनमा पारी मिति २०८०/०९/०३ गते नेपालगञ्ज स्थित आफ्नो होटलमा बोलाई म निजको होटलमा गई काम गरिरहेको थिएँ। सोहि होटलमा निज प्रतिबादीले

मिति २०८०/०९/०७ गतेको राती २०:०० बजेको समयमा मलाई जवरजस्ती करणी गरी मलाई बन्धक बनाई अर्को दिन होटलमा आएका एक जना अपरिचित ब्यक्तिसँग शरीरिक यौन सम्पर्क गर्न लगाएका थिए। यस्तैमा मिति २०८०/०९/१५ गते सिता एयरको जहाजबाट मलाई हुम्लाको सिमकोटमा बोलाई आफुले संचालन गरेको होटलमा लगि काममा लगाएका थिए। मिति २०८०/०९/१६ गते अं १५:०० बजेको समयमा मलाई होटलमा थुनी अपरिचित ब्यक्तिबाट आफुले पैसा लिई जवरजस्ती शारीरिक यौन सम्पर्क गर्न लगाएका र सोही राती अं २२:०० बजेको समयमा अन्य ब्यक्तिसँग सुत्न जा नत्र तँलाई मारिदिन्छु भनि डर त्रास देखाएको कारण नाम थाहा नभएको पुरुषले मलाई अर्कै होटलमा लगी जवरजस्ती करणी गरी भोलिपल्ट मिति २०८०/०९/१७ गतेको बिहान अं ४:०० समयमा सोही होटलमा ल्याएर छोडेका थिए। पछि पनि निजले पर-परुषसँग यौन सम्पर्क गर भनि भन्दा मैले मेरो योनाङ्ग दुखेको छ सक्दिन भनि भन्दा मलाई कुटपिट गरेका कारण मैले प्रहरीमा खवर गरेकी हुँ। मलाई जवरजस्ती करणी गर्ने सबैले अस्थाई साधन (कण्डम) लगाएका थिए। मलाई वेश्यावृत्तिमा लगाउने काममा हर्ष कामी बाहेक अरुको संलग्नता छैन। मलाई जवरजस्ती यौन सम्पर्क गर्ने केटाहरुले मुखमा माक्स लगाई आउने गरेका थिए भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बयान कागज।

२२. स्वास्थ्य सेवा कार्यालय, सिमकोट, हुम्लाले "**Hymen**: Redness + tenderness + laceration for Hymen at 3 and 5 o'clock, **other opinion if any**: medical examination reveals vaginal penetration भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको पीडित परिवर्तित नामथर ६७ (खार्पुनाथ) को यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदन।

२३. मौकामा अनुसन्धान अधिकृत समक्ष घटना बिवरण कागज गर्ने पीडितको आमा परिवर्तित नामथर ६७(खार्पुनाथ,ख) र पीडितको मामा परिवर्तित नामथर ६७(खार्पुनाथ,ङ) ले "मिति २०८०/०९/१७ गते म आफ्नै घरमा थिएँ। प्रतिवादी हर्ष कामीले पीडित छोरी/भान्जी परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई फोन गरी होटलमा किचनको काम गर्न मासिक रु.५०,०००।— (पचास हजार) दिन्छु भनि ललाई फकाई बिभिन्न प्रलोभनमा पारी मिति २०८०।०९।०३ गतेका दिन पीडित छोरी/भान्जीलाई सुर्खेत जिल्लाबाट बाँके जिल्लाको नेपालगञ्ज एयरपोर्ट राझा भन्ने ठाँउमा बोलाई लगि मिति २०८०।०९।०७ गते राती अन्दाजी २०:०० बजेको समयमा पीडित मेरी छोरी/भान्जीलाई जबरजस्ती करणी गरी उक्त कुरा कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई होटलमा आएका अपरिचित पुरुष व्यक्तिहरुसँग निज प्रतिवादीले पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क (बेश्याबृति) गर्न लगाई मिति २०८०।०९।१५ गतेका दिन नेपालगञ्जबाट हवाईजहाज मार्फत हुम्ला जिल्लाको सिमकोट स्थित निज प्रतिवादीले संचालन गर्दै आएको होटल कोठामा बन्धक बनाई पर-पुरुषसँग पैसा लिई जबरजस्ती शारीरिक यौन सम्पर्क (बेश्याबृति) गर्न लगाएको हुँदा निज प्रतिवादी हर्ष कामीलाई कानुन बमोजिम हदै सम्मको कारवाही गरिपाउँ भन्ने भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएका घटना विवरण कागज।

२४. प्रतिवादी हर्ष कामीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा "पीडित तथा जाहेरवाली परिवर्तित नामथर ६७(खार्पुनाथ)लाई मैले मेरो होटलमा काम गर्न राखेको हुँदा राम्ररी चिन्दछु। म वारदात मिति भन्दा करिब २ महिना अगाडि सुर्खेत गएको वेला नाम थाहा नभएको एक होटलमा

पीडितसँग परिचय भई निजलाई दुई हजार दिई पीडितको सहमतीमा एक पटक शारीरिक यौन सम्पर्क गरेको थिएँ। सोही समयमा पीडित र मेरो फोन नम्वर साँटासाँट भई बारम्बार फोन सम्पर्क भई रहन्थ्यो। पीडितले आफुलाई बिद्यालयमा शुल्क बुझाउन रकम आवश्यक परेको हुँदा जुनसुकै काम गर्न पनि राजी भई सुर्खेतबाट नेपालगञ्ज स्थित राझा चोकमा आई मलाई लिन आउनुहोस् भनि मलाई फोन गरेपछि निजलाई लिन गई आफ्नो होटलमा ल्याई किचनको काममा लगाई निज र मेरो श्रीमतीलाई त्यहिँ छोडि म हुम्ला जिल्लाको सिमकोटमा आफुले संचालन गरेको होटलमा आएको थिएँ। पीडितले आफुलाई जहाज चढ्न रहर लागेको र हुम्लाको सिमकोट स्थित मेरो होटलमा कामकाज गर्छु भनि आग्रह गरेको कारण मैले मिति २०८०/०९/१५ गते सिता एयरको टिकट काटी दिई हुम्ला बोलाई मेरो होटलमा काममा लगाएको थिएँ। यसै क्रममा मिति २०८०/०९/१६ गते राती अं २२:०० बजेको समयमा होटलमा आएका एकजना पुरुष ग्राहकसँग निज पीडितले यौन सम्पर्क गर्न राजी भएकी हुँदा निज ग्राहकसँग मैले रु.६०००/-(छ हजार) लिई पीडितलाई निज ग्राहकसँग पठाएको थिएँ। निज ग्राहकले निज पीडितलाई कुन होटलमा लगी यौन सम्पर्क राखे मलाई थाहा भएन। भोलिपल्ट मैले लिएको उक्त रु.६०००/-(छ हजार) पीडितलाई दिएको हुँ। हुम्लामा ल्याएको भोलिपल्ट पीडितले होटलमा बसी अन्य केटाहरुसँग फोनमा कुरा गर्दा मैले गाली गरेको कारण के सोची प्रहरीको कन्ट्रोल नं १०० मा फोन गरी आफु बन्धक भएको भनी प्रहरीलाई जानकारी गराएकी कारण प्रहरीले पीडितलाई उद्दार गरी मलाई पक्राउ गरी लगेका हुन्। पीडितले जाहेरीमा उल्लेख गरेका सबै कुरा सत्य होईनन्। मैले पीडितलाई नेपालगञ्ज स्थित राजा एयरपोर्ट नजिकको मेरो होटलमा जवरजस्ती करणी गरेको होईन। मैले पीडितलाई मेरो होटलमा काम गरे बापत ५० हजार दिन्छु भनेको नभई १५ हजार रुपैयाँ दिन्छु भनेको हुँ भन्ने समेत वेहोरा उल्लेख गरी वारदात पुष्टि हुने गरि गरिदिएको बयान कागज।

२५. प्रतिवादी हर्ष कामी अदालत समक्ष उपस्थित भई बयान गर्दा "सर्बप्रथम जाहेरवाली र मेरो सुर्खेतको एक होटलमा भेट भएको बेला निजले अरु ब्यक्तिहरुसँग मलाई काम चाहिएको हुँदा होटलमा बस्ने काम भएपनि लगाई दिनुहोस् भनेर भनेको मैले सुनेपछि, मैले निजलाई नानी मैले होटल खोलेको छु भनेर जानकारी गाराउँदा निजले मसँग फोन नं मागेकी थिईन्। मैले नेपालगञ्जमा होटल खोलेपछि कर्मचारीको लागि सामाजिक संजालमा बिज्ञापन गरी निजलाई फोन गर्दा निजले रिप्लाई दिएकी थिईनन्। त्यसको ७/८ दिनपछि निज आफैले मलाई फोन गरि दाई म तपाईको होटलमा काम गर्छु, तलब कति दिने हो भनेर मसँग सोधेपछि मैले १० हजार दिन्छु भनेको हुँ। त्यसको ७ दिनपछि निज आफै नेपालगञ्जको राँझा एयरपोर्टमा आई दाई म आएकी छु लिन आउनुहोस् भनि फोन गरेपछि मैले निजलाई लिन गई होटलमा ल्याई किचनको काममा लगाएको हुँ। निजलाई मेरो श्रीमतीसँगै सोही होटलमा छाडी म हुम्ला सिमकोट आएको बेला दाई म हुम्ला घुम्न आउँछु भनि निजले मसँग भन्दा मैले सिता एयरको टिकट काटी दिएपछि निज हुम्लामा भेरो होटलमा आएकी हुन्। आएको दिन दिनभरी सुती, दोस्रो दिन बहिनी सुतेर खान पुग्दैन, होटलमा वईटरको काम गर्नुहोस् भन्दा म सँग झर्केर मलाई मासिक ५० हजार चाहिन्छ भनि जिद्दी गर्दा

मैले ५० हजार दिन सक्दिन बरु मासिक १५ हजार दिन्छु, सक्छेउ काम गर सक्दैनौ भने प्लेन टिकट काटिदिन्छु आफ्नो घर जाउ भनेर हप्काएको हुँ। तिमीले जति दिन काम गरेको हो त्यती दिनको मासिक १० हजारको हिसावले काटेर दिन्छु भनेर हकारेको थिएँ। म कोठामा सुतेको बेला बाहिरबाट २ पटक ढोका ढकढक गर्दा मैले ढोका खोली हेर्दा निज जाहेरवाली मेरो कोठाको खाट मुनी आफै आई पसेकी हुन्। त्यसपछि प्रहरीका सिआईडि आएर मलाई लगेका हुन्। मैले पीडितलाई मासिक ५० हजार दिन्छु भनेको नभई मासिक १० हजार दिन्छु भनेर ल्याएको थिएँ। मैले निज पीडितलाई वेचबिखन गर्न ल्याएको होईन। निजले दिएको जाहेरी दरखास्तको वेहोरा झुट्टा हो भन्ने समेत वेहोरा उल्लेख गरी कसूरमा ईन्कार रही गरेको बयान कागज

२६. जाहेरवाला परिवर्तित नामथर ६७(खार्पुनाथ)ले अदालतमा उपस्थित भई बकपत्र गर्दा "प्रतिबादीले मलाई मासिक ५० हजार दिन्छु भनि होटलमा वेटरको काम गर्न बोलाएका थिए। मैले निजको नेपालगञ्जको होटलमा काम गर्दै गरेको अवस्थामा प्रतिबादीले हुम्लाकोलागि हवाई टिकट काटि दिएपछि म मिति २०८०/०९/१५ मा हुम्ला आएकी थिएँ। हुम्लामा प्रतिवादीले सञ्चालन गरेको होटलमा आईसकेपछि निजले मिति २०८०/०९/१६ गते एक जना केटासँग बस्न पठाउँदा म सो केटासँग गई एक रात त्यही केटासँग बसी एक पटक निजसँग शारीरिक सम्बन्ध भएको हो। उक्त नामथर थाहा नभएको केटाले के कति रकम दियो मलाई थाहा भएन। मैले सोध्दा पैसा हर्ष कामीले लगि सक्यो भनेर उक्त केटाले मसँग भनेको थियो। मैले मिति २०८०/०९/२५ मा दिएको जाहेरी वेहोरा र उक्त जाहेरीमा परेको सहिछाप मेरो भएपनि जाहेरीमा परेको वेहोरा जस्तो प्रतिवादीले मलाई वेचविखन गर्न ल्याएका होहिनन। मासिक रु ५० हजार तलव दिने गरी होटलमा वेटर काम गर्न भनि ल्याएका हुन्। प्रतिवादीले म होटलमा हिटर तापेर बसेको बेलामा गाली गरेको कारण गाली सहन नसकी मैले जाहेरी दरखास्त दिएकी हुँ भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बकपत्र।

२७. मौकामा अनुसन्धान अधिकारी समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ,ख) अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा "मैले मिति २०८०/१०/०२ गते प्रहरी कार्यालय समक्ष गरेको कागज वेहोरा र सोमा परेको सहिछाप मेरै हो। प्रहरीले मलाई तपाईको छोरी(पीडित)को जन्मदर्ता ल्याईदिनुहोस् भनि भन्दा मात्र मैले मुद्दा परेको कुरा थाहा पाएको हुँ। प्रतिवादीले छोरीलाई पर-पुरुषसँग सम्बन्ध राख्न लगाएको कुरा मलाई केही थाहा छैन भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बकपत्र।

२८. मौकामा अनुसन्धान अधिकारी समक्ष घटना विवरण कागज गर्ने परिवर्तित नामथर ६७(खार्पुनाथ,ङ) अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा "मैले मौकामा प्रहरी कार्यालयमा मिति २०८०/१०/०२ मा गरेको कागज र सोमा परेको सहिछाप मेरै हो। मैले पीडित भान्जीलाई तिमी हुम्ला किन गएको भनि सोध्दा निजले प्रतिवादीले मलाई मासिक ५० हजार तलब दिन्छु भनि होटलमा वेएटर काम गर्न ल्याएको हो भनि भनेकी थिईन। पछि जिल्ला प्रहरी कार्यालयमा मानव वेचविखन तथा वेश्यावृत्ति मुद्दा परेको थाहा पाएको हुँ भन्ने समेत वेहोरा लेखाई गरेको बकपत्र।

२९. प्रतिवादीका साक्षीहरु रिठे सुनार र दिलिप सुनार अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा "जाहेरवालाले प्रतिवादीसँग भनेजस्तो तलव नपाएको कारण जाहेवाला बाट यो घटनाको उठान भएको हुनसक्दछ भन्ने समेत वेहोरा उल्लेख गरी गरिदिएको बकपत्र।

३०. अतः माथि उल्लेखित मिसिल संलग्न प्रमाण कागजहरुको मुल्याङ्कन र विवेचना गरी निर्णयतर्फ बिचार गर्दा, प्रतिबादी हर्ष कामीले पीडितलाई बिभिन्न प्रलोभनमा पारी सुर्खेतदेखि नेपालगञ्ज हुँदै हुम्ला सिमकोटसम्म ल्याई आफुले र अन्य अपरिचित ब्यक्तिहरुसँग यौन सम्पर्क गर्न लगाई अन्य ब्यक्तिबाट रकम समेत लिएको हुँदा निजको कार्य मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित ऐ. ऐनको दफा ४ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिमको कार्य गरेको हुँदा निजलाई ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड देहाय खण्ड (ख) बमोजिम सजाय गरिपाउँ भन्ने समेत वेहोराको अभियोग मागदावी भएको प्रस्तुत मुद्दामा जाहेरवाला तथा पीडित परिवर्तित नामथर ६७(खार्पुनाथ) ले प्रतिवादीले आफुलाई बिभिन्न प्रलोभनमा पारी होटलमा काम गरे बापत मासिक पचास हजार तलब दिन्छु भनि सुर्खेत देखि नेपालगञ्ज ल्याई आफ्नो होटलमा राखी आफुले र अन्य नचिनेका ब्यक्तिहरुसँग शारीरिक यौन सम्बन्ध गर्न लगाई पुनः नेपागञ्जबाट प्लेनमा हुम्ला सिमकोटमा आफुले संचालन गरेको होटलमा ल्याई अन्य अपरिचित ब्यक्तिसँग आफुले पैसा लिई यौन सम्पर्क गर्न लगाएको हुँदा निजलाई कानुन बमोजिम कारवाही गरिपाउँ भन्ने समेत वेहोराको जाहेरी दरखास्तको वेहोरालाई यी पीडितले मौकामा आफुले दिएको जाहेरी दरखास्तको वेहोरालाई सनाखत गर्दै आफुलाई जवरजस्ती करणी गर्ने सबैले मुखमा माक्स लगाएर आएका थिए, आफुलाई वेश्यावृत्तिमा लगाउने कार्यमा यी प्रतिबादी बाहेक अरुको संलग्नता छैन भन्ने समेत वेहोरा उल्लेख गरि गरिदिएको बयान कागजलाई निज पीडित अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिबादीले आफुलाई होटलमा काम गरे बापत मासिक पचास हजार दिन्छु भनि सुर्खेत देखि नेपालगञ्ज हुँदै हुम्ला सिमकोट ल्याई एक जना नचिनेको केटासँग बस्न पठाउँदा निज केटासँग म एक रात बसी एक पटक शारीरिक यौन सम्बन्ध भएको हो। प्रतिबादीले मलाई बेचबिखन गर्न लगाएका होईनन्, होटलमा काम गरे वापत मासिक पचास हजार दिन्छु भनि ल्याएका हुन्, निज प्रतिवादीले सो मैले यौन सम्बन्ध राखेको केटासँग के कति रकम लिए थाहा भएन भन्ने समेत वेहोरा उल्लेख गरी आफुलाई प्रतिवादीले वेश्यावृत्तिमा लगाएको कुरालाई क्रमबद्ध रुपमा उल्लेख गरी गरेको बकपत्र, मौकामा अनुसन्धान अधिकारी समक्ष घटना विवरण कागज गर्ने ब्यक्तिहरु अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिबादीले पीडितलाई बेश्याकृतिमा लगाएको कुरा सुनी थाहा पाएको भन्ने समेत वेहोरा उल्लेख गरी आफुहरुले मौकामा गरेको घटना विवरण कागजलाई पुष्टि हुने गरी गरिदिएको बकपत्र, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी र अदालत समक्ष उपस्थित भई बयान गर्दा आरोपित कसूरमा ईन्कार रही बयान गरेतापनि पीडितलाई आफुले बिभिन्न प्रलोभनमा पारी सुर्खेत देखि नेपालगञ्ज हुँदै हुम्ला सिमकोट सम्म ल्याई आफुले संचालन गरेको होटलमा काममा लगाएको तथ्यमा आफु पुर्ण रुपमा सावित रही आफुले पीडितलाई हप्की दप्की गरेको कुरालाई समेत स्वीकार गरी गरिदिएको बयान कागज समेतका मिसिल संलग्न प्रमाण कागजहरु, पीडितको मौकामा भएको बयानलाई अदालतबाट प्रमाणित भई रहेको समेतका तथ्य

प्रमाणहरुको मुल्याङ्कन गर्दा प्रतिवादीले आफुले कसूर गरेको होईन भनि ईन्कार गरेतापनि मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन जस्तो संगिन(गम्भीर) प्रकृतिको मुद्दामा पीडितको भनाईलाई नै प्राथमिकतामा राखी निर्णय गर्नुपर्ने देखिन्छ। प्रतिवादीले मौकामा र अदालत समक्ष गरेको बयानमा सुर्खेत देखि नेपालगञ्ज हुँदै हुम्लाको सिमकोट सम्म बिभिन्न प्रलोभनमा पारी पीडितलाई वारदात स्थलसम्म ल्याई पुर्याएको तथ्यलाई स्वयम् प्रतिवादीको बयान र पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मलाई हुम्लामा निजको होटलमा आएका एकजना नामथर थाहा नभएको केटासँग बस्न पठाउँदा म निज केटासँग बसी एक पटक शारीरिक सम्बन्ध भएको हो, निज केटाले हर्ष कामीले पैसा लग्यो भनेर मलाई भनेको थियो भन्ने समेत वेहोरा उल्लेख गरी वेश्यावृत्तिको वारदात भएको तथ्यलाई पुष्टि हुने मालाकार कडी तथा एक आपसमा मेल खाने गरि गरिदिएको बयान र बकपत्र समेतका प्रमाण कागजहरुको आधार कारणबाट यी प्रतिवादी हर्ष कामीले अभियोग मागदावी अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०७४ को दफा ३ ले निषेधित, ऐ. ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूर गरेको ठहर्छ।

३१. अबः यी प्रतिबादी हर्ष कामीलाई के कति सजाय हुनुपर्ने हो? साथै यी प्रतिबादीबाट पीडितलाई के कति क्षतिपूर्ती भराई दिनुपर्ने हो? सो सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम छुट्टै सुनुवाई गरि सजाय निर्धारण गर्नुपर्ने हुँदा सजाय निर्धारणका लागि मिति २०८१/०२/१४ गतेको पेशी तारेख तोकी उक्त पेशी तारेख अगावै बादी तथा प्रतिबादीका कानून व्यवसायीहरुबाट सजाय पूर्बको प्रतिबेदन लिई नियमानुसार गरि पेश गर्नु।

## सजाय निर्धारण खण्ड

३२. यसमा प्रतिवादी हर्ष कामीले अभियोग मागदावी अनुसार मानव बेचबिखन तथा औसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित ऐ.ऐनको दफा ४ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम कसूर गरेकोमा मिति २०८१/०२/०८ गते कसूर ठहर भईसकेको हुँदा, अव यी प्रतिवादीलाई के कति सजाय गर्नु पर्ने हो? सो प्रयोजनको लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ मा भएको व्यवस्था बमोजिम सजाय निर्धारणका लागि नियम बमोजिम आजको दैनिक पेशि सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित बिद्वान सहायक जिल्ला न्यायाधिबक्ता श्री शिलुका लिंथेपले “प्रतिवादी हर्ष कामीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वेश्यावृतिमा लगाउने कसूर गरेको तथा ऐ. ऐनको दफा २२ बमोजिम यी प्रतिबादीले नैतिक पतन हुने फौजदारी कसूर गरेको समेत ठहर भईसकेको हुँदा निज प्रतिवादी हर्ष कामीलाई ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय र ऐ.ऐनको दफा १७ बमोजिम परिवर्तित नामथर ६७ (खार्पुनाथ) लाई मनासिव क्षतिपूर्ति दिलाई भराई पाउनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क

बापतको रकम कसूरदारबाट पीडित राहत कोषमा जम्मा गराई पाउँ भनि गर्नु भएको बहस र प्रतिवादीका तर्फबाट उपस्थत विद्वान अधिबक्ता श्री मंगलबहादुर शाहीले "प्रतिवादीलाई ऐनमा व्यवस्था भएको सजायमा न्यूनतम सजाय गरिपाउँ भनि गर्नु भएको बहस समेत सुनि निर्णय तर्फ विचार गर्दा, निज प्रतिवादीको वारदात घटाउँदाको परिस्थिति र अवस्था, निजको उमेर, निजको पारिवारिक आर्थिक अवस्था, शैक्षिक अवस्था, वारदातको समयमा पीडितको उमेर, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष र यस अदालतमा उपस्थित भई बयान गर्दा वारदात भएको तथ्यमा साबित रही गरेको बयान वेहोरा, बादी प्रतिवादीका कानुन व्यवसायीहरुबाट पेश भएको सजाय पूर्बको प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाण कागजहरुको मूल्याङ्कन र विवेचना गरी सजाय निर्धारण तर्फ बिचार गर्दा, यी प्रतिवादीलाई ऐनमा उल्लेख भए बमोजिमको सजायमा न्यूनतम कैद सजाय गर्दापनि कानुनको मकसद पुरा हुने नै देखिँदा, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम हुने सजायमा न्यूनतम कैद सजायमा १०(दश) बर्ष कैद र रु.५००००/-(पचास हजार) जरिवाना हुने ठहर्छ। साथै बादी नेपाल सरकारको अभियोग मागदावी बमोजिम यी प्रतिवादीले पीडितलाई वेश्यावृत्तिजस्तो संगिन र अमानवीय अपराधको कसूर गरेको ठहर भई सकेको अवस्था हुँदा निज प्रतिवादीको उक्त कार्य मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिम नैतीक पतन हुने कसूर गरेको समेत ठहर्छ। क्षतिपूर्तीको सम्बन्धमा बिचार गर्दा, उल्लेखित आधार कारणहरुलाई मनन गर्दा मानव वेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ को उपदफा (१) बमोजिम निजलाई भएको जरिवानाको पचास प्रतिशतले हुन आउने रकम रु.२५०००।—(पच्चीस हजार) प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ती स्वरुप भराईदिने समेत ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीलाई भएको कैद तथा जरिवानाको अनुपातमा हिसाव गर्दा कैद वापदको रकम बढी हुन आउने हुँदा रु.१८००/-(एक हजार आठ सय) प्रतिवादीबाट पीडित राहत कोषमा जम्मा गरिदिने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएँ।

**तपसील खण्ड**

- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिबादी हर्ष कामीलाई मानव वेचबिखन ओसारपसार ऐन, २०६४ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वेश्यावृतिमा लगाउने कसूरमा ऐ.ऐनको दफा १५ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम **१०(दश) बर्ष कैद** सजाय र **रु.५००००/-(पचास हजार) जरिवाना** हुने ठहरी फैसला भएकोले निज मिति २०८०/०९/१७ मा पक्राउ परी मुद्दा पुर्पक्षकोलागि थुनामा बसेको देखिँदा थुनामा बसेको मिति देखि कैद अवधि गणना हुने गरी निजलाई ठहरेको कैद **बर्ष १०(दश)** असूल उपर गर्न मिति २०९०/०९/१६ सम्म थुनामा राखि मिति २०९०/०९/१७ गते थुनामुक्त गर्नु भनी तहसिल शाखामा लगत दिनु....................................................१

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीलाई लागेको **जरिवाना रु.५००००/-(पचास हजार)** निजबाट असूल उपर गर्नु भनि तहसिल शाखामा लगत दिनू...........................................२
- प्रतिवादी हर्ष कामीलाई ठहरेको जरिवाना रु.५००००/-(पचास हजार)को पचास प्रतिशतले हुन आउने क्षतिपूर्ती शुल्क रु.२५०००/-(पच्चीस हजार) पीडितलाई प्रतिवादीबाट नियमानुसार भराई दिलाई दिनु भनि तहसिल शाखामा लगत दिनू.........................................................३
- माथि ठहर खण्डमा लेखिए बमोजिम अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादी हर्ष कामीबाट रु.१८००/-(एक हजार आठ सय) क्षतिपूर्ती शुल्क असूल गर्नुपर्ने भएकाले उक्त रकम निज प्रतिवादीबाट असूल गरी पीडित राहत कोषमा दाखिल गर्नु भनि तहसिल शाखामा लगत दिनू...............................................................................४
- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीले जरिबाना रकम नबुझाए सो बापत पनि कैदमा राखी असूल उपर गर्नु भनि तहसिल शाखामा लगत दिनू...............................................५
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४ (१) बमोजिम ७० दिन भित्र श्री उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी हर्ष कामीलाई निज रहेको कारागार मार्फत पुनरावेदनको म्याद दिनु.......................६
- प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपी साथै राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ (४) बमोजिम फैसलाको जानकारी जिल्ला सरकारी वकील कार्यालय, हुम्ला, सिमकोट लाई दिनू ......................................................................७
- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे नियमानूसार लाग्ने दस्तुर लिई नक्कल दिनू......८
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, प्रस्तुत फैसला यस अदालतको वेभसाइटमा अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू..........................................९

**शम्भुप्रसाद बराल**
**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग पुर्याउनेः**

फाँटवालाः-
ना.सु. छत्तबहादुर बोगटी
मितिः-२०८१/०२/०८/३
फैसला प्रमाणिकरण मितिः २०८०।०२।२०।१

अदालतको छापः

**श्री**

**हुम्ला जिल्ला अदालत**

**बाल इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री शम्भु प्रसाद बराल**

**फैसला**

**मुद्दा नं. ०७९-C१-००१३**

**रजिष्ट्रेसन नम्बरः- ८०-०७९-०००४२**

**दायरी मितिः- २०७९।११।१७**

**फैसला मितिः- २०८०।११।२७**

**मुद्दाः बाल बिबाह ।**

**निर्णय नं. १४**

**वादीको नाम, थर वतनः**
परिवर्तित नामथर ६७(ख) को जाहेरीले वादी नेपाल सरकार
साक्षीः
जाहेरवाला र घटना विवरणमा कागज गर्ने मानिसहरु।
प्रमाणः

**प्रतिवादीः**
हुम्ला जिल्ला खार्पुनाथ गाउपालिका वडा नं ४ बस्ने भकुरे दमाईको छोरा वर्ष १८ को लक्ष्मण नेपाली
साक्षीः
प्रमाणः

अदालतबाट बुझिएका
साक्षीः
प्रमाणः

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भइ दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. मिति २०७९।१०।२२ गते बेलुका अं. ०६:३० बजेको समयमा परिवर्तित नामथर ६७ (ख,३) को छोरी म निवेदकको भान्जी परिवर्तित नामथर ६७ (ख,१) लाई जिल्ला हुम्ला खार्पुनाथ गा.पा. वडा नं. ०४ बस्ने भकुरे नेपालीको छोरा बर्ष अ. २३ को लक्ष्मण नेपालीले लाई फकाई भगाई घरबाट लिई गएको हुँदा निजहरुलाई खोजतलास गरी दिनहुन भन्ने समेत

वेहोराको परिवर्तित नामथर ६७(ख) ले मिति २०७९।१०।२५ गते पेश गरेको खोजतलास निबेदन ।

२. मेरो भान्जी परिवर्तित नामथर ६७(ख,१) नेपालगंजमा गई ६/७ महिना SEE को ट्युसन कक्षा पढी मिति २०७९।१०।१९ गते हुम्ला घरमा आई मेरो संरक्षणमा मेरै घरमा बस्दै आएकीमा हामी घरका परिवार घरमा नभएको बेला लक्ष्मण नेपालीले मेरो भान्जी परिवर्तित नामथर ६७ (ख,१) लाई ललाई फकाई मिति २०७९।१०।२२ गते बेलुका अ.१९:०० बजेको समयमा घरबाट भगाई बाल बिवाह गरेकाले निज दुवै जनालाई बाल विवाह कसूरमा कारवाही गरी पाउँ भन्ने समेत वेहोराको परिवर्तित नामथर ६७ (ख) ले मिति २०७९।१०।२९ गते पेश गरेको जाहेरी दरखास्त ।

३. जिल्ला हुम्ला खार्पुनाथ गाउँपालिका वडा नं.४ माझगाँउ स्थित पूर्वमा मुल बारीतर्फ आउने जाने कच्ची गोरेटो बाटो, पश्चिममा वकिल टमटाको कच्ची घर, उत्तरमा गोर टमटाको घर र दक्षिणमा बाँचु टमटाको घर यति चार किल्ला भित्रमा ढुङ्गा, माटो, काठले बनेको जस्ता पाताले छाएको भुई तलामा गाईगोरु बाध्ने गोठ रहेको, दोश्रो तलामा मानिस(घरपरिवार) बस्ने ३(तिन) तलाको १०(दश) कोठाको पूर्ब मोहडा भएको परिवर्तित नामथर ६७(ख) को कच्ची घर रहेको, सोही घरबाट मिति २०७९।१०।२२ गते बेलुका अं.१९:०० बजेको समयमा जिल्ला हुम्ला खार्पुनाथ गाउपालिका वडा नं.४ छिप्रा बस्ने भकुरे नेपालीको छोरा अं.बर्ष २० को लक्ष्मण नेपालीले परिवर्तित नामथर ६७(ख,१) लाई ललाई फकाई गरी परिवर्तित नामथर ६७(ख) को घरबाट भगाई लिई बालबिवाह गरेका हुन भन्ने वेहोराको चारकिल्ला सहितको घटनास्थल मुचुल्का ।

४. मिति २०७९।१०।२२ गते कानूनको बिबादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) ले मलाई फोन गरी म नेपालगंजबाट जाहेरवाला मामाको घरमा आएकी छु,माझ बिद्यालय नजिक मलाई भेट्न आउ भनेपछी म ऐ.गतेको बेलुका अं.१९:०० बजेको समयमा निजले बोलाएको ठाँउमा जाँदा निज उक्त स्थानमा आएकी थिइनन् । केही समयपछी निज उक्त स्थानमा आई हामीहरुको कुराकानी गरी बसेको बेला निज परिवर्तित नामथर ६७(ख,१) को मामाको घरतिरबाट मानिसहरु निज ६७(ख,१) को नाम बोलाउदै कराउदै आईरहेको अबस्थामा मैले निजलाई तिमी आफ्नो घर जाँउ र म आफ्नो घर जान्छु भन्दा निजले म तिमीसंगै जान्छु, मलाई घरमा गएपछी मामाहरुले पिट्छन् पहिले पनि हामीहरुको सम्वन्धको बारेमा थाहा पाई पिट्दै आएका छन् भन्दा म र निज परिवर्तित नामथर ६७(ख,१) उक्त स्थानबाट बिवाह गरी भागी ऐ.गते राति लालीगाउँमा बस्ने मेरो दिदी नाता पर्नेको घरमा गई बसी ऐ.२६ गते दिनको समयमा हामीहरु जिल्ला हुम्ला सर्केगाड गाउपालिका वडा नं. ०२ रिप गाँउमा बस्ने मेरो दिदीको घरमा गई बसीरहेको बेला ऐ.२८ गते प्रहरीले हामीहरुलाई पक्राउ गरेको हो । उक्त अवधिमा र सो भन्दा पहिला दिनमा हामी दुई बीच शारीरिक यौन सम्वन्ध भएको छैन भन्ने समेत वेहोराको प्रतिवादी लक्ष्मण नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

५. मिति २०७९।१०।१९ गते जाहेरवाला मामाको घरमा आई बसेकीमा ऐ.२२ गते दिनमा मैले प्रतिवादी लक्ष्मण नेपालीलाई फोन गरी म मामाको घरमा आएकी छु, बेलुका भेट्नको लागि आउनु है भनेपछी ऐ. गतेको बेलुका अं.१९:०० बजे मैले भेट्न बोलाएको ठाँउमा लक्ष्मण नेपाली आई हामीहरु कुराकानी गरी बसी रहेको अबस्थामा मेरो मामा घरतिरबाट मानिसहरुले मेरो नाम बोलाउदै कराउदै आएपछि प्रतिवादी लक्ष्मण नेपालीले तिमी आफ्नो घर जाँउ, म आफ्नो घर जान्छु भन्दा मैले म तिमीसंगै जान्छु, मलाई मामाहरुले पिट्छन्, पहिले पनि हामीहरुको सम्बन्धको बारेमा थाहा पाई मलाई पिटेका हुन भनि बताउदा हामीहरु उक्त स्थानबाट बिवाह गरी भागी ऐ. २२ गतेको राती प्रतिवादी लक्ष्मण नेपालीको लाली गाउँमा बस्ने दिदीको घरमा गई बसी ऐ.२६ गते दिनको समयमा हामीहरु जिल्ला हुम्ला सर्केगाड गाउपालिका वडा नं. ०२ रिप गाँउमा बस्ने लक्ष्मण नेपालीको दिदीको घरमा गई बसीरहेको बेला ऐ.२८ गते प्रहरीले हामीहरुलाई पक्राउ गरेको हो । उक्त अवधिमा र सो भन्दा पहिला दिनमा हामी दुई बीच शारीरिक यौन सम्वन्ध भएको छैन भन्ने समेत वेहोराको कानूनको बिवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) को अनुसन्धान अधिकारी समक्ष गरेको सोधपुछ वेहोरा ।

६. कानूनको विवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) र लक्ष्मण नेपाली विच पहिला देखिनै उठबस गरेको जाहेरवालाले थाहा पाई दुवै जनालाई सम्झाई बुझाई गरेको कुरा मलाई जाहेरवालाले बताउनु भएको थियो । मिति २०७९।१०।२२ गते बेलुका अं. १९:०० बजे कानूनको बिवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) र प्रतिवादी लक्ष्मण नेपाली भागि वालबिवाह गरेकाले निजहरुलाई कानून बमोजिम कारवाही गरि वालविवाह बदर समेत गरी पाउँ भन्ने समेत वेहोराको ज्ञान बहादुर सुनारले गरेको घटना बिबरण कागज ।

७. प्रतिवादी लक्ष्मण नेपाली मेरो माईलो छोरा हुन्, छोरा लक्ष्मण नेपालीको बुवाको नामथर भकुरे दमाई ,निजको वतन जिल्ला हुम्ला खार्पुनाथ गा.पा.वडा न.०४ छिप्रा गाउँमा पर्दछ । छोरा लक्ष्मण नेपालीले हाम्रै गाउँटोलमा बस्ने जाहेरवालाको भान्जी परिवर्तित नामथर ६७(ख,१) लाई बिवाह गरी मिति २०७९।१०।२२ गते बेलुका अं.१९:०० बजेको समयमा घरबाट भगाई बालबिवाह गरी जिल्ला हुम्ला सर्केगाड गाउँपालिका वडा न.०२ रिप गाउँमा रहेकी मेरो माईली छोरीको घरमा गई बसेका रहेछन् । निजहरुलाई प्रहरीले खोजतलासको क्रममा प्रहरी चौकी सर्केदेउ प्रहरीले जिल्ला हुम्ला सर्केगाड गाउँपालिकाको वडा न.०२ रिप गाउँबाट प्रतिवादी छोरा लक्ष्मण नेपाली र कानूनको विवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) लाई फेला पारी नियन्त्रणमा लिएपश्चात हामीहरुलाई रिप गाउबाट छोरीको घरबाट फोनमार्फत जानकारी गराएपश्चात निजहरुले बिवाह गरेको थाहा जानकारी पाएका हौ । निजहरुको बिवाह गराउनेमा अन्य कोही कसैको संलग्नता छ, छैन मलाई थाहा भएन । प्रतिवादी लक्ष्मण नेपाली र कानूनको विवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) ले कानूनले उमेर नपुगी वालबिवाह गरेकाले कानून बमोजिम कारवाही गरि पाउँ भन्ने समेत वेहोराको दिफकली दमाईले गरेको घटना बिबरण कागज ।

८. यस भन्दा पहिलाका दिनमा लक्ष्मण नेपाली र परिवर्तित नामथर ६७ (ख,१) को उठ बस गरेको जाहेरवालाले थाहा पाई दुवै जनालाई सम्झाई बुझाई गरेको कुरा मलाई हाल जाहेरवालाले भनेपछी थाहा पाएको थिए । मिति २०७९।१०।२२ गते बेलुका अं.१९:०० बजेको समयदेखी परिवर्तित नामथर ६७(ख,१) र प्रतिवादी लक्ष्मण नेपाली विवाह गरी भागि गएकोमा निजहरुलाई खोजतलास गर्दा कहि कतै फेला नपरेपछी जाहेरवाला परिवर्तित नामथर ६७(ख) ले खोजतलासको लागि हुलिया सहितको निवेदन जिल्ला प्रहरी कार्यालय हुम्लामा दिएपश्चात निजहरुलाई प्रहरीले खोजतलासको क्रममा जिल्ला हुम्ला सर्केगाड गाउँपालिकाको वडा न.०२ रिप गाउँबाट फेला पारी नियन्त्रणमा लिई हामीहरुलाई जानकारी गराएको हो । प्रतिवादी लक्ष्मण नेपाली र कानूनको विवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) ले कानूनले उमेर नपुगी वालबिवाह गरेकाले निजहरुलाई कानून बमोजिम कारवाही र बाल विवाह बदर गरी पाउँ भन्ने समेत वेहोराको छक्क बहादुर सुनारले गरेको घटना बिबरण कागज।

९. बिपक्षी लक्ष्मण नेपालीले प्रयोग गर्ने मोबाईल नम्बरबाट परिवर्तित नामथर ६७(ख,१) ले आफ्नो आमालाई फोन गरी आफु लक्ष्मण नेपालीसंग बिवाह गरेको र सिमकोट बजारमा कोठा लिई बसेको भनेको भनी परिवर्तित नामथर ६७(ख,१) को आमाले मलाई फोन गरी भन्दा बिपक्षी लक्ष्मण नेपालीलाई मैले फोन गरी परिवर्तित नामथर ६७(ख,१) कहाँ छिन् ? तपाई को हो भनि सोधपुछ गर्दा म लक्ष्मण नेपाली हुँ । परिवर्तित नामथर ६७(ख,१) मेरो श्रीमती हुन, हामीहरुले एक आपसमा विवाह गरी बसेका छौ,हामीहरुको खोजि नगर्नु भनि बताएका थिए । निजहरुलाई कानून बमोजिम कारवाही गरि बाल विवाह बदर समेत गरी पाउँ भन्ने समेत वेहोराको चाखुरी कामीले गरेको घटना बिबरण कागज ।

१०. मेरो भाई प्रतिवादी लक्ष्मण नेपाली र परिवर्तित नामथर ६७ (ख,१) मिति २०७९।१०।२२ गतेको राति मेरो घरमा आई ३ (तिन) रात दिन बसी जिल्ला हुम्ला सर्केगाड गाउँपालिका वडा नं.२ रिपगाउँमा बस्ने प्रतिवादी लक्ष्मण नेपालीको दिदी नाता पर्ने सुनपुरी परियारको घरमा जान्छौ भनी गएका थिए । मेरो घर सानो र दुई कोठा मात्र भई साघुरो भएकाले मेरो घरमा आएका प्रतिवादी लक्ष्मण नेपाली मेरो श्रीमान तुलराज परियारसंग र निज ६७ (ख,१) मसंग सुत्ने गर्दथे। प्रतिवादी लक्ष्मण नेपाली र कानूनको विवादमा परेकी बालिका परिवर्तित नामथर ६७(ख,१) ले कानूनले उमेर नपुगी वालबिवाह गरेकाले कानून बमोजिम गरी पाउँ भन्ने समेत वेहोराको प्रतिक्षा दमाईले गरेको घटना बिबरण कागज ।

११. मिति २०७९।१०।२२ गते राती लाली गाउमा बस्ने दिदी प्रतिका परियारको घरमा गई बसेको र आज यहा आएका हौ भनि प्रतिवादी लक्ष्मण नेपालीले मलाई बताएका थिए । निजहरुको उक्त सम्बन्धको बारेमा परिवर्तित नामथर ६७(ख,१) लाई मैले सोध्दा हामीहरु बिवाह गरी आएका हौ निजले पनि बताएकी थिईन्, निजहरुले कतै पैसा मिल्यो भने नेपालगंजतर्फ जाने भन्ने कुराहरु पनि गरेका थिए । भाई प्रतिवादी लक्ष्मण नेपाली र परिवर्तित नामथर ६७(ख,१) मिति २०७९।१०।२६ गते बेलुकाको समयमा मेरो घरमा आई २ रात १ दिन बसेका थिए ।

निजहरुले वालबिवाह गरेकाले कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत वेहोराको सुनपुरी परियारले गरेको घटना बिबरण कागज ।

१२. प्रतिवादी लक्ष्मण नेपाली र कानूनको विवादमा परेका बालक परिवर्तित नामथर ६७ (ख,१) ले कानून बमोजिम विवाहको लागी उमेर नपुग्दै विवाह गरेको हुँदा निजहरुको उक्त कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा १७३ को उपदफा (१) बमोजिमको कसूर अपराध गरेको हुँदा प्रतिवादी लक्ष्मण नेपालीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (३)बमोजिम सजाय हुन अनुरोध छ । साथै निजहरुको विवाह मुलुकी अपराध संहिताको दफा १७३ को उपदफा (२)बमोजिम स्वतः वदर हुन र प्रतिवादीलक्ष्मण नेपालीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउ भन्ने समेत वेहोराको अभियोग मागदावी।

१३. हामीहरु विवाह गरी भागेको होइन ।मेले कोही कसैलाई भगाइ लगेको होइन । हामी दुवै जना कहाँ गएका हुन भनि परिवर्तित नाम थर ६७ (ख१) का मामाहरु लठ्ठी लिएर खोज्दै आएका थिए सोही डरले सोही गाउँपालिका वडा नं १ लाली मेरो दीदीको घरमा गएका हौं । घटना विवरणका मानिसहरु ज्ञानबहादुर सुनार, दिफकली दमाइ, छक्कबहादुर सुनार, चाखुरी कामी, प्रतिक्षा दमाइ र सुनपुरी परियारले परिवर्तित नामथर ६७(ख१) र लक्ष्मण नेपाली सँग विवाह भएको भन्ने घटना विवरणमा लेखाएको वेहोरा झुठ्ठा हो । हामीले विवाह गरेका छैनौ । विवाह नगरेकाले हामीलाई सजाय हुनु पर्ने होइन । विवाह नगरेकाले विवाह वदर हुनु पर्ने पनि होइन भन्ने समेत वेहोराको प्रतिवादी लक्ष्मण नेपालीले यस अदालतमा गरेको वयान ।

१४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ (१) बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ (१)को कानूनी व्यवस्था बमोजिम निजको आर्थिक स्थिति समेतलाई विचार गर्दा रु. २५०००।- ( पच्ची हजार रुपैंया ) धरौट वा जेथा जमानत वा बैंक जमानत लिई तारिखमा राख्नु र धरौट वा जेथा जमानत वा बैंक जमानत राख्न नसके सम्बन्धित कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनु भन्ने समेत वेहोराको मिति २०७९।११।१७ को थुनछेक आदेश ।

१५. परिवर्तित नाम थर ६७(ख१) का बुबा आमाले नेपालगन्जबाट एस इ.इ. दिनका लागी हुम्ला पठाए पछि खार्पुनाथ गाउँपालिका वडा नं ४ मा वस्दै आएकी थिइन । पछि लक्ष्मण नेपालीले फकाइ फुल्लाइ भगाइ सर्केगाड गाउँपालिकाको रिप लिएको रहेछ सोही ठाउँबाट प्रहरीले नियन्त्रणमा लिएका हुन । विवाह गर्ने उद्देश्यले भागी भगाइ लिएका हुन । लक्ष्मण नेपालीले परिवर्तित नाम थर ६७(ख१)लाई ललाइ फकाइ बालबिबाह गरेकै हुन । विवाह गर्ने उद्देश्यले भागी गएका हुन भन्ने समेत वेहोराको घटना विवरणका मानिस छक्क सुनार र ज्ञानबहादुर सुनारले एकैमिलानको यस अदालतमा गरेको वकपत्र ।

१६. परिवर्तित नामथर ६७(ख१) हराईन भनी खोजतलासको लागि निवेदन दिँदा प्रहरीले पीडित र प्रतिवादीलाई रिप गाउँबाट समाती ल्याएको हो। विवाह गरी लगेको म आफैले देखेको होईन।

भगाई लगेको भन्ने मैले थाहा पाएको हो भन्ने समेत वेहोरा उल्लेख गरी जाहेरवाला परिवर्तित नामथर ६७ (ख) ले अदालत समक्ष गरेको वकपत्र।

१७. विवाह गरी लगेको म आफैले देखेको छैन । भगाइ लगेको मैले थाहा पाएको हो । निज बालिकाको आमाले मलाइ प्रतिवादीहरु भागी गएको भनी फोन गरेपछि थाहा पाएको हो, भन्ने समेत वेहोरा उल्लेख गरी घटना विवरणका मानिस चाखुरी कामीले अदालत समक्ष गरेको वकपत्र।

१८. विवाह गरी लगेको मैले आफैले देखेको छैन, भगाई लगेको हो भन्ने मैले सुनी थाहा पाएको हो भन्ने समेत वेहोराको घटना विवरणमा कागज गर्ने मानिस मानिस सुनपुरी परियार र प्रतिक्षा दमाइले यस अदालतमा समक्ष गरेको एकै मिलानको वकपत्र ।

## ठहर खण्ड

१९. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान जिल्ला सहायक न्यायाधिवक्ता श्री शिलुका लिङथेपले प्रतिवादी लक्ष्मण नेपाली र कानूनको विवादमा परेका बालक परिवर्तित नामथर ६७ (ख,१) ले कानून बमोजिम विवाहको लागी उमेर नपुग्दै विवाह गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (१) बमोजिमको कसूर अपराध गरेको हुँदा प्रतिवादी लक्ष्मण नेपालीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (३)बमोजिम सजाय हुन साथै मुलुकी अपराध संहिताको दफा १७३ को उपदफा (२) बमोजिम निजहरु बीच भएको बाल विवाह स्वतः वदर हुन पर्छ भनी गर्नु भएको बहस र प्रतिवादी लक्ष्मण नेपालीको तर्फबाट उपस्थित विद्वान वैतनिक अधिवक्ता श्री राजन चन्दले प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्ने समेत वेहोराको बहस सुनी निर्णयतर्फ बिचार गर्दा प्रतिवादी लक्ष्मण नेपालीले अभियोग दावी बमोजिम कसूर गरेको हुन, होइनन्? र गरेका भए निजलाई अभियोग दावी बमोजिम के कति सजाय गर्नु पर्ने हो भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो ।

२०. यसमा प्रतिवादी लक्ष्मण नेपालीले कानूनको विवादमा परेकी नाबालिका परिवर्तित नामथर ७६(ख१)लाई कानूनको उमेर नपुग्दै बालबिबाह गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को उपदफा (१) बमोजिमको कसूरमा ऐ संहिताको दफा १७३ को उपदफा (३) बमोजिम सजाय गरी, ऐ संहिताको दफा १७३ को उपदफा (२) बमोजिम भएको विवाह स्वतः बदर गरी पाउँ भन्ने समेत वेहोराको वादी नेपाल सरकारको अभियोग मागदावी भएको प्रस्तुत मुद्दामा उमेर नपुगेकी नाबालिक भान्जी परिवर्तित नाम थर ६७(ख१)लाई प्रतिवादीले माया प्रेम गरी मिति २०७९।११।२२ मा भगाइ बालविवाह गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम सजाय गरी पाउँ भन्ने समेत वेहोराको परिवर्तित नाम ६७(ख)ले दिएको जाहेरी दरखास्त ।

२१. प्रतिवादी लक्ष्मण नेपालीले अनुसन्धान अधिकृत समक्ष वयान गर्दा हामी २ बीच माया प्रेम बसी विवाह गरेका हौ भन्ने समेत वेहोरा उल्लेख गरी वयान गरेको देखियता पनि अदालत समक्ष वयान गर्दा आरोपित कसूरमा पुर्णरुपमा इन्कार रही गरेको वयान र घटना विवरणमा प्रहरी समक्ष

कागज गर्ने व्यक्तीहरु प्रतिक्षा दमाइ, सुनपरि परियार  समेतले आफुहरुले प्रहरी समक्ष गरेको कागज वेहोरालाई फरक पारी अदालत समक्ष उपस्थित भई वकपत्र गर्दा प्रतिवादीले पीडितलाई विवाह गरेको आफुहरुले नदेखेको र निजहरुले विवाह नगरेको भन्ने समेत वेहोरा उल्लेख गरी गरिदिएको वकपत्र ।

२२. कानूनको विवादमा परेकी नाबालिका परिवर्तित नामथर ६७(ख१) ले अदालत समक्ष उपस्थित भई अदालतबाट सोधपुछ गर्दा आरोपित कसूरमा पुणः रुपमा इन्कार रही प्रतिवादी लक्ष्मण नेपालीसँग आफूले विवाह नगरेको भनी आफ्नो वेहोरा उल्लेख गरी दिएको साथै जाहेरवालाले अदालत समक्ष उपस्थित भइ वकपत्र गर्दा आफ्नो जाहेरी वेहोरालाई सनाखत गर्दै बकपत्रको स.ज. ८ मा मैले विवाह गरेको आँखाले देखेको होइन, भगाइ लगेको मैले थाहा पाएको हुँ भनी प्रतिवादीको बचाउ गरी विवाह नगरेको वेहोरा उल्लेख गरी वकपत्र गरेको पाइन्छ ।

२३. अतः उल्लेखित मिसिल संलग्न प्रमाण कागजहरुको मुल्याङकन र विवेचना गरी हेर्दा कसूरदारहरुले आफुहरुले विवाह नगरेको र हाल सम्म पनि हामीहरुले करणी लिनु दिनु नगरेको भन्ने समेत वेहोरा उल्लेख गरी कसूरमा पूर्ण रुपमा इन्कार रही गरि दिएको वयान वेहोरा, जाहेरवाला र घटना विवरणमा कागज गर्ने व्यक्तीहरुले अदालत समक्ष उपस्थित भई वकपत्र गर्दा कसूदारहरुले विवाह गरेको आफुहरुले नदेखेको भन्ने समेत वेहोरा उल्लेख गरी गरीदिएको वकपत्र समेतका मिसिल संलग्न प्रमाण कागजहरुलाई खण्डन हुने गरी वादी पक्षबाट कुनै तथ्य परक प्रमाण पेश गर्न सकेको नदेखिँदा यी कसूरदारहरुले के कसरी कहाँ गई विवाह गरे, विवाहलाई कुनै वेहोराले कुनै पक्षले स्वीकार गरे नगरेको वेहोरा समेतलाई मिसिल संलग्न प्रमाण कागजहरु द्धारा पुष्टि हुन सकेको नदेखिदा यी प्रतिवादीले नाबालक परिवर्तित नामथर ६७ (ख१) लाई बिवाह गरेको भनी मान्न सकिने अवस्था नहुँदा अभियोग माग दावी बमोजिम यी प्रतिवादी लक्ष्मण नेपालीले मुलुकी अपराध संहिता २०७४ को दफा १७३ को उपदफा (१) बमोजिमको कसूर गरेको तथ्य पुष्टि हुन आएन तसर्थ निज प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। सो ठहर्नाले अरुमा तपसील बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम यो फैसला गरिदिएँ।

## तपसील खण्ड

- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी लक्ष्मण नेपालीले अभियोग दावीबाट सफाई पाउने ठहरेकोमा निज प्रतिवादीले यस अदालतबाट तोकी पाएको तारेख मिति २०८०।०६।२४ देखिको तारेख गुजारी बसकोले निजले यस अदालतको आदेश बमोजिम पूर्पक्षको लागि ध.र.न. १४ मिति २०८०।०१।०५ मा राखेको धरौटी रु २५०००।–(पच्चीस हजार) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५(१) बमोजिम जफत हुने हुँदा सदरस्याहा गर्नू भनी तहसिल शाखामा लगत दिनू-----------------------------------------------------------------------------------१
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (१) बमोजिम ७० दिन भित्र श्री उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा पुनरावेदन गर्न जानु भनी

फैसलाको प्रमाणित प्रतिलिपी साथै राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ (४) बमोजिम फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, हुम्लालाई दिनू------------२

- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे नियमानूसार लाग्ने दस्तुर लिई नक्कल दिनू--------३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत फैसला विद्युतीय माध्यम मार्फत यस अदालतको वेभसाइटमा अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू -----------------४

**शम्भु प्रसाद बराल**
**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग पुर्याउनेः**

ना.सु. दिपकबहादुर खड्का

डिठ्ठाः- राजबहादुर शाही

इति संवत् २०८० साल फागुन महिनाको २७ गते रोज १ शुभम् ----------------------।

२०८०।१२।०१२।२

फैसला प्रमाणिकरण मितिः अदालतको छापः

**श्री**

**भोजपुर जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री बाबुकाजी बानिया**

**फैसला**

**रजिष्ट्रेशन न.२४-०८०-०००१०**

**मु.नं. ०८०-C१-०००३**

**दायरी मितिः-२०८०/०४/१४**

**निर्णय नं. ०१३**

**फैसला मितिः- २०८१/०४/२३**

**मुद्दाः- (बालविज्यॉंइ) ज्यान सम्बन्धी कसूर तथा हातहतियार खरखजना सम्बन्धी कसूर)।**

जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं.१२ बस्ने भिमबहादुर प्रधानको छोरा वर्ष ५१ को देवी प्रसाद प्रधानको जाहेरीले वादी नेपाल सरकार.........................................................१ } **वादी**

**विरूद्ध**

वर्ष १७ को सांकेतिक नाम ०७-Q..........................................................१ } **कानूनको विवादमा परेको बालक**

**साक्षीः-जाहेरवाला** देवीप्रसाद प्रधान **निवेदक** निरुका प्रधान **प्रतिवेदक** प्र.नि. अवधेश कुमार यादव, प्र.स.नि. सरोज गेलाल, प्र.ज. सौगात गौतम **घटनाविवरण कागज गर्ने,** पियुप्रसाद प्रधान, धनबहादुर प्रधान, गोपालकुमार ताम्राकार, दिलबहादुर श्रेष्ठ, दिपालक्ष्मी प्रधान, नवराज आचर्य, मायादेवी राई, शम्भुप्रसाद चापागाई, राजिव राई, शर्मिला श्रेष्ठ (तामाङ), धमेन्द्र राई **बरामदी मुचुल्काका मानिस** उत्तम राई, खडगकुमारी राई(श्रेष्ठ), राम पुरी, तारा श्रेष्ठ **घटनास्थल लाश/जाँच मुचुल्काका मानिस** प्रेमकुमार श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, रेडबहादुर श्रेष्ठ **विशेषज्ञ डा. प्रविण मण्डल।**

**कागजः-** ×

**साक्षीः-** रक्की राई, भुपदेव राई, भरतकुमार कार्की, मिनकुमार श्रेष्ठ, सर्मिला श्रेष्ठ, शान्ती श्रेष्ठ, चन्द्रबहादुर श्रेष्ठ, मनकुमार श्रेष्ठ।

**कागजः-**×

**कागजः-**×

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ समेतले यसै अदालतको क्षेत्राधिकार भित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

**तथ्य खण्डः**

१.जिल्ला भोजपुर, भोजपुर, न.पा. वडा नं. १२ बस्ने देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधान मिति २०८०/०३/२२ गते बेलुका टक्सार बस्ने छिमेकी साथीहरु सुमन श्रेष्ठ र मणि प्रधान भन्ने आफन्तहरुले गाउँतिर घुम्न जाउँ भनी लगेकोमा हालसम्म घर नआएको हुँदा निज दिप्सन प्रधानलाई खोजी गरी दिन हुन **भनी मिति २०८०/०३/२४ गते निरुका प्रधानको निवेदन।**

२.जिल्ला भोजपुर, भोजपुर, न.पा. वडा नं. १२ ओढारेखेत स्थित पुर्वमा अखुवा खोला पश्चिममा डिमेन्द्र वि.क. को खेत उत्तरमा अखुवाखोला बगर दक्षिणमा अखुवा खोला बगर यति चार किल्ला स्थितममा रहेको अखुवा खोलाको बगर उक्त बगरको छेउमा तीन वटा ढुंगाहरु रहेको, उक्त तीन वटा ढुंगाहरुको विचमा खाली बालुवा भएको स्थानमा रहेको बालुवालाई पन्छाएर हेर्दा उक्त बालुवाले पुरेको अवस्थामा मृतक दिप्सन प्रधानको टाउकोको भाग उत्तर पुर्व, खुट्टाको भाग खुम्चिएको अवस्थामा दक्षिण पूर्व रही बायाँपट्टी कोल्टो अवस्थामा रहेको मृतक जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ पैयापानी बस्ने देवी प्रसाद प्रधानको छोरा वर्ष १८ को दिप्सन प्रधानको मृतक लाशलाई पुरेको (गाडेको) स्थानबाट सुरक्षित निकाली जमिनमा राखी विस्तृत रुपमा ओल्टाई पल्टाई टाउको देखी पैतलाको भागसम्म हेर्दा कपाल कालो रंगको बालुवा लागेको, अनुहार सुन्निएको, छाला पिल्सिएको, दुवै आँखा खुल्ला वरपरको छाला पिल्सिएको, नाकबाट तरल पदार्थ निस्केको, कानमा बालुवा लागेको, दातको भागले जिब्रो च्यापिएको अवस्थामा रहि दात र जिब्रो देखिएको, घाँटीको छाला पिल्सिएको, पेट फुलिएको, दिशा निस्किएको, लिङ्ग ओसिलो, ढाडको पछाडिपट्टी बाँया कुमको तलको भागमा १ ईन्च गोलाईको गोली लागेको जस्तो देखिने चोट, दुवै हात सिधा तन्किएको अवस्थामा दुवै हात अर्धमुठ्ठी रहेको, छातीको बीच भागमा गहिरो गोली लागेको जस्तो देखिने चोट रहेको, उक्त चोटको गोलाई १ ईन्च रहेको, शरीरको सम्पुर्ण भाग बालुवाले पुरेको अवस्थामा रहेको **भन्ने समेत व्यहोराको मिति २०८०।०३।२४ गते को घटनास्थल/लाश जाँच मुचुल्का।**

३.मिति २०८०।०३।२२ गते बेलुकातिर जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ. बस्ने अं. वर्ष ३२ को उमेश कार्की ऐ. बस्ने अं. वर्ष १७ को सांकेतिक नाम ०७-० , ऐ. वडा नं. १२ बस्ने अं. वर्ष २९ को सुमन श्रेष्ठ, ऐ. बस्ने वर्ष अं. वर्ष ३२ को मणी कुमार प्रधान र जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने वर्ष अं. २२ को रोजिश कार्की मध्येका प्रतिवादी सुमन श्रेष्ठ मेरो घरमा आई मेरो छोरा दिप्सन प्रधानलाई एकछिन तल खोलासम्म साथीको सामान पुऱ्याउनु छ, साथी जाउँ भनी सँगै लगेकोमा निज सुमन श्रेष्ठ घर फर्कि आएको देखी मेरो छोरा खोई त भनि सोधखोज गर्दा निज सुमन श्रेष्ठले आउँदै छ भनी जवाफ दिएको तर मिति २०८०/०३/२४ गतेसम्म मेरो छोरा दिप्सन प्रधान घर फर्कि नआएकोले प्रहरीमा छोरा हराएको हुलिया निवेदन समेत दिई खोजतलास गर्ने क्रममा मिति २०८०।०३।२४ गते राती अं. २१:३० बजेको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ ओढारे खेत (अखुवा खोला) को बगर किनारमा मेरो छोरा दिप्सन प्रधानलाई खाल्डो खनी गाडि बालुवाले पुरेको अवस्थामा फेला परेको र निज छोरालाई गाडेको ठाँउबाट बाहिर निकाली हेर्दा निज छोराको बायाँतर्फको छातीमा भरुवा बन्दुकको गोली लागी पछाडीबाट गोली निस्की प्वाल परेको देखेको हुँदा प्रतिवादीहरुलाई

पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ **भन्ने समेत व्यहोराको देवी प्रसाद प्रधानले मिति २०८०/०३/२५ गते दिएको जाहेरी दरखास्त ।**

४.जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ टक्सार ओडारेखेत स्थित पुर्वमा अखुवा खोला पश्चिम उत्तरमा गणेश बहादुर प्रधानको खेत दक्षिणमा दिपेन्द्र बि.क. को खेत यति चार किल्ला स्थितमा रहेको गणेश बहादुर प्रधानको खेत उक्त खाली बाझो खेतको माथिल्लो भागमा सिंचाईको लागी बनाईएको कुलो रहेको उक्त किलोको ठिक माथि दक्षिणतिर ठुलो ढुंगा रहेको उक्त ठुलो ढुङ्गामा मिति २०८०।०२।२२ गते रातको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ बस्ने देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधानको भरुवा बन्दुकबाट निस्किएको छर्राले लागी मृत्यु भएको, निजको मृत लाशलाई उक्त स्थानबाट जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ बस्ने वर्ष २२ को सुमन श्रेष्ठले घटनास्थलबाट बोकेर अं. २५/३० मिटर दक्षिण पुर्व दिशामा रहेको अखुवा खोलाको बगरमा रहेको तिनवटा ठुलो ठुलो ढंगाहरु वीचमा रहेको खाली बगरको भागमा खनेर बालुवाले मृतकको सम्पुर्ण शरीरिको भाग पुरेर लुकाई छिपाई गरेको **भनि निज सुमन श्रेष्ठले देखाई दिए बमोजिमको मिति २०८०।०३।२५ गतेको चार किल्ला सहितको घटनास्थल मुचुल्का।**

**५.बरामदी मुचुल्काहरुः**

**(क) भरुवा बन्दुकको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ स्थित पुर्वमा बोक्टीनी जंगल पश्चिममा सिंचाई गर्ने पानीको खोल्सी, उत्तरमा ओढार, दक्षिणमा भोक्टीनी जंगल यति चार किल्ला भित्रमा रहेको ढुङ्गाको ओढार सो ओढारको ढुङ्गाको चेपमा सुकेको पातहरुले छोपी लुकाई छिपाई राखी राखेको अवस्थामा बारुद सहित लोड भएको थान-१ भरुवा बन्दुक अभियुक्तहरुले प्रारम्भिक सोधपुछ गर्ने क्रममा बताएको हुँदा खोजतलासको क्रममा फेला परेको उक्त भरुवा बन्दुकको लम्बाई ४ फिट ४ ईन्च ४ सुता रहेको, सो ओढारमा लुकाई छिपाई राखेको भरुवा बन्दुक थान-१ प्रहरीले कानून रितपूर्वक बरामद गरेको **भन्ने व्यहोराको मिति २०८०।०३।२५ गतेको बरामदी मुचुल्का।**

**(ख) झोला र खरखजाना समेतको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ स्थित पूर्वमा ताप्रा खेत माथिको जंगल, पश्चिममा अखुवा खोला, उत्तरमा ताप्रा खेत माथिको आम्तेकको जंगल दक्षिणमा अखुवा खोला हुँदै आम्तेक तिर जाने गोरेटो बाटो यति चार किल्ला स्थितमा रहेको ताप्रा खेत माथिको आम्तेकको जंगलमा रहेको अखुवा खोलाबाट आम्तेक जाने बाटोबाट उत्तरतर्फ अं. २०/२५ मिटरको दुरीमा रहेको पाखोमा रहेको पहिरो गई माटो झरेर बनेको गहिरो भागमा रहेको स-साना बुट्टाहरुको छेउमा ऐ.ऐ. बस्ने वर्ष २२ को सुमन श्रेष्ठले लुकाई छिपाई राखेको अवस्थामा रहेको कालो रंगको पछाडी भिर्ने कपडाको सानो झोला फेला परेको, उक्त झोला भित्र Clickon लेखिएको गोल्डेन लाईट उक्त लाईटमा प्रयोग हुने ब्याट्री थान-३, Power Bank थान-२, सामसुङ कम्पनीको निलो रंगको Android मृतकले प्रयोग गर्नै (मृतक दिप्सन प्रधान) भनिएको मोबाईल फोन थान-१ र NCELL को सिम कार्ड थान-१, निलो रंगको प्लाष्टिकमा पोको पारिएको अवस्थामा रहेको भरुवा बन्दुकमा गोलीको रुपमा प्रयोग गर्न भनिएका फलामका टुक्राहरु थान-३२ र फलामको ४ ईन्च लम्बाई भएको सानो टुक्रा थान-१, हरियो बिर्को भएका २ वटा सेतो रंगको प्लाष्टिकका

बट्टाहरुमा राखेको अवस्थामा रहेको बट्टा सहितको जम्मा तौल ३६९ ग्राम भएको बारुदको रुपमा प्रयोग हुने भनिएको कालो धुलो समेतका सामानहरु कानून बमोजिम बरामद गरेको घटनास्थल चार किल्ला सहितको बरामदी खानतलासी मुचुल्का विवरण ठिक साँचो छ **भन्ने व्यहोराको मिति २०८०।०३।२५ गतेको बरामदी मुचुल्का ।**

(ग) **भरुवा बन्दुकको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ टक्सार स्थित पूर्वमा भक्त बहादुर प्रधानको बारी पश्चिममा अखुवा खोला तर्फ जाने बाटो, उत्तरमा लाल बहादुर कार्कीको घर, दक्षिणमा भक्त बहादुर प्रधानको जग्गा यति चार किल्ला भित्र रहेको भक्त बहादुर प्रधानको हाल मानिसको बसोबास नभएको ढुंगा र माटोले बनेको फूसको छानो भएको एक तल्ले घर उक्त उत्तरतर्फ मोहडा गरेको घरको पश्चिमतिर रहेको छानोको ठिक तल ढुंगा र माटोले बनेको घरको गाह्रो रहेको उक्त गाह्रो कै माथि लुकाई छिपाई जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ बस्ने वर्ष ३२ को मणि कुमार प्रधानले राखेको काठको बट भएको लोड नगरिएको अवस्थाको जम्मा लम्बाई ४ फिट ४ ईन्च, फलामको नालको मात्र लम्बाई ३ फिट भएको भरुवा बन्दुक थान-१ बरामद गरेको **भन्ने व्यहोराको मिति २०८०।०३।२५ गतेको बरामदी मुचुल्का ।**

(घ) **कपडाको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ मुलावारी स्थित पूर्वमा धन बहादुर श्रेष्ठको बारी, पश्चिममा मन कुमार श्रेष्ठको तरकारी बारी, उत्तरमा काफ्ले थुम्की सामुदायिक वन, दक्षिणमा मन कुमार श्रेष्ठको घरबाट मुल बाटो तर्फ निस्किने शाखा बाटो यति चार किल्ला स्थितमा रहेको मन कुमार श्रेष्ठको उत्तर मोहडा गरेको जस्ताको छानो भएको दुई तले घर उक्त घरको दक्षिण पक्षिण पश्चिम तिर रहेको बरण्डामा रहेको २ वटा कोठाहरु मध्ये दक्षिण तिरको कोठामा निज जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ बस्ने वर्ष २२ को सुमन श्रेष्ठ सुत्ने गरेको उक्त कोठा भित्र कानून बमोजिम खानतलासी गर्दा निज सुमन श्रेष्ठले मिति २०८०।०३।२२ गते रातको समयमा दिप्सन प्रधानको मृत लाश बोकेर अखुवा खोलासम्म ल्याउदा लगाएको फिक्का निलो रंगको जिन्सको दाहिने पट्टि अगाडीको गोजीको तल रातो रंग टाँटा भएको पेन्ट र खरानी रंगको हाफ बाहुला कलर भएको भेष्ट समेत निज सुमन श्रेष्ठ सुत्ने कोठामा रहेको खाटको नजिकै रहेको काठको सानु खाटको माथि फेला पारी बरामद गरिएको **भन्ने समेत व्यहोराको मिति २०८०।०३।२७ गतेको बरामदी मुचुल्का ।**

(ङ) **भरुवा बन्दुकको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ हांगाला स्थित पूर्वमा उत्तम राईको जग्गा, पश्चिममा दिल कुमारी राईको घर, उत्तरमा उत्तम राईको घर दक्षिणमा गंगा बहादुर राईको जग्गा यति चार किल्ला स्थितमा रहेको दिल कुमारी राईको जस्ताको छानो भएको गाई बाध्ने गोठको दक्षिणतिर रहेको छानोको ठिक मुनि रहेको ढुंगाले बनेको गाह्रो रहेको सोही गाह्रोको माथि फलामको नाल र काठको भाग समेत छुट्याएर बेग्ला बेग्लै लुकाई छिपाई राखेको अवस्थामा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ बस्ने धर्मेन्द्र राईले लुकाई राखेको काठको दवासको लम्बाई २ फिट ७ ईन्च, फलामको नालको लम्बाई २ फिट ८ ईन्च रहेको दबासको भाग र लोड गरेको अवस्थाको नाललाई छुट्याएर छुटाछुटै राखेको अवस्थाको भरुवा बन्दुक थान-१ साथै २ फिट ९ ईन्च लम्बाई भएको फलामको तार समेत बरामद भएको ऐ. वडा नं. ११

बस्ने उमेश कार्कीको भरुवा बन्दुक निज उमेश कार्कीले बताए बमोजिमको बरामद गरिएको **भन्ने समेत व्यहोराको मिति २०८०।०३।२७ गतेको बरामदी मुचुल्का ।**

६.**प्रहरी प्रतिवेदनः** मिति २०८०।०३।२२ गते बेलुका १७:०० बजेको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ.ऐ. बस्ने वर्ष अं. २३ को उमेश कार्की, ऐ.ऐ. बस्ने वर्ष अं. १७ को सांकेतिक नाम ०७-Q, ऐ.ऐ. वडा नं. १२ पैयापानी बस्ने वर्ष अं. १९ को दिप्सन प्रधान, ऐ. बस्ने वर्ष अं. २९ को सुमन श्रेष्ठ, ऐ. बस्ने वर्ष ३२ को मणी कुमार प्रधान र जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने रोजिश कार्की समेत साथीहरु मिलेर भोजपुर न.पा. वडा नं. ११ र १२ को सिमानामा पर्ने अखुवा खोलामा माछा मार्न गएकोमा ६ जना घर फर्किएको र दिप्सन प्रधान घर फर्की नआएकोले छरछिमेकी आफन्तमा खोजतलास गर्दा समेत फेला नपरेको भनि निरुका प्रधानले मिति २०८०।०३।२४ गते बेलुका विमानस्थल सुरक्षा गार्ड टक्सार भोजपुरमा हुलिया निवेदन दिएपश्चात स्थानिय मानिसहरु समेत भई खोजतलास गर्ने क्रममा सोही दिनको राती अं. २१:३० बजेको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ ओढारेखेत (अखुवा खोला) को किनारमा निज दिप्सन प्रधानको लाश बालुवाले पुरेको ज्यान सम्बन्धी कसूरमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा ११ मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ. बस्ने वर्ष २३ को उमेश कार्की, ऐ. बस्ने वर्ष १७ को सांकेतिक नाम ०७-Q, ऐ.ऐ. वडा नं. १२ बस्ने वर्ष अं. २९ को सुमन श्रेष्ठ, ऐ. बस्ने वर्ष अं. ३२ को मणी कुमार प्रधान र जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने वर्ष अं. २२ को रोजिश कार्की समेतलाई सोही राती अं. २२:०० बजेको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ स्थित गाउँघरबाटै फेला पारी नियन्त्रणमा लिई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(८) बमोजिम पक्राउ गरिएका प्रतिवादीहरुलाई प्रारम्भिक सोधपुछको क्रममा निज प्रतिवादीहरुले बताए अनुसारको घटनास्थल मुचुल्का र सो वारदातमा प्रयोग भएको लुकाई छिपाई राखेको अवस्थामा फेला परेको बरामदी/खानतलासी मुचुल्कामा उल्लेखित भरुवा बन्दुक थान-३ र बारुद जस्तो कालो पदार्थ, छर्रा लगातका अन्य सामाग्रीहरु बरामद भएको हुँदा यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं **भन्ने समेत व्यहोराको प्र.स.नि. सरोज गेलाल समेतको मिति २०८०।०३।२५ गतेको संयुक्त प्रतिवेदन।**

७.मिति २०८०/०३/२२ गते शुक्रबार विहान अं. ८:०० वजेको समयमा मेरो साथी उमेश कार्कीले मेरो मोवाईल नं. ९८२९३८२५६३ मा फोन गरी अखुवा खोलामा माछा मार्न जाने हो भनि सोध्दा मैले को को जाने भन्दा निज उमेश कार्कीले तँ, म, रोजिश कार्की र सांकेतिक नाम ०७-Q, समेत ४ जना यहाँबाट जाने भनेपछि हामी सबैजना भेट भई माछा र मृग दुम्सीको शिकार गर्ने सल्लाह गरी जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं.१२ पैंयापानी वस्ने मेरो फुपुको छोरा दाजु नाता पर्ने सुमन श्रेष्ठलाई फोन गरी आज वेलुका शिकार खेल्न अखुवा खोलातर्फ जानुपर्छ, तपाईले लानु भएको मेरो भरुवा बन्दुक र खाना वनाउने भाडा कुडा, तरकारी समेत लिई आउनु, खाने चामल र अन्य सामानहरु हामी ल्याउँछौं भन्दा निज सुमन श्रेष्ठले हुन्छ भने पछि मैले तपाईहरु को को आउनुहुन्छ भन्दा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ पैंयापानी वस्ने मणि कुमार प्रधान, ऐ.ऐ. वस्ने दिप्सन प्रधान र म समेत ३ जना आउछौं भन्नु भयो, मैले तपाईहरु के कुन समयमा आउनु हुन्छ

भन्दा बेलुका उतै शिकार खेल्ने ठाँउमा नै आउछौं भनेपछि हामीहरु सवैजना उमेश कार्कीको घरमा भेला जम्मा भई वेलुका खानाको लागि चामल, तेल, मसला लगायतका सामानहरु हामी सबैले आफुलाई पुग्ने झोलामा सामान हाली मैले र सांकेतिक नाम ०७-० ले बोक्यो भने उमेश कार्कीले काधमा झापटे भरुवा बन्दुक समेत बोक्यो भने रोजिश कार्कीले चाँहि केही पनि नबोकी हामीहरु उमेश कार्कीको घरबाट उक्त दिन अं. १६:०० वजेको समयमा हिड्यौं, बाटोमा विस्तारै वस्दै बस्दै जाँदा हामीहरु अखुवा खोला नजिक रहेको गोठमा पुग्दा बेलुकाको अं. १९:०० वजेको थियो। हामीहरु खोला नजिक रहेको गोठमा पुगेको १/२ घण्टापछि दाई सुमन श्रेष्ठ र दिप्सन प्रधान समेतले खाना पकाउने भाडा वर्तन र तरकारी समेत लिई आएका थिए भने दाई सुमन श्रेष्ठले नै काधमा भरुवा बन्दुक बोकी ल्याएका थिए। हामी ४ जनाले घरबाट लगेको चामल झोलाबाट निकाली खाना बनाउने सरसल्लाह गरी म लामो बाटो थकित भएकोले काम गर्न नसकेर सोहि गोठमा वसे भने रोजिश कार्कीले अखुवा खोलामा गएर चामल र तरकारी पखालेर ल्याए अन्य साथीहरुले चुला बनाउने दाउरा खोज्ने लगायतका काम गरी खाना पकाई खाई सकेपश्चात खोला पारीबाट मणि कुमार प्रधानले हातमा टर्च लाईट वाल्दै करिव २१:०० वजेतिर आयो। खाना पकाएर खाएकै गोठमा सबै जना बसी गफगाफ सरसल्लाह गरी म र दिप्सन प्रधान अखुवा खोला तर्फ शिकार खेल्नका लागि रातको अं. ११:३० वजेको समयमा मेरो भरुवा बन्दुक म आफैले काधमा भिरी बोकी एक हातमा लाईट बाल्दै अगाडी हिडे भने मेरो पछाडी दिप्सन प्रधान दाँया वाँया  शिकार हेर्दै हिडी रहेको थियो। केहि अगाडी अखुवा खोला नजिक किनारामा पुग्दा बाटो केहि भिरालो ढुंगा भएको र सो ढुंगाको बाटोबाट खेतको गरामा झर्ने क्रममा म लड्दा मैले बोकेको भरुवा बन्दुक अचानक पड्किन गई पछाडी हिडेको मेरो साथी दिप्सन प्रधानको छातीमा गोली लागेको थाहा पाई म पछाडी फर्कि हेर्दा, निज दिप्सन प्रधान भुईमा घोप्टो अवस्थामा लडी आईया आईया भनी रहेको अवस्थामा निज दिप्सन प्रधानलाई बोकेर खेतको डिल हुँदै खोलातर्फ लाने क्रममा एक ठाँउ विसाएर पुनः बोकेर अं. १५ मिटरमा रहेको अखुवा खोलाको बगरमा लगि उक्त लाशलाई भुईमा राखी हातले वालुवा खनी उक्त खाल्टोमा मृतक दिप्सन प्रधानको लाशलाई पुरीदिएँ। त्यसपछि पुनः घटनास्थल फर्कि आई घटनास्थलमा रहेको रगतलाई पानीले पखाली दिएपछि घटनास्थलबाट अं. १०० मिटर पश्चिममा आई निज दिप्सन प्रधानलाई गोली लागि मरेको भन्ने कुरा सँगै शिकार खेल्न आएका अन्य साथीहरुलाई थाहा नहोस् भन्ने उद्देश्यले मैले बोकेको भरुवा बन्दुकमा पुनः बारुद भरी उक्त बन्दुक हातमा बोकी अखुवा खोला भन्दा केही माथि जंगलमा आई आफुले बोकेको झोला सोहि जंगलमा फ्यालिदिई साथीहरु बसेको गोठमा गई निज दिप्सन प्रधानलाई गोली लागि मरेको भन्ने कुरा अन्य साथीहरुलाई नभनी प्रहरी आएर हामी दुई जनालाई पक्रन खोजेकोले, निज दिप्सन प्रधान खोला तिर भाग्यो र म जंगलको बाटो हुँदै यहाँ आएको हुँ। यस ठाँउमा पनि प्रहरी आई हामीलाई पक्रिन सक्छ हामीहरु सवै जना यहाँबाट भागौं मैले भनी हामी सबैजना त्यहाँबाट भागि हिड्यौं र गोठ भन्दा केहि माथि बाटोमा अर्को गोठमा पुगेपछि हामीसँगै गएको उमेश कार्की, रोजिश कार्की, सांकेतिक नाम ०७-० समेत ६ जना वसी गफगाफ गर्ने क्रममा अब हामी सबैजना आ-आफ्नो घर जाऔं भनेपछि हामीसँगै रहेका मध्ये जिल्ला भोजपुर भोजपुर न.पा. वडा नं.१२ वस्ने सुमन श्रेष्ठ र ऐ.ऐ. वस्ने मणि कुमार प्रधान अखुवा खोला

पारी घरतर्फ लागे भने म लगायत ४ जना खोला वारीबाटै मास्तीर गाउँ जाने बाटो तिर भाग्यौं। त्यसपछि अलिक माथि पुगेपछि गोठ देखेपछि हामी ४ जना सोहि गोठमा सुत्यौं। विहान अं. १०/११ वजेको समयमा उठी हामीले बोकेको चाउचाउ विस्कुट खादै घर फर्कि जाँदै गर्दा जिल्ला भोजपुर भोजपुर न.पा. वडा नं.१२ वस्ने मेरो फुपुको छोरा सुमन श्रेष्ठले सांकेतिक नाम ०७-०़ को मोवाईलमा फोन गरी तिमिहरु काहाँ छौ? भनी सोध्दा हामीहरु घर जाँदैछौं भनि जवाफ दिदा निज सुमन दाईले दिप्सन प्रधान कता गयो घर आएको छैन फोन लागि रहेको छ तर उठाएको छैन, तिमिहरु पहिला घर आउँ भनेपछि मैले दिप्सन प्रधान घरमा गएको छैन भने निज दिप्सन प्रधानलाई खोजी गर्न जानुपर्छ तपाईहरु खोलातर्फ आउनु भन्दा हुन्छ भनी सुमन श्रेष्ठ र मणि प्रधान घरबाट अखुवा खोलातर्फ झरे र हामी सांकेतिक नाम ०७-०़, उमेश कार्की र म समेत ३ जनालाई तिमिहरु दिप्सन प्रधान खोजी गर्न जाउँ मेरो खुट्टा दुखेको छ, दिप्सन प्रधानलाई खोजी गर्न म जान सक्दिन भनि रोजिश कार्की घरतर्फ फर्कियो, हामी ३ जना दिप्सन प्रधानलाई खोजी गर्न गयौं। फुपुको छोरा सुमन श्रेष्ठ र मणि प्रधानसँग अखुवा खोलामा नपुगि विच बाटोमा नै भेट भई दिप्सन प्रधान के कता गयो, भेटिदैन होला अव हामी सबै जना प्रहरी कार्यालयमा गई दिप्सन प्रधान हराएको भनी हुलिया निवेदन दिनुपर्छ भनेपछि म समेत आ-आफ्नो घर फर्कि घरमा बसिरहेको थिए। मैले बोकेको भरुवा बन्दुक उमेश कार्की समेत भई आम्तेक स्थित जंगलमा ओडारमा लुकाएर राखेको र निज उमेश कार्कीले झापडे भरुवा बन्दुक भिरेर लगेका थिए, निजले बोकेको भरुवा बन्दुक के कहाँ लुकायो मलाई थाहा भएन। मिति २०८०/३/२४ गते राती ०९:०० वजेको समयमा प्रहरीले मलाई समेत पक्राउ गरी ल्याएको हो। निज दिप्सन प्रधानलाई गोली लागि मरेको छ भन्ने कुरा मैले अन्य सँगै शिकार खेल्न गएको साथीहरुलाई भनेको थिईन र म एक्लैले मृतक लाशलाई खोलाको किनारमा लगि आफैले खाल्डो खनी पुरेको हुँ **भन्ने वर्ष २२ को सुमन श्रेष्ठको मिति २०८०/०४/०१ गतेको मौकाको वयान।**

**क.सुमन श्रेष्ठ (वर्ष २२) को थप सोधपुछ वयानः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ मणि प्रधान र उमेश कार्की गएको थियो भने म र दिप्सन प्रधान २ जना अर्कोतिर शिकार गर्न हिडेकोमा हिड्दा हिड्दै मेरो खुट्टा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिन गई उक्त भरुवा बन्दुकको छर्रा गोली निज दिप्सन प्रधानको छातीमा लागी सिकिस्त घाईते भई अचेत अवस्थामा घोप्टो परी लडेको देखी निज दिप्सन प्रधानले भिरेको झोला, टर्च तथा निजले गोजीमा बोकेको मोवाईल निकाल्दै गर्दा मणि कुमार प्रधान र उमेश कार्की समेत घटनास्थलमा आई पुगेपछि म अत्तालिदै साथीहरु भएको ठाँउमा गई घटनाको बारेमा सबै कुरा सुनाएपछि हामी सबैजना साथीहरु डराउदै घटनास्थलमा पुगी मैले सबै साथीहरुलाई अब के गर्ने त भन्दा साथीहरु कोही नबोलेपछि मैले तिमीहरु किन नबोलेको भनी सोध्दा साथीहरुले के गर्ने तिमी आफै गर भनेपछि साथिहरुलाई साथमा लिई सिकिस्त घाईते अचेत अवस्थामा रहेको दिप्सन प्रधानलाई मैले काधमा बोकी बाटोमा बिसाउदै ओढारेखेत अखुवा खोलाको बगरमा पुऱ्याई राख्दा निज दिप्सन प्रधान मरे जस्तो लागि अचेत अवस्थामा रहेकोले हामी सबैजनाले अब के गर्ने भनी सरसल्लाह गरी कसैले थाहा नपाउने गरी यही खोलाको बगरमा खाल्डो खनि गाडनुपर्छ मैले भनेपछि

साथीहरुले के कताबाट २ वटा कोदालो ल्याई दिएपछि सोही कुदालोले बगरमा खाल्डो खनी सिकिस्त घाईते अचेत अवस्थामा निज दिप्सन प्रधानलाई खाल्डोमा हाली बालुवाले पुरी कोदालो समेत नजिकै रहेको सुमन श्रेष्ठकोको खेतमा फाली सबै साथीहरु भई घटनाको बारेमा कोही कसैले पनी कही कतै हल्ला नगर्ने भनी सरसल्लाह गरी हामी सबैजना आ-आफ्नो घरतर्फ लाग्यौं। भोलिपल्ट मिति २०८०।०३।२३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै हामीले दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनि सोचेर ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं। बरामदी मुचुल्कामा उक्त २ थान कोदालो हामीहरुले खाडल खन्न प्रयोग गरेको कोदालो हो हेरी चिनी सनाखत समेत गरिदिए **भन्ने व्यहोराको वर्ष २२ को सुमन श्रेष्ठको थप सोधपुछ वयान।**

८.मिति २०८०/३/२२ गते शुक्रबार विहान अं. ०८:०० वजेको समयमा काम गर्नका लागि घर नजिक रहेको अखुवा खेतमा बर्खे धान झाट्नका लागि गई धान झारी खेतमा रहेका खेतलालाई खाजा दिई म दिउँसो १४:३० वजेको समयमा घर फर्किन लाग्दा मेरो मामाको छोरा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक मुलावारी वस्ने सुमन श्रेष्ठले मेरो मोवायल नं. ९८०८६०७४२४ मा फोन गरी आज वेलुका शिकार खेल्न अखुवा खोलातर्फ जानुपर्छ तपाईले लानु भएको मेरो भरुवा बन्दुक र खाना वनाउने भाडा कुडा, तरकारी समेत लिई आउनु, खाने चामल र अन्य सामानहरु हामीले ल्याउछौं भनेपछि मैले यताबाट जिल्ला भोजपुर भोजपुर न.पा. वडा नं.१२ पैयापानी वस्ने मणिकुमार प्रधान, ऐ.ऐ. वस्ने दिप्सन प्रधान र म समेत ३ जना आउछौ भनेपछि मैले तिमीहरु के कुन समयमा आउछौ भन्दा वेलुका साझमा आउछौं भनेपछि, वेलुका साँझमा म र दिप्सन प्रधान समेत खाना पकाउने भाडा वर्तन र तरकारी र मेरो मामाको छोरा सुमन श्रेष्ठको भरुवा बन्दुक समेत बोकी शिकार खेल्नका लागि गयौं। निजहरु मुलाबारी वस्ने सुमन श्रेष्ठ, रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-० समेत ४ जना पहिलानै पुगि गोठमा वसीरहेको थिए, म र दिप्सन प्रधान पुगेपछि निजहरुले घरबाट लगेको चामल झोलाबाट निकाली खाना बनाउने सरसल्लाह गरी रोजिश कार्कीले अखुवा खोलामा गएर चामल र तरकारी पखालेर ल्याएँ अन्य साथीहरुले चुलाबनाउने दाउरा खोज्ने लगायतका काम गरी खाना पकाई खाई सकेपश्चात खोला पारीबाट मणिकुमार प्रधानले हातमा टर्च लाईट वाल्दै करिव २१:०० वजेतिर आयो। खाना पकाएर खाएकै गोठमा सबैजना बसी गफगाफ सरसल्लाह गरी मेरो मामाको छोरा सुमन श्रेष्ठले भरुवा बन्दुक बोकेर दिप्सन प्रधानसँग खोलातर्फ सिकार खेल्नका लागि रातको अं. ११:३० वजेको समयमा गएका थिए, हामी ५ जना गोठमानै बसेका थियौं। निज दिप्सन प्रधान र सुमन श्रेष्ठ शिकार खेल्न गए पश्चात मणिकुमार प्रधान र उमेश कार्की निजको झापटे भरुवा बन्दुक लिई दुई जना हामी बसेको गोठ भन्दा ५० देखि ६० मिटर माथि झाडीमा लुईचे कुखुराको शिकार खेल्नका लागि गई २०/२५ मिनेटपछि हामी वसेको गोठमा फर्कि आएर सुते। हामीहरु सुतेको अं. ३० देखि ४५ मिनेटपछि अखुवा खोलातर्फ शिकार खेल्न गएको सुमन श्रेष्ठ अत्तालिदै हातमा भरेको भरुवा बन्दुक बोकी हामी बसेको ठाँउमा आई प्रहरी आयो हामी दुवैजनालाई खेदायो त्यसपछि दिप्सन प्रधान खोलैखोला भाग्यो भने म चाहि जंगलको झाडीझाडी हुदै भागि लुक्दै यहाँ आएको हुँ भनि वतायो। हामीले सुमन श्रेष्ठलाई तैले प्रहरीले

लगाएको लुगा नै देखेको हो त भनी सोध्दा हो भन्यो र प्रहरी नजिक आईसकेको हुनुपर्छ भन्ने लागेपछि हामी सबै डरले गाउँतिर भाग्यौं। जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ वस्ने मणि कुमार प्रधान र म खोला पारी घरतर्फ लागे भने भोजपुर न.पा. वडा नं. ११ आम्तेक मुलाबारी वस्ने सुमन श्रेष्ठ, रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-ए समेत ४ जना खोलावारीबाटै मास्तीर गाउँतर्फ भागेका थिए। म र मणीकुमार प्रधान आफ्नो घरमा गई सुति विहान उठेर दिप्सन प्रधान भाई घरमा आयोकी भनि निजको घरमा गई बुझ्दा निज दिप्सन प्रधान भाई नआएको थाहा पाई मैले मेरो मामाको छोरा सुमन श्रेष्ठ समेतलाई फोन गर्दा फोन नलागेपछि म निजहरुको गाउँघर तर्फ गएको थिए र विचमा फोन गर्दै जाँदा सुमन श्रेष्ठसँग फोन सम्पर्क भएपछि तिमीसँग शिकार खेल्न गएको दिप्सन प्रधान भाई त घरमा आएको छैन त तिमिहरु कहाँ छौं पहिला घर आउ भन्दा मेरो मामाको छोरा सुमन श्रेष्ठ समेतले निज दिप्सन प्रधानलाई खोज्नका लागि अखुवा खोलातर्फ आउनु भनि बोलाएपछि म त्यहाँबाट फर्केर जिल्ला भोजपुर भोजपुर न.पा. वडा नं.१२ वस्ने मणि कुमार प्रधान समेतलाई घरबाट सँगै लिई खोलातर्फ झरेको थिए। भोजपुर न.पा. वडा नं. ११ मुलबारी आम्तेकको सुमन श्रेष्ठ, सांकेतिक नाम ०७-ए र उमेश कार्की समेत ३ जना खोलामा नपुग्दै बिच बाटोमा नै भेट भएपछि दिप्सन प्रधान के कता गयो भनि सोधि खोजी गर्दा मेरो मामाको छोरा मुलावारीको सुमन श्रेष्ठले वेलुका प्रहरीले खेदाउदा निज खोलातर्फ नै भागेको थियो। निजलाई केहि भएको छैन मेरो विश्वास गर केटा हो भनेपछि हामीहरु आ-आफ्नो घरतर्फ गयौं। निज दिप्सन प्रधानलाई गोली लागि मरेको छ भन्ने कुरा हामीलाई सुमन श्रेष्ठले भनेको थिएन। मिति २०८०/३/२४ गते राती ०९:०० वजेको समयमा प्रहरीले मलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय भोजपुरमा ल्याएपछि दिप्सन प्रधानलाई गोली लागि मरेको छ भन्ने कुरा थाहा पाएको हुँ। निज दिप्सन प्रधानलाई मार्नमा मेरो संलग्नता छैन **भन्ने समेत व्यहोराको वर्ष २९ को सुमन श्रेष्ठको मिति २०८०।०४।०१ गतेको मौकाको बयान ।**

**क.सुमन श्रेष्ठ (वर्ष २९) को थप सोधपुछ कागजः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ मणी कुमार प्रधान र उमेश कार्की गएको थियो भने अर्कोतिर सुमन श्रेष्ठ र दिप्सन प्रधान २ जना शिकार गर्न हिडेकोमा केहि समयपछि सुमन श्रेष्ठ आत्तिदै हातमा भरुवा बन्दुक बोकी हामी बसेको ठाँउमा आई अखुवा खोला नजिक किनारमा पुग्दा बाटो केहि भिरालो ढुंगा भएको र सो बाटोबाट खेतको गरामा झर्ने क्रममा हिड्दा हिड्दै मेरो खुट्टा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिन गई उक्त भरुवा बन्दुकको छर्रा गोली निज दिप्सन प्रधानको छातीमा लागि सिकिस्त घाईते भई अचेत अवस्थामा रहेको भनि सुनाएपछि घटना सम्बन्धमा थाहा पाई हामी सबैजना साथीहरु डराउदै सबैजना साथीहरु घटनास्थलमा पुगि हेर्दा निज दिप्सन प्रधान भुईमा घोप्टो परी सिकिस्त घाईते अवस्थामा देखेको हुँ। निज सुमन श्रेष्ठले अब के गर्ने त भनेपछि हामी सबैजना साथीहरुले के गर्ने हो तिमी आफै गर भनेपछि निज सुमन श्रेष्ठले हामीलाई तिमीहरु म सँग हिड भन्दै सिकिस्त घाईते अचेत अवस्थाको दिप्सन प्रधानलाई काँधमा बोकी बाटोमा बिसाउँदै बोकी ओढारेखेत अखुवा खोलाको बगरमा पुर्याई सोही ठाँउमा ल्याई राखी हेर्दा निज दिप्सन प्रधानको मरे जस्तो अचेत अवस्थामा रहेको थाहा पाईपछि निज सुमन श्रेष्ठले

तिमीहरु कोदालो खोजेर ल्याउ भनेपछि हामी सबैजना कोदालो खोज्न खेततिर गयौ। मेरो खेतमा रहेको कोदालो मैले एउटा र मणि प्रधानले एउटा गरी जम्मा २ वटा कोदालोले बोकेर लगेका हौं। सोही कोदालोले ओढारेखेत अखुवाखोला बगरमा खाल्डो खनी अचेत अवस्थामा रहेका दिप्सन प्रधानलाई सोही खाल्डोमा हाली हामी सबैले माथिबाट बालुवाले पुरी कोदालो समेत मेरै खेतमा फाली सबै साथीहरु भई घटनाको बारेमा कोही कसैले पनि कहीं कतै हल्ला नगर्ने भनि सरसल्लाह गरी हामी सबै जना आ-आफ्नो घर तर्फ लाग्यौं। भोलिपल्ट मिति २०८०।०३।२३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै हामीले खाल्डो खनी गाडेको दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनी सोचेर ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं। उक्त मृतक लाश खाल्डो खनी पुर्दारको समयमा हामी सबै संलग्नता रहेको छ, बरामदी मुचुल्कामा उल्लेखित २ थान कोदालो हामीहरुले खाडल खन्न प्रयोग गरेको कोदालो हो हेरी चिनी सनाखत समेत गरिदिए **भन्ने व्यहोराको वर्ष २९ सुमन श्रेष्ठको मिति २०८०।०४।०७ गतेको थप सोधपुछ कागज।**

९.मिति २०८०/०३/२२ गते शुक्रबार म विहानको खाना खाएर गाउँतिर गएको थिए। गाउँका साथी सुमन श्रेष्ठ, उमेश कार्कीसँग मेरो भेट भई कुराकानी हुँदा आज हामी माछा मार्ने र कालिज दुम्सी लगायतको शिकार गर्नका लागि अखुवा खोला जानुपर्छ भनी सरसल्लाह गरी हामीहरु सबैजना घरमा गयौं। म चाँही घरमा गएर घाँस काट्नका लागि बारीमा गएँ, बारीमा दुई भारी घाँस काटी घरमा ल्याउदा दिउँसोको १२:०० वजेको थियो होला, विहानको सल्लाह अनुसार मैले झोलामा वेलुका खानका लागि चामल, तरकारी, मसला, नुन, तेल, चाउचाउ, विस्कुट वोकी म घरबाट हिडेर मेरो साथी उमेश कार्कीको घर गई अं. १६:०० वजेतिर उमेश कार्की, रोजिश कार्की र सुमन श्रेष्ठ र म समेत ४ जना भई खोलामा माछा मार्ने र कालिज दुम्सी लगायतको शिकार गर्न हिड्यौं, बाटोमा विस्तारै बस्दै-बस्दै जाँदा हामी खोला नजिकको गोठमा पुग्दा वेलुकाको अं. १९:०० बजेको थियो। हामीहरु खोला नजिक रहेको गोठमा पुगेको १/२ घण्टापछि जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र दिप्सन प्रधानले खाना पकाउने भाडा वर्तन र तरकारी समेत बोकी सोहि गोठमा आएँ, निज सुमन श्रेष्ठले काधमा भरुवा बन्दुक बोकी ल्याएका थिए। मैले घरबाट लगेको चामल झोलाबाट निकाली खाना बनाउने सरसल्लाह गरी रोजिश कार्की खोलामा गएर चामल र तरकारी पखालेर ल्यायो भने मैले दाउरा काटे अन्य साथीहरुले चुला बनाउने काम गरी खाना पकाई खाई सकेपश्चात खोला पारीबाट मणि प्रधानले लाईट बाल्दै आयो, सोही गोठमा सबैजना बसी गफगाफ सरसल्लाह गरी रातको अं. ११:३० बजेको समयमा हामी ४ जनासँग गएका मध्ये वर्ष २२ को सुमन श्रेष्ठले भरुवा बन्दुक बोकेर दिप्सन प्रधानसँग खोलातर्फ सिकार खेल्न गएका थिए, हामी ५ जना गोठमा नै बस्यौं। म रातको समय भएकोले म गोठको भुईमा सुति निदाए र केही बेरपछि ब्युँझी पिसाव फेर्न जाँदा उमेश कार्कीले तलतिर हतियार पड्किए जस्तो आवाज सुने भनी कुरा गर्दा मैले थाहा पाएको हुँ। त्यसको ३०/४५ मिनेटपछि सुमन श्रेष्ठ आतिदै हातमा भरेको भरुवा बन्दुक बोकी हामी बसेको ठाँउ आई प्रहरी आयो, हामी दुवैजनालाई खेदायो, त्यसपछि दिप्सन प्रधान खोलैखोला भागो भने म चाँही जंगलको भित्तैभित्ता भागी लुक्दै यहाँ आएको हुँ भन्दा रोजिश कार्कीले तैले प्रहरीले

लगाएको लुगा नै देखेको हो त? भनि सोध्दा निज सुमन श्रेष्ठले हो भन्यो, प्रहरी नजिक आईसकेको हुनुपर्छ भनी हामी सबैजना डरले गाउँतिर भाग्यौं। जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ वस्ने वर्ष २९ को सुमन श्रेष्ठ र मणि प्रधान खोला पारी लागे भने म लगायत ४ जना खोला वारीबाटै मास्तिर भाग्यौं। त्यसपछि अलिक माथि पुगेपछि गोठ फेला परो हामी सोही गोठमा सुत्यौं, विहान उज्यालो भएको थाहा भएन अं. १०/११ बजेको समयको समयमा उठि मैले बोकेको चाउचाउ विस्कुट खाँदै घरतर्फ फर्कि जाँदै गर्दा पारपानीको सुमन श्रेष्ठले म समेतलाई फोन गरी तिमिहरु कहाँ छौं? भनी सोध्दा हामीहरु घर जाँदैछौं भनी जवाफ दिएको निज सुमन श्रेष्ठले दिप्सन प्रधान कता गयो घर आएको छैन, फोन लागिरहेको छ तर उठाएको छैन तिमिहरु पहिला घर आउँ भनेपछि मैले दिप्सन प्रधान घरमा गएको छैन, निज दिप्सन प्रधानलाई खोजी गर्न जानुपर्छ तपाईहरु खोलातर्फ आउनु भन्दा हुन्छ भनी निज सुमन श्रेष्ठ र मणि प्रधान घरबाट खोलातर्फ झरे र हामी सुमन श्रेष्ठ, उमेश कार्की र म समेत ३ जनालाई तिमिहरु दिप्सन प्रधान खोजी गर्न जाउँ मेरो खुट्टा दुखेको छ म जान सक्दिन भनी रोजिश कार्की घरतर्फ फर्कि गयो। दिप्सन प्रधानलाई खोजी गर्न गएको हामी ३ जना, सुमन श्रेष्ठ र मणि प्रधान खोलामा नपुगि विच बाटोमा नै भेट भई दिप्सन प्रधान के कता गयो भनी सोध्दा मुलावारीको सुमन श्रेष्ठले वेलुका प्रहरीले खेदाउँदा निज खोलातर्फ नै भागेको थियो, निजलाई केही भएको छैन, मेरो विश्वास गर केटा हो, त्यो भाईलाई केही भएको छैन, मेरो विश्वास गर भन्यो र हामी आ-आफ्नो घरतर्फ गयौं। हामी घर जाने क्रममा सुमन श्रेष्ठ दिप्सन प्रधानलाई केही भएको भए हामीहरुलाई भन भनि उमेश कार्कीले भन्दा तिमिहरु मेरो विश्वास गर त्यो दिप्सन भाईलाई केही भएको छैन भन्यो, निज दिप्सन प्रधानलाई गोली लागि मरेको भन्ने कुरा हामीलाई सुमन श्रेष्ठले भनेको थिएन। मिति २०८०/०३/२४ गते राती ०९:०० वजेको समयमा प्रहरीले मलाई नियन्त्रणमा लिएपछि दिप्सन प्रधानलाई गोली लागि मरेको कुरा थाहा पाएको हुँ **भन्ने समेत व्यहोराको सांकेतिक नाम ०७-0को मिति २०८०।०३।२९ गतेको मौकामा भएको सोधपुछ कागज ।**

**क.कानूनको विवादमा परेको बालक सांकेतिक नाम ०७-0 को थप सोधपुछ कागजः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ मणी कुमार प्रधान र उमेश कार्की गएको थियो भने अर्कोतिर सुमन श्रेष्ठ र दिप्सन प्रधान २ जना शिकार गर्न हिडेकोमा, अखुवा खोला तर्फ शिकार खेल्न गएको सुमन श्रेष्ठ आत्तिदै हातमा भरुवा बन्दुक बोकी हामी बसेको ठाँउमा आई अखुवाखोला नजिक किनारमा पुग्दा बाटो केही भिरालो ढुंगा भएको र सो बाटोबाट खेतको गरमा झर्ने क्रममा हिड्दा हिड्दै मेरो खुट्टा ठुलो ढुङ्गामा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिई उक्त भरुवा बन्दुकको छर्रा गोली दिप्सन प्रधानको छातीमा लागि सिकिस्त घाईते अचेत अवस्थामा रहेको भनी सुनाएपछि सुनी थाहा पाई हामी सबैजना साथीहरु डराउदै हामी सबैजना घटनास्थलमा पुगी हेर्दा निज दिप्सन प्रधान भुईमा घोप्टो परेको सिकिस्त घाईते अचेत अवस्थामा देखेको हो। निज सुमन श्रेष्ठले अब के गर्ने त भनेपछि हामी सबैजनाले के गर्ने हो तिमी आफैं गर भनेपछि निजले हामीलाई तिमीहरु म सँग हिड भन्दै दिप्सन प्रधानलाई काधमा बोकी बाटोमा बिसाई पुनः बोकी ओढारेखेत अखुवा खोलाको बगरमा पुर्याई राखेपछि निज दिप्सन प्रधान मरे जस्तो अचेत अवस्थामा रहेकोले निज सुमन श्रेष्ठले तिमीहरु कोदालो खोजेर ल्याउ भनेपछि हामी

सबैजना कोदालो खोज्न खेततिर गयौं, सुमन श्रेष्ठको खेतमा रहेको कोदालो सुमन श्रेष्ठ र मणि प्रधानले एकएक वटा कोदालो बोकी ओढारेखेत अखुवा खोलातिर लागेपछि निजहरुकै पछिपछि म पनि गएको हो र सोही कोदालोले ओढारेखेत अखुवाखोला बगरमा खाल्डो खनी अचेत अवस्थामा रहेका दिप्सन प्रधानलाई सोही खाल्डोमा हाली हामी सबैले माथिबाट बालुवाले पुरी खाडल खन्न प्रयोग गरिएको उक्त कोदालो नजिकै रहेको सुमन श्रेष्ठको खेतमा फाली सबै साथीहरु भई घटनाको बारेमा कोही कसैले पनि कही कतै हल्ला नगर्ने भनी सरसल्लाह गरी हामी सबैजना आ-आफ्नो घरतर्फ लाग्यौं। भोलिपल्ट मिति २०८०।०३।२३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै खाडलमा गाडेको दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनी सोच विचार गरी ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं। निज दिप्सन प्रधानलाई खाल्डो खनी पुर्दाको समयमा हामी सबै संलग्नता रहेको छौं। बरामदी मुचुल्कामा बरामद भएको कोदालो थान-२ दिप्सन प्रधानलाई खाल्डो खन्न प्रयोग गरेको हो, मलाई देखाउदा देखी हेरी चिनी सनाखत समेत गरिदिएँ **भन्ने समेत व्यहोराको सांकेतिक नाम ०७-Q को मिति २०८०।०४।०७ गतेको थप सोधपुछ कागज।**

**१०.** मिति २०८०/३/२२ गते शुक्रबार म विहानको खाना खाएर गाउँतिर जाँदा गाउँका साथी सुमन श्रेष्ठ, सांकेतिक नाम ०७-Q र रोजिश कार्कीसँग मेरो भेट भई कुराकानी हुँदा आज हामीहरु माछा मार्ने र कालिज दुम्सी लगायतको शिकार गर्नका लागि अखुला खोला जानुपर्छ भनी हामी विच सरसल्लाह भई सबैजना घर गयौं। म घरमा गई बाख्रालाई घाँस पात्लेको सेउला काटी बाख्रालाई हालि दिएपछि विहानको सल्लाह अनुसार मेरो घरमा म, सुमन श्रेष्ठ, सांकेतिक नाम ०७-Q र रोजिश काकी ४ जना भेला भई अं. १६:०० बजेतिर खोलामा माछा मार्ने र कालिज दुम्सीको शिकार गर्न हिड्यौं। बाटोमा विस्तारै बस्दै बस्दै जाँदा हामी खोला नजिकैको गोठमा पुग्दा वेलुकाको अं. १९:०० बजे पुगेका थियौं। हामीहरु गोठमा पुगेको १/२ घण्टापछि जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र दिप्सन प्रधानले खाना पकाउने भाडा वर्तन र तरकारी समेत लिई गोठमा आएँ, निज सुमन श्रेष्ठले काधमा भरुवा बन्दुक समेत बोकी ल्याएका थिए। हामीले लगेको चामल झोलाबाट निकाली खाना बनाउने सरसल्लाह गरी रोजिश कार्की खोलामा गएर चामल र तरकारी पखालेर ल्यायो भने मैले दाउरा काटे अन्य साथीहरुले चुला बनाउने काम गरी खाना पकाई खाई सकेपश्चात खोला पारीबाट मणि प्रधान लाईट बाल्दै हामी भएको ठाँउमा आयो, सोही गोठमा सबैजना बसी गफगाफ सरसल्लाह गरी रातको अं. ११:३० बजेको समयमा हामी ४ जना सँग गएका मध्ये वर्ष २२ को सुमन श्रेष्ठ निजकै भरुवा बन्दुक बोकेर दिप्सन प्रधानसँग खोलातर्फ सिकार खेल्न गएका थिए, हामी ५ जना गोठमा नै बसेका थियौं। निज दिप्सन प्रधान र सुमन श्रेष्ठ शिकार खेल्न गएपश्चात मणि कुमार प्रधान र मैले घरबाटै बोकी लगेको झापटे भरुवा बन्दुक लिई हामी बसेको गोठ भन्दा ५०/६० मिटर माथि झाडीमा लुईचे कुखुराको शिकार खेल्न गई २०/२५ मिनेटसम्म केही नभेटपछि खाली हातै पहिला हामी वसेको गोठमै आएर सुत्यौं र केहि समयपछि तलतिर खोलातिर हतियार पड्किए जस्तो आवाज सुनि अन्य साथीहरुलाई उठाई तल्तीर खोलामा बन्दुक पड्किएको जस्तो आवज सुने भनि अरुलाई पनि सनाएँ। त्यसको ३०/४५ मिनेटपछि सुमन श्रेष्ठले आतिदै एक

हातमा भरेकै भरुवा बन्दुक र अर्को हातमा लाईट वाल्दै हामी भएको ठाँउमा आई प्रहरी आयो, हामी दुवैजनालाई खेदायो, त्यसपछि दिप्सन प्रधान खोलै खोला भाग्यो भने म चाहि जगलको झाडी झाडी लुक्दै यहाँ आएको हुँ भन्यो, रोजिश कार्कीले निज सुमन श्रेष्ठलाई तैले साँच्चै प्रहरी देखेकै हो त? भनि सोध्दा हो मैले वर्दी सहित प्रहरी नै देखेको हो र प्रहरी नजिक आईसकेको हुनुपर्छ भनेपछि हामी सबै डरले गाउँतिर भाग्यौं। जिल्ला भोजपुर भोजपुर न.पा. वडा नं. १२ वस्ने वर्ष २९ को सुमन श्रेष्ठ र मणि प्रधान खोला पारी लागे भने म लगायत ४ जना खोला वारीबाटै माथीतिर भाग्यौं, त्यसपछि अलिक माथि पुगेपछि गोठ देखेपछि हामी ४ जना सोही गोठमा सुत्यौं। विहान अं. १०/११ बजेको समयमा उठी व्यूँझी हामीले बोकेको चाउचाउ विस्कुट खाँदै घरतर्फ फर्कि जाँदै गर्दा पारपानीको सुमन श्रेष्ठले हामीलाई फोन गरी तिमिहरु कहाँ छौं? दिप्सन प्रधान कता गयो घर अहिलेसम्म आएको छैन फोन लागि रहेको छ तर उठाएको छैन तिमिहरु पहिला घर आउ भनेपछि मैले दिप्सन प्रधान घरमा गएको छैन भने निजलाई खोजी गर्न जानुपर्छ तपाईहरु खोलातर्फ आउनु भन्दा हुन्छ भनि निज सुमन श्रेष्ठ र मणि प्रधान घरबाट खोलातर्फ झरेको र हामी सुमन श्रेष्ठ, सांकेतिक नाम ०७-Q र म समेत ३ जनालाई रोजिश कार्कीले तिमिहरु दिप्सन प्रधान खोजी गर्न जाउँ मेरो खट्टा दुखेको छ म जान सक्दिन भनी घर निस्कियो। हामी ३ जना दिप्सन प्रधानलाई खोज्न हामीले बोकेको भरुवा बन्दुकहरु सोही जंगल लुकाई खोलातर्फ लाग्यौं। पारपानीको सुमन श्रेष्ठ र मणि प्रधानसँग खोलामा नपुगि विच बाटोमा नै भेटेपछि दिप्सन प्रधान के कता गयो भनि सोधि खोजी गर्दा मुलावारीको सुमन श्रेष्ठले वेलुका प्रहरीले खेदाउदा निज खोला तर्फ नै भागेको थियो निजलाई केहि भएको छैन। मेरो विश्वास गर केटा हो त्यो भाईलाई केहि भएको छैन भनेपछि हामीहरु आ-आफ्नो घरतर्फ गयौं। हामी घर जाने क्रममा सुमन श्रेष्ठलाई दिप्सन प्रधानलाई केहि भएको भए हामीलाई भन भनि मैले सोध्दा तिमिहरु मेरो विश्वास गर त्यो दिप्सन प्रधानलाई केहि भएको छैन भनि वतायो, निज दिप्सन प्रधान गोली लागि मरेको छ भन्ने कुरा हामीलाई सुमन श्रेष्ठले भनेको थिएन। मिति २०८०/३/२४ गते राती ०९:०० बजेको समयमा प्रहरीले मलाई नियन्त्रणमा लिएपछि दिप्सन प्रधान गोली लागि मरेको भन्ने कुरा थाहा पाएको हुँ, खोलामा बन्दुक बोकेर शिकार खेल्न जानु मेरो गल्ती भयो **भन्ने व्यहोरा उमेश कार्कीको मिति २०८०।०४।०१ गतेको मौकाको बयान।**

**क.प्रतिवादी उमेश कार्कीको थप सोधपुछ कागजः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ सुमन श्रेष्ठ र दिप्सन प्रधान शिकार खेल्न गएका थिए भने म र मणी कुमार प्रधान अर्कोतिर शिकार खेल्न गएका थियौं, शिकार खेल्ने क्रममा केहि समयपछी सुमन श्रेष्ठ र दिप्सन प्रधान शिकार खेल्न गएको दिशातर्फ भरुवा बन्दुक पड्केको आवाज सुनी कतै सुमन श्रेष्ठले शिकार मारे जस्तो लागी म र मणि कुमार प्रधान सुमन श्रेष्ठ र दिप्सन प्रधान गएको दिशातर्फ जादै गर्दा खेतको गरामा भुँईमा लडि घोप्टो परेको मृत अवस्थामा रहेको दिप्सन प्रधानले भिरेको झोला निकल्दै गरेको एक हातमा भरुवा बन्दुक भिरेको देखि मैले निज सुमन श्रेष्ठलाई कसरी यस्तो भयो भन्दा निजले आत्तिदै बाटो केहि भिरालो ढुंगा भएको र सो बाटोबाट खेतको गरामा झर्ने क्रममा हिड्दा हिड्दै मेरो खुट्टा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिन गई उक्त भरुवा बन्दुकको छर्रा गोली निज दिप्सन प्रधानको छातीमा लागि घटनास्थलमा अचेत छ भनी सुनाएपछि

सुनी थाहा पाई हामी सबैजना साथीहरु डराउदै अब के गर्ने भनेपछि सबै कुरा मिलाउनु पर्छ भन्दै निज सुमन श्रेष्ठ अत्तालिदै साथीहरु भएको ठाँउमा गई सबैजनालाई घटनास्थलमा बोलाई निज सुमन श्रेष्ठले अब के गर्ने त भनेपछी हामी सबैजना साथीहरुले के गर्ने हो तिमी आफै गर भनेपछि निज सुमन श्रेष्ठले हामीलाई तिमीहरु म सँग हिड भन्दै मृतक दिप्सन प्रधानको लाश काधमा बोकी बाटोमा एक ठाँउ बिसाई पुनः मृतक लाशलाई बोकी ओढारेखेत अखुवा खोलाको बगरमा पुर्याएई सोहि ठाउमा ल्याई राखेपछि निज सुमन श्रेष्ठले तिमीहरु कोदालो खोजेर ल्याउ भनेपछी हामी सबैजना कोदालो खोज्न खेततिर गयौं, कोदालो खोज्दै जाँदा सुमन श्रेष्ठको खेतमा २ वटा कोदालो फेला पारी एउटा कोदालो मणि कुमार प्रधानले बोके भने अर्को कोदालो सुमन श्रेष्ठले बोकी ल्याएको हो। सोही कोदालोले ओढारेखेत अखुवाखोला बगरमा खाल्डो खनी मृतक दिप्सन प्रधानको लाशलाई सोहि खाल्डोमा हाली हामी सबैले माथिबाट बालुवाले पुरी कोदालो समेत नजिकैको खेतमा फाली सबै साथीहरु भई घटनाको बारेमा कोहि कसैले पनि कहि कतै हल्ला नगर्ने भनि सरसल्लाह गरी हामी सबैजना आ-आफ्नो घरतर्फ लाग्यौं। भोलिपल्ट मिति २०८०।०३।२३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै हामीले दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनि सोचेर ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं। उक्त मृतक लाश खाल्डो खनी पुर्दाको समयमा हामी सबै संलग्नता रहेको छ भने बरामदी मुचुल्कामा बरामद भएको कोदालो मैले हेरी चिनी सनाखत गरिदिए। उक्त २ थान कोदालो हामीहरुले खाडल खन्न प्रयोग गरेको कोदालो हो हेरी चिनी सनाखत समेत गरिदिएँ **भन्ने व्यहोरा समेतको उमेश कार्कीको मिति २०८०।०४।०७ गतेको थप सोधपुछ कागज।**

**११.** मिति २०८०/३/२२ गते शुक्रबार सुमन श्रेष्ठ, उमेश कार्की र सांकेतिक नाम ०७-० खोलामा माछा मार्ने र कालिज दुम्सी लगायतको शिकार गर्न जाने सल्लाह गरेका रहेछन्, निजहरुले मलाई पनि खोलामा शिकार गर्न जाउँ भनेकाले म निजहरुसँग सोही दिनको अं. १६:०० वजेतिर खोला गएको हुँ। हामीहरु खोला नजिक रहेको गोठमा वेलुका अं. १९:०० बजे समयमा पुगेका थियौं। हामीहरु खोला नजिक रहेको गोठमा पुगेको १/२ घण्टापछि जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र दिप्सन प्रधान समेतले खाना पकाउने भाडा वर्तन र तरकारी समेत लिई आएका थिए, निज सुमन श्रेष्ठले काधमा भरुवा बन्दुक बोकी ल्याएको थियो। हामीले घरबाट लगेको चामल झोलाबाट निकाली खाना वनाउने सरसल्लाह गरी मैले अखुवा खोलामा गएर चामल र तरकारी पखालेर ल्याएँ भने अरुले चुला बनाउने, दाउरा खोज्ने लगायतका काम गरी खाना पकाई खाई सकेपछि खोला पारीबाट मणि प्रधानले टर्च लाईट वाल्दै करिव ०९:०० बजेतिर आयो, हामी बसेको गोठमा सबैजना बसी गफगाफ सरसल्लाह गरी रातको अं. ११:३० बजेको समयमा हामी ४ जनासँग गएका मध्ये जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक वस्ने सुमन श्रेष्ठले भरुवा बन्दुक बोकेर दिप्सन प्रधानसँग अखुवा खोलातर्फ सिकार खेल्न गएका थिए, हामी ५ जना गोठमा नै बसेका थियौं। म रातको समय भएकोले निद्रा लागि निदाएछु र केहिबेरपछि व्यूँझिदा उमेश कार्कीले तल्तिर हतियार पड्किए जस्तो आवाज सुने भनि कुरा गर्दा मैले थाहा पाएको हुँ। त्यस्को ३०/४५ मिनेटपछि जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक बस्ने सुमन श्रेष्ठले आतिदैं हामी

बसेको ठाँउमा आई प्रहरी आयो, हामी दुवैजनालाई खेदायो, त्यसपछि दिप्सन प्रधान खोलैखोला भाग्यो भने म चाँही जंगलको भित्तैभित्ता भागी लुक्दै यहाँ आएको हुँ भन्यो। मैले निज सुमन श्रेष्ठलाई तैले प्रहरीले लगाएको लुगा नै देखेको हो त? भनि सोध्दा हो भन्यौं प्रहरी नजिक आईसकेको हुनुपर्छ भनेपछि हामी सबै डरले गाउँ तिर भाग्यौं। भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र मणि प्रधान खोला पारी लागे भने म लगायत ४ जना खोला वारीबाटै मास्तिर गाउँ जाने बाटोतिर भाग्यौं। त्यसपछि अलिक माथि पुगेपछि गोठ फेला परो हामी ४ जना सोही गोठमा सुत्यौं विहान अं. १०/११ वजेको समयमा उठी हामी बोकेको चाउचाउ विस्कुट खाँदै घरतर्फ फर्कि जाँदै गर्दा भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठले भोजपुर न.पा. वडा नं. ११ आम्तेक बस्ने सुमन श्रेष्ठलाई फोन गरी तिमीहरु कहाँ छौं? दिप्सन प्रधान कता गयो घर आएको छैन, फोन लागि रहेको छ तर उठाउदैन तिमीहरु पहिला घर आउँ भनेपछि मैले दिप्सन प्रधान घरमा गएको छैन भने निज दिप्सनलाई खोज्न जानुपर्छ तपाईहरु खोलातर्फ आउनु भन्दा हुन्छ भनि भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र मणि प्रधान घरबाट अखुवा खोलातर्फ झरे र हामी ऐ. वडा नं. ११ आम्तेक वस्ने सुमन श्रेष्ठ, उमेश कार्की र सांकेतिक नाम ०७-０ लाई तिमिहरु दिप्सन प्रधान खोजी गर्न जाउँ मेरो खुट्टा दुखेको छ, म जान सक्दिन भनी निजहरुलाई पठाई म घरतर्फ फर्कि आएँ, निज दिप्सन प्रधानलाई गोली लागि मरेको भन्ने कुरा मलाई सुमन श्रेष्ठले भनेको थिएन। मिति २०८०/३/२४ गते राती ०९:०० बजेको समयमा प्रहरीले मलाई पक्राउ गरी ल्याएपछि दिप्सन प्रधानलाई गोली लागि मरेको **भन्ने कुरा थाहा पाएको हुँ भन्ने समेत व्यहोराको रोजिश कार्कीको मिति २०८०/०४/०१ गतेको मौकाको बयान।**

**क.प्रतिवादी रोजिश कार्कीको थप सोधपुछ कागजः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ मणी कुमार प्रधान र उमेश कार्की गएको थियो भने अर्कोतिर सुमन श्रेष्ठ र दिप्सन प्रधान २ जना शिकार गर्न हिडेकोमा अखुवा खोलातर्फ शिकार खेल्न गएको सुमन श्रेष्ठ आत्तिदै हातमा भरुवा बन्दुक बोकी हामी बसेको ठाँउमा आई अखुवा खोला नजिक किनारमा पुग्दा बाटो केहि भिरालो ढुंगा भएको र सो बाटोबाट खेतको गरामा झर्ने क्रममा हिड्दा हिड्दै मेरो खुट्टा ठुलो ढुंगामा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिन गई उक्त भरुवा बन्दुकको छर्रा गोली निज दिप्सन प्रधानको छातीमा लागि घटनास्थलमा अचेत अवस्थामा छ भनि सुनाएपछि सुनी थाहा पाई हामी सबैजना डराउदै घटनास्थलमा पुगी हेर्दा निज दिप्सन प्रधान भुईमा घोप्टो परी अचेत अवस्थामा देखेको हो । निज सुमन श्रेष्ठले अब के गर्ने त भनेपछि हामी सबैजनाले के गर्ने हो तिमी आफै गर भनेपछि निज सुमन श्रेष्ठले हामीलाई तिमीहरु म सँग हिड भन्दै अचेत अवस्थामा रहेको दिप्सन प्रधानलाई काधमा बोकी बाटोमा बिसाउदै पुनः बोकी ओढारेखेत अखुवा खोलाको बगरमा पुर्याई सोही ठाँउमा ल्याई राखेपछि निज सुमन श्रेष्ठले तिमीहरु कोदालो खोजेर ल्याउ भनेपछि हामी सबैजना कोदालो खोज्न खेततिर गयौं । सुमन श्रेष्ठको खेतमा रहेको कोदालो सुमन श्रेष्ठ र मणि प्रधानले कोदालो ल्याई सोही कोदालोले ओढारेखेत अखुवाखोला बगरमा खाल्डो खनी मृतक दिप्सन प्रधानको लाशलाई सोहि खाल्डोमा हाली हामी सबैले माथिबाट बालुवाले पुरी कोदालो समेत नजिकैको खेतमा फाली सबैजना भई घटनाको बारेमा कोहि कसैले पनि कहि कतै

हल्ला नगर्ने भनि सरसल्लाह गरी हामी आ-आफ्नो घरतर्फ लाग्यौं । भोलिपल्ट मिति २०८०।०३।२३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै हामीले दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनि सोचेर ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं । उक्त मृतक लाश खाल्डो खनी पुर्दाको समयमा हामी सबै जनाको संलग्नता रहेको छ भने बरामदी मुचुल्कामा बरामद भएको कोदालो थान-२ हामीहरुले खाडल खन्न प्रयोग गरेको कोदालो हो हेरी चिनी सनाखत समेत गरिदिए **भन्ने समेत व्यहोराको रोजिश कार्कीको मिति २०८०।०४।०७ गतेको थप सोधपुछ कागज ।**

१२.मिति २०८०/०३/२२ गते शुक्रबार साँझ अं. १९:०० वजेको समयमा म खाना खाएर सुत्न लागेको थिए। मेरो मामाको छोरा दिप्सन प्रधानले मलाई पटक पटक फोन गरी म र सुमन श्रेष्ठ अघिनै अखुला खोलामा आएका छौं, तपाई जसरी भए पनि आउनु भनेकाले म राती अं. २२:०० बजेतिर लाईट बाल्दै अखुला खोला गएको हुँ। जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक मुलाबारी बस्ने सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-Q, ऐ.ऐ. वडा नं. १२ पैंयापानी बस्ने मेरो मामा छोरा दिप्सन प्रधान, सुमन श्रेष्ठ र रोजिश कार्की समेतले खाना पकाई खाएर गोठमा नै बसेको अवस्थामा भेट भई सबैजना बसी गफगाफ सरसल्लाह गरी रातको अं. ११:०० वजेको समयमा मुलबारी बस्ने सुमन श्रेष्ठ निजकै भरुवा बन्दुक बोकेर दिप्सन प्रधानसँग खोलातर्फ सिकार खेल्नका लागि गएका थिए, हामी ५ जना गोठमा नै बसेका थियौं। निज दिप्सन प्रधान र सुमन श्रेष्ठ शिकार खेल्न गएपश्चात म र उमेश कार्कीले घरबाट ल्याएको भरुवा बन्दुक निज उमेश कार्कीले बोकेर हामी गोठ भन्दा ५०/६० मिटर माथि झाडीमा लुईचे कुखुराको शिकार खेल्नका लागि गई २०/२५ मिनेटसम्म केहि नभेटेपछि खाली हातै गोठमानै आएर सुत्यौं। त्यसको केही समयपछि सुमन श्रेष्ठले आतिदै एक हातमा भरेकै भरुवा बन्दुक र अर्को हातमा लाईट बाल्दै हामी भएको ठाँउमा प्रहरी आएर हामी दुवै जनालाई खेदायो, त्यसपछि दिप्सन प्रधान खोलैखोला भाग्यो भने म चाँहि जंगलको झाडी झाडी भागि लुक्दै यहाँ आएको हुँ भनि हामी सुनाएपछि रोजिश कार्कीले सुमन श्रेष्ठलाई तैले साँच्चै प्रहरी देखेकै हो त? भनि सोध्दा हो भन्यों मैले बर्दी सहित प्रहरी नै देखेको हो र प्रहरी नजिक आईसकेको जस्तो लागेपछि हामी सबै डरले गाउँ तिर भाग्यौं। भोजपुर न.पा. वडा नं. १२ वस्ने सुमन श्रेष्ठ र म खोला पारी लाग्यौं भने मुलबारी वस्ने सुमन श्रेष्ठ, रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-Q, समेत ४ जना खोला बारीबाटै मास्तिर भागेका थिए। म र सुमन श्रेष्ठ आफ्नो घरमा गई सुति विहान उठेर दिप्सन प्रधान भाई घरमा आयो की भनि निजको घरमा जाँदा भाई नआएको थाहा पाएपछि मैले सुमन श्रेष्ठलाई फोन गरी दिप्सन प्रधान भाई आएको छैन भनेपछि सुमन श्रेष्ठले आम्तेक मुलाबारी वस्ने सुमन श्रेष्ठलाई फोन गरी तिमिसँग शिकार खेल्न गएको दिप्सन भाई घरमा त आएको छैन भन्दा आम्तेकको सुमन श्रेष्ठ समेतले निज दिप्सन प्रधानलाई खोजी गर्नुपर्छ खोलातर्फ आउनु भन्दा हुन्छ भनि म र भोजपुर न.पा. वडा नं. १२ बस्ने सुमन श्रेष्ठ घरबाट खोलातर्फ झरेको र भोजपुर न.पा. वडा नं. ११ मुलबारी आम्तेक सुमन श्रेष्ठ, सांकेतिक नाम ०७-Q र उमेश कार्की समेत ३ जना खोलामा नपुगी विच बाटोमा नै भेट भई दिप्सन प्रधान के कता गयो भनि सोधि खोजी गर्दा मुलावारीको सुमन श्रेष्ठले वेलुका प्रहरीले खेदाउँदा निज खोला तर्फ नै भागेको

थियो निजलाई केहि भएको छैन मेरो विश्वास गर केटा हो र हामीहरु आ-आफ्नो घरतर्फ गयौं। निज दिप्सन प्रधानलाई गोली लागि मरेको भन्ने कुरा हामीहरुलाई मुलावारीको सुमन श्रेष्ठले भनेको थिएन। मिति २०८०/०३/२४ गते राती ०९:०० बजेको समयमा प्रहरीले मलाई नियन्त्रणमा लिएपछि दिप्सन प्रधानलाई गोली लागि मरेको छ भन्ने कुरा थाहा पाएको हुँ, दिप्सन प्रधानलाई मैले मारी पुरेको होईन **भन्ने मणी कुमार प्रधानको मिति २०८०।०४।०१ गतेको मौकाको वयान ।**

**क.प्रतिवादी मणी कुमार प्रधानको थप सोधपुछ कागजः** मिति २०८०।०३।२२ गते राती हामी बसेको गोठबाट तलतिर खोलाको एकतर्फ म र उमेश कार्की गएको थियौं भने अर्कोतिर सुमन श्रेष्ठ र दिप्सन प्रधान २ जना शिकार गर्न हिडेकोमा केहि समयपछि सुमन श्रेष्ठ र दिप्सन प्रधान शिकार खेल्ने गएको दिशातिर भरुवा बन्दुक पडकेको आवाज सुनी सुमन श्रेष्ठले शिकार मार्यो जस्तो लागि म र उमेश कार्की भरुवा बन्दुक पडकेको दिशातर्फ जाँदा भुँईमा लडि घोप्टो परेको सिकिस्त घाईते अचेत अवस्थामा  दिप्सन प्रधान रहेको र सुमन श्रेष्ठले निजले भिरेको झोला निकाल्दै गरेको र एक हातमा भरुवा बन्दुक भिरेको देखी मैले निज सुमन श्रेष्ठलाई कसरी यस्तो भयो भन्दा निजले आत्तिदै बाटो केहि भिरालो ढुंगा भएको र सो बाटोबाट खेतको गरामा झर्ने क्रममा हिड्दा हिड्दै मेरो ठुलो ढुङ्गामा खुट्टा चिप्लिन गई मैले लोड गरी बोकेको भरुवा बन्दुक पडकिन गई उक्त भरुवा बन्दुकको छर्रा गोली निज दिप्सन प्रधानको छातीमा लागि घटनास्थलमा सिकिस्त घाईते अचेत अवस्थामा रहेको भनि सुनाएपछि सुनी थाहा पाई हामी सबैजना साथीहरु डराउदै अब के गर्ने भनेपछि सबै कुरा मिलाउनुपर्छ भन्दै निज सुमन अत्तालिदै साथीहरु भएको ठाँउमा गई सबै जनालाई घटनास्थलमा बोलाई निज सुमन श्रेष्ठले अब के गर्ने त भनेपछि हामी सबैजनाले के गर्ने हो तिमी आफै गर भनेपछि निज सुमन श्रेष्ठले हामीलाई तिमीहरु म सँग हिड भन्दै सिकिस्त घाईते अचेत अवस्थामा दिप्सन प्रधानलाई काधमा बोकी बाटोमा बिसाउदै पुनः बोकी ओढारेखेत अखुवा खोलाको बगरमा पुर्याई राखेपछि निज दिप्सन प्रधान मरे जस्तो अचेत अवस्थामा रहेको देखी निज सुमन श्रेष्ठले तिमीहरु कोदालो खोजेर ल्याउ भनेपछि हामी सबैजना कोदालो खोज्न खेत तिर गयौं, कोदालो खोज्दै जाँदा सुमन श्रेष्ठको खेतमा २ वटा कोदालो फेला पारी एउटा कोदालो मैले बोके भने अर्को कोदालो सुमन श्रेष्ठले बोकी लगेका हौं। सोही कोदालोले ओढारेखेत अखुवाखोला बगरमा खाल्डो खनी अचेत अवस्थामा रहेका दिप्सन प्रधानलाई सोही खाल्डोमा हाली हामी सबैले माथिबाट बालुवाले पुरी कोदालो समेत नजिकैको खेतमा फाली सबै साथीहरु भई घटनाको बारेमा कोही कसैले पनि कही कतै हल्ला नगर्ने भनी सरसल्लाह गरी हामी सबै आ-आफ्नो घरतर्फ लाग्यौं। भोलिपल्ट २३ गते हामी सबैजना साथीहरु सरसल्लाह गरी कतै हामीले दिप्सन प्रधानको लाशलाई कुकुर वा अन्य जनावरले खनेर बाहिर निकाल्यो भने फेरी पुर्नुपर्छ भनि सोचेर ओढारेखेत अखुवा खोलाको बगरतर्फ गएका थियौं। उक्त मृतक लाश खाल्डो खनी पुर्दाको समयमा हामी सबै संलग्नता रहेको छ भने बरामदी मुचुल्कामा बरामद भएको कोदालो मैले हेरी चिनी सनाखत गरिदिएँ। उक्त २ थान कोदालो हामीहरुले खाडल खन्न प्रयोग गरेको कोदालो हो हेरी चिनी सनाखत समेत गरिदिए **भन्ने समेत व्यहोराको मणि कुमार प्रधानको मिति २०८०।०४।०७ गतेको थप सोधपुछ कागज।**

**१३.**मिति २०८०।०३।२२ गते खोलाखेतमा बर्खे धान झार्दै थिए, करिब अं. १६:०० बजेतिर मैले नचिनेको अपरिचित व्यक्ति काँधमा भरुवा बन्दुक बोकी अखुवाको किनारै किनार हिड्दै गरेको देखेको हुँ। ऐ. २३ गते बिहान सबैरै खाना खाई काम गर्नको लागि खेतमा जाँदा मेरो खेतमा रहेको गोठमा को कस्ले रातको के कुन समयमा मृग र दुम्सी शिकार गरी (मारी) मृगको भुत्ला र दुम्सीको काँडा यत्रतत्र छरी खेतमा काम गर्न समेत गाह्रो हुने गरी भुत्ला र दुम्सीको काँडा रहेकोले पन्छाई म आफ्नो काम गर्न थाले। सोही दिन अं. १६:०० बजेको समयमा मैले नचिनेको ३ जना छोरा मान्छेहरुले कम्मरमा खुकुरी भिरी दक्षिणतर्फ रहेको जरुवा खेततर्फ जाँदै गरेको देखेको थिए। ऐ. २४ गते बेलुकाको समयमा ऐ.ऐ. वडा १२ पैयापानी बस्ने देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधान लगायत मणि कुमार प्रधान, सुमन श्रेष्ठ, ऐ. वडा नं.११ बस्ने सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-Q र जिल्ला मोरङ, सुन्दरहरैचा न.पा. वडा नं. ८ बस्ने रोजिश कार्की समेत भई माछा मार्नका लागि गएकोमा निजहरु मध्ये दिप्सन प्रधान घर फर्की नआई हराएको कुरा गाउँघरमा हल्लाखल्ला हुँदा सुनी थाहा पाएको हुँ। तत्कालै म समेत गाउँघरका अन्य मानिसहरु लगायत प्रहरी टोली समेत भई खोजतलास गर्ने क्रममा खोजतलास गर्दै गर्दा अखुवा खोलाको किनारामा बालुवाले पुरेको अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको उक्त लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागि वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। निज मृतक दिप्सन प्रधानलाई माथि उल्लेखित प्रतिवादीले पुर्वयोजना बनाई उक्त वारदातको दिन दिप्सन प्रधानलाई माछा मार्न जाउँ भनि साथमा लिई गएकोमा निज प्रतिवादीहरु सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-Q, सुमन श्रेष्ठ, मणी प्रधान र रोजिश कार्की समेतको मिलेमतोमा घरेलु हतियार प्रयोग गरी यातना दिई मारी मृतक दिप्सन प्रधानको लाशलाई निज प्रतिवादीहरु ६ जनाले नै अखुवा खोलाको किनारामा बालुवाले पुरेकोमा मलाई पुर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त नातागोता लगायत प्रहरी समेतमा प्रतिवादीहरु कोही कसैले खबर नगरेको हुँदा उक्त वारदात निज प्रतिवादीहरुले घटएको कुरा प्रष्ट देखिएको हुनाले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ **भन्ने समेत व्यहोराको पिउ प्रसाद प्रधानको मिति २०८०।०४। ०४ गते खुलाई लेखाई दिएको घटना विवरण कागज।**

**१४.**मिति २०८०।०३।२३ गतेका दिन शनिबार भएकोले उक्त दिन भोजपुर बजारमा शनिबारे हटिया लाग्ने भएकोले म घरबाट टमाटर लिएर बिक्री गर्नका लागि आई टमाटर बिक्री गरी अं. १५:०० बजेतिर घरमा आई खाजा खाई घरबाट करिब ३० मिनेट जती लाग्ने अखुवा खोला नजिक रहेको खेतमा बर्खे धानको पराल राख्न जादै गर्दा बाटोमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ पैयापानी बस्ने मैले चिनेको गाउँको भाई मणि प्रधान र सुमन श्रेष्ठ भेट हुँदा निजहरुलाई मैले तिमीहरु कता हिडेको भनि सोधी खोजी गफगाफ गर्दा निजहरुले मलाइ हामी तेतिकै घुमघाम गर्नाका लागि आएका हौं भनेका थिए, त्यसपछि म आफ्नो खेततर्फ गएँ। निजहरु के कता गए मलाई थाहा भएन केहि समयपछि अखुवा खोला पारीबाट ऐ.ऐ. वडा नं. ११ बस्ने सुमन श्रेष्ठ समेत ३ जना आउदै गरेको देखी मैले चिनेको सुमन श्रेष्ठलाई बोलाई तपाईको आफन्त भाई नाता पर्ने सुमन श्रेष्ठ मास्तिर जंगलको बाटोमा थिए, तपाईहरु तेतैतिर जानु भनेपछि निजहरु सुमन श्रेष्ठ भएतिरै ३ जना

गएका थिए। निजहरुको भेट भयो भएन मलाई थाहा भएन म आफ्नो कामतिर लागे काम सकी घर फर्की आएँ। मिति २०८०।०३।२४ गते बेलुकाको समयमा ऐ.ऐ. वडा १२ पैयापानी बस्ने देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधान लगायत ऐ. बस्ने मणि कुमार प्रधान, सुमन श्रेष्ठ, ऐ. वडा नं.११ बस्ने सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-० , जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने रोजिश कार्की समेत भई माछा मार्न गएकोमा निजहरु मध्ये दिप्सन प्रधान घर फर्की नआई हराएको कुरा गाउँघरमा हल्ला खल्ला हुँदा सुनी थाहा पाएको हुँ। तत्कालै म समेत गाउँघरका अन्य मानिसहरु लगायत प्रहरी टोली समेत भई खोजतलास गर्दा ऐ. वडा नं. १२ स्थितमा रहेको अखुवा खोलाको किनारामा बालुवाले पुरेको अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको उक्त लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागी वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। मृतक दिप्सन प्रधानलाई निज ६ जना प्रतिवादीहरुले नै योजना बनाई अखुवा खोलातर्फ लगेको र निज प्रतिवादीहरुकै पुर्वयोजनामा दिप्सन प्रधानलाई यातना दिई के कुन हतियार प्रयोग गरी कर्तव्य गरी मारेको र निज प्रतिवादीहरु सबैको मिलेमतोमा मृतक लाशलाई ओढारे खेतको अखुवा खोलाको बगरमा लगी पुरेको र निज प्रतिवादीहरुले घटना लुकाउन आफन्त लगायत प्रहरी समेतलाई खबर सूचना नगरेकोले मलाई दिप्सन प्रधानको हत्यामा निज प्रतिवादीहरुकै मिलेमतो भएकोमा पुर्ण विश्वास लाग्छ। हाल आएर बुझ्दा उक्त वारदातको दिन प्रयोग गरेको हातहतियार तथा खरखजना समेत प्रहरीले बरामद समेत गरेको कुरा सुनी थाहा पाएको हुँ। निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ **भन्ने समेत व्यहोराको धनबहादुर प्रधानको मिति २०८०।०४।०४ गते खुलाई लेखाई दिएको घटना विवरण कागज।**

१५.**कोदालोको बरामदी मुचुल्काः** जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ स्थित पुर्वमा उर्लेखेत, पश्चिममा अखुवा खोला, उत्तरमा पितौला टोल, दक्षिणमा नौलेटार पुच्छार यति चार किल्ला भित्रमा रहेको प्रतिवादी सुमन श्रेष्ठको खेत सो खेतमा गोरु बाध्न बनाईएको प्लाष्टिकको पालको छानो भएको खुल्ला गोठ सो गोठमा काठको बिड भएको कादालो थान-२ चिजवस्तु फेला परेको र प्रतिवादी सुमन श्रेष्ठ समेतले मृतक दिप्सन प्रधानको मृत लाशलाई अखुवा खोलाको किनारमा खाडल खनी पुरी लुकाई छिपाई राखेको उक्त काठको बिड भएको कोदालो प्रहरीले बरामद गरी लगेको **भन्ने समेत व्यहोराको मिति २०८०।०४।०७ गतेको बरामदी मुचुल्का।**

१६.मिति २०८०।०३।२४ गते बेलुका खाना खाई घरमा बसिरहेको अवस्थामा राती २२:०० बजेको समयमा महिला वडासदस्य लक्ष्मी तामाङले फोन गरी पिउ प्रसाद प्रधानको भतिजो हराएको छ खोज्न जानुपर्छ भनेपछि म घरबाट गाउँमा आई गाउँको २०/२२ जना मानिसहरु भई खोजतलास गर्दै जाने क्रममा ऐ. वडा नं. १२ स्थितमा रहेको अखुवा खोलाको किनारामा बालुवाले पुरेको अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको उक्त लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागि वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। मृतक दिप्सन प्रधानको बारेमा स्थानिय मानिसहरुसँग बुझ्दा मिति २०८०।०३।२४ गते बेलुकाको समयमा दिप्सन प्रधान लगायत सुमन श्रेष्ठ, मणि कुमार प्रधान, सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-० र रोजिश कार्की समेत भई माछा मार्न गएकोमा निजहरु मध्ये दिप्सन प्रधान घर फर्की नआई हराएको कुरा सोही राती सुनी थाहा पाएको

हुँ। मृतक दिप्सन प्रधानलाई उल्लेखित प्रतिवादीहरुले पुर्वयोजना बनाई उक्त वारदातको दिन माछा मार्न जाउँ भनी साथमा लिई गएकोमा निज प्रतिवादीहरु समेतको मिलेमतोमा मतसल्लाहमा घरेलु हतियार भरुवा बन्दुक प्रयोग गरी यातना दिई मारी निज मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जना प्रतिवादीहरुले नै अखुवा खोलाको किनारामा बालुवाले पुरेकोमा मलाई पुर्ण विश्वास लाग्छ। प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त नातागोता लगायत प्रहरी समेतमा प्रतिवादीहरु कोही कसैले खबर नगरेको हुँदा उक्त वारदात प्रतिवादीहरुले घटाएको कुरा प्रष्ट देखिएको हुनाले निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरि पाउँ **भन्ने व्यहोरा समेतको कमल कार्कीको मिति २०८०।०४।०४ गते खुलाई लेखाई दिएको घटना विवरण कागज।**

**१७.**मिति २०८०।०३।२४ गते म आफ्नै घरमा थिए, उक्त दिनको बिहान अं. १०:०० बजेको समयमा जाहेरवालाको श्रीमती निरुता प्रधानले मलाई फोन गरी मेरो छोरा दिप्सन प्रधानलाई मिति २०८०।०३।२२ गते बेलुकातिर गाउँकै भाई सुमन श्रेष्ठले साथी जाउँ भनी तल खोलासम्म लगेमा निज सुमन श्रेष्ठ घर फर्कियो तर मेरो छोरा घर फर्किको छैन, निज सुमन श्रेष्ठलाई सोध्दा आउदै होला भनि जवाफ दिएको मेरो छोरा हराएको आज ३ दिन भईसक्यो के गर्ने होला भनी फोनबाट भनेपछि मैले जाहेरवालाको श्रीमतीलाई तपाई एयरपोर्टको प्रहरी चौकीमा आउनु म त्यही भेट्छु भनी फोन राखेको केही समयमा म एयरपोर्टको प्रहरी चौकीमा पुग्नासाथ लगतै जाहेरवालाको श्रीमती आउनु भएपछि घटनाको समबन्धमा सबै कुरा बुझि छोरा हराएको हुलिया निवेदन दिन लगाएको हुँ, सोही समयमा मैले निज सुमन श्रेष्ठलाई पटक पटक फोन गरी कहाँ छौ भनि सोध्दा निज सुमन श्रेष्ठले कहिले भोजपुर कहिले श्यामसिला भनि जवाफ दिएपछि तिमी जहाँ भए पनि एयरपोर्टको प्रहरी चौकीमा आउँ भन्दा करिब २ घण्टापछि सुमन श्रेष्ठ र मणि प्रधान आएपछि एयरपोर्टको प्रहरी चौकीमा मैले निज सुमन श्रेष्ठलाई मिति २०८०।०३।२२ गते बेलुका दिप्सन प्रधानलाई साथमा लिएर गएका थियौं, अहिलेसम्म पनि घर फर्किएको छैन भन्दा निज सुमन श्रेष्ठले उक्त दिनको राती ऐ. नं. ११ आम्तेक मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ.ऐ. बस्ने वर्ष ३२ को उमेश कार्की, ऐ.ऐ. बस्ने वर्ष १७ को सांकेतिक नाम ०७-Q, ऐ.ऐ. बस्ने अं. वर्ष ३२ को मणी प्रधान र जिल्ला मोरङ, सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने अं. वर्ष २२ को रोजिश कार्की, भाई दिप्सन प्रधान र म समेत ७ जना तल खोलामा थियौं। यस्तैमा हामी ७ जना मध्ये को कस्ले प्रहरी आयो भनेपछि हामी भाग्यौं को कता भाग्यो मलाई भएन। म आफ्नो घरतर्फ आए भनि जवाफ दिएपछि सोही राती २२:०० बजेको समयमा प्रहरीसाथमा हामी गाउँघरको मानिसहरु भई खोजतलास गर्ने क्रममा अखुवा खोलाको किनारामा बालुवाले पुरेको अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको उक्त लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागि वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। मिति २०८०।०३।२४ गते बेलुका दिप्सन प्रधानलाई सुमन श्रेष्ठ, मणि कुमार प्रधान, सुमन श्रेष्ठ, उमेश कार्की, रोजिश कार्की र सांकेतिक नाम ०७-Q समेतले पुर्वयोजना बनाई उक्त वारदातका दिन साथमा लिएर गई प्रतिवादीहरुको मिलेमतोमा घरेलु हतियार प्रयोग गरी यातना दिई मारी मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जनाले नै अखुवा खोलाको किनारामा बालुवाले पुरेकोमा मलाई विश्वास लाग्छ। प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त लगायत प्रहरी समेत कोही कसैले

खबर नगरेको हुँदा उक्त वारदात प्रतिवादीहरुले घटाएको प्रष्ट देखिएको हुँदाले निज प्रतिवादीहरुलाई हाततियार तथा खरखजना र ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम कारवाही गरी पाउँ **भन्ने समेत व्यहोराको गोपाल कुमार ताम्राकारले मिति २०८०।०४।०५ गते लेखाई दिएको घटना विवरण कागज।**

**१८.**मिति २०८०।०३।२२ गते दिनको अं. १५:०० बजेको समयमा निज मेरो श्रीमान माछा मार्न खोला जान्छु भनेर घरबाट जानु भएको थियो। उक्त दिन मेरो श्रीमान घर आउनु भएन, भोलिपल्ट २३ गते बेलुका अं. १८:३० बजेको समयमा केही नबोकी घर आउनु भयो। घर आएपछि मलाई टाउको दुखेको छ, टेन्सन भएको छ भन्दै हुनुहुन्थ्यो। मलाई सन्चो नभएर सोही समयमा गाँउकै धामीकोमा गई फुकेर आउँदा मेरो श्रीमान सुती सक्नु भएको थियो। उक्त वारदातका दिन लगाएको कपडा मेरो श्रीमान सुमन श्रेष्ठले वेलुका सुत्नु भन्दा अगाडी खोलेर खाटमा राखी सुत्नु भएको रहेछ। भोलिपल्ट मिति २०८०।०३।२४ गते बिहान म आफ्नो कपडा धुन लाग्दा खाटमा राखेको श्रीमानको कपडा समेत मैलो देखी श्रीमानको कपडा समेतसर्फ पानीमा १ घण्टा भिजाई मैले श्रीमानको कपडा धोई पखाली गरेको हो। मिति २०८०।०३।२५ गते प्रहरी टोली मेरो घरमा आई कानूनी रितपुर्वक मैले धोएको श्रीमानको कपडा उठाई लानु भएको हो, मेरो श्रीमान सुमन श्रेष्ठले भरुवा बन्दुक घरमा राखेको मैले देखेको थिईन, मलाई थाहा छैन। निज मृतक दिप्सन प्रधानलाई प्रतिवादी उमेश कार्की, सांकेतिक नाम ०७-0, रोजिश कार्की, भोजपुर न.पा. वडा नं. १२ बस्ने को सुमन श्रेष्ठ, मणी प्रधान र मेरो श्रीमान सुमन श्रेष्ठले कर्तव्य गरी मारी मृतकको लाशलाई अखुवा खोलाको किनारामा बालुवाले पुरेको कुरा मिति २०८०।०३।२४ गते राती सुनी थाहा पाएको हुँ, माथि उल्लेखित प्रतिवादीहरुले नै उक्त वारदातका दिन घटना घटाएको हुन सक्छ। उक्त वारदातका दिन मेरो श्रीमान सुमन श्रेष्ठ लगायतका प्रतिवादीहरुले भरुवा बन्दुक समेत बोकी जंगल जंगल हिडेको सुनी थाहा पाएको हुँ। निज प्रतिवादीहरुलाई हाततियार तथा खरखजना र ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम होस **भन्ने समेत व्यहोराको शर्मिला तामाङ (श्रेष्ठ) को मिति २०८०।०४ ।०५ गतेको घटना विवरण कागज।**

**१९.**मिति २०८०।०३।२२ गते बेलुकाको अं. १९:०० बजेको समयमा मेरो आमाले खाना पकाई खाना खानुलाई भाई दिप्सन प्रधानलाई बोलाउँदा निज भाई खान खान बस्न खोज्दा सोही समयमा वर्ष २९ को सुमन प्रधानले फोन गरी तिमी कहाँ छौ भाई छिटो बाटोमा आउ, एक ठाँउ जानुपर्छ भनि भन्दा निज भाईले म खाना खान आटेको भन्दा निज सुमन श्रेष्ठले १५ मिनेटमा फर्केर आई हालिन्छ, मोटरसाईकलमा जानुपर्छ, आएर खाना खानु भनी मेरो भाई दिप्सन प्रधानलाई बोलाएपछि निज खाना नखाई सुमन श्रेष्ठसँग गएको थियो। उक्त दिन मेरो भाई घर आएन, भोलिपल्ट २३ गते बिहान सबेरै म र मेरो आमा शनिबार हटिया आएपछि निज सुमन श्रेष्ठलाई टमाटर बेच्दै गरेको देखी मैले आमालाई सुमन श्रेष्ठ घर आएर टमाटर बेच्न आएको छ त भाई त घर आएको छैन भनि म डाडाँबजारबाट चामल लान भनी आउँदा पसल बन्द रहेकोले सरासर घर आई पुग्दा घरमा बुबाले खाना पकाउँदै हुनुहुन्थ्यो। म कपडा फेरेर भान्सा कोठामा गई बुबा छोड्नु खाना म पकाउछु भन्दै खाना पकाउन थालेपछि बुबा बारीतिर जानु भएको थियो। मणी कुमार प्रधान मेरो घरमा आई दिप्सन

प्रधान खोई भनेर सोध्नु भएपछि बेलुका सुमन श्रेष्ठले बोलाएर गएको अहिलेसम्म आएको छैन भनि जवाफ दिएँ, सोही दिन बिहान अं. १०:०० बजेको समयमा निज मणि कुमार प्रधान पुनः मेरो घरमा आई दिप्सन प्रधान अझै आएको छैन भनि भन्दा खोई भाई त अझै आएको छैन कता गएको हो भनि जवाफ दिएपछि निज मणि कुमार प्रधान के कता गयो मलाई थाहा भएन। मिति २०८०।०३।२४ गते म लगायत गाउँले छिमेकीहरु भई सबैजना भाई दिप्सन प्रधानलाई खोजतलास गर्नुपर्छ तल ओढारेखेत अखुवा खोलातिर खोजतलास गर्दै जाँदा खोजतलास गर्ने क्रममा राती अं. २१:३० बजेको समयमा ओढारेखेत अखुवा खोलाको बगरमा खाल्डो खनी बालुवाले परेको मृत अवस्थामा फेला परेको हो। मृतक भाईको लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागी वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। भाई दिप्सन प्रधानलाई मिति २०८०।०३।२४ गतेका ऐ. वडा नं. १२ बस्ने मणि कुमार प्रधान, सुमन श्रेष्ठ, ऐ. वडा नं.११ बस्ने सुमन श्रेष्ठ, उमेश कार्की, जिल्ला मोरङ सुन्दरहरैचा न.पा. वडा नं. ८ बस्ने रोजिश कार्की र सांकेतिक नाम ०७-० समेतले के-कुन रिसिईवी लिई पुर्व योजना बनाई उक्त वारदातका दिन साथमा लिई गई निज प्रतिवादीहरु समेतले मिलेमतोमा भरुवा बन्दुकले गोलि हानी मारी भाई दिप्सन प्रधानको लाशलाई प्रतिवादीहरु ६ जनाले नै ओढारेखेत अखुवा खोलाको किनारामा खाल्डो खनी बालुवाले पुरेको हो, मलाई पुर्ण विश्वास लाग्छ, निज प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त, नातागोता लगायत प्रहरी समेत कोही कसैले खबर नगरेकोले उक्त वारदात निज प्रतिवादीहरुले घटाएको कुरा प्रष्ट देखिएको हुँदा निज प्रतिवादीहरुलाई हातहतियार तथा खरखजना र कर्तब्य ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम कारवाही गरि पाउँ **भन्ने व्यहोरा समेतको दिपा लक्ष्मी प्रधानको मिति २०८०।०४।०७ गते खुलाई लेखाई दिएको घटना विवरण कागज ।**

२०.मिति २०८०।०३।२४ गते म आफ्नै घरमा थिए, उक्त दिनको अं. १५:३० बजेको समयमा गाउँले छिमेकी गोपाल ताम्राकारलाई आफ्नै काम विशेषले फोन गर्दा निज गोपाल तामाङले फोनबाट छिमेकी जाहेरवाला देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधान मिति २०८०।०३।२२ गते बेलुकातिर गाउँकै भाई सुमन श्रेष्ठले साथी जाउँ भनि तल खोलासम्म लगेमा निज सुमन श्रेष्ठ घर फर्कि आयो तर जाहेरवालाको छोरा दिप्सन प्रधान घर फर्कि नआईकोले दिप्सन प्रधान हराएकोले एयरपोर्टको प्रहरी चौकीमा हुलिया निवेदन दिन आएको छु भन्दा सुनी थाहा पाएपछि सोही दिनको अं. बेलुका १८:०० बजेको समयमा जाहेरवालाको घरमा गई घटनाको बारेमा बुझ्दा मिति २०८०।०३।२२ गते बेलुकातिर गाउँकै भाई सुमन श्रेष्ठले साथी जाउँ भनि तल खोलासम्म लगेमा निज सुमन श्रेष्ठ घर फर्कि आयो मेरो छोरा घर फर्कि आएको छैन, निज सुमन श्रेष्ठलाई सोध्दा आउदै होला भनि जवाफ दिएको मेरो छोरा हराएको आज ३ दिन भईसक्यो, अहिलेसम्म घर फर्किएको छैन भनेपछि हामी गाउँले छिमेकीहरु भई सबैजान दिप्सन प्रधानलाई खोजतलास गर्नु पर्छ भनि म लगायत गाउँका मानिसहरु समेत भई तल ओढारेखेत अखुवा खोलातिर खोजतलास गर्दै जाँदा खोजतलास गर्ने क्रममा सोही राती अं. २१:३० बजेको समयमा ओढारेखेत अखुवा खोलाको बगरमा खाल्डो खनी बालुवाले परेको मृत अवस्थामा फेला परेको हो। मृतक लाशको अवस्था हेर्दा छातीमा गोलीको चोट लागी वारपार छेडिएको अवस्थामा रहेको देखेको हो। मृतक दिप्सन प्रधानलाई मिति २०८०।०३।२४

गतेका दिन बेलुकाको समयमा ऐ.ऐ. वडा १२ पैयापानी बस्ने देवी प्रसाद प्रधानको छोरा दिप्सन प्रधान लगायत ऐ. बस्ने मणि कुमार प्रधान, सुमन श्रेष्ठ, ऐ. वडा नं.११ बस्ने सुमन श्रेष्ठ, उमेश कार्की, जिल्ला मोरङ सुन्दर हरैचा न.पा. वडा नं. ८ बस्ने रोजिश कार्की र सांकेतिक नाम ०७-० समेतले के-कुन रिसिईवी लिई पुर्व योजना बनाई उक्त वारदातका दिन हाल मृतक दिप्सन प्रधानलाई साथमा लिई गएकोमा प्रतिवादीहरु सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-०, सुमन श्रेष्ठ, मणी प्रधान र रोजिश कार्की समेतको मिलेमतोमा भरुवा बन्दुक प्रयोग गरी मारी मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जना प्रतिवादीहरुले नै ओढारेखेत अखुवा खोलाको किनारामा खाल्डो खनी बालुवाले पुरेकोमा मलाई पुर्ण विश्वास लाग्छ। प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त नातागोता लगायत प्रहरी समेतमा प्रतिवादीहरु कोहि कसैले खबर नगरेको हुँदा उक्त वारदात निज प्रतिवादीहरुले घटाएको कुरा प्रष्ट देखिएको हुँदा निज प्रतिवादीहरुलाई हाततियार तथा खरखजना र कर्तब्य ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम हदै सम्मको कारवाही गरि पाउँ साथै निज प्रतिवादीहरु मध्ये ऐ. वडा नं. १२ बस्ने सुमन श्रेष्ठ र ऐ. बस्ने मणि प्रधानलाई छिन्दछु भने अन्य प्रतिवादीलाई चिन्दिन **भन्ने समेत व्यहोराको मायादेवी राईको मिति २०८०।०४।०७ गते खुलाई लेखाई दिएको घटना विवरण कागज।**

**२१.**मिति २०८०।०३।२२ गतेका दिन बेलुकातिर गाउँकै भाई सुमन श्रेष्ठले साथी जाउँ भनि तल खोलासम्म लगेमा निज सुमन श्रेष्ठ घर फर्कि आयो। मेरो भतिजो घर फर्कि आएको छैन, निज सुमन श्रेष्ठलाई सोध्दा आउदै होला भनि जवाफ दिएको मेरो भतिजो हराएको आज ३ दिन भईसक्यो खोज्न जानुपर्छ गाउँको मानिसहरु खोलातिर खोज्न जानु भएको छ भनि भनेपछि सुनी थाहा पाई म पनि निज दिप्सन प्रधानलाई खोज्न तल अखुवा खोला पुगेपछी गाउँघरको मानिसहरु र प्रहरी समेतसँग अखुवा खोलामा भेट भएपछि हामी सबैजनाले खोजतलास गर्दै जाने क्रममा सोही राती अं. २१:३० बजेको समयमा ओढारे खेत अखुवा खोलाको किनारामा खाल्डो खनी बालुवाले पुरेको मृत अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको हो। मृतक लाशलाई प्रहरीले खाल्डोबाट निकाली मृतक लाशलाई कानूनी प्रकृया पुरा गरी मृतक लाशलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल भोजपुर पठाउनु भएको हो। मिति २०८०।०३।२२ गतेका दिन गाउँकै सुमन श्रेष्ठ, मणि कुमार प्रधान, ऐ. नं. ११ आम्तेक मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ.ऐ.बस्ने वर्ष ३२ को उमेश कार्की, ऐ.ऐ.बस्ने वर्ष १७ को सांकेतिक नाम ०७-०, र जिल्ला मोरङ सुन्दर हरैचा न.पा. वडा नं. ८ बस्ने अं. वर्ष २२ को रोजिश कार्की, जाहेरवालको छोरा दिप्सन प्रधान समेतले पुर्व योजना बनाई उक्त वारदातका दिनहाल मृतक दिप्सन प्रधानलाई साथमा लिई गएकोमा निज प्रतिवादीहरु सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-०, सुमन श्रेष्ठ, मणी प्रधान र रोजिश कार्की समेतको मिलेमतोमा घरेलु हतियार प्रयोग गरी यातना दिई मारी मृतक दिप्सन प्रधानको लाशलाई हाल प्रहरीको नियन्त्रणमा रहेका ६ जना प्रतिवादीहरुले नै ओढारेखेत अखुवा खोलाको किनारा खाल्डो खनी बालुवाले पुरेको हो मलाई पुर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा कोहि कसैले खबर नगरेको हुँदा उक्त वारदात निज प्रतिवादीहरुले घटाएको कुरा प्रष्ट देखिएको हुनाले निज प्रतिवादीहरुलाई हाततियार तथा खरखजना र ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम कारवाही गरी पाउँ साथै निज प्रतिवादीहरु मध्ये ऐ. वडा

नं. १२ बस्ने सुमन श्रेष्ठ र ऐ. बस्ने मणि प्रधानलाई छिन्दछु भने अन्य प्रतिवादीलाई चिन्दिन **भन्ने समेत व्यहोराको नवराज आचार्यको मिति २०८०। ०४।०७ गते गरिदिएको दिएको घटना विवरण कागज।**

२२.मिति २०८०।०३।२२ गते बेलुका अं. १८:०० बजेको समयमा मैले मगाएको नुनको बोरा छिमेकी पिउ प्रसाद प्रधानको घर अगाडी टयाक्टरले राखिदिएकोले उक्त दिन म नुनको बोरा लिन गएको थिए। जाहेरवाला देवी प्रसाद प्रधानको घरमा गई केहिबेर बसी कुराकानी गर्दै गर्दा जाहेरवालाको श्रीमतीले छोरा दिप्सन प्रधानलाई खाना खान बोलाएकोमा गाउँकै सुमन श्रेष्ठले फोन गरी कहाँ छौं भन्दा निज दिप्सन प्रधानले म खाना खान आटेको भनेपछि निज सुमन श्रेष्ठले पहिला आउन पछि खाना खानु भन्दै बोलाएकोले निज दिप्सन प्रधान घरबाट सुमन श्रेष्ठलाई भेट्न गएको मैले देखेको सुनेको हुँ। त्यसपछि म नुनको बोरा बोकी घर आए। मिति २०८०।०३।२४ गते बेलुका अं. २०:०० बजेको समयमा स्थानिय गाउँघरको मानिसहरुले दिप्सन प्रधान मिति २०८०।०३।२२ गते बेलुका सुमन श्रेष्ठले साथी जाउँ भनि तल खोलासम्म लगेमा सुमन श्रेष्ठ घर फर्कि आयो तर निज दिप्सन प्रधान अहिलेसम्म पनि घर फर्किएको छैन भन्ने सुनेपछि म सरासर जाहेरवाको घरमा पुग्दा जाहेरवालाको घरमा रुवाबासी चलिरहेको थियो। गाउँ छरछिमेकीहरु सबैजना मिलि निज दिप्सन प्रधानलाई खोजतलास गर्न ओढारेखेत (अखुवा खोला) तिर जानुभयो, म आफ्नो घरतर्फ आएँ। सोही दिनको राती अं. २१:३० बजेको समयमा खोजतलासको क्रममा खोजतलास गर्दै जाँदा ओढारेखेत (अखुवा) खोलाको किनारमा खाल्डो खनी बालुवाले पुरेको मृत अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको कुरा सुनी थाहा पाएको हो। निज सुमन श्रेष्ठले दिप्सन प्रधानलाई फोन गरी बोलाई लगि ऐ.ऐ. वडा नं. ११ आम्तेक मुलाबारी बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, ऐ.ऐ.बस्ने वर्ष ३२ को उमेश कार्की, ऐ.ऐ. बस्ने वर्ष १७ को सांकेतिक नाम ०७-Q, ऐ.ऐ. बस्ने अं. वर्ष ३२ को मणी प्रधान र जिल्ला मोरङ सुन्दरहरैंचा न.पा. वडा नं. ८ बस्ने अं. वर्ष २२ को रोजिश कार्की समेतलाई बोलाई निज दिप्सन प्रधानलाई पुर्वयोजना बनाई वारदातका दिन हाल मृतक दिप्सन प्रधानलाई प्रतिवादीहरु सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-Q, सुमन श्रेष्ठ, मणी प्रधान र रोजिश कार्की समेतको मिलेमतोमा भरुवा बन्दुक प्रयोग गरी यातना दिई मारी मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जना प्रतिवादीहरुले नै ओढारेखेत (अखुवा खोला) को किनारामा खाल्डो खनी बालुवाले पुरेको हो, मलाई पुर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरुले अपराध लुकाउन ओढारेखेत (अखुवा खोला) को किनारामा खाल्डो खनी बालुवाले पुरी घटनाको बारेमा कोहि कसैले खबर नगरेको हुँदा उक्त वारदात निज प्रतिवादीहरुले घटाएको हो निज प्रतिवादीहरुले दिप्सन प्रधानलाई कर्तब्य गरी मारेको हो, निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ। निज प्रतिवादीहरु मध्ये ऐ. वडा नं. १२ बस्ने सुमन श्रेष्ठ र ऐ. बस्ने मणि प्रधानलाई छिन्दछु भने अन्य प्रतिवादीलाई चिन्दिन **भन्ने समेत व्यहोराको शम्भु प्रसाद चापागाईको मिति २०८०।०४।०७ गते खुलाई लेखाई दिएको घटना विवरण कागज।**

२३.मिति २०८०/०३/२४ गते म जिल्ला मोरङ लक्ष्मीमार्ग स्थित आफन्तको घरमा विवाह भएकोले गएको थिए। दिप्सन प्रधानलाई मिति २०८०।०३।२२ गते बेलुकातिर गाउँकै भाई सुमन श्रेष्ठले

साथी जाउँ भनि खोलासम्म लगेकोमा निज दिप्सन प्रधान घर फर्कि नआई वेपत्ता भऐकोले प्रहरीमा चौकीमा हराएको हुलिया निवेदन दिएको भन्ने कुरा मलाई मेरो श्रीमतीले फोन मार्फत जानकारी गराउँदा थाहा पाएको हुँ, सोही दिनको वेलुका खोजतलास गर्दै जाने क्रममा अखुवा खोलाको किनारामा बालुवाले पुरेको अवस्थामा दिप्सन प्रधानको लाश फेला परेको भनी मेरै श्रीमतीले फोन गरी जानकारी गराउँदा थाहा पाएको हुँ। उक्त घटना संलग्न रहेका सुमन श्रेष्ठ, मणि कुमार प्रधान, सुमन श्रेष्ठ, उमेश कार्की, रोजिश कार्की र सांकेतिक नाम ०७- 0 समेतलाई प्रहरीले घरगाउँबाटै भरुवा बन्दुक सहित पक्राउ गरी लगेको समेत सुनि थाहा पाएको हुँ। हाल पक्राउ परेका प्रतिवादीहरुको मिलेमतोमा भरुवा बन्दुकले गोली हानी यातना दिई मारी मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जना प्रतिवादीहरुले नै अखुवा खोलाको किनारामा बालुवाले पुरेकोमा मलाई पुर्ण विश्वास लाग्छ। प्रतिवादीहरुले अपराध लुकाउन घटनाको बारेमा आफन्त तथा छरछिमेक लगायत प्रहरी समेतमा प्रतिवादीहरु कोहि कसैले खबर नगरेको हुँदा उक्त वारदात निज प्रतिवादीहरु मध्ये वर्ष २९ को सुमन श्रेष्ठ र मणी कुमार प्रधानलाई चिन्छु र अन्य पक्राउ परेको प्रतिवादीहरुलाई म चिन्दिन। प्रतिवादीहरुले दिप्सन प्रधानलाई भरुवा बन्दुक प्रहार गरी मारेको कुरा प्रष्ट देखिएको हुनाले निज प्रतिवादीहरु उपर हाततियार तथा खरखजना र ज्यान सम्बन्धी कसूरमा कानून बमोजिम कारवाही गरी पाउँ **भन्ने व्यहोरा समेत व्यहोराको दिल बहादुर श्रेष्ठको मिति २०८०।०४।०५ गतेको घटना विवरण कागज।**

२४. मिति २०८०।०३।२७ गते १५:३० बजेको समयमा प्रहरी टोली आई मेरो घर नजिकै गाई गोठको दक्षिणतर्फ रहेको छानोको ठिक मुनि गारोको माथि लुकाई छिपाई राखेको अवस्थामा काठको दवासको भाग र फलामको नाललाई छुट्याएर छुट्टाछुट्टै राखेको अवस्थामा लोड गरि राखेको अवस्थाको भरुवा बन्दुक थान-१ कानून बमोजिम बरामद गरी लगेको कुरा मैलै उक्त समयमा म खेतिको कामले घर भन्दा पर रहेको खेतमा नै रोपाईमा व्यस्त रहेको हुँदा पछि थाहा पाएको हो। उक्त भरुवा बन्दुक के कहाँबाट मेरो घर नजिकैको गोठमा को कसले राखेको हो सो सम्बन्धमा मलाई केही थाहा थिएन, पछि बुझ्दा उक्त भरुवा बन्दुक मेरो घर नजिकैको छिमेकी भाई नाता पर्ने उमेश कार्कीले मिति २०८०।०३।२४ गते वारदात घटाई कसैलाई थाहा नदिई मेरो घर नजिकै गोठमा उक्त भरुवा बन्दुक लुकाई छिपाई राखेको रहेछ। यसरी मेरो घरमा रहेका कसैलाई पनि थाहा नदिई गैह्रकानूनी रुपमा भरुवा बन्दुक लुकाई छिपाई राख्ने निज प्रतिवादी उमेश कार्कीलाई कानून बमोजिम सजाय हुनुपर्छ **भन्ने समेतको व्यहोराको धर्मेन्द्र राईले मिति २०८०।०४।१० गते लेखाई दिएको घटना विवरण कागज।**

२५. मिति २०८०/०३/२४ गते दिनको अं. १७:३० बजेको समयमा जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. ११ आम्तेक मुलाबारी बस्ने मेरो भतिजो नाता पर्ने वर्ष २२ को सुमन श्रेष्ठले मलाई फोन गरी निजले मिति २०८०/०३/२२ गते अखुवा खोलामा माछा मार्न ७ जना गएकोमा रातको समयमा प्रहरीहरु आई भागाभाग हुँदा हामी मध्येको दिप्सन प्रधान हराएको खोजतलास गर्दा समेत फेला नपरेको भनी मलाई फोन मार्फत जानकारी गराएका थिए। त्यसको केही बेरमा निजलाई मैले भोजपुर स्थित पुरानो ट्राफिक बिटमा निज अटोमा चढी भोजपुर बजारतिर आउदै गर्दा निजले मलाई

देखी अटो रोकी फोनमा भनेकै कुरा दोहर्याएको थिए। त्यसपछि निज सुमन श्रेष्ठलाई मैले "मान्छे के गरिस तिमिहरुले" भन्दा निज चुपचाप अटोमा चढी भोजपुर बजारतर्फ गएका थिए, म आफ्नो घरतर्फ लागे, साँझको समयमा निज सुमन श्रेष्ठ समेतलाई प्रहरीले अनुसन्धानको लागि पक्राउ गरेको भन्ने कुरा पछि थाहा पाएको हुँ। प्रहरीले अनुसन्धान गर्ने क्रममा अखुवा खोलाको किनारमा निज दिप्सन प्रधानलाई कर्तव्य गरी मारी खोलाको किनारमा खाडल खनी पुरेको भन्ने हल्लाखल्ला भएपश्चात मैले घटना सम्बन्धमा थाहा पाएको हुँ। पक्राउ परेका मध्ये भोजपुर न.पा. १२ बस्ने वर्ष २९ को सुमन श्रेष्ठ मेरो भान्जा नाताका मानिस हुन र अर्का सुमन श्रेष्ठ मेरो भतिजो नाताका मानिस हुन, अन्य प्रतिवादीहरुलाई म चिन्दिन। घटना सम्बन्धमा सुन्दा बुझ्दा र निज भतिजो सुमन श्रेष्ठले मलाई घटना सम्बन्धमा झुठो बोलेको हुँदा मृतक दिप्सन प्रधानलाई निजसँगै गएका ६ जनाको मिलिमतोमा कर्तब्य गरि मारेकोमा पुर्ण विश्वास लाग्छ। निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भनि सहि छाप **भन्ने समेत ब्यहोरा मिति २०८०।०४।१० गते बद्री प्रधानले लेखाई दिएको घटना विवरण कागज।**

२६.मिति २०८०।०३।२४ गते बेलुका अं. १७:०० बजेको समयमा श्यामसिला चोक स्थित टेम्पु स्टेनमा टेम्पु रोकी यात्रु पर्खेर बसेको थिए। सोही समयमा मैले चिनेको जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं.११ आम्तेक मुलाबारी बस्ने सुमन श्रेष्ठ, ऐ. बस्ने उमेश कार्की र ऐ. बस्ने सांकेतिक नाम ०७- समेत मेरो टेम्पुमा चढी दाई हामी भोजपुर बजार जाने भनेपछि मैले टेम्पु चलाई भोजपुरतर्फ आउने क्रममा दुम्सिका नजिक आइपुगेपछि निजहरु मध्ये उमेश कार्की र सांकेतिक नाम ०७- ले हामीलाई बचाउने जोगाउने तेरै हातमा छ भन्दै सुमन श्रेष्ठलाई भनेपछि सुमन श्रेष्ठ नबोली बसेपछि मैले निजहरुलाई केटा हो यति खेर तिमीहरु कहाँ हिडेको भनि सोधपुछ गर्दा निजहरु मध्येको उमेश कार्कीले हामी मिति २०८०।०३।२२ गते बेलुका मुलाबारीबाट ४ जना र जिल्ला भोजपुर, भोजपुर न.पा. वडा नं. १२ पैयापानीबाट ३ जना गरी हामी जम्मा ७ जना माछा मार्न जाँदा हामी खोलामा माछा मार्दै थियौं। उभोंबाट २/३ जना टर्च बाल्दै आएको देखी प्रहरी आयो जस्तो लागी हामी बीच भागाभाग भएपछि एकजना साथी हरायो त्यही भएर हामी भोजपुरतर्फ हिडेको भनि जवाफ दिए। भोजपुर बजार आइ पुगेपछि मैले टेम्पु रोके, निजहरु मेरो टम्पुबाट ओर्लि के कता जानुभयो मलाई थाहा भएन। सोही दिनको राती अं. २२:०० बजेको समयमा दिप्सन प्रधान लगायत सुमन श्रेष्ठ, मणि कुमार प्रधान, सुमन श्रेष्ठ, उमेश कार्की, रोजिश कार्की र सांकेतिक नाम ०७- समेतले के कुन रिसिईवी लिई पुर्वयोजना बनाई उक्त वारदातका दिन हाल मृतक दिप्सन प्रधानलाई साथमा लिई गएकोमा निज प्रतिवादीहरु सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-, सुमन श्रेष्ठ, मणी प्रधान र रोजिश कार्की समेतको मिलेमतोमा भरुवा बन्दुक प्रयोग गरी मारी मृतक दिप्सन प्रधानको लाशलाई निज ६ जना प्रतिवादीहरुले नै ओढारेखेत अखुवा खोलाको किनारामा खाल्डो खनी बालुवाले पुरेकोमा भन्ने कुरा सुनी थाहा पाएको हो। उक्त वारदातको दिन निज प्रतिवादीहरुले नै उक्त घटना घटाएको जस्तो लाग्छ। निज प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ साथै निज प्रतिवादीहरु मध्ये ऐ. वडा नं. ११ बस्ने सुमन श्रेष्ठ र ऐ. उमेश कार्की र सांकेतिक नाम ०७-

लाई चिन्दछु **भन्ने समेत व्यहोराको राजिब राईको मिति २०८०।०४।१० गतेको लेखाई दिएको घटना विवरण कागज।**

**२७.शव परिक्षण प्रतिवेदनः**

मृतक दिप्सन प्रधानको Opinion on cause of death: Firearm Injury बन्दुकबाट गोली लागेर घाउँ भई मृत्यु भएको भन्ने समेत व्यहोराको जिल्ला अस्पताल भोजपुरको शव परिक्षण प्रतिवेदन।

**२८.Call Details Analysis:**

मिति २०८०/०३/२३ गते साँझको १६:४९ बजे मणी कुमार प्रधानले दिप्सन प्रधानलाई फोन सम्पर्क गरेको देखिएको, पैयापानी बस्ने सुमन श्रेष्ठले मोबाईल नं. ९८४०९७७३१५ बाट मिति २०८०/०३/२२ गते दिप्सन प्रधानलाई १३:०२ बजेको समयमा फोन सम्पर्क गरेको देखिन्छ। मिति २०८०/०३/२२ र २३ गते प्रतिवादी पैंयापानी बस्ने सुमन श्रेष्ठ र मणी कुमार प्रधानको फोन सम्पर्क भएको देखिन्छ। उल्लेखित नम्बरहरुको July 04, 2023 देखि July 11, 2023 सम्मको CDR विवरणहरुको 12 Analysis गर्दा प्रतिवादी पैंयापानी बस्ने सुमन श्रेष्ठले दिप्सन प्रधानलाई ४ पटक, मणी कुमार प्रधानले दिप्सन प्रधानलाई ५ पटक फोन सम्पर्क गरेको देखिन्छ।

**२९.अभियोग पत्रः** कानूनको विवादमा परेको बालक सांकेतिक नाम ०७-Q लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूरमा सोही दफा १७७(२) र दफा १३२(१) बमोजिमको कसूरमा सोही दफा १३२(२) बमोजिम सजाय गरी दफा ४३(१) बमोजिमको एकीकृत कसूरमा दफा ४३(२) बमोजिम थप सजाय हुनेमा वारदात हुँदाको समयमा निज कानूनको विवादमा परेका बालक उमेर १६ पुरा भई १८ वर्ष ननाघेको हुनाले निजलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १३५ बमोजिम बरामद भएको भरुवा बन्दुक थान-३ र खरखजाना जफत गरी दफा १८६ बमोजिम कानुनको विवादमा परेका बालकबाट मृतकको हकवालालाई मनासिव क्षतिपूर्ति समेत दिलाई भराई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क कानूनको विवादमा परेको बालक ०७-Q बाट पीडित राहत कोषमा दाखिला गराई गरी पाउँ **भन्ने जिल्ला सरकारी वकील कार्यालय,भोजपुरको अभियोग पत्र।**

**३०.**मिति २०८०/०३/२२ गते प्रतिवादी उमेश कार्कीले तँ, म, वर्ष २२ को सुमन श्रेष्ठ र रोजिश कार्की अखुवा खोलातर्फ माछा मार्न जाउँ भनेकोले म पनि निजहरुसँगै अखुवा खोलातर्फ झरेको हुँ। प्रतिवादी उमेश कार्कीले एक थान भरुवा बन्दुक बोकेर हिँडेका हुन्। अखुवा खोला नजिकै हामीले दुम्सी भेटाई दुम्सीको सिकार गर्यौं। अखुवा खोला नजिकै वर्ष २९ को सुमन श्रेष्ठ, मणिकुमार प्रधान र मृतक दिप्सन प्रधान समेतसँग भेट भयो, वर्ष २९ को सुमन श्रेष्ठले एक थान भरुवा बन्दुक लिई आएका रहेछन्। हामी अखुवा खोला नजिकैको गोठमा भेला जम्मा भई दुम्सी र खाना पकाई खायौं। खाना खाईसकेपछि वर्ष २२ को सुमन श्रेष्ठले भरुवा बन्दुक बोकी मृतक दिप्सन प्रधानसँग सिकार गर्न निस्केकोमा भिरालो बाटोमा लड्दा वर्ष २२ को सुमन श्रेष्ठले बोकेको भरुवा बन्दुक अचानक पड्कन गई मृतकको छातीमा लाग्न गई मृतकको मृत्यु भएपछि निज वर्ष २२ को सुमन श्रेष्ठले अखुवा खोलाको किनारमा मृतकको लाशलाई बालुवाले पुरेका रहेछन्। वर्ष २२ को सुमन श्रेष्ठ हामी

बसेको ठाँउमा आई प्रहरीले हामी दुई जनालाई देख्यो, दिप्सन प्रधान तलतिर भाग्यो, म जंगल हुँदै यहाँ आएको हुँ, हामी पनि घर जाउँ भनेपछि हामी घर आयौं। घटना भएको कुरा वर्ष २२ को सुमन श्रेष्ठले हामी कोही कसैलाई भनेन्। प्रहरीले मलाई पक्राउ गरेपछि मात्र घटना भएको कुरा थाहा पाएको हुँ, मैले मृतक दिप्सन प्रधानको लासलाई कोदालोले खाल्डो खनी पुरेको होइन। अवैध भरुवा बन्दुक बोकी हिँडेका सह प्रतिवादीहरुसँग म पनि माछा मार्न अखुवा खोला झरेको हुँ। मैले मौकामा गरेको मिति २०८०/०३/२४ गतेको सोधपुछको वेहोरा साँचो हो। मैले मौकामा गरेको मिति २०८०/०४/०७ गते थप सोधपुछ बयानको वेहोरा झुठो हो, सो बयान वेहोरा पढिवाची नसुनाई पहिलाकै बयानको फोटोकपी हो, सहीछाप गर्नु भनी प्रहरीले भनेकाले सहीछाप गरेको हो, सो थप सोधपुछ बयानमा भएको वेहोरा मेरो होइन। मैले सह प्रतिवादीहरुले बोकेको भरुवा बन्दुक बोकिनँ, सो भरुवा बन्दुक पड्काउने, सिकार खेल्दा प्रयोग गर्ने गरिनँ। मैले प्रस्तुत ज्यान सम्बन्धी तथा हातहतियार तथा खरखजना सम्बन्धी कसूर गरेको होइन। मैले अभियोग दावी बमोजिमको कसूर नगरेको हुँदा आरोपित कसूरबाट सफाई पाउँ **भन्ने समेत वेहोराको कानूनको विवादमा परेको बालक ०७-Qले मिति २०८०/०४/१६ गते अदालत समक्ष गरेको सोधपुछ कागज।**

३१. पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुनेनै हुँदा हाललाई कानूनको विवादमा परेको बालक ०७-Q लाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) बमोजिम मुद्दा पुर्पक्षको निमित्त बाल सुधार गृह विराटनगर, मोरङमा पठाउनू **भन्ने वेहोराको मिति २०८१/०४/१६ गतेको थुनछेक आदेश।**

३२. मौकाको प्रतिवेदन वेहोरा र बरामदी मुचुल्काको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२५ गते जिल्ला भोजपुर, भोजपुर नगरपालिका वडा नं.१२ टक्सार स्थित भक्तबहादुर प्रधानको घर पछाडि ऐ.ऐ. बस्ने मणिकुमार प्रधानले लुकाई छिपाई राखेको भरुवा बन्दुक थान-१ बरामद भएको हो भने ऐ.ऐ. मितिमा भोजपुर नगरपालिका वडा नं.११ आम्तेक स्थित जंगलमा लुकाई छिपाई राखेको अवस्थामा कालो रंगको भिर्ने झोलाभित्र निलो रंगको प्लाष्टिकमा पोको पारी राखेको अवस्थामा रहेको भरुवा बन्दुकमा गोलिको रुपमा प्रयोग गर्ने भनिएका फलामका टुक्राहरु थान-३२ समेतका सामानहरु बरामद भएको र मिति २०८०/०३/२७ गते जिल्ला भोजपुर, भोजपुर नगरपालिका वडा नं.११ हांगाला स्थितबाट प्रतिवादी उमेश कार्कीले ऐ.ऐ. बस्ने दिलकुमारी राईको घर नजिकै रहेको गोठमा लुकाई छिपाई राखेको अवस्थामा रहेको भरुवा बन्दुक थान-१ र फलामको तार थान-१ समेत बरामद भएको हो। सोही मितिमा ऐ.ऐ. मुलाबारी स्थित प्रतिवादी वर्ष २२ को सुमन श्रेष्ठले निजको घर कोठामा राखेको अवस्थामा रहेको निलो रंगको भेष्ट समेत निजले वारदात हुँदाको समयमा आफूले लगाएको भनी बताए बमोजिमका कपडाहरु बरामद भएका हुन्। जिल्ला भोजपुर, नगरपालिका वडा नं.१२ भक्तबहादुर प्रधानको घरबाट बरामद भएको भरुवा बन्दुक प्रतिवादी मणिकुमार प्रधानले बताएअनुसार निजकै हो भने जिल्ला भोजपुर, भोजपुर नगरपालिका वडा नं.११ हांगाला स्थित दिलकुमारी राईको घर नजिकै रहेको गोठबाट बरामद भएको भरुवा बन्दुक प्रतिवादी उमेश कार्कीले बताए अनुसार निजकै हो **भन्ने समेत बेहोराको प्रतिवेदक प्रहरी सहायक निरिक्षक सरोज गेलालले मिति २०८०/०६/११ गते यस अदालतमा गरेको बकपत्र।**

३३.जाहेरी दरखास्तको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मृतक दिप्सन प्रधान मेरो छोरा हो, वारदातको दिन साँझमा म घरमा नै थिएँ, वर्ष २९ को सुमन श्रेष्ठले मेरो छोरालाई फोन गरी एक छिन खोलामा सामान पुर्याएर आउनुपर्छ भनी बोलाएकोले उ सँगै गएको रहेछ, रातिसम्म पनि मेरो छोरा घर फर्केर नआएकोले भोलिपल्ट हाम्रो आफन्त, छर छिमेक सबैतिर खोजि गयौं तर काही नभेटिएकोले मेरो पत्नीले टक्सारको बिमान स्थल सुरक्षा गार्ड, भोजपुरमा गई छोरा दिप्सन प्रधान हराएको भनी निवेदन दिएकी थिइन् त्यसपछि प्रहरीले सुमन श्रेष्ठलाई फोन गरेपछि वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधान जिल्ला प्रहरी कार्यालय, भोजपुरमा हाजिर भएछन् त्यसपछि अनुसन्धान गर्दै जाँदा अन्य प्रतिवादीहरु समेत फेला पारी पक्राउ गरेपछि म जिल्ला प्रहरी कार्यालय, भोजपुरमा गई प्रहरी, वडा प्रतिनिधि, गाउँका दुई तीन जना मानिसहरु भई अखुवा खोला आसपास खोजि गर्दै जाँदा ओडारे खेत छेउमा खोलाको बगरमा खाडल खनी पुरिएको अवस्थामा मेरो छोरा दिप्सन प्रधानको लाश भेटियो, लाश बाहिर निकाली हेर्दा बाँया पट्टिको छातीबाट गोली वारपार भएर निस्केको अवस्थामा थियो। मेरो छोरा दिप्सन प्रधानको हत्या गर्नमा वर्ष २९ को सुमन श्रेष्ठ, ऐ.ऐ. बस्ने मणिकुमार प्रधान, वर्ष २२ को सुमन श्रेष्ठ, रोजिस कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-ρ को संलग्नता रहेको छ। यि प्रतिवादीहरुले पहिला देखि नै योजना बनाई वर्ष २९ को सुमन श्रेष्ठले मृतक मेरो छोरा दिप्सन प्रधानलाई बोलाई लगि गोली हानी खोलाको बगरमा खाडल खनी पुरेका रहेछन् **भन्ने समेत वेहोराको जाहेरवाला देवीप्रसाद प्रधानले मिति २०८०/०६/०९ गते यस अदालतमा गरेको बकपत्र।**

३४.मिति २०८०/०३/२४ गते मैले दिएको निवेदन वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२२ गते वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधानले मुलाबारीबाट सुमन श्रेष्ठ आएको छ निजको सामान पुर्याउन खोलासम्म जानुपर्छ भनि मेरो छोरा मृतक दिप्सन प्रधानलाई लिएर गएका थिए। मेरो छोरा घर नआएकोले मिति २०८०/०३/२३ गते बिहान वर्ष २९ को सुमन श्रेष्ठलाई मेरो छोरा खोई भनी सोधखोज गर्दा आउछ भनी जवाफ दिएपछि म आफ्नो काममा लागें, भोलिपल्टसम्म पनि मेरो छोरा दिप्सन प्रधान घर नआएकोले मैले मेरो छोरा खोजि पाउँ भनी विमान स्थल, सुरक्षा गार्ड समक्ष दिवेदन दिएको हुँ, त्यसपछि प्रहरी, गाउँ घरका मानिस समेत भेला जम्मा भई मृतक छोरालाई खोजि गर्दै जाँदा अखुवा खोलामा बालुवाले पुरिएको अवस्थामा भेटी निकाली हेर्दा निजको छातीमा गोली लागेको, दुवै आँखा बाहिर निस्किएको र छाला पिलिसिएको अवस्थामा थियो। मेरो छोराको हत्या सबै प्रतिवादीहरुको पूर्व तयारीका साथ मिलेमतोमा भएको हो **भन्ने समेत वेहोराको निवेदक निरुका प्रधानले मिति २०८०/०६/०९ गते यस अदालतमा गरेको बकपत्र।**

३५.मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२२ गते बिहान म धान काट्न भनी खेततिर जाँदै गर्दा मृतक दिप्सन प्रधान खेतबाट घर फर्किदै गरेको भेटेको थिएँ। मिति २०८०/०३/२४ गते एक्कासी दिप्सन प्रधान हरायो भन्ने खबर सुनि मृतकको आमा र म भई प्रतिवादी मणिकुमार प्रधानको घरमा गई सोधीखोजि गर्दा निजको पत्नीले वर्ष २९ को सुमन श्रेष्ठको घरमा सुतेर गएको भनेपछि हामी सुमन श्रेष्ठको घरमा गई सोधीखोजि गर्दा निजको पत्नीले दिप्सन प्रधान त्यहाँ नगएको भनी जवाफ दिनुभयो। त्यसपछि केही

पर्यो भने मलाई बोलाउनु भन्दै म खेतमा गई काम गर्न थालें, त्यतीकैमा घरमा रुवाबासी छ भन्दै फोन आएकोले म घरमा जाँदा मृतक दिप्सन प्रधानको आमाले विमान स्थल, सुरक्षा गार्डमा उजुरी गरी प्रहरीले प्रतिवादी वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधानलाई पक्राउ गरी अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय, भोजपुरमा पठाएको र अन्य प्रहरी र गाउँका मानिसहरु भई दिप्सन प्रधानलाई खोजि गर्दै जाँदा निजको लाश अखुवा खोलाको किनारमा जमिनमुनी गाडिएको अवस्थामा भेटेको छ भन्ने सुनी म तत्काल लाश लिन भनी जाँदै गर्दा घटनास्थलबाट अलिक माथिसम्म ल्याइसकेको रहेछ, घटनास्थलमा म पुगिनँ, लाशलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल भोजपुरमा ल्यायौं, उक्त लाश हेर्दा सुन्निएको, छातीको देब्रे भागमा गोली लागेर वारपार भई प्वाल परेको, लाशको दुबै आँखा बाहिर निस्किएको अवस्थामा देखेको हुँ। यी प्रतिवादीहरु सबै जनाको मिलेमतोमा यो घटना घटाएका हुन्। निज प्रतिवादीहरुले के-के गरे, कसरी मारे, कोही कसैलाई भनेनन्, यस्तो घटना भयो अथवा घाइते भयो भनेका थिए भने हामी उपचार गर्थ्यौं, निज प्रतिवादीहरुले मानवता समेत देखाएनन् त्यही भएर निज प्रतिवादीहरुलाई कानून बमोजिम हदैसम्मको सजाय होस् **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस पियुप्रसाद प्रधानले मिति २०८०/०६/०९ गते यस अदालतमा गरेको बकपत्र।**

**३६.** मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२४ गते पराल राख्न जाँदा बाटोमा प्रतिवादी वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधानलाई भेटेको र खोलामा अन्य प्रतिवादीहरु समेतलाई पनि भेटेको हो। भोलिपल्ट दिप्सन प्रधान हरायो भन्ने कुरा थाहा पाएपछि जिल्ला प्रहरी कार्यालय, भोजपुरमा निवेदन दिई प्रहरी लगायत स्थानीय बासी समेत भई खोजि गर्दै जाँदा दिप्सन प्रधानको लाश अखुवा खोलाको ओडारे खेतको बगरमा बालुवाले पुरिएको अवस्थामा भेटिएको र निज मृतकको छातीमा गोली लागेको, दुबै आँखा बाहिर निस्किएको र छाला पिल्सिएको अवस्थामा थियो। यो घटना घटाउनुमा प्रतिवादीहरु सबै जनाको संलग्नता रहेको छ **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस धनबहादुर प्रधानले मिति २०८०/०६/०९ गते यस अदालतमा गरेको बकपत्र।**

**३७.** मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२४ गते दिनको १०.०० बजेतिर मृतक दिप्सन प्रधानको आमाले मलाई फोन मार्फत मेरो छोरालाई वर्ष २९ को सुमन श्रेष्ठले बोलाएर लगेको अहिलेसम्म घरमा आएको छैन, के कसो गरौं भनेकीले मैले विमान स्थल सुरक्षा, सुरक्षा गार्डमा निवेदन दिनुपर्छ भनेपछि मृतकको आमाले छोरा दिप्सन प्रधानलाई खोजी गरी पाउँ भनी निवेदन पेश गरेपछि मैले वर्ष २९ को सुमन श्रेष्ठलाई फोन गरी विमान स्थल सुरक्षा, सुरक्षा गार्डमा बोलाई सोधखोज गर्दा हामी मृतक समेत सबै जना खोला गएकोमा प्रतिवादीहरु मध्ये एक जनाले प्रहरी आयो भागौं भनेकोले हामी सबै जना सो स्थानबाट भागेको हो भनी सुनाएपछि निज सुमन श्रेष्ठ र मणिकुमार प्रधानलाई जिल्ला प्रहरी कार्यालय, भोजपुरमा लगि सोधखोज गर्दा निजहरुले के भने त्यसपछि जिल्ला प्रहरी कार्यालय, भोजपुरको टोली आई गाउँ घरका मानिसहरु समेत भई दिप्सन प्रधानलाई खोजि गर्दै जाँदा अखुवा खोला ओडारेको खेतको नजिकै बगरमा पुरिएको, निजको छातिमा गोली लागेको, दुबै आँखा अलि अलि बाहिर निस्किएको अवस्थामा

लाश फेला परेको हो। मृतक दिप्सन प्रधानको लाशको अवस्था हेर्दा प्रतिवादीहरु सबैको संलग्नता रहेको छ। निज प्रतिवादीहरु सबैजनालाई कानून बमोजिमको सजाय हुनुपर्छ **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस गोपाल कुमार ताम्राकारले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

**३८.**घटना भएको भनिएको समयमा म मोरङ तिर गएको थिएँ। मृतक दिप्सन प्रधानको लाश भेटिसकेपछि मैले फोन मार्फत जानकारी पाएको हुँ। घटनाको बारेमा पछि बुझ्दा वर्ष २९ को सुमन श्रेष्ठले मृतक दिप्सन प्रधानलाई बोलाई लगेको र अन्य प्रतिवादीहरु समेत भई मिलेमतो गरी मारी लाशलाई गाडेका रहेछन्। उक्त वारदातमा ६ जनाको नै संलग्नता रहेको छ, एक जनाले मारेर गाड्न सकिने अवस्था देखिँदैन। प्रतिवादीहरु सबैलाई कानून बमोजिम हदै सम्मको सजाय होस्, कोही नछुटुन् **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस दिलबहादुर श्रेष्ठले यस अदालतमा गरेको बकपत्र।**

**३९.**मृतक दिप्सन प्रधान मेरो भाइ हो। मिति २०८०/०३/२२ गते बेलुका हामी खाना खान लागेका बेला वर्ष २९ को सुमन श्रेष्ठले मेरो भाईलाई पारीको वर्ष २२ को सुमन श्रेष्ठलाई सामान पुर्याउनु पर्ने छ, एकैछिन हाइहाल्ने भनेर फोन गरेकोले भाई खाना नखाई गएको थियो, त्यो रात भाई घर आएन। भोलिपल्ट २३ गते बिहान म र आमा भोजपुर बजार टमाटर बेच्न आएका थियौं, बजारमा वर्ष २९ को सुमन श्रेष्ठलाई टमाटर बेच्दै गरेको देखेका थियौं, बजारमा अन्य सामानहरु पनि लानु पर्ने भएकोले म बजारतिर गएँ, सामान लिएर घर जाँदा बुवाले खाना पकाउदै हुनुहुन्थ्यो, यत्तिकैमा प्रतिवादी मणिकुमार प्रधान आएर दिप्सन भाई खोइ भनेर सोध्यो, मैले खोइ वर्ष २९ को सुमन श्रेष्ठले लिएर गएको अहिलेसम्म आएको छैन भने, त्यसपछि बुवा खाना खाएर बाख्रा चराउन भनि जानु भयो, म घरमा नै थिएँ, फेरी प्रतिवादी मणिकुमार प्रधान आएर भाई आयो भनी सोध्यो, मैले आएको छैन भनेपछि अरु केही नबोली त्यहाँबाट गयो। उक्त दिन भाई कता गयो भनेर सोधी खोजि गयौं तर केही पत्ता लागेन, भोलिपल्ट मिति २०८०/०३/२४ गते सम्म पनि भाईको बारेमा केही खबर नपाएपछि आमा र म टक्सारको विमान स्थल सुरक्षा, सुरक्षा गार्डमा निवेदन दियौं, त्यसपछि प्रहरीले वर्ष २९ को सुमन श्रेष्ठलाई फोन गरेर बोलाएपछि निज सुमन श्रेष्ठ र मणिकुमार प्रधान आइपुगे, उनिहरुलाई दिप्सनको बारेमा सोधपुछ गर्दा वर्ष २९ को सुमन श्रेष्ठले दिप्सन हराएको छ, कता गयो थाहा छैन भन्यो। अर्का प्रतिवादी मणकुमार प्रधान केही नबोली निहुरिएर रुन थालेकोले उनिहरुलाई जिल्ला प्रहरी कार्यालय, भोजपुरमा अनुसन्धानको लागि बुझाउन लानुभयो। पछि जिल्ला प्रहरी कार्यालय, भोजपुरले हामीलाई बोलाउनु भएकोले हामी त्यहाँ गयौं र प्रहरीहरु साथै हामी समेत भई दिप्सन प्रधानलाई ओडारे खेत अखुवा खोलामा खोज्दै जाने क्रममा खोलाको बगरमा खाडल खनी बालुवाले पुरेको अवस्थामा मृतक दिप्सन प्रधानको लाश फेला पर्यो। लाश हेर्दा देब्रे पट्टिको छातीमा गोली लागि पछाडिबाट वारपार भई निस्केको र दुबै आँखा बाहिर निस्केको अवस्थामा थियो। उक्त वारदातमा प्रतिवादी वर्ष २९ को सुमन श्रेष्ठले मेरो भाई दिप्सन प्रधानलाई घरबाट बोलाई लगि अन्य प्रतिवादीहरु मणिकुमार प्रधान, वर्ष २२ को सुमन श्रेष्ठ, रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-Q सबै जना मिलेमतो गरी मारेर खाडल खनी पुरेका हुन्। यो सबै एक व्यक्तिबाट सम्भव छैन,

त्यसैले प्रतिवादीहरु ६ जनाकै संलग्नता रहेको छ। निज प्रतिवादीहरु सबैलाई कानून बमोजिम सजाय होस्, कोही नछुटुन् **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस दिपालक्ष्मी प्रधानले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४०.मिति २०८०/०३/२४ गते मृतक दिप्सन प्रधानको काकाले मलाई फोन गरी वर्ष २९ को सुमन श्रेष्ठले मेरो छोरालाई मिति २०८०/०३/२२ गते बेलुकी बोलाएर लगेको अहिलेसम्म घर फर्की आएन, फोन पनि लाग्दैन, कहाँ गयो खोजि गर्नु पर्यो भन्नुभएकोले प्रहरी टोली र म समेत १५/१६ जना भई दिप्सन प्रधानलाई खोजि गर्दै जाँदा भोजपुर नगरपालिका वडा नं.१२ स्थित अखुवा खोलाको ओडारे खेतको छेउमा खोला किनारमा बालुवाले पुरिएको अवस्थामा लाश फेला पारी बाहिर निकाली हेर्दा मृतक दिप्सन प्रधानको छातीमा गोली लागेको थियो, त्यसपछि लाशलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल, भोजपुरमा ल्याइएको हो। मृतक दिप्सन प्रधानलाई कर्तव्य गरी मारी खोलाको किनारमा खाल्डो खनी पुर्नमा प्रतिवादीहरु छ जनाकै संलग्नता रहेको छ किनभने एक जनाले मात्रै उक्त काम गर्न असम्भव छ। तसर्थः निज प्रतिवादीहरु सबैजनालाई कानून बमोजिमको कारवाही हुनुपर्छ **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस नवराज आचर्यले मिति २०८०/०६/१० गते यस अदातमा गरेको बकपत्र।**

४१.मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। कामको शिलसिलामा मैले गोपाल ताम्राकारलाई फोन सम्पर्क गर्दा दिप्सन प्रधानलाई वर्ष २९ को सुमन श्रेष्ठले मिति २०८०/०३/२२ गते बोलाई लगेकोमा हालसम्म फर्की नआएकोले दिप्सन प्रधानलाई खोजि गरीपाउँ भनी प्रहरीमा निवेदन दिन दिप्सन प्रधानको आमा र म गएको छु भन्नुभएको थियो। पछि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी टोली आउनुभयो र हामी सबै जना दिप्सन प्रधानलाई खोजी गर्दै जाँदा अखुवा खोलाको बगरमा खाडल खनी बालुवाले पुरेको अवस्थामा लाश फेला पर्यो। उक्त लाश हेर्दा छातीमा गोली लागि पछाडिसम्म वारपार भई निस्केको, शरीरको छाला पिल्सिएको, सुन्निएको र दुबै आँखा बाहिर निस्केको अवस्थामा देखेकी हुँ। मैले जाने बुझे अनुसार उक्त घटना घटाउनुमा प्रतिवादीहरु वर्ष २२ को सुमन श्रेष्ठ, वर्ष २९ को सुमन श्रेष्ठ, मणिकुमार प्रधान, उमेश कार्की, रोजिश कार्की र सांकेतिक नाम ०७-Q सबै जनाको संलग्नता रहेको छ किनभने एक जनाले मात्र उक्त घटना घटाउन सक्दैन। तसर्थः प्रतिवादीहरु सबैलाई कानून बमोजिम कारवाही होस्, कोही नछुटुन् **भन्ने समेत वेहोराको घटाविवरण कागज गर्ने मानिस मायादेवी राईले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४२.मृतक दिप्सन प्रधान हरायो भनी मिति २०८०/०३/२४ गते राती मैले फोन मार्फत जानकारी पाएको हुँदा हामी गाउँले र प्रहरी टोली समेत भई दिप्सन प्रधानलाई खोजतलास गर्दै जाँदा अखुवा खोलाको ओडारे खेतको बगरमा बालुवाले पुरिएको अवस्थामा लाश भेटियो, लाशलाई बाहिर निकाली हेर्दा छातीमा गोली लागेको, दुबै आँखा निस्किएको र छाला पिल्सिएको अवस्थामा थियो। उक्त घटना घटाउनमा प्रतिवादीहरु छ जनाकै संलग्नता रहेको छ, एक जनाले मात्र सम्भव छैन। निज प्रतिवादीहरु सबै जनालाई कानून बमोजिम सजाय हुनुपर्छ **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस कमल कार्कीले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४३. मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२२ गते ट्याक्टरलाई नुन ल्याउन लगाएको थिएँ, सोही दिन साँझ ६.०० बजेतिर दिप्सन प्रधानको ठुलोबुवाको छोरीले नुन ल्याइदिएको छ भनी फोन गरेकीले म नुन लिन गई घर फर्कंदै गर्दा बाटोमा नै मृतक दिप्सन प्रधानको घर रहेको हुँदा नुनको बोरा त्यही बिसाई पसी गफगाफ गर्दै जाने क्रममा दिप्सन प्रधानको आमाले निजलाई खाना खान बोलाउनुभयो, निज दिप्सन प्रधान फोनमा कुरा गरीरहेको थियो, मैले को सँग कुरा गरेको भन्दा सुमन श्रेष्ठसँग बोलेको भनेपछि म आफ्नो घरतिर लागें। मिति २०८०/०३/२४ गते राती गाउँका मानिसहरु सबैजना दिप्सन प्रधानको घरतर्फ जाँदै गरेको देखि के भएछ भनी म पनि जाँदा मृतक दिप्सन प्रधान हराएको र निजलाई मारेर खोलामा गाडेको कुरा सुनि थाहा पाएँ। मेरो बिचारमा यी प्रतिवादीरहरु छ जनाले नै मृतक दिप्सन प्रधानलाई मारी गाडेका हुन भन्ने लाग्छ। यी प्रतिवादीहरु सबैजनालाई कानून बमोजिम हदैसम्मको सजाय होस् **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस सम्भु प्रसाद चापागाईले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४४. प्रतिवादी रोजिश कार्की मिति २०८०/०३/०५ गते आफ्नो ठूलोबुवाको छोराको बिवाहमा पाहुना आएको थियो। रोजिश कार्की सानै उमेरमा गाउँ छाडि तराईतिर बोसोबास गरेको र धेरै लामो समयपछि आफ्नो जन्मथलो गाउँ आएकोले साथीहरुसँग भेट भई अखुवा खोला माछा मार्न पौडी खेल्नको लागि गएका हुन्। उक्त घटना हुनु भन्दा अगाडि मृतक दिप्सन प्रधानसँग रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-Q को कुनै रिसइवी र चिनजान थिएन। मृतकको लाश खोलामा बालुवाले पुरेको अवस्थामा भेटिएको भन्ने सुनेको हो, कसले पुर्यो, किन पुर्यो र कहाँ पुर्यो थाहा भएन **भन्ने समेत वेहोराको प्रतिवादीहरु रोजिश कार्की, उमेश कार्की र कानूनको विवादमा परेको बालक ०७-Q को साक्षी रक्की राई र भुपदेव राईले प्राय एकै मिलान वेहोरा हुने गरी मिति २०८०/०६/१० गते यस अदालतमा गरिदिएको बकपत्र।**

४५. प्रतिवादी रोजिश कार्की मिति २०८०/०३/०५ गते आफ्नो ठूलोबुवाको छोराको बिवाहमा पाहुना आएको हो। उक्त घटना हुनु भन्दा अगाडि मृतक दिप्सन प्रधानसँग रोजिश कार्की, उमेश कार्की र सांकेतिक नाम ०७-Q को कुनै रिसइवी र चिनजान थिएन। मैले सुने अनुसार निजहरु अखुवा खोलामा माछा मार्न, नुहाउन र घुम्न गएका थिए भन्ने सुनेको हुँ। घटना के कसरी भयो, आफूले प्रत्यक्ष नदेखेको हुँदा थाहा भएन **भन्ने समेत वेहोराको प्रतिवादीहरु रोजिश कार्की, उमेश कार्की र कानूनको विवादमा परेको बालक ०७-Q को साक्षी भरतकुमार कार्कीले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४६. मृतक दिप्सन प्रधानको मृत्यु भवितव्यबाट भएको भन्ने सुनेको हुँ। भवितव्य घटनापछि लाश पुर्नमा सबै प्रतिवादीहरुको संलग्नता थियो, थिएन मलाई थाहा भएन र उक्त घटनामा को कसको संलग्नता छ, थाहा छैन। मृतकको लाश खोलामा बालुवाले पुरिएको अवस्थामा भेटिएको भन्ने सुनेको हो, को कसले पुर्यो, किन पुर्यो केही थाहा छैन **भन्ने समेत वेहोराको प्रतिवादी वर्ष २२ को सुमन श्रेष्ठको साक्षी सर्मिला श्रेष्ठ र शान्ती श्रेष्ठले एकै मिलान वेहोरा हुने गरी मिति २०८०/०६/१० गते यस अदालतमा गरिदिएको बकपत्र।**

४७.मृतक दिप्सन प्रधानसँग प्रतिवादीहरु मणिकुमार प्रधान र वर्ष २९ को सुमन श्रेष्ठको घटना हुनु पूर्व कुनै प्रकारको रिसइवी थिएन। मृतक दिप्सन प्रधानको मृत्यु भवितव्यबाट भएको भन्ने सुनेको हुँ। उक्त घटना भएको देखिएन, मृतकको लाशलाई प्रतिवादी वर्ष २२ को सुमन श्रेष्ठले मात्र बालुवामा पुरेको हुनुपर्छ। अन्य प्रतिवादीहरुको उक्त घटनामा संलग्नता रहेको छैन **भन्ने समेत वेहोराको प्रतिवादीहरु वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधानको साक्षी चन्द्रबहादुर श्रेष्ठले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४८.मृतक दिप्सन प्रधानसँग प्रतिवादीहरु मणिकुमार प्रधान र वर्ष २९ को सुमन श्रेष्ठको घटना हुनु पूर्व कुनै प्रकारको रिसइवी थिएन, उनिहरु एकदमै मिल्ने साथी प्राय सँगै हिड्ने, खाने र काम गर्दा समेत सँगै गर्ने गर्दथे। मृतक दिप्सन प्रधानको मृत्यु के कसरी भयो मलाई थाहा भएन। मैले सुने अनुसार घटना भए पश्चात मृतक दिप्सन प्रधानको लाशलाई प्रतिवादी वर्ष २२ को सुमन श्रेष्ठले एक्लै पुरेको भन्ने सुनेको हो। मृतकको लाश खोलामा बालुवाले पुरिएको अवस्थामा भेटिएको भन्ने सुनेको हो, को कसले पुर्यो, किन पुर्यो केही थाहा छैन **भन्ने समेत वेहोराको प्रतिवादी वर्ष २९ को सुमन श्रेष्ठ र मणिकुमार प्रधानको साक्षी मिनकुमार श्रेष्ठले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

४९.मृतक दिप्सन प्रधानसँग प्रतिवादीहरु मणिकुमार प्रधान र वर्ष २९ को सुमन श्रेष्ठको घटना हुनु पूर्व कुनै प्रकारको रिसइवी थिएन। निज मृतकको मृत्यु के कसरी भएको हो र उक्त घटना घटाउनुमा को कसको संलग्नता रहेको छ मलाई थाहा छैन। घटना भएको मैले प्रत्यक्ष नदेखेको हुँदा के कसो भयो मलाई केही थाहा भएन **भन्ने समेत वेहोराको प्रतिवादी वर्ष २९ को सुमन श्रेष्ठको साक्षी मनकुमार श्रेष्ठले मिति २०८०/०६/१० गते यस अदालतमा गरेको बकपत्र।**

५०.भोजपुर जिल्ला, भोजपुर नगरपालिका वडा नं. ११ बस्ने वर्ष २२ को सुमन श्रेष्ठ, उमेश कार्की, सांकेतिक नाम ०७-Q, भोजपुर नगरपालिका वडा नं.१२ बस्ने वर्ष २९ को सुमन श्रेष्ठ, मणिकुमार प्रधान र मोरङ जिल्ला, सुन्दरहरैंचा नगरपालिका वडा नं.८ बस्ने रोजिश कार्कीलाई पक्राउ गरी भरुवा बन्दुक थान-३ बरामद गरिएको सम्बन्धमा म समेतले निजहरुलाई पक्राउ गरी प्रतिवेदन साथ पेश गरिएको हो। मौकाको प्रतिवेदन वेहोरा र सोमा भएको सहीछाप मेरै हो भन्ने **समेत वेहोराको प्रहरी प्रतिवेदक सौगात बस्नेतले मिति २०८०/११/२० गते यस अदालतमा गरेको बकपत्र।**

५१.मिति २०८०/०३/२४ गते अं.१७.३० बजेको समयमा भोजपुर बजारको पुरानो ट्राफिक चोक नजिकै वर्ष २२ को सुमन श्रेष्ठ अटोमा आउँदै गरेको र म घरतिर झर्दै गरेको अवस्थामा निजसँग भेट भएको हो। अटोमा वर्ष २२ को सुमन श्रेष्ठ र अटो चालक राजिव राई मात्र थिए। निजसँग भेट हुनु भन्दा अगाडि फोन सम्पर्क हुँदा निजले मलाई माछा मार्न हिँडेको भनेको थियो, माछा मार्न को को व्यक्तिहरु गएका हुन् मलाई थाहा भएन। प्रतिवादीहरुले मृतकलाई मारेको विषयमा मलाई थाहा छैन। वर्ष २२ को सुमन श्रेष्ठ अचनाक लड्न गई निजले बोकेको भरुवा बन्दुक पड्किँदा मृतकलाई लागि मृतकको मृत्यु भएको भन्ने सुनेको हुँ **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस बद्री प्रधानले मिति २०८०/११/२० गते यस अदालतमा गरेको बकपत्र।**

५२. मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२४ गते अं.१७.०० बजेको समयमा श्यामसिलामा थिएँ। सुमन श्रेष्ठ समेतका चार जनाले भोजपुर बजार पुर्याइदिनु भनेपछि के कामले भोजपुर जान आँटेको भनी सोध्दा निजहरुले हामी माछा मार्न गएका थियौं, माथिबाट टर्च लाइट बालेर २/३ जना मानिसहरु आएको देखेर प्रहरी आयो कि भनेर हामी भागेकोले प्रहरी कार्यालयमा हामीलाई बोलाएको छ भनेका हुन्। निजहरु आफू आफू कुरा गर्दा हामीलाई जोगाउने तिम्रै हातमा छ भनी कुरा गरेको मैले सुनेको हुँ, अन्य कुरा मलाई थाहा छैन **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस राजिव राईले मिति २०८०/११/२० गते यस अदालतमा गरेको बकपत्र।**

५३. मिति २०८०/०३/२२ गते मेरो पति वर्ष २२ को सुमन श्रेष्ठ, उमेश कार्की, रोजिश कार्की र सांकेतिक नाम ०७-Q माछा मार्न भनी अखुवा खोलातर्फ गएका हुन्, अरु को को गए मलाई थाहा भएन। भोलिपल्ट मिति २०८०/०३/२३ गते बेलुका मेरो पति समेतका व्यक्तिहरु घर आएका हुन्। मेरो पति घर आई टाउको दुख्यो भन्दै सुत्नुभयो, अरु केही भन्नु भएन। मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा मध्ये मेरो पति वर्ष २२ को सुमन श्रेष्ठ समेतले मृतकलाई कर्तव्य गरी मारेर बालुवामा पुरेको, प्रतिवादीहरुलाई कानून बमोजिम सजाय होस् भनि लेखाएको होइन, सो बाहेक अन्य वेहोरा साँचो हो **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस शर्मिला तामाङ (श्रेष्ठ) ले मिति २०८०/११/२० गते यस अदालतमा गरेको बकपत्र।**

५४. मैले मौकामा गरेको घटनाविवरण कागजको वेहोरा र सोमा भएको सहीछाप मेरै हो। प्रतिवादीहरु वारदातको दिन भेट हुनुपर्ने कारण के थियो थाहा भएन। के कुन कारणले मृतकको मृत्यु भएको हो, सो कुरा मलाई थाहा भएन **भन्ने समेत वेहोराको घटनाविवरण कागज गर्ने मानिस धमेन्द्र राईले मिति २०८०/११/२० गते यस अदालतमा गरेको बकपत्र।**

५५. मौकामा भएको घटनास्थल/लाश जाँच मुचुल्काको वेहोरा र सोमा भएको सहीछाप आफ्नै हो। मृतक दिप्सन प्रधानको लाश पुरेको स्थानमा हामी प्रहरी टोलीसँगै पुगेका थियौं। मृतक दिप्सनको लाश हेर्दा निजको छातीमा गोली लागेको घाउ थियो भने लाश गन्हाएको, सुनिएको जस्तो देखिन्थ्यो। प्रतिवादीहरु घटना भएको दिन के कारणले भेला भएका हुन् थाहा भएन। घटनाको बारेमा सुन्नमा आउदा वर्ष २२ को सुमन श्रेष्ठ ढुङ्गामा चिप्लिन गई अचानक भरुवा बन्दुक पड्केर मृतक दिप्सन प्रधानलाई लागि निजको मृत्यु भएको भन्ने सुनेको हो, के कसरी घटना भयो देखिएन **भन्ने समेत वेहोराको घटनास्थल/लाश जाँच मुचुल्काका मानिस चन्द्रबहादुर श्रेष्ठ, कृष्णकुमार श्रेष्ठ, प्रेमकुमार श्रेष्ठ, रेडबहादुर श्रेष्ठ समेतले एकै मिलान वेहोरा हुने गरी मिति २०८०/११/२० गते यस अदालतमा गरीदिएको बकपत्र।**

५६. मिति २०८०/०३/२४ गतेको प्रतिवेदन वेहोरा र सोमा भएको सहीछाप मेरै हो। मिति २०८०/०३/२२ गते जिल्ला भोजपुर, भोजपुर नगरपालिका वडा नं. ११ र ऐ. को वडा नं.१२ को अखुवा खोलामा माछा मार्न गएका ७ जना मध्ये ६ जना साथीहरु घर फर्की आएको तर दिप्सन प्रधान घर फर्की नआएको हुँदा निज दिप्सन प्रधानलाई खोजि गरी पाउँ भनि दिप्सन प्रधानको आमा निरुका प्रधानले मिति २०८०/०३/२४ गते दिनको १७.०० बजेको समयमा विमान स्थल गार्ड

टक्सार भोजपुरमा हुलिया दिवेदन दिएको हुँदा म समेतको टोलिले दिप्सन प्रधानलाई खोजतलास गर्दै जाने क्रममा सोही राती २१.३० बजेको समयमा भोजपुर नगरपालिका वडा नं.१२ ओडारे खेत अखुवा खोलाको किनारमा बालुवाले परेको लाश फेला पारी सोही राती २२.०० बजेको समयमा भोजपुर नगरपालिका वडा नं.१२ स्थित घर गाउँबाट भो.न.पा वडा नं.११ बस्ने बर्ष २२ को सुमन श्रेष्ठ, वर्ष २३ को उमेश कार्की, वर्ष १७ को सांकेतिक नाम ०७-Q, भो.न.पा. वडा नं.१२ बस्ने वर्ष २९ को सुमन श्रेष्ठ, वर्ष ३२ को मणिकुमार प्रधान र मोरङ जिल्ला, सुन्दरहरैंचा नगरपालिका वडा नं. ८ बस्ने वर्ष २२ को रोजिश कार्की समेतलाई ज्यान सम्बन्धी कसूर (हातहतियार तथा खरखजना) को कसूरमा पक्राउ गरी प्रतिवेदन साथ दाखिला गरेको हो। मौकामा भएको घटनास्थल मुचुल्का र बरामदी मुचुल्काको वेहोरा साँचो हो, सो मुचुल्काहरु मेरै रोहबरमा भएको हो **भन्ने समेत वेहोराको प्रतिवेदक प्रहरी निरिक्षक अवधेश कुमार यादवले मिति २०८१/०१/१० गते यस अदालतमा गरेको बकपत्र।**

५७.बरामदी मुचुल्काको बेहोरा प्रहरीले लेख्नुभएको हो, बरामद भएको सामानहरु प्रहरीले देखाउनु भएन, सो वेहोरा नपढी सहीछाप मात्र गरेको हो **भन्ने समेत वेहोराको बरामदी मुचुल्काको मानिस तारा श्रेष्ठ, राम पुरी, खड्गकुमारी राई (श्रेष्ठ) समेतले एकै मिलान वेहोरा हुने गरी मिति २०८०/०१/१२ गते यस अदालतमा गरीदिएको बकपत्र।**

५८.बरामदी मुचुल्काको बेहोरा प्रहरीले लेख्नुभएको हो, सहीछाप मात्र गरेको हुँ। बरामद भएको सामानहरु देखाउँदा बोरामा पोको पारिसकेको अवस्थामा थियो। घटनाको बारेमा प्रतिवादीहरुलाई पक्राउ गरिसकेपछि गाउँमा सुनेर थाहा पाएको हुँ **भन्ने समेत वेहोराको बरामदी मुचुल्काको मानिस उत्तम राईले मिति २०८०/०१/१२ गते यस अदालतमा गरेको बकपत्र।**

५९.मृतकको शव परिपक्षण प्रतिवेदनमा भरुवा बन्दुकको गोली अगाडिबाट देब्रे छातिमा पसेको र पछाडि निस्कँदा केही माथि पुगेर निस्केको घाउ देखिएको, उक्त गोली मृतकको छातीमा पसी देब्रे फोक्सोमा प्वाल पारेको, अगाडिको चौथो र पछाडिको दोस्रो करङ्गको हड्डी समेत भाँचेको देखिन्छ। गोली पसेको प्वाल वरीपरी सुन्निएको, घस्रिएको घाउहरु रहेको, उक्त घाउहरु बन्दुकको गोली लागेको कारणले भएको हो। मृतकको शव परिक्षण गर्दा Entry wound एउटा ३ सेमि व्यास भएको प्वाल छातीको अगाडि पट्टि देब्रे भागमा रहेको, प्वालको परिधी अनियमित तरिकाले च्यातिएको, Entry wound वरिपरी १५*१३ से.मि. को घस्रेको सुन्निएको घाउ देखिएको, Exit wound मा ५*३ से.मि. को देब्रेपट्टि पछाडि प्वाल रहेको, उक्त घाउमा मासु बाहिर पट्टि फर्किएको पाइएको, बन्दुकको गोली लागि घाउ हुँदा उक्त अवस्था देखिन सक्छ **भन्ने समेत वेहोराको विशेषज्ञ डा. प्रविण मण्डलले मिति २०८१/०२/२८ गते यस अदालतमा गरेको बकपत्र।**

## ठहर खण्डः

६०.नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचिमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान निमित्त जिल्ला न्यायाधिवक्ता श्री कल्याण पराजुली र कानूनको विवादमा परेको बालक ०७-Q को तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री गोपाल

बहादुर भट्टराई, अधिवक्ता श्री जिता मुकारुङ र अधिवक्ता श्री हिमादेवी बस्नेतले गर्नु भएको बहस समेत सुनि मिसिल अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा यी कानूनका विवादमा परेको बालक ०७-Q ले अभियोग मागदावी वमोजिमको कसूर गरेको हो, होइन? र निजलाई सजाय हुने, नहुने के हो? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

६१. **उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा** वारदात मिति र समयमा यी कानूनको विवादमा परेको बालक ०७-Q र अन्य वर्ष २२ को सुमन श्रेष्ठ समेतका प्रतिवादीहरुले मेरो छोरा दिप्सन प्रधानलाई खाल्डो खनी गाडी बालुवाले पुरेको र सो गाडेको स्थानबाट बाहिर निकाली हेर्दा मृतकको बाँयातर्फ छातीमा भरुवा बन्दुकको गोली लागी पछाडिबाट गोली निस्की प्वाल परेको देखिएको हुँदा प्रतिवादीहरु तथा कानूनको विवादमा परेको बालक ०७-Q समेतलाई कानून बमोजिम गरी पाउँ भन्ने मृतक दिप्सन प्रधानको बुवा देवी प्रसाद प्रधानले किटानी जाहेरी दिइ अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा यी बाल विज्याँइकर्ताले मौकाको सोधपुछमा मिति २०८०/०३/२२ गते म बिहानको खाना खाएर गाउँतिर गएको थिएँ, त्यही क्रममा गाउँका साथीहरु वर्ष २२ को सुमन श्रेष्ठ र उमेश कार्कीसँग भेट भई कुराकानी हुँदा आज हामी माछा मार्ने र कालिज दुम्सी लगायतका शिकार गर्नका लागि अखुवा खोला जानुपर्छ भनी सरसल्लाह गरी सोहि दिनको अं.१६.०० बजेको समयमा उमेश कार्की, रोजिश कार्की, वर्ष २२ को सुमन श्रेष्ठ र म समेत ४ जना भई माछा मार्न र दुम्सी कालिज लगायतको शिकार गर्न अखुवा खोलातर्फ झर्यौं। हामीहरु अखुवा खोला नजिकैको गोठमा पुगेको १/२ घण्टापछि वर्ष २९ को सुमन श्रेष्ठले एउटा भरुवा बन्दुक बोकी दिप्सन प्रधानसँग आइपुगे। त्यसपछि हामी सबै जना भई सोही गोठमा खाना पकाइ खाईसकेपछि मणिकुमार प्रधान टर्च लाइट बाल्दै आइपुग्यो, हामी सबै जना बसी गफगाफ गरी वर्ष २२ को सुमन श्रेष्ठले भरुवा बन्दुक बोकी दिप्सन प्रधानसँग सिकार खेल्न गएका थिए, हामी ५ जना गोठमा नै बस्यौं। निजहरु गएको ३०/४५ मिनेटपछि वर्ष २२ को सुमन श्रेष्ठ आतिदै हामी बसेको ठाँउमा आई प्रहरीले हामी दुवैलाई खेदायो, दिप्सन प्रधान खोलातिर भाग्यो, म जंगलको भित्तैभित्ता भागी लुक्दै यहाँ आएको हुँ भनी बताएपछि डरले हामी सबैजना त्यहाँबाट गाउँतिर भागेका हौं। दिप्सन प्रधानलाई गोली लागि मरेको छ भन्ने कुरा हामीलाई वर्ष २२ को सुमन श्रेष्ठले भनेको थिएन, मलाई प्रहरीले पक्राउ गरेपछि मात्र दिप्सन प्रधानलाई गोली लागी मरेको छ भन्ने थाहा पाएको हुँ। दिप्सन प्रधानलाई मार्नमा मेरो संलग्नता छैन भनी वादी दावीको कसूरमा इन्कार रही बयान गरेका छन् भने अदालतको सोधपुछमा समेत मिति २०८०/०३/२२ गते प्रतिवादी उमेश कार्कीले तँ, म, वर्ष २२ को सुमन श्रेष्ठ र रोजिश कार्की अखुवा खोलातर्फ माछा मार्न जाउँ भनेकोले म पनि निजहरुसँगै अखुवा खोलातर्फ झरेको हुँ। प्रतिवादी उमेश कार्कीले एक थान भरुवा बन्दुक बोकेर हिँडेका हुन्। अखुवा खोला नजिकै हामीले दुम्सी भेटाई दुम्सीको सिकार गर्यौं। अखुवा खोला नजिकै वर्ष २९ को सुमन श्रेष्ठ, मणिकुमार प्रधान र मृतक दिप्सन प्रधान समेतसँग भेट भयो वर्ष २९ को सुमन श्रेष्ठले एक थान भरुवा बन्दुक लिई आएका रहेछन्। हामी अखुवा खोला नजकैको गोठमा भेला जम्मा भई दुम्सी र खाना पकाई खायौं। खाना खाईसकेपछि वर्ष २२ को सुमन श्रेष्ठले भरुवा बन्दुक बोकी मृतक दिप्सन प्रधानसँग सिकार गर्न निस्केकोमा भिरालो बाटोमा लड्दा वर्ष २२ को सुमन श्रेष्ठले बोकेको भरुवा बन्दुक अचानक पड्कन गई मृतकको छातीमा लाग्न

गई मृतकको मृत्यु भएपछि निज वर्ष २२ को सुमन श्रेष्ठले अखुवा खोलाको किनारमा मृतकको लाशलाई बालुवाले पुरेका रहेछन्। वर्ष २२ को सुमन श्रेष्ठ हामी बसेको ठाँउमा आई प्रहरीले हामी दुई जनालाई देख्यो, दिप्सन प्रधान तलतिर भाग्यो, म जंगल हुँदै यहाँ आएको हुँ, हामी पनि घर जाउँ भनेपछि हामी घर आयौं। घटना भएको कुरा वर्ष २२ को सुमन श्रेष्ठले हामी कोही कसैलाई भनेन्। प्रहरीले मलाई पक्राउ गरेपछि मात्र घटना भएको कुरा थाहा पाएको हुँ, मैले मृतक दिप्सन प्रधानको लासलाई कोदालोले खाल्डो खनी पुरेको होइन। अवैध भरुवा बन्दुक बोकी हिँडेका सह प्रतिवादीहरुसँग म पनि माछा मार्न अखुवा खोला झरेको हुँ। मिति २०८०/०४/०७ मा अनुसन्धानको क्रममा प्रहरीले गरेको पुनः सोधपुछको बयान वेहोरा एउटै वेहोरा तयार गरी पढ्न सुन्न नदिई जबरजस्ती सहीछाप गराएको हो, सो सोधपुछमा लेखिएको भनाई वेहोरा मेरो होइन। मैले सह प्रतिवादीहरुले बोकेको भरुवा बन्दुक बोकिनँ, सो भरुवा बन्दुक पड्काउने, सिकार खेल्दा प्रयोग गर्ने गरिनँ। मैले प्रस्तुत ज्यान सम्बन्धी कसूर तथा हातहतियार तथा खरखजना सम्बन्धी कसूर गरेको होइन भनी वादी दावीको कसूरमा इन्कार रही वेहोरा लेखाएका छन्। दिप्सन प्रधान र वर्ष २२ को सुमन श्रेष्ठ सँगै शिकार गर्न गएका र वर्ष २२ को सुमन श्रेष्ठ वारदात स्थलमा लड्दा निजले बोकेको भरुवा बन्दुक अचानक पड्कन गई निजको पछि पछि हिँडिरहेका दिप्सन प्रधानको छातीमा गोली लागि दिप्सन प्रधानको मृत्यु भएको हो भन्ने सह प्रतिवादी वर्ष २२ का सुमन श्रेष्ठको अनुसन्धान अधिकारी र अदालत समक्षको कसूरमा साविती बयान, सह प्रतिवादीहरु वर्ष २९ सुमन श्रेष्ठ, उमेश कार्की, रोजिश कार्की र मणिकुमार प्रधानको अनुसन्धान अधिकारी र अदालतको बयान वेहोरा समेतबाट वर्ष २२ को सुमन श्रेष्ठको मौकाको र अदालतको बयान समर्थन भइरहेको अवस्था, मृतकको मृत्युको कारणमा Fire arm injury उल्लेख भएको र सो वेहोरा विशेषज्ञ चिकित्सकको अदालतको बकपत्र समेतबाट पुष्टी भएको, यी वाल विज्याँईकर्ता अनुसन्धान अधिकारी र अदालतको सोधपुछमा समेत वादी दावीको कसूरमा इन्कार रहेका, मौकाको पुनः सोधपुछको वेहोरा प्रहरीले जबरजस्ती सहीछाप गराएको भनी अदालतको सोधपुछ खण्डन गरेको, नेपाल सरकारका साक्षीहरु, जाहेरवाला र मौकामा घटनाविवरण कागज गर्ने मानिसहरुले मौकामा र अदातलमा गरेको बकपत्र, अन्य सम्वद्ध प्रमाणले पुष्टी गर्न नसकेको, सह प्रतिवादी वर्ष २२ को सुमन श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दा समेत यी बाल विज्याँइकर्ताको प्रस्तुत वारदातमा संलग्नता छैन भनेको र यी बाल विज्याँइकर्ताको साथबाट कुनै हातहतियार तथा खरखजना समेत बरामद भएको नदेखिँदा यी बाल विज्याँइकर्ता उपरको वादी दावीको अभियोग दावी पुष्टी प्रमाणित हुन नसकेकोले वादीले लिएको मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा ऐ.को दफा १७७(२) र ऐ. को दफा १३२(१) को कसूरमा ऐ. को दफा १३२(२) बमोजिम सजाय गरी पाउँ भन्ने माग दावी नपुगी यी बाल विज्याँइकर्ताले प्रस्तुत अभियोग दावीबाट सफाई पाउने ठहर्छ । तसर्थः अरुमा तपसिल वमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ वमोजिम यो फैसला गरी दिएँ।

**तपसिल खण्डः**

- माथि इन्साफ खण्डमा लेखिए बमोजिम कानूनको विवादमा परेको बालक सांकेतिक नाम ०७-Q ले अभियोग मागदावीबाट सफाई पाउने ठहरेकोले केही गरिरहनु परेन......................................१
- प्रस्तुत फैसलाको प्रतिलिपि समेत साथै राखी जिल्ला सरकारी वकिल कार्यालय भोजपुरलाई यस इन्साफमा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) बमोजिम म्याद पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री उच्च अदालत विराटनगर, धनकुटा इजलासमा पुनरावेदन गर्नु भनि पुनरावेदनको म्याद दिनू...........................................२
- प्रस्तुत फैसला भएको सूचना यस अदालतको सूचना पाटीमा प्रकाशन गर्नू.................................३
- सरोकारवालाले नक्कल मागे नियम वमोजिम लाग्ने दस्तूर लिई नक्कल सारी वा सराई दिनू..........४
- प्रस्तुत फैसला अपलोड गर्नुका साथै दायरी लगत कट्टा गरी मिसिल नियम वमोजिम अभिलेख शाखामा बुझाई दिनू.................................................................५

प्रस्तुत पाना ३८ को फैसला माननीय जिल्ला न्यायाधीश ज्यूले बोली टिपाए वमोजिम टिपी कम्प्युटर टाइप गर्नेः
ना.सु. भरत राई।
फैसला मितिः- २०८१/०४/२३
फैसला प्रमाणीकरण मितिः- २०८१/०५/४/३

**जिल्ला न्यायाधीश**

**अदालतको छाप**

**श्री**

**पर्वत जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विद्याराज पौडेल**

**फैसला**

**मुद्दा नं.:- ०८०-C4-००४५**

**र.नं.:- ६१-०८०-००३७१**

**दायरी मितिः- २०८०।११।२१**

**फैसला मितिः- २०८१।०५।०२**

**नि.नं.:- २६**

पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ६ बस्ने कबिराज खड्का र रुद्र कुमारी खड्काको नावालक छोरा खुम बहादुर खड्काको संरक्षक भई आफ्नो हकमा समेत एलिना खड्का ................१ } **वादी**

**बिरुद्ध**

पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ६ स्थित शाखा रहेको एन.आई.सि. एसिया बैङ्क लि. का शाखा प्रमुख बिजय चापागाईं.........................................................................१
ऐ.ऐ. बस्ने सोही बैङ्कका कर्मचारी अमृत पोखरेल.....................................................१
पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ११ बस्ने डिल्ले सार्कीको बुहारी डम्मर बहादुर नेपालीको श्रीमती सिता सार्की...........................................................१ } **प्रतिवादी**

**मुद्दाः- जालसाज ।**

**वादीका साक्षीः-**

सावित्री श्रेष्ठ.............१
भोजेन्द्र बहादुर के.सी...१
साधना सुवदी पौडेल....१

**प्रमाणः-**

नागरिकताको प्रतिलिपि-१
मिति २०८०।०३।२४ गते लिलाम सकार गरेको लिखतको प्रतिलिपि-१
मिति २०८०।११।१७ र.नं. ६८२ राजिनामा लिखतको प्रतिलिपि-१

**प्रतिवादीका साक्षीः-**

साजन नेपाली............१
सुरेश नेपाली............१
अमृता नेपाली............१

**प्रमाणः-**

कर्जा स्वीकृती पत्र-१
धितो बन्धकी लिखत-१
कर्जा तमसुक लिखत-१
व्यक्तिगत जमानी पत्र-१
कर्जा भुक्तान ताकेता सम्वन्धि पत्र-१
पत्रिकामा प्रकाशित सूचनाहरु
**निशेधाज्ञा(०७९-wo-०००१) र दु.रा.लि.ब. (०८०-Cp-००३०) मुद्दाको फैसलाको प्रतिलिपि-१**

**अदालतवाट बुझेको साक्षीः-**

भुजेन्द्र बहादुर के.सी....१

**प्रमाण**

X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ४५ अन्तर्गत यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

**तथ्य खण्डः-**

**१. फिराद दावीः-**

हामीलाइ हाम्रा मातापिताले अन्याय गरेकोले यसै अदालतमा मिती २०७९।०८।२८ गते अंश मासिक खर्च (०७९-cp-०१००) मुद्दा दायर गरी मिती २०८०।०९।१२ अंश फाँटवारीमा उल्लेखीत सबै सम्पत्तीवाट अंश पाउने ठहर भै फैसला भएको छ। सोही अंश मासिक खर्च मुद्दा कारवाहीयूक्त अबस्थामा रहेको बखत मिती २०७९।०९।०६ मा हाम्री आमा रुद्र कुमारी खड्काका नाउँमा दर्ता रहेको पर्वत जिल्ला शिवालय गा.बि.स. वडा नं. ४ कि.नं. १७१४ को घरजग्गा हाम्रो अंशभाग पाउने सम्पत्ति रहेकोले रोक्का रहेको थियो। उक्त मुद्दा मिती २०८०।०९।१२ मा फैसला हुँदा सो कि.नं. वाट समेत अंश पाउने ठहर भै हाल फैसला कार्यान्वयनको चरणमा छ। सो अंश मुद्दा कारवाहीयूक्त अबस्थामा रहेकै बखत बिपक्षी एन.आइ सि एसिया बैक लि.ले कि.नं.१७१४ को घरजग्गा लिलामी प्रकृया शुरु गरेको जानकारी भएकोले यसै अदालतमा निषेधाज्ञा रिट निबेदन दायर गरेकोमा अन्तरीम आदेश भएको थिएन। सोही क्रममा लिलाम वोलि बोलाउमा अन्य ब्यक्ति कोही नआएको भन्दै एन.आइ.सी. एसिया बैक आफैंले सकार गरेको भनिएको मिती २०८०।०३।२४ को लिलाम सकार गरी दा.खा. गरेको रहेछ ।उक्त दा.खा. हुँदाका बखतमा हामिले दायर गरेको अंश मासीक खर्च मुद्दा कारवाहीयूक्त अबस्थामा थियो। सो अंश मासिक खर्च मुद्दा फैसला हुँदा बैङ्कले लिलाम सकार गरेको कि.नं.१७१४ को घर जग्गाबाट समेत अंश मासिक खर्च पाउने ठहर भएकोमा विपक्षी बैङ्कले बलमिच्याइँ गरी हाम्रो अंश मासिक खर्च मुद्दा चलिरहेको अबस्थामा सो कि.न.१७१४ को घरजग्गालाइ आफ्नो नाम सकार गर्नु जालसाजपुर्ण क्रियाकलाप हो। यसरी बिबादित सम्पत्तिलाइ जालसाजपुर्ण तरीकाले लिएको सो सम्पत्तीलाइ बिपक्षी बैक म्यानेजरले अर्की बिपक्षी सिता सार्कीलाइ उक्त जग्गा लिन प्रोत्साहन गरी विपक्षी अमृत पोखेलले बैकको प्रतिनिधि भै जालसाजी क्रियामा संलग्न भई हाम्रो अंशहकको उक्त जग्गा अंशहकमा हानी नोक्सानी क्षति पुर्याउने नियतले सिता सार्कीलाइ मिती २०८०।११।१७ मा हस्तान्तरण गराइ पुनः जालसाजीपुर्ण काम गर्नुभएको छ भने सिता सार्कीले उक्त घरजग्गा बिबादित छ भन्ने जानीजानी हाम्रो अंशहक मेटाउने हामीलाइ नोक्सान पार्ने नियतले उक्त घरजग्गाको हक हस्तान्तरण गरी लिनुभएको छ। उक्त घर जग्गाको आफुले ऋण प्रबाह गर्ने बखतमा एक करोड चालिस लाख मुल्याङ्कन गरेर ७० लाख ऋण दिएको छ भने पछि कथित धितो सकार गर्दा ५५ लाखमा सकार गरेको भनिएको छ। यसरी बैकले आफ्नो स्वार्थप्रेरीत ढङ्गले लिलाम सकार गरी हाम्रो अंशहक हनन्

गरिरहेकोमा पुनः मुद्दा चलिरहेको अवस्थामा नै अर्का प्रतिबादीलाइ स्वामित्व हस्तान्तरण गरी एकपछि अर्को कसुरजन्य कार्य गरी हामी माथी अन्याय गरेको कार्य हामीलाइ अंश हकमा नोक्सान पारी आफुलाइ अनैतिक ढंगले फाइदा लिने गरी भएको काम काम कारबाही जालसाजीपुर्ण रहेको छ। अतः हाम्रो कुनै मञ्जुरी सहमती बिना र स्वयं साबिक जग्गाधनि हाम्री आमा रुद्र कुमारीको सहमती मञ्जुरी जानकारी बिना बिपक्षीहरु मिली उक्त कि.नं.१७१४ को घरजग्गा मिती २०८०।०३।२४ मा जालसाजीपूर्ण रुपमा लिलाम सकार गरी सोही घरजग्गा मिति २०८०।११।१७ मा र.नं. ६८२ बाट बैंकले सिता सार्कीलाइ स्वामित्व हस्तान्तरण गरी पुनः जालसाजीपुर्ण काम गर्नुभएकोले दुबै जालसाजीपुर्ण काम बदर गरी गराइ हाम्रो अंशहक सुरक्षीत गरी बिपक्षीहरुलाइ मुलिकी अपराध संहिता, २०७४ को दफा २७९ बमोजीम कैद र जरिवाना समेत गरी पाउ भन्ने समेत ब्यहोराको वादी सं.स. एलिना खड्काको फिराद माग दावी।

## २. प्रतिउत्तर जिकीरः-

कबिराज खड्काले बलेवा किराना पसलले करारीय शर्त स्वीकार गरी मिति २०७७।१०।०९ को ऋण स्वीकृती वमोजिम ओभरड्राफ्ट कर्जा रु. ३५,००,०००।-(पैंतीस लाख) उपभोग गर्नुभएकोमा मिति २०७८।१२।१६ गते सुपर चामत्कारिक घर कर्जा रु.३५,००,०००।-(पैंतीस लाख) उपभोग गर्नुभएको थियो। उक्त कर्जा सुविधा बापत रुद्र कुमारी खड्काको नाउँमा रहेको पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १७१४ क्षे.फ. ०-१-३-२ जग्गा र सो मा बनेको घर समेत मालपोत कार्यालय पर्वतवाट धितोबन्धक रजिष्ट्रेशन पारित गरी रोक्का राखिएको हो। उक्त कर्जा उपभोग गर्दा विपक्षीहरुको आमा पिता र दिदीले व्यक्तिगत जमानत समेत दिनुभएको छ। ऋणीहरुले कर्जाको शर्त वमोजिम बुझाउनु पर्ने साँवा व्याज नबुझाएको हुँदा बैङ्कले कर्जा नियमित गर्ने सम्वन्धमा पटकपटक मिति २०७९।०२।०९, मिति २०७९।०७।०४, मिति २०७९।०८।२१ र मिति २०७९।१२।२४ मा ऋणी तथा जमानीका नाउँमा कर्जा नियमित गर्नको लागि पत्राचार गरिएको थियो। यसरी पत्र मार्फत ताकेता गर्दा समेत कर्जा नियमित नभएको हुँदा बैङ्कले बाध्य भएर मिति २०८०।०१।०३ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरी जानकारी गराउँदा समेत बाँकी बक्यौता तिर्न बुझाउन नआएकोले मिति २०८०।०२।०८ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा १५ दिने सूचना प्रकाशन गरी विपक्षीका आमा रुद्र कुमारी खड्काका नाउँको धितो रहेको अचल सम्पत्ति खरिद गर्न कुनै बोलपत्र पेश हुन नआएको र ऋणी तथा जमानीकर्ताहरु समेतले ऋण चुक्ता नगर्नू भएको हुँदा मिति २०८०।०२।२४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलामी सम्वन्धि ७ दिने सूचना प्रकाशन गरी ऋणी तथा जमानीकर्तालाई समेत सोही मितिमा जानकारी गराएकोमा ऋणी तथा जमानीकर्ताहरुले उल्लेखित समयसिमा भित्र कर्जा चुक्ता नगरेको र सूचना वमोजिम धितोमा रहेको सम्पत्ति खरिद गर्न कुनै पनि बोलपत्र प्राप्त नभएकोले बैङ्क आँफैले गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरी मिति २०८०।०३।२४ गते मालपोत कार्यालय पर्वतवाट दाखिल खारेज गरी बाँकी बक्यौता असुलउपरको लागि ऋणी तथा जमानीकर्ता बिरुद्द ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर समेत गरेको अवस्था छ। बैङ्क तथा वित्तिय संस्थाले

नियमित कर्जा असूलीको प्रकृयामा कर्जाको धितो सुरक्षण स्वरुप रहेको सम्पत्ति लिलाम हुन नसकेमा बैङ्क तथा वित्तिय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ५७ वमोजिम आफूले सकार गर्नुपर्ने र उक्त सकार गरेको सम्पत्ति यथासम्भव छिटो बिक्रि गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोले सोही वमोजिम संस्थाले सकार गरेको गैह्र बैङ्किङ सम्पत्ति लिलाम गर्नको लागी सूचना प्रकाशन गर्दा विपक्षी मध्येका सिता सार्कीको वोलपत्र परेकोले यस बैङ्कको मिति २०८०।१०।२८ गतेको निर्णय वमोजिम विपक्षी सिता सार्कीको नाउँमा दा.खा. समेत भईसकेको छ। बैङ्क कानून वमोजिम बैङ्किङ कारोवार गर्ने स्वतन्त्र संस्था हो। बैङ्कवाट ऋणीहरुलाई कर्जा प्रबाह गर्दा बैङ्क तथा ऋणिले कर्जा सम्झौता हस्ताक्षर भएपश्चात कर्जाको लागि राखिएको धितो साधिकार मालपोत कार्यालयवाट रीतपूर्वक धितो सुरक्षण लिखत पारित गरी कर्जा प्रबाह गरिने र ऋणिले कर्जा सम्झौता वमोजिम कर्जा नियमित नगरेमा कर्जा असूली प्रकृयावाट बैङ्कको ऋण असूल गर्ने कार्य कानून सम्मत भएकोले विपक्षीको झुट्टा फिराद दावी खारेज भागी रहेको छ। बैङ्कले विपक्षीवाट अंश मुद्दा दायर गर्नुपूर्व नै बैङ्कमा धितो सुरक्षण रहेको सम्पत्तिवाट बैङ्कको लेना रकम असूल गर्ने कार्य जालसाजी हुन नसक्ने हुँदा केवल दुःख हैरानी दिने उदेश्यले मात्र दायर गरेको झुट्टा फिराद खारेज गरी न्याय पाउँ भन्ने समेत व्यहोराको **प्रतिवादी बिजय चापागाईं र अमृत पोखरेलको संयूक्त प्रतिउत्तर जिकीर।**

३. विपक्षीका बाबुका नाउँमा दर्ता कायम रहेको बलेवा किराना पसलले एन.आई.सी. एसिया बैङ्कसँग करारीय सम्झौता गरी विपक्षीको आमाको नाउँमा रहेको कि.नं. १७१४ को क्षे.फ. ०-१-३-२ को जग्गा धितो राखी ऋण लिएको र उक्त ऋण नतिरी समय व्यतित गरेका कारण बैङ्कले पटकपटक पत्राचार गर्दा समेत वास्ता नगरेकोले बैङ्कले आफ्नो लेना रकम असूल गर्न बैङ्क तथा वित्तिय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ५७ समेतको कानूनी व्यवस्था वमोजिम सकार गरी लिएको सम्पत्ति लिलाम गर्ने सम्वन्धमा मिति २०८०।१०।१४ गते प्रकाशित सूचना अनुसार मिति २०८०।११।१७ र.नं. ६८२ अनुसार मेरा नाउँम दा.खा. समेत भई मैले कानून वमोजिम प्राप्त गरेको कार्य मेरो जालसाजीपूर्ण हुन सक्दैन। बैङ्कवाट लिएको ऋणवाट विपक्षीका सगोलका परिवारले उन्मुक्ति पाउने अवस्था समेत नहुँदा बैङ्कवाट मैले खरीद गरी लिएको सम्पत्ति जालसाजीपूर्ण नहुँदा विपक्षीको फिराद दावी खारेजभागी रहेको छ। कानूनतः मैले खरिद गरी लिएको मेरो स्वामित्वमा रहेको घरमा विपक्षीहरुले अटेर गरी आँफै उपभोग गर्दै आउनुभएको छ। यसरी कानून वमोजिम मैले बैङ्कमार्फत स्वामित्व प्राप्त गरेको कार्य जालसाजीपूर्ण नरहेको हुँदा विपक्षीको झुट्टा फिराद खारेज गरी अलग फुर्सद दिलाई न्याय पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी सिता सार्कीको प्रतिउत्तर जिकीर।

**४. वादीका साक्षीले गरेको बकपत्रः-**

एन.आई.सी. एसिया बैङ्कले वादीको आमा रुद्र कुमारी खड्काको नाउँमा रहेको जग्गा धितो राखी ऋण लगानी गरेकोमा उक्त घर बैङ्क आँफैले सकार गरी सिता सार्कीलाई बिक्री गरेको भन्ने सुनेको हुँ। वादी हाल दावीको विवादित घरमा बस्दै आएका छन। यसै अदालातमा विचाराधीन रहेको अंश मुद्दा चलिरहेको अवस्थामा यी प्रतिवादीहरुले वादीहरुको अंशहक लाग्ने जग्गा लिलाम गरी हक हस्तान्तरण गरेको कार्य जालसाजी हो। बैङ्कले ८० लाख ऋण लगानी गरी सोही जग्गा ५५ लाखमा लिलाम सकार गरी पुनः ६० लाखमा सिता सार्कीलाई बिक्री वितरण गरेकोले जालसाजी पुर्ण कार्य देखिन्छ भन्ने समेत ब्यहोराको वादीका साक्षी भुजेन्द्र बहादुर के.सी. ले यस अदालतमा आई गरेको बकपत्र।

**५. यस अदालतवाट भएको आदेशः-**

- यिनै वादी प्रतिवादी भई यसै अदालतवाट फैसला भएको निषेधाज्ञा र लिलाम मुचुल्का बदर मुद्दा प्रमाणको लागी साथै राखू भन्ने भएका आदेशानुसार उल्लेखित मुद्दाहरु प्रमाणमा रहेको।
- प्रस्तुत मुद्दाको विवाद मेलमिलापको प्रक्रियाद्वारा समाधान हुन सक्ने प्रकृतीको देखिँदा यस अदालतको मेलमिलाप केन्द्रमा कारणी उपस्थित गराई छलफल गरी मेलमिलापको प्रक्रिया पूरा गरी नियमानुसार गर्नू भन्ने भएका आदेशानुसार प्रस्तुत मुद्दा यस अदालतको मेलमिलाप केन्द्रमा छलफल भई मेलमिलाप हुन नसकेको भन्ने मेलमिलापकर्ताको प्रतिवेदन मिसिल सामेल रहेको।

## अदालतको ठहर

६. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातको अध्ययन गरीयो । वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगदिश शर्मा पौडेलले वादीको समेत अंशहक लाग्ने घरजग्गा निजहरुको सहमती मञ्जुरी बेगर कि.नं. १७१४ को घरजग्गा मिति २०८०।०३।२४ मा बैङ्कले लिलाम सकार गरी मिति २०८०।११।१७ मा र.नं. ६८२ वाट बैङ्कले सिता सार्कीलाई स्वामित्व हस्तान्तरण गरेको दुवै कार्य जालसाजीपूर्ण भएकोले उक्त जालसाजीपूर्ण कार्य बदर गरी जालसाजी गर्ने विपक्षीहरुलाई सजाय गरीपाउँ भन्ने समेत ब्यहोराको बहस गर्नूभयो। बैङ्कका कर्मचारीहरुको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री रामदत्त बरालले बैङ्कवाट कर्जा लिई नियमानुसारको साँवा ब्याज भुक्तान नगरेको कारण कर्जा सूरक्षण बापत राखिएको घरजग्गा नियमानुसार लिलाम सकार गरी बैङ्कले बिक्री समेत गरिसकेको कार्यलाई जालसाजी घोषित गर्नू कानून सम्मत नहुने हुँदा फिराद दावी खारेज भागि छ खारेज गरीपाउँ भन्ने समेत ब्यहोराको बहस गर्नूभयो। प्रतिवादी सिता सार्कीको तर्फवाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री भोलानाथ शर्मा र श्री चन्द्र बहादुर क्षेत्रीले विपक्षी तथा विपक्षीका बाबु आमाले बैङ्कवाट लिएको ऋण नतिर्ने, ऋण नतिरे पश्चात बैङ्कले कानून वमोजिम लिलाम गरेको प्रकृयालाई बदर गराउन पनि नसक्ने, स्वीकार गरी बस्ने, हाल आएर बैङ्कको आफ्नो स्वामित्वमा रहेको सम्पत्तिलाई तोकिएको कानूनी प्रकृया पुरा गरी खरिद गरिएको कार्यलाई जालसाजी घोषित गर्न कानूनतः नमिल्ने हुँदा फिराद दावी खारेज गरीपाउँ भन्ने समेत ब्यहोराको बहस गर्नूभयो।

७. मिसल संलग्न कागजात एवं विद्वान कानून व्यवसायीहरुको बहस बुँदालाई समेत मध्यनजर राख्दै प्रस्तुत मुद्दामा वादी दावी वमोजिम कि.नं. १७१४ को घरजग्गा मिति २०८०।०३।२४ मा बैङ्कले लिलाम सकार गरी मिति २०८०।११।१७ मा र.नं. ६८२ वाट बैङ्कले सिता सार्कीलाई स्वामित्व हस्तान्तरण गरेको दुवै कार्य जालसाजी तरिकाले भएको हो वा होईन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णयतर्फ विचार गर्दा, हाम्रो समेत अंशहक लाग्ने घरजग्गा हाम्रो एवं स्वयं साविक जग्गाधनि हाम्री आमा रुद्र कुमारीको समेत सहमती मञ्जुरी विना रुद्र कुमारी खड्काको नाउँमा दर्ता रहेको पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. ४ कि.नं. १७१४ मा रहेको घरजग्गा मिति २०८०।०३।२४ मा बैङ्कले लिलाम सकार गरी मिति २०८०।११।१७ मा र.नं. ६८२ वाट बैङ्कले सिता सार्कीलाई स्वामित्व हस्तान्तरण गरेको दुवै कार्य जालसाजीपूर्ण भएकोले उक्त जालसाजीपूर्ण कार्य बदर गरी जालसाजी गर्ने विपक्षीहरुलाई सजाय गरीपाउँ भन्ने समेत ब्यहोराको फिराद दावी देखिन्छ भने बैङ्कको तर्फवाट परेको प्रतिउत्तरपत्रमा बैङ्कवाट ऋण लिँदा सुरक्षण बापत राखिएको घरजग्गा कानूनी प्रकृया पुरा गरी बैङ्क आँफैले लिलाम सकार गरी प्रतिवादी मध्येकी सिता सार्कीलाई बिक्री गरेको हुँदा कानून अनुकुल भए गरेको कार्यलाई जालसाजी घोषित गर्न नमिल्ने हुँदा फिराद दावी खारेज गरीपाउँ भन्ने र प्रतिवादी सिता सार्कीको प्रतिउत्तर ब्यहोरा हेर्दा बैङ्कको नाउँमा रहेको घरजग्गा कानूनी प्रकृया पऱ्याई मैले खरिद गरेको हुँदा कानून सम्मत यस्तो कार्यलाई जालसाजी घोषित गर्न कानूनः नमिल्ने हुँदा फिराद दावी खारेज गरीपाउँ भन्ने समेत ब्यहोरा देखिन्छ। वादीका साक्षीले फिराद दावीलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ। कबिराज खड्का प्रोपाईटरशिपमा रहेको बलेवा किराना पसलले करार सम्झौता वमोजिम एन.आई.सी. एसिया बैङ्क लि. वाट मिति २०७७।११।०९ मा कर्जा लिएको देखियो। उक्त कर्जा सूरक्षण वापत रुद्र कुमारी खड्काको नाउँमा दर्ता रहेको पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १७१४ क्षे.फ. ०-१-३-२ जग्गा र सो जग्गामा बनेको घर एवं उक्त जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिग लगापात समेत र.नं. १२०६(क) वाट मिति २०७७।१२।१० मा मालपोत कार्यालय पर्वतवाट बैङ्कको नाममा धितो बन्धन रजिष्ट्रेशन पारित गरी रोक्का गरी धितो सूरक्षण प्राप्त भएको देखिन्छ। ऋणी कबिराज खड्काले उपभोग गरेको कर्जा बापत बादीहरुका आमा रुद्र कुमारी खड्का दिदी एञ्जिला खड्का समेतले ब्यक्तिगत जमानत दिएको देखियो। बैङ्कले कर्जा नियमित गर्ने सम्वन्धमा मिति २०७९।०२।०९, मिति २०७९।०७।२४, मिति २०७९।०८।२१ र मिति २०७९।१२।१४ मा पत्रहरु मार्फत ऋणीहरु तथा जमानीकर्ताहरुलाई पटकपटक ताकेता गरेको मिसिल संलग्न कागजातवाट देखियो। बैङ्कले मिति २०८०।०१।०३ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने, मिति २०८०।०२।०८ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पत्रिकामा धितो लिलामीको १५ दिने सूचना, मिति २०८०।०२।२४ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितो लिलामी ७ दिने सूचना प्रकाशन गरी सो कुराको जानकारी मिति २०८०।०२।२४ को पत्र मार्फत ऋणी तथा जमानीकर्तालाई गराईएको देखियो। प्रस्तुत मुद्दाका वादीहरु समेतले मिति

२०७९।०८।२८ मा (०७९-CP-०१००) अंश मासिक खर्च मुद्दा दायर गर्न भन्दा अगावै मिति २०७७।११।०९ मा कि.नं. १७१४ को घरजग्गा कर्जा वापत सुरक्षण राखेको देखियो। उक्त अंश मुद्दाको फैसलाको प्रतिलिपि हेर्दा कि.नं. १७१४ बाहेक अन्य कि.नं. ५३, ५४, ९५४, ९५६, ४३, १६६७, १५०१ र १६६८ का जग्गा रहेको देखिन्छ। प्रस्तुत दावीको कि.नं. १७१४ को जग्गा एन.आई.सी. एसिया बैङ्कले गैह्रबैङ्किङ सम्पत्तिको रुपमा सकार गरेउपर यीनै वादीहरुकी आमा रुद्र कुमारी खड्काले यसै अदालतमा दुषित लिलाम दा.खा. बदर (०८०-CP-००३०) मुद्दा दायर गरी उक्त मुद्दामा यस अदालतवाट मिति २०८०।०९।१२ गते वादी दावी पुग्न नसक्ने ठहरी फैसला भएकोमा उच्च अदालत पोखरा बाग्लुङ इजलासवाट समेत सदर भएको भन्ने प्रमाण मिसिलवाट देखिन्छ।

९. कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समयावधिभित्र ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हुन्छ। ऋण लिँदा कबुल गरेको शर्त अनुसार ऋण तिर्ने जिम्मेवारीवाट पन्छन कानूनतः मिल्ने पनि देखिँदैन। बैङ्क तथा बित्तिय संस्था कानूनद्वारा इजाजत प्राप्त हुन्छन र नेपाल राष्ट्र बैङ्कको नीति निर्देशनमा सञ्चालन हुने भएकाले यिनलाई आफूसँग कारोबार गर्ने कसैको पनि सम्पत्ति कानून वमोजिम रोक्का गर्न र दाखिल खारेज गर्न मालपोत कार्यालयमा लेख्न तथा मालपोत कार्यालयले सो वमोजिम गर्न मिल्ने नै देखियो। बैङ्क तथा वित्तिय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ५७ मा कर्जा असूली सम्वन्धि व्यवस्था भई उपदफा (१) मा ...ऋणीले इजाजत प्राप्त संस्थालाई लेखिदिए वा इजाजत प्राप्त संस्थालाई राखेको धितो सुरक्षालाई कर्जा रकम असूलीको प्रयोजनार्थ इजाजत प्राप्त संस्थाले लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा व्याज असूल उपर गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था देखिन्छ। सो कानूनी व्यवस्था अनुसार ऋणीले आफूले लिएको कर्जा रकम भुक्तानी नगरेमा कर्जा सुरक्षणको रुपमा रहेको घरजग्गा कानून वमोजिमको प्रकृया पुरा गरी आफूले लिनुपर्ने साँवा व्याज समेतको लेना रकम बापत सुरक्षण बापत राखिएको सम्पत्ति लिलाम सकार गरी विक्री गर्न कानूनतः मिल्ने नै देखिन्छ।

१०. मुलुकी अपराध संहिता, २०७४ को दफा २७९ हेर्दा, "कसैको हक मेट्ने, हदम्याद, तारेख जाने, कुनै किसिमले हानी, नोक्सानी गर्ने वा कसैलाई क्षति वा लाभ पुऱ्याउने नियतले जानीजानी नभए वा नगरेको कुरा भए गरेको हो भनी वा झुट्टा मिति, अङ्क वा ब्यहोरा उल्लेख गरी लिखत बनाएमा वा त्यस्तो लिखतमा सहिछाप गरे वा गराएमा वा आफ्नो हक नभएको कुरामा हक भएको देखाई कुनै काम गरेमा जालसाजीको कसूर गरेको मानिनेछ" भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दामा बैङ्कवाट लिएको कर्जा ऋणीले नतिरेको अवस्था कर्जा सूरक्षण राखिएको सम्पत्ति कानूनी प्रकृया पुऱ्याई बैङ्कले लिलाम सकार गरी बैङ्कले सिता सार्कीलाई बिक्री गरेको देखिँदा केवल फिराद लेखकै आधारमा प्रतिवादीहरुले गरेको लिलाम सकार एवं घरजग्गा खरीद कार्य जालसाजी भयो भन्नु पनि न्यासङ्गत देखिएन।

११. अतः घटनाक्रमवाट स्वभाविक क्रममा गर्नपर्ने वा कानून अनुरुप गरिएका वा गर्न पाउने कुराहरु अन्यथा नदेखिएसम्म कानून छल्न वा कसैको हक मार्न वा कसैलाई अहित पुऱ्याउन गरिएको

भन्ने पनि मिल्ने नदेखिँदा कि.नं. १७१४ को घरजग्गा मिति २०८०।०३।२४ मा बैङ्कले लिलाम सकार गरी मिति २०८०।११।१७ मा र.नं. ६८२ वाट बैङ्कले सिता सार्कीलाई स्वामित्व हस्तान्तरण गरेको दुवै कार्य जालसाजीपूर्ण भएकोले उक्त जालसाजीपूर्ण कार्य बदर गरी जालसाजी गर्ने विपक्षीहरुलाई सजाय गरीपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल वमोजिम गर्नू।

**तपसिल**

- माथी ठहर खण्डमा लेखिएबमोजिम जालसाजीको कसूर ठहर गरी सजाय समेत गरीपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहरी फैसला भएकोले सो सम्वन्धमा केही गरीरहनु परेन............................१
- माथी ठहर खण्डमा लेखिए बमोजिम वादी दावी नपुग्ने ठहरी फैसला भएकोमा वादी तथा प्रतिवादी प्रस्तुत मुद्दामा रुजू हाजिर रहेका साथै निजहरुका तर्फवाट कानून व्यवसायीहरुले बहस समेत गरेकोले कानून वमोजिम पक्षले फैसला भएको जानकारी पाएको मानिने हुँदा फैसला प्रमाणिकरण भएको मितिले ३० दिनभित्र उच्च अदालत पोखरा वाग्लुङ इजलास बाग्लुङमा पुनरावेदन गर्न सक्ने नै हुँदा वादीलाई पुनरावेदनको म्याद दिईरहनु परेन.....................................................................३
- सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू...................४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.........................................................................५

**न्यायाधीश**

फैसला तयार गर्न सहयोग गर्ने,
नायव सुव्वा सुर्य प्रसाद पौडेल

इति सम्वत २०८१ साल भाद्र महिना ०२ गते रोज १ शुभम्..........................................।
प्रमाणिकरण मिति :- २०८१।०५।१३।५

श्री

भोजपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री बाबुकाजी बानिया

फैसला

र.नं. २४-०७८-००२८७

मु.नं. ०७८-WO-०००२

मुद्दा दर्ता मितिः- २०७८/१२/२८

निर्णय नं. १४३

फैसला मितिः- मिति २०८१/०१/१०

**मुद्दाः- निषेधाज्ञा जारी गरी पाउँ।**

| | |
|---|---|
| भोजपुर जिल्ला, जन्मस्थान साविक कोट गा.वि.स. वडा नं.२ परिवर्तित टेम्केमैयुङ गा.पा. वडा नं.७ बसोबास झापा जिल्ला, साविक गौरदह गा.वि.स. वडा नं.७ परिवर्तित गौरदह न. पा. वडा नं. २ घर भई हाल विदेश अमेरिका स्थित Charlottesvill Virginia बस्ने हरिभक्त कटुवालको छोरा वर्ष ८२ को भुपध्वज कटुवाल..................................................१ | **वादी** |

**विरूद्ध**

| | |
|---|---|
| काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.५ हाडीगाउँ घर भई हाल अमेरीका देश Washington DC virginia बस्ने नरेन्द्र बहादुर कटुवालको छोरी, स्व. छत्र शम्सेर राणाको श्रीमती वर्ष ५० की अनिता कटुवाल (राणा)...........................................................................१ | **प्रतिवादी** |

| | |
|---|---|
| **साक्षीः-×** | **साक्षीः- ×** |
| **कागजः-×** | **कागजः-×** |

**अदालतबाट बुझेको साक्षीः-×**

**कागजः-×**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ एवं मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ र १९ वमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः

**तथ्य खण्डः**

**१.मिति २०७८/१२/२८ गतेको निवेदनः** बुवा हरिभक्त कटुवाल र आमा महारुपा कटुवालका तीन भाई छोरा र तीन बहिनी छोरीहरु भएकोमा हामी छोराहरु जेठो नरेन्द्र बहादुर कटुवाल, माइलो म भुपध्वज कटुवाल र कान्छो हिक्मत कटुवाल हौं। तीन बहिनी छोरीहरु सबैको बिवाह भई कुटुम्ब घर गइसकेका छन् । विपक्षी दाजु नरेन्द्र बहादुर कटुवालको छोरी म निवेदकको भतिजी नाताकी

हुन्। निज विपक्षीको समेत छत्र शम्सेर राणासँग बिवाह भई सकेको छ। बुवा हरिभक्त कटुवालको पहिला नै मृत्यु भएको र आमा महारुपा कटुवालको समेत २०६२ साल फागुन महिनामा मृत्यु भईसकेको छ। बुवा जिवित छँदै हामी दाजु भाईका बीच मिति २०३९/११/२३ मा अंशवण्डा भएको र हामी बीच अंशवण्डा भएपछि बुवा र आमा म निवेदकसँगै बस्दै आउनु भएको र बुवा आमाको रेखदेख, पालन पोषण लगायत मृत्यु पश्चात काजक्रिया समेत म निवेदकले नै गरेको हुँ। हामी दाजु भाई बीच अंशवण्डा हुँदाको बखत बुवा आमाले राखेको जिउनी जग्गाहरु जुन छोराले पालण पोषण गर्छ उसैले एकलौटी खानु भनी अंशवण्डा लिखतमा नै लेखिएको र सोही बमोजिम आमाको देहान्त भए लगत्तै निजको नामा दर्ता स्रेस्ता भएको जग्गाहरु म निवेदकका नाममा नामसारी गर्ने कार्य सम्पन्न गर्न नापाउदै म निवेदक समेत द्वन्द पीडित भएका कारण अमेरिका गई हालसम्म अमेरिकामै बसोबास गर्दै आएको र स्वास्थ्यमा समस्या भई नेपाल आउने समय नमिलेको कारण स्वः आमाका नामका जग्गाहरु म निवेदकको नाममा दाःखा नामसारी गर्न बाँकी रहेको थियो। स्वः आमा महारुपा कटुवालको भोजपुर जिल्ला, साविक कोट गा.वि.स. वडा नं.२ हाल टेम्केमैयुङ गा.पा. वडा नं.७ मा रहेका कि.नं. २१३, ११४, १२२, १२८, ३११, ३१३, ४४२, ४४३ र साविक नामान्त गा.वि.स. वडा नं.२ मा कि.नं. ६१८, ६२० र ६२६ का जग्गाहरु म निवेदकको नाममा नामसारी हुन बाँकी रहेको अवस्थामा उल्लिखित जग्गाहरु मध्ये कि.नं. ११४, कि.नं. १२२, कि.नं. ११३ र कि.नं. १२८ का चार कित्ता जग्गा घरबारी रहेको जग्गा भएको र उक्त चार कित्ता जग्गाहरुमा म हकवाला निवेदकसँग कुनै सरसल्लाह नगरी म र मेरो परिवार समेत नभएको मौका पारी मेरो सहमति मन्जुरी बिना विपक्षीहरुले मिलेमतो गरी अनधिकृत रुपमा उल्लिखित जग्गा अतिक्रमण गरी विपक्षी बिवाहित भतिजी अनिता कटुवाल राणाले कुनै नाप नक्सा नगरी मिति २०७८ साल फागुन महिनाको पहिलो हप्ताबाट मठ मन्दिरका नाममा घर टहरा निर्माण गर्ने कार्य शरु गरेको भन्ने सुनि विपक्षीको नाममा मैले टेम्केमैयुङ गाउँपालिका न्यायीक समितिमा ऐ. ७ नं. वडा कार्यालयमा निवेदन/उजुरी गरी विपक्षीलाई जग्गा अतिक्रमण कब्जा गरी घर निर्माण कार्य तत्काल नगर्नु भनि आदेश दिँदा समेत विपक्षीले निर्माण कार्य नरोकेको हुँदा पुनः मिति २०७८/१२/०६ गते विपक्षी अनिता कटुवाल (राणा) का विरुद्ध जिल्ला प्रशासन कार्यालय, भोजपुरमा निवेदन दिएको र उक्त कार्यालयबाट समेत निर्माण कार्य तत्कालका लागि नगर्नु भनि दिएको आदेशलाई समेत वेवास्ता गरी विपक्षीले निर्माण कार्यलाई निरन्तरता दिएकी हुँदा उक्त निर्माण कार्य तत्काल नगर्नु नगराउनु र हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा राख्नु भनी विपक्षीहरुका नाममा निषेधाज्ञाको आदेश जारी गरीपाउँ साथै स्थाई निषेधाज्ञाको आदेश जारी गर्ने समयसम्म विपक्षीले घर निर्माण गरिसक्ने सम्भावना भएकाले विपक्षीका नाममा जो चाहिने अन्तरिम आदेश समेत जारी गरी विपक्षीबाट म निवेदकलाई पर्न गएको नोक्सानी बापत निजबाट मनासिब क्षतिपूर्ति समेत दिलाई पाउँ **भन्ने समेत व्यहोराको निवेदक भुपध्वज कटुवालले दिएको निवेदन।**

२.**मिति २०७९/०१/०६ गतेको आदेशः** निवेदकको निवेदन अनुसार स्वर्गिय आमा महारुपा कटुवालको नाममा रहेको, मेरो नामसारी हुन बाँकी रहेको भोजपुर जिल्ला, साविक कोट गा.वि.स. वडा नं.२ मा पर्ने कि.नं. ११४, १२२, १२३ र १२८ जग्गाहरुमा बिवाहित भतिजी विपक्षी अनिता कटुवालले

कब्जा गरी घर निर्माण गर्ने कार्य शुरु गरेकोले उक्त कार्य नगर्नु, नगराउनु भनी विपक्षीको नाममा अन्तिरम आदेश जारी गरी पाउँ भन्ने निवेदकको माग गरेकोमा निवेदकको निवेदन माग बमोजिम सुविधा सन्तुलनको दृष्टिकोणबाट उल्लिखित कि.नं. ११४, १२२, २१३ र १२८ को जग्गामा घर निर्माण लगायतका कुनै पनि कार्य नगर्नु, नगराउनु भनी मुलुकी देवानी संहिता, २०७४ को दफा २६(५) तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ३४ वमोजिम विपक्षीको नाममा यो अन्तरिम आदेश जारी गरी दिएको छ। सोको जानकारी निवेदक र विपक्षीहरुलाई दिनू।

३.**मिति २०७९/०१/२५ गतेको लिखित जवाफः** विपक्षी काका भुपध्वज कटुवालले आफ्नो निवेदन पत्रमा खुलाए अनुसार हजुरबुवा हरिभक्त कटुवाल र हजुरआमा महारुपा कटुवालको मृत्यु भएको र निजहरुको छोराहरुमा जेठा नरेन्द्रबहादुर कटुवा, माइला विपक्षी र कान्छा हिकमत कटुवाल भएको र म प्रतिवादी जेठा नरेन्द्रबहादुर कटुवालको छोरी भएकोमा दुईमत छैन। तर विपक्षी काकाले भने अनुसार निजहरु दाजुभाईहरुको मिति २०३९/११/२३ गते अंशवण्डा गर्दा बुवा आमाले राखेको जिउनी विपक्षीको एकलौटी रुपमा हक लाग्ने, विपक्षीले नै आमा बाबुको मृत्यु पर्यान्त काजक्रिया गरेको र मैले विपक्षीको आमा मेरो हजुरआमा नाताको मानिसको भोजपुर जिल्ला, साविक कोट गा.वि.स. वडा नं.२ मा पर्ने कि.नं. ११४, कि.नं. १२२, कि.नं. २१३ र कि.नं. १२८ को चार कित्ता जग्गाहरुमा विपक्षीको घर परिवारका सदस्यहरुलाई कोही नभएको मौका पारी हकवाला र विपक्षी काकासँग कुनै सरसल्लाह नगरी मेरो सहमति मञ्जुरी बिना नै अनाधिकृत रुपमा जग्गा अतिक्रमण कब्जा गरी मिति २०७८ साल फागुन महिनाको पहिलो हप्ताबाट घर निर्माण गर्ने कार्य शुरु गरेको भन्ने सम्पूर्ण कुराहरु झुट्टा छन्। विपक्षी काका भुपध्वज कटुवालले आफ्नो बुवा आमाको रेखदेख, पालन पोषण, काजक्रिया गरेको नभई हजुरबुवा र हजुरआमाको पालन पोषण, औषधी उपचार र खानलाउन साथै हजुरबुवा र हजुरआमाको मृत्यु पश्चात काजक्रिया लगायतका सम्पूर्ण खर्च म प्रतिवादीको बुवा नरेन्द्र कटुवालले गर्नु भएको हो। मेरो बुवा नरेन्द्र बहादुर कटुवालले आफ्नो दुबै भाईहरुसँग सर सल्लाह गरी आमा महारुपा कटुवालको नाममा भएको जग्गाहरुमा बाबु हरिभक्त कटुवाल र आमा महारुपा कटुवालको नाममा, आमा बाबुको इच्छा बमोजिम नै धार्मिक तथा सामाजिक कार्यको लागि मठमन्दिर निर्माण गर्ने, सामाजिक कार्यको लागि सभा हल, साथै आश्रम स्थलहरु निर्माण गर्ने सहमति भएपछि मेरो बुवा नेपाल आई उल्लिखित जग्गाहरुमा करिव ५० लाख खर्च गरी योजना पुरा गर्ने भनी उक्त कार्य गर्नको लागि गाउँपालिकाबाट समेत अनुमति लिई कान्छा काका हिकमत कटुवालको छोरा सन्जिव कटुवाललाई जिम्मा दिई अमेरिका फर्की जानु भएको हो। विपक्षी काकाले सम्पत्तिको लोभ लालचमा आई मलाई आफ्नो भाग छुट्याईदेउ, मैले पाउने श्रीसम्पत्ति म आफैंसँग राख्छु भनि दुःख दिने नियतले मात्र प्रस्तुत निवेदन पेश गरेका हुन्। विपक्षी निवेदक अमेरीकन नागरिक भएको हुँदा विपक्षीले प्रस्तुत गरेको निवेदन कानूनतः अधिकार क्षेत्र र विपक्षीको हकदैयाको अभावमा खारेज हुने प्रष्ट छ भने मुलुकी देवानी संहिता, २०७४ को दफा ४३२ र ४३३ ले विदेशी नागरिकले अचल सम्पत्ति राख्न नपाउन, हस्तान्तरण गर्न नपाउने र विदेशीलाई अंश वा अपुताली प्राप्त भएमा निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग समेत गर्न पाउने छैन भन्ने कानूनी व्यवस्था भएको हुँदा हुँदै सम्मानित अदालतलाई गुमराहमा राख्दै

म नेपाली नागरी नै हो भन्ने भान पारी, झुक्याई गफलतमा पारी आफ्नो हकदैया नै नभएको मानिसले प्रस्तुत निवेदन दावी आएको हुँदा उक्त निवेदन पत्र खारेज गरी झुट्टा दावीबाट अलग फुर्सद पाउँ साथै विपक्षी वादीले झुठो विषयमा म प्रतिवादीहरुलाई दुःख हैरान दिनको लागि मात्र प्रस्तुत निवेदन पेश गरेको प्रष्ट भएको हुँदा यस सम्मानित अदालतको मिति २०७९/०१/०६ गतेको आदेश निरन्तर गर्नु नपर्ने भएको हुँदा अन्तिरम आदेश बदर गरी पाउँ र विपक्षी वादीबाट उचित क्षतिपूर्ति समेत दिलाई भराई पाउँ **भन्ने व्यहोराको अनिता कटुवाल (राणा) को लिखत जवाफ।**

४.**मिति २०७९/०४/३० गतेको आदेशः** स्व. आमा महारुपा कटुवालको नाममा रहेको भोजपुर जिल्ला कोट गा.वि.स. वडा नं.२ मा पर्ने कि.नं. ११४, १२२, २१३ र १२८ गरी जम्मा चार कित्ता जग्गामा पर्ने गरी भतिजी नाताकी विपक्षी अनिता कटुवाल राणाले घर निर्माण समेतका संरचनाहरु निर्माण कार्य गर्न सुरु गरेकोले उक्त कार्य नगर्नु, नगराउनु भनी निज विपक्षीको नाममा निषेधाज्ञको आदेश जारी गरी पाउँ भन्ने निवेदन माग तथा म प्रतिवादी अनिता कटुवाल राणाले घर निर्माण गरेको होइन, उपरोक्त जग्गाहरु निवेदकको एकलौटी हकभोगको पनि होइन, तसर्थ प्रस्तुत मुद्दामा निवेदकलाई निवेदन दिने हकदैया नै नभएको हुँदा प्रारम्भिक सुनुवाईमा राखी पाउँ भनि लिखित जवाफ रहेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३२ बमोजिम प्रस्तुत मुद्दा प्रारम्भिक सुनुवाईका लागि पेशी तोकी नियमानुसार गर्नू।

५.**मिति २०७९/०५/०७ गतेको आदेशः** निवेदक र विपक्षीहरु बीच मिति २०३९/११/२३ मा अंशवण्डा हुँदा साविक कोट गा.वि.स. वडा नं.२ कि.नं. ११४, १२२, २१३ र १२८ का जग्गाहरुको जिउनी राखेको भन्ने देखिँदा सो जिउनी जग्गाका सम्बन्धमा बण्डापत्रमा उल्लिखित शर्त प्रष्ट बुझिने फोटोकपी वा उत्तारमा नबुझिने भए हातले उत्तार गरी पठाईदिनू भनि सो बण्डापत्रको प्रतिलिपि साथै राखी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनू साथै उपरोक्त कि.नं. का जग्गाहरु जग्गाधनी महारुपा कटुवाल स्वर्गिय भईसकेको हुँदा को कसको निवेदन परी नामसारी भएको छ वा नामसारीको प्रक्रियामा छ सो समेत खुलाई दिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाई जवाफ प्राप्त भएपछि प्रारम्भिक सुनुवाईका लागि नियमानुसार पेश गर्नू भन्ने आदेश।

६.**मिति २०८०/०३/१२ गतेको आदेशः** भोजपुर जिल्ला, टेम्केमैयुङ गा.पा. वडा नं.७ को वडा कार्यालयको च.नं. २२२ मिति २०७८/०८/२४ गतेको पत्रको चलानी किताबको प्रमाणित प्रतिलिपि र हरिभक्त कटुवालको छोराहरु नरेन्द्रबहादुर कटुवाल र हिकमत कटुवाल तथा नाती संजिब कटुवालले प्राविधिक मापदण्ड अनुसारको घर तथा मन्दिर निर्माणको स्वीकृतिको लागि पेश गरेको संयुक्त निवेदनको सक्कल सम्बन्धित वडा कार्यलयबाट मगाई नियमानुसार पेश गर्नू भन्ने आदेश।

७.यस अदालतबाट मिति २०८०/०३/१२ गते आदेश भए बमोजिमको सम्पूर्ण कागजातहरु सम्बन्धित वडा कार्यालयबाट झिकाई मिसिल समेल रहेको अवस्था छ।

**ठहर खण्डः**

५.नियम वमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरेन्द्र विक्रम के.सी. र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अभिवक्ता श्री ओमप्रसाद सुवेदीले गर्नुभएको बहस समेत सुनी मिसिल संलग्न कागजातहरु अध्ययन

गरी न्याय निरुपणतर्फ बिचार गर्दा, निवेदकको निवेदन दावी वमोजिम निषेधाज्ञाको आदेश जारी हुनुपर्ने हो, होइन? सो सम्वन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो।

६.निर्णयतर्फ विचार गर्दा, स्वर्गिय आमा महारुपा कटुवालको नाममा रहेको, मेरो नाममा नामसारी हुन बाँकी रहेको भोजपुर जिल्ला, साविक कोट गा.वि.स. वडा नं.२ मा पर्ने कि.नं. ११४, १२२, २१३ र १२८ जग्गाहरुमा बिवाहित भतिजी विपक्षी अनिता कटुवालले कब्जा गरी घर निर्माण गर्ने कार्य शुरु गरेकोले उक्त कार्य नगर्नु, नगराउनु भनी विपक्षीको नाममा अन्तिरम आदेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेकोमा विपक्षी निवेदकको निवेदनमा भएको सम्पूर्ण व्यहोरा झुठो हो। निवेदकको हकभोगको जग्गामा म प्रत्यर्थी अनिता कटुवाल राणाले कुनै पनि घर निर्माण गरेको छैन, उपरोक्त जग्गाहरु निवेदकको एकलौटी हकभोगको पनि होइन। मेरो बुवा नरेन्द्र बहादुर कटुवालले आफ्नो दुबै भाईहरुसँग सर सल्लाह गरी आमा महारुपा कटुवालको नाममा भएको जग्गाहरुमा बाबु हरिभक्त कटुवाल र आमा महारुपा कटुवालको नाममा, आमा बाबुको भएको बमोजिम नै धार्मिक तथा सामाजिक कार्यको लागि मठमन्दिर निर्माण गर्ने, सामाजिक कार्यको लागि सभा हल, साथै आश्रम स्थलहरु निर्माण गर्ने सहमति भएपछि मेरो बुवा नेपाल आई उल्लिखित जग्गाहरुमा करिव पचास लाख रुपैंया खर्च गरी योजना पुरा गर्ने भनी उक्त कार्य गर्नको लागि गाउँपालिकाबाट समेत अनुमति लिई कान्छा काका हिकमत कटुवालको छोरा सन्जिव कटुवाललाई जिम्मा दिई अमेरिका फर्की जानु भएको हो। विपक्षी काकाले सम्पत्तिको लोभ लालचमा आई मलाई आफ्नो भाग छुट्याईदेउ, मैले पाउने श्रीसम्पत्ति म आफैंसँग राख्छु भनि हामीलाई दुःख दिने नियतले मात्र प्रस्तुत निवेदन पेश गरेको हुँदा विपक्षीको प्रस्तुत निवेदन खारेज गरी अलग फुर्सद पाउँ भन्ने लिखित जवाफ रहेको देखिन्छ।

**७.तसर्थः उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा** यिनै वादी प्रतिवादी भएको मु.नं. ०८०-CP-००५ को अपुताली हक कायम मुद्दामा आजै यसै इजलासबाट विवादित जग्गाहरु तीनै भाई अंशियारको बीच बराबरी गरी अपुताली हक कायम हुने ठहरी फैसला भइसकेको अवस्था छ। विवादित जग्गामा मठ मन्दिरका भौतिक संरचनाहरु बनाउन शरु गरेको तथ्य प्रत्यर्थी अनिता कटुवाल (राणा) को लिखित जवाफबाट नै देखिएको हुँदा अब विवादित जग्गा भाग वण्डा गर्दा अहिले निर्माणाधीन संरचना रहेको जग्गा के कस्का भागमा पर्छ भन्ने विषयमा अहिले नै यकीन नहुने भएकोले विवादित जग्गाहरुको हकमा फैसला बमोजिम वण्डा नभएसम्म विवादित जग्गामा कोही कसैले कुनै संरचना नबनाउनु भनी विपक्षीको नाममा निषेधाज्ञको आदेश जारी गरिदिने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल वमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ वमोजिम प्रस्तुत मुद्दा फैसला गरिदिएँ।

**तपसिलः**

- माथि इन्साफ खण्डमा लेखिए वमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहरेकोले प्रस्तुत फैसलामा चित्त नबुझे म्याद पाएको मितिले ३०(तीस) दिन भित्र श्री उच्च अदालत विराटनगर, धनकुटा इजालास धनकुटामा पुनरावेदन गर्नू भनि प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू......................१
- प्रस्तुत फैसला भएको कुरा यस अदालतको सूचना पाटीमा प्रकाशन गर्नू.................................२
- सरोकारवालाले नक्कल मागे नियम बमोजिम लाग्ने दस्तूर लिई सारी सराई दिनू...................३

- प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गर्नुका साथै फैसलाको बिद्युतीय प्रति अपलोड गरी मिसिल नियम बमोजिम गरी अभिलेख शाखामा बुझाई दिनू.......................................................४

**जिल्ला न्यायाधीश**

प्रस्तुत पाना ६ को फैसला माननीय जिल्ला न्यायाधीश ज्यूले
बोली टिपाए वमोजिम कम्प्युटर टाइप गर्नेः
कर्मचारी ना.सु. भरत राई।
फैसला मितिः- २०८१/०१/१०
प्रमाणीकरण मितिः- २०८१/०१/२०/५

....................
अदालतको छाप

श्री

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री इन्द्रबहादुर कठायत

फैसला

मुद्दा नं.- ०७८-CP-१३७९

रजिष्ट्रेशन/कोड नं.- ७४-०७८-०२२५६

निर्णय नं.-१४१

मुद्दाः- अंश ।

| | |
|---|---|
| नवराज बानिया तथा कोपिला गिरीको छोरी जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१५ घर भई हाल जिल्ला बाँके बैजनाथ गाउँपालिका वडा नं.५ बस्ने वर्ष २१ को सन्ध्या बानिया----------------------------१ | वादी |
| विरुद्ध | |
| खिउरा गिरीको छोरा तथा स्व.कोपिला गिरीको पति जिल्ला बाँके बैजनाथ गाउँपालिका वडा नं.५ जि गाउँ बस्ने वर्ष ४८ को डिल्ली बहादुर गिरी--------१ | प्रतिवादी |

| वादीका साक्षीः | प्रतिवादीका साक्षीः |
|---|---|
| × | × |
| प्रमाणः | प्रमाणः- |
| नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी | नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी |
| मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत | विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत |

**अदालतबाट बुझेका**

**साक्षीः-×**

**प्रमाणः-**

जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपी

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९ बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. बाबु नवराज बानिया र आमा कोपिला गिरीको सम्बन्धबाट एक्लो सन्तान म फिरादीको जन्म भएको हो। मेरो बुवा नवराज बानियाको मिति २०७३।०५।०३ मा मृत्यु भई सकेको छ। मेरो बुवा नवराज बानिया वैदेशिक रोजगारीमा भएको बेला म ३/४ बर्षको हुँदा मेरो आमा कोपिला गिरीले बिपक्षी प्रतिवादी डिल्ली बहादुर गिरीसँग दोस्रो विवाह गर्नु भएकोमा मैले आमाको सँगसाथमा रही कक्षा १० सम्मको विद्यालय शिक्षा हासिल गरेको हुँ र पछि पढाईको

सिलसिलामा पोखरा गई पढेको हुँ। दोस्रो विवाह पश्चात प्रतिवादी र आमाको सम्बन्धबाट कुनै सन्तानको जन्म भएको छैन। धेरै दिनदेखि आमा विरामी भई म समेतले औषधोपचार र स्यारसुसार गरेको र क्यान्सरका कारण मिति २०७६।०५।२३ गते आमाको मृत्युपश्चत काजक्रिया गरेकोले आमाबुवाको सम्पत्तिमा सन्तानको अंशहक लाग्ने अवस्था रहेको हुँदा मेरी आमालाई आफ्नै फुपू पदमा देवी गिरीले रजिष्ट्रेसन पारित गरी दिएको जिल्ला बाँके बनकटुवा गा.वि.स. वडा नं. ४ को कित्ता नं.२७७ को ज.वि.१९९३.१५ जग्गा र सोमा रहेको ४ कोठाको पक्की घर समेत हाल प्रतिवादीको भोगचलनमा रहेकोमा निजसँग मेरी आमाको सम्पत्तिबाट मेरो अंश छुट्याई दिनुस् भनी अनुरोध गर्दा निजले ईन्कार गरेकोले म फिरादी अन्यायमा परेको हुँदा आमाको नाममा दर्ता रहेको सम्पत्तिको फाँटवारी लिई उक्त सम्पत्तिको २ भागको १ भाग म फिरादीलाई दिलाई भराई पाउँ भन्ने व्यहोराको फिराद दावी।

२. वादी मेरो नाता पुस्ता वा वंशावली भित्रको मानिस होईनन्। वादीलाई म प्रतिवादी उपर मुद्दा दायर गर्ने हकदैया छैन। वादीले आफ्नी आमा कोपिला गिरीसँग बसी पढेको र विरामी हुँदा आमाको स्याहारसुसार तथा मृत्यु पश्चात काजक्रिया समेत गरेको भन्ने व्यहोरा झुठ्ठा हो। वादीले आफ्नै बुवा नवराज बानियाकै संरक्षणमा बसी शिक्षा समेत आर्जन गरी निजकै नामथरबाट नागरिकता प्रमाणपत्र समेत लिएको हुनाले निज वादीले आफ्नो बुवाबाट अंश पाउनुपर्ने हो। वादीले दावी गरेको कित्ता नं.७७ को ज.वि.१६९३.१५ जग्गा मैले पदमा देवी गिरीबाट खरीद गरी मेरो पत्नी कोपिला गिरीको नाउँमा मिति २०६७।०५।१० गते र.नं ६२८ बाट राजीनामा पारित गरी लिएको जग्गा हो। उक्त जग्गा निज वादीको बाबुको पालाको जग्गा होईन। म र पत्नी कोपिला गिरीबाट कुनै सन्तानको जन्म भएको छैन। निज पत्नीको मृत्यु पश्चात मैले तेस्रो विवाह गरेको छु। हाल म प्रतिवादी, मेरी कान्छी पत्नी लक्ष्मी वली र छोरा परेमेश गिरी समेत गरी ३ जना अंशियार छौं। वादी दावी झुठ्ठा भएकोले फिराद दावी खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिउत्तर जिकिर।

३. यसमा वादी म प्रतिवादीको वंश भित्रको अंशियार नभएको हुँदा वादी दावी हकदैयाको अभावमा खारेज गरी पाउँ भनी प्रतिवादीले प्रतिउत्तर जिकिर लिएको देखिंदा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १३२ बमोजिम आगामी हप्ता नियमानुसार प्रारम्भिक सुनुवाईका लागि पेस गर्नु भनी यस अदालतबाट मिति २०७९।०९।०६ मा भएको आदेश।

४. वादी सन्ध्या बानिया, कोपिला गिरीको छोरी रहेकोमा विवाद देखिएन। वादी अविवाहित समेत देखिन्छ। वादीका आमा कोपिला गिरी वादीका बुवा नवराज बानियालाई छोडी मिति २०६३।१२।७ मा प्रतिवादी डिल्ली बहादुर गिरीसँग पुनः विवाह गरी आएको र वादी पनि आमा कोपिला गिरीसँगै बसेको अवस्थामा कोपिला गिरीको मिति २०६७।०५।२३ मा क्यान्सर रोगका कारण मृत्यु भएको देखिन्छ। बैजनाथ गा.पा.वडा नं. ५ को पत्र तथा सो वडाबाट भएको सर्जमिन मुचुल्कामा कोपिला गिरी विरामी हुँदा निजको उपचार समेतका कार्य तथा मृत्यु पश्चातको काजक्रिया समेत छोरी सन्ध्या बानियाले गरेको भन्ने देखिन्छ। वादीले प्रतिवादी डिल्ली बहादुर गिरी (झट्केलो बुवा) को पैतृक सम्पत्ति तथा अंश पाऊँ भनी दावी लिएको नदेखिई आफ्नो

आमाको श्रमको कि.नं.२७७ को जग्गाको २ भागको १ भाग सम्पत्ति मात्र माग गरेको देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा २०९(२) मा अंश नहुँदै पति या बाबुआमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोराछोरीले पाउने भनी उल्लेख भएको सन्दर्भमा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै भएकोले अहिले नै वादीलाई फिराद गर्ने हकदैया छैन भनी भन्न मिल्ने नदेखिँदा प्रस्तुत मुद्दामा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १३२(४) बमोजिम थप कारवाही किनारा गर्न नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०७९।०९।१४ मा भएको आदेश ।

५. मिति २०७९।०९।१४ को यस अदालतको आदेश बदर गरी पाउँ भनी प्रतिवादी डिल्ली बहादुर गिरीको तर्फबाट मिति २०७९/०९/२५/२ मा निवेदन परेकोमा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम निर्णय हुन सक्ने नै हुँदा ताहा अदालतबाट मिति २०७९/०९/१४ को आदेश वेरितकोनदेखिदा परिवर्तन गर्नू परेन भन्ने समेत बेहोराको श्री उच्च अदालत तुलसीपुर नेपालगञ्ज ईजलासबाट आदेश भएको।

६. यसमा वादी प्रतिवादीले प्रमाण खण्डमा उल्लेख गरेका साक्षी निजहरु मार्फत झिकाई बकपत्र गराई नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०८०।०१।०३ मा भएको आदेश।

७. प्रतिवादी डिल्ली गिरीको पहिलो विवाहबाट एक छोरा प्रमेश गिरी जन्मेका हुन्। पहिलो श्रीमती अन्यत्र विवाह गरी गएपछि वहाँले दोस्रो विवाह कोपिला गिरीसँग गर्नु भयो। कोपिला गिरीबाट कुनै बालबच्चा नजन्मिदै निजको मृत्यु पश्चात फेरी तेस्रो विवाह गर्नु भयो। तेस्रो विवाह गरेकी श्रीमतीबाट सन्तान छैनन्। वादी सन्ध्या बानिया प्रतिवादीको पुस्तावारी भित्र पर्दैनन्। कोपिला गिरीको नाममा विवाहपछि सम्पत्ति आएको हो। निजको श्रीमानले खरीद गर्नु भएको हो। सो सम्पत्ति वादीको माईती तिरको सम्पत्ति नभएकोले वादीको हक लाग्ने होईन। वादीले प्रतिवादीबाट अंश पाउनुपर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी भिमनाथ योगीले यस अदालतमा गरेको बकपत्र।

८. वादी सन्ध्या बानियाँको आफ्नो आमाबुवासँग अंशबण्डा भएको थिएन छैन। जिल्ला बाँके बनकटुवा गा.वि.स. वडा नं ४ को कि.नं २७७ को जग्गा वादीकी आमा कोपिला गिरीलाई निजको फुपू पदमा गिरीले सित्तैमा पास गरी दिएकी हुन्। उक्त जग्गा हाल कोपिला गिरीको नाउँमा रहेको छ। कोपिला गिरीको औषधोपचार तथा मृत्यु पश्चात काज किरिया वादीले नै गरेकी हुन्। कोपिला गिरीको नाउँमा रहेको सम्पत्तिमा वादी सन्ध्या बानियाको अंशहक लाग्छ। सन्ध्या गिरीको आमा कोपिला गिरीले डिल्ली गिरीसँग विवाह गर्दा सन्ध्या गिरी नाबालक भएकोले सँगै ल्याई हुर्काएकोले घरभित्रको आधिकारिक व्यक्ति नै हुन्। आमाले माईतीबाट पाएको सम्पत्तिमा वादीलाई पूर्ण अधिकार छ भन्ने समेत व्यहोराको वादी साक्षी दिनेशराज शर्माले यस अदालतमा गरेको बकपत्र।

९. यी वादी कोपिला गिरीको पुर्व पतिबाट जन्मिएकी छोरी भएको कुरामा विवाद नरहेको र प्रतिवादी कोपिला गिरीले डिल्ली बहादुरसँग पछि विवाह गरी पति भएको देखिँदा र कोपिला गिरीले यी वादीलाई वैधानिक रुपमा अंश दिएको भन्ने कागज प्रमाण मिसिल संलग्न देखिन नआएको अवस्था

हुँदा फिराद परेको अघिल्लो दिनलाई वादी प्रतिवादी बीच मानो छुट्टिएको मिति कायम गरिदिएको छ।

१०. अब कुन-कुन सम्पत्तिबाट वादीले अंश पाउने भन्ने कुरा पछि ठहरे बमोजिम हुने नै हुँदा हाललाई फिराद परेको अघिल्लो दिनसम्मको फिरादमा उल्लिखित हालको कित्ता नम्बर ३२२ को जग्गा र कोपिला गिरीका नाममा थप अन्य सम्पत्ति भए सो समेत खुलाई तायदाती फाँटवारी मुलुकी देवानी संहिता, २०७४ को दफा २२१ को विवरण खुलाई २२२ र २२३ बमोजिम वादी/प्रतिवादीबाट १५ दिनभित्र दाखिल गर्न लगाई नियमानुसार गरी पेश गर्नु, भन्ने यस अदालतबाट मिति २०८०।०२।०३ मा भएको फाँटवारी आदेश ।

११. मिति २०८०।०२।०३ मा भएको आदेश बदर गरी पाउँ भनी प्रतिवादी डिल्ली बहादुर गिरीको तर्फबाट निवेदन परेकोमा सो मिति २०८०।०२।०३ को आदेश परिवर्तन गर्न नपर्ने भनी मिति २०८०।०९।१२ मा श्री उच्च अदालत तुलसीपुर नेपालगञ्ज ईजलासबाट आदेश भएको।

१२. वादीले आफ्नो नाममा केही पनि चलअचल श्रीसम्पत्ति नरहेको भनी पेश गरेको निवेदन तथा प्रतिवादीले पेश गरेको सम्पत्तिको फाँटवारी पेश गरेको निवेदन मिसिल सामेल रहेको।

## ठहर खण्ड

१३. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुनिल कुमार श्रेष्ठले वादीलाई आफ्नो आमाको नामको सम्पत्तिबाट अंश दिलाई भराई पाउँ भनी गर्नू भएको बहस सुनियो। त्यसैगरी प्रतिवादीको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री भोलासिंह हमालले वादी प्रतिवादीको वंश पुस्तेवारी भित्रको नभएकाले फिराद दावी बमोजिम अंश पाउनु पर्ने होईन भनी गर्नु भएको बहससमेत सुनियो ।

१४. उपरोक्तानुसारको बहस जिकिर सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा यी वादीले फिराद दावी बमोजिम अंश प्राप्त गर्ने हुन्, होईनन्? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा मूलपुर्खा बाबु नवराज बानिया र आमा कोपिला गिरीवाट म फिरादीको जन्म भएकोमा मेरो आमा कोपिला गिरीले प्रतिवादी डिल्ली बहादुर गिरीसँग दोस्रो बिवाह गरेकोमा हाल बाबु नवराज बानिया र आमा कोपिला गिरीको मृत्यु भैसकेको अवस्था छ। आमा कोपिला गिरीको माइतीको आफ्नो फुपू पदमा देवी गिरीले आफ्नो नाउँमा दर्ता रहेको जिल्ला बाँके बनकटवा गा.वि.स. वडा नं. ४ को कि.नं. २७७ को जग्गा स्वेच्छाले मेरो आमा कोपिला गिरीको नाउँमा नामसारी गरेकोमा उक्त जग्गाको कि.नं. ३२२ कायम भई हाल त्यसमा चारकोठे घर समेत रहेकोमा उक्त घर जग्गामा मेरो समेत अंश हक लाग्ने हुँदा विपक्षी डिल्ली बहादुर गिरी र म वादीसमेत गरी २ जना मुल अंशियार रहेकोमा हामी बिचमा हालसम्म कुनै अंशवण्डा भएको छैन। प्रतिवादीबाट तायदाती फाँटवारी माग गरी उक्त कित्ता जग्गाको सम्पत्तिलाई २ भाग गरी सो २ भागको १ भाग म वादीलाई अंशस्वरूप दिलाई भराई पाउँ भन्ने व्यहोराको फिराद दावी रहेको र निज वादीले पेश गरेको फिराद दावी झुट्टा हो, निज मेरो अंशियार समेत

होईनन् र सो जग्गा मसँग विवाह गरेपछि मैले खरिद गरी पत्नीको नाउँमा राखेको हुँदा मैले निजलाई अंश दिनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिउत्तर रहेको देखिन्छ ।

१६. सर्वप्रथम प्रतिवादीले यी वादी मेरो बंश भित्रको अंशियार होईनन् र निजले म उपर मुद्दा दायर गर्ने हकदैया नै रहेको छैन भन्ने मुलभुत जिकिर लिएकोमा यी वादी प्रतिवादीको पुस्तेवारी भित्रको हुन, होईनन् भनी हेर्दा हकदैयाको प्रश्नको सन्दर्भमा प्रारम्भिक सुनुवाई हुँदा वादीका आमा कोपिला गिरी वादीका बुवा नवराज वानियालाई छोडी मिति २०६३।१२।७ मा प्रतिवादी डिल्ली वहादुर गिरी सँग पुनः विवाह गरिआएको र बादी पनी आमा कोपिला गिरी सँगै बसेको अवस्थामा कोपिला गिरीको मिति २०६७।५।२३ मा क्यान्सर रोगका कारण मृत्यु भएको देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा २०९(२) मा अंश नहुँदै पति वा वावु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोराछोरीले पाउने भनी उल्लेख भएको सन्दर्भमा पछि प्रमाण वुझ्दै जाँदा ठहरे वमोजिम हुने नै भएकोले अहिले नै बादीलाई फिराद गर्ने हकदैया छैन भनी भन्न मिल्ने नदेखिँदा प्रस्तुत मुद्दामा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १३२(४) बमोजिम थप कारवाही किनारा गर्न नियमानुसार पेश गर्नू भन्ने यस अदालतको आदेश उच्च अदालत तुलसीपुर नेपालगंज इजलासबाट समेत बेरितको नदेखिएकोले सदर गरिदिएको छ भनी मिति २०७९/१२/२/५ मा आदेश भएको देखिन आयो।

१७. यसरी प्रारम्भिक सुनुवाईको बिषयमा मुलुकी देवानी संहिता,२०७४ को दफा १३२(३) बमोजिम भएको आदेश वा निर्णयका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतमा निवेदन वा पुनरावेदन गर्न सकिने व्यवस्था भएपनि पुनरावेदन तहबाट उक्त आदेश वा निर्णयका सम्बन्धमा किनारा भै आएमा सो बिषयमा पुनः जिकिर लिन नपाईने भन्ने कुरा सोही दफा १३४(१) मा रहेको पाईन्छ।उल्लेखित कानूनी व्यवस्थाको रोहमा हेर्दा हदम्याद, हकदैया र क्षेत्राधिकार सम्बन्धी प्रश्नको निरुपण प्रारम्भिक सुनुवाईबाटै हुनुपर्ने र सो उपर एकतह पुनरावेदन निवेदन लाग्न सक्ने भएपनि सो तहबाट निर्णयनिरोपण भै सकेपछि पुनः सो प्रश्न उठाउन नपाईने कानूनी व्यवस्था रहेको पाईयो। यद्दपी सोही संहिताको दफा ४७ ले कुनै कारणवस हदम्याद नघाई फिरादपत्र दायर भएको भएपनि खारेज हुनेछ भन्ने व्यवस्था गरेको देखिदा हदम्याद नाघी फिराद दायर भएको अवस्थामा प्रारम्भिक सुनुवाई पश्चात पनि सो फिराद खारेज हुन सक्ने अवस्था देखिएपनि हकदैया र क्षेत्राधिकारको बिषयका सम्बन्धमा भने सो बाहेक अपवादात्मक व्यवस्था रहेको पाईएन। मुलुकी देवानी कार्यविधि संहिताले प्रारम्भिक सुनुवाईको विषयमा गरेको उपरोक्तानुसारको कानूनी व्यवस्था हेर्दा हदम्याद, हकदैया र क्षेत्राधिकारको बिषयमा सुरु तहबाटै मुद्दाको Merit मा प्रवेश गर्नूपूर्व नै सो बिषय निरोपण गरिनुपर्ने भन्ने विधायिकी मनसाय रहेको र सो संहिता आउनुपूर्व यस बिषयमा जुनसुकै तहमा जतिसुकै बेलापनि प्रश्न उठाउने पाउने दोषपूर्ण र द्विविधापूर्व कानूनी व्यवस्था र न्यायिक अभ्यास हटाउने उद्वेश्य राखेको देखिन आउछ।

१८. प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा यी वादी सन्ध्या बानिया प्रतिवादी डिल्ली बहादुर गिरीको वंश भित्रको देखिन नआएको र बंशिय हक भएका व्यक्तिले मात्र अंशको हक दावी गर्न पाउने अर्थात आफ्नो नाता पुस्ता भित्रका व्यक्तिले मात्र अंशमा दावी गर्न पाउने हाम्रो कानून प्रणाली, सामाजिक

व्यवहार र न्याय पद्दतिले अनुशरण गरेको स्थापित मान्यता रहेको परिप्रेक्ष्यमा यी वादीले प्रतिवादी डिल्लीबहादुर गिरी उपर फिराद दायर गर्ने हकदैया रहेको भन्ने प्रश्न निरोपण भएपनि निज प्रतिवादीको नाता पुस्ता भित्रका व्यक्ति नहुँदा निजले प्रतिवादीबाट अंश पाउने हुन, होईनन् भन्ने बिषयमा थप विवेचना गर्नुपर्ने देखिन आयो।

१९. यस सन्दर्भमा वादीको दावी हेर्दा निजले आफ्नो बुबा नबराज बानिया र आमा कोपिला गिरीबाट आफ्नो जायजन्म भएको र बुबा विदेशमा रहदाकै अवस्थामा आमा कोपिला गिरीले प्रतिवादी डिल्लीबहादुर गिरी सँग दोस्रो विवाह गरी आफूलाई पनि साथमै लिई गएको अवस्थामा बुबाको मिति २०७३/०५/०३ मा र आमाको मिति २०७६/०५/२३ मा मृत्यु भएकोले आमाको नाममा रहेको कि.नं. ३२२ को सम्पत्तिबाट २ भागको १ भाग अंश पाउ भन्ने फिराद दावी लिएको देखिन्छ। उक्त फिराददावीबाट नै निजले यी प्रतिवादीबाट अंश दावी गरेको नभै आफ्नो आमाको नामको सम्पत्तिमा अंश दावी गरेको पाईन्छ। प्रस्तुत फिराद लेखको बेहोराबाट आमाको मृत्यु पछि निजको नामको सम्पत्तिमा दावी गरेको कारण वादीले अप्रत्यक्ष रुपमा मृत्यु भएकी आमाको विरुद्दमा मुद्दा दिएको भन्ने र अपुतालीको बिषयलाई अंश हकको बिषय बनाई मुद्दा दायर गरेको भन्ने दुईवटा पश्न प्रतिवादी पक्षबाट उठान भएको पाईयो।

२०. उपरोक्त प्रश्नका सम्बन्धमा हेर्दा छोरासरह छोरीले अंश हक पाउने बिषयमा कानूनी प्रणाली र सामाजिक मान्यतामा परिवर्तन आउने क्रममा निकै आरोह अवरोहको स्थिति आएको देखिन्छ। अविवाहित छोरीले शर्त सहित मात्र अंश पाउने व्यवस्था र विवाहिता छोरी अंशियारको परिभाषा भित्र नै नपर्ने गरेको साविक मुलुकी ऐनको विभेदकारी व्यवस्था परिवर्तन गर्न सर्वोच्च अदालतबाट जारी भएका आदेशहरुको साथसाथै राजनैतिक सामाजिक परिवर्तनसँगै समाजको सोच र कानूनमा आएको परिवर्तनका कारण छोरीको अंश र वंशिय हक हाल संवैधानिक रुपमा र कानूनी रुपमा सुरक्षित हुन पुगेको अवस्था छ। खासगरी नेपालको संविधानको धारा २५ र धारा ३८ तथा मुलुकी देवानी संहिता,२०७४ को दफा २०५ मा पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिने र दफा २०६ (१) मा “प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन्” भन्ने कानूनी व्यवस्थाबाट छोरीको अंश सम्बन्धी हक नैसर्गिक र बंशिय हक हो भन्ने कुराको संवैधानिक र कानूनी प्रत्याभुति गरेको पाईन्छ।

२१. प्रस्तुत मुद्दाको रोहबाट हेर्दा यी वादीको बुबा आमा दुवैको मृत्यु भै सकेको, बुबाको तर्फबाट अंश प्राप्त गरिनसकेको अवस्थामा आमाको नाममा रहेको सम्पत्तिमा अंश नपाउने भन्ने अवस्था रहदैन। अर्को विवाह गरेर गै सकेको आमासँग निजको वंशिय नाता नरहने र मृत्यु भै सकेको अवस्थामा अंश हक नलाग्ने भन्ने सन्दर्भमा हेर्दा जसरी बुबाको मृत्यु भएपछि बुबाको नामको सम्पत्तिमा अंशहक लाग्छ त्यसैगरी आमाको मृत्युपछि आमाको नामको सम्पत्तिमा पनि अंश हक लाग्न नपर्ने कारण केहीपनि देखिदैन।आमाको वंश परिवर्तन भएपनि छोरीको आमासँगको नाता टुटेको हुदैन र आफूलाई जन्मदिने जन्मदाता आमाबाट अंश नपाउने भन्ने पनि हुदैन। यहाँ विचारणिय प्रश्न के हो भने यी प्रतिवादीले वादीको आमा कोपिला गिरीलाई विवाह गर्नूपूर्व जेठी पत्नी बाट जन्मेका सन्तान परमेश गिरी, निज कोपिला गिरीको मृत्यु भै सकेपछि विवाह गरेका कान्छि पत्नी लक्ष्मी

वली र निजबाट जन्मेका १ जना छोरासमेत गरी ४ जना अंशियार मात्र रहेको भन्ने प्रतिउत्तर जिकिर रहेको अवस्थामा यदि यी वादीले आफ्नो आमाको नामको सम्पत्तिमा अंश नपाउने हो भन्ने कुरा अनुमान गरी हेर्दा उक्त सम्पत्तिमा यी ४ जना अंशियारको अंशहक लाग्ने अवस्था हुन जान्छ। यस्तो अवस्थामा आफू जन्मदा बुबासँग नातानै नजोडिएको प्रतिवादीको पूर्व पत्नीको छोरा र मृत्यु भैसकेपछि ल्याएको कान्छि पत्नी र निजबाट जन्मेका छोराले यी मृतकको नामको सम्पत्तिमा प्रतिवादीको हक लाग्ने भै निजहरुले अंश हक पाउने तर मृतकले जन्म दिएकी छोरीले अंश नपाउने भन्ने विभेदकारी व्याख्या गर्न कदापी मिल्ने देखिदैन।

२२. जहाँसम्म मृत्यु भै सकेकी आमाको नामको सम्पत्तिमा अपुताली हक लाग्ने भए सो को फिराद लिई आउनु पर्नेमा अंशतर्फको फिराद दावी लिई आएको भन्ने पश्नतर्फ विचार गर्दा अपुताली भनेको स्वामीको मृत्यु भएपछि त्यो सम्पत्तिमा कस्को हक लाग्ने भन्ने बिषय हो भने अंश भनेको नैसर्गिक हक हो र जुन हकको प्रचलन गराई माग्ने सम्पत्तिको स्वामी जिउदो छ वा मृत्यु भएको छ भन्ने कुराले कुनै अर्थ राख्दैन। हकवाला भएको कारण पाउने अपुताली भन्दा अंशियारको कारण पाउने अंश हक प्राथमिक हक हुन जाने हुँदा यहाँ सम्पत्तिको स्वामीको मृत्यु भएको छ भन्ने कुरा महत्वपूर्ण नभै गौण देखिएको छ। यसै सन्दर्भमा मुलुकी देवानी संहिता,२०७४ को दफा २०९(२) मा “अंश नहुँदै पति वा बाबु आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन्” भन्ने कानूनी व्यवस्था रहेको र यी वादी तथा निजको मृतक आमाले पनि अंश भाग पाई नसकेको अवस्थामा स्वाभाविक रुपमा निजको अंश भागको सम्पत्तिमा वादीको अंशहक लाग्ने देखिन्छ। त्यसैगरी मुलुकी देवानी संहिता,२०७४ को दफा २५७(३) मा “यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु आमा र छोरा छोरी बीच अंशबण्डा गर्ने प्रयोजनको लागि बाबु आमाले आर्जन गरेको सम्पत्ति समेत सगोलको सम्पत्ति मानिनेछ” भन्ने कानूनी व्यवस्था देखिन्छ। साथै सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदक प्रतिवादी शारदा देवी खतिवडा र प्रत्यर्थी वादी सावित्रादेवी खतिवडा समेत भएको अंश चलन मुद्दामा(नि.नं. १०४१८ भाग ६२ बि.स २०७७) “बाबु आमाले जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्ति छोराछोरीका लागि पैतृकसरह हुन्छ” भन्ने सिद्दान्त प्रतिपादित भएको छ।

२३. अव मृतक कोपिला गिरीको नामको सो सम्पत्ति निजको फुपु पदमादेवी गिरीले स्वइच्छाले दिएको सम्पत्ति हो भन्ने वादी र आफुसँग विवाह गरी सकेपछि आफुले खरिद गरी निजको नाममा राजिनामा गरेको सम्पत्ति हो भन्ने प्रतिउत्तर जिकिर रहेको सम्वन्धमा हेर्दा सो सम्पत्ति २०६७/०५/२० मा र.नं. ६२८ग को राजिनामाबाट पदमा गिरीबाट कोपिला गिरीको नाउमा आएको देखिन आउछ। सो सम्पत्ति मृतकले प्रतिवादीसँग विवाह गरेपछि खरिद गरेको भन्ने देखिएपनि सो जग्गा राजिनामाका माध्यामबाट निजले प्राप्त गरेको र प्रतिवादीले सो जग्गा खरिद गर्दाको रकम आफूले दिएको भन्ने कुराको प्रमाण पनि निजले पेश गर्न सकेको अवस्था छैन। यसका साथै वादीकी आमा कोपिला गिरी क्यान्सरको दिर्घरोगी रहेको र निजको स्याहार सुसार उपचार तथा मृत्यु पछि काजक्रिया सदगत पनि यी वादीले नै गरेको भन्ने बेहोराको सर्जमिनका आधारमा बैजनाथ गाउँपलिका ५ नं. वडा कार्यालयबाट सिफारिस समेत भएको अवस्था छ।

२४. प्रस्तुत मुद्दामा वादीको बुबा आमा दुवैको मृत्यु भै सकेको, बुबा तर्फको हाँगाबाट पनि निजले अंश पाईनसकेको अवस्थामा आफ्नो जन्मदातृ आमाको नामको सम्पत्तीमा २ भाग मध्येको १ भाग अंश आमाले अर्को विवाह गरेका पति यी प्रतिवादीलाई र १ भाग अंश आफूलाई छुट्याई पाउँ भनी विशुद्द मन र सफा हात लिएर प्रतिवादीको हक समेत सुरक्षित गरी न्याय माग्न आएकोबाट पनि  वादीमा कुनै प्रकारको कलुषित मन र द्वेषपूर्ण भाव रहेको देखिँदैन। यस किसिमको सफा हात र शुद्द मन लिएर अदालतमा प्रवेश गरेको व्यक्तिले लैङ्गिक न्यायको दृष्टिकोणबाट पनि प्रभावकारी न्याय पाउनुपर्दछ।

२५. तसर्थ, वादी सन्ध्या बानिया प्रतिवादी डिल्ली बहादुर गिरीको वंश पुस्तेवारी भित्रको व्यक्ति नभएपनि निज वादीलाई जन्म दिने आमा कोपिला गिरीले विपक्षी डिल्ली बहादुर गिरीसँग दोस्रो विवाह गरेको कारण निज उपर प्रस्तुत मुद्दा दायर गर्ने हकदैया यी वादीलाई रहे भएको विषयमा प्रारम्भिक सुनुवाईबाट निर्णय निक्यौंल भई सकेको हुँदा यी वादीको जैविक बुवा आमा दुवै जनाको मृत्यु भई सकेको अवस्थामा मुलुकी देवानी संहिता, २०७४ को दफा २०५, २०६, २०७, २०९(२) र दफा २५७(३) समेतको कानूनी प्रावधानको समग्रतामा यी वादीले बुवाबाट अंश हक पाई नसकेको परिप्रेक्ष्यमा आफ्नो आमा कोपिला गिरीको नाउँमा दर्ता श्रेस्ता भएको फाँटवारीमा उल्लेखित श्रेस्ता भिडेको कि.नं.३२२ को जग्गा र सोमा बनेको घरमा फिराद मागदावी बमोजिम २ भागको १ भाग अंश पाउने ठहर्छ । सो ठहर्नाले अरु कुराको हकमा तपसिल बमोजिम गर्नु।

**तपसिल खण्ड**

- माथि ठहर खण्डमा लेखिए अनुसार तपसिलमा उल्लेखित उक्त जग्गालाई २ भाग लगाई सोको १ भाग यी फिरादीले अंश वापत छुट्याई लिन पाउने ठहरी फैसला भएकोले नियमानुसार लाग्ने दस्तूर वादीबाट लिई देहायको सम्पत्ति नरमगरम मिलाई ठहरे बमोजिम वादीलाई अंश छुट्याई दा.खा.नामसारी गराई चलन चलाई दिनू भनी तहसिल शाखामा लेखि पठाउनु-------------------------------------------------१

**देहायः**

| जिल्ला | गा .नं.वा /.पा. | कि .नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|
| बाँके | बनकटवा गा.वि.स.वडा नं.४ | ३२२ | १३५४ | कोपिला गिरी |

उक्त कित्तामा बनेको घर समेत।

- वादीले फिराद साथ दाखिल गरेको अदालती शुल्क रु.१०००।-  पछि दाखिला गरेको नपुग अदालती शुल्क रु.११,६२५।- र फैसला कार्यान्वयनको क्रममा नपुग अदालती शुल्क समेत वादीबाट लिई सो अदालती शुल्क मुलुकी देवानी कार्याविधी संहिता,२०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट वादीलाई भराई दिनू--------------------------२

- प्रस्तुत फैसला चित्त नबुझे मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २०५(१) बमोजिम ३० दिनभित्र उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा पुनरावेदन गर्नु प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू---------------------------------------------३
- सरोकारवालाले नक्कल मागे कानुनको रित पुऱ्याई नक्कल दिनू------------------------४
- फैसला प्रमाणीकरण भएको विवरण सुचना पाटी र अदालतको वेवसाईटमा समेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू---------------------------------६

**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

ना.सु प्रकाश सापकोटा

इजलास अधिकृतः-अर्जुन कुमार कार्की

फैसला मितिः-२०८०।११।०१।३

फैसला प्रमाणिकरण भएको मिति २०८०।११।१८।   अदालतको छाप

श्री
अर्घाखाँची जिल्ला अदालत
इजलास
माननीय न्यायाधीश कृष्णजंग शाह
फैसला
मुद्दा नं.:-०७९-CP-००२४
रजिष्ट्रेशन नं.:-६४-०७९-०००३३
दायरी मिति:-२०७९।०४।२२
निर्णय नं.:-३६०
मुद्दाः-अंश ।

| | |
|---|---|
| थानेश्वर पौडेलको नाति गंगाधर पौडेलको छोरा जिल्ला अर्घाखाँची सन्धिखर्क न.पा. वडा नं.९ मा बस्ने मुक्तिनाथ पौडेल.......................................................१ | वादी |

विरुद्ध

| | |
|---|---|
| छविलाल पौडेलको नाति थानेश्वर पौडेलको छोरा जिल्ला अर्घाखाँची सन्धिखर्क न.पा. वडा नं.९ बस्ने गंगाधर पौडेल..............................................................१<br>थानेश्वर पौडेलको बुहारी गंगाधर पौडेलका एकाघरसगोलकी पत्नी ऐ.ऐ. बस्ने सुमित्रा पौडेल....................................................२<br>गंगाधर पौडेलको बुहारी स्व. सोमनाथ पौडेलकी पत्नी गंगाधर र सुमित्राका एकाघर सगोलमा बस्ने देवका खनाल पौडेल......................................................१ | प्रतिवादी |

मुद्दाः- अंश ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (४) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः

**प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यः**

१. **फिरादपत्रः-**

मूल पुरुष गंगाधर पौडेलको चल-अचल सम्पत्तिमा अंश हक लाग्ने विपक्षी बुबा गंगाधर पौडेल-१, आमा सुमित्रा पौडेल-१, दाजु सोमनाथको परलोक भएकाले भाउजू देवका खनाल पौडेल-१ र म वादी मुक्तिनाथ पौडेल-१ गरी जम्मा ४ अंशियार एकाघर सगोलमा छौं । बुबा गंगाधर पौडेलले विगत २३ वर्षदेखि श्री अर्घा रजस्थल मा.वि. समेतमा अध्यापन गर्दै आउनुभएको छ । दाजु स्व. सोमनाथ पौडेलले बुटवलतर्फ जग्गाको कारोबार गर्ने र मैले पनि बुटवल बजारमै मार्केटिङको काम गर्ने गरेका थियौं । हामी सबै घर परिवारको अथक मेहनत र परिश्रमबाट बुटवल बेल्बासमा घडेरी खरिद गरी १ तले पक्की आर.सि.सि. घर निमार्ण गरेका छौं । सो घरघडेरी दाजु सोमनाथ पौडेलको नाउँमा छ । सो बाहेकका अन्य अचल सम्पत्ति बाबु आमाको नाममा छन् । हामी सबै घर परिवारको एकता साथै मेलमिलापबाट कमाएको सबै चल सम्पत्ति जति दाजु स्व. सोमनाथ पौडेलले जिम्मा राख्ने र सोबाट जग्गाको कारोबार गर्ने गर्दै आउँदा दाजु सोमनाथले सिटिजन लाइफ इन्सुरेन्समा आफ्नो नाउँमा १ करोडको दुर्घटना बिमा पाउने गरी बिमा गरी किस्ता रकम जम्मा गर्दै आउनुभएको थियो । यस्तै

अवस्थामा २०७६।०७।०५ गते रुपन्देही जिल्लाको सालझन्डी भन्ने ठाउँमा दाजुले चलाएको मोटर साइकललाई ट्रकले ठक्कर दिई दुर्घटना हुँदा घटनास्थलमै दाजुको स्वर्गबास भएछ । दाजुको अन्तेष्टि गंगाघाट काजक्रिया समेतको सबै काम सम्पन्न भएपछि तेस्रो पक्ष बिमा बापत सम्बन्धित बिमा कम्पनीबाट रु. ५,००,०००।-, ट्रक धनीबाट रु. १,००,०००।-, सामुदायिक बचत सहकारी संस्था रुपन्दहीबाट रु. २,२०,०००।-, लक्ष्मी सामाजिक बहु-उद्देशिय सहकारी संस्थाबाट रु. १,००,०००।-, विवेकशिल सहकारी संस्थाबाट १०,०००।- र सिटिजन लाइफ इन्सुरेन्सबाट रु. १,००,५०,०००।- (एककरोड पचासहजार रुपैयाँ) गरी एककरोड नौलाख असीहजार रुपैयाँ भाउजू विपक्षी देवका खनाल पौडेल समेतका विपक्षीहरूले बुझी लिइसक्नुभएको छ । सो रकम प्राप्त गरिसकेका विपक्षीहरू एक-आपसमा मिली मलाई त्यति ठुलो चल सम्पत्तिबाट विमुख गराइ अलपत्र पार्ने सल्लाह गर्नुभएछ र म तथा मेरी पत्नी शान्ता र नाबालक छोरा प्रिन्सलाई बिगतमा गर्ने जस्तो व्यवहार गर्न छाडी गालीगलौज गर्ने, खानपानमा पक्षपात गर्ने, राम्रोसँग नबोल्ने गर्न थाल्नुभएकाले विपक्षीहरूले म तथा मेरो परिवारलाई हेर्ने दृष्टिकोणमा किन एक्कासी परिर्वतन भयो भनी मिति २०७६।०९।१२ गतेका दिन बुटवल बेल्बासको घरमा सबै विपक्षीहरूलाई जुटाइ के भएको हो, म तथा मेरा परिवारप्रति तपाईँहरूले गर्ने पुरानो मायालु वातावरण छैन । यति ठूलो रकम हामीसँग छ, यो रकमलाई सदुपयोग गर्नुपर्छ । मेरो मार्केटिङको व्यवसायलाई आफ्नै व्यवसाय बनाइ हामीहरूले नै सञ्चालन गरौं भनी विपक्षीहरूसँग अनुरोध गर्दा विपक्षीहरू तीनैजना एकमुख भई हामीसँग भएको चल सम्पत्तिको कुरा त परै रहोस्, भएको अचल सम्पत्ति पनि तँलाई दिँदैनौ, जहाँ गई जे गर्न सक्छस् गर् भनी हाका जवाफ दिई सोही दिनदेखि म तथा मेरो परिवारलाई घरबाट निकाला गरेकाले साह्रै अन्यायमा परी बाध्य भई विपक्षीहरू उपर यो फिरादपत्र लिई न्यायको लागि उपस्थित भएको छु । यसर्थ बण्डा गर्नुपर्ने सम्पूर्ण चल-अचल सम्पत्ति यहाँ यति छ भनी हाल मैले खुलाउन नसक्ने भएकोले मेरो फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १० को दफा २२०, २२१, २२२,२२३ बमोजिम विपक्षीहरूबाटै सबै चल-अचल सम्पत्तिको यथार्थ फाँटवारी लिई अंश बण्डा गर्नुपर्ने घरमा मूल ४ अंशियार भएकाले सबै सम्पत्तिलाई ४ भाग लगाइ सो को १ भाग अंश मलाई दिलाइ मैले राखेको अदालती शुल्कसमेत भराइपाऊँ भन्ने बेहोराको वादी  मुक्तिनाथ पौडेलको फिरादपत्र ।

२. **प्रतिउत्तरपत्रः-१**

सह-प्रतिवादी ससुरा गंगाधर पौडेल, सासू सुमित्रा पौडेल यी वादीका बुबा आमा हुनुहुन्छ र म निजकी भाउजू हो । यी वादीका दाजू मेरा पति सोमनाथ पौडेलको मिति २०७६।०७।०५ गते सडक दुर्घटना परी निधन भएकोले शोकमा रहेकी म उपर यी वादी र अन्य सह-प्रतिवादीहरू समेतको मिलोमतो, षडयन्त्र र सहमतिमा यो फिराद दायर भएको हो । यी वादीले लिएको फिराददावी मध्ये पैतृक सम्पत्ति ससुरा गंगाधर पौडेल र सासूआमा सुमित्रा पौडेलका नाउँमा रहेको भन्ने समेतको फिराद कथन बाहेक अन्य दावी निराधार, काल्पनिक, बनावटी एवं झुट्टा हो । स्व. पति सोमनाथ पौडेलका नाउँमा दर्ता रहेको जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ बेलवासस्थित स्रेस्ताअनुसार जिल्ला रुपन्देही सेमलार गा.वि.स. वडा नं. २ कि.नं. १२६३ को ज.वि. ०-०-५ पाँच

धुर जग्गा र सो जग्गामा बनाएको १ तले आर.सि.सि. पक्की घरमा वादी र सह-प्रतिवादी समेतको मेहनत, श्रम, आर्जन तथा पैतृक सम्पत्तिबाट बढे बढाएको सम्पत्तिबाट खरिद गरी निर्माण गरेको होइन । उक्त जग्गा जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ बेलवास बस्ने नारायण भट्टराई-१,ऐ.ऐ. बस्ने वर्ष ३२ का युवराज अर्याल र मेरा स्व. पति सोमनाथ पौडेलले विभिन्न संघ संस्था र व्यक्तिसँग ऋण लिई संयुक्त लगानीमा खरिद गरी लिई संयुक्त लगानीमा नै घर निर्माण गरी आउनुभएको जग्गा हो । सो कुरा पति सोमनाथ पौडेल, नारायण भट्टराई र युवराज अर्यालका बीचमा मिति २०७६।०२।०१ मा भएको लिखतले प्रमाणित गर्दछ । आफ्ना पालामा आर्जे कमाएको सम्पत्ति निजी मानिने भनी मुलुकी देवानी संहिता, २०७४ को दफा २५६ मा समेत कानूनी व्यवस्था रहेकोबाट मेरा पतिको नाउँमा रहेका सम्पत्ति निजले आफ्नो ज्ञान, सिप, प्रयासबाटै ऋण धन गरी आर्जन गरेको हुँदा बण्डा गर्नुपर्ने होइन । मेरा स्व. पति सोमनाथ पौडेलको मिति २०७६।०७।०५ गते सडक दुर्घटनामा परी घटनास्थलमै अकल्पनिय स्वर्गारोहण भएको, त्यसरी स्वर्गारोहण भएपश्चात मैले प्राप्त गरेको थर्ड पार्टी बिमा र जीवन बिमाबाट प्राप्त रकममा कुदृष्टि लगाइ वादी र सह-प्रतिवादीहरूको मिलोमतो र सल्लाहमा नै प्रस्तुत मुद्दा दायर भएको हो । जीवन बिमा तथा थर्ड पार्टी बिमा वापत पाउने रकम भनेको मृतकको नजिकको हकवालाले पाउने निजी रकम हो। कुनै कारणवश जीवन विमा गराउने व्यक्तिको दुर्घटनामा परी मृत्यु भएमा मृतकको नजिकको हकवाला जो हो, उसैले बिमा रकम पाउँछ । सो विमा रकम पैतृक सम्पत्ति सरह बण्डा गर्नुपर्ने रकम नभई हकवालाको निजी हुन्छ । सह-प्रतिवादी ससुरा गंगाधर पौडेलले मलाई कुनै जानकारी नै नदिई मेरो छोरी प्रशंसा पौडेललाई समेत उपस्थित नगराई गुपचुपमा जिल्ला रुपन्देही सेमलार गा.वि.स. वडा नं. २ फ कि.नं. १२६३ को ज.वि. ०-०-५ जग्गा छोरी प्रशंसा पौडेल र आफ्ना नाममा संयुक्त नामसारी गराउने गरी सिफारिस लिनुभएको रहेछ सो कुरा म नामसारीको लागि सिफारिस लिन सन्धिखर्क न.पा. वडा नं. ९ मा जाँदा सिफारिस दिन नमिल्ने, तपाइँका ससुराले लगी सक्नुभएको हो भनी बताएबाट नै यो दावी मैले बिमा वापत प्राप्त रकमका लागि लिएको हुँदा बिमाबाट प्राप्त रकम निजी ठहर गरी इन्साफपाऊँ भन्ने बेहोराको प्रतिवादी देवका खनाल पौडेलको प्रतिउत्तर जिकिर ।

३. **प्रतिउत्तरपत्रः-२**

वादीले आफ्नो फिरादपत्रमा लिएको दावी झुट्टा हो । यी वादीलाई हामीहरूले खान, लगाउन नदिई पक्षपात गरी घरबाट निकाला गरेका छैनौं । यी वादी र निजका दाजु स्व. सोमनाथ पौडेल दुवै भाइ मिली बुटवलतर्फ पेसा/व्यवसाय गर्ने गर्दै आएका थिए भने हामी पति पत्नी पुख्यौंली घरमा बस्दै आएका थियौं । प्रतिवादी म गंगाधर पौडेलले साँझ बिहान घरको कृषि काम गरी दिउँसो विद्यालयमा अध्यापन गर्दै आएको छु । हामी पति पत्नीले घरमा दुखकष्ट गरी कृषि तथा पशु पालनबाट बचाएको रकम र मैले अध्यापन गरी आएको तलब भत्तासमेत दुवै भाइलाई बुटवलतर्फ पेसा/व्यवसाय गर्न दिँदै आएका थियौं । हामी बाबु आमाको दुर्भाग्य, जेठो छोरा सोमनाथ पौडेल मोटरसाइकल दुर्घटनामा परी २०७६।०७।०५ स्वर्गवास भएपछि हामीहरू अत्यन्तै दुखित बनेका छौं । दुवै छोराहरूले बुटवलमा पेसा/व्यवसाय गर्दा विभिन्न समयमा बाबु म गंगाधरसँग रकम चाहियो भनी

मागने गरेकाले सन्धिखर्क निवासी लोकमणी आचार्यबाट रु.५,२५,०००।- ब्याज तिर्ने गरी सापटी लिई पठाइ दिएको हुँ । स्व. छोरा सोमनाथले अमेरिका जाने भनी भिषा मिलाउँदा रु. १५,००,०००।- जति ऋण खोजी १४,७२०।— अमेरिकी डलर साटी छोरा सोमनाथलाई दिएको ऋण तिर्न अझै बाँकी छ । यस्तो अवस्थामा कान्छो छोरा विपक्षी वादीले हामीहरू उपर अंश पाऊँ भनी दावी गर्ने तथा बुहारी देवका खनाल पौडेलले छोरा सोमनाथको दुर्घटनाबाट पाएको बिमा रकम रु. १,००,००,०००।- र विभिन्न सहकारी बाट पाएको रु. ५,२०,०००।- समेत लिई आफूखुसी गरी हामी वृद्ध बाबु आमाले ऋण खोजी दिएको रकम तिर्नुको बदला बुटवल बेल्बासमा ५ धुर जग्गामा बनेको घरसमेत मेरो निजी हो भनी प्रतिवाद गर्ने गरेबाट हामीहरूलाई पुत्र शोकसँगै सम्पत्ति हिनामिना गर्दै वादी कान्छो छोरा मुक्तिनाथ र सह-प्रतिवादी देवका खनाल पौडेलको नियोजित षडयन्त्रबाट सम्पत्ति लुकाइ हामीहरूलाई समेत प्रतिवादी बनाइ मुद्दामा पैरवी गर्नु/गराउनु विपक्षी वादी र सह-प्रतिवादी बुहारीको साह्रै ठुलो अन्याय र मनपरी भयो । अतः छोरा सोमनाथ पौडेल वितेको ३/४ महिना बीचमै बुहारी देवका खनाल पौडलले करिब १,०५,२०,०००।- रकम बुझी सो रकमलाई आफ्नो मात्र निजी रकम भन्दै छोरा सोमनाथको नाममा रहेको घरलाई निजी अंशबण्डा नहुने भनी प्रतिवाद गरी हामीहरूलाई दुख हैरानी दिएकी र कान्छो छोरा मुक्तनाथ पौडेलले तत्काल अंश पाऊँ भनी मुद्दा गरी हामीहरूलाई घरको न घाटको बनाउन खोजेका छन् । अतः बुहारीले षडयन्त्रपूर्वक सबै नगद चल सम्पत्ति लुकाइ घरमा मनमुटावको स्थिति सृजना गरेकोले हामी ४ जना अंशियारको नाममा रहे/भएका सबै चल-अचल सम्पत्तिलाई ४ भाग लगाइ न्यायपाऊँ भन्ने बेहोराको प्रतिवादी गंगाधर पौडेल र सुमित्रा पौडेलको संयूक्त प्रतिउत्तर जिकिर ।

४. **साक्षी बकपत्रः-**

**वादीका साक्षीहरूः-**

**क. रामप्रसाद रिजालः-**

वादी मुक्तिनाथ पौडेलको बुबा गंगाधर पौडेल, आमा सुमित्रा पौडेल, दाजु सोमनाथ पौडेल र निज वादी मुक्तिनाथ पौडेल गरी ४ अंशियार हुन् । यी वादीका दाजु सोमनाथको सडक दुर्घटनामा परी मृत्यु भएको हो । निजकी पत्नी देवका र नाबालक छोरी छन् । यी वादी प्रतिवादीहरू एकाघर सगोलमै रहेको हुँदा ४ अंशियारहरू भएकोले १ भाग अंश वादी मुक्तिनाथ पौडेलले बाबु गंगाधर पौडेल, आमा सुमित्रा पौडेल र मृतक सोमनाथ पौडेल सबै अंशियारको नाउँमा रहेका जग्गाहरूबाट पाउनुपर्ने हो भन्ने समेत बेहोराको वादीका साक्षी रामप्रसाद रिजालले सुरु अदालतमा गरेको बकपत्र।

**प्रतिवादीका साक्षीहरूः-**

**क. नारायण भट्टराईः-**

उक्त कि.नं. को जग्गा र उक्त क्षेत्रफलमा बनेको पक्की घर हामीहरू ३ जना साथीहरू युवराज अर्याल, म नारायण भट्टराई र स्व. सोमनाथ पौडेलले संयुक्त लगानीमा जग्गा किनेको र संयुक्त लगानीमै पक्की घर बनाएका हौं । उक्त जग्गा र उक्त घरमा वादी मुक्तिनाथ पौडेल समेतको संगोलको सम्पत्तिबाट जग्गा खरिद गरी घर बनाएको होइन । उक्त बेल्वासको जग्गामा वादी

मुक्तिनाथ पौडेलको अंश भाग लाग्नुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी नारायण भट्टराईले सुरु अदालतसमक्ष गरेको बकपत्र ।

५. नाता पुस्तामा विवाद नभएको र वादीले यसअघि अंश लिएको पनि नदेखिदा हाल वादीले प्रतिवादीबाट अंश पाउने नै देखिदा पछि ठहरेबमोजिम हुनेगरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिदिएको छ । सो मिति सम्ममा बन्डा गर्नुपर्ने सम्पूर्ण सम्पत्तिको तायदाती फाँटवारी १५ दिनभित्र वादी प्रतिवादीबाट मुलुकी देवानी संहिता, २०७४ को दफा २२१, २२२, २२३ र २२४ बमोजिम दाखिला गराउनु । कुनै सम्पत्ति निजि हो, बण्डा गर्नुपर्ने होइन भनी कसैले जिकिर लिएमा सो भन्नेबाट सो को प्रमाण पेस गर्न लगाउनू । अचल सम्पत्तिको दर्ता स्रेस्ता मालपोत कार्यालयबाट झिकाउनू र नपुग अदालती शुल्क वादीबाट दाखेल गराइ तायदाती फाँटवारी परस्पर सुनाइ नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७७।११।१८ मा भएको आदेश ।

६. मेरो नाममा कुनै अचल सम्पत्ति छैन । मेरा पति सोमनाथ पौडेलको मिति २०७६।०७।०५ मा सडक दुर्घटनामा परी स्वर्गारोहण भएको हो । निज पतिले सिटिजन लाइफ इन्स्यूरेन्स कम्पनी लिमिटेड, काठमाडौंमा दुर्घटना बिमा गराउनु भएकोमा मैले पतिको बिमा रु.१,००,५०,०००।— (एककरोड पचासहजार रुपैयाँ) बुझेकी छु । मेरा पति सोमनाथ पौडेल समेतले संयुक्त लगानीमा जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ चन्द्रमापथ बेलबासको कि.नं. १२६३ को क्षेत्रफल ०-०-५ (पाँच धुर) मा बनाएको घर मेरा पतिका नाममा भए तापनि संयुक्त हिस्सेदार नारायण भट्टराईलाई सो घर घडेरी वापत मैले रु.९,००,०००।— (नौलाख रुपैंया) बुझाइ रु.५,००,०००।— (पाँचलाख रुपैंया) तिर्न बाँकी छ । अरु सहकारी समेतको ऋण बुझाएको र केही तिर्न बाँकी छ । उल्लिखित घरजग्गा मेरो बिमाबाट प्राप्त रकम खर्च गरी पतिका नाममा एकलौटी गराएकी हुँदा बण्डा हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी देवका खनाल पौडेलले मिति २०७७।११।२६ मा पेस गरेको तायदाती फाँटवारी विवरण ।

७. वादीले यस अदालतमा मिति २०७७ साल फाल्गुन २६ गते तोकिएको तारेख गुजारेको र कानूनले थाम्ने/थमाउने अवधिसमेत व्यतित भइसकेकोले प्रस्तुत मुद्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १४१ (१) को खण्ड (ख) बमोजिम डिसमिस हुने ठहर्छ । साथै वादीले प्रस्तुत फिरादपत्र दायर गर्दा राखेको अदालती शुल्क रु. १,०००।—(एकहजार रुपैयाँ) जफतसमेत हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनु भन्ने बेहोराको यस अदालतबाट मिति २०७८।०३।२२ मा भएको डिसमिस फैसला ।

८. अंशहक जस्तो नैसर्गिक अधिकारसँग जोडिएको विषयको मुद्दालाई प्राप्त प्रमाणका आधारमा मुद्दाको फैसला गर्नुपर्ने न्यायिक सिद्धान्त हो । मुलुकी देवानी संहिता, २०७४ को दफा २११ मा संगोलको सम्पत्ति भएका पति पत्नी, बाबु आमा, छोरा छोरीले पति पत्नी, छोरा छोरी, बाबु र आमालाई आफ्नो इज्जत आमदअनुसार खान, लगाउन दिन र आर्थिक हैसियतअनुसार शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने छ भन्ने व्यवस्था उल्लेख गर्दै उल्लेखित दायित्व पुरा नगरेकोमा अंशियारले आफ्नो अंश लिई भिन्न हुन पाउने प्रष्ट कानूनी व्यवस्था रहेको छ । म पुनरावेदक वादीलाई प्रतिवादीहरूले

खान, लाउन नदिएको, अंशबण्डा नभएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट स्पष्ट देखिदा देखिदै अंशबण्डा हुने गरी फैसला गर्नुपर्नेमा सो नगरी डिसमिस हुने गरी गरेको फैसला बेरीतको भई त्रुटिपूर्ण रहेको छ । मुलुकी देवानी संहिता, २०७७ को दफा १४१(१) (ख) मा प्रतिउत्तर पत्र पेस भएपछि वादीले तारेख गुजारेमा प्रतिवादीले फिराददावी आंशिक वा पुरै स्वीकारेको देखिन आए वा ठहरेमा सो हदसम्म सोहीबमोजिम फैसला हुने गरी बाँकी दावी डिसमिस गर्नुपर्ने भन्ने व्यवस्था रहेको, प्रतिवादीहरूले पुनरावेदक वादी मलाई हाम्रो नाता पुस्ताको अंशियार होइन भनी इन्कार गर्न नसकी अंशियार स्वीकार गरेका र मलाई खान, लाउन नदिएका, मैले प्रतिवादीहरूबाट अंश पाउनुपर्ने हो भन्ने कुरा साक्षी प्रमाणबाट समेत समर्थित भइरहेको अवस्थामा फिराददावी नै डिसमिस हुने भनी गरेको फैसला बेरीत पूर्वक हुनुको साथै प्रत्यक्ष कानून त्रुटिपूर्ण रहेको हुँदा मिति २०७८।०३।२२ मा भएको उक्त डिसमिस फैसला उल्टी/बदर गरी मेरो फिराद दावीबमोजिम अंशको फाँटवारी माग गरी फिराद दावीबमोजिम अंश दिलाइपाऊँ । अतः माथि उल्लेखित आधार कारण तथा म बाट नियुक्त कानून व्यवसायीको बहससमेत सुनी/बुझी सुरु अदालतबाट भएको बेरीतको डिसमिस फैसला बदर घोषित गरी दावीआनुसार अंश दिलाइपाऊँ भन्ने बेहोराको वादी मुक्तिनाथ पौडेलको पुनरावेदन जिकिर।

९. यसमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १४१ (१) (ख) बमोजिम प्रतिवादीले आंशिक वा पुरै फिराद दावी स्वीकार गरेको देखिन आए वा ठहरेमा सो हदसम्म सोहीबमोजिम फैसला गर्नुपर्ने भन्ने कानूनी व्यवस्थाको व्याख्याको प्रश्न र प्रमाण मूल्याङ्कनको रोहमा सुरु फैसला फरक पर्न सक्ने देखिदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ११२ बमोजिम प्रत्यर्थी झिकाइ आए वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेस गर्नू भन्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७८।०८।२२ मा भएको आदेश ।

१०. प्रतिवादीहरूले पुनरावेदक म वादीलाई हाम्रो नाता पुस्ताको अंशियार होइन भनी इन्कार गर्न नसकी अंशियार स्वीकार गरेका र खान, लाउन नदिएको हुँदा मैले प्रतिवादीहरूबाट अंश पाउनुपर्ने हो भन्ने कुरा साक्षी प्रमाणबाट समेत समर्थित भइरहेको अवस्थामा फिराददावी नै डिसमिस हुने भनी गरेको फैसला बेरीतपूर्ण हुँदा उक्त फैसला बदर गरिपाऊँ भन्ने वादीको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। अब वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, वादीले तोकिएको तारेख गुजारी थाम्ने/थमाउने अवधिसमेत व्यतित भइसकेको अवस्थामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १४१(१) को खण्ड (ख) बमोजिम अर्घाखाँची जिल्ला अदालतबाट मिति २०७८।०३।२२ मा मुद्दा डिसमिस हुने ठहऱ्याइ फैसला भएको देखिन्छ । उक्त दफा १४१(१) को खण्ड (ख) मा "**प्रतिउत्तर पत्र पेस भएपछि वादीले तारेख गुजारेमा प्रतिवादीले फिराद दावी आंशिक वा पुरै स्वीकारेको देखिन आए वा ठहरेमा सो हदसम्म सोहीबमोजिम फैसला हुने गरी बाँकी दावी डिसमिस गर्नुपर्ने**" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिउत्तरपत्र परिसकेको र प्रतिउत्तरपत्रमा यी वादी अंशियार रहे/भएको र अंशबण्डा नभएको हदसम्म वादी दावी स्वीकार गरेको देखिन्छ । यस्तो अवस्थामा पुरै दावी डिसमिस हुने गरी भएको फैसला उक्त कानूनी व्यवस्था

विपरीत रहे/भएको देखिदा सुरु जिल्ला अदालतको मिति २०७८।०३।२२ को डिसमिस फैसला बदर गरिदिएको छ । अब कानूनबमोजिम फैसला गर्नू भनी मिसिल सुरु अर्घाखाँची जिल्ला अदालतमा पठाइदिने ठहर्छ भन्नेसमेत बेहोराको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७९।०३।०६ मा भएको फैसला ।

**११.** यस अदालतबाट भएको डिसमिस फैसला बदर भई पुनः इन्साफको लागि फिर्ता भई आएको प्रस्तुत मुद्दा सम्बन्धित दायरीमा दर्ता गरी मुद्दाको कारबाही अगाडि बढाइएको ।

**१२.** प्रतिवादी मध्येको गंगाधर पौडेलले निजका नाम जिम्मामा मोल रु.३,३२,७००।— बराबरको घरजग्गा रहेको तथा केही ऋणसमेत रहेको देखाइ तथा प्रतिवादी मध्येकी सुमित्रा पौडेलले निजका नामको कि.नं. १२३६, १२३७, १९४९ र ५३८ को सम्पूर्ण जग्गा निजी आर्जनको भएकोले बण्डा गर्नुपर्ने होइन भनी मिति २०७९।०९।२८ मा पेस गरेको तायदाती फाँटवारी विवरण ।

**१३.** वादी मुक्तिनाथ पौडेलले प्रतिवादी देवका खनाल र निजकी नाबालक छोरी प्रशंसा पौडेलको नाममा संयुक्त दर्ता रहेको कि.नं. १२६३ को जग्गा, घर तथा दाजुको मृत्युपछि निजले बिमा वापत प्राप्त रकमसमेत सबै हकदारको हक लाग्ने हुँदा बण्डा गरिपाऊँ भनी मिति २०७९।०९।२८ मा पेस गरेको तायदाती फाँटवारी विवरण ।

**१४.** गंगाधर पौडेल र सुमित्रा पौडेलले तायदाती फाँटवारीमा देखाइ दर्ता स्रेस्ताबाट यकिन हुन आएको बण्डा लाग्ने सम्पत्तिको विवरणः-

जग्गाधनीः- गंगाधर पौडेल, बाबु/पतिः थानेश्वर, बाजे/ससुराः छविलाल ।

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | अर्घा | ४ | २३९८ | ६४ |
| २. | अर्घाखाँची | अर्घा | ४ | १२३१ | १६९० |
| ३. | अर्घाखाँची | अर्घा | ४ | २४०९ | ३०२ |
| ४. | अर्घाखाँची | अर्घा | ४ | ६४३ | ६७५ |
| ५. | अर्घाखाँची | अर्घा | ४ | २४१२ | १९० |
| ६. | अर्घाखाँची | अर्घा | ४ | ११४१ | ३६४ |
| ७. | अर्घाखाँची | अर्घा | ४ | १५२७ | ६१० |
| ८. | अर्घाखाँची | अर्घा | ४ | २४२७ | १२७ |
| ९. | अर्घाखाँची | अर्घा | ४ | १४२९ | ३१२ |
| १०. | अर्घाखाँची | अर्घा | ४ | १३६५ | २७३ |
| ११. | अर्घाखाँची | अर्घा | ४ | १११८ | २६० |
| १२. | अर्घाखाँची | अर्घा | ४ | २४१५ | २७५ |
| १३. | अर्घाखाँची | अर्घा | ४ | २४२१ | ७२० |
| १४. | अर्घाखाँची | अर्घा | ४ | २४२२ | २७५ |
| १५. | अर्घाखाँची | अर्घा | ४ | २४२५ | ८०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | अर्घाखाँची | अर्घा | ४ | २४०५ | ७५ |
| १७. | अर्घाखाँची | अर्घा | ४ | १०३ | २२० |
| १८. | अर्घाखाँची | अर्घा | ४ | १०५१ | ०-१०-०-१ |

जग्गाधनीः- सुमित्रा पौडेल, बाबु/पतिः गंगाधर, बाजे/ससुरालः थानेश्वर ।

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | सन्धिखर्क | १ | ५३८ | ७३.८६१ |

**यस अदालतको ठहरः**

**१५.** नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी सुनुवाइको लागि इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरियो ।

**१६.** प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री केशवराज पोखरेल र माधवप्रसाद घिमिरेले वादी एकासगोलका अंशियार भएकोमा कुनै विवाद छैन । अंशियार मध्ये जो जसका नामको सम्पत्ति पनि एकासगोलको नै मानिने हुँदा प्रतिवादी देवका खनाल पौडेलले बिमाबाट प्राप्त रकम बण्डा हुनु नपर्ने भनी जिकिर लिएपनि सो सम्पत्ति निजको निजी वा स्वआर्जनको नभएकोले सबै अंशियारमा भागबण्डा हुनुपर्ने हो । अतः वादी दावीबमोजिम तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण चल-अचल सम्पत्तिबाट वादीले अंश पाउनुपर्छ भनी तर्कपूर्ण बहस प्रस्तुत गर्नुभयो ।

**१७.** त्यसैगरी प्रतिवादी देवका खनाल पौडेलका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगन्नाथ भुसालले वादीले अंश बाबु आमाबाट पाउनुपर्छ, सगोलको सम्पत्तिबाट अंश पाउनुपर्ने हो । प्रतिवादी देवका खनाल पौडेलका नाउँमा रहेको सम्पत्ति सगोलको आर्जनबाट खरीद गरेको नभई निजका स्वर्गीय पति सोमनाथ पौडेलले निजी आर्जनबाट खरीद गरेको जग्गा हो । उक्त जग्गा खरीद गरेको ऋण र घर निर्माण गर्दा लागेको ऋण निजको पतिको मृत्युपश्चात निजको बिमाबाट आएको रकमबाट चुक्ता गरेको हुँदा उक्त घरजग्गा निजी ठहर हुनुपर्छ भनी तर्कपूर्ण बहस प्रस्तुत गर्नुभयो ।

**१८.** उपर्युक्तानुसार दुवै पक्षका कानून व्यवसायीहरूको तर्कपूर्ण बहससमेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा मूलतः देहायका विषयमा निर्णय गर्नुपर्ने देखियो ।

क) वादीले दावीबमोजिम प्रतिवादीहरूबाट अंश पाउने हुन्, होइनन् ?

ख) अंश पाउने हुन् भने प्रतिवादी गंगाधर पौडेलले तायदातीमा देखाएको ऋण तथा प्रतिवादी सुमित्रा पौडेल र देवका खनाल पौडेलले निजि भनी लिएको जिकिर के-कसो हो ?

ग) वादीले अंश पाउने भए के-कुन सम्पत्तिबाट के-कति अंश पाउने हुन् ?

**१९.** उल्लिखित प्रश्नहरू मध्ये प्रथमतः पहिलो प्रश्नमा निर्णयतर्फ विचार गर्दा, मूल पुरुष बाबु गंगाधर पौडेलका अंश हकवालामा बाबु गंगाधर पौडेल-१, आमा सुमित्रा पौडेल-१, दाजु सोमनाथ पौडेलको मृत्यु भएकोले भाउजू देवका खनाल पौडेल-१ र म फिरादी-१ गरी जम्मा ४ अंशियार एकासगोलमा

छौं। हामी बीचमा अंशवण्डा भएको छैन । हामी सबै घर परिवारले कमाएको चल सम्पत्ति दाजु सोमनाथ जिम्मा कारोबार रहेकोमा निजले सिटिजन लाइफ इन्स्योरेन्समा १ करोडको दुर्घटना बिमा गरी किस्ता रकम तिर्दै आउनुभएको र बुटवलमा एकतले पक्की घरसमेत निर्माण गर्नुभएकोमा दाजुको मिति २०७६।०७।०५ मा मोटरसाइकल दुर्घटनामा मृत्यु भयो । सोपश्चात प्राप्त बिमाको रकम १ करोड ५० हजार देवका खनाल पौडेल लगायतका विपक्षीहरूले बुझी एकलौटी गर्न खोज्नु भएकोमा मलाई पनि चाहिन्छ भन्दा घरबाट निकाला गरेकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण चल-अचल सम्पत्तिको तायदाती फाँटवारी दाखेल गराइ ४ भागको १ भाग अंश दिलाइपाऊँ भनी फिराद दावी लिएको देखियो ।

२०. सो फिराद दावीका सम्बन्धमा प्रतिवादी मध्येकी देवका खनाल पौडेलको प्रतिउत्तर बेहोरा हेर्दा, मेरो पतिको दुर्घटनामा परी मृत्यु भएको भन्ने वादीको भनाइ साँचो रहेपनि अरु बेहोरा झुट्टा एवं बनावटी हो। मेरो पति घरको मुख्य व्यवहारकर्ता होइनन् । जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ मा रहेको कि.नं. १२६३ को जग्गामा निर्माण गरिएको घर पैतृक तथा सोबाट बढे बढाएको सम्पत्तिबाट निर्माण गरेको होइन् । मेरा पतिका जग्गा खरीद विक्री गर्ने पार्टनर नारायण भट्टराई, युवराज अर्याल र मेरा पतिले संयुक्त लगानीमा जग्गा किनी घर निर्माण गरेकामा पतिको निधनपश्चात प्राप्त बिमा रकम तिरी सो घरजग्गा एकलौटी बनाएकी हुँ । घर किन्दा विभिन्न संस्था तथा व्यक्तिबाट लिएको ऋणमध्ये केही तिरी केही बाँकीसमेत छ । बीमाबापत पाउने रकम मृतकको नजिकको हकवालाले पाउने निजी रकम हो । यसमा अरु अंशियारले बण्डा पाउने होइन । पैतृक सम्पत्तिबाट मात्र वादीले अंश भाग पाउने हुन् भनी जिकिर लिएको पाइयो ।

२१. प्रतिवादीहरू गंगाधर पौडेल र सुमित्रा पौडेलले पनि बुटवल स्थित घर एकासगोलको रकमबाट बनाएको हो । प्रतिवादी देवका खनाल पौडेलले प्राप्त गरेको बीमाको रकममा समेत सबै अंशियारको हक लाग्नुपर्छ । जेठो छोराको जीवनकालमा निजलाई अमेरिका पठाउन भिषा मिलाउँदा निजलाई ऋण खोजिदिएको रकमसमेत तिर्न बाँकी छ । बीमा तथा बुटवलको घरजग्गा समेतका सम्पूर्ण चल-अचल सम्पत्तिमा ४ भाग लगाइ बण्डा गरिपाऊँ भनी वादी दावी कै मिलानको जिकिर लिएको देखियो।

२२. वादी प्रतिवादीका बीचमा अंशियार नातामा कुनै विवाद नरहेको र साधिकार निकायबाट रीतपूर्वक बण्डा भएको समेत नदेखिएको समेतबाट वादीले प्रतिवादीबाट अंश पाउने भई फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी दुवै पक्षबाट मिति २०७७।११।१८ मा तायदाती फाँटवारी माग भएकोमा आ-आफ्ना जिम्मा रहेका सम्पत्तिको तायदाती फाँटवारी पेस गरेको देखियो ।

२३. सो तायदाती फाँटवारी पेस गर्ने क्रममा प्रतिवादी देवका खनाल पौडेलले मेरो नाउँमा कुनै अचल सम्पत्ति छैन । मेरा पति सोमनाथ पौडेलको मिति २०७६।०७।०५ मा सडक दुर्घटनामा परी स्वर्गारोहण भएको हो । निज पतिले सिटिजन लाइफ इन्स्यूरेन्स कम्पनी लिमिटेड, काठमाडौंमा दुर्घटना बीमा गराउनु भएकोमा मैले पतिको बीमा रु.१,००,५०,०००।— (एककरोड पचासहजार रुपैयाँ ) बुझेकी छु । मेरा पति सोमनाथ पौडेल समेतले संयुक्त लगानीमा जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ चन्द्रमापथ बेलबासको कि.नं. १२६३ को क्षेत्रफल ०-०-५ (पाँच

धुर) मा बनाएको घर मेरा पतिका नाममा भए तापनि संयुक्त हिस्सेदार नारायण भट्टराईलाई सो घर घडेरी वापत मैले रु.९,००,०००।— (नौलाख रुपैंया) बुझाइ रु.५,००,०००।— (पाँचलाख रुपैंया) तिर्न बाँकी छ । अरु सहकारी समेतको ऋण बुझाएको र केही तिर्न समेत बाँकी छ । उल्लिखित घरजग्गा मेरो बीमाबाट प्राप्त रकम खर्च गरी पतिका नाममा एकलौटी गराएकी हुँदा सो जग्गा सम्पत्ति मेरो निजि हुँदा बण्डा हुनुपर्ने होइन भनी जिकिर लिएको अवस्था रहेछ ।

२४. त्यसैगरी प्रतिवादी मध्येका गंगाधर पौडेलले निजका नाम जिम्मामा मोल रु.३,३२,७००।— बराबरको घर जग्गा रहेको तथा केही ऋणसमेत रहेको देखाइ तथा प्रतिवादी मध्येकी सुमित्रा पौडेलले निजका नामको कि.नं. १२३६, १२३७, १९४९ र ५३८ को सम्पूर्ण जग्गा निजी आर्जनको भएकोले बण्डा गर्नुपर्ने होइन भनी जिकिर लिएको देखियो ।

२५. यसरी वादी प्रतिवादीले तायदाती फाँटवारीमा देखाएको जग्गा सम्पत्तिको दर्ता स्रेस्तासमेत सम्बन्धित मालपोत कार्यालयबाट प्राप्त भएकोले कुन-कुन सम्पत्ति बण्डा लाग्ने हो वा निजी हो ? प्रतिवादी गंगाधर पौडेलले देखाएको ऋण बण्डा गर्नुपर्ने हो, होइन भन्नेतर्फ विवेचना गरी निरुपण गरिने विषय भएपनि वादीले प्रतिवादीहरूबाट अंश पाउनेमा कुनै विवाद नहुँदा भागशान्ती अंश पाउने नै यकिन हुन आयो ।

२६. अब दोस्रो प्रश्नको हकमा प्रतिवादीहरूको जिकिरलाई छुट्टाछुट्टै निरुपण गर्नुपर्ने अवस्था छ । तसर्थ अंश मुद्दामा ऋण धनसमेत बण्डा लाग्ने भएकोले प्रतिवादी गंगाधर पौडेलले तायदाती फाँटवारीमा देखाएको ऋण बण्डा लाग्ने प्रकृतिको हो, होइन भनी विचार गर्दा, निज प्रतिवादीले जेठो छोरा सोमनाथलाई अमेरिका पठाउन भनी २०७५ साल बैशाख महिनामा लोकमणि आचार्यसँग तमसुक गरी रु.१५,००,०००।- र घरायसी खर्च तथा जेठो छोराको दुर्घटनामा परी मृत्यु भएकोमा अन्त्यष्टी गर्नको लागि टेकराज पन्थीबाट २०७६ साल कार्तिक महिनामा लिएको तमसुकी साँवा रु.५,२५,०००।— र उल्लिखित रुपैंयाको ब्याजसमेत तिर्न/बुझाउन बाँकी छ भनी जिकिर लिएको देखियो । तथापी निजले सो देखाएको ऋण कर्जा आधिकारीक वित्तिय संघ संस्थाको नभई व्यक्ति विशेषको भन्ने रहेको र सो ऋण कर्जा घर व्यवहार चलाउनकै लागि हो भनी युक्तियुक्त प्रमाणले पुष्टि गर्न नसकेकाले निज प्रतिवादीले केवल तायदाती फाँटवारीमा देखाउँदैमा निजले देखाएको उल्लिखित ऋण बण्डा गर्नुपर्ने देखिएन ।

२७. त्यसैगरी प्रतिवादी मध्येकी सुमित्रा पौडेलले निजका नामको कि.नं. १२३६, १२३७, १९४९ र ५३८ को सम्पूर्ण जग्गा निजी आर्जनको भएकोले बण्डा गर्नुपर्ने होइन भनी जिकिर लिएको देखिएको सन्दर्भमा प्रस्तुत मुद्दाका वादी यी प्रतिवादीका छोरा नाताका देखिन्छन् । मुलुकी देवानी संहिता, २०७४ को दफा २५७ को उपदफा (३) मा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाबु आमा र छोरा छोरीबीच अंशबण्डा गर्ने प्रयोजनको लागि बाबु आमाले आर्जन गरेको सम्पत्तिसमेत सगोलको मानिने छ भनी व्यवस्था रहेकोले निजले आफ्ना नामको उल्लिखित जग्गा सम्पत्ति जे-जसरी प्राप्त गरेको भएपनि बण्डा लाग्ने देखिदा निजको सो सम्पत्ति निजी ठहर गरिपाऊँ भन्ने जिकिर यथोचित देखिएन । कानूनबमोजिम अंशियारका बीच बण्डा गर्नुपर्ने नै हुन आयो ।

२८. अब प्रतिवादी देवका खनाल पौडेलको नाउँमा रहेको घरजग्गा तथा निजले बीमाबाट प्राप्त रकम बण्डा गर्नुपर्ने हो, होइन भन्ने विषय प्रस्तुत अंश मुद्दाको विवादको मुख्य केन्द्र विन्दु रहेको देखिन्छ । प्रतिवादी देवका खनाल पौडेलले जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ कि.नं. १२६३ को क्षेत्रफल ०-०-५ धुर जग्गा खरीद गर्दा र घर निर्माण गर्दा मेरो पतिले लिएको ऋण तथा हिस्सेदारहरूलाई भुक्तानी गरेको रकम पतिको बीमाबाट प्राप्त रकम भएको र पतिको बीमा रकममा म सहोदर पत्नीको एकलौटी हक हुने भएको र उक्त बीमा रकम सगोलको सम्पत्ति नभएको हुँदा उक्त कि.नं. १२६३ को जग्गा खरीद र घर निर्माणमा एकलौटी हकको बीमा रकम खर्च गरी पतिका नाउँमा एकलौटी गराएको हुँदा उक्त कि.नं. १२६३ को घडेरी र उक्त घडेरीमा बनेको पक्की घर सगोलमा बण्डा हुनुपर्ने होइन भनी प्रतिउत्तर तथा तायदाती फाँटवारी पेस गर्दासमेत जिकिर लिएको देखिन्छ ।

२९. सो प्रतिवादीको जिकिरका सम्बन्धमा वादी मुक्तिनाथ पौडेलले पेस गरेको उजूरी बेहोरामा विपक्षी प्रतिवादी देवका खनाल पौडेल र नाबालक छोरी प्रशंसा पौडेलको संयुक्त नाउँमा रहेको उक्त किनं. १२६३ को जग्गा मिति २०७६।०१।०८ मा भरतमणी पौडेलबाट जेठा दाजु सोमनाथ पौडेलका नाउँमा एकासगोलको लगानीमा राजीनामा मार्फत खरीद गरी लिएको हो । दाजुको बीमा गर्दा प्रिमियम वापतको रकम पनि बुबाले नै पठाएर तिरिएको हो । यस्तो अवस्थामा विपक्षीले बुझी लिएको बीमा बापतको रकम पनि सबै अंशियारले पाउनुपर्ने हो । दाजुको मृत्युपश्चात निजले जहाँ जहाँ रकम तिर्नुपर्ने थियो, सो सबै बुबा तथा म समेतले विपक्षी देवका खनाललाई रकम पठाइ चुक्ता गरिएको हो । विपक्षीले रकम आफै बुझाएको भनी पेस गरेको कागज बेहोरा झुट्टा हो । त्यसैले उक्त घर जग्गा तथा बीमाको प्राप्त रकमसमेत सबै अंशियारको हक लाग्ने गरी इन्साफ गरिपाऊँ भनी उल्लेख गरेको पाइन्छ ।

३०. उल्लिखित विवाद मध्ये प्रथमतः प्रतिवादी देवका खनाल पौडेलका पति सोमनाथ पौडेलको सवारी दुर्घटनामा परी मृत्यु भएपश्चात निजले प्राप्त गरेको बीमा रकम रु.१,००,५०,०००।– बण्डा लाग्ने मध्येको हो, होइन भनी सम्बद्ध कानुनी व्यवस्थालाई हेर्दा, तत्काल प्रचलनमा रहेको बीमा सम्बन्धी ऐन, २०४९ को दफा २(च) मा *"जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनुपर्छ"* भनी व्यवस्था रहेको छ । सोही बीमा ऐनकै दफा ३८ को उपदफा (१) को कानूनी व्यवस्था हेर्दा पनि *"कुनै जीवन बीमा लेखको अवधि समाप्त हुनु अगावै सो बीमा लेख लिने व्यक्तिको मृत्यु भएमा बीमा लेख अनुसारको रकम निजको बीमा लेखमा इच्छाइएको व्यक्तिले पाउनेछ । निजले कसैलाई इच्छाएको नभएमा वा इच्छाएको व्यक्तिको पनि इच्छाउने व्यक्तिको मृत्यु हुनुभन्दा पहिले नै मृत्यु भैसकेको रहेछ भने सो रकम अपुताली सम्बन्धी प्रचलित कानून बमोजिमको हकवालाले पाउनेछ"* भनी व्यवस्था गरिएको देखिन्छ । प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा २५६ को निजी सम्पत्ति मानिने अन्तर्गत उपदफा (१) को खण्ड (घ) मा बीमा बापत प्राप्त गरेको रकमसमेत उल्लेख भएबाट बीमा गर्ने व्यक्तिको मृत्यु भएको अवस्थामा सबैभन्दा नजिकको

हकदार पत्नी हुने भएको र अपुतालीको क्रमबाट समेत प्रतिवादी देवका खनाल पौडेलले उक्त बीमा रकम एकलौटी प्राप्त गर्ने हुँदा उक्त बीमा रकम बण्डा गरिपाऊँ भन्ने वादीको दावी कानुनतः मनासिव देखिएन ।

३१. त्यसैगरी वादीका दाजु सोमनाथ पौडेलका नाउँमा रहेको उल्लिखित कि.नं. १२६३ को घरजग्गा निजको मृत्युपश्चात प्रतिवादी देवका खनाल पौडेल समेतका नाउँमा संयुक्त नामसारी भएकोमा सो घरजग्गा सगोलको सम्पत्ति लगानी गरी खरीद गरिएको भन्ने वादीको भनाइबमोजिम सबूद प्रमाण वादीले पेस गर्न सकेको देखिएन । तर सो घरजग्गा निजी हो भनी जिकिर लिएकी प्रतिवादी देवका खनाल पौडेलले निजी भएकोतर्फ सबूद प्रमाण पेस गरेको देखिन्छ । निजले सो कि.नं. को जग्गा आफ्नो पतिको नाउँमा दर्ता रहेको भएपनि उक्त जग्गा अन्य दुई जना व्यक्तिहरू युवराज अर्याल र नारायण भट्टराई समेतले लगानी गरी खरीद गरेको जग्गा भनी मृतक समेतका बीचमा मिति २०७६।०२।०१ मा भएको करारनामाको कागज पेस गरेको देखिन्छ ।

३२. उक्त करारनामामा उल्लिखित व्यक्ति युवराज अर्यालले सो घरजग्गामा लगानी गरेको रकम एन.आइ.सी. एसिया बैङ्क मार्फत भुक्तानी गरी उक्त घरमा रहेको लगानी फिर्ता दिएको भनी निज प्रतिवादी देवकाले उल्लेख गरेकीमा सो सम्बन्धमा सम्बन्धित बैङ्क बुझ्दा सो बैङ्कको च.नं. २०८०।८१।५५१२ मिति २०८०।१०।१२ को पत्रबाट रु.२४,३१,०००।- भुक्तानी भएको विवरण प्राप्त भएको देखिन्छ । त्यसैगरी नारायण भट्टराईलाई समेत लगानी गरेको रकम सोही बैङ्क मार्फत भुक्तानी दिएको भनी बैङ्क स्टेटमेन्ट सहित जिकिर लिई कागजसमेत पेस गरेकीमा वादीले अन्यथा भन्न र जिकिर लिएको समेत देखिदैन ।

३३. यसका साथै उक्त जग्गा खरीद गर्दा लागेको ऋण तिर्न सोही जग्गा विभिन्न सहकारी संस्थामा धितो राखी निजका स्व. पति सोमनाथ पौडेलले ऋण लिएकामा निज पतिको मृत्युपश्चात श्री सामुदायिक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बुटवल-१० रुपन्देहीलाई बुझाउनुपर्ने साँवा ब्याज समेतको रकम रु.१०,४८,४३८।— मिति २०७६।०९।०४ मा, श्री लक्ष्मी सामाजिक बहुउद्देश्यीय सहकारी संस्था लि. रुपन्देही बुटवललाई बुझाउनुपर्ने साँवा ब्याज समेतको रकम रु.१,०२,६६७।— मिति २०७६।०८।०१ मा तथा विवेकशील बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-१३ लाई बुझाउनुपर्ने साँवा ब्याज समेतको रकम रु.६,७०,३२५।— मिति २०७७।११।२० मा यी प्रतिवादीले निज पतिको मृत्युपश्चात प्राप्त बीमाको रकमबाट बुझाएको भन्ने कागजात यी प्रतिवादीले पेस गरेकीमा सो कुरा उल्लिखित सहकारी संस्थाबाट प्राप्त पत्र बेहोराबाट समेत पुष्टि भएको देखिन्छ ।

३४. यसप्रकार माथि विवेचित प्रमाणका आधारमा उल्लिखित कि.नं. १२६३ को जग्गा यिनै प्रतिवादी देवका खनाल पौडेलका स्व. पति सोमनाथ पौडेलको निजी आर्जनको सम्पत्ति देखिन आयो । उक्त जग्गा खरीद र घर निर्माण गर्दा सगोलको रकम खर्च भएको देखिएन । सोही घर जग्गा नै यी प्रतिवादी देवका खनाल पौडेलले आफ्नो तथा छोरीको नाउँमा संयुक्त नामसारी गरेको देखियो । अतः उल्लिखित यी प्रतिवादी समेतको नाममा दर्ता भई आएको सो घरजग्गा निजी आर्जनको पुष्टि भएकोले बण्डा गर्नुपर्ने देखिन आएन ।

३५. माथि विवेचित आधार कारण तथा मिसिल संलग्न प्रमाण कागजात समेतका आधारमा प्रतिवादी मध्येका गंगाधर पौडेल र सुमित्रा पौडेलले तायदाती फाँटवारीमा देखाइ दर्ता स्रेस्ताबाट यकिन हुन आएको जग्गा सम्पत्तिमात्र पैतृक बण्डा लाग्ने सम्पत्ति देखिदा सो सम्पत्तिमा वादीको दावीबमोजिम ४ भागको १ भाग अंश छुट्याई नामसारीसमेत गराइ लिन पाउने ठहर्छ । सो बाहेकको प्रतिवादी देवका खनाल पौडेल समेतका नाउँको घरजग्गा तथा निजले बीमा बापत प्राप्त रकममा समेत भागशान्ती अंश पाऊँ भन्ने हदसम्मको फिराददावी पुग्न सक्दैन । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्नू ।

**तपसिलः**

➢ माथि ठहर खण्डमा लेखिएबमोजिम वादी मुक्तिनाथ पौडेलले निजको बाबु आमा गंगाधर पौडेल र सुमित्रा पौडेलको नाउँमा दर्ता स्रेस्ता कायम भई आएका जग्गाहरूलाई जम्मा ४ (चार) भाग लगाइ सो को १ (एक) भाग अंश छुट्टयाइ लिन पाउने ठहरेकोले वादीलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४१ बमोजिम बण्डा छुट्याएका बखत लाग्ने दस्तुर वादीबाट लिई देहायको सम्पत्तिबाट असल कमसल मिलाइ बण्डा छुट्याइ दफा २३८ बमोजिम चलन चलाइ दिनू भनी फैसलाको प्रतिलिपि साथै राखी तहसिल शाखामा लेखी पठाइदिनू............१

**तायदातीमा प्रस्तुत भई दर्ता स्रेष्ताबाट यकिन हुन आएको बण्डा गर्नुपर्ने सम्पत्तिको फाँटवारी विवरणः-**

जग्गाधनीः- गंगाधर पौडेल, बाबु/पतिः थानेश्वर, बाजे/ससुराः छविलाल ।

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | अर्घा | ४ | २३९८ | ६४ |
| २. | अर्घाखाँची | अर्घा | ४ | १२३१ | १६९० |
| ३. | अर्घाखाँची | अर्घा | ४ | २४०९ | ३०२ |
| ४. | अर्घाखाँची | अर्घा | ४ | ६४३ | ६७५ |
| ५. | अर्घाखाँची | अर्घा | ४ | २४१२ | १९० |
| ६. | अर्घाखाँची | अर्घा | ४ | ११४१ | ३६४ |
| ७. | अर्घाखाँची | अर्घा | ४ | १५२७ | ६१० |
| ८. | अर्घाखाँची | अर्घा | ४ | २४२७ | १२७ |
| ९. | अर्घाखाँची | अर्घा | ४ | १४२९ | ३१२ |
| १०. | अर्घाखाँची | अर्घा | ४ | १३६५ | २७३ |
| ११. | अर्घाखाँची | अर्घा | ४ | १११८ | २६० |
| १२. | अर्घाखाँची | अर्घा | ४ | २४१५ | २७५ |
| १३. | अर्घाखाँची | अर्घा | ४ | २४२१ | ७२० |
| १४. | अर्घाखाँची | अर्घा | ४ | २४२२ | २७५ |
| १५. | अर्घाखाँची | अर्घा | ४ | २४२५ | ८०६ |
| १६. | अर्घाखाँची | अर्घा | ४ | २४०५ | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | अर्घाखाँची | अर्घा | ४ | १०३ | २२० |
| १८. | अर्घाखाँची | अर्घा | ४ | १०५१ | ०-१०-०-१ |

जग्गाधनीः- सुमित्रा पौडेल, बाबु/पतिः गंगाधर, बाजे/ससुरालः थानेश्वर ।

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | अर्घाखाँची | सन्धिखर्क | १ | ५३८ | ७३.८६१ |

- माथि ठहर खण्डमा लेखिएबमोजिम जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १३ चन्द्रमापथ बेलबासमा रहेको प्रतिवादी देवका खनाल पौडेल समेतको नाउँमा दर्ता रहेको कि.नं. १२६३ को क्षेत्रफल ०-०-५ (पाँच धुर) जग्गा र सो जग्गामा बनाएको घर निजी आर्जनको पुष्टि भएकोले बण्डा गर्नुपर्ने नदेखिदा सोतर्फ केही बोलिरहनु परेन..................................................२
- वादीले फिराद दायर गर्दा राखेको अदालती शुल्क रु.१,०००।- देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम प्रतिवादीबाट वादीलाई भराइदिनू.......................................३
- माथि ठहर खण्डमा उल्लेख भएअनुसार प्रस्तुत मुद्दामा आंशिक वादी दावी पुग्ने ठहरेको र मुद्दाको सुनुवाइको सिलसिलामा र फैसला हुँदाका बखत वादी र प्रतिवादीहरू स्वयं इजलाससमक्ष उपस्थित भएका र दुवै पक्षको तर्फबाट निजहरूका कानून व्यवसायीहरूले बहस पैरवीसमेत गरेकोले मुद्दाका दुवै पक्षहरूले फैसला भएको थाहा पाएको मानिने अवस्था विद्यमान रहेको हुँदा यी वादी र प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिइरहनु परेन...............................................................४
- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गर्न आएमा लाग्ने दस्तुर लिई कानूनको रीत पुऱ्याइ नक्कल दिनू......................................................................................................५
- प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेबसाइटमा प्रकाशित गर्नू...६
- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नू र मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइ दिनू............................................................७

----------------------

**कृष्णजंग शाह**
**न्यायाधीश**

माननीय न्यायाधीशज्यूलाई फैसला लेखनमा
सहयोग गर्नेः- डि.अशोक भण्डारी
इति संवत् २०८१ साल वैशाख महिना २७ गते रोज ५ शुभम्.....................।

फैसला प्रमाणीकरण मितिः-२०८१।०४।१८।६
अदालतको छापः-

श्री

सिराहा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री आनन्दराज पन्त

फैसला

रजिष्ट्रेशन नं.-३२-०७७-०१३८२

०७७-CP-१००४, निर्णय नं.-१२१

मुद्दा दर्ता मितिः-२०७७।०८।१४

मुद्दाः- अंशवण्डाको लिखत वदर।

मुद्दाः- अंशदर्ता

फैसला मितिः-२०८०।७।१२।१

जिल्ला सिराहा न.पा. सिराहा वडा नं. ७ बस्ने अजयकुमार झाको छोरा आशिषकुमार झा---१
ऐ.ऐ. बस्ने अजयकुमार झाको पत्नी शोभाकुमारी झा ----------------------------१ **वादी**

**विरुद्ध**

ऐ ऐ बस्ने जगदीश झाको छोरा देवचन्द्र झा--------------------------------------१
ऐ.ऐ. बस्ने देवचन्द्र झाको पत्नी रुक्मिणी झा--------------------------------------१ **प्रतिवादी**
ऐ.ऐ. बस्ने देवचन्द्र झाको छोरा अजयकुमार झा----------------------------------१

**अदालतबाट बुझेको**

**साक्षीः**

**प्रमाणः**

अंशवण्डा लिखतको प्रमाणित प्रतिलिपि ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यबिधि संहिता, २०७४ को दफा १९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**संक्षिप्त तथ्यः-**

१. **फिरादपत्रः-** मूल पुरुष देवचन्द्र झाको एकमात्र पत्नी प्रतिवादी रुकमणी झा भई निजहरुको एकमात्र छोरा अजय कुमार झाको जायजन्म भएको हो। अजय कुमार झाको एकमात्र पत्नी म शोभाकुमारी र हाम्रो एकमात्र छोरा आशिषकुमार हो। हामी बीच हालसम्म अंशवण्डा भएको छैन। विपक्षी रुकमणी झा समेतले मलाई र छोरालाई इज्जत आमद अनुसार खाना लाउन, औषधी उपचारको उचित व्यवस्था नगरी कुटपिट गरी २०७१ असोज महिनामा घरबाट

निकाला गरिदिएकोमा निज विपक्षीसमेत उपर ०७६-CP-१७४५ को अंश दर्ता मुद्दा दायर गरी यसै अदालतमा कारवाहीयुक्त अवस्थामा छ। उक्त अंश मुद्दामा विपक्षीहरुले हामीले अंशवण्डा गरी सकेका छौं भनी प्रत्तिउत्तर जिकिर लिएकोले मालपोत कार्यालयमा गई बुझ्दा विपक्षीहरुले हामी वादीहरुको अंश मार्ने नियतले एकआपसमा मिलेमतो गरी मिति २०७१।०८।२२ गतेमा अंशवण्डाको लिखत तयार गरी सोही गतेमा र.नं. २६६६ बाट अंशवण्डाको लिखत पारित गरेको कुरा मिति २०७७।८।९ मा नक्कल सारी लिई जानकारी हुन आएकोले यो फिराद लिई आएका छौं। हाम्रो अंश हक मार्ने नियतले विपक्षीहरु एकापसमा मिलेमतो गरी असल र मुल्यवान राम्रा राम्रा जग्गाहरु विपक्षी देवचन्द्र झाले क्षेत्रफल ०-१७-१$^{1}/_{4}$ रुक्मिणी झाले क्षेत्रफल ०-१९-१७$^{1}/_{2}$ र हाम्रा पति पिता अजयकुमार झाले कमसल र मुल्यहीन जग्गा क्षेत्रफल ०-१३-९ अंशवापत लिनु दिनु गरी अंशबण्डाको लिखत गर्नु भएको रहेछ। तसर्थ हाम्रो अंश हक मेट्ने उद्देश्यले विपक्षीहरुले मिलेमतो गरी नरम गरम नमिलाई घटी बढी पारी गरेको उक्त अंशबण्डाको लिखत बदर गरी पाउँ भन्नेसमेत व्यहोराको फिराद दावी।

२. **प्रतिवादी अजयकुमार झाको प्रतिउत्तरपत्रः** वादीहरु मेरो पत्नी/छोरा नाता भएको कुरामा अन्यथा छैन। विपक्षीले मलाई आफ्नो कुरामा प्रभावमा पारी मेरो आमा बुवासँग विवाद उत्पन्न गराई वादीहरुकै भनाईमा अंशवण्डा भई भिन्न भई बसेकोमा निज वादीहरुले अंशवण्डामा पाएको जग्गाहरुलाई बिक्री गरी अर्को ठाउँमा गई घर बनाई बसौं भनी भनेकोमा मैले नमान्दा वादीहरु घर छाडी अन्यत्र डेरा लिई बसेको र निजहरुलाई सम्झाई बुझाई गर्न जाँदा आउन नमानी मलाई ज्यानै मार्ने धाक धम्की दिएकोमा हाल म पत्नी बिहिन भई एक्लै बस्दै आइरहेको छु। हामी अंशियारहरुको बीचमा २०५१ सालमा चुल्होमानो अलग गरी मिति २०७१।०८।२२ गतेका र.नं. २६६६ को अंशवण्डाको लेखत पारित भई सकेको छ। वादीहरुको सहमतिमा नै उक्त अंशवण्डाको लिखत तयार भएको हो। अंशवण्डा भएको कुरा वादीलाई पहिला देखिनै थाहा थियो। वादीले एउटा पत्नीले निभाउनु पर्ने दायित्व ननिभाई घर छाडी डेरा गरी बसेको र घर फर्की नआएको, निजलाई सम्झाई बुझाई गर्न जाँदा उल्टै मलाई धाक धम्की दिई घरबाट निकाला गरेकोमा मैले निज उपर सम्बन्ध विच्छेद मुद्दा यस अदालतमा दायर गरेको छु। वादीले हामीबाट अंश पाउनुपर्ने होइन भन्नेसमेत वेहोराको प्रतिवादी अजय कुमार झाको प्रतिउत्तर जिकिर।

३. **प्रतिवादीहरु देवकान्त झा र रुकमणी झाको प्रतिउत्तर-** विपक्षीहरु हाम्रो बुहारी/नाती नाताका भएकोमा हाम्रो विवाद छैन। विपक्षीहरुको पति/पिता अजयकुमार झा हामी प्रतिवादीहरु देवकान्त झा र रुक्मिणी झाबाट २०५१ सालमा चुल्हो मानो अलग गरी मिति २०७१।०८।२२ गतेका र.नं. २६६६ को अंशवण्डाको लिखत पारित गराएका हौं। नरमगरम मिलाई अंशबण्डा भएको हो। अंशबण्डा भएको वादीलाई सोही समयमा थाहा जानकारी भएकोमा अंशबण्डाको ३२ नं. बमोजिम म्यादभित्र कारवाही गर्नु पर्नेमा नगरी पछि बनेको कानूनको आधार लिई फिराद परेको छ। विपक्षीहरु वादीको पति पिता हामी प्रतिवादीबाट छुट्टिएर बसेका व्यक्ति हुन्। एकासगोलका अंशियार होइन। हामीबाट वादीले

अंश पाउनु पर्ने होइन। फिराद दावी वमोजिम हुनु पर्ने होइन, खारेज गरी पाऊँभन्नेसमेत वेहोराको प्रतिवादीहरु देवचन्द्र झा र रुकमणी झाको संयुक्त प्रतिउत्तरपत्र।

४. यसै लगाउका ०७७-CP-१०२८ को सम्बन्ध विच्छेद गरी पाऊँ, ०७७-C४-००८३ को जालसाज, ०७७-CP-१०४६ को वकशपत्र, राजिनामा लिखत वदर दर्ता वदर दर्ता, ०७६-CP-१७४५ को अंश दर्ता, ०७७-CP-१०४५ को राजिनामा लिखत वदर दर्ता वदर मुद्दा साथै पेस भएका रहेछन।

**अदालतको ठहर**

५. नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मदनकुमार साहले प्रतिवादी देवचन्द्र झासमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री विरेन्द्रकुमार सिंह र श्री गोपीप्रसाद सिंहले गर्नु भएको बहस सुनी वादी शोभाकुमारी झा र प्रतिवादी मध्येका देवचन्द्र झासँगसमेत छलफल गरियो।

६. यसमा एकासंगोलका सासु, ससुरा र पति समेतले खान लाउन नदिई घरेलु हिंसासमेत गरी २०७१ आश्विनमा घरबाट निकाला गरेको हुँदा घर बाहिर छुट्टै डेरा लिई बसी आएकोले विपक्षीहरुसँग अंश माग गरी यसै अदालतमा फिराद गरेका थियौं। उक्त मुद्दामा विपक्षीहरुले प्रतिउत्तर गर्दा आफूहरु बीच मिति २०७१।८।२२ मा अंशबण्डाको लिखत गरी छुट्टभिन्न भएको भनी जिकिर लिनु भएको रहेछ। उक्त अंशबण्डाको लिखत नक्कल लिई हेर्दा हाम्रो अंश हक मार्ने नियतले नरमगरम नमिलाई घटी बढी पारी गरिएको हुदा बदर गरी पाउँ भन्ने मुख्य फिराद दावी देखिन्छ। अंशबण्डाको लिखत भएको वादीलाई उसै बखत थाहा थियो। वादीका पतिपितासँग २०५१ सालमा चुलो मानो छुट्टिई नरम गरम मिलाई प्रतिवादी मुल अंशियारहरु बीच २०७१।८।२२ मा अंशबण्डाको लिखत गरी छुट्ट भिन्न भएको हो। वादीहरुले प्रतिवादी अजयकुमार झासँगबाट अंश पाउने हो भनी प्रतिउत्तर जिकिर लिएको पाइन्छ।

७. अब मिति २०७१।०८।२२ को अंशबण्डाको लिखत बदर हुनु पर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखियो।

८. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरु देवचन्द्र र रुक्मिणीको एकमात्र छोरा प्रतिवादी अजय रहेको र अजयको पत्नी वादी शोभा र छोरा आशिष रहेको तथ्यमा विवाद छैन। यस अर्थमा प्रतिवादीहरु देवचन्द्र र रुक्मिणीका प्रतिवादी अजय र वादी शोभा एकमात्र छोरा तथा वुहारी र वादी आशिष एकमात्र नाती हुन। प्रतिवादी अजयसँग वादी शोभाको २०५७ सालमा परम्परागत मागी विवाह भै २०५९ सालमा वादी आशिषको जन्म भएको देखिन्छ। यिनै वादीहरुले यिनै प्रतिवादीहरु उपर दिएको ०७६-CP-१७४५ को अंश दर्ता मुद्दामा वादीहरुले ससुरा/हजुरबुवा समेतका प्रतिवादीहरुबाट अंश पाउने ठहरी आज यसै इजलासबाट फैसला भएको छ।

९. वादीहरुले २०७१ साल आश्विनदेखि नै प्रतिवादीहरुले खान लाउन नदिई घरबाट निकाला गरेको भनी फिरादमा उल्लेख गरेको देखिन्छ। प्रतिवादी द्वय देवचन्द्र र रुक्मिणीले वादीहरुका

पति पिता २०५१ सालमा नै चुलोमानो अलग गरी मिति २०७१।८।२२ मा अंशबण्डा गरी छुट्टभिन्न भएको हो भनी प्रतिउत्तर जिकिर लिएको देखिन्छ।

१०. प्रतिवादी देवचन्द्रको परिवारमा २०५१ सालमा प्रतिवादी छोरा अजयको वादी शोभासँग विवाह भैसकेकै छैन। प्रतिवादी देवचन्द्रको एकमात्र पत्नी प्रतिवादी रुक्मिणी र एकमात्र छोरा प्रतिवादी अजयसहितको ३ सदस्यीय परिवार छ। छोरा अजयको जन्म मिति २०३५।८।२५ देखिन्छ। निज २०५१ सालमा १६ वर्ष उमेरका देखिन्छन्। १६ वर्ष उमेरका एकमात्र अविवाहित छोरा अजयसँग प्रतिवादी माता पिता मानो छुट्टिई बसेको भन्ने प्रतिउत्तर जिकिर आफैमा प्रत्यारलायक र विश्वसनीय देखिदैन।

११. त्यसैगरी वादीहरुले २०७१ आश्विनदेखि घरबाट निकाला गरेकोले सोसमयदेखि छुट्टै डेरा लिई बसेको भन्ने दावी लिएको देखिएकोमा वादीहरु डेरा गरी छुट्टै बसेको तथ्यलाई प्रतिवादीहरुले पनि स्वीकार गरेको देखिन्छ। अंशबण्डको लिखत २०७१।८।२२ मा खडा भएको देखिन्छ। अंशबण्डा गर्दा प्रतिवादी देवचन्द्रले क्षेत्रफल ०-१७-११/४, प्रतिवादी रुक्मिणीले क्षेत्रफल ०-१९-१७१/२ र प्रतिवादी अजयले क्षेत्रफल ०-१३-९ जग्गा अंश लिनु दिनु गरी अंशबण्डाको लिखत खडा गरेको देखिन्छ।

१२. अंशबण्डा गरेको जग्गाको मुल्याकंनको रोहबाट हेर्दा, यस अदालतको आदेशानुसार मालपोत कार्यालय, सिराहाको मिति २०८०।१।३ च.नं. ५३७८ को पत्रबाट प्रतिवादीहरुले अंशबण्डा गरी लिनु दिनु गरेका जग्गाको मुल्य खुलाई पठाएको देखिन्छ। उक्त मुल्य भिडाई हेर्दा पनि वादीहरुका पति पिता प्रतिवादी अजयले अंशवापत प्राप्त गरेका जग्गाको मुल्यको तुलनामा प्रतिवादी द्वय देवचन्द्र र रुक्मिणीले अंशमा प्राप्त गरेका जग्गाको प्रतिकठ्ठा मुल्य बढी र राम्रो रहेको देखिन आएको छ।

१३. अंशियार बीच समान हुने गरी अंशबण्डा हुनु र गरिनु पर्दछ। यो अंशबण्डाको सामान्य नियम र सिद्वान्त पनि हो। अंशियार बीच मञ्जुरी भएमा घटी बढी अंश लिनु दिनु गरी वा कुनै अंशियारले अंश नलिने गरी पनि अंशबण्डाको लिखत हुन नसक्ने होइन। तर, यस्को उद्देश्य र नियत सफा र खुला हुनु पर्दछ।

१४. बस्तुतः अंशको हक नैसर्गिक हो। यो हक महिलाले विवाहको माध्यमबाट र छोरा छोरीले जन्मबाट प्राप्त गर्दछन। पत्नी छोरा छोरीले आफ्नो पति पिताबाट अंश पाउने भएपनि यिनिहरुले कसैको कृया वा दया मायाले अंश पाउने नभै कानूनीले सिर्जना गरेको अधिकारबाट अंश पाउने हुन। त्यसैले पति पिता उनीहरुको अंश हकमा संकुचन गर्ने वा अंश मार्ने वा प्रत्यक्ष असर गर्ने नियतले अन्यायिक तरिकाबाट मुल अंशियारहरु बीच अंशबण्डाको लिखत भएको देखिए त्यस्तो अंशबण्डाको लिखतले कानूनी मान्यता पाउन सक्ने हुदैन।

१५. वादीहरुलाई अंशबण्डा भएको सोही बखत थाहा जानकारी थियो भनी प्रतिवादीहरुले जिकिर लिएको देखिन्छ। परिवारका सदस्यहरु बीच सौहार्द सम्बन्ध छ, व्यवहारहरु पारिवारका प्रत्येक सदस्यको हित कल्याणलाई मध्येनजर राखेर हुन्छन भने स्वभाविक रुपमा मुल अंशियार बीच भएको अंशबण्डाको व्यवहारमा मातहत अंशियार जानकार हुन्छन। तर मातहत अंशियारको

अंश हकमा असर पुऱ्याउने नियतका साथ मुल अंशियार बीच अंशबण्डा गरिन्छ भने मातहत अंशियारलाई थाहा जानकारी नहुनु स्वभाविक हुन्छ।

१६. परिवार सानो छ, बाबु, आमा एकमात्र छोरा, बुहारी र एकमात्र नाती मात्र। मुल अंशियार बाबु, आमा र छोराबीच मिति २०७१।८।२२ मा अंशबण्डाको लिखत हुन्छ। अंशबण्डाको लिखत हुनु पूर्वदेखि नै मुल अंशियार प्रतिवादीहरु र वादीहरु बीच पारिवारिक बेमेलको अवस्था छ। वादीहरुले दिएको अंश मुद्दामा प्रतिवादीहरुले गरेको प्रतिवाद व्यहोराबाट मात्र वादीहरुले प्रस्तुत अंशबण्डा भएको थाहा पाएको भनी प्रस्तुत मुद्दाको फिराद गरेको देखिन्छ। अंशबण्डा नरम गरम नमिलाई घटी बढी पारी गरीएको छ। अंशबण्डाको लिखत गरी प्राप्त गरेका जग्गा मध्येका केही जग्गा  प्रतिवादीहरु देवचन्द्र र रुक्मिणीले आफ्नै भाई साला नाताका व्यक्तिलाई राजिनामा र बकसपत्र समेतको लिखत गरी हक हस्तान्तरण गरी दिए लिएको अवस्था समेत देखिन्छ।

१७. व्यक्ति झुठो बोल्न र लेख्न सक्दछ, तर तथ्य र घटनाक्रमले सत्य बोलिरहेका हुन्छन्। उल्लिखित तथ्य र घटनाक्रमको रोहबाट हेर्दा, मुल अंशियारहरुबीच भएको अंशबण्डाको लिखत वादीहरुको अंश हकमा संकुचन गर्ने उद्देश्यका साथ भए गरेको देखिन्छ। यसरी वादीहरुकै हक हितमा असर पर्ने गरी भएको अंशबण्डाको लिखतको जानकारी वादीहरुलाई तत्काल थियो भन्ने कुरा पत्यारलायक देखिदैन।

१८. विवेचित तथ्य प्रमाण आधार कारणहरुबाट आफ्नो एकमात्र बुहारी/पत्नी/नाती/छोरासँग अंश जस्तो नैसर्गिक हकमा संकुचन गर्ने उद्देश्यले मुल अंशियार प्रतिवादीहरुले मिलोमतो गरी मिति २०७१।८।२२ को अंशबण्डाको लिखत खडा गरेको पुष्टी हुन आयो।

१९. तसर्थ वादीहरुको ससुरा/हजुरबुवा, सासु/हजुरआमा, पति/पिता प्रतिवादी मुल अशिंयारहरु बीच मिति २०७१/०८/२२ मा अंशबण्डाको लिखत गरी अंश लिनु दिनु गरेको देखिएकोमा सोपूर्व देखिनै वादीको पारिवारीक वेमेल भै रहेको अवस्थामा वादीहरुको अंश जस्तो नैसर्गिक हकलाई संकुचित गर्ने उदेश्यले मुल अशिंयार प्रतिवादीहरु एकापसमा मिलि नरमगरम नमिलाई अंशमा घटिबढी हुने गरी गरेको मिति २०७१/०८/२२ को अंशवण्डाको लिखतलाई कानुन र न्यायसम्मत मान्न नमिल्ने हुदा उक्त अंशवण्डाको लिखत बदर हुने ठहर्छ।अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७(१) बमोजिम यो फैसला गरिदिएँ।

## तपसिल खण्ड

➢ मिति २०७१/०८/२२ को अंशवण्डाको लिखत बदर हुने ठहरेकोले सो को जानकारी सम्बन्धित मालपोत कार्यालयलाई दिनु----------------------------------------------------------१

➢ वादीले फिरादसाथ राखेको अदालती शुल्क रु.१,०००।–प्रतिवादीहरुबाट भराई पाउँ भनी वादीले मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ८३ बमोजिम दरखास्त दिए केही दस्तुर नलिई भराई दिनु------------------------------------------------------------------------२

- यो फैसलामा चित्त नबुझे ३०(तीस) दिनभित्र श्री उच्च अदालत जनकपुर, राजविराज इजलास, सप्तरीमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरुलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५ वमोजिम पुनरावेदनको म्याद दिनू ---------------------------------------------३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू------------४

**(आनन्दराज पन्त)**
**जिल्ला न्यायाधीश**

यो फैसला तयार गर्न सहयोग गर्नेः-
फाँटवालाः ना.सु. गुन्जेश्वर महतो
कम्प्युटर अपरेटरः- रोशन कुमार राय
मुद्दा फाँट-६

इति सम्बत् २०८० साल माघ १६ गते रोज ३ शुभम् -------------------------।

दस्तखतः-

फैसला प्रमाणिकरण मितिः-२०८०।११।१४

**श्री**

**श्री पर्वत जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विद्याराज पौडेल**

**फैसला**

**मुद्दा नं.- ०७८-CP-०१६९**

**र.नं.- ६१-०७८-००२८९**

**दायरी मितिः- २०७८।११।२५**

**फैसला मितिः- २०८०।१२।२५**

**नि.नं. ९९**

पर्वत जिल्ला साविक बर्राचौर गा.वि.स. वडा नं. ५ को हाल बिहादी गा.पा. वडा नं. २ घर भई हाल स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ भुम्रे बस्ने गोपाल बहादुर कुँवर क्षेत्रीको छोरी शान्ति कुँवर.......... १ } **वादी**

**बिरुद्धः**

पर्वत जिल्ला साविक बर्राचौर गा.वि.स. वडा नं. ५ को हाल बिहादी गा.पा. वडा नं. २ बस्ने स्व. मन बहादुर कुँवर क्षेत्रीको श्रीमती दिलमाया कुँवर क्षेत्री.. ............. १

ऐ.ऐ. एकासगोलमा बस्ने स्व. मन बहादुर कुँवरको छोरा गोपाल बहादुर कुँवर क्षेत्री..............१

ऐ.ऐ. बस्ने गोपाल बहादुर कुँवर क्षेत्रीको जेठी श्रीमती टिका कुमारी कुँवर क्षेत्री....................१

ऐ.ऐ. बस्ने ऐ. को कान्छी श्रीमती मंगली कुँवर क्षेत्री.....................................................१

ऐ.ऐ. बस्ने ऐ. को छोरा सोम बहादुर कुँवर क्षेत्री...........................................१

ऐ.ऐ. बस्ने ऐ. को छोरा सागर कुँवर क्षेत्री.................................................................. १

} **प्रतिवादी**

## मुद्दा अंश मासिक खर्चः-

**वादीका साक्षीः-**

जमुना हिताङ भन्ने इम कुमारी....१
अनिल प्रसाद मास्के.................१
लाल बहादुर नेपाली.................१
कबिराम सार्की.......................१
कुल बहादुर बोटे....................१
भोज बहादुर सार्की..................१

**प्रमाणः-**

मार्कसिट तथा सर्टिफिकेट थान-५

कबिराम सार्की...........१
ज्ञानेन्द्र शर्मा.............१

**प्रमाण**

**अदालतवाट बुझेको साक्षीः-**

ललित नेपाली............१

**प्रतिवादीका साक्षीः-**

मेघ बहादुर कुँवर...........१
ज्ञानेन्द्र शर्मा..................१
फर्सुराम पराजुली............१
पूर्ण बहादुर कुँवर...........१
सुनिल शर्मा पौडेल..........१
बल बहादुर कुँवर...........१
रत्न बहादुर कुँवर............१
यादब गिरी....................१

**प्रमाणः-**

नागरिकताको प्रतिलिपि-५

X

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ दफा १८ र १९ अन्तर्गत यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

**तथ्य खण्डः-**

**१. फिराद दावीः-**

उल्लेखित विपक्षीहरुमा दिलमाया कुँवर क्षेत्री मेरो अजुरआमा, गोपाल बहादुर कुँवर बाबु, टिका कुमारी कुँवर क्षेत्री जेठी आमा, मंगली कुँवर सार्की आमा, सोम बहादुर कुँवर जेठी आमा तर्फका दाजु, सागर कुँवर र विपक्षी नबनाईएका समिर कुँवर क्षेत्री जेठी आमा तर्फका भाई हुनुहुन्छ। बाबु गोपाल बहादुर क्षेत्री र आमा मंगली कुँवर सार्कीको सम्वन्धवाट मेरो मिति २०४६।०७।२९ गते जन्म भएको हो। मलाई विपक्षी बाबुले गाउँकै नेपाल तारा मा.वि. बिहादी रानिपानीको विद्यालयमा पढाउनुभएको हो। मैले जान्ने हुँदाको समयसम्म बाबु गोपाल बहादुर कुँवर र आमा मंगली सार्कीलाई सँगै रहे बसेको देखेकी हुँ। म कहिले मामघर कहिले विपक्षी बाबुसँग बस्ने गर्दथें। मैले कक्षा ८ पास गरेपछी विपक्षीहरुले मलाई हेर्ने दृष्टीकोणमा परिवर्तन आउन थालेकोले मैले एस.एल.सी. पास गर्ने समयसम्म मामाघर रानिपानीमा नै बसें। मेरो पढाई खर्च र अन्य सामान्य खर्च मेरो बाबुले दिने गर्नुहुन्थ्यो। मैले एस.एल.सी. पास गरेपछी विपक्षीहरुलाई मेरो नागरिकता बनाईदिनुहोस् भन्दा अहिले किन चाहियो, स्याङ्जा सानिआमा सँग गएर बसी उतै अध्ययन गर, हामी खर्च पठाईदिन्छौं, नागरिकता पछि अनुकुल हुँदा बनाईदिउँला भनेकोले सो कुरा मैले मानी सानीआमा जमिना हिताङ भन्ने इम कुमारीको घरमा स्याङ्जा गई सोही वालिङ न.पा. को PIONEERS HIGHER SECONDARY SCHOOL मा उच्च शिक्षा अध्ययन गर्दै आएकी थिएँ।मेरो शिक्षादिक्षाको लागि लाग्ने खर्च कहिले

बाबुले, कहिले दाजुले, कहिले आमाले पठाउँदै आउनुभएको थियो। हाल मैले कक्षा १२ पास गरेकी छु। बाबु आमाले बोलाउँदा बेलाबखत घरमा आउने जाने गरेकी थिएँ। हाल पछिल्ला दिनहरुमा विपक्षीहरुसँग गई मेरो नागरिकता बनाईदिनुहोस्, मेरो नागरिकता नहुनाले मैले अध्ययनको कार्य अगाडि बढाउन पाईन, कुनै पेशा रोजगार समेत गर्न पाईन भन्दा विपक्षीहरुले हामीलाई नागरिकता बनाईदिन कर छैन, आमाले बनाईदिन्छे, उसै सँग जा भनेकोले म आमा मंगली कुँवर सार्की सँग गई मेरो नागरिकता बनाईदिनुहोस् भन्दा आमाले तेरो बाबुलाई भन् मलाई कर छैन भन्नुभएको र दाजु सोम बहादुर कुँवरलाई सम्पर्क गर्दा म सँग नकराई मुद्दा गरिस् भने मैले चिनेका न्यायाधीश स्रेस्तेदार छन् मुद्दा हराईदिन्छु, मैले कानून जानेको छु भनी धम्काउँदै आउनुभएकोले हाल सम्म मेरो सानिआमा सँग बस्दै आएकी छु। मलाई विपक्षीहरुले पहिलादेखी नै अन्याय गरेकोले लामो समयदेखी सानीआमा सँग बस्दै आएकी छु। यस्तैमा मिति २०७८।१०।२६ गतेका दिन विपक्षी बाबु र आमालाई भेटी तपाईहरुले मेरो नागरिकता बनाईदिन ईन्कार गर्नुभयो, मेरो अंश तथा मासिक खर्च दिनुहोस् भन्दा बाबु र आमाले किन हतार गर्छेस्, अहिले नै चाहिन्छ भने अंश मासिक खर्च केही दिन्नौं, नागरिकता पनि बनाईदिन्नौं भनी अन्यायको हाँक जवाफ गर्नुभएको र म सँधै सानिआमा सँग बसेर पनि नहुने र म सँग वण्डा गर्नुपर्ने चल अचल सम्पत्ति केही नभएकोले वण्डा गर्नुपर्ने सम्पत्तीको फाँटवारी विपक्षीहरुवाटै बुझी हाम्रो मुल अंशियारामा ७ जना रहेको हुँदा ७ भाग लगाई ७ भागको १ भाग अंश दिलाई मैले अंश नलिँदासम्म मासिक रु. २५,०००।- दिलाई पाउँ भन्ने समेत व्यहोराको **वादी शान्ति कुँवरको फिराद दावी।**

## २. प्रतिउत्तर जिकीरः-

विपक्षीको फिराद दावी झुट्टा हो। प्रस्तुत मुद्दामा मंगली नेपाली सार्कीलाई मंगली कुँवर क्षेत्री नाम राखी साविक बर्राचौर गा.वि.स. वडा नं. २ बस्ने प्रबन्धेको छोरा रत्न बहादुर सार्कीको श्रीमतीलाई हामीहरुको एकासगोलको भन्ने झुट्टा विवरण दिई फिराद दावी लिएकी छन्। प्रस्तुत मुद्दामा हामीहरुको नाउँको म्याद तामेल भई मुद्दाको बारेमा जानकारी लिँदा यी वादी रत्न बहादुर सार्की र मंगली सार्कीको छोरी रहिछन्। विपक्षीले हामीहरुवाट अंश मासिक खर्चको दावी गर्न मिल्ने होईन्। वादीको आमा मंगली नेपाली सार्कीले म गोपाल बहादुर कुँवर क्षेत्रीलाई प्रतिवादी बनाई २०४६ सालमा ६ महिनाको गर्भ छ भनी अंशमा दावी गरेकीमा उक्त मुद्दा मिति २०५०।०८।२३ गते विपक्षीको आमा मंगली सार्की र मेरो वीचमा श्रीमान श्रीमती नाता कायम भई अंश पाउने ठहरी फैसला भएकोमा सो मुद्दाको फैसला उपर म गोपाल बहादुर कुँवर क्षेत्रीले पुनरावेदन अदालत पोखरामा पनरावेदन दर्ता गरी पुनरावेदन अदालत पोखरावाट मिति २०५२।०३।१२ गते विपक्षीको आमाले सम्पूर्ण वादी दावी छाडी आफू पर्वत जिल्ला साविक वर्राचौर गा.वि.स. वडा नं. २ बस्ने प्रबन्धेको छोरा रत्न बहादुर सार्कीको श्रीमती रहेको र निजवाट जन्मेको जातक यी वादी रत्न बहादुर सार्कीको छोरी कायम गरी मिलापत्र भएको हुँदा यी वादीसँग हामिहरुको कुनै नाता रहेको छैन्। एकपटक अदालतवाट प्रमाण बुझी प्रश्नको निवारण भई सकेको तथ्यलाई लुकाई दिएको प्रस्तुत मुद्दा हामीलाई दुख हैरानी दिने नियत मात्र हो। अर्कैको छोरी ठहर भएकी यी वादी हामीसँग बसेको भन्ने कुरा अविश्वसनिय र झुट्टा तथ्यहरु मात्र हुन्। हामीले विपक्षीलाई देखेका पनि छैनौं। निज हाम्रो

घरमा बसेको, कहिलेकाहिँ खर्च दिने गरेको भन्ने कुरा वनावटी हुन्। यी वादीको पितृत्व निजको आमाले मिति २०५२।०३।१२ गतेको मिलापत्रमा निर्धारण गरिदिएकी छन्। सो सम्वन्धमा सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादन भएका सिद्धान्तवाट समेत जातकको पितृत्व ठेगान गर्नुपर्दा आमाको कथनलाई महत्वपूर्ण मानिने भनी प्रकाशन समेत भएका छन्। विपक्षीले विद्यालयको चारित्रीक प्रमाणपत्र पेश गरेकी छन् उक्त प्रमाण हामिहरुका बिरुद्द सबुद प्रमाणका रुपमा लिन मिल्दैन्। उक्त प्रमाणपत्रहरु हामीहरुको संलग्नता विना बिषयान्तर गर्न पेश गरिएका हुन्। कक्षा ८ को जिल्ला स्तरिय परिक्षाको रजिष्ट्रेशन फर्ममा बाबुको नाउँ खाली राखी आमाको नाम मात्र उल्लेख गरेको हुँदा उक्त प्रमाणहरु हाम्रो बिरुद्दमा लाग्ने होईनन्। सिर्जीत कागजको कुनै प्रामाणिक मुल्य नरहने कुराको सिद्दान्त प्रतिपादन समेत भएका छन्। साधिकार निकाय अदालतवाट निरुपण भएको तथ्यलाई पुनः ब्युँताउने प्रयासमा सिर्जना गरिएको कागजको कुनै मुल्य नरहने भन्ने सिद्दान्त समेत प्रतिपादन भएका छन्। प्रतिवादी मध्ये म सोम बहादुर कुँवर हाल कास्की जिल्ला अदालतमा सामान्य पदमा कार्यरत रहेको छु। मैले मुद्दा हराईदिन्छु भन्ने समेतका भनाई कपोकल्पित हुन्। पुनरावेदन अदालत पोखरा र आमाले ठहर गरेको बाबुवाट स्वभाविक नागरिकता लिन सकिने मार्ग हुँदा हुँदै अन्तिम निकायवाट निरुपण भएको बिषयमा यी वादी ३२ वर्ष हुँदा सम्म मिलापत्रको ब्यहोरा जानकारि नपाएको भन्न मिल्दैन्। आफुलाई प्रतिकूल हुने मिलापत्रको ब्यहोरा उल्लेख नगरी वादीका सम्वन्धमा नाता कायम ठहर गरेको फैसला मात्र सिरान हाली लिएको दावी झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादीहरु दिलमाया कुँवर क्षेत्री, गोपाल बहादुर कुँवर क्षेत्री, टिका कुमारी कुँवर क्षेत्री, सोम बहादुर कुँवर र सागर क्षेत्री समेतको संयुक्त प्रतिउत्तर जिकीर।

**३.** गोपाल बहादुर कुँवर क्षेत्री र म मंगली कुँवर सार्कीका वीचमा प्रेम भई पहिलोपटक मिति २०४२।०९।०९ गते वर्राचौरमा रहेको बादरमुढेको गोठमा करणी लिनुदिनु भएको र सो पछी पनि पटकपटक करणी गर्दै आएका थियौं। गोपाल बहादुर कुँवर क्षेत्रीले नै हामी सँधै यसरी लुकीछिपी हिंडेर हुँदैन् विवाह गरौं भन्नुभएकोले मैले पनि स्वीकार गरी मिति २०४२।०१।०१ गते कालीगण्डकीको तीर असुरेनी भन्ने ठाउँमा अगरबत्ती बाली कसम खाई प्रेम विवाह भएको हो। गोपाल बहादुर कुँवर क्षेत्री र मेरो करणी सहवासवाट म गर्भवती भई मिति २०४६।०७।२९ गते विपक्षी वादीलाई जन्म दिएकी हुँ। म सँग वण्डा गर्नुपर्ने कुनै सम्पत्ति नभएकोले विपक्षीले म बाहेक अन्य अंशियारावाट अंश पाउने हुन्। सह प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्रीले मलाई हेला होचो गरेका कारण मैले यसै अदालतमा अंश मुद्दा दिएकिमा पतिले नातामा विवाद उठाई नातामा वयान भई मैले अंश पाउने गरी र यी वादी गोपाल बहादुर कुँवर क्षेत्रीको छोरी ठहरी मिति २०५०।०८।२३ गते यसै अदालतवाट फैसला भएकोमा मेरा पति गोपाल बहादुर कुँवर क्षेत्रीले सो फैसला उपर पुरावेदन अदालत पोखरामा पुनरावेदन गर्नु भएकोमा म निजसँगै रहे भएको अवस्थामा मलाई ललाई फकाई गरी पोखरा घुम्न जाउँ, विन्दवासिनी दर्शन गरौंम फेवातालमा डुङ्गा चढौं, २-४ दिन घुमेर आउँ भनी लगी पोखराको महेन्द्रपुल लजिकमा रहेको गेष्टहाउसमा लगी राखी मिति २०५२।०३।१२ गतेका दिन मलाई अदालत लगी हामी श्रीमान श्रीमती भएको भनी मिलापत्र गर्नुपर्छ, मिलापत्रमा सहि गरेपछी मात्र बलियो हुन्छ भनी नमालुम के कुन व्यहोरा भएको कागजमा सहिछाप गराए मलाई थाहा छैन्।

मैले रत्न बहादुर सार्की भन्ने व्यक्तिलाई देखे जानेको समेत छैन्। उक्त मिलापत्र पछि पनि पति गोपाल बहादुर कुँवर क्षेत्री र म श्रीमती भई एक आपसमा करणी गर्दै आएका छौं। पतिले वादीलाई पढ्ने खर्च तथा अन्य खर्च दिने, पठाउने, भेट्ने गर्नुहुन्छ। मिति २०७०।०२।०३ गते म एक छोरी सहितकी विवाहिता महिलालाई सह प्रतिवादी पतिले मेरो माईतीघरवाट अविवाहित भनी सिफारिस वनाई सोही दिन ५१-०१-७०-०१९१३ नं. को नागरिकता बनाईदिनुभएको र सो पछी पनि हामी पति पत्नी भई बस्दै आएका छौं। पति गोपाल बहादुर कुँवरले म अनपढ महिलालाई दलित जातको भनी उपेक्षित गरी मेरो चिनजान नै नभएका मानिस रत्न बहादुर सार्की भन्नेलाई मेरो पति र वादीलाई निजकै छोरी बनाई मिलापत्रमा सहिछाप गराएको कुरा हाल जानकारी पाएँ। हामी पति पत्नी हालसम्म श्रीमान श्रीमती नै भई बसेका छौं। म कस्को श्रीमती हुँ, विपक्षी वादीको वावु को हो भन्ने कुरा मैले यसै अदालतमा दिएको अंश मुद्दाको फिरादपत्र, नातामा गरेको वयान तथा फैसला समेतवाट प्रष्ट हुन्छ। सह प्रतिवादी पति गोपाल बहादुर कुँवर क्षेत्रीले मलाई ललाई फकाई गरी उनाउ मानिसको श्रीमती छोरी भन्दैमा त्यही नै सत्य हो भन्न मिल्ने होईन्। पुनरावेदन अदालत पोखरामा मिलापत्र हुँदा मेरो श्रीमान कायम गराईएको भनिएको रत्न बहादुर सार्की उपस्थित हुनुपर्ने, निजले समेत स्वीकार गर्नुपर्नेमा रत्न बहादुर सार्कीलाई उपस्थित नै नगराई रोहवरमा सहिछाप समेत नगराई चिनजान नै नभएका उनाउ व्यक्तिलाई मेरो श्रीमान र वादीलाई छोरी बनाई गरिएको मिति २०५२।०३।१२ को मिलापत्रमा कुनै सत्यता नरहेको र सो मिलापत्र मलाई तथा पुनरावेदन अदालतलाई समेत झुक्यानमा पारि उनाउ व्यक्तिलाई श्रीमान तथा वावु कायम गरिएको हुँदा विपक्षीको फिराद दावी सहि साँचो हो। मैले समेत पतिवाट अंश नलिएकी हुँदा सो हदसम्म फिराद मागदावीवाट अलग फुर्सद दिलाई न्याय पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी मङ्गली सार्कीको प्रतिउत्तर जिकीर।

**४. वादी शान्ति कुँवरले नातामा गरेको वयानः-**

प्रतिउत्तरमा म शान्ति कुँवरको बुबा भनी उल्लेख गरिएका रत्न बहादुर सार्कीलाई मैले चिन्दिन। म जान्ने भएदेखी नै मेरो आमा र म मेरो बुबा गोपाल बहादुर कुँवर क्षेत्रीसँगै रहेका थियौं। मलाई रत्न बहादुर सार्कीको छोरी कायम गरिएको बारेमा मलाई थाहा भएन्। मेरो हक अधिकार तेस्रो कुनै व्यक्तिले मिलापत्र गर्दैमा हनन् हुने पनि होईन्। मेरो बुबा गोपाल बहादुर कुँवर क्षेत्री नै हुनुहुन्छ।

**५. प्रतिवादी मङ्गली सार्कीले नातामा गरेको वयानः-**

तत्कालिन पुनरावेदन अदालत पोखरमा गरिएको मिलापत्रमा के कुरा उल्लेख छ मलाई थाहा छैन्। म अनपढ भएकीले जहाँ सही गर्ने भन्यो त्यहीं सही गरेकी हुँ। उक्त मिलापत्रमा मेरो श्रीमान भनिएको रत्न बहादुर सार्कीलाई मैले चिन्दिन। गोपाल बहादुर कुँवर क्षेत्री र म करिब ७ वर्ष श्रीमान श्रीमती भई बसेका हौं। वादीको बुबा गोपाल बहादुर कुँवर नै हुनुहुन्छ।

**६. प्रतिवादी गोपाल बहादुर क्षेत्रीले नातामा गरेको वयानः-**

मिति २०५२।०३।१२ मा तत्कालिन पुनरावेदन अदालत पोखरावाट भएको मिलापत्र वमोजिम यी वादीको बुबा रत्न बहादुर सार्की नै भएको हुँदा म सँग कुनै नाता प्रमाणित हुने अवस्था छैन्। म यी

वादी तथा निजको आमा सँग रहे बसेको छैन्। वादीको वयान व्यहोरा झुट्टा हो। आफ्नो सन्तानको बाबु को हो भन्ने कुरा आमालाई मात्र थाहा हुने हुँदा सो कुरा वादीको आमाले मिलापत्रमा उल्लेख गरेको अवस्था छ। वादीले आफ्नो मनखुसीले स्याङ्जा पाईनर हाईस्कुलमा आफ्नो बाबु भनी मेरो नाम उल्लेख गरेकी छन्। यी वादी रत्न बहादुर सार्कीको छोरी हुन्।

**७. वादीका साक्षीले गरेको बकपत्रः-**

शान्ति कुँवर बुबा गोपाल बहादुर कुँवर र आमा मङ्गली सार्कीवाट जन्मेकी हुन्। यी वादी गोपाल बहादुर कुँवर क्षेत्रीको छोरी भएको हुँदा वादी दावी वमोजिम अंश मासिक खर्च पाउने हुन्। रत्न बहादुर सार्की भन्ने को हो मलाई थाहा छैन् यी वादीका बाबु गोपाल बहादुर कुँवर क्षेत्री हुन भन्ने गाउँ समाज सवैलाई थाहा छ । तत्कालिन पुनरावेदन अदालतवाट के कसरी मङ्गली नेपालीको श्रीमान रत्न बहादुर सार्की बनाई मिलापत्र भएको हो सो बारेमा मलाई थाहा छैन् । तत्कालिन समयमा यी वादीको आमा र गोपाल बहादुर कुँवर क्षेत्री सँगै हिड्ने, डुल्ने, बस्ने, शारीरिक सम्वन्ध समेतको आधारमा नै यी वादी गोपाल बहादुर कुँवर क्षेत्री र मङ्गली सार्कीको छोरी हुन्। वादीलाई नागरिकताको प्रमाणपत्र निकाल्न समस्या परेकोले वादीले प्रस्तुत मुद्दा दायर गरेकी हुन् भन्ने समेत व्यहोराको **वादीका साक्षी कबिराम सार्कीले यस अदालत समक्ष आई गरेको बकपत्र ।**

**८. प्रतिवादी मङ्गली सार्कीका साक्षीले गरेको वकपत्रः-**

यी वादीको बाबु गोपाल बहादुर कुँवर हुन् भन्ने सवैलाई थाहा छ। वादीले प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्रीवाट अंश मासिक खर्च पाउने हुन् भन्ने समेत व्यहोराको **प्रतिवादी मङ्गली कुँवरका साक्षी ललित नेपालीले यस अदालत समक्ष आई गरेको बकपत्र।**

**९. प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्री समेतका साक्षीले गरेको वकपत्रः**

२०५२ सालमा भएको मिलापत्रमा बाबुले र आमाले छोरी स्वीकार गरी छोरीको लालनपालनको समेत जिम्मा लिई मिलापत्र भएको हुँदा उक्त मिलापत्र नै अन्तिम रुप हो।वावु नै दोस्रो ब्यक्ती भएको हुँदा यी प्रतिवादीहरुवाट वादीले अंश पाउने होईनन् । यी वादीको बाबु रत्न बहादुर सार्की हुन् भन्ने कुरा मिलापत्र अनुसार भनेको हुँ भन्ने समेत ब्यहोराको **प्रतिवादी गोपाल बहादुर कुँवर समेतका साक्षी ज्ञानेन्द्र शर्माले यस अदालत समक्ष आई गरेको बकपत्र** ।

**१०. अदालतवाट भएको आदेशः-**

यी वादीको आमा मङ्गली नेपालीले मिति २०४६।०५।१३ मा यी प्रतिवादी गोपाल बहादुर कुँवर समेत उपर अंश मानाचामल मुद्दा दायर गर्दा यी वादी शान्ति कुँवर आफ्नो गर्भमा रहेको ६ महिना भएको भन्ने तथ्य उजागर गर्दै फिराद दायर गरेको र उक्त मुद्दामा नातामा वयान गर्दा समेत यी वादीको आमा मङ्गली नेपालीले प्रतिवादी गोपाल बहादुर कुँवर र आफ्नो करणीवाट गर्भ रही छोरी शान्तिको मिति २०४६।०७।२९ मा जन्म भएको भनी लेखाएको देखिन्छ। सोही आधार प्रमाणसमेतवाट यी वादीको आमा मङ्गली नेपाली र प्रतिवादी गोपाल बहादुर कुँवर वीच पति पत्नीको नाता कायम हुने र अंश समेत पाउने ठहर भएको प्रमाण मिसीलवाट देखिन आएको छ । उक्त मुद्दा

मिति २०५२।०३।१२ मा तत्कालीन पुनरावेदन अदालत पोखरामा मिलापत्र हुँदा यी वादीको आमाले सम्पूर्ण वादी दावी छाडी नावालिग यी वादी रत्न बहादुर सार्कीको छोरी कायम हुने गरी मिलापत्रमा उल्लेख भएतापनि यस अदालतवाट मिति २०५०।०८।२३ मा फैसला हुँदा यी वादीका आमा र प्रतिवादी गोपाल बहादुर कुँवर वीच पति पत्नीको नाता कायम ठहर भई अंश समेत प्राप्त हुने गरी फैसला भएकोमा यी वादी उक्त मुद्दाबाट यी प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्रीको छोरी रहेको भन्ने तथ्य स्वतः स्थापित रही अस्तित्वमा आईसकेको अवस्थामा निजको वाशिंक अधिकार र अस्तित्व हनन हुने गरी यी वादीलाई उनाउ व्यक्तिको छोरी कायम गरी मिलापत्र भएको आधारवाट मात्र यी वादी र प्रतिवादी गोपाल बहादुर कुँवर वीचमा वावु छोरी नाता सम्वन्ध नरहेको भन्न मिल्ने नदेखिँदा यी वादी र प्रतिवादी गोपाल बहादुर कुँवर वीच बाबु छोरी नाता रहेको देखिन आयो ।

माथी उल्लिखित आधार समेतवाट यी वादी र प्रतिवादी गोपाल बहादुर कुँवर वीच बाबु छोरीको नाता देखिन आएकोले फिराद परेको अघिल्लो मिति अर्थात २०७८।११।२४ गतेलाई मानो छुट्टीएको मिति कायम गरी यी वादी र प्रतिवादी मङ्गली नेपाली बाहेक अन्य प्रतिवादीहरु वीच वण्डा गर्नुपर्ने सम्पूर्ण सम्पत्तीको तायदाती फाँटवारी मुलुकी देवानी संहिता, २०७४ को दफा २२१, २२२ र २२३ समेतवाट वादी प्रतिवादीवाट फाँटवारी पेश गर्न लगाई पेश भएको फाँटवारीको श्रेस्ता सम्वन्धित मालपोत कार्यालय बाट झिकाई नपुग अदालती दस्तुर वादीवाट पेश गर्न लगाई पेश भएको फाँटवारी वादी प्रतिवादीलाई परस्परमा सुनाई कागज गरी वादी प्रतिवादीवाट निजहरुको आथिक हैसियत खुल्ने कागज गरी नियमानुसार लगाउका मुद्दा समेत साथै राखी पेश गर्नू भन्ने भएका आदेशानुसार वादी र प्रतिवादी मङ्गली सार्की बाहेकका अन्य अंशियारावाट सम्पत्तिको फाटँवारी पेश भई परस्परमा सुनिपाएको कागज गरी पेश भएको फाँटवारी वमोजिमको दर्ता श्रेस्ता प्राप्त भई नपुग अदालती दस्तुर रु. ५४७९।- वादीले यस अदालतको र.नं. २०४९७४२०१-८०-२०७३ मिति २०८०।१२।१३ गते दाखिला गरी वादी प्रतिवादीवाट आर्थिक हैसियत खुलाई गरेको कागज मिसिल सामेल रहेको।

**अदालतको ठहरः-**

११. **नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातको अध्ययन गरियो। वादीको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री राजेन्द्र प्रसाद भुसालले यी वादी शान्ती कुँवर प्रतिवादी गोपाल बहादुर कुँवरको छोरी भएको मिसिल संलग्न गाउँ विकास समितिको कार्यालय पर्वतको नाता प्रमाणित, विद्यालयको चारित्रिक प्रमाणपत्र, साक्षीको बकपत्र समेतका मिसिल संलग्न प्रमाण कागजवाट पुष्टी भई रहेको हुँदा यी प्रतिवादी गोपाल बहादुर कुँवरले आफ्नो इज्जत आमद अनुसार वादीलाई लालनपालन र शिक्षाको उचित व्यवस्थापन गर्नू पर्नेमा आफ्नो जिम्मेवारी पुरा नगरेको हुँदा वादीलाई फिराद मागदावी अनुसार अंश छुट्याई अंश नपाईन्जेलसम्म दावी अनुसारको मासिक जीवनयापन खर्च भराईपाउँ भन्ने समेत व्यहोराको बहस गर्नूभयो। प्रतिवादीहरुको तर्फवाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री जगन्नाथ ढकाल र विद्वान अधिवक्ता श्री डिलमाया भुजेलले प्रस्तुत मुद्दाका प्रतिवादी मङ्गली र**

**गोपाल बहादुर कुँवर समेत भएको अंश मुद्दामा तत्कालिन पुनरावेदन अदालत पोखरावाट मिति २०५२।०३।१२ मा मिलापत्र हुँदा यी वादी गोपाल बहादुर कुँवरको छोरी नभएको प्रष्ट हुँदा केवल फिराद लेखकै आधारमा वादी दावी पुष्टी हुन नसक्ने एकातर्फ छ भने अर्को तर्फ यी वादीलाई फिराद दायर गर्ने हकदैया समेत नहुँदा फिराद दावी खारेज गरीपाउँ भन्ने समेत व्यहोराको वहस गर्नूभयो ।**

१२. **मिसील संलग्न कागजात एवं विद्वान कानून व्यवसायीको बहस बुँदालाई समेत मध्यनजर राख्दै प्रस्तुत मुद्दामा वादी दावी वमोजिम वादीले अंश एवं मासिक खर्च प्रतिवादीहरुवाट पाउने हुन् वा होईन? सोही विषयमा निर्णय दिनूपर्ने देखियो ।**

१३. निर्णयतर्फ विचार गर्दा, विपक्षीहरुले आफ्नो इज्जत आमद अनुसार मेरो पालताल, शिक्षा स्वास्थ्यको कुनै व्यवस्था नगरी आफ्नो जिम्मेवारी पुरा नगर्नू भएकोले मेरो भागको अंश छुट्याई अंश नपाईन्जेल सम्मको लागि दावी अनुसारको मासिक खर्च विपक्षीहरुवाट भराईपाउँ भन्ने समेत ब्यहोराको फिराद दावी भई वादी हाम्रो नाताभित्रको व्यक्ति नै नभएको हुँदा फिराद दावी अनुसार हामीले कुनै दायित्व बहन गर्न नपर्ने भएकोले फिराद दावी खारेज गरीपाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु मध्येका डिलमाया कुँवर भन्ने चन्द्रकला कुँवर, टिका कुमारी कुँवर भन्ने हरिकला कुँवर, सोम बहादुर कुँवर, सागर कुँवर क्षेत्री र गोपाल बहादुर कुँवर क्षेत्री भन्ने गोपाल बहादुर क्षेत्रीको संयुक्त प्रतिउत्तर जिकिर र प्रतिवादी मध्येकी मङ्गली कुँवर क्षेत्री सार्कीले विपक्षी वादीले म वाट अंश मासिक खर्च पाउने हैनन् आफ्नै बाबु गोपाल बहादुर कुँवर क्षेत्री समेतका प्रतिवादीहरु सँगवाट आफ्नो अंश मासिक खर्च पाउने हुँदा मेरा उपरको सो हदसम्मको फिराद मागदावीबाट अलग फुर्सद दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिउत्तर जिकिर रहेको देखियो। प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्रीले नातातर्फ वयान गर्दा, वादी शान्ती मेरो छोरी होईनन् भनी र प्रतिवादी मङ्गलीले वयान गर्दा, मिलापत्रमा मेरो श्रीमान भनेर उल्लेख गरिएको रत्न बहादुर सार्कीलाई चिन्दिन मेरो श्रीमान गोपाल बहादुर कुँवर नै हुनुहुन्छ । गोपाल बहादुर कुँवर मेरो छोरी शान्ति कुँवरको बुबा पनि निज गोपाल बहादुर कुँवर नै हुनुहुन्छ। गोपाल बहादुर कुँवर र म करिव ७ वर्षसम्म श्रीमान श्रीमती भई सँगै बसेका हौं भनी वयान ब्यहोरा लेखाई वादी शान्तिले वयान गर्दा समेत मेरो बुबा प्रतिवादी मध्येका गोपाल बहादुर कुँवर क्षेत्री हुनुहुन्छ भनी व्यहोरा लेखाएको देखिन्छ। वादी प्रतिवादीका साक्षीले आ-आफ्नो पक्षको भनाईलाई समर्थन हुने गरी बकपत्र गरेको देखियो।

प्रमाणमा आएको वादी मङ्गली नेपाली प्रतिवादीहरु मान बहादुर कुँवर क्षेत्री, डिलमाया कुँवर क्षेत्री, गोपाल बहादुर कुँवर, टिका कुमारी कुँवर क्षेत्री भएको २०४६ सालको दे.दा.नं. २४० को अंश मुद्दाको फिराद हेर्दा, प्रतिवादी गोपाल बहादुर कुँवरसँग प्रेम विवाह भई मेरो पेटमा ६ महिनाको गर्भ समेत रहेकोले अंशमा दावी लिई फिराद दिएकोमा इन्कारी प्रतिउत्तर भएतापनि गोपाल बहादुर कुँवरसँग मङ्गली नेपालीको श्रीमतीको नाता कायम भई अंश समेत पाउने ठहरी मिति २०५०।०८।२३ मा पर्वत जिल्ला अदालतवाट फैसला भएको

देखिन्छ। उक्त फैसलामा चित्त नबुझाई प्रतिवादीहरुले तत्कालिन पुनरावेदन अदालत पोखरामा पुनरावेदन गरेकोमा मिति २०५०।०८।२३ मा शुरु पर्वत जिल्ला अदालतले नाता कायम गरी अंश पाउने ठहर्याएको फैसला भएतापनि प्रत्यर्थी मङ्गली नेपालीले पुनरावेदकहरुसँग लिएको सम्पूर्ण वादी दावी छाडी म मङ्गली नेपालीवाट जन्मेकी छोरी शान्ति प्रतिउत्तर जिकिर अनुसार वर्राचौर गा.वि.स. वडा नं. २ बस्ने रत्न बहादुर सार्कीको छोरी हुँदा निज रत्न बहादुरको कायम हुने गरी र म मङ्गली नेपाली स्वतन्त्र रुपमा रहने हाल छोरीको संरक्षण म आँफैले गर्ने गरी मिली बस्न वादी म मङ्गली नेपाली मञ्जुर भएकी र बादी मङ्गलीले हामी पुनरावेदक उपर लिएको सम्पूर्ण वादी दावी छोडी मिलि बस्न मञ्जुर भएको हुँदा हामी पुनरावेदकहरु पनि मिली बस्न मञ्जुर भएको भनी तत्कालिन पुनरावेदन अदालत पोखरावाट मिति २०५२।०३।१२ मा मिलापत्र भएको देखिन्छ। मिति २०५०।०८।२३ को फैसला हेर्दा, रत्न बहादुर सार्कीको नाउँमा अ.व. १३९ वमोजिम ७ दिने म्याद जारी हुँदा समेत अदालतमा उपस्थित भएको देखिएन्। **PIONEERS HIGHER SECONDARY SCHOOL WALING, SYANJA** को **Character / Transfer Certificate** हेर्दा शान्ति कुँवर गोपाल बहादुर कुँवरको छोरी भनी मिति २०६७।०१।०९ मा उल्लेख भएको देखिन्छ। त्यस्तै गाउँ विकास समितिको कार्यालय पर्वतले शान्ति कुँवरको पिता गोपाल बहादुर कुँवर र आमा मङ्गली सार्की भएको नाता प्रमाणित गरेको मिसिल संलग्न कागजवाट देखिन्छ। वादीका वावु गोपाल बहादुर कुँवर नै हुन् भनी मङ्गली कुँवरका साक्षी ललित नेपाली, शान्ति कुँवरका साक्षी कबिराम सार्कीले थप पुष्टी हुने गरी वकपत्र गरेको देखिन्छ। यस अदालतवाट मिति २०८०।०५।०५ मा सम्पत्तिको फाँटवारी माग्ने आदेश उपर चित्त नबुझाई प्रतिवादीहरुले उच्च अदालत पोखरा बागलुङ इजलसमा मिति २०८०।०५।०५ को आदेश बदर गरीपाउँ भनी निवेदन दिएकोमा उक्त अदालत समेतवाट मिति २०८०।०५।०५ को आदेश सदर हुने गरी मिति २०८०।०८।११ मा आदेश भएकोमा उक्त दुवै आदेश बदर गरीपाउँ भनी प्रतिवादीहरुले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकोमा उक्त रिट निवेदन खारेज भएको मिसिल संलग्न सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखा (रिट ५) को मिति २०८०।११।१३ को पत्रवाट देखियो। मिसिल संलग्न कागज प्रमाणवाट वादीको जन्म मिति २०४६।०७।२९ देखिन्छ भने मङ्गली नेपालीले गोपाल बहादुर कुँवर समेत उपर अंश मुद्दाको फिरादमा आफ्नो पेटमा ६ महिनाको गर्भ रहेको कुरा उल्लेख गरी फिराद दिएको र उक्त मुद्दामा मङ्गली नेपाली र प्रतिवादी गोपाल बहादुर कुँवर वीच पति पत्नीको नाता कायम हुने र अंश समेत पाउने ठहरी फैसला भएकोमा मिति २०५२।०३।१२ मा पुनरावेदन तहमा वादी प्रतिवादी बीच मिलापत्र हुँदा वादी दावी छाडी तत्कालिन अवस्थामा नावालिग यी वादी रत्न बहादुर सार्कीको छोरी कायम हुने गरी मिलापत्र भएतापनि यी वादी प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्रीको छोरी रहेको भन्ने तथ्य स्वतः स्थापित रही अस्तित्वमा आईसकेको अवस्थामा यी वादीलाई उनाउ व्यक्तिको छोरी कायम गरी मिलापत्र भएको आधारवाट मात्र यी वादी र प्रतिवादी गोपाल बहादुर कुँवर वीचमा वावु छोरीको नाता

सम्वन्ध नरहेको भन्न न्यायोचित देखिएन्। फिराद एवं प्रतिउत्तर लेखवाट गोपाल बहादुर कुँवर क्षेत्रीको टिका कुमारी कुवँर भन्ने हरिकला कुँवर श्रीमती भएको देखिन्छ। मिति २०५२।०३।१२ को मिलापत्र व्यहोरा हेर्दा, वादी दावी छोडी स्वतन्त्र रुपमा बस्ने भनी वादी मङ्गली नेपालीले मिलापत्र गरेको देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा २१५ हेर्दा, कुनै अंशियारले आफ्नो अंश आंशिक रुपमा लिई वा नलिई वा अंश वापत केही नगदी वा जिन्सी मात्र लिई अंश छोडपत्र गर्न सक्नेछ तर नावालक अंशियारको अंश हक छोडपत्र गर्न सकिने छैन् भनी उल्लेख भएको पाईन्छ । मिति २०५२।०३।१२ को मिलापत्र भएको लामो समय पश्चात प्रस्तुत मुद्दाकी प्रतिवादी मध्येकी मङ्गलीले मिति २०७०।०२।०३ गते ५१-०१-७०-०१९१३ नं. को नागरिकता लिएको र उक्त नागरिकतामा पतिको नाम उल्लेख भएको मिसिल संलग्न निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिवाट देखिदैंन् । यस तथ्यवाट मैले पनि प्रतिवादी गोपाल बहादुर कुँवरवाट अंश पाउनुपर्ने हो भन्ने निजको प्रतिउत्तर जिकिर बिश्वासलायक देखिएन्।

१४. यसरी समग्र मिसिलको अध्ययनवाट यी वादी शान्ति कुँवर प्रतिवादी गोपाल बहादुर कुँवर क्षेत्री भन्ने गोपाल बहादुर क्षेत्रीको छोरी नाताको देखिन आयो। यी वादी र प्रतिवादीले यस अघि अंशवण्डा भएको भन्ने पनि नदेखिएको र यी वादी तथा प्रतिवादी अंशियार देखिन आई फिराद परेको अघिल्लो दिनलाई वादी प्रतिवादी विच मानो छुट्टिएको मिति कायम भई सम्पत्तिको फाँटवारी समेत पेश भईसकेको देखिँदा मिसिल संलग्न प्रमाण कागजवाट डिलमाया कुँवर क्षेत्री र गोपाल बहादुर कुँवर क्षेत्री भन्ने गोपाल बहादुर क्षेत्री मूल २ अंशियार देखिन्छ। गोपाल बहादुर कुँवर क्षेत्री भन्ने गोपाल बहादुर क्षेत्री र टिका कुमारी कुँवर भन्ने हरिकला कुँवरवाट सोम बहादुर कुँवर क्षेत्री, सागर कुँवर क्षेत्री, समिर कुँवर क्षेत्री तीन छोराको जन्म भएको देखिन्छ भने गोपाल बहादुर कुँवर र मङ्गलीवाट यी वादी शान्ती कुँवरको जन्म भएको देखिन्छ। यी वादी शान्ती कुँवरले प्रतिवादीहरुवाट अंश लिई पाईसकेको भन्ने कुराको सबूद प्रमाण प्रतिवादीले पेश दाखिला गर्न सकेको देखिँदैन्।

१५. जहाँसम्म मासिक जीवनयापन खर्चको माग दावीको सम्वन्धमा विचार गर्दा, यी वादी शान्ती कुँवर प्रतिवादी मध्येको गोपाल बहादुर कुँवर वीच बाबु छोरीको नाता देखिई अंशियार देखिएको र यिनीहरु वीच अंशवण्डा भएको पनि देखिँदैन्। अंश पाउनुपर्ने हक भएको कुनै व्यक्तिले आफुलाई अंश दिनुपर्ने दायित्व भएको व्यक्तिको अंश नपाउन्जेलसम्मको लागि आफ्नो जीवनयापनको लागि खर्च भराई माग्न पाउने नै हुन्छ। पत्नीले पतिको विरुद्द वा छोराछोरीहरुले आमा वावुका बिरुद्द निर्भर सन्तानले जीवनयापनको लागि खर्चको माग गर्न सक्नै नै देखिन्छ। लोग्ने वा बावुआमाले स्वास्नी वा छोराछोरीलाई आफ्नो इज्जत आमद अनुसार खानलाउन र आवश्यकता अनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्योपचारको व्यवस्था गर्नुपर्ने हुन्छ। यस्तो दायित्ववाट लोग्ने वा बाबुआमा बादी मुक्त हुन सक्ने पनि देखिँदैन्। मिसिल संलग्न प्रमाण कागजवाट यी वादी समेत शिक्षित सक्षम महिला देखिन्छ।

१६. अतः माथी विवेचित आधार कारणहरुवाट वादीले प्रतिवादीहरुवाट अंश लिई पाईसकेको भन्ने कुराको सबूद प्रमाण प्रतिवादीहरुले पेश दाखिला गर्न सकेको देखिँदैन्। डिलमाया कुँवर भन्ने चन्द्रकला कुँवर-१ र गोपाल बहादुर कुँवर क्षेत्री भन्ने गोपाल बहादुर क्षेत्री-१ गरी दुई मूल अंशियार देखिन्छन्।प्रमाण ऐन,२०३१ को दफा ६(क) अनुसार एकाघरसँगको अंशियारहरुमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलकै मान्नुपर्ने हुँदा पेश हुन आएको सम्पत्तिको फाँटवारीमा उल्लेखित दर्ता श्रेस्ता मिले भिडेको सम्पत्तिलाई २ भाग लगाई सो २ भागको एक भाग अंश गोपाल बहादुर कुँवरलाई छुट्याई ६ भाग लगाई सो ६ भागको १ भाग अंश यी वादी शान्ती कुँवरले छुट्याई चलन समेत चलाई पाउने ठहर्छ। सो अंश वादीले नपाएसम्मको लागि फिराद दायर गरेको मिति २०७८।११।२५ देखि मासिक रु. ५,०००।- (पाँच हजार) जीवनयापन खर्च प्रतिवादी गोपाल बहादुर कुँवरवाट वादीले भराईलिन पाउने समेत ठहर्छ। बढी जिवनयापन खर्च भराई पाउँ भन्ने वादी दाबी सो हदसम्म पुग्न सक्दैन। सो ठहरेकोले अरुमा तपसिल वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ वमोजिम आज यो फैसला गरिदिईएको छ।

**तपसिल**

- माथी ठहर खण्डमा लेखिएबमोजिम वादी शान्ती कुँवरले प्रतिवादीहरुवाट सम्पत्तिको फाँटवारीमा पेश हुन आएका दर्ता श्रेष्ता मिले भिडेसम्मका सम्पत्तीवाट २ भाग लगाई उक्त २ भागको १ भागवाट ६ भागको १ भाग अंश छुट्याईलिन पाउने ठहरी फैसला भएकोले तपसिलमा उल्लेखित दर्ता श्रेष्ता भिडेको सम्पत्तीवाट माथि उल्लेख भए वमोजिम अंश छुट्टाई पाउँ भनी वादी वा प्रतिवादीले निवेदन दिएमा अंश छुट्टाई दिनू भनी तहसिल शाखामा लगत दिनू........................१

**वादीले वण्डा छुट्याईलिन पाउने कित्ताहरुः-**

| क्र.स. | ठेगाना | | | जग्गा धनी | कि.नं. | क्षे.फ. | कै. |
|---|---|---|---|---|---|---|---|
| | जिल्ला | गा.वि.स. | वडा नं. | | | | |
| १. | पर्वत | रानीपानी | १ | मान बहादुर कुँवर | ३३ | १-९-०-० | |
| २. | " | " | " | " | १५६ | ०-१०-२-३ | |
| ३. | " | " | " | " | ३९ | ०-९-३-० | |
| ४. | " | " | " | " | ४१ | १-०-१-२ | |
| ५. | " | " | " | " | १५१ | ०-१२-३- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ० | |
| ६. | " | वर्राचौर | ५ | " | १६ | २-८-०-२ | |
| ७. | " | " | " | " | ३८६ | २-५-१-३ | |
| ८. | " | " | " | " | ३८० | २-७-२-२ | |
| ९. | " | " | " | " | ३९८ | १-६-०-० | |
| १०. | " | " | " | चन्द्रकला कुँवर | ४१२ | ०-५-०-३ | |
| ११. | " | " | " | " | ३७६ | १-६-०-३ | |
| १२. | " | " | " | " | ४१० | १-०-०-३ | |
| १३. | गुल्मी | पुर्तिघाट | १ | गोपाल बहादुर क्षेत्री | ५९५ | ०-३-३-२ | |
| १४. | " | " | " | " | ५८१ | ०-१-३-० | |
| १५. | " | " | " | " | ५७९ | ०-२-०-० | |

- प्रस्तुत मुद्दामा वादी शान्ति कुँवरले फिराद परेको मिति २०७८।११।२५ देखी अंश छुट्याई नलिँदासम्मलाई प्रतिवादी मध्येका गोपाल बहादुर क्षेत्रीवाट मासिक रू. ५,०००।- (पाँच हजार) मासिक खर्च भराईलिन पाउने ठहरेकोले उक्त मासिक खर्च भराई पाउँ भनी वादीले दरखास्त दिएमा प्रतिवादी गोपाल बहादुर क्षेत्रीवाट भराई दिनू र कानून वमोजिम लाग्ने दस्तुर वादीबाट लिनू भनी तहसिल शाखामा लगत दिनू...........................२
- माथी ठहर खण्डमा लेखिए बमोजिम वादी शान्ति कुँवरले फिराद दर्ता गर्दा राखेको अदालती दस्तुर रु.१,५००।-(एक हजार पाँच सय) राखेको र नपुग अदालती दस्तुर यस अदालतको मिति २०८०।१२।१३ र.नं. २०४९७४२०१-८०-२०७३ बाट रु. ५,४७९ । - (पाँच हजार चार सय उनासी) दाखिला गरेकोले उल्लिखित अदालती दस्तुर प्रतिवादीहरुवाट भराईपाउँ भनी निवेदन दिएमा कानून वमोजिम प्रतिवादीहरुवाट वादीलाई भराईदिनू भनी तहसिल शाखामा लगत दिनू.....३
- माथी ठहर खण्डमा लेखिए बमोजिम आंशिक वादी दाबी पुग्ने ठहरी फैसला भएकोमा वादी प्रतिवादी प्रस्तुत मुद्दामा रुजू हाजिर रहेको र वादी प्रतिवादीका कानून व्यवसायीले बहस समेत गरेकोले कानून वमोजिम पक्षले फैसला भएको जानकारी पाएको मानिने हुँदा फैसला प्रमाणिकरण भएको मितिले ३० दिनभित्र उच्च अदालत पोखरा वाग्लुङ इजलास बाग्लुङमा पुनरावेदन गर्न सक्ने नै हुँदा वादी प्रतिवादीलाई पुनरावेदनको म्याद दिईरहनु परेन....................................४

- सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू.....................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.................................................६

**न्यायाधीश**
**ता.डि. सुर्य प्रसाद पौडेल**

फैसला तयार गर्न सहयोग पुर्याउनेः
ना.सु.ऋषिराम पौडेल-

इति सम्वत २०८० साल चैत्र महिना २५ गते रोज १ शुभम्.......................................।
प्रमाणीकरण मिति :- २०८०।०१।१२

श्री
काठमाडौं जिल्ला अदालत
इजलास
माननीय न्यायाधीश श्री प्रकाशप्रसाद पण्डित
फैसला
मुद्दा नं.०७८-CP-५९२३
र.नं:- ३९-०७८-१४०२७
मुद्दाः नाता कायम गरिपाऊँ।
दर्ता मितिः-२०७८/११/२३
निर्णय नम्बरः-११०
निर्णय मितिः-२०८०/०५/०५।३

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
| --- | --- |
| दोलखा जिल्ला साबिक भिरकोट गा.वि.स. ८ हाल परिवर्तित तामारोधी गाउँपालिका १ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. ९, कालिमाटी टोलमा बस्ने कृष्णबहादुर खत्री र कमला खत्रीको छोरी, रूपेश अधिकारीको पत्नी वर्ष २५ की सविना के.सी. ............१ | काठमाडौं जिल्ला टोखा नगरपालिका-१० खरिबोट बस्ने होमनाथ अधिकारीको नाति रविन्द्र अधिकारीको छोरा रूपेश अधिकारी.....१ |
| साक्षीः- कान्छी मगर र केदार के.सी. | साक्षीः- प्रकाश थापा |

अदालतबाट बुझेकोः-
साक्षी/प्रमाणः-
(कान्छी मगर, केदार के.सी. र प्रकाश थापा)

न्याय प्रशासन ऐन,२०७३ को दफा ७ एवं मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

तथ्य खण्ड

मुद्दाको संक्षिप्त बेहोराः-

१. फिरादपत्रको बेहोराः-

विपक्षीसँग परम्परागत रूपमा दुवै पक्षको पारिवारिक सहमतिमा मिति २०७८/०३/१७ गतेका दिन मागी विवाह भएको हो। विवाह पश्चातका दिनहरू सौहार्दपूर्ण रूपमा बितिरहेका थिए। तथापि मलाई गरिबको छोरी भन्दै दाइजो नपाएको गुनासो घर परिवारबाट आउन थालेपछि मानसिक

तनाब हुन थाल्यो। विपक्षी पतिले घरका कुरा सुनेर मलाई गाली गर्दा पनि मैले माइतीको ईज्जतका खातिर सहेर नै बसें। घर परिवारसँग विवाद भएकोले छुट्टै बसौं भनी पतिलाई अनुरोध गरें। साथै पतिसँग विवाह दर्ताको लागि कुराकानी पनि गरें। शुरूमा हुन्छ भने पनि घर परिवारका सदस्यहरू सबै मिली मलाई नाता प्रमाणित गर्न नदिने, दासीको रूपमा व्यवहार गर्न थालियो। टोखा नगरपालिकाको वडाध्यक्षलाई सम्बोधन गरी मिति २०७८/०९/२१ मा हुलाक मार्फत निवेदन दिएँ। प्रत्यक्ष गएर दिएको निवेदन दर्ता गर्न अस्वीकार गरेपछि टोखा नगरपालिकाको न्यायिक समितिमा मिति २०७८/१०/१० मा हुलाक मार्फत नाता कायम गरिपाउँ भन्ने निवेदन दिएँ। उल्लेखित निकायका वडाध्यक्ष र न्यायिक समितिले हालसम्म कुनै जवाफ नदिएबाट म थप पीडित भएकी छु। मलाई विपक्षी पति र परिवारका सदस्यले धम्क्याउने, थर्काउने र अमानवीय व्यवहार र हर्कत गरिरहेका छन्। विपक्षी र परिवारका सदस्यहरूले विवाह भएको प्रमाण नै लोप गर्न खोजिरहेका छन्। म हिन्दु नारी हुँ र सतित्वमा रहन चाहन्छु। विपक्षी पति र मेरो पति पत्नीको नाता सम्बन्ध कायम गरिपाउँ भन्नेसमेत बेहोराको वादी सविना के.सी.को फिराद मागदाबी।

२. **प्रतिउत्तरपत्रको बेहोराः-**

म विदेश जाने सोचका कारण कन्सल्टेन्सीमा सम्पर्क गर्न विदेश जाने मानिससँग भेटघाट गरी चिनजान गर्ने क्रममा विपक्षी सविना के.सी.सँग चिनजान भै सरसल्लाह हुँदा विपक्षीले तपाईं विदेश जाने भए म विध्यार्थी भै अध्ययन प्रवेशाज्ञामा जान्छु, लागेको खर्च तपाईंले बेहोर्नुपर्छ। म तपाईंलाई पति बनाई Depend भिषामा विदेश लिएर जानसक्छु। तर त्यसको लागि नक्कली विवाह गर्नुपर्छ भनेकोले विश्वासमा परी विदेश जाने प्रयोजनको लागि मात्र बेहुला बेहुली भै फोटोसम्म खिचेको थिएँ। उक्त फेक फोटो खिची मेरा केही कागजात तथा केही रकम दिएपछि विपक्षीले दिएको सम्पर्क नम्बर ९८४३१५१३६४ मा सम्पर्क हुन छाड्यो। त्यसपछि उहाँ सम्पर्कबिहिन हुनुभयो। विपक्षीले हामीहरूको सम्पत्ति देखेर सम्पत्ति खाने पचाउने नियतले दाजुहरूको उक्साहटमा लागि दायर गरेको प्रस्तुत नाता कायम फिराद खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रूपेश अधिकारीको प्रतिउत्तरत जिकिर।

३. **अदालतको आदेशः-**

यसमा वादी, प्रतिवादीका साक्षी निजहरू मार्फत झिकाई बकपत्रको लागि नियमानुसार पेश गर्नु भन्नेसमेत बेहोराको मिति २०७९/०७/१७ को आदेश।

४. **साक्षीको बकपत्रः-**

वादीका साक्षी कान्छी मगर एवं केदार के.सी.ले वादी मिलानको र प्रतिवादीका साक्षी प्रकाश थापाले प्रतिवादी मिलानको गरेको बकपत्र।

५. **अदालतको आदेशः-**

यसमा फिराद दर्ताका बखत पेश गरेको तस्वीरहरूको सक्कल प्रति वा विवाह भएको अन्य कुनै प्रमाण भए वादीबाट पेश गर्न लगाउनु,

६. वादीले तस्वीर वा अन्य कुनै प्रमाण पेश गरेमा सो तस्वीरहरूमा भएका व्यक्तिहरू को को हुन्? सो तस्वीरहरू के कुन अवस्थामा र के कुन उद्देश्यले खिचिएको हो भन्ने सम्बन्धमा प्रतिवादीबाट

सनाखत गराई मिसिल सामेल राख्नु, वादीले हुलाक मार्फत टोखा नगरपालिकाको न्यायिक समितिमा पठाएको निवेदन थान २ सम्बन्धित न्यायिक समिति र वडा कार्यालयमा प्राप्त भयो वा भएन? यदि प्राप्त भएको भए उक्त निवेदन सम्बन्धमा कुनै कारबाही भयो की भएन? सो सम्बन्धमा टोखा नगरपालिकाको न्यायिक समिति र वडा नं.१० को वडा कार्यालयबाट जवाफ झिकाउनु भन्नेसमेत बेहोराको मिति २०७९/०९/०६ को आदेश।

७. **प्रतिवादीका वारेस रविन्द्र अधिकारीले गरेको सनाखत बयानः**

वादीले पेश गरेको सक्कल तस्वीर र पेन ड्राईभमा भएको भिडियो खोली हेरी देखी पाएँ। सोमा भएको तस्वीर र भिडियो विदेश जाने प्रयोजनको लागि बनाईएका हुन्। वादी सविना के.सी. होटेलमा काम गर्ने र रविन्द्र अधिकारी त्यही होटलमा चिया खाने क्रममा चिनजान भै कुरा हुँदै गर्दा छोरालाई विदेश पठाउन खोजेको छु भन्दा वादीले म विदेश लैजान सक्छु तर मेरो आर्थिक अवस्था कमजोर छ। म लगानी गर्न सक्दिन, तपाईं लगानी गरिदिनुहोस् भनी निज वादीले भनेकोमा कसरी विदेश पुऱ्याउनुहुन्छ भनी निजसँग सोध्दा नक्कली बिहे गरेर जाने भन्नुभएको हो। सो तस्वीरमा भएका ४, ५ जना बाहेक अरूलाई चिन्दिन। तस्वीर खिचेका दिनदेखि केटीले चलाउँदै आएको मोबाइल नम्बर ९८४३१५१३६४ स्वीच अफ भएको छ। विवाह भएको होइन, विवाह भएको भनी जुन कुरा गर्दै आएको छ, त्यो झुठ्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादीका वारेस रविन्द्र अधिकारीले गरेको सनाखत बयान।

८. **वादीले गरेको प्रतिक्रिया बयानः-**

म वादी सविना के.सी. र प्रतिवादी रूपेश अधिकारीबीच सामाजिक परम्परा अनुसार मिति २०७८/०३/१७ गते विवाह भएको हो। विवाह गरी म १७ दिनसम्म रूपेश अधिकारीको घरमा गई घरबार गरी बसेकी थिएँ। मलाई गरिबको छोरी भनेर गाली, धम्की दिईरहने, सासु आमाले ढोका बन्द गरी मलाई अनेकौं लाञ्छना लगाउने विवाहमा दिएको दाइजो फिर्ता लगी जा, मेरो छोराको अर्को विवाह गरिदिन्छु भनी मलाई विभिन्न मानसिक तनाब दिईरहेकोले म रूपेश अधिकारीको घर जान छोडेको हो। विवाह गर्दाका केही प्रमाणहरूको रूपमा फोटो र पेन ड्राईभसमेत पेश गरेकी छु। स्वच्छन्द पार्टी प्यालेसबाट सामाजिक परम्परा अनुसार मागी विवाह भएको हो। विदेश जानको लागि विवाह गरेको हो भने मेरो राहदानी बनाएको प्रमाण पेश गर्न लगाउनु भन्नेसमेत बेहोराको वादीले गरेको प्रतिक्रिया बयान।

९. टोखा नगरपालिका वडा नं. १० को वडा कार्यालय र न्यायिक समितिमा वादी सविना के.सी.ले हुलाक मार्फत पठाएको निवेदनहरू त्यस वडा कार्यालय र न्यायिक समितिमा प्राप्त नभएको भन्नेसमेत बेहोराको मिति २०७९/११/१० को पत्रहरू मिसिल सामेल रहेको।

१०. **अदालतको आदेशः-**

यसमा वादी, प्रतिवादीलाई मिलापत्र प्रयोजनको लागि ३० दिनको समयावधि दिई मेलमिलाप शाखामा पठाईदिनु भन्नेसमेत बेहोराको मिति २०७९/१२/१४ को आदेश।

**अदालतको ठहर**

**११.** नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फका विव्दान अधिवक्ता श्री ज्ञानेन्द्रराज आरनले प्रतिवादीले वादीलाई विवाह गरी दाईजोको कारण हेलाहोचो गरी घरमा बस्ने अवस्था नरहेको, विवाह दर्तासमेत नगरिदिएको र स्थानीय तहमा निवेदन दिंदा त्यसको समेत सुनुवाई नभएकोले वादी दाबीबमोजिम वादी र प्रतिवादीबीच पति पत्नीको नाता कायम हुनुपर्छ भनी  र प्रतिवादीतर्फबाट उपस्थित विव्दान अधिवक्ता श्री दिपेन्द्रराज बस्नेतले वादी र प्रतिवादीकाबीच केवल विदेश जाने प्रयोजनको लागि विवाह भएको र वास्तबिक रुपमा निजहरुकोबीचमा विवाह नभएको, हाल आएर सम्पत्तिको लोभमा परी वादीले प्रतिवादीलाई वास्तबिक पति भनी नाता कायम गरिपाउँ भनी प्रस्तुत फिरादपत्र दिएकोले वादी दाबी बमोजिम हुनुपर्ने होईन भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरी हेर्दा वादी दाबी पुग्ने, नपुग्ने के हो? र फिराद माग दाबी बमोजिम वादी प्रतिवादीबीच पति पत्नीको नाता कायम हुने नहुने के हो? भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो।

**१२.** यसमा विपक्षीसँग मिति २०७८/०३/१७ मा मागी विवाह भएको हो। विवाह पश्चात गरीबको छोरी भनी मानसिक तनाब हुन थाल्यो। तथापि सहेरै बसें। विपक्षी पतिलाई विवाह दर्ताको लागि कुराकानी गरें, शुरूमा हुन्छ भने तापनि परिवारका सदस्यहरू मिली विवाह दर्ता गर्न दिईएन। दासीको व्यवहार गर्न थालियो। टोखा नगरपालिकाको वडा अध्यक्षलाई सम्बोधन गरी मिति २०७८/०९/२१ मा हुलाकमार्फत निवेदन दिएँ। प्रत्यक्ष निवेदन दिंदा अस्वीकार गरेपछि टोखा नगरपालिकाको न्यायिक समितिमा पनि हुलाकमार्फत नै निवेदन दिएँ। तहाँबाट कुनै जवाफ पाईन। अतः विपक्षीसँग पति पत्नीको नाता कायम गरिपाउँ भन्नेसमेत बेहोराको वादीको फिरादपत्र रहेको छ। विपक्षी वादीको फिराद दाबी झुठ्ठा हो। म प्रतिउत्तरपत्रवाला विदेश जाने सोच विचार गरेको समयमा विपक्षीसँग भेट भई तपाईं विदेश जाने भए म विध्यार्थी भै अध्ययन प्रवेशाज्ञामा जान्छु, लागेको खर्च तपाईंले गर्नुपर्दछ। म तपाईंलाई पति बनाई Dependant भिषामा विदेश लिएर जान सक्छु भनेकिले विदेश जाने प्रयोजनको लागि बेहुला बेहुली भै फोटोसम्म खिचेको हो भन्नेसमेत बेहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको छ। वादीका साक्षी कान्छी मगर र केदार के.सी.ले वादी दाबी बमोजिम वादी, प्रतिवादीको विवाह भएकोले पति पत्नीको नाता कायम हुनुपर्ने हो भनी र प्रतिवादीका साक्षी प्रकाश थापाले वादी, प्रतिवादीबीचमा विदेश जाने प्रयोजनको लागि नक्कली विवाह भएको हो। तसर्थ वादी प्रतिवादीबीच पति, पत्नीको नाता कायम हुनुपर्ने होइन भनी बकपत्र गरेको पाईयो। वादीले फिरादपत्रसाथ पेश गरेको विवाहको भनिएको तस्वीर र भिडियो वादीबाट पेश दाखिला गराई मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १७२(१) बमोजिम बयान लिंदा वादीले पेश गरेको सक्कल तस्वीर र पेन ड्राईभमा भएको भिडियो खोली हेरी पाएँ। सो तस्वीर र भिडियो विदेश जाने प्रयोजनको लागि बनाईएका हुन्। विवाह भएको होईन भनी प्रतिवादीका वारेस रविन्द्र अधिकारीले बयान गरेको पाईन्छ भने सो उपरको प्रतिक्रिया बयानमा वादी र आफूबीचमा २०७८/०३/१७ मा स्वच्छन्द पार्टी प्यालेसबाट सामाजिक

परम्पराअनुसार मागी विवाह भएको हो।विदेश जानको लागि विवाह गरेको भए मेरो राहदानी बनाएको प्रमाण पेश गर्न लगाउनु भनी वादीले बयान गरेको पाईन्छ।

१३. अब, वादी दाबी बमोजिम वादी र प्रतिवादीकाबीचमा विवाह भएको हो होईन र निजहरुबीच पति, पत्नीको नाता कायम हुनुपर्ने हो, होइन? भन्ने सम्बन्धमा हेर्दा सर्वप्रथमतः विवाह सम्बन्धी कानूनी व्यवस्थाको सँक्षिप्त चर्चा गर्न आवश्यक हुन्छ ।

१४. मुलुकी देवानी सँहिता, २०७४ को भाग ३ परिच्छेद १ मा विवाह सम्बन्धी व्यवस्था रहेको छ। सो अनुसार दफा ६७ मा कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कार्यबाट एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा वादीले औपचारिक रुपमा विवाहको उत्सव गरी आफूहरुकोबीचमा विवाह भएको कुराको दाबी लिएको अवस्था छ । प्रतिवादीले सो कुरालाई अस्वीकार गरेका भएता पनि प्रस्तुत फिरादपत्र दायर हुनुपूर्वसम्म पनि वादीसँग आफ्नो कुनै नाता सम्बन्ध कायम नरहेको र वादीले आफूसँग विवाह दर्ता लगायत विषयमा दवाब दिएको भनी कहिंकतै उजुरी निवेदन दिएको वा न्यायिक उपचार माग गरेको भनी भन्न र देखाउन सकेको अवस्था छैन । वादीका साक्षीको बकपत्र एवम् वादीले पेश गरेको विवाहको तस्वीर र भिडियोबाट वादी दाबी समर्थित भएको अवस्था छ । यसका अलावा आफूसँग कुनै सम्बन्ध नै नभएको व्यक्तिलाई पति नाता कायम गरिपाउँ भनी वादीले फिरादपत्र दायर गर्नुपर्ने अन्य कुनै कारण पनि देखिन आएको छैन ।

१५. सँहिताको दफा ६८ मा विवाह पुरुष र महिलाबीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुने र सो अनुसार कायम रहेको वैवाहिक बन्धन सँहिताको दफा ८२ बमोजिम अन्त्य नभएसम्म कायम रहनेछ भन्ने व्यवस्था छ । सँहिताको दफा ८२ मा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने व्यवस्था छ । सो अनुसार हेर्दा सँहिताको दफा ७२ वा ७३ बमोजिम विवाह बदर भएमा वा कानून बमोजिम पति पत्नीको सम्बन्ध विच्छेद भएमा वा पत्नीले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा पति र पत्नीबीचको वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने व्यवस्था छ ।

१६. मुलुकी देवानी सँहिता, २०७४ को दफा ७२ मा विवाह बदर हुने व्यवस्था रहेको छ । सो अनुसार हेर्दा दफा ७२ (१) मा पुरुष वा महिलाको मन्जुरी नभई भएको विवाह, हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरुबीच भएको विवाह, दफा ७० को उपदफा (१) को खण्ड (घ) बिपरित भएको विवाह अर्थात महिला र पुरुष २० वर्ष उमेर पूरा नभई गरेको विवाह र कानून बमोजिम अँशबण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह बदर हुने विवाह भन्ने देखिन्छ । सँहिताको दफा ७३ मा झुक्याई विवाह गरे गराएमा विवाह बदर गराउन सक्ने व्यवस्था रहेको पाईन्छ ।

१७. उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दालाई राखी हेर्दा वादीसँग विवाह गर्नको लागि सँहिताको दफा ६८ अनुसारको आफ्नो स्वतन्त्र सहमति रहेको थिएन वा आफ्नो सहमति बेगर

नै सो विवाह भएको थियो भन्ने कुराको जिकिर प्रतिवादीले लिएको अवस्था छैन भने आफूहरुकोबीचको सो विवाह सँहिताको दफा ७२ बमोजिम बदर हुने विवाह भई वा दफा ७३ बमोजिम बदर हुने विवाह भई सोको लागि आफू न्यायिक उपचारमा गएको छु भनी वा सँहिताको दफा ८२ बमोजिम हामीबीचको विवाह बदर भईसकेको छ भन्ने कुराको जिकिर पनि प्रतिवादीले लिन सकेको अवस्था छैन ।

१८. वादी दाबीलाई वादीका साक्षीसमेतले समर्थन गरी बकपत्र गरिदिएका छन्। वादी दाबीलाई अस्वीकार गरी प्रतिवादीले प्रतिउत्तरपत्र पेश गरेको भए तापनि वादी र आफूबीचमा विदेश जाने प्रयोजनको लागि बेहुला बेहुली भई विवाह भएको हो भनी वादी र प्रतिवादीकाबीच विवाह भएको कुरालाई प्रतिवादीलेसमेत स्वीकार गरेको पाईन्छ। वादीले पेश गरेको तस्वीर एवँ भिडियोसमेतबाट वादी र प्रतिवादीकाबीचमा पार्टी प्यालेस जस्तो सार्वजनिक स्थलमा वादी, प्रतिवादी बाहेकका २०, २५ जना अन्य मानिसहरूसमेत सहभागी भई वादी, प्रतिवादी वर वधूको परम्परागत भेषभूषामा रही एक आपसमा सगुनसमेत लिई दिई वादी र प्रतिवादी पक्षका ईष्टमित्र बन्धु बान्धव एवम् जन्तीसमेतको उपस्थितिमा स्वयँवर लगायतको विवाहको सम्पूर्ण प्रक्रिया र रित पूरा गरी विवाह गरेको भन्ने देखिन्छ। प्रतिवादीले सो विवाहलाई विदेश जाने प्रयोजनको लागि गरेको नक्कली विवाह हो भन्ने कुराको जिकिर लिएका छन्। परन्तु वादीले के कुन् देशमा अध्ययन गर्न जानको लागि प्रक्रिया गरेकी थिईन्? सो क्रममा निजले के कुन मितिमा राहदानी बनाएकी र भिषा आवेदन गरेकी थिईन्? निजलाई भिषा प्राप्त भयो भएन? के कारणबाट विदेश जाने प्रकृया रोकियो र वादीले प्रस्तुत फिरादपत्र दायर गर्नुपूर्व प्रतिवादीले किन सो विवाह बदर गराउन वा सहमतिमा सम्बन्ध विच्छेद गर्न आवश्यक ठानेनन् ? भन्ने सम्बन्धमा प्रतिवादीको प्रतिउत्तरपत्र मौन रहेको छ। अर्थात प्रतिवादीले हालसम्म पनि सो विवाह बदर गराउन वा वादीसँगको नाता विच्छेद गर्ने सम्बन्धी प्रकृयाको थालनी गरेको भन्ने देखिन नआएको यस स्थितिमा वादी र प्रतिवादीबीच भएको सो मिति २०७८।०३।१७ को विवाह वा सो विवाहबाट सिर्जना हुने दायित्वलाई प्रतिवादीलेसमेत स्वीकार गरी मौन बसेको भनी मान्नुपर्ने हुन्छ । वादी र प्रतिवादीकाबीच विदेश जाने प्रयोजनको लागि विवाह भएको भए सो विवाहका कारण विवाहको कुनै एक पक्षले अर्को पक्षलाई सो विवाहलाई माध्यम बनाई भविष्यमा कुनैपनि किसिमको नाजायज फाईदा लिन नसकोस् वा मोलमोलाई गर्न नसकोस् भन्ने अभिप्रायले सोही समयमा वर र वधूकाबीच साक्षीसमेत राखी कुनै लिखत वा सम्झौता वा करार गरिनुपर्नेमा प्रतिवादी पक्षले सो किसिमको कुनै लिखत भएको कुरा उल्लेखसम्म पनि गरेको अवस्था छैन । वादी र प्रतिवादीकाबीच त्यस किसिमको कुनै लिखत भएको पाईएन । तसर्थ कार्य गर्दाको अवस्थामा बिना शर्त सहमतिपूर्वक गरेको कार्यबाट हुने बेफाईदाको भागिदार पनि निज स्वयम् हुनुपर्दछ त्यसबाट भाग्न वा उम्कन मिल्दैन । यसका साथै वादी र प्रतिवादीबीच विदेश जाने प्रयोजनको लागि सो विवाह गरिएको भए सो विवाहको औचित्य समाप्त भएपश्चात दुवै पक्ष स्वेच्छाले अदालतसमक्ष उपस्थित भई आपसी सहमतिबाट सो सम्बन्ध विच्छेद गर्नसक्नेमा सो अनुसार सम्बन्ध विच्छेद गरेको भन्ने पनि देखिंदैन ।

१९. कानूनले विवाहलाई सक्कली र नक्कली भनेर चिन्दैन । कुनै विवाह नक्कली हो भन्ने पक्षले नै सो कुराको प्रमाण पुऱ्याउनु पर्दछ । प्रायशः सिनेमा, टेलि सिरियल, नाटक लगायतमा यस किसिमको विवाह हुने गरेको देखिन्छ । हालका दिनमा विदेश जाने प्रयोजनको लागि पनि यदाकदा नक्कली विवाहहरु भएको पढ्न र सुन्न पाईन्छ । यस अर्थमा प्रतिवादी जिकिरलाई नकार्न नसकिने भएता पनि प्रतिवादीले जिकिर लिएजस्तो नक्कली विवाह गर्दा त्यसबाट भविष्यमा पर्नसक्ने असर र प्रभावको बारेमा विवाहका पक्षहरु स्वयम् तत्काल सो किसिमको विवाह गर्दा नै सचेत भई आवश्यक सावधानी अपनाउनुपर्ने हुन्छ । यसको लागि कुनै शर्तसहितको लिखत गरी कार्य गर्न सकिन्छ । परन्तु वादी र प्रतिवादीकाबीच यस किसिमको कुनै लिखत भएको भन्ने देखिन आएन। यस अर्थमा वादी र प्रतिवादीकाबीच बिना शर्त सो विवाह भएको रहेछ भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ । साथै विवाह भएको कुरालाई स्वीकार गरी सो विवाह कानून बमोजिमको होईन भन्ने कुराको जिकिर कुनै पक्षले लिएमा सो जिकिर लिएको कुराको प्रमाण पुर्याउने भार पनि सो कुराको जिकिर लिने पक्ष उपर नै रहन्छ । देवानी विषयमा पक्षहरुको सहमतिलाई अदालतले सदैव उच्च सम्मान गर्दछ । परन्तु सहमति हुन नसकी अदालतसमक्ष मुद्दाको रुपमा आएको विवादमा भने अदालतले न्याय, कानून र मान्य सिध्दान्तहरुको आधारमा निरोपण गर्नुपर्ने हुन्छ। त्यसमा पनि जिल्ला अदालतले त कानूनी व्यवस्था स्पष्ट भएसम्म कानूनी व्यवस्थामै टेकेर कानूनको अक्षरस पालनाको सिध्दान्त अनुसार विवादको न्यायिक निरोपण गर्दछ । प्रस्तुत मुद्दामा वादी र आफूबीचको विवाह कानून बमोजिमको विवाह होईन भनी प्रतिवादीले जिकिर लिएकोमा सो जिकिर पुष्टि हुने कुनैपनि प्रमाण प्रतिवादीले पेश गर्न सकेको पाईएन । वादी दाबी वादीका साक्षीको बकपत्र, विवाहको तस्वीर र भिडियोबाट समर्थित भएको छ भने सो विवाह विदेश जाने प्रयोजनको लागि गरिएको हो भनी जिकिर लिने प्रतिवादीले सो विवाह विदेश जाने प्रयोजनको लागि गरिएको हो भन्ने कुरा पुष्टि हुने कुनै लिखत, कागज, सम्झौता वा शर्तनामा वा करारनामा पेश गरी खण्डित गर्न सकेको अवस्था नहुँदा वादी दाबीलाई अन्यथा भन्न सकिने देखिएन ।

२०. वादीले फिराद दाबी लिंदा मुलुकी देवानी संहिता,२०७४ को दफा ७६, ७७ र ७८ को दाबी लिएको र उक्त दफाहरूमा नाता कायम सम्बन्धी व्यवस्था नरहेकोले फिराद दाबी पुग्न सक्दैन भन्ने कुराको जिकिरसमेत प्रतिवादीका कानून व्यवसायीले बहसको क्रममा लिनु भएको छ।सोतर्फ हेर्दा फिरादपत्र वादी स्वयँले मस्यौदा गरेको भनी उल्लेख भएको देखिन्छ।वादीलाई कानूनी व्यवस्थाहरूको पर्याप्त जानकारी हुन नसक्ने कुरालाई अन्यथा भन्न सकिंदैन।यसको साथै फिरादपत्रको प्रकरण नं.११ मा फिरादपत्र दर्ता गर्न कानून व्यवसायी नियुक्त गरेको छैन।पछि नियुक्त हुने कानून व्यवसायीको बहस बुँदालाई यसै मुद्दाको अभिन्न अंग मानी पाउँ भनी उल्लेख भएको र सो बमोजिम हेर्दा वादीबाट मुकरर कानून व्यवसायीले आज गर्नु भएको बहससमेतलाई प्रस्तुत फिरादपत्रकै अँग मान्नुपर्ने हुन्छ भने फिरादपत्रको प्रकरण नं. ५ मा विपक्षी पति र मेरो पति पत्नीको नाता कायम गरिपाउँ भनी स्पष्ट रूपमा दाबी लिएको अवस्थामा वादी दाबी बमोजिम गर्न नमिल्ने भनी अर्थ गर्न पनि मिल्ने देखिएन।

२१. अतः उपरोक्त आधार र कारणसमेतबाट वादी र प्रतिवादीबीच विवाह भएको हो भनी वादी दाबीलाई समर्थन गरी वादीका साक्षीले बकपत्र गरिदिएको, प्रतिवादीलेसमेत वादीसँग विवाह भएको कुरालाई स्वीकार गरेको र सो विवाह नक्कली हो भनी प्रतिवादीले लिएको जिकिर प्रमाणव्दारा पुष्टि गर्न नसकेको, पेश भएको तस्वीर र भिडियोसमेतबाट वादी र प्रतिवादीकाबीचमा रित र परम्परा बमोजिमको विवाह भएको देखिन आएकोसमेत आधार र कारणबाट वादी सविना के.सी. र प्रतिवादी रूपेश अधिकारीबीच पति, पत्नीको नाता कायम हुने ठहर्छ। अरूमा तपसिल बमोजिम हुने गरी मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १९७ बमोजिम यो फैसला गरिदिएको छ।

**तपसिल खण्ड**

- माथी ठहर खण्डमा लेखिए बमोजिम वादी सविना के.सी. र प्रतिवादी रूपेश अधिकारीबीच पति, पत्नीको नाता कायम हुने ठहरी फैसला भएकोले सो को जानकारी वादीलाई दिनू ........................................................................................१
- प्रस्तुत फैसलामा चित्त नुबझे ३०(तिस) दिनभित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू...........................................२
- सरोकारवालाले फैसला तथा मिसिल संलग्न कागजातको नक्कल माग गरे आवश्यक दस्तुर लिई नियमानुसार नक्कल दिनू.........................................................................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाउनू..........................................................................................४

-----------------

**न्यायाधीश**

फैसला तयार गर्न सहयोग पुऱ्याउनेः
डिठ्ठाः धिरज सुनार
फाँट नं. १३
इति संवत् २०८० साल भाद्र महिना ०५ गते रोज ३ शुभम्.........।
प्रमाणीकरण मितिः-२०८०।..।..          अदालतको छापः

**श्री**

**पर्वत जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री विद्याराज पौडेल**

**फैसला**

**मुद्दा नं.:- ०८०-CP-००८८**

**र.नं.:- ६१-०८०-००१७९**

**दायरी मितिः- २०८०।०७।२०**

**फैसला मितिः- २०८१।०२।२४**

**नि.नं.:- १७१**

पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. १० को हाल ऐ. वडा नं. ६ बस्ने शेर बहादुर वि.क. को छोरी नर बहादुर सुनारको श्रीमती पार्वती सुनार..................................१ } **वादी**

**बिरुद्धः**

पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ६ स्थित शाखा रहेको नेपाल इन्भेष्टमेन्ट मेघा बैङ्क लि..........................................१

काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. २८ कमलादी स्थित केन्द्रिय कार्यालय रहेको नेपाल इन्भेष्टमेन्ट मेघा बैङ्क लि.......................................................१

पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. ६ बस्ने खड्के सुनारको छोरा नर बहादुर सुनार....१ } **प्रतिवादी**

**मुद्दाः- दुषित लिलाम दा.खा. बदर ।**

**वादीका साक्षीः-**

संगिता कुमारी वि.क.....१

कबिराज खड्का..........१

खिललाल सुवेदी...........१

**प्रमाणः-**

नागरिकताको प्रतिलिपि-१

जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि-१

मिति २०८०।०६।२१ गते विपक्षी बैङ्कले नामसारी गर्न मा.पो.का. पर्वतलाई लेखेको पत्र-१

मिति २०८०।०६।२२ गते विपक्षी बैङ्कको नाउँमा दा.खा. भएको पत्रको प्रतिलिपि-१

मिति २०७९।११।१२ गते विपक्षी बैङ्कले गरेको पञ्चकृते मुल्याङ्कनको प्रतिलिपि-१

**प्रतिवादीका साक्षीः-**

X

**प्रमाणः-**

मिति २०७५।०३।१८, मिति २०७६।०३।३१, मिति २०७७।०३।१२, मिति २०७८।०३।१५ गते ऋण स्वीकृती पत्रको प्रतिलिपि-१

मिति २०७५।०३।१९ गतेको धितोबन्धक लिखतको प्रतिलिपि-१

पत्रिकामा सूचना जारी गरेको प्रतिलिपि-१

पञ्चकृते मुचुल्काको प्रतिलिपि-१

मिति २०८०।०५।०१ गते बसेको बैङ्कको सञ्चालक समितिको बैठकको प्रतिलिपि-१

**अदालतवाट बुझेको साक्षीः-**

X

**प्रमाण**

मालपोत कार्यालय पर्वतको मिति २०७५।०३।१९ र.नं. १४३८ धितोबन्धक लिखतको प्रमाणित प्रतिलिपि-१

कि.नं. ५४२ मिति २०८०।०६।२३ गते एन.आई.एम.बि. बैङ्कको नाउँमा दा.खा. हुँदाको प्रकृयागत सक्कल फाईल-१

पञ्चकृते मुल्याङ्कनको सक्कलै फाईल-१

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ दफा १८ र १९ अन्तर्गत यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भई दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

**तथ्य खण्डः-**

**१. फिराद दावीः-**

विपक्षी मध्येका नर बहादुर सुनार मेरा पति हुनुहुन्छ। मेरो विवाह हुने समयमा विपक्षीले सुन चाँदीको व्यापार व्यवसाय गर्नुहुन्थ्यो। विपक्षी मध्येका पतिले राम्रो व्यापार गरेको हुँदा अरुको घरमा भाडा तिरेर ब्यापार गरेर हुँदैन, आफ्नै घर बनाई व्यापार गरौं, तिम्रो माईतीले पनि सहयोग गर्नुहुन्छ भनेकोले पर्वत जिल्ला साविक शिवालय गा.वि.स. वडा नं. ४ को कि.नं. ५४२ क्षे.फ. ०-४-१-३ गते नर बहादुर गुरुङवाट हालैको वकस गरी लिएको जग्गामा बनाईएको घर मेरो निजी सम्पत्ति हो। उक्त घरवाट व्यापार गर्दै जाने क्रममा विपक्षी पतिले लक्ष्मी सुन चाँदी पसल नामक फर्म दर्ता गरी व्यापार विस्तार गर्नको लागी उक्त घर सुरक्षण राखी २०७५।०३।१९ गते धितोबन्धक पारीत गरी रु. ८०,००,०००।-(असी लाख) ऋण उपभोग गरिएको हो। सो ऋण रकम विपक्षी पतिले उपभोग गरी के कति तिर्न बुझाउन बाँकी छ मलाई केही थाहा छैन। उक्त ऋण मैले उपभोग समेत गरेकी छैन।यस्तै क्रममा बैङ्कवाट मान्छे आउँदा विपक्षी मध्येका पतिलाई सोध्दा केही फरक पर्दैन, कारोवार मिलिसक्यो भन्नुभएको थियो। यस्तैमा २०८० साल कार्तिक महिनाको दोस्रो हप्ता म घरमा नभएको बखत उल्लेखित धितो राखेको अचल सम्पत्ति गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरेको भन्ने व्यहोराको पत्र मिति २०८०।०७।१३ गते विपक्षी बैङ्कले घरमा ल्याई छोडेको र घर खाली गर्न समेत भनेका रहेछन्। सो थाहा पाएपछी के रहेछ भनी मालपोत कार्यालय पर्वतमा मिति २०८०।०७।१९ मा गई हेर्दा मेरो स्वामित्वको घर कानून विपरित हक हस्तान्तरण गरेको थाहा पाएकी हुँ। यसरी विपक्षीहरुको मिलेमतोमा विपक्षी बैङ्कले बैङ्क तथा वित्तीय संस्था सम्वन्धी ऐनको प्रतिकूल हुने गरी मेरो स्वामित्वको घरको पञ्चकृते मुल्याङ्कन गर्दा मलाई केही जानकारी समेत दिएको थिएन।विपक्षी बैङ्कवाट हामीले ८०,००,०००।- (असी लाख) ऋण उपभोग सम्म गरेको भएतापनि विपक्षी बैङ्कले लोन स्वीकृत गर्दा ५०% मात्र लोन स्वीकृत गर्नुपर्ने प्रावधान रहेको

छ। हामीले उपभोग गरेको ऋण २०७९ साल असार महिनासम्म नविकरण समेत गरेको अवस्था छ। विपक्षी बैङ्कले हाल आएर १,०७,२२,०७०।११।-(एक करोड सात लाख बाईस हजार सत्तरी रुपैंया एघार पैसा) मा सकार गरेको भनिएको छ। विपक्षी बैङ्क स्वयंले मेरो नाउँको धितो राखेको जग्गाको १,३०,००,०००।-(एक करोड तीस लाख) मा पञ्चकृते समेत भएको अवस्थामा विपक्षी बैङ्कले कसरी पञ्चकृते मुल्याङ्कन भन्दा कम कायम गराई लिलाम सकार गरेको अवस्था समेत रहेको छ। पञ्चकृते मुल्याङ्कन र लिलाम सकार गरेको रकममा ठुलो अन्तर भएको सम्वन्धमा विभिन्न नजीर सिद्दान्त समेत प्रतिपादन भएका छन्। विपक्षी बैङ्कको सञ्चालक समितिको मिति २०८०।०५।०१ को निर्णयले मेरो नाउँको घरजग्गा रु. १,०७,२२,०७०.११।-(एक करोड सात लाख बाईस हजार सत्तरी रुपैंया एघार पैसा) मा गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरिएको मेरो हकभोगको कि.नं. ५४२ को घरजग्गा लिलाम सकार गर्दा मलाई रोहवरमा नराखेको, मुल्याङ्कन नियम कानून विपरित गरेको, धितो स्वीकार्दा र नविकरण गर्दाको मुल्याङ्कन अस्वभाविक गरेको हुँदा जो बुझ्नुपर्छ बुझी मालपोत कार्यालय पर्वतवाट विपक्षीका नाउँमा स्वामित्व हस्तान्तरण भएको भनिएको मिति २०८०।०६।२३ को मिसिल श्रेस्ता झिकाई बुझी दा.खा. समेत बदर गराई मेरा नाउँमा यथावत कायम गराईपाउँ भन्ने समेत व्यहोराको वादी पार्वती सुनारको फिराद दावी।

२. **प्रतिउत्तर जिकीरः-**

तत्कालिन गण्डकी विकास बैङ्क लि. मार्फत विपक्षीहरुको लक्ष्मी सुनचाँदी पसललाई शुरुमा मिति २०७५।०३।१८ को ऋण स्वीकृती वमोजिम ओभरड्राफ्ट कर्जा रु. ५०,००,०००।-(पचास लाख) तथा आवधिक कर्जा रु. ३०,००,०००।-(तीस लाख) गरी जम्मा ८०,००,०००।-(असी लाख) को सुविधा प्रदान गरेकोले उक्त कर्जा विभिन्न मितिमा नविकरण तथा थप भई अन्तिम पटक मिति २०७८।०३।१५ मा डिमाण्ड कर्जा, आवधिक कर्जा, अधिविकर्ष कर्जा गरी जम्मा रु. ८४,८९,०००।-(चौरासी लाख उनानब्बे हजार) को कर्जा सुविधा प्रदान गरिएको थियो। उक्त कर्जा सुविधा बापत लक्ष्मी सुनचाँदी पसलका प्रोपाईटर नर बहादुर सुनारको श्रीमती पार्वती सुनारका नाउँमा रहेको पर्वत जिल्ला शिवालय गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ५४२ क्षे.फ. ०-४-१-३ जग्गा र सो मा बनेको घर समेत मालपोत कार्यालय पर्वतवाट धितोबन्धक रजिष्ट्रेशन पारित गरी रोक्का राखिएको हो। उक्त कर्जा उपभोग गर्दा नर बहादुर सुनार र पार्वती सुनारले व्यक्तिगत जमानत समेत दिनुभएको छ। ऋणीहरुले कर्जाको शर्त वमोजिम बुझाउनु पर्ने साँवा व्याज नबुझाएको हुँदा बैङ्कले कर्जा नियमित गर्ने सम्वन्धमा पटकपटक मिति २०७९।०५।०३, मिति २०७९।०७।२३, मिति २०७९।१०।२४ मा ऋणी तथा जमानीका नाउँमा कर्जा नियमित गर्नको लागि पत्राचार गरिएको थियो। यसरी पत्र मार्फत ताकेता गर्दा समेत कर्जा नियमित नभएको हुँदा बैङ्कले बाध्य भएर मिति २०८०।०५।०१ गते बैङ्कको सञ्चालक समितिको ५९३ औं बैठकको निर्णय वमोजिम विपक्षीका नाउँको धितो रहेको अचल सम्पत्ति बैङ्क आँफैले गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरी मिति २०८०।०६।२३ गते मालपोत

कार्यालय पर्वतवाट दाखिल खारेज गरिएको हो। उक्त धितो जग्गा लिलाम गर्न राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्दा कुनै बोलपत्र प्राप्त नभएको र ऋणी जमानीले समेत ऋण तिर्न कुनै चासो नदेखाएकोले बैङ्क आफैले धितो सकार गर्नको लागि गरिएको स्वतन्त्र मुल्याङ्कनकर्तावाट भएको धितो मुल्याङ्कन गर्दा धितो रहेको घर जग्गाको मुल्य रु. ९१,२०,०००।-(एकानब्बे लाख बीस हजार) कायम भएकोमा धितो प्रबाह हुने समयमा स्वतन्त्र मुल्याङ्कनकर्तावाट भएको मुल्याङ्कनमा उक्त घर जग्गाको स्थानिय बजार मुल्य रु.१,१४,५०,०००।-(एक करोड चौध लाख पचास हजार) कायम भएको थियो भने धितो सकार्ने समयमा स्थानीय भद्रभलाद्मी, वडा कार्यालयका प्रतिनिधि, सम्वन्धित मालपोत कार्यालय समेतवाट पञ्चकृते मुल्याङ्कन गर्दा घर जग्गाको हाल प्रचलित मुल्य १,३०,००,०००।-(एक करोड तीस लाख) भएको हो। संस्थाले कुनै कर्जा असूली नभएमा सुरक्षणमा रहेको धितो वेचबिखन गरी साँवा ब्याज उठाउन सक्नेछ भन्ने कानूनी व्यवस्था समेत रहेको छ। यसरी धितो सकार गर्दा प्रचलित बजार मुल्य वा धितो सकार गर्ने अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकम मध्ये जुन कम हुन्छ सोही मुल्यमा मुल्याङ्कन गर्नुपर्ने हुन्छ भन्ने व्यवस्था समेत रहेकोमा विपक्षीका नाउँमा रहेको धितो सुरक्षण राखिएको सम्पत्तीलाई गैह्र बैङ्किङ सम्पत्तिको रुपमा यस बैङ्कले सकार गर्ने निर्णय भई मालपोत कार्यालय पर्वतवाट मिति २०८०।०६।२३ गते यस बैङ्कको नाउँमा दा.खा. समेत भईसकेको कार्य पुर्ण कानून सम्मत रहेको र विपक्षीले बैङ्कको लगानी रकम मास्ने खाने नियतले दायर गरिएको झुट्टा एवं काल्पनिक फिराद दावी खारेज गरीपाउँ भन्ने समेत व्यहोराको **प्रतिवादी नेपाल ईन्भेष्टमेन्ट मेगा बैङ्कको प्रतिउत्तर जिकीर।**

३. **प्रतिवादी नर बहादुर सुनारका नाउँमा यस अदालतवाट जारी भएको इतलायनामा म्याद मिति २०८०।०८।०५ गते रीतपूर्वक तामेल भएकोमा प्राप्त म्यादभित्र प्रतिउत्तर नफिराई शुरु म्यादै गुजारी बसेको।**

४. **यस अदालतवाट भएको आदेशः-**

- कि.नं. ५४२ को जग्गा प्रतिवादी एन.आई.एम.वि. बैङ्कले लिलाम प्रक्रिया अगाडी बढाई सकार गरी दा.खा. समेत भईसकेको भन्ने उल्लेख भएको देखिँदा उक्त सम्पत्ती हक हस्तान्तरण हुँदा खडा भएको सक्कल फाईल मालपोत कार्यावाट झिकाउनु भन्ने भएका आदेशानुसार मालपोत कार्यालयवाट हक हस्तान्तरण हुँदाको सक्कल फाईल प्राप्त भई मिसील सामेल रहेको।
- मालपोत कार्यालयवाट पारित र.नं. १४३८ मिति २०७५।०३।१९ को धितोबन्धक लिखतको प्रमाणित प्रतिलिपि सम्वन्धित मालपोत कार्यालय पर्वतवाट झिकाउनू भन्ने भएका आदेशानुसार धितोबन्धक लिखतको प्रमाणित प्रतिलिपि प्राप्त भई मिसिल सामेल रहेको।

- वादी दावीको कि.नं. ५४२ को पञ्चकृते मुल्याङ्कनको सक्कलै फाईल पेशिको दिन देखाई फिर्ता लैजाने गरी एन.आई.एम.वि. बैङ्क कुश्मा शाखावाट मगाउनू भन्ने भएका आदेशानुसार सक्कल फाईल पेशिको दिन प्राप्त भई फिर्ता भएको।
- प्रस्तुत मुद्दाको विवाद मेलमिलापको प्रक्रियाद्वारा समाधान हुन सक्ने प्रकृतीको देखिँदा यस अदालतको मेलमिलाप केन्द्रमा कारणी उपस्थित गराई छलफल गरी मेलमिलापको प्रक्रिया पूरा गरी नियमानुसार गर्नू भन्ने भएका आदेशानुसार प्रस्तुत मुद्दा यस अदालतको मेलमिलाप केन्द्रमा छलफल भई मेलमिलाप हुन नसकेको भन्ने मेलमिलापकर्ताको प्रतिवेदन मिसिल सामेल रहेको।

## अदालतको ठहर

५. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातको अध्ययन गरीयो वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगदिश शर्मा पौडेलले मेरो पक्षको निजि हकभोगमा रहेको पर्वत जिल्ला साविक शिवालय गा.वि.स. वडा नं. ४ कि.नं. ५४२ क्षेत्रफल ०-४-१-३ मा रहेको घरजग्गा मेरो पक्षको पतिले सञ्चालन गर्दै आएको लक्ष्मी सुनचाँदी पसल नामक फर्मवाट लिएको ऋण (लोन) को लागि सुरक्षण मात्र राखिएको उक्त घरजग्गा मेरो पक्षको सहमति एवं जानकारी विना बैङ्क आँफैले लिलाम सकार गरी आफ्नो नाममा दा.खा. समेत गरेकोले उक्त लिलाम सकार गर्ने र मालपोत कार्यालयवाट दा.खा. गर्ने कार्य कानून विपरीत हुँदा दा.खा. बदर गरी मेरो पक्षको नाममा यथावत कायम गराईपाउँ भन्ने समेत व्यहोराको बहस गर्नूभयो। विपक्षी बैङ्कको तर्फवाट उपस्थित विद्वान अधिवक्ता श्री राजेन्द्र प्रसाद भुसालले पार्वती सुनारको नाममा दर्ता भएको घरजग्गा निजको पति नर बहादुर सुनारले लिएको ऋण (लोन) वापत सुरक्षण राखिएको र निजको पति नर बहादुर सुनारले बैङ्कवाट लिएको ऋण नतिरेकोले कानूनी रीत पुऱ्याई सुरक्षण वापत राखिएको जग्गा लिलाम गरी बैङ्कले आफ्नो नाममा दा.खा. समेत गरिसकेको हुँदा फिराद दावी खारेज गरीपाउँ भन्ने समेत व्यहोराको बहस गर्नूभयो।

६. मिसल संलग्न प्रमाण कागज एवं विद्वान कानून व्यवसायीहरुको बहस बुँदालाई समेत मध्यनजर राख्दै प्रस्तुत मुद्दामा वादी दावी वमोजिम बैङ्कको नाममा भएको दा.खा. बदर हुनुपर्ने हो वा होईन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

७. निर्णयतर्फ विचार गर्दा, मेरो हकभोग स्वामित्वको पर्वत जिल्ला साविक शिवालय गा.वि.स. वडा नं. ४ कि.नं. ५४२ को घरजग्गा मेरो मञ्जुरी सहमति विना लिलाम गराई बैङ्क आँफैले सकार गरी आफ्नो नाउँमा मालपोत कार्यालय पर्वतवाट दा.खा. समेत गरेको हुँदा उक्त कानून विपरीत गरिएको लिलामी प्रक्रिया एवं दा.खा. समेत बदर गरी मेरो नाउँमा यथावत कायम गराईपाउँ भन्ने समेत ब्यहोराको फिराद दावी देखिन्छ। वादी पार्वती सुनारका पति नर बहादुर सुनारले सञ्चालन गर्दै आएको लक्ष्मी सुनचाँदी पसलका नाउँमा बैङ्कवाट कर्जा प्रवाह गरेको र उक्त कर्जाको सुरक्षणको लागि पार्वती सुनारको नाउँमा दर्ता भएको शिवालय

गा.वि.स. वडा नं. ४ मा अवस्थित कि.नं. ५४२ क्षे.फ. ०-४-१-३ को घरजग्गा राखिएकोमा नर बहादुर सुनारले कर्जा नतिरेकाले सुरक्षण राखिएको घरजग्गा कानूनी प्रक्रिया पुऱ्याई लिलाम गराई बैङ्कले आफ्नो नाउँमा दा.खा. समेत गरेकोले दुःख दिने नियतले दायर गरेको फिराद खारेज गरीपाउँ भन्ने समेत व्यहोराको बैङ्कको तर्फवाट पर्न आएको प्रतिउत्तर पत्र। प्रतिवादी नर बहादुर सुनारले प्रतिउत्तर पेश गरेको देखिएन। नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लि. प्रचलित कानून वमोजिम स्थापना भएको राष्ट्रिय स्तरको बैङ्क देखियो। मिसिल संलग्न कागजातवाट ऋणी श्री लक्ष्मी सुनचाँदी पसललाई मिति २०७५।०३।१८ मा रु. ८०,००,०००।-(असी लाख) ऋण प्रवाह गरी विभिन्न मितिमा नविकरण समेत गरेको देखियो। उक्त कर्जा सुरक्षण वापत ऋणी श्री लक्ष्मी सुनचाँदी पसलका प्रो. नर बहादुर सुनारको श्रीमती पार्वती सुनारको नाममा दर्ता रहेको शिवालय गा.वि.स. वडा नं. ४ मा अवस्थित कि.नं. ५४२(०-४-१-३) को घरजग्गा मालपोत कार्यालय पर्वतवाट मिति २०७५।०३।१९ मा धितोबन्धक लिखत पारित भएको देखियो। ऋणीले उल्लेखित कर्जाको साँवा व्याज बुझाएको मिसिल संलग्न कागजातवाट देखिएन। उक्त लिएको ऋणको साँवा ब्याज तिर्न ऋणीलाई मिति २०७९।०५।०२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित भएको देखिन्छ। प्रकाशित सूचना अनुसार कर्जा चुक्ता नियमित गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएपछि बैङ्कको लेना रकम असूल गर्ने प्रयोजनार्थ धितोमा रहेको सम्पत्ति लिलाम विक्री गर्नका लागि मिति २०७९।१०।२४ को कारोवार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको देखिन्छ। उक्त अवधिमा कसैको वोलपत्र नपरेपश्चात मिति २०८०।०५।०१ मा बसेको बैङ्कको सञ्चालक समितिको निर्णय वमोजिम उल्लेखित धितो रहेको अचल सम्पत्ति बैङ्क आँफैले गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरी मिति २०८०।०६।२३ मा मालपोत कार्यालय पर्वतवाट दाखिल खारेज भएको देखियो।

९. कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरे अनुसारको समय अवधिभित्र ऋण बुजाउनु निजको बाध्यात्मक दायित्व हुन्छ। ऋण लिँदा कबुल गरेको शर्त अनसार ऋण लिने जिम्मेवारीवाट पन्छन कानूनः मिल्ने पनि देखिँदैन। बैङ्क तथा वित्तिय संस्था कानूनद्वारा इजाजत प्राप्त हुन्छन र नेपाल राष्ट्र बैङ्कको निति निर्देशनमा सञ्चालनमा हुने भएकोले यिनलाई आँफूसँग कारोवार गर्ने कसैको पनि सम्पत्ति कानून वमोजिम रोक्का गर्न र दाखिल खारेज गर्न मालपोत कार्यालयमा लेख्न तथा मालपोत कार्यालयले सो वमोजिम गर्न मिल्ने नै देखियो। बैङ्क तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ५७ मा कर्जा असूली सम्वन्धी व्यवस्था भई उपदफा (१) मा "...प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि ऋणीले बैङ्क वा वित्तीय संस्थालाई लेखिदिएको वा धितो राखेको सुरक्षणलाई लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी सम्वन्धित वैङ्क वा वित्तीय संस्थाले आफ्नो साँवा ब्याज असूल गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था देखिन्छ। सो कानूनी व्यवस्था अनुसार ऋणीले आफूले लिएको कर्जा रकम भुक्तानी नगरेमा कर्जा सुरक्षणको रुपमा रहेको घरजग्गा कानून वमोजिमको प्रक्रिया पुरा गरी आफूले लिनुपर्ने साँवा व्याज समेतको लेना

रकम वापत सुरक्षण वापत राखिएको सम्पत्ति लिलाम गरी दा.खा. गर्न कानूनः मिल्ने नै देखिन्छ। निजी आर्जनको दावीको सम्वन्धमा विचार गर्दा, कसैको नाउँमा भएको सम्पत्ति स्व आर्जनको हो वा सगोलको हो भन्ने सम्वन्धमा सो सम्पत्ति आफूले एकाघर सगोलको कुनै किसिमको श्रम र सम्पत्ति प्रयोग नगरी आर्जन गरेको हो भनी जिकीर लिने व्यक्तिले नै प्रमाण पुऱ्याउनुपर्नेमा प्रस्तुत मुद्दामा वष्तुनिष्ठ आधारमा निजी हो भन्ने पुष्टी भएको देखिएन।

१०. अतः माथी विवेचित आधार कारणवाट बैङ्कले सुरक्षण राखिएको सम्पत्ति कानूनी रीत पुऱ्याई बैङ्क आँफैले गैह्र बैङ्किङ सम्पत्तिको रुपमा सकार गरी मिति २०८०।०६।२३ मा मालपोत कार्यालय पर्वतवाट दा.खा. समेत गरेको देखिँदा वादी दावी वमोजिम दा.खा. बदर गरी मेरा नाममा यथावत कायम गरीपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल वमोजिम गर्नू।

**तपसिल**

- माथी ठहर खण्डमा लेखिएबमोजिम दुषित लिलाम तथा दा.खा. समेत बदर गरी पाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहरी फैसला भएकोले सो सम्वन्धमा केही गरीरहनु परेन.....................................१
- यस अदालतका आदेशानुसार माग भएको मालपोत कार्यालय पर्वतको मि.नं. ११९ को सक्कल फाईल मालपोत कार्यालय पर्वतमा फिर्ता पठाईदिनू..........................२
- माथी ठहर खण्डमा लेखिए बमोजिम वादी दावी नपुग्ने ठहरी फैसला भएकोमा वादी तथा प्रतिवादी प्रस्तुत मुद्दामा रुजू हाजिर रहेका साथै निजहरुका तर्फवाट कानून व्यवसायीहरुले बहस समेत गरेकोले कानून वमोजिम पक्षले फैसला भएको जानकारी पाएको मानिने हुँदा फैसला प्रमाणिकरण भएको मितिले ३० दिनभित्र उच्च अदालत पोखरा वाग्लुङ इजलास बाग्लुङमा पुनरावेदन गर्न सक्ने नै हुँदा वादीलाई पुनरावेदनको म्याद दिईरहनु परेन............................३
- सरोकारवाला व्यक्तिले फैसलाको नक्कल माग्न आए नियमानुसार गरी नक्कल दिनू...................४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू....................................५

**न्यायाधीश**

मा. न्यायाधीश ज्यूले बोली टिपाए बमोजिम फैसला टाइप गराउने,
नायव सुव्वा सुर्य प्रसाद पौडेल

इति सम्वत २०८० साल जेष्ठ महिना २४ गते रोज ५ शुभम्...........................................।
प्रमाणिकरण मिति :- २०८१।०३।१८।३

श्री

पर्सा जिल्ला अदालत

इजलास

मानननीय जिल्ला न्यायाधीश श्री नन्दकिशोर प्रसाद यादव

फैसला

मुद्दा नं. ०७८-CP-३०२५

(५१-०७८-०५३२२)

दायर मितिः-२०७८।११।१८

फैसला मितिः- २०८१।०२।२१।२

मुद्दाः- जग्गाको क्षेत्रफल सुधार गरी नक्शा संशोधन तथा कित्ताकाट बदर दा.खा. दर्ता निर्णय बदर दर्ता।

नि.नं.- ३१२

| | |
|---|---|
| जिल्ला पर्सा, गा.वि.स. जगरनाथपुर वडा नं.९ हाल परिवर्तित ऐ. जगरनाथपुर गाउँपालिका वडा नं.४ मा वस्ने लिला दास थारुको पत्नी वर्ष ५१ की हिरामणी देवी भन्ने हिरामनी देवी..१ | वादी |

विरुद्ध

| | |
|---|---|
| जिल्ला पर्सा, साविक गा.वि.स. जगरनाथपुर वडा नं.९ को परिवर्तित ऐ. जगरनाथपुर गा.पा. वडा नं.४ घर भई हाल ऐ. जिराभवानी गा.पा. वडा नं.३ मा वस्ने स्व. जयपाल राउत थारुको छोरा बुहारी, छोहडा राउतको पत्नी, वर्ष ७० की ठगिया देवी थरुनी..............................१<br>ऐ.ऐ. वस्ने छोडहा राउतको छोरा, अ. वर्ष ४० को राजेश राउत...................................१ | प्रतिवादी |

ऐ.ऐ. वस्ने छोहडा राउत थारुको छोरा अ.वर्ष ३६ को सुरेश प्रसाद थारु........................१

**साक्षीः-**

**वादीको**

साक्षीः-

प्रमाणः-

**प्रतिवादीको**

साक्षीः-

प्रमाणः-

**अदालतबाट बुझेको**

**प्रमाण कागजः-**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद ३ अन्तर्गत यस अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. विपक्षीहरुको सासु बज्यै मिरखुनी देवी थरुनीको नाउँमा दर्ता रहेको जिल्ला पर्सा, गा.वि.स. जगरनाथपुर वडा नं.९ कि.नं.४८५ को ज.वि.०-२-१४ मध्ये ज.वि.०-०-६-१२ जग्गा म फिरादीले निज स्व. मीरखुनी देवी थरुनीबाट मालपोत कार्यालय, पर्साको र.नं.१७६६(क) मिति २०६५/८/२३ गते खरीद गरेकोमा उक्त जग्गा उपर ठगिया देवी थरुनीले पर्सा जिल्ला अदालतमा २०६५ सालको दे.नं.७४४ को लिखत बदर दर्ता बदर दर्ता मुद्दा दिएकोले उक्त मुद्दा मिति २०६७/०१/३० गते २ खण्डको १ खण्ड लिखत बदर दर्ता बदर हुने ठहरी फैसला भई सो फैसला उपर तत्कालिन श्री पुनरावेदन अदालत हेटौडामा पुनरावेदन परी मिति २०६८/११/१९ गतेमा शुरु सदर हुने ठहरी फैसला भई सो फैसला अन्तिम भई बसेकोमा यी विपक्षीहरुले यस अदालतमा जग्गामा तर्फ छुट्याई पाउनको लागि मिति २०७५।४।८ मा निवेदन दिदाँ सो निवेदनमा पूर्वतर्फबाट लेखत दर्ता बदर गरी तर्फ छुट्याई दिएमा मलाई मंजुर छ भनी वादीले दिएको निवेदन अनुसार नै उक्त जग्गाको पूर्वतर्फबाट २ खण्डको १ खण्ड जग्गा वादीहरुको नाममा दा.खा. दर्ता गरिदिने गरी यस अदालतबाट मिति २०७६।३।२० मा आदेश भएकोमा सोही बमोजिम दा.खा. दर्ताको लागि विपक्षीहरुले मालपोत कार्यालय, पर्सामा निवेदन दिदाँ मालपोत कार्यालय, पर्साले च.नं. ८६१६ मिति २०७७।९।२६ मा कित्ताकाट गर्न नापी कार्यालय, पर्सालाई पत्राचार गर्दा, नापी कार्यालय पर्साले कि.नं.४८५ को जग्गा हुलाकी राजमार्गमा परी कि.का. भई कि.नं.५११ को ज.वि.०-०-६-१२ मध्ये कि.का. भई कि.नं.६९९ को ज.वि.०-०-५-४ पूर्वतर्फवाट हुलाकी राजमार्गमा र कि.नं.७०० को ज.वि. ०-०-१-८ पश्चिमतर्फबाट वाँकी रहेकोले यसमा के-कसो गर्नु पर्ने हो? उल्लेख भई आएमा कि.का. गर्ने भनि मिति २०७७/१०/७ मा मिसिल फिर्ता पठाएकोमा मालपोत कार्यालय, पर्साले पुनः मिति २०७७/१०/११ मा च.नं.९५९१ द्वारा नापी कार्यालय, पर्सालाई पत्राचार गर्दा कि.नं.५११ मा वाँकी रहेको ज.वि.०-०-६-१२ जग्गा कि.का. भई कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा हुलकी राजमार्गमा परेकोले सो को मुअब्जा विपक्षीहरुले नै लिने भएको र कि.नं.७०० मा पश्चिम तर्फ बाँकी रहेको ज.वि.०-०-१-८ जग्गा म फिरादीको नाउँमा कायम गर्नु पर्नेमा सो बाँकी रहेको ज.वि.०-०-१-८ जग्गा मध्ये पूर्वतर्फबाट ज.वि.०-०-०-१२ जग्गा विपक्षीले नापी कार्यालयबाट कि.का. गराई मालपोत कार्यालय, पर्साबाट दा.खा. दर्ताको निर्णय समेत गराई लिएको कुरा मिति २०७८/११/१३ गते नक्कल लिई थाहा पाएकोले मेरो साक्षी प्रमाण बुझी उक्त कि.नं.४८५ को ज.वि.०-२-१४ मध्ये कि.का. भई कायम भएको कि.नं.५११ को ज.वि.०-०-६-१२ जग्गा कि.का. भई सो मध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा पूर्वतर्फवाट हुलाकी राजमार्गमा गएको र कि.नं.७०० को ज.वि.०-०-१-८ पश्चिमतर्फ बाँकी रहेको जग्गा म फिरादीको हकको जग्गा रहेको र उक्त जग्गाको जग्गाधनी म फिरादी रहेकोमा सो कि.नं.७०० को जग्गा कित्ताकाट गरी कायम भएको कि.नं.७८५ को ज.वि.०-०-०-१२ जग्गा ठगीया देवी थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा म फिरादीको नाउँमा दर्ता गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ गतेमा भएको दा.खा.

दर्ता सम्बन्धी टिप्पणी आदेश, कित्ताकाट समेत बदर गरी उक्त कि.नं.७०० को जग्गालाई यथावत कायम राखी नक्सा संशोधन गरी उक्त कि.नं.७०० मा रहेको सम्पूर्ण जग्गा म फिरादीको नाउँमा दर्ता कायम गरी अदालती शुल्क समेत विपक्षीहरुवाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी हिरामनी देवीको फिरादपत्र।

२. यस अदालतबाट जारी भएको प्रतिवादीहरु ठगीया देवी थरुनी, राजेश राउत र सुरेश प्रसाद थारुको नाउँमा जारी भएको म्याद मिति २०७८/१२/२५ गतेमा रीतपूर्वक तामेल भएकोमा म्यादभित्र प्रतिवादीहरुले प्रतिउत्तर नफिराई शुरु म्याद गुजारी बसेको।

३. जिल्ला पर्सा गा.वि.स. जगरनाथपुर वडा नं.९ साविक कि.नं. ५११ ज.वि. ०-०-६-१२ कित्ता काट्ट भई कि.नं. ६९९ ज.वि. ०-०-५-४ हुलाकी राजमार्ग परेको तर सो कित्ताको हालसम्म मुआब्जा रकम भुक्तानी नभएको भन्ने समेत व्यहोराको हुलाकी राजमार्ग आयोजना कार्यालयको पत्र मिसिल संलग्न रहेको।

४. यसै लगाउमा रहेको ०७८-Cp-२४८४ को दुषित राजिनामा लिखत बदर दर्ता बदर, ०७८-CP-२४८५ को क्षेत्रफल सुधार गरी नक्सा संशोधन तथा कात्ताकाट बदर दा.खा. दर्ता निर्णय बदर मुद्दा समेत गरी जम्मा १५ थान मुद्दा यसै साथ रहेको।

**ठहरखण्ड**

५. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा समावेश भई इजलास समक्ष निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी वादीकोतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रमोद प्रसाद साहले गर्नु भएको वहस जिकिर समेत सुनी बादी दाबी बमोजिम जग्गाको क्षेत्रफल सुधार गरी नक्शा संशोधन तथा कित्ताकाट बदर दा.खा. दर्ता निर्णय बदर हुनु पर्ने हो, होईन? सो सम्बन्धमा निर्णय दिनु पर्नु देखियो।

६. निर्णय तर्फ विचार गर्दा, विपक्षीहरुको सासु बज्यै मिरखुनी देवी थरुनीको नाउँमा दर्ता रहेको जिल्ला पर्सा, गा.वि.स. जगरनाथपुर वडा नं.९ कि.नं.४८५ को ज.वि.०-२-१४ मध्ये ज.वि.०-०-६-१२ जग्गा म फिरादीले निज स्व. मीरखुनी देवी थरुनीबाट मालपोत कार्यालय, पर्साको र.नं.१७६६(क) मिति २०६५/८/२३ गते खरीद गरेको उक्त जग्गा उपर ठगिया देवी थरुनीले यसै पर्सा जिल्ला अदालतमा २०६५ सालको दे.नं.७४४ को लिखत बदर दर्ता बदर दर्ता मुद्दा दिएकोमा उक्त मुद्दा मिति २०६७/०१/३० गते २ खण्डको १ खण्ड लिखत बदर दर्ता बदर हुने ठहर फैसला भई सो फैसला उपर तत्कालिन श्री पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन परी मिति २०६८/११/१९ गतेमा शुरु सदर हुने ठहरी फैसला भई सो फैसला अन्तिम भई बसेकोमा यी विपक्षीहरुले यस अदालतमा जग्गामा तर्फ छुट्याई पाउनको लागि मिति २०७५।४।८ मा निवेदन दिदाँ सो निवेदनमा पूर्वतर्फबाट लेखत दर्ता बदर गरी तर्फ छुट्याई दिएमा मलाई मंजुर छ भनी दिएको निवेदन अनुसार नै उक्त जग्गाको पूर्व तर्फबाट २ खण्डको १ खण्ड जग्गा वादीहरुको नाममा दा.खा. दर्ता गरिदिने गरी यस अदालतबाट मिति २०७६।३।२० मा आदेश भएकोमा सोही बमोजिम दा.खा. दर्ताको लागि विपक्षीहरुले मालपोत कार्यालय, पर्सामा निवेदन दिदाँ मालपोत कार्यालय, पर्साले च.नं. ८६१६ मिति २०७७।९।२६

मा कित्ताकाट गर्न नापी कार्यालय, पर्सालाई पत्राचार गर्दा, नापी कार्यालय, पर्साले कि.नं.४८५ को जग्गा हुलाकी राजमार्गमा परी कि.का. भई कि.नं.५११ को ज.वि.०-०-६-१२ मध्ये कि.का. भई कि.नं.६९९ को ज.वि.०-०-५-४ पूर्वतर्फबाट हुलाकी राजमार्गमा र कि.नं.७०० को ज.वि. ०-०-१-८ पश्चिमतर्फबाट बाँकी रहेकोले यसमा के-कसो गर्नु पर्ने हो? उल्लेख भई आएमा कि.का. गर्ने भनि मिति २०७७/१०/७ मा मिसिल फिर्ता पठाएकोमा मालपोत कार्यालय, पर्साले पुनः मिति २०७७/१०/११ मा च.नं.९५९१ द्वारा नापी कार्यालय, पर्सालाई पत्राचार गर्दा, कि.नं.५११ मा बाँकी रहेको ज.वि.०-०-६-१२ जग्गा कि.का. भई कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा हुलकी राजमार्गमा परेकोले सो को मुअब्जा विपक्षीहरुले नै लिने भएको र किनं.७०० मा पश्चिमतर्फ बाँकी रहेको ज.वि.०-०-१-८ जग्गा म फिरादीको नाउँमा कायम गर्नु पर्नेमा सो बाँकी रहेको ज.वि.०-०-१-८ जग्गा मध्ये पूर्वतर्फबाट ज.वि.०-०-०-१२ जग्गा विपक्षीले नापी कार्यालयवाट कि.का. गराई मालपोत कार्यालय, पर्साबाट दा.खा. दर्ताको निर्णय समेत गराई लिएको कुरा मिति २०७८/११/१३ गते नक्कल लिई थाहा पाएकोले मेरो साक्षी प्रमाण बुझी उक्त कि.नं.४८५ को ज.वि.०-२-१४ मध्ये कि.का. भई कायम भएको कि.नं.५११ को ज.वि.०-०-६-१२ जग्गा कि.का. भई सो मध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा पूर्व तर्फवाट हुलाकी राजमार्गमा गएको र कि.नं.७०० को ज.वि.०-०-१-८ पश्चिमतर्फ बाँकी रहेको जग्गा म फिरादीको हकको जग्गा रहेको र उक्त जग्गाको जग्गाधनी म फिरादी रहेकोमा सो कि.नं.७०० को जग्गा कित्ताकाट गरी कायम भएको कि.नं.७८५ को ज.वि.०-०-०-१२ जग्गा ठगीया देवी थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा म फिरादीको नाउँमा दर्ता गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ मा भएको दा.खा. दर्ता सम्बन्धी टिप्पणी आदेश, कित्ताकाट समेत बदर गरी उक्त कि.नं.७०० को जग्गालाई यथावत कायम राखी नक्सा संशोधन गरी उक्त कि.नं.७०० मा रहेको सम्पूर्ण जग्गा म फिरादीको नाउँमा दर्ता कायम गरी पाउँ भन्ने समेत व्यहोराको बादी दावी रहेकोमा प्रतिवादीहरु ठगीया देवी थरुनी, राजेश राउत र सुरेश प्रसाद थारुको नाममा जारी भएको म्याद रीतपूर्वक तामेल भएकोमा म्यादभित्र प्रतिवादीहरुले प्रतिउत्तर नफिराई शुरु म्याद गुजारी बसेको देखिन्छ।

७. प्रमाणको रुपमा पेश भएको प्रस्तुत मुद्दाका प्रतिवादी ठगिया देवी थरुनी बादी भई र यिनै वादीहरु समेत प्रतिवादी भई चलेको सम्वत २०६५ सालको दे.नं.७४४ को लिखत बदर दर्ता बदर दर्ता मुद्दा हेर्दा, वादी हिरामणी देवीको नाउँमा रहेको कि.नं.४८५ को ज.वि.०-२-१४ मध्ये ज.वि.०-०-६-१२ जग्गाको हकमा मालपोत कार्यालय, पर्साको र.नं.१७६६(क) बाट मिति २०६५/८/२३ मा पारित राजिनामाको २ खण्डको १ खण्ड लिखत बदर हुने ठहरी फैसला भई सो फैसला उपर तत्कालिन श्री पुनरावेदन अदालत हेटौडामा पुनरावेदन परी मिति २०६८/११/१९ गतेमा शुरु सदर हुने ठहरी फैसला भई सो फैसला अन्तिम भई बसेको देखिन्छ।सो फैसला अनुसार प्रतिवादी ठगिया देवी थरुनीले यस अदालतमा जग्गामा तर्फ छुट्याई पाउनको लागि मिति २०७५।४।८ मा निवेदन दिदाँ सो निवेदनमा पूर्व तर्फबाट लेखत दर्ता बदर गरी तर्फ छुट्याई दिएमा मलाई मंजुर छ भनी यिनै वादीले निवेदन दिएको देखिन्छ।सोही

अनुसार नै उक्त जग्गाको पूर्वतर्फबाट २ खण्डको १ खण्ड जग्गा प्रतिवादी ठगिया देवी थरुनीको नाममा दा.खा. दर्ता गरी दिने गरी मिति २०७६।३।२० मा आदेश भई दा.खा. दर्ताको लागि यस अदालतबाट पत्राचार भएको र सो तथ्यमा विवाद देखिएन।

८. यसै अदालतको पत्रलाई आधार बनाई प्रतिवादी ठगिया देवी थरुनीले मालपोत कार्यालय, पर्सामा निवेदन दिएकोमा मालपोत कार्यालय, पर्साको च.नं. ८६१६ मिति २०७७।९।२६ मा कित्ताकाट गर्न नापी कार्यालय, पर्सालाई पत्राचार हुँदा नापी कार्यालय, पर्साले कि.नं.४८५ को जग्गा हुलाकी राजमार्गमा परी कि.का. भई कि.नं.५११ को ज.वि.०-०-६-१२ मध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ पूर्वतर्फबाट हुलाकी राजमार्गमा र कि.नं.७०० को ज.वि. ०-०-१-८ पश्चिमतर्फबाट बाँकी रहेको जनाएपछि सो बाँकी रहेको कि.नं.७०० को जग्गामध्येबाट ज.वि.०-०-०-१२ जग्गा ठगीया देवी थरुनीको नाउँमा र बाँकी ज.वि.०-०-०-१२ जग्गा यी वादीको नाउँमा मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ गते भएको दाखिल खारेज गर्ने गरी निर्णय भई उक्त कि.नं. ७०० को जग्गा कित्ताकाट भई कि.नं.७८५ को ज.वि.०-०-०-१२ जग्गा प्रतिवादी ठगीया देवी थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा वादीको नाउँमा कायम भएको देखियो।

९. मूल कि.नं. ४८५ को ज.वि.०-२-१४ मध्ये कित्ताकाट भई कायम भएको कि.नं.५११ को ज.वि.०-०-६-१२ जग्गामध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा पूर्वतर्फबाट हुलाकी राजमार्गमा गएको र कि.नं.७०० को ज.वि.०-०-१-८ पश्चिमतर्फ बाँकी रहेको जग्गा म फिरादीको हकको मात्रको जग्गा रहेकोमा सो कि.नं.७०० को जग्गामध्ये कित्ताकाट गरी कि.नं.७८५ को ज.वि.०-०-०-१२ जग्गा प्रतिवादी ठगीया देवी थरुनीको नाउँमा दर्ता गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ मा भएको दा.खा. दर्ता सम्बन्धी टिप्पणी आदेश र कित्ताकाट मिलेको नदेखिँदा समेत बदर गरी उक्त कि.नं.७०० को जग्गालाई यथावत कायम राखी नक्सा संशोधन गरी सो रहेको सम्पूर्ण जग्गा म फिरादीको नाउँमा दर्ता कायम गरी पाउँ भनी बादीले दावी लिएको पाइयो।

१०. यस सापेक्ष रहेर मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ गते भएको दा.खा. दर्ता सम्बन्धी टिप्पणी आदेश र कित्ताकाट समेत बदर भई कि.नं.७०० को जग्गालाई यथावत कायम राखुपर्ने हो वा होइन? भन्ने कुराको प्रस्तुत मुद्दामा निक्यौल गर्नुपर्ने देखिएको छ। तत् सन्दर्भमा मालपोत कार्यालय, पर्साको दाखिल खारेज सम्बन्धी निर्णयसहितका समग्र मिसिल अध्ययन गरी हेर्दा, कि.नं. ४८५ को ज.वि.०-२-१४ मध्ये कित्ताकाट भई कायम भएको कि.नं.५११ को ज.वि.०-०-६-१२ जग्गा मिति २०६८।५।१२ मा नै कित्ताकाट भई सो मध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा हुलाकी राजमार्गमा परेको र राजमार्ग बाहेक बाँकी रहेको कि.नं.७०० को ज.वि.०-०-१-८ जग्गा हिरामनी देवीको नाउँमा गएको भन्ने नापी कार्यालय, पर्साको पत्रबाट खुलेको देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी ठगिया देवी थरुनीले यिनै वादी हिरामणी देवी समेत उपर दायर गरेको माथि उल्लेखित लिखत बदर मुद्दामा कि.नं. ४८५ को ज.वि.०-२-१४ मध्ये ज.वि.०-०-६-१२ जग्गाको हकमा मालपोत कार्यालय, पर्साको र.नं.१७६६(क) बाट मिति

२०६५/८/२३ मा पारित लिखतको २ खण्डको १ खण्ड लिखत बदर हुने ठहर फैसला भई सो फैसला उपर यिनै वादीहरुको तत्कालिन श्री पुनरावेदन अदालत, हेटौडामा पुनरावेदन परी मिति २०६८/११/१९ मा शुरु सदर हुने ठहरी फैसला भई कि.नं. ५११ को ०-०-६-१२ जग्गाको २ खण्डको १ खण्ड जग्गामा निज ठगिया देवी थरुनीको हक स्थापित भई सो दर्ता समेत हुने देखिन्छ। नापी कार्यालय, पर्साबाट प्राप्त पत्रबाट पुनरावेदनको रोहमा लिखत बदर दर्ता बदर मुद्दा चल्दा चल्दैको अवस्थामा नै प्रतिबादी ठगिया देवी थरुनीको हक स्थापित भएको कि.नं. ५११ को सम्पूर्ण जग्गामध्ये अधिकाँश जग्गा हुलाकी राजमार्गमा पर्न गई जग्गाको अस्तित्व र स्वरुपमा नै परिवर्तन भई उक्त किताको जग्गाको क्षेत्रफल घटन गई कायम भएको कि.नं.७०० को ज.वि.०-०-१-८ जग्गा मात्र अस्तित्वमा रहन गई यी वादी हिरामनी देवीको नाउँमा गएको देखिन्छ। यसरी प्रतिवादी ठगिया देवी थरुनीले पाउने खण्ड बराबरको जग्गा पुनरावेदनको रोहमा मुद्दा चल्दा चल्दैको दौरानमा नै हुलाकी राजमार्गमा परी जग्गाको अस्तित्व र स्वरुपमा परिवर्तन भई जग्गाको क्षेत्रफल नै घटन गएको देखिन्छ। त्यस स्थितिमा अस्तित्वमा बाँकी रहेको कि.नं.७०० को ज.वि.०-०-१-८ जग्गाबाट यिनै वादीले दिएको मंजुरी अनुसारको पूर्वतर्फबाट उक्त कि.नं.७०० को ज.वि.०-०-१-८ जग्गामध्ये प्रतिवादी ठगिया देवी थरुनीको खण्ड एवं हक स्थापित भए बराबर हुने गरी कित्ताकाट भई कि.नं.७८५ को जग्गा निज ठगीया देवी थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा यी वादीको नाउँमा गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ मा दाखिल खारेज निर्णय भई सोही अनुसार कित्ताकाट समेत भएको देखिन्छ।

११. फैसला कार्यान्वयनले मुद्दामा भएको निर्णयले पूर्णता प्राप्त गर्दछ। यसले कुनै पनि मुद्दामा भएको अन्तिम निर्णयलाई मूतरुप दिने र त्यसलाई सार्थकता दिलाउँछ। त्यसका साथै, मूलत: देवानी प्रकृतिको मुद्दामा निर्णय भएपछि सो को कार्यान्वयन हुनु भन्दा अघि दावी र निर्णयको परिणाम एवं त्यसको स्वरुपमा परिवर्तन हुने स्थिति सृजना भएमा फैसला कार्यान्यवनको रोहमा त्यस्ता विषयवस्तुलाई गहन एवं सुक्ष्म र कानून एवं न्यायसम्मततवरले निर्णयले सृजित गरेको परिमाणको आकंलन समेत गरी हेरी निर्णयको कार्यान्वयन गर्नुपर्दछ। यस सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा, कि.नं. ५११ को जग्गाको २ खण्डको १ खण्ड जग्गा प्रतिवादी ठगिया देवी थरुनीको नाउँमा दर्ता हुने गरी शुरु जिल्ला अदालतबाट फैसला भई सो फैसला हेटौडा पुनरावेदन अदालतबाट सदर हुने ठहरी फैसला भएपनि पुनरावेदन तहमा नै मुद्दाको चल्दा चल्दैको दौरानमा उक्त कि.नं.५११ को ज.वि.०-०-६-१२ जग्गामध्ये कित्ताकाट भई सो मध्ये कि.नं.६९९ को ज.वि.०-०-५-४ जग्गा हुलाकी राजमार्गमा पर्न गई प्रतिवादीको हक स्थापित भएको किताको जग्गाको अस्तित्वमा नै परिवर्तन भई क्षेत्रफल घटन गई कि.नं.७०० को ज.वि.०-०-१-८ जग्गा मात्र अस्तित्वमा बाँकी रहन गएको देखिन्छ। यसरी जग्गाको अस्तित्वमा नै परिवर्तन भई क्षेत्रफल घटी हुन गई बाँकी अस्तित्वमा रहन गएको जग्गाबाट नै प्रतिवादी ठगिया देवी थरुनीको नाउँमा दर्ता हुन आउने एवं हक स्थापित भएको खण्ड बराबर सम्मको आधी जग्गा निजको नाउँमा दर्ता हुने गरी छुट्याई दिनु नै कानूनसम्मत र न्यायोचित हुने देखिन्छ। जग्गाको अस्तित्वमा नै

परिवर्तन भएको अवस्थामा बाँकी रहन गएको जग्गामा हक स्थापित भएको व्यक्तिको हक गुमेको हो भनी अर्थ गर्न र भन्न मिल्ने पनि हुँदैन। यसै अनुसार प्रतिवादी ठगिया देवी थरुनीको हक जति बदर भएको लिखतले सार्थकता पाउने गरी हुलाक राजमार्गमा गईसकेको जग्गा छोडी अस्तित्वमा बाँकी रहेको जग्गाको २ खण्डको १ खण्ड जग्गा र यिनै वादीले दिएको मंजुरी अनुसार पुर्वतर्फबाट दा.खा. दर्ता हुने गरी मालपोत कार्यालय, पर्साबाट निर्णय भई सोही अनुसार कि.नं.७०० को जग्गा मध्ये कित्ताकाट गरी कि.का.७८५ को ज.वि.०-०-०-१२ जग्गा प्रतिवादी ठगिया देवी थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा वादी हिरामणी देवीको नाउँमा रहन गएको देखिएको र सो निर्णय न्यायसँगत रहे भएबाट तथा राजमार्गमा परेको जग्गाको मुअब्जाको हकमा बादीका तर्फबाट उजुर परेका बखत पछि कानून बमोजिम हुने नै हुँदा मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ गते भएको दाखिल खारेज गर्ने भएको निर्णय र तत्पश्चातको कित्ताकाट समेत मिलेको नै देखिएको हुँदा दावीको उक्त मालपोत कार्यालय, पर्साको निर्णय र कित्ताकाट बदरयोग्य देखिन आएन।

**१२.** तसर्थ, माथि विवेचीत गरिएका आधार, कारण र प्रमाण समेतबाट प्रतिबादी ठगिया देवीको नाउमा दर्ता हुने आउने खण्डको कि.नं.५११ को पुरै जग्गा मध्ये अधिकाँश जग्गा हुलाकी राजमार्गमा पर्न गई जग्गाको अस्तित्व परिवर्तन भई जग्गाको क्षेत्रफल नै घटी हुन गएको परिप्रेक्ष्यमा बाँकी अस्तित्वमा देखिएको जग्गाबाट प्रतिवादीको खण्ड बराबरको जग्गा छुट्याई दिनु न्यायोचित हुने हुँदा सो स्थितिमा कि.नं.७०० को जग्गामध्ये प्रतिवादी ठगिया देवीको नाउँमा दर्ता हुन आउने जग्गाको हदसम्म कित्ताकाट भई कि.नं.७८५ को ज.वि.०-०-०-१२ जग्गा निज ठगीया देवीं थरुनीको नाउँमा र कि.नं. ७८६ को ज.वि.०-०-०-१२ जग्गा यी वादीको नाउँमा गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०७७/१०/२५ गते भएको दाखिल खारेज गर्ने गरी भएको निर्णय र कित्ताकाट समेत न्यायसम्मत रहेकोले उक्त निर्णय मिलेको नै देखिई बदरयोग्य नरहेकाले कि.नं.७०० को जग्गालाई यथावत कायम राखी नक्सा संशोधन गरी उक्त कि.नं.७०० मा रहेको सम्पूर्ण जग्गा म फिरादीको नाउँमा दर्ता कायम गरी पाउँ भनी बादी दावी पुग्न नसक्ने ठहर्छ। सो ठहरेकोले अरु कुरामा तपसिल बमोजिम गर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ बमोजिम यो फैसला गरिदिएको छ।

## तपसिल खण्ड

- माथी ठहर खण्डमा लेखिए बमोजिम वादीको दाबी पुग्ने नसक्ने ठहरी फैसला भएकोले केही गरीरहनु परेन.........................................................................................१
- प्रस्तुत फैसलाउपर चित्त नबुझे तीस दिनभित्र मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा २०५ बमोजिम उच्च अदालत जनकपुर, अस्थाई इजलास वीरगंजमा पुनरावेदन गर्न जानु भनी वादीलाई ऐ. संहिताको दफा २०० को उपदफा (३) बमोजिम पुनरावेदन म्याद दिनू..........२
- प्रस्तुत मुद्दामा वादी दावी पुग्न नसक्ने ठहरी फैसला भएकोले वादीले फिराद साथ राखेको अदालती शुल्क जफत गर्नू भनी लेखा शाखामा लेखी पठाउनू .......................................३
- नक्कल माग्ने सरोकारवाला ब्यक्तिबाट लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू ..........४

- प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतिय कपीमा अपलोड गरी अभिलेख शाखामा बुझाई दिनू...........................................................................................५

......................
**जिल्ला न्यायाधीश**

फैसला तयार गर्न सहयोग पुऱ्याउने
कम्प्युटर टाइप गर्नेः- ना.सु. मनोज कुमार साह
मुद्दा रहेको फाँट नं- ३ (तीन)
फैसला मितिः २०८१।०२।२१।२
फैसला प्रमाणीकरण मितिः २०८१।०५।१७।२ अदालतको छाप